कर्णाली प्रदेश सभा

# चौंथो अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण




कर्णाली प्रदेश सभा

**प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

**भाग-१**

कर्णाली प्रदेश सभा

# चौंथो अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

बैठक संख्याः १ देखि ३३ सम्म

कर्णाली प्रदेश सभा

**प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

**चौथो अधिवेशन**

कूल बैठक संख्या-३३

## <u>सम्पूर्ण कार्यवाहीको संक्षिप्त विवरण</u>

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| बैठक संख्या १ | • पहिलो बैठकमा दलको तर्फबाट धारणा राख्नुहुने माननीय सदस्यहरूः<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० यामलाल कंडेल<br>३. मा० सोशीला शाही |
| बैठक संख्या २ | • विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता सभा समक्ष आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले छलफलका लागि प्रस्ताव पेश गर्नुभएको । |
| बैठक संख्या ३ | • विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता माथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० दीनबन्धु श्रेष्ठ<br>२. मा० चन्द्रबहादुर शाही<br>३. मा० बदमी क्वारी बोहरा<br>४. मा० देवी ओली<br>५. मा० धर्मराज रेग्मी<br>६. मा० राजु नेपाली<br>७. मा० अम्मरबहादुर थापा<br>८. मा० ठम्मरबहादुर बिष्ट |
| बैठक संख्या ४ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरूः<br>१. मा० बिन्दमान बिष्ट<br>२. मा० गोपाल शर्मा<br>• विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता माथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० गुलाबजंग शाह<br>२. मा० सीताकुमारी नेपाली<br>३. मा० मिनासिंह रखाल<br>४. मा० पद्मा खड्का<br>५. मा० दानसिंह परियार<br>६. मा० गणेशप्रसाद सिंह<br>७. मा० पदमबहादुर रोकाया<br>८. मा० बिरबहादुर शाही<br>९. मा० रातो कामी<br>१०. मा० सुशीलकुमार थापा<br>११. मा० अमृता शाही<br>१२. मा० झोवा वि.क.<br>१३. मा० विन्दमान बिष्ट<br>१४. मा० गोपाल शर्मा |

| बैठक संख्या | संक्षिप्त विवरण |
| --- | --- |
| | १५. मा० सोशिला शाही<br>• विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता माथिको छलफलमा माननीय सदस्यहरू उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले दिनुभएको । |
| बैठक संख्या ५ (पहिलो) | • कर्णाली प्रदेश सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रदेश प्रमुख मा० दुर्गाकिशर खनालले सभासमक्ष प्रस्तुत गर्नुभएको । |
| बैठक संख्या ५ (दोस्रो) | • कर्णाली प्रदेश सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम सभासमक्ष मुख्यमन्त्री मा० महेन्द्रबहादुर शाहीले टेबुल गर्नुभएको ।<br>• प्रदेश प्रमुखलाई धन्यवाद प्रस्ताव र समर्थन गर्नुभएका माननीय सदस्यहरूः<br>१. मा० गुलावजंग शाह (धन्यवाद प्रस्ताव)<br>२. मा० विन्दमान बिष्ट (समर्थन) |
| बैठक संख्या ६ (पहिलो) | • कर्णाली प्रदेश सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० सीताकुमारी नेपाली<br>३. मा० दानसिंह परियार<br>४. मा० देवी ओली<br>५. मा० राजु नेपाली |
| बैठक संख्या ६ (दोस्रो) | • कर्णाली प्रदेश सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० पद्मा खड्का<br>२. मा० रातो कामी<br>३. मा० कृष्णा शाह<br>४. मा० अम्मरबहादुर थापा<br>५. मा० धर्मराज रेग्मी<br>६. मा० पदमबहादुर रोकाय<br>७. मा० ठम्मरबहादुर बिष्ट<br>८. मा० चन्द्रबहादुर शाही<br>९. मा० गणेशप्रसाद सिह<br>१०. मा० कुर्मराज शाही |
| बैठक संख्या ७ | • कर्णाली प्रदेश सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० यामलाल कंडेल<br>२. मा० सोशीला शाही<br>३. मा० गुलाबजंग शाह<br>४. मा० बदमीक्वारी बोहोरा<br>५. मा० बिरबहादुर शाही<br>६. मा० सुशीलकुमार थापा<br>७. मा० गोपाल शर्मा<br>८. मा० करबीर शाही |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | ९. मा० मिनासिंह रखाल<br>१०. मा० कौशिलावती खत्री<br>११. मा० विन्दमान बिष्ट<br>• कर्णाली प्रदेश सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाहरूको जवाफ मुख्यमन्त्री मा० महेन्द्रबहादुर शाहीले दिनुभएको । |
| बैठक संख्या ८ | • आ.व.२०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले प्रस्तुत गर्नुभएको । |
| बैठक संख्या ९ | • आ.व.२०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) सभासमक्ष आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले टेबुल गर्नुभएको । |
| बैठक संख्या १० | • आ.व.२०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सभासमक्ष छलफलको लागि आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले प्रस्ताव पेश गर्नुभएको । |
| बैठक संख्या ११ | • आ.व.२०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० सोशिला शाही<br>३. मा० बिन्दमान बिष्ट<br>४. मा० अम्मरबहादुर थापा<br>५. मा० गणेशप्रसाद सिंह<br>६. मा० गोपाल शर्मा<br>७. मा० कृष्णा शाह<br>८. मा० ठम्मरबहादुर बिष्ट |
| बैठक संख्या १२ | • आ.व.२०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफलमा भाग सहभागी माननीय सदस्यहरूः<br>१. मा० सीताकुमारी नेपाली<br>२. मा० पद्मा खड्का<br>३. मा० हिमबहादुर शाही<br>४. मा० देवी ओली<br>५. मा० कौशिलावती खत्री<br>६. मा० कुर्मराज शाही<br>७. मा० झोवा वि.क.<br>८. मा० राजु नेपाली<br>९. मा० विरबहादुर शाही<br>१०. मा० दानसिंह परियार<br>११. मा० अमृता शाही<br>१२. मा० पदमबहादुर रोकाया<br>१३. मा० रातो कामी |
| बैठक संख्या १३ (पहिलो) | • आ.व.२०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफलमा सहभागी माननीय सदस्यहरूः |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | १. मा० गुलाबजंग शाह<br>२. मा० दीनवन्धु श्रेष्ठ<br>३. मा० चन्द्रबहादुर शाही<br>४. मा० मिनासिंह रखाल<br>५. मा० बदमी क्वारी बोहोरा<br>६. मा० सुशीलकुमार थापा<br>७. मा० करवीर शाही<br>८. मा० धर्मराज रेग्मी |
| बैठक संख्या १३ (दोस्रो) | • आ.व.२०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ दिनुहुँदै आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वाला ।<br>• कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधनको सभासमक्ष प्रस्ताव पेश गर्नुहुँदै मा० गुलाबजंग शाह । |
| बैठक संख्या १४ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुहुँदै माननीय सदस्यहरू:<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० अम्मरबहादुर थापा<br>३. मा० पदमबहादुर रोकाय<br>४. मा० सुशीलकुमार थापा<br>५. मा० दानसिंह परियार<br>६. मा० सोशिला शाही<br>७. मा० पद्मा खड्का<br>८. मा० कृष्णा शाह<br>९. मा० रातो कामी<br>१०. मा० ठम्मरबहादुर बिष्ट<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ को विभिन्न शिर्षकहरूमाथि विचार गरियोस् भन्ने प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले पेश गर्नुभएको । |
| बैठक संख्या १५ | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगतको आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरूमाथिको छलफलमा सहभागी माननीय सदस्यहरू:<br>१. मा० गुलाबजंग शाह<br>२. मा० दीनबन्धु श्रेष्ठ<br>३. मा० चन्द्रबहादुर शाही<br>४. मा० यज्ञबहादुर बि.सी.<br>५. मा० अम्मरबहादुर थापा<br>६. मा० अमृता शाही<br>७. मा० रातो कामी<br>८. मा० झोवा वि.क.<br>९. मा० मिनासिंह रखाल |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | १०. मा० सोशीला शाही<br>११. मा० धर्मराज रेग्मी<br>१२. मा० गणेशप्रसाद सिंह<br>१३. मा० बिरबहादुर शाही<br>१४. मा० ठम्मरबहादुर बिष्ट |
| बैठक संख्या १६ | • मा० जीवनबहादुर शाही (खर्च कटौतीका प्रस्तावक)<br>• आन्तरिक मामिला तथा कानून मन्त्री मा० नरेश भण्डारी (सवालको जवाफकर्ता)<br>• भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी. (सवालको जवाफकर्ता) |
| | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगतको सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा सहभागी माननीय सदस्यहरू:<br>१. मा० विन्दमान बिष्ट<br>२. मा० हिमबहादुर शाही<br>३. मा० देवी ओली<br>४. मा० दीनवन्धु श्रेष्ठ<br>५. मा० बदमी क्वारी बोहोरा<br>६. मा० अमृता शाही<br>७. मा० गोपाल शर्मा<br>८. मा० राजु नेपाली<br>९. मा० पद्मा खड्का<br>१०. मा० कृष्णा शाह<br>११. मा० करवीर शाही<br>१२. मा० गणेशप्रसाद सिंह<br>१३. मा० झोवा वि.क.<br>१४. मा० धर्मराज रेग्मी<br>१५. मा० ठम्मरबहादुर बिष्ट |

# विषय-सूची

पृष्ठ संख्या

**चौथो अधिवेशन**


| | | |
|---|---|---|
| १. | बैठक संख्या-१ | १-२० |
| २. | बैठक संख्या-२ | २१-२६ |
| ३. | बैठक संख्या-३ | २७-४९ |
| ४. | बैठक संख्या-४ | ४०-६८ |
| ५. | बैठक संख्या-५ (पहिलो) | ६९-८२ |
| ६. | बैठक संख्या-५ (दोस्रो) | ८३-८४ |
| ७. | बैठक संख्या-६ (पहिलो) | ८५-९९ |
| ८. | बैठक संख्या-६ (दोस्रो) | १००-११८ |
| ९. | बैठक संख्या-७ | ११९-१६१ |
| १०. | बैठक संख्या-८ | १६२-१८४ |
| ११. | बैठक संख्या-९ | १८५ |
| १२. | बैठक संख्या-१० | १८६-१८८ |
| १३. | बैठक संख्या-११ | १८९-२०७ |
| १४. | बैठक संख्या-१२ | १०८-२३५ |
| १५. | बैठक संख्या-१३ (पहिलो) | २३६-२५५ |
| १६. | बैठक संख्या-१३ (दोस्रो) | २५६-२६७ |
| १७. | बैठक संख्या-१४ | २६८-१८० |
| १८. | बैठक संख्या-१५ | १८१-३०५ |
| १९. | बैठक संख्या-१६ | ३०६-३५३ |

# बैठक संख्या-१

(२०७६ साल जेठ १० गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको चौंथो अधिवेशन आव्हान्सम्बन्धी पत्र प्राप्त हुन आएको छ, सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

**विषयः <u>प्रदेश सभाको चौंथो अधिवेशन आव्हान् सम्बन्धमा ।</u>**

श्री प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत ।

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७६।०१।२५ मा भएको आदेशानुसार नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको चौंथो अधिवेशन मिति २०७६ जेष्ठ १० गते शुक्रबार दिनको ३:०० बजे प्रदेश सभा भवन, सुर्खेतमा बस्ने गरी आव्हान् भएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले
देवीप्रसाद पौडयाल
निमित्त सचिव
मिति : २०७६/०१/२५

माननीय सदस्यहरू, प्रदेश सभाको चौंथो अधिवेशन शुभारम्भको पहिलो बैठकमा दलको तर्फबाट धारणा राख्नको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाही** : सम्माननीय सभामुख महोदय, आज हामी चौंथो अधिवेशनमा हामी आइरहेका छौं । र, यो चौंथो अधिवेशन जसलाई वर्षे अधिवेशन भनिन्छ । यो साह्रै महत्त्वपूर्ण अधिवेशन हो भन्ने मलाई लाग्दछ । सभामुख महोदय, यसले देशको भाग्यरेखा कोर्ने, वर्षभरिको योजनाहरु बनाउने कामहरु गर्दछ । हामी २८ २८ २८ २८ का अनुयायीहरु हौं, सभामुख महोदय, यो सबै सभामुख महोदयमार्फत् भन्न चाहन्छु २८ २८ २८ २८ का अनुयायीहरुले २०७६ जेष्ठ १० गते दिउँस ३ बजे हुने हाम्रो यस अधिवेशनसम्ममा सरकारले गरेका राम्रा कुराहरुको मात्र म आज बयान गर्न चाहन्छु, प्रशंसा गर्न चाहन्छु । किनकि एउटा पाठ के सिकियो भारतमा जब काँग्रेस पार्टीले ताहाँका प्रधानमन्त्री मोदीलाई गाली गरेर यसका बाप कोन थेमा कौन थी इसने क्या किया इसका ब्याकग्राउण्ड क्या हे भन्दै जाँदाखेरि त्यस्तै मान्छे जितेर आए । अब यहाँ हामीले चौंथो अधिवेशनमा यो गरेन, ऊ गरेन भन्नुको अर्थ पनि छैन, तुक पनि छैन जस्तो लाग्छ । किनकि सरकार आफ्नै रफ्तारमा हिँडिरहेको छ । यति राम्रो काम

गरिरहेको छ, गरेको सरकारलाई त सभामुखमार्फत् धन्यवाद दिनै पर्छ । प्रगति पनि राम्रै छ । सरकारको प्रगति आर्थिक वर्ष अहिलेको चैत्र मसान्तसम्मको मैले प्राप्त गरेको डाटाअनुसार यो केही मिल्न पनि सक्छ, नमिल्न पनि सक्छ तर धेरथोर भए पनि मिलेको छ भन्ने मलाई लागेको छ । पूँजीगततर्फ १०.२७ खर्च भएको रहेछ । रुपियाँमा लाँदा १ अरब ९६ करोड ८६ लाख । चालु खर्च १६.४८ रु. १ अरब १३ करोड ७६ लाख । समग्रमा प्रगति ११.९४ प्रतिशत अथवा १२ प्रतिशत भएको रहेछ। सबैभन्दा बढी आर्थिक प्रगति मुख्य न्यायाधिवक्ताको कार्यालयमा भएको रहेछ । जसले ५२.१३ प्रतिशतको खर्च गरेको छ। सबैभन्दा कम मुख्यमन्त्रीको कार्यालयमा रहेछ ४.८५। यो हाम्रो चलनचल्तीको भाषामा हो । मैले के भने यी सबैभन्दा जोगाएको चाहिँ मुख्यमन्त्रीको कार्यालय रहेछ । किन खर्च गर्नु र हामीले धेरै पैसा खर्च गर्न हुँदैन मितव्ययिता अपनाउनु पर्छ ४.८५ मात्र भएको छ । यी त राज्यको लागि धेरै राम्रो कुरा हो नि जथाभावी खर्च गर्न मिल्छ ? मिल्दैन । सभामुख महोदय, त्यसैले पनि मैले धन्यवाद दिनै पर्छ । विकासे मन्त्रालयतर्फ सबैभन्दा बढी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गरेको रहेछ । सायद त्यसैले होला आज धेरै खर्च गर्नेहरुको उपस्थित पनि यहाँ देखिदैन । खर्च गर्न जानु पर्छ। अलि दानी भएर होला उहाँले २१.२६ गर्नु भएको रहेछ । जुन चाँही, सायद उत्सवसुत्सव बाजागाजा त्यसमा होला । अनि सबैभन्दा कम आन्तरिक मन्त्रालय कानूनमा भएको रहेछ । त्यहाँ चाहिँ ४.९५ । यो पनि स्वभाविक नै हो। कानूनी कुराहरु हेर्नु पर्यो। त्यसै अगाडी बढेर त हुँदैन । कानूनले कहाँ दिन्छ कहाँ दिदैन, कहाँ कमा मिल्यो कि मिलेन । त्यो हेर्दा कम भएको होला । भौतिक पूर्वाधारमा ५.३५ भएको रहेछ । यो त स्वभाविकै हो । किनकि यहाँका सबै बाटाहरु त चिल्ला भैसकेका छन्। गुटुको बाटो त फिलिलि जाने रहेछ, उता चिङ्गाढको बाटो हेर्ने हो भने धुलो पटक्कै छैन । दशरथपुरमा पुगें बाटो चाहिँ हिजो कहिले खनेको हो थाहा भएन तर एकदम चिल्लो छ । सायद, दशरथपुरमा तपाईलाई एउटा ब्यारेक पनि बसेको छ भन्ने सुनेथे । बिजुलीका पोलहरु झुण्डिएरहेका छन् अनि उहाँहरु तै बिजुलीका जनताहरु भित्र त्यो पोलको काम रहिनछ बाहिर जनताले हेरेर बस्दा रहेछन्। सायद अकबर बादशाहले विरबलले चाहिँ कसको सोध्दाखेरि बाँसको थाक्रोमा देखेको उजेलोले बाँचे भने जस्तै ताँहाँका जनताहरु त्यसरी बाँचिरहेका रहेछन् । तपाईहरु धन्यवादको पात्रहरु हुनुहुन्छ । जरुर किनकि धेरै खर्च गर्नु हुँदैन । बाउआमाले पनि धेरै खर्च गर्ने छोराछोरीलाई चाहिँ गाली गर्छन्, छोराछोरी घरबाट भाग्छन् । त्यसको लागि पनि म धन्यवाद दिन चाहन्छु । समग्रमा दोहोरो आँकडामा पर्ने टु डिजिटको भन्ने प्रचलन हुन्थ्यो, तो पार्नेमा को रहेछ भने आर्थिक मामिला योजना मन्त्रालय रहेछ टु डिजिट १५.८५ उले खर्च गरेको छ । सामाजिक मन्त्रालयले ११.९४ खर्च गरेको छ, पर्यटनको अघि नै भनिसकें २१.२६ छ । यी टु डिजिटका भए भ्यागुते उफ्राइमा जानु भएको रहेछ र दोहोरो अंक आँकडामा पूरा गर्न धेरै खर्च गर्नु हुन्न भनेर अडान लिएर बस्नु हुनेमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ९.३६ रहिछ। भौतिक पूर्वाधार ५.३५ रहिछ । आन्तरिक मामिला कानून ४.९५ अघिकै छँदैछ, मुख्यमन्त्रीको ४.८५ । यही त हो नि हाम्रो कर्णालीको विकास। हामी एकातिर जान्छौं, कर्णालीले पैसा पाएन । क्षतिपूर्ती पाउनु पर्छ डेडिकेशन जान्छौं अर्कोतिर हामी लकरभित्र पैसा लुकाएर राख्छौं । अनि हामी कल्पना गर्छौं। स्थानीय तहबाट सङ्कलन गर्ने राजश्व ३० करोड, ३० करोड गर्ने भनेर हामीले कल्पना गर्छौं । तर ३० करोडमा पछाडिबाट एउटा शून्य मात्र हामी प्राप्त गर्छौं । प्रदेश सञ्चित कोषमा आउने त्यतिमात्र हुँदो रहेछ। अनि स्थानीय तहका हामीले बनायौं । हामीले सुविधा दियौं स्थानीय तहलाई। तर प्रदेश सरकारले कहिल्यै पनि जमर्को गरेन, दोहोरो खान्छन् किन खाँदैनन् भनेर वास्ता गरेनन् । आफ्नै परेछ त त्यो पनि सुखै त्यो पनि राम्रै हो। त्यो पनि एउटा राज्यको राम्रो प्रणालीमा हामीले साथ दिएकै छौं । अनि हामीले राख्यौं आन्तरिक ऋण लक्ष्यचाहिँ १ अरब । सायद सरकारले सोचे होला ऋण पनि लिन हुन्छ । त्यस्तो हुँदैन। त्यो पनि जीरो

प्रतिशतमै छ । हामी भिकारी हुन चाहेनौं । हामीले आन्तरिक ऋण लिन चाहेनौ । अनि हामीले राख्यौं राजश्व सङ्कलन लक्ष्य ५० करोड, हालसम्म १० करोड ३० लाख अर्थात् २६ प्रतिशत प्रगति भएको छ । यो थोरै-थोरै भए पनि हामीले गरेछौं। स्थानीय तहबाट सङ्कलन हुने प्रदेश सञ्चित कोषमा राख्नुपर्ने ३० करोड अपेक्षा गरे तापनि हालसम्म त्यो पनि जीरो नै छ । सायद बढी भएको हुन सक्छ होला। हामीले केही गरेकै छौं । असिना पीडितलाई राहत दिएकै छौं, आगलागी पीडित राहत दिएकै छौं । बाढीपहिरो पीडितलाई त तीन-तीन लाख रुपियाँको चेक दिएकै छौं । यसो हेर्दाखेरि बाटोमा अब झुप्रोबाट राम्रा घर बनेको पनि देखिए । संयोगले सुर्खेतको उता लगामदेखि लगेर यता सिम्तासम्म पुग्ने शौभाग्य मिल्यो । राजधानीको जिल्लामा विकासको केही कमी छैन । काहीं खाल्डा छैन, काहीं खुल्डी छैनन् । बाढी पीडितहरुको कुनै दुःख छैन । अब हामीले धन्यवाद नदिएर के दिऊँ । त्यही चिंगाड बाटो हुँदै जाँदा आउँदा हेऱ्यौं, सभामुख महोदय, हाम्रा भौतिक मन्त्रीको घर पनि त्यतै रैछ। पहिलो गाउँ पनि हेरियो । पल्लो बस्ती पनि हेरियो ।

सिंचाईका कुलै कुला रैछन्। पानीका धारै धारा रैछन् । हामीजस्ता काला मान्छेले धुलोले गोरो बनाउँदैन रैछ। त मैले सोचें आफ्नै गाउँको हालत त्यो छ भने मुलुक त झन् राम्रै बनेको होला भन्ने लाग्यो । एकातिर सम्पत्ति छ, अर्कातिर सम्पत्ति अगाडि बढ्न सक्दैन । योजनाहरु भन्यौ, हामीले विशेष महत्त्वका योजनाहरु पर्यटन, वन, वातावरण, काँक्रेविहार पर्यटन विकास गुरुयोजना १० करोडको, १० करोड त्यो बेला छाती फुकाएर, सरकारले बोल्दा छाती फुलाएर बोलेको थियो । १० करोडको गुरुयोजना । अस्ति १० करोडको गुरुयोजना हेर्न म पनि गएँ । कस्तो बन्यो होला भनेको त त्यो रु. चाहिँ हटेछ अर्को चाहिँ के भन्छन् उ कार भन्छन् कि आकार भन्छन् कि गो भन्छन् पछाडिको तेही नै रहेछ । ती पो योजना बनेछ । प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्नलाई २ करोड छुट्यायौं त्यो पनि केन्द्र स्थापना भएछ । औद्योगिक क्षेत्रै क्षेत्र बनेछ । सहिद पार्क मात्र कहाँ हो र सहिद पार्क मात्र भनेर हुँदैन, बोटानिकल पार्क भनेर पनि २ करोड छुट्याएछौं । त्यसमा त यस्ता-यस्ता बोटानिकल ट्रिहरु देखिए। संसारमा कही नपाइने बिरुवाहरु पनि त्यहाँ देखियो। त्यसको लागि मैले धन्यवाद दिनैपर्छ सरकारलाई । अनि रारामा पनि पुग्ने मौका पाएँ । रारामा पुगे । म एउटा गाउँको ठिटो सधैं हिँडिरहने मलाई अलि-अलि याद भए जति साइकल परिक्रमा गर्ने भनेर तीन करोड छुट्याईएको थियो । त्या त साइकल त फनफनी घुम्दा रैछन्, त्यहाँ त ट्रेल पनि यति राम्रो बनेको आहा जसरी राराकी सुन्दरीले सबैको मनमोहक बनाउँदिछन्, त्यस्तै त्यो साइकल यात्री पनि अरु केही पनि देख्नु हुन्न तीन करोडको त्यस्तो बनेको छ । आज कति भयो र जेठ जम्मा दशै गते त हो नि । अझै त एक महिना बाँकी छ ।सायद त्यसपछि रङ्गरोगन पनि होला त्यहाँ । अनि मैले हेरे कर्णाली प्रदेश भनेको त यस्तो पो हुनुपर्छ त । आफ्नो प्रदेश त बनायौं-बनायौं अर्काको प्रदेशसँग पनि जोड्ने ढोरपाटन शे-फोक्सुन्डो छायाँनाथ रारा-हिल्सा पर्यटन मार्ग बनाएर करोड रुपैयाँ पनि खर्च गरियो । उताको ढोरपाटन पुग्यौं माथिको हिल्सा पुग्यौं दुरी कति छ र त्यही दुई तीन किलोमिटर त होला त्यो भन्दा बढी के होला र त्यस्तो ठाउँमा पनि पुग्यौं। एक करोड पनि हामीले खर्च गयौं त्यसको लागि मैले धन्यवाद नदिरहन कहाँ हुन्छ र । उत्तर मात्र जोड्यो कि सरकारले भन्नी सम्झिनु होला होइन दक्षिण पनि जोडेको छ । राजापुर-सुर्खेत, माथिल्लो डुङ्गेश्वर-दुल्लु नाग्मा मात्र भनेको नाक्चे नाङ्लासम्म पनि पुगेछ दुई करोड । त्यो दुई करोडनाक्चे नाङ्लामा सायद जडीबूटी टिप्दै होला त्यो पनि भएछ । सज्जन हिंड्ने ट्रेलले मात्र कहाँ हुन्छ त, दिनमा मात्र हिंड्ने ट्रेलले मात्र कहाँ हुन्छ त गुरिल्ला ट्रेल पनि हुनु पर्छ भनेर रुकुम जाजरकोटमा पनि गुरिल्ला ट्रेल भएछ । त्यो गुरिल्ला ट्रेल कता हो कसरी हो भन्ने कुरामा गुरिल्ला भनेका रुकुम र जाजरकोटमा मात्र थिए र ?

रुकुम र जाजरकोटमा मात्र होइन, दैलेख र कालीकोटमा पनि थिए गुरिल्ला ट्रेलको लागि त त्यहाँ बिस लाखको सम्भाव्यता अध्ययन पनि भएछ । म जाजरकोट पनि, रुकुम पनि जाने मौका पाए त्यसको लागि पनि मैले धन्यवाद दिन चाहान्छु । प्राकृतिक हिमाली चिडियाखाना पनि बनेछ बिस लाखको एता हेरे उता हेरे कस्तुरि देखिन्छन्, उता हेर्यो स्नोलेपर्ड देखिन्छन्, यता हेर्यो घोरल देखिन्छन् । उता हेर्यो नाउरै नाउर बथानका बथान आहा मेरो सरकारलाई सलुट दिन मन लाग्यो । गर्यौं सरकार गर्यौं यस्तो पो हो कर्णाली सरकार भनेको ? त्याँ पनि मैले धन्यवाद नदिरहन सकिन । सायद म कवि भइदिएको भए कविता पनि लेख्थे होला । यो गोज्याङ्गरोले के कविता लेख्न सक्थ्यो र त्यही मात्र भएर आज म तपाईँहरुको अगाडि भनिरहेको छु । युवा, दलित लक्षित उद्यमशील मन्त्रालय पनि लागू भयो । रु. ६ करोडै भयो, व्यवहारमा युवा, दलित त्यसैले मैले भन्ने गर्थे दलित भन्ने शब्द नै राख्नु हुँदैन कि ? कि त दलित भन्ने बित्तिकै दलिएको दलिऐ गर्ने परम्परा पो भयो कि ? कतै व्यवहारमा पनि हामीले देख्छौं उहाँहरुप्रति हाम्रा कामहरु के छन् भनेर ? त्यसपछि सामाजिक कुरामा पनि हामी पछि परेनौ सभामुख महोदय, प्रदेश खेलकुद रङ्गशाला सुर्खेत सात करोडको अस्ती ठूलो त्यस्तो राम्रो बनिरहेको थियो वरिपरि फनफन्ती साथीहरु, सारा कार्यक्रम यहिँ भइरहेको थियो । सात करोडको त्यो पनि बनेछ। प्रत्येक निर्वाचन क्षेत्र रङ्गशाला २४ वटा रङ्गशाला बनाउने भनिएको रैछ । चौबिस करोडको मैले सोचे म कतै झुक्किएर पो यहाँभित्र आएछु कि ? एक क्षेत्र त मेरो पनि पर्थ्यो कहाँनिर बन्यो होला त्यो रङ्गशाला भनेर हिजो राति सपनामा म घोत्लीरहेको थिए चौबिसमध्येमा तेइस अरुले जिते पनि एक ठाउँ त मैले जितेको हुँ कि भन्ने मलाई लागेको थियो । तर अनुभूति भयो यो हेर्दा यो त एक करोड परेको पनि छैन खेलकुदको कुरा भएको पनि छैन । त्यहाँ पनि बनेको होला ।

सायद यहाँ लेखेता पनि अरुबाट गर्न मिल्ने होला । अनि भनियो हुम्ला, डोल्पा, कालीकोट, मुगु जिल्लामा आवासीय विद्यालय सञ्चालन पूर्वाधार निर्माण गर्न आठ करोड, ती पूर्वाधारहरु पनि निर्माण भईसकेको छन् । बङ्क बेल्टदेखि लिएर हङ्क बेल्टसम्म पनि भएका छन् यसका लागि पनि मैले धन्यवाद दिन पर्छ । चौरजहारी क्षेत्रीय रङ्गशालामा त अघि म पुगेरै आएको थिए दौडेर पनि आएँ । त्यहाँको पनि एक करोड छ । बहुउद्देश्यीय रङ्गशाला हुम्लामा अहिले अन्त अन्तमा सुनिरहेको छु, स्थानीय निकायमार्फत् पैसा जाने भयो अरे अनि प्रदेश प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद् सायद आजकाल धेरै महिना भयो माननीयज्यूहरु हामीसँग भेट हुँदैन अरु पनि भिड हुदैंन । यही व्यवसायिक तालिम केन्द्रमा तालिम लिने गरेकोले होला भन्ने मलाई लाग्दछ । हुम्ला, डोल्पा, मुगुमा आवासीय विद्यालय सञ्चालन अनुदान रु तिस लाख । आवासीय छात्रवृत्ति वितरण छयानब्बे लाख, सबैले अब कोहि पनि छात्रवृत्ति नपाएर स्कुल जानु नपर्ने अवस्था भएको छैन । कानून मन्त्रालयले प्रहरी चौकी भौतिक पूर्वाधार भनेर एक अरब रुपैयाँ छुट्टयाइएको छ । केही ठाउँहरुमा चौकीका टेण्डरहरु भएका छन्, त्यहाँभित्र मिलेका जसका कम परेका छन्, उनलाई चै स्पष्टीकरण लेख्ने गरिएको छ ? किन कम गर्यौ ? के कारणले कम गर्यौं ? भन्ने पनि त्यो भएकै छ । प्रादेशिक छापाखाना स्थापना भयो । पचास करोड रैछ छापाखानाको लागि । सायद आजकाल हाम्रो सबै किताबहरु त्यहीँबाट निस्किन्छन् होला । अनि प्रादेशिक सञ्चारमाध्यम पूर्वाधार दुई करोड त्यसैले त होला यहाँ मिडिया हाउस पनि बनिसकेको छ, प्रदेशको हाम्रो मिडिया हाउस पनि आज माथि मैले कोही पत्रकारहरु मैले देखिरहेको छैन। किनकि सबै मिडिया हाउसमा बस्नुभएको छ । यहाँ माथि त सबै दर्शकदिर्घाहरुको मात्र हो । त्यो पनि राम्रै भएको छ ।

प्रादेशिक रेडियो सञ्चालन भएको छ आठ करोडमा । एकदम यो रेडियो टावरबाट होइन स्याटेलाइटबाट। त्यो पनि भइसकेको छ । कारागार पूर्वाधार ३४ करोड ३० लाख । सायद अस्ति अस्ति पुस्तकालय भन्दै खोल्दै हिँड्थे त्यही होला त्यही भित्र पर्यो होला । मैले त्यसलाई मान्नै पर्यो । सवारी साधन ढुवानी

खरिद सात करोड साठी लाख रैछ । त्यसकारणले त आजकाल गस्ती गस्ती गाडीहरु घुमिरहेका छन् । कुनै जनतालाई त्रसित हुनुपर्ने अवस्था छैन । बेलुका कोही आउँछन् कि हामीलाई केही गर्छन् कि भन्ने पिर छैन । १३ गतेको बन्दमा पनि हामी निर्धक्क भएर हिँड्ने अवस्थामा छौं । त्यसको लागि पनि मैले धन्यवाद दिनै पर्छ होला । सूचना आयोग गठन भएको छ एक करोडको । प्राकृतिक प्रकोप बाढी पीडित पुनर्स्थापनालाई रु बाह्र करोड छुट्याइएको छ । त्यसमा कालीकोटको आगलागी भएको ठाउँमा त्यहाँ तीन/तीन लाख रुपैयाँ दिएर त्यहाँ घरहरु बनिसकेका छन् सायद त्यहाँ बारपाकको जस्तै नमूना घरहरु बनेका छन्, त्यसको लागि पनि त मैले सरकारलाई धन्यवाद दिनै पर्यो । अनि हामी प्रेसका साथीहरु आजकल कराउने, प्रेस स्वतन्त्रता भएन हाम्रो हक अधिकार तोडियो । मलाई हासो लाग्छ प्रेसका साथीहरुले के भनिरहनुभएको होला । कहाँको के तोडिएको छ जथाभावी न्यूज लेख्न पाईन्छ र ? अहिले त सरकारले गरिदिएको छ, श्रमजिवी पत्रकारहरुले महिनामा धन्ने धन्ने डेढ दुई लाखको तलब पाउने हुनुभएको छ । त्यसकारणले त गल्ती गर्यो भने एघार लाख जरिवाना भनेको होला नि त हाम्रो पर क्यापिटा इनकम बृद्धि भएको छ त्यसमा के फरक पर्यो र ? त्यसमा फरक पर्ने कुरा त छदै छैन । म आज भन्न चाहान्छु हामीले कहिल्यै भनेनौ म एकजना मान्छे यहीं छु । एउटा विपक्षी दलको प्रतिपक्षि दलको नेता पत्रकारले लेखे जिवन शाहीले पिए नराखेर पैसा बुझ्ने गरेको छ भनेर नेपालको नयाँ पत्रिकामा लेखियो । कानूनले संविधानले भन्छ अफिस होल्डर भन्नाले मूख्यमन्त्री, सभामुख, उपसभामुख र प्रतिपक्ष दलको नेता सायद पि.ए. प्राप्त गर्ने पहिलो व्यक्ति मै थिएँ होला । मैले पिएको सिंगल सर्टिफिकेट होइन, डबल मास्टर्स गरेको सर्टिफिकेट त्यहाँ पेश गराएको थिएँ । अनि मेरा नाममा त्यसरी न्यूज लेखे तर मैले कहिल्यै कसैलाई केही भनिन । लेख्ने नराम्रो लेख्छ त आफै नाङ्गिन्छ। त्यसैले आज म यो सदनमै कुरा उठाउँदैछु ।

त्यसैले कहाँ छैन मानव अधिकार ? के भएको छ मानवअधिकारलाई ? बदमासी गर्ने अनि गालामा पिट्यो भने मानवअधिकार भन्न पाइन्छ ? हाम्रो सरकारले राम्रै गरेको छ । मलाई एउटा अमेरिकानेले सोध्यो ? देश कसरी चल्छ ? बाई Rule of Law or Rule By Law? तिम्रो देश हो तिमी जान्दैनौ र भन्छौ Rule of Law भन्छौ ? हाम्रो देशमा त हामी Rule By Law ले गर्छौं । किनकि सदनले एउटा बजेट पास गर्छ । सदन यो सदन हामी यलाई के भनौ कुन स्तरमा पारिएको छ थाहा छैन तर क्याबिनेटले एउटा डिसिजन गरेर सदनले गरेको बजेटलाई परिवर्तित गरिन्छ । त्यसैले No, its not Rule of Law, Rule by law मा हामी परिरहेका छौं । सदनले पास गर्नु भन्दा पहिला सरकारले बुझ्नु पर्ने कुराहरु हुन् अब किन चाइयो यो सदन ? क्याबिनेट भए मात्र पुग्छ, जहाँ-जहाँ मन लाग्छ, जे-जे मन लाग्छ परिवर्तन गर्न मन लाग्छ गरे भइहाल्यो । बैदेशिक कुटनीतिहरु पनि हाम्रा त्यही छन् मलाई एउटा अमेरिकन साथीले सोध्यो Do you want to come to America भनेर सोध्यो, हे छोड्देउ भाई तिम्रा देशमा आउन्न । हाम्रा सांसदहरु तिम्रा ठाउँमा आउने भनि बोलाएका भिसा लिएको त च्यातेर फाले तिम्रो देशमा किन आउनु भनेर हामी त त्यो प्रदेशका मान्छेहरु हौं तिमी के कुराको फुर्ति लाउछौ भनेर मैले भने । हामीमा त्यो चाहिँ छ । हामी त यस्तो देशको नागरिक हौं जब ईण्डोनेसियामा सुनामी गएर मान्छे मर्छन् । हामी भन्दैनौ We would like to express our deep condolence भनेर भन्दैनौ We would like to had give you hardly congratulations भन्ने देशका नागरिक हौं अनि त्यही प्रदेशका मान्छे हौ भनेर म भन्न चाहान्छु। त्यस्तो हाम्रो कुटनीतिक सम्बन्ध छ। तिमाजस्ता खैरेको देशमा आउँछौ र ? आज त हाम्रा सारा कामहरु हामी गाडीमा गुड्दैनौ किनकि धुलो उड्छ भनेर पिचमा पनि धुलो उड्छ भनेर त्यसकारण हामी फिलिलि हेलिकप्टरमा जान्छौं । कुनै पनि ठाउँमा किनकि हाम्रो Per Capita Income धेरै भइसकेको छ । अनि हामीसँग पैसा धेरै भइसकेपछि त हामी हेलिकप्टर प्रयोग गर्न सक्छौं । हामी पाँच लाखको राहत बाँड्नको लागि करोड रुपैयाको हेलिकप्टर चड्छौं। हामी त त्यो क्वालिटीमा पुगेका नेपालीहरु हौं ।

हामी, हाम्रो सरकार, हाम्रो सरकारका मन्त्रीहरु आफ्नो खल्तीबाट पैसा हालेर उहाँहरुले आफ्नो तलबबाट आफ्नो घरखर्चबाट ल्याएर गाउँ-गाउँबाट बिरामी उठाएर आउनु हुन्छ अंगाला मारेर ठाउँ ठाउँमा देखाउनु हुन्छ, फेसबुकमा हाल्नुहुन्छ । हामी त त्यो प्रदेशको मान्छेहरु हौँ । गभरमेन्टको पैसा त हामी जोगाएका छौँ मैले अघिनै भनिसके ११. समथिङ्ग मात्र खर्च गरेकाछौँ । जति अरु खर्च भएका छन् ती खर्च भनेका हामीले खल्तीबाट हालेको यहाँ हामीलाई त कम्पिटिसन छ कुन मन्त्रीले कहाँनिर के गर्यो त्यो फोटो हाल्नलाई हतार छ । हामी त त्यो ठाउँका मान्छेहरु हौँ। मैले भन्ने गरको छु । म गुटु गएँ, लगाम गएँ । मैले यही सदनबाट कुरा उठाएको थिए । मैले कुनै स्वार्थ थिएन, नेपाली जनताको यो सरकार हो भन्ने मलाई लागेको थियो । दुई करोड रुपैयाँ हालेको भए लगामको सिंचाई बन्थ्यो । सायद दश करोड रुपैयाँ हाल्यो भने मैले हिजो चौकुनेमा हेरे चौकुनेको विकास हेर आहाहा तल रातो माटो त्यसपछि माथि ग्राभेल भनेर कालो माटो बिछ्याइयो । सायद त्यो क्षेत्रको माननीयज्यू पनि यही हुनुहुन्छ होला । त्यसको अनुगमन कसले गर्ने हो ? सायद यो सरकारले मेरो जस्तो भिर पाखा भएको ठाउँको विकास गर्न गाह्रो थियो त सुर्खेतको विकास गर्न सक्थ्यो होलानी ? हिजो त्यत्रो क्रान्ति गरेर आएका माननीय मन्त्रीज्यूहरु, जनताको लागि भनेर आउनु भएको माननीय मन्त्रीज्यू हरुले यी खाल्टा खुल्टी को लागि गर्छु तर ती खाल्टा खुल्टी पुर्ने कुरा भएनन आफ्ना घरहरु भाडा कतिमा लाने ? कुन-कुन घरमा बस्ने ? त्यहाँको डेकोरेसन कसरी गर्ने ? दिएका क्वाटर भएनन् भन्ने अनि बाहिर आदर्शका कुरा गर्ने सिसि क्यामेरा टिभि राखेर अब त पुगेन त्यले ठूला ठूला पर्खालहरु लगाउनु पर्ने भएको छ किनकि जनतालाई त के को पिर छ र सरकारलाई पो पिर छ । जनताका खानेपानी चाहिएका छैनन्, जनता के हुन् कुखुराजस्ता भुल्ल्याउ, पछि चारो दिएपछि आइहाल्छन् भन्ने फिलोसपिमा हामी गइरहेका छौँ । त्यसैले त्यो पनि मैले धन्यवाद दिनै पर्छ होला । मलाई साह्रै पिर लागेको सबैभन्दा सजिलो विकास गर्न सक्ने जिल्ला सुर्खेतमा पनि भएन भने अब हामी गाडी चढ्न र झण्डा हल्लाउन यहाँ कोही पक्षका हुने र कोही प्रतिपक्षका हुनका लागि यो प्रदेश सरकारको, प्रदेश संसदको सृजना भएको हो भन्ने मलाई लाग्दैन । कृषि उत्पादनमा त कुरै नगरौं, सबै ठाउँमा गए हेरे कति आनन्द लाग्यो । सबै अर्गानिक भइसकेको छ । भैंसी बानेर दुधै दूध छ, दूधका खोला बगिरहेका छन्, बजार नपाएर फाल्नु पर्ने अवस्था आएको छ । बाख्राहरु ट्याँ ट्याँ गरेर म्याँ म्याँ गरेर कराईरहेका छन् । आहा कति आनन्द कति रमाइलो । ठूला-ठूला दुग्ध सङ्कलन केन्द्र भनेर साइनबोर्ड राखिएको छ । मुनीतिर हल्स र चाउचाउका पोका राखिएका छन् । सायद त्यही हल्स र चाउचाउ खाएर भैंसीले दूध दिने होला अनि हामीले दूध प्राप्त गर्ने होला। हामी विश्वमा खानेपानीका धनी आहा एक करोड असी लाखको त पानी मात्र हामीले बाहिरबाट ल्याउँदा रैछौँ ।

मैले यस्सो सोचे अनि मैले भने एकजना साथीलाई तिमीहरुपो काम गर्ने हो तिमीहरुले काम गरेर दिने हामीहरुले त किनेर खाने त्यसकारण मेरो हुम्ला जुम्लामा पनि रुपैडियाको कुहिएको स्याउ पुगिरहेको हुन्छ । रुपैडियाको कुहिएको बन्दा पुगिरहेको हुन्छ । यहाँ हामीले ठाउँ-ठाउँमा नर्सरी बनाएर उत्पादन गरिरहेका त्यो चाई हामीले आफ्नो ठाउँमा पठाउँन चाहादैनौं । किनकि हामीले भनेका छौँ, ती त इन्डिया जाओस्। इन्डियाबाट चै हामीहरुले उनीहरुको पैसा पर्छ भन्ने हिसाबले हामीहरु लागिरहेको छौँ । कस्तो। कस्तो अनुशासन हाम्रो । आर्थिक अनुशासन कस्तो रकमान्तर जसले जहाँ पायो तेही ठोक्दिहाल्ने ? अनि मैले भने मेरो त प्लानिङ्ग कमिसन पनि कर्णाली प्लानिङ्ग कमिसन भन्ने छ । त्यसको प्लानिङ्ग कहाँ बन्दो रैछ भनिकन हेरेत दुई चार जना नेपाली जनतामा कसैका कार्यकर्ता भन्दीन । नेपाली जनताले लाइन लागेर आउनेलाईन लागेर आईसकेपछि मन्त्रीका ढोका अगाडी निवेदन दिने र प्लानिङ्ग गर्ने । प्लानिङ्ग । त्यो प्लानिङ्ग कमिसन बनाएको त देखाउनको लागि रहेछ । अन्तराष्ट्रिय नेताहरुले पनि कतै यो प्लानिङ्ग भएन भने के हुन्छ भनेर पो होइछ । त्यसैले त मन्त्रीका ढोका-ढोकामा चाई हामीले प्लानिङ्ग गर्ने अनि

कलाई-कलाई के-के तोक लाउन पर्छ दिने पुरानो सिस्टम भएन, राणा ठीक भएनन्, पञ्चायत ठीक भएनन, कांग्रेस ठीक भएनन्, कोही ठीक भएनन् हामीले नयाँ सोच ल्याएर नयाँ सोच त्यही ढोका-ढोकामा रकमान्तर गर्ने कुरा त्यो थ्यो होला त ? अनि ठाउँ-ठाउँमा फोन गरेर आउनुहोस तपाईंका चै निवेदन दिनुहोस अनि बिचारा निरिह सांसदहरुको त के छ र मन्त्री भएका साथीहरुले योजना गरेको हुन्छ, योजना गैसकेपछि सांसदको नाममा पनि गएको होला उसको सिफारिसमा पनि गएको होला कि पहिल्यै फोन गर्दिने कि त्यहाँ उपभोक्ता समिति बनाउनु है हामीले पैसा हाल्दिएका छौं । क्याविनेटले डिसिजन गर्यो । यस्तो महान क्याविनेटका यो महान प्रदेशका हामीलाई यो भन्दा गौरव अरु के लाग्न सक्छ ? सदनमा अरु मान्छे आएर चाई फलानोले यो काम गरेन रे । यत्रो काम गरेको छ, अझै गरेको छैन भन्नु । एक वर्षमा, डेढ वर्ष भयो, पहिलो गयो आजको त्यो सुर्खेत हेर्नूस त, कति राम्रो भईसकेको छ । म त्यहाँ बसे इत्राम भन्ने ठाउँ हो क्यार अगाडी चाई एउटा बाटो बनाउनलाई कुलो खनेको छ, धेरै भएको छैन पाँच महिना भयो त्यो जस्तो रुख जहाँनेर पल्टेको छ त्यहींनेर छ, ढुङ्गा जहाँनेर छ, त्यहींनेर छ, किन यस्तो भयो भनी विचार गरें, ओहो मेरो सरकार त किन यस्तो भयो भनि यसो विचार गरेको त ओहो मेरो सरकार त इनभाइरमेन्ट प्रति एकदम कन्सियस छ नि, इनभाइरमेन्ट बिग्रिन्छ भनेर चाहिँ उले त्यो ढुङ्गा पनि हल्लाएको छैन रे । त्यही अगाडीको बाटो यत्रो सदन छ यत्रो सदनमा हामी आउछौं । होला, कोही हामीहरु गाडीमा फिलिलि भएर अहिले चै यो शब्द फिलिलि यो शब्द चै मैले लमझुङ्गबाट सापट लिएको त्यहाँ के रैछ भने एकदम सरर गाडी चडयो फिलिलि आयो भन्दा रैछन तर त्यहीं एउटा विरामी भएको सांसद पछाडिबाट आउँछ धुलो सिलिलिल खायो । यहीं अगाडी हामी गर्न सक्दैनौ? एउटा सिस्टमलाई अगाडी बढाउन सक्दैनौ भनेपछि यो सबै आर्थिक कुराहरुलाई जोगाउनु पर्छ भन्ने मलाई लाग्दछ। मनपरि छ, सल्लाह एउटा छ कुरा अर्को छ ।

बहुवर्षीय योजना भनेको छ, विहान एउटा भयो भनेका छन् बेलुका अर्को भयो भन्छन् अनि त्यो बहुवर्षीय भनेको के हो मैले जानेको कुरा के थियो भने सबैले गर्दा ठीकै छ बहुवर्षीय योजना भनेको के हो भने योजना ठूलो भयो पैसा कम भयो त्यसकारणले यसलाई बहुबर्षिय योजना भनौं । अहिले जति छ त्यो complete नहुन्जेलसम्म हाम्रो हामी हामी हाम्रो सरकार भनेको छ, पैसा हामीसँग छ, खर्च गर्न सकेनम्, अहिले खर्च गर्न सकेन भने त्यो फ्रिज जान्छ, त्यसैले बहुवर्षीय योजनामा हालेपछि पैसा बच्छ, यो पनि त राम्रो भयो आइन्स्टाइन फिलोसोफि भयो । यो पो हो त तरिका । कर्मचारीहरु लाइन लागेका रैछन् मैले अस्ति सोधे । हामी कर्णाली प्रदेशमा जान चाहन्छौं । यो त केन्द्रीय सरकारले पो नपठाको किनकि यदि कर्मचारीहरु केन्द्रीय सरकारले पठायो भने कर्णालीले त देशै खाइदिन्छ । त्यसैले भनेर पो थोरै कर्मचारी पठाएको रैछ त यहाँ । त्यो सरकारले त्यस्तो काम गरेको हुनाले । मलाई अर्को अचम्म लाग्यो अजिब लागिरहेको छ । हाइटेक नर्सरीका बारेमा हामीहरुले धेरै कुराहरु गर्यौं । हाईटेक नर्सरीका विषयमा । मेरै जिल्लामा म अस्ति पुगे प्लालिङ्ग कमिसनले जाउँ भन्यो म गए टिकेट काट्दिनु भएको रहेछ । पछि त्यो टिकेट जिवन शाही को पनि नाम हेर्दा मेरो आफ्नै चिनेको एउटा सँगै पढेको साथी भएकोले जिवन शाही नामको त हामीले पैसा लिदैनौ भनेर उसले लगेनछ । गए, मैले त्यो सौभाग्य पाए । जिल्लामा पुगे त टक्क एउटा हाकिम आएको छ सररर । नर्सरी त कस्तो ठाउँमा सिफारिस भएको छ, न पानी छ, न बिजुली छ, न बाटो छ । म जुन क्षेत्रको हुँ, जुन क्षेत्रमा जाउँ मलाई केही थाहै छैन । त्याँ पनि एउटाले बनाएर टक्क राखेर आदेश गरेको छ यहाँ मन्त्रीहरुका तुरुन्त गर्नु, हँ, अनि मैले भने कसरी गर्नुहुन्छ तपाइँहरुले तुरुन्त भनेर रोक्दाखेरी मैले रोक्दाखेरी सात दिनको सूचना निकाल्नु पर्नि भयो । एउटा सम्बन्धित क्षेत्रको सांसदलाई थाहा नभएर तपाइले यो गर्ने सात दिनको सूचना निकाल्यो । तर अर्को ठाउँमा त जुन कर्मचारी लिएर गए साथीहरुले त्यही दिन गर्यो, अर्को दिन टक्क आएर फेरि तल

आइहाल्यो। होइन सत्य कुरा यही हो । हेर्दा जुन ठाउँमा बिजुली छ खानेपानी छ बाटो पुगेको छ त्यहाँ चाहिँ सात दिनको सूचना निकाल्नु पर्ने भो जुन ठाउँमा न बाटो छ न बिजुली छ न पानी छ, सम्झौता भइसक्यो । वनतिरको, वनको आदेश । हामी सांसद यहाँ आएर तिमी को हो भन्नका लागि मात्र हो ? त्यही त इतिहासलाई नबिर्सौं । भोलि जे पनि हुन सक्ला अवस्था आउला म संसदप्रति विश्वास गर्ने संसदीय मर्यादाप्रति विश्वास गर्ने संसदको नियम बनाएकोप्रति विश्वास गर्ने भएको हुनाले म संसदीय मर्यादाभित्र रहेर मात्र म यहाँ कुरा गर्न चाहान्छु । अर्को छ फेरि अर्को हाइटेक छ, कृषिको । माननीय सभामुख महोदय, म यहाँमार्फत् मन्त्रीज्यूलाई भन्न चाहान्छु, धेरै चोटी म गएँ । म यो कुनै पनि हालतमा राम्रो हाइटेक नर्सरी भएको हेर्न चाहान्छु । म मेरो कार्यकर्ता पोस्नको लागि होइन । अनि मैले माननीय मन्त्रीलाई आश्वस्त बनाउनको लागि त्यहाँका मान्छेहरुको लागि भोलि कसैले बदमासी गर्यो भने राम्रो काम गरेन भने नराम्रो गर्यौं भने हामी लगानी भएको पैसा फिर्ता गर्नेछौं भनी कागजसमेत बनाएर ल्याएर चाई उहाँहरुको पनि इज्जत राखिदिनको लागि थियो । तर आज मैले सुन्दै छु टोटल एक करोड भनिएको थियो । त्यो बेला मैले भनेको थिए हाइटेक नर्सरी जहाँ डोल्पा र हुम्लाजस्ता ठाउँमा मोटरबाटो पुगेको छैन, त्यो ठाउँमा एक करोडले पुग्दैन, करिब-करिब डेढ, करोड लाग्न सक्छ । ढुवानी लाग्छ, अर्को हुन्छ भनेर हामीले सुझाव दियौं । त्यसपछि के भयो त, अहिले पैसा आएछ जम्मा चौरासी लाख । ईस्टिमेट अङ्क चौरासी लाख । अनि टोटल ईस्टिमेट अङ्क चौरासी लाख पैसा यहाँबाट गएको पचहत्तर लाख अनि परामर्शदाताको खर्च कटाएर त्यो जो हाइटेकको इक्युपमेन्ट लिने मान्छेले पाउने अठषठ्ठी लाख । अनि उले के भन्छ अठसष्ठी लाख चै मन्त्रालयले दिन्छ हाम्रो टोटल कस्ट चै चौरासी लाख छ हामीले त्यही पैसा प्राप्त गर्नुपर्छ। उहाँहरुलाई दश लाख हो पाँच लाखको राहत बाँड्नलाई बीस लाखको हेलिकप्टर लिएर जानुहुन्छ ? अनि त्यो सामान सुर्खेतसम्म उसले पुर्याउछ, सुर्खेतबाट माथि पुर्याउनलाई हेलिकप्टर खर्च पनि त्यो जो सहकारी हुन के हुन् यी कारीहरुले नै गर्न पर्ने ? टेक्नीकल म्यानपावरको पैसा पनि उसैले दिन पर्नि, What is this? यही हो यही हो सल्लाह यही हो सुझाव ?

अब मैले त प्रस्ट रुपमा हेरे एउटा सेलेक्टेड भएको छ, त्यो सेलेक्टेड भएकोले चै यति परसेन्ट कमिसन दिन्छु भनेको छ अनि जनता मरेको मर्एइ, मरे जनाताको छोरा मर्छन अनि पैसा गैसकेपछि त्यो पैसा तुरुन्तै त्यो हाइटेक नर्सरी को इक्युपमेन्ट भनेको खातामा हाल्दिनु पर्ने, पैसा एकैचोटी त्यसरी हुन्छ ? उसले जुन ठाउँबाट सामान पुर्याउछ मोबिलाइजेसन कस्ट दिने हो तर अठसठ्ठीको चेक तिमी ल्याउ भन्छ, मैले भने ठीक छ, बरु सम्झौता नगरौं । यही कुरोको लागि हो त कि के हो ? धमाधम रकम रकमान्तर आउ भनेका छन् चिठ्ठी लेखेका छन् कमसेकम राखोस्, सम्बन्धित मन्त्रालयमा सदनका केही मान्छेहरु राखोस् यो गर्दैछ भन्नोस् सधैं यही हालीमुहाली कति त ? मैले जानेको थिएँ मैले, पहिला अब रारामा महोत्सवको कुरा हेर्नुहोस्, अब म त सभामुख महोदय आज एउटा अनुरोध गर्न चाहान्छु । सार्वजनिक लेखामा अब हामी ६ जना छौं, संख्या छैन यत्रो धेरै छौं बुद्धि पनि भएका बल पनि भएका धन पनि भएका ६ जनालाई त ड्याचाम्याचा गर्ने होलान् । त्यही यहाँको चै ६ जना मात्र प्रतिपक्ष भएको हुनाले ४० जनाको पुलिसको दरबन्दी पनि हटाएर अठार कि बिस छ रे क्या । त्यही भएर होला यहाँ केही पनि हुन्न । त्यसैले मैले त के भने अरु सबै समिति छोडेर एउटा समिति एघार जनासम्मको बनाउन पाइन्छ । हामी प्रतिपक्षका ती छ जनालाई चै एउटा समितिमा मात्र राख्न पर्ने अवस्था आयो । अन्याय भएको छ, अत्याचार भएको छ । सत्ता पक्षले बोल्यो भने अनुशासन लाग्छ रे । विपक्षीले बोल्यो भने मुखै बन्द हुन्छ किनकि उ एक्लै छ त के गर्छ । यसको लागि पनि मैले यहाँ चै जेनुइन रुपले कुराहरु उठाएको छु । हामी जाउँ गरौं । सबैलाई पठाइएको छ । शक्तिको भरमा सारा कुराहरु गरिएको छ । यस्तो हो भने सभामुख महोदय हुन सक्दैन । त्यसकारण मैले भने हामीले कसैलाई दोस लगाएको छैन सार्वजनिक लेखा समितिले ।

सार्वजनिक लेखा समितिका सदस्यले कसैलाई दोष लगाएको छैन । आक्षेप लाउनु, त्यो प्रमाणित गर्ने कुरा होइन । सदनमा प्रतिपक्ष दलको नेताले बारम्बार कुरा उठायो तर कानमा तेल हालेर बस्ने हेपाहा दृष्टिकोण गर्ने सरकारले जवाफ दिनुपर्छ कि पर्दैन ? सरकारले यो-यो भएको रहेछ अथवा अख्तियारले हेर्दै छ, अख्तियारमा गैसक्यो मैले पठाईसके अथवा मैले यो यो कारण भन्यो सिद्धियो । हामीले कसैलाई चै खाएकै छन्, लुटेकै छन्, भ्रष्ट गरे त भनेको छैन नि । यस्तो-यस्तो कुरा आयो यसलाई क्यिरिफाई । ती साथीहरुलाई पनि त मनमा लागिरहदो हो नि त यस्तो खालको पनि देखियो ।

यहाँ के देखियो भने जसले जे गरे पनि हुन्छ । के छ, यही शक्ति यही दम्भ हो भने सायद सय भाई कौरवलाई पाँच पाण्डवले हराएको इतिहासले पनि विर्सनु हुँदैन हामी कसैले पनि । सभामुख महोदय, त्यो पनि आजसम्म भएन । यही सत्तारुढ पार्टीका माननीयज्यूहरुले कुर्ली-कुर्ली बोलाउनु भयो विचरा ती अपाङ्गहरु दिनका दिन बाहिर आँगनमा आउँछन् । ती अपाङ्गले यहाँ भित्र बस्न पाउँदैनन् । कमसेकम एक दुई ठाउँमा त अपाङ्गमैत्री बाटो बनाई दिँउ । अपाङ्गमैत्री शौचालय बनाईदिउ । त्यो मैले भनेको थिइन, सत्तारुढ पार्टीको साथीहरुले भन्नु भएको थियो । बिचाराहरु हामी केही गरेर खान चाहान्छौँ। हँ, कृषि पर्यटनमा केही उद्यम हामीलाई केही खोलिदिनुहोस्, हामी देशका बोझ होइनौं, हामी केही गर्न चाहान्छौं हे सरकार केही गर्देउ, हे प्रतिपक्ष तिमी केही बोल्देउ, बोल्यौं ? हाम्रो बोली हराएर गयो । हाम्रो बोली हराएर गयो । आज घर घरमा सायद उपभोक्ता समिति नेपाली जनता सबैले बनाउने भन्ने कुरा होला । हिजोका गलत कुराहरुलाई राम्रो गर्नको लागि हामी अगाडि बढेका थियौं होला । तर आज त्यो हुन सकेन । त्यो हुन सकेन, हामीले त के गयौं मामाका छोरी फूपूका छोरी आमाका के बडाज्यू सासुज्यू योज्यू उज्यू,। अचम्मको कुरा छ । सरकारका मन्त्री जाँदा सरकार पक्षकै मान्छेहरु गाउँपालिकाका अध्यक्षहरु, नगरपालिका अध्यक्षहरु, प्रि-बजेट प्लानिङ्गमा चै उपस्थित हुँदैन भने कतिको पिडा होला त्याँ ? यहाँ त दयाले दिने जस्तो छ। सभामुख महोदय म भन्न चाहान्छु मैले सायद यो भन्न मिल्छ कि मिल्दैन । माननीय भौतिक मन्त्रीज्यू यही हुनुहुन्छ, म हुम्ला गए, माननीय सामाजिक मन्त्री जानु भएको थियो । हिउँ पर्ने ठाउँ छ समय गैसक्यो । बाटोको टेण्डर सबै भैसकेको छ, उहाँहरुको भाषाको डिपिआर भैसकेको छ । अनि इन्जिनियरलाई भन्यो तपाई त्यो टेण्डर निकाल्नुहोस भन्दाखेरी मेरो मन्त्रालयले रोकेको छ । मन्त्रालयले भन्यो विहान हाम्रो अर्थ मन्त्रीज्यू पुग्नु भएको छ । मैले त्यहाँ भने अर्थमन्त्रीज्यू सही गर्नू भो, गरिसकेको छ । फेरि इन्जिनियरलाई बोलाएर गर्नु भनेको कहाँ हुन्छ मलाई एकछिन पछि फेरि आउँछ होइन, पर्सि काजग नआइकन । यदि भइसकेको छ भने यस्ता ठाउँमा विकास भन्ने १ सेकेण्ड पनि सरकारले सोच्नु पर्छ कि पर्दैन ? यो त उद्देश्य के देखियो भने यहाँ त शुन्नामा आइराखेको छ । साँचो झुटो भगवान जानोस्, छुट्याउनुहोला, यो डिपिआर, डिपिआर, डिपिआर, डिपिआरभन्दा पनि १६, २० करोडको डिपिआर भएको छ रे त्यो डिपिआर डिभाइडेढ बाइ सोह्र सापटी टु डिभाइडेड बाई टु छ अरे । अरे । सभामुख महोदय मैले यो फेरि पनि भन्न चाहे छ अरे । यो कुनै प्रमाणित छ अरे भन्ने कुरा सदनमा आइसकेपछि यसमा सार्वजनिक लेखाले त्यसमा चासो लिनुपर्छ कि पर्दैन ? डिभाईड बाई टु छ अरे त्यही मस्तीमा चाहिँ यहाँ सबै डिपिआर डिपिआर भनेर विकास नहुने हो कि । त्यो हो भने हामी सबैले ख्याल गर्न को लागि म भन्न चाहान्छु सभामुख महोदय, मैले म बच्चामा हुदाँ मैले सुन्ने गर्थे कमन्युष्ट हुनुपर्छ किनभने मसालको ज्वाला बोकेर हिंड्ने त्यतिबेला माओत्सेतुङ्गका फोटा हेर्ने, हामी पनि १५/१६ वर्षका हुँदाखेरि कमन्युष्ट पो हुने शोषक सामन्तीहरुलाई ठीक गर्नुपर्छ हामी भनेको त गिट्टी कुट्नेका छोराहरु हौं, हामी भनेका त बालुवा बोक्नेहरुका छोराहरु हौं, त्यस्तालाई पो भनेर भनिन्छ कमन्युष्ट भनेर भन्थे अलि चै ती बालुवा गिट्टीका ठेकेदारलाई पो कमन्युष्ट भन्न थालिएछ । अनि खेती किसानी गर्ने पो कमन्युष्ट हुन्, भोक खुट्टा नाङ्गा भएका पेट भोका भएका पो कम्न्युष्ट हो भन्थे । अहिले त जग्गाको अहिले नयाँ शब्द

के-के ल्याएका छन् म ती शब्दतिर जान्न, जग्गा कारोवारीहरु पो, ती त बिशिष्ट कमन्युष्ट हुन थालेछ । यस्तै भएको हुनाले यहाँ सायद यहाँको विशिष्टिकरण पनि त्यही भएको हो कि यदि भएको हो भने म त्यसलाई धन्यवाद दिदै आफ्ना भनाइ यही टुङ्ग्याउँछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय श्री यामलाल कँडेल

**माननीय श्री यामलाल कँडेल :** माननीय सभामुख महोदय, अनुभव सहितको कर्णाली प्रदेश चौंथो अधिवेशनको हामी शुभारम्भमा प्रवेश गरेका छौं । सर्वप्रथम म पार्टीको तर्फबाट, दलकोतर्फबाट यो अधिवेशनको हामी सबैको संलग्नता र सक्रियताबाट जनताको इच्छा चाहाना अनुरुप सम्पन्न गर्न सकौं, त्यही शुभेच्छा शुभकामना व्यक्त गर्न चाहान्छु । बाहिर जेठ महिना छ, यो सबैलाई थाहा भएकै कुरा हो, तातो छ, सदनको प्रारम्भमा नै वातावरण तातो बनाएर म भन्दा पहिले बोल्ने प्रवक्ता माननीयले धेरै कुरा राख्नुभएको छ । हाम्रो देशै यस्तो छ फागुन देखि जेठसम्म १० वर्ष र १० वर्षको बीचमा केही उथलपुथल हुने त्यही देखेका त्यही जानेका अवस्था म त्यस्तो देख्छु । प्रवक्ता माननीय सदस्यले भनेका कुरामा मेरा पनि आफ्ना धारणा होलान् तर त्यो भन्दा पहिला यो सम्मानित सदनमा सरकारमा रहने साथीभाइहरुले नै मेरो विश्वास छ गम्भीरतापूर्वक लिएर प्रस्तुत हुने कुरा नै त्यो उपयुक्त होला नै । यद्यपि म पनि जनताको जनप्रतिनिधि नै हुँ । मलाई राम्रोसँग हेक्का र थाहा छ अर्को निर्वाचन नहुँदासम्म भव्यतव्य नपर्दासम्म यो चालिसको संख्या घट्दैन । तर यो चालिसको संख्यालाई मात्र हेरेर विचार र दृष्टिकोण जो कोहीले पनि बनायो भने त्यो न्यायोचित हुँदैन । आजको टेक्नोलोजीमा प्रविधिको विकासमा कर्णाली प्रदेशका सोह्र लाख जनताले पनि हामीलाई हेरिरहेका छन् । हामीले बोलेका कुरा ती सोह्र लाख जनताको पक्षमा जसले बोल्न सक्छौं अर्को यसरी अगाडि बढ्ने कुरा हो । यो एउटा राजनीतिक थलो पनि हो । संसद एउटा राजनीतिक थलो पनि हो । हामी नयाँ संरचनाबाट अघि बढिरहेका छौं, र हाम्रो जिम्मेवारी आएको छ । पोजिसनले कोही कहाँ छौं जनमतले कहाँ छौं, र सबैले हामी दलीय व्यवस्था भएको कारणले गर्दा दलीय प्रतिनिधि चालिस छौं तर त्यो दलमा संलग्न रहेका जो बाहिर छौं उनले पनि जनताको बीचमा गरेको प्रतिबद्धता हामीले गरेको प्रतिबद्धता सम्मुनत कसरी बनाउने यो हाम्रो साझा विषय हो । यद्यपि कोही सरकारमा छौं, कोही जनप्रतिनिधि छौं सबैको सहयोग लिएर सरकारमा रहने साथीहरुले कति ढङ्ग पुर्याउनु भयो भएन त्यसको सबै मूल्याङ्कन गर्ने गरी सबैको छलफल गर्ने गरी व्यवस्था गरिएको यो विधायकका हामी सांसद हौं । फेरि पनि म दोर्याउन चाहान्छु कि बाहिर तातो छ, यो रापतापबाट तातिने कुरा म पनि अछुतो रहन सक्दिन होला अर्को पनि रहन सक्दैन होला । तर आफ्नो जिम्मेवारीको कुरामा हेक्का राख्न सकियो भने हामीले सबैको बलबुताका आधारबाट केही अगाडी बढ्न सक्ने अवस्था रहन्छ । संरचना र व्यवस्था परिवर्तन भएको छ । तर हामी लामो समयदेखि पूर्वका व्यवस्था र संरचनामा पनि संलग्न हुँदै आएका पार्टीका नेता, कार्यकर्ता र जनप्रतिनित्रि यहाँ उपस्थित छौं ।

कर्णाली प्रदेशमा वा देशैभरि भन्नु हुन्छ भने त्यो जिम्मेवारी नेकपाले पर्छ । लिने गरी अगाडि बढ्नै पर्ने हुन्छ आर्काको निम्ति विकल्प छ, नेकपाको निम्ति विकल्प छैन हामीले पाँच वर्षका विचमा फेरि जनताको विचमा जाँदा यो गयौं भनेर जान पर्ने बाध्यात्मक अवस्थाका विचमा उभिएका छौं । यो कुरालाई हामी सबैले हेक्का राखौं । यद्यपि अहिले नेपाली राजनीतिमा धेरै कुराहरु उठिरहेका छन् । म ती सबै विषयमा प्रवेश गर्न चाहान्न । तर यो व्यवस्था र यो संविधानले दिएका अधिकारका आधारबाट जनताका बीचमा जान र जनताका पक्षमा लेख्न कोही कसैलाई कहिँ कतै रोकटोक गरेको अवस्था छैन । यदि कहिँ संसदीय प्रक्रियाका माध्यमबाट अगाडि बढ्दा केही तलवितल भएका कुराहरु छन् भने संसदीय प्रक्रियाका आधारबाट जो कोही प्रस्तुत भएका नीति विधेयकलाई लोकतान्त्रिक बनाउने कुरामा कहीं असहमति

जनाउनु पर्छ मलाई त्यस्तो लाग्दैन । संविधानभन्दा विपरित संवैधानिक राजतन्त्रको वकालत गर्दै धर्ना र हस्ताक्षर गर्ने मान्छेहरुले छुट पाईरहेका छन् भने आशय नमिल्न सक्छ, बुझाई भिन्न हुन सक्छ गणतन्त्र त मिल्छ नि त । यसकारणले गणतन्त्रका निम्ति, समाजवादका निम्ति, लोकतन्त्रका निम्ति, नेपाली राजनीतिमा अर्को बाटो समाउनु पर्ने परिस्थिति छ मलाई त्यस्तो लाग्दैन । समाइरहेकाहरुलाई मेरो धेरै भन्नु छैन । यसकारण म यो भनिरहेको छु कि जनताको बीचमा जान कोही कसैलाई रोकटोक गर्ने गरी अगाडि बढिरहेको छैन। म साथीहरुलाई अनुरोध र आग्रह गर्न चाहान्छु तथ्यमा घटना र विषयमा छलफल गर्ने गरी अगाडी बढियो भने हाम्रा बीचमा धेरै विमति हुनुपर्ने विषय छैन । यही संसदभित्रको कुरालाई यदि हेर्ने हो भने मलाई लाग्छ संसदमा भोलि समय आउँदा फेरि पुनरावृति हुनेछ फेरि त्यसरी नै बोल्नु हुनेछ किनकि यसकारणले कि हामी जनप्रतिनिधि हौं । यहाँ बोल्दा सुन्दा र अभिव्यक्ति गर्दा को प्रतिपक्ष हो को सत्तापक्ष हो छुट्टाउन नसकिने गरी के सदनमा विगतमा छलफल भएको छैन र ? के फेरि त्यस्तो छलफल हुँदैन र ? मेरो विचारमा हुन्छ जस्तो लाग्छ । त्यसकारणले विषयमा केन्द्रित हुनुभयो भने साझा निष्कर्षमा पुग्न सकिन्छ । घटनामा विषय केन्द्रित गर्न सकियो भने साझा निष्कर्षमा अगाडी बढ्न सकिन्छ ।

गलत बाटोमा हिँड्ने कुरा कोहीले गरिरहेको छ भने म विश्वास दिलाउन चाहान्छु, त्यो विषयलाई छलफलको विषय बनाऔं, मलाई लाग्छ तपाई एक्लै पर्नु हुन्न । कोही एक्लै पर्ने परिस्थिति मैले कर्णाली संसदभित्र देखिरहेको छैन । देखिरहेको छैन किनकि हामीले हाम्रो प्रदेश बनाउनु पर्छ । यो प्रदेश बनाउँदा नयाँ संरचना भएको हुनाले केही जटिलता छ केही तीन तहका सरकारको व्यक्तिको जिम्मेवारीमा रहनुभएको कति केही बुझाईमा पृथकता देखिन्छ । समस्यामूलक देखिन्छ, संरचनागत र मानसिकताका हिसाबले कतिका समस्या भाहुनाले मलाई लाग्छ केही काम भएनन भनेर चित्त बुझाउन सक्ने अवस्था होला तर जनताको नजरमा हामीले अब यिनै चिज देखाएर उम्कन सक्ने अवस्था छ मलाई तेस्तो लाग्दैन । यी समस्याका बावजुत पनि अब हामीले हाम्रो गतिविधि जनतामा सकारात्मक पर्ने गरी त्यो थिति निर्माण गर्ने क्रममा त्यो विधि निर्माण गर्ने क्रममा त्यो सुशासन कायम गर्ने कुरामा सकारात्मक प्रवाभ पर्ने गरी नै हामी अगाडी बढ्नु पर्ने जरुरी र आवश्यकता म त्यस्तो देख्छु । त्यसकारणले म के अनुरोध गर्न चाहान्छु भने यसैमा राजनीति जोड्नु भयो, अलग ठाउँमा पुगिन्छ । विषय केन्द्रित गर्नुभयो एक ठाउँमा पुगिन्छ । गर्दा गर्दा त अब म धेरै जान चाहान्न अब कमन्युष्टै भनेका यस्ता भए भन्नेसम्म पनि जानुभयो । नेपाली राजनीतिमा भन्न चाहान्छु सबैमा विसंगति छ विसंगतिका केही प्रभावहरु छिटापिटाहरु देखिने गरी नेकपामा पनि केही देखिएकै होला । बन्ने अर्कोको लागि नराम्रो भन्ने होइन आफ्नो राम्रो बन्ने गरी कुरा हो तर म तपाईहरुलाई अनुरोध र आग्रह गर्न चाहान्छु कि हाम्रो पक्तिमा नेपाली राजनीतिमा विसंगतिहरु पक्कै देखा परेका छन् । ती विसंगतिका केही प्रभावहरु देखिने गरी म रहेको पार्टीमा पनि देखिएका छन्, होलान तर त्यसैलाई नै पूर्णता ठानेर यदि बुझाई बुझ्नु भयो भने त्यो अलग कुरा हो । त्यो अलग ठाउँमा पुग्न सकिन्छ । त्यसकारणले म फेरि पनि विन्रमतापूर्वक अनुरोध र आग्रह गर्न चाहान्छु कि कर्णाली सातवटा प्रदेशमध्ये विशिष्टतामा आधारित रहेको प्रदेश हो छ त्यो अर्काले आएर बनाईदिने होइन मैले त यो भन्दा अगाडि पनि भनेको छौं हामी त कर्णाली प्रदेशका जुन कुनै पार्टीमा लागौं हामी सबै अहिलेसम्म ती पार्टीका मतदाता मात्रै हौं । नेता अन्तै छन् चाहे जुनसुकै पार्टीका हुन कुनै ठूल-ठूला पदका किन नहुम हामी मतदाता नै हौं । दलीय व्यवस्था छ, संघात्मक प्रणालीमा गइसकेको छ, पार्टी एकात्मक रहेको एउटा अवस्था छ । प्राथमिकता छुट्याउने कुरामा के ले प्रभाव पार्ला त ? बनाउने त कर्णाली होला बनाउने त कर्णाली प्रदेश होला । यदि त्यसो हो भने त्यो आधारबाट सोच र दृष्टिकोण बनाउनु भयो भने मलाई लाग्छ यो पार्टी र त्यो पार्टी भनेर म सबैको जिम्मा लिन सक्दिन तर मेरो विचारमा विमति राख्नुपर्ने कुरा मेरो हकमा साह्रै थोरै छन् । थोरै ढङ्गले अगाडि बढ्नुपर्ने अवस्था म राख्न चाहान्छु । मैले यती सन्दर्भमा

भने प्रारम्भमा छौं । गम्भीर विषय हाम्रा अगाडी छन् नै । म पनि त्यति पहिलो सदनमा नेकपाको तेत्तिस सहितका उपस्थितिमा जुन उत्साह थियो । त्यो उत्साह कायम गर्नका निम्ति हामीले गम्भीरतापूर्वक सोच्नुपर्ने अवस्था छ । तेत्तिस भित्र पनि हामीभित्रबाट जानु भएको जो सरकार जिम्मेवारीमा रहनुभएको छ । यद्यपि कतिपयले यलाई यो मेरो जिम्मेवारीको कुरा हो दायित्वको कुरा हो कि हामीले यलाई सत्तापक्ष र प्रतिपक्ष नभनिकन खुला खुलस्त सदनभित्र छलफल गर्दै आएका छौं यलाई उन्नति गर्ने हो भने सरकारमा रहन आवश्यक छ । दलका आफ्ना सीमा र दायरा छन् । तर पूर्ववक्ता माननीय सदस्यले भनेजस्तै राम्रा कुरामा तथ्यका कुरामा प्रमाणका कुरामा मलाई लाग्छ नेकपाका सांसदहरुले तलवितल गरिराछन मलाई तेस्तो लाग्दैन । बरु बेलाबखतमा छलफल संसद भित्रको पदाधिकारी र सत्तापक्ष भाहुनाले तपाईहरुकै बैठक हुन्छ । केमा मिल्नु हुन्छ केमा मिल्नु हुन्न केमा गरिरहनु भा´छ त्यो अनुभव साटासाट गर्ने अवस्था मेरा अगाडी छैन । तर म केही दिलाउन चाहान्छु भने त्यो पार्टीको एउटा कार्यकर्ताको हैसियतले मलाई लाग्छ, तथ्यमा घटनामा प्रमाणमा मलाई लाग्छ, त्यस्तो गर्ने अवस्था छ मलाई त्यस्तो लाग्दैन । अव जहाँसम्म मेरो पनि सुझाव खुला खुलस्तका रुपमा केही कुरा राख्न चाहान्छु ।

चौंथो अधिवेशनको पूर्वसन्ध्यामा छौं, हामी आजसम्म हामीले जे भन्दै आएका छौं, अब त्यो भनेर कसैले हामीलाई सर्मथन गर्नेवाला छैन । त्यसो हुनाले के कसरी हो, आफ्नो देखिने गरी अगाडी बढ्ने कुरा सोच्न जरुरी छ, नम्बर एक, नम्बर दुई यो संसद हो सरकार छ यद्यपि न्यायपालिकासँग हामीले सम्बन्ध जोड्न सकिराको छैनौं । संरचना निर्माण गर्न अझै बाँकी रहिरहेको अवस्था छ, शक्ति सन्तुलनका तीन सिद्धान्तका आधारबाट रहेका निकायका बीचको सम्बन्धलाई बुझ्ने कुरा कार्यकारिणी अधिकार भाको कारणले कहिलेकाहीं मैले गरे भैहाल्छ नि, ठीक भैहाल्छ नि भन्ने सोच बेलाबखतमा प्रकट यो सरकारको मात्र होइन, जो कोही सरकारमा जो कोहीलाई पनि त्यो जिम्मेवारी छ भने त्यो प्रकट हुने अवस्था रहन सक्छ, त्यलाई करेक्सन गर्ने त्यसलाई सच्चाउने भनेको संसद नै हो । त्यसलाई सच्चाउने भनेको संसद नै हो । म सांसदका हैसियतले सबै जिम्मा लिएर त सबै कुरा अहिले नभनौं । तर पनि म फेरि पनि आश्वास्त गराउन के चाहान्छु भने कि विषय केन्द्रित छलफल चलाउने कुराको अभ्यास गरियो भने मलाई लाग्छ यो संसदमा कोही मान्छे, कोही सदस्य, कोही महानुभावहरु एक्लै पर्नुपर्ने परिस्थिति मैले त्यस्तो देख्दिन । त्यसो हो भने धेरै कुरा नभनीकन हामी सबैको अगाडी संसदको एउटा हिस्सेदार जिम्मेवारीमा रहेको प्रतिपक्षको मैले अहिले उहाँले भनेका सबै कुरा ठीक बेठीकतिर म लाग्दै लाग्दिन । जे कुरा संसदमा उठाउँनुभएको छ, त्यसलाई यो संसदको कामकारबाही भित्र बिलम्ब नगरिकन सबै कुरा संसदलाई अवगत गराउने दायित्व र जिम्मेवारी सरकारको हो नै । सबै कुरा, सबै कुराको यसले हिसाबकिताब गर्न सक्छ, तर यसका पनि सीमा छन्, हामी माननीय सदस्यले बुझ्नु पर्ने हुन्छ । तर हामी आफैं नै कार्यकारिणी बन्ने तहको सोच र दृष्टिकोण यदि बन्यो भने त्यो पनि बेठीकको कुरा हुन्छ । यले नीतिगत गाइडेन्स गर्न सक्छ । यले नियम र विधि विपरित रहेको कुरालाई रोक्न, सच्याउन र आफ्नो फैसला सुनाउन सक्छ । त्यलाई जुन मन्त्रीज्यूले वा जुन सरकारले जति छिटो, जति चाँडो, जति इफेक्टिभ ढङ्गले सम्बोधन गर्नुहुन्छ, प्रभावकारी गर्नुहुन्छ त्यति संसदको साथ त्यो सरकारले पाउँछ । सत्तापक्ष हुनुको नाताले सबै कुराको समर्थन गर्ने जे भने त्यो ठीक छ भनेर भन्ने हो भने त्यो संसदलाई प्रभावकारी ढङ्गले अगाडी बढाउन सकिदैन। सांसद आफैंमा जननिर्वाचित हुन्, तर आफ्नो दल सरकारमा रहदाँ दलले जनताका बीचमा घोषणा गरेका घोषणा पत्रमा उल्लेख गरेका कुरा त्यो नीति तथा कार्यक्रमका आधारबाट राम्रो काम गरेर आज भोट नहालेकालाई अर्को चुनावमा भोट हाल्ने गरी कार्यसम्पादन गर्न सकियो भने फल प्राप्त गर्न सकिन्छ । गर्न सकिएन सजाय पाईन्छ । तपाईंहरु त्यस्तो ठाउँमा हुनुहुन्छ, तर हेर्दा के देखिन्छ भने आपत र विपद नपर्दासम्मन संसदमा पारित भएको नीति तथा कार्यक्रम अर्को नीति तथा कार्यक्रम प्रस्तुत नगर्दासम्म त्यही

हुनुपर्ने हो । त्यही गर्ने गरी हामी चल्नु पर्ने हुन्छ, त्यसमध्ये पनि दुई तिहाईको एकल सरकार रहदाँ वर्षैपिच्छे अधिवेशन पिच्छे लम्बेतानको त्यो कार्यपत्र नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्छ मलाई त्यस्तो लाग्दै लाग्दैन किनभने एउटै सरकार छ, तर के देखिन्छ, नीति तथा कायक्रम एकातिर थन्क्याउने मन्त्रीपिच्छे नीति तथा कार्यक्रम घोषणा गर्दै जाने जुन तरिका छ, यसलाई सच्याउनै पर्छ । म भन्न चाहान्छु मन्त्रीपिच्छे, कार्यक्रमपिच्छे घोषणा गर्यागयैं देख्छु त । त्यसकारणले यो तरिका त हामीले बदल्नै पर्छ, सच्याउनै पर्ने हुन्छ । त्यसमा अभ्यास गर्ने पर्ने हुन्छ । आपत विपत पर्यो संसद चलिरहेको बेला माननीयज्यूहरुलाई पो पालो पालो समय माग्नुपर्ने हुन्छ। विषयवस्तु छ भने त मन्त्रीज्यूहरुलाई कुनै पालो माग्न पर्देन सरकारलाई जतिवेला पनि संसदको समय उपलब्ध यसकारणले गराईन्छ । तर म के देख्दै छु भने त्यस्तो देख्छु । त्यसकारणले त्यो कुरालाई गर्नपर्नी हुन्छ । यो अधिबेशन अब बजेट केन्द्रित छ । हाम्रो जस्तो निर्वाचन प्रणाली छ, यहाँ जे सुकै भनियोस जतिसुकै राम्रा कुराहरु हुन अहिले देखि नै त्यो पाँच वर्ष पछिको चुवाव झलझली देख्ने गरी त्यो सही चलाउनेहरु नछटपटाए हुन्थ्यो नि त । यो यहाँ को मात्र होइन यो हाम्रो चलनै छ । यो यो सरकारको मात्र होइन त्यो सबै सरकार त्यस्तै हो । जो जो ले सरकार चलायौं हामीले त्यस्तो हेर्दै र भोग्दै आइरहेको अवस्था छ । त्यो नगरे हुन्थ्यो एकचोटी त विश्वास गरेर अस्ति होलसेलमा बजेट पास गरेको अवस्था देख्छु । अब मलाई त थाहा छैन म त्यति माननीय सदस्यहरुसँग कुरा गरेको छैन अब सरकारले माननीय सदस्यहरुसँग विश्वास आर्जन गर्ने गरी काम गयरैछ भने त राम्रै होला हैन भने होलसेलमै पास गर्न सक्ने कुरा गरी त्यो कागज आउने कुरामा कति मेहेनत गर्नु भाछ त्यसमा भर पर्छ । कुरा सुन्दा, यस भन्दा अगाडिका माननीय सदस्यहरुका कुरा सुन्दा मैले त्यस्तो सदन भित्रै भनेका कुरालाई आधार मान्नीहो भने मैले त्यस्तो अवस्था देखिराको छैन । सबैका आ-आफ्नो सीमा हुँदा त्यसको प्रकृया र विधि पूरा गर्दाखेरि कतिपय कुरा कहाँ छलफल गर्ने र कतिपय कुरा कहाँ गर्ने भन्ने कुरा ध्यान दिनु पर्ने हुन्छ । तर म सुन्दै छु, म देख्दै छु हामी सांसदले थाहा पाउनु पर्ने कुरा, छलफल गनुपर्ने कुरा गृहकार्य गर्ने पर्ने हुन्छ तर अन्तै सार्वनजिक छलफल गर्ने गरी, अन्तै अरु अरुले बनाउने गरी जाने कुरा जे सुनिराछु त्यो साँचो हो भने तपाँईहरुले मेरो विचार मेरो सुझावलाई अविलम्ब रोक्नुस । हामीजस्ता छौं हामीले नै बनाउने हो कार्यक्रम । हामीजस्ता छौं हामीले नै बनाउने हो बजेट । यद्यपि एक्पर्ट चाहिन्छ, तर एक्सपर्ट राखिएकाहरुले आफ्नो सीमामा बस्न पर्यो । म सुन्दै छु सरकारलाई पनि थाहा नभइकन बजेट बनाउने गरी गोष्ठी र बैठक भैराछन त अरे । त्यसकारणले सरकारका आफ्ना सीमाहरु छन्, त्यो आधारबाट अगाडी बढ्ने कुरा गरौं । अब बाहिर दृष्टान्त हेर्ने हो यहाँ भित्र त अब हाम्रो प्रतिपक्ष दलको नेताले भनेजस्तै दल देखाएर पार्टी देखाएर सर्मथक त भेटिएला, बाहिर समर्थक भेट्ने गरी काम गरौं । भेटिन्नन त नभनौं किनभने सभासमारोहमा सरकारको चै उपस्थिति चै देखिराछु, त्यसमा धेरै सम्प्रेषण सकारात्मक नै भैराकोहोला भन्ने मैले ठान्दछु । तर म, जे तथ्याङ्क छ, जे अवस्था छ त्यसमा अलि गम्भीरतापूर्वक छलफल गरौं । समयमा निर्णय गर्न सकिएन भने आर्थिक वर्ष अर्को लाग्छ, समय हुदाँसम्म छलफलमै बिताउने, समयमा निर्णय नगर्ने, अनि काम नहुँदा तथ्याङ्क देखिनु पर्ने र म स्मरण गराउन चाहान्छु यो भन्दा अगाडीको अधिवेशनमा यति भन्दा यहाँ पनि बिग्रीदैन होला जस्तो लाग्छ, हिजो म यसो घुम्दै आथे यहाँ आईसकेपछि एकचोटी संसद आउछु भोलि के-के चल्छ भन्दा सभामुखले यस्तो यस्तो भन्नुभो, मैले त्यतिबेला भन्याथे सबैले पहिला सरकारको हिसाब किताब माग्ने कुरा हो, जनताले पनि बाहिर रहेकाले पनि सत्तापक्ष प्रतिपक्षकाले माग्छन् । त्यो एकछिन हो त्यसपछि हिसाबकिताब अघि हाम्रो जीवन शाहीले नेकपाको मागे जस्तै अन्तिममा नेकपाको माग्नी स्थिति आउँछ । नेकपाको हिसाब किताब तलबितल गर्ने गरी नेकपाका सांसदले समर्थन गर्ने परिस्थिति आउँछ मलाई त्यस्तो लाग्दैन । बाहिर हेर्दा सरकारप्रति सरकारमार्फत् नेकपा प्रति कतिपय आग्रहपूर्ण कतिपय यथार्थपूर्वक

टिप्पणीहरु आइराछ । कतिपय आग्रहपूर्ण कतिपय यथार्थपरक टिप्पणीहरु आइराछन् । यलाई हामीले छुटयाउन सक्नुपर्ने हुन्छ । जसले आग्रहपूर्ण टिप्पणी गरिराको छ, उसैसँग सरकारको सम्बन्ध अलि निकट छ कि जस्तो लाग्छ । जसले सरकारको पैरवि गरिराछ, उसँग सरकारको सम्बन्ध अलि टाढा छ कि जस्तो लाग्छ । सरकार भाको हुनाले सबै यहाँ आउनु भेट्न जानु स्वभाविक कुरा हो । अब तपाँईहरु, हाम्रो जीवन जी त पहिले देखिन नै भन्दै हुनुहुन्थ्यो कि उहाँको पार्टीले त उहाँलाई सुर्खेत नै खटाको छ । उहाँ त अब जिम्मेबारी भएपछि बेतान लगामबाट जाँदा यहाँका बाटाघाटा गर्दा सुर्खेतको म प्रतिनिधि विकासको केही कुरा नगर्ने अनि जीवनजीले अब घोरेटादेखि चौतारादेखि, दशरथपुरदेखि चिंगाडदेखि घरघरका कुरा गर्दा त अलि दिनमा त सुर्खेतको प्रतिनिधि त जीवन शाही नै हो नि, म चाहिँ अर्को जिल्ला पो खोज्न पर्नि हो कि भन्ने परिस्थिति बन्ने हो कि जस्तो जुन वातावरण सरकारले बनाईराको छ, यसमा हेक्का राख्न पर्यो । यद्यपि उहाँहरुले भनेका वस्तुस्थितिको चित्रण प्रति मेरो कुनै टिप्पणी छैन त्यो हालत अवस्था नै उहाँले चित्रण गर्नु भको छ । त्यो अवस्था म त्यस्तो देख्छु । म पनि केही भैहाल्छ कि भनेर एक दुई चोटी सरकारले आयोजना गरेका बैठकमा म पनि सामेल भाथे । अब केही त हुनी भयो कि क्या हो भन्ने त्यो आजसम्म हेरेको हेरेई भइयो । मैले यसकारण यो भनिराको छु कि तपाँईहरु त कहिलेकाहीं व्यक्तिगतरुपमा मन्त्रीहरुलाई भेट्दा उहाँहरु व्यस्तै हुनुहुन्छ, सन्तुष्टै हुनुहुन्छ । रमाईरहेकै जस्तो देख्छु, हालत अवस्था त्यस्तो छैन । हालत अवस्था त्यस्तो छैन । त्यसकारणले यलाई कुनै प्रतिष्ठाको कुरा नबनाउँ । बनाउनुपर्ने कुनै जरुरी छैन । यलाई कर्णाली प्रदेश निर्माण गर्ने अभियानका रुपमा सिकाईकै अवधि ठानेर आजका मितिदेखि विश्वास आर्जन गर्ने गरी सरकार प्रस्तुत हुने कुरामा बिलम्ब हुने कुरा नगर्नुस्, म त्यो अनुरोध गर्न चाहान्छु ।

मैले यसकारणले यो भनिराछु कि दलीय व्यवस्था हुँदाहुँदै पनि हामी सबै दलभित्रका जनप्रतिनिधि हौं । अब मन्त्री भाका जिल्लामा त म गाछैन, तपाईंहरु कतिले त जय-जयकार गर्छन्, कतिले मतदाता कति बढाउनु भछ थाछैन । सुर्खेतकै एउटा मन्त्री हुनुहुन्छ, उहाँको निर्वाचन क्षेत्रमा पनि म गाछैन, भनेसी बाँकी जिल्लाका मन्त्रीमा त म जाने कुरा भएन । तर सबै माननीय सदस्यको कुरा सुन्दा उहाँहरुका कुरा गम्भीर छन्, तथ्यपरक छन्, त्यो कुरालाई सम्बोधन गर्ने गरी अगाडी बढ्न म त्यस्तो जरुरी र आवश्यकता म त्यस्तो देख्छु र फेरि पनि दोहोर्याउन चाहान्छु, संसद र सरकारको जे परिस्थिति सरकाको मन्त्रीमा रहने साथीहरुले बुझ्दाबुझ्दै पनि अनुभवी साथीहरु हुनुहुन्छ, त्यहाँ पनि सातमध्ये त तीन वटा त अनुभवी नै हुनुहुन्छ, मुख्यमन्त्री मन्त्री भएको माननीय भएको अर्थमन्त्री माननीय भएको, सभापति चलाएको कानून मन्त्री केन्द्रीय सांसद भएको अनुभवी साथीहरु नै हुनुहुन्छ अर्को चार जना त अनुभवी साथीहरु नै हुनुहुन्छ, प्रतिपक्ष पनि सत्ता पक्ष सरह विकास र निर्माणका निम्ति सँगै जाने कुरा भनेको भन्यै छ भने रोकिनु पर्ने, असजिलो र अफ्ठेरो मान्नु पर्ने, छलछाम गर्नुपर्ने म त्यस्तो केही देख्दिन। तर तपाईंहरुले गर्नुभएका तपाईंहरुले जे जे बोल्दै जानुभाछ, बोलेका आधारबाट मलाई लाग्छ, एकै प्रकृतिका कार्यक्रम, एकै खाले व्यक्ति गएर दुईवटा संस्थाको नाममा बजेटसम्बन्धी पर्याप्त छलफल गर्नु भो त तपाईंहरुले ? त्यो गर्न पर्थ्यो कि पर्दैनथ्यो ? विषय एउटै छ, संस्था दुईटा छन् मान्छे उनै हुन कोही ठाउँमा अध्यक्ष कोही ठाउँमा प्रमुख अतिथि । हाम्रो जस्तो प्रदेशमा ठूला योजना बनाउछौं भनेको भए हुन्थ्यो पास गर्ने हामी हौं, तर तपाईंहरुले किटानी गर्नुभएको छ, अडिनु हुन्छ कि अडिनुहुन्न एक करोड भन्दा तल कुनै योजना हुने छैन । मन्त्री समेतले त भने तर त्यो भन्दा परकाले पनि भनिसके । पास गर्ने त यहाँ हो, के होला ? ठूला योजना बनाउने, थोरै योजना बनाउने, त्यसमा ध्यान केन्द्रित हुने प्राथमिकता पाउने कुरासम्म भने हुन्थ्यो तपाईले त रकम र कलम किटानी गरेर छलफल चलाई दिनु भयो भने यो पास गर्ने माननीय सदस्यहरुले के सोच्नु होला तपाईहरु कहाँ सबैले डेलीगेसन जान्छन्, बुझाउने कुरा गर्नुहुन्छ सार्वजनिक सम्प्रेषण भएका

माध्यमहरुबाट हेर्दा आएजतिकालाई ठोकुवा लगाएर तपाईहरुले पठाईदिनु भाछ । तिनीहरु ठोकिएर हामीकहाँ आईपुग्छन् । अझ यतिसम्म छ कि दर्ता गर्नका निम्ति म यहींबाट अनुरोध गर्न चाहान्छु, कुनैपनि जनताको निवेदन दर्ता गर्न कुनै माननीय सदस्यको सिफारिस भए राम्रो अनिवार्य होइन है, भए राम्रो । तर जनताको माग सरकार समक्ष दर्ता गर्नका निम्ति माननीय सदस्यहरुको सिफारिस अनिवार्य वनाएर ढोका बन्द गर्ने तरिका बदल्नै पर्छ । भए राम्रो तर, म त्यस्तो देख्छु ।

यो कुरालाई कसरी गर्ने । हामी पछि पनि छलफल गरौंला तर म अहिले एउटा विषय राख्न चाहान्छु तर म अहिले, संविधानले हामीलाई धेरै अधिकार दिएको छ, तर अधिकार दिएका कुरालाई औकात नहेरिकन संरचना गर्ने कुरामा हेक्का राखौं । हेक्का राखौं । भैरहेका संरचनाहरुलाई सुदृढ र प्रभावकारी नवनाईकन त्यस्तै प्रकृतिका संस्था निर्माण गरेर व्ययभार थप्ने गरी जाने प्रदेशका हालत कर्णाली प्रदेश पुगिसक्यो मलाई त्यस्तो लाग्दैन । अधिकार छ हामीलाई । संविधानले दिएको छ अधिकार । तर हामीले हाम्रो औकातलाई ख्याल नगरिकन संविधानले दिएको छ भनेर भैरहेका संरचनामा थप संरचना गर्ने कुरामा हेक्का राखौं । म त यतिसम्ममा पुगिसकेको छु, अहिले व्यवहारिक अनुभवका आधारबाट उहिले उसले हस्तान्तरण गर्छ भन्ने नाममा कतिपय हामीले बोक्न नसक्ने संस्था र योजना लिने कुरामा हतारो नगरौं भन्ने पक्षमा पुग्याछु आजका मितिमा । हतारो नगरौं नत्रभने बुझेउ अलपत्र पर्यो भन्ने परिस्थिति निर्माण हुन्छ । उदाहरणका निम्ति कसरी ल्याउनुहुन्छ बजेट ? कसरी ल्याउनु हुन्छ थाहा छैन, प्रदेश अस्पताल, उदारहणका रुपमा राख्न चाहान्छु । विभिन्न विद्वानहरु जो विद्वान र एक्पर्ट छन् हिजो तिनीहरुले खास कालमा जिम्मेवारी कुर्चीमै थिए । तर आज आएर उपदेश दिइराछन त म नाम लिन चाहान्न र हिजो तिनीहरु कोही मुख्य सचिव थिए, कोही सचिव थिए, कोही के थिए, तिनले आफ्नो कार्यकालमा गरे के ? आज आएर हामीलाई उनीहरुले अर्ती उपदेश दिएर यो गर्नुपर्छ र त्यो गर्नुपर्छ भन्ने कुराका आधारबाट हामीले हाम्रो औकात र वस्तुनिष्ठत आवश्यकताका आधारबाट अगाडि बढ्ने कुरामा ख्याल राखेनौ भने हामीले नै बनाएका योजनाहरु हाम्रा निम्ति भारी हुने छन् । यद्यपि म धेरै सार्वजनिक सभा, गोष्ठीमा जनप्रतिनिधि हुँदाहुँदै पनि आलोचना सुन्दासुन्दै पनि म त्यति गएरहेको छैन तर म भन्न चाहान्छु अधिकार छ भन्ने नाममा हाम्रो औकात र अवस्थालाई ख्यालै नगरिकन संरचना निर्माण गर्ने गरी अगाडी बढ्ने कुरा सम्बन्धित जिम्मेवारी पाउनेले त खुसी होला तर जनताले भोलि सकारात्मक सन्देश दिन्छन् मलाई त्यस्तो लाग्दैन । यो कुरामा हेक्का राख्नुपर्ने अवस्था म त्यस्तो देख्छु । कोलाई के फुर्छ म अहिले यतिमात्र भन्छु फुरेका आधारबाट सरकारमा बसेका मान्छेले बोल्ने कुरा बन्द गर्न विगतमा पनि भनेको हो । फेरि पनि दोहोर्याउनु पर्ने परिस्थिति रह्यो । सरकारमा रहेको वा माननीय जनप्रतिनिधि रहेको भनेपछि त उसले हेक्का राख्नु पर्यो । उले बोलेको कुरा उ संलग्न रहेको कुरा पार्टीसँग जोडिन्छ । तर म त्यस्तो देख्दिन । जेसुकै गरे पनि जनप्रतिनिधि हो जनप्रतिनिधिका कुरा सुन्नका निम्ति जिम्मेवारीमा रहेका साथीहरुले धैर्यता गर्ने पर्ने हुन्छ । आफूलाई लागेको दुःख अफ्ठेरो र समस्या छलछाम नगरीकन भन्नु भयो भने सहयोग नगर्ने को होला र ? मलाई त्यस्तो लाग्छ, त्यसकारणले हामी अहिले गम्भीर घडीमै छौं । जेठसम्म त यहाँ राम्रै भएपनि नराम्रो गर्ने गरी कार्यक्रम गर्नेहरुको ताँती नै छ जेठसम्म । यहाँ राम्रा गरे पनि कुरा मिलाएपनि बाहिर गएर आगो सल्काउनेहरुको ताँती नै छ । सरकारलाई कतिपय प्रभावित गर्ने म सुर्खेत कै सन्दर्भमा केही सांकेतिक कुरा गर्न चाहान्छु । म सबै कुरा जान्न चाहान्न । सरकारलाई प्रभावित गरेर निर्णय गराउने, बाहिर गएर नकारात्मक टिप्पणी गर्नेहरुको तरिकाबाट सरकार कति चनाखो छ छैन हेक्का राखुस् । निर्णय गराउनेमा उहाँहरु नै संलग्न हुनुहुन्छ । अहिले मात्र हेर्नुहुन्छ भने मैले अब विकास गर्ने हामीसँग दश दिन/पन्ध्र दिन छ । सुर्खेतमै विकास निर्माण गराउने हो भने म हिजो दुई तीनटामा गको निर्माण सामाग्री जसले निर्माण गर्नुपर्ने हो उसले निर्माण सामाग्री नपाउने अवस्था देखा पर्यो । तर जसले

निर्माण सामाग्री मगाउने हो, आकाश छुने गरी निर्माण सामाग्री धुम्याईरहे । ल हेर्नुस त अब यो हाम्रो अब कोसँग सरोकारबाला विषय हो थाहा छैन । जसले निर्माण सामाग्री निर्माण कार्यमा संलग्न छैन उसले गीटी बालुवा आकाश छुने गरी धुम्यायो । जसले पिचको ठेक्का लेको छ, जसले ग्रावल गर्नुपर्ने छ उसलाई गीटी बालुवा नपाउने परिस्थिति यहिँ निर्माण भाछ । उनीहरुले कुराकानी गर्दा त्यहाँबाट किन्न जानुस न भन्ने परिस्थितिको निर्माण भयो । यो कसको कले ध्यान दिन पर्ने होला । यसो भन्दिनु होला सिडियो मेरो हातमा छैन, गृह प्रशासन मेरो हातमा छैन, अर्को मेरो हातमा छैन तर जनताले त को संघमा छ, को प्रदेशमा छ, स्थानीयमा जान्दैन । सरकारमा छ तिमीहरुको पार्टी सरकारमा सामेल छ, भनेर भन्ने कुरा हुन्छ भने यसमा ध्यान दिनु पर्ने विषय हो कि होइन भन्ने कुरा मेरो विचारमा हो है । तपाईंहरुका तोकिएका जिम्मेवारी आ-आफ्नो ठाउँमा छन् तर तपाँईको क्षेत्रभित्र चाहे संघ होस चाहे स्थानीय निकाय होस त्यहाँ भएका तल वितलका कुरा त्यहाँ भएका जनताका कुरा गुनासा सुन्ने कुराको जिम्मेवारी पनि यो सरकारको भन्ने भयो भने केही हामीले सकिने अवस्था हुन्थ्यो । सुगम जिल्लाको त यो हालत छ अब दुर्गम जिल्लाको के कुरा होला आफै विचार गर्नु । त्यसकारणले हाम्रा विचमा केही समस्याहरु छन् । म अनुरोध गर्न चाहान्छु कुनै प्रतिष्ठाको विषय नबनाएर खुला खुलस्त छलफल गर्ने वातावरणको अगुवाई गर्नुस् राम्रो काम किनभने तीनवटा बजेट हामीले पेश गर्यौं, तीनवटा कार्यक्रम पेश गर्यौं चौथौ कार्यक्रम पेश गर्दै छौं । त्यसमा केन्द्रित भएर यो अधिवेशन चल्छ, चल्दा अफ्ठेरो नमानिकन प्रतिष्ठाको विषय नबनाईकन तपाईहरुले प्रस्तुत गर्न हुने यिनै दुईवटा दस्ताबेज सर्मथन गर्न लायक हामीले मात्र सर्मथन र पास गरेर मात्र होइन कि जनताले पनि सकारात्मक टिप्पणी गर्न लायक हुने गरी अगाडी बढ्न पर्ने जरुरी र आवश्यकता छ । हो बौद्धिक मान्छेहरुको कन्सल्टेसन गर्नुपर्ने हुन्छ, प्राज्ञिक मान्छेहरुको कन्सल्टेसन गर्नुपर्ने हुन्छ तर उनीहरुले जे भनिराछन र जे सार्वजनिक मिडियाबाट जे आइराछ, त्यहि हो भने मलाई लाग्छ, धेरै विषयमा छलफल गर्न पर्ने परिस्थिति निर्माण हुन सक्छ । यो आधारबाट हामीले यलाई अझैं छलफल गरौं ।

यसकारणले कि हामी यो प्रदेश कुनै माथिको कृपाले प्राप्त गरेको होइन यो तपाईं हामी संलग्न भएर जनताको लडाईंबाट प्राप्त गरेको प्रदेश हो । यो भाषण गर्नका निम्ति मात्र भन्ने विषय होइन । त्यो कर्म गरेर देखाउने ठाउँमा हामी उपस्थित छौं । हो हामीलाई चाहिएजति पैसा छैन तर जति पैसा छ त्यसले काम मात्र गर्ने कुरा गर्यौं भने नपाएकाहरुले पनि राम्रो काम गरिरहेका छन् भन्ने परिस्थिति निर्माण हुन्छ । तर त्यसरी सरकार मन्त्री त सक्रिय हुनुहुन्छ, त्यतिको त सक्रियता मैले त भेटाउनै सक्दिन । तर तपाईमात्र सक्रिय भएर हुँदैन तपाईको व्युरोक्रेसि त्यो मुताविक सक्रिय होइन उस्तै पर्दा तपाईले नभेट्ने गरी बस्याछ । उस्तै पर्दा भन्दै छु है मलाई थाहा छैन । तपाईंहरुको सक्रियता मैले त भेट्नै जिन्नै सक्दिन । त्यति धेरै छ तर तपाईको सक्रियताले मात्र सरकार मुभ गर्दैन । राम्रो नराम्रो भएपनि व्यहोर्नै पर्नि हुन्छ । तीनलाई साथ लिएरै जानु पर्ने हुन्छ । त्यसमा त्यस्तो देखिएन । सबैले हिसाबकिताब तिरै लाग्या छन् त म अहिले कसरी भनु र यो सम्मानित ठाउँबाट । तर म विनम्रता पूर्वक अनुरोध र आग्रह गर्न चाहान्छु कि हामीलाई जे अभिभारा जनताले हामी जनप्रतिनिधिलाई दिएका छन् त्यो अभिभारा न्यूनतम पुरन गर्ने योग्यता हामीले नै देखाउने पर्ने हुन्छ । कोही कसैलाई भन्नुपर्ने विषय भए भनौला, सँगै मिलेर भनौला तर त्यो भनेर उम्कने दिन गए, सकिए अब। अब गरेर देखाउन हो भने, धेरै गर्न सकिदैन थोरै गर्यौं गरेको कुरामा सबैले समर्थन गर्ने कुरामा पहिला सरकारमा रहनेहरु नै अडिन तयार हुनुस । बाहिर अडिनै भित्र लेनदेन गर्ने हो भने देखियो त अब छर्लङ्गै देखिएपछि अब अहिले यो फ्लोरबाट त्यो फ्लोरबाट त्यो बीचमा बस्नेहरुलाई चै कसरी समर्थन गर्ने ? अब कि त सबैको लेनदेन हुन पर्यो चालिसमा । अब क म के खतरा देख्दैछु भने हिजो साथमा लेनदेन गर्नुभयो, अब चालिसमा लेनदेन गर्ने अनि चालिसलाई नै जनताले

औलो ठडाउने परिस्थिति को बजेट आउने हो कि मोडेलमा पो जाने हो कि क्या हो । यिनलाई खुशि नपारे बजेट पास पो नहुने हो कि यिनलाई खुशि पार्न जे जे भन्छन त्यो त्यो गर्ने ? हामी त खुशी हुने अनि बाहिर रहेकोले औंला ठड्याउने परिस्थितिको मोडेलमा पो जाने हो कि ? मलाई त थाहा छैन म कुनै छलफलमा सामिल छैन । तर मेरो पूर्व अनुमान के छ भने अब भैत गो नि सबै माननीयलाई खुशि त बनाउन पर्यो, सिकाएकै छ संघीय माननीयले । त्यो आधारबाट पनि तपाईहरुले आफ्ना कुरा बचाउन सक्नु भएन भने मलाई लाग्छ फेरि अर्को ठाउँमा पुग्न हामी सक्छौं किनभने हामीसँग पैसा थोरै छ । थोरै छ तर हामी धेरै भयो यसका निम्ति मूलतः सरकारमा रहेका सबै साथीको उतिकै जिम्मेवारी छ । मुख्यमन्त्रीको नहुने कुरै भएन तर मूलतः अर्थमन्त्री जो प्रस्तोता हुनुहुन्छ । उहाँले चै त मेरो हर्टिलि शुभकामना हो, यो वस्तुस्थितिलाई बुझ्ने कुरामा हेक्का राखौं । यसो गर्दा हामी फेरि जनतालाई आश्वास्त बनाउन सक्छौं, विश्वस्त बनाउन सक्छौं । अन्यथा यस्तो कुनै हाम्रो यस्तो प्रदेश जो म त्यसमा सचेत छु त्यसमा कुनै पार्टीको स्थिरता भएको पार्टी होइन राम्रोसँग जान्दछु । जति गरिरहनुभएको छ त्यति योग्यता पुर्याए काफी हुन्छ कांग्रेसलाई चुनाव प्रचारप्रसार गर्न तर योग्यता हामीले नै देखाउन पर्ने छ, यो मैले प्रत्येक सदनमा बोलिराको छु । दोर्याइरहेको छु यस कारणले कि जनताले हामी प्रति भरोसा गरेका छन् । यसकारणले भरोसा गरेकि काँग्रेसले त जिम्मेवारी पूरा गर्छ, केही नपाको हुनाले हामीतिर हेरेको हो ? हामीले पनि उस्तै गरे आर्कैतिर लाग्छ । उहाँतिर हेर्छ कि आर्कातिर हेर्छ त्यो म भन्दिन आर्कातिर हेर्छ । यो वास्तविकतालाई आत्मसाथ हामीले गर्ने पर्नेहुन्छ । त्यसकारणले म फेरि पनि अनुरोध र आग्रह गर्न चाहान्छु संसदमा जे कुरा उठेका छन् यो खेलसाँचीको कुरा हुँदै होइन । मैले समितिको बैठकमा पनि साथीहरुलाई भनेको थिए, माननीय सदस्य मन्त्रीज्यूहरुलाई ।

अहिले जे सार्वजनिक लेखा समितिको चै रिपोर्टको बारेमा जे कुरा चलिरहेको छ, यो जुहारी चल्ने अवस्थालाई अविलम्ब अन्त्य गर्ने अवस्थामा सरकारले पहलकदमी लिनै पर्ने हुन्छ । कांग्रेसका साथीहरुलाई के हेक्का नरहोस भने मैले त त्यसको अहिले हुने अध्यक्षलाई त मेरो तर्फबाट सकारात्मक सुझाव दिई सकेको छु । यदि त्यस्तो थियो भने त्यो रिपोर्ट तयार गर्ने त नेकपा नै हुन् त । त्यो रिपोर्ट तयार गर्ने त नेकपा नै हुन् । यद्यपि मन्त्रीहरुले जे प्रतिक्रिया गर्नुभाछ त्यो करेक्सन गर्नु पर्ने प्रतिक्रिया छ । उहाँहरुका रिजर्वेशन हुन सक्छन् । सरकारको आफ्नो भनाई हुन सक्छ । तर त्यो मिडियामा होइन त्यो सार्वजनिक होइन । त्यो सरकारले समितिमा आएर आफ्ना कुरा भन्न पाउँछ भन्न सक्छ । अलग दृष्टिकोण गर्न सकिन्छ । तर मिडियाबाट आक्रोस पोख्ने कुरा त्यो राम्रो कुरा होइन । यसकारणले मैले यो कुरा दोहोर्याइरहेको छु कि हामी राम्रो बनाउने अभियानमा प्रमुख कुरा भाहुनाले को सत्तापक्ष को प्रतिपक्ष सोचिराछैनौं । सोच्ने गरी छलफल चलाउनुपर्छ मलाई त्यस्तो लाग्दैन । नराम्रोलाई नराम्रो राम्रोलाई राम्रो गर्ने गरी हामी जानु पर्ने हुन्छ । त्यसो गर्दा मात्र हामी हाम्रो कर्णाली प्रदेशलाई अगाडी बढाउन सकिने एउटा अवस्था रहन्छ । यस आधारबाट हामीले हाम्रा विचार दृष्टिकोणहरुलाई अगाडि बढाउ । यो व्यवस्था यो संरचना हामी सबै मिलेर ल्याएको हो । यद्यपि एकजना माननीय सदस्य यसको सदस्य हुँदाहुँदै पनि राजा चाहिन्छ भन्ने हुनुहुन्छ लोकतन्त्रमा । हिजो हामीले भनेभा जेल जानुपर्थ्यो । यहाँ उहाँ माननीय सदस्य भन्दै हुनुहुन्छ यो गणतन्त्रको फाइदा हो । राजा भाकाबेलामा गणतन्त्र चाहिन्छ भने जेल जानपर्थ्यो । जेल गएकै हो त । अहिले गणतन्त्रमा राजा चाहिन्छ भन्दा माननीय सदस्य हुनुभाछ हामीसँग सवालजवाफ गर्नुभाछ । यो भन्दा लोकतन्त्रकै पाइन्छ र ? तर यो हामी सबैले लडेर ल्याएको कुरा हो । यो संरचनामा हामी सदस्य छौं चालिस जना, यो संरचनाप्रति अहिले प्रश्न उठिराछ । प्रश्न तलका बारेमा उठ्दैन प्रश्न माथिका बारेमा उठ्दैन उठ्ने यही संरचनाका बारेमा हो । हामी पहिलो सांसद सदस्य भएका छौं । अरु ६ प्रदेशमा के गर्छन् थाहा छैन । सकेको सहयोग गरौं कमसेकम हामी रहेको प्रदेशमा

यसको उपादेयता स्थापित गर्ने गरी हामी अगाडि बढ्न सकेनौं भने हामी पटके हुनेछौं । हामी पटके हुनेछौं । पटके मात्र भएर छुट्टी पाउने कुरा छैन । हाम्रो व्यवस्था जे हामीले प्राप्त गरेका छौं अव्यवस्थामा परिणत हुनेछ । अव्यवस्थामा परिणत भयो भने त्यो काठमान्डौकाले दुःख पाउने छैनन् । विगतको पृष्ठभूमि भएको जहाँ पछाडि परेको छ, सबैभन्दा पछाडि परेको ठाउँको मान्छेले बढी दुःख पाउने छन् । त्यसकारण हामी त्यसको बढी सजाय पाउने वाला सदस्य हौ त्यसकारण हामीले अरु भन्दा अलि बढी सचेत हुनु पर्ने जरुरी र आवश्यकता म देख्छु । विकास र निर्माण आफ्नो ठाउँमा छ, आ-आफ्नो दलीय प्रभावलाई बढाउने आ-आफ्नो स्वस्थ प्रतिस्पर्धा गरौं । त्यसमा म सकारात्मक छु तर सबैको साझा सवाल के छ भने अहिलेको यो संरचना र व्यवस्थालाई सकारात्मक सन्देश दिने कुराको हाम्रो साझा दायित्व र जिम्मेवारी हो भन्ने आधारबाट सोचौं । हामी माननीय सदस्यले मात्र होइन यसमा लागिपरेका सबै क्षेत्रकाहरुले सकारात्मक सोच दृष्टिकोण बनाउनु पर्ने जरुरी र आवश्यकता छ । यसकारणले हामी यो संस्थाको त्यो मर्यादा त्यो महत्त्वपूर्ण भूमिका छ । यसकारण यो आफैमा विधायिका हुँदा हुँदै पनि यो प्रदेशभरीका सबै राजनीतिक सही विकास र निर्माणको खुला प्रष्ट छलफल गरेर तदअनुरुपको कानून र नियम बनाउने विधायिका भाको हुनाले यसलाई प्रभावकारी बनाउने कसरी होला त । यसको महत्त्वपूर्ण भूमिका सरकारको हुन्छ । म त्यो कुरा पनि अलिकती राख्न पर्ने जरुरी र आवश्यकता ठान्छु ।

अधिवेशन सरकारले बोलाएर बस्छ । सरकारले समापन गरेर बस्छ । यद्यपि माननीयहरुले आवश्यकता ठानेपछि पनि बैठक बस्ने व्यवस्था छ । त्यो अल्पकालिन र खास विषयका निम्ति हो । संसद जति प्रभावकारी बनाउनका निम्ति गर्नपर्ने हो भने उसको कति ध्यान दिइयो त कति व्यवस्था गर्यो त कति त्यसलाई सम्बोधन गर्यो त तब न यसका माननीय सदस्यहरुले यसमा जाँगर लगाउनुहुन्छ । होइन भने के अवस्था देख्छु भन्दा सूचना टाँसेका बेला यही आउने बाँकी बेला आ-आफ्ना कामका भौंतारिने त नभनौ आफ्नो आफ्नो व्यस्त जीवन छ, आ-आफ्नो ठाउँमा लाग्नी, को ले कहाँ के गरिराछ के बन्दै छ, के बनाउनु पर्ने छ, के भइराछ केही थाहा नहुने संसदका रुपमा रुपान्तरित भइयो भने हो भने के हुन्छ यसको समग्र भूमिका निष्प्रभावी भयो भने हाम्रो योग्यता र क्षमतामाथि प्रश्न उठ्ने मात्रै होइन हामीले भूमिका निर्वाह नगर्दा समयमा नै प्रदेश जसरी अगाडी बढ्न पर्ने हो त्यो नै गतिरोध हुन्छ । तर सरकार के भन्दाखेरि आफूमात्रै कुदेपछि संसद जेसुकै होस् त्यस्तो देख्छु । यद्यपि आज खुसीको कुरा छ, सरकार सबै छ । तर मेरो अनुरोध छ, यस्तो व्यस्त केही छैन जस्तो लाग्छ । यद्यपि फेरि म अवमुल्यन नगरौं । समय मिलाउदा संसद भाका बेलामा सबै साथीहरु सातै जना मन्त्री बस्नु भ्याइन्छ जस्तो लाग्छ मलाई । किनभने यहाँ पनि अक्कल झुक्कल बैठक हुन्छ । त्यले संसदको गरिमा बढ्छ । त्यले संसदलाई महत्त्व दिएको ठहर्छ । तपाईकै अगाडि आमने सामने कुरा गर्नु भयो भने नै आधा क्वइसन भन्दै भन्दैन । तपाइहरु यहाँ कोही नहुनुस त आधा बढेर आउँछन । उ हाम्रा माथिका मिडियाका साथीहरुले त्यो राम्रो कुरा हो दायित्व हो उहाँहरुले त्यही सम्प्रषण गर्नुहुन्छ । त्यले के हुन्छ नकारात्मक सन्देश बाहिर जान्छ । तपाइनै हाँ हुनुन्छ भने के हुन्छ, ए मन्त्री छ, यसको मतलब फेरि बजेट दिन्न भनेर त्यस्तो त होइन होला । अगाडी नै मान्छेलाई भन्ने कुरा हुन्न । त्यले तपाईलाई स्थिति को बारेमा अवगत हुन्छ । फिल गराउछ अनि तपाईंले आफूलाई करेक्सन गराउन थाल्नुहुन्छ । तर तपाई के सुन्नुहुन्छ, त्यही वरिपरि रहेका कर्मचारी साथीहरुले सुन्न सक्नुहुन्छ । म अहिले त्यति धेरै टिप्पणी त सुन्दिन।अनि तिनले के गर्छन्, ती आफ्ना दुई/चार जना घुमेका आधारबाट अनि तपाईकहाँ रिपोर्ट पेश गर्ने गर्छन् । भेट्न पर्नि मान्छे बाहिरै हुन्छन् । भेट्न नपर्नी भित्र जान्छन् । भित्र तपाईंहरु व्यस्तै हुनुहुन्छ । बाहिर आएर हेर्ने कुरा भएन । अनि के हुन्छ नकारात्मक टिप्पणी उठ्छ । मलाई त्यस्तो लाग्छ है किनभने हाम्रो जस्तो प्रदेशमा अधिकांश जति देख्छु समय निकाल्न सकिन्छ । तर दिनचर्या हेर्यो भने त्यही त अघिनै भनिहाले

त्यो दौडमा त पहिलै हात खडा गरिरनुपर्छ उठाउँन सकिदैन त्यस्तो दौडधुप छ । त्यसो हुँदा चै के भन्दाखेरि त्यसको चै प्रतिपक्षका नाताले मात्रै त्यसो भन्यो भन्ने होइन । अरुलाई पनि भेटयो भने अलिकता राम्रो कुराहरु गर्ने मान्छेहरु भेट्न साह्रै गाह्रो हुन्छ । हो भने कसलाई भेटिरहनुभाछ त ? के कुरा गर्नुहुन्छ त ? तपाईहरु राजनीतिक मान्छे हो । सरकारको नेतृत्वमा हुनुहुन्छ । मैले यसकारणले भनिराछु कि धेरै मान्छे भेट्दा सुर्खेतको नै भेट्छु । भेट्दा तपाईलाई प्रशंशा भित्र गर्ने छन्, बाहिर आएर सूचना दिनेहरुले तपाईहरुलाई धेरै भेटिराको छन् ? यति चै मैले भने । यो वन, त्यो मन्त्री भन्न पर्दैन सबै मन्त्रीहरु त्यो उहाँहरुको पहुँच र बाटो बनाईसक्नुभएको जस्तो देख्छु । यसबाट हेक्का राख्नु भएन भने त्यसले तपाईहरुको परफमेन्स सकारात्मक हुँदैन । तपाईहरुको परफरमेन्स मात्रै होइन नेकपा प्रति उत्तरै दिन नसक्ने गरी प्रश्न उठाउँने परिस्थिति निर्माण हुन्छ । मलाई लाग्छ, यति भनेपछि त जीवन जिलाई पनि जितियो होला । सत्तापक्ष कै एउटा सांसदले सरकारलाई यति भनिसकेपछि त राम्रो कुरा गर्ने कुरामा त विमति छैन भन्ने कुरा जिन्नलाई भन्या होइन फेरि त्यसो नसोच्नुस्, त्यो आधारबाट हामीले छलफल गर्न पर्ने एउटा अवस्था मैले त्यस्तो देख्छु यसकारण हामी गम्भीर अवस्थामा यसचोटीको बजेट र नीति तथा कार्यक्रम संसदभित्रको छलफल र जनताको चासोको हिसाबले र एकवर्षको क्रियाकलापको हिसाबले परिस्थिति गम्भीर रहेको कुरा हामी बुझौं । त्यसलाई प्रतिष्ठाको विषय नबनाउँ । सहज ढङ्गले अगाडि बढ्ने कुराको छलफल संसद भित्र संसद बाहिर छलफल र कुराकानी अगाडी बढ्न सकियो भने मलाई लाग्छ जनताको अपेक्षा र विश्वासको आधारबाट अघि बढ्न सकिन्छ, यही शुभेच्छा यही शुभकामनाका साथै आफ्ना भनाईहरु यहिँ टुङ्ग्याउछु, धन्यवाद् ।

**माननीय सभामुखः** माननीय श्री सोशीला शाही ।

**माननीय श्री सोशीला शाही :** सभामुख महोदय, आज हामी तेस्रो अधिवेशन अन्त्य भएको करिब डेढ महिना पछि चौंथो अधिवेशन शुभारम्भ गर्न गैरहेका छौं । साथै महत्त्वपूर्ण कामको थालनी पछि गर्न लागिरहेका छौं । कर्णाली प्रदेश आफ्ना क्षेत्रका जनताको पिर मर्का र समस्याका बारेमा आफ्नै प्रदेश सरकारकातर्फबाट सरकारले नीति तथा कार्यक्रम बजेट आगामी केही दिनमा ल्याउने भएकाले खुसी लागेको छ । तर विगतको काम, कर्तव्य र कार्यान्वयनको अवस्था हेर्दा कति खुशि व्यक्त गर्ने ठाउँ नभएपनि व्यक्तिगत विगतमा जे जति कमीकमजोरी भएतापनि आउँदा दिनहरुमा यसलाई सुधार गरेर जानुपर्छ भन्ने अपेक्षा राखेको छु । र विगतका यस्ता कमीकमजोरीले जनता जनमानसमा निराशाको अवस्था आएको छ, हामी माझ विकासका योजना र भन्दा खल्तीका योजनाजस्ता गरेर आफ्ना कार्यकर्तालाई नियम विपरित योजना वितरण गर्न लागियो भने समृद्ध कर्णाली सुखी कर्णाली भन्ने हाम्रो नारा सपना जस्तै हुनेछ तर भाषण र कागजी पानामा समाजबादमा आधारित जनसहभागीतामूलक विकास सुशासन सहितको कर्णाली प्रदेश निर्माण जनताको आकांक्षा र आवश्यकतामा आधारित वैज्ञानिक योजना निर्माण गर्ने कुरा गर्छौं । तर आज समाजबादमा आधारित जनसहभागीतामा विकास होइन भ्रष्टाचार बढेर गएको छ । सुशासन होईन कुशासन मौलाएको छ, जनताको आकांक्षा र आवश्यकतामा होइन व्यक्ति आकर्षक र आवश्यकतामा आधारित वैज्ञानिक निर्माण भैरहेका छन् । आगामी दिनमा यस्ता कार्य नगरी सकारात्मक सुझावका साथ कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहान्छु । हामी जनताको जनजिविकाको सवालले ख्याल नगरि दिनानुदिन सुविधा भोगी वन्दै गइरहेको छौं । हामी भाषणमा मात्रै समृद्ध कर्णाली सुखी कर्णालीका नारा लगाईरहेका छौं। तर व्यवहारिक पक्षलाई हेर्दा आफ्नै समृद्धिमात्रै खोजिरहेका छौं । अरु प्रदेशको तुलनामा हामीले यस प्रदेशमा धेरै त्याग र तपस्या मेहेनत गर्नुपर्ने देखिन्छ तर आज हामी कमिसनको खेलको तपस्या गरिरहेका छौं । यस्ता कार्यले यस कर्णाली प्रदेशलाई झन गरिब बनाउने देखिन्छ गत वर्षका आयोजनाहरु माननीयज्यूहरुको सिफारिसमा क्षेत्रगत आधारमा छनोट गर्ने भनियो। अन्त्यमा सत्ता

शक्ति र पहुँच कमिसनको आधारमा छनोट गरिएको थियो । राजनीतिक पूर्वाग्रही ढङ्गले सोचियो । त्यही भएर होला हाल आएर कमिसन र विल मिलाएर योजना सम्पन्न गर्ने काम भैरहेका छन् ।

हामी कर्णालीमा पर्यटक प्रवर्धन गरी बढी सके बढी पर्यटक भित्र्याउने कुरा गर्छौं तर कर्णाली राजमार्गको अवस्था देख्दा दर्दनाक अवस्था छ । तत्काल मर्मत सम्भार गरिएन भने यो वर्षामा अवरुद्ध हुने पक्का छ । त्यतातिर कसैको ध्यान गएको छैन । हाम्रा मन्त्रीज्यू सभा, सम्मेलन, गोष्ठी, सेमिनारलगायत कृषिको अनुदान काटेर नयाँ गाडी किन्न होडबाजी चलिरहेको छ । कर्णालीको विकासको बारेमा सोच्ने फुर्सद नै छैन । कर्णाली प्रदेश सरकारको तौरतरिका हेर्ने हो भने जनताले समस्या जस्ताको त्यस्तै हुने निश्चितै छ । गाउँसहरमा पहिलेको भन्दा विकृति बढिरहेको छ । हिजोको कुरा हो म प्रदेश सभा भवनमा आउँदै गर्दा बाटोमा एकजना दिदीले मलाई झोलाबाट बाइबल निकालेर भन्नु भयो हामीले एउटा अभियान चालिरहेका छौं सहयोग गर्नुपर्यो भन्नु भयो तत्कालै मैले भने हामी धर्मनिरपेक्षता खारेज गरेर हिन्दु राष्ट्र घोषणा गर्नको लागि आन्दोलनका कार्यक्रम सञ्चालन गरिराखेको छौं । के को बाइबल हो के ? को क्रिष्टियन हो ? धर्मको कुरा गर्नुहुन्छ भन्दा उहाँ जवाफ नदिई जानुभयो । विभिन्न बहानामा एक हातमा बाइबल अर्को हातमा खाममा दान राखेर सँगठित र योजनाबद्ध रुपमा धर्मनिरपेक्षता गर्ने गराउने कार्य भइरहेको देशको पहिचान संकटमा पर्ने र मुलुक धार्मिक द्वन्द्वमा फस्ने भएकोले यस विषयमा गरिमामय सदनमार्फत् सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । अन्तमा चौंथो अधिवेशनको सफलताको शुभकामना दिँदै बिदा हुन्छु, जय राष्ट्रवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु अब यो बैठक २०७६ साल जेठ १३ गते सोमबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२

(२०७६ साल जेठ १३ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ तथा प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१७ (विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधि) को नियम १३२ को उपनियम २ बमोजिम विनियोजन विधेयक, २०७६का सिद्धान्त र प्राथमिकतासभा समक्ष पेश गरी सो माथि छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वाला :** आर्थिक कार्यविधि ऐन २०७४ को दफा ९ तथा प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १७ विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधिको नियम १३२ को उपनियम २ बमोजिम पूर्वबजेट छलफल प्रयोजनका लागि विनियोजन विधेयक २०७६का सिद्धान्त उद्देश्य प्राथमिकता तथा प्रमुख नीतिहरुका सम्बन्धमा सभा समक्ष छलफल गरी आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तयार गर्नका लागि माननीय सदस्यहरुको सुझाव मार्गनिर्देशन सभामार्फत् प्राप्त हुने विश्वासका साथ विनियोजन ऐन २०७६का सिद्धान्त र प्राथमिकता सम्बन्धमा सभा समक्ष छलफलका लागि प्रस्ताव गर्दछु धन्यवाद ।

माननीय सभामुख महोदय, प्राकृतिक सम्पदाको धनी, नेपाली भाषा संस्कृतिको उद्गमस्थल, विकासको विराट सम्भावना रहेको गौरवशाली इतिहास बोकेको लामो संघर्ष र हजारौं शहिदको बलिदानबाट प्राप्त कर्णाली प्रदेशको विकास र संबृद्धिको लागि कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को कानुनी व्यवस्था अनुरुप विनियोजन विधेयक २०७६ को सिद्धान्त उद्देश्य प्राथमिकता र प्रमुख नीतिहरु कर प्रस्ताव बाहेक अर्थिक मामिला तथा योजना मन्त्री को हैसियतले यस गरिमामय सदनमा पेश गर्न पाउँदा गर्भको अनुभूति गरेको छु । बजेटको सिद्धान्त तथा प्राथमिकता निर्धारण गर्दा नेपालको संविधान, दिगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षिय योजनाको आधारपत्र, नीति कार्यक्रम एवम सिद्धान्त र प्राथमिकता तथा कर्णालीको मौलिक विशिष्टता र विशेषता, प्रदेश सरकारको सोच २०२१, आवधिक योजनाको अवधारणा पत्र, प्रदेशको पाश्व चित्र, प्रदेश सभा सदस्य निर्वाचनको लागि जनअनुमोदित चुनावी साझा घोषणा पत्र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अनुभव समेतलाई मूल आधारको रुपमा समेटिएको छ । संघीय सरकारबाट प्राप्त हुने सशर्त, समपुरक र विशेष अनुदानको सीमा प्राप्त भईनसकेको अवस्थामा प्रदेशको अनुमानित राजश्व चालु आर्थिक वर्षमा खर्च नभई बचत हुन आउने रकम तथा नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुन आउने रकमले विनियोजन रकमको आकार तय गर्ने छ । नेपालको संविधानको मर्म र भावना अनुसार समाजबाद उन्मुख अर्थव्यवस्थाका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यका माध्यमबाट आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण सन्तुलित दिगो उच्च आर्थिक वृद्धि र समन्यायिक वितरण गर्न आगामी आर्थिक वर्षको बजेट केन्द्रित रहने छ। संवैधानिक व्यवस्थाअनुसार नागरिकका मौलिक हक र अधिकारको पूर्ण प्रत्याभुति गराउन हरेक वर्ग, क्षेत्र, लिङ्ग, भाषा र सीमान्तिकृत समुदायलाई सामाजिक न्याय,

समावेशिता र विकासमा सहभागीताको लागि आवश्यक नीति, कार्यक्रम र बजेट तय गरिने छ । गरिबी, बेरोजगारी, भोकमरी, अशिक्षा, असमानता, सामाजिक पछौटेपनको अन्त्य गरी एकता र सहकार्यका साथ संवृद्ध कर्णाली सुखारी कर्णालीबासि भन्ने मूल नारालाई आत्मसाथ गर्दै प्रदेशको बहुआयामिक विकासको यात्रामा अघि बढ्नु अहिलेको प्राथमिक आवश्यकता हो । माननीय सभामुख महोदय अब म यस सम्मानित सदन समक्ष विनियोजन विधेयक २०७६का सिद्धान्तहरु प्रस्तुत गर्न चाहान्छु ।

- संघ, प्रदेश र स्थानीय तहबीच सहअस्तित्व, सहकारीता र समन्वय रहने संवैधानिक मान्यता तथा प्रथम कर्णाली प्रदेश समन्वय परिषद बैठकले पारित गरेको साझा प्रतिबद्धता पत्र को मर्म र भावनालाई आधार बनाएर बजेट तर्जुमा तथा कार्यान्वयनको सिद्धान्त अवलम्वन गरिने छ ।
- संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सुची राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा स्वीकृत कार्यवृस्तितिकरणमा उल्लेख भएका व्यवस्था र मापदण्ड अनुरुप बजेट तथा काय्रक्रम तर्जुमा गरिने छ ।
- प्रदेश सरकारको दिर्घकालिन सोचलाई कार्यान्वयन गर्न वार्षिक कार्यक्रम तय गरी मानव संसाधन वीत्तिय, भौतिक, प्राकृतिक प्रविधि लगायत सम्पूर्ण साधन स्रोतको उच्चतम परिचालन गरी प्रदेश विकासको लक्ष्य हासिल गरिने छ ।
- कर्णाली प्रदेशको वर्तमान विकासका कमजोर सुचकाङ्कहरुमा व्यापक सुधार गरिनुपर्ने आवश्यकतालाई ध्यानमा राखि तीव्र आर्थिक विकास गर्ने उद्देश्यका साथ आगामि बजेट निर्माण गरिने छ । आगामी आर्थिक वर्षको लागि अनुत्पादक साना र टुक्रे योजनाहरुमा बजेट छर्ने प्रवृतिलाई नियन्त्रण गरी ठूला परिणाम मुखी र प्रतिफलमुखी योजनाहरुलाई प्राथमिकता दिई सञ्चालन गरिने छ ।
- निजी, सहकारी, सामुदायिक र गैरसरकारी संघ-संस्थाहरुलाई सरकारको विकास साझेदारको रुपमा स्वीकार गरी तोकिएको क्षेत्रमा परिचालन गरिने छ ।
- बजेट कार्यान्वयन गर्न नवीनतम ज्ञान र प्रविधिका साथै स्थानीय र परम्परागत ज्ञान सीप र स्रोतसाधनको समेत उपयोगलाई प्राथमिकता दिइने छ ।
- वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा प्रदेशको प्राथमिकता, मन्त्रालयको अधिकारक्षेत्र, योजना कार्यान्वयनको सम्भावना र साधन स्रोतको उपलब्धतालाई मध्यनजर गरिने छ ।
- बजेट प्रणालीमा विनियोजन दक्षता कायम गर्न उत्पादन मूलक र प्रतिफलयुक्त आयोजनाहरुमा बजेट विनियोजन गरिने छ ।
- स्रोत साधनको सदुपयोग गर्न मितव्ययिता प्रभावकारीता कार्यदक्षता र औचित्यताको सिद्धान्तलाई अबलम्वन गरिने छ ।

विश्वसनीय सूचना तथा तथ्याङ्कहरुलाई प्रदेश योजना निर्माणमा मूल आधार बनाइनेछ। माननीय सभामुख महोदय अब म यस सम्मानित सभा समक्ष विनियोजन विधेयकका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु ।

- सडक तथा यातायात क्षेत्र, ऊर्जा, खानेपानी, सिचाई, बस्तीविकास सञ्चार लगायतका भौतिक पूर्वाधार क्षेत्रको विकासद्वारा प्रदेशको तीव्र आर्थिक विकास गर्ने ।
- शिक्षा, स्वास्थ्य, सामाजिक विकासका कार्यक्रमद्वारा कर्णाली बासीको जीवनस्तरमा परिवर्तन ल्याउने ।
- कृषि, उद्योग, वन जडीबूटी पर्यटन क्षेत्रको विकासद्वारा उत्पादन वृद्धि र रोजगारी सृजना गरी गरिबी न्यूनीकरण गर्ने ।

- साधन र स्रोतमा पहिचान पहुँच प्रतिनिधित्व र समन्यायिक वितरणमार्फत् विभिन्न वर्ग क्षेत्र र जाति, लिङ्ग भाषा, धमर्, अपाङ्गता, अल्पसंख्यकता लगायतका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक सामाजिक समानता कायम गर्ने ।
- सार्वजनिक सेवा प्रवाहमा सुधार, शान्ति सुरक्षाको प्रत्याभुति र भ्रष्टाचार नियन्त्रणमार्फत् सुशासन कायम गर्ने ।

सभामुख महोदय, अब म विनियोजन विधेयकका प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।

- कर्णाली प्रदेशको दिगो विकास र संवृद्धिका लागि सडक लगायत यातायात क्षेत्र, ऊर्जा उत्पादन तथा विद्युतीकरण, खानेपानी, सिंचाई बस्तीविकास र सूचना प्रविधिजस्ता पूर्वाधार विकासलाई पहिलो प्राथमिकता दिइने ।
- शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, सामाजिक सुरक्षा, युवा उद्यमशिलता तथा खेलकुद प्रर्वधनबाट स्वस्थ सभ्य र अनुशासित नागरिक तथा संमृद्ध समाज निर्माण गरिने ।
- कृषि, जडीबूटी, खानेपानी वन पैदावारजस्ता स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आत्मनिर्भरता बढाउने ।
- आर्थिक वृद्धि र प्रदेशको संवृद्धिमा योगदानको लागि पर्यटन क्षेत्रको प्रवद्धन गर्दै कर्णाली प्रदेशलाई सुरक्षित र साहसिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने।
- स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी प्रशासनमार्फत् सुशासनको प्रत्याभुति गरिने ।
- प्रदेशको समग्र विकासको लागि आवश्यक मानव संशाधनको विकास गरिने ।

सभामुख महोदय, अब म विनियोजन विधेयकका प्रमुख नीतिहरु प्रस्तुत गर्न चाहान्छु ।

- प्रदेश स्तरिय परियोजनाहरु पहिचान गरी प्राथमिकतापूर्ण ढङ्गले कार्यान्वयन गर्न परियोजना बैङ्क तयार गरिने छ ।
- प्रदेशको उत्तर दक्षिण नाका जोड्ने रणनीतिक सडक, अन्तरप्रदेश सडक, प्रदेशको राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडक तथा जनता सडक निर्माण, सडक पहुँच नभएका जिल्ला र स्थानीय तहमा सडक तथा अन्य पूर्वाधारलाई उच्च महत्त्व दिदैं संघीय सरकार संघको समन्वयमा स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माणलाई प्राथमिकता दिईने छ ।
- प्रदेशभित्रको यातायात व्यवस्थालाई प्रभावकारी र सहज बनाउन आवश्यक स्थानहरुमा गुणस्तरिय सडक, हवाई यातायात, जलमार्ग, सुरुङ्ग मार्ग, रज्जुमार्ग, केवलकार, मोटरेवल र झोलुङ्गेपुलजस्ता पूर्वाधारको सम्भाव्यता अध्ययन र निर्माण तथा स्तरोन्नती गर्ने नीति लिइनेछ ।
- कर्णालीको पानी सबैको लगानी भन्ने अपिलका साथ संघ, प्रदेश र स्थानीय तहका साथ निजी सहकारी र जनताको लगानीमा जलविद्युत आयोजना निर्माण गर्ने नीति अङ्गिकार गरिनेछ ।
- कर्णाली उज्यालो अभियान अन्र्तगत साना जलविद्युत आयोजना निर्माण, सौर्य लगायतका बैकल्पिक उर्जा प्रर्वद्धन तथा प्रसारण लाइन विस्तार गरी विद्युत सुविधा नभएका वस्तीमा विद्युत सेवा उपलब्ध गराइने छ ।
- सडक, खानेपानी, सिँचाइलगायतका पूर्वाधार विकासका कार्यक्रमलाई द्रुत गति प्रदान गर्न उपयुक्त संयन्त्रको विकास गरिने छ ।
- ठूला पूर्वाधार निर्माण उद्योगधन्दा स्थापना तथा सञ्चालनका लागि लगानीमैत्री वातावरण तयार गरी बाह्य तथा आन्तरिक लगानीकर्तालाई प्रोत्साहन गरिने छ ।

- छरिएका र उच्च जोखिममा रहेका वस्तीलाई सुरक्षित र जिविकोपार्जनको अवसर सहितको आधारभुत सुविधासम्पन्न एकिकृत नमूना वस्ती विकास गरिने छ ।
- उत्पादनमूलक क्षेत्रमा उद्यमशीलतालाई प्रवद्धन गर्न सहुलियत दरमा व्यावसायिक ऋण, विमाको व्यवस्था र बजारिकरणमा सहजीकरण गर्ने नीति लिईने छ ।
- कृषियोग्य भूमिमा सिचाँई सुविधा उपलब्ध गराउने, कृषि क्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धात्मक, विविधिकरण, बजारीकरण, व्यवसायिकरण एवम आधुनिकीकरण गर्ने, अर्गानिक र रैथाने बालीमा जोड दिने र किसानलाई प्रोत्साहन गर्दै कृषिलाईलाई संवृद्धिको मुख्य आधारको रुपमा विकास गरिने छ ।
- भूमिहीन सुकुम्बासी, मुक्त हलिया, द्वन्द्व पीडित, बाढीपिडित, अव्यवस्थित तथा जोखिमयुक्त बसोबास लगायत भूमिसम्बन्धी सबै प्रकारका समस्याहरु सम्बोधन गर्न बैज्ञानिक भु-उपयोग नीति तयार गरी सुरक्षित, आधुनिक र व्यवस्थित बसोबासका व्यवस्था गरिने छ।
- संवृद्ध कर्णालीका लागि सहकारी अभियानमार्फत् उत्पादकत्व बृद्धि र श्रमको सदुपयोग गर्ने तथा उत्पादन र रोजगारीका अवसरहरु सृजना गरी निर्वाहमुखि जीवनपद्धतिलाई व्यवसायमुखि तुल्याइने छ।
- अन्तरपुस्ता कृषिपेशा हस्तान्तरणका लागि प्रोत्साहन गर्ने नीति लिइने छ ।
- सार्वजनिक जग्गा र गुठी जग्गाको लगत अद्यावधिक गरी संरक्षण गर्ने नीति लिइने छ।
- शिक्षालाई गुणस्तरिय तथा प्रविधिमैत्री बनाइनुका साथै आवासीय र नमूना विद्यालय तथा उच्च शिक्षाको विकासमा जोड दिने नीति अबलम्बन गरिने छ ।
- शैक्षिक जनशक्ति अभाव भएका सामुदायिक विद्यालयहरुमा गुणस्तरिय शिक्षाको लागि स्नातक युवालाई कर्णाली स्वयम सेवक सेवामा आबद्ध गरी दक्ष जनशक्तिको अभाव परिपुर्ति गरिने छ ।
- पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको लागि आवश्यक तयारी गरिनुका साथै चिकित्साशाष्त्र अध्ययन तथा अभ्यासका लागि संस्थागत व्यवस्था गरिने छ ।
- बहुउद्देश्यीय प्राविधिक शिक्षालयहरुको स्तरोन्नति र आवश्यकताअनुसार नयाँ स्थापना गरी व्यावसायिक शिक्षालाई प्राथमिकता दिनुका साथै प्राविधिक जनशक्ति उत्पादनका लागि सेवाशर्त छात्रबृत्ति दिने नीति लिइने छ ।
- साक्षर कर्णाली अभियानलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ ।
- स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुने गरी अस्पतालहरुको क्षमता अभिवृद्धि र व्यवस्थापनमा सुधार गर्दै लगिने छ ।
- स्वस्थ नागरिक संवृद्ध प्रदेश भन्ने अभियानका साथ आधारभुत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापना गरिनुका साथै कर्णाली प्रदेशमा स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा लागू गरिने छ ।
- दुर्गम र स्वास्थ्य प्राविधिकहरु नभएका वडाहरुमा प्राथमिकताका आधारमा बर्थिङ्ग सेन्टर स्थापना र साधन स्रोत सहित स्तरोन्नती गर्ने तथा प्रत्येक वडामा एक स्वास्थ्य इकाइ तथा सामुदायिक नर्स कार्यक्रम लागू गर्ने नीति लिइने छ ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियमेप्याथी लगायतको उपचार पद्धतिलाई विकास तथा विस्तार गर्ने नीति लिइने छ । स्वस्थ नागरिकका लागि सरसफाईमा ध्यान दिइने छ ।
- समाजमा रहेका बालबिबाह, छाउपडी, छुई प्रथा, छुवाछुत लगायतका सामाजिक कुरितिहरुको अन्त्य गर्दै महिला र दलित समुदायको लागि सशक्तिकरण र आयआर्जनका विशेष कार्यक्रम सहित महिला तथा दलितमैत्री बजेट ल्याईने छ ।

- अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख, राउटे, पिछडिएका वर्ग समुदाय, बालबालिका जेष्ठ नागरिक अपाङ्गता भएका नागरिकको सामाजिक सुरक्षा, संरक्षण, संवद्र्धन गर्न सामाजिक उत्तरदायी बजेट ल्याउने नीति अङ्गिकार गरिने छ ।
- खेल पूर्वाधार निर्माणमा जोड दिँदै खेलकुदको विकास र खेलाडीको आवश्यकता तथा वृद्धि विकासमा विशेष पहल गरिने छ ।
- राष्ट्रसेवक कर्मचारी तथा विशेषज्ञ डाक्टरहरुलाई कर्णाली प्रदेशमा काम गर्न आकर्षित र उत्प्रेरित गर्न विशेष व्यवस्था गरिने छ ।
- कृषि उपज, जडीबूटी, पेट्रोलियम पदार्थ, खानी, पानी र वनपैदावार लगायतका उद्योगको विकासका लागि उत्पादन, प्रशोधन र बजारिकरणमा प्रोत्साहन गर्ने नीति लिइने छ ।
- नयाँ पर्यटकीय गन्तव्यहरुको अध्ययन, पहिचान तथा प्रबर्द्धन गर्ने र पर्यटन सर्किटहरुको सम्भाव्यता अध्ययन एवम् विकासद्वारा पर्यटकहरु आकर्षित गरी रोजगारीका अवसर बृद्धि गरिने छ ।
- प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र उपयोगको लागि क्रमशः वैज्ञानिक वन व्यवस्थापन गर्दै लगिने छ ।
- जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न विकास निर्माणलाई वातावरण अनुकुलित बनाउने र वातावरणमैत्री विकास नीति लिइने छ ।
- विपद् व्यवस्थापनको लागि पूर्व तयारी, प्रतिकार्य, राहत र पुनर्स्थापनाका लागि संघ र स्थानीय तहसँग समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिने र यस्तो कार्यमा आम नागरिकलाई राहत तथा उद्धारमा सहभागी हुन उत्प्रेरित गराउनुका साथै आवश्यक प्रशिक्षण र सामग्री उपलब्ध गराइने छ ।
- शान्ति, सुव्यवस्था र सुशासनका लागि प्रदेश निजामति सेवा, प्रदेश प्रहरी लगायतका कानुनी र संरचनात्मक व्यवस्था मिलाइनेछ ।
- अनुगमन, मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रणालीलाई प्रभावकारी बनाइने छ ।
- प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा आवश्यक कानूनको निर्माण गरिने छ ।
- आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि प्रतिव्यक्ति आय वृद्धि गर्न न्यूनतम आयआर्जनका कार्यक्रमहरु विशेष कार्यक्रमहरु लागू गर्ने नीति लिइने छ ।
- कर्णाली उद्यमशिलता युवा कार्यक्रमद्वारा श्रमको सम्मान सहित काम गर्ने उमेरका मानवीय स्रोतलाई सीप विकास तथा ज्यालामा सुधार गरी प्रदेशमै रोजगारीका अवसरहरुको सृजना गरिने छ ।
- राजस्व बृद्धिका लागि सम्भावित नयाँ क्षेत्र पहिचान, करका दायरा विस्तार र करदातामैत्री कर नीति एवम् कानून तर्जुमा गरिने छ ।
- सरकारको प्राथमिकता र प्रणालीमा आबद्धताका आधारमा एकद्वार प्रणालीबाट विकास सहायता परिचालन गरिने छ ।
- सभामुख महोदय, खरिद प्रकृयालाई व्यवस्थित, पारदर्शी र सरलीकृत गर्दै सार्वजनिक सुनुवाई र जनलेखा परिक्षणका माध्यमबाट सार्वजनिक खर्च व्यवस्थापनमा आर्थिक अनुशासन र वित्तीय सुशासन प्रबद्धन गरिने छ ।
- राम्रो काम गर्नेलाई पुरस्कार र गलत काम गर्नेलाई कारबाही गर्ने पद्दतिको विकास गरिने छ ।
- स्थानीय तहमा अनुदान हस्तान्तरण गर्दा विकासको अवस्था, मानव विकास सूचकाङ्क र लागत सहभागितालाई आधारको रुपमा लिइने छ ।
- विकासको दृष्टिले पछि परेका वर्ग, क्षेत्र र समुदायमा बजेट विनियोजनमा उच्च प्राथमिकता दिई प्रदेशको सोच र योजनालाई कार्यान्वयमा ल्याईने छ ।

- प्रदेशभित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम तथा आयोजनामा दोहोरोपना नपर्ने गरी सन्तुलित रुपमा बजेट विनियोजन गरिने छ ।
- स्थानीय तह र जिल्ला समन्वय समितिलाई जनशक्ति र साधनस्रोत सम्पन्न बनाउँदै जिल्ला विकास निर्माणलाई स्थानीय तहसँग साझेदारीमा सञ्चालन हुने योजनालाई प्राथमिकता दिने नीति लिइने छ ।
- अधिकार प्राप्तिका विभिन्न आन्दोलनहरुमा सहिद तथा बेपत्ता परिवार, घाइते, अपाङ्गता भएका नागरिकहरुको व्यवस्थापन र रोजगारीका लागि विशेष कार्यक्रम ल्याइने छ।

सभामुख महोदय अन्तमा,

जनप्रतिनिधिहरुसँगको समन्वय र सहकार्यमा प्रदेशका नीति तथा कार्यक्रमहरु तर्जुमा, बजेट निर्माण, कार्यान्वयन तथा अनुगमन र मुल्याङ्कन गरी विकासमा जनप्रनिधिहरुको भूमिका र स्वामित्व स्थापित गरिने छ । कर्णाली प्रदेशका जनताका प्रतिनिधिहरुको यो सम्मानित थलोमा बसेर प्रदेशको विकास, सम्बृद्धि र कर्णाली बासीको खुसीको लागि कुनै आग्रह विना खुला बहस गरौं । पक्ष प्रतिपक्षको घेराभन्दा माथि उठेर रचनात्मक छलफल गरौं । प्रतिफल निकाल्ने गरी बहस गरौं र साझा निष्कर्षमा पुगौं भन्ने मेरो हार्दिक अनुरोध छ । माननीयज्यूहरुबाट आर्थिक वर्ष २०७६।७७ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु कर प्रस्ताव बाहेक को प्रस्तावमाथि बृहत छलफल गरी दिनु भएका रचनात्मक सुझावहरु र निकट भविष्यमा जारी हुने प्रदेश सरकारको नीति तथा कार्यक्रम आगामी आथिक वर्ष २०७६।७७ को बजेटको निर्माणको सन्दर्भमा मार्गदर्शनको रुपमा रहने व्यहोरा यस गरिमामय सभा समक्ष अनुरोध गर्दछु । प्रदेश बासिको आवश्यकता र साधनको उपलब्धताको आधारमा बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको परिधिभित्र रहि आगामी आर्थिक वर्षको बजेट तयार गरिने कुरामा माननीयज्यूहरुलाई विश्वस्त तुल्याउन चाहान्छु । यो छलफलले बजेटलाई गहकिलो र कर्णालीमैत्री बनाउन सघाउ पुर्याउने विश्वास लिएको छु। सरकार आफ्नो नीति, कार्यक्रम र बजेटमा सबै कर्णाली बासीको अपनत्व र स्वामित्व स्थापित गर्न चाहान्छ । माननीयज्यूहरुले यो सम्मानित सदनमा बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुबारे व्यापक र घनीभूत छलफल गर्नु हुने नै छ । यहाँहरुले दिएका महत्त्वपूर्ण सुझावहरुलाई सम्मान गर्दै आगामी आर्थिक वर्षको बजेटमा सम्बोधन गरिने विश्वास दिलाउन चाहान्छु । विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा आफ्नो अमुल्य राय सुझाव प्रदान गरी सहयोग गर्ने प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । धन्यवाद ।

माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुमाथि छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७६का सिद्धान्त र प्राथमिकता सभा समक्ष छलफल गरियोस भनी आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले पेश गर्नुभएको प्रस्ताव माथि छलफलका लागि यही २०७६ जेठ १४ र १५ गतेको दिन निर्धारण गरेको छु । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुले उक्त दिनको बैठक बस्ने समय अगावै आफ्नो नाम सचिवालयमा टिपाउनु होला ।

माननीय सदस्यज्यूहरु, अब यो बैठक २०७६ साल जेठ १४ गते मंगलबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-३

## (२०७६ साल जेठ १४ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको तेस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष छलफलका लागि प्रस्ताव गर्नुभएको विनियोजन विधेयक, २०७६का सिद्धान्त र प्राथमिकतामा समावेश भएका विषयहरूमा केन्द्रित रही आफ्नो धारणा राख्नको लागि क्रमशः समय दिन्छु।

सर्वप्रथम, माननीय श्री दिनबन्धु श्रेष्ठ, समय : ७ मिनेट

यसपछि माननीय श्री चन्द्रबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री दिनबन्धु श्रेष्ठ :** माननीय सभामुख महोदय, माननीय मन्त्री प्रकाश ज्वालाज्यूबाट प्रदेश सभामा प्रस्तुत भएको कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७६का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुका विषयमा हामी छलफल शुरु गर्दै छौं । यो हेर्दा सरसर्ती सबै कुरा यसमा समेटिएको छ, आवश्यक पनि छ । तर, हामी यो कति वर्षको लागि हो हामी कहिलेसम्म हामी यसलाई सम्पन्न गर्न सक्छौं, मलाई लाग्दछ एक वर्ष दुई वर्ष चार वर्ष हाम्रो कार्यकालसम्म हामीले कति कुराहरु गर्न सक्छौं र कर्णाली बासी कर्णाली जनताले चाहेका विकास निर्माण को अनुभूति के दिन सक्छौं भनेर त्यसमा केन्द्रित हुन जरुरी जस्तो लाग्छ । आफैमा यो राम्रो पनि छ र यथार्थ कुराहरु पनि छन् तर कति सम्भव छ छैन यसलाई समीक्षा गर्नुपर्ने हुन्छ । यहीसँग जोडिएको कुरा म अलिकती भन्न चाहान्छु माननीय सभामुख महोदय, सुशासन र शान्तिसँग पनि यो जोडिएको छ शान्ति प्रकृयासँग पनि । हिजो भर्खरै विप्लव समूहले १३ गते बन्द गरेकोमा हामीले सुन्यौ काठमान्डौमा ठूलो ठूलो घटनाहरु, विष्फोटन भयो । ५ जनाले ज्यान गुमाए, धेरै घाइते भए र देशै भरि त्यसले एउटा आतकं सिर्जना गर्यो जसले पनि ज्यान गुमाएको भए पनि ती नेपाली जनताको छोराहरु हुन । त, हामीलाई लाग्दछ, देशमा विकास निर्माणका कुराहरु सम्वृद्धिका कुराहरु शान्ति प्रकृयासँग जोडिएको छ, यदि शान्ति प्रकृयासँग हामीले त्यता ध्यान पुर्याएनौ भने सुशासनतिर ध्यान पुर्याएनौ भने हामी त्यो ठाउँमा पुग्न गाह्रो हुन्छ । त्यसैले यसमा गम्भीर हुन जरुरी छ । बन्दकै सिलसिलामा कर्णाली प्रदेशमा पनि हामीले हेर्यौ यहाँपनि भेरीगंगा नगरपालिकामा बसमा आगजनि भयो र यो तपाईको दहिखोला नजिक एउटा मोटरसाईकल जलाइयो र सुरक्षा निकायलाई पनि त्या आक्रमण गर्ने तयारी भयो र आक्रमणबाट बचेर उहाँहरु फर्किनुभयो, म यहाँनिर के जोड्न चाहान्छु भने यो विप्लव समूहको बन्द होस या यिनका जतिपनि हिंसात्मक कार्यक्रमले कर्णाली प्रदेश बढी प्रभावित छ । त्यसैले संघीय सरकारले बार्ता गरेर बार्ताबाट यसको दिगो समाधान गर्नु पर्छ तनि तर कर्णाली प्रदेशका मुख्यमन्त्री र मन्त्रीज्यू लगायतले पनि यसमा पहल गर्न जरुरी छ । किनभने विकास निर्माणसँग यो जोडिएको छ, हामीले यहाँ हेर्यौं, मुख्यमन्त्रीज्यू र मन्त्रीज्यू लगायत पनि सुरक्षाको ठूलो घेरामा यहाँभित्र आउनुभो प्रदेश सभामा र कति माननीय संसदहरु पनि मोटरसाईकलमा हिड्न र पैदल हिड्न दायाँबाँया हेरेर हिंड्ने परिस्थिति छ, त्यसले गर्दा शान्ति सुरक्षाको अनुभूति दिने किसिमको हामीले यहाँ भेटेनौ । यहाँ यो विकास निर्माण, समृद्धि र विकास भन्छौं हामी कर्णाली प्रदेशको । तर यसमा जोड दिन जरुरी छ र मुख्यमन्त्रीले विशेषगरेर संघीय प्रधानमन्त्रीज्यूसँग बार्ताको माध्यमबाट नै समाधान गर्नुपर्छ भनेर अगाडि

लाग्न म जरुरी ठान्दछु । यसलाई यदि हेलचक्रयाई गर्यो भने यसले भोलि एउटा आक्रान्त रुप लिन सक्छ, अब यो जहाँसम्म आजको यो हाम्रो छलफल छ, प्राथमिकता र प्रमुख नीतिहरु, सिद्धान्त र उद्देश्यहरु मैले अघि भने कर्णाली प्रदेश योजना आयोगले पनि सबै जिल्लाहरुमा यो छलफल व्यापक गरेको त हामीले थाहा पायौं तर हामी त्यै जिल्लाका संसदहरु हौं आफ्नो क्षेत्रमा हामीले यो जानकारी पाउन सकेनौ तर एउटै के हो भने हामीले जति छलफल गरेपनि, जति निचोड निकाले पनि जति राम्रा आकर्षण हामीले यो उसमा चाहिँ मन्त्रालयबाट पेश भएपनि तर कार्यान्वयन पक्ष हामी कति गर्न सक्छौं ? हामीले विगतमा पनि पेश गयौं आर्थिक वर्ष ०७५/०७६ मा पनि हामीले छलफल गयौं, तर कार्यान्वयन कति भयो, कहाँ चुक्यौं यसको लागि एकपटक मन्त्री सरकारहरु पनि गम्भीर भएर समीक्षा गर्न जरुरी छ । खाली राम्रा नीति र कार्यक्रम मात्र भएर पुग्दैन, हामीले कहाँ-कहाँ कार्यक्रममा ढिलासुस्ती भयो, आज विकास निर्माणका कुराहरुमा व्यापक छलफल धेरै गयौं, हामीले तपाँइका नीति तथा कार्यक्रममा धेरै छलफल गयौं, बजेटमा छलफल गयौं, विकासका विषयमा छलफल गयौं तर आज आउँदा हामी कहाँ पुगेका छौं, हाम्रो स्थान कहाँ छ, यसलाई गम्भीरतापूर्वक लागौं भन्ने मलाई लाग्दछ । जहाँसम्म लाग्छ, मलाई आर्थिक र सामाजिक परिवर्तन विना समृद्धि र विकासको कल्पना पनि गर्न सकिन्न ।

यसमा सरकारको सोच के छ, पहिले त हामी यसमा अलि गम्भीर भएर लाग्न जरुरी छ, जस्तै हामी बजेट त विनियोजन गयौं विगतमा, धेरै छलफल गयौं र हामीलाई लाग्दछ यो बजेट मन्त्रीमुखी भयो कि जनतामुखी भयो कर्णाली जनतामुखी भयो, यसको पनि समीक्षा गर्न जरुरी छ । अहिलेको यो बजेट र नीति तथा कार्यक्रममा गम्भीर भएर हामी सबैले छलफल गर्न जरुरी जस्तो मलाई लाग्दछ, विगतका पाठहरुबाट हामीलाई धेरै ज्ञानहरु भएको छ, त्यले गर्दा बजेट विनियोजन गर्दा मलाई लाग्दछ हामीले बेला-बेलामा भन्दै आएको तर कार्यान्वयन पक्ष त्यो हुँदैन, वितरणमुखी बजेट बन्द गर्नु पर्छ र उत्पादन मुखी बजेट हामीले ल्याउनुपर्छ भन्ने हो ताकि तेल्ले एक त हामी आर्थिकमा र विकास निर्माणमा, भौतिक पूर्वाधारमा हाम्रो कर्णाली प्रदेश पछि छौं भन्छौं तर हामी वितरणमुखी बजेटतिर केन्द्रित छौं, बोल्दा त्यो होइन उत्पादनमुखी बजेट ल्याउँछौं भन्छौं तर हाम्रा काम र कर्तव्यहरु हामीले गरेका कार्यशैलीहरु वितरणमुखी बजेटमा केन्द्रित छौं, त्यसले सधैं हामीलाई परनिर्भर गराउँदछ, आत्मनिर्भर बनाउँदैन, यसमा ध्यान दिन जरुरी छर बजेटमा जनताको चाहाना के हो ? त्यसलाई पनि हामीले बुझ्नुपर्छ र कर्णाली प्रदेशको जनताको चाहाना र आवश्यक के हो यसलाई पहिचान गरौं पहिला विकास निर्माणको धेरै आवश्यकता हामीहरुलाई । सबै एकैचोटी हुन सक्दैन तर पहिचान गरेर यो वर्षमा हामी के-के गर्न सक्छौं गरौं र त्यसको कर्णाली प्रदेश भित्र भएको साधन स्रोतको परिचालन गरेर हामी कम जति सक्दो बढी त्यहाँका कर्णाली प्रदेशका जनतालाई अनुभूति हुने किसिमको एउटा विकास निर्माणको खाका ल्याएर हामी अगाडि बढ्नु पर्छ जस्तो लाग्दछ, बजेट योजनालाई प्राथमिकता बिना पहुँच र शक्तिको आधारमा यदि दियौं भने त्यो पारदर्शी पनि हुन्न र काम प्रभावकारी पनि हुन्न हामीले हेरेका छौं त्योबाट सरकार मुक्त हुन पर्छ र पहुँच र शक्तिको आधारमा बजेट व्यक्तिमुखि भयो भने यसले हामीलाई कहाँ पुर्याउने हो भन्ने सकिदैन, प्रतिफल आउने गरेर, जनताले अनुभूति गर्ने गरेर बजेट विनियोजन गरौं विकास निर्माणलाई प्राथमिकता दिनुपर्दछ र पूरा देशको भूगोल, कर्णाली, हाम्रो साविकको कर्णाली प्रदेशको १५ प्रतिशत तर अब हामीले बजेट विनियोजन गर्दा बस्ती छरिएको छ, विकास निर्माणमा त्यसै पनि हामीलाई गाह्रो छ, तर हामी जनसंख्याको आधारमा केन्द्रित हुनु हुँदैन । भूगोलको आधारमा पनि हामीले बजेट विनियोनज गर्न जरुरी छ । त्यसैले गर्दा अलिकति समानुपातिक र समाभेशी हुन्छ जस्तो मलाई लाग्दछ, भूगोललाई पनि ध्यान दिनु पर्छ । सभामुखज्यू टाईम पुगेजस्तो छ मैले सकिहाले, कर्णाली प्रदेशको समृद्धि र विकास सुखि जनताको लागि कर्णाली प्रदेशलाई नै पर्यटकीय हबमा हामीले विकास गर्नू पर्छ जस्तो मलाई लाग्दछ, जस्तै दिगो विकासको

लागि सडक उर्जा उत्पादन र विद्युत वितरण नै हो, यसमा सरकार गम्भीर हुन पर्यो, खाली लेखेर र कार्यक्रममा ल्याएर मात्र हुँदैन । पूर्वाधार विकासलाई हामी त्यसमै केन्द्रित हुनुपर्छ । सडक संजाल नै हो । विकास निर्माणको मेरुदण्ड नै यही हो जस्तै यदि विकास सडक पुग्यो भने हामी कृषि, जडीबूटी, जलस्रोत, फलफुल र पर्यटन र सिंचाईमा हामी अहिले हामीले गर्ने नै यही हो । हाम्रो आवश्यकता नै यही हो ।

हामीसँग भएको स्रोत साधन परिचालन गरेर नै कर्णाली प्रदेशका जनतालाई अनुभूति हुने किसिमको विकास निर्माणहरु अगाडि पछाडि ल्याउन सक्छौं भन्ने नै हो जस्तो उद्योगधन्दा को लागि बाह्य वा आन्तरिक उद्योग उद्योगिहरुलाई आकर्षण गर्ने एउटा सरकारले नीति ल्याउन पर्यो । यहाँ लगानी गरौं । त्यसले गर्दा रोजगारलाई पनि न्यूनीकरण गर्दछ जस्तो मलाई लाग्दछ, जस्तै शिक्षा र स्वास्थ्य । गुणस्तरिय शिक्षा स्वास्थ्य हुन पर्यो । त्यसमा आम सर्वसाधारणको पहुँच हुनपर्यो र तपाँई शिक्षामा पनि हामीले परिवर्तन गरेर तपाँई को एउटा के भने प्राविधिक शिक्षातिर हामी जानुपर्दछ ताकि तेल्ले गर्दा हामी जनशक्ति यही नै हामीले उत्पादन गर्न सक्दछौ भन्ने, समय पनि सकिन लायो म यति कुरा धेरै लामा कुरा राख्दैन अन्त्यमा म के भन्न चाहान्छु भने अबको नीति तथा कार्यक्रममा बजेटमा हामी जति गर्न सक्छौं त्यसलाई नै हामी केन्द्रित गरेर आउ । खाली ठूलो र एउटा भावनामा बगेर झुठा आश्वासन दिएर हामले काम गर्ने पाँच प्रतिशत गर्न सक्दैनौ हामी एकै चोटी सयमा पुग्छौं भनेर त्यतातिर जाँदा हामीले सोचेका कुनै पनि काममा हामी अगाडि बढ्न सक्दैनौ भन्दै यो नीति तथा कार्यक्रममा विगतका पाठ सिकेर सरकार गम्भीर भएर जनभावना अनुसार कर्णाली प्रदेश जनताका जनभावना अनुसार उनीहरुलाई अनुभूति हुने किसिमको बजेट विनीयोजन हुनेछ भन्ने विश्वास राख्दै विदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री चन्द्रबहादुर शाही, समय : ७ मिनेट

यसपछि माननीय श्री बदमी क्वारी बोहोरा तयार रहनु होला ।

**माननीय श्री चन्द्रबहादुर शाही :** सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाज्यूले सम्मानित सदनमा कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७६का सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीति छलफलका लागि टेबुल गरिएको छ र त्यो छलफलमा हामीहरु जुटेका छौं । म यो विधेयकलाई आत्मसाथ समर्थन गर्न चाहान्छु । सभामुख महोदय, हाम्रो गाउँघरको एउटा चलन छ, घरको बुहारी डेलीभरि भईन भने ससुरा बाजे पुरोहितकहाँ हेराउन जान्छन् मेरो बुहारी डेलिभरी छन्, त्यो के जन्मिने हो कस्तो हुने हो भनेर हेराउन जान्छन् अनि पुरोहितले त्यो ससुरा बालाई तपाँईको नाति जन्मिनेछ, त्यो नाती धनपति हुनेछ, त्यो नाती राजग्रह भएको हुनेछ अनि ससुरा बा घर फर्केर आईसकेपछि त्यो घर हर्षले त्यो घर खुशीले अगाडि बढिरहेको हुन्छ, त्यसैले जुन यो विधेयक छ, यो विधेयक यस मानेमा मैले आत्मासाथ सर्मथन गरेको छु । कि यो विधेयकभित्र हरेक वर्ग, क्षेत्र, लिङ्ग, भाषा र सीमान्तीकृत समुदायलाई सामाजिक न्यायको पहुँच उपलब्ध गराउने छ, गरिबी, बेरोजगारी, भोकमरी, अशिक्षा, असमानता अन्त्य गरी समृद्ध कर्णाली सुखारी कर्णाली बासीको नारा अबलम्बन गरेको छ। संघ, प्रदेश र स्थानीय तहबीच असहमति, सहकारी, समन्व्यको कुरालाई मेल गराएर यो मुलुकलाई अगाडि हाक्ने एउटा नीति लगेको छ । सबै खाले साधनस्रोत पहिचान गरी प्रदेश विकासको लक्ष्य हासिल गर्ने नीति लगेको छ, वर्तमान विकासको कमजोर पक्षलाई पत्ता लगाई तिब्र आर्थिक बृद्धि गर्ने जुन नीति यसले अबलम्वन गरेको छ, अहिले भईरहेका टुक्रे योजनाको अन्त्य गरी ठूला योजनालाई प्राथमिकतामा राखेर अगाडि बढ्ने जुन नीति लगेको छ, मितव्ययिताले गर्छौं । भनेको छ, शान्ति सुरक्षाको ग्यारेन्टि गरेको छ, भ्रष्टाचारको अन्त्य गर्छौं भनेको छ, खानेपानीदेखि लिएर अपाङ्ग, शहिद परिवार लगायत अरुलाई रोजगारीको ग्यारेन्टि गर्छौं भनेकोले यो

विधेयक कर्णाली बासीको निम्ति र समसामयिक अवस्थालाई हेर्दा अत्यन्तै सुन्दर र सफल छ, सभामुख महोदय यति हुदाँहुँदै पनि मैले केही छुटेको महसुस, केही राख्नुपर्ने महसुस मैले गरेको छु, ०७५।०७६ को प्राथमिकतामा परेको डिजिटल सहर डिजिटल स्कुल खोलिएको छैन कर्णाली पूर्व कर्णाली पूर्व कर्णाली आज हरेक हिसाबले पछाडि परेको छ, त्यहाँको त्यो अवस्था अहिले पनि हेर्दाखेरी दर्दनाक अवस्थामा पूर्वकर्णाली उभिएको छ, तर पूर्वकर्णालीलाई पनि सोलोडोलोमा हालेर प्राथमिकतामा राख्दा कर्णाली पूर्वकर्णालीका जनता अलि अलि चित्त दुखाउछन कि भन्ने कुरो रहेको छ । अपाङ्गको अरु कुरा त आयो तर आज सम्मानित सदनमा अपाङ्ग साथीहरु बोकेर ल्याउनु पर्ने अवस्था छ, सुर्खेतका सडकहरुमा हिँड्दाखेरि पनि बोकेर हिँड्नुपर्ने अवस्था छ, त्यसो भएकाले अपाङ्गमैत्री सडकको लागि यो प्राथमिकतामा देखिएको छैन अनि सुर्खेत हाम्रो प्रदेशको मुटु राजधानी आज सबै मन्त्रीहरु सबै माननीयहरु पानी नपाएर छट्पटिएका छौं बत्ती नभएर सबै अफिसका कामहरु ठप्प छन् । सिङ्गो सुर्खेत उपत्यका छट्पटिरहेको अवस्था छ । कमसेकम यो सधैंभरी सुर्खेतबासी सुर्खेत उपत्यकाको यो पिडालाई अन्त गर्ने एउटा प्रतिबद्धता आएनकि भन्ने मेरो भनाई रहेको छ । अर्को बजेट आउँदाखेरी बजार भाउले नेटो काटेको छ, माफियाहरुले बजार भाउलाई आफ्नो कब्जामा लिएका छन् मुल्यबृद्धिमा काँही केही कुरा उल्लेख गरिएको छैन यही अपुग कुरा थप गर्नु पर्छ भन्दै मेरो भनाई यही अन्त गर्दछु हवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री बदमी क्वारी बोहोरा, समय : ७ मिनेट

यसपछि माननीय श्री देवी ओली तयार रहनुहोला ।

**माननीय श्री बदमी क्वारी बोहोरा :** सभामुख महोदय, माननीय मन्त्री प्रकाश ज्वालाज्यूले प्रदेश सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७६का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुमा छलफल भइरहेको छ, आज यो कर्णाली प्रदेश सरकारले जुन यो विनियोजित विनियोजन विधेयक ल्याउनु भएको छ, मन्त्रीज्यू लगायत कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिदै यहाँ बजेट आउनुभन्दा पहिला विधेयक आएको छ, यो आउनै पर्ने कुरा हो, समय अगाडि पछाडि भएपनि यो जुन छलफलको लागि मन्त्रीज्यूले प्रदेश सरकारले यो विधेयक सदनमा पेश गरेको छ । यसमा विभिन्न किसिमका जनताका सरोकारवाला विषयहरु समेटिएको छ, आज प्रदेश सरकारले जनताका आवश्यकताहरु जुन स्थानीय तहबाट प्रदेश सरकार आफैले जुन आवश्यकताका कामहरु अगाडि सारेको छ, यसमा धन्यवाद दिन चाहान्छु, अझैपनि आउने बजेट आउने योजनाहरु भूगोल, भूगोलको अवस्था हेरेर बजेट सम्पूर्ण दशै जिल्लाको एकै तरिकाले बजेट ल्याउनु पर्ने नीति र कार्यक्रममा बजेट ल्याउनु पर्ने भएतापनि विकासका कुराहरुमा केही जिल्लाहरुमा पुस, मङ्सिर, कार्तिक देखि नै हिंउ पर्ने र फागुनमा हिंउ सिद्धिने र बर्खाको झरी असारबाट सुरु हुने र विकास नहुने कुरामा प्रदेश सरकारले ध्यान दियोस भन्ने क सल्लाह दिन सुझाव दिन म सभामुखज्यूमार्फत् म सल्लाह दिन चाहान्छु र अर्को कुरा सम्पूर्ण यो अध्ययन गर्दाखेरी संबैधानिक व्यवस्था अनुसार यो नागरिकका मौलिक हक अधिकारको पूर्ण प्रत्याभुति हुन गरोउने गरी जुन यहाँ प्रस्तुत भएको छ । विधेयकमा सरकारको उद्देश्य, सिद्धान्त, प्रमुख नीति ठीक छ तर कार्यान्वयन गर्ने पक्ष अलिकति फितलो भयो । यसमा चाहिं मेरो मनमा लागेको कुरा भन्न चाहान्छु, आज सेकेण्ड पर्सन मान्छेले बजार पाउने गरी सरकार गएको छ, यसलाई अलिकति ध्यान दिनुपर्छ भन्ने मेरो मनमा लागेको छ । हामी त्यहिँ छौं, त्यही घरभित्र छौं सबैजना त्यही सेवा सुविधा उपभोग गरिराखेका छौं, त्यही सरकारको रकमभित्र सबैजना सेवा सुविधा उपभोग गरिराखेका छौं र त्यही घरभित्र बसेर त्यही हरेक कुराको भाग गुणना गर्ने अवसर सेकेण्ड पर्सनलाई दिएको छ । सरकारले यसमा अलिकति ध्यान दियोस् भन्न चाहान्छु । आज जनताका आवश्यकता जनताका समस्या यदि सरकारले सल्भ नगरेको भए अहिले गाउँमा किन सडक

पुगेको छ, किन स्वाथ्य सेवामा सुधार भएको छ, मान्छेले समयमा औषधी पाएका छन्, डेलिभरी महिलाले समयमा उद्धार हुने अवसर पाएको छन् यो पनि त विकास हो, विकास भनेको कुनै जादु होईन छप्पर फारके गरेर आउने । कुरा होइन विकास भइराखेको छ, हामीले पनि देखिराखेका छौं । तर सरकारको कार्यान्वयन गर्ने पक्ष अलिकति फितलो भएको हुँदा सेकेण्ड पर्सन मान्छेहरुले बजार पाएका छन्, यसमा ध्यान जाओस् र अस्ति भर्खर मात्र यो अपाङ्गता केन्द्रले केन्द्र एउटा प्रतिष्ठानले डोल्पामा कार्यक्रम गरेको थियो, जुन हामी अपाङ्ग हुनाको कारण जुन मान्छेले खुट्टा हात गुमाउनको कारण असुरक्षित सवारी साधनको बाटोघाटोको कारणले गर्दा खेरी र मनपरी सवारी साधन चलाउनाको कारणले आज हामी अपाङ्गता भयौं भनेर त्यहाँ हाम्रो डोल्पाको त्रिपूरासुन्दरी नगरपालिकामा एउटा राष्ट्रिय अपाङ्गता केन्द्रको एउटा प्रतिष्ठानले कार्यक्रम गरेको थियो । आज यहाँ अपाङ्गता भएको भाईहरु टन्नै आउनुभएको छ, प्रदेश सरकार, स्थानीय सरकार हामी सबैले बोल्दा मैले बोल्दा स्थानीय सरकारलाई पनि सुझाव हुने गरी सल्लाह हुने गरेर डोल्पामा पनि विभिन्न सहरहरुमा अहिले यो प्रहरी ट्राफिक पुलिस राख्ने व्यवस्था गरिएको छ जुन कार्तिक १९ गते डोल्पाको २०७५ सालमा कार्तिक १९ गते जुन दुर्घटना भयो त्यसमा १२।१३ जना मर्नु भयो हाम्रो डोल्पाको मृत्यु भयो दुर्घटनामा सजिलो ठाउँमा त्यसैलाई सपोर्ट हुने गरी जुन राष्ट्रिय अपाङ्गता भएका साथीहरु यो केन्द्रीय प्रतिष्ठानले कार्यक्रम गरेको थियो, भर्खरै त्यसमा उहाँहरुले बोल्नुभएको थियो २/३ वटा शब्द सपाङ्ग भएका मान्छेहरुको पनि दिमाग अपाङ्ग छ, त्यसैले हाम्रो दिमागलाई अपाङ्ग हुनु कुनै दोष होइन, कुनै पाप होइन, बाध्यता हो, खुट्टा गुमाउनु, हात गुमाउनु बाध्यता हो, कुनै रहर होइन तर अपाङ्ग भएको मान्छेलाई व्यवसायिक हिसाबले कृषि, पर्यटन क्षेत्रमा, कृषि क्षेत्रमा, सम्पूर्ण क्षेत्रमा अपाङ्गता भएका साथीहरुलाई र विभिन्न वर्गका साथीहरुलाई एउटा व्यावसायिकमूलक सीप र व्यावसायिकमूलक सीप सिर्जना स्थापना गर्नु हुन अनुरोध गर्दै म मेरो भनाइ यही राख्छु, धन्यवाद, नमस्कार ।

**माननीय सभामुख :** माननीय श्री देवी ओली, समय : ७ मिनेट, यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनुहोला ।

**माननीय श्री देवी ओली :** सभामुख महोदय, आर्थिक वर्ष ०७६/०७७ मा आधारित रहेर कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७६ प्रस्तुत गर्नुभएको छ, त्यसको छलफलमा हामी भाग लिइरहेका छौं । सर्वप्रथम मन्त्रीज्यूलाई धन्यवाद दिँदै आएका सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरुमा समर्थन गर्दै आफूलाई लागेका केही धारणाहरु यहाँ प्रस्तुत गर्न चाहन्छु । सभामुख महोदय, आज संघीयताको अभ्यास गर्ने अत्यन्तै नयाँ थलोमा हामी छौं । अत्यन्तै गम्भीरतापूर्वक कुराहरु आएका छन् । ती कुराहरु आउँदा-आउँदै पनि केही कुराहरु छुटेको महसुस मैले गरेको छु। संघीयताको अभ्यास इतिहासलाई हेर्दा अरु मुलुकहरुले धेरै बसन्त पार गरिसकेको इतिहास हामी पाउँछौं । शिक्षा विकासको कुरा गर्दा विकसित राष्ट्रहरुले झण्डै १००० वर्षको खुट्किला पार गरिसकेको अवस्थामा हाम्रो इतिहास हेर्दा १०० वर्ष करिब-करिब हामीले पार गरिरहेको अवस्था स्थितिमा अझै कर्णाली प्रदेशमा सबै सूचकहरु कमजोर अवस्थामा रहेको यो स्थितिमा हामीले जुन बजेटका प्राथमिकता, उद्देश्य, नीतिहरुको विषयमा यहाँ छलफल गरिरहदाँखेरि सर्वप्रथम हामीसँग रहेको बहुआयामिक गरिबीको रेखामुनि रहेको ५१ प्रतिशत जनसंख्या जो छ । त्यसलाई हामीले केन्द्रमा राखेर बजेटको विनियोजन गरिनुपर्दछ भन्ने लाग्दछ । कता-कता अलिकति हामी यो संघीयताको अभ्यासमा जाँदाखेरी हामीसँग रहेको हिजोको केन्द्रिकरण, केन्द्रिकृत राज्य व्यवस्थाका अलिकति छापहरु त्यस्ता संस्कारहरु हामीसँग छन्। कि जस्तो मैले महसुस गरेको छु किनभने आज वर्तमान अवस्थामा चलिरहेको जो ०७५/०७६ को बजेटको कार्यान्वयनको सिलसिलालाई पनि हामीले अध्ययन गर्दाखेरि हामी प्रदेश सरकार

आफ्नो संरचना र आफ्नो काम गर्ने सिद्धान्तमा पहिलो प्राथमिकता हुनुपर्दछ भन्ने चाहान्छु म । आज प्रदेश लोकसेवा आयोग गठन गर्न पनि यति कानून बनिरहेको अवस्थामा सरकारले हाम्रो मातहतमा अरु कुनै सरकार अथवा अरु कुनै निकाय छ भनेर सोच्नु नै हामी अलिकति सोच आफूले लिएको उद्देश्यमा पुग्न नसक्नु हुन्छ कि भन्ने कुरा मैले सुझाव दिन चाहान्छु । किनभने हाम्रा संरचनाहरु, हाम्रो सबै कुराहरु चुस्तदुरुस्त भएपछि मात्र हामीले लिएको उद्देश्य प्राप्त गर्न सक्छौं । र यो सिद्धान्तको ११ नम्बरमा उल्लेख भएको छ, जो साना र टुक्रे योजनाहरु बजेट छर्ने भन्ने जो शब्द छ, त्यो शब्द अलिकति मिठास भएनकि भन्ने मेरो सुझाव छ, त्यसमा टुक्रे योजनाहरुको कुरा गर्दाखेरी आज प्रदेश राजधानीको सबै कुराको एउटा भौतिक पूर्वाधारदेखि सबै कुराको व्यवस्थापन गर्नुपर्ने कुरा छ, मैले उदाहरणको निम्ति भने प्रदेश सभाबाट मन्त्रालय जाने बाटोको हालत यो छ, यो बाटोलाई त सरकारले बनाउनुपर्ने होला, त्यसकारण यसलाई टुक्रे भन्ने कि अर्को प्रदेशसँग जोड्ने भन्ने त्यसकारणले गर्दाखेरी यी साना पनि जनताका अति आवश्यकता भएका कुराहरु हुन सक्छन् । त्यसकारण यो सिद्धान्तलाई, यो उद्देश्यलाई अलिकति परिमार्जन गरेर त्यस्ता समस्याहरुमा सम्बोधन गर्ने खालको नीति राख्नुपर्छ, उद्देश्य राख्नुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहान्छु र जस्तो पूर्वाधारदेखि भौतिक पूर्वाधारदेखि लिएर हरेक कार्यक्रमहरु आज यो प्रदेशमा रहेका यहाँ ५०० जना भनेर हामीलाई एउटा चिरकटो दिनुभाछ । विशेष क्षमता राख्ने साथीहरुले सबै कार्यक्रमहरु अपाङ्गमैत्री हुनपर्छ कि उहाँहरुलाई यो कुराको हामीलाई बोल्दिनको निम्ति अथवा सरकारको ध्यानाकर्षण गर्नको निम्ति उहाँहरुले जसरी यो सदनमा बढीभन्दा बढी आईराख्नपर्ने अवस्था स्थितिको सिर्जना नहोस् भन्नको निम्ति यो सिद्धान्त नै व्यवहारसँग मेल खानेगरी उहाँहरुको हरेक क्रियाकलापमा विशेष क्षमता राख्ने संख्यालाई पनि हामीले मध्यनजर गरेर कार्यक्रमहरु बजेटको विनियोजन हुनुपर्छ भन्ने कुरा राख्न चाहान्छु । त्यसैगरी अब सिद्धान्त अत्यन्तै राम्रा छन्, अब यसको चुनौती काँ छ भने व्यवहारसँग मेल खानुपर्छ, जसरी हामीले सिद्धान्त र प्राथमिकता, नीति, उद्देश्यहरु निर्धारण गरेका छौं, धेरैभन्दा पनि त्यो हामीले अलिकति संख्यामा थोरै गरौं र त्यसलाई व्यवहारसँग मेल खाने गरेर यलाई निर्धारण गरौं भन्ने कुरा राख्न चाहान्छु र अर्को कुरा अन्त्यमा यो सरकारको नीति तथा कार्यक्रम आएपछि बजेटका सिद्धान्त, प्राथमिकता आईदिएको भए हामीले त्यहाँ अलिकति यसको तालमेल मिल्यो कि मिलेन भनेर हेर्न सजिलो हुन्थ्यो भन्ने कुरा पनि मलाई लागेको छ, व्यक्तिगत रुपमा । हुन त अलिकति अब नीति कार्यक्रमहरु पुरानै पनि लिनुपर्ने होला, तर यो पहिला सरकारको नीति, कार्यक्रम आईदिएको भएपछि हामीलाई अलिकति सुझाव, नीतिसँग तालमेल मिलाउनको निम्ति सजिलो हुन्थ्यो भन्ने कुरा मलाई लागेको छ, यति कुरा राख्दै मैले आफ्नो भनाइ अन्त्य गरे धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री धर्मराज रेग्मी, यसपछि माननीय श्री राजु नेपाली तयार रहनुहोला ।
समय : ७ मिनेट

**माननीय श्री धर्मराज रेग्मी :** सभामुख महोदय, कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७६ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुमाथि बोल्न उभिरहेको छु र यो अवसरका लागि म माननीय सभामुखप्रति हार्दिक आभार व्यक्त गर्दछु र सम्मानित सदनमा माननीय अर्थमन्त्रीजीले प्रस्तुत आर्थिक मामिला मन्त्रीज्यूले प्रस्तुत गर्नुभयो, यस अर्थ म उहाँलाई हार्दिक बधाई ज्ञापन गर्न चाहान्छु । सबै बहुत छरितो छ, हामी अघिल्लो वर्ष बजेटमाथि छलफल गर्याथ्यौं । यो वर्ष अब एक वर्ष फेरि आईसकेछ । यसरी बजेटमाथि हामी करिब तीन पटक जस्तो छलफल गरौंला अब हाम्रो कार्यकालमा । करिब हामी तीन पटक चै यस्तो छलफलमा यस्तो डिबेटमा अब तीनटा चै पूर्व बजेटमा छलफल गर्नेछौं । अर्थमन्त्रीजी शौभाग्यशाली हुनुभयो भने तीन पटकै यहाँ उभिनुहोला, मेरो शुभकामना छ, उहाँ चै तीन पटकै फेरि यतै यसरी उभिएर प्रस्तुत गर्नुपर्ला । बजेट त यसमा खाली सैद्धान्तिक पक्षहरु त सैद्धान्तिक पक्षहरु भा हुनाले

दुई/तीनवटा विषयहरुमा मेरो चै ध्यानाकर्षण भाछ । सभामुख महोदय, यो सानो पुस्तिकामा सबै चिजहरु छ, यसमा सबै चिजहरु पर्याप्त छ । यसमा ११ पृष्ठमा यसमा हुनुपर्ने शब्दहरु सबै चै हामी अंग्रेजी साहित्यमा जार्गड अफोर्ड भन्छौं, शब्दको चै त्यो झाल चै पुरै हुन पर्ने पर्याप्त शब्दहरु शब्दकोषका सबै शब्दहरु छन् । अब यसको जरुरी के छ भने हामीले त्यो सुपोमा चामल निफनेजस्तो चै योबाट चामल निकाल्न जरुरी छ र यो संसदमा हुने केही छलफलले अब यसबाट चै चामल निकाल्ने दिशातिर अगाडि जानुपर्ला र यो गर्न सरकारले चै त्यो निफन्ने प्रक्रियामा सहयोग गर्नेछ भन्ने मैले आशा गर्या छु । सभामुख महोदय, यसका उद्देश्यहरु, प्राथमिकताहरु र सिद्धान्तहरुको बारेमा असहमत हुन पर्ने ठाउँ छैन । सभामुख महोदय, मुलुकको हामी सबभन्दा गरिब प्रदेशमा बसेर यो छलफल गर्दैछौं । प्रदेश प्रणाली आफैंमा नयाँ प्रणाली हो । एक वर्ष हाम्रा लागि अनुभवको वर्ष थियो, एक वर्ष हाम्रा लागि सुविधाको वर्ष थियो । सरकारका लागि पनि संसदका लागि पनि किनभने माननीय मुख्यमन्त्रीज्यू पटक-पटक भन्नुहुन्थ्यो एकवर्ष त अध्ययनको वर्ष हो भन्नुहुन्थ्यो, हामीले के-कति अध्ययन गर्यौं आज मुख्यमन्त्रीज्यू त हुनुहुन्न तर अध्ययन गर्ने अरु मन्त्री साथीहरु हुनुहुन्छ । एक वर्ष हामी अध्ययनमा बितायौं, अब हामीलाई यो छुट छैन, यो बजेटपछि यो नीति कार्यक्रमपछि अब ल्याउने बजेटपछि हामीले यो वर्ष पनि अध्ययन गरेको हो भन्ने हामीलाई छुट छैन । सभामुख महोदय, यसका प्राथमिकताहरु हामीले बढी महत्त्वपूर्ण छ, भौतिक पूर्वाधारको कुरा, इन्फ्रास्टक्चर नै छ, त्यसपछि सामाजिक सुरक्षाको विषय जोडतोडले राखुभाछ । शिक्षा, स्वास्थ्य लगायतका विषय, आर्थिक विकासहरु र खासगरी प्राकृतिक स्रोतको चै जंगल, जडीबूटी प्राकृतिक स्रोतहरुको बारेमा चै प्राथमिकता निर्धारण छ, समानुपातिक विकास अघिल्लो वर्षको बजेटमा समावेश नभएका केही विषयहरु छन्, समानुपातिक विकासका नयाँ एजेण्डाहरु यसमा छन्, बजेटलाई चै खासगरी मार्जिनल कम्युनिटीलाई चै समानुपातिक समुदायलाई मैले यो सदनमा पहिले पनि भन्याछु मुलुकमा संघीयता चाहाने थोरै वर्ग, थोरै क्षेत्र, थोरै लिङ्गका मान्छेहरुले संघीयताको बहस गरेका थिए । त्योमध्ये हामी कर्णालीका मान्छेहरुले मुलुकको मेन स्ट्रिमदेखि मूलधारदेखि हामी पछाडि पर्यौं, संघीयता चाहियो भनेर चै हामीले डिबेट गर्यौं किनभने हामी यहाँ चै आएर सुर्खेतमा बजेट बनाउँदैछौं, यो चै हाम्रा लागि संघीयता हुनुपर्छ भन्ने मान्छेहरुका लागि एउटा विशेष वर्ग कर्णाली पनि हो एउटा विशेष क्षेत्र, त्यसो हुदाँखेरि केही समानुपातिक विकासको सिद्धान्त छ, पहिलोपटक उहाँहरुले चै प्रोजेक्ट बैङ्क भन्नुभयो ।

गत वर्ष बनाएका योजनाहरु अहिले मैले के बुझिराखेको छु भने एउटा सांसदको रुपमा आज मैले के बुझिराखेको हुने सायद सरकारले यो महसुस गर्या छ, अघिल्लो वर्षको बजेटमा राखेका योजनाहरु प्रोजेक्ट बैङ्कमा राख्न लायक योजनाहरु पनि छैन, सायद त्यसकारणले अहिले हामी प्रोजेक्ट बैङ्क बनाएर अगाडि बढ्छौं भन्ने भयो अघिल्लो वर्ष हामीले एउटा बजेट पूरा गर्यौं । केही योजनाहरु छन्, हाम्रा कामहरु टुङ्गिएको छैन तर ती योजनाहरु प्रोजेक्टको रुपमा अगाडि बढाइने होइन कि प्रोजेक्ट बैङ्कमा राख्न लायक योजनाहरु पनि छैनन् । प्राथमिकता निर्धारण गरेपछि जनलायक पनि छैनन् । अब हामी फ्रेस स्टार्ट गर्दैछौं । यो एक वर्षको अनुभव पछि हामी फ्रेस स्टार्ट गर्दैछौं जस्तो चै मैले बुझिराखेको छु । युवाहरुमा एउटा बडो उद्यमशीलताको कुरामा चै हामीले कहिलेकाहीं भन्छौं, कर्णालीमा कतिवटा उद्योग छन् भनेर छलफल गर्दा म आफै चै कुनै एउटा उद्योगको नाम लिन सक्दैन, औद्योगिकरणतिर प्रदेशलाई नलिएर हामीले चै उद्योगको कसरी फड्को मार्न सक्छौं औद्योगिक विकासको । त्यसो हो भने हामीले ठूला उद्योगहरु सञ्चालन गर्न हामीलाई ठूलो चुनौती छ, के छ भने हामीलाई चै उद्यमशिलताको लागि खासगरी इन्टरपे्रनरसीप युथ इन्टरप्रेनरसीप युवाहरुमा चै उद्यमशिल बनाउने कार्यक्रमहरु अगाडि बढाउनु पर्यो, कर्णालीमा देखिएको एउटा समस्या के देखेको छु भने ठूलो युवा समूह चै फ्रस्टेड छ, ठूलो युवा समूह चै डिप्रेस्ड छ, हामीले सरकारको रुपमा, सांसदको रुपमा, राजनीतिक पार्टीको कार्यकर्ताको रुपमा हामीले

युवाहरुलाई किन उत्साहि बनाउन सकेको छैनौं, विकास र समृद्धिको लडाईमा युवाहरुलाई किन सामेल गर्न सक्याछैनौं, विश्वविद्यालयहरुलाई यो विषयमा कुनै मतलब छैन, बडो चिन्ताको विषय छ माननीय सभामुख महोदय, विश्वविद्यालयमा पढ्ने विद्यार्थीले बम पड्काउछ तर विश्वविद्यालयले विज्ञप्ती निकालेर चै आत्मग्लानी गर्दैन ।

मैले चै मैले पढाएको विद्यार्थी किन बम समात्छ, मैले पढाएको युनिर्भसिटिको शिक्षामा कहाँनिर कमजोरी भयो, विश्वविद्यालयका भि.सिहरु वक्तव्य निकाल्दैनन, युनिर्भसिटिमा पढ्ने विद्यार्थीले बम बनाउछ, बम बनाउने कारखाना बनाउछ, उ मर्छ तर विश्वविद्यालयहरु शोकमग्न हुँदैनन, यस्तो ठाउँमा युवा डिप्रेस्ड छ, युवा फ्रस्टेड छ, जल्ले चै तपाइँको सरकारहरुको काम छैन भन्छ, यो सरकारहरुको औचित्य छैन भन्छ, स्थानीय सरकारको काम छैन भन्छ, तर युवाहरु यो हुँदा सरकार चै आत्मग्लानी पनि सरकार गर्दैन, संसद आत्मग्लानि पनि गर्दैन, हामीले युवाहरुबाट चै फ्रस्टेसनबाट चै युवाहरुलाई माथि उठाएर विकास र समृद्धिको लडाईमा युवाहरुलाई लगाउछौं भन्ने बारेमा हामी आफै चै हिम्मत गरेनौ भने सभामुख महोदय, मैले चै उद्यमशिलताको विकासको सम्भावना कम देखेको छु, त्यस कारणले युथ इन्टरप्रेनरसीपमा चै खासगरी युवाहरुमा चै सरकारले ग्राण्डको म आफू व्यक्तिगत रुपमा आज एक वर्षपछि उभिएर म अनुदानको कर्णालीका बारेमा अनुदानको म शक्त विरोधि छु सभामुख महोदय, हाम्रो अनुदान दिने मेकानिजम हाम्रा हामीले बनाएका संयन्त्र, हाम्रो स्कुलिङ, हामी जसरी हुर्किएर आएका छौं, हामी तल उपभोक्ता समितिको राजनीतिबाट उठेका अधिकांश कार्यकर्ताहरु छौं, मलाई अहिले के लाग्छ भने ग्राण्डको बारेमा चै सोच्नु पर्छ यसको बारेमा चै रिथिङ्क गर्नु पर्छ, कमिसनसम्बन्धी कर्णाली प्रदेशको एउटा महत्त्वपूर्ण डिबेट चै संसदमा हुन्छ सभामुख महोदय, मैले आज तपाँईहरुमार्फत् के भन्न चाहान्छु भने यो सम्मानित सदनमा भन्दाखेरी कर्णालीमा कमिसनसम्बन्धी छुटै कानून चाहियो सभामुख महोदय, यही अवस्थामा बजेट सञ्चालन गर्ने हो भने अगाडि बढाउने हो भने कमिसनसम्बन्धी एउटा छुटै एक्ट बनाएर, त्यलाई लिगलाइज्ड गरेर, सटेन परसेन्ट प्रोजेक्ट चै काम गर्ने मान्छेहरु प्रोजेक्ट डिल गर्ने मान्छेहरु छ, उनीहरुले काम गर्छ, सरकारलाई सहजीकरण गर्छ र प्रोजेक्टलाई चै छरितो बनाउछ भनेपछि उलाई कमिसन दिने पाँच परसेन्ट कमिसन दिने दुई परसेन्ट दिने, दश परसेन्ट दिने जुन कमिसनबाट उसले ट्याक्स तिरोस सरकारका लागि कमिसन खुलेआम छ सभामुख महोदय, सरकारले चै तपाँईको हामीले चै के गर्न पर्यो भने कमिसनसम्बन्धी छुटै ऐन चाहियो, जल्ले जे रेगुलेट गर्न पर्यो, जस यो यति ठूलो कमिसन र यति ठूलो तस्करीहरुको जालोमा चै तपाँईको हामीले कसरी सम्बृद्धिको सपना देख्न सक्छौं, अब यसमा मलाई चै म आफू व्यक्तिगत रुपमा अब हामीले त्यो छलफल आरम्भ गर्ने बेला भएको छ सायद, त्यसो होइन भनेदेखि सभामुख महोदय कमिसनलाई नियन्त्रण गर्न पर्यो, कि चै कमिसनसम्बन्धी एक्ट ल्याउन पर्यो र लिगलाइज्ड गर्नुपर्यो कि चै कमिसनलाई नियन्त्रण गर्नुपर्यो सभामुख महोदय । त्यो दिशामा चै छलफल आरम्भ गर्न कार्यक्रमहरुको यो । मलाई अर्ग्यानिक प्रदेश घोषणा भएको छ यो धेरै अघिल्लो वर्ष । अर्ग्यानिकसम्बन्धी हामीले सर्टिफिकेसन गर्न सक्दैनौ सभामुख महोदय । यो क्षेत्रको चै मार्सी, हाम्रो ब्राण्ड हो भनेर चै हामी युरोपमा बेच्न सक्दैनौ । तपाँईले चै ब्राण्डिङ्ग गरेर चै काठमान्डौबाट चै तपाँईले युरोप लिन अमेरिका लिन अथवा चै बाहिर लिन सकिदैन किनभने हामीले इन्टरनेसनल सर्टिफिकेसन छैन ।

सभामुख महोदय, हाम्रो क्षेत्रका चै प्रदेश सरकारले यहाँको चै इन्डिनिजीनियस क्रप्स चै खासगरी चै हाम्रो आफ्नो रैथाने उत्पादन बालीहरु जडीबूटीहरु यसमा चै तपाँईको इन्टरनेशनल मान्यता प्राप्त ल्याबहरुबाट चै सर्टिफिकेसन लिन पर्यो । त्यो सर्टिफिकेसन लिनचै प्रदेश सरकारले पहल गर्न पर्यो । पाँच औंलैमा हाम्रो आफ्नो सर्टिफिकेसन भयो भने यसमा चै के-के पाईन्छ यसको क्वालिटी के हो यो अन्तर्राष्ट्रिय बजारमा कसरी जान्छ । मार्सीको हाम्रो आफ्नो सर्टिफिकेसन भयो भने त्यसको ब्राण्डिङ्ग पनि भयो । सभामुख

महोदय, भारतको चै बास्मति अमेरिकनहरुले टेक्सासमा लिएर खेती गरे अनि उनीहरुले टेक्सासमति भनेर चै WTO मा उहि पो भयो वर्ल्ड इन्टरनेसनल प्रोपर्टी अर्गनाइजेशन छ, त्यसमा उनीहरुले दर्ता गरे अमेरिकनहरुको एउटा लामो केस छ बासमतिको । उनीहरुले बासमति चै इन्डियनहरुले लिएर आएछ त्यसकारणले यी केही इन्डिनिजीनियस क्रप्सहरु छ । खासगरी अबको नीति तथा कार्यक्रमहरुमा यल्लाई चै सर्टिफिकेशन गर्ने, यलाई ब्राण्डिङ्ग गर्ने र यलाई इन्टरनेशनल मार्केटमा लिने, यो वातावरणका लागि सरकारले केही कामहरु चै सकारात्मकरुपमा अगाडि बढाओस्, हामी केबल सैद्धान्तिक प्रश्नमा मात्र उभिएकोले सभामुख महोदय, म यो समयको समेत ख्याल गर्दै र सरकारको यो सैद्धान्तिकरुपमा चै पूर्वबजेट भनौं न । हामीले सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु यसको लागि म माननीय मुख्यमन्त्री, माननीय अर्थमन्त्रीज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दछु र सरकारका साथीहरुलाई यो तयार गर्न जुन प्रयास गर्नु भएको छ, यो डिबेटलाई चै घनीभूत बनाउन यसैमा पनि भनिएको छ घनीभूत छलफल गर्न निष्कर्ष निकालौं, पक्ष र विपक्ष नभइकन निष्कर्ष निकालौं भन्ने अपेक्षा छ, त्यो दिशामा चै म, मेरोतर्फबाट यी विचारहरु म बडो संक्षिप्तमा राख्छु, धेरै धन्यवाद छ ।

**माननीय सभामुख :** माननीय श्री राजु नेपाली, समय : ७ मिनेट । यसपछि माननीय अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री राजु नेपाली :** सभामुख महोदय, कर्णाली प्रदेश सरकारको विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य तथा नीति छलफल गर्न यो छलफल गर्ने समय दिएकोमा सभामुखलाई धन्यवाद दिन चाहान्छु । सर्वप्रथम त पहिला नीति तथा कार्यक्रम सरकारबाट आउनु पर्नी थियो । के-कति कामले अथवा व्यस्तताका कारणले यहाँ आउन सकेको छैन । सभामुख महोदय, छलफल गर्न पनि अलि असहज र अफ्ठेरो भइरहेको छ हुँदाहुँदै पनि सरकारले यो विधेयक असाध्यै मिहेनत गरेर आफ्नो समय त्यहीं लगाएर छोटो राम्रो पुस्तक बनाएर यहाँ ल्याएको छ । मेहेनत त पक्कै पनि गर्यो हरेक क्षेत्र, भूगोललाई समेटेर ल्याएको छ र त्यो ल्याएकोमा सरकारप्रति हार्दिक धन्यवाद दिन चाहान्छु र यहाँ २१ नम्बरमा भनिएको छ साधन स्रोत माथि पहुँच पहिचान र पहुँच प्रतिनिधित्व र सामूहिक वितरण भन्ने कुरो छ । हामी नीति तथा कार्यक्रमहरु ल्याउँदै गर्दा असाध्यै राम्रो तरिकाले ल्याएका हुन्छौं । तर कार्यान्वयन गर्दा कहाँनिर द्विविधा हुन्छ, यहाँ वितरण भनिएको छ । यो तिनै तहका सरकारले अहिलेसम्म वितरण गर्दा जो समुदाय जो क्षेत्रमा पुग्नुपर्ने हो र पाउनुपर्ने हो, त्यहाँ सायद अहिलेसम्म पुगिरहेको छैन।

सभामुख महोदय, हामीले भन्ने गरेका छौं बोल्ने पनि गरेका छौं यसरी अहिले पनि मलाई लागिरहेको छ सोलोडोलो हिसाबमा यहाँ आएको छ, त्यो छोटो तरिकाले गर्नेहोला छोटो तरिकाले गइमभने राम्रो हुन्छ भन्ने हिसाबले नै होला त्यसरी भन्दा क्षेत्र छ, भूगोल छ, क्षेत्र भनेको महिलाको क्षेत्र छ, दलितको क्षेत्र छ, अपाङ्गको क्षेत्र छ, जनजातीको क्षेत्र छ, पिछडिएको क्षेत्र छ हरेक क्षेत्र छ यसरी सोलोडोलोमा ल्याउँदा त्यो क्षेत्रलाई अझै पनि नछुने खतरा देखेको छु मैले सभामुख महोदय । हामीले अब जे जति पर्छ यो कर्णालीको संबृद्धीको लागि क्षेत्रवाइज बजेट छुट्याएर आउनु पर्छ, अब अपाङ्गलाई पनि बजेट छुट्याइन्छ, अपाङ्गको नाममा बाठाटाँठाले लिएर हालीमुहाली गरेको देखिन्छ । हरेक त्यो बाठाटाँठाकै र बिचौलियाकै नाममा बजेट लगेर हामी कार्यक्रम दियौं भने त्यो समुदाय नउठेसम्म संबृद्धि यो कर्णालीको सम्भावना देखेको छैन सभामुख महोदय मैले । अब हामीले सरकारले बजेट छुट्याउँदा अपाङ्गलाई पनि सीपमूलक तालिम पनि दिनुपर्छ, कृषिमा पनि आधारित बनाउन पर्छ । अपाङ्गमा पनि दश प्रकारका अपाङ्ग हुनुहुन्छ । त्यसलाई पनि पहिचान गर्नुपर्छ सभामुख महोदय सरकारले । हामी त्यसरी गयौं भने पक्कैपनि यो कर्णालीको संवृद्धि हुने छ र यो प्रदेश सरकारको अनुभूति पनि हुनेछ त्यो क्षेत्रलाई । हामी अब २४ प्रतिशतको कुरा पनि उठाउँनै पर्नि हुन्छ । अब बजेट छुट्याउनु ठूलो कुरा होइन सभामुख महोदय, छुट्याउन त

छुटयाइन्छ नछुटयाएको होइन कार्यान्वयनमा जोड दिन पर्यो कार्यन्वयनको पक्ष अलि ढिलासुस्ती भईराखेको छ यसलाई जोड दिनु पर्यो । हामी कहाँनिर कहिलेसम्म अलमलिएका छौं समयमै कहाँनिर बजेट लगाउन पर्नि हो, कहाँ कार्यक्रम दिन पर्नी हो, त्यो समयमै दिन पर्छ भन्ने कुरा सभामुखमार्फत् सरकारलाई जानकारी गराउन चाहान्छु म सभामुख महोदय । हामीलाई ढिलासुस्ती भयो हरेक ठाउँमा जाँदा हाम्रा कामहरु भएका छन् नभएका होइनन सभामुख महोदय असाध्यै राम्रा कामहरु भएका छन्, गरेको छ सरकारले तर किन बयान गरेको छैनौ ? बयान गर्नु पनि पर्यो त आफ्नो सरकारले गरेको काम । गरिबकहाँ पुगेको छ सरकार अनुभूति भएको छ जनतालाई सरकार रहेको छ भन्ने अनुभूति भएको छ सभामुख महोदय । धेरै कार्यक्रमहरु हाम्रा सरकारबाट बाहिर गएका छन् अब फेरि पनि त्यो हरेक क्षेत्रलाई समेटेर सरकार कार्यक्रम गराएर संमृद्धिको लागि संमृद्धिको यात्रामा हिड्दै गर्दा यहाँहरुले सफलताको शिखर चुम्नुहुनेछ भन्दै मेरा आफ्ना मनका कुरा यहिँ अन्त्य गर्छु, हवस धन्यवाद।

**माननीय सभामुख :** माननीय श्री अम्मरबहादुर थापा समय : ७ मिनेट । यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापा :** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६ का सिद्धान्त, उद्देश्य प्राथमिकता प्रमुख नीतिहरु सरकारले सदनमा पेश गरेको छ र यसका सिद्धान्ततः यो एकदम सुन्दर छ, सिद्धान्त हेर्ने हो भने यसमा कमेन्ट गर्न गाह्रो हुन सक्छ प्रतिपक्षलाई पनि तर व्यवहारमा लागू गरे त्यो हुन्छ त्यो कुरा भोलीका दिनको कुरा हो र मैले सरसर्ती हेर्दा सबै कुरा सबै क्षेत्रलाई समेटयाछ यसले तर पनि यसले ठोस रुपले के गर्ने यो वर्ष के गर्ने यसको क्यालेण्डर सहितको नीति सिद्धान्तमा आउनु पर्यो र यो बजेट आउला नीति सिद्धान्तमा भन्दा पछि पनि यो चाहिने क्यालेण्डरको रुपमा आउला तर म तपाँई सरकारलाई सभामुखमार्फत् के आग्रह गर्न चाहान्छु भन्दा अहिले यसमा उल्लेख गरिएको छ कर्णालीको पानी जनताको लगानी । कर्णालीको पानी जनताको लगानी गर्ने योजनाहरुयो वर्ष त भएनन आउँदो वर्षमा कतिवटा योजनाहरुको संभाव्यता अध्ययन हुन्छ यति यो वर्षमा हामीले परियोजनाहरुको चाहिने खाका तयार गर्छौं भन्ने कुरा बोल्नुपर्ने छ, त्यसैले दिगो विकासको परिकल्पना गर्न जरुरी छ दिगो विकास जबसम्म हुँदैन मुलुकमा तबसम्म हाम्रो कर्णाली प्रदेशको विकास सम्भव छैन हामीले बजेट वितरणमुखी बनाउनी गर्यौं भने विकास सम्भव छैन पचास किलोमिटर बाटोलाई दुई करोड छुटयाएर त्यो कहिले कति वर्षको हो त्यो प्लानिङ्ग पहिला त आउन पर्यो नि त्यस कारणले अहिले ठोस रुपले हामीसँग जति छ हाम्रो पनि चाहाना बढी छ । हामीले यो मञ्चमा आयौं भने धेरै कुराको व्याख्या गर्छौं । तर व्याख्या गर्दा कर्णाली प्रदेशको ढुकुटिमा कति छ, त्यो ढुकुटिलाई हेरेर विकास गर्ने हो । सारा योजनाहरु ल्याउने लथालिङ्ग तरिकाका योजनाहरु आउने, अनि त्यहाँ कहाँ लगानी गर्ने हो मान्छे अन्यौलमा पर्नी त्यसका चाहिने म्यानपावरहरु नपुग्नी यसले विकास हुन सम्भव छैन ठोस रुपले एक दुई तीन चार के हुन यो वर्ष गर्ने सरकारले गर्ने कति काम हो भन्ने कुराको ग्यारेन्टि गर्न पर्यो हामीलाई बजेट पास गर्नाका लागि सरकारले यो वर्ष हामीले यतिमात्र काम गर्छौं, यो बजेटले यति काम गर्न सक्छ भन्ने यसको सिद्धान्तले पनि बोल्न पर्यो । त्यस कारणले तबमात्र प्रदेशको विकास सम्भव छ । हामीले लथालिङ्ग तरिकाले वितरणमुखी तरिकाले योजना बनायौं भने हामी उद्देश्य प्राप्ति गर्न सक्दैनौं । त्यो नसक्ने भएकोले सरकाले जे नीति कार्यक्रम ल्याएको छ, आम रुपले एकदमै सुन्दर छ यसलाई कमेन्ट धेरै गर्न पर्ने अवस्था छैन । तर मैले भन्छु यो सिद्धान्तमै टेकेर यसको नीतिमै टेकेर हामीले यो वर्ष यतिवटा जलविद्युत आयोजनाहरु अध्ययन गर्छौं र यतिवटालाई निर्माणमा सुरुवात गर्छौं भन्ने प्रोजेक्ट हामीसँग हुन पर्यो । जनता गरिब जनताका निमित्त हामीले के गर्ने एकाउन्न परसेन्ट गरिबीको रेखामुनी बसेका जनाताको निमित्त हामीले यो काम गर्छौं । आउँदो वर्ष यो आर्थिक वर्ष भित्र कम्तिमा दश परसेन्ट पन्ध्र परसेन्ट कति परसेन्ट हो गरिबीको रेखाबाट

हामी मुक्त गर्छौं र एकाउन्न प्रतिशतलाई घटाएर लिन सक्छौं भन्ने सरकारले त्यस्तो नीति ल्याउन पर्यो । समग्रमा लिएर छोड्यौ भने त्यौं पनि फेरि पुँजीबादी अवस्था जो बाठो हुन्छ उसैले टप्काउँछ । त्यसकारणले त्यस्ता जो गरिबीको रेखामुनी रहेका जनाताको प्रोफाइल तयार गरेर तीनलाई उत्पादनमा कसरी सरिक गराउन सकिन्छ तीनको जीवनस्तर उठाउँने वातावरण सृजना कसरी गर्न सकिन्छ त्यो ठोस नीति ल्याएर त्यँहा लगानी गर्न पर्यो । हामीले भाषणमा एकाउन्न प्रतिशत भन्या भनै गर्ने अनि एकाउन्न प्रतिशतबाट पचास प्रतिशतमा झार्नें सकेनौ भने हामी एकाउन्न भजाएर कतिसम्म बस्ने ? त्यसकारणले यो वर्षको बजेटले यसका नीति सिद्धान्त कार्यक्रमले भन्न पर्यो कि यो वर्ष यति प्रतिशत गरिरबीको रेखामुनी रहेका जनताको जीवनस्तर हामी यसरी माथि उठाउँछौं । यो वर्ष यसरी हामीले चौबिसै वटा निर्वाचन क्षेत्र सक्दैनौ भने यतिवटा निर्वाचन क्षेत्रमा यस्ता ठूला उद्योगहरु स्थापना गर्न सक्छौं, रोजगारीको अवसर दिलाउन सक्छौं भन्न पर्यो ।

कृषि क्षेत्रमा रोजगारी कृषि क्षेत्रमै छ, कृषि क्षेत्रभित्र रोजगारीका गरिब किसानलाई रोजगारी र उत्पादनमा लगाउन सक्ने ठोस हाम्रो योजना यो हो भनेर सरकार आउन पर्यो। त्यसकारणले सरकारका नीति सिद्धान्त ठीक छन् तर पनि आम रुपले हुनत यही सरकारले गर्नुपर्छ भन्ने होइन केन्दि्रय सरकारका सिद्धान्त पनि छरिएका हुन्छन् हामी आम रुपले गयौं भने हाम्रो विकास सम्भव छैन हामीले जे जति हामीसँग भएको सम्पति छ त्यो वितरणमै जान्छ, त्यसले ठोस परिणाम केही निकाल्न सक्दैन । त्यसकारणले यो वर्षको करिब करिब मैले सुनेको छु, तेत्तिस पैंतीस अरब बजेट छ, पोहोरसाल अट्ठाइसथ्यो यो पैतिस अरबबाट आम रुपले लिने बजेट कति हो र ठोस रुपले लिने पाइलट प्रोजेक्टका रुपमा हामी यो यो कुरामा अगाडि बढ्छम भन्ने कुरा सिद्धान्तसहित जान पर्यो। हरेक अशक्त नागरिकहरु र ती गरिबीको रेखामुनी रहेका जनतालाई यति जनालाई सीप सिकाएर यहाँ संरक्षण गर्ने सिकायौं भन्ने आउँदो यो बजेटले हामीलाई त्यो दिन पर्यो । जस्तै, अहिले अपाङ्गताका कुराहरु साथीहरु जैले पनि यो प्रदेश सभाको बैठक चल्यो कि बाहिर आईराख्नु भाछ । उहाँहरुलाई संरक्षण गर्नका निमित्त दश जना/पाँच जनाको कुरा होइन, उहाँहरुलाई कुनै किसिमको भत्ता दिएर सम्भव छैन । सीप सिकाउन पर्यो, सीपमा संलग्न बनाउन पर्यो, आत्मनिर्भर हुने वातावरण सिर्जना गर्दिन पर्छ र अपाङ्गमैत्री सबै ठाउँ मन्त्रालयदेखि लिएर त्यसका सबै तहसम्म अपाङ्गमैत्री ठाउँ भनौं, न भौतिक संरचना निर्माण गर्नुपर्छ, यो कुरा राख्नका निमित्त र हामीले यो जडीबूटीलाई कसरी लगानी गर्न सक्छौं, जलस्रोतमा कसरी लगानी गर्न सक्छौं र यो हामीले भन्दा नारा मात्र लगाएर भएन नारालाई सफलीभूत बनाउने तरिकाले यसरी अगाडी बढ्न सक्छौं भन्ने सरकारले यो नीति र यसका उद्देश्य र सिद्धान्त यसरी अगाडि बढुन् र भोलि यो सिद्धान्त र नीतिले बजेटलाई त्यतातिर उन्मुख गरेर अगाडी बढ्न सकोस् भन्ने र यति कुरा राख्दै पुनः यी ०७६ को नीति, सिद्धान्त, उद्देश्य जो ल्याएको छ, सरकारले यसको लागि सरकारलाई धन्यवाद दिँदै यसको अझै यसलाई व्यापक रुपले छलफल गरेर ठोस परिणाममुखी बनाउन सकौं, यही यति कुरा राख्दै विदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री ठम्मरबहादुर बिष्ट, समय : ७ मिनेट ।

**माननीय श्री ठम्मरबहादुर बिष्ट :** माननीय सभामुख महोदय, हामी अब यो २०७६/७७ को बजेटको रेलो-पैरो आउनभन्दा अगाडी यो सिमसिमे झरिबाट हामी पस्दै छौं । त्यसकारण अब यो सम्बन्धमा यो यलाई बहुआयामिक र वस्तुवादी र जनहितमा कसरी हामीले बनाउन सकिन्छ भन्ने कुरा नै मूल मुद्दा हो जस्तो लाग्छ र यो सरर मैले हेर्दाखेरि यहाँबाट उब्जेका केही प्रश्नहरु र यसलाई वस्तुनिष्ठ बनाउँदाखेरि बनाउन यले चै एउटा सहयोग पुग्ला भन्ने मलाई लागेको छ । र यसमा कर्णालीको एउटा विशेषतामा हेर्दाखेरि जस्तो या माननीय अर्थमन्त्रीजीलाई पनि त्यो सपोर्ट होस् यो ३ नम्बर प्रदेशदेखि अरु प्रदेशमा अहिले सिधै

उहाँहरुले चाइनादेखि कतिपय अरु देशहरुबाट रकमहरु बजेटहरु भित्रायर पनि अहिले कामहरु अगाडि बढी राख्याछ । यस्तो खालको कुराहरुमा अलिकति यो कुरा यहाँ समेटिन पर्यो अन्तराष्ट्रिय, निजी क्षेत्र अनि त्यसपछि दातृ संस्थाहरु र अन्तराष्ट्रिय लगानीलाई प्रबद्धन गर्ने कुरा केबल संघीय सरकारसँग मात्रै चै हामीले माइनुट डिसिजन गराएर गर्छौं भने फेरि हामी फेल खान्छौं त्यसकारण यमा जोडिन पर्यो भन्ने लाग्छ । अब अर्को कुरा यो प्रदेश अन्तर्गतमा आएका योजनाहरु जो छन् यले हामीलाई एउटा समस्या बनाएको छ । यो कुरा पनि यहाँ अलिकति झल्को आउन पर्यो जस्तो अपर कर्णालीदेखि मदन भण्डारी देखि दैलेख कुराहरु छ यो कैयन कैयन कुराहरु प्रति हाम्रो धारणा केहो कैयन कुराहरुत हेरिराख्या छ त्यो कल्ले हेर्नी हो थाहा छैन त्यसकारण हाम्रो क्षेत्रभित्र भएको कुराहरु त हामी जवाफदेहि हुन पर्यो नी त्यसकारण यो कुराहरुमा पनि यसले चै टच गर्यो भने राम्रो हुन्छ जस्तो लाग्छ । अब सँगसँगै मुख्य रुपमा अब यो धेरै कुराहरु आको छ, यसमा चै मलाई लागेको कुरा गर्ने हो भने तत्कालै हामीले लगानी गर्दा चै जडीबूटीलाई मैले हिजोअस्ति मात्रै पनि पत्रपत्रिकामा देख्याछु यो डोल्पाका सायद यो अपर डोल्पाका माथिल्लो कर्णाली देखि लिएर माािथल्लो डोल्पाका कैयौं स्कुलहरु बन्द भएर त्याँ यार्सागुम्बा टिप्न जाने त्यो भको छ भन्ने एउटा गलत मेसेज गईरहेको छ हाम्रो क्षेत्रबाट त्यसकारण हामीले त्यसलाई के प्रबधन गर्न सक्छौं तत्काल गर्न सक्ने कुरा के हो त्यसमा चाई ध्यान जाओस भन्न चाहान्छु । र अर्को सँगसँगै के छ भने हाम्रो समस्या एउटा जोडै दिन पर्ने कुरा नै अन्तराष्ट्रिय सीमामा टच भको छैनौं । हामी एउटा प्रदेश भित्रको पनि ल्याण्डलक हो हामी डबल ल्याण्डलकमा हामी परेको छौं । त्यसकारण पनि हामी यो उत्तरीतर्फको नाकालाई अलि विशेष ढङ्गले जोड दिएर यसमा आउन पर्यो फोकस गर्न पर्यो । यो ओभरअल चै तपाईको जर्नलाइजमा आको छ त्सलाई चै अलिकति फोकस गरेर आउन पर्यो भन्ने मलाई लाग्छ। अब सँगसँगै चै हामीकहाँ एउटा चै बजेट भको पनि खर्च हुन नसक्ने अर्को चै अनिमियतता हुने जो परम्परा छ यो खर्च हुन्छ कि हुँदैन यसको पनि एउटा रिफ्लेक्सन आउन पर्यो । खाली हामीसँग एकातिर पैसा छैन भनेर हामीले भन्छौं तर पैसा हुदाँहुदैं पनि त्यो ठीक ढङ्गले हामीले खर्च पनि गर्न सक्दैनौ र भको खर्चलाई पनि व्यवस्थित र पारदर्शी अनियमितता र भ्रष्टाचारका कुराहरु त छँदैछन् ।

यो कुराहरुलाई अलिकति कमिटमेन्टको रुपमा सरकारले अगाडि ल्याउन पर्यो अन्यथा यो जनतामा जुन निराशा बन्दै गईराखेको छ यता उता गर्यो उहि आफ्नो झोला भर्ने भन्ने भईराखेको छ त्यसलाई हामीले चिर्न जरुरी छ अर्को हामीले संघीय नेपाल र हिजो पुरानो नेपालमा र अहिले संघीयको बजेट हेर्दा र गतको बजेट हेर्दा हामीले जानेको र गर्न पर्ने कुरा के हो भने परिवर्तन भई सकेपछि पहुँच र कुनै शक्ति र प्रभावको आधारमा होइन जनताको आवश्यकता र त्यहाँको एउटा चै मापदण्डको आधारमा बजेट अथवा विकास हुन पर्ने हो त्यो नभईकन एउटा विचौलियाबाट प्रभावबाट विभिन्न खालको बेतिथिबाट भैराछ यो कुरालाई पनि अलिकति के हो कमिटमेन्ट समग्र सिद्धान्तको पाटोमा के हो भन्ने विषयमा अलिकति जोड दिनु पर्यो जस्तो मलाई लाग्छ ।त्यस्तै यो युवाहरुलाई रोजगारको कुराहरुमा पनि जस्तो यो लागू औषध रयो जो ट्रान्जिट पोइन्ट बनिराखेको छ सुर्खेत अहिले त्यसकारण यलाई कसरी हामी गर्न सक्छौं रोजगारलाई पनि अलि विशेष जोड दिन पर्यो युवाहरुलाई जो विकृति र पाश्चात्य एउटा प्रभाव र विकृतिहरु जो बनिराख्याछ एउटा युवालाई उनीहरुले तुरुन्तै एउटा प्रभावमा ल्याउने चाहे अरु कुनै चाँही अनेक खालको चै तपाँईको विद्रोहका कुराहरु हुन वा अन्य कुराहरुमा आउने छ यसमा हामीहरुले अलिकति के हो यो युवाहरुलाई चै नयाँ मेसेज दिने यो कुराहरु चै आउन पर्छ जस्तो लाग्छ अर्को सँगसँगै अब हामीकहाँ एउटा संघीयता पनि टिक्छ कि टिक्दैन भन्ने एउटा सैद्धान्तिक रुपले पनि एउटा ठूलो मुभमेन्ट बाहिर चलिराख्याछ र भित्र हाम्रो गतिविधिले पनि त्यो खालको कयौं हाम्रा चै जान अन्जानले त्यतातिर प्रेरित भईराख्याछ त्यसकारण यस सम्बन्धमा अस्ति जुन अन्तरप्रदेश बैठक पनि त्यहाँ बस्यो प्रदेश अन्तरपरिषद्मा तर यो स्थिति हेर्दाखेरि अलिकति एउटा तपाईको यो जोगीदेखि भैंसी तर्सिने जस्तो भाको

छ । स्थानीय तह आफ्नोतीर यो संघीय एकातिर हामी एकातिर आफूनो आफ्नो ताल हामी आफ्नै सरकार हौं भनेर छाती पिट्दै हिँड्ने अवस्था भको छ यसलाई समन्वय गर्ने के हो मेकानिज्म यो अहिलेसम्मन चै यो आको छैन यो तरिकाले चै हामी सबै भलकाडामा जाने कुरा निश्चित देखिन्छ । र अर्को कुरा अब भ्रष्टाचारलाई नियन्त्रण गर्ने कुरामा अलि फोकस जान पर्यो । हाम्रो देशमा प्रधानमन्त्री, मन्त्री, अख्तियारदेखि लिएर न्यायाधिसदेखि, सेना, पुलिस सबै अफिसरहरु जेलमा बस्ने स्थिति भईराख्याबेला सबैलाई मुद्दा चलिराख्याबेला अब हाम्रो कमिटमेन्ट के हो भन्ने अवस्थामा देशलाई कसले थाम्छ त कसरी पारदर्शित हुन्छ भन्ने कुरामा नयाँ एउटा मेकानिज्म अब अनलाईन सिस्टम, ई गभरनेन्स के हुन्छ तत्काल लागू गर्ने प्रकृयाहरु यलाई हामीले चै जान पर्छ जस्तो लाग्छ । अब शिक्षामा दुईवटा कुरा गरे हुन्छ जस्तो लाग्छ, एउटा चै यो स्वास्थ्यदेखि सबै कुराहरुमा शिक्षामा सबै कुराहरुमा जनप्रतिनिधि र सरकारी सबै कर्मचारीहरुले औषधी उपचारदेखि लिएर शिक्षादेखि त्याँ चै को गर्नूपर्ने भन्ने वित्तिकै जस्तो लाग्छ र निजीकरण धेरै चाहै यो आफै घटेर जान्छ जस्तो लाग्छ त्यसकारण यी कुराहरु यहाँ उठेका छन् अब एक दुई वटा पोइन्टहरु याहाँ अब त्यसलाई समेट्दा ठीक हुन्छ जस्तो लाग्छ अलिकति बहुआयामिक बनाउनलाई अर्को यहाँ एउटा ३२मा कर्णालीको पानी सबैको लगानी भन्ने शब्द अलि मिलेनकि जस्तो लाग्छ मेरो विचारमा सबैको भन्नाले दलालको पनि अब कालो धनवालाहरुको पनि भन्ने अर्थ लाग्छ त्यहाँ कर्णालीको पानी जनताको लगानी भन्ने भएमा सबै जनता एउटा सरकार अर्को जनता सबै विभिद जो खालको क्याटागोरी हुन्छ त्यो त जनतामा आइहाल्लछ नी नत्र त्यहीं चै ब्ल्याक मनीले कब्जा गरिहाल्छ त्यहाँ हैन त्यो किसिमले चै त्याहाँ मिलाउ जस्तो लाग्छ अर्को यो ५२ नंम्बरमा समाजमा रहेका बालविबाह भन्ने रैछ अनमेल विवाह पनि छ हाम्रो समाजमा त्यो कुरालाई पनि लेख्न पर्यो अलिकति त्यलाई समेट्न पर्यो जस्तो लाग्छ अर्को यसै सँगसँगै अल्पसख्यक लोपोन्मुख सीमान्तिकृत भनेर लेख्याछ य्हाँ तर जनजाती भनेर त्यहाँ आको छैन त्यो कुरालाई समेट्दाफेरि आफ्नो चै हाम्रो एउटा सम्बोधन नै भएन भन्ने एउटा शब्दले पनि आशा दिने कुरा हुन्छ त्यो चै दिन पर्यो । सँगसँगै यो अघि हामीलाई एउटा चै सानो चिरकट्टो पनि यहाँ अपाङ्ग भन्नाले असाहाय के रे त्यो डिसेबल साथीहरुले हात पार्नु भछ हैन अहिले विश्वमा हामीले हेर्यो भने हामीले ओलम्पिक देखि थ्री डन टु डन देखि तपाँईको बोइङ्ग चलाउने सबै अहिले अपाङ्गहरु लाग्नु भाछ । त्यति चै अहिले सक्षम भईसक्यो अहिले अपाङ्ग र सपाङ्ग कुनै परिभाषा छैन हाम्रो देशमा बोझ बन्याछ अब प्रदेशले यलाई एकिकृत प्याकेज एउटै मात्र होइन किनभने जागिरे कुरा होईन खेल देखि लिएर उनलाई रोजगार देखि लिएर उनीहरुको स्वास्थ्य शिक्षा सबैमा पहुँच कसरी कायम गर्न सकिन्छ त्यसको एउटा एकिकृत प्याकेज तयार गर्न आवश्यक छ भन्ने मलाई लाग्छ र अन्तिममा यो सिद्धान्त उद्देश्यमा अलिकति यो जोड दिन खोज्या कहाँ हो मुख्य र सहायक कहाँ हो तत्काल गर्ने कहाँ हो दिर्घकालिन कहाँ हो सबै छुट्टयाएर आओस । यो एउटा चै सोलोडोलो चै एउटा हात्ती चै तपाईको अंगालो हाले जस्तो भो यलाई अलिकति सोलोडोलो गरेर आओस र दोस्रो कुरा अलिकति चै तपाईको रिफ्लेक्सन विगतमा के रह्यो अलिकति हामी प्रगतितिर छौं कि उधोगतितिर छौं भन्ने पनि अलिकति रिफ्लेक्सन पनि आओस । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७६का सिद्धान्त र प्राथमिकतामा समावेश भएका विषयहरूमा सुझाव दिने क्रम भोलि पनि जारी रहने छ । बाँकी माननीय सदस्यहरुलाई भोलिको बैठकमा समय उपलब्ध गराउने छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल जेठ १५ गते बुधबार दिनको ११ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-४

## (२०७६ साल जेठ १५ गते बुधबार)

राष्ट्रिय धुन,

माननीय सभामुख : माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको चौंथो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु ।

**माननीय सभामुख :** सर्वप्रथम माननीय श्री विन्दमान बिष्ट

**माननीय श्री विन्दमान बिष्ट :** माननीय सभामुखज्यू, आज नेपाली जनताको लागि विशेष गौरवको दिन हो । गणतन्त्र दिवसको दिनमा म सबभन्दा पहिला सम्पूर्ण नेपाली जनताहरुमा खासगरी कर्णालीवासी जनताहरुमा यो गणतन्त्र दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, आज गणतन्त्र दिवसको उपलक्ष्यमा प्रदेश सरकारबाट एउटा विशेष समारोहको आयोजना भयो । म यो सम्मानित सदनमा माननीय सभामुखमार्फत् प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु कि यो गणतन्त्र दिवसको समारोह औपचारिक राष्ट्रिय समारोह हो। यसका केही मान्यताहरु छन् । त्यो मान्यता र त्यसको मूल्यलाई स्थापित गर्ने सन्दर्भमा के समस्याहरु रहेको अनुभूति मैले गरेको छु, यस अर्थमा म सम्मानित सदनमा केही भनाइहरु राख्न गइराखेको छु ।

सभामुख महोदय, औपचारिक समारोहमा प्रदेश प्रमुखको सम्बोधन कार्यक्रमको आयोजना त्यहाँ प्रस्तुत कार्यक्रमको सेडुल यो सबैलाई हेर्दा खेरी औपचारिक समारोहको मान्यता विपरित भएका छन्। हामीले सधैं भन्ने गरेका छौं, संघीय सरकारले, केन्द्रले कर्णालीलाई हेपिराखेको छ, कर्णालीलाई कर्णालीको अस्तित्व स्वीकारि राखेको छैन । हामीलाई दोस्रो दर्जाको भूगोलको रुपमा, नागरिकको रुपमा लिइराखेको छ भनेर हामीले भनिराखेका छौं, सबैले हाम्रा भाषणहरुमा, भनाइहरुमा ती अभिव्यक्तिहरु हाम्रा आइराखेका छन् । तर हामीले यस्ता कार्यक्रमहरु गर्दाखेरी अलिकति पनि हामीले ध्यान पुर्याउन सकिराखेका छैनौं । म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु कि मैले यद्यपि प्रदेश प्रमुख भनेको त्यो कार्यालय भनेको सम्मानित संस्था हो, त्यलाई मैले विवादमा, त्यो संस्थालाई मैले विवादमा तान्न चाहेको होइन, म यतातिर पनि ध्यानाकृष्ट गराउन चाहन्छु तर २०७२ साल जेठ १५ गते गणतन्त्र घोषणा भयो, आज हामी त्यो दिनमा त्यो गौरवपूर्ण दिनमा उपस्थित छौं भनेर भनिदैछ । सम्मानित सदनको नेतृत्व गरिरहेको सभामुख माननीय सभामुखज्यू त्यहाँ उपस्थित हुनुहुन्छ, प्रदेश प्रमुखको सम्बोधनमा सभामुखज्यूको कुनै त्यहाँ हुँदैन । मेरो भनाइको मतलब भनेको के हो त भन्दाखेरी यस्ता औपचारिक समारोहको प्रदेश प्रमुखलाई प्रदेश सरकारले समयमा जानकारी दिएन या दिदादिदै पनि आवश्यक तयारीका साथ त्यस समारोहमा जानुपर्ने सन्दर्भमा काहाँ कमी रह्यो । प्रदेश प्रमुखको कुरा मैले गर्न खोजेको होइन, प्रदेश प्रमुखको रुपमा त्यहाँ जुन एउटा कार्यालय स्थापित छ, राज्यले थुप्रो पैसा खर्च गरेर त्यहाँ कर्मचारीको टोली राखेको छ, सचिवालयको टोली छ, यस्ता सन्दर्भमा ध्यान पुर्याउनुपर्ने हो कि होइन ? लगायतका अरु विषयहरुमा पनि औपचारिक समारोहको मान्यता, औपचारिक समारोहको मूल्यभन्दा बाहिर रहेर जुन यस्ता समारोहहरु आयोजना गरिन्छन्, यले गणतन्त्रलाई नै जिस्काइराखेको हुन्छ, यस्ता समारोहहरुले हाम्रो मानमर्दन गरिराखेको हुन्छ,

हाम्रो प्रदेशको भद्रगोलता व्यक्त भइराखेको हुन्छ, यतातिर प्रदेश सरकारले ध्यान दिनु पर्छ कि पर्दैन । त्यसकारणले गर्दाखेरी म यो सम्मानित सदनमार्फत् म के ध्यानाकर्षण गराउन चाहन्छु त भन्दाखेरी यो विषयमा के भएको हो ? किन यस्तो प्रकारको भद्रगोल गणतन्त्र दिवस समारोहको आयोजना गरियो ? अर्को कुरा माननीय सभामुखज्यू, प्रभातफेरिको आयोजना गरियो । माननीय मुख्यमन्त्री बीचमा सहभागी हुनुभयो । बीचैबाट बाहिरिनुभयो । औपचारिक समारोहमा त्यस्ता समारोहहरुमा यो कुरा उपयुक्त हुन्छ कि हुँदैन । म सम्मानित सदनमा सभामुखज्यूमार्फत् प्रदेश सरकारको यस सम्बन्धमा धारणा चाहियो, दृष्टिकोण चाहियो, यसको भनाइ, यसको स्पष्टता के रे प्रदेश सरकारले यहाँ जवाफ देओस्, म यो माग गर्न चाहन्छु । र अर्को कुरा माननीय सभामुखज्यू, अब आगामी दिनमा यस्ता औपचारिक समारोहहरु गर्नका निमित्त हामीले मूल्य, मान्यता स्थापित गर्नको लागि म त भन्छु एउटा टिम नै बनाएर, एउटा कार्यदल जस्तो बनाएर, यसको प्रक्रियागत के हामीले कसरी समारोहहरु आयोजना गर्ने, यलाई व्यवस्थित कसरी गर्ने ? जसको जसले गर्दाखेरी प्रदेशको, प्रदेश सरकारको, हामी जनप्रतिनिधिहरुको र यहाँका जनताहरुको मानमर्दन नहोस् । यो गर्नको निमित्त एउटा कार्यदल बनाएर औपचारिक समारोह आयोजना गर्नको निमित्त एउटा प्रष्ट मापदण्ड बनाइयोस् । म यो माग गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री गोपाल शर्मा

**माननीय श्री गोपाल शर्मा :** ऐतिहासिक योगदान गर्ने महान् सहिदहरु लगायत सबै योगदानकर्ताहरुप्रति ससम्मान गर्दै सबैलाई म हार्दिक शुभकामना व्यक्त गर्दछु र खासगरी यो ऐतिहासिक गणतन्त्रको सन्दर्भमा माननीय सभामुख महोदय, सरकारले आयोजना गरेको कार्यक्रममा सहभागी हुँदै गर्दा त्यसको कार्यक्रमको प्रतिक्रियाको रुपमा माननीय सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहेको छु।

माननीय सभामुख महोदय, हामीलाई सरकारले सुरुमा प्रभातफेरिमा सहभागीताको लागि प्रभातफेरिको कार्यक्रमको सहभागीताको लागि औपचारिक निम्ता दिएको थियो । प्रभातफेरि गएर एउटा औपचारिक कार्यक्रममा रुपान्तरण भयो । प्रभातफेरि र औपचारिक कार्यक्रममा कति फरक छ, कति भिन्नता छ भन्ने कुरा सरकारले थाहा पाउँछ कि पाउँदैन । र त्यो औपचारिक कार्यक्रम कति व्यवस्थित थियो, कति के थियो भन्ने कुरा पूर्ववक्ता माननीयज्यूले यहाँ भनिसक्नुभएको छ, म त्यलाई धेरै दोहोर्याउन चाहन्न । तैपनि सरकारले आयोजना गर्ने यस्तो गौरवको दिनको कार्यक्रमको आयोजना गर्ने, कार्यक्रम यति फितलो, यति कमजोर र यति भद्रगोल किन गरियो भन्ने कुरामा मेरो पनि मेरो सरकारमा के रे सरकारमा खासगरी माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । दुई तीन वटा कुराले मलाई धेरै छोयो । सरकारले ब्यानरमा लेखेको छ, सरकार मूल समारोह आयोजक के रे मूल समारोह समितिको ब्यानरमा लेखिएको छ १२ औं गणतन्त्र दिवस भनेर । तर त्यसको प्रमुख अतिथिद्वारा सम्बोधन हुन्छ २०७२ आजकै दिन गणतन्त्र घोषणा भएको हो भनिन्छ । आज कति औं गणतन्त्र स्थापना भएको हो ? म सभामुखमार्फत् सरकारलाई प्रश्न सोध्न चाहन्छु । दोस्रो, प्रभातफेरिमा मूल समारोह समितिका अध्यक्षको जुन खालको सहभागीता हुनुपर्थ्यो, त्यस्तो फितलो सहभागीता वा त्यसलाई औपचारिक र महत्त्वपूर्ण अध्यक्ष स्वयंले किन थाहा पाउनु भएन । मूल समारोह समितिका अध्यक्ष स्वयंले प्रभातफेरि कार्यक्रम कार्यक्रमको समग्रतामा महत्त्वपूर्ण किन ठानिएन ? म यस बारे प्रश्न गर्न चाहन्छु । तेस्रो कुरा, कार्यक्रममा एउटा प्रहसन देखाइयो, कलाकारहरुलाई प्रस्तुत गरेर । त्यो प्रहसन, कसलाई संकेत गरिएको हो ? त्यो प्रहसनले के संकेत गर्छ ? र अर्को कुरा कार्यक्रममा गणतन्त्रको लागि खास योगदान गर्ने सहिदहरुको समेत सहिदहरुलाई स्मरण गर्ने कुरा औपचारिक रुपले भयो, तर अरुको फोटो त्यहाँ राख्दै गर्दा अरु महान् सहिदहरुको फोटो थियो त्यहाँ । मैले त्यलाई भन्न सकेन । खासगरी गणतन्त्रका सहिदहरुको फोटो पनि

समेत सांकेतिक रुपले राख्न किन सकिएन ? र मैले अगाडिकामा अगाडि पूर्ववक्ता माननीयज्यूले यहाँ भनिसक्नुभयो । मर्यादाक्रम समेत ख्याल नगरिने एउटा औपचारिक समारोहलाई व्यवस्थित गर्न नसकिने अवस्थाले सिंगो कर्णाली प्रदेश र हामी समेतलाई जनप्रतिनिधि समेतलाई लज्जाबोध गराएको छ । सरकारले यस्ता कार्यक्रमलाई गम्भिरता पूर्वक लेयोस् । र हाम्रो सरकार यति फितलो छ भन्ने कुराको प्रतिविम्ब आजको औपचारिक कार्यक्रमले देखाएको छ । म सरकारलाई यस्ता फितलो कार्यक्रम नगर्न र कार्यक्रमहरु गर्दा व्यवस्थितरुपले कार्यक्रम अगाडी वढाउन म विशेष अनुरोध सभामुखमार्फत् गर्न चाहान्छु। धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु, माननीय सदस्यहरुले राख्नुभएका विषयहरुमा प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउन चाहन्छु।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष छलफलका लागि प्रस्ताव गर्नुभएको विनियोजन विधेयक, २०७६का सिद्धान्त र प्राथमिकतामा समावेश भएका विषयहरूमा केन्द्रित रही आफ्नो धारणा राख्ने क्रम आज पनि जारी रहन्छ । आफ्नो धारणा राख्न बाँकी माननीय सदस्यहरुलाई क्रमशः समय उपलब्ध गराउँछु ।

**माननीय सभामुख :** सर्वप्रथम, माननीय श्री गुलाबजंग शाह

**माननीय श्री गुलाबजंग शाह :** माननीय सभामुखज्यू, आज म ०७६/०७७ को प्रि बजेटको सन्दर्भमा आफूलाई उभिएर थोरै टिप्पणी गर्ने सन्दर्भमा उभिएको छु । आज सर्वप्रथम जसका कारणले आज मुलुकमा गणतन्त्र प्राप्त भयो । यो प्राप्त गर्नको लागि आफूलाई आहुती गर्नुहुने ती महान् सहिदहरुलाई सम्मान व्यक्त गर्न चाहन्छु र सबैलाई शुभकामना व्यक्त गर्न चाहन्छु । म आज सर्वप्रथम माननीय सभामुखज्यू, यो ०७६/०७७ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु बारेमा छलफल गर्दा हामीले विगतको कुरालाई समीक्षा गरेर अगाडि बढ्नुपर्ने औचित्य र आवश्यकता छ भनेर भन्न सकिन्छ । खासगरी हामीले अहिलेको यो कार्यक्रम गर्दै गर्दा विगतमा हामीले ल्याइएका ती कार्यक्रमहरु कति यथोचित ढङ्गले किर्यान्वयनको पाटोमा हामी उभिन सक्यौं, एकपटक हामी सबैले समीक्षा गरौं भन्न चाहन्छु । खासगरी विगतको कार्यान्वयनको पाटोलाई अनुभवको रुपमा हामीले यलाई लियौं भनेपछि अहिले बनिने बुँदाहरु त्यही ढङ्गले अगाडि बढ्नेछन् भन्ने कुरा राख्न चाहन्छु । विगतमा हामीले करिब-करिब ५४ बुँदामा हामीले पेश गरेका थियौं । अहिले केही बुँदाहरु थपिएका छन् । ती बुँदाहरु कार्यान्वयन हुने गरी हाम्रो कर्णालीको सन्दर्भमा सान्दर्भिक हुने गरी आउनेछन् । हाम्रो बजेट त्यतातिर केन्द्रित हुनेछ, सुझावको रुपमा राख्न चाहन्छु । वास्तवमा सम्बृद्धि कर्णाली, सुखारी कर्णाली वास्तवमा नयाँ नारा ल्याइएको छ । सम्बृद्धि कर्णाली सुखारी कर्णालीवासी हुनको लागि हाम्रो बजेटरी बजेट विगतमा कार्यान्वयनको भको पाटो र हामीले बजेट विनियोजित गर्ने कुरा यथार्थपरक ढंगले जसरी हामीले सम्बृद्धि कर्णाली, सुखारी कर्णालीवासी भन्दै गर्दा हाम्रो बजेट यथार्थमुखी ढंगले, यथार्थपरक ढंगले बजेट हामीले ल्याउँदैछौं होला म विश्वास गर्न चाहन्छ । जबकी फेरि पनि दोहोर्याएर भन्न चाहन्छु । विगतको बजेट हामीले कार्यान्वयन त गयौं, तर यो नारामा कति हामीले यथार्थपरक ढंगले टेकेर अगाडि बढ्दैछौं । सुझावको रुपमा राख्न चाहन्छु । वास्तवमा बजेट तयार गर्दा हाम्रा कर्णाली प्रदेशका प्राथमिकताहरु के-के हुन् ? खासगरी भन्नैपर्ने कुरा बजेट विनियोजित भइसकेपछि प्राथमिकता हाम्रा के हुन् कर्णालीका ? यसको क्षेत्राधिकारलाई ध्यान हामीले दिएर बजेटरी ढंगले हामीले गयौं भनेपछि मलाई लाग्छ त्यो बजेट ठीक ढंगले खर्च पनि हुनेथ्यो । वास्तवमा बजेट भन्ने कुरा परम्परागत ढंगले, परम्परागत शैलीले बजेट पेश मात्रै गरेर त्यसको सान्दर्भिकता छैन । बजेट पेश भइसकेपछि त्यो बजेट ठीक ढंगले खर्च हुन्छ कि हुँदैन ? खासगरी यो बजेट हामीले पेश

गरिसकेपछि उत्पादनको क्षेत्रमा कति वास्तवमा यथार्थपरक ढंगले हामीले बजेट पेश गर्यौं? त्यतातिर पनि एकपटक समीक्षाको रुपमा जान पर्छ कि जस्तो मलाई लाग्छ । पूर्वाधारको क्षेत्रमा हामीले भन्नैपर्छ फेरि यो बजेट अनुदानको रुपमा चलेको बजेट हो । हामीलाई केन्द्रीय सरकारले अनुदानको रुपमा बजेट दिन्छ । त्यो बजेटलाई हामीले ठीक ढंगले हाम्रो क्षेत्र कुन हो ? जस्तै: शिक्षाको क्षेत्रमा लगानी गर्यौं हामीले ? विगतको वर्षमा पनि बजेट विनियोजित भयो ? तर शिक्षाको क्षेत्रमा गर्दा हामीले कुन विषयवस्तुलाई प्राथमिकतामा राखेर शिक्षाको बजेट विनियोजन गर्यौं ? त्यो कुरामा हामीले ध्यान दिने कि नदिने ? स्वास्थ्य, सडक, ऊर्जा, सिंचाई, खानेपानी यी तमाम विषयमा यी माथिको नारा फेरि म तय गर्न चाहन्छु । सम्बृद्ध कर्णाली, सुखारी कर्णालीवासीलाई महशुस हुने गरी बजेट पेश गरौं । नेपाली जनताका धेरै चाहनाहरु छन्, धेरै आकांक्षाहरु छन् । नेपाली जनताले दुई तिहाइको सरकार धेरै वर्षपछि सम्भवतः पहिलोपटक १५ साल पछि यो सरकार भेटेको होला । नेपाली जनताका ती चाहनाहरु छन्, ती चाहना पूरा गर्ने यो सरकारको दायित्व हो । अनि हामीले ल्याउने बजेट जनताको चाहना र भावनाअनुसार ल्याउन सकिएन भने बजेटको अर्थ हुँदैन । जनमुखी, यथार्थपरक ढङ्गले कर्णालीवासीको तत् पक्षमा उभिएर खर्च हुने गरी बजेट विनियोजित गर्न सकियो भने मलाई लाग्छ त्यो बजेट सत्यपरक, तथ्यपरक ढङ्गले आउनेछ भन्न चाहन्छु । खासगरी यसमा माननीय अर्थमन्त्रीज्यूले लेख्नुभाछ स्थानीय तह र जिल्ला समन्वय समितिलाई जनशक्ति, साधन स्रोत पर्याप्त मात्रामा बनाउने कुरा लेख्नुभाको छ । सरकार त हामी फरक-फरक तहमा छौं, अहिले स्थानीय तह र हाम्रो बीचमा समन्वय, हाम्रो र केन्द्र सरकारको बीचमा समन्वय यस समस्या छ । हामीले दिने बजेट सशर्त होस्, अनुदान होस्, विशेष होस्, त्यो बजेट हामीलाई सरकार नस्वीकारेको अवस्था छ । हामीलाई स्थानीय तहले सरकार स्वीकारेको अवस्था छैन । र हाम्रो र स्थानीय तहको बीचमा सम्बन्ध सुमधुर छैन । हामीले गर्ने बजेट विनियोजन त्यो ढङ्गले पनि सोचिनु पर्छ । हइन भने पछि सरकार जसले खर्च गरे पनि स्थानीय तहमै खर्च हुने हो, सबै अनुदानको रुपमा हामीले किन नदिने ? हामीले ल्याएर तल पनि किन नदिने ? यतातिरको पनि बजेट विनियोजित ढङ्गले गरियोस् भन्ने ढङ्गले राख्न चाहन्छु । समयको लागि धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री सिताकुमारी नेपाली ।

**माननीय श्री सिताकुमारी नेपाली :** माननीय सभामुख महोदय, यो कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक ०७६ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुमाथिको छलफलमा हामीले भाग लिइरहेका छौं । कर्णाली प्रदेश सरकारले अघिल्लो वर्ष पनि विनियोजन विधेयकमा सिद्धान्त, प्राथमिकता र प्रमुख नीतितिहरु पेश गरेको थियो र अहिले त्यसैमा केही बुँदाहरुलाई समावेश गरेर नीतिहरु जुन ल्याएको छ कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । विगतको समीक्षा गरेर वर्तमानमा हामी अगाडि बढ्नु पर्छ । तब मात्र भविष्यमा हामीले परिणाम ल्याउन सक्छौं । विगतको नीति, प्रमुख नीति, प्राथमिकता, उद्देश्य, सिद्धान्तहरुमा धेरै भन्दा धेरै नाराहरु थिए । ती नारा नारामै सीमित भएको हामीले अनुभूति गरेका छौं । विगतको तुलनामा अहिले नाराहरु कम आएका छन् । अहिले आएका नाराहरु पनि नारामै सीमित नहोस् । त्यो नारा व्यवहारमा परिणत होस् भन्ने शुभेच्छा पनि व्यक्त गर्न चाहन्छु । कर्णाली प्रदेश सबै सूचांकमा पछि परेको प्रदेश हुनुको नाताले कर्णाली प्रदेशको समग्र विकासका निम्ति, कर्णाली प्रदेश सरकारले कुन-कुन विषयमा प्राथमिकता दिनी र उद्देश्य के लिनी ? र नीतिहरु कस्ता बनाउने भन्ने विषयमा जुन आएको छ, यी आएका विषयमा सैद्धान्तिक हिसाबले ह्याँ विरोधै गर्नुपर्ने, यसमा असहमति राख्नुपर्ने मैले देख्दिन । धेरै कुराहरु यसले समेटेको छ । धेरै कुराहरु आएको छ र यलाई कार्यान्वयन कसरी गर्न सकिन्छ ? चिन्ता र चिन्तन त्यतातिर हुन जरुरी छ जस्तो मलाई लाग्छ । र कर्णालीको समस्या साँच्चिकै भन्ने हो भने बहुआयामिक गरिबीको समस्याको कुरा उठिराखेको छ । हामीले

प्राथमिकतामा भौतिक पूर्वाधार विकासतिर अलि बढी नै जोड गर्ने गरिरहेका छौं । विगतदेखि नै । पूर्वाधारतिरको विकासमात्रै होइन, मानव विकासको कुरालाई हामीले कसरी जोड्ने ? मानव विकासलाई जोड्दै गर्दा सामाजिक न्याय सहित समानुपातिक, समावेशी आधारमा गर्नुपर्ने हुन्छ । त्यसमा केही समस्याहरु पनि हामीले देखिरहेका छम्।

सभामुख महोदय, यो विधेयकमाथि केही कुराहरु विधेयकका केही बुँदाहरुमा सुझावहरु राख्न मन लागेको छ । बुँदा नं. ५मा संवैधानिक व्यवस्था अनुसार नागरिकका मौलिक हक, अधिकारको पूर्ण प्रत्याभूति गराउने, गराउन हरेक वर्ग, क्षेत्र, लिङ्ग, भाषा र सीमान्तकृत समुदायलाई सामाजिक न्याय, समावेशीता र विकासमा सहभागीताको लागि आवश्यक नीति, कार्यक्रम र बजेट तय गरिनेछ भन्ने कुरा यहाँ उल्लेख गरिएको छ । संवैधानिक हिसाबले नै, संवैधानिक व्यवस्थाअनुसार नै जातीय हिसाबले पनि त्यहाँ समावेश हुनुपर्छ । र कर्णाली प्रदेशमा हामी ६२ प्रतिशत खस आर्य, २४ प्रतिशत दलित र १३ प्रतिशत जनजाति र अन्य जातिहरुको पनि यहाँ बसोबास छ । त्यले गर्दाखेरी जातीय आधारमा पनि, सामाजिक न्याय र समावेशीताको र विकासकोमा सहभागीताको लागि नीति ल्याउनुपर्ने आवश्यक छ भन्ने जस्तो मलाई लाग्छ । यो सुझाव म दिन चाहन्छु । गरिबी, बेरोजगारी, भोकमरी, अशिक्षा, असमानता, सामाजिक पछौटेपनको अन्त्य गर्ने कुरा प्राथमिकतामा छ, यो कुरा असाध्यै राम्रो छ । त्यलाई अन्त्य गर्नका निम्ति उत्पादन र रोजगारी सिर्जना गर्ने कार्यक्रमहरुलाई अगाडि सार्न जरुरी छ। र प्राथमिकताको कुरा गर्दैगर्दा खेरी हामी यो प्रदेश संघको अनुदानबाट मात्रै होइन, सुरुवातको चरणमा संघको अनुदानबाट हामी अगाडि बढ्यौं र त्यलाई कति कार्यान्वयन गर्यौं, त्यो आफ्नो ठाउँमा छ। अबका दिनहरुमा संघको अनुदानबाट मात्र होइन, कर्णाली प्रदेशका स्रोत, साधनहरुको उपयोग गर्ने कुरालाई हामीले प्राथमिकतामा राख्न सक्छौं कि सक्दैनौं ? यदि हामीले कर्णाली प्रदेशका स्रोत साधनहरुलाई उपयोग गर्ने, त्यलाई त्यो प्राथमिकतामा यदि राखेनौं भने हामीले सधैं त्यो संघको अनुदानबाट मात्रै कर्णाली प्रदेशको सम्बृद्धि पनि हुन सक्दैन । कर्णाली प्रदेशले लिएको सम्बृद्ध कर्णाली र सुखी कर्णाली सुखारी कर्णालीवासी हुन सक्दैन । सुखारी कर्णालीवासी बनाउनका निम्ति कर्णाली प्रदेशको स्रोत साधनलाई उपयोग गर्ने गरी नीति आउन जरुरी छ । र त्यलाई प्राथमिकतामा राख्न जरुरी छ भन्ने कुरा म राख्न चाहन्छु । र हामीले देखेका छौं, समुदायगत हिसाबले कतिपय अवस्थामा चाहिँ यो कर्णाली प्रदेशमा दलितहरुको २४ प्रतिशत दलितहरुको जनसंख्या छ, बजेटमा आउने गर्छ, नीतिमा आउने गर्छ, कार्यक्रममा आउने गर्छ, कार्यान्वयन हुँदाखेरी शून्य हुने अवस्था हामीले देखिरहेका छौं । कम्तीमा कर्णाली प्रदेशको दलितहरु, जो बहुआयामिक गरिबीको कुरा गर्दा खेरी त्यसमा सबभन्दा बढी दलितहरु नै छन् । त्यो दलित समुदायलाई माथि उठाउँनका निम्ति, दलित समुदायमा जाने कार्यक्रमहरु कार्यान्वयन गर्नका निम्ति अब संघसंस्थालाई जिम्मा दिएर हुँदैन । संघसंस्थालाई होइन कि बरु सरकारी कर्णाली प्रदेश सरकारले नै एउटा संयन्त्र निर्माण गरोस्, त्यो संयन्त्रमार्फत् त्यो योजनाहरु कार्यान्वयन गर्यो भने मात्रै त्यो समुदायलाई माथि उठाउँन सकिन्छ जस्तो मलाई लाग्छ, त्यले गर्दाखेरी यलाई कर्णाली प्रदेशमा दलित विकास समिति गठन गर्नुपर्ने आवश्यकता छ र यो आवश्यकतालाई मध्यनजर सरकारले गर्ने नै छ भन्ने कुरा म राख्न चाहन्छु । अर्गानिक प्रदेश हामीले भनेका छौं, रैथाने बालीको मात्रै ह्याँ संरक्षणको कुरा छ, रैथानी बीऊ संरक्षण गरेनौं भने रैथानी बालीको संरक्षण हुन सक्दैन । यलाई ध्यान दिइयोस् र कृषिमा मात्रै होइन, उद्योगधन्दालाई हामीले जोड गरेनौं भने हामीले कर्णाली सम्बृद्धिको सपना मात्रै देख्छौं, त्यो सपना विपनामा परिणत हुन सक्दैन। भूउपयोग नीति मात्रै होइन, सुकुम्बासी, हलिया मुक्त हलिया लगायतका अव्यवस्थित बसोकासका कुराहरु गुठी समस्या समाधान गर्नका निम्ति एउटा भूमिसम्बन्धी कानून र भूमिसम्बन्धी समिति आयोग बनाएर अगाडि बढ्न पर्छ भन्ने कुरा म राख्न चाहन्छु र सँगसँगै घर बलियो जगले, राष्ट्र बलियो प्रारम्भिक बाल विकासले भन्ने एउटा नारा

छ । साँच्चिकै बृद्धि र विकास बालबालिका अवस्थामा नै हुन्छ । त्यो अवस्थाका बालबालिकाहरुको विकासका निम्ति, एकीकृत शिक्षा र स्वास्थ्यको नीतिलाई चाहिँ अगाडि बढाउनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । समय नभएका कारणले धेरै मैले व्याख्या गरिन । युवाहरुका निम्ति वैदेशिक रोजगारमा जाने युवाहरुलाई स्वदेशमा रोजगारी सिर्जना गर्नका निम्ति र एउटा दक्ष जनशक्ति उत्पादन गर्नका निम्ति त्यो प्रकारको कार्यक्रम पनि ल्याउन जरुरी छ भन्ने कुरा राख्दै कर्णाली प्रदेशले कर्णालीमा एउटा परिणाम ल्याउने गरी कार्यक्रम बनाउनेछ र कर्णाली प्रदेशको एउटा संरचनाहरु निर्माण गर्ने गरी अब स्थानीय तहसँग मात्रै समन्वय गरेर होइन, कर्णाली प्रदेशले आफ्नो संयन्त्र बनाएर मात्रै कर्णाली प्रदेशको बजेटले ठीक ढङ्गबाट सदुपयोग गर्न सक्छ, ठीक ढङ्गबाट परिचालन गर्न सक्छ, त्यसैले कर्णाली प्रदेशले त्यो प्रकारको संरचनाहरु बनाउँदै कर्णाली प्रदेशले लिएको सु-सम्बृद्ध कर्णाली, सुखारी कर्णालीवासी बनाउन सक्नेछ भन्ने कुरा राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री मिनासिंह रखाल ।

**माननीय श्री मिनासिंह रखाल :** सभामुख महोदय, आज हामी प्रि बजेटमा छलफल गरिरहेका छौं । माननीय मन्त्री प्रकाश ज्वालाज्यूबाट प्रदेश सभामा प्रस्तुत गर्नुभएको विधेयक, विनियोजन विधेयक २०७६ सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु भन्ने जुन विषयबाट यो प्रि बजेट ह्याँ हामीले प्राप्त गरेका छौं र छलफलमा हामी सहभागी भइरहेका छौं । र यो बजेट आउनु भन्दा अगाडि नीति र कार्यक्रम आइदिएको भए, अझ यस बजेटलाई चाहिँ अलिकित अ प्राथमिकता अथवा यो बजेटलाई पुस गर्नेथ्यो भन्ने मेरो आफ्नो भनाइ छ । र यो बजेट हामीले गत वर्ष पनि यसरी नै छलफल गरेका थियौं र योजनामा विभिन्न योजनामा यी बजेटहरु परिरहेका थिए र यी बजेटका नीति, सिद्धान्त, प्राथमिकताका कुराहरु गर्दा साह्रै राम्रो, सान्दर्भिकहरु छन् । तर यो बजेट अनुसारको हामीले कार्यान्वयन कति गर्यौं, गरिम् कि गरिनम् भन्ने बारेमा समीक्षा गर्न पनि जरुरी थियो र सिद्धान्त र उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु भनिसकेपछि अ सिद्धान्तमा त सम्बृद्ध कर्णाली, सुखारी कर्णाली भन्ने आइरहेको छ । र हामी यो सुखारी कर्णाली कसरी बनाउँछौं र हाम्रा प्राथमिकताहरु के-के हुन् ? र हाम्रा उद्देश्यहरु कसरी पूरा हुन्छन् भन्ने बारेमा उद्देश्य र प्राथमिकतालाई छुट्याउनुपर्ने थियो ? र जसरी शिक्षकहरुले विद्यार्थीहरुलाई सिपालु बनाउनको लागि अथवा ज्ञान दिनको लागि अथवा सक्षम विद्यार्थी बनाउनको लागि एउटा पाठ्यक्रम बनाउँछ, त्यो पाठ्यक्रममा उद्देश्य हुन्छ, उद्देश्य हुन्छ, क्रियाकलाप हुन्छ र मूल्याङ्कन हुन्छ, त्यस्तै गरेर यो पनि मलाई लाग्छ भने सरकार हाम्रो शिक्षक माननीय हामी विद्यार्थी जनता हाम्रो मूल्यांकन गर्ने र हामीले यो बजेट आइसकेपछि यो बजेट विनियोजन भइसकेपछि र जनताले नै मूल्यांकन गर्ने हो । र हामीले कस्ता कार्यक्रमहरु लेर आइम्, र हामी कति सफल भइम् र हाम्रा कुन-कुन उद्देश्यहरु पूरा भए र कुन-कुन उद्देश्यलाई हामीले प्राथमिकतामा राखिम् भनेर मूल्यांकन गर्ने जनता छन् । र आज कर्णाली प्रदेशको विनियोजन विधेयकमा छलफल गरिरहँदा आज हरेक जनताहरुले हामीलाई प्रश्न गरिरहेका छन् र गत वर्षमा कति काम भयो ? कति विकास भयो ? र अब अहिले के हुँदैछ भन्ने बारेमा प्रश्न सोधेको अवस्थामा यो किताब पढ्दाखेरी ह्याँ धेरै कुराहरु आएका छन् । तर केही कुराहरु यहाँ छुट्न गएको कुरामा म यहाँहरुलाई हाम्रो अर्थमन्त्रीज्यूलाई अलिकित अवगत गराउन चाहन्छु । र मलाई लाग्छ, केही विभेद पनि चाहेर होस्, नचाहेर होस्, विभेद भएजस्तो मलाई लागिरहेको छ । कर्णाली प्रदेशको आर्थिक कार्यविधि र ऐन, २०७४ तथा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को कानूनी व्यवस्था अनुरुप विनियोजन विधेयक, २०७६ को सिद्धान्त र उद्देश्य, प्राथमिकता, प्रमुख नीतिहरुमा दीगो विकास चाहेको छ, चुनावी साझा घोषणा आएको छ । सम्बृद्ध कर्णाली, कर्णाली सुखारी कर्णालीवासी आएको छ । कर्णालीको पानी सबैको लगानी भन्ने कुराहरु आएको छ । कर्णाली उज्यालो अभियान भन्ने कुराहरु आएको छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी, विभिन्न वर्ग, क्षेत्र, जाति, लिङ्ग, भाषा, धर्म, अपाङ्ग, अल्पसंख्यक सपैको कुरा आउँदाखेरी जनजातिको कुरा कानिर छुट्यो । आज यो कर्णाली प्रदेशमा तीन तेस्रो तहमा बसिरहेका, जो जनजाति लोकतान्त्रिक महासंघ छ, जनजाति महासंघ छ, यौँ चाहिँ जनजातिका कुराहरु आएनन् । र त्यसैगरी हाम्रो कर्णाली प्रदेशमा हिमाली क्षेत्रमा महिलाहरु विभेदमा छन् । यी हिमाली क्षेत्रका कुराहरु, जो हिमाली क्षेत्रमा बहुपति प्रथामा आफ्नै नियम, आफ्नै कानून बनाएर सरकारको कानूनलाई नमानेर आफ्नै कानूनमा आश्रित रहेका हिमाली क्षेत्रका महिला आज बहुप्रथा मान्ने मानेर बसिरहेका छन्, त्यो बहुपतिको लागि हाम्रो नीतिमा के आउने हो ? त्यो नीति किन लेखिएन ? त्यो नीतिमा आउनुपर्छ भन्ने पनि मेरो कुरा छ । अर्को कुरा, हामी सबै कुराहरु ह्याँ देखिम्, अझ पनि अर्को कुरा, जो हाम्लाई प्रकृति प्रकोपबाट दैवी प्रकोपबाट हामीले सधैंभरी वर्षैपिच्छे एकपल्ट पीडा भोग्नुपर्छ, त्यसको बारेमा किन आएन ? यी जसलाई हामीले अचानक घटना भएपछि राहत दिनुपर्ने कुराहरु ह्याँ चाहिँ दैवीक प्रकोप र प्रकृति प्रकोपको कुराहरु पनि आउनु पर्थ्यो । त्यसैगरी घटना दुर्घटनाको बारेमा पनि आउनुपर्थ्यो । किनभने घटना आफैमा जानेर हुने कुरा होइन । अचानक पर्ने घटनाहरुमा यो कर्णाली प्रदेश कत्तिको उत्तरदायित्व छ भन्ने बारे आउनुपर्ने थ्यो । त्यस्तै अपाङ्ग मात्र होइन, अपाङ्गलाई विशेष कार्यक्रम लेर आउनु पर्छ । र आज अपाङ्गहरु आफैमा पनि निरीह वा सक्षम हुँदाहुँदै पनि आफैमा पनि निरिह, घरपरिवारबाट अपहेलित र त्यस्तो व्यक्तिको लागि संरक्षण गर्नको लागि उनुरको अपाङ्गता मैत्री रोड हुनुपर्छ । अपाङ्गमैत्री स्कुल हुनुपर्छ । अपाङ्गमैत्री व्यवस्था हुनुपर्छ । र त्यसलाई विशेष ध्यान दिइयोस् र त्यसैगरी यस किताबमा दुईटा अरु कुरा छुटेका छन् । सञ्चार र कलासंस्कृति, आज संसारले राम्रो नराम्रो सबै कामहरु सञ्चारबाट नै हाम्ले प्राप्त गर्छौं र आज सञ्चारका कुराहरु पनि ह्याँ छुटिरहेको छ । त्यस्तै कला, संस्कृति हामीसँग विभिन्न बहुजातीय, बहुभाषिक, बहुधार्मिक व्यक्तिहरु बसिरहेको ठाउँमा हाम्रा आफ्ना आफ्ना किसिमका भाषा, शैली, संस्कृति छन् । र त्यस्तो बारेमा, कला संस्कृतिको बारेमा आउनुपर्थ्यो । त्यस्तै आधा आकाश ढाकेका महिलाहरु र महिला महिला मात्रै भन्ने गरिन्छ । महिलाका अधिकारहरु के हुन् त ? गत वर्ष पनि महिलाका कुराहरु आए । छाउपडी प्रथाको निरु निर्मूल गर्ने कुराहरु आए, महिला हिंसासम्बन्धी कुराहरु आए । तर हामीले यी महिलाका आवश्यकताका कुराहरुलाई हाम्रा मन्त्रालयबाट हामीबाट कुनै जिल्लामा गएर अध्ययनको रुपमा काम गरेको देखिएन । त्यसैले महिलाका विशेष कार्यक्रमहरु आउनु पर्छ । त्यस्तै, शिक्षा र साक्ष उत्तरता भनेर भनिएको छ, हाम्रो कर्णाली ६२ प्रसेन्ट साक्षरता बाँकीनिरक्षर नै हुनुहुन्छ । त्यो साक्षरताका लागि विशेष कार्यक्रम आउनुपर्थ्यो । त्यो पनि आउन सकिरहेको छैन र महिला उद्यमीहरुलाई प्रोत्साहन गर्नुपर्थ्यो । महिला कृषकहरुलाई प्रोत्साहन गर्नुपर्ने थियो । यस्ता कुराहरु सबै छुटिरहेका छन् । मैले आफ्नो भनाइमा छुटेका कुराहरु यहाँ राखें । र बाँकी यो किताबले बोलेका कुराहरुलाई म समर्थन गर्दै विदा हुन्छु । हस् धन्यवाद ।

**मा. उपसभामुख :** माननीय श्री पद्मा खड्का, समय : ७ मिनेट, त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री पद्मा खड्का :** सभामुख महोदय, प्रदेश सभाको चौथौं अधिवेशनको दोस्रो बैठकमा प्रस्तुत भएको जुन विनियोजन विधेयक आर्थिक तथा आर्थिक मामिला तथा योजना मन्त्रीले दोस्रो बैठकमा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक र प्रदेश सरकारले ल्याएको जुन विधेयकलाई सर्वप्रथम यो विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुमा जुन छलफल भइरहेको छ, यसका लागि सर्वप्रथम म माननीय मन्त्रीज्यू र प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

आज हामीले प्रदेश सभाको चौंथो अधिवेशनको चौंथो बैठकमा यस विनियोजन विधेयकका सिद्धान्त र उद्देश्य र प्राथमिकतामाथि छलफल गरिरहँदा म यस छलफलमा अगाडि आफ्ना सुझावहरु राख्न उभिरहँदा पक्कै पनि यो विधेयक यो विनियोजन विधेयकले जुन मूल कुरालाई यौं समेटेर ल्याइएको छ । त्यो कुरा आफैमा एउटा सुन्दर छ, व्यवस्थित छ । र यो व्यवस्थित र सुन्दर पक्षलाई कार्यान्वयनमा जाँदा, नीतिमा जाँदा र आउने बजेटमा जाँदा यस्तै सुन्दर र सम्बृद्ध भएर अगाडि आउन सक्यो भने पक्कै पनि यसका पक्षहरु बलियो हुन्छ भन्ने मैले राख्न चाहन्छु । यस्तैगरी हामीले कर्णाली प्रदेश सरकारले दुईटा आर्थिक वर्षको जुन विनियोजन विधेयक र बजेट सार्वजनिक गरिरहँदा र हामीले पुग्नुपर्ने लक्ष्यसम्मन हामी पुग्न सक्यौ कि सकेनौं । अगाडिको समीक्षा हामीले कसरी यहाँ समेट्न सकेका छौं । कसरी हामीले व्यवस्थित गर्न सकेका छौं । भन्ने कुरा प्रमुख कुरा छ । यसलाई मैले मध्यनजर गर्दै, यो जुन विनियोजन विधेयक यहाँ ल्याइएरहेको अवस्थामा हामीले कर्णाली प्रदेशको वर्तमान भौगोलिक विकटता र वर्तमान यसका विभिन्न खाले चुनौतीहरु जुन छन्, त्यो चुनौतीलाई यस विधेयकले, यस विनियोजन विधेयकले प्राथमिकता कसरी निर्धारण गर्न सक्छ र ती प्राथमिकतालाई कार्यान्वयन गर्ने जुन खालको अहिलेको जुन खालको समस्या छ, कर्णालीमा र कर्णाली प्रदेश सरकारलाई। त्यसको मुख्य समस्याहरु कसरी हाम्ले समाधान गर्छौं भन्ने कुरा यहाँ विनियोजन विधेयकले पनि बोल्नपर्छ भन्ने मलाई लाग्छ । र जस्तो यो विधेयकमा हामीले ५१ प्रसेन्ट गरिबीको जुन खालको यो समस्या हाम्रो कर्णाली प्रदेशमा छ । त्यो गरिबीको समस्यालाई माथि उठाउँन र आर्थिक आयस्तरलाई बृद्धि गर्न र हाम्रो बजेटले त्यहाँ त्यो तल्लो स्तरसम्म पुग्नका लागि यो विनियोजन विधेयक सँगसँगै बजेटसँग मेल खान्छ कि खाँदैन ।

नीतिले त्यहाँ मेल खान्छ कि खाँदैन भन्ने कुरा एकदमै त्यो प्राथमिकता हामीले हेरिरहेका छौं, फेरि गर्त वर्षको जस्तै विनियोजन विधेयक एउटा र नीति कार्यक्रम अनि बजेट आउँदा फेरि भिन्न-भिन्न तरिका र त्यो समेटिनुपर्ने पक्ष छुटेको आभाष हामीलाई भइरहेको छ र कार्यान्वयनमा जाँदा समस्याहरु भइरहेका छन् । त्यस्तो पक्षलाई एकदमै महत्त्वका साथ ध्यान दिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । र अर्को कुरा छ जुन हामीले अहिले पनि हामीले विभिन्न नाराहरु सार्वजनिक गरिरहेका छौं । विगतमा पनि ती नाराहरुलाई सार्वजनिक गरिरहेका छौं । र आज हामी कार्यान्वयनमा जाँदा, आज यो कर्णाली प्रदेशको अवस्था हेर्दा, हामीले बजेट मात्र होइन, हामी सुशासनको कुरालाई कति व्यवस्थित गरिरहेका छौं र सुशासनको कुरालाई कार्यान्वयनमा जाँदा हाम्रा विभिन्न संरचनाहरु हामीले कति निर्माण गर्न सक्यौं । संरचना निर्माण गर्न कर्णाली प्रदेशको आधार बलियो बनाएर हामीले आफ्ना संरचनाहरुलाई व्यवस्थित बनाएर जान सकिम् कि सकिनम्, र हाम्रो बजेट त्यो पुग्न सक्यो कि सकेन भन्ने कुराचाहिँ एकदमै अहिलेको चाहिँ यो विनियोजन विधेयक आइरहँदा र हामीले गरेका अगाडिका ती बजेटहरुले ती विधेयकहरुले कार्यान्वयनमा समस्या आएको कुरालाई एकदमै अँ फेरि पनि त्यस्तै हुन्छ कि भन्ने हामीलाई एउटा आभाष पैदा हुन्छ र यस्तो खालको विनियोजन विधेयक आइरहँदा हामी सबैलाई मलाई पनि लाग्ने गरिरहेको छ, सर्वप्रथम नीति तथा कार्यक्रम आइदिएको भए, त्यो नीति तथा कार्यक्रमले बोलेको कुरालाई प्रि बजेटले समेट्ने र प्रि बजेट सँगसँगै फेरि पूर्ण बजेट आउँदा त्यले एकदम सकारात्मक दिशातर्फ अगाडि लग्थ्यो कि भन्ने एउटा हामीलाई त्यस्तो खालको महशुस भइरहेको छ र हामीले धेरै कुरा, आर्थिक सम्बृद्धिका कुरा गरिरहँदा यहाँका कर्णालीवासीका नागरिकको लागि आर्थिक आयस्तरमा बृद्धि गर्ने कुरा गरिरहँदा यहाँको सबैभन्दा ठूलो समस्या बेरोजगारीको समस्यालाई हामीले हल गर्ने के खालको कार्यक्रम ल्याएर बेरोजगारी समस्या हल गर्न सकिन्छ र उत्पादनमा जोड दिंदा हामीले बेरोजगारी समस्यालाई कसरी त्याँसमेट्न सक्छौं भन्ने खालको विनियोजन विधेयकले केहीमा समेट्नुपर्छ भन्ने लाग्छ । र हामीले अनुदानको भरमा मात्रै जहिले

पनि हाम्ले अहिले हाम्ले एकमात्र संघीय सरकारबाट पाउने जुन खालको अनुदानहरु छन्, र हाम्रो कर्णालीवासीको आयस्रोत के हो, हाम्रो राजश्व के हो? हामी केमा बलियो हुन सक्छौं ।

यो कर्णालीवासीमा हाम्रो हामीसँग धेरै जलसम्पदादेखि वनजंगलदेखि र हाम्रा कर्णालीवासीमा उत्पादन भएका विभिन्न काठ, दाउराहरु आज गोलियाका रुपमा बाहिर गइरहेका छन् । त्यो समस्यालाई अब हामीले कर्णाली प्देशको एकदमै धेरैभन्दा धेरै राजश्व सङ्कलन गर्ने विधि के हो ? पद्धति के हो ? यो विनियोजन विधेयकले समेटिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । र सँगसँगै हामीले ल्याउने एउटा पहिलो प्री बजेटमा हामी छलफल गरिरहँदा हामी यहाँ जुनसुकै जातजाति, धर्म, वर्ग, उत्पीडित समुदायहरुका कुराहरु उठिरहँदा र हामीले गर्नुपर्ने र याहाँ कर्णालीमा सबै अति विपन्न वर्गदेखि र सबैलाई समेट्दा खेरी र हाम्रा बजेट एकदमै बालमैत्री र विभिन्न कुरामा समेट्नका लागि पनि अ यो बजेटले तल्लो स्तरसम्मलाई छुनेगरी र तल्लो वर्गलाई छुने गरी र धेरैभन्दा धेरै अझ त्यसमा पनि कर्णालीमा महिलाहरु अझ धेरै जुन खालको एउटा साना-साना व्यवसाय सञ्चालन गरेका महिला दिदीबहिनीहरु त्यस्ता खालका व्यवसायलाई यले उद्यमी बनाउने खालको विनियोजन विधेयकले समेटिने छ भन्ने कुरा आशा राख्दै र अन्तमा आज यस विशेष दिन विशेष समारोहमा पनि भाग लिएका छौं र यो मञ्चबाट मैले आज गणतन्त्र दिवसको कर्णालीवासीहरुमा सबैमा मैले हार्दिक शुभकामना दिंदै आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री दानसिंह परियार, त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियार :** सभामुख महोदय, आज गणतन्त्र स्थापना भको दिनलाई म पहिलो सम्झना चाहन्छु । र सहिदहरुको सपनालाई हामीले गणतान्त्रिक शासन व्यवस्थाको चाहिँ कार्यान्वयन गर्ने सन्दर्भमा हामीले सहिदहरुको रगतलाई एकपटक म फेरि सम्झिन चाहन्छु र आज गणतन्त्र दिनकै दिनमा एकातिर संघीय सरकारको बजेट पनि आइराख्याछ, त्यो दिनलाई पनि मैले सम्झिराख्या छु । कि नेपालका गरिबहरुले, तपाईको चाहिँ उत्पीडितहरुले, नेपालका बेरोजगारहरुले यसलाई सम्बोधन गर्छ कि गर्दैन भन्ने नजिकबाट हेरिराख्याछन् । र त्यो सँगसँगै गणतन्त्र प्राप्तिका निमित्त चाहिँ संघर्ष गर्दै जाँदा चाहिँ म आफै पनि जेल गएको दिनलाई सम्झिराख्या छु मैले आज । र मैले आज के मानेमा गौरव गरिराखेको छु कि जसले हामीले बलिदानी गर्यौं, नयाँ व्यवस्था स्थापनाका निमित्त जसले बलिदानी गर्यौं, त्यो बलिदानीको कार्यान्वयन गर्न्ने ठाउँमा चाहिँ आज प्रतिनिधिको हैसियतले ह्याँ उपस्थित हुन पाउँदा गौरव गरिराख्याछु मैले । र आज जसरी हामीले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश ज्वालाको नेतृत्वमा आएको यो कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७६ को चाहिँ सिद्धान्त, उद्देश्य र प्राथमिकताको सन्दर्भमा चाहिँ मैले आफ्नो धारणा दिन गइरहेको छु ह्याँ । र पहिलो कुरा त हामीले आज एकातिर संघीय सरकारको त बजेट आउँदैछ, त्यो सँगसँगै आज हामीले कर्णालीका जनताहरुले आज हामीलाई नजिकबाट हेरिराख्या छन् कि कर्णालीको चाहिँ जनताको भविष्य र भाग्यरेखा कोर्ने ठाउँमा हाम्रा जनप्रतिनिधिहरुले के आवाज राखिराख्छन् भन्ने कुरा नजिकबाट हेरिराख्या छन् आज । एकातिर हामीले भन्यौं, सामाजिक, सांस्कृतिक क्रान्तिको नेतृत्व गर्ने, एकातिर हामीले कम्युनिष्ट सरकारको चाहिँ नेतृत्व गरिराख्या छौं ।

अर्कोतिर आमूल परिवर्तन चाहने जनसमुदायले चाहिँ आगामी नीति, कार्यक्रम र बजेटले यो कम्युनिष्ट सरकारले सम्बोधन गर्छ कि गर्दैन भन्ने कुरा नजिकबाट हेरिराख्याछन् । म ह्याँ भन्न चाहन्छु, जसले हामीले संविधानतः समाजउन्मुख अर्थ व्यवस्थाको परिकल्पना गरिराख्या छौं हामीले, समाजवादको कुरा हामीले चाहिँ संविधानः व्यवस्था गरिराख्या छौं । र त्यसका आधारहरु हामीले आउँदो हाम्रो नीति कार्यक्रममा त्यलाई

सम्बोधन गर्न सक्छौं कि सक्दैनौं, सबैभन्दा पहिलो प्रश्न यही छ । समाजवादउन्मुख अर्थ व्यवस्थाचाहिँ निर्माण गर्दा समाजवादउन्मुख चाहिँ राज्य व्यवस्था सञ्चालन गर्दा साँच्चिकै समाजवादका आधारहरु हामीले चाहिँ आगामी नीति कार्यक्रममा हामीले सम्बोधन गर्यौं कि गरेनौं, यो नजिकको प्रश्न हो आज । त्यही कुरा आज जनताले नजिकबाट हेरिराख्या छन् हामीले । नेपालका सबै क्रान्ति भए । ती सबै क्रान्तिमा चाहिँ विशेषतः हामीले चार वटा कुरा चाहिँ हामीले प्राप्ती गर्यौं । पहिलो कुरा गणतन्त्र प्राप्ती गर्यौं । दोस्रो कुरा हामीले संघीयता प्राप्त गर्यौं । तेस्रो कुरा हामीले तपाईको धर्मनिरपेक्षता प्राप्त गर्यौं । र चाैथो कुरा हामीले तपाईको चाहिँ समावेशीता प्राप्त गर्यौं र आज हामीले यो तपाईको विनियोजन विधेयकमा मैले हेरैं, यसमा सबैभन्दा चाहिँ ठूलो नारा आइरहेको छ कि सम्बृद्ध कर्णाली, सुखारी कर्णालीवासी । यो अत्यन्त गौरवमय चाहिँ तपाईको चाहिँ नारा आइराख्या छ हामीले । एकातिर अहिले हामीसँग नयाँ व्यवस्थाको चाहिँ कार्यान्वयन गर्नुपर्ने, तत्कालै नयाँ संरचनाको चाहिँ कार्यान्वयन गर्नुपर्ने भको कारणले गर्दा कैयौं संरचना अभावको कारणले गर्दा हाम्रो नीति कार्यक्रम चाहिँ कार्यान्वयन भइराख्या छैन । हामीसँग जनशक्ति अभावको कारणले गर्दा कैंयौं हामीले सोचेका कामहरु पनि हुन सकिराख्या छैनन् । र अर्कोतिर जनताको चाहिँ जनअपेक्षा अहिलेको सरकारप्रति अहिलेको जनताको जनम्याण्डेट प्रति चाहिँ हामीले चाहिँ ती जनतालाई सम्बोधन गर्न सक्यौं कि सकेनौं । मैले अस्ति गाउँमा जाँदा सोचिरहेको थिएँ, ती गिट्टी कुट्ने आमाहरु सोचिराख्या छन् कि साँच्चिकै नयाँ बजेटमा हामीलाई के आउँछ ? कैयौं बेरोजगार युवाहरुले भनिराख्या छन् कि आज १५ हजारको निमित्त चाहिँ खाडी मुलुकमा ४५ डिग्रीको घाममा चाहिँ तपाईको चाहिँ पसिना चुहाइराख्या छन् । ती बेरोजगार युवालाई हामी सम्बोधन गर्न सक्छौं कि सक्दैनौं र कर्णालीभित्र कैयौं पर्यटकीय सम्भावित क्षेत्रहरु छन्, कैयौं खानीजन्य चीजहरु छन्, कैयौं जलस्रोतको सम्भावना छ । हामीले भनेका छौं कि हाम्रो कार्यकालमा यो सरकारले न्यूनतम गर्नुपर्ने कुराहरु हामीले गर्न सक्छौं कि सक्दैनौं ? जहिले पनि हामीले बहस गरिराख्या छौं कि हामीले कर्णाली प्रदेश ५१ प्रसेन्ट चाहिँ गरिबीको मुनी छ । त्यसको एउटा कारण चाहिँ मैले जहिले पनि सदनमा बोलिराख्या छु कि ५२ प्रसेन्ट भित्र करिब २५ प्रसेन्ट चाहिँ कर्णाली प्रदेशमा चाहिँ दलित समुदायको जनसंख्या छ । त्यो ५२ प्रसेन्टको एउटै कारण चाहिँ दलित समुदाय हो । सबैभन्दा चाहिँ संघीयता कसको निमित्त थियो ? जुन वर्ग, समुदायको निमित्त संघीयता हामीले प्राप्त गरेका थियौं तर अघिल्ला वर्षका नीति कार्यक्रमले साँच्चिकै उत्पीडित समुदायलाई छोएको छैन ।

यो र त्यो नाममा फेरि राज्यको स्रोत साधन त माफियाहरुले चाहिँ प्रयोग गरिराख्या छन् । यो त्यो नाममा राज्यको स्रोत साधन फेरि सामन्तहरुले त्यसको नेतृत्व गरिराख्या छन् । त्यसो भकोले हामीले भनिराख्या छौं कि आगामी आउने बजेट साँच्चिकै ती गरिबहरुको निमित्त, ती बेरोजगारहरुको निमित्त, ती अपाङ्गहरुको निमित्त, ती गिट्टी कुट्नेहरुको निमित्त हामीले सम्बोधन गर्न सक्छौं कि सक्दैनौ ? आज विश्वका जति पनि संघीयताको अभ्यास गरिरहेका देशहरुको हेर्दा जाँ संघीयता सफल रहेको छ, त्याँ गरिबी अन्त्य भको छ । जहाँ संघीयता सफल भएको छ त्याँ बेरोजगारीता अन्त्य भएको छ । जहाँ संघीयता अन्त्य भएको छ, त्याँ सामाजिक, सांस्कृतिक रुपान्तरणको नेतृत्व चाहिँ धेरै देशहरुमा चाहिँ तपाईहरुले कम्युनिष्ट सत्ता र सरकारले गर्छ भनेर जनताले त्यो खाले म्याण्डेट दिइराख्या छन् । त्यसो भकोले म अन्त्यमा के भन्न चाहन्छु भने बजेट जति पनि अहिले विनियोजन विधेयकमा आएका कुराहरुलाई बजेटमा चाहिँ जो छुटयो, बजेटमा न्यायोचित वितरण, सामाजिक न्याय सहितको चाहिँ तपाईंको चाहिँ राज्य व्यवस्थाको हामी परिकल्पना गर्न सक्छौं कि सक्दैनौं । आधारभूत रुपमा गरिब, बेरोजगार र उत्पीडितहरुले राज्य व्यवस्था हाम्रो हो कि होइन ? भन्ने कुरा महसुस गराउन सक्छौं कि सक्दैनौं । यो कुराचाहिँ आगामी नीतिले जति सम्बोधन गरिराख्या छ, त्यो कुरालाई चाहिँ संरचनागत र तपाईंको चाहिँ बजेटमा चाहिँ सम्बोधन गरियोस् । तब मात्रै

हामीले चाहिँ कर्णाली प्रदेश सरकारमा हामी दुई तिहाइ हुनु करिब छ तिहाई बहुमत सहितको सरकारको अभ्यास गर्दैछौं हामी । तमाम गरिबहरुले, तमाम उत्पीडितहरुले, तमाम बेरोजगारहरुले, तमाम अपाङ्गहरुले हामीले नजिकबाट हेरिराख्या छन् र ती जनताका हामीले हाम्रो सरकारकोतर्फबाट हामी जनताको जनप्रतिनिधिकोतर्फबाट हमीले त्यो कुरालाई जनस्तरमा लिन सक्छौं कि सक्दनौं । यो अहिले सबैभन्दा ठूलो कुराचाहिँ यही भइराख्या छ । यही कुरालाई ध्यान दिनको निमित्त आगामी नीति, कार्यक्रमले सम्बोधन गरोस् र बजेटमार्फत् ती गरिब, निमुखाहरुको चाहिँ आशु पुछनको निमित्त कर्णाली प्रदेश सरकारले चाहिँ गहन रुपम सोचोस् भन्ने अग्रीम शुभकामनासहित मेरो भनाइ यही टुङ्ग्याउँछु । धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री गणेशप्रसाद सिंह । समय : ७ मिनेट, त्यसपछि पदमबहादुर रोकाया, माननीय पदमबहादुर रोकाया तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, आज इतिहासले कर्वट फेरेको दिन । र महान् सहिदहरुले कुर्वानी गरेको दिन । सर्वप्रथम म महान् सहिदहरुप्रति सलाम टक्र्याउँछु । यो संघीयता फेडरालिजमको मर्म विभेदको अन्त्य हो । र आज शौभाग्य आजको दिन प्रिन्सिपल, प्राइरिटी र पोलिसी, सिद्धान्त, प्राथमिकता र प्रमुख नीतिको विषयमा हामी बहस गरिरहेका छौं । अब नीति, कार्यक्रम आउँदैछ । बजेट आउँदैछ । अनुभवले म २/३ टा सुझाव दिन चाहन्छु कि माननीय अर्थमन्त्रीज्यूले दुई नम्बर बुँदामा लेख्नुभएको छ । चालु आर्थिक वर्षको बजेटमा कार्यान्वयनको अनुभवको समेतलाई माननीयहरुको मतलब धारणालाई विशेष आधार बनाइन्छ भनेको हुँदा अहिले यो ७७ बुँदे यो विधेयकमा मैले सर्वप्रथम कार्यान्वयन पक्षलाई गम्भीरतापूर्वक लिइनेछ भनेर लेख्न म सुझाव दिन चाहन्छु नम्बर १ । नम्बर २ भूगोल, जनसंख्या, दुर्गम, पीछडिएको क्षेत्रको आधारमा सन्तुलित र समावेशी बजेट बजेट विनियोजनमा विशेष ध्यान दिइनेछ भनेर लेख्न म आग्रह गर्दछु । नम्बर ३ कृषि प्रधान देश, यहाँ हाम्रो प्रदेश अर्गानिक प्रदेश अर्गानिक प्रदेश भएको हुँदा र मुलुकले आर्थिक सम्बृद्धि, सुखी नेपालीको नारा बोलिरहेको र कर्णालीले सम्बृद्ध कर्णाली, सुखारी कर्णाली बोलिरहेको बेला अब अहिलेको आवश्यकता, अर्गानिक क्रान्तिको आवश्यकता, त्यसो हुँदा अहिले जो बजेटको सिलिङ अर्थमन्त्रीले दिइराख्नु भएको छ, २ करोड ७५ यो कम हुन्छ । २ अरब २५ करोड डबल हुनुपर्छ। ४ अरब ५० करोड अनि मात्रै उत्पादनमूलक, व्यावसायिकमूलक, त्यो उद्यमशीलता, त्यो रोजगारीमूलक, सबै-सबै हुन सक्छ । अब यो समान ढङ्गले बजेट जो विनियोजन गर्ने, हामी सिद्धान्तमा जो मतलब जान खोज्यौं । यसले कर्णालीलाई सम्बृद्ध र सुखारी बनाउन सक्दैन । यो मेरो सुझाव हो । चौंथो कुरा लगानीमैत्री वातावरण निर्माण गर्नको लागि, जनताको जीउधनको सुरक्षामा ग्यारेण्टी दिनको लागि, शान्ति सुरक्षालाई विशेष व्यवस्था गरिनु पर्छ । यसो भयो भने कर्णाली सम्बृद्धि हुन सक्छ । कर्णालीको स्तर माथि उठ्न सक्छ । अब प्रायोरिटीमा के हो त, एउटा अनुभवलाई लिंदाखेरी अब हामीले अनुभवलाई व्यवहारमा लिनको लागि र ७७ बुँदे अर्थमन्त्रीज्यूले ल्याउनु भएको विधेयक जो छ, यो सुन्दर छ । यो असाध्यै राम्रो छ । समस्या हाम्रो कार्यान्वयनमा हो । त्यसकारण मैले कार्यान्वयनमा गम्भीरतापूर्वक लिइन्छ भनी लेखेर जाउँ । विगतको अनुभव, टाइमिङ्गको हिसाबले, कार्यतालिकाको हिसाबले, कार्यविधिको हिसाबले हामीलाई तीतो अनुभूति भइराख्या छ । कि हामीले थोरै बजेट भएपनि कार्यान्वयनमा लिन सकेनौं नि त । त्यसको पछाडि लेख्नैपर्छ गम्भीरतापूर्व हामी अगाडि जानै पर्छ । त्यो जानका निमित्त पनि यो स्टेज लिन आवश्यक छ । तेस्रो बजेटमा हामीले जोड गरेर रेज गर्न आवश्यक छ। नभए निर्माण गर्ने कुरामा असाध्यै राम्रो सुन्दर हुने, कार्यान्वयनमा निर्माणमा सुन्दर र सुखारी हुने, कार्यान्वयनमा दुखारी हुने हो कि ? कार्यान्वयनमा सुखारी बनाउनुपर्ने होलिन त ? त्यसो हुँदाखेरी सुखारी बनाउनको निमित्त हामी सबैले प्रतिबद्धता जाहेर यो विधिमा

गरौं र नीति, निर्माण गरेर प्राथमिकता प्रतिबद्धता जाहेर गर्दै यो चाहिने नीतिलाई अझ सुन्दर बनाउँ भन्ने मेरो सुझाव राख्दै विदा हुन्छु हवस्त धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री पदमबहादुर रोकाया, समय ७ मिनेट । त्यसपछि माननीय श्री वीरबहादुर शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री पदमबहादुर रोकाया :** सभामुख महोदय, सर्वप्रथम आज १२ औं गणतन्त्र दिवसको अवसरमा हामी यहाँ उपस्थित भइरा छौं । शुभकामना यही गणतन्त्रको उपलब्धि होला । हामी यो हलमा उपस्थिति भएर बस्न र बोल्न पाएको । माननीय प्रकाश ज्वालाज्यूबाट प्रदेश सभा प्रस्तुत गर्नभएको कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७६ को सिद्धान्त र उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु यो किताबमा ११ वटा पेजमा ७७ वटा बुँदामा लेख्नुभएको छ । यसको लागि माननीय आर्थिक मामिला मन्त्री प्रकाश ज्वालालाई धन्यवाद दिन चाहन्छु । यस्तै-यस्तै किताब, यस्तै-यस्तै बुँदाहरु, धेरै मिठा–-मिठा बुँदाहरु, ७५/७६ को बजेटमा पनि आएको थियो । यही विषयमा हामीहरुले धेरै माननीय सदस्यहरु बोलेका थिए । कतिको कार्यान्वयन भयो भएन, तपाई हामी सबै साक्षी नै छौं । किताबमा त राम्रै लेखिएको हुन्छ त कार्यान्वयन कतिको गर्न सकिन्छ । यो भन्दा अगाडि ७४/७५ को बजेट १ अर्ब ५ हजार रुपैयाँ अनि ७५/७६ को बजेट २८, २८, २८ आएको थियो । कति कार्यान्वयन भयो, कति भएन तपाई हामी सबैसँग थाहा छ । यो ७६/७७ को बजेट पनि त्यस्तै हुने हो भने अनि किताबमा मिठा कुरा लेखिएर पनि त के साध्य होला । ह्याँ भनिएको छ, कर्णालीको पानी जनताको लगानी । पानी नदीमा बगिरहेको छ । बजेट कर्णाली प्रदेशमा थन्किरहेको छ । अनि पानी र बजेट, त्यो बजेट पानीमा लगानी हुँदैन भने कसरी पानी सदुपयोग हुन्छ होला ? बत्ती नभएर घर अँध्यारा छन् ? पानी खान नपाएर गाग्राहरु, घैटाहरु रित्तै छन् । पानी नभएर सिंचाई, खेतहरु आज धान रोप्ने जेठको महिना आज बाँझो भइरहेका छन् । अनि त्यो कर्णाली प्रदेशको बजेट त्यो पानीमा लगानी गर्नुपर्यो कि परेन ? यही कर्णाली प्रदेशको सुर्खेत राजधानी छ, आज तपाई हामी सबै माननीयहरु बसेका छौं । सुर्खेतवासीहरु बसेका छुन् । यहाँ त दशै जिल्लाका मानिसहरु आइरहेका छन् । कतिको हामीले पानी उपलब्ध छ ? खानेपानी छैन । लुगा धुने पानी छैन । नुहाउने पानी छैन भने अनि नारा मात्रै सीमित भएर हुँदैन । अनि यहाँ कर्णालीवासी सुखारी भन्ने आएको छ । हो हामी कर्णालीवासी दुखारी नै छौं । होला हामी माननीयहरु अझ त्यो कर्णाली प्रदेशका सदस्य माननीय भएका छौं । हामी खान लाउन पाएका हौंला । सुखारी हौंला । तर कर्णाली प्रदेशका जनताहरु सुखारी छन् कि दुखारी छन् । जनता दुखारी भए हामी पनि दुखारी नै छौं । जनता सुखारी भए हामी पनि सुखारी हुन्छौं । जनता हामीलाई पठाएका छन् हामीलाई । तपाईहरु पनि सुखारी हुनु हामीलाई पनि सुखारी गर भनेर पठाइसकेका छन् हामीलाई यहाँ । अब सुखारी हुनका निम्ति अब यो बजेट हजारौं कर्णालीका युवाहरु खाडी मुलुकमा, रोजगारको लागि भौंतारिरहेका छन् । सडक र गल्लीमा घुमिरहेका छन् । इण्डियाका कस्मिरदेखि कन्याकुमारीसम्म घुमिरहेका छन् कर्णालीका युवाहरु । तिनीहरु युवाहरु रोजगार दिनको निम्ति कर्णालीमा उद्योगधन्दा कलकारखाना खोल्नुपर्छ कि पर्दैन ? खोई अहिलेसम्म २०७४/०७५, ०७५/०७६ को बजेट हिजो माननीय सदस्यज्यूले भन्नुभयो एउटै उद्योग सञ्चालनमा छैन। संघीय सरकारले सिंजाको खिचखन्ने भन्ने ठाउँमा आर्थिक विकास क्षेत्र घोषणा गरेर दुई वर्ष लगानी गरिसकेको छ । मैले पहिला पनि भनेको थिएँ, त्यहाँ एउटै बजेट छुट्टिएन । त्यहाँ हाम्रो मन्त्रीज्यू नरेश भण्डारीलाई थाहा होला।

हाम्रो माननीय दीनबन्धु दाजुसँग थाहा होला । अरु माननीय थाहा नहुन सक्छ। खिचखन्ने भन्ने आर्थिक विकास क्षेत्र लगानी गरेको दुईपटकसम्म केन्द्रीय सरकारले, अहिले प्रदेश सरकारले लगानी गर्न सकेको छैन । यहाँ भनिएको छ उत्तर-दक्षिण जोड्ने बाटो मुगु-रारा-अनि नाग्म, सिंजा अनि रारा तालमा बजेट

छुट्टिएयो कि छुट्टिएन यहाँ ? हामीलाई कोइसन गर्दै थिए सिंजाका दाजुभाइहरु तपाईहरुले प्रदेश सरकारबाट सिंजाको बाटोमा छुट्याउनु भएको कि भएन ? मैले भनें संघीय सरकारले हेरेको छ अहिले । प्रदेश सरकारले अर्को पटक हेर्छ भने आर्थिक मामिला मन्त्री २० करोड छुट्याएको भन्नुभयो। अस्ती २० करोड किन टेण्डर भएन ? कहाँ रोकियो त्यो ? त्यसैकारणले यसलाई यस्ता समस्या हरेक जिल्लामा छन्, हरेक क्षेत्रमा छन् । अबको बजेट निर्वाचन क्षेत्र विकास कोषमा जानुपर्छ र समानुपातिक हिसाबले जानुपर्छ । यो कुनै हो कि कोही ठाउँमा १ अरब डेढ अरब जाने, कोही ठाउँमा १० करोड जाने, यो सिद्धान्त होइन, त्यलाई सिद्धान्त भनिदैन । त्यसैकारणले सभामुख महोदय, अबको बजेट सबै माननीयहरुको सबै बसेर बिहान मुख्यमन्त्रीज्यूले भाषण गर्नुभयो, यो गोप्य कोठामा होइन, मन्त्रीको भित्रको कोठा फाइल चाबी लगाउनु पर्दछ । खुल्ला बजेट बाँड्नुपर्छ भन्नुभयो । त्यही अनुमान त्यही अनुरुप गर्नुपर्दछ अब यो गोप्य होइन यो, त्यसै कारणले अब समय पनि सिद्धियो, म यही भनाइलाई म अब यहीँ अन्त्य गर्न अनुमति चाहन्छु । धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री वीरबहादुर शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री कुर्मराज शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री वीरबहादुर शाही :** माननीय सभामुख महोदय, आर्थिक मामिला मन्त्रालयको २०७६ को विधेयकमा यो अत्यन्त सान्दर्भिक किताब निक्लेको छ । र यस नीति कार्यक्रममा छलफल गर्दा मैले यो ४२ नं. बुँदामा देखेको छु । यो बुँदालाई सम्बोधन गर्दै यो हिमाली जिल्लामा बहुपतीप्रथा अहिलेसम्म यो रहेको र यलाई अन्त्य गर्नलाई यो बुँदामा थपिनुपर्छ । र भन्ने गरिएको छ कर्णाली प्रदेश सुखी कर्णाली सम्बृद्ध कर्णाली भन्ने नारा छ । यो नारालाई नाराका रुपमा सीमित मात्र नरही हो हाम्रो कर्णाली जिल्ला कर्णाली प्रदेशमा थुप्रै सम्भाव्यताहरु जडीबूटीलगायत सिंचाईहरु उपलब्ध हुने ठाउँ सुख्खा भूमि रहिरहेको छ। त्यसलाई नीतिमा अत्यन्तै ल्याउनुपर्छ र यो तिब्बतमा म हाम्रा कर्णालीका तीन वटा नाकाहरु छन् । त्यो नाकाहरुमा त्यो नाका विधेयकमा आएको देखिएको छैन र हामीले जति विधेयकमा, नीतिमा ल्याए तापनि कार्यान्वयन पक्षमा अगाडि बढ्नुपर्छ र जब कार्यान्वयन पक्ष हामीले ध्यान दिन सकेनौं भनेसी यो जति पनि सुन्दर लिएको अगाडि बढ्न सक्दैन र मेरो एउटा भूगोलको हिसाबले पनि यो हाम्रो उपर कर्णालीका सडक नपुगेको जिल्लालाई विशेष क्षेत्र घोषणा गर्ने मैले यो किताबमा आएको छैन । यलाई ल्याउनका निमित्त आग्रह गर्दे मेरो भनाइ यही अन्त्य गर्दछु धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री रातो कामी, समय ७ मिनेट । त्यसपछि माननीय श्री सुशीलकुमार थापा तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री रातो कामी :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशको प्रदेश सभाको चौंथो अधिवेशनको चौंथो बैठकमा माननीय आन्तरिक मामिला आर्थिक मामिला मन्त्रीज्यूबाट प्रस्तुत भएको कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक २०७६का सिद्धान्त, उद्देश्य र प्राथमिकता र नीतिहरु सम्बन्धमा हामी छलफलमा छौं । यो एउटा जुन पुस्तकमा यो लेखिएको छ, यसले सबै कुराहरुलाई समेटेको छ । र यसमा कैयौं कुराहरु ध्यान दिनुपर्ने, कैयौं कुराहरु जोड दिनुपर्ने त निश्चै छ । यसको बारेमा आज हामी बाह्रौं गणतन्त्र दिवस पनि हामीले कर्णाली प्रदेशमा हामीले मनाएका छौं । र दिवसको अवसरमा केही शुभ संकेतहरु पनि देखा परेका चाहिँ छन् । जसले गर्दा गणतन्त्र स्थापना भएको १२ वर्ष बितिसकेपछि कर्णाली प्रदेशमा हामीले दोस्रो वर्षको बजेटको हामीले छलफल गरिरहेका छौं । यस सन्दर्भमा कर्णाली प्रदेशका कैयौं गर्नैपर्ने कामहरुलाई अथवा कर्णाली प्रदेशलाई उठाउँने सन्दर्भमा हामीले छलफल, बहस हामी गरिरहेका छौं । यसैगरेर मुलुक निर्माण गर्ने सन्दर्भमा कैयौं यूरोपले आफ्नो गतिविधि व्यापक रुपमा त्यहाँको

जनतालाई उत्पादन र औद्योगिकको औद्योगिकीकरणको माध्यमबाट व्यापक विकास गरिरहेको बेला भारतमा महात्मा गान्धीले ब्रिटिसको एउटा शासनबाट आफूलाई मुक्त गराउँदै चर्खा अभियान सञ्चालन गरेर देश अहिले भारत एउटा औद्योगिक क्रान्ति अथवा चाहिँ दक्षिण एसियाकै शक्तिशाली राष्ट्रमा परिणत भएको छ । नेपालमा हामीले राजनीतिक क्रान्ति परिवर्तन भइसकेपछि ५१ सालमा कम्युनिष्ट पार्टीको सरकारले ल्याएका केही नीति अथवा विकासका केही गतिहरु अहिलेसम्मलाई जसका विकासभएर अगाडि बढिरहेका छन् । चाहे सामाजिक सुरक्षाको क्षेत्रमा होेस्, चाहे आफ्नो गाउँ आफै बनाऔं भन्दै जनताको नजिकसम्मलाई खोजेर आउनेसम्मलाई कुरा होस् । के त्यसैगरी परिवर्तन आज नेपालमा धेरै मान्छेहरुले कम्युनिष्ट पार्टी र कम्युनिष्ट सरकारको बारेमा फगत कुरा गरिरहेका चाहिँ छन् । हाम्रो सिद्धान्त र हाम्रो चाहिँ साम्यवादी, समाजवादी लक्ष्यमाथि हामीलाई हमला गरिरहेका चाहिँ छन् । यसका सन्दर्भमा ७४ को वर्षलाई ७४ साल चुनावी वर्षमा बितेको छ । ७५ सालमा स्थानीय स्तरका सरकार र हामीले प्रदेश सरकार, संघ सरकारको माध्यमबाट आएका बजेटहरु यो वर्ष हामीले जनताको बीचमा सन्तोषजनक बजेट नभएको कुरा पनि सबैमा अहिले व्याप्त छलफल भइरहँदा आजमात्रै संघीय सरकारले एउटा बजेट ल्याउँदैछ, र प्रदेश सरकार हामी कर्णाली प्रदेशलेल पनि बजेटका बारेमा हामी छलफल गरिरहेका छौं । त्यसैगरीकन निसाना लाउने गरिकन कर्णालीमा हामी गरौंला । किताबका यो मतलब चाहिँ सिद्धान्त, उद्देश्य, प्राथमिकता, नीति, कार्यक्रम जे आएका छन्, यी सबै गर्नुपर्ने काम हुन् । यसमा पनि प्रदेश सरकारका आर्थिक मामिला मन्त्रीज्यू र प्रदेश सरकारका जिम्मेवारी स्थानमा रहनुभएका हाम्रा मन्त्रीमण्डल, मुख्यमन्त्री र मन्त्रिपरिषद्को कार्यालयले कर्णाली प्रदेशमा कुन प्रकारको निसाना ल्याउने हो, लगाउने हो त्यो जनताका बीचमा देखिने गरी, अनुभूति हुने गरीकन ल्याउनु पर्दछ भन्ने मेरो चाहिँ जोडदाररुपमा म माग गर्न चाहन्छु । यो सँगसँगै आज हामी कृषिमा क्रान्ति ल्याउन खोजिरहेका चाहिँ छौं । र हामीले त्यतिमात्रै नभइकन उत्पीडित समुदाय र वर्गीय हिसाबले पछि परेका अथवा ५१ प्रतिशत गरिबीको रेखामुनी रहेका हामीले जनतालाई माथि ल्याउने ध्येय हाम्रो छ । ध्येय हाम्रो छ । बारबार त्यो अव्यक्त हुन्छ, त्यो सबैबाट । अव्यक्त मात्रै भएर हुँदैन, त्यसमा जोड दिनु जरुरी छ । ह्याँ भन्ने गरेका छन् कैयौं हाम्रा अग्रजहरुले भन्ने गरेका कुराहरुलाई हामीले स्मरण नगरिरहन सक्दैनौं ।

हामीले चीनियाँ कम्युनिष्ट आन्दोलनमा राजनीतिक कार्यदिशा सही या गलत हुनुले सबै कुराको निधो गर्दछ । कार्यदिशा सही छ भने प्राप्त उपलब्धिमा थपिएर जान्छन् र कार्यदिशा गलत भयो भने भएका कुराहरु पनि ध्वंश भएर जान्छन् अथवा समाप्त हुन्छन् भन्ने कुरा त्यहाँ संश्लेषण भएको थियो । आज नेपालमा नेपाली क्रान्तिको वरपरबाट अथवा हामीले चाहिँ आन्दोलनबाट के कुराको शिक्षा र के कुराको अहिले टड्कारो आवश्यकता छ भने राजनीतिक कार्यदिशा सही हुँदाहुँदै पनि काम गर्ने कारिन्दाले सही ढंगले काम नगर्दा त्यो केबल फगत कागजी खोस्टो भएको छ । आज सरकारका नीति कार्यक्रमहरु सबै प्रकारका क्षेत्रमा गर्नुपर्ने जो-जो कुराहरु छन्, ती सही ढंगले कार्यान्वयन नहुँदा हामीचाहिँ एकदम निकम्मा बन्न पुगेका चाहिँ छौं । त्यसैले गर्दा कर्णाली प्रदेश सरकारले जोड दिने विषयलाई असाध्यै महत्त्वपूर्ण ढंगले त्यसलाई कामकाजीको भाषामा अगाडि बढाउनुपर्दछ भन्ने कुरा राख्न चाहन्छु र यहाँ अशक्त, अपांगहरुको असाध्यै चाहिने एउटा समस्यामा चाहिँ ग्रसित भएका छन् । उनीहरुलाई विशेष प्रकारको कार्यक्रम ल्याउन र मानवीय संशाधन विकासअन्तर्गतका दलितहरुको र महिलाहरुको पछि परेका क्षेत्र र वर्गीय हिसाबले पछि परेका जनसमुदायहरुलाई र खासगरीकन युवाहरुमा रोजगारी र अर्गानिक प्रदेशको निर्माण गर्दा अर्गानिक प्रकारको मोडेल तयार गरेर यलाई विशेष ढंगले अगाडि बढ्यौ भने लाग्छ हामीचाहिँ सफल हुन्छौं र सफलताको विन्दुमा पुग्दछौं र यी कुरा राख्दै म आफ्ना भनाइहरु यही अन्त्य गर्दछु। धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री सुशीलकुमार थापा, समय ७ मिनेट । त्यसपछि माननीय श्री अमृता शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री सुशीलकुमार थापा :** माननीय सभामुख महोदय, आज ऐतिहासिक दिन । गणतन्त्र स्थापित भएको दिन । ती महान् सहिदप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु र सम्पूर्ण कर्णालीवासीप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । आज कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक २०७६का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुप्रति छलफल गरिरहँदा यहाँ यो हामीले विनियोजन विधेयक जुन हामीले व्यापकरुपमा बहस र यसको छलफल गरिरहेका छौं, थुप्रै कुराहरु यहाँ आइसकेका छन्। र यो विनियोजन विधेयक हेर्दा जुन हाम्रो नेपाल सरकारले सम्बृद्ध नेपाल, सुखी नेपाली जुन एउटा नाराका साथ अगाडि बढिरहेको छ । त्यस्तै हाम्रो कर्णाली प्रदेशले सम्बृद्ध कर्णाली प्रदेश सुखी कर्णालीवासी भन्ने जुन नाराका साथ अगाडि बढिरहेको छ । यो विनियोजन विधेयकले हेर्दा मलाई लाग्छ यो कुरालाई समावेश गरेर अगाडि बढिरहेको मैले महशुस गरिरहेको छु । तर विगतका विनियोजन विधेयक, नीति, कार्यक्रम र बजेटलाई हेर्दा र अब आउने आइरहेको यो विनियोजन विधेयक र आउँदै गरेको नीति, कार्यक्रम र भोलिको दिनमा आउने बजेट विगतको ७५/०७६ को जस्तो नभई पक्कै पनि त्योबाट एउटा हामीले हिजोको त्यो प्रक्रियाबाट एउटा शिक्षा सिकेर आज यो जुन विनियोजन विधेयकले सबै क्षेत्रलाई समेट्ने प्रयत्न गरिरहेको छ, जसरी । त्यसैगरी भोलिको बजेट पनि यो विनियोजन विधेयक पूर्वतिर बजेट, पश्चिमतिर फर्केको अवस्थाबाट नीति, कार्यक्रम, पूर्वतिर बजेट, पश्चिमतिर फर्केको अवस्थाबाट अगाडि बढ्ने नभई यही ढंगले भोलि समावेश गरिने गरी अगाडि बढ्नेछ भन्ने मैले अपेक्षा पनि लिएको छु ।

सभामुख महोदय, यो विनियोजन विधेयकभित्र हामीले यो कर्णाली प्रदेशमा थुप्रै खालका समस्याहरु छन्, केही कुराहरु छुटेकै छन् । जस्तो गुठीकै समस्या, जो गुठीले अहिले दैलेखको केही भूगोल हेर्नुहुन्छ भने माइग्रेसन भएर त्यहाँको भूगोल नै खाली हुने अवस्था छ । धेरै थुप्रै त्यहाँका जनताहरुले भनिराखुभाछ कि त्यहाँको जग्गा अहिले किनबेच गर्दा त्यहाँको मूल्यभन्दा बढी कर तिर्नुपर्ने अवस्था छ । त्यहाँ अहिले पनि त्यहाँको जग्गा बैंकमा धरौटी राखेर ऋण झिकौं भने त्यो मिल्दैन त्यहाँको जग्गा । त्यस्तो दर्दनाकपूर्ण अवस्था छ। त्यसलाई एउटा गुरुयोजना बनाएर हामीले समस्या समाधान गर्ने हामीले एउटा प्लानिङ बनाउनुपर्छ, त्यतातिर यो समावेश भएन, यसलाई अलि ख्याल गर्नुपर्छ जस्तो मलाई लाग्छ । अर्को कुरा यहाँचाहिँ बाहिर हाम्रो साथीहरु आइराखुभाछ । आज जनताका घर नजिक अर्थात् नजिकै तीनटा तहको सरकार छ, विशेषगरी प्रदेश सरकार भइरहँदा एउटा वर्ग, एउटा क्षेत्र जो अपाङ्ग यहाँ उपस्थित भइराखुभाछ, मलाई लाग्छ यो सरकारले दिनानुदिन उहाँहरु ह्वीलचियरमा यो बजेटको केही दिन अगाडि ह्वीलचियरमा बाध्यात्मक अवस्था सम्झेर यो सम्मानित सदनमा अब यो सरकारले यो संसद र सरकारले हाम्रा बारेमा के गर्छ त भनेर प्रत्येक दिन दुःखदायीपूर्ण यात्रा गर्दै यहाँ आउनुपर्ने अवस्था सिर्जना भइराछ । मलाई पक्कै पनि विश्वास छ यो विनियोजन विधेयकले त्यलाई सम्बोधन गर्दै भोलि नीति, कार्यक्रममा समावेश गर्दै भोलिको बजेटमा दीर्घकालीन समस्या समाधान गर्नका लागि अपाङ्गको एउटा गुरुयोजना र एउटा अर्को अटिजम भन्ने छ, त्यो अटिजम यी दुइटा कुरालाई समावेश गरेर अगाडि ल्याउनेछ । म यो कुरा विश्वास गर्न चाहन्छु कि हामीले भन्नपर्यो कि नागरिक कर्णाली कि हाम्रा नागरिक हइनन् भन्नुपर्यो, हुन् भने तीनलाई किन हामीले दीर्घकालीन समस्या समाधान गर्नका लागि अगाडि बढेनौं । के साँच्चै तीनको दीर्घकालीन समस्या समाधान गर्न सकेनौं अटिजम अर्थात् अपाङ्ग, यिनलाई सकेनौं भने सम्बृद्ध कर्णाली सुखी कर्णालीवासीको सपना पूरा हुन्छ ? के त्यो वर्गलाई त्यो सम्बृद्ध कर्णाली र सुखी कर्णालीवासीको त्यो सपना त्यो वर्गलाई चाहिदैन ? त्यो वर्गलाई कि सपना पूरा नगराएरै सम्बृद्ध कर्णाली र सुखी कर्णाली बन्छ ? यदि बन्छ भने मैले भन्नु केही छैन । होइन भने यो कर्णालीमा भएका सबै क्षेत्रका, सबैभन्दा उत्पीडनमा रहेका

सबैलाई हामीले समावेश गरेर अगाडि लग्यौं र तीनले पक्कै पनि राज्य भको अनुभूति गर्ने र म नेपाली नागरिक भएको कर्णालीवासी अर्थात् कर्णालीको नागरिक भएको गर्व गर्ने लायकको यदि यो बजेटले अर्थात् यो आगामी कार्यक्रमहरुले समावेश गर्छ भने पक्कै पनि त्यो अपनत्वलाई महशुस गराउनेछ भन्ने मैले विश्वास गरेको छु । अर्को कुरा, अपर कर्णाली एलपी ग्याँस, पेट्रोलजस्तो दैलेखमा उत्खनन् गर्ने कुरा छ । मध्यपहाडी राजमार्ग, कोहलपुरदेखि हिल्सासम्मको जो सडक छ, यो हाम्रो कर्णाली प्रदेशको एउटा लाइफलाइनको रुपमा रहेको छ । यो कहाँ पुगेको छ, यो संघीय सरकारसँग हाम्रो कोअर्डिनेसन कहाँ पुग्यो ? यो कहिले हुन्छ ? कसले गर्ने हो? यसको डिपिआरदेखि अरु के-के काम भयो ? के हुन बाँकी छ त ? यसलाई पनि समावेश गरेर हामी अगाडि जानपर्छ भन्ने कुरा राख्न चाहन्छु । हवस्त धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री अमृता शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री झोवा वि.क. तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री अमृता शाही :** सभामुख महोदय, सर्वप्रथम आज गणतन्त्र दिवसको उपलक्ष्यमा सम्पूर्ण महान् सहिदप्रति सम्मान व्यक्त गर्छु र सम्पूर्ण हाम्रा कर्णालीवासी जनताहरुमा शुभकामना व्यक्त गर्छु। आज यो माननीय मन्त्री प्रकाश ज्वालाज्यूले प्रदेश सभा प्रस्तुत भएको विधेयक सिद्धान्त, उद्देश्य, प्राथमिकता, नीति, कार्यक्रममा भाग लिंदै गर्दा आज अघि बोल्ने साथीहरुले भन्नुभयो सम्पूर्ण कुरा । यो विधेयकमा एकदमै धेरै समेटिएको छ । यो विधेयक ल्याउने मन्त्रीज्यूलाई धन्यवाद व्यक्त गर्छु । यो विधेयकमा जति कुरा समेटिएको छन्, यसमा । यो हाम्रो कर्णालीवासीको जनताको घरदैलोमा पुग्नुपर्यो । यो किताबमा सीमित हुनु भएन । सम्पूर्ण छ शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण सम्पूर्ण छ । यसमा जति छ, यो पुग्नुपर्यो । योभन्दा गत वर्ष पनि थियो, किताबमा हामीले पढेर, छलफल गरेर हामीले त्यो विधेयक अथवा त्यो बजेटको डल्लो हिसाबकिताब गरेर हामीले सदनबाट पास गर्यौं । त्यो पास भयो । त्यो कहाँ गयो, कता गयो । जनताको कसरी काम भको छ ? त्यसमा के छ ? त्यसको बारेमा हामीले पनि त्यसको हामीले जनतालाई यति दियौ भनेर हामीलाई अनुभूति पनि हुनुपर्यो र त्यसमा जनताले पनि हो कर्णाली सरकारले हामीलाई एकदमै हेल्प गर्यो । हाम्रा सुखका दिन आए, दुःखका दिन गए, त्योचाहिँ उनीहरुलाई पनि आभास होस् । भयो कि भएन ? अथवा त्यतिखेर नभए पनि यो किताबमा आएको सम्पूर्ण पुगोस् । जनताहरुलाई र सरकारले पनि गरोस् । यसमा सर्वप्रथम म यो सडकको बारेमा स्वास्थ्यको बारेमा, सडकको बारेमा कहाँ, कति सडकहरु निर्माण भए ? अथवा पहिलेका सडकहरु हुँदैछन् कि यो सडकको कुरा गर्दैगर्दा अलिकति मलाई भन्ने मन लाग्यो यो हाम्रो राजधानी सुर्खेतमा किन हाम्रा यी सडकहरु, हाम्रो यो मन्त्रालय आउने बाटोमा यिनी सडकहरु अलपत्र परिराख्या छन् । हामी सबले भनिराख्याछौं किनकि यो सडकलाई कसरी हामीले अरुले हेर्दा पनि टक्क यो राजधानी यति राम्रोसित बनेको छ । यसको कुनाकन्दारामा कसरी विकास भएको होला ? भन्ने लागिहालोस् न अन्त नभए पनि । यो राजधानीमा पनि विकास हुनु पर्यो नि ? त्यो पनि छैन र जस्तैः कर्णालीको पानी जनताको लगानी भन्ने छ, कर्णालीको पानी हाम्रो एकदम सुख्खा जमिनमा गएर हाम्रो खानेपानी र सिंचाई नभएर हाम्रो सबभन्दा मुख्य कारण गरिबी हुनुपर्ने कारण त्यही छ । किनकि सिंचाई छैन, अलिकति जग्गा भए पनि सिंचाई नभएपछि केही पनि उब्जनी छैन । अनि हाम्रो जनताले ६ महिना पनि खान पुग्दैन । सिंचाई नभएको कारणले । अनि खानेपानीको लागि महिला दिदीबहिनीहरु घण्टौंघण्टौंसम्म कहाँकहाँ पुगेर पानीको जोहो गर्छन् । त्यसको लागि एकदमै आवश्यक छ खानेपानी र सिंचाई । त्यसमा स्वास्थ्य पनि हुनु आवश्यक, स्वास्थ्य मात्रै केन्द्र भएर भएन त्यसमा डाक्टर हुनुपर्यो । बिरामी हुँदाखेरी कर्णालीबाट हेलिकप्टरमा ओसारेर यहाँ कति जनालाई ल्याउन सकिन्छ ? यसको बारेमा पनि सरकारको ध्यान जाओस् र रातो बत्ती पनि बलिसक्यो । यति कुरा गर्दै यहाँ सहिदको बारेमा लेखिएको रैछ । सहिद सम्पूर्ण सहिद बलिदान प्राप्तले हाम्रो कर्णाली

प्रदेश बन्यो भन्ने एउटा कुरा यहाँ छ, यति मात्रै भनेर हामीले सधैं सहिदलाई नमस्ते गरेर अथवा फूलको गुच्छा चढाएर सहिदको मन त अब उहाँहरु स्वर्गमा हुनुहुन्छ, उहाँहरुको चित्त बुझ्ला । तर सहिद परिवारको लागि यसमा खासै केही कुरा लेखिएको देखिन मैले । यसको बारेमा चाहिँ सरकारले लेख्नुपर्यो र अनि सहिदको परिवारलाई के गर्नुपर्छ ? उहाँहरुलाई सम्मान भनेर एउटा माला र खादा मात्र ओढाएर भएन कि त्यो परिवारलाई शिक्षा अथवा रोजगार यसको बारेमा सरकारले सोचोस् र अपाङ्गता भएका साथीहरु हिजो पनि बोलिदिनुहोला, मेरो बारे, हाम्रो बारेमा त्यहाँ बाहिर उसमा एउटा चिट दिनुभएको थियो । यसमा पनि आउन त आएको रैछ, अपाङ्गता भएको तर अपाङ्गता भएकोलाई रोजगार, सहिद, केरे तालिम यस्तो आफूहरुलाई सम्पूर्ण सुविधा यिनी हाम्रा कार्यालयहरु, बाटाहरु भन्नुभएको छ । यसको लागि पनि सरकारले पहिल गरोस् र उहाँहरुको लागि के-कस्तो माग छ, सरकारले एकदमै आवश्यक उहाँहरुको आवश्यकता पूरा गरोस् भन्ने चाहन्छु र फेरि पनि सम्पूर्णलाई यो सहिद केरे गणतन्त्र दिवसको शुभकामना व्यक्त गर्दै हवस्त धन्यवाद । नमस्कार ।

**माननीय उपसभामुख :** माननीय श्री झोवा वि.क., समय ७ मिनेट । त्यसपछि माननीय श्री विन्दमान बिष्ट तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री झोवा वि.क. :** सभामुख महादेय, यो हरिया किताब आया छ । यति राम्रो किताब आया छ। अब मन त झन् ढुकढुक गर्न थाल्यो । अब किताब आएर त्यहीमा योजना पार्ने हो कि ? पार्दैन कि ? अब कतिको योजना पार्ने हो कि ? मन ढुकढुक झन् त्यही हरिया किताबले झन् मन ढुकढुक गर्न थाल्या छ । अलि शान्ति हुने थियो । अब आइसकेपछि कतिको योजना पार्ने हो कि ? कति पिछडिएको क्षेत्रलाई हेर्ने हो कि ? कति जनजातिलाई हेर्ने हो कि ? कति दलितलाई हेर्ने हो कि ? कति महिलालाई हेर्ने हो कि ? सबैको मुन ढुकढुक हुन लाया छ । अनि हाम्रो माथितिर पिछडिएको क्षेत्र जनजाति भन्नु सबभन्दा अगाडि पिछडिएको क्षेत्र अनि जनजाति, महिला, दलितको बारेमा अगाडि नै कुरा आउँछन् । अब कामकाज चाहिँ सबभन्दा पछि नै पार्छन् । हामीलाई अगाडि कहिले पार्ने होइन । अब पिछडिएको क्षेत्र भनेर हाम्रो माथितिर अब तीन दिन हामी भारी बोकेर किरा खोज्न जान्छन् । पोहोर मैले बोलेकै हो हाम्रो कानून मन्त्रीलाई । यो माथि किरा खोज्ने ठाउँमा चाहिँ हामीलाई के रे पुलिस सुरक्षाकर्मी चाहिँ अलि थप गर्नुहोला । माथितिर गुण्डा आउँछन् । हामीले दुःख पाउँछम् भनेर । अब हामी बन्दै गलिगयो, मन्त्रीहरु सुन्दै गलिगयो । अब कहिले पार्ने हो कि थाहै छैन ? अनि हामीलाई अब माथितिर योजना त पार्छन्, पार्न त पारेर धौ-धौ गरेर पन्ध्र लाख, सात लाख, पच्चीस लाखको पारेथ्यो । त्यही पनि जुम्लामा गएर अब त्यही पन्ध्र लाखले दुई लाखले बाटोमा खाने होला। अब के योजना गर्ने ? अब योजना गर्ने ठाउँ छैन ? यो बहुत हामीलाई गाह्रो लागेछ । अनि के चाहिँ के रे कैले १ करोड हुने ठाउँमा माथि भोटको क्षेत्रतिर यहाँबाट ढुवानी कति लाग्छन् । मट्टितेल खर्च हामीले गाडी गुड्ने छैन । प्लेन चढ्ने छैन । अब हिँडेर जाने ठाउँमा अब सबथोक लिनुपर्छन् । त्यलाई योजना १ करोड परेमा हामीलाई अलि हुन्छ । त्यैमा पन्ध्र लाख, पच्चीस लाख, सात लाखले के गर्ने हो त ? पेटमा हाल्ने हो कि बाटो बनाउने ? हामीलाई त्यतिकै गाह्रो भया छ । आउँदो ७६ को योजनामा हामी पनि एकदमै आशा लाग्या छ । यो किताबले बहुत मन ढुकढुक, मेरो छाति हानिसक्या । अब के गरौं । कति दिने हो कि ? माग्न गए पछि हाँसीले मुखले दिने हो कि ? उँधारा थोलो गर्ने हो कि ? के पो मलाई त बहुत चिन्ता लागिराछ । अब यो चोटी चाहिँ तपाईहरु, मन्त्रीहरु, त्यसो नगर्नुहोला । अलि पिछडिएको क्षेत्रमा हेर्नुहोला। दलित पनि माथि नै छ । जनजाति पनि माथि नै छ । अब जनजातिको विषयमा चाहिँ यी चासो पढ्नेको चासो छ । मास्टर आउँछुन् । अब हाम्रो भाषा तिनीहरुले बुझ्दैन । यो करोबेरो करोबेरो तिनीहरुले बुझ्दैन । तिनीहरुको भाषा हामी अहिले चाहिँ पर्फेक्ट भनलाई हामीलाई गाह्रो । त्यै गर्दा त हामीलाई पछाडि पार्यो । नत्र त

हामी पनि डिग्री गर्न मन लाकै त छ । एस्एल्सी दिन मन लाकै त छ । अब भएर के गर्ने ? हाम्रो माथितिर भाषाको कमिले चाहिँ मास्टरहरु पनि जान्दैन । हामीहरु बच्चाहरु पनि जाउ भनेपछि त्यै मास्टरको भाषा हामी जान्दैन भनेर गाह्रो गरेछ । त्यलाई स्कुल पनि हामीलाई अहिले चाहिँ मास्टरहरु थप गर्नु स्कुल बनाउन्या । यो चोटी बहुत हामीलाई चाहिँ पिछडिएको क्षेत्रलाई राम्रोसँग मन्त्रीहरु हामीलाई हेर्नुहोला । धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री विन्दमान बिष्ट, समय ७ मिनेट । त्यसपछि माननीय श्री गोपाल शर्मा तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री विन्दमान बिष्ट :** सभामुख महोदय, हामी कर्णाली प्रदेशको विनियोजन विधेयक, २०७६का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु यहाँ प्रस्तुत भइसकेपछि यसमाथि हामी छलफल गरिराखेका छौं, सुझावहरु प्रस्तुत गरिराखेका छौं । सभामुख महोदय, ठीक १ वर्ष अगाडि यस्तै सिद्धान्त, नीति र प्राथमिकताहरुमाथि छलफल गर्न यो रोष्ट्रममा उपस्थित हुँदाखेरी जनताका केही आशाहरु सहित उपस्थित भएका थियौं । ठीक एक वर्षपछि यही रोष्ट्रममा उही सिद्धान्त, उद्देश्य, नीति र कार्यक्रममध्ये नीति र प्राथमिकताहरुमाथि छलफलमा सहभागी हुन यो रोष्ट्रममा उपस्थित हुँदाखेरी जनताका केही सवालहरु सहित प्रश्नहरु सहित उपस्थित भएको कुरा म यो सम्मानित सदनमा सबभन्दा पहिला म जानकारी गराउन चाहन्छु । दोस्रो कुरा, हामी कर्णाली प्रदेशलाई सुखी, के रे सम्बृद्ध बनाउने कर्णालीवासीलाई सुखारी बनाउने कुरा गरिराखेका छौं, यो कुरा गर्दैगर्दा खेरी हामी पूरै संघीय सरकारको अनुदानमा हामी बजेट निर्माण गर्दछौं । अघिल्लो वर्ष पनि हामीले छलफल गर्यौं, बहस गर्यौं, हाम्रो आयस्रोतलाई हाम्रो आयलाई कसरी बृद्धि गर्ने होला ? त्यो अनुसारका कार्यक्रमहरु कसरी हामीले सञ्चालन गर्ने होला ? बजेटमा त्यो अनुरुपका कार्यक्रमहरु हामीले कसरी समेट्ने होला ? यो विषयमा सम्भवतः मलाई लाग्छ गम्भीरतापूर्वक छलफल र बहसहरु भएका थिए । हामीले हाम्रो कार्यकालभित्र कर्णालीवासी जनताहरुको २१ सय डलर प्रतिव्यक्ति आय हामीले पुर्याउने अपेक्षा गरेका छौं । अहिले यो सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु अध्ययन गर्दैगर्दा खेरी हाम्रा लक्ष्यहरु पुर्याउनका लागि, लक्ष्यहरुमा पुग्नका लागि त्यो अनुसारको बजेट विनियोजन गर्ने कुरा गरेका छौं । मैले सुनेको छु, विज्ञहरुले प्रस्तुत गर्दाखेरी २१ सय डलर प्रतिव्यक्ति आय गर्दा खेरी ३२ प्रतिशत यो आय बृद्धि हुनुपर्छ भनेर प्रक्षेपण गरिएको छ । आज हामी झण्डै झण्डै ७ प्रतिशतको आर्थिक बृद्धिको दरमा हामी कर्णाली प्रदेशका मान्छेहरु छौं । हाम्रो यही अनुसारको बजेट हामीले जे अभ्यास गर्दै आइराखेका छौं । यो अनुसारको बजेट र यो अनुसारको कार्यक्रममा हामीले तय गर्दै जाँदाखेरी त्यहाँ हामी पुग्न सक्छौं कि सक्दैनौं । यो विषयमा हामी गम्भीरतापूर्वक छलफल गर्न जरुरी छ जस्तो लाग्छ मलाई ।

हाम्रो अहिलेको चुनौती भनेको आर्थिक बृद्धिलाई कसरी हामीले व्यवस्थित गर्ने होला ? आर्थिक बृद्धिलाई कसरी हामीले बढाउने होला ? र त्यसपछि गएर यो हामीसँग जे साधन स्रोतहरु छन्, त्यसको समन्यायिक वितरण कसरी गर्ने होला ? हाम्रो चुनौती आज यहाँ छ ? हाम्रो आगामी आर्थिक वर्षको बजेटमा यतातिर हामी केन्द्रित हुनको निमित्त जरुरी छ । माननीय आर्थिक मामिला मन्त्रीज्यूको माननीय सभामुखमार्फत् म यहाँ ध्यानाकर्षण गराउन चाहन्छु । हामीलाई आर्थिक बृद्धि कसरी बृद्धि गर्ने ? त्यसपछि गएर त्यो वितरण प्रणालीलाई कसरी समन्यायिक बनाउने ? नीति, कार्यक्रममा त सबैकुरा समेटिएका छन् । अर्कोले लेखे पनि यही लेख्थ्यो, अर्कोले लेखे पनि यही लेख्थ्यो, तर यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा हामी कहाँ चुकिराखेका छौं ? के भइराखेको छ यसको समीक्षा गर्न जरुरी छ, म यी कुरा गर्न चाहन्छु । हाम्रोजस्तो प्रदेशमा हामीले सुनेका छौं, उदारवादी अर्थतन्त्रको कुरा, प्राइभेटिजमको कुरा छ, हामीले अर्को पनि आर्थिक मोडेल

हेरेका छौं, राज्य नियन्त्रित आर्थिक मोडेल छ, हामी उदारिकरणमार्फत् जाँदाखेरी हाम्रो प्रदेशमा के हुन्छ ? नीजिकरणको कुराबाट अगाडि बढ्दाखेरी हाम्रो प्रदेशमा के हुन्छ ? मैले त के देखेको छु भने सभामुख महोदय, ठूला लगानीकर्ता र हाम्रो प्रदेशमा राज्य प्रवेश नगर्ने ? हामीसँग भएका लगानीकर्ताहरु प्रदेश भित्रिरहेका लगानीकर्ताहरुको ठूलो स्रोत उनीहरुसँग नहुने ? उनीहरुले लगानी गर्न नसक्ने ? यो अवस्थामा निजी क्षेत्रलाई हामीले निजी क्षेत्रलाई मात्रै बढावा दिएर हामीले जे लक्ष्य राखेका छौं, जे उद्देश्य राखेका छौं, २१ सय डलरको, यहाँ हामी पुग्न सक्छौं कि सक्दैनौ ? सम्पूर्ण रुपमा राज्य नियन्त्रित अर्थतन्त्र बनाएर पनि हामी अगाडि बढ्न नसक्ने होला । हामीले त संविधानमा भनिसकेका छौं, संविधानले घोषणा गरिसकेको छ कि समाजवाद उन्मुख अर्थतन्त्र अथवा समाजवादउन्मुख व्यवस्थातिर हामी गइरहेका छौं । समाजवादमा जानको निमित्त पूँजीको बृद्धि गर्नुपर्ने आवश्यकता हो कि होइन ? आज हामी कुन अवस्थामा छौं । हाम्रो प्रदेश कुन अवस्थामा छ । त्यसो हुँदाखेरी मलाई लाग्छ हामीले विगतको बजेटको अभ्यास गर्दैगर्दाखेरी सरकारले गरेका कामहरु राम्रा हुँदैनन् ? त्यसकारणले गर्दाखेरी सरकारले काम के रे आफ्ना कम्पनीहरु, आफ्ना उद्योगहरु सञ्चालन नगर्नेतिर सरकारका मन्त्रीहरुको, सरकारको अलिकति ध्यान त्यतातिर गइरहेको मैले बुझ्छु । म यो सम्मानित सदनमार्फत् माननीय सभामुखमार्फत् प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु कि हाम्रोजस्तो प्रदेशमा सरकारले आफैं केही नगरिकन निजी क्षेत्रको मात्रै हामीले निजी क्षेत्रलाई मात्र जिम्मा लगाएर जनताका आर्थिक आयस्तर बृद्धि हुने र त्यसपछि गएर हामी सम्बृद्ध कर्णालीमा पुग्ने कुराको हामी कल्पना गर्न छोड्दा हुन्छ जस्तो लाग्छ मलाई । त्यसो हुँदाखेरी सरकारको र त्यसपछि निजी क्षेत्रको पार्टनरसीप हामीले कसरी गर्न सक्छौं ? त्यो कुराको हामीले अहिले ग्यारेण्टी गर्न जरुरी छ । जनताको सहभागीतामा फेरि सहकारीको कुरो पनि आएको छ । हाम्रो प्रदेशका सहकारीहरु कुन अवस्थामा छन् ?

अहिले एक वर्षमा हामीले खासगरी अर्थतन्त्रको एउटा महत्त्वपूर्ण खम्बाको रुपमा सहकारीलाई विकसित गरेर लैजाने हो भनेपछि हामीले यो वर्षको एक वर्षको हाम्रो प्रगति के हो सहकारी क्षेत्रको ? सहकारीले हामीले विकास गरेर कहाँ पुर्याऔं । यसको पनि समीक्षा हुन जरुरी छ । सहकारीको समीक्षा गरौं । निजी क्षेत्रको पनि लगानीको समीक्षा गरौं । र प्रदेश सरकारले आफै गर्नुपर्ने कामको पनि हामीले समीक्षा गरेर । यी तीनटा खम्बालाई हामीले व्यवस्थित गर्न सकेनौ भनेपछि फेरि पनि हाम्रो समस्या पैदा हुन्छ । त्यसकारणले गर्दाखेरी यतातिर ध्यान आकृष्ट होस् । म यो कुरा यहाँ राख्न चाहन्छु । हामी हाम्रा डाटाहरु राष्ट्रिय डाटामा मात्रै हामी भर नपरौं । विदेशीहरुले बनाएका डाटामा मात्रै हामी भर नपरौं । हाम्रो अवस्था के हो ? रियालिटी के हो ? राष्ट्रिय डाटामा आधारित भएर बनाएका कार्यक्रमहरु अहिलेसम्म कर्णालीमा फेल भइराखेका छन् किन ? त्यसको हामीले समीक्षा गर्नु पर्छ कि पर्दैन ? त्यसकारणले गर्दाखेरी हाम्रा आफ्नै डाटाहरु रियलमा गरिबी हाम्रो कति हो ? रियलमा हाम्रो बेरोजगारी कति हो ? रियलमा हाम्रो अशिक्षा कति हो ? यो कुराको हाम्रो आफ्नो डाटा बनायौं, हाम्रो मानव सूचकांकको कुरा जो गरिराखेका छौं, यो यथार्थ छ कि फजुल छ ? त्यसकारणले गर्दाखेरी हामीले यथार्थतामा टिकेर हाम्रो डाटा निर्माण गरेर त्यो अनुसारका योजनाहरु निर्माण गरेर अगाडि बढ्ने अवस्था सिर्जना भयो भनेपछि मात्रै हामीले वैज्ञानिक योजना बनाएर अगाडि बढ्न सक्ने अवस्था होला । त्यसकारणले गर्दाखेरी हामी त्यतातिर केन्द्रित हौं । म यो कुरा आग्रह गर्न चाहन्छु र त्यसपछि गएर प्राथमिकताको कुरा गर्नुभएको छ, प्राथमिकतामा मेरो आफ्नो कुरा के छ ? अरु प्राथमिकताहरु निर्धारण गर्नुभएको छ ठीक छ, तर त्यसको १ नम्बर प्राथमिकतामा के राखम् त भन्दाखेरी हाम्रो बनाएका योजनाहरु, कार्यक्रमहरु हाम्रो बजेट कार्यान्वयन कसरी गर्ने हो ? त्यो १ नम्बर प्राथमिकतामा हुनुपर्दछ । अहिलेको यो अवस्थालाई हेर्दाखेरी १ नम्बर प्राथमिकतामा बजेट कार्यान्वयनको ग्यारेण्टी गरौं, त्यसपछि गएर २ नम्बरदेखि लिएर अरु प्राथमिकता जे निर्धारण गरिएका छन्,

ती कुरा ठीकै छन् । त्यसकारणले गर्दाखेरी अब यतातिर केन्द्रित हुन जरुरी छ जस्तो लाग्छ मलाई । त्यसकारण(ाले गर्दाखेरी सभाामुख महोदय, अब म अन्तिममा के भन्न चाहन्छु भन्दाखेरी गणतन्त्र स्थापना भएको १२ वर्ष भयो । गणतन्त्र स्थापना भएको १२ वर्षभयो, भनिन्छ १२ वर्षमा खोलो फर्किन्छ । माननीय अर्थमन्त्रीका आर्थिक मामिला मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु, माननीय सभामुखमार्फत् १२ वर्षमा अहिले हामी खोलो फर्काऔं । १२ वर्षमा हामी अहिले खोलो आफैं फर्किन्छ भन्छन् हामी यो कर्णाली प्रदेशको सरकार, कर्णाली प्रदेशको संसद सबै मिलेर यहाँका सबै मिलेर हामी जनतासहितको सहभागीतामा १२ वर्षमा खोलो फर्काऔं। जे अवस्था र हविगत हाम्रो छ, यो अवस्था र हविगतबाट हामी मुक्त भएर त्यसपछि गएर एउटा सकारात्मक बाटोतिर अगाडि बढ्नेतिर हामी अगाडि बढौं भन्न चाहन्छु धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री गोपाल शर्मा, त्यसपछि माननीय श्री सोशीला शाही तयारी अवस्थामा रहनु होला । समय ७ मिनेट ।

**माननीय श्री गोपाल शर्मा :** माननीय सभामुख महोदय, पूर्व तयारी बजेटको पूर्व तयारी छलफलको सन्दर्भमा यहाँ आफ्ना केही धारणाहरु राख्न चाहन्छु । खासगरी आर्थिक मामिला मन्त्रीज्यूले धेरै मेहनत गरेर संक्षेपमा धेरै कुराहरु अटाएर यो प्रस्ताव प्रस्तुत गर्नुभएको छ । यसको निम्ति म आर्थिक मामिला मन्त्रीज्यूलाई माननीय सभामुखमार्फत् हार्दिक धन्यवाद दिन चाहन्छु । माननीय सभामुख महोदय, हाम्रो यो प्रस्तावमा खासगरी हाम्रो बजेटले आधारभूतरुपले ५ वटा उद्देश्य राखेको छ । यो ५ वटा उद्देश्यको प्रमुख उद्देश्य भनेको कर्णालीवासीको जीवन बदल्ने कुरा नै हाम्रो प्रमुख उद्देश्य छ । यसो गर्दाखेरी हामी कहीं पनि अहिलेको यो प्रस्तावमा कहीं पनि प्रश्न उठाउँनुपर्ने ठाउँ छैन । जसले बजेटलाई प्रभावित गरोस् वा बजेट कमजोर आओस् भन्ने संकेत पनि भेटाउन सकिदैन । यसले धेरै कुरा समेटेको छ र बजेट यो अनुसार आयो भने मलाई लाग्छ अब त्यो सर्वमान्य नै हुनेछ । धेरै साथीहरुले चिन्ता व्यक्त गर्नुभयो । हामी आउँदै गर्दा बाहिर कतिपय अपाङ्गता भएका साथीहरुले पनि हाम्रो बारेमा भन्नुपर्यो भन्नुहुन्छ । कतिपय खासगरी जाति, जनजाति, उत्पीडित वर्ग समुदायका साथीहरुको भाव पनि त्यस्तो छ । तर हाम्रो कुरा यसमा उहाँहरुको कुरा यसमा छ कि छैन ? भनेर खोज्दै जाँदा हरेक हरफहरुमा त्यो अंश भेटिन्छ । र हरेक समुदाय उत्पीडित समुदाय, वर्ग, समुदाय र सबै खालका विभेदमा पारिएकाहरुलाई पनि उत्थान गर्ने कार्यक्रम अपेक्षाको हिसाबले यसले राखेको छ । र हामीले बजेटमा हामीले त्यो बजेटमा प्रतिबिम्बित होस् भन्ने कुराहरु यसमार्फत् शुभकामना, शुभेच्छा राख्न चाहन्छु । र मैले धेरै कुरा, खासगरी सभामुख महोदय, हाम्रो समस्या के हो ? भन्ने कुरा यहाँ आइसकेको छ । समस्या शब्दहरुको छैन । शब्दहरु पर्याप्त छन् । धेर पटक आएका छन् । पर्याप्त शब्दहरु छन् । सम्बोधन पर्याप्त छ । प्रतिबद्धता हामीसँग पर्याप्त छ । तर पर्याप्त प्रतिबद्धता हामी गर्छौं, शब्दहरु दोहोर्याएर, तेहेर्याएर वा संश्लेषित गरेर राख्छौं, कुनै पनि छुटाउँदैनौं । तर कार्यान्वयमा हाम्रो समस्या कहाँ छ ? गत वर्ष पनि यस्तो खालको हरियो किताब आयो हामीसँग वा बुक आयो । त्यस्ता सन्दर्भहरु आए । बजेटमा आउँदाखेरी के भयो भन्दाखेरी बजेटमा व्यक्त हुँदाखेरी फरक रुपमा आयो । बजेटमा फेरि व्यक्त भयो । कार्यान्वयनमा जाँदाखेरी फेरि अर्को रुप आयो । त्यसकारण रुपै पक्ष यहाँ एउटा प्रस्ताव आउने ? फेरि अर्को प्रक्रियामा अर्कै व्यक्त हुने, जो स्थिति छ, त्यसलाई हामीले सुधार गर्न जरुरी छ ।

सवाल कार्यान्वयनको हो । मुख्य समस्या कार्यान्वयन हो । कार्यान्वयनको सवालमा हाम्रा समस्याहरुलाई, हाम्रा शैलीहरुलाई, हाम्रा तरिकाहरुलाई बदल्न सकेनौं भने हामीले जति वटा प्रतिबद्धता गरे पनि, जति वटा शब्दमा हामी खेल्दा पनि हुँदैन । त्यसकारण कार्यान्वयनमै प्राथमिकतामा हामीले जोड गरांै, त्यो कुरा मैले यहाँ भन्न चाहन्छु । सभामुख महोदय, केही शब्दहरु यहाँ छन्, मेरो ध्यान त्यतापट्टी छ । पूर्वाधार

विकासलाई द्रुत गति प्रदान गर्न उपयुक्त संयन्त्र निर्माण गर्ने यसले संकेत गरेको छ । के हो उपयुक्त संयन्त्र ? अहिलेका भएका संयन्त्रहरुले काम गर्न त्यसलाई प्रभावकारी नबनाउने फेरि अर्को संयन्त्रको संकेत कहाँ गर्न खोजेको हो ? कस्तो खालको संयन्त्र बनाउन खोजिएको हो ? भएका संयन्त्रलाई प्रभावकारी बनाऔं । भएको मन्त्रालयहरु चलिराखेका छैनन् । मन्त्रालयले प्रभावकारी रुपमा काम गरिराख्या छैनन् । फेरि द्रुत गति अर्को कोले गर्छ । मन्त्रालय नै द्रुत गति नहुन्जेल अर्को सयन्त्र कसरी द्रुत गति हुन सक्छ ? यो कुरा मैले यहाँ उल्लेख गर्न चाहन्छु । केही शब्दहरु अलिकति मिलाएर आएका छन् । अन्तरपुस्ता कृषि पेशा हस्तान्तरण भनेर भन्या के हो ? पुरानो पुस्ताले अब कृषिमा केही पनि योगदान नगर्ने भन्या हो ? हस्तान्तरण कृषिमा कृषि पेशा हस्तान्तरण भन्दा पनि युवालाई कृषि पेशामा प्रेरित गर्ने कुरा हुन सक्छ । त्यलाई हामीले अलिकति शब्दहरुलाई मिलाएर राखौं । साक्षर कर्णाली कि शिक्षित कर्णाली ? हामीले यस्ता कुराहरुलाई ध्यान दिऔं । र खासगरी स्थानीय तहलाई म भर गर्ने, विश्वास गर्ने र त्यलाई प्रभावकारी परिचालन गर्ने समस्या हामीसँग छ । यो पटक ध्यान के देऔं भन्दाखेरी हाम्रो बजेट कार्यान्वयन हुने हो भने हामी तीब्र रुपले आर्थिक विकास गर्ने हो । तीब्र प्रक्रियामा हामी विकासको एउटा प्रक्रिया अगाडि बढाउने हो भने स्थानीय तहलाई विश्वास गर्ने, त्यसलाई प्रभावकारीरुपले परिचालन गर्न जरुरी छ । अर्को कुरा जनतामा विश्वास गर्ने र जनतालाई प्रभावकारी रुपले परिचालन गर्न पनि जरुरी छ। त्यो हामीले ध्यान दिऔं । सम्बृद्ध कर्णाली सुखारी कर्णाली भनेर फेरि अर्को शब्द आएको छ यहाँ । सम्बृद्ध भनेको कर्णालीको मौलिक भाषा होइन भने एउटा मौलिक भाषा अर्को मौलिक खोज्ने एउटा मौलिक भाषा यहीँ राख्ने हो भने पहिलेकै शब्द ठीकै छ नि त । सम्बृद्ध कर्णाली सुखी कर्णाली भनेर पोहोर साल आएकै थियो । फेरि अर्को शब्द किन थप्ने ? अब अर्को कुरा, एक वडा एक स्वास्थ्य इकाइ भनेर भनिएको छ । यो सरकारको कार्यक्रम होला । सामुदायिक नर्सिङ सेवा फेरि के हो ? स्वास्थ्य इकाइ सरकारले चलाउने ? सामुदायिक नर्सिङ सेवा कोले चलाउने हो ? त्यसकारण अलिकति स्वास्थ्य इकाइहरुको यो अलिकति स्पष्टता छ । त्यसकारण मैले हेरैं, कुरामा भन्दाखेरी खासगरी हामीले के ध्यान दिन जरुरी छ भने, अर्को एउटा के छ भने विकासको जनप्रतिनिधिहरुको भूमिका र स्वामित्व स्थापित गर्ने भन्ने वाक्य छ । जनप्रतिनिधिको भूमिकालाई पर्याप्त बनाऔं तर स्वामित्व जनतालाई देऔं । जनताले स्वामित्व लिने हो भने मात्र हामी सरकारले पनि जनप्रतिनिधिले पनि आफ्नो स्वामित्वको रुपमा त्यसलाई ग्रहण गर्न सक्छन् । जनताले आफ्नो स्वामित्व ग्रहण नगर्ने । जनप्रतिनिधिलाई स्वामित्वको रुपमा संकेत गर्ने कुरा चाहिँ उपयुक्त हुँदैन । प्रभावकारीरुपले जनप्रतिनिधिको भूमिकालाई सुनिश्चित गरौं र जनताको स्वामित्व जनप्रतिनिधिहरुले खेल्ने भूमिकामा जनताको स्वामित्व खोजौं । धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय श्री सोशीला शाही, समय ७ मिनेट ।

**माननीय श्री सोशीला शाही :** सभामुख महोदय, खासै मलाई त समय नराखे पनि हुन्थ्यो होला जस्तै अब १६ नम्बरमै परेको कारणले समय अलि नतोके पनि हुन्थ्यो भन्ने लागेको छ । त्यही पनि छोटकरीमा आफ्नो भनाइ राख्न चाहन्छु ।

सभामुख महोदय, आज हामी चौंथो अधिवेशनको चौंथो बैठकमा कर्णाली प्रदेशमा सरकारको विनियोजित विधेयक, सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिमाथि छलफल गरिरहेका छौं । यो विधेयक अध्ययन गर्दा धेरै खुसी लागेको छ । तर भोलि व्यवहारिक र कार्यान्वयन गर्ने समय समयमा यसले स्वरुप बदलिएको खण्डमा कर्णाली प्रदेश सरकार असफल भएको जनताले साबित गर्नेछन् । त्यही भएर कागजी घोडा भन्दा कार्यान्वयनको अवस्थालाई बढी ध्यान दिनुपर्दछ भन्ने मेरो भनाइ रहेको छ । यसैगरी यस विधेयकको नम्बर ३८मा अर्गानिक र रैथानी बाली जोड दिने भनिएको छ । तर कृषिले कृषकले पशु

चौपाया नपाल्ने अनि धान, गहुँ, कोदो, मकै, फापर लगायत रैथानी बाली रासायनिक मल हालेर उत्पादन गरिन्छ भने कर्णाली अर्गानिक कसरी प्रदेश बनाउन सकिन्छ ? यस बारेमा सोच्न जरुरी छ । यसैगरी नम्बर ४८मा स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुने कुरा उल्लेख छ तर जिल्ला आँखा अस्पताल दातृ निकायको सहयोगमा मात्रै सञ्चालन भइरहेकोले यसलाई सरकारले नै जिल्ला-जिल्लामा सञ्चालन गर्ने गरी विशेष प्राथमिकतामा राख्नु पर्दछ भन्ने सुझाव दिन चाहन्छु । साथै नम्बर ५०मा प्रत्येक वडामा एक स्वास्थ्य इकाइ तथा सामुदायिक नर्सिङ कार्यक्रम लागू गर्ने नीतिको कुरा गरिएको छ तर प्रत्येक सामुदायिक विद्यालयमा पनि सामुदायिक नर्स कार्याक्रम अनिवार्य सञ्चालन गर्नुपर्दछ भन्ने सुझाव रहेको छ । यसैगरी नम्बर ६९मा विकासको दृष्टिले पछि परेका क्षेत्र भनिएको ठाउँमा साविक कर्णाली क्षेत्र भनेर पनि उल्लेख गरिनुपर्दछ भन्ने सुझाव दिन चाहन्छु । यसैगरी नम्बर ७१मा जिल्ला समन्वय समितिलाई जनशक्ति र साधन स्रोत सम्पन्न बनाउने भनिएको संघले बनाएको साधन स्रोत र जनशक्तिलाई कटौती गरी अनि प्रदेशले अधिकार सम्पन्न बनाउँदा कतै बाझिएको त हैन भन्ने लागेको छ । साथै अपाङ्ग भएका नागरिकहरुका लागि सरकारले विशेष खालका सीपमूलक, रोजगारीमूलक कार्यक्रमहरुलगायत हरेक निकायमा अपाङ्गता भएका व्यक्तिहरुले सहजै कार्यालयमा गएर सेवा लिने खालका अपाङ्गमैत्री भवन निर्माण गरिनुका साथै यो अपाङ्ग भन्ने बित्तिकै सबैले नकारात्मक दृष्टिले हेर्ने भएकोले अपाङ्ग भन्ने शब्दको स्थानमा फरक क्षमता भएका शब्द राखिनु पर्छ कि भन्ने सुझाव दिन चाहन्छु । यस विधेयकको अन्तमा समन्वय, सहकार्य माननीयज्यूहरुको मार्गदर्शन पक्ष प्रतिपक्षको घेराभन्दा माथि उठेर व्यवहारिक घनिभूति छलफलको कुरा लेखिएकाले जसरी जुन मनले विनियोजित विधेयक लेख्नुभयो, त्यसैगरी व्यवहारिक पक्षलाई ध्यान दिनु भएको खण्डमा साँच्चै नै सम्बृद्ध कर्णाली, सुखारी कर्णालीवासी हुनेछन् भन्ने लागेको छ । एउटा भनाइ छ एकजना मानिसलाई एक दिन माछा मारिदिंदा एक दिनको टार्छ तर त्यसलाई माछा मार्ने सीप सिकाउँदा उनले जीवन निर्वाह गर्छन् । त्यसैले सकारात्मक सोच राखी फोहोरलाई मोहोरमा लैजानु पर्छ । समस्या होइन, समाधान देख्न सक्नु पर्छ । कमजोरीलाई सबल पक्षमा लैजाने कोशिस गर्नुपर्दछ र चुनौतीलाई अवसरमा ढालेर लैजान सकेको खण्डमा हामी अवश्य सफल हुनेछौं । सभामुख महोदय, मलाई १५ महिना भइसक्यो । सायद मैले सदनमा आफ्ना कुराहरु मैले यसरी नै लेखेर आफ्ना शब्दहरु भनिरहेको छु । सायद कसैलाई लाग्छ होला, यो सधैं लेखेर ल्याउँछ, यसले बोल्न पनि सक्दैन, जनताका कुराहरु पनि राख्न सक्दैन । तर त्यसो नसोचिदिनुहोला । आफ्ना सीमित कुराहरु मैले यहाँ प्रस्तुत गरेर आफ्ना गइरहेको छु । अर्को कुरा के भने जनताले खानेपानी र सडक यस्ता विद्युत यस्ता आवश्यक कुराहरु एकदम बढी उनलाई चाहिने भएकोले त्यसलाई एकदमै ध्यान दिन म एकदम सदनमार्फत् र यो सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । दिनरात महिलाहरुले पानी खान पाएका छैनन्, महिलाहरुलाई मात्रै दुःख हुन्छ । पुरुषलाई त के दुःख हुन्छ र ? पुरुषले त पकाएको खाने न हुन् ? ल्याउने महिलाहरु नै हुन् ? एकदम दुःख पाएका हुन्छन् महिलाहरुले । ठाउँ-ठाउँमा । अब दशै जिल्लामा खानेपानी, सडक एकदम व्यापकरुपमा परिचालन गर्नुपर्छ यो सरकारले । एकदम ध्यान दिनुपर्छ भन्दै आफ्ना दुई शब्द यही राख्न चाहन्छु। हवस्त धन्यवाद ।

**माननीय उपसभामुख :** माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७६का सिद्धान्त र प्राथमिकतामा समावेश भएका विषयवस्तुहरूमा माननीय सदस्यहरुले छलफलको क्रममा राख्नुभएका जिज्ञासा तथा सुझावहरूलाई आगामी बजेट र कार्यक्रममा समावेश गर्ने सम्बन्धमा प्रदेश सरकारको धारणा राख्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुख महोदय, माननीय सभामुख महोदयमार्फत् म सम्पूर्ण माननीयज्यूहरुका बीचमा यो आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट तयारीका सम्बन्धमा सरकारको विनियोजन विधेयक, २०७६का सम्बन्धमा सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुका सम्बन्धमा माननीयज्यूहरुले उठाएका सवालहरु, जिज्ञासाहरु र दिएका सुझावहरुलाई सम्बोधन गर्ने गरी म यहाँ उपस्थित भएको छु । सबभन्दा पहिले सबै माननीय सदस्यहरुलाई कर्णाली प्रदेश सरकारकातर्फबाट र आर्थिक मामिला तथा योजना मन्त्रीकोतर्फबाट हार्दिक-हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आज गणतन्त्र दिवस ऐतिहासिक दिन म एकपटक कर्णाली प्रदेश सरकारकोतर्फबाट र मेरोतर्फबाट गणतन्त्र ल्याउनका निम्ति आफ्नो जीवन आहुती गर्ने सम्पूर्ण सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । गणतन्त्रको निम्ति लड्ने योद्धाप्रति म उच्च सम्मान व्यक्त गर्न चाहन्छु । र सम्पूर्ण नेपाली र कर्णालीवासीप्रति शुभकामना व्यक्त गर्न चाहन्छु । माननीयज्यूहरुले करिब-करिब सबैजसो माननीयज्यूहरुले यो प्रि-बजेट छलफल पूर्व बजेट छलफलमा भाग लिएर आफ्ना अत्यन्त अमूल्य सुझावहरु दिनुभको छ । केस्रा-केस्रा केलाएर यहाँहरुले छलफल गर्नुभएको छ।

वास्तवमा हामीले मेहनत गरेर ल्याएको दस्ताबेजमा हाम्रो भन्दा बढी मेहनत गरेर यहाँहरुले अध्ययन गर्नुभएको छ । छोटो समयमै पनि गहन र गहिरो अध्ययन गरेर त्यसका केही कमजोरीहरु, त्यसका केही अपूर्णताहरु र त्यसमा केही थप सुझावहरु यहाँहरुले राख्नुभको छ । म एकपटक फेरि पनि हार्दिक धन्यवाद र आभार व्यक्त गर्दै म सुरुमै एउटा कमिटमेन्ट व्यक्त गर्न चाहन्छु कि यहाँहरुका सुझावहरु आगामी आर्थिक वर्षको बजेटमा सम्बोधन गरिनेछ । सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । माननीयज्यूहरुले यो पहिले नीति, कार्यक्रममा आउनु पर्थ्यो । त्यसपछि मात्रै पूर्व बजेट छलफल हुनुपर्थ्यो भन्ने खालको पनि एउटा जिज्ञासा राख्नुभको छ । यो दुवै खालको प्रचलन छ । खासगरी नीति, कार्यक्रम, अब बजेटभन्दा पहिले त प्रि-बजेट आउने नै भयो, नामै प्रि-बजेट पूर्व बजेट भनेपछि बजेटको पूर्व छलफल हो यो । अब पूर्व बजेट छलफल भनेको नीति, कार्यक्रमका बारेमा पनि हो । त्यसकारण चाहिँ सामान्यतया चलेको प्रचलन के हो भने नीति, कार्यक्रम र बजेटभन्दा पहिले पूर्व बजेट छलफल गर्ने, अथवा यहाँ भनिएकै छ नि हामीले अनौपचारिक भाषामा पूर्व बजेट छलफल भने पनि सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु भनेपछि यी विषयहरु नीति कार्यक्रमभन्दा पहिले नै छलफल गर्न उपयुक्त हुन्छ भनेर नीति, कार्यक्रम र बजेटभन्दा पहिले चाहिँ पूर्व बजेट छलफल गरिन्छ । यसपटक नेपाल सरकारले प्रि-बजेट भन्दा पहिले चाहिँ नीति, कार्यक्रम प्रस्तुत गर्यो । त्यसले गर्दा पनि पहिले नीति, कार्यक्रम आउनुपर्थ्यो कि सुल्टो हुन्थ्यो कि भन्ने माननीयज्यूहरुलाई लाग्न सक्छ । यसमा खासै केही धेरै ठूलो कुरा होइन । हाम्रो उद्देश्य के हो त भन्दाखेरी नीति, कार्यक्रम र बजेटभन्दा पहिले चाहिँ पूर्व बजेट छलफल गर्दा खेरी यहाँहरुका सुझावहरु कतिपय चाहिँ नीति, कार्यक्रममा सम्बोधन गर्न सकिन्छ र धेरैजसो त स्वभाविक रुपमा बजेटमा सम्बोधन गर्न सकिन्छ । नीति कार्यक्रमलाई पनि गाइडलाइन गर्ने गरी किनकि नीति, कार्यक्रम आउनुभन्दा पहिले त तपाईहरुले यसरी फर्मल छलफल गर्न पाउनुहुन्न । अथवा यहाँचाहिँ नीति, कार्यक्रममा सुझाव औपचारिक रुपमा संसदमा त हामी दिन सक्दैनौं । त्यसैले यो उद्देश्यले हामीले पहिले नै यो पूर्व बजेट छलफल राखेका हौं । यहाँहरुकै सहयोगको निम्ति र नीति, कार्यक्रमलाई समेत अझै गहन बनाउन सकियोस् भन्ने उद्देश्यले यो फर्मूलामा हामी गएका हौं । अब यो कुराहरु धेरै आएका छन् । म सर्सती सकेसम्म यहाँहरुका उठाएका विषयहरुलाई सम्बोधन गर्ने कोशिस पनि गर्नेछु । सबैको एउटै एउटा निचोड छ । त्यो भनेको दस्ताबेजमा हामी राम्रै कुरा ल्याउँछौं । पूर्व बजेट छलफल अर्थात् बजेटका सिद्धान्त र प्राथमिकतामा पनि राम्रै कुरा ल्याउँछौ । अघिल्लो पटक पनि राम्रै कुरा ल्यायौं, यसपटक पनि राम्रै छन् यहाँहरुले सम्मान पनि गर्नुभएको छ । प्रशंसै गर्नुभएको छ, समर्थन गर्नुभएको छ । त्यसका

निम्ति पनि धन्यवाद दिन चाहन्छु । तर चुरो कुरा भनेको चाहिँ कार्यान्वयनको हो भन्ने कुरा गम्भीरताका साथ उठाउँनु भएको छ । यसमा असहमत हुनुपर्ने कुनै पनि कुरा छैन । म पूर्णरुपमा तपाईहरुको सरोकारलाई समर्थन गर्न चाहन्छु । कार्यान्वयनको प्रश्न, मूल प्रश्न हो । यद्यपि राम्रो नीति नै आएन, राम्रो कार्यक्रम नै आएन, राम्रो बजेट नै आएन भने त फेरि कार्यान्वयनको कुरा चाहिँ पछाडि पर्छ होला । नीति, कार्यक्रम, बजेट राम्रो ल्याउनु मात्रै मूल कुरा होइन ।

राम्रो नीति, कार्यक्रम र बजेट ल्याउनु पनि एउटा दक्षता हो । तर त्यसलाई कार्यान्वयन गर्नु त्योभन्दा ठूलो दक्षता हो भन्ने कुरामा म पूर्णरुपमा सहमत छु । यसलाई गम्भीरताका साथ लिइनेछ । कुनै पनि कञ्जुस्याई गर्नु पर्दैन । र म फेरि तपाईहरुका बीचमा दोहोर्याउन चाहन्छु । विगतको कामको समीक्षा गर्नैपर्छ । आजको यो छलफल, हिजो र आज जुन छलफल भयो, या अस्तिदेखि अर्थमन्त्रीको हैसियतले मैले चाहिँ पूर्व बजेट छलफलको निम्ति बजेटका सिद्धान्त र प्राथमिकताहरु यहाँ प्रस्तुत गरेँ । माननीयज्यूहरुले आफ्ना कुराहरु राख्नुभयो गम्भीरताका साथ । यो छलफलमा हामीले समीक्षा पनि गरेका छौँ भन्ने मलाई लाग्छ । एउटा समीक्षाको पाटो पनि रह्यो । विगतको बजेट निर्माणको कुरामा, नीति कार्यक्रम ल्याउने कुरामा नीति, कार्यक्रम र बजेटको बीचको संगति मिल्यो कि मिलेन भन्ने कुरामा । अनि मूलतः कार्यान्वयन भयो कि भएन भन्ने कुरामा जसरी तपाईहरुले अलि सिरियसली कुरा उठाउँनु भएको छ, यो समीक्षाको पाटो पनि हो । र समीक्षा गर्दाखेरी हामीले कार्यान्वयनमा उत्साहजनक अवस्था सिर्जना गर्न सकेनौं यो रियालिटी म स्वीकार गर्न तयार छु । जसरी हाम्रो नाराकै सन्दर्भमा कुरा उठ्यो, हामीले सुखारी कर्णालीवासी बनाउने भन्ने तर हामीचाहिँ कार्यान्वयनमा दुखारी पर्यौं । यसपटक दुखारी नै भइयो । यो यथार्थ नै हो । हाम्रो पनि कमजोरी होला । हाम्रो क्षमताले पनि सकेन होला । परिस्थितिले पनि साथ दिएन माननीयज्यूहरु म त्यो वास्तविकता तपाईहरु बुझ्नुहुन्छ । नियतवश नै यो बजेट कार्यान्वयन भएन कि भन्ने कसैलाई लागेको छ भने त्यो गलत हो । हामी राम्रो गरौं भन्दा भन्दै, बजेट कार्यान्वयन गरौं भन्दा भन्दै, धेरै पूँजीगत खर्च बढाऔं भन्दाभन्दै हामीले सकेनौं धेरै गर्न । त्यसका केही बाध्यता थिए । हामीसँग पूर्वाधार थिएन । पहिलो वर्ष हो । एक वर्ष मात्रै गएन हाम्रो । पहिलो वर्ष भएकोले हामीले बजेट कार्यान्वयमा केही समस्याहरु थिए । बजेट, नीति कार्यक्रमहरु ल्याउँदा पनि पहिलोपटक थियो । बजेट ल्याउँदा पनि हामी अलिकति प्रेसरमा थियौं । अन्यौलता पनि थियो । कति अधिकार संघले हामीलाई उपलब्ध गराउँछ ? कति सीमा भित्र रहनुपर्छ । यी केही अन्यौलता संघीयता कार्यान्वयनको सुरु वर्षको हिसाबले अन्यौलता पनि रहे । यति रियालिटी यहाँहरुले पनि बुझ्नुहुन्छ । र सँगसँगै हामीसँग पूर्वाधार नै थिएन । अनि कानूनी संरचना थिएन । अनि कानून हामीले त त्यसपछि यही वर्षमा हामीले धेरै कानूनहरु बनाऔं । करिब दुई दर्जन कानूनहरु बनाऔं । कार्यविधिहरु बनायौं । कार्यविधिमा पनि केही क्वेशनहरु छन्, त्यसलाई सुधार्नु पर्नेछ । हामीले केही मार्गदर्शनहरु बनाएका छौं, मापदण्ड बनाएका छौं र अब हिंड्नका निम्ति हामीले चाहिँ बाटो खोलेका छौं । ट्र्याक खोलेका छौं । आगामी आर्थिक वर्षमा हिंड्न सकिन्छ । अब त्यसपछि अर्को मूल कुरा बजेट कार्यान्वयन नहुने कुराको निम्ति भनेको यो कार्यान्वयन संरचनाहरु, कार्यान्वयन इकाइहरु नहुने र कर्मचारी नहुने । समायोजनले त झन् हामीलाई कर्मचारी समायोजनबाट चाहिँ कर्णालीमा भरिभराउ कर्मचारी आउँछन् भन्ने विश्वास गरियो । तर त्यस्तो भएन । कर्णाली खाली हुने अवस्था बन्यो ।

यी विभिन्न परिस्थितिका बीचबाट हामी गुज्रिनुपर्यो । र बजेट कार्यान्वयन उत्साहजनक हुन सकेन । त्यसकारण बजेट कार्यान्वयन एक नम्बर प्राथमिकतामै हो । विषयको प्राथमिकतामा हामीले चाहिँ पूर्वाधार भनेकै छौं र कार्यविधिको हकमा, प्रक्रियाको हकमा कार्यान्वयन गर्ने एक नम्बर प्राथमिकतामा पर्छ, यो कुरा म चाहिँ तपाईहरुलाई विश्वास दिलाउन चाहन्छु । र यो बजेट कार्यान्वयन मोडालिटीको बारेमा रिभिजिट

गर्नैपर्छ । कस्तो मोडेलमा जानुपर्छ ? माननीयज्यूहरुले पनि थिङ्किक गरौं, तपाईहरुले पनि चाहिँ एक किसिमले चाहिँ हामीलाई ठोस सुझाव दिनुस् र रिभिजिट गरेर जाऔं भन्ने मेरो अनुरोध छ । मूल विषय आज उठेको यो हो प्रष्ट पार्नुपर्ने भन्ने मलाई लाग्छ । कार्यान्वयन, कार्यान्वयन र कार्यान्वयन । यो चाहिँ हामीले स्वीकार गर्ने विषय हो । अब यसैसँग जोडेर माननीयज्यूले एउटा कुरा गर्नुभयो । अलि धेरै महत्वाकांक्षी नबनौंन त ? हाम्रो चाहिँ क्यापासिटी के छ ? हाम्रो चाहिँ बजेटको चाहिँ अवस्था के छ ? हामी के गर्न सक्छौं ? गर्न सक्ने कुरा गरौं । जुन कुरा गर्छौं त्यो काम गरौं भन्ने जुन चाहिँ आशय छ । त्यो अत्यन्त पवित्र आशय छ । म त्यसलाई समर्थन गर्न चाहन्छु । बजेट जनतामुखी हुनुपर्छ । कुनै विमति छैन । बजेट चाहिँ परिणाममुखी हुनुपर्छ, उत्पादनमुखी हुनुपर्छ, रोजगारमुखी हुनुपर्छ । फेरि गीत गाउँदै आएका विषय हुन् । गीत गाएर मात्र हुँदो रहेनछ । अब यसलाई चाहिँ साँच्चिकै यथार्थतामा बदल्नुपर्नेछ । मन्त्रीमुखी हुन्छ कि भन्ने प्रश्न छ । खासगरी प्रमुख प्रतिपक्षबाट आएको यो आशंका अब यो धर्म पनि हो । अब कतिपय कुरामा हाम्रा त्यस्ताचाहिँ ल्याप्सेस पनि होलान् । वितरणमुखी हुनुपर्छ । हुनुहुँदैन । अब यता वितरणमुखी हुनुहुँदैन पनि भनिराख्या छौं । अब आवश्यकताअनुसार साना योजनामा पनि जानपर्छ । सामाजिक सुरक्षामा पनि जानुपर्छ । कस्तो एउटा हामी एउटा कन्ट्रयाडिक्सनमा छौं, एउटा बाटो त देखाउनु पर्यो क्लियरली । जस्तो टुक्रे योजनामा, सानो योजनामा नजाऔं पनि भन्छौं हैन, फेरि चाहिँ साना योजना पनि आवश्यक छन् । के हो त ? केही साना योजनामा जानुपर्छ, टुक्रे भनेको चाहिँ सानामा नजाने भन्या हैन ? यो चाहिँ परिणाम नदिने खालका योजनामा नजाने र जनताका आवश्यकता छन् भने कतिपय सानामा पनि जानुपर्ने हुन सक्छ । अर्को कुरा चाहिँ वितरणमुखी खासगरी चाहिँ यो पूर्वाधारलगायतका कुराहरुमा वितरणमुखी मोेडेलमा जान हुँदैन तर सामाजिक सुरक्षाका कामहरुमा, कार्यक्रमहरुमा त वितरणमुखी पनि कतिपय कुराहरुमा हुन सक्छ । यसलाई सन्तुलित रुपमा चाहिँ बजेटमा सम्बोधन गरिनेछ । तपाईहरुका सुझावलाई हामी सम्बोधन गर्नेछौं भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । अब यहाँ लक्षित वर्ग केन्द्रित बजेट बनाउने कुराको हकमा म असाध्यै धेरै गम्भीर छु भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

यहाँ कति शब्द आए । माननीयज्यूहरुले भन्नुभयो । शब्दहरुको भण्डार । अब शब्द नल्याई त कुरा पनि हुँदैन । त्यसकारण केही शब्द त ल्याउनु पर्यो । खोजी-खोजी यहाँ राम्रा शब्द मात्र थुपार्न खोजिएको पनि होइन । लेख्दै जाँदाखेरी अथवा यो डकुमेण्ट बनाउँदै जाँदाखेरी यो आकारमा आएको हो । यसरुपमा पनि यहाँहरुले पनि बुझ्नुहोला । टिपेर अनेक ठाउँबाट खोजेर शब्दको चाहिँ थुप्रो लगाउन खोजेको पनि होइन । लक्षित वर्गहरुका हकमा चाहिँ अब यहाँ आएका कुरा भनेको चाहिँ सबैकुरा आउँदैनन् । किनकि यो त चाहिँ सैद्धान्तिक कुराहरु, प्राथमिकताका कुराहरु र मूल नीतिहरु ।भनिएकै छ कि प्रमुख नीति भनेर। सबै नीति यसमै आउने, सबै बजेट यसै आउने भए त फेरि नीति कार्यक्रममा बजेट पनि चाहिँदैनथ्यो। त्यस हिसाबले चाहिँ सकेसम्म कम शब्दमा सकेसम्म सानो आकारमा धेरै कुराचाहिँ ओरेण्टेसन दिने गरी गाइडलाइन दिने गरी यो दस्ताबेज बनाउन खोजिएको, कति सफल भइयो, यहाँहरु चाहिँ न्यायाधीशजस्तै हुनुहुन्छ, मूल्यांकन गरिरहनुभएको छ । लक्षित वर्गको हकमा चाहिँ अब यो जनजातिको सवाल चाहिँ छुटेछ, छुटाउन खोजिएको होइन, लेख्दै जाँदाखेरी जनजाति भन्ने शब्द छुटयो । यो सम्बोधन हुन्छ । त्यो छुट्दैन । छुटाको पनि होइन । हामीचाहिँ नीति, कार्यक्रम, बजेटमा त्यसलाई व्यवस्थित गरिहाल्छौं । महिला, दलित अपाङ्गता भएका व्यक्तिहरु जस्तो अपाङ्गता भएका व्यक्तिहरुको हकमा चाहिँ फरक क्षमता भएका भन्ने पनि टर्मिनोलोजी पनि प्रयोग गरियो, फेरि उहाँहरुले नै हैन यो भन्न पर्दैन, अपाङ्गता भएका व्यक्ति भन्दा हुन्छ भन्ने कुरा गर्नुभयो । उहाँहरुलाई जे कम्फर्टेबल हुन्छ, त्यो प्रयोग गरौंला । यसमा त चाहिँ केही बहस गर्नै परेन । मूल कुरा उहाँहरुलाई चाहिँ सपोर्ट हुने कार्यक्रम कस्ता

ल्याउँछौं । जस्तो अपाङ्गमैत्री सडकको कुरा गर्नुभाछ । अपाङ्गमैत्री संरचनाको कुरा गर्नुभाछ । अपाङ्गतामैत्री चाहिँ कार्यक्रमहरुको कुरा गर्नुभाछ । रोजगारमूलक कार्यक्रमको कुरा होला, हैन । यी कुराहरुको निम्ति चाहिँ हामी सिरियस छौं । बजेटमा सटिक ढंगले सम्बोधन हुन्छ । महिलाको चाहिँ विषय, दलितको विषय, अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको विषय, अथवा चाहिँ भनौं यो बृद्धहरुको विषय, बालबालिकाहरुको विषय, अल्पसंख्यकहरुको विषय, यी विषय जसलाई सामाजिक सुरक्षाको एउटा कार्यक्रमबाट सम्बोधन गर्नुपर्नेछ । सम्बोधन हुन्छ । त्यो अघिल्लो पटकका कतिपय कुरामा चाहिँ कार्यक्रमहरु बिग्रिए । अलिकति त्यसलाई चाहिँ ओभरल्याप भयो भन्ने खालको छ । अलि क्लियिरकट सटिक ढंगले दलितको मुद्दा अलग्गै संरचना बनाउनुपर्छ भने पनि संरचना बनाएर हैन, माननीयज्यूहरुले त दलित विकास समिति नै बनाउने कि भन्नुभयो । छलफल गरौं । तपाईंहरु सँगै छौं र त्यस हिसाबले संरचनागतरुपमा कानूनीरुपमा सशक्तिकरणको हिसाबले, रोजगारमूलक कार्यक्रमको हिसाबले सामाजिक सुरक्षाको चाहिँ वर्ग, समुदाय, क्षेत्रलाई चाहिँ हामीले सम्बोधन गर्छौं ।

अब अर्को कुरा, यो सिद्धान्त र व्यवहार मिल्ने कुरामा त कुनै विमति छैन । अब यो एउटा भाषण गर्ने, अर्को कुरा गर्ने हुँदैन । आगामी दिनमा कहिलेकाहीं विगतमा भयो भने हामी करेक्सन गर्छौं । अब यो वर्ष स्वभाविक हो, अध्ययनकै वर्ष भनियो । केही अध्ययन पनि भए । केही तयारी पनि भए । अब अध्ययन भनेको चाहिँ एकैचोटी गरी सकिने त्यसपछि नगर्ने भन्ने पनि हुँदैन । अध्ययन पनि गर्दै जानेछौं । साविक कर्णालीलाई अलि बढी चाहिँ हामीले प्राथमिकता दिनुपर्छ भन्ने कुरा पनि माननीयज्यूहरुले ल्याउनु भएको छ । पछाडि परेका क्षेत्र भन्ने बित्तिकै चाहिँ साबिक कर्णाली होला । अथवा चाहिँ साबिक अन्य ठाउँ पनि हुन सक्छन् । यो चाहिँ मानव विकास सूचकांकलाई पनि हेरौंला । गरिबीको सूचकलाई पनि हेरौंला । र अब चाहिँ ती सूचकका आधारमा पनि बजेट वितरण गर्नुपर्छ भन्ने कुरा म पनि हामी गम्भीर छौं । बजेट सन्तुलित ल्याउने कुरामा, निर्वाचन क्षेत्र र स्थानीय तहलाई मूल आधार बनाउने कुरामा अबको बजेट केन्द्रित हुनेछ । त्यसले नै सन्तुलित हुन्छ । र अब एकातिर चाहिँ समुदायगतरुपमा वर्गीय रुपमा सन्तुलित ल्याउनुपर्छ । अर्को कुरा क्षेत्रीय रुपमा सन्तुलित बजेट ल्याउनु पर्छ । यो कुरामा म चाहिँ तपाईहरुसँग सहमत छु । युवा परिचालनको हकमा युवा पलायनता रोक्ने कुरामा, प्रदेशमै रोजगारी दिने कुरामा, केही-केही कुरा हामीले सम्बोधन पनि गरेका छौं । बजेटमा अलि यसलाई व्यवस्थित रुपमा ल्याउने छौं । बेरोजगारीलाई चाहिँ अन्त्य नै कति गर्न सकिएला, न्यूनीकरण गर्ने कुरा होला, लागूऔषधलगायतका विकृतिहरुलाई नियन्त्रण गर्ने कुरा होला, यस्ता सवालहरुमा म हामी बजेटमा चाहिँ सम्बोधन गर्नेछौं ।

अब भ्रष्टाचारको कुरा, कमिसनतन्त्रको कुरा, विचौलियाहरुको चलखेलको कुरा, यो विचौलियाहरु भन्ने मसँग त देखा पर्दैनन्, कस्ता हुन्छन्, कहिले देखि उठ्ने गर्छ । त्यो चाहिँ अलिकति अध्ययन पनि गर्नुपर्ने हो कि ? यो सवाल भनेको गम्भीर सवाल हो । कुनै संरचना समेत बनाएर यो भ्रष्टाचार नियन्त्रण गर्ने कुरा, अनियमिततालाई नियमित के रे नियमित रुपमा अनुगमन गर्ने कुरा र कमिसनखोरीलाई चाहिँ अन्त्य गर्ने कुरामा चाहिँ सरकारचाहिँ गम्भीर छ । त्यस्तैगरी वैदेशिक स्रोत लगानीको कुरामा हामी अब यो प्रदेशले वैदेशिक स्रोत परिचालन, लगानी अथवा चाहिँ वैदेशिक सहायता लिने कुरा चाहिँ डाइरेक्ट चाहिँ डिल गर्न संविधानको हिसाबले पनि नसक्ने भएकोले चाहिँ हामीले धेरै कुरा नलेखेका हौं । यसमा हामी पहल गरिरहेका छौं । प्रयत्नत गरिरहेका छौं । हामी मुख्यमन्त्री, मन्त्रीहरु, कतिपय माननीयज्यूसमेत यसमा चाहिँ सक्रिय नै हुनुहुन्छ । हामी वैदेशिक सहयोग, वैदेशिक लगानी, निजी क्षेत्रको लगानी यो प्रदेशमा चाहिँ कसरी चाहिँ आकर्षित गर्न सकिन्छ, लगानीमैत्री वातावरण बनाउन सकिन्छ ? भन्ने कुरामा पनि हामी गम्भीर नै छौं । अब अलि गम्भीर रुपमा उठेको चाहिँ स्थानीय तहसँग समन्वयको कुरामा । पहिलो वर्ष भएकोले

समन्वयका सवालमा हाम्रोतर्फबाट पनि कमी भयो होला । स्थानीय तहले पनि कस्तो व्यवहार गर्छन् । यसका बारेमा पनि तपाईहरु जानकार नै हुनुहुन्छ । संघीय सरकार र प्रदेश सरकारबीचको सम्बन्ध र प्रदेश सरकारबीच र स्थानीय सरकारबीचको सम्बन्ध सुमधुर नभई संघीयता सहजरुपमा कार्यान्वयन हुँदैन । संघीयता कार्यान्वयनका तीन खुड्किला छन् । यी खड्किलाहरु तपाईको चाहिँ यो किला, काँटाहरुचाहिँ हल्लिए भने, बिग्रिए भने संघीयतामा पनि असर पर्छ । त्यसकारण कसरी हुन्छ संरचना पनि छन् । जस्तो अन्तरप्रदेश परिषद् छ । त्यस्तैगरी चाहिँ अन्तर सरकारी वित्त परिषद् छ केन्द्रमा अनि प्रदेशमा चाहिँ प्रदेश समन्वय परिषद् छ । यी संरचनामार्फत् र अनुदानमार्फत् हामीले अघिल्लो पटक चाहिँ समप्रयोग बजेट छुटयायौं । यसपटक हामीले सोचेको के हो भने समानीकरण र सम्प्रयोग मात्रै छुटयायौ। समानीकरणमा केही बजेट जान्छ नै । समप्रयोग विशेष सशर्त अरु तीन वटै चाहिँ अनुदानमा पनि केही बजेट छुटयाएर स्थानीय तहसँग चाहिँ हाम्रो एउटा चाहिँ सम्बन्ध बढाउने विकासमा साझेदारी गर्ने, मिलेर विकासको काम गर्ने कुरामा हामी चाहिँ यसमा गम्भीर छौं । त्यसले नै परिणाम दिन सक्छ भन्ने कुरा म पनि हामी तत्पर छौं । त्यस्तैगरी, मानव विकासको सवालमा पनि हामीले प्राथमिकता तय गरेका छौं । प्राविधिक शिक्षा त्यसका निम्ति जरुरी होला । केही छात्रवृत्तिको कुरा पनि हामीले बोलेका छौं । केही सपोर्टिङ गर्ने खालका कार्यक्रमका बारेमा पनि हामीले संकेत गरेका छौं । यो संकेत गर्ने दस्ताबेज भएकोले प्रदेशको आफ्नो स्रोत, साधन परम्परागत सीप साधन स्थानीय सीप, साधन, ज्ञान समेतको चाहिँ अधिकतम उपयोग गर्ने कुरामा पनि हामी चाहिँ गम्भीर छौं । त्यस्तैगरी बाल विकासको सवाल पनि यहाँ उठेको छ । हामीले अलिकति यो विषय छुटाएछौं । म एकपटक चाहिँ धन्यवाद दिन चाहन्छु । बाल विकासको सवाल हामी बजेटमा सम्बोधन गर्नेछौं । दुर्घटना प्राकृतिक प्रकोपमा परेका नागरिकहरुलाई चाहिँ कसरी सहयोग गर्न सकिन्छ अथवा दुर्घटना न्यूनीकरण गर्नका निम्ति सडक सुशासनलगायतका कार्यक्रम कसरी ल्याउन सकिन्छ ? हामी बजेटमा चाहिँ ती कुरा बोल्नेछौं । राजश्व धेरै सङ्कलन गर्नुपर्छ भन्ने कुरामा कुनै विमति छैन । यो यसैमा पनि हामीले राजश्वका स्रोत पहिचान गर्ने कुरामा बोलेका छौं । अनि अब उत्तरका दुर्गम क्षेत्रलाई अलि विशेष क्ष्ेत्रको रुपमा सम्बोधन गर्ने र हिमाली जिल्लाहरुमा बजेट कार्यान्वयनको सवालमा चाहिँ समय नपुग्ने हिउँको कारणले चिसोको कारणले त्यसलाई लम्ब्याउने कुरामा अन्तर सरकारी वित्त परिषद्को बैठकमा समेत मैले अलि गम्भीर रुपमा उठाएको छु र त्यसलाई कुनै न कुनै रुपमा सम्बोधन गर्ने निर्णय भएको छ । त्यो चाहिँ एउटा टुंगो लाग्ला संघीय सरकारबाटै । त्यसपछि आएर गुठीको सवाल, यहाँ चाहिँ छोटो रुपमा हामीले सम्बोधन गरेका छौं । गुठीको विषय, जमिनको व्यवस्थापनको विषय यी महत्त्वपूर्ण छन् । यी विषय हामीले बजेटमा अलि कार्यक्रमिक रुपमा ल्याउने छौं ।

त्यस्तैगरी, अब बजेट पारित गरियो, त्यसपछि आएर चाहिँ जनताले यसको चाहिँ कति अनुभूति गरेका छन् भन्ने कुरामा हामीले अनुगमन समिति निर्वाचन क्षेत्रवाइज रुपमा चाहिँ माननीयज्यूहरु समेत संलग्न यो चाहिँ प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित माननीयज्यूको संयोजकत्वमा एउटा अनुगमन समिति बनाउने पनि हामीले टुंगो गरेका छौं । एउटा बनाएका छौं । यो आर्थिक वर्षमा कतिसम्म हुन्छ, हामीले बजेट पारित गरिसकेपछि अन्तिम बेलामा एक राउण्ड चाहिँ अनुगमन गर्न पनि सक्छौं । सकेनौं भने यो चाहिँ नियमित प्रक्रिया हो । आगामी वर्ष चाहिँ यो कामलाई निरन्तरता दिनेछौं भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । उद्योगधन्दाको कुरा, लघु उद्योगको कुरा हैन, चर्खा आन्दोलनको समेत कुरा ल्याउनु भएको छ । यो कुरा पनि चाहिँ हामीले प्राथमिकतामै राखेका छौं । त्यस्तैगरी डिजिटल सहरको कुरा, डिजिटल स्कुलको कुरा यो पनि बजेटमा आउँछ नै । यता, चाहिँ प्रदेश राजधानी सुर्खेतका पूर्वाधारको कुरा सडक, खानेपानी लगायतका पूर्वाधारको कुरा अथवा चाहिँ ढलको कुरा पनि यहाँहरुले उठाउँनुभएको छ । यसमा पनि हाम्रो

ध्यान गएको छ । हामीले यसै पटक पनि बजेट छुट्याएका छौं, राजधानी सहरको निम्ति । समपुरकबाट पनि हामीले २५ करोडको अब तुरुन्तै टेण्डर हुने क्रममा छ । यो कुरा पनि म अनुरोध गर्न चाहन्छु । मूल्यबृद्धिको विषय छुटेछ, यो चाहिँ तपाईहरुलाई म धन्यवाद दिन चाहन्छु । त्यस्तैगरी अब केही संरचना लोकसेवा लगायतका संरचना छिट्टै बनाएर कर्मचारी आपूर्तिको काम चाहिँ हामी अगाडि बढाउनेछौं । पर्यटन क्षेत्रको चाहिँ प्रबद्र्धन गर्नको निम्ति पर्यटन बोर्ड स्थापना गर्ने कुरामा पनि हामीले गठन आदेश पास गरिसकेका छौं । कृषि क्षेत्रको विकासको कुरामा पनि हामीले यहाँ जति बोलेका छौं, बजेटमा त्यसलाई कार्यक्रमसहित ल्याउने छौं । त्यस्तैगरी यो प्रोजेक्ट बैंक बनाउने कुरा या चाहिँ आफ्नै डाटा निर्माण गर्ने कुरामा पनि हामी लागिरहेका छौं । प्रोफाइल तयार हुँदैछ प्रदेशको । आवधिक योजना पनि तयार हुँदैछ । प्रोजेक्ट बैंक पनि तयार हुँदैछ । यो कुरामा योजना आयोग अलि सक्रियताका साथ लागिरहेको छ । अर्गानिक उत्पादनलाई चाहिँ सर्टिफिकेशन गर्ने कुरा, ब्राण्डिङ गर्ने कुरा पनि माननीयज्यूहरुले बताउनुभएको छ, म त्यसका निम्ति पनि धन्यवाद दिन चाहन्छु । अब केही त्यस्तैगरी जडीबूटीमा लगानी गर्ने कुरा, सामुदायिक शिक्षाको स्तरोन्तति गर्ने कुरा, त्यस्तै अनमेल विवाह, बहुपती प्रथाजस्ता कुरा छुटेका छन् भन्ने कुरा, साहित्य, कला संस्कृतिको कुरा, पत्रकारिता जगतको विषयचाहिँ अलि प्रष्टरुपमा बोलिएन कि भन्ने कुरा हामी चाहिँ त्यसमा पनि ध्यान गएको छ । हामी बजेटमा यी विषय ल्याउनेछौं । अब केही मेगा प्रोजेक्टको बारेमा तपाईहरुले उठाउँनुभएको छ । अपर कर्णालीको हाम्रो क्षेत्रभित्र पर्दैन । तर संघीय सरकारलाई यसको स्टाटसको बारेमा एउटा छिटो एउटा चाहिँ टुंगो गर, स्टाटस पेपर नै ल्याउन भनेर पनि हामीले भनेका छौं । कि काम सुरु गर्नुपर्यो, कि चाहिँ त्यसलाई चाहिँ टर्न त्यसलाई चाहिँ टर्मिनेट गर्नुपर्यो । नयाँ किसिमले सोच्नुपर्यो भन्ने कुरा हाम्रो प्रष्ट धारणा छ । त्यस्तैगरी मदन भण्डारी राजमार्गको बारेमा हामीले यो संघीय सरकारसँग पटक-पटक चाहिँ हाम्रो प्रदेशको चाहिँ क्षेत्रभित्र पर्ने सडकलाई बढी बजेट छुट्याउनु पर्छ भनिरहेकै छौं । त्यस्तै, यो उत्तर-दक्षिण नाका जोड्ने कुरा चाहिँ जो कोहलपुर-सुर्खेतको सडकको कुरा गरौं या चाहिँ सुर्खेतदेखि हिल्सासम्मको सडक या नाक्चे अथवा चाहिँ धोहो-रिम्ला यी सडकहरुमा पनि हाम्रो प्राथमिकता छँदैछ । वैदेशिक सहयोगको निम्ति पनि हामी लागिरहेकै छौं । पेट्रोलियम उत्खनन्को कुरा होला, या भेरी-बबइ डाइभर्सनका कुरा । भेरी-बबइ डाइभर्सनको मिटिङमा ऊर्जामन्त्री सहित ऊर्जामन्त्री, मुख्यमन्त्री, मसहित हामी बसेर केही टुंगो गरेका छौं । जस्तो चाहिँ ४९ प्रसेन्ट जनताको लगानी हुन्छ, त्यसमा पनि प्रभावित क्षेत्रमा केही प्रतिशत १२/१५ प्रतिशत, कर्णाली प्रदेशलाई पनि १५/१६ प्रतिशत अनि अरु बाँकी अन्य ठाउँका निम्ति र ५१ प्रतिशतमध्ये प्रदेशले चाहिँ २५ प्रतिशतसम्म लगानी गर्ने र स्थानीय तहले ५ प्रतिशतसम्म लगानी गर्ने, अर्को १२ मेगावाटको चाहिँ सिंगै प्रदेशले बनाउने गरी एउटा सहमति टुंग्याएका छौं हामीले । यो कुरा पनि तपाईंहरुका बीचमा म राख्न चाहन्छु । भूमि समस्याको कुरा होला या अन्य समस्याहरु । यो चाहिँ स्वास्थ्य क्षेत्रमा सवालमा पनि यहाँहरुले केही कुरा उठाउँनु भएको छ । जस्तोः वडा-वडामा चाहिँ हामीले स्वास्थ्य इकाइ बनाउने र सामुदायिक नर्स भनेर समुदायमा जाने नर्सको कुरा हो । यसलाई फरक रुपमा बुझ्नु हुँदैन । ती स्कुलमा पनि जान्छन्, जनताको घरमा पनि जान्छ । एउटा वडामा एउटा नर्स चाहिँ हामीले सामुदायिक नर्सको रुपमा चाहिँ त्यो कार्यक्रम अगाडि सार्ने विचार गरेका छौं । सहिद परिवारको सम्मान मात्र होइन, सहिदहरुको सम्मान र सहिद परिवारको चाहिँ एउटा रोजगारी हुने खालका कार्यक्रमहरु हामी ल्याउँछौं । त्यस्तैगरी, मातृभाषाको सवाल पनि उठाउँनु भएको छ । मातृभाषाका शिक्षकहरु ल्याउने कुरामा र पिछडिएको क्षेत्रलाई चाहिँ सम्बोधन गर्ने कुरामा पनि हाम्रो ध्यान जानेछ । प्रतिव्यक्ति आय बढाउने कुरा होला अथवा चाहिँ नीति, केही सैद्धान्तिक विषय पनि उठाउँनु भएको छ । यो निजीकरण र उदारीकरण मात्रै देश बन्न सक्दैन । समाजवादीकरणबाट नै अगाडि बढ्नुपर्ने हुन्छ । संविधानमा पनि

भनिसकेका छौं, यो नै हाम्रो मूल बाटो हो र यसमा सरकारी क्षेत्रको लगानी जरुरी हुन्छ । सरकारी-निजी-सहकारी यी तीन क्षेत्र मिलेर नै यो राष्ट्र बनाउने कुरामा हामी प्रष्ट छौं । र अन्त्यमा यो एक वर्ष हामीले जति गर्न सक्यौं यसको समीक्षा गरौं । यसमा धेरै निराश बन्न पनि पर्दैन । मैले अघि नै भनें केही बाटो बनाएका छौं। त्यो बाटोमा हिँड्नुपर्नेछ । वादे वादे जायते, तत्वबोध भनेजस्तै हामी छलफल गर्दै, बहस गर्दै अगाडि बढेका छौं । हामी कमजोरीबाट शिक्षा लिनेछौं, पाठ सिक्नेछौं र राम्रो कुराको निम्ति पनि अगाडि बढ्नेछौं । "सम्बृद्ध कर्णाली सुखारी कर्णालीवासी" हाम्रो मूल नारा हो । यो नाराको लक्ष्य भेदन गर्नका लागि सबै मिलेर जानुको विकल्प छैन । सरकार, संसद, जनता, स्थानीय जनप्रतिनिधि सबैको बीचमा एकता, सहकार्य अहिलेको खाँचो हो । आवश्यकता हो । अनिवार्य शर्त हो । यो कुरामा कुनै दुईमत छैन । म एकपटक फेरि पनि प्रि-बजेटमा जुन सुझावहरु आएका छन्, तपाईंहरुले जुन महत्त्वपूर्ण एउटा चाहिँ हामीलाई मार्गदर्शन गर्नुभएको छ, त्यो विषयहरु, तपाईंहरुका सुझावहरु तपाईंहरुका निर्देशनहरु यो संसदले दिएका निर्देशनहरु आगामी बजेटमा चाहिँ सम्बोधन हुने पूर्ण विश्वास तपाईंहरुलाई दिलाउँदै अहिलेलाई म तपाईंहरुले उठाएका जिज्ञासाहरुको जवाफ दिँदै विदा हुन्छु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुख :** माननीय सदस्यहरु, विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकतामा समावेश भएका विषयवस्तुहरु माथिको छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७६का सिद्धान्त र प्राथमिकतामा समावेश भएका विषयवस्तु सम्बन्धमा भएको छलफलमा माननीय सदस्यहरूले दिनुभएका सुझाव र मार्गदर्शनलाई आगामी बजेटमा के-कसरी समावेश गर्न सकिन्छ ? प्रदेश सरकारलाई सोको मार्गदर्शनका लागि छलफलमा उठाइएका विषयवस्तु समेटेर सचिवालयले तयार गरेको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पठाउँन म सचिवालयलाई निर्देशन दिन्छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल जेठ २२ गते बुधबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-५ (पहिलो)

(२०७६ साल जेठ २२ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको पाँचौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री दुर्गकिशर खनालज्यू प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सभालाई सम्बोधन गर्न गरिएको आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनुभएकोमा प्रदेश सभाकोतर्फबाट उहाँलाई हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको मूल प्रति प्रदेश प्रमुख माननीय श्री दुर्गकिशर खनालज्यूलाई उपलब्ध गराउन अनुमति दिन्छु।

माननीय सदस्यहरू, अब म नेपालको संविधान, २०७२ को धारा १८४ एवम् कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ बमोजिम कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री दुर्गकिशर खनालज्यूलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न अनुरोध गर्दछु ।

**माननीय प्रदेश प्रमुख दुर्गकिशर खनाल :** माननीय सभामुख महोदय, माननीय सदस्यहरू, कर्णाली प्रदेशको समग्र आर्थिक-सामाजिक-सांस्कृतिक रुपान्तरणका लागि आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको छ । यस अवसरमा अधिकार प्राप्तिका लागि भएका जनयुद्ध, जनआन्दोलन र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका ज्ञात अज्ञात महान सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका योद्धा र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान पुर्याउने महान व्यक्तित्वहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

जडान र खसानको सहअस्तित्वमा स्थापित कर्णाली सभ्यता खसकालीन समयमा शक्तिशाली, समृद्ध र उत्तर दक्षिण व्यापारको रेशम मार्गको रुपमा प्रसिद्ध थियो । दुल्लु र सिंजाजस्ता व्यापारिक केन्द्रहरु स्थापित थिए । कृषि, पशुपालन र घरेलु उद्योगमा आत्मनिर्भर कर्णाली उत्पादन, उपभोग र व्यापारको बाह्य प्रभावका कारण आधुनिक विकासको गतिमा पछि रहँदा परनिर्भरता समेत बढ्दै गयो । नेपाल एकीकरणको अभियानमा कर्णालीका राज्यहरु अन्तिमसम्म लडिरहे जसका कारण केन्द्र त्यतिबेला देखिनै नकारात्मक रह्यो र कर्णालीले पनि केन्द्रलाई कहिल्यै आफ्नो ठानेन । यस पृष्ठभूमिमा संघीयता कार्यान्वयनको ऐतिहासिक जिम्मेवारी पूरा गर्न कर्णालीले पनि आफ्नो धारणा बदल्ने र कर्णालीप्रति केन्द्रको दृष्टिकोण सकारात्मक बनाउन आवश्यक सघन संवाद र सहकार्य अगाडि बढाई सम्बन्धलाई सुमधुर बनाउँदै जानुपर्नेछ ।

प्रदेश सरकार जनताको नजिकको सरकार भएको कारण यस प्रति जनताका अपेक्षा र आकांक्षाहरु धेरै हुनु स्वाभाविकै हो । केन्द्र सरकार र साविकका स्थानीय निकायको तुलनामा कानूनी, संस्थागत र कार्यगत बन्दोबस्तीको सर्वथा अभाव रहेको अवस्थामा प्रदेश सरकार स्थापना भई आफ्नो क्रियाकलापहरु अगाडि

बढाउनु परेको थियो । संरचनागत अन्यौल, कानूनी अस्पष्टता, यथासमयमा योजना कार्यक्रम, सङ्गठन संरचना हस्तान्तरण र कर्मचारी समायोजन समेत हुन सकेन । यस अवस्थामा जनअपेक्षालाई सम्बोधन गर्ने सरकारको इमान्दार प्रयास प्रति सभा जानकार नै छ । यति हुँदा हुँदै पनि प्रदेश सरकारले आवश्यक नीति तथा कानूनहरुको निर्माण, नीति तथा कार्यक्रमको कार्यान्वयन र बजेटको सञ्चालनमा अनुभूत हुने गरी प्रगति हासिल गरेको छ । समकक्षी प्रदेश सरकारहरु सँगै एउटै मञ्चमा उभिएर कर्णाली प्रदेश स्थापनाको औचित्य पुष्टी गर्दै आएको छ ।

कर्णाली प्रदेशको समग्र विकासका लागि नीति, योजना र कार्यक्रम निर्माण गर्दा आवश्यक सूचना, तथ्याङ्क, अध्ययन, अनुसन्धान अपर्याप्त रहेको सन्दर्भमा प्रदेशको आवश्यकता अनुसारको वस्तुगत तथ्याङ्क सङ्कलन, सूक्ष्म अध्ययन, वैज्ञानिक विश्लेषण, समस्या पहिचान, समाधानका उपाय र यसको कार्यान्वयनको खाकाको तयारी प्रारम्भिक कार्य हो। योजनाको प्रभावकारी तथा पारदर्शी कार्यान्वयन, विकासमा गुणस्तरीयता र यसको प्रतिफलको उपयोग समेतमा अत्यन्त मिहिन ढङ्गले विश्लेषण गरी अगाडि बढ्नु पर्ने आवश्यकता छ।

कर्णालीको विकास र समृद्धि भनेको बाटो घाटो, उद्योगधन्दा, कल कारखाना, बैंक विप्रेषण, शेयर धितो मात्र होइन, हिंसारहित घरपरिवार, विभेदरहित समाज, काम गरेर दुईछाक राम्ररी खान सक्ने अन्नपात, आङ ढाक्न पुग्ने लुगाफाटो, घाम, पानी, शीत, हिँउबाट ओतलाग्ने छानो र राज्यले उपलब्ध गराएको सेवा सुविधा सहजै पाउन सक्ने वातावरण पनि हो । आम कर्णालीबासीको जीवन र परिवेश सुधार गर्न जीवनोपयोगी शिक्षा, सामाजिक सोच र जिम्मेवारीबाट सुसज्जित आत्मनिर्भर व्यक्ति, खुशी परिवार र उत्पादनशील समुदाय निर्माण गर्दै मुलुक र प्रणाली प्रति सम्मान र आदर भाव जागृत गर्न "शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारः यसका लागि पूर्वाधार" मूलनाराका साथ खाना, नाना र छानाको प्रवन्ध गर्ने ध्येयले यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

कर्णाली प्रदेशको अवस्था, समस्याहरु, विकासको सम्भावना र आवश्यकता मुलुकको अन्य भागका भन्दा नितान्त फरक छन् । यो परिवेशलाई ध्यानमा राखी जिल्ला, स्थानीय तह, वडासम्म मात्र पुगेर सन्तुष्ट हुने अवस्था छैन । प्रत्येक कर्णालीबासीका घर-गोठ, चुल्हो-चौको, खेत-बारी, सञ्चो-बिसञ्चो, बालबालिकाको लालन-पालन, पढाई-लेखाई, छोरा सरह छोरी-बुहारीहरुलाई समान व्यवहार, छुवाछुतलगायत सबैखाले विभेदको अन्त्य, युवालाई देशभित्रै रोजगारी, अपाङ्गता भएकाहरुलाई अवसर र ज्येष्ठ नागरिकको आदर सम्मानका विषयमा प्रदेश सरकारले मौलिकरुपमा सम्बोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दछुः-

- प्रदेश सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानुनी व्यवस्था गर्दै लगिनेछ । लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गरिनेछ। नयाँ परियोजना तथा कार्यक्रमका हकमा सम्भाव्यता अध्ययन, लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदनका लागि मात्र बजेट व्यवस्था गरिनेछ ।
- प्राथमिकता प्राप्त आयोजनाहरु कार्यान्वयन गर्न अधिकार सम्पन्न संरचना निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।
- प्रदेश सरकारले रु. १ करोडभन्दा बढी लागत अनुमान भएका आयोजनाहरुमा मात्र बजेट विनियोजन गरिनेछ ।
- सालबसाली रुपमा सम्पन्न हुने आयोजनाहरुको हकमा भदौ मसान्तभित्र खरिद प्रक्रिया प्रारम्भ गरिनेछ ।
- पूर्वाधार र विकासको लागि कर्णाली पूर्वाधार विकास बैंक स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

- विभिन्न विषयगत र क्षेत्रगत गुरुयोजनाका आधारमा विकास निर्माण कार्यलाई अघि बढाउनको लागि परियोजना बैंक निर्माण गरिनेछ । उक्त परियोजना बैंक र योजना कार्यान्वयनको प्रगति विवरणलाई कम्प्युटर प्रणालीमार्फत् व्यवस्थित गरिनेछ ।
- प्रदेशका योजनाहरुको अध्ययन, सर्भेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदन तयार पार्न इन्जिनियरिङ्ग कम्पनी स्थापना गरी तत्काल कार्य प्रारम्भ गरिनेछ ।
- प्रदेशलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण र विकास गरी त्यसको परिपूर्ति गर्दै लगिनेछ ।
- प्रदेश लोक सेवा आयोग गठन गरिनेछ ।
- कर्णाली प्रदेश मानव संसाधन विकास केन्द्र स्थापना गरिनेछ ।
- आवश्यकता अनुसार प्राविधिक तथा विज्ञ जनशक्तिको सेवा लिइनेछ ।
- श्रमको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रदेश सरकारले सञ्चालनमा ल्याएको श्रमदिन अभियानलाई व्यापकता दिइनेछ ।
- मानव विकास र मानवीय चेतनाको रुपान्तरण गरी जीवनलाई सहज र सकारात्मक रुपमा बुझ्ने, जीवनका उज्याला पक्षहरु देख्न सक्ने र राम्रा कार्यहरुको प्रंशसा गर्ने र अर्काको प्रगतिमा रमाउन सक्ने स्वउत्प्रेरित नागरिक तयार गर्नेतर्फ शिक्षा प्रणालीलाई केन्द्रित गरिनेछ।
- आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न प्रदेश सरकारले निर्धारण गरेको प्रतिव्यक्ति आयआर्जनका लागि न्यूनतम आयआर्जन कार्यक्रम लागू गरिनेछ ।
- न्यूनतम आयआर्जन कार्यक्रम परीक्षण गर्न मानव विकास सूचकाङ्क न्यून भएका स्थानीय तहको समन्वयमा कृषि उपज प्रशोधनमा आधारित उद्योग व्यवसाय थालनी गरिनेछ ।
- काम गर्ने उमेर पुगेका व्यक्तिलाई सीप, उद्यमशिलता र सहुलियत पूर्ण ऋण उपलब्ध गराई स्वरोजगारको अवसर सिर्जना गरिनेछ । फर्म दर्ता तथा स्थायी लेखा नम्बर प्राप्त गर्न सहजीकरण गरिनेछ ।
- प्रदेश समन्वय परिषद्को बैठकलाईनिरन्तरता दिँदै नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटसम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरिनेछ ।
- प्रदेश समन्वय परिषद्को पहिलो बैठकबाट निर्णय भएका साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- प्रदेश र स्थानीय तहबीच दोहोरोपना नहुनेगरी आपसी समन्वय र साझेदारीमा आयोजनाहरु सञ्चालन गरिनेछ ।
- कर्णालीको विकास र समृद्धिको लागि नेपाल सरकारसँग समन्वय तथा सहकार्य गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गरिनेछ ।
- ठूला उद्योग कलकारखाना स्थापनाका लागि बाटो, बिजुली लगायतका आधारभुत पूर्वाधार उपलब्ध गराई लगानी सुरक्षाको वातावरण निर्माण गरिनेछ ।
- आगामी आर्थिक वर्षको पौष मसान्तभित्र लगानी सम्मेलन गरिनेछ ।
- परम्परागत प्रविधि तथा स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।
- उद्योग ग्रामको स्थापना गरी स्थानीय उत्पादनको उचित मूल्य र बजार पहुँच सुनिश्चित गर्न नेपाल सरकार र सम्बन्धित स्थानीय तहसँग समन्वय गरिनेछ ।

- कपास र अल्लो खेतीलाई प्रबर्द्धन गर्दै यस्ता वस्तुबाट उत्पादित कपडाको बजारिकरण गरिनेछ । प्रदेशको पहिचान झल्काउन जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक लगायतले प्रयोग गर्ने औपचारिक पोशाकमा यस्ता उत्पादनहरु प्रयोगमा ल्याइनेछ ।
- सम्भव भएसम्म सरकारी कार्यालय र कार्यक्रमहरुमा स्थानीय उत्पादनलाई नै प्रयोग गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ । प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ । विकास साझेदारहरुको सहयोगलाई प्रदेश प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र प्रदेश सञ्चित कोषमार्फत् परिचालन हुने व्यवस्था मिलाइनेछ ।
- विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) प्रदेश सरकारको वार्षिक विकास कार्यक्रममा आवद्धता गराई लागू गरिनेछ। यसको समन्वयका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा वैदेशिक समन्वय महाशाखा स्थापना गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुको नियमन र सहजीकरण सामाजिक विकास मन्त्रालयमार्फत् हुनेछ ।

सभामुख महोदय,

- प्रदेश सरकार, स्थानीय तह र आम नागरिकहरुको सहकार्यमा कर्णालीको पानीः सबैको लगानीको अवसर जुटाई आर्थिक रुपमा आकर्षक र प्राविधिक रुपमा संभाव्य जलविद्युत उत्पादन, प्रशारण र साना तथा वैकल्पिक ऊर्जाको माध्यमबाट उज्यालो कर्णाली अभियानलाई अगाडि बढाइनेछ ।
- नेपाल सरकारसँग समन्वय गरी भेरी बबई वहुउद्देश्यीय जलविद्युत आयोजनामा लगानी गरिनेछ । यस आयोजनाको बाँधबाट ९ मेगावाटको नयाँ जलविद्युत योजना निर्माण प्रक्रिया अगाडि बढाइनेछ । साथै डोल्पाको जगदुल्ला जलविद्युत आयोजनमा समेत लगानी गरिनेछ ।
- साना जलविद्युत, वैकल्पिक उर्जा (सोलार, बायोग्यास, बायो उर्जा) आदिको सम्भाव्यता तथा विस्तृत अध्ययन गरी उज्यालो कर्णाली अभियानलाई अगाडि बढाइने छ ।
- प्रदेश महत्त्वका रणनैतिक सडकहरुमा आवश्यकता अनुसार लगानी गरिनेछ । सबै स्थानीय तहको केन्द्रबाट जिल्ला सदरमुकाम र जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने सडक निर्माणमा उच्च प्राथमिकता दिन तत्कालै प्रारम्भिक अध्ययन सम्पन्न गरिनेछ ।
- हरेक जिल्लामा कम्तीमा एउटा सडक आयोजनालाई प्रदेश महत्त्वको आयोजनाको रुपमा सञ्चालन गरिनेछ ।
- सडक निर्माण गर्दा सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि मापदण्ड तयार गरी लागू गरिनेछ ।
- विद्यालय जाने बालबालिका, बिरामी, अशक्त लगायत आम नागरिकको सुविधा तथा अन्य सेवाको पहुँचमा अभिवृद्धि गराउनको लागि कुनैपनि कर्णालीबासीले एकघण्टा भन्दा बढीको फेरो लगाउनु नपर्ने गरी खोलानालाहरुमा नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा आवश्यक झोलुङ्गे पुल निर्माण गरी तुईन विस्थापन गरिनेछ ।
- राजधानी सहर वीरेन्द्रनगरमा सार्वजनिक यातायातको व्यवस्था सुलभ र सहज पारिनेछ।
- खानेपानी तथा सिँचाइको दीर्घकालीन समस्या समाधान गर्न कर्णाली, भेरी, बबई र शारदा लगायतका नदीको पानीलाई प्रविधिको प्रयोग गरी स्वच्छ खानेपानी तथा सिँचाइ उपलब्ध गराउने नीति लिईनेछ ।
- "एक घर एक धारा, विद्यालय र स्वास्थ्य संस्थामा खानेपानी"को अवधारणाअनुसार स्वच्छ तथा गुणस्तरीय खानेपानी उपलब्ध गराइनेछ। खानेपानी सुरक्षा योजना लागू गरी पानी प्रशोधन तथा परीक्षण

प्रयोगशाला स्थापना गरिनेछ। विकट बस्ती तथा खानेपानीका स्रोत नभएका स्थानहरु पहिचान गरी वर्षाको पानी सङ्कलन, छाना/छतको पानी सङ्कलन तथा भूमिगत जलश्रोतको व्यवस्थापन अनिवार्य गरिनेछ।

- राजधानी सहर वीरेन्द्रनगरको खानेपानीको अभावलाई मध्यनजर गर्दै चिङ्गाड खोलाको पानी ल्याउनको लागि विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ । साथै नेपाल सरकारसँग समन्वय गरी यो समस्याको दीर्घकालीन समाधानका लागि बृहत् भेरी लिफ्ट खानेपानी आयोजना अगाडि बढाइनेछ ।
- दैलेखको लोहोरे खोलाबाट सुरुङ्गद्वारा खानेपानी, सिँचाइ, जलविद्युतको लागि बहुउद्देश्यीय आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।
- सरसफाईसम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । राजधानी लगायत सबै सहरहरुमा स्थानीय तहसँगको सहकार्यमा सार्वजनिक शौचालयहरु निर्माणको अभियान सञ्चालन गरिनेछ ।
- सिँचाइका श्रोतहरुको पहिचान गरी खेतीयोग्य जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ प्रणालीको विकास गर्ने कार्यलाई प्राथमिकताका दिइनेछ ।
- स्थानीय तहसँगको समन्वयमा सम्भावना भएका क्षेत्रहरुमा लिफ्ट सिँचाइ, आकासे पानी सङ्कलन, मूल पोखरी र हिउँ पोखरी निर्माण गरिनेछ ।
- सतहबाट सिँचाइ हुने सम्भावना भएका क्षेत्रहरुमा नहर कुलोको निर्माण गरिनेछ। साथै थोपा सिँचाइजस्ता वैज्ञानिक पद्दति अवलम्बन गरी सिँचाइ सुविधा विस्तार गरिनेछ।
- जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- दलित, विपन्न तथा घरबारविहिन नागरिक, जोखिमयुक्त र छरिएका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी शिक्षा, स्वास्थ्य, रोजगारी र आयआर्जनका अवसरहरु उपलब्ध गराउने गरी एकीकृत बस्ती विकास कार्यक्रम अगाडि बढाइनेछ ।
- सुरक्षित, व्यवस्थित र वातावरणमैत्री भवनहरु निर्माण गर्नका लागि भवनसँग सम्बन्धित कानून तथा भवन संहिता कार्यान्वयमा ल्याइनेछ ।
- सार्वजनिक तथा व्यावसायिक प्रयोजनका भवन निर्माणमा व्यवसायजन्य सुरक्षासम्बन्धी मापदण्ड अनिवार्य गरिनेछ ।
- सबै जिल्लाहरुमा एकीकृत नमूना बस्ती विकासका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ ।
- लक्षित वर्ग र समुदायलाई पहिचान गरी जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

सभामुख महोदय,

- कर्णाली प्रदेशमा दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ ।
- पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गरिनेछ ।
- स्वास्थ्य क्षेत्रका लागि आवश्यक जनशक्ति उत्पादनका लागि संघीय सरकारसँगको समन्वयमा मेडिकल कलेज सञ्चालनमा ल्याईनेछ ।
- प्राविधिक जनशक्ति उत्पादन गर्न एक जिल्ला एक बहुप्राविधिक कलेज स्थापना गरिनेछ ।

- स्थानीय तहसँगको समन्वयमा कालिकोट, हुम्ला, मुगु र डोल्पा जिल्लामा नमूना आवासीय विद्यालय स्थापना गरिनेछ । साथै सबै स्थानीय तहको केन्द्रमा रहेको एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिनेछ ।
- नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा आगामी दुई वर्षभित्र कर्णालीलाई साक्षर प्रदेश घोषणा गरिनेछ ।
- नैतिक, व्यावसायिक र वैज्ञानिक शिक्षाको लागि कर्णालीको मौलिक विशेषता सहितको जीवनोपयोगी पाठ्यक्रम विकास गरी प्रदेशका सबै विद्यालयहरुमा लागू गरिनेछ ।
- माध्यमिक विद्यालयहरुमा नेपाल स्काउट स्थापना, जुनियर रेडक्रस र राष्ट्रिय सेवा दल लगायतका तालीम क्रियाकलाप सहजै उपलब्ध गराई विद्यार्थीलाई अनुशासित, स्वावलम्बी र राष्ट्रप्रेमयुक्त नागरिक निर्माण गर्न आवश्यक समन्वय गरिनेछ ।
- जनशक्ति विकासमा जोड दिन छोरीबुहारी छात्रवृत्ति, गरिब, दलित, अपाङ्गता, दुर्गमका तथा जेहेन्दार विद्यार्थीका लागि उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिनेछ । चिकित्सा, इन्जिनियरिङ्ग र विमान चालक अध्ययनका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- दरबन्दी नभएका र विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरुमा सम्बन्धित विषयका शिक्षण सिकाई तालीम प्राप्त स्नातकहरुलाई स्वयम्सेवक बनाई कर्णाली विकास सेवामा परिचालन गरिनेछ ।
- छोरीहरुको खानपिन उपचार लालनपालन शिक्षा आदिमा हुने भेदभाव अन्तगर्न कम उमेरमा हुने बिबाह रोक्न, छिटै र धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैको स्वास्थ्य कमजोर हुने अवस्था आउन नदिन, घर र खेतीपातीमा महिलालाई निःशुल्क कामदारको रुपमा हेर्ने परम्परा अन्त्य गर्न, छुई हुँदा गरिने निकृष्ट व्यवहारलाई दण्डित गर्न अरुलाई खाना खुवाएर बचे पछि मात्रै खाने परिवारको हेपिएको सदस्यको रुपमा गरिने व्यवहार हटाउन छोरीको गर्भ र जन्मदेखि नै समान रुपले हुर्काउन, पढाउन, विभेद रहित र सुरक्षित छु भन्ने आभास दिलाउन, समान अवसरका साथ राज्यका सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन आवश्यक सबै उपाय अवलम्बन गरिनेछ।
- दलित प्रतिको अमानवीय र निकृष्ट व्यवहार हटाउने तमाम राजकीय प्रयास र प्रतिबद्धताबाट अनुभूत हुने तहको परिवर्तन भएको नदेखिँदा विभेद न्यूनीकरणका नयाँ र अन्तर सम्बन्धित सामाजिक व्यवहार निर्माण, व्यक्ति व्यक्तिबीच आपसी प्रेम र सद्भाव पैदा हुने वातावरणको सिर्जना र सामाजिक अन्तरघुलनका उपायहरुको अवलम्बन, अन्तरजातीय विवाहलाई प्रोत्साहन, कुरितीजन्य सोचको रुपान्तरण र अन्तरदलित विभेद समेत हटाउँदै आत्मनिर्भर हुन उद्यमशीलता, रोजगारी र आयआर्जनका अवसरहरुको सिर्जना र पहुँचबाट यस्तो सामाजिक विभेद समूल नष्ट गरी एउटा आदर्श र समतामूलक समाज निर्माण गर्ने दिशामा प्रदेश सरकारका कार्यक्रमहरु लक्षित हुनेछन् ।
- मुख्यमन्त्री महिला तथा दलित आयआर्जन कार्यक्रम लागू गरी परम्परागत मौलिक सीप र कलालाई प्राविधिक शिक्षा समेतको माध्यमले आधुनिकीकरण र व्यावसायिक बनाई रोजगारीका थप अवसरहरु सृजना गरिनेछ ।
- राउटे लगायतका लोपोन्मुख तथा अल्पसंख्यक सीमान्तकृत वर्ग समुदायको संरक्षण, विकास र जीविकोपार्जनका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर्णालीबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ ।

- प्रदेश अस्पताललाई तीन सय शैयाको शिक्षण अभ्यास सहितको विशेषज्ञ अस्पतालको रुपमा विकास गरिनेछ । प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई सुदृढ गरिनेछ ।
- जिल्लास्तरका अस्पतालहरुलाई पचास शैयासम्मका विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रुपमा स्तरोन्नति गरिनेछ । स्थानीय तहमा स्थापना गरिने पन्ध्र शैयाको अस्पताल निर्माण र सञ्चालनमा आवश्यक सहयोग गरिनेछ ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, आम्ची लगायतका वैकल्पिक चिकित्सा पद्दति परिष्कृत गरी सञ्चालन गरिनेछ ।
- स्थानीय तहसँगको समन्वयमा बर्थिङ्ग सेण्टरलाई व्यवस्थित र साधनश्रोत सम्पन्न बनाइनेछ । हुम्ला, डोल्पा, मुगु, कालिकोट र जाजरकोट जिल्लाका जिल्ला सदरमुकाम रहेका पालिका बाहेकका स्वास्थ्य संस्था नभएका वडाहरुमा अत्यावश्यक उपकरणसहित तालीम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्था गरिनेछ ।
- जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सञ्चालन गरिनेछ ।
- अस्पताल परिसरभित्र अस्पतालकै औषधि पसल मात्र सञ्चालन अनिवार्य गरी सहुलियत दरमा औषधि उपलब्ध गराउने व्यवस्था मिलाई औषधि उपचारको लागत घटाइनेछ।
- सरकारी अस्पतालहरुमा पोषण विज्ञ समेतको सहभागीता र सिफारिसमा खाना र खाजाको प्रकार र मेनु तर्जुमा गरी प्रतिछाक लागतका आधारमा गुणस्तरीय खाना र खाजा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- आवश्यकता अनुसार एक निर्वाचन क्षेत्र एक टेलीमेडिसिन सेवा सुरुवात गरिनेछ।
- स्थानीय तहहरुसँगको सहकार्यमा एक स्थानीय तह एक एम्बुलेन्स कार्यक्रम लागू गरी प्रेषण सेवालाई थप व्यवस्थित बनाइनेछ ।
- नेपाल सरकारसँगको समन्वयमा सबै नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ ।
- मानसिक स्वास्थ्य समस्या तथा नसर्ने रोगको परीक्षण तथा उपचार सेवालाई स्थानीय अस्पतालसम्म पुर्याइनेछ । जिल्ला अस्पतालसम्म मनोसामाजिक परामर्शदाताको सेवा उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- प्रदेश अस्पतालको परिसरभित्र पुनरुथापना केन्द्रको स्थापना गरिनेछ । विभिन्न कारणले घाइते भई सडकमा अलपत्र परेका बिरामीहरुलाई उपचार गरी पुनरुथापना केन्द्रमा राखिनेछ ।
- कामको सृजना, रोजगारीको अवसर, ज्यालामा सुधार गरी श्रमप्रति सम्मान गर्दै समृद्ध कर्णाली प्रदेश निर्माणमा युवाको भूमिकालाई स्थापित गरिनेछ ।
- सबै स्थानीय तहसँगको समन्वयमा श्रम सहकारी तथा श्रम कार्यदलहरुलाई सबै सार्वजनिक विकास निर्माण तथा अन्य कार्यक्रम र उत्पादनका जीवन्त आयोजनाहरुमा परिचालन गरी रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- काम गर्ने उमेरका जनशक्तिलाई समग्र विकास निर्माणका काममा परिचालन गर्न मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सीपमूलक तथा रोजगारमूलक तालीम सञ्चालन गरी उधमशीलता र दक्ष जनशक्तिको विकास गरिनेछ । विद्यालय छाडेका किशोर र युवालाई यस्ता तालीममा अनिवार्य सहभागी गराई श्रम बजारमा जाने वातावरण बनाइनेछ ।

- रोजगारीका लागि सबै जिल्लामा परामर्श केन्द्रको स्थापना गरिनेछ र स्वरोजगारका लागि उद्यमशीलता तथा सीप विकास तालीमका साथै वित्तीय पहुँच स्थापित गरी सरकार-निजी क्षेत्र-सहकारी साझेदारी लगानीमा उत्पादनमूलक परियोजनाहरु सञ्चालन गरी प्रदेशमै रोजगारीको अवसर सृजना गरिनेछ ।
- "स्वास्थ्य र मनोरञ्जनका लागि खेल"भन्ने अवधारणाअनुरुप कर्णालीमा खेल क्षेत्रको विकास र प्रवर्द्धन गरी सबै नागरिकलाई खेलकुदप्रति आकर्षित गरिनेछ। खेलकुदलाई जीवन पद्धतिको अभिन्न क्रियाकलाप बनाइनेछ।
- खेल क्षेत्रको विकास तथा प्रबर्द्धनका लागि कर्णाली खेलकुद विकास परिषद् गठन गरिनेछ ।
- उच्च हिमाली जिल्लाहरुका साथै उपयुक्त ठाउँहरुमा राष्ट्रियस्तरको खेलकुदका लागि आवश्यक बहुउद्देश्यीय रङ्गशाला लगायतका आवश्यक पूर्वाधार निर्माणको तयारी यसै आर्थिक वर्षबाट अगाडि बढाइनेछ ।
- प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरुमा प्रतिनिधित्व गरी उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुको उत्प्रेणाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पूरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- खस भाषा सभ्यता र संस्कृतिको उद्गम स्थल सिंजा र दुल्लूमा सांस्कृतिक संग्रहालयको स्थापना गरिनेछ । सिंजामा नेपाली भाषा तथा साहित्य विश्व सम्मेलन गरिनेछ । प्रदेश सङ्ग्रहालय र पुस्तकालयको स्तरोन्नति गरिनेछ ।
- प्रदेश राजधानी तथा महत्त्वपूर्ण पर्यटकीय स्थानहरुमा कला संस्कृति नाचघर निर्माण गरिनेछ। उपयुक्त स्थानमा हिमाली चिडियाखाना स्थापना गरिनेछ ।
- पर्यटकहरुको सुविधाको लागि सिमकोट, रारा र शेफोक्सुण्डोमा विद्युतीय पुस्तकालयको स्थापना गरिनेछ ।
- विभिन्न समयमा भएका राजनीतिक आन्दोलन र सामाजिक परिवर्तनको विषय झल्कने तथ्य, प्रमाण, वस्तु, दस्तावेजहरुको व्यवस्थित संग्रह सहितको शान्ति अध्ययन केन्द्र स्थापना गरिनेछ।
- जनयुद्ध, जनआन्दोलन, प्रदेश प्राप्ती लगायतका अन्य अधिकार प्राप्तीका आन्दोलनका घाइते योद्धा, सहिद परिवार र बेपत्ता भएका व्यक्तिको परिवारको उचीत व्यवस्थापन, राहत, औषधोपचार, पुनरुथापना तथा रोजगारमूलक कार्यक्रमहरु पुनरुथापना केन्द्रमार्फत् सञ्चालन गरिनेछ ।

सभामुख महोदय,

- गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधीकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ ।
- कृषियोग्य भूमिको समुचित उपयोग, बिस्तार र चक्लाबन्दी गरी सामुदायिक खेती तथा तुलनात्मक लाभ र स्थान विशेषका उच्च मूल्यका कृषि उपज उत्पादन, भण्डारण तथा बजारीकरणमा सरकारी-निजी-सहकारी साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- भूखण्ड अनुकुल आधुनिक कृषि औजार तथा प्रविधिको विकास र उपयोगको लागि निजी, सहकारी र समुदायसँग साझेदारी गरिनेछ ।
- सहकारी र स्थानीय समुदायको सहभागीतामा रैथाने प्रजातिका कृषि बालीवस्तुहरुको उचित संरक्षण र सम्बर्द्धन गरिनेछ । सबै कृषियोग्य भूमिको माटो परीक्षण, बिउ, सिँचाइ र प्राङ्गारिक मलको उचित

संयोजन गरी उत्पादन बृद्धिमा जोड दिइनेछ । माटो, मौसम र बीऊको संयोजन गरी बेमौसमी उत्पादनलाई जोड दिइनेछ । प्राङ्गारिक मलको उत्पादन बढाई रसायनिक मलको प्रयोग निरुत्साहित गरिनेछ ।

- बिउ बैंकको स्थापना गरी बिउ सङ्कलन र संरक्षण गर्दै कृषकहरुलाई रैथाने बिउ उपलब्ध गराई उत्पादन बृद्धि गरिनेछ ।
- स्थानीयस्तरमा उपलब्ध हुने अनाज तथा खाद्यवस्तुको संरक्षण र प्रबर्द्धन गरी सहकारी र स्थानीय समुदायको सहभागीतामा "पोषण पाक शिक्षा तथा भान्सा सुधार कार्यक्रम"सञ्चालन गरिनेछ। दैनिक खानपिनमा बजारको तयारी खानेकुरालाई निरुत्साहित गर्न विद्यालय, समुदायदेखि नै अभियान चलाइनेछ ।
- जैविक विषादी, किटनाशक र झारनाशक विषादीको उत्पादन, बजारीकरण तथा प्रयोग प्रोत्साहन गरिनेछ र मानव स्वास्थ्यमा हानी पुर्याउने रसायन तथा विषादीहरुको आयात, उत्पादन तथा बिक्री वितरणमा क्रमशः रोक लगाइने छ ।
- धान, मकै, गहुँ, जौं, उवा, कोदो, फापर, कागुनो, चिनो, नाफल, मास्याजस्ता अन्नबाली, सिमी, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोशेबाली, आलु, चोती, कोइरा, काउली, बन्दा, पिँडालु, कुरिलो, फर्सी, काँक्रो, गाजर, लौका, स्कुस, करेला, बरेला, गोलभेंडाजस्ता तरकारी बाली, अदुवा, लसुन, प्याज, बेसार, अलैंची, केशर, धनीयाँ, मेथी, खुर्सानी, तेजपात, टिमुर आदि मसलाबालीको पकेट क्षेत्र अनुसार उत्पादन, प्रोत्साहन र बजारीकरण गरिनेछ ।
- स्याउ, सुन्तला, कागती, अमिलो, ज्यामिर, ओखर, खमु, चुली, आँप, नासपाती, कफी, लिची, केरा, मेवा, भोगटे, किम्बु, आरु, आरुबखडा, अङ्गुर, अनार, किवी, एभोकाडोजस्ता फलफुल उत्पादनलाई प्रोत्साहन तथा प्रबर्द्धन गरी प्रदेशलाई फलफूलमा आत्मनिर्भर बनाइनेछ।
- खमु, तोरी, चुली, ओखर, ढँटेलो, जैतुन, च्यूरीको उत्पादन र प्रशोधनबाट खाने तेलमा प्रदेशलाई आत्मनिर्भर बनाइनेछ ।
- चौंरी, भेडा, बाख्रा, च्याङ्ग्रा, घोडा, खच्चड, गाई, भैंसी, सुँगुर, बँगुर, कस्तुरी,जस्ता पशुपालन र कुखुरा, हाँस, टर्की, बट्टाई, कालिज, च्याखुरा आदि पंछीहरु, मौरीपालन र माछापालन व्यावसायिक रुपमा पकेट क्षेत्र निर्धारण गरी उत्पादन र बजारीकरण गरिनेछ ।
- व्यावसायिक कृषकहरुलाई आवश्यक पर्ने बेर्नाको लागि नर्सरी, पशुवस्तुको लागि प्रजनन केन्द्र र माछा र पंक्षीहरुको लागि ह्याचरी स्थापना गरिनेछ ।

सभामुख महोदय,

- जनसहभागीतामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्दति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वनक्षेत्रको उत्पादकत्व वृद्धि गरिनेछ।
- हिमाल, महाभारत र चुरे श्रृंखला बचाऔं अभियान सञ्चालन गरिनेछ ।
- सामुदायिक वनमार्फत् वातावरण मैत्री हरित अर्थतन्त्र विकास गर्न उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडीबूटी र बोटबिरुवाहरु वृक्षारोपण अभियानकै रुपमा सञ्चालन गरिनेछ।
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडीबूटी, काठ तथा लघु घरेलु उद्यमहरुको प्रबर्द्धन, विविधिकरण र बजारीकरण गरिनेछ ।
- प्रचुर मात्रामा जडीबूटी पाइने जिल्लाहरुमा उत्पादन, सङ्कलन तथा प्राथमिक प्रशोधन लगायतका कार्यगर्न जडीबूटी कम्पनीको स्थापना गरिनेछ ।

- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरु अवलम्बन गर्दै हिमाली क्षेत्रमा वन बुट्यान, बीऊ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयमा वृक्षारोपणका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाई गर्दै सार्वजनिकस्थल, नदी किनार, सडक छेउ, खोल्सा-खोल्सीमा बाँस, अमरिसो, फलफुल लगायतका आयमूलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोग गरिनेछ । साथै सबै स्थानीय तहका केन्द्रहरुलाई हरित नगरको रुपमा विकसित गरिनेछ ।
- राजधानी सहर वीरेन्द्रनगरलाई धुलो, धुँवा र प्लाष्टिकको झोलामुक्त क्षेत्र कायम गरी नगर क्षेत्रमा साईकल सवारीलाई प्राथमिकता र प्रबर्द्धनका लागि पूर्वाधार विकास गरिनेछ ।
- विकास योजनाहरुको सञ्चालनमा वातावरण संरक्षणलाई प्राथमिकता दिइनेछ । सडक निर्माण गर्दा भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई उचित ध्यान दिइनेछ।
- दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै उपभोग्य वस्तुको गुणस्तर तथा मापदण्ड तयार गरी नियमित अनुगमन तथा नियमनमार्फत् बजारलाई व्यवस्थित गरिनेछ ।
- खाद्यवस्तुको गुणस्तर परीक्षणको लागि उपभोक्ता हित निर्देशनालयको क्षमता विकास गरिनेछ।
- बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ । दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्रीवितरणमा प्रतिबन्ध लगाइनेछ ।
- पशुबधशाला, माछा-मासुपसल, होटल, रेष्टुरेण्टको नियमित अनुगमन गरी गुणस्तर प्रमाण चिन्ह प्रदान दिइनेछ ।
- ढुसी लागेको खानेकुरा नखाने तथा खाद्यवस्तुहरुलाई ढुसी लाग्नबाट बचाउन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर्णालीलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न मुख्य पर्यटकीय स्थलहरु पहिचान गरी प्राकृतिक, सांस्कृतिक, धार्मिक, कृषि तथा वन पर्यटन, साहसिक पर्यटन परिपथ, होमस्टे लगायतका पर्यटन क्षेत्रहरुको विकास र विविधिकरण गरिनेछ। विकट तथा उच्च हिमाली क्षेत्रको पदमार्गमा बिसाउनी तथा आराम घर बनाउने, पदमार्गको स्तरोन्नति र दिगो पूर्वाधार निर्माणको मापदण्ड बनाई विकास तथा विस्तार गरिनेछ ।
- निजी क्षेत्रसँगको साझेदारीमा कर्णाली हवाई सेवा सञ्चालन गरिनेछ ।
- नेपाल सरकारसँग समन्वय गरी दुर्गम क्षेत्र सेवा कोषबाट उडान अनुदान प्राप्त गरी सुर्खेतलाई केन्द्र बनाई प्रदेश राजधानीबाट जिल्ला तथा संघीय राजधानीमा दैनिक नियमित उडान हुने व्यवस्था मिलाइनेछ ।
- पर्यटकहरुलाई थप आकर्षण गर्न प्रवद्र्धनात्मक र प्रचारात्मक कार्यलाईनिरन्तरता दिईनेछ ।
- बृहत् हिमालय पदमार्गको यस प्रदेशमा पर्ने खण्डलाई आकर्षक पर्यटकीय पदमार्गको रुपमा विकास गरिनेछ ।
- केवलकार, गुरिल्ला पर्यटन पदमार्ग, बाह्रदेउ भ्यू टावर, नाउर तथा कस्तुरी पदमार्गको सम्भाव्यता अध्ययन गरी निर्माण प्रारम्भ गरिनेछ ।
- स्थानीय युवालाई पर्यटक सहयोगी तालीम तथा विभिन्न पर्यटकीय सर्किटहरुमा पर्यटकीय सूचना केन्द्र स्थापना गरिनेछ । हिमाली क्षेत्रको पदयात्रामा सुरक्षालाई प्राथमिकता दिइनेछ ।

- पर्यटन विकास तथा प्रबर्द्धन, साहसिक खेलकूदमा आधारित र्याफ्टिङ्ग, माउण्टेन बाईक, पदयात्रा तथा जलयात्राका लागि उपयुक्त स्थान छनौट र विकासबाट आयआर्जन, रोजगारी सृजना, पर्यटकको बसाई अवधि तथा खर्च गर्ने अवसरहरुमा वृद्धि गर्न साझेदार निकायहरु समेतको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

सभामुख महोदय,

- नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा छरितो कर प्रशासनिक संरचनामार्फत् कर तथा गैर कर असुली तथा सङ्कलन कार्य प्रभावकारी बनाइनेछ। नेपाल सरकारबाट प्राप्त हुने अनुदान, अन्तर्राष्ट्रिय विकास सहायता, ऋण र प्रदेशको आन्तरिक स्रोतलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- प्रदेश सरकारको एकल कर अधिकार अन्तर्गत रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क, दण्ड जरिवानाजस्ता कर तथा गैर करहरुको दायरा विस्तार गर्न नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।
- सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ ।
- नेपाल सरकारसँगको समन्वयमा बैंक सेवा नपुगेका स्थानीय तहहरुमा भरपर्दो बैंकिङ्ग तथा वित्तीय सेवा उपलब्ध गराउन पहल गरिनेछ ।
- अति आवश्यक र उच्च प्रतिफल दिने परियोजनाहरुमा मात्र ऋण परिचालन गरिनेछ।
- खर्च प्रक्रिया सरलीकरण गर्न प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएको चौमासिक विभाजनका आधारमा कार्यक्रम सञ्चालन र बजेट खर्च गर्न सम्बद्ध अधिकारीलाई विनियोजन ऐनबाटै अख्तियारी प्राप्त हुने व्यवस्था मिलाईनेछ।
- प्रदेशको समृद्धिको खाका सहित जनआकांक्षा, आवश्यकता र आवाजमा आधारित वैज्ञानिक दीर्घकालीन योजना र आवधिक योजना तर्जुमा गरिनेछ ।
- उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्दतिको अवलम्बन गरिनेछ ।
- दीर्घकालीन सोचका आधारमा आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग तालमेल हुने गरी वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ ।
- प्रदेश र संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा प्रदेश स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ ।
- कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरुलाई परियोजना बैंकमा राखिनेछ । परियोजना बैंकमा रहेका सूचनाहरुका आधारमा आयोजना छनौट तथा बजेट विनियोजन गरिनेछ ।
- वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहितासम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ ।
- नेपाल सरकार र स्थानीय तहसँग तालमेल हुने गरी सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदनको एकीकृत प्रणाली विकास गरी लागू गरिनेछ ।
- सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदन हुने प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ ।

- नेपाल सरकार र स्थानीय तह तथा मन्त्रालयहरुबीच बजेट तथा कार्यक्रममा दोहोरो नपर्ने व्यवस्था गरिनेछ । बजेटलाई नतिजामा आधारित बनाउन कार्यान्वयनको भौतिक, वित्तीय तथा प्रभाव मूल्याङ्कन समेतका आधारमा निकासा तथा भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।
- संघीय कानूनसँग तालमेल हुने गरी सार्वजनिक खरीद प्रकृयालाई सरल, समय सापेक्ष र परिणाममुखी बनाउन खरीदसम्बन्धी आवश्यक कानून, संरचना र पद्दतिको तर्जुमा गरिनेछ ।
- स्थानीय तहहरुबाटै सम्पादन हुने तर प्रदेशको उपस्थिति आवश्यक पर्ने आयोजना र कार्यक्रमहरु सशर्त, समपूरक र विशेष अनुदानमार्फत्सम्बन्धीत तहसँगको समन्वयमा सञ्चालन गरिनेछ । प्रदेशबाट स्थानीय तहमा जाने अनुदानसम्बन्धी कार्यविधिलाई आयोजना निर्माण र निर्माण सामग्रीको लागत, भौगोलिक विकटताजस्ता विषयहरुका आधारमा थप वैज्ञानिक र व्यवस्थित बनाइनेछ ।
- आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन । एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने प्रदेश महत्त्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ । यसका लागि आयोजना तयारी फिल्टर बनाई लागू गरिनेछ ।
- हिमाली जिल्लाहरुको लागि आर्थिक वर्षको समाप्तिपछि थप ६ महिना विकास बजेट फ्रीज नहुने व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्न सहज बनाईनेछ ।
- नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा प्रदेशभित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन गरिनेछ ।
- प्रदेशभित्र सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि मुख्यमन्त्रीको प्रत्यक्ष निगरानीमा अधिकार सम्पन्न अनुगमन संयन्त्र बनाइनेछ ।
- प्रदेश सभा सदस्यको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- प्रदेशस्तरीय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक नियमित गरी बजेटको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।
- जिल्ला समन्वय समितिलाई प्रदेश तथा स्थानीय तहबाट सञ्चालित हुने परियोजनाहरुको कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कनमा सहभागी गराइनेछ।
- आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याङ्कन गर्ने कानूनी व्यवस्था गरिनेछ ।
- प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गरी अनुगमन सकिएको पन्ध्र दिनभित्र आवश्यक पृष्ठपोषण र सहजीकरण निर्देशन दिइनेछ । यस्तो प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।
- प्रदेश सरकार र मातहत निकायका कार्यहरुको प्रभावकारी समन्वय तथा आन्तरिक नियन्त्रण प्रणाली मजबुत गरी प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा अनुगमन निर्देशन समिति गठन गरिनेछ ।

सभामुख महोदय,

- कानूनको शासन प्रबर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।
- स्थानीय तहका न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक कानूनी सहायता उपलब्ध गराइनेछ । प्रदेश कानून परिपालनाको अनुगमन गरिनेछ।
- मानवअधिकारको संरक्षण र प्रबर्द्धन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधारका लागि कानूनी तथा संरचनागत व्यवस्था गरिनेछ ।

- समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ-आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक वहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षणजस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी प्रदेशमा सुशासन प्रत्याभूत गरिनेछ ।
- नागरिक र सरकारबीच जीवन्त सम्बन्ध स्थापित गर्न र आमजनताले आफ्ना कुराहरु सरकार समक्ष प्रत्यक्ष राख्नको लागि "हाम्मा कुडा हाम्मा मुख्यमन्त्री" कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रदेश प्रहरी गठन गरी आवश्यक पर्ने तालीम, भौतिक पूर्वाधार, स्रोत साधन र उपकरणको व्यवस्था गरिनेछ ।
- प्रमुख सहर, बजार क्षेत्र, घना बस्तीका चोक र मूल सडकहरुमा सीसीटीभी, साईरनजस्ता उपकरण प्रयोग गरी प्रभावकारी रुपमा अपराध नियन्त्रण गरिनेछ ।
- कारागारहरुलाई सुधार गृहका रुपमा विकास गर्दै कैदी बन्दीहरुलाई अध्ययन, आयआर्जन र उत्पादनका कार्यमा लगाइनेछ । अपराधी होइन, अपराधलाई घृणा गरौं सचेतना कार्यक्रम चलाई कारागारबाट बाहिर निस्केपछिको जीवन सुरक्षित र समाजमा सहज मिलन र पुनर्स्थापित हुने वातावरण बनाइनेछ ।
- कुलतमा लागेका व्यक्तिहरुलाई सुधार गर्न अभिमुखीकरण, जीवन उपयोगी तालीम तथा मनोपरामर्श सेवा लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- समाजलाई पथ विचलित, प्रदुषित र संक्रमित तुल्याउने महिला हिंसा, बोक्सी प्रथा, छुवाछुत, बालविवाह, अनमेल विवाह, मानव बेचबिखन, छुई प्रथा, मदिरा एवं सूर्तिजन्य पदार्थ सेवन, जुवा तास र लागू औषध सेवनजस्ता विकार र विकृतिलाई अन्त्य गर्न यस्ता गतिविधिमा कडा निगरानी राखी समाजलाई सभ्य र सुसंस्कृत तुल्याउन उपयुक्त कानूनी र संरचनागत व्यवस्थाका साथै सामाजिक अभियान सञ्चालन गरिनेछ ।
- विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- पहिचान गरिएका बाढी तथा अग्नि पीडितका लागि निर्माण गरिएको घर चाँडै नै सम्पन्न गरी गृह प्रवेश गराइनेछ ।
- हरेक वर्षको श्रावण २८ गतेलाई प्रदेश विपद् सचेतना दिवसका रुपमा मनाइनेछ।
- प्रदेश सरकारका सबै कार्यालयहरुमा विपद् व्यवस्थापनका अत्यावश्यक सामग्री रहने व्यवस्था गरिनेछ ।
- विपद् सचेतना, खोज तथा उद्धार, राहत वितरण एवं पुनर्स्थापनामा एकजुट हुने नेपाली परम्परालाई प्रोत्साहन, क्षमता अभिवृद्धि, कानूनी संरक्षण, सामग्री भण्डारण र वस्तुगत सहयोग एवं साहसिक तथा उदाहरणीय कार्यलाई पुरस्कृत गर्ने प्रवन्ध गरिनेछ । पारिवारिक विपद् व्यवस्थापन कार्ययोजना निर्माणबाट समुदायलाई सक्षम र उत्थानशील बनाईनेछ ।
- सबै राष्ट्र सेवक कर्मचारी र स्थानीय समुदायलाई विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरणसम्बन्धी प्रशिक्षण तथा उद्दार उपकरण उपलब्ध गराइनेछ । समुदाय तहमा विपद् व्यवस्थापन दूत रहने व्यवस्था गरिनेछ ।
- विपद् तथा भोकमरीको समयमा तत्काल उपयोग गर्न सकिने गरी अत्यावश्यक खाद्य वस्तु, पानी र औषधीसहितको "जनभकारी"स्थानीय तहसम्म खडागरिनेछ।

- सरकारको डिजिटल प्रदेशको प्रतिबद्धतालाई व्यवहारमा उतार्न कानूनी एवं संस्थागत संरचनाको विकास गरी कार्यान्वयन गरिनेछ ।
- विद्युतीय शासन रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- अत्याधुनिक सुविधा र उच्च क्षमताको तथ्याङ्क भण्डार स्थापना गरिनेछ ।
- सूचना प्रविधि तथा आम सञ्चारको समग्र विकासका लागि आम सूचना प्रविधि तथा सञ्चार प्रतिष्ठान गठन गरिनेछ ।
- व्यावसायिक पत्रकारिताको लागि कर्णाली प्रदेशमा क्रियाशील पत्रकारलाई पत्रकारिता विषयमा स्नातकोत्तर अध्ययनको लागि छात्रवृत्ति प्रदान गरिनेछ ।
- प्रदेश सरकारको उद्देश्य प्राप्तिका लागि कार्य प्रकृति, कार्यबोझ, आवश्यकता, औचित्य र मितव्ययिताको आधारमा सूक्ष्म विश्लेषण गरी कार्यालयहरुको नयाँ सङ्गठन संरचना निर्माण गरिनेछ ।
- प्रदेशको विशिष्टता र आवश्यकता अनुसार प्रदेश सरकार र मातहत निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।
- व्यवस्थापन परीक्षणमार्फत् कार्यसम्पादन र सङ्गठनात्मक सुधार गरी जनताले अनुभूत गर्ने तहको सेवा वितरण प्रणाली बनाइनेछ ।
- निजामती सेवासम्बन्धी कानून निर्माण गरी प्रदेश निजामती सेवालाई सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी, कर्णालीबासीको समस्याप्रति संवेदनशील र सदाचारयुक्त बनाई प्रदेशको शासन प्रणालीलाई चुस्त र प्रभावकारी बनाइनेछ ।
- पर्याप्त जनशक्ति नहुँदा प्रदेश सरकारको दैनिक सेवाप्रवाह प्रभावित भइरहेको परिप्रेक्ष्यमा प्रदेश सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाउँदै कामप्रति उत्प्रेरित गर्न प्रोत्साहनको विशेष व्यवस्था गर्दै लगिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवकलाई कर्णाली सेवा पुरस्कारबाट सम्मान गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारीलाई सामाजिक चेतना, सोच परिवर्तन र समाजसेवाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गरिनेछ ।

उपरोक्त नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट कर्णाली प्रदेशको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु । कर्णालीको समाजलाई न्याय, समानता र स्वतन्त्रतातर्फ डोर्याउन यो नीति तथा कार्यक्रमले सहयोग गर्नेछ । यसको सफल कार्यान्वयनमा सरोकारवाला सबैको अर्थपूर्ण योगदानको अपेक्षा गरेको छु ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय संसद र प्रदेश सभाका माननीय सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधिहरु, विज्ञ समूह, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण कर्णालीबासीहरुप्रति अन्तरहृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब यो बैठक आधा घण्टाको विश्राम पछि सुचारु हुने जानकारी गराउँछु ।

# बैठक संख्या-५ (दोस्रो)

(२०७६ साल जेठ २२ गते बुधबार)

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको पाँचौं बैठक विश्रामपछि पुनः सुचारु हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको चौंथो अधिवेशनको पाँचौं बैठकमा सम्बोधन भएको नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१) बमोजिम यस सभासमक्ष टेबुल गर्न कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई अनुमति दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाही :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सभाको चौंथो अधिवेशनको पाँचौं बैठकमा प्रस्तुत गरिएको प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१) बमोजिम सभासमक्ष टेबुल गर्दछु।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा उहाँप्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम धन्यवाद ज्ञापनको प्रस्ताव राख्न माननीय श्री गुलाबजंग शाहलाई अनुमति दिन्छु ।

**माननीय श्री गुलाबजंग शाह :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम सभामा प्रस्तुत भएकोमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यूलाई सभाकोतर्फबाट धन्यवाद ज्ञापनको प्रस्ताव पारित गरियोस् भनी प्रस्ताव गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म माननीय श्री विन्दमान बिष्टलाई कर्णाली प्रदेश सभा नियममावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय श्री गुलाबजंग शाहले पेश गर्नुभएको धन्यवाद ज्ञापनको प्रस्तावलाई समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय श्री विन्दमान बिष्ट :** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा माननीय प्रदेश प्रमुखज्यूलाई सभाकोतर्फबाट धन्यवाद ज्ञापन गरियोस् भनी माननीय श्री गुलाबजंग शाहले राखुभएको प्रस्तावलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम समर्थन गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, अब म प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा प्रस्तुत भएकोमा उहाँलाई यस सभाकोतर्फबाट धन्यवाद ज्ञापन प्रस्ताव पारित गरियोस् भनी माननीय श्री गुलाबजंग शाहले पेश गर्नुभएको तथा माननीय सदस्य श्री विन्दमान बिष्टले समर्थन गर्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (३) बमोजिम कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा वहाँसमक्ष यस सभाद्वारा धन्यवाद ज्ञापन प्रस्ताव पारित गरियोस् भन्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम माथि छलफल गर्नको लागि प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ (१) अनुसार यही जेठ २४ र २५ गतेका दिनहरु तोकेको छु । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुले उक्त दिनको बैठक बस्ने समय अगावै आफ्नो नाम सचिवालयमा टिपाउनु होला।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल जेठ २४ गते शुक्रबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-६ (पहिलो)

(२०७६ साल जेठ २४ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख :** माननीय सदस्यहरु, कर्णाली प्रदेश प्रदेश सभाको चौंथो अधिवेशनको छैठौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभा समक्ष टेबुल गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुमा केन्द्रित रहि आफ्नो धारणा राख्नको लागि क्रमशः समय दिन्छु।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाही :** सम्माननीय सभामुख महोदय, मिति २०७६ जेष्ठ २२ गते प्रदेश सभामा प्रस्तुत कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम माथि छलफलको लागि म भाग लिन उपस्थित भएको छु । खाना, नाना र छाना को लक्ष्य पूरा गर्न ३९ वटा नीति तथा कार्यक्रमहरु समेटिएको छन्, सरकारबाट बुदाँ नं. ७ बाट बुँदा नं. ३७ सम्म बास्तविक नीतिहरु उल्लेख गरी एकतिस (३१) वटा मूल नीतिहरु र एक सय एकाउन्न (१५१) वटा अन्य सहायक नीति तथा क्रियाकलापबाट लक्ष्य पूरा गर्ने नीति लिएको देखिन्छ । गत साल १७४ वटा बुँदा थिए । यो पल्ट उनन्चालिसमा झरेछ, सायद बाहिरका विद्धानहरु पनि राम्रै भेटिएछन् अथवा कर्मचारी पनि बाठै रैछन। यहाँ नीति र उपनितिका हिसाबमा आएको छ, तर जोड्ने हो भने एक सय एकासी वटा हुँदो रहेछ । उपशिर्षक राखिएको छ यहाँ । यो नीति तथा कार्यक्रम भन्दा पनि नीति तथा क्रियाकलापहरुको संगालोको रुपमा आएको छ । मैले चै त्यसरी हेरेको छु । स्थानीय तहसँग समन्वय सहकार्य र साझेदारी तथा डि.पि.आर. तयार भएका आयोजनाहरुमा मात्र बजेट व्यवस्थापन गर्ने केही सकारात्मक प्रतिबद्धताहरु आएका छन् । म र हाम्रो पाटी सरकारलाई हार्दिक स्वागत एवम् धन्यवाद व्यक्त गर्न चाहान्छु यसको लागि । असल नीतिको कुशल व्यवस्थापन र इमान्दारी पूर्ण कार्यान्वियनमा सरकारलाई शुभकामना छ । तर सरकार पेज नं. ३ बाट १८ सम्म पुग्दा गल्दै आफ्ना प्रतिबद्धता प्रति डगमगाईसकेको भान पर्न आउँछ । ३ बाट १८ सम्म पुग्दा । हामीबाट निराशाको पुर्वानुमान लगाउदा हतार भयो भन्न त सक्नुहोला तर यो संगालो भित्रका कुराहरु यस्तै नै छन् । सुनौला, मिठास अक्षरहरुले कुदिएका तर परिणाम र नतिजाको पुर्वानुमान गर्न कठिनाइ छ । चालु आ.व.का शब्दहरुलाई मात्र परिवर्तन गरिएको छ । शब्दजालको उपयोग गरिएको छ । यस वर्ष पनि सम्भाव्यता अध्ययन मैनिरन्तरता दिईएको छ । निराशा, आश्वाशनका पोका, विगतकोनिरन्तरता सिवाय अरु नयाँ प्रयोगका अनुभूति चै देखिदैन। सभामुख महोदय, कार्यान्वन संयन्त्र र सरकारी प्रतिबद्धता पुरै अध्ययन गर्दा कहिँ कतै भेटाउन सकिएन । नीति नम्बर १मा संविधानको शसस्त्र संघर्ष शब्दलाई स्वीकारेको छ । मैले त्यहाँ दुनिया राखिएको छ । संविधानले के स्वीकारेको छ, शसस्त्र संघर्ष शब्दलाई स्वीकारेको छ तर जनयुद्ध शब्द राखिएको छ । यदि राख्नु नै थियो भनेपनि माओबादी सशस्त्र युद्ध अथवा के राखेको भए हुन्थ्यो होला । कतै हामी भन्ने गर्छौ, आफूलाई पर्दा संविधानमा लेखेको बरखिलापमा जान पाइन्न भनेर भन्छौं । प्रस्तावनामा हेर्नुभयो भने जनयुद्ध भन्ने शब्द छैन । पोहोर साल पनि यो शब्द आएको थियो । हामीले के भन्यौं भने शुरुवातको कुरा हो, यलाई चै हामी त्यति सारो तर नीति तथा कार्यक्रममा यलाई स्थापित गर्न खोजिएको हुनाले हाम्रो यसमा घोर विरोध छ । यो शब्द हटाइनु पर्छ । जुन शब्द संविधानमा लेखिएको छ त्यो शब्द लेखिनु पर्छ भन्ने हाम्रो आग्रह हो । किनकि यो अरुबेला बोल्न सकिन्छ, बाहिर बोल्न सकिन्छ, तर संविधानमा लेखेका कुराहरुलाई संविधानका विपरितमा हामीले चाइ

यस्तो महत्त्वपूर्ण सरकारको नीति तथा कार्यक्रममा ल्याउनु हुँदैन भन्ने चाइ मैले आग्रह गर्न चाहान्छु र यो शब्द चाइ हटाइयोस, म सरकारलाई अनुरोध गर्न चाहान्छु सम्माननिय सभामुख महोदय। नीति नम्बर ७ को १मा अधिकार सम्पन्न संरचना भनेर लेखिएको छ । निर्माण गर्ने र ७ को ६मा इन्जिनियरिङ्ग कम्पनी स्थापना गर्ने नीति ल्याएर पूराना ध्वंश र निर्माण गर्नै एउटा पूराना नारा व्युतेको जस्तो मलाई लाग्छ । कुनै बेला भनिन्थ्यो पूरानालाई ध्वंश गर्ने र नयाँलाई ल्याउने । हामीले केन्द्रिकृत राज्य प्रणाली भयो एकात्मक राज्य प्रणाली भयो भनेर हामीले सरकार बनायौं ।

त्यो सरकार बनाईसकेपछि त्यो सरकारका मन्त्रालयहरु छन्, यी मन्त्रालयहरुले यी संरचनाहरु गठन गर्ने हामीले लिएर प्राधिकरणजस्ता के संरचना भनिएको हो यस्तो खालको नीतिले यो संसदीय प्रणाली यो व्यवस्थापन अगाडि बढ्न सक्छ कि सक्दैन त्यसैले यो कुरा पनि मलाई अचम्म लाग्यो । इन्जिनियरिङ्ग कम्पनी पनि ल्याउने भन्ने कुरा गरिएको छ । मैले जानेको प्रत्येक मन्त्रालयमा चै कानुनी शाखा हुन्छ, प्राविधिक शाखा हुन्छ । हामीले लोकसेवाको ऐन बनाईसकेका छौं । त्यो अन्तरगत पो जाने हो। कतै सरकार फेरिमाथिकेन्द्रको पनि हेरेर सारा कुरा चै प्रधानमन्त्रीको कार्यालयमा लिने जस्तै यहाँ पनि मुख्यमन्त्रीले त्यही गर्न खोज्नुभएको हो कि सभामुख महोदय । यदि त्यो हो भने यो चै राम्रो होइन । अनि नीति नम्बर ७ को ५मा चै परियोजना बैङ्क भनेर राखिएको छ । त्यो ठीकै होला परियोजना बैङ्क । तर मलाई मनमा के लाग्यो भने परियोजना बैङ्क भैसकेपछि त खाता हुन्छ । ती खातामा यी परियोजना कस्ता खातामा बस्छन् । चल्तीमा बस्ने हो कि, बचतमा बस्ने हुन कि, मुद्धतीमा बस्ने हुन् कि ? ओभर ड्राफ्टमा बस्ने हुन कि बैङ्क ग्यारेन्टिमा बस्ने हुन् ? के हुन् ? परियोजना भनिसकेपछि के हो त ? चल्ती खाता कुनै त्याँ चै यति पैसा राख्न हुँदैन । अहिले जति पनि राख्न पाइन्छ, जति पनि झिक्न पाईन्छ । बचतमा कुन बचत हो आजकल त धेरै-धेरै बचत निकालेका छन् । मुद्धतीमा राखेपछि ६ महिनामा निकाल्न नपाउने वर्ष दिनमा निकाल्न नपाउने यो तपाँईहरुलाई हामीहरुलाई थाहा छ । ओभरड्राफ्ट लियर आइसकेपछि चलाएपछि चल्ने नचलाएपछि बाँकी रहने, त्यस्तो खालको हो कि त्यो स्पष्ट छैन सभामुख महोदय । नीति नम्बर ११ को २ मा आगामी आ.व.मा पौष मसान्तभित्रमा लगानी सम्मेलन गर्ने भनिएको छ । तर लगानीकर्तालाई अनुकूल लगानीमैत्री नीतिहरु के-के हुन्, उल्लेख कहिँ पनि गरिएको छैन । कहाँका लगानीकर्ताहरु आउने हुन्, यो मुलुकभित्रका लगानीकर्ता हुन् या मुलुक बाहिरका हुन् ? मुलुकबाहिरका लगानीकर्ता आउनु पर्ने हो भने सायद केन्द्रीय सरकारको चै हामीले पूर्व स्वीकृति लिनु पर्ने होला । यो पनि एउटा चै त्यो भित्र देखिएको छैन । यलाई चै हामीले अलिकति राम्रो ढङ्गले हेरौं भन्ने लाग्छ सभामुख महोदय । नीति नम्बर १४ को १ मा ९ मेघावाटको नयाँ भेरि डाइभर्सन, डोल्पाको जगदुल्ला जलविद्युतलाई मात्र प्राथमिकतामा राखिएको छ ।

गत वर्ष हामीले भनेका थियौं । पाँच सय मेघावाट जलविद्युत उत्पादन गर्ने लक्ष्य पाँच वर्षका लागि राखेका थियौं । यस्ता कुराहरु त अरु अरु ठाउँमा पनि होलान नि लगेकोमा सरकारले गर्न नसक्ने भन्ने कुरा छ ? अब त्या गएर भेरी डाइभर्सनमा चै एउटाले निहुँ खोजिराछ, त्यसैमा अर्को खोचे थाप्न जाने कामभित्र कार्यक्रमले ल्याउने हो कि होइन सभामुख महोदय ? हामीसँग त अरु तमाम छन्, यहिँ कालीकोटमा छन् यही उतापट्टी यो राकममा बनाउन सकिन्छ । १५ देखि २० मेघावाट बिजुली हाम्रो यो ठाउँमा पाँच अरबले बनाउन सकिन्छ सभामुख महोदय । त्यो कुराहरु नगरेर जगदुल्लामा भन्याछ यहाँ भन्याछ त्ये कति हो यसलाई ९ मेघावाट को कुरा गरिएको छ । भनने हो भने त ४८ मेघावाट नै हामी बनाउछौं भन्न पर्थ्यो नि त यो खालको पनि अपुष्ट कुराहरु आएका छन् । नीति नम्बर ७ को २ मा एक करोड भन्दा बढी लागत हुने आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने भन्छ । हामी सबैले भन्ने गर्छौं सरकारले नीति ल्याउन पर्छ ठूला ठूला आयोजना ल्याउन पर्छ साना तिनामा चाई अल्झिन हुँदैन भनेर भन्यौं

तर नीतिमा पैसा तोक्दा भोलि काम गर्न कति कठिनाई हुन्छ भन्ने कुरा सरकाले बुझको छ कि छैन सभामुख महोदय । त्यसैको बुदाँ नं. १५ को ३मा भन्छ सरकारले झोलुङ्गेपुल निर्माण गरी तुइन विस्थापन गरिने छ भन्छ । झोलुङ्गेपुल निर्माण गरी तुइन विस्तापन गरिने छ । बुँदा नं. १७ १, २, ३ आकासे पानी सङ्कलन गर्ने मूल पोखरी वनाउने हिउँ पोखरी बनाउने, थोपा सिँचाई र सिचाई कुलो निर्माण गरिने छ भनेको छ । यो नीति बाझिएन र ? यो हिँउ पोखरी, आकाशे पानी यीनलाई एक करोड नै चाहिन्छ त ? त्यो भन्दा तलको जानी भयो नी । हामीले के भन्नु पर्थ्यो भने अबका नीतिमा प्रदेश सरकारले करोड भन्दा तलका बजेट बजेट बनाउने छैन तलका आयोजनाहरु योजनाहरु सबै स्थानीय तहले बनाउने छ भनेको भए मिल्थ्यो होला नी त। एकतिर चाइ पोखरी बनाउने भन्छ अर्कोतिर चाई पोखरी बनाउनलाई पनि करोड लिने पो हो कि भन्ने यहाँ पिर भएको छ सभामुख महोदय । अब यो हेर्दा सरकारको नीति त कुहिरोको काग झैं हराएको जस्तो लाग्यो आफ्ना कुरा आफैं अगाडी के बोल्छ पछाडि बिर्सिदै जाने । त्यस्तै पूर्वाधार क्रियाकलापहरुमा अपाङ्गमैत्री संरचना निर्माण नीति नै भएन । यत्रो अपाङ्गहरु आए यहाँ बनाउने बेलामा त्यो एउटा शब्द राख्नु पर्थ्यो नि यहाँ सदनमा बाटोहरुमा त्यो चै आएको छैन । नीति नम्बर ११ को १ मा पर्वतीय विज्ञान तथा प्रविधि विद्यालय स्थापना गरिने छ सबै पूर्व सम्भाव्यता अध्ययन कार्य स्थापना गरिने छ, पोहोर साल पनि भनेथे जस्तो लाग्छ, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय विद्यालय होइन विश्वविद्यालय हो । अनि एकातिर भनिएको छ कताकता सम्भाव्यता अध्ययन भएको हुनु पर्ने डिपिआर भएको हुनुपर्ने, के त्यो भइसकेको हो र ? अनि विश्वविद्यालय सञ्चालन गर्ने हाम्रो क्षमता छ र ? यी कुरालाई पनि लेख्नु भो किनकि पोहोर साल पनि लेखेको थियौं नि कति कति वटा सुरुङ्ग बनिसकेका छन् । सुरुङ्गमार्गमा रेल गुडिरहेका छन् । त्यतिबाट त पाठ सिक्नु भयो होला त पाठ सिक्नुभएछ हामीलाई हरियो चस्मा लगाई दिनु भयो ।

३९ बाट १४२ वटा नभएर १५१ वटा उपशिर्षकमा राखेर यो खालले सरकारले सदनलाई झुक्काउन हुन्न भन्ने लाग्छ सभामुख महोदय । हामीले बिर्सन हुँदैन, पावर अफ सेपेरेसन । सरकारको छायाँमा संसद बस्ने होइन । संसदले कानून नियम बनाउछ । सरकारले कार्यान्वयन गर्छ । न्यायालयले न्याय दिन्छ तर हामीले यहाँ के गरिरहेका छौं, सरकार भनेकै संसद हो कता कता याहुन सक्ने कुराहरु आइरहेको छ सभामुख महोदय । नीति नम्बर १९ को ४मा स्थानीय तहको केन्द्रमा रहेको एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिने छ भनिएको छ, तर संस्थागत हो कि सामुदायिक हो कि मा.वि. हो कि आधारभुत विद्यालय हो कि यो त अस्पष्ट छ त । स्पष्ट हुन पर्यो नि, कुन चै विद्यालय हो ? एउटा विद्यालय, आधारभुत हो कि । नीति नम्बर १९ को ५मा दुई वर्ष भित्र कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गर्ने नीति छ, तर आज हाम्रो अवस्था हेर्नुहुन्छ भने आजको हाम्रो अवस्था हेर्नुहुन्छ भने हाल साक्षरता प्रतिशत ५९ प्रतिशत रहेको छ, तथ्याङ्क अनुसार । २ वर्षको समय अलि छिटो र हतार भएन ? दुई वर्षमा ? ५९बाट त्यसो हो भने अब हामी चन्द्रमामा पनि पुगिहाल्ने भयौं यो तरिकाले । नीति नम्बर १९ को ६, ८, ९मा रहेका सरकारी लक्ष्य प्रासिका लागि भनेर भनिएको छ, विद्यालयको भौतिक पूर्वाधार नीति छैन अहिले त्यो नीति छैन । छात्रवृत्ति शिर्षकमा कृषि र पशुविज्ञान शिक्षाका लागि विशेष छात्रवृत्ति नीति छैन । डक्टरलाई दिने भनिएको छ, इन्जिनियरलाई दिने भनिएको छ, पाइलटलाई दिने भनिएको छ । तर कृषि र पशुविज्ञानका विषयमा साच्चै विज्ञ चाहिने ठाउँमा हामीले छात्रवृत्ति भनेका छैनौं । डक्टरलाई दिनु स्वभाविक कुरा हो, इन्जिनियरलाई दिनु स्वभाविक हो यसलाई हाई लेवलको एजुकेशन भनिन्छ, सभामुख महोदय म भन्न चाहान्छु, म आफैं पनि पाइलट पढेको हुनाले पाइलटको लागि त हाई क्वालिफिकेशन चाहिँदैन इन्टर पास गरेपछि अझ अरु देशमा त एस.एल.सि. पास गरेपछि फ्लाइङ्ग गर्न पाइन्छ । अहिले हाम्रो नेपालमा आइएस्सी भनेर ल्याएका छौं । त्यलाई हाई क्वालिफिकेशन र एजुकेशन

भनिन्न र त्यो मान्छेहरुलाई पाइलटलाई तपाँईरुले एकपटक छात्रवृत्ति दिएर पडढाएर ल्याईसकेपछि यहाँ रिटेन गर्न सक्नुहुन्न किनकि उसले दुई वर्षपछि अर्को अपरचुनिटि खोज्छ तपाइले रोकेपनि उसले लेखेका कुराले हुँदैन लेखेको कुराले रोक्न खोजेउँ भने मान्छेको एक्सिडिेन्ट हुन सक्छ । त्यसकारणले चाई मलाई लाग्छ पाइलट भन्ने चाहिँ विषय मुलुकको लागि छात्रबृत्ति दिनपर्ने कुरा होइन तर कृषि र पशुविज्ञानका विज्ञहरुलाई बैज्ञानिकहरुलाई दिनुपर्छ यो कुरा चाहि म सुझाव राख्न चाहान्छु सभामुख महोदय । अनि छात्रवृत्ति सुविधा लिएका व्यक्तिले कर्णालीप्रदेश निश्चित अवधि सेवा दिने बारे मौन छ । यो कुरा पनि नीतिमा आउनु पर्थ्यो । कति आउने । पाइलटलाई त कमिट्मेन्ट गरेपनि हुँदैहुँदैन । हामीले बुझाउदा । एक जना पूर्व मन्त्री पनि यहिँ हुनुहुन्छ ।

पर्यटन मन्त्री। हवाईमा त्यो दिनमा त्यो पाइलटको दिमाग अलि खराब भयो भने जहाज गएर ठोक्कीन सक्छ । उले के भन्छ मैले राम्रो अपरचुनिटि पाए म यहाँ काम गर्दीन । त्यस्तो अवस्थामा नरोकिने अवस्था राज्यको प्रदेश सरकारको पैसा चाहि खर्च गर्न हुन्न भन्ने चाहिँ मेरो सुझाव छ । नीति २२ को १ र २मा प्रदेश, जिल्ला स्थानीय स्तरको स्तरवृद्धि, उपकरण सहयोग, विशेषज्ञ सेवा आदीमा जोड दिएको छ । जनशक्ति भर्ना, व्यवस्थापन, परिचालन नीति कर्मचारीका लागि दक्षता के हो त्यो उल्लेख गरिएको छैन सभामुख महोदय । २३ को १मा श्रम सहकारी र श्रम कार्यदलको नीति उल्लेख गरिएको छ । अब कर्णाली सरकारले उत्तरआधुनिकतामा हुर्किदै गरेका युवाहरुलाई श्रमसहकारी र श्रम कार्यदलको भूमिकामा सीमीत गर्न खोजिएको हो या रुस को साइबेरियामा पठाउँन खोजिएको हो । के श्रम सहकार्य र श्रम भन्ने शब्दमा किन यति ? किनभने मैले रुकुममा त्यै देखेको थिए । श्रम सहकार्य गर्ने अब ठेक्कापट्टा अब अरुले गर्न नपाउने त्यलाई दिने त्यही ढुकढुकिबाट, त्यही मनस्थितिबाट हो भने यो एकतन्त्रिय शासन चलाए हुन्छ नि सरकारले । सभामुख महोदय, अनि के बचत तथा ऋण बहुउद्देश्य सहकारी संस्थाले कृषि सहकारीमा आबद्ध युवाहरु विकास निर्माणबाट बाहिर राख्न खोजिएको हो ? यो पनि चै सरकारले जवाफ दिन पर्छ । नीति २३ को २मा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने नीति उल्लेख भएको छ । संघीय सरकारबाट संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम चलिरहेको छ, के यहाँ दोहोरोपन गर्न खोजिएको हो ? त्यसो हो भने त अब नगरपालिकाको प्रमुख रोजगार, गाउँपालिकाको प्रमुख रोजगार त्यसपछि वडा अध्यक्षको रोजगार एउटा सरकारले गरेको कुरामा हामीले त्यही सरकारले दोहोर्याउनु पर्छ भन्ने छैन । सभामुख महोदय, त्यसैले यो दोहोरोपन हुने कुराहरु एउटा केन्द्रको सरकारले गरिरहेको त्यही कार्यक्रम राम्रो गरम भन्ने म सुझाव दिन चाहान्छु, अब यो खेलकुदका कुराहरु आएका छन्, स्वास्थ्यका कुराहरु आएका छन् । गतवर्ष वीरेन्द्रनगरमा खेल मैदान निर्माण गर्ने भन्ने नीति साच्चैको गलतै भयो होला अब त्यो बनेको छैन । खेलमैदानका अस्ति क्रिकेटको मैदान बनाउदै थिए । त्यै हो कि । मैले नबुझेको पनि हुन सक्छ । अनि सरकारले भन्छ यहाँ सभामुख महोदय हामी कसैलाई अन्याय गर्दैनौ भन्छ । हामी कसैलाई अन्याय गर्दैनौ भन्छ । कसैलाई अन्याय नगर्ने अत्याचार नगर्ने विभेद भएको देख्नै नसक्ने हाम्रो सरकारले नीति नं. सभामुख महोदय म चाहि माननीयज्यूहरुलाई पनि म भन्न चाहान्छु यो २६मा २६ को ७मा अचम्मको मैले नीति देखे सभामुख महोदय अचम्मै लाग्यो मलाई यहाँ, २६ को प्वइन्ट ७ मा धान, मकै गहुँ, जौं उवा कोदो फापर कागुनो चिनो माफल मार्सेजस्ता अन्न बाली, अन्न बाली मात्र भनेर पुग्दैन र नीतिमा ? त्यसपछि सिमी केराउ बोडी मास मसुरो चना भटमास आदी कोसेबाली, कोसेबाली मात्र भनेर पुग्दैन सभामुख महोदय । आलु, चोती, कोइरा, कतीलाई चोती भन्ने पनि थाहा छैन होला त्यो पछि भनौला । काउली, बन्दा, पिडालु, कुरीलो, आलु, फर्सि, काक्रो, गाजर, लौका, स्कुस, करेला, बरेला, गोलभेडा,जस्ता तरकारी बाली, हैन ? अदुवा, लसुन, प्याज, बेसार, अलैंची, केसर, धनीयाँ, मेथी, खुर्सानी, तेजपत्ता, टिमुर आदी मसलाबाली पकेट क्षेत्र अनुरसार उत्पादन गर्न बजारीकरण गरिने छ भन्ने नीति यो हो भने नीति हो भने

ठीक गर्नु भयो, राम्रो गर्नु भयो । विरोध गर्न पाइन्न । त्यसैले म भन्न चाहान्छु नीति नम्बर २६ र २७ माजस्ता तरकारी बारीको उत्पादन र बजारीकरण गर्ने भनिसकेपछि अब छुटेका कुराहरु पनि राख्नु पर्यो सभामुख महोदय । रायो, पालुङ्गो, राभ्या, भिन्डी, चम्सुर, मुला, मच्चा, बाँको, बेथे, हलले, पाल्टा, सिस्नु, निगुरो, लखन्दरी, चिचिण्डो, घिरौंला आदीलाई पनि अन्याय गर्न पाइन्छ ? यो पनि राख्न पर्यो । त्यस्तै नीतिको २६ को ८मा सबै राख्नु भएको छ, सबै म पढ्दिन उता । अनि गजब लाग्यो बा, सबै राख्नु भएछ । अब त्यो स्याउ स्याउ भनिन किनभने मैले लेखेका छुटे । विभेद गर्न पाइन्न । चुत्रो, त्रिखुरो, काफल, असैलु, त्रिफलो, बेल, बेडु, दारीम, रिङ्गा, आर्य, अम्बा, रुखकटहर, मुन्तला, बोगटे, खरबुजा खुर्पानी आदी पनि राख्न पर्यो सभामुख महोदय । त्यति मात्र होइन त्या हेर्नुभयो होला कफि पनि फलफुल भनिएको छ । कफि राख्ने चिया किन नराख्ने ? यहाँ हेर्नुस तपाईंले चै, मैले फेरि थपेको छैन कफिमा कफि राखिएको छ, चुली आँप, नासपति, कफि, लिचि कि कफि भन्ने अर्को नयाँ फल आएको छ भने मेरो अनविज्ञतालाई क्षमा दिनुहोला । होइन भने मैले जानेको कफि भनेपछि चिया पनि हुनुपर्छ । नीति नम्बर २६ को ९मा तेलको लागि उत्पादन गर्ने प्रशोधन गर्ने शब्द राखिएको छ । त्या देखिरहनुभएको छ, खमु, तोरी, चिलु, ओखर, ढलेलो अब कति पढौं तेल पढिन । अब बाँकी छुटेका के-के छुटे तेल आउने चिज । तिलखुरोबाट तेल आउँछ तिलखुरो भागोमिरो रिगाँ आदि प्रजातिलाई पनि राखिनु पर्यो सभामुख महोदय । अनि नीति नम्बर २६ को १० मालाई अटाउदा अब यो चौरीं सौरी त तपाईहरुले पढिसक्नुभएछ, छुटेकाहरु के-के छुटे ? जुमा, झोपा, तोल्बा, तोल्बेनी, बोक्ता, बोक्तेनी ठोक्ता, ठोक्तेनी लुलु गाई अटाएनन । गाईको जसलाई जुन कुराको अध्ययन छैन म भन्दिन किनकि अटाएका छन् सरकारमा त्यति अविवेकी अल्पज्ञानी त कोइ पनि छैन सायद ती शब्दहरु टाईप गर्दा छुटेका होलान । यो टाईप गरेको छुटाउनु भएन । चौरी हुन्छ किनभने चौरीसँग यसको अगाडी भनिएको छ, जडान र खसान को मिश्रणले कर्णाली प्रदेश बनेको भनिसकेपछि, जडान भनेको जाड भनिन्छ, जाड भनेको चौरी हो, खसान भनेको साडे हो । साडे र चौरीको मिक्स भयो भने जुमा, झोपा हुन्छ। त्यो जुमा र झोपा तराईमा पनि जान सक्छ हिमालमा पनि जान सक्छ । त्यस्तोलाई छुटयाउन पाईन्छ ? त्यो टाईपिङ्ग मिस्टेक भयोहोला भन्ने मलाई लागेको छ अनि अर्को गजब छ, त्यति मात्र भएन सभामुख महोदय, सुगुंर, बुगुंर, कस्तुरीजस्ता पशुपालन र कुखुरा, हाँस, टर्कि, बट्टाई, कालिज, च्याँखुरा आदि पंक्षीहरु पनि भनेर आएको छ, माछापालन साछापालन म यो भनिन । त्यो भईसकेपनि मलाई पनि लाग्यो कति राम्रो कुरा हो, कस्तुरीको पनि अब खेती हुने भयो, अब कस्तुरीको व्यवसायिक खेती गर्ने भइसकेपछि अरु पनि बाँकी किन राखु ? अरु पनि बाँकी राख्न हुन्न त्यसकारणले के-के राख्नपर्यो बाघ, भालु, थार, घोरल, स्याल, चितुवा, फ्याउसा खरायो बँदेल, गुना, गुनी बादर आदीको व्यवसाय गर्न सकेपो कर्णाली सरकार नत्र त के को कर्णाली सरकार ? बाघको छाला कति महत्त्वपूर्ण छ, चितुवाको छाला कति महत्त्वपूर्ण छ, भालुको पित्त तपाईहरुलाई थाहा छैन होला धेरै ठूलो औषधी हुन्छ यिनलाई पनि पालनमा राख्न पर्यो सभामुख महोदय । कहिले भाँगो ल्याएर चै विवादित पर्छ सरकार, कहिले कस्तुरी पाल्ने भनेर विवादित पर्छ । सरकारलाई सायद हुनसक्छ यो राम्रो कुरा होला, सरकारलाई कस्तुरीको वीना चाहिएको छ होला तर हाम्रा जनतालाई त घामबाट यी हेर्नुस पसिना खल खलती आईरहेको छ घामबाट बच्नको लागि भालुको पित्त र बोसो चाइएको छ, चिसोबाट बच्नको लागि खरायोको उन चाहिएको छ । अनि यो राँगन भन्ने बुझ्नुहुन्छ, रोम्याटिज्म भन्छ अंग्रेजीमा नेपालीमा चै बाथ भन्छन केरे, बाथको सबभन्दा राम्रो औषधी फ्याउसा हो, त्यसको पनि पालन गर्नुपर्यो सभामुख महोदय । त्यस्तै चराहरुमा चराहरुपनि छन् हेर्नुस अब के-के भन्याछन भने कालिज र च्याखुराको मात्र खेती गर्ने रे किन गर्ने त्यलाई मात्रै ? मैले पढेको वन मन्त्रीज्यू यतै हुनुहुन्छ होला, वन्यजन्तुलाई छुन पाईन्न भन्छन, तर चाई अब घरपालुवा गर्ने भने चै राम्रै भयो हाम्रो सरकारले, आफ्नो सरकारले नीति बनाउने होला । त्यसो हो भने डाँफे, फग्लास, वनकुखुरा, भिगुरा, कुइया,

कुइया भनेको कतिले बुझ्नुहुन्छ होला कतिले बुझि सक्नुभयो होला । कुइया, मालुवा, परेवा, चिचुवा, मुसाइली, भग्दो, छिर्का, चुकडी, कोइली, लडेवा, लौकात, अस्ट्रिचको पनि गर्न पर्यो । अस्ट्रिच त हुनै कुरा हो । त्यो गर्दिनको लागि भने यस्तो खालको हास्यास्सपद खालको चै नीति र कार्यक्रम यी त गजब अनि मैले यसबाट कल्पना गरे पैसा पनि त यसरी नै बाडिएको रैछ नि त अहिले । सायद प्रतिपक्ष तीन जना चार जना पाँच जना एकजना प्रतिपक्ष सबैको समर्थन गर्ने, यो कमजोर भएको कारणले यस्ता कुराहरु आएका होलान किनकि दुई तिहाईको बहुमत छ, सायद म माननीय, सभामुख महोदय, माननीयज्यूहरुलाई म आग्रह गर्न चाहान्छु मेरो कमजोरीले हामीहरुको उपस्थितिले सायद मैले भनेको पूरा त नहोलान तर यहाँ तानाशाह जन्मदैनन भन्ने नसोच्नुहोला । राजा महेन्द्रले यहाँ बस्दासम्म महेन्द्रले देशको लागि राम्रो काम गरेको हो जब बाहिर उनी भ्रमणमा गएनन यती राम्रो काम गरेका थिए, जब इरानका बादशाहले उनलाई बोलाए, त्याँ गए उनको सबै सुख सयल देखिसकेपछि अनि राजा महेन्द्रले भ्रमणबाट यहाँ आइसकेपछि जनतालाई दुःख दिन सुरु गरे । आफ्ना आफ्ना चै उद्योगधन्दा चै खोल्न थाले कर बढाउन थाले किनकि सुख र सयलको, सायद तपाईले आज एउटा प्रतिपक्षलाई कमजोर देखुभएको होला तर त्यो कुरा सभामुख महोदयमार्फत् भन्न चाहान्छु यो कुरा माननीयज्यूहरुलाई पनि नआउने भन्ने कुरो छैन । नीति नम्बर २६.७ मा वीरेन्द्रनगरलाई धुलो धुँवा प्लास्टिकको झोलामुक्त क्षेत्र कायम गरी साइकल हिँड्ने पूर्वाधार निर्माण गर्ने मात्र नीति वर्तमान समयमा रहेको छ म सरकारलाई धन्यवाद दिन चाहान्छु । धन्यवाद दिन चाहान्छु । राम्रो कुरा हो, लागू गरिदियोस किनकि मन्त्रीका क्वाटर अगाडी प्लास्टिकका थैला धेरै देखिरहेको छु प्लास्टिकका बोतलहरु धेरै देखिरहेको छु । यी कार्यक्रमको लागि म धन्यवाद दिन चाहान्छु । तर अलिकति केहो भने फरक क्षमता भएका हरुलाई पनि व्यत्तिलको लागि पनि अपाङ्गमैत्री संरचना बनाउन पर्यो । यो कुरा नीतिमा आयको भए, साइकल ट्र्याकको कुरा आईसकेपछि त्यो कुराहरु ल्याउनुपर्ने हो भन्ने म राख्न चाहान्छु सरकार सभामुख महोदय, २९ को १मा जस्तो निजी क्षेत्रको साभलेदारीमा कर्णाली हवाई सेवा सञ्चालन गर्ने, कर्णाली हवाई सेवा सञ्चालन गर्ने मैले केही नबुझेको हो कि जस्तो लाग्यो । अब मेरो सरकार त प्लेन पनि सञ्चालन गर्ने भएछ, अब त्यसमै एउटा अर्को पनि थपिदिएहुन्थ्यो, कर्णाली बस सेवा, कर्णाली ट्याक्सी सेवा, कर्णाली अटो सेवा, जहाज जस्तो चिज संवेनशिल चिज चलाउन त्यति सजिलो छ ? आज सरकारको त्यत्रो भएको आर.एन.एसि को हालत के छ ? भोलि प्रदेश सरकारले टिक्न सक्छ ? एउटाको गाडी हुँदा के भन्छन् तेरो मात्र गाडी हो, अनि मैले यसो सोचे लेखलाई लेखिदहालौ भनेपछि किनकि फरक क्षमता भएका व्यक्तिको लागि अपाङ्गमैत्री संरचना बनायौं भने मात्र फोहोर बढी होला भन्ने किसिमले गरेको हो कि, त्यसकारणले यी कुरालाई सरकारले के भन्छ भने अब यो भयो भन्ने कुरामा चै जाने हो भने यो हाम्रो गाउँतिर पुर्खाले भन्थे चिउला माथिको घिउ भन्थे । यो नचाइने कुरा गर्न हुँदैन एउटा हामीले यहाँको चै सरकारी प्लेन उडाउन सकिरहेका छैनौ, सरकारले आफ्नो कर्णाली उडाउने भन्ने कुरा चै हुन सक्दैन । सभामुख महोदय, म सभामुखलाई म रातो पहेंलो बत्ती बलेको हुनाले मैले हिँड्नु पर्ने हुन्छ, दलको नेताको हैसियतले आजसम्म बत्ती बलेको थिएन बत्ती बल्यो म हिडौं, छोडौं किनभने भोलीदेखि हाम्रा कोही बोल्नेबाला छैनन् । समयको विभाजन गरेको हो भनेपनि मैले नै सबै समय मैले प्रयोग गर्ने हो एकजनाले दश, होइन भने आजसम्म नभएको थिति यहाँ बस्न थाल्यो सायद यो पनि दुई तिहाईको दम्भ हो कि भन्ने मलाई लागेका छ सभामुख महोदय । निती नम्बर ५मा यी कुराहरुलाई चै सहजतापूर्वक हेर्दिनु पर्यो, भ्यु टावरको नाममा तोक्नै पर्ने बाध्यताहो भने हो बाह्र भ्यु टावर मात्र किन तोक्ने तेह्र भ्यू टावर देउ । चौध देउ, पन्ध्र देउ भनेर पनि तोक्न पर्यो नि । यस्तो खालको नीति कहिल्यै पनि हुन सक्दैन । त्यस्तै यी मार्गहरुका कुरा आएका छन् । कछुवा मार्ग, गुनी मार्ग, बादर मार्ग, चिम्पान्जी मार्ग पनि राख्न पर्यो सरकारले । यिनीहरुको पनि किन चै चित्त दुखाउने, न्याय नपाए गोर्खा जानु, मेलाको महोत्सवबको

खर्चको लागि पैसा नभएर चै कर्णाली प्रदेश जानु भन्ने एउटा पहिचान भएको छ, त्यसैमा लाग्दा हुन्छ होला भन्ने चै मलाई लाग्दछ । र पर्यटन प्रर्बधन गरी रोजगार स्थापना गर्न सके ठूलो होटेल स्थापना गरे अनुकुल नीति किन चाइयो र ? किन चाइयो र अरु अरु गर्ने हो होटेल सोटेल गर्न नचाइने भो । अनि पुजींगतके लागि आ.व. समाप्त भइसकेपछि ६ महिना अवधि थप गर्ने भन्ने आएको छ सरकारमा, यो कुरा असाध्यै राम्रो कुरा हो तर म एउटा सरकारलाई के भन्न चाहान्छु भने केन्द्रीय सरकारले गर्दा पनि साविकका कर्णालीका ५ वटा हामीले कार्तिकसम्ममा गरेका थियौं । हाम्रो आफ्नो रिसोर्सले दिने हो भने म भन्न सक्दिन होइन भने तपाईंले एउटा ठाउँको लागि सक्नुहुन्न र बढाएर पनि हामीले पहिले कार्तिकसम्ममा पनि यो चै प्याक्टिसमा अगाडी बढुन सक्दैन सभामुख महोदय । यो कुरालाई चै तपाईहरुले ध्यान दिदिनुहोला भनेर चै भन्न चाहान्छु । अनि यो प्रहरी प्रदेश, प्रदेश प्रहरीको गठन गर्ने छौं भन्याछ । यो पनि हामी २ नम्बरको जस्तो कुरा गर्न थाल्यौं, नभएको अधिकारको कुरा यहाँ नराखौं भन्ने म चाहान्छु, र यसबाट निष्कर्षबाट सरकारको भएको छ कि नीति तथा कार्यक्रमले के-के गर्यो भन्ने थोरै छन् । गरिबीको रेखामुनी रहेको जनसंख्याको हाम्रो दर कति छ त ३६.५ छ, तथा बहुआयामिक गरिबी दर ५१.२ छ,लाई सम्बोधन गर्ने आधारशिलाहरु तयार गर्न सकेन त्यसमा चै सक्षमता छैन राख्दैन सरकारले । हामीमा विद्यमान रहेको प्रतिव्यक्ति ६ सय ७७ अमेरिकि डलरलाई ५ वर्षभित्र २१ सय अमेरिकी डलर आयु पुर्याउने भन्ने हामीमा रहेको चुनौतीहरु पूरा गर्न चाहिने आम्दानीहरु वृद्धिको आधारहरु दिन सकेका छैनौ । किनभने अहिले हाम्रो आर्थिक बृद्धिदर भनेको ५.७ परसेन्ट हो, २१०० पुर्याउनका लागि १४ परसेन्ट आर्थिक बृद्धिदर चाहिन्छ, त्योसरकारले कसरी पुर्याउने हो । क्रियाकलाप नै क्रियाकलापहरुले भरिएको हाम्रो नीति तथा कार्यक्रम हाल प्रदेशमा ९.७ प्रतिशत बेरोजगारी दरलाई आशिंक घटाउन नसक्ने वा असफल विरुद्ध बन्ने निश्चित छ । हाल प्रदेशमा रहेको जलविद्युत उत्पादन क्षमतालाई ७.१ मेघावाटबाट ५ वर्ष भित्रमा ५०० मेघावाट कसरी पुर्याउनी स्पष्ट नीति छैन । कर्णाली उज्यालो नीतिले पर्याप्तता पाएको छैन, लगानी कर्ताका लागि कर छु, लगानी सुरक्षाजस्ता नीति ल्याउन सकेको छैन । आर्थिक वृद्धिदर अर्थात कुल ग्राहस्थ उत्पादनदर ५.७ अघिनै मैले भने भन्दापनि पुर्याउनका लागि सिञ्चित हुन बाँकी रहेको ६८ प्रतिशत जग्गा सिँचाई हुने कार्यक्रमहरु ल्याएको छ कि छैन एक करोडभन्दा बढीको योजना मात्रै लगानी गर्ने नीति बाधक बन्ने निश्चित प्राय छ, अतः उत्पादनमा बृद्धि गर्न सकिने आधारहरु दिन सकेको छैन कर्णालीमा दर्ता भएका ३९ वटा ठूला उद्योगको संख्यालाई बढाएर रोजगारी सिर्जना गर्नेतर्फ ध्यान गएको छैन । नयाँ उद्योगहरु दर्ताको लागि अनुकूल उद्योगमैत्री नीतिहरु अटाउन सकेका छैनन् । आश्वासनका पोकाले भरिएका नीतिका उत्पादन क्षमताको बृद्धि गरी खाद्य जोखिममा रहेका २८ प्रतिशत र उच्च जोखिममा रहेका ७ प्रतिशत जनताको जीवनस्तरमा सुधार ल्याउन सम्भव छैन । शिक्षाको पँहुच बाहिरै र अझैं ४१ प्रतिशत जनता बाहिर छन् तर २ वर्ष भित्र साक्षर प्रदेश घोषणा गर्ने आलोकाँचो नीति लिएको छ । यलाई सुधार्न जरुरी छ, पेट्रोलियम पदार्थको भण्डारण क्षमता पुर्याउन शुन्य रहेको छ, तत्सम्बन्धि नीति ल्याउन सरकारले आवश्यक देखेको छ कि छैन चालु आर्थिक वर्ष सञ्चालन भएका तर सम्पन्न हुन नसकेका योजनाको हकमा स्पष्ट नीति आएको छैन र यहाँ अन्त्यमा म के भन्न चाहान्छु भने कतै मन्त्रीहरुले आफ्ना आफ्ना योजना राखेका र त्यसलाई क्रमागत रुपमा र बहुबर्षिय नाममा जाने र अति अरु माननीयहरुलाई अब राख्नु नपर्ने उसमा गयो भने चै यो सारै कठिन र दुखदायिक कुरा हुनेछ, र हामी आजको यो देखिसकेपछि आज हाम्रो दलबाट मैले मात्र बोल्ने छु र भोलि हामीहरु कसैको उपस्थिति हुने छैन किनकि हामीलाई थाहा छ कि यो हामीले पास नगरेपनि यो पास हुने छ र यो भनेका थियौं २५ गते हाम्रो कार्यक्रम छ । सभामुख महोदय, सरकार हामीलाई त्यो दिन कार्यक्रम नराखि देउ २३ र २४मा गर भन्दा नी हाम्रा कुराको सुनुवाई भएन यति कुरा चै मेरा राखे र विमती राख्दै भोलीको हाम्रो अनुपस्थिति

भनेका चै हामीविनाको चै यहाँहरुले चै पास गर्नको लागि चै शुभकामना व्यक्त गर्दै बिदा हुन्छु धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख :** माननीय श्री सिता कुमारी नेपाली, समय ७ मिनेट ।

**माननीय श्री सिता कुमारी नेपाली :** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा छलफल गरिरेका छौं । सर्वप्रथम कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । २०७६/७७ को नीति तथा कार्यक्रम जो आएको छ । नीति तथा कार्यक्रमको विषयमा राख्नु पर्दाखेरी अहिलेसम्म हामीले कर्णाली प्रदेशमा तीन वटा नीति तथा कार्यक्रम सुनेका छौं र तीन वटा नीति तथा कार्यक्रम सुन्दै गर्दा खेरी अघिल्लो नीति तथा कार्यक्रमकै निरन्तरताहरु पनि यहाँ छ, केही कार्यक्रमिक रुपमा विकास भएको पनि छ र केही नीति तथा कार्यक्रमहरु छुटेका छन् यसलाई २०७६/७७ को नीति कार्यक्रममा जुन मूल नारा लिएको छ, शिक्षा, स्वास्थ्य, उत्पादन र पूर्वाधार यसका लागि रोजगार भन्ने जुन नारा लिएको छ, यो मूल नाराका साथ खाना नाना र छानाको प्रबन्ध गर्ने उद्देश्यसहित यो नीति कार्यक्रम यो कर्णाली प्रदेश सरकारले लिएको छ, यसका लागि पनि म विशेष धन्यवाद दिन चाहान्छु किनभने खाना, नाना र छानाकै निम्ति हामीले काम गर्नु परिरहेको अवस्था छ र कर्णाली प्रदेश सरकारले खाना नाना र छाना को प्रबन्ध गर्ने जुन उद्देश्य लिएको छ, त्यसमा धन्यवादको पात्र छदैंछ । कर्णाली प्रदेश साचिकै बहुजातिय, बहुधार्मिक, बहुसास्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको प्रदेश हो । यस प्रदेशको मौलिक विशेषतालाई आत्मसाथ गरी विविधताविचको एकता सामाजिक सांस्कृतिक एक्यवैद्धता सहीष्णुता र सद्भावलाई संरक्षण एवं प्रद्र्धधन गर्दे वर्गिय, जातिय, क्षेत्रिय, धार्मिक लैङ्गिक र जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प अघिल्लो नीति तथा कार्यक्रमले गरेको थियो । अवश्य पनि त्यसको निरन्तरता नै हो भन्ने हामीलाई लागिरहेको छ विश्वास त्यसैले गर्दाखेरि अघिल्ला नीति तथा कार्यक्रमहरुमा दक्ष जनशक्ति उत्पादन गर्नी कुरा जोडिएको थियो र यसैसँग राख्दै गर्दाखेरि अहिलेको नीति तथा कार्यक्रममा घर बलियो जगले राष्ट्र बलियो प्रारम्भिक बालविकासले भन्ने नारा छ, अवश्य पनि त्यो नारा त्यतिकै नाराकै रुपमा होइन बैज्ञानिक एउटा कारण पनि छ त्यसमा बालबालिकाहरुलाई हामीले लगानी गयौं भने मात्र हामीले भविष्यको एउटा कर्णाधार त्यसलाई बलियो बनाउन सकिने अवस्था हुन्छ त्यले गर्दा बालबालिकाहरुको विषयमा यो नीति तथा कार्यक्रममा कम्तिमा एकिकृत हिसाबले शिक्षा र स्वास्थ्यका कुराहरु नीतिमा आउनु पर्थ्यो, यो आउन सकिरहेका मैले देखिरहेको छैन । हामीहरुले युवाहरुलाई उत्पादन सँग जोड्ने नीति ल्याउदै गर्दा सीप र श्रम स्कुल खोल्ने कुरा थियो । सीप र श्रम स्कुल कतातिर हरायो मैले देखिन, महिला र दलितका सहकारी समूहहरुलाई विशेष प्रोत्साहन सहित उद्योगधन्दाहरु खोल्ने कुराहरु विगतमा थियो अहिले त्यति धेरै हामीले देखिरहेका छैनौं । र यहाँ मैले राख्दै गर्दा अहिलेको नीति तथा कार्यक्रममा थुप्रै राम्रा कुराहरुपनि आएको छ र यी राम्रा कुराहरु विषयहरु जो छन् हामीले कर्णाली प्रदेशको आवश्यकताका आधारमामा जुन ल्याइएको छ, तर यी नीति कार्यक्रमहरुलाई अवश्यपनि नीति कार्यक्रम अनुसार बजेटमा ढाल्ने छौं र त्यो बजेटलाई कार्यान्वायन गर्ने नै छौं भन्ने लागेको छ र पनि मैले यहाँ केही कुराहरु राख्न मन लायो नीति नम्बर ७मा जो कुरा राखिएको छ, डि.पि.आर भएकाहरुलाई मात्रै बजेटको व्यवस्था गर्ने कुरा छ, अहिल्यै कति डि.पि.आर भएको छ, पर्याप्त मात्रामा यहाँको आवश्यकताको आधारमा डि.पि.आर भइसकेको अवस्था छैन । त्यसैले गर्दा यो कुरा त्यति व्यवहारिक हुँदैन भन्ने कुरा मलाई लागेको छ र अर्को कुरा ७ २मा भनिएको छ, एक करोड भन्दा बढिको लागत अनुमान भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने कुरा उठेको छ । भौतिक पूर्वाधारका हिसाबले सडकमा यो मात्र सकिन्छ कि एक करोड

भन्दा माथिको बजेट लगानी गर्ने कुरा हामी मान्न सक्छौं । भौतिक पूर्वाधार अन्तगत कै खानेपानी, सिँचाई भवनहरु एक करोड भन्दा तलको लगानीमा पनि निर्माण गर्नुपर्ने आवश्यकता हुन्छ । एक करोड भन्दा पनि तलको बजेटबाट निर्माण गर्न सकिन्छ, त्यो अवस्थामा के कर्णाली प्रदेश सरकारले एक घर एक धाराको नीति लिएको छ नीति कार्यक्रममा ? एक करोड भन्दा तलका आयोजनाहरु गर्न नपाइने अवस्था हो ? भौतिक पूर्वाधारका हिसाबले सडकमा यो नीति ठीक छ, सडक भन्दा अन्य विषयमा यो लागू गर्न सकिदैन भन्ने कुरा म यहाँ राख्न चाहान्छु । र कर्णाली प्रदेश सरकारले विभिन्न आयोगहरु बनाउने कुरामा लोक सेवा आयोग को कुरा यहाँ राखेको छ, त्यो ठीक छ, कानून आयोग पनि आवश्यकता छ र सँगसगै महिला र दलित आयोग पनि आवश्यक छ, ५१ प्रतिशत महिलाहरुको जनसंख्या छ र ५१ प्रतिशत महिलाहरुलाई अगाडी बढाउनका लागि यो महिला आयोगको आवश्यकता छ र संवैधानिक हिसाबले त्यो व्यवस्था पनि भएको छ, र दलित आयोग पनि कर्णाली प्रदेशमा दलितहरुको बाहुल्यता छ र त्यले गर्दा दलितहरुको प्रदेश स्तरिय दलित आयोग पनि बनाउनु पर्ने कुरा म यहाँ राख्न चाहान्छु । र जनता आवास को कुरा यहाँ आएको छ, अत्यन्तै स्वागत योग्य कुरा छ, यो वर्ष मात्रै होइन अघिल्लो वर्ष पनि जनता आवास कार्यक्रम थियो, कर्णाली प्रदेश सरकारले संघीय सरकारले लिएको जनता आवास कार्यक्रमलाई निरन्तरतामा लैजाँदा नै ठीक हुन्छ, त्यो अहिले पनि यो हाम्रो कर्णाली प्रदेशका सबै जिल्लाहरुमा आवश्यकताका आधारमा जनता आवासका घरहरु आएका छन् यसलाई कार्यान्वयन गरेर जाउ भन्ने कुरा म राख्न चाहाँन्छु । सुर्खेतमा जो रंगशालाको कुरा छ, प्रदेश स्तरका एउटा कार्यक्रमहरु हामीले गर्नपर्नी अवस्था हुन्छ, हामीले गणतन्त्र दिवश पिपलचौतारामा मनाउदै गर्दा पनि हामीलाई अनुभुती भएको थियो । कर्णाली प्रदेशको राजधानीमा व्यवस्थित रंगशालाको आवश्यकता छ । त्यस्तै गरेर कार्यक्रम गर्नाका निम्ति मञ्च बनाउनुपर्ने आवश्यकता छ, हामीले कार्यक्रम पिपलचौतारामा गर्नुपर्ने जुन खालको दुखद स्थिति छ, यलाई मध्यनजर गर्दै रंगशाला र मंच बनाउनु पर्छ भन्ने कुरा यो नीतिमा आउन पर्छ र यो बुदाँ नम्बर २०मा धेरै लामो कुराहरु लेखिएको छ, महिलाहरु महिनाबारी हुँदाखेरी हुने विभेदमा मातृमुत्युदर, बालमृत्युदर घटाउने, घरेलु हिंसा अन्त्य गर्ने, भ्रुण पहिचान गरी हत्या गर्ने जुन अवस्था छ, त्यसको अन्त्य गर्ने बालविबाह, अनमेल विबाह, बहुपति प्रथा लगाएतका कुप्रथाहरु छन्, यसको अन्त्य गर्ने कुराहरु बुदाँगत रुपमा लेख्दा हुन्थ्यो, व्याख्यात्मक हिसाबले आयो, बुदाँ नम्बर २१मा दलितहरुको बारेमा धेरै आयो, धेरै कुराहरु लेखिएको छ, यहाँ घुमाउरो ढङ्गले । यहाँ धेरै डेन्टिङ्ग पेन्टिङ्ग गर्न आवश्यक छैन मेन जुन कुरा हो त्यो कुरा आउनुपर्छ नीतिमा, कम्तिमा कर्णाली प्रदेश जातिय छुवाछुत र भेदभावमुक्त बनाइने छ भन्ने कुरा एउटा बुदाँमा लेखेपनि धेरै कुराहरु समेटिन सकिन्थ्यो भन्ने कुरा हामीलाई लागेको छ आउन सकेको छैन यो कुरा आउनु पर्छ । नीतिगत हिसाबले विभेदको जडो कहाँनिर छ भन्दा विभेदको जडो ओखलियो भनेमात्रै अरु कुराहरु त्यसपछिका कुराहरु हुन्छन् । रोजगारीका कुराहरु लगायत थुप्रै उत्पादनका कुराहरु त्यससँग जोडिन्छ भन्ने मलाई लाग्दछ र नीति नम्बर २६ को थुप्रै बुँदाहरु छन् यहाँ बृस्तृत रुपमा लेख्न जरुरी छैन । जसरी यहाँ व्याख्यात्मक हिसाबले नामै किटान गरेर लेखिएको छ नाम किटान नगरिएका कुराहरु के कर्णाली प्रदेशमा हामीहरु अब त्यो पकेट क्षेत्रका रुपमा लाउन नपाउनी, पाल्न नपाउनी ? अन्न बाली भनेपछि सकै कुरा पुग्छ दलन भनेपछि दाल प्रजातीको सबै कुरा आउँछ । मासुजन्य कुरा, पशुपंक्षीको कुराहरु हामीले बुदाँगत हिसाबले त्यसलाई राख्दाखेरी अत्यन्तै राम्रो हुन्थ्यो भन्ने कुरा सुझावको रुपमा राख्न चाहान्छु । जस्तै अर्को कुरा जस्तो हामीले कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश भनेर भन्दै गर्दाखेरी अर्गानिक प्रदेश बनाउनका निम्ति कम्तिमा पनि एउटा आधार त चाहिन्छ होला नी ? हामीले मल काराखाना बनाउने कुरा कहाँ लेख्यौं ? कुन नीतिमा लेख्यौं ? मैले देखिन । भर्मिङ्ग कम्पोष्ट मल उत्पादन गर्ने कुरा कहाँनिर आएको छ, कुन नीतिमा आएको छ, मैले देखिन । जैविक विसादी उत्पादन गर्ने कुरा त

आएको छ, यदि हामीले यो प्रदेशलाई अर्गानिक बनाउने हो भने मल कारखाना बनाउनु पर्छ । रासायनिक मल लिएर कहिल्यै पनि अर्गानिक प्रदेश बन्न सक्दैन यति कुरा यहाँ छुटेको मैले अनुभूति गरेको छु । र यहाँ बुँदा ३५ २मा श्रावण २८ गतेलाई चै जुन कुरा लेखिएको छ, कुन आधारमा लेखिएको हो मलाई यो थाहा भएन । यदि ७१ साल श्रावण २९ र ३० गतेको अविरल वर्षा को कारणले गर्दाखेरी जुन जनधनको क्षति भयो त्यलाई आधार बनाउने हो भने अहिलेसम्मको डकुमेन्टमा २९ गते छ र यहाँ २८ गते छ त्यसलाई चै २९ गते भनेर सच्चाउदा राम्रै हुन्छ भन्ने मलाई लागेको छ । र कम्तिमा हामीले पानीको रिचार्जिङ्ग गर्नका निम्ति पोखरी ताल तलैया मूलहरुको संरक्षण गर्ने कुरा खहरे खोलाहरुको तटबन्ध गर्ने कुराहरुलाई पनि हामीले प्राथमिकतामा राख्नुपर्छ भन्ने कुरामा म राख्न चाहान्छु । र यहाँ राख्न पर्ने कुराहरु त थुप्रै थिए । तरपनि समय छैन समय अभावका कारणले गर्दा यहाँ चै अघिल्लो नीति कार्यक्रममा आएका कतिपय कुराहरुलाई चै समावेश गरेर लैजानका निम्ति म कर्णाली प्रदेश सरकारलाई माननीय सभामुखमार्फत् ध्यानाकर्षण पनि गर्न चाहान्छु । कर्णाली खेलकुद परिषद् बनाउन पर्ने कुरा मनमोहन जेष्ठ नागरिक कार्यक्रम सञ्चालन गर्ने कुरा, एक फार्म एक व्यवसायि अनुदानको कुरा, प्राङ्गारिक मल कारखाना, कृषि औजार कारखाना, जैविक विषदीका कुराहरुलाई चै समेटेर कर्णाली प्रदेश सरकारले जुन प्रकारको नितीहरु ल्याएको छ र यो नितीलाई व्यवहारिक हिसाबले कार्यान्वयन गर्नेछ र यो नीतिमा आएका कुराहरु बजेटमा अभिव्यक्त हुनेछ भन्ने कुराको विश्वास व्यक्त गर्दै विदा हुन चाहान्छु हवस त धन्यवाद ।

**माननीय सभामुख :** माननीय दानसिंह परियार ।

**माननीय श्री दानसिंह परियार :** सभामुख महोदय, आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा मेरो आफ्नो धारणा राख्न चै म यहाँ उपस्थित भैराखेको छु । र आज हामीले नँया नीति तथा कार्यक्रमको बारेमा छलफर गरिरहदाँ कर्णालीका करिब सत्र लाख जनताहरुले नजिकबाट हेरिराखेको छन् के आज कर्णालीको संसदमा हाम्रो पक्षमा कस्तो निती बन्दैछ, त्यसका निम्ति नजिकबाट हेरिराख्याछन देशि विदेशी नेपालीहरुले यसको चै नजिकबाट हेरिराख्याछन् । र आज मैले यो नीति कार्यक्रममा धारणा राख्ने सन्दर्भमा यसमा प्रमुख नारा चै तय गरिएको छ । यसमा चै शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार । यती सुन्दर नाराका साथ प्रमुख नाराका साथ चै यो नीति कार्यक्रम अगाडि बढाईएको छ । यसका निमित्त प्रमुख त सरकारलाई चै म धन्यवाद दिन चाहान्छु । र यो शिक्षा स्वास्थ्य उत्पादन र रोजगारलाई जसरी प्रमुख नाराको रुपमा अघि बढाईएको छ, सर्वप्रथम त यो क्षेत्रलाई यो चारैवटा कुरालाई तपाईका चै आगामि बजेटले विशेष सम्बोधन गरोस भन्ने कुरा चै म सम्बोधन गरोस भन्ने कुराचै म राख्न चाहान्छु । र आज यहाँ यो टोटल नीति भित्र मैले हेरे अहिले चै सरकारले गर्न खोजेको यो नीतिमा समेट्न खोजेको चै कार्यक्रमहरु चै के-के हुन भने चै म बुँदागत रुपमा राख्न चाहान्छु । यहाँ के-के कुरा चै समेट्न खोजिएको छ भन्ने कुरा यहाँ पहिलो कुरा के गरिएको छ भने परियोजना कार्यान्वयन समूह संरचनाको चै परिकल्पना गरिएको छ ।

पहिलो कुरा म यसका लागि पनि धन्यवाद दिन चाहान्छु । किनभने परियोजना कार्यान्वयनका नीमित्त तपाईको चै एउटा नयाँ चै संरचना को चै परिकल्पना गरिएको छ । जो चाई हिजोको भन्दा छिटो छरितो चाई तरिकाले कार्यसम्पादन होस भन्ने चैका साथ यो ल्याईएको होला भन्ने चाई मलाई लागेको छ । अर्को यो सँगसँगै पुर्वाभार विकास बैङ्कको कुरा ल्याईएको छ, यो पनि नयाँ कार्यक्रममा जोडिएको छ । यो सँगसँगै यो नीति कार्यक्रम भित्र इन्जिनियरिङ्ग कम्पनीको कुरा उठिरहेको छ, यो पनि प्रभावकारी नीति तथा कार्यक्रम नस्तै प्रभावकारी को निमित्त होला जस्तो मलाई लागिरहेको छ, र यो भित्र कर्णालीको पानी

सबैको लगानी र कर्णाली उज्यालो अभियान भन्ने नारा चै अगाडि बढाईएको छ । यो पनि एउटा महत्त्वपूर्ण नीति कार्यक्रमको चाई महत्त्वपूर्ण कार्यक्रम हो भन्ने मलाई लागिरहेको छ । र यसलाई पनि विशेष चाई बजेटको व्यवस्था होस भन्ने कुरा लागिराख्याछ । र अर्को जनता आवास कार्यक्रमलाई पनि यो नीति कार्यक्रममा समेटिएको छ र मलाई लाग्छ कर्णाली भित्र जनता आवास कार्यक्रम भित्र कयौं जनताहरुको चै तपाईको चाई घर भित्र बस्न पाउने एउटा न्यूनतम घरभित्र बस्न पाउने आधार चाई यो कार्यक्रमले चै तय गरोस भन्ने कुरा राख्छु र त्यो सँगसँगै यहाँ पर्यटकीय विज्ञान तथा पर्वतीय विश्वविद्यालय को चँई परिकल्पना गरिएको छ, यसको लागि चै बजेटको चाई व्यवस्था होस् र नँया ढङ्गले चै कर्णालीको शिक्षा विकास गर्नको निमित्त परिकल्पना गरिएको विश्वविद्यालय चाई परिकल्पनामा मात्र सीमित नहोस् भन्ने कुरा राख्न चाहान्छु । र यो सँगसँगै लोकसेवा आयोगको गठनको कुरा आईरहेको छ यो पनि एकदमै सान्दर्भिक र व्यवस्थित छ, यो सँगसँगै मुख्यमन्त्री महिला तथा दलित आयआर्जनको कुरा गरिएको छ गत पटक जस्तै जसरी पनि चै यो दलित र महिलाको निमित्त चाई केही कार्यक्रमहरु आएको चाई नीतिमा आएको चाई पछि कार्यान्वयन भएन यो अहिले वर्षको चाई मुख्यमन्त्री महिला तथा दलित कार्यक्रम चाई प्रभावकारी होस् र यसको चाई व्यवस्थित होस् किसिमको प्रयोग होस् भन्ने कुरा पनि म राख्न चाहान्छु । त्यो सँगसँगै एउटा महत्त्वपूर्ण कुरा मुख्यमन्त्री रोजगार कार्यक्रम नेपाल सरकारले चाई तपाईंको प्रधानमन्त्री रोजगार कार्यक्रम घोषणा गरिरहेको अवस्थामा पनि कर्णाली प्रदेश सरकारकोतर्फबाट पनि त्यो केन्द्र सरकारले छुटेका चाई बेरोजगारहरुलाई पनि सम्बोधन होस् भन्ने उद्देश्यका साथ ल्याईएको होला जस्तो लाग्छ मलाई कर्णाली चाई मुख्यमन्त्री रोजगार कार्यक्रम छ, यसको निमित्त पनि म चाई विशेष युवाहरुलाई चाई उत्साहित भएका छन् भन्ने कुरा चाई म यहाँ जानकारी राख्न चाहान्छु। त्यो सँगसँगै स्वास्थ्य र मनोरञ्जनका लागि खेल भनेर नारा पनि बनाइएको छ यसका निम्ति पनि विशेष बजेटको चाई व्यवस्था होस् भन्ने कुरा राख्न चाहान्छु । एक घर एक धाराको कुरा पनि अगाडि बढाईएको छ, यो पनि एकदमै महत्त्वपूर्ण कुरा छ जस्तो लाग्छ । छोरीबुहारी छात्रवृत्ति कार्यक्रम यो पनि एकदमै राम्रो कुरा हो जस्तो लाग्छ, दलित र अपाङ्गको लागि चै छात्रवृत्ति कार्यक्रम छ भन्ने कुरा यहाँ नीति कार्यक्रममा आको कुरा छ, त्यसलाई विशेष बजेट चाई व्यवस्था होस् भन्ने कुरा पनि राख्छु । त्यो सँगसँगै हाम्रा मान्ठ हाम्रा मुख्यमन्त्री भन्ने कार्यक्रम पनि छ, यो कार्यक्रम पनि जनताको चै जनसम्पर्कमा ल्याउनको निमित्त राज्यले के गरिराख्या छ ? कर्णाली सरकारले के गरिराख्याछ भन्ने कुरा चै नजिकबाट हेर्नको निमित्त पनि यसले चै एउटा नयाँ कार्यक्रमको सुरुवात चै गरेको लाग्छ र यसको लागि सुरुवात चाई बजेटको व्यवस्था होस् भन्ने राख्न चाहान्छु । त्यो सँगसँगै हामीले चै कृषिमा चाई अर्गानिक प्रदेशको चाई परिकल्पना गरिएको छ र अर्गानिक प्रदेश भित्र चै तपाईको अर्गानिक प्रदेशका आधारहरु के हुन न्यूनतम अर्गानिक उत्पादनका आधारहरु के हुन निमित्त चै हामीले आगामि नीति तथा कार्यक्रममा यसलाई चाई विशेष सम्बोधन हुनका निमित्त चाई सोचियोस् भन्ने कुरा मलाई लाग्छ र पर्यटन प्रद्धर्धन र विकासको कुरा पनि यहाँ उठेको छ, र पर्यटन प्रबर्द्धनभित्र निश्चित पर्यटकीय गन्तब्यहरुको चाई यो वर्ष विशेष बजेटको व्यवस्था हुन पर्छ जस्तो चाई लागेको छ र विशेषगरेर चाई अहिले हिन्दु धर्मावलम्बीहरुको एउटा आकर्षणको केन्द्र विश्वका चारवटा भित्रको धाम चै एउटा छायानाथ अहिले हामीसँग छ र त्यो छाँयानाथ अहिले त्यसको विकास गर्नको निमित्त पनि रारा छाँयानाथ विकास चै विकास प्राधिकरणको पनि परिकल्पना गरियोस् र त्यसका निमित्त पनि निश्चित एउटा बजेटको बजेटको व्यवस्था होस् भन्ने कुरा राख्न चाहान्छु । अर्को कुरा छ डिजिटल प्रदेशको कुरा आईरहेको छ र डिजिटल प्रदेश त्यसको व्यवस्थापन र त्यसको आवश्यक संरचना निर्माणको लागि पनि यो कुरा लागू होस् भन्ने कुरा राख्न चाहान्छु । आज यति धेरै कुराहरु करिब चौध/पन्ध्रवटा कुराहरुलाई चाई मुख्य नाराको रुपमा अगाडी बढाएर चाई कर्णाली प्रदेशले चाई जसरी

हामीले नीति तथा कार्यक्रम सार्वजनिककरण गर्दै छौं, र जनताले नजिकबाट यो कार्यक्रम हेरिराख्याछन् र हरेक जनताको चाई भविष्य र भाग्यमा हामीले छलफल गरिरहदाँ मलाई लाग्छ बास्तवमा चाई कर्णाली प्रदेशले हामीले नीति कार्यक्रम सार्वजनिकरण गर्दा गरिबहरुलाई हामी छुन सक्छौं कि सक्दैनौं ? कुन शिर्षकबाट हामीले छुन सक्छौं, बेरोजगारहरुलाई साँच्चिकै हामी सम्बोधन गर्न सक्छौं कि सक्दैनौं ? ती सडकमा गिट्टी कुट्नेहरुलाई हामीले सम्बोधन गर्न सक्छौं कि सक्दैनौं ? र कर्णालीको बजेट ल्याउँदा प्रमुख आधार त्यसको प्रमुख इन्डिकेटर केसलाई मान्ने, मैले बारम्बार भनिरहेको छु कि कर्णाली भित्र सबैभन्दा पछि परेको जाती दलित समुदाय दलित भित्र पनि दलित महिलाहरुको अवस्था हेर्दा सबैभन्दा तल शिक्षा, स्वास्थ्य र रोजगारी लगायतका सबै इन्डिकेटरमा तल परेको समुदाय दलित छ र दलित भित्र पनि महिलाको अवस्था सबैभन्दा तल छ, त्यसो भको हुनाले त्यो इन्डिकेटरलाई आधार बनाएर चै हाम्रो शिक्षा स्वास्थ्य लगायतका चै उत्पादन र रोजगारका नीतिहरुलाई जोड्नु पर्छ भन्ने कुरा म राख्न चाहान्छु । र अहिले शिक्षामा मैले यहाँ धैरै पटक भन्दै आइरहेको कुरा राखें, मैले विशेषगरेर बाल विकास केन्द्र, सबैभन्दा बढी राज्यले लगानी गर्न पर्ने जुन क्षेत्रमा चाई हामीले सबैभन्दा बढी इन्भेस्ट गर्न पर्ने हो त्यसको निमित्त चै यहाँ कतै कुरा हामीले विश्वविद्यालयको परिकल्पना गरिरहदाँ वास्तवमा चै जति पनि विकसित देशमा शिक्षामा लगानी कहाँ गरिएको छ भने प्रारम्भिक बालविकास केन्द्रमा लगानी गरिएको छ । हामीले सबैभन्दा बढी इन्भेस्ट चै जहाँ तल्लो लेभलमा गर्न सक्दैनौ तर हामी सक्षम किसिमको जनशक्तिको परिकल्पना गर्न सकिदैन । त्यसो भएकोले म के कुरा राख्न चाहान्छु भने जतिपनि छलफल बहसहरु भए, जतिपनि छलफल बहसमा हामी सहभागी भयौं, र बजेट बनाउदाँखेरि यो वर्षको बजेट न्यायोचित तरिकाले चाई वितरण होस्, अहिले हामीले कुनै पनि जिल्लामा चै बजेट विनियोजन गर्दा सबै जिल्लामा चै न्यूनतम पाउनुपर्ने कुरा चै प्राप्त गरोस एक करोडभन्दा माथिको चै योजनाको परिकल्पना गरिएको छ तर जनताको चाहिँ सानो सानो मुद्याहरुको पनि सरकारकोतर्फबाट हुनुपर्ने भएको कारणले गर्दा ठूला गौरवका आयोजना बाहेक साना योजनामा पनि हामीले लगानी गर्न पर्ने, एक करोड भन्दा माथिका योजनालाई मात्र सम्बोधन गर्ने भन्ने कुरा चै त्यो न्यायोचित हुन सक्दैन । त्यसले सबै क्षेत्रलाई समेट्न सक्दैन । त्यसले सबै क्षेत्रको चाई प्रतिनिधित्व गर्न सक्दैन । त्यसो भकोले आज जतिपनि छलफल बहस भइराको छन् जति पनि हामीले चै सुखि कर्णाली सुखारी कर्णाली बासि को चै हामीले परिकल्पना गरिरँहदा साँचिक्कै बजेट विनियोजन गर्दा हामी न्यायोचित तरिकाले वितरण गर्न सक्छौं कि सक्दैनौं ? सबै वर्ग, क्षेत्रको चाई सहभागीता र प्रतिनिधित्वबाट चै त्यसको कार्यान्वयन गर्न सक्छौं कि सक्दैनौं ? त्यसका निमित्त जनताले आज हामीले चाहिँ हेरिरहेको छौं । जनताले त्यसैको आधारमा चै एउटा मेन्डेड दिइराखेका छन् । र आज हामीप्रति जनताको जुन जनविश्वास छ, यो सरकारप्रति जनताको जति जनविश्वास छ, हामीले अघिल्लो वर्षको नीति कार्यक्रम त्यति राम्रो तरिकाले प्रभावकारी तरिकाले कार्यान्वयन गर्न सकेनौ तर यो वर्ष चाँही तत्काल बजेट पास गराएर न्यायोचित तरिकाले चै बजेट विनियोजन गरेर न्यूनतम जनताको आधारभुत मुद्यालाई हामीले आगामी नीति कार्यक्रमबाट बजेटबाट चै सम्बोधन गर्न पर्छ भन्ने मलाई लाग्छ, आज जतिपनि सम्बृद्धिका कुराहरु भइराखेका छन्, जतिपनि परिवर्तनका कुराहरु भइराखेका छन्, सामाजिक रुपान्तरणका कुराहरु भइराखेका छन्, आज मैले भन्छु विश्व कम्न्युस्ट आन्दोलनलाई हेर्दा जहिले पनि कम्न्युस्ट सरकारले नेत्तृत्व गरिराखेको छ, तर अहिले यहाँ वास्तवमा सकारात्मक विभेद सहितको नीति अवलम्वन गरिराखेको छ भन्ने कुरा मैले काहीं कतै देखिराखेको छैन । साचिक्कै पछाकि परिरहेका मान्छेहरुलाई मूलप्रवाहिकरण गर्नको निमित्त सकारात्मक विभेद सहितको नीति अबलम्बन गरिने छ, उनीहरुलाई राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरण को लागि नेत्तृत्वमा उनीहरुको चै अग्राधिकार हुनेछ भन्ने कहिँ कतै उल्लेख छैन त्यसो भकोले म भन्न चाहान्छु कि आज कर्णालीका जनताहरु ५१ परसेन्ट चाइ गरिबीको एउटै कुरा त्यहाँ

भित्रका २५ परसेन्ट दलित उत्पिडनको मुद्दा हो । दलित समुदायको मुद्दालाई जबसम्म कर्णालीका जनताको प्रमुख मुद्दा र कर्णाली प्रदेश सरकारको प्रमुख मुद्दाको रुपमा हामी विकास गर्न सक्दैनौ त्यो प्रति हेर्ने साँेच र त्यो प्रति हेर्ने दृष्टिकोण हामीले नयाँ ढङ्गले गर्न सक्दैनौ भने उत्पिडनमा रहेका समुदायहरु पछाडि परेका महिलाहरु बेरोजगार युवाहरु आजपनि दश हजार पन्ध्र हजारको निमित्त ४२/४५ डिग्रीको चाइ घाममा कयौं खाडीमा पसिना चुहाएका ती बेरोजगार युवाहरुले हामीलाई सराप्ने छन् । आज हामी युवाकोतर्फबाट पनि संसदमा बोलिरहदाँ युवाकोतर्फबाट हामीले सडक आन्दोलन जारी राखिरहदाँ आगामी मुख्यमन्त्री स्वरोजगार कार्यक्रम कत्तिको सम्बोधन गर्छ भन्ने कुरा यो महत्त्वपूर्ण करा छ । त्यसो भकोले आज हामी जसरी पनि कर्णालीका जनताहरु कर्णाली प्रदेशको नीति र कार्यक्रमहरु सार्वजनिकरण हुदाँ जति उत्साहित छन् जति यसको प्रभावकारी कार्यान्वयनको आशा गरिराख्या छन् त्यसको निमिक्त बजेटले महत्त्वपूर्ण क्षेत्रहरुलाई न्यायोचित वितरण सहितको, सकारात्मक प्रतिनिधित्व सहितको, सराकारत्मक सहभागीतासहितको बजेट व्यवस्थापन होस् र यो सरकार को नीति कार्यक्रम प्रभावकारी कार्यान्वयनको निमित्त आगामी बजेटले सम्बोधन गरोस भन्ने भनाई राख्दै मेरो भनाई यहिँ टुङ्ग्याउछु। धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओली :** सभामुख महोदय आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम आएको छ । सर्बप्रथम नीति तथा कार्यक्रमलाई म स्वागत गर्न चाहान्छु, यको सर्मथन गर्न चाहान्छु, सरकारलाई धन्यवाद दिन चाहान्छु र यो नीति कार्यक्रमले बजेट सँग ताल र लय मिलाउन सकोस सफलताको लागि शुभकामना दिन चाहान्छु । सभामुख महोदय नीति कार्यक्रमले धेरै सकारात्मक कुराहरुलाई यहाँ उजागड गरेको छ । कुनै पनि चिज पूर्ण रुपमा सकारात्मक तथा नकारात्कताको पूर्णता हुँदैन । त्यसका निम्ति मैले आफ्ना नीति कार्यक्रमहरुमा छुटेको र आफ्लाई लागेको कुरा पनि यहाँ राखेछु र सर्वप्रथम सरकारले यो कुनै एउटा नीति कार्यक्रममा आएका अत्यन्तै यो जुन सुन्दर पक्षहरु छन् ती सुन्दर पक्षहरुले समाजमा रहेका अहिलेसम्म बहुआयामिक गरिबीको रेखामुनी रहेका ५१ परसेन्ट कर्णाली बासी नागरिकहरुको जीवनलाई छुन सकोस विशेषगरेर सम्पूर्ण सोह्र लाख तेइस हजार जनताहरुलाई यसले मन हसाँउन सकोस भन्न चाहान्छु । सभामुख महोदय सरकारको नीति तथा कार्यक्रम सबैभन्दा मलाई सुन्दर पक्ष लागेको मानव संसाधन विकास केन्द्र स्थापना गर्ने कृषि उपज प्रसोधनमा आधारित उद्योगी स्थापना गर्ने, सहुलियत पूर्ण रिन उपलब्ध गराउने स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको स्थापना गर्ने प्रदेशभित्र उत्पादित कपास, अल्लो को प्रसोधित कपडा लगाउने, भेरी बबै बहुउद्देश्य आयोजनाको बाँधबाट ९ मेघावाटको जलविद्युत आयोजना निर्माण गर्ने, हरेक जिल्लामा एक सडकलाई प्रदेश महत्त्वको रुपमा लिने एक घर एक धारा खानेपानी उद्देश्यअनुसार खानेपानी उपलब्ध गराउने, सामुहिक बस्तीको स्थापना गर्ने पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्ने एक जिल्ला एक प्राविधिक कलेजको स्थापना गर्ने दुई वर्ष भित्र कर्णालीलाई साक्षर घोषणा गर्ने, छोरी, बुहारीलाई अपाङ्ग तथा जेहेन्दार छात्रवृद्धि प्रदान गर्ने, डाक्टर, इन्जिनियर अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने, श्रमको सम्मान गर्ने, र ज्यालामा सुधार गर्ने, घाइते अपाङ्ग तथा सहिद परिवारका लागि रोजगार मूलक कार्यक्रम ल्याउने, कृषिलाई आधुनिकिकरण व्यवसायिकरण, वजारीकरण गर्नेजस्ता महत्त्वपूर्ण नीतिकार्यक्रमहरु आएका छन् जुन एउटा यो नीति कार्यक्रमको सुन्दर पक्ष हो भन्ने मलाई लागेको छ । सभामुख महोदय, नीति कार्यक्रम सार्वजनिक गर्नको लागि मात्रै नभएर त्यसले बास्तविक रुपमा विपन्न वर्गहरुको जीवनलाई माथि उठाउँन सक्ने गरी कार्यान्वयनको पक्ष यो चुनौतीको पक्ष रहेको छ । गएका नीति कार्यक्रमहरु पनि व्यवहारिक रुपमा

कार्यान्वयन गर्दाखेरी चुनौती देखापरेका कारणले यो नीति तथा कार्यक्रममा त्यस्तो कुरालाई सचेतता पूर्वक सरकारले लिन सकोस र आर्थिक वर्ष ०७५/७६मा मैले सुने अनुसार सुझावहरु यहाँ राख्न चाहान्छु । ०७५/७६मा सञ्चालन भएका जुन ६ वटा जिल्लामा सुरक्षित आवास गृहहरुकोनिरन्तरता दिईरहनु पर्छ र आवश्यकताअनुसार विस्तार पनि गर्नु पर्छ भन्ने मेरो सुझाव रहेको छ । नमूना आवासीय विद्यालय कालिकोट हुम्ला डोल्पामा मात्रै होइन सबै स्थानीय तहहरुको साझेदारीमा सबै स्थानीय तहहरुमा यसको सुरुवात गरिनुपर्छ भन्ने यहाँ राख्न चाहान्छु । प्राङ्गारिक मलहरुको उत्पादन कारखानाहरु विशेषगरेर स्थापना गरिनु पर्छ भन्ने म यहाँ राख्न चाहान्छु । व्यक्तिगत आय बृद्धि गर्नको लागि स्थानीय उत्पादनको खाना र पोशाकलाई एउटासम्म अनिवार्य गर्न सकियो भने त्यहाँ नीति तथा कार्यक्रममा विशेषगरेर राष्ट्रसेवक कर्मचारीहरुको हकमा सम्भव भएसम्म भनिएको छ, त्यो सम्भव नभनिएर एउटामात्रै चिज भएपनि हामीले अनिवार्य रुपमा प्रयोग गर्न सक्यौं भने हामीले स्थानीय उत्पादनलाई प्रोत्साहन वा साना उद्योगहरुको एउटा विकास हुन सक्छ भन्ने कु यहाँ राख्न चाहान्छु । त्यस्तै गरी अब यहाँ हाम्रो संसदीय समितिहरु र संसदको प्रभावकारिको निम्ति पनि सरकारले नीति तथा कार्यक्रममा केही लिनु पर्छ भन्ने म सुझावको रुपमा राख्न चाहान्छु र अर्को कुरा यहाँ जसरी प्रारम्भिक बालविकास बालबालिकाहरुको कुरा छ, बालबालिकाहरुको एउटा त्यो नरम दिमागको विकास गर्न लागेका ती जो स्रोत व्यक्तिहरु वा सहयोगीहरु हुनुहुन्छ, उहाँहरुको उचित ज्यालाको निर्धारण गर्ने कुरा आएको छ, त्यसमा ध्यान जाओस र त्यसमा खटिनेहरु नै प्रोत्साहित हुन सकेनन् भने बालविकासलाई हामीले राम्रोसँग सञ्चालन गर्न सक्दैनौं भन्ने कुरा म यहाँ राख्न चाहान्छु । यति भन्दै मैले सरकारको नीति कार्यक्रमले बजेटलाई राम्रो सँग सम्बोधन गर्न सकोस र हामीले जसरी नीति कार्यक्रमलाई सरकारको कार्यक्रमको रुपमा सर्मथन गरेका छौं बजेटलाई पनि त्यसरी नै समर्थन गर्न सक्ने वातावरणको सृजना गर्न सकोस् सरकारले भन्ने शुभकामना सहित आफ्ना भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री राजु नेपाली ।

**माननीय श्री राजु नेपाली :** सभामुख महोदय चौंथो अधिवेशनको छैटौं बैठकमा नीति तथा कार्यक्रम सर्वप्रथम त सरकारले एकदमै मेहेनत गरेर यहाँ छलफलको लागि पेश गरेको छ । त्यस्तै सरकारलाई नीति तथा कार्यक्रम ल्याएकोमा हार्दिक स्वागत गर्न चाहान्छु । धेरै कुरा समेटिएका छन् यिनै कुराहरुलाई मैले नीति तथा कार्यक्रममा मात्रै नभएर यी धेरै कुरालाई बजेटमा पनि समेटिनु पर्छ भन्ने कुरा राख्न चाहान्छु । हामी सधैँभरि नीति तथा कार्यक्रम पहिला वर्ष पनि आएको थियो र अहिले पनि आएको छ । केही कुराहरु पहिला वर्षका पनि धेरै कुराहरु यहाँ आएका छन् । र नयाँ कुराहरु पनि धेरै आएका छन् । उड्नेदेखि लिएर गुड्नेसम्म पनि आएका छन् । हरेक कुरा यहाँ छोएको छ। फेरि पनि मलाई ७ को २ मा भन्न मन लाग्यो । सडकको लागि हो भने एक करोड देखि तलका आयोजना गरिनु हुँदैन भन्ने कुरा यहाँ लेखिएको छ । मलाई लागेको सडमलाई हो भने त्यसलाई स्वीकार्न सकिन्छ । यदि अन्य कुरा हुन भने यहाँ साना तिना तालतलैया देखि लिएर एक घर एक धारा भन्ने कुराहरुमा त्यस्तै हुँदा सबै आउँदा गरिब बस्तीमा एक समुदाय एक बस्ती एक कुवा पनि निर्माण गर्न पर्छ होला भन्नी मलाई लागेको छ । कतिपय ठाउँमा पाएप विच्छिएका छैनन पाइप गएका छैनन् त्यस्ता बस्तीहरुले पानी खान पाईरहेका छैनन त्यसमा पनि ध्यान जाओस सरकारको भन्नी मलाई लागेको छ । हामी सधैभरि बोलिरहँदा २४ प्रतिशतको कुरा गर्छौं, सायद लेख्दै जाँदा लामो हुन्छ धेरै हुन्छ भनेर होला सोलोडोलोमै राखिएको छ । दलित छुवाछुत मुक्त घोषणा कार्यक्रम ल्याइने छ भनेर भन्दिदा हुने थियो होला । महिला सबैलाई समेटेर यहाँ बोलिएको छ । नीति निर्माता हुँ यहाँ धेरैले आश गरेको कर्णाली प्रदेशमा शिक्षा, स्वास्थ्य, रोजगारी धेरै कुराहरुका विषयमा पनि धेरै कुरा उठिरहेका हुन्छन् । हामीले गरिबी निवारण गर्नका लागि सहसलियत रिण उपलब्ध

गराइने छ भन्ने कुरा छ, यो अत्यन्तै सहायिन छ, यो अबका दिनहरुमा यस्ता यस्ती कार्यक्रमहरुले हाम्रा कर्णाली प्रदेशका गरिब निमुखा कुनै खाडी मुलुकमा नजाने गरी सायद यो कार्यक्रम आएको होला । जस्तरी आएको छ, त्यस्तरी बजेटमा पनि आओस भन्नी भनाई राख्दै आफ्ना भनाई यही अन्त्य गर्छु हवस धन्यवाद ।

**माननीय सभामुख :** मा. श्री यामलाल कँडेल

**माननीय श्री यामलाल कँडेल :** माननीय सभामुख महोदय, संसद चलिरहेको छ, संसद सञ्चालनको लागि हामीले नै पास गरेको नियमावली त हाम्रो साथमा छ । तर संसद नियमावली प्रमुख कुरा हो । कति पय हाम्रा आफ्ना प्रचलनहरु छन् । यद्यपि हाम्रो अवधि छोटो छ । अघि माननीय सदस्यले पनि गम्भीर ध्यानाकर्षण गर्नुभएको छ, म पनि एकपटक गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहान्छु । जे अवस्था मैले सदन भित्र देखिरहेको छु, त्यो अवस्थालाई ध्यानमा राखेर एकछिनका निम्ति यो बैठक स्थगित गरेर सरकारले पनि त्यसमा पहल गरोस र संसदभित्रको एउटा प्रमुख प्रतिपक्ष मैले देखिरहेको छु कारण के हो मलाई थाहा छैन सबै कुर्चीहरु खाली छन् । त्यसकारणले एकछिन सदन स्थगित गरेर सरकारले पहल गरोस र त्यसमा माननीय सभामुखले समन्वय गरेर यो परिस्थिति जुन देखा परेको छ यो परिस्थितिलाई अन्त्य गरेर फेरि पहिलेकै अवस्थाबाट सत्ता पक्ष प्रतिपक्ष सहितको संसद चल्ने वातावरण निर्माण गर्नको निम्ति म सभामुखज्यूलाई गम्भीरता पूर्वक ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

**माननीय सभामुख :** होइन माननीय सदस्य विषयवस्तु प्रष्ट, छैन उहाँले चाइ बैठक अवरुद्ध गरेको हो अथवा के हो प्रष्ट नभएको हुनाले बैठक स्थगित मनासिब हुन्छ कि हुँदैन ?

**माननीय श्री यामलाल कँडेल :** माननीय सभामुख महोदय यसमा के हुन्छ भने कतिपय भनेर हुन्छ कतिपय उपस्थितिले जनाउँछ । मलाई पनि थाहा छैन हामी सँगै थियौं, उहाँले सक्रियतापूर्वक भाग लिएका हामी सबैले दखिरहेकै छौं । उपस्थितिले के देखाईराखेको छ भने त्यहाँ समस्या देखायो । त्यसकारणले केही विलम्ब हुन्न एकछिनका निम्ति गरेर फेरि सम्बन्धलाई पछि छलफल गर्दा के निष्कर्ष निस्क्यो कसरी अगाडी बढ्ने के गर्ने त्यो संसदभित्रका दलहरुको कुरा हो तर भनेर गरेको भए त थाहा हुन्थ्यो तर उपस्थितिले जे देखाईरहेको छ यो यसलाई सहज रुपमा लिएर जाने कुरा गरियो भने सहजैपरम्परा अगाडी बढ्छ त्यो एकछिनका निम्ति मलाई लाग्छ महत्त्वपूर्ण ठानेर अगाडी बढ्नु पर्ने अवस्था रहन्छ । त्यसकारण कहिलेकाहीं सदनभित्र परिस्थिति सोचेभन्दा नयाँ परिस्थिति निर्माण हुन सक्छ, त्यलाई पनि ख्याल राखेर सभा सञ्चालन गर्ने कुरालाई अगाडी बढाउनु पर्नि हुन्छ, मेरो विचारमा एकछिनलाई गरेर सरकार पक्ष सभामुखज्यूको समन्वयमा दलहरुलाई सहभागीताबाट जे परिस्थिति निर्माण भइरहेको छ, त्यसलाई हाम्रोतर्फबाट ध्यान दृष्टि दिनुपर्ने जरुरी र आवश्यकता रहन्छ त्यसकारणले मलाई लाग्छ त्यस आधारबाट नै सभामुखज्यूले आवश्यक निर्देशन दिन उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु अब यो बैठक आधा घण्टाको लागि स्थगित हुन्छ।

# बैठक संख्या-६ (दोस्रो)

(२०७६ साल जेठ २४ गते शुक्रबार)

**माननीय सभामुख :** माननीय सदस्यहरु स्थगित बैठक सुरु हुन्छ । छलफल जारी छ, अब माननीय श्री पद्मा खड्का । समय ७ मिनेट ।

**माननीय पद्मा खड्का :** माननीय सभामुख महोदय, चौंथो अधिवेशनको पाँचौ बैठकमा प्रदेश प्रमुखबाट प्रस्तुत भएकोमा आज हामी प्रदेशसभाको पाँचौ बैठकमा जुन प्रस्तुत भएको प्रदेश सभाको बैठकमा प्रदेश सरकारले ल्याइरहेका नीति तथा कार्यक्रममा हामी छलफल गर्न भाग लिन म गैरहेको छु । सर्बप्रथम प्रदेश सरकारलाई यो वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम ल्याईएकोमा म धन्यवाद दिन चाहान्छु । प्रदेश सरकारले कर्णालीको जुन खालको भौगोलिक बिकटता जुन खालको भौगोलिक वातावरण जुन खालको यहाँ गरिबी अशिक्षा बेरोजगारी सबै पक्षलाई समेटेर ३९ वटा दफामा तयार पारिएर एकदमै सुन्दर ढंगले व्यवस्थित बुँदाहरु समेटेर जुन खालको नीति कार्यक्रम ल्याईएको छ । यो आफैमा सुन्दर छ र यो व्यवस्थित पनि छ त्यस बाबजुत पनि हामीले २०७५/७६ को नीति कार्यक्रममा गत वर्ष ल्याइएका एकदमै महत्त्वकाक्षि नीति कार्यक्रमहरु सरकारले कार्यान्वयनमा कहाँसम्म पुग्यो भन्नेकुरा पनि यस नीति तथा कार्यक्रमले समेटेको छ कि छैन भन्ने कुरा पनि महत्त्वपूर्ण छ । आज कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५/७६ को यो नीति तथा कार्यक्रमलाई हामीले अंगाल्न सक्यौ कि सकेनौ र आउने आर्थिक वर्ष २०७६/ ७७ को नीति कार्यक्रममा जसरि अहिले हामीले उठाई रहेका छौं, विभिन्न नाराहरु उठाई रहेका छौं, ती नारालाई कार्यान्वयनमा जाने बेलामा बजेट व्यवस्थापन गर्ने बेला कहि कतै फेरि चुक्ने हो कि छुट्ने हो कि भन्ने कुरा छ । यसलाई बजेटमा एक दमै समावेशी समानुपातिक ढंगले सुनिश्चित गरेर अगाडि हामीले नीति कार्यक्रमलाई समेटेर गयौ भने पक्कै पनि हाम्रो नीति व्यवस्थित ढंगले कार्यान्वयनमा जाने कुरामा म यहाँ आशा राख्न चाहान्छु र यस्तै गरी यो २०७५/७६ जस्तै हामीले बाहिर जुन खालको वातावरण र हामीले जुन खालले सुन्ने गरेका छौं कर्णाली प्रदेश सरकारले यो कर्णाली प्रदेशलाई  अर्गानीक बनाउने यो कर्णाली प्रदेशका जहाँ अहिले पनि मोटर बाटो पुग्न सकेका छैनन् । सुरुड मार्ग जस्तो नीति कार्यक्रमले बोलि रहेको थियो भने अहिले कता कता यो छुट्यो कि भन्ने एउटा आवास भएको छ र यो कुरालाई पनि हामी पटक पटक बनाई रहन्छौ हामीले पटक पटक चेन्ज गरिरहदा पनि हामीले गराई रहेका नीतिहरु कार्यान्वयनमा गएका छन् कि छैनन् भनेर हामीले फर्केर हामीले अगाडि बनाई रहेका नीतिलाई पनि हामीले हेर्यो भने अझ सुन्दर र व्यवस्थित यो कर्णाली को नीति बन्छ भन्ने कुरा म यहाँ राख्न चाहान्छु र आज यो कर्णालीमा यो प्रदेशलाई समृद्ध बनाउन र कर्णालीका तनाम बेरोजगारहरुलाई रोजगार दिन र तनाम गरिबी स्तरलाई माथि उठाउँन आज हामी नीति बनाई रहदा नीतिलाई सार्बजनिक गरिरहदा यस कर्णालीका १६/ १७ लाख नागरिकले हेरि रहेका छन् । जो हेर्दा आज यो सरकारले जहाँ ती विपन्न वर्गका जाति दलितहरु, महिलाहरु अपाङ्गका आवाज उठाउँन सकिरहेका छैनन् । यो नीति कार्यक्रमले अपाङ्ग भएका व्यक्तिहरुलाई छोयो कि छोएन । भन्नेकुरा हेरि रहदा यहाँ नीति तथा कार्यक्रमले कस्तो भने एकदमै सुन्दर ढंगले छोईएको छ तर ठोस कार्यक्रम के हो भन्ने कुरा अल्ली स्पस्ट सँग आई दिएको भए अझ राम्रो हुने थियो भन्ने मैले सुझाव दिन चाहान्छु जस्तै युवालाई धेरै भन्दा धेरै युवालाई हामीले रोजगारी दिन छ । उत्पादनमा जोड्न छ तर यहाँ विषयगत रुपमा चाहिँ उठाईएको छ र मुख्यमन्त्री रोजगार सँगै जोडिएको छ र यलाई प्रभावकारी कार्यान्वयनका लागि बजेट स्पष्ट व्यवस्था गरियोस भन्ने कुरा पनि म यहाँ राख्न चाहान्छु र अधिकार सम्पन्न संरचनाको कुरा पनि यहाँ उठाईएको छ । त्यो संरचना फेरि नाममा

मात्र सिमित हुने हो कि त्यले फेरि बजेट मात्र व्यवस्था गर्न सक्ने हो कि होईन ? त्यसका विभिन्न निकायहरु हुन सक्छन यी कुराहरुलाई पनि एकदमै हामीले यहाँ जति यहाँ नीतिमा उठाएका छौं त्यसको कार्यान्वयन पक्षलाई असाध्यै सुन्दर ढंगले हामीले हेर्नका लागि पनि र कार्यान्वयनमा जानका लागि पनि हामीले यो नीतिलाई नीतिमा भएका कुरालाई नछुटिकन बजेटमा आवस भन्ने कुरा म यहाँ राख्न चाहाँन्छु । यस्तै गरेर हामीले काम गर्न उमेर पुगेका समूहलाई मात्र आज हेरिरहेका छौं जहाँ हामीले युवाहरु जहाँ हामीले एकदमै गरिब जहाँ गए पनि हामीले काम गरेर आफ्नो छाक टार्न सक्छौं त्यस्ताको लागि मात्र नीति होईन जहाँ आवाज उठाउँन सक्दैनन् । जहाँ आवाज अगाडि ल्याउन सक्दैनन जहाँ बोल्न सक्दैनन्। तीनी बालबालिकाहरुको लागि पनि हामीले यहाँ बोल्न पर्छ आज आज हामीले हाम्रो कर्णाली को जनशक्ति निकै कमजोर भएको छ । आज किन कर्णाली को जनशक्ति निकै पछाडि परिरहेको छ भन्दा आज हामी फेरि बलिया र अलिकति गर्न सक्ने लागि मात्र बनाउने होईन हामी तल्लो लेबल जहाँ हामीले उत्पादन सँग जोड्नका लागि युवाहरुले जहाँ हामीले बालबालिकालाई जहाँ आवाज उठाउँन सक्ने जहाँ हामीले त्यो क्षेत्रमा लगानी गर्यौं भने जहाँ हामीले त्यो क्षेत्रमा लगानी गर्दाको प्रतिफल पाउनका लागि पनि हामीले अहिले प्रारम्भिक बालविकास केन्द्र जहाँ ९० प्रतिशत विकास त्यो ५ वर्ष उमेरसम्म भै सक्छ । उमेर समूह भित्र भै सक्छ त्यस बालबालिकाको लागि पनि कर्णालीमा अझ ठूलो समस्या छ । त्यसका लागि यो क्षेत्रमा अलिकति नीति सँगै बजेटमा यलाई एकदम व्यवस्थित भएर आवस भन्ने म सुझाव दिन चाहान्छु । यस्तै गरी हामीले महिलाको विभिन्न चुलाचौको र भान्साको कुरा आज लिएर आएका छौं । आज हामीले महिलाहरुको सीपमूलकको कुरा लिई रहेका छौं र महिलालाई स्तर उठाउँने मसहलालाई अझ शिक्षामा माथि उठाउँने खालको ठोस कार्यक्रम यहाँ नीतिमा मात्र होईन बजेटले एकदमै व्यवस्था गरियोस सँगसँगै नीतिमा पनि तालमेलमा पनि मिलाएर बजेटलाई एकदमै पूर्ण रुपले अगाडि चाहिँ लिने छ भन्ने कुरा भन्न चाहाँन्छु । अन्तमा महिले कर्णालीको जुन खालको हामीले पिडा भोगिरहेका छौं एउटा घरलाई सुन्दर बनाउन सुन्दरता झल्काउन त्यो आगन को त्यो आगनको बगैचा हरेक कुराले त्यो घरलाई सुन्दरता बनाउछ भने जस्तै यो कर्णालीलाई सुन्दरता बनाउन योकर्णालीलाई सु व्यवस्थित गराउन पनि यो राजधानीको सुन्दरताले पनि झल्काउछ । भन्ने मलाई लाग्दछ, यो राजधानीको अवस्था हेर्दा हामी जनप्रतिनिधि भएर आज बाटो छेकेर हिँड्नु पर्ने अवस्था आईरहेका छ । त्यसकारणले गर्दापनि १० ओटै जिल्लाको सुन्दरतालाई उज्यालो बनाउनको लागि पनि कर्णाली राजधानी विशेष कार्यक्रम ल्याउनु पर्छ कर्णाली राजधानी विशेष एउटा बजेटको व्यवस्था गरिनु पर्छ नीतिले पनि बोल्न पर्छ र नीति सँगसँगै बजेटको अनिवार्य त्यसमा व्यवस्था गरियोस भन्ने म एउटा आफ्नो भनाई राख्न चाहान्छु । अर्को कुरा शिक्षामा हामीले स्वयम सेवक जहाँ दक्ष जनशक्ति छ जहाँ जुनसुकै सामुदायिक विद्यालयमा दरबन्दी नभएरबालबालिका को स्तर अगाडि बढ्न सकेको छैन भन्ने कुरालाई मध्यनजर गर्दै होला सायद हाम्रो सरकारले एकदमै दक्ष शिक्षकहरुलाई स्वयम सेवकको रुपमा एउटा नीतिमा ल्याउनु भाको छ यो स्वागत गोग्य कुरा छ यलाई कार्यान्वयनमा जाने कुरा आज ती करार शिक्षक हरुको कुरा के छ । आज राहात शिक्षकहरुको कुरा के छ ? फेरि पनि हामीले यो दक्ष शिक्षक हरुलाई पठाउँने बेला ती अगाडि भैरहेका ती करार ती फेरि श्रम शोषणमा परेका शिक्षकहरु को कुरालाई पनि हामीले समेटिनु पर्छ भन्ने कुरा राख्न चाहान्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री रातो कामी समय ७ मिनेट ।

यस पछि माननीय श्री कृष्णा शाह तयार रहनु होला ।

**माननीय श्री रातो कामी :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा हामी छलफल गरिरहेका छौं । यस सन्दर्भमा कर्णाली प्रदेश सरकारले पेश गरेको नीति तथा कार्यक्रम मूल स्प्रिट ठीकै छ यसका बारेमा राम्रो ढंगले आएको छ र यी कामहरु गर्न सकेको खण्डमा कर्णाली प्रदेश एउटा विकास निर्माणको क्षेत्रमा नयाँ गति लिन सक्छ भन्ने कुरा म राख्न चाहान्छु । सँगसँगै यो वर्ष कर्णाली प्रदेश सरकारले शिक्षा, स्वास्थ्य उत्पादन र रोजगार यसका लागि पूर्वाधार भन्ने मूल नाराका साथ खाना, नाना, र छाना भन्ने कुरा यहाँ उल्लेख गरेको छ । यसका बारेमा म के भन्न चाहान्छु भने जसले गर्दा यी नाराहरु असाध्यै राम्रा छन् यलाई व्यवस्थित रुपमा जान पनि यी नारा नबिर्सिकन सरकारले नीति मात्र होईन कार्यान्वयनमा पनि ल्याउनु पर्छ आज हो यही समस्या हो हाम्रो जनता शिक्षामा अग्रगामि छलाङ्ग मार्न सकेको छैन । स्वास्थ्यमा त्यहि प्रकारको चाहिँ अवस्था छ । उत्पादन र रोजगारी मुख्य कुरा हो । पूर्वाधार विकासमा कयै ठाउँमा सडक पुगेको छैन र सडकले छुन नसक्दा मान्छेका जीवन स्तरहरु असाध्यै छन् ।मान्छे खानेकुरा आजको दिनमा पनि खानेकुराले मान्छेलाई पिरोलिरहेको छ । साना बालबालिकाहरुको हरेक क्रिर्याकलापमा समस्या छ चाहे त्यो खेलकुदको कुरा होस पढ्नेलेख्ने कुरा होस । बाल श्रमको कुराहोस र त्योसँग सँगै चाहिँ मानिसहरुआज पनि केही प्रतिशत आफ्नो घरबार बिहिन छन् । मान्छेहरु भु स्वामित्व छैन त्यसैले गर्दा कर्णाली सरकारले ल्याएको मूल नारामानै टेकेर गयौ भने यसको चाहिँ समृद्धि सम्भव छ । तर हामीले नेपालको परिवेशमा नारा र काम काज अरु कार्यान्वयनका सवालहरुमा भिन्नता आउँदा कयौ कुराहरुकमा भिन्नता आउँदा आउदै पनि ती राम्राकामहरु हुन सकिरहेका छैनन् । यस प्रति हामीले ध्यान दिनै पर्छ भन्नेकुरा हो र यो सँगसँगै म के भन्न चाहान्छु भने आज हामीले यहाँ भनिएको छ एक करोड देखि माथिको विकास त्यो पनि चाहिँ सर्भे भएको योजनाहरुलाई अगाडि बढाउने भनिएको छ ।त्यो पनि सर्भे गर्दा २४ वटा निर्वाचन क्षेत्र या यानेकि हामीले १० वटा जिल्लामा कति हामीले समुचित ढंगले चाहिँ सर्भे गरेका छौं र त्यो ठाउँमा एक करोड भन्दा माथिको भौतिक पूर्वाधार विकास या भवन खानेपानी सडक लगायतका अन्य कुराहरु के कति भएका छन् । कतै यो कुराले यतातिर नीतिमा कार्यक्रममा सर्भे र त्यसको चाहिँ गर्दिने अर्को कुरा यो वर्ष धेरै जिल्लाहरु निर्वाचन क्षेत्रहरु त्यो सर्भे हुनबाट हुन सकेका रहेनछन भने हामी जनताहरु त्यहाँ यो जुन स्प्रिट छ यसबाट जाने बजेटमा बञ्चितिकरणमा पर्दछन यो कुरालाई बडो ध्यान दिनु पर्दछ भन्ने जरुरी मैले देखेको छु । यो सँगसँगै हामीले कर्णाली प्रदेशमा उत्पीडित समुदायको सन्दर्भमा हामीले केही लिखित सुझावहरु पनि हामीले दिएका छौं । विशेषगरीकन मान्छे आज पनि मान्छे भएर बाच्न पाएको छैन । मान्छे भएर सास फेर्न नपाउँदा त्यो पिडा कस्तो होला । योबाट मोचन हुनको लागि ती उत्पीडित उपेक्षितहरु उपेक्षित वर्ग समुदायलाई खासगरी दलित समुदायलाई र महिलाहरुलाई ती उत्पिडन उत्पीडितबाट चाहिँ बृहत् समस्याबाट मुक्त बनाउनको लागि हामीले केही अभियानहरु सञ्चालन गर्नु पर्छ भनेर हामीले सुझाव दिएका थियौ । त्यो सँगसँगै हामीले यहाँ धेरै कुरा चाहिँ घुमाउरो ढंगले एक-एक गर्दै गर्दै यहाँ पुगेका छौं । कर्णाली प्रदेशमा दलित समुदायहरुलाई जनजागरण अथवा चाहिँ जागरण पैदा गरेर छुवाछुतमुक्त कर्णाली प्रदेश चाहिन्छ । त्यसको धेरै कुरा छैन अहिले छुवाछुत हो । दोस्रो, स्वास्थ्य र शिक्षा, रोजगारी र आर्थिक कुरामा जोड्ने कुरा हो । गत वर्ष चाहिँ २०७५/७६ को बजेटमा सायद लाग्छ असारको अन्त्यमा केही प्राप्त गर्यौं भने कर्णाली प्रदेशको उत्पीडित समुदाय उसको उसले चाहिँ एक प्रतिशत भन्दा पनि कम प्राप्त गरेको हुनेछ । तल चाहिँ उसले सेवा हुनेछ । किन हामीले त्यो त आकँडा हामीले थाहाँ पाईनै सक्याछौ । त्यसैले गर्दा जहाँ चाहिँ दलित सक्रियता छ त्यहाँ गरिबीको चाहिँ रेखामाथि छ । कालिकोट जिल्ला दलितको चाहिँ प्रतिशतका हिसाबले अल्ली बढी छ । त्यहाँ गरिबीको बढी छ । त्यति मात्र मैले अरु कर्णालीका साबिक कर्णाली जिल्लाहरुको बारेमा मैले धेरै चाहिँ त्यस्तो मल्लब मालाई चाहिँ

जानकारी छैन । रुकुम जिल्लाको पनि हामीले आठबिसकोट नगरपालिकामा ३५ प्रतिशत दलित भएको आठबिसकोट हो । त्यहाँ गरिबी जिल्लाकै सबैभन्दा बढी त्यहाँ छ । गरिबीको जनसंख्या बढी हुन्छ । त्यसैले गर्दा हामीले ५ वर्षमा २१ सय डलर जनताको चाहिँ आय स्रोत पुर्याउने लक्ष्य जो गर्या छौं । कर्णालीका २४ प्रतिशत दलितले बाधा बन्ने भए बाधाक हुन्छ यो सरकारका लागि त्यलाई माथि उठाउँनका लागि सरकारले गम्भिरतापूर्वक सोचेर नीति कार्यक्रम ल्याउने छ ल्याएन भने त्यो सपना साकार हुँदैन । त्यो सपना साकार हुँदैन त्यो चाहिँ असाध्यै रोचक हुन्छ । त्यो कुरामा चाहिँ सोच्नु पर्छ । त्यो समितिमा त्यो कुरा सोच्न पर्ने छ । भन्ने कुरा हो । राजनीतिक कार्यक्रममा पनि यो चाहिँ अल्ली बजेट आई सके पछि पनि कार्यान्वयनको सन्दर्भमा छ । त्यहाँ पनि बडो ध्यान दिनु पर्ला अन्यथा यो समस्या भैराख्या छ । र कृषिको कृषि मन्त्रालय कृषि मन्त्रालयले यो धेरै कुराहरु लेखेर यो मूल यो महत्त्वपूर्ण दस्तावेजलाई नै केही समस्याहरु खिसिटिउरि गर्ने जुन प्रकारको चाहिँ वातावरण बन्या छ । यो सरकारले यो चाहिँ महत्त्वपूर्ण दस्ताबेजमा यी साना तीन कुराहरुलाई सच्याउन पर्छ जस्तो मलाई लाग्छ । यी कुरा राख्दै म आफ्नो भनाइहरु यही अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख -** माननीय कृष्णा शाह । यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनु होला ।

*(माननीय श्री धर्मराज रेग्मीले नियम आपत्ति जनाउनु भयो)*

**माननीय सभामुख -** के कुरा हो माननीय सदस्य ।

**माननीय धर्मराज रेग्मी -** यो हाउस हिजो स्थगित भएर फेरि प्रतिपक्षसँग सम्झौता भएर पुनः सुचारु भयो माननीय सभामुख महोदय यो सदनले जानकारी राख्ने अधिकार राख्छ ।

**माननीय सभामुख -** केही छैन केही सम्झौता भएको छैन । अबरुद्ध भएका कारणले स्थगित नभए पछि सम्झौताको प्रश्न नै आएन माननीय सदस्य ।

**माननीय श्री धर्मराज रेग्मी -** हुन्छ, सभामुख महोदय यो हाउसले अधिकार राख्छ ।

**माननीय श्री कृष्णा शाह -** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारको २०७६/०७७ को नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं । आज विश्व परिवेश र नेपाल त्यसमा पनि कर्णालीको परिवेश नितान्त फरक छ । बिज्ञान र प्रबिधिको उच्च विकासले विश्व जगतमा मानव रहित ड्रोन चालक रहित गाडिहरु गुडि रहेका छन् त्यसै गरी मान्छेको ठाउँ विस्तारै मेसिन र रोबटले लिईरहेका छन् । माहाशक्ति राष्ट्रहरु सस्त्र र अस्त्रको होडबाजीमा अगि बडिरहेका छन् । हामी कर्णालीमा हामीले खाना, नाना र छानाको कुरालाई हामीले अगाडि बढाई रहेका छौं । यो कर्णालीवासीका लागि सरकारको लागि र हामी सबैको लागि एउटा बाध्यता विवशता आवश्यकताको विषय बनेको छ । आज हामी यही वास्तविकतामा टेकेर नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं । नीति तथा कार्यक्रम मैले विस्तृतरुपमा अध्ययन गरे विगतका दुई वटा नीति तथा कार्यक्रम पनि अध्ययन गर्दाखेरि विगतका अल्ली हेर्दाखेरि महत्त्वकांक्षी थिए कर्णालीको आवश्यकता र स्तर भन्दा माथिबाट आएका थिए र नराम्रा अनावश्यक भने होइनन् । २०७६/०७७ को एकदमै वस्तुनिष्ठ र सुत्रबद्ध गरएको छ । हामीले जतिबेला पनि छलफलमा उठाउँने गरेका विषयहरु ३९ वटा बुँदामा सुचिकृत भएरआएका छन् । विषयगत र क्षेत्रगत हिसाबले विगतका केही कार्यक्रमहरुले निरन्तरता पाएका छन् भने नयाँ त केही थपिने भए केही कार्यान्वयन नभएर पनि छुटेका छन् । किन छुटे ? यसको समीक्षा त हामीले गर्नु पर्ला नै जस्तो सञ्चार प्रतिष्ठान कर्णाली खेलकुद प्रतिष्ठान लगायतका संरचनागत कुराहरुलेनिरन्तरता पाएका छन् भने शान्ति अध्ययन केन्द्र मानव संसाधन केन्द्र लगायतको अति महत्त्वपूर्ण संरचना गठन कोकुरा पनि आएको छ ।

त्यसै गरी कार्यक्रमको हिसाबले छोरीबुहारी प्राविधिक छात्राबृत्ति कार्यक्रम कर्णाली उज्यालो कार्यक्रमले निरन्तरता पाएका छन् भने मुख्यमन्त्री महिला दलित कार्यक्रम कर्णाली हवाई उडान लगायतका अत्यन्त नयाँ अत्यन्तै महत्त्वपूर्ण कार्यक्रमहरु र पुरानो मैले हेर्दाखेरि विगतको हाम्रो ७५/७६ को नीति तथा कार्यक्रममा २४/२५ वटा लोकप्रिय नाराहरु थिए। ती नाराहरु मैले दोहोरिएको अर्थात् नीति तथा कार्यक्रममा समेटिएको देखिएन नयाँ नाराहरुमा शिक्षा स्वास्थ्य उत्पादन र रोजगार यसका लागि पूर्वाधार भन्ने अत्यन्तै लोकप्रिय नारा यहाँ उल्लेख भएका छन् र त्यसै गरी छुटेका कार्यक्रमहरुमा डेटा सेन्टर मध्यपश्चिम विश्व विद्यालयलाई स्वास्थ्य बिज्ञान प्रतिष्ठानलाई प्रदेश मातहत ल्याउने कुरा यी अति महत्त्वपूर्ण कुराहरु छुटेका छन्, यसलाई हामीले समेट्न पर्छ कर्णाली प्रदेश सरकारले समावेश गर्नु पर्दछ भन्ने मलाई लागेको छ । कर्णालीको आवश्यकता अनुसार कर्णाली प्रदेश सरकारले एकदमै वास्तविकतामा टेकेर ल्याएको छ, नीति तथा कार्यक्रम पढ्दाखेरि हामीले विगतको पाठ सिक्दै अहिलेको नीति तथा कार्यक्रम कार्यान्वयनमा सुनिश्चितताको गरिएको छ। उत्पादन र रोजगारीलाई प्राथमिकता राखेको देखेकी छु । कर्णालीको मुख्य समस्या पनि परनिर्भरता र बेरोजगारीनै हो यसलाई नीति तथा कार्यक्रमले समेटेको मैले देखेको छु । अबको हाम्रो मुख्य काम भनेको नीति तथा कार्यक्रमलाई बजेटले सम्बोधन गर्छकि गर्दैन यसको कार्यान्वयनको कुरा बजेटसँग जोडिएको छ । सभामुख महोदय नीति तथा कार्यक्रम साध्य हो यो यो सिद्धान्तः बजेट भनेको साधन र व्यवहार हो बजेट कसरी आउँछ ।नीति तथा कार्यक्रम लाई बजेटले कति सम्बोधन गर्छ भन्ने कुरा यसमा निर्भर रहने छ । त्यो सँगै यति मात्र भएर पुग्दैन, त्यो सँगै संरचना हाम्रो ईच्छा शक्ति कार्य शैली र दृष्टिकोणमा पनि भर पर्छ यी सबै मिल्यो भने कार्यान्वयन हुन सक्छ यदि कार्यान्वयन हुन सकेन भने हाम्रो नीति तथा कार्यक्रम जतिसुकै सुन्दर जतिसुकै वस्तुनिष्ठ जतिसुकै वास्तविकतामा आए पनि यो एउटा कागजी खोस्टो हुनेछ । हामीले सबैले ख्याल गर्नुपर्ने कुरो राख्नपर्ने कुरो गर्दाखेरि अगि पूर्व वक्ता माननीयहरुले पनि राखिसक्नुभएको छ । प्रदेश सरकारले एक करोडभन्दा माथि बढी भन्दा १ करोडभन्दा बढी लागत अनुमान भएका परियोजनामा मात्रै बजेट विनियोजन गर्ने भनिएको छ । यो सायद अगि पनि आईसक्यो, यो रोडको केरे बाटोको उसमा क्षेत्रमा मात्र लागू हुन्छ ।अरु क्षेत्रमा यो लागू हुँदैन र यो अन्यत्र सान्दर्भिक हुँदैन भन्ने मलाई लागेको छ र यो परिमार्जन गर्न पर्छ त्यसैगरी बुँदा नम्बर ३३.२ मा भनिएको छ प्रदेश सभा सदस्यको नेतृत्वमा रहने अनुगमन समितिबाट प्राप्त सुझावलाई अनिवार्य रुपमा कार्यान्वयनमा ल्याइनेछ। यो समिति त्यति प्रभावकारी हुने छैन जहाँ कि कार्यान्वयनको तहमा पनि हामी संसद रहने र अनुगमनको नेतृत्वमा पनि हामी रहने भनेपछि यले राम्रो खालको परिणाम ल्याउँदैन, यो अनुगमनको लागि छुट्टै दोस्रो तेस्रो कुनै व्यक्तिको नेतृत्वमा बनाउनुपर्छ भन्ने मेरो भनाई राखें। यतिबेला लागत अनुमान सम्भाव्यता अध्ययन विस्तृत ७ नम्बर बुँदामा लागत अनुमान सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनामा मात्र बजेट विनियोजन गरिनेछन् भन्ने छ यसको मतलब यतातिर बजेट कार्यान्वयनको सुनिश्चिततालाई एकदमै मजबुत बनाइएको छ भन्ने विश्वास पैदा गरेको छ । अर्कोतिर समस्या कहाँ छ भने यो डिपिआर सर्भे कति वटा योजनामा भएका छन् त मलाई त लाग्छ । डिपिआर र सर्भे पहुँचवाला अर्थात् हाम्रा मन्त्रीका क्षेत्रमा मात्र यो डिपिआर र सर्भे भएका छन् र हाम्रा ती डिपिआर, र सर्भे कहिँ कतै भएका छैनन् । त्यले गर्दाखेरि यो बुँदालाई पनि परिमार्जन गरियोस जहाँ कि हाम्रा पनि कार्यक्रमहरु योजनाहरु पर्ने सम्भाबनाको सुनिस्चितता गरियोस त्यसैगरी अपाङ्गमैत्री पूर्वाधार निर्माणका कुरा पनि यहाँ जोडिनु पर्छ । अपाङ्गता भएका साथीहरुले यो कुरा सुनाई रहनु हुन्छ । त्यसपछि गएर स्वयम सेबिका जहाँ हाम्रा ग्रामीण क्षेत्रमा दिदि बहिनिहरु जुन स्वास्थ्य क्षेत्रमा पहुँच पुग्दैन । हाम्रा आमा र बच्चा हरुको जीवन रक्षा गर्ने काम रात दिन खटेर स्वयम सेबिकाले गरिराख्नु भएको छ । उहाँ हरुको पनि तालिम तथा दक्षता प्राप्त गर्ने कुरा देखि लिएर

उहाँहरुलाई श्रम केरे तलबको पनि व्यवस्था गर्नु पर्दछ भन्ने कुरा मैले यहाँ राखे अर्को कुरा हामीले जतिबेला पनि भन्ने गरी राखेका छौं हाम्रो बेरोजगारी समस्या हाम्रो युवाहरु विदेशमा बिदेसिनु पर्ने स्थती जुन पैदा भैरहेको छ यो नीति तथा कार्यक्रमले अबको अबका दिनहरुमा बेरोजगारी समस्या हल गर्ने हाम्रा काला पाहाड र खाडि मुलुकमा बेचिन अर्थात परिश्रम पसिना बगाउन बाध्य हाम्रो युवा जनशक्तिलाई कसरी हुन्छ हामीले स्वदेशमै पुग्ने कुरामा सरकारले मुख्य तया ध्यान दिने छ भन्ने कुरा राख्दै यो नीति तथा कार्यक्रम ल्याउन मेहनत गर्नुहुने माननीय मुख्यमन्त्रीज्यू र मन्त्रीज्यू हरुलाई र त्यसमा सपोट गर्ने कर्मचारी सबै साथीहरुलाई हृदय देखि नै धन्यवाद दिदै यो नीति तथा कार्यक्रमको सफलताको अग्रिम शुभकामना व्यक्त गरे धन्यवाद ।

**माननीय सभामुख -** माननीय अम्मरबहादुर थापा, यस पछि माननीय श्री धर्मराज रेग्मी तयार रहनु होला ।

**माननीय श्री अम्मरबहादुर थापा -** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य र रोजगार यसका लागि भौतिक पूर्वाधार भन्ने नारासहित योनीति तथा कार्यक्रम आएको छ यसले दोस्रो कुरा खाना र नाना, छाना वास्तवमा मानव समाजलाई नभई नहुने चिज खाना पनि चाहियो नाना पनि चाहियो छाना पनि चाहियो वडाँरमा बस्न भएन भन्ने नारा सहित सरकारले यो नीति तथा कार्यक्रम ल्याएको छ म कर्णाली प्रदेशको सरकारलाई यहाँहरुलाई धन्यवाद दिन चाहान्छु । यो नीति र कार्यक्रम विगतको कार्यक्रमले राष्ट्रिय गौरबका योजना भन्ने कुरा लेखेको थियो ती गौरबका योजना यसमा देखिएनमाथि संघीय सरकारले ल्याएको छ भने पनि हाम्रो यो नीति र कार्यक्रममा उल्लेख गर्नु पर्थ्यो । यो योजना हाम्रो प्रदेशमा बन्दैछन् भने कति बन्दैछन् । त्यसको निम्ति के हाम्रो यो प्रदेश सभाको अथवा प्रदेश सरकारको के आवश्यकता हो त्यो चाहिन्छ । भौतिक पूर्वाधारको निमित्त १ करोड भनिएको छ । यसको धेरै व्याख्या भएको छ । वास्तवमा न्यूनतम १ करोड भएको कुरा त्यो पनि आयोजनाका निमित्त अब यहाँ कति हुन्छन् कति हुन्छन् भन्ने पूर्व वक्ता सांसदहरुले भन्नु भयो १ करोडको प्रोजेक्ट त्यति ठूलो हुँदैन । धेरैसानै हुन्छ हामीले दिएको सानो खानेपानी पनि १ करोड भन्दा तलको हुँदैन त्यसैले यो नीतिलाई मैले त समर्थन गर्नु पर्छ भन्ने ठान्छु । किनभन्दा हामीले हाम्रो कार्यकालमा के गर्ने वितरण बजेट वितरण गरिरहने कि अथवा यो देशको बजेटनै वितरणमुखि भाको छ । कि संघीय सरकारको ससर्त अनुदानको बजेट हेर्दा २५ हजार कै योजनाहरु छन् । संघीय सरकारले जे गर्यो हामीले त्यहि गर्नु पर्छ भन्ने मान्यता पनि बोक्नु हुँदैन तर त्यो नगर्न पर्थ्यो त्यो के हो? राज्यको बजेट पुरै वितरणमुखी तरिकाले अगाडि बढ्यौ भने राज्यको विकासको सम्भव छैन। कति गर्न सकिन्छ कुन तहसम्म गर्न सकिन्छ त्यो हिसाबले गरेर हामीले हाम्रो कार्यकालमा आफ्नो क्षेत्रमा यो यो काम गरियो भन्ने देखिन जरुरी छ । हामी त्यसैले निर्वाचन गरेका छौं । घर थोरै थोरै यो टोलमा साना-साना बाटा खन्दिएर त्योभोलि जस्ताको तस्तै हुने चिजमा हामीले लागू गर्नु हुँदैन, त्यसैले कम्तीमा पनि एउटा निर्वाचन क्षेत्रमा यतिवटा योजना यो प्रदेश सरकारले अथवा सांसदले गरे भन्ने कुरा देखिनु पर्छ । यो वितरणमुखी तरिकाले जान हुँदैन र अब कतिपय कुराहरु छन् प्रोजेक्ट कृषि कै कुराहरु छन् । कृषिमा १ करोडको कहाँनिर तरकारि लगाउने भन्ने प्रश्न उठ्न सक्छ । तर त्यलाई पालिका या चाहिने क्षेत्रको एउटा प्रोजेक्टको रुपमा राखेर कुन विषयमा दिने भन्ने कुराको एउटा प्रोजेकटको रुपमा राखेर अगाडि बढ्न पर्छ भन्ने मैले मान्यता राख्छु । अब यो डिपिआर नभएका योजनाहरुलाई समावेश गरिने छैन नगरेकालाई भन्ने छ । यो सरकारको कमजोरी हो । डिपिआर गर्ने सांसदले होईन होला प्रदेशसभाले होईन होला सरकारले डिपिआर गर्न अहिलेसम्म सकेको छैन भने सरकारले त्यो डिपिआर गर्न आफू बाध्य ता हो त्यो नगर्ने अनि संसदमा डिपिआर नगरेर त्यसो भए त अहिलेको योजना गर्दै गर्दैनौ भने भयो । यो आर्थिक वर्षको योजना हामी सक्दैनौ हामी यो वर्ष डिपिआर मात्र गर्छौं भन्न पर्यो । होईन भने डिपिआर भनेको केहो ? डिटेल प्रोजेक्ट रिपोर्ट हो । भने डिटियल

प्रोजेक्ट रिपोर्ट गर्दै गर्नपर्यो त्यसपछि स्टमेट जो छ अहिले पनि तपाई हरुले डिपिआर गरेर योजना चलाउनु भएको छ, ८ किलोमिटर सर्भे त्यहाँ गएर १ करोड रुपिया त्यो योजना हाल्नु भाछ । यही हो बिधि जहाँ। जबसम्म तपाई डिटेल रिपोर्ट बनाउन सक्नु हुन्न तबसम्म यही स्टमेटका आधारमा अगाडि बढ्नु पर्छ । डिपिआर भनेर यहाँ शब्दमा योजनामा समावेश गरिएन भने यो प्रदेशको योजना एउटा पनि चल्दैन । त्यसकारणले यसमा भोलि बजेटमा ध्यान दिने छ आउनेछ भन्ने मलाई लाग्याछ । अर्को कुरा अर्थमन्त्रीलाई सजिलो पनि पर्याछ जस्तो मलाई लाग्छ नीति कार्यक्रमले । त्यो चाहिने चोतो पनि आईसक्यो, अरु सबै चिज आईसक्यो अब अर्थमन्त्रीले त्यो चोतालाई कति पैसा चाहिने हो त्यो किटान गरेर आएहुन्छ जस्तो मलाइ लाग्छ । त्यसकारण यो अल्ली त्यो त्यो हिसाबले चाहिने अगाडि बढ्नु पर्थ्यो कि र यसलाई सिद्धान्तः दलहन तेलहन के हो ? पशुपक्षितिर विशेष परियोजना सरकारको ध्यान जाने छ । भन्दीया भए पुग्छ कि जस्तो मलाई लाग्छ । विद्युत आयोजनाको विषयमा प्रष्ट भएन पोहोर साल भनियो बबई डाईभर्सनभित्र उत्पादन हुने जलविद्युत हाम्रो प्रदेशमा ल्याउने हाम्रो लगानी गर्ने भन्ने भयो । अहिले फेरि त्यसैलाई के भनियो त्यो चाहिने बबई डाईभर्सनकोबाट केही प्रतिशत हामी लगानी गर्ने र जगदुल्लालाई विशेष प्राथमिकता दिने भन्ने कुरा आएको छ। तपाईहरुले यो प्रदेशका मन्त्रीज्यूहरुले त्यो जगदुल्ला कहाँ छ ? कसरी बनिराको छ ? यो कुरा थाहा पाउनु पर्यो । त्यो सरकारबाट हामीले बबई डाईभर्सन तब प्राप्त गर्न सक्दैनौ भने त्यो जगदुल्ला पनि हामी प्राप्त गर्न सक्ने छैनौ । त्यसको सरकारले कम्पनी दर्ता गरेर कम्पनी खडा गरेर त्यसको डिजाईन डिपिआर तयार गरेको छ अनि त्यो डिपिआर तयार गरिसकेपछि हामीलाई दिन्छ कि दिंदैन । त्यसकारणले त्यतातिर पनि ध्यान आकर्षित गराउन चाहान्छु । बरु चाहिने तपाईहरुले सरकारले गर्यातिर मात्रै सुरुवात गर्नुभएछ यो काम राम्रो भएन कि भन्ने लाग्छ । यो वर्ष हामीले कर्णाली प्रदेशमा यति मेगावाटका प्रोजेक्टहरु योजना बैक भन्नुभछ, त्यो बैक कहाँ छ ? त्यतातिर तपाईहरुले सुरुवात कति गर्नु भयो मैले अस्ती जलस्रोत मन्त्रीसँग प्रशन गरे यो वर्ष तपाईले कति वटा जलस्रोत सम्भाव्यता अनुसन्धान गर्नु भयो भन्दाखेरि काहीं गरिएन । केही गरिएन । त्यसपछि गएर के गर्नु भयो त भन्दाखेरि त्यो तारसार किन्ने पैसा व्यवस्था गरियाछ। तार किन्न भन्दा पनि पोल गाड्न भन्दा पनि उत्पादनलाई ध्यान दिनु पर्यो हामीले हामी मैले त बार बार भन्ने गर्या छु । प्रदेशलाई बलियो बनाउनका निमित्त देशमा विदेशमै बेच्नै पर्दैन हाम्रै देशमा यो विद्युत उत्पादन गरेर बेचेर यो राष्ट्रिय भनौ प्रदेशको ढुकुटि बलियो बनाउन सकिन्छ । हामीले त्यो चाहिने हाम्रो यो वर्षको केरे राजस्व कति हो ? भन्या बेला १० करोड, १ करोड, २ करोड भनेर साध्य हुन्छ । हाम्रो राजस्व यति अरब भन्ने वातावरण सिर्जना अहिलेको सुरुवात हामीले गर्नु पर्यो नि यसका संस्थापक त यो सरकार यो प्रदेश हुन जरुरी छ । हाम्रै पालामा सबै कुरा सकिन्छन भन्ने होईन आयोजनाहरुलाई सुरुवातको चरणमा गएर यो प्रदेशलाई दिर्घकालिन रुपले अगाडि बढाउन पर्छ भन्ने मलाई लाग्छ । त्यसैले यो नीति र कार्यक्रमले बोल्नु पर्ने कुराहरु म के हुन्छ भन्दा दिर्घकालिन या अल्पकालिन योजना हुन्छन् । दिर्घकालिन योजना कति हुन के छन् ? यी यी कुरा योजनाहरु आयोजनाहरु दिर्घकालिन रुपले गरिने छ । अल्पकालिन योजना आयोजनाहरु यो यो हुनेछन् भन्ने कुरा भन्न पर्थ्यो त्यो नीति र कार्यक्रममा देखिएन र अर्गानिक भनिएको छ ।

**माननीय सभामुख -** समयलाई ध्यान दिउ माननीय सदस्य ।

**माननीय श्री अम्मरबहादुर थापा -** अर्गानिक खेती विशेष ध्यान दिने भनिएको छ । त्यसको पूर्वाधार तयार गरिया छैन । पूर्वाधारतिर ध्यान दिन जरुरी छ । प्रदेशको बजेट हामी सांसदहरु पनि सरकार पनि महत्त्वकांक्षी बन्नु हुँदैन । नाराका निम्ति नारा लगाउन पनि हुँदैन, हामी सबैसँग भएको बजेटलाई व्यवस्थित तरिकाले चलाउने वातावरण सिर्जनाहुनु पर्छ र भएको ढुकुटि भन्दा एक अर्बको सिलिङ्ग हुने ४

अर्बको माग गरेर चाहिने हामी काहाँबाट ल्याएर दिन सकिन्छ । हाम्रो अझै छैन एक दुई अर्ब अरु थप्न पर्नेछ । हाम्रो मागलाई सम्बोधन गर्ने हो भने भएको ढुकुटिलाई व्यवस्थित तरिकाले वितरण गर्ने ध्यान यो सरकारको जावस भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री धर्मराज रेग्मी ।यसपछि माननीय श्री पदमबहादुर रोकाया तयार रहनु होला ।

**माननीय श्री धर्मराज रेग्मी :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा संक्षिप्त टिप्पणी गर्न र आफ्ना भनाई राख्न उपस्थित भएको छु । यो समयका लागि म माननीय सभामुख प्रति हार्दिक आभार प्रकट गर्दछु । सभामुख महोदय, गरिबी, पछौटेपन अभाव अनिश्चिय उपेक्षाको दुश्चक्रमा फसेको मुलुकको एउटा दुर प्रदेश हामीले आफ्नो पहिँचान आफ्नो उपस्थिति यसको सम्भावना आशा, उत्साह हौसला धैर्यता र साहासको एउटा संगमबाट हामी आफ्नो भबिस्यत निर्माण गर्ने चुनौतीपूर्ण तर असम्भावी कार्यभार सम्हाल्न विगत १७ महिनादेखि यो सभामा छलफलमा छौं । सभामुख महोदय, नीति कार्यक्रमले यस प्रदेशको केही ऐतिहासिक प्रबाहको सटिक समीक्षा गर्ने प्रयास गरेको छ । यद्यपि यसका केही निष्कर्षहरु छन् सभामुख महोदय, ऐतिहासिक विषयहरुमा तथ्यपूर्णयसका निष्कर्षहरु हुनु पर्छ नीति कार्यक्रमले नेपाल एकीकरणको अभियानमा कर्णालीका राज्यहरु अन्तिमसम्म लडिरहे जसका कारण केन्द्र त्यति बेला देखि नै नकारात्मक भयो भनेर यसको ऐतिहासिक पृष्ठभूमिमा लेखिएको छ सभामुख महोदय, नेपाल एकीकरणको रासी देखि पश्चिमतिर एकीकरणको कुनै लडाई थिएन सभामुख महोदय, यहाँका अधिकांश राज्यहरुले नेपाल एकीकरण अभियानमा आफै सामेल भएका थिए र तिनीहरुले कुनै न कुनै प्रकारले चाहिँ आत्म सर्मपण गरेका थिए । सभामुख महोदय, इतिहासको ऐतिहासिक विषयवस्तुको बारेमा सरकारले ऐतिहासिक तथ्यहरुमा यसको कुने रेफ्रीरेन्स बिना यति गम्भीर विषय लेख्नु हुँदैन सभामुख महोदय, तर नीति तथा कार्यक्रममा इतिहासको व्याख्या चाहिँ दुल्लु र सिंजाजस्ता ब्यापारिक केन्द्रहरु स्थापित भएको र यो त्यो बेला सिभिलाईज सभ्य भएको भन्ने विषय चाहिँ त्यो सत्य हो भन्ने कर्णाली प्रदेश सरकारले पछिल्लो १७ महिनाको दौडानमा केही हामीलाई केही काम गर्ने छटपटि छ सभामुख महोदय, नीति तथा कार्यक्रममा एउटा हुटहुटि एउटा छटपटि हामी केही काम गर्न चाहान्छौ । तर चाहिँ हामी रुमलि रहेका छौं । सभामुख महोदय, नीति छ कार्यक्रम हेर्दाखेरि यले हामीले खोजिरहेको के थियौ भने यसमा अत्यन्तै धेरै सकारात्मक विषयहरु छन् र मैले यो रोष्टम उभिएर सरकारको नीति कार्यक्रमको ती सकारात्मक पक्ष हरुको समर्थन गर्न म यहाँ उभिएको छु । सभामुख महोदय, यले छटपटि, हुटहुटि हामीमा के छ भनेर भन्दाखेरि सभामुख महोदय भैरहेको व्यवस्था भैरहेको विकासको मोडल भैरहेको अर्थतन्त्रको मोडल यो चाहिँ असफल रह्यो र कर्णालीका हकमा आग्रहपूर्ण पूर्वाग्रहपूर्ण थियो र कर्णालीको हकमा यो बढी असफल भयो सभामुख महोदय, तर नीति कार्यक्रममा हामीले कर्णालीको आर्थिक विकासको मोडेल के हो ? कर्णालीको अर्थतन्त्रको चरित्र के हो ? जग्गा पलटिङ्ग गरेर राता रात करोडौ कमाएको अर्थतन्त्रले गरिबीको दुश्चक्रबाट कर्णालीलाई मुक्ति गर्न सक्छ कि सक्दैन ? उपभोक्ता प्रणाली र ठेक्का प्रणाली दुईओटै कर्णालीमा असफल भए पछि कर्णालीको अर्थतन्त्र व्यवस्थाको चरित्र के हो ?

सभामुख महोदय, समाजवादी अर्थव्यवस्था अन्तरगत कर्णालीको अर्थ व्यवस्थाको मोडल चाहिँ हामीले के बनाउ खोजेको सभामुख महोदय ? विकास खाने राजनीतिको बिरासत हामीले कर्णालीमा विगतमा पाएका छौं यो हाम्रो बिरासत राम्रो छैन । सभामुख महोदय, राजनीतिक नेतृत्व म यो शब्द भन्दा बडो म आफै अप्ठ्यारो मानि रहेको छु बिचौलिया कर्मचारीतन्त्र निर्माण ब्यबसायिहरुले कागजी योजना सम्पन्न गराउन

विगतको अभ्यास हामीले रोक्न सक्यौ कि सकेनौ र कर्णाली यो मोडेलबाट अगाडि बढ्ने प्रयास हामीले गर्यौ कि गरेनौ र हाम्रो अर्थ व्यवस्थाको मोडेल के हो ? समृद्ध कर्णालीको अर्थ व्यवस्थाको मानक के हो ? सभामुख महोदय, नीति कार्यक्रममा हामी रोमलिएका छौं यो कुरामा मैले केमा चाहिँ मैले बडो दृढतापूर्वक केमा समर्थन गर्छु भने सरकारले १४/१५ वटा नयाँ संरचनाहरु निर्माण गरेर यो अहिलेको अव्यवस्थाबाट मुक्ति पाउनको लागि केही प्रयासहरु गरेको छ । जस्तो इन्जिनियरिङ्ग कम्पनी निर्माण गर्ने सरकारलाई सर्भे देखि डिपिआरमा यो भैरहेको चिजहरुमा सरकार चाहिँ यसमा सन्तुष्ट छैन । यो भैरहेको प्रक्रिया ठेक्का प्रणाली अथवा उपभोक्ता प्रणालीको बारेमा पनि केही प्रश्नहरु छन् केही नयाँ संरचनाहरु कार्यक्रमले कल्पनागरेको छ । ती संरचनाहरुले केही ती संरचनाहरु मैले मेरो बुझाई के हो भन्दाखेरि यित संरचनाहरुले कर्णाली प्रदेशमा विकासको जुन हुटहुटि छ त्यो सरकारले यी संरचनाहरुको माध्यमबाट समाधान गर्छु भन्ने एउटा प्रयास हो । सभामुख महोदय, पर्वतीय बिज्ञान तथा प्रबिधि विश्व विद्यालय, कर्णाली मेडिकल कलेज पाठ्यक्रम निर्माण, शान्ति अध्ययन केन्द्र, जडीबूटी कम्पनी, कर्णाली एयरवेज, सिड बैंक बिउ बैक, कर्णाली विकास बैक, कर्णाली पूर्वाधार विकास बैक, ईन्जिनियरिङ्ग कम्पनी, लोकसेवा आयोग, २०२० भित्र चाहिँ जनवरिसम्म लगानी सम्मेलन, अर्थमन्त्रालयमा चाहिने बैदेशिक समन्वय माहाशाखा, पानी परीक्षणको वाटर ल्याबरेटरि हिउमन रिसर्च सेन्टर, सञ्चार प्रतिष्ठान, लगायतका केही १५ वटा भन्दा बढी चाहिँ हामीले संरचनाहरु बनाएर भैरहेको संरचनाहरु भैरहेको प्रणालीबाट कर्णालीको समस्या समाधान गर्न सक्दैनौ भन्ने एउटा हुटहुटि चाहिँ हामीले संरचनाहरुबाट यो अत्यन्त सकारात्मक विषय हो । तर मूल समस्या कहाँ हो भने मैले अघि राखेजस्तो सभामुख महोदय, कर्णालीको अर्थतन्त्र व्यवस्थाको मानक के हो ? समाजबाद उन्मुख वा बिचौलियामुखी दलाल पुजिबादि अर्थतन्त्र व्यवस्था यसमा चाहिँ प्रदेश सरकारको नीति स्पष्ट आउनु पर्छ सभामुख महोदय, प्रदेशको मूल समस्या के हो ? कर्णालीको विकास किन भएन ? सत्ताको केन्द्रिकरण मात्रै समस्या थियो कि कर्णालीको बहुआयामिक गरिबी छ । काहालि लाग्दो बेरोजगारी छ खाद्य संकट छ । जीर्ण स्वास्थ्य अवस्था छ कमजोर शिक्षा प्रणाली छ । गुणस्तिरिय जीवन क्वालिटीलाईफ छैन । त्यसो हो भने यस्ता बहुआयामिक समस्याको समाधान गर्न सरकारले ठोस कार्यक्रमहरु नीति तथा कार्यक्रममा हामीले ल्याउन सक्यौ कि सकेनौ सभामुख महोदय, १७ महिनाकोसम्मको हाम्रो चाहिँ डिभेड पछि आज हामी यो ठाउँमा आईपुगेका छौं । मैले के देखिरहेको छु भने मन्थन गर्ने प्रयासहरु भएका छन् । तर मन्थन गरिसकेपछि पनि हामीले निष्कर्षहरु निकालेका छैनौ सभामुख महोदय, म यो बहसबाट एउटा सुःखद् निष्कर्षको म चाहिँ अपेक्षा गर्दछु सभामुख महोदय, नयाँ विश्व विद्यालय हामीले पर्वतीय तथा प्राविधिक विश्व विद्यालय बनाउने परिकल्पना गरेका छौं । यो अत्यन्त सकारात्मक कुरा हो र पाठ्यक्रम निर्माण गर्ने कर्णालीको आफ्नो पहिँभानमा आनधारित पाठ्यक्रम निर्माण गर्ने भन्यौ सभामुख महोदय, विश्वविद्यालयहरु ज्ञानका भोका छैनन् जुन देशमा विश्वविद्यालयहरु ज्ञानका भोका हुँदैनन् । जुन देशमा विश्वविद्यालयहरुलाई प्राज्ञिकताको तिर्खा जुन देशमा विश्व विद्यालयहरु प्रदेशको उन्नतिको बारेमा उनीहरु सोच्दैनन् । जुनदेशका विश्वविद्यालयको पर्खालमा बाहिर यहाँ धेसिस लेख्ने सहयोगी पाईन्छ भनेर सूचना टासिन्छ । जुन देशका विश्वविद्यालयहरु घरमा प्रश्नपत्र लिएर उत्तर लेखेर पठाईन्छ । त्यो देशमा प्राज्ञिक बहसको हामीले चाहिँ कल्पना गर्न सक्दैनौ सभामुख महोदय, हामीले प्रदेशले विश्वविद्यालय बनाउने अनुमति प्रदेश र विकासको एउटा ठोस आधार बनाउने चाहिँ टेक्निकल युनिभर्सिटीको बारेमा खुलेर प्रसंसा गर्नु पर्छ । सभामुख महोदय, युवा लक्षित कार्यक्रममा यो मञ्चमा उभिएर युथ ईन्टरनेसनल ईन्टर्नसीपको कुरा खासगरी उद्यमशीलतामा चाहिँ प्रमोट गर्यौ भने हाम्रो जस्तो सानो भन्दा सानो उद्योग गर्ने ठूलो भन्दा ठूलो अर्थ व्यवस्थाको चरित्र मैले अगाडि जे राख्याछु सभामुख महोदय, मैले यो भने अगिल्लो वर्षको कार्यक्रम र यो वर्षको कार्यक्रमको कार्यान्वयनमा जुन चाहिँ कार्यक्रममा जुन चाहिँ

फरक छ सभामुख महोदय, यसले हामी क्रमशः यथार्थतातिर गैरहेका छौं । भन्नेकुरा यसमा देखिन्छ सभामुख महोदय, मैले गत वर्ष यो रोष्टममा भनेको थिए त्यो बेला मैले नीति कार्यक्रम रिराइट गर्नु पर्दछ भनेर मैले भनेको थिए सभामुख महोदय, आज आईपुग्दाखेरि हामीकहाँ योजना आयोग छ योजना आयोगले यो डकुमेन्टेसनको विषयमा सक्रिय छ । तर नीति कार्यक्रममा एउटा अर्को ठोस हामीले कर्णालीमा आफ्नै खालका निर्णय छ ।

सभामुख महोदय, यहाँ जाति प्रणाली आफ्नै खालको छ । ऐतिहासिक प्रणाली आफ्नै खालको छ । विकासका सम्भाबनाहरु आफ्नै खालका छन् । नीति कार्यक्रममा यो विषय चाहिँ तपाईको समेटिएन समृद्धिको जुन परिवर्तनको ढोका खोल्ने गरी चाहिँ कर्णालीमा चाहिँ नीति कार्यक्रममा चाहिँ एउटा प्राज्ञिक विकास चाहिँ कोइनेटो हामीले कहानिरबाट टर्निङ्ग पोईन्ट हाम्रो कर्णालीको विकासको टर्निङ्ग पोइन्ट कहाँ हो । त्यो कुरा चाहिँ हामीले नीति कार्यक्रममा स्पष्ट पार्न सक्या छैनौ । अहिले १५ ओटा संरचना भने त्यो १५ वटा संरचनाको हाम्रो प्रयास चाहिँ कर्णालीको विकासको कुईनेटो चाहिँ तपाईको हामीले एउटा त्यो टर्निङ्ग पोईन्ट खोज्ने प्रयास होला तर म दफा ७मा आईसकेपछि यसको दफा ७मा आईसकेपछि सभामुख महोदय, यो दफा ७ हटाएनौ भने पछि यसमा चाहिँ समस्या आउँछ सभामुख महोदय, यो वर्ष डिपिआर भएको प्रोजेक्टहरुमा विनियोजन गर्ने र नयाँ प्रोजेक्टहरु चाहिँ सर्भे गयौं भनेपछि सभामुख महोदय, खास समस्या हुन्छन् सभामुख महोदय, समस्या हेर्दाखेरि जस्तो यसमा के गलत छ सभामुख महोदय, के भन्दाखेरि योजनाहरु छनौट गर्ने प्रक्रिया गलत थियो । गत वर्ष सर्भे र डिपिआर गर्ने प्रक्रिया गलत भएको थियो टेन्डिरिङ्ग गर्ने प्रक्रिया गलत भएको थियो सम्झौता गर्ने प्रक्रिया गलत भएको थियो सभामुख महोदय, नागरिक सरकारसँग पुर्बाग्राहि हुन सक्छन्। विपक्षी दल पूर्वाग्रही हुन सक्छ । अरु सामाजिक समूहहरु सरकारसँग पूर्वाग्रही उनीहरुले चाहिँ ईन्टेन्सन राख्न तर सभामुख महोदय, सरकारले बदनियतपूर्ण तरिकाले योजनाहरु आउनु हुँदैन सरकारले बदनियत पूर्वक तरिकाले चाहिँ योजनाहरु साथ योजनाहरु छनौटको चरण देखि चाहिँ पूर्वाग्रह तरिकाले हामीले बलिया मान्छे मात्रै योजनाहरु यसको चाहिँ हेर्दै गर्ने यसको चाहिने टेन्डरिङ्ग गर्ने र यो वर्ष सामाजिक सम्झौता कार्यान्वयन र सम्झौता हो भने सभामुख महोदय, यो चाहिँ सरकारको बदनियतपूर्ण हुन्छ भने चेक गर्ने एउटा मात्र निकाय भनेको संसद संसदले गर्छ म चाहिँ यसमा सरकार पूर्वाग्रही हुँदैन म आशा गर्छु र पार्लियामेन्टले चाहिँ चेक गर्न सक्छ सभामुख महोदय, त्यो योजनाबद्ध रुपले ल्याएको छन् । यो चाहिँ रणनीतिक योजना छन्, सुरुदेखि यो रोस्ट्रममा भनेको छु । तर यति हुँदाहुँदै पनि तपाईको चाहिँ विकासको जुनचाहिँ हुटहुटि छ सभामुख महोदय, त्यो हुटहुटिलाई ल्याउने गरी गरिबीको अन्त्य गर्ने गरी कर्णालीको मूल समस्या बहुआयामिक गरिबी नै हो । बहुआयामिक गरिबीको अन्त्य गर्न हामीलाई चाहिँ एकदमै ठूलो मात्रामा जुन चाहिँ रोजगारी छ । त्यो बेरोजगारीछन त्यो पनि हामीले सभामुख महोदय, ती कार्यक्रम हरुको लागि यसमा भएका प्रयासहरु सकारात्मक छन् तर जब २६ को सात देखि ११ का कार्यक्रमहरु ती कार्यक्रमहरु एकै वाक्यमा टिक्नेछ, ती कार्यक्रमहरुको बारेमा छलफल छ । यो पत्रकारिता एमएको कार्यक्रमहरुको पर्सनालिटी विवेकसम्मत हुनुपर्छ पत्रकारिता आम सञ्चारमा एमए पढ्ने विद्यार्थीलाई १० हजार रुपैयाँ बढी भयो १ वर्षको शुल्क १० हजार हुन्छ सभामुख महोदय, १० हजार दिने कार्यक्रम भएछ, यो सञ्चारको विकास गर्न रिसर्च फन्डको सहकर्मीलाई ईन्भिस्टिगेसन जर्नालिजम चाहिँ स्टोरिबेसिन गर्छन् भने केही पैसा दिन सकिन्छ । तर सरकारले एमए पढ्न त २० हजार रुपैयाँ उपलब्ध गराएर पत्रकारिताको विकास हुन्छ कि भन्यो भने सञ्चारमाध्यमले विरोध नगर्ला भन्ने कुरा सम्भव हुन्छ सभामुख महोदय, अझै यो त चाहिँ जुन मन्त्रालयको अहिलेसम्म बजेट कार्यान्वयन गर्ने स्थती १० प्रतिशत छ । त्यो मन्त्रालयले प्रस्ताव गरेको कार्यक्रमहोला सभामुख महोदय, सञ्चारमाध्यममा यो कुराहरु सञ्चारमाध्यमलाई १० दुना २० हजारले यो त प्रमाणित गर्ने नै हुन्छ सभामुख

महोदय, योचाहिँ पत्रकारितामा १० हजार२० हजार रुपैयाँ खर्च गर्दाखेरि बरु रिसर्च फण्ड बनाएर ईन्भेन्सिगेटिभ जर्नालिजमलाई तयारीका नयाँ टेक्निकका नयाँ कोर्ष छन्, यसमा चाहिँ यो काम गर्न सकियो भने त्यो चाहिँ सकारात्मक हुन्छ, सभामुख महोदय, यलाई म करेक्सन गर्न म विनम्रतापूर्वक अनुरोध गर्दछु ।

सभामुख महोदय, युनिभर्सिटिको बारेमा मैले अगाडि राखे मुलुकको सबभन्दा कमजोर जनशक्तिलाई समातेर मुलुकको सबभन्दा कमजोर प्रदेशलाई समृद्ध प्रदेश बनाउने चानचुने होईन । सभामुख महोदय, मैले बोल्दा चुनौतीपूर्ण अवस्थामा छौं तर हामीचाहिँ यो कार्यभार हामीले समालेर यो कार्यभार पूरा नगर्ने चाहिँ हामीले पूरा गर्ने पर्छ हामीले यो चुनौतीपूर्ण तर असम्भावी गर्नैपर्ने छ । सभामुख महोदय, त्यसकारणले मुलुकको कमजोर जनशक्ति र हामीसँग चाहिँ स्किल मेनपावर छैन सभामुख महोदय, घर बनाउँदाखेरि पेन्ट गर्नेदेखि लिएर ईन्जिनियरिङ्गसम्मको कुनै पनि स्किल मेनपावर नरहेको सबभन्दा गरिब प्रदेश र सबभन्दा स्किल मेनपावर नभएको ठाउँबाट हामीले चाहिँ विकास र तर ती मेनेजर राख्दाखेरि हामीले स्किल मेनपावर कसरी बनाउन सकिन्छ । भोकेसनल कलासहरुको बारेमा चाहिँ शिक्षा क्षेत्रमा अल्लि बढी त्यसमा चाहिँ नीति कार्यक्रममा हाम्रो यो निवेदन गर्न चाहान्छु । सभामुख महोदय, यति कुरा मैले राखि सकेर अघिल्लो चाहिँ नीति कार्यक्रममा कति राम्रा विषय थिए सभामुख महोदय, ती महत्त्वपूर्ण विषय र अहिलेको विषयको तालमेल हुन सकेन ती महत्त्वपूर्ण विषयहरुको चाहिँ रिभ्यु यो नीति कार्यक्रममा आउनु पर्थ्यो । सभामुख महोदय, अघिल्लो वर्षको नीति कार्यक्रम स्वभावीक रुपमा हामीलाई त्यो सुविधा थियो हामी नयाँ थियौ । त्यो नीति कार्यक्रममा भएका सकारात्मक विषयहरु यसमा रिभ्यु आउनु पर्थ्यो यो दूइवटा वर्षको नीति कार्यक्रमको अन्तर हेर्दाखेरि यले हामी क्रमशः चाहिँ यथार्थताको धरातल तिरगएका छौं भन्ने कुरा यले देखिन्छ सभामुख महोदय, कर्णाली एउटा कर्णाली डेभलोभमेन्ट फण्डको जरुरी छ सभामुख महोदय, त्योकर्णाली डेभलोपमेन्ट फण्डमा ती तीनओटै तहका सरकारहरुको पैसा राख्न सकिन्छ । प्राईभेट पार्टनरको पैसा राख्न सकिन्छ । पब्लिक पैसा राख्न सकिन्छ । ईन्टरनेसनल डेभ्लोपमेन्ट पार्टनरहरु छन् सभामुख महोदय, त्यो डेभ्लोपमेन्ट पार्टनरहरुको पैसा राखेर कर्णाली डेभलोपमेन्ट फण्ड एउटा कर्णाली विकास कोष बनाएर त्यसबाट मेगा प्रोजेक्टहरु गर्न सकिन्छ ।

प्रदेश सरकारको फोकस कहाँ हो ? भन्दाखेरि पहिलो प्रदेशको निर्वाचन क्षेत्र हुनु पर्यो सभामुख महोदय, दोस्रो स्थानीय तह गाउँ पालिका र नगर पालिका हुन पर्यो तेस्रो वडा स्तरमा हुनु पर्यो त्यो भन्दा मूल के हुन पर्यो भने प्रदेशको महत्त्वमा मेगा प्रोजेक्टमा हुन पर्यो यति कुरा राखेरमैले नीति कार्यक्रमलाई समर्थन गर्दै म नीति कार्यक्रममा केही कुराहरु परिस्कृत गर्न जरुरीछ तर एक डेढ वर्षको दौरानको बहसहरुले नीति कार्यक्रम यति परिस्कृत भएको छ मैले आफ्नो यसमा चाहिँ समर्थन व्यक्त गर्दै मैले आफ्नो भनाई यही अन्त्य गर्दै धेरै धन्यवाद ।

**माननीय उपसभामुख -** माननीय श्री पदमबहादुर रोकाया । समय ७ मिनेट, त्यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनु होला ।

**माननीय श्री पदमबहादुर रोकाया :** माननीय सभामुख महोदय, हामी आज २०७६/०७७ को नीति तथा कार्यक्रमको विषयमा भाग लिएर छलफल गरिरहेका छौं हामीले तीन वटा नीति तथा कार्यक्रममा भाग लिईसकेका छौं । आर्थिक वर्ष २०७४/७५, २०७५/७६, २०७६/०७७ मा नीति तथा कार्यक्रम भनेको नीति ल्याउने र कार्यान्वयन गर्ने नीति आउँछ कार्यान्वयन भएको छैन अहिलेसम्म कार्यान्वयन हुने भनेको एउटै १०/१५ लाखमा टेन्डर भएको देखिन्छ । १०/१५ लाख योजना पनि टेन्डर भएको देखि टेन्डरभएर ठेकेदारले ७२ प्रतिशत घटाएर भेटेको देखेका छौं हामीले क्या विकास भए होला नीति तथा

कार्यक्रम भनेको करेला, बरेला, चोतो, चिनो, काँक्रोमा होईन, कर्णाली प्रदेशका उद्योगधन्दा कारखाना मेगा विद्युत बत्तीमा नीति आउन पर्यो जबकि कर्णाली प्रदेशका हजारौ युवाहरुले रोजगार पाउन रोजगारनपाएर आज कर्णाली प्रदेशका युवाहरु खाडि मुलुकमा रोजगारको लागि भौतारिरहेको छन् । त्यस्ता नीति आउनु पर्यो कर्णाली प्रदेशले त्यो नीति ल्याउनु पर्यो त्यसैकारणले हामी कागजमा लेख्नु नीतिले ल्याउन त जति लेखेपनि हुन्छ जति जस्तो राम्रो गरेपनि हुन्छ । राम्रै देखिन्छन् तर कार्यान्वयन गर्नु मुस्किल छ । त्यसै कारणले कर्णाली प्रदेश सरकारले कार्यान्वयन गर्नमा हामी सबैको दायित्व हो । हामी सबैको कर्तब्य हो। त्यसै कारणले यहाँ म सबै बुँदागतमा समय पनि हुँदैन केही बुँदामा मेरोमनमा लागेको कुराहरु भन्न चाहान्छु । अब नीति आउँछ सरकारले कार्यान्वयन हुँदैन । हामीले भन्दाखेरिमा हामीसँग हरेक कर्णाली प्रदेशसँग संरचना छैन । दक्ष प्राविधिक छैनन् । कर्मचारी छैनन् हुन पनि हो अब त्यसै कारणले यहाँ १९ नम्बरमा भनिएको छ । यहाँ कणाली प्रदेशमा दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि चाहिने नीतिगत कानूनी संरचनागत व्यवस्था गरिने छ । यो गर्नुपर्यो हामीले कर्णाली लोकसेवा आयोग पनि पास गरिसकेका छौं ।

हाम्रा युवाहरु दक्ष प्राविधिकहरु दक्ष जनशक्तिहरु विदेशमा जान नपरोस सब ईन्जिनियर ओभरसेयर धेरै छन् । यही कर्णाली प्रदेशमा रोजगार दिनु पर्यो अनि छिटो कर्णाली प्रदेशका योजनाहरु विकास छिटो हुन्छ । त्यसैकारणले अब यहाँ भनिएको छ। १९ को ४ मा स्थानीय तहसँग सहकार्यमा कालिकोट हुम्ला, मुगु र डोल्पामा नमूना आवासीय विद्यालय स्थापना गरिने छ । अब यहाँ पूर्व कर्णालीका ४ जिल्ला समेटिएको छ । एउटा जुम्ला छुटेको छ जुम्ला किन छुट्यो त्यहाँ सबै पूरा भएको छ त्यहाँ विकास पूर्व कर्णालीका ४ जिल्ला आएको छ जुम्ला छुटेको छ । यो पनि जुम्ला समेटिनु पर्छ । अब अर्को एउटा यहाँ छ एउटा खस भाषा सभ्यता र संस्कृतिको उद्धगम स्थल सिंजा र दुल्लुमा संस्कृति संग्राहालयको स्थापना गरिने छ सिंजामा नेपालि भाषा तथा साहित्य सिर्जना गरिने छ । एउटा विश्व सम्मेलन भएत धेरै राम्रो सिंजामा तर यो रेलमार्ग, जलमार्ग र सुरुङ्ग मार्गजस्तै हो । यो विश्व सम्मेलन विश्व भाषा सम्मेलन कर्णाली प्रदेशको भाषा सम्मेलन अथवा हाम्रो नेपाल राष्टको भाषा सम्मेलन भए त अलिकता हुन्छ कि जस्तो लाग्थ्यो विश्व भाषा सम्मेलन भन्नाले विश्वकै मान्छे आएर सिंजामा भाषा सम्मेलन कस्तो गर्छन् होला । गरेत धेरै राम्रो हो, यो त्यसैकारणले यो पनि धेरै अहंकार भयो कि जस्तो लाग्छ । त्यसैकारणले यहाँ चाहिँ १ करोड भन्दा साना योजनाहरु कर्णाली प्रदेश सरकारले विनियोजन नगर्ने भनेको छ अब, २० लाखका खानेपानी सम्पन्न गर्लान् १ करोड रुपैयाँ हाल्दिएपछि अरु पैसा हामीले के गर्ने ? अरु पैसा हामीले सामाजिक विकास मन्त्रालयबाट एक क्षेत्रमा ६ वटा विद्यालय बनाएका थिए। ५० लाख, २० लाख, २० लाखका ती भवनहरु बनिरहेका छन् अहिले २० लाखको २ कोठाको भवन बन्ने ठाउँ छ भने १ करोड हालेपछि त्यो रुपैयाँ के गर्ने ? कतिपय योजना पनि पर्न सक्छन्, कतिपय १ करोडमा पर्ने हो कि होइन ? ५ करोडका पनि लाग्ने योजना छन् । त्यसै कारणले त्यहाँको समस्या हेरेर योजना छनौट गर्नु पर्दछ। अब, हिमाली जिल्लामा ६ महिनासम्म म्याद थप गर्ने भनिएको छ यो अत्यन्तै स्वागत योग्य छ । हामीले बुझेका छौं असार मसान्तसम्म बजेट फ्रीज जान्छ भनेर हिमाली जिल्लामा फागुण चैत्रमा सिमेन्टेड कार्य हुँदैन । जब चैत्र बैशाखबाट उपभोक्ता समिति ठेक्का परेर टेन्डर हुन्छ । अनि कर्मचारीले पनि के गर्छन् भने जब असार मसान्त लाग्छ अनि सम्झौता गर्न लाग्छन्, केही योजनाहरु अहिलेसम्म योजना सम्झौता भएको छैन, के गर्छन् भने उनीहरु जब असार महिना लाग्छ, छिटो काम गर नत्र बजेट फ्रिज जान्छ भन्छन् ।

उपभोक्ता समिति र ठेकेदारलाई भनेर जब असार २०/२५ गते हुन्छ । त्यहाँ अनि उपभोक्ता समिति जान्छन्, हामीले भुक्तानी दिन पर्यो तपाईंको काम ५० प्रतिशत भएको छ । काम पूरा भएको छैन,

स्टिमेटअनुसार काम भएको छैन, तपाईको बजेट फ्रिज जान्छ भन्छन्, उनीहरु अनि उपभोक्ता समितिले तथा ठेकेदारले नगर्नुस् ईन्जिनियर साब, ओभरसियर साब यो गर्नु भएन भनेपछि अनि बाँडफाँड हुन्छ, त्यो रकम हामीले बुझेका छौं देखेका छौं । केही तम केही हाम त्यस्तो भैरहेको छ त्यहाँ त्यसैकारणले यो ६ महिनासम्म म्याद थप भन्ने छ यो अति राम्रो छ, यो त्यसैकारणले कर्णाली प्रदेशमा गरिब आवासीय विद्यालय र जनता आवास छ । यो अति राम्रो कुरा हो यो ४४५ वटा जनता आवास गैसक्या रहेछन् । जुम्ला जिल्लामा धेरै अहिले हाम्रो बस्तीमा हामीले जनतामा हाल्नु भयो हामीले पायनौ भनेर हामीलाई गुनासो गरिरहेका छन् त्यसैकारणले यो जनता आवास यो कर्णाली प्रदेशभरी ठाउँ दिनु पर्छ यसमा बढी भन्दा बढी बजेट छुट्याइनुपर्छ, त्यसैकारणले अब यो यहाँ ३० पेजको ३९ बुँदामा यो नीति तथा कार्यक्रम आएको छ । हेर्दाखेरि राम्रै छ र यो कर्णाली प्रदेशलाई र मुख्यमन्त्री लगायतका सरकारी सरकारमा बस्ने मन्त्रीहरु माननीयहरु र कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु। र मेरो भनाई पनि यहिँ अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री ठम्मरबहादुर बिष्ट । समय ७ मिनेट त्यसपछि माननीय श्री चन्द्रबहादुर शाही तयार रहनु होला ।

**माननीय श्री ठम्मरबहादुर बिष्ट** - माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम छलफलको प्रक्रियामा छौं । प्रक्रिया अगाडि बढिरहेको छ । यस सन्दर्भमा सर्वप्रथम यो जसरी नीति तथा कार्यक्रम यहाँ आएको छ। यसको मूल स्प्रीटलाई मैले स्वागत गर्न चाहान्छु । सँगसँगै अब यो जनताको कोणबाट उभिएर यहाँ हेर्दा र त्यो दृष्टिकोणबाट यहाँ हेर्दा यलाई अझ वस्तुनिष्ठ बनाउनलाई के गर्नपर्छ ? भन्ने आधारमा केही बुँदाहरु यहाँ राख्दाखेरि बाञ्छनीय होला भन्ने ठानेको छु । र यसमा खासगरीकन यो एउटा यसमा पुरानो जति पनि योजना छ, त्यो अलपत्र परेको छ त्यो प्रक्रिया त्यो पहिला नीति तथा कार्यक्रम त्यो कुराको यहाँ कुनै झल्को आएको छैन । त्यसकारण एउटा गम्भीर शंका के पैदा भएको छ भने प्रत्येक वर्ष नयाँ-नयाँ योजनाहरु हुने पुरानो सबै बिर्सिदै जाने हो भने हिँड्दै पाइला मेट्दै गर्ने जस्तो सरकारको हालत हुन्छ कि भन्ने एक किसिमले गर्दा अगि माननीयले पनि भन्नुभयो । अब यो विश्वविद्यालयको कुरा यो सबै कुरा उठेकै थियो, त्यो सबै कता गयो यहाँसम्म कि १८ वर्ष पुगेकालाई तालिमै दिने कुरा पनि थियो त्यो कहाँ पुग्यो ? देखि लिएर अब अरु कयौ त्यस्ता कार्यक्रमहरु थिए, त्यसलै गर्दाखेरि नीति कार्यक्रमहरु यहाँ छैनन् । सुरुङ्ग मार्गदेखि, रेल मार्गदेखि अब यो नजिकै गढिमा के भन्छ केबुलकारदेखि कैयौ यस्ता कैयौ यस्ता प्रोग्रामहरु थिए । मैले केवल सांङ्केतिक रुपमा मात्रै होईन कि कार्यक्रमहरु यहाँ भेटिदैनन् अथवा त्यसको समीक्षा के हो ? पहिला के भयो त्यसको पनि यहाँ साइनो देखिदैन । त्यसकारण यसको यलाई चाहिँ हेर्दा राम्रो हुन्थ्यो दोस्रो कुरा अब अहिले भैरहेका जुन योजनाहरु छन् । यसको योजनामा पनि के छ भने सबै विषयहरु सोलो डोलो रुपमा आएको छ । जस्तो यहाँ एउटा मात्रै के लेखिएका छ भने बीरेन्द्र नगरमा पानीको अभाव छ भेरीको पानी पनि यहिँ, चिङ्गाडको पानी पनि यही लोहोरे खोलाको पनि यही पनि वरपरका सबै गरेर शताब्दिसम्म नल्याउने छाटकाट हो । त्यसकारण यो योजनाबाट यसरी आईन्छ भनेर त्यहाँ रकमको पनि कुरो त्यसको समयको पनि कुरो हुन्छ होला त्यहि खालको कुराले यो बल लाग्दैन त्यसकारण यो कम्पिलिट गरेर यसको चाहिँ तय गरिन पर्यो बल्ल उत्पादन गर्ने सबै कर्मचारीहरु लाग्नेभन्या छ त्यो राम्रै होला तर त्यो हाम्रो स्थिति के हो ? कति सालसम्म त्यो उत्पादन हुन्छ यी कुराहरु त्यसमा छैन । अरु त्यस्ता कुराहरु जो आएका छन् जस्तो समावेशीका कुराहरुछन दलित लक्षित कुराहरु छन् । हुन त धेरै राम्रो कुरा हो । अहिलेसम्म गत साल पनि त्यो पनि हामीले त्यहि कुरालाई उल्लेख नगरिकन सबै गरिनेछ, गरिनेछ भनेर धेरै राम्रो छ, कर्णप्रिय छ । तर हुने कहिले हो यसको कुनै चाहिँ त्यहाँ वस्तुनिष्ठ चाहिँ आधार भेटिदैन त्यसकारणले यो कुरालाई विशेष समेटेर

ल्याउँदा राम्रो होला जहाँसम्म यो अब अरु कुराहरुमा अब यो यहाँ आएको छ । माननीयज्यूहरुले भनेजस्तै मेरो पनि त्यहिमा समर्थन छ । यसमा अलिकति किटानै गरेर ल्याउँदा राम्रो हुँदैन । दिने क्रममा सँगसँगै अर्को के हो भने २०/३०/४० लाखका योजनाहरु सम्पन्न गर्नुपर्ने भयो माथि चाहिँ संघमा छ । १६/१७ करोड छ हुन त, त्यो पनि मेसो मिलाएर होला जस्तो मलाई लाग्याछ । अब अलि-अलि त्यहाँ सुन्न के सुनियो भने माथि ६ करोड भयो ५ सम्म हुन्छ कि भनेर मैले यहाँ अनुरोध गर्न चाहान्छु ।

सभामुख महोदयज्यूमार्फत् ५ होईन अरु १२ करोड हुनु पर्यो किनभने संघीयता त्योहो नि त फेडालिजम इज द सिस्टम अफ गर्भरमेन्ट........ *(रेकर्डमा नबुझिएको)* अब यो किसिमको व्यवस्था सरकारले होस यो डिपिआरको कुरा आएकै छ । अर्को कुरा यो क्रमागत योजनाहरुको विषयमा यहाँ बोल्या छैन त्यसकारण क्रमागत योजनाहरु जस्तो मेरै निर्वाचन क्षेत्रमा पनि पोहोर कान्तिपुर टेलिभिजन लगायत देशब्यापि भयो के ५६ करोड हो कि ६ करोड भन्दाखेरि त्यो ५६ करोड की क्रमागत हुँदै जाँदा हामी त ५ वर्षसम्म त फेरि खिउरे ख्याउटे हुँदै जाने भयो त्यसकाराण यसलाई बल्क गरेर जो सन्तुलित चाहिँ तपाईको भएको थियो त्यो सरकारले पनि कहि न कहि यो स्वीकारेको छ। यलाई बल्क गरेर सञ्चित कोषमा आईसकेपछि त्यलाई कसरी समानूपातिक र समावेशी वितरणहुन सक्छ । प्रदेशको हकमा २४ ओटै क्षेत्रमा त्यो कुरालाई यहाँ मिलाईन पर्यो मैले यो अनुरोध गर्न चाहान्छु । कर्मचारीको हकमा सरकारलाई मलाई यहाँ बोल्दा खेरि पनि त्यति दम आईराखेको छैन बाहिर माहोल एउटा छ तर भित्र हामी ए सि चलाएर यहाँ बसेका छौं । माहोल एकदमै फरक छ । कि आज हामीले असारको महिना टेन्डर ब्यहोर्नु पर्ने स्थिति छ जनताले बाटो खै भनेर सोधिरहेका छन् । अब के जवाफ दिने हुँदा हुँदा हामीसँग ५०र६० करोड झण्डै त्यसको विद्युतकै पैसा थियो त्यो पनि हामीले खामा खुट्टा गाड्न सकेनौ अरुको हेर्दा ६ वटा प्रदेशमै त्यो काम सुरु भैसक्या छ । त्यसले गर्दाखेरि यसको पनि के हो ? फेरि कर्मचारीको स्थिति हामीले गत साल पनि धेरै भनेको हो । सरकारलाई विचार गर्नुहोस् है के हो मेकानिजम ? भनेर हामीले भनेकै थियौ अहिले पनि केही पनि छैन त्यसको मेकानिजम अब खालि हामीले सत्तोश्राप गर्ने समायोजनको कारणले यो संघीय सरकारले यसो गर्यो भन्या भरमा हुँदैन । त्यसकारण हाम्रो विशेष व्यवस्था के हो ? कर्णालीको हकमा त्यसको तुरुन्तै सोच्न पर्यो सरकारले अथवा ईन्टेन्सिभ दिएर कर्मचारीलाई राख्न सकिन्छ कि यहाँ अल्ली राम्रो व्यवहार सरकारबाट यहाँको वातावरणमा भएन भने पनि कर्मचारीको गुनासो पाईन्छ कि के हो ? नमिलेको सरकारको हैन त्यहाँ अब अलिकति चाहिँ धडपकड, थुनछेक वा तपाईको कार्यशैली व्यवहार नमिलेको हो कि त्यो कुरालाई पनि सच्याउन पर्यो त्यसकाराणले यी कुराहरुले पनि अलिकति कर्मचारीलाई आकर्षण गर्न पर्योकिबल यो सत्यश्राप गरेर हुँदैन र अर्को कुरासँग सँगै मेरो एउटा चाहिँ गुनासो पनि के छ भने अब अस्ति एउटा कार्यक्रममा संघीय सांसद, सचिब ब्युरोक्रसि, थिङ्कटयाङ्क भन्ने थियो तर त्यसको १/२ घण्टा पनि प्रदेश सांसदहरुलाई छुट्टै राखेर के छ त तपाई हरुको भन्देको भए संयुक्त अपनत्व पनि हुन्थ्यो यस्तो ठूलो योजनाहरु गर्दा कमसेकम त्यस्तो फोरमहरुमा हामीलाई छुट्टै एउटा राख्दाखेरि एउटा कुराहरु त्यहाँ आउँछ यो कुरा पनि कतैन कतै सरकारले चाहिँ ल्याप्सेस गर्यो कि भन्ने मलाई लाग्छ । त्यसकारण यो कसरी चाहिँ आयो भन्ने कुरामा थिङ्क टयाङ्कहरुले कता कता अब बाहिरबाटै बसेर काठ्माण्डु, पोखरा कहाँ बसेर आको हो यो ग्रामीण रियालिटिबाट आउन पर्यो के कुनै पनि कुराहरुयोजनाहरु जसरि अगि मैले भने ग्राउण्ड रियालिटिबाट आउन पर्यो कति के अवस्था चाहिँ छ त्यो एकदमै धरातलको जिवन्त चाहिँ तपाईको जिवन्ततः यहाँ प्रकट हुन पर्यो, त्यो देखिँदैन । त्यसकारण मैले अन्तिममा के हो भने फेरि पनि सभामुखज्यूमार्फत् मैले सरकारलाई मैले अनुरोध गर्न चाहान्छु । अब जे भयो यहाँ गल्ति त भएकै छ यलाई अल्लि परिमार्जन सहित मैले राखेको कुरा यही ठीकै हो भन्ने ढंगले सरकार बढ्यो भने त्यो उहाँहरुको कुरा हो होईन भने यलाई वस्तुवादि अल्लि वस्तुनिष्ठ बनाएर पनि ल्याउ र आउँदो बजेटमा

यलाई ठीक ढंगले यसको वितरण प्रणालीलाई मिलाएर विगतका गल्तिहरुलाई सच्याएर अगाडि बढ्ने साहास चाहिँ सरकारले राखोस् धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री चन्द्रबहादुर शाही । यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनु होला ।

**माननीय श्री चन्द्रबहादुर शाही -** माननीय सभामुख महोदय, हाम्मा कुडा हाम्मा मुख्यमन्त्री हाम्मा मुख्यमन्त्रीज्यूले हाम्मो कर्णाली कचहरिमा हाम्मा कुडा राख्नु भयो । हाम्मो प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा कुडा निको भन्दा थिया हाम्मा मुख्यमन्त्रीज्यूले हाम्मा कुरा राख्न आउँदा कोट, कछ्या, मथेडो, पौलो लाएर आएका छिया । कर्णाली प्रदेश शब्द भण्डारको खानी हो धेरै कुरा यहाँ नबुझिएको हुन सक्छ । प्रमुख प्रतिपक्ष दलका नेता दाई जीवनबहादुर शाहीलेयो पेपर शब्द जालमा मात्रै रजिजत भएको छ भनेर यहाँ राख्नु भएको थियो हाम्रो शब्द जालको भण्डार हो कर्णाली कोट कोटले अर्थ जनाउछ । कोट भनेको हामीले थुम्कालाई कोट भन्छौं ढिस्कोलाई हामीले कोट भन्छौं । ढिस्का भनेको यलाई दुईवटा ढिस्का भनेका हुन यलाई हामीले कोछिया भनेका छौं । कोटले ओछ्याउने भएकोले कोछ्या भन्छन । तल जागो जागमा लगाउनेलाई हामी जगेलो भन्छौं । हामी पौला भन्छौं पाउमा लगाउनेलाई हामी पौला भन्छौं । माथो यलाई हामी माथ भन्छौं । यलाई यहाँ लगाउनेलाई मथेडो हामी भन्छौं । यसरी कर्णालीको शब्द सञ्जाल मात्रै होईन भाषाको गहिराईमा जाने होभने के के भेटिन्छ भेटिन्छ । हामीले आज नेपालीलाई नेपालको नेपाली हौ भन्ने भाषा उत्पत्ति भएको प्रदेशमा हामी जन्मिएकोले हामी गौरब गर्छौ यो प्रदेश जलविद्युतदेखि लियर हिमालदेखि लिएर नदि नालादेखि लिएर त्यसैले हामी यो प्रदेशप्रति गौरब गर्दछौ । अफ्रिकामा हिराखानीको कामदारले हिराको सानो टुक्रा निलेर खानी बाहिर निस्कन सक्यो भने जीवनभर त्यो धनी हुन्छ रे हामीहरु हिराको खानीमा छौं, जुन दिनसम्म हिरा हामीले चिन्दैनौं । त्यसबेलासम्म कर्णालीको समृद्धि पनि हामीले चिन्न सक्दैनौं । त्यसैले हामी हिरामाथि छौं भन्ने कुरा हामीले चिन्नुपर्यो । सभामुख महोदय, धेरै कुरा हामीले बोल्ने गरेको छौं हाम्रो बोलाईले जनताले आश मानिरहेका हुन्छन्, जनताले बिश्वास गरिरहेका हुन्छन् । हामीले गर्न सक्ने कुरा मात्रै सम्मानित सदनमा बोलौं, गर्न नसक्ने कुरा जनतालाई भ्रममा पार्ने कुराहरु सम्मानित सदनमा नबोलौ भन्ने कुरा म राख्न चाहान्छु, धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री गणेशप्रसाद सिंह । यसपछि माननीय श्री कुर्मराज शाही तयार रहनु होला ।

**माननीय श्री गणेशप्रसाद सिंह -** माननीय सभामुख महोदय, यो कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा बोल्न केही मौका दिनु भएकोमा माननीय सभामुखज्यूलाई आभार सहित धन्यवाद । मैले कर्णाली प्रदेशलाई अभाव गरिबीबाट अन्त्य गर्नका निम्ति प्राप्त यो नीति तथा कार्यक्रमलाई अब यो नीति कार्यक्रमको नारा विशेषगरेर शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार यो नाराले ल्याएको यो वर्षको नीति कार्यक्रम स्वागतयोग्य छ र यसैसँग सम्बद्ध रहेर नाना, खाना, छाना गरिबी उत्पीडनबाट तड्पिएका पिछडिएको क्षेत्रमा रहेका जनतासँग जोडिएको मर्मसँग जोडिएर आएको छ र यो नीति तथा कार्यक्रम सन्तुलित गर्न म सरकारलाई सुझाव दिन चाहान्छु । छाना ल्याउने कार्यक्रम त्यो पनि बजेटले इङ्गित गर्छ होला नानामा व्यवस्थापन त्यो चाहिने इङ्गित गर्छ होला अब खानाको व्यवस्था गर्छ होला भोकले मरिरहेकालाई त्यसले व्यवस्थापन गर्छ होला मैले यही बुझ्या छु । यसका निमित्त यसको सटिक कार्यक्रम आउनु पर्छ अब शिक्षामा अल्ली त्यहाँ चाहिँ केही थप्नु पर्छ शिक्षामा कर्णाली प्रदेशको केहोत यहाँको चाहिँ अर्गानीक प्रदेश हो र कृषिको कार्यक्रमलाई सस्लेसित रुपले

हेर्नु पर्छ । अगि हाम्रो माननीय रातो कामी ज्यूले भनि सक्नु भयो अल्ली खिसिटिउरि गर्ने भयो यो संस्लेसित भाषामा लेखिनु पर्यो त्यसो हो भने सरल भाषामा संक्षेपमा बुझिने गरिकन लेख्नु पर्यो यो अल्ली लम्बा भयो भाष्ट भयो पार्टीकुलरली लेख्न आवश्यक भएन । यल्ले गर्दाखेरि अलिकति ठट्टा र मजाको विषय पनि बन्यो । यसो नहोस् । यसलाई सम्बोधन गरेर कृषि पर्यटन र जलविद्युत जडीबूटी यो अगिल्लो वर्ष पहिँचान गरिएको विषय हो । त्यसो भएको हुँदा यलाई पार्टीकुलर लेख्न आवश्यक छैन यसलाई तुरुन्त सच्च्याइयोस् । योसँग सम्बन्धित शिक्षा नीति, योसँग सम्बन्धित तपाईको रोजगार, योसँग उत्पादनको नीति र यो अनुसारबाट त्यो डिपिआर भनेर ल्याएको छ । १ करोडको डिपिआर अनुसारको चाहिने विनियोजन गरिनेछ भन्नेहुँदाखेरि अगिल्लो वर्ष असन्तुलित भएको भन्ने कुरा हामीले जोड दारले उठाईएको छ। तिनै मतलब योजनाहरुमा डिपिआर भएका छन् । त्यो अनुसार अहिले बिनियोजित भयो भने यसको मतलब असन्तुलनको ग्याप मेटाउन के गर्ने यो नीतिले बोलेन है । यल्लाई चाहिने विशेष ध्यान दिनु पर्छ डिपिआर सम्भाव्यता अध्ययन भनेर २५ हजार विनियोजन गरिएको थियो गतसालमा त्योमै पनि डिपिआर भा छैन । त्यो २५ हजारको अलिकति पनि डिपिआर हुँदैन नत डिजाईन भा छ नत सम्भाव्यता भाछ यसको खाल्डो पुर्नको लागि त्यहाँ ध्यान दिईयोस है । त्यसो भयो भने नीति कार्यक्रम मतलब सन्तुलित हुने कुराले यो कुरा सान्दर्भिक र थप सुन्दरता हुन्छ है मेरो सुझाव यो रहने छ यसो हुँदाखेरि अब नाना, खाना, छानाको लागि त राउटेलाई पनि छाना ल्याउने अब यो सरकारले फेरि कार्यक्रम कार्यविधि ल्याउन पर्यो उले आउनै मान्या छैन हाम्रो स्थिति मेटिन्छ भन्छ । उले मोवालिटिमा रहन चाहान्छ ।

हाम्रो छानामा ल्यमाउने नीति हुने भयो त्यसका निमित्त यो नीति कार्यक्रम अल्ली सान्दर्भिक बनाउन जस्तो अब यो के भन्छ माध्यामिक तह स्थानीय तहको भयो प्रदेशको केहो ? त शिक्षा नीति अथवा शिक्षा क्षेत्रमा हाम्रो उपस्थिति कहाँ हो ? भौतिक निमाण क्षेत्रमा हो की शिक्षा नीतिमा हो ? जीरो दरबन्दि भएका विद्यालयहरुमा हामीले जनशक्ति कसरी दिने हो । हामीले चाहिने विश्व विद्यालयको बारेमा केही पनि नबोलिनु हामीसँग मध्य पश्चिम विश्व विद्यालय छ यहाँ डिग्री होल्डरका विद्यार्थीहरु छन् । कर्णाली विकास सेवा कार्यक्रम ल्याए हुन्थ्यो यो सुझावका निमित्त नीति कार्यक्रमको विषय ध्यान दिईयोस कर्णाली विकास सेवा कार्यक्रम तीनलाई चाहिँ मास्टर डिग्रीका विद्यार्थीहरु एक वर्ष यसिसमेन्ट अथवा त्यो चाहिने राष्ट्रिय विकासको मतलब मुल्याङ्कन गर्ने विषय राखेर त्यहाँ पठाएको हो जस्तो लाग्छ । त्यसो हुँदा भोलिन्टियरलाई पनि हामीले खाने त दिनु पर्छ नी त खानाको लागि त दिनु पर्छ त्यहाँ सेलरि त्यसो हुँदा यसलाई अलिकति समृद्ध गरियोस । किनकि यो ७ वटा प्रदेशमा एउटै कुरा केरे कर्णालीमा एउटै कुरा सम्बोधन गर्नुपर्छ र विशेष पहिचान गर्छ त्यसकारणले गर्दा कृषिमा विशेष प्राथमिकता दिईने छ कर्णाली प्रदेशलाई भन्ने कार्यक्रम बजेटमा विशेष प्राधमिकरण गर्ने भन्या छौं, अब २ अर्ब २५ करोडको बजेटले हुँदैन ५ अर्बको सिलिङ्गले बल्ल म्याच गर्छ । हामीले व्यवसायिकता उधम सिलता रोजगारको कुरा उत्पादनको कुरा हामीले गर्दाखेरि थोरै बजेटले हुँदैन त्यसो हुँदा नीतिमा पनि बिशृस प्राथमिकताको कुरा ध्यान दिन मैले आग्रह गर्दछु । त्यसो हुँदाखेरि अब यो एउटा यो के भन्छ विद्युतमा कर्णालीको पानी सबैको लगानी अस्ती हामीले नीति तथा कार्यक्रमको उद्देश्य प्राथमिकतामा गर्दाखेरि सबैको नभएर जनताको लगानी भन्या थियौं, यहाँ फेरि सबैको लगानीको कुरो आ छ है । जनताको भन्न राम्रो होला कतिपय साना ठूला अब एक घर एक धारा खानेपानीको कुरा छ । त्यो कुरालाई बजेटले सम्बोधन गर्नु पर्यो अझ स्वास्थ्यलाई पनि जोडेर यहाँ ल्याएको छ । यहाँ राम्रो छ अब दलितको कुरा माननीय सांसदहरुले धेरै उठाउँनु भएको छ । मैले पनि दलित महिला उत्पिडत वर्ग समुदाय भएको हुँदा दलित समुदाय विशेष कार्यक्रम यो चाहिँ नीति तथा कार्यक्रममा राख्दा ठीक हुन्छ कि त्यसले बजेटले पनि मतलब गरिबी न्यूनीकरण गरिबीले निवारण गरेपछि बल्ल चाहिँ सामाजिक समृद्धि हुन्छ । यहाँ पछौटेपनको कुरा मतलब

अज्ञानता र अभावको कुरा आयो त्यो गरिबी हो गरिबीले चाहिने भेदभाबको कुरो आउँछ त्यसो भाको हुँदा दलित र महिला विशेष कार्यक्रम आर्थिक समृद्धिको कार्यक्रम त्यो वर्गलाई  मतलब कार्यक्रमलाई अल्ली विशेषगरेर ल्याउन यो नीति तथा कार्यक्रममा आउन आवश्यक छ ।

अब रोजगारी युवालाई लक्षित गरेर यहाँ युवा भन्ने बित्तिकै खेल र निमेखको कुरा आउँछ पुरुष युवा जेनेरेसनका निमित्त युवा लक्षित कार्यक्रमको विशेष प्याकेज यो कर्णाली लागू गर्नका निमित्त नीति तथा कार्यक्रम आउन आवश्यक छ । युवा अल्ली ओझेलमा परेका छन् । युवा स्वरोजगार त्यो चाहिँ सिंहदरबार ओरि परि घुमिराख्या छ। यसको विशेष संबैधानिक आयको रुपमा पनि व्यवस्था गरेर यहाँ चाहिँ बिभाग खडा गर्न जरुरी छ । यो नीति कार्यक्रममा आउन पर्ने देखिन्छ । अब यो निजामति राष्ट्र सेबक कर्मचारीको कुरा यो अहिले भएको अहिले आर्थिक वर्ष थप गरिदिएको कुरा आईरहेको छ यसमा म सहमत छैन । मेरो सुझाव के रहन्छ भने सरकारलाई यो हामी १ गते बजेट ल्याउछौ साउन १ गतेबाट साउन ३० गतेसम्म अख्तियारि दिए के हुन्छ ?भदौ, असोज, कात्तिकसम्म डिपिआर फाईनल गरे के हुन्छ ? मंसिरबाट कार्यान्वयनमा गएर हामीले चाहिने असार मसान्तमा कोलोजिङ्ग गरे के हुन्छ ? ६ महिना किन थपेर किन अर्कोआर्थिक वर्षमा नयाँपन दिन खोज्यै कि हामीले त्यहाँ मतलब अलिकति भद्रगोल गर्न खोज्यै त यले भद्रगोल त ल्याउछ कित्यसो हुँदा सिस्टममा यताबाट फलो गरौं न त हामीसँग प्राप्त हुने समय प्राप्त हुने आर्थिक वर्षलाई एउटा चाहिने मतलब एउटा सिस्टममा बिकसित गर्न हामीले चाहिने उ गरौं र निजामति कर्मचारीमा हामीले कर्णाली सुविधाको व्यवस्था गरौं राष्ट सेबक कर्मचारीहरुको कार्य सम्पादन र जन प्रतिनिधिको नेतृत्व नीति निर्माणको चाहिने मतलब एउटा व्यवस्थित मेकानिजमले वास्तवमा भोलिको चाहिने एउटा नयाँपन दिन सकिन्छ अन्यथा अल्ली जटिल हुन्छ कि भन्ने कुरा राख्दै म बिदा हुन्छु । हवसत नमस्कार अभिबादन ।

**माननीय सभामुख -**माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाही -** माननीय सभामुख महोदय, हामीले एउटा आकार एउटा पूरा आर्थिक वर्ष बिदा गरेका छौं ।आर्थिक वर्ष २०७६/०७७ को आर्थिक वर्षमा चाहिँ प्रवेश गरेका छौं । त्यहि सन्दर्भमा एक वर्षमा चाहिँ हामीले तय गरेका कार्यक्रमहरुका निम्ति या सुहाउदो कर्णाली प्रदेशमा कस्तो प्रकारको नीति र कार्यक्रमहरु तय गर्दाखेरि  यो कर्णाली प्रदेश सुहाउछ र फीट हुन्छ भन्ने प्रकारले बहस प्रारम्भ भएको छ । सुरुवात गरेका छौं र यही विषयवस्तुमा हामी बोलि रहेका छौं र यो नीति तथा कार्यक्रममा हामी सरसर्ति अधययन गर्दाखेरि  गएको आर्थिक वर्षको नीति र कार्यक्रम भन्दा अहिलेको धेरै नै राम्रो लाग्यो मलाई त यलाई चाहिँ समर्थन गरे धेरै टिका टिप्पणी गर्ने मध्यको मान्छे म पनि हुँ बडा आर्गनिक शब्दहरु प्रयोग गर्नु भाछ मैले सरकारलाई बधाई दिन चाहान्छु औलामा गनिने भाषा कालिकोटमा बोलिने भाषा प्रष्टै बुझिने भाषा चाहियो त यो त हिजो हाम्रा भाषा नबुझेर नै केन्द्र सरकारले हामीलाई बजेट नदिया हो त हामी पछि पर्या हौ त अब हाम्रो बुझिने भाषा ठ्याक्कै सर्बसाधारणले बुझोस् भाषा । जो अहिले पनि तल्लो वर्ग आधारभुत वर्ग आत्मनिर्भर बन्न सकेको छैन । त्यो मान्छेले फेट्टै बुझन भाषा शब्द हाम्रो नीति तथा कार्यक्रम अझै हाम्रो कर्णाली प्रदेशमा रह्यो हामीले काठ्माण्डौको भाषा प्रयोग गर्यौ भने जनताले बुझ्दैनन् । बडो राम्रो ठीक गर्नु भयो म त खुसी लाग्या छ मलाई यो हृदय देखिनै मैले यलाई समर्थन गरे यहाँ के कुरो बाँकी छ। यहाँ सरसर्ति हेर्ने हो भने बाँकी त केही पनि छैन । सारा चिज आएको छ र यसको व्यवस्थापन गर्ने यसका चाहिँ मलाई लाग्छ यो ढंगले बजेट विनियोजन गर्न सक्यौ भने यहाँका जनताहरु आत्मनिर्भर बन्न चाहिँ सक्छन है मैले अस्ति संसदीय दलको बैठकमा भनेको थिए मैले थोरै कहाँनिर देख्छु भन्दाखेरि यो आर्थिक वर्षमा चाहिँ हाम्रो आर्थिक वर्षमा अलिकति चर्चा चाहिँ गर्देको भए थोरै है यसमा

अहिले प्रति व्यक्ति आम्दानि धोरै भए पनि १ प्रतिशत बढेको हो कि यो सूचना प्राप्त गर्ने न हो तयति मात्र भन्देको भए हाम्रो ग्राहस्थ उत्पादन यति मात्र बढ्यो है यो आर्थिक वर्षमा थोरै यसमा चाहिँ केही कुराले ल्याई दिएको भए अल्ली सुन्दर हुन्थ्यो भन्ने मलाई चाहिने लाग्या छ ।

यसमा चाहिने सरसर्ति हेर्दाखेरि चाहिँ मलाई लाग्छ यो केही छैन हेर्दा हेर्दै यो चाहिँ अब यहाँ चाहिँ बुझिने भाषा मै छ । पर्वाधार विकास बैकको हामीलाई आवश्यक छ यो कुरा आएकै छ । ईन्जिनियरको समस्या पुजिगत बजेट हामीले खर्च गर्न सकेनौ गएको आर्थिक वर्षमा ईन्जिनियर नभएरै समस्या हो यिनिकहरुको कम्पनी भएन र समास्या भयो गाउपालिकालाई गुहार्नु पर्ने आवश्यकता भयो त्यो दक्ष हुन अदक्ष हुन हामीले केही चाहिँ प्राविधिकहरु भर्ना गर्यौ उले आफ्नो दक्षता फिल्डमा चाहिँ देखाउन सकेनन् । ईन्जिनियरहरु कम्पनी बनाउने कुरा राम्रै छ । त्यसपछि गएर सामाजिक श्रम दान विशेष फोकस गरेको छ । सामाजिक श्रम दान गर्न मान्छेहरु मान्दैनन् अहिले सामाजिक श्रमदानलाई पनि अहिले समेटेको छ । यसैगरि अब यो चाहिँ अब सीप भएका मान्छेलाई ऋण उपलब्ध गराउने कुरा राम्रै त आएको छ त यसै गरी चाहिँ तपाईको चाहिँ यो बाटो बिजुलिको सुरक्षा गर्ने कुरा ठीकै छ बाटो सुरक्षा गर्ने कुरा नगरे नै समस्या छ हाम्रो राम्रै कुरा आएको छ ।

अब एउटा उद्योग ग्राम स्थापना गर्दाखेरि मान्छेले रोजगार पाउँछन्, यो पनि राम्रै भयो उद्योग ग्राम बनाउनु पर्यो नि त । साना उद्योग मझौला उद्योग ठूला उद्योग त हामी अहिले बनाउन सक्दैनौ । त्यसको सामर्थ्य हामीसँग छैन । साना र मझौला उद्योग बनायो भने धेरै युबाहरुलाई बाहिरबाट हामी रोक्न सक्छौं। यो पनि राम्रै छ यसै गरी चाहिँ तपाईको अब यो सरसर्ति हेर्दाखेरि सबै चिज राम्रो आएको छ । यसमा थप्न पर्ने विषयवस्तु मैले केही पनि देखिन यसलाई कार्यान्वयन गर्न सकेनौ भने हाम्रो प्रति व्यक्ति आम्दानी हुन्छ। ईमान्दारपूर्वक छ है यहाँनिर ईमान्दार ढंगले सरकार एक जना मुख्यमन्त्रीमा ईमान्दार भएन भएन अर्थमन्त्री मात्र ईमान्दार भएर भएन जति हामी मन्त्री छौं मन्त्री ईमान्दारिताबाट सरे पछि विकास गरौं भनेर लाग्नु भयो भने हुन्छ प्रदेशले गर्दा किन हुँदैन रुपान्तरण गर्न सकिन्न सकिन्छ । त्यत्रो देश रुपान्तरण भयो आर्थिक हिसाबले भारत भयो मागि खाने भाडो भन्थ्यो बिहारि भन्थ्यौ हामी गुजराति भन्थ्यौ सिंगो गुजरातिले देश चालाई रहेका छन् । ईन्डियामा किन हुँदैन हुन्छ त हामी सबै लागेर छ भने हुन्छ परिवर्तन हुन्छ । एउटा कुरा चाहिँ शिक्षामा अगाडि आएकै छ । मुख्यगरी शिक्षा के नारा पनि गराएको छ सोलोगन पनि बनाएको छ । यो नीति र कार्यक्रमले शिक्षामा गुणस्तरीय कसरी दिन सक्छौं हामीले ? सबभन्दा चिन्ताको विषय यहाँ छ । ती शिक्षकहरु जो लामो समयदेखि यो ठाउँमा बसेका छन् नि शिक्षकहरुले गुणस्तरीय शिक्षाको सक्रिय अवस्था छ ।

यसैगरी स्वास्थ्यको कुरा आएकै छ । समस्या छैन र अर्को कुरा यो उत्पादनको कुरा यो कुरा जो छ नी यले चाहिँ यहाँको अल्लो समेटेको छ कम्तीमा चाहिँ सरकार देखि माननीयदेखि लिएर यो कर्णाली प्रदेशमा जति मान्छे छौं नि यहिँ चिज मात्रै प्रयोग गर्यौ भने सभामुख देखि लिएर मलाई लाग्छ मुख्यमन्त्री लिएर अल्लोको कटै लगाउ अब यो नयाँ बनाउन पर्यो यहाँ चाहिँ तपाईले निर्णय गर्न पर्यो यहाँनिर कर्मचारीहरु तल मलाई लाग्छ यो तल जिल्ला स्तरमा रहेका कार्यालयहरुमा प्रत्येक कर्मचारीले कर्णालीको लुगा लगाउन सकियो अब अनि मान्छेले लाग्छ नि त उत्पादनमा ओहो मेरो त चाहिँ उत्पादन गरेको चिज त बिक्री पो हुन्छ त मान्छे मलेसिया किन जान्छ ? कतार किन जान्छ ? जाँदैन नि त। त्यो अनि गएर अनि के गर्ने कहिलेकाहिँ मुख्यमन्त्रीसँग भेटघाट हुँदाखेरि उहाँले दिने गर्नु हुन्छ कहिले गाउँको मान्छेले अलिकता मान्छन् होला । आफ्नो कुरामा बुझाईमा समस्या हुन सक्छ । आलु नै खाने नि कार्बोहाईटेड जहाँ जेबाट प्राप्त हुन्छ नि। तरुलै खाने नि । हामी किन भात खाने ? उहाँको बर्दियाको चाहिने के अब

त अब चाहिँ सभामुखको चुलोमा के पाक्यो भात भान्छा सुधारौं । यहिबेला जस्तो हो जस्तो लाग्छ मलाई सभामुखको चुलो र मुख्यमन्त्रीको चुलोमा चाहिँ आलु र तरुल होस कार्बोहाइड्रेट पाउँछ । चामलबाट पाईने कार्बोहाईटेट त हो नि अरु हो र कार्बोहाइड्रेट पाउँछ त्यहाँबाट ल अब भोलि देखिको निर्णय गरौं भन्दाखेरि नीति र कार्यक्रम यही नै होला जस्तो लाग्छ । उले उत्पादन गर्छ तर खान्छ अरु आलु उत्पादन गर्छ नि । आलु र तपाइको अब चाहिँ तपाईको तरुल एक छाक अनिवार्यरुपमा चाहिँ तपाईको मन्त्रीको, सभामुखको भान्सामा पाकोस् अनि विस्तारै माननीयज्यूहरुको भान्सामा पनि पाकोस् । यहाँ उत्पादन गरेको प्रशस्त हुन्छन् त हाम्रो तरुल अनि उत्तरतिर फर्केको भूमिमा चाहिँ तरुल लगाईदियो भने प्रशस्त तरुल फल्दो रहेछ हेर्नुहोस उत्तरतिर फर्केको भूमि ठ्याक्कै लगाउनुहोस तरुल हुन्छ त्यहाँ कार्बोहाईटेड पाउने चिज त्यहिबाट हो अनि यही उत्पादन भएको मास के हामीले खरिद गर्दियौ सरकारले अब मलाई यो लाग्छ अब हेर्नुहोस उले उत्पादन गरेको चिज मास खरिद गर्ने सरकारले अब ल प्रदेश सरकाले कृषि मन्त्रालयले केही पनि नगर्नुहोस अहिले उले उत्पादन गरेको फलफुल सरकारले किन्दिने डाईरेक्ट ढुवानि गर्ने यहाँ नियालेर एउटा ठूलो भण्डारण बनाउ प्रदेशमा अनि यहाँबाट खरिद गर्न सुरु गरौं कर्मचारी राखौ के फरक पर्छ त अनी गर्ने भण्डारण, भण्डारण यहाँ गर्ने जिल्लामा गर्ने त्यो भण्डारण गरेको चिजलाई सरकारले ठीकसँग खरिद गर्न नसकौला आफ्नो कुरा हो खरिद गर्दा पनि के फरक प्रदेश सरकारले बजेट विनियोजन गरे हुन्छ। कृषकलाई मन्त्रालयले उले उत्पादन गरेको चिज डाईरेक्ट सरकारले किनिदिने आखिर उले गर्या त्यहि त हो नि मलाई लाग्छ यो केरे हाम्रो यो पवन चामलिङ्गहरुले गरेको नितेसले गरेकै त्यहि हो ईण्डियामा कृषकले उत्पादन गरेको चिज सरकारले किनिदिने ढुवानि हालिदियो आफ्नो चाहिँ सरकारको भण्डारमा ल्याईदियो तिबाट बिक्री गर्दियो । २/४ जना कर्मचारी त के फरक पर्छ त ? यसरी आत्मसम्पन्न स्वतन्त्र अर्थतन्त्र हामी स्वतन्त्र हुन्छ अर्काको हस्तक्षेप हुँदैन अनि विस्तारै किन गर्नु पर्यो स्वतन्त्र अन्तरगत अनि बिस्तार बादलाई हस्तक्षेप गरी रुपडियाको मलाई लाग्छ टमाटरले हस्तक्षेप गर्दैन ? गर्छ नि त। अनि त्यो भएको कारणले स्वतन्त्र अर्थतन्त्र जुन दिन गर्न सक्दैनौ, हामी आत्मनिर्भर गर्ने आन्दोलन र हाम्रो वस्तु उत्पादन र बृद्धि हुँदैनन् । यो आर्थिक वर्ष यही नीतिका साथ अगाडि बढ्न सक्यौ भने ठीक ढंगले अगाडि जान्छ लेख्नुपर्ने चिजहरु कुनै रहेका छैनन्। र अब यो अन्तिममा यो अरु शब्द सबै अर्गानीक छन् यो नाना, छाना, खाना नभनेर सिधै गास, बास, कपास भनेर भन्ने भयो । अब गास, बास, कपास जनताले बुझ्ने भाषामा भन्दै मेरो सुझाव दिँदै म विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख -** माननीय सदस्यहरु, प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरु माथिको छलफल भोलि पनि जारी रहने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहानु हुने माननीय सदस्यहरुलाई भोलिको बैठकमा समय उपलब्ध गराउन चाहन्छु ।

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल जेठ २५ गते शनिबार बिहान ८ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-७

(२०७६ साल जेठ २५ गते शनिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख -** माननीय सदस्यहरु, कर्णाली प्रदेश प्रदेशसभाको चौंथो अधिवेशनको सातौ बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभा समक्ष टेबुल गर्नु भएको प्रदेश सरकारका आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुमा केन्द्रित रहि आफ्नो धारणा राख्ने क्रम आज पनि जारी छ । आफ्नो धारणा राख्न चाहानुहुने माननीय सदस्यहरुलाई क्रमश समय उपलब्ध गराउछु । सर्वप्रथम माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेल :** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा हिजोदेखि छलफलमा सहभागी छौं । कार्यक्रममा सहभागी हुँदाहुँदै पनि हामी सबैको व्यक्तिगत जीवन राजधानीको यो सहरमा तनावपूर्ण नै छ जस्तो लाग्छ । बत्ती छैन, पानी छैन, सबैले यलाई हामीले राजधानीको रुपमा घोषणा गरेका छौं । नीति तथा कार्यक्रममा छलफल चलाईरहेका छौं । बैशाखसम्म असारजस्तै पानी पर्दा त यो हालत छ । फागुनदेखि नै पानी पर्न छाड्ने हो भने हामीले यहाँ सभा चलाउने, यहाँ सरकार रहिरहने, बाहिरको परिस्थिति फागनदेखि नै पानी नपर्ने र जेठका महिनामा सभा चलाउने कुरा भयो भने कस्तो होला ? अनुभूतिले अनुभूति गर्ने कुरा गर्ने गरी नीति तथा कार्यक्रम छलफल चलाउन जरुरी र आवश्यकता म देख्छु । संसदभित्र कमै बोल्ने भित्र दर्ता त भै सकिएको छ । अझै कमै बोलौ भन्नेमै छु, तर म अनुरोध र आग्रह गर्न चाहान्छु, मैले पनि यो भन्दा अगाडि बोलिएका कुराका आधारबाट दलीय व्यवस्था हो पार्टीभित्र पार्टी बाहिर चर्चा चलिरहेकै छ, म त्यो पार्टीको एउटा पार्टीको कार्यकर्ता हुँ भन्ने हेक्का राखिरहेको छु । तर पनि म जनप्रतिनिधि हुँ, भोट हाल्नेहरुले नियालि रहेका छन्, जुन ठाउँमा सभा चलिरहेको छ, जुन ठाउँमा सरकार दिनानुदिन काम गरिरहेको छ, यही क्षेत्रका जनताले भोट हालेको एउटा जनप्रतिनिधि हुँदा जनताका कुरा यो सभा समक्ष मुखरित गर्नुपर्ने दायित्व र कर्तव्य छँदैछ ।

दलीय व्यवस्था छ एउटा चलन छ सत्तादेखि बाहिर रहेकाहरुले विरोध गरेको गर्यौ, गर्नुपर्ने सत्तामा रहेकाहरुले । समर्थन गरेको गर्यौं, गर्नुपर्ने प्रचलनका आधारबाट हाम्रो संसद त पहिलो हो तर अरु सदनमा त्यस्तो अभ्यासमा हामी सामेल छौं । कतिपय यो फोरमबाट राजनीतिक कुरा उठ्दाउठ्दै पनि मैले राजनीतिक कुरालाई प्रतिवाद नगर्ने गरेको हुँदा राजनीतिको आडमा त्यति कुरा नगरेको अवस्थामा पनि कतिपय साथीहरुको बुझाई छ, मेरो सचेततापूर्वक मेरो आफ्नो बुझाई छ । म यस मञ्चलाई यस ठाउँलाई कर्णाली प्रदेशको परिवेशको आधारबाट राजनीतिक थलोको रुपमा होईन, समृद्धिको अभियानको सार्थक थलोको रुपमा रुपान्तरण गर्ने गरी कतिपय विचारहरु राखिरहेको छु। राजनीतिक रुपले आफ्ना थलाहरु छन्, आफ्ना ठाउँहरु छन्, फोरमहरु छन् जसलाई जनताका बीचमा जानेकुरा कुनै गाह्रो छ मलाई त्यस्तो लाग्दैन । सबै पार्टीका आ आफ्ना शिद्धान्त मुल्य मान्यता छन् । पृष्ठभूमिहरु छन् । सबैले ढिलो चाडो योसम्म आई पुग्दा सासनसत्ता चलाएर आएका छौं त्यसको बिरासतमा आज हामी छौं । त्यसकारणले ती कुरा थाहाँ हुँदाहुँदै पनि यलाई समृद्धिको सार्थक थलोको रुपमा रुपान्तरित गर्ने गरी विचार व्यक्त गर्दा कहिलेकाहिँ सरकारमा रहेका साथीहरुसँग लक्षित होला सरकारमा रहेका निकायहरुसँग लक्षित होला कहिले काहि अरु साथीसँग लक्षित होला त्यसकारणले म भन्न चाहान्छु । सत्ता नै पार्टी, पार्टी नै सत्ता हो

भन्ने बुझाईबाट मुक्त हुन जरुरी छ । हामी हाम्रो पार्टी ने क पाले अबलम्बन गरेका आधारबाट विचार र दृष्टिकोण बनाउँदा सत्ता नै पार्टी पार्टी नै सत्ता हो भन्ने विचारबाट मुक्त होईयन भने हामीले अबलम्बन गरेको कतिपय कुराबाट अगाडि बढ्न सक्ने अवस्था छ त्यस्तो देखिदैन त्यस कारणले मेरो रचनात्मक ढंगले सुझाव स्वरुप ती कुरा गरिएकको हो । सरकार कातर्फबाट कुनै पनि व्यक्तिकातर्फबाट जब कुरा सार्बजनिक हुन्छ, सार्बजनिक हुँदा त्यलाई टिप्पणी गर्ने एउटा आधार हुन्छ । सार्बजनिक भैसकेपछि जनताको जनप्रतिनिधिका हिसाबले त्यसको टिप्पणी गर्ने अर्को ठाउँ भएको छ यस आधारबाट बुझ्दा त्यलाई रचनात्मक हुन्छ । नीति तथा कार्यक्रममा धेरै राम्राकुराहरु पनि छन् धेरै कुरा माननीय सदस्य ज्यू हरुले भन्नु भएका कुराहरुलाई समावेश समृद्धि गर्नेकुरा जरुरी छ म विषयगततिर जान चाहान्न तर म संस्थालाई अझ मेरोतर्फबाट अझ परिपक्क, अझ भरपर्दो, जनताले गरेका आधारबाट अगाडि बढाउने सवालमा यस सम्मानित सभामुखमार्फत् यो सम्मानित सभामार्फत् सबैले थाहा पाउने गरी आफ्ना केही विचारहरु राख्नु जरुरी र आवश्यकता ठानेको छु । म कुनै कार्यक्रम वाईज, कुनै बुँदा वाईज भन्दापनि यही नीति तथा कार्यक्रम सन्दर्भमा रहेर कस्तो होला त भन्ने हिसाबमा आफ्ना केही कुराहरु राख्न चाहान्छु । नीति तथा कार्यक्रम जो लक्षित गरेको छ । म अनुरोध र आग्रह गर्न चाहान्छु र सबै ध्यान आकर्षण गर्न चाहान्छु बेला बखतमा हामीले ब्योरिआएको दूई तिहाईको जो संख्या छ जो जनताले दिए । एक समयसम्म जतिसुकै गरेपनि त्यो अब बदलिदैन त्यो हाम्रो निम्ति गौरबको कुरा हो । ने.क.पा.को निम्ति त्यो गौरबको कुरा हो। जनताले त्ययो आँस गरे त्यो विश्वासले कायम गर्ने कति सक्छौं सक्दैनौ हाम्रो पार्टी आबधिक निर्वाचनमा विश्वास गर्ने भाको हुनाले त्यसमा ठाउँमा जाँदा हामीले त्यलाई कायम राख्न सक्ने गरी आज हामीले कति काम कारबाहि गर्यौ त्यो आफ्नो ठाउँमा छ । त्यसकारणले म भन्न चाहान्छु, अनुरोध गर्न चाहान्छु, त्यसो हो भने नीति तथा कार्यक्रम नीतिमा स्थानयित्व कार्यक्रममानिरन्तरता हुने गरी कार्यक्रम गर्नु गर्ने कुरा यो संख्याले त्यो भन्छ । दुइ तिहाइको मतलब सरकार चलाउनका लागि आवश्यक संख्याको बहुमतको अर्थ के हो ? त भन्दा हाम्रो नेपालमा यो भन्दा अगाडि ६/६ महिनामा, ९/९ महिनामा, संख्याका कारणले सरकार परिर्बतन गर्ने कुरालाई सदाका निम्ति अन्त्य गर्ने अभियानको रुपमा नाराका रुपमा हामीले जनताका बीचमा गएका थियौ, निर्वाचनका बेला त्यलाई जनताले विश्वास गरे ६/६ महिने, ९/९ महिने बर्षै पिच्छेका सरकार होइन एउटा कार्यकालको सरकार निर्माण गर्नका निम्ति नेकपालाई जनताले मत दिएका हुन त्यसो हो भने नीतिमा स्थयित्व वा स्थिरता कार्यक्रममानिरन्तरता, यो जरुरी र आवश्यकता हो, दलीय व्यवस्थामा व्यक्ति फेर्न सकिन्छ तर त्यहि दलको सरकार छ भने नीति नफेर्ने गरी, कार्यक्रम नफेर्ने गरी गरियो भने जहाँ सानो रासि छ, जहाँ थोरै पैसा छ त्यसो ठाउँमा हामीले सबैलाई अनुभूति गर्ने गरी काम गर्न सक्छौं । मलाई लाग्छ त्यसका निम्ति यो पहिलो कार्यक्रम होईन यस्तै सभामा हामीले पारि गरेको नीति तथा कार्यक्रम हाम्रो हातमा छ । म अहिले त्यसको तुलना गर्न चाहान्न तर म अनुरोध र आग्रह गर्न चाहान्छु म त्यो पार्टीको नाताले म त्यो नीतिमा स्थिरता, कार्यक्रममानिरन्तरता भयो भने थोरै पैसाबाट पनि धेरै कुरा गर्न सकिन्छ त्यो भयो कि भएन भएको छैन भने त्यो स्थानतिर हामी सबैको ध्यान जानु पर्ने हुन्छ ।

त्यसकारणले म नीति तथा कार्यक्रमकातर्फ यो नीतिबाट हामी अगाडि बढिएन भने हामीसँग के हुने छ ? मान्छे स्थायित्व नीति र कार्यक्रमको पटके दुई तिहाइ ले, दुई तिहाईको जरुरी पर्दैन । दुई तिहाईको जरुरी भनेको नीतिमा स्थायित्व र कार्यक्रममा निरन्तरता हो मान्छे बदलिन सक्छ दलीय व्यवस्था हो । त्यसकारणले त्यो, त्यो दिशातिर मलाई लाग्छ, किन भने सरकारको नीति तथा कार्यक्रम प्रदेश प्रमुखले सार्बजनिक गरेपछि मात्रै हामी सबैले जानकारी पायौं । तपाईहरु सबैले जानकारी पाए सरह म पनि यो सभाको सभासद भएको हुनाले त्यसबाट प्राप्तहुने एउटा स्थिति देखा पर्यो त्यस कारणले म त्यतातिर म

ध्यान आर्कषित गर्न चाहान्छु र यो विषय जुन कि नीति कार्यक्रम कसरी बनाउने । के हो त यो कुरामा गर्नु पर्ने हुन्छ । नीती तथा कार्यक्रमले केही संरचनात्मक कमजारिहरुलाई देखाएको छ । आजसम्म हामीले हाम्रो पैसा हुँदाहुँदै पनि रासि हुँदाहुँदै पनि कानूनको अभावमा संरचनाका अभावमा जनशक्तिका आधारबाट हामीले हाम्रा कामहरु जसरि अगाडि बढ्न पर्ने हो त्यस्तो हुन सकेन । साथीहरुको अनुभव होला जो सरकार रहनु भएको छ, त्यहि कारणले त अनुभवका आधारबाट यो नीति तथा कार्यक्रममा ती मान्यताहरु आएका होलान भन्ने मलाई लाग्दछ । तर म बिनम्रता पूर्वक र गम्भिरतापूर्वक तपाइहरुलाई अनुरोध गर्न चाहान्छु । मैले उद्घाटन समारोहको बेला पनि मैले आफ्नो धारणा व्यक्त गरेको थिए ।

अहिले हाम्रो आवश्यकता भनेको जो सधैका निम्तिका संरचना हुन जो सुध्ररिणीकरण नै पहिलो प्राथमिकता हो । म फेरि पनि दोहोर्याउन चाहान्छुरिणीकरण नै पहिलो प्राथमिकता हो । म फेरि पनि दोहोर्याउन चाहान्छु आज जुन कि त यलाई तल बित्तल गर्न पर्यो, यसलाई हामी तलबित्तल गर्न सक्दैनौ । सरकारका नीति तथा कार्यक्रमलाई सञ्चालन गर्नका निम्ति ती निकाय जो जहाँनिर आवश्यकता पर्दछ । तीनको फुल फेलेजमा तीनको पूरा तहमा काम भएको भए त्यसबाट नाचौला नयाँ संरचनाको निर्माणको निम्ति छल फल गर्न सकिन्छ । तर म अनुरोध र आग्रह गर्न चाहान्छु भै रहेका संरचनाहरु लथालिङ्ग भएकै अवस्थामा नयाँ नयाँ संरचना निर्माण गर्ने कुरा अहिले बुझाउनु भयो भने बुझाउला तर अहिले मैले बुझिरहेको कुरा कर्णाली प्रदेशको संरचनाबाट त्यसको जरुरी र आवश्यकता होईन ।

आर्को कुरा म राख्न चाहान्छु, कि संरचनाहरु हाम्रो आफ्नो दलीय व्यवस्थामा पार्टीका मान्यता र मुल्यसँग मिल्ने संरचना निर्माण गर्ने कुरा गरियन भने हामी माथि उठ्ने प्रश्न अझ गम्भिर ढंगले उठ्ने छ । केही पठिसकेको छन्, केही पठाउँनु भएको छ, त्यसको हामीले उत्तर दिएर जाने अवस्था रहन्छ । त्यस कारणले म अनुरोध र आग्रह गर्न चाहान्छु कि आजै नयाँ संरचनाको जुन परिकल्पनामा जुन हतारो देख्छु, त्यो बाटो समस्याको समाधान हाईन यसको मतलब यिनी संरचना सदाका निम्ति जरुरी छैन मैले भनिरहेको छैन । जरुरत पर्यो भने त्यो कुरा गरौला त्यो आधारबाट अगाडि बढ्नु पर्ने आवश्यक कुरा रहन सक्छ तर सरकारले सञ्चालन गर्ने, संरचना त्यसको नामाकरणमा अलि हेक्का राखै पर्ने थियो । हामी यस्तो अर्थव्यवस्थालाई अबलम्बन गरेका छौं । हामी अहिले यो अबलम्बन गर्न सक्दैनौ । यो नेकपा कम्न्युस्ट पार्टीको सरकार हाईन, तर यो ने. क. पा.को सरकार हो । यसका बीचमा भिन्नता रहेको छ । मैले त्यो भन्नु पर्ने मलाई त्यस्तो लाग्यो त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहान्छु कि हामी नीजि क्षेत्रलाई यतै संलग्नता गर्ने हाम्रो आर्थिक नीति रहेको छ । हामीले सहकारीलाई सहभागी गराउने हाम्रो आर्थिक नीति रहेको छ । तर जनताको सामाजिक सुरक्षाका कतिपय हिस्साहरुमा हाम्रो आर्थिक स्रोत भएपनि नभएपनि हामीले त्यो गर्न सक्ने अवस्था वा भाग्न सक्ने अवस्था रहेको छैन त्यसमा हाम्रो ध्यान जान सकेको छैन । त्यता ध्यान जान पर्ने हुन्छ । संविधानत हामीलाई अधिकार दिएकै छ । संविधानले अधिकार दिएको भन्ने कुराको आधारबाट आफ्नो औकात आफ्नो आर्थिक अवस्थालाई सुदृढ नगरिकन हामीले छ त भनेर अगाडि बढ्ने कुरा गरियो भने हामीले नै निर्माण गरिएका संरचना हाम्रा निम्ति भारि र महङ्गो हुन सक्ने अवस्था रहन्छ । जसका कारणले जनताका दैनिक समस्यामा सरकारको सामेलिमा कमि आउन सक्छ । हामीले निर्माण गरेका संरचनामै ध्यान केन्द्रित गर्नुपर्ने भयको रासि त्यसमा खर्च गर्नुपर्ने जनताका दिनानुदिन समस्यामा सरकारले सम्बोधन गर्न पर्ने कुरामा हाम्रो कमि रहन सक्ने अवस्था रहन्छ । त्यसकारणले आज हाम्रो जरुरी र आवश्यकता कम संरचनाबाट कम जनशक्तिका आधारबाट धेरै काम गर्नुपर्ने अवस्थाका कारणबाट प्रदेशका जनशक्ति हौ । यो यस्ता ठाउँको संसद हो भन्ने मलाई लागि रहेको छ, त्यसकारणले संरचना निर्माण गर्ने कुरा एकछिनका निम्ति गठन बिघठन जस्तो हो भन्ने बुझ्ने कुरा प्रयोग गर्ने कुराबाट हामी अल्लि गम्भिरतापूर्वक छलफल चलाउ भन्ने कुरा म तपाईहरुकाबीच राख्न चाहान्छु।

यद्यपि हिजो भन्दा आज सरकारका नीति तथा कार्यक्रमलाई सुदृढ गर्नका निम्ति कतिपय निकायहरु अंगहरु सस्थाहरु बनेको मैले देखिरहेकोछु । हिजो भन्दा आज यो पहिलो नीति तथा कार्यक्रम ल्याउदा जुन अवस्था थियो दोस्रो नीति तथा कार्यक्रम ल्याउदा जुन अवस्था थियो तर आज हाम्रो हातमा नीति तथा कार्यक्रम ल्याउने जुन परिस्थती छ त्यो भन्दा संस्थाथत रुपले बाहिरबाट हेर्दा अलि बलियो देख्छु । त्यसो हो भने सबै कुराको जरुरत र आवश्यकता पर्छ त्यस मध्येपनि हाम्रो जस्तो ५१ प्रतिशत गरिबीको रेखामुनि रहेको प्रदेशका बीचमा के कुरा प्रमुख होला भन्ने कुरातिर म अल्लि प्राथमिकताको निर्धारणमा सालै पिच्छे, बर्षै पिच्छे प्राथमिकता निर्धारणमा तलबितलहुने हो भने कहिले काहि पहिला निर्धारण गरेका कुरामा पनि पुर्नविचार गर्न सकिन्छ परिवर्तन गर्न पर्ने अवस्था रहन्छ । सबै चिजको महत्त्व रहन्छ फेरि म उल्लेख गर्ने कुराको अबमुल्यन गर्यो यो भन्दा त आर्को भन्यो भन्नेकुराबाट सबै कुराको महत्त्वपूर्ण पाटो छ । हाम्रो जस्तो जुन प्रदेश छ । जहाँ अहिले पनि सडक मार्गबाट डोल्पा पुगेपनि नपुगे जस्तै हुम्ला पुग्दै नपुगेको अवस्था छ भने त्यस्तो प्रत्याभुति सबै जिल्लाबाट रहिरहेको एउटा अवस्था छ । त्यस्तै अरु पूर्वाधार र विकासका कुरा छन् त्यसकारणले यो प्राथमिकता पनि जे हेर्यो त्यहिँको प्राथमिकता जस्तो देखिने गरी जाने कुराबाट कसरी बच्ने होला कसरी छलफल चलाउने होला यो चाहिँ गम्भीरतापूर्वक हामीले सोच्न पर्ने छलफल चलाउनु पर्ने अवस्था छ यसकारणले कि यद्यपि हिजोको भन्दा मेरोतर्फबाट संघीय सरकारलाई म मेरोतर्फबाट धन्यवाद दिन चाहान्छु । यद्यपि विगतमा पनि ती कुरा थिए तर अहिलेको बजेटबाट कर्णाली प्रदेशका भनेजति राशि त छैन । भने जति बजेट त छैन तर कतिपय महत्त्वपूर्ण कुरा कार्यक्रमका रुपमा बजेटका रुपमा सम्बोधन हुने कार्यक्रममा समावेश हुने जुन परिस्थती निर्माण भएको छ त्यसका निम्ति त्यो हाम्रा लागि राम्रो कुरा हो तर पर्याप्तता त छैन, त्यसलाई पनि सघाउ पुग्ने गरी अरु कसरी अगाडि बढ्ने हो छलफल चलाउनु पर्ने एउटा अवस्था महिले प्राथमिकताका रुपमा पनि मैले देखिरहेको छु । त्यस्तै अर्को कुरा योजनाको छनौट, बजेटको विनियोजन यद्यपि हाम्रो समाजमा नीति प्रधान हो तर अंकमा ध्यान गैरहेको छ हाम्रो आउन बाँकी नै छ नीति प्रमुख कुरा हो तर प्रचलन के छ भने नीति एकातिर फालेर अंक लेख्नेकुरा भा हुनाले अंककै आउँछ । नीति जेसुकै होस अंक चाहिँएको छ । हामीलाई पनि अब गर्ने के हाम्रो समाज यस्तो छ, संसद यस्तो छ, यो यहाँको मात्र होईन सबै ठाउँको नीतितिर अक्षरतिर होईन अंकतिर ध्यान प्रधानता ठान्ने अवस्था छ कि लेखे सबैको लेखेभए हुन्थ्यो तर लेख्नेलाई के थाहा छ भने अरु छुटे पनि कमसेकम नीति कार्यक्रम लेखेको ठाउँ चाहिँ छुट्नु हुँदैन भन्ने नै थाहा पाएर त्यले लेखेको हो भन्ने लाग्छ मलाई तीनवटा नीति तथा कार्यक्रमको अनुभव छ।चाहिराको छ यद्यपि यसको पछाडि निर्वाचन प्रणाली दोसि छ मैले पहिले पनि भनि राको छु, जो सुकैले जे सुकै भनुन आफ्ना निर्वाचनका भोट हाल्नेहरुले मात्रै राम्रो भन्दिय पुग्छ, जिम्मेवारी जे सुकै होस भन्ने कुरा तलदेखि माथिसम्म रहेको छ ।

झल्को के आई सक्यो के देखिन्छ भने केहीलाई पार्ने गरी केहीलाई छलफल गर्ने गरी जब नीति तथा कार्यक्रमनै गराईयो भने त्यसपछि आउनेकुरा कसरी सन्तुलित होला, यो पास भै हाल्छ, पास गर्ने कुरामा कुनै समस्या नै छैन । अब हाम्रो प्रचलन नै छ । अब त्यो प्रचलनका बारेमा नयाँ मान्यता गरौं भनेर अहिले यहाँ भन्ने अवस्थामा त छैन तर त्यस्तो भै हाल्छ र म अहिलेदेखि नै म तपाईहरुसँग अनुरोध र आग्रह गर्न खोजिरहेको कुरा के हो भने मान्छेले अंक खोजिराको छ, केहीका अंक पर्ने गरी आईसके जो प्राथमिकताभित्र पर्दैनन् । प्राथमिकता भित्रको चिजहरु अंक राख्न पर्ने चिजको बारेमा छलफल गर्न पर्ने भयो यले के हुन्छ द्धबिधा सिर्जना गर्छ । यले के हुन्छ ?आसंका सिर्जना गर्छ । यसबाट कसरी अगाडि बढ्न सकियला त्यसकारणले म सबैलाई अनुरोध गर्न चाहान्छु । बजेट विनियोजन गर्ने कुरा, योजना छनौट गर्ने कुरा भन्न जति सजिलो छ त्यति काम गर्ने जो साथीहरु हुनुहुन्छ । प्रस्तोता जो हुनुहुन्छ उहाहरुलाई प्रस्तुत गर्न गाह्रो चिज हो । हाम्रो जस्तो थोरै बजेट भएको ठाउँमा हामीले हेक्का राख्नुपर्ने अवस्था रहन्छ ।

त्यसकारणले म त्यतापट्टी ध्यान दिन अनुरोध गर्न चाहान्छु । हामीले भनिराछौ हाम्रो प्रदेशको संवैधानिक अधिकार जसरि कुरा गरिरहेका छौं त्यो राम्रो कुरा छ तर यो नीति तथा कार्यक्रमले तहगत संरचनाको अधिकार र क्षेत्रलाई पनि अल्ली ध्यान नदिइकन कतिपय घोषणा गरेको मैले देखि राको छु म यो वा त्यो भन्न चाहानन देखिराको छु जुन घोषणामा मात्रै सिमित रहन सक्ने अवस्था रहन्छ । जसरि हामीले प्रदेशको संरचनाको अधिकार संवैधानिक मान्यताको अधिकारको कुरामाथि संघतिर मुखरित गरी राका छौं । त्यसरी गरिने त्यसरीनै अगाडि बढिने कुरा अल्ली ध्यान दिनु पर्ने हुन्छ मैले सुरुको बैठकमा पनि भनेको थिए फेरि पनि तपाई हरुले ल्याउनु भएको छ हिजो माननीय सदस्यहरुले भनेको कुरा पनि केही माननीय सदस्यको कुरा सुने हाम्रो मैले नीतिगत कुरा बोले हून्थ्यो । सरकार बोल्नेहरुले आफै बाधिने गरी किन बोल्ने होला अरुले बाध्नेकुरा एक ठाउँमा छ तर आफैले आफूलाई बाध्ने गरी आउनु भयो भने के हुन्छ होला मेरो भन्नु केही छैन । भन्ने भन्ने हो गर्ने आफ्नो हो भन्ने त्यो बिस्तार गर्न सकिदैन त्यो पत्थरको बाटोमा म जनप्रतिनिधि भएपनि म त्यो पथबाट हिँडिराको छैन । भनेको कुरा गरेको कुरा गर्ने गरी जाने हो भने रिजाउन सकिन्छ र विश्वास आर्जन गर्न सकिन्छ । त्यसकारणले त्ययो कुरामा अल्ली ध्यान भएनकि जस्तो लाग्छ ।

नीति तथा कार्यक्रममा हाम्रा सबै संरचनाहरु हाम्रा हातमा छैनन् । निकाय हाम्रा हातमा छैनन् त्यो मलाई पनि राम्रोसँग थाहा छ । तर जनताले देखिने गरी हामी सरकार र संसद भित्र छौं भने हाम्रो क्षेत्रमा नभएपनि तीनलाई समन्वय गरेर हुने हो कि ? के गरेर हुने हो ? त्यो कुरामा हेक्का राख्ने कुरा गरिएन भने के हुन्छ ? यद्यपि मलाई धेरै थाँहा छैन चर्चा नगरे पनि हुनेथियो त्यो घटना र त्यो पात्रका बारेमा मलाई यस्तो लाग्छ तर मैले घटनाको बारेमा नगरे पनि चर्चा नगरे पनि अहिले राजधानीका सहर काठमाण्डौका सहरमा ज्ञानेन्द्र शाहीको चर्चा छ । त्यो ठूलो मासमा मासलाई एजिटेसन हुने गरी त्यो सरकारले शान्ती सुरक्षाका नाममा उले अपराध गरेका नाममा किन गर्यो ? अरुको त्यति धेरै ध्यान गएको छकि छैन तर मेरो चाहिँ यहाँको जनप्रतिनिधि हुनाको नाताले अहिले काठमाण्डौका गल्लीहरुमा सानो वा ठूलो होस् कर्णाली प्रदेशको हामीले जे नाम राखेर जे चाहिँ बनाएका थियौ त्यलाई विस्थापित गर्ने गरी सानै झुण्ड भएपनि नकारात्मक अभियान चलिरहेको छ ।

के यसबाट हामी सजग र होसियार हुन जरुरी छैन ? के हामीले यसमा साबधानि गर्नु पर्ने जरुरी र आवश्यकता छैन ? त भन्दा मेरो विचारमा तपाइले जतिसुकै राम्रो काम गरिरहेको छु भन्ने लागेपनि आजको प्रबिधिको विकासमा आजको प्रचारको विकासमा जनमत निर्माण गर्ने कुरामा हामीले हैक्का राख्न सकिएन भने बेलैमा त्यसका बारेमा बोल्न सकिएन बेलैमा त्यसका बारेमा काम कारबाहिमा सच्याउन सकिएन भने नकारात्मक सन्देश जान्छ अन्ततगत्वा जतिसुकै बाहादुर भएपनि सुस्केरा हाल्नु पर्ने परिस्थति निर्माण हुन्छ । अरुका कारणले सुस्केरा हाल्ने परिस्थति निर्माण हुने आफ्नो ठाउँमा छ तर आफ्ना कारणले सुस्केरा हाल्न नपर्ने उत्साह निर्माण गर्न पर्ने जिम्मेवारी र ठाउँमा हामी छौं । ने क पा त्यो पोजिसनमा छ । त्यस किसिमको उपस्थति कर्णाली प्रदेश सभा भित्र रहेको छ यस आधारबाट अगाडि बढ्ने कुरा हो भने मलाई लाग्छ संस्थागत सुदृढिकरण र संस्थागत सक्षमतालाई हिजो ध्यान दिएकै छौं । ध्यान दिदा दिदै पनि मेरो अनुरोध र आग्रह गर्न चाहान्छु कि अझै ध्यान दिन जरुरी छ । संस्थागत सम्बन्ध र संस्थागत सुदृढिकरणबाट मात्रै हामीले हाम्रो भूमिकालाई निर्बाहा गर्न सक्छौं व्यक्तिगत सम्बन्ध आफ्नो ठाउँमा होला त्यो गर्ने कुरा राम्रै कुरा छ तर संस्थागत सम्बन्ध संस्थागत सुदिढिकरण गर्ने कुरालाई हामीले अगाडि राख्नुपर्ने कुरा रहन्छ । यी कुरा विचारका हिसाबले विषयका हिसाबले सकारात्मक छलफल चलाउनका निम्ति मैले तपाईहरु समक्ष सम्माननीय सभामुखमार्फत् आफ्ना धारणाहरु तपाँइहरुका बीचमा राख्न चाहान्छु । सरकारले ल्याएका कतिपय नीति तथा कार्यक्रमलाई मेरो अनुरोध आग्रह छ । माननीय

संसदहरुले राख्नु भएका महत्त्वपूर्ण सुझावका आधारबाट यलाई परिष्कृत गर्ने परिमार्जन गर्ने कुरामा अगाडि बढ्न पर्ने हुन्छ । यलाई कुनै पनि महिले अस्ति पनि भनेको थिए यलाई कुनै पनि प्रतिष्ठाको विषय नबनाई दिनुस् र अन्तिममा म यहाँको जनप्रतिनिधि भएको नाताले धेरै कार्यक्रममा मन्त्रीज्यूहरु जानुहुन्छ ।

म विनम्रतापूर्वक आग्रह गर्न चाहान्छु । विश्वास दिलाउने कुरा मात्र बोल्दिनुहोला। अन्ततः म अहिले केही भन्न चाहान्न आ-आफ्नो जिल्लामा अरु जिल्लामा गएर के भन्नुहुन्छ । कुन ठाउँलाई के बनाइदिने भन्नुहुन्छ म केही भन्दिन तर यहाँ मास्टर प्लान छ, यहाँ गुरुयोजना र यहाँ नगरपालिका छ, यहाँ आर्को ठाउँ छ कतिपय त्यसका संबैधानिक अधिकार छन् यहाँ बिसौ वर्ष देखि कुन ठाउँलाई के बनाउने सोच र दृष्टिकोणका आधारबाट चलेको एउटा संस्था छ त्यसलाई आधार नमानिकन मन्त्रीज्यू हरुले भनिदिदा मन्त्रीज्यूहरुलाई लागेको छ यो कामले गर्दा त यो क्षेत्रमा माननीय यामलाल कडेल लाइनै राम्रो होला ने.क.पा.लाई नि राम्रो होला भन्ने ठानिरहनु भएको होला तर म अनुरोध गर्न चाहान्छु कि त्यसका कतिपय नकारात्मक कुराहरु त्यले प्रभाब पार्न सक्ने स्थिति रहन्छ । यसकारणले मैले भनिराको छु अब अनुभबै होला यद्यपि खडेरिको पानीका निम्ति तपाइ हरुले जे ल्याउनु भएको छ चिङ्गाड भनेर ल्याउनु भयो म आफै दंग परिराछु संघीय सरकारले भेरिबाट लिफ्ट आयोजनालाई लैजानका निम्ति कार्यालय यहाँ स्थापना गरेको छ । त्यो अन्तिम चरणमा पुगेको छ । बरु त्यलाई सहयोग पुर्याउनुको सट्टा यो त होइन कि क्या हो ? आर्को जस्तो गर्ने गरी किन गर्नु भा होला बढो अचम्म छ । सरकारले संघीय सरकारले ३ ठाउँमा मेडिकल कलेज खोल्ने कुरा गरेको छ सिराहा, बुटवल र सुर्खेतमा सम्पर्क कार्यालय दुइ ठाउँमा खोलेको छ यहाँ त सम्पर्क कार्यालय खोल्ने गरी संरचना क्याबिनेटबाट निर्णय भएको छ । उले केही नगरेको जस्तो गर्ने गरी आफैले खोल्ने गरी उसको सहयोगमा खोल्ने कुरा गरिरहनु भएको छ । यले के देखिन्छ त भन्दा य आफैले गर्न लागेको छ भने त भैत गयो नि भनेर अन्त लैजानेकुराको अन्त खोले यहाँ कार्यालय खोलिएको छैन यस कारणले कि यहाँ सकेसम्म नखोलेर अन्त लाने कुराको पनि छलफलमाथि चलिराका बेलामा यस्ता कुराले के राम्रो गर्ला ?

यस आधारबाट म फेरि पनि म बिनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहान्छु सार्बजनीक जिम्मेवारी छौं जनताको भरोसाको काम गर्नका निम्ति अगाडि बढेका छौं । प्रस्तुत गरेका कतिपय दस्जावेजहरु क्तिपय डकुमेन्टसहरु यदि तर्कलेत्यस्तो अवस्था सिर्जना गर्छ यस्ताकुराहरु आउँछन भने यलाई अन्यथा नमानिकन परम्परा आफ्नो ठाउँमा छ पास हुने कुराको कुनै समस्या छैन कुनै चिन्ता छैन तर राम्रो गराउने कुरा हो भने त्यस आधारबाट सरकारले पनि आफ्नो विचारहरु अल्ली फराकिलो दृष्टिकोणबाट अगाडि प्रस्तुत हुने कतिपय नयाँ मान्यताहरु प्रचलनहरुलाई स्थापित गर्ने यसकारणले कि राम्रो गर्ने गराउने कुरामा ध्यान दृष्टि पुग्न सक्यो भने मलाई लाग्छ बितिसकेको छैन केही उत्साहामा कमि छ केही टिप्पणीहरु उठेका छन् । ती सबैलाई फेरि सकारात्मक दिसाका आधारबाट जनताले हामीलाई भोटहाल्दा जे बिश्वासका साथ भोट हालेका थिए त्यहि विश्वासलाई कायम राखेर अगाडि बढ्न सकिन्छ, त्यो जिम्मेवारी हामीलाई दिएका छन् त्यतातिर हामी सबै लागौं भन्ने अनुरोध र आग्रह गर्दै यो नीति तथा कार्यक्रममा आफ्ना विचारहरु यही टुङ्ग्याउँछु, धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री सोशीला शाही । समय ७ : मिनेट, यसपछि माननीय श्री गुलाबजंग शाह तयार रहनुहोला ।

**माननीय श्री सोशीला शाही :** माननीय सभामुख महोदय, आज हामी चौंथो अधिवेशनको ७ औ बैठकमा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं । यो नीति तथा कार्यक्रममा सुरुका २ वर्षमा केही महत्त्वकांक्षी जस्तो देखिन्थ्यो तेस्रो वर्षमा

आइपुग्दा विगतका धेरै कार्यक्रमहरु कार्यान्वयन नहुँदै हराएका छन् भने केही नयाँ योजना थपिएका छन् । यस अवस्थाले कर्णाली प्रदेशका योजनाहरु कार्यान्वयन नहुँदै प्रत्येक वर्ष हराउँदै जाने हुन् कि भन्ने चिन्ता बढिरहेको छ । सभामुख महोदय, नीति तथा कार्यक्रमको बुँदा नम्बर ७ को पइन्ट ७.२मा प्रदेश सरकारले १ करोड भन्दा बढी लागत अनुमान नभएका आयोजनामा हामी बजेट विनियोजन गरिरहेका गरी रहन्छौ भन्ने छ गत वर्ष पनि यस्तामा कुरा कुरा उल्लेख नभएका हाइनन् सभामुख महोदय तर अन्तिममा आएर ५ लाख पनि झरेका थिए हामीले नीति मात्र गराउने कार्यान्वयनमा नीति बिपरित काम गर्ने हो भने हामीले केही आफ्नो मर्यादालाई भुलेका त छैनौ भन्ने लागेको छ । सभामुख महोदय, ठूला योजनालेकहिले काहिँ समानुपातिक प्रतिनिधित्व गर्न सक्छ त्यहि भएर साना आयोजनले थोरै जनसंख्या भएका क्षेत्रका जनतालाई केही विकासको अनुभूति हुने भएकोले तत्काल परिणाम दिने खालका साना योजना पनि छनौट गर्नु पर्छ भन्ने सुझाव दिनत चाहान्छु ।

यसैगरि बुँदा नम्बर १२ को १२.३मा स्थानीय कच्चा पदार्थ कपास, उलन, अल्लो लगायत वस्तुलाई उत्पादित कपडालाई सम्भव भएसम्म सरकारी कार्यालय र कार्यक्रमहरुमा प्रयोग गर्ने भनिएको छ तर यहाँ सम्भव होईन अनिवार्य औपचारिक पोषाकका रुपमा प्रयोग गरिनु पर्दछ यसैगरि बुँदा नम्बर १४ को १४.१ म जलविद्युत योजनामा डोल्पा जगदुल्लामा मात्र होईन कालिकोटको फुकोट कर्णाली र सुर्खेतको चौकुने गाउपालिकामा पर्ने वेतन जलविद्युत आयोजना लगायत अन्य सम्भाबित योजनाहरुलाई समेत प्राथमिकता राखि लगानी गर्नु पर्छ यसैगरि बुँदा नम्बर १९ ४ स्थानीय तहको समन्वयमा कालिकोट, हुम्ला, मुगु डोल्पा, जिल्लामा नमूना आवासीय विद्यालय स्थापना गरिने छ भनिएको छ तर गतवर्ष यसका लागि करोडौं रकम विनियोजन गरिएको थियो खैत ती आवासीय विद्यालय कता बने मैले यो मेरो कालिकोटमा बनेको भनेर कतै सुनेको छैन हामी नीति मात्रै बनाउने कार्यान्वयनको कार्यान्वयन भो भने यसले कुनै उपलब्धी हुने वाला छैन अन्य त्यसैगरी १९.५मा नेपाल सरकार र स्थानीय सरकारको समन्वयमा आगामि २ वर्ष भित्र कर्णालीलाई साक्षर प्रदेश घोषणा गरिने भनिएको छ । खुल्ला दिशा मुक्त घोषणा गर्दा त गैर सरकारी संस्था सहयोगमा मात्रै सम्भव भएको थियो भने साक्षर प्रदेश घोषणा गर्न सरकार मात्रैको पहलमा सम्भव हुन सक्दैन ।

सभामुख महोदय, गैर सरकारी संस्थालाई पनि समावेश गर्नुपर्छ यसैगरी बुँदा नम्बर २१.१ मा मुख्यमन्त्री महिला तथा दलित आयआर्जन कार्यक्रम भनिएको छ । यसमा गरी विपन्न भन्ने शब्द समावेश गरिनु पर्दछ । यसैगरि बुँदा नम्बर २५मा प्रदेशमा रहेका सबै ऐतिहासिक धार्मिक पूरातत्व स्थापना, भाषा धर्म संस्कृतिको खोज संरक्षण र सम्बर्दगर्ने भनिएको छ अरु सबै शब्दको विस्तृत खुलाएको छ । तर धार्मिक शब्दले के अर्थ राख्छ त्यसको बारेमा केही नखुलाएको हुँदा मठ मन्दिर देबि देवताका मन्दिर लगायत अन्य समावेशी गरिनु पर्छ भन्ने सुझाव दिन चाहान्छु यसै गरी दफा २६ भित्र नानाथरिका नाम राखेर उल्लेख गर्दा केही छुटेका वस्तुको उत्पादन गर्दा बजारिकरण गर्न नमिल्ने हो कि सभामुख महोदय, सायद यस्तै-यस्तै कारणले केन्द्रीय सरकारले कर्णालीलाई हेर्ने दृष्टिकोण नै फरक भएको त होईन ? हामीले कहाँनिर चुक्यौ भन्ने सरकारलाई हेक्का रहोस भन्ने पचासौ वर्ष बित्दा पनि कर्णालीमा केही नहुने वाला छैन । त्यहि भएर नीति मात्र होईन, कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिनु पर्दछ, भन्ने सुझाव दिदै बिंदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री गुलाबजंग शाह । यसपछि माननीय श्री बदमी क्वारी बोहोरा तयार रहनु होला ।

**माननीय श्री गुलाबजंग शाह :** माननीय सभामुख महोदय, आज म सरकारको २०७६/०७७ को नीति तथा कार्यक्रममाथि छलफलमा भाग लिई रहेको छु मलाई लाग्दछ सरकारले बडो मेहनतका साथ यो आफ्नो नीति तथा कार्यक्रम भावनाका साथ प्रस्तुत गरेको छ, मलाई लाग्छ यो कार्यक्रममा धेरै कुरा थपिहाल्नु पर्ने त्यस्तो खासै केही म देख्दिन तर पनि सरकारले ल्याएका यी बुँदागत कार्यक्रममा सबै सवालमा टिप्पणी छलफलमा आफूलाई सहभागी गराउदा धेरै कुरा समिटिदै गर्दा, धेरै कुरा यस भित्र पर्दै गर्दा तीन वटा नीति तथा कार्यक्रम संसदमा प्रस्तुत भए म फेरि पनि स्मरण गराउन चाहान्छु ३ वटा नीति तथा कार्यक्रम ल्याउदै गर्दा नीति पछि आउने बजेट यही पेरि फेरिमा आउने छ मलाई बिश्वास छ । मेरो दायित्व छ । म सत्तारुढ दलको संसदको नाताले सरकारको नीति तथा कार्यक्रम दिलका साथ मनै देखि सर्मथन गर्दछु, तर पनि म एउटा जनप्रतिनिधि हो जनप्रतिनिधिका रुपबाट पनि म आफ्ना टिप्पणी र सुझाव राख्न चाहान्छु । म सुरुमा सरकारले एउटा हार्कषक नारा प्रस्तुत गरेको छ । शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार वास्तवमा नारा आर्कषक छ । शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार, खाना नाना र छानाको प्रबन्ध वास्तवमा भावनात्माक कुराहरु पनि छ हामीले यही नीति अन्तरगत रहेर हामीले बजेटिङ गर्ने छौं । हामीले पहिलो प्रायरोटि केलाई दिने भन्ने कुरा हामीले सुनि सक्यौ अब बजेटिङ गर्दा पनि बजेट बिनियनेजित वास्तवमा समानुपातिक ढंगले नगईकन आवश्यकताको आधारमा बजेट बिनियोजित हुने छ भन्ने कुरा बिश्वास गर्न चाहान्छु । दोस्रो कुरा यसैको पेरि फेरिमा रहेर हामीले स्थानीय तहलाई पनि केही प्रथामिकक्ता प्रर्बधन गर्ने गरी यो नीति तथा कार्यक्रम आउदै गर्दा यो बजेट आउदै गर्दा ३ वटा कार्यक्रमहरु आए तर समीक्षा गर्दा कर्णाली बासिले महसुस के गरे अब यस पटकको बजेटमा हामीले महसुस गराउने गरी सरकारले बजेट पेश गर्नु पर्यो । मलाई लाग्छ कपास अल्लो खेतिका लागि प्रर्बधन गर्ने स्थानीय तहको उत्पादनलाई जोड यसले दिएको छ केही केही मान्छे त ब्यबसायिक खेति त गरुन न जसले गर्दा सरकारी काम काजको सन्दर्भमा पनि एउटा पोसाकको रुपमा सदुपयोग गर्न थालियो भने सभामुख महोदय, मलाई लाग्छ मान्छे विस्तारै आत्मनिर्भर हुनेतर्फ अपनत्वलाई चाहिँ बडावा गर्ने र जनता त्यतातिर प्रर्बद्धित हुन्छन् भन्ने कुरामा म विश्वास राख्न चाहान्छु । दोस्रो कुरा, सरकारी कार्यालय जसलाई एउटा टोपी या कोट कुनै रुपमा यलाई चाहिँ अनिवार्य गराउन सकियो भने मान्छे त्यतातिर हुनेछन्, त्यतातिर लाग्नेछन् । अनिमात्र जनता आत्मनिर्भर र रोजगार हुनेछ । आज थुप्रै पढेलेखेका मान्छेहरु हामीले देख्छौं, कहिलेकाहिँ कोरियाको कोटा खुल्यो, जापान काने कोटा खुल्यो भनेपछि स्नातकोत्तर गरेको मान्छेहरु लामबद्ध लागेका छन् । सरकारले अब सम्बोधन गरोस्, हामीले बजेट पास गर्दा १० वर्षे सेवा सरकारले सञ्चालन गरेको थियो, सरकारले पहिला पञ्चायत कालमा आफ्नो अनुभव ती गाउँमा गएर भर्खरका नवजवान २०/२१ वर्षका युवाहरुले गाउँमा गएर १० महिने सेवा दिँदा त्यो प्रभावकारी भूमिका थियो । त्यसै गरी कर्णाली प्रदेशलेस्नातोकत्तर स्नातक गरेका मानिसलाई  किन भोलेन्टियरको रुपमा नपठाउँने शिक्षामा बजेट विनियोजन गरौं न कमसेक यति मानीसलाई भोलिन्टेरि गराईयो भने उसले त्यहाँ पढाउदा कमसेकम खान बस्ने एउटा बिदेस जानबाट रोक्ने एउटा यो नीति हुन सक्छ र अहिले सरकारले बजेटमा त्यो व्यवस्था किन नगर्ने ? गरियोस् । त्यसैले हामीले गरेको मन्त्रालयवाइजका बजेट विनियोजनमा कति प्रभावकारी छ । न कि मन्त्रालयलाई बाढ्ने नाममा हामी बजेटमा नजाउ सुझाव राख्न चाहान्छु ।

तेस्रो कुरा, स्थानीय तहसँगको समन्वयमा कालिकोट, हुम्ला, मुगु र डोल्पामा नमूना विद्यालय बनाउने भनिएको छ । यसलाई बढाउ १० जिल्ला बनाउ किनकि कर्णाली प्रदेशले शिक्षामा कति फोकसिङ्ग गर्यो, कति महत्त्व दियो, कमसेकम नमूना विद्यालय भनेको त्यसको आवासको कुरा होला, त्यसको शिक्षकको तलबको कुरा होला, दरबन्दीको कुरा होला कमसेकम हामीले एउटा जगबाट सुरुवात गरौं न । शिक्षामा

यो कर्णाली प्रदेशको यो सरकारले यो बजेटिङ्ग गर्दैगर्दा कमसेकम यो काम राम्रो गर्यो हामीले पनि भन्ने गरी सुधार गर्यौं भने मलाई लाग्छ यो नीति तथा कार्यक्रमको सार्थकता त्यहाँनिर देखिन्छ । म अनुरोध गर्न चाहान्छु । २ वर्षमा कर्णाली प्रदेशलाई हामीले साक्षर बनाउने भनेकापनि छौं यद्यपि हामी अहिले करिब करिब ४०/४१ प्रतिशत हामी अझै निरिक्षर छौं केरे यसको लागि योजना के हुन सक्छ ? यसका लागि एउटा कुरा स्नातक र स्नात्तोकत्तरलाई हामीले गाउँ गाउँमा गएर पढाउने कुरा त छदै छ व्यापक ढंगले हामीले कसरी हामीले चाहिँ कसरी शिक्षामा Non-formal Education भनेर थुप्रै पैसा लगानी आउँथ्यो, त्यो कति प्रभावकारी थियो अब हामीले प्रखररुपमा सञ्चालन गर्ने कि नगर्ने लेख्न त लेखियो ? यो २ वर्षमा तर कार्यक्रम ल्याउन सकिएन भने त्यसको अर्थ फेरि अर्कोपटक समीक्षामा जानपर्ने हुन सक्छ । फेरि आलोचनाको विषय हुन सक्छ, त्यसैले अहिलेदेखि बजेटको सुधार गरौं अब Non Formal Education को लागि कति पैसा विनियोजन गर्ने यसरी शिक्षा पहिलो फोकसिङ्ग हो भन्ने कुरा जोडदारका साथ राख्न चाहान्छु । अर्को कुरा सरकारले नयाँ कुरा ल्याएको छ । एक निर्वाचन क्षेत्र टेलिमेडियसन वास्तवमा नयाँ कुरा सुरुवात गरेको छ । टेलिमेडिसिन भनेको मलाई लाग्छ, मेरो अनुभवमा मैले बुझे अनुसार गाउँबाट फोनमार्फत् सुविधासम्पन्न अस्पतालमा बिरामीको बारेमा जानकारी राख्ने र सहरबाट विशेषगरी डाक्टरले जानकारी दिने रोगको बारेमा एक निर्वाचन क्षेत्र भनिएको छ मलाई लाग्छ मेरो निर्वाचन क्षेत्रमा अस्पताल त हैन १५ शैया त होइन, प्राथमिक स्वास्थ्य इकाइ केन्द्र मात्रै छ भने त्यहाँबाट कसरी उसले सम्पर्क गर्छ कसरी यहाँबाट विशेषज्ञ सेवा दिन्छ । र हामीले प्रबेस तहको राजधानीलाई कति महत्त्वका साथ बढाएका छौं । त्यो कति खालका विशेषज्ञ छन् यहाँ स्थानीय तहबाट टेलिफोनमार्फत् सुविधा लिनको लागि स्थानीय तहमा निर्वाचन क्षेत्रमा पनि त्यो खालको अस्पताल बनाउने खालको यो सरकारले अहिले नीतिमा जोड गर्नुपर्छ अहिले उत्पादन क्षेत्रमा कसरी बनाउने त्यहाँ डाक्टरको कसरी सुविधा सम्पन्न बनाउने टेलि मेडिसेन अत्यन्त राम्रो कुरा छ । गाउँमै बसे पनि अस्पतालबाट सेवा दिन सकिन्छ र जनतालाई सेवा दिन सकिन्छ । यो राम्रो विषय हो । यसलाई निरन्तरता दिनको लागि बजेटमा पनि व्यवस्थापन तोकिएर गरियोस् सुझावकोरुपमा राख्न चाहैं । यसलाई निरन्तरता दिनको लागि बजेटमा पनि व्यवस्थापन तोकिएर गरियोस् सुझावको रुपमा राख्न चाहान्छु । मुख्यमन्त्री रोजगार कार्यक्रम अत्यन्त राम्रो छ तर यसलाई हामीले यही भोलेन्टरि सेवा हुन सक्छ कि हामीले स्वयमसेवी विधेयक पास गरिसकेका छौं । यसमार्फत् हामीले रकम विनियोजित गरेर हुन्छ कि यसलाई व्यापक ढंगले हेरियो भने कर्णालीमा नौलो कुरा हुन सक्छ । अर्को कुरा, एकै जिल्लामा एकीकृत नमूना विकास बस्तीको कुरा गरिरहेको छ, वास्तवमा एउटा कुरा छ हामीले सुन्ने गरेको रारा माललाई प्रभावित नपार्नका लागि राराका मान्छेहरुलाई बाँकेमा लएर बसाईएको थियो । हरेक जिल्लामा नमूना बस्तीको लागि फिजिबिलिटि अध्ययन गरेर वास्तवमा सामुहिक बस्ती विकासको योजना ल्याइयो भने धारा, पानी, विद्युत स्वास्थ्य शिक्षा तमामको लागि वास्तवमा कम खर्चमा धेरै जनतालाई सुविधा दिने नीति राम्रो छ । तर भूमिसम्बन्धी प्रदेश तहको सरकारलाई अधिकार कति छ । त्यो बारेमा पनि सोचिनु पर्छ भन्ने कुरा राख्न चाहान्छु । तेस्रो कुरो स्थानीय तहबाट जिल्ला सदरमुकाम जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने उच्च सडकलाई प्राथमिकता राख्ने भनिएको छ । फेरि कहि कतै जिल्लाबाट प्रदेशलाई मात्रै जोड्ने सदरमुकाम राख्ने जिल्लामा एउटा प्राविधिक शिक्षालय राख्ने जिल्ला मात्रै केन्द्रित गरेर निर्वाचन क्षेत्रलाई हामी भुल्छौं भनेपछि बजेटमा समानुपातिक वितरण हुँदैन कि बजेट विनियोजन गर्दा यतातिर ध्यान दिन सरकारलाई म अनुरोध गर्दछु ।

स्थानीय तहसँगको समन्वयमा हामीले लिफ्ट सिचाई, समूह सहकारी आकासे पोखरि लगायत तमाम खालका पोखरिका बारेमा लेखिएको छ, देखिएको छ । यहाँ हामीलाई लाग्छ अहिले वास्तवमा सुर्खेतमा पनि

पानीको हाहाकार भैसक्यो, हामीले स्थानीय तहमा पोखरी बनाएर त्यो आकासिय पोखरि होस वा सिचाई पाखरि होस या नयाँ पोखरि निर्माण गर्ने कुरामा यो साल नै हामीले कर्णाली प्रदेश सरकारले ७९ तह मध्येमा हामीले कति वटा पोखरि निर्माण गर्छौं ? हामीले १० जिल्लामा १२ जिल्लामा या २४ निर्वाचन क्षेत्रमा यो अहिलेको बजेटमा बिनियोजित गरेर हामी अगाडि गयौ भनेपछि मलाई लाग्छ यो पनि अत्यन्त प्रभावकारी काम हुने छ भन्ने कुरा म राख्न चाहान्छु । एउटा कुरा भन्नै पर्ने छ DPR गरेका योजनालाई मात्र हामीले योसाल कार्यान्वयन गर्ने भनिएको छ । गत वर्ष हामीले वास्तवमा रकम समानुपातिक भएन, रकम समानुपातिक भएन भन्ने प्रश्न उठेकै छ गत वर्ष हामीले मनोगत ढंगले याजना वितरण गर्यौं DPR आफ्नै ढंगले ती DPR भएका मात्र योजनालाई बजेट बिनियोजित गर्यौं । फेरि रकमको Dis balance हुने छ । मलाई लाग्छ फेरि माननीय संसदहरुले आफ्नो असन्तुष्टि जाहेर गर्ने ठाउँ प्रशस्त हुनेछन्, त्यो काम गर्दा फेरि कहि कसैले समानुपातिक बजेट विनियोजन भएन भने पछि असन्तुष्टिका भाबहरु स्वरहरु चर्को ढंगले उठ्छन भन्ने कुरा अनुरोध गर्न चाहान्छु । अर्को कुरा कर्णालीको पानी सबैको लगानी भनिएको छ यसबाट हामीले सुरुवात गरौं न भेरि-बबै डाइभर्सनको ९ मेगावाट बाटै सुरुवात गर्ने हो कि ? या अर्को जगदुल्लाका लागि अर्को यसबाट सुरुवात हुन्छ सुरुवात गरेपछि यो नारा सार्थक हुनेछ ।

छोरीबुहारी कार्यक्रम भनेर आएको छ । मैले छोरीबुहारी मात्रै नगरेर सासु, आमा, छोरी, बुहारीलाई प्रमोट गर्ने युवा भएको कारणले राम्रो छ । तर आमा र सासुहरुलाई भएको पिँडा वास्तवमा राज्यले सम्बोधन गर्नु पर्छ । बुढेसकालमा हुने दुःख पिँडा चाहिँ यो बारेमा पनि कार्यक्रम आइदेको भए अझ सान्दर्भिक हुन्थ्यो जस्तो लाग्थ्यो भन्ने कुरा राखन चाहान्छु । वास्तवमा एउटा कुरा भन्नै पर्ने हामी सानै छदा सुनेको खाद्य भण्डारण त्यसैले उत्पादन गरेको खाद्य समयमा राज्यले भण्डारण गरिदिने किनि दिने खरिद गरिदिने अनि आवश्यक परेमा त्यलाई वितरण गर्ने त्यो प्रणालीमा हाम्रो प्रदेश कर्णाली प्रदेश गयो भनेपछि जनताले राहात अनुभूति गर्ने छन् सरकारको नौलो आयामको कार्यक्रम हुनेछ भन्ने कुरा राख्न चाहान्छु ।

कर्णाली वास्तवमा सुन्दर शान्त छ । नेपाल नै तपाइको चाहिँ दश पर्यटकीय गन्तव्य मुलुकको रुपमा संसारभरिका करिब दुई सय मुलुकमध्येमा नेपाल दशौंभित्र पर्छ। पर्यटकीय हिसाबले अत्यन्त सुन्दर स्थान पर्यटकीय स्थललाई पनि हामीले बजेटिङ्गको क्षेत्रबाट कसरी पर्यटनलाई आकर्षण गर्ने होला ? होटलको लागि, होम स्टेको लागि बस्ने पूर्वाधारको लागि वास्तवमा पर्यटनको क्षेत्रमा पनि हामीले आकर्षण बनायौं भने नेपाल त दश मात्र पर्छ नै दशमध्येमा पनि कर्णाली बढी आकर्षण छ, त्यसैले बजेटको विनियोजन गर्दा कसरी पर्यटकलाई आकर्षित गर्ने होला त्यो ढंगले यो सरकारले सोचोस् शुभकामना दिन चाहान्छु । अन्तमा गत वर्ष जस्तो नीति एउटा बजेट एउटा मन्त्रालय विभाजित नहोस शुभकामना दिन चाहान्छु । हस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री बदमी क्वारी बोहोरा । यसपछि माननीय श्री बिरबहादुर शाही तयार रहनु होला ।

**माननीय श्री बदमी क्वारी बोहोरा :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा हामी हिजोदेखि छलफलमा छौं। सर्वप्रथम त नीति कार्यक्रम यो मेहनतका साथ बौद्धिकपूर्ण ढंगले विज्ञ टोली सहितको सल्लाह सुझावअनुसार कर्णालीका जनता कर्णाली प्रदेश सरकारले गर्नुपर्ने कर्णाली प्रदेशका जनतालाई दिनुपर्ने, गर्नुपर्ने कर्णाली प्रदेशको लागि गर्नुपर्ने विकासका बारेमा जुन नीति तथा कार्यक्रम जुन यो यहाँ सदनमा छलफल गर्दै छौं । यसको लागि कर्णाली प्रदेश सरकार र कर्णाली प्रदेश सरकारलाई सहयोग गर्नु हुने सम्पूर्ण विज्ञ टोल कर्मचारी साथीहरुलाई धन्यवाद र यो नीति तथा कार्यक्रम प्रति हृदयदेखि नै सर्मथन गर्न पनि चाहान्छु । हिजोका हाम्रा पुर्खाहरुले

भन्नु हुन्थ्यो हाटजानु राम्रै हुन्छ, बहि बुझाउन गाह्रो घाँस काट्न सजिलै हुन्छ, पुलि पार्न गाह्रो यस्ता शब्दहरु धेरै यो मार्मिक शब्दहरु छन्। गत साल २०७४/७५ को बजेटमा पनि नीति तथा कार्यक्रम हामीले पढ्यौं । हामीले हाम्रो दिमागले भ्याउने जति सकिने जति हामीले अध्ययन गर्यौं । यो १७ महिनाको अन्तकालमा प्रदेश सरकारले गर्नु पर्ने बनाउनु पर्ने व्यवस्थित बन्नु पर्ने अवस्था धेरै भएको हुँदा केही लेखिएको कुराहरु पनि यहाँ कार्यान्वयन भएन भन्ने माननीयज्यूहरुले भन्नु भयो । यहाँ साच्चै हो यत्रो प्रदेशको व्यवस्थापन गर्नुपर्ने कर्मचारीको आवश्यकता अभाव कार्यनीति बनाउनु पर्ने कानून बनाउनु पर्ने कुराले योसम्म आउँदा हामीले चाहिँ प्रदेश सरकारलाई कुनै धेरै तल बसेर गाली नै गर्नुपर्ने अवमूल्यन नै गर्नुपर्ने अवस्था त आएको छैन । तर यो वर्षदेखि हामीले आशा गरेका छौं र कर्णाली प्रदेशको हामीले आशा गरेका छौं । हामीले बोलिने शब्द यो प्रदेश सभामा माननीयले बोल्ने शब्द यो कर्णाली प्रदेशका १६/१७ लाख जनताको हो प्रदेश सरकारले बुझिदिने छ । कुनै एउटा बद्मी बोहोराले कुनै एउटा बिरबहादुर शाहीले बोलेका शब्द होइनन् । यो कर्णाली प्रदेशका जनताले त्यो हाम्रो डोल्पाको हाम्रो कर्णाली प्रदेशको प्रदेशभित्रैका अनकनटार ठाउँमा रहेका जनताले जस्तै डोल्पाको कु गाउँसम्म पनि यो कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रमले जनतालाई प्रदेश सरकार भएको र विकास भएको अनुभूति गर्न पाओस् शुभकामना छ र अहिले जुन प्रदेश सरकारले ल्याएका योजना, नीति कार्यक्रममा ल्याएका विषयहरु असाध्यै राम्रा छन् ।

सम्पूर्ण कुराहरुलाई समेटेर ल्याएको छ ३९ पेजको । यो कर्णाली प्रदेशको नीति तथा कार्यक्रम सबै कुराहरु समेटिएको छ । योमध्ये पनि पूर्व कर्णालीका डोल्पा, हुम्ला र कालिकोटलाई समेटेर यो नमूना विद्यालयको कुरा भयो । पर्यटन, यो एउटा पर्यटन क्षेत्रको यो प्रमुख पर्यटन क्षेत्रको यो रारा, फोक्सुण्डोजस्ता कुरा यो पर्यटन कुराको चाहिँ विशेष २ वटा अहिले मैले डोल्पाको कुरा गर्दा तीन वटा मुख्य कुरा यहाँ उल्लेख भएको छ । जगदुल्ला जलविद्युत आयोजना यो आयोजना, भेरि-बबै आयोजना जुन कर्णाली प्रदेश सरकारले अपनत्व हुने गरी अहिले यो नीति तथमा कार्यक्रममा ल्याएको छ । यसलाई धन्यवाद दिन चाहान्छु विशेषगरेर लेखिनु ठूलो कुरा होईन । कार्यान्वयन पक्ष राम्रो भएन भने लेखिनु ठूलो कुरा होईन । डोल्पाको जगदुल्ला परियोजनालाई जुन आज प्रदेश सरकारले आफ्नो महत्त्व दिने गरी यहाँसम्म पुर्याउनु हुने हाम्रा प्रदेश सरकारको मुख्यमन्त्री, संघीय सरकारका ऊर्जा मन्त्री र प्रदेश सभा सदस्य बिरबहादुर शाही हाम्रो ने.क.पा.का केन्द्रीय सदस्य हंसबहादुर शाही र हाम्रो संघीय राज्यमन्त्री धनबहादुर बुढाको जुन प्रयासमा आज कर्णाली प्रदेशको नीति तथा कार्यक्रममा हाम्रो जग्दुल्ला परियोजना पर्न सफल भएको छ । यसमा उहाँहरुलाई धेरैभन्दा धेरै धन्यवाद दिन चाहान्छु। अनुरोध गर्न चाहान्छु, प्रदेश सरकारलाई लेखिनु ठूलो कुरो होइन, तुरुन्तै कार्यान्वयनमा लैजानुहुन म अनुरोध गर्न चाहान्छु । त्यसै गरेर स्वास्थ्य, शिक्षा, यो भौतिक पूर्वाधारका कुरा छन् ।

कृषिका कुरा छन्, यो सम्पूर्ण कुरालाई चाहिँ प्रदेश सरकारले जुन तरिकाले लेखेको छ । लेखेको कुरालाई कार्यान्वयन गर्नुहुन म अनुरोध गर्दछु । अहिले कर्णाली प्रदेशको शिक्षाको अवस्था हेर्ने हो भने निकै दयनीय छ । मान्छे ५० प्रतिशत र ६० प्रतिशत मात्रै साक्षरता छ भन्ने छ । अहिले यो २ वर्षभित्र साक्षर कर्णाली प्रदेश घोषणा गर्ने जुन लक्ष्य छ । यसमा महिला साक्षरता जस्तै छोरी बुहारी शैक्षिक कोष भन्नु भयो। यसमा अहिले धेरै विद्यार्थीहरुले राहत पाएका छन् । जो पढ्न नपाउने गरिब विद्यार्थीहरु र सुगम हाम्रो कर्णाली प्रदेश सुर्खेत राजधानी भाको हुँदा मान्छेलाई सुगम भन्ने एउटा नियत हाम्रो पनि छ । तर यही र विभिन्न दुर्गम बस्तीहरु छन् । यही सुर्खेत भित्रै दैलेखभित्रै विभिन्न बस्तीहरु छन् । यो नमूना विद्यालयलाई पनि दशै जिल्लालाई समेटेर प्राथमिकता दिनहुन र बजेटको व्यवस्था गर्नहुन म प्रदेश सरकारलाई आग्रह गर्न चाहान्छु। किनकि हिमाली जिल्ला पूर्व कर्णाली मात्रै नभएर कर्णाली प्रदेशका सबै

जिल्ला पूर्व कर्णाली जस्तै छन् । किनकि दैलेख, सल्यान, जाजरकोट हामीले पनि हेरेका छौं । यहाँ भित्र पनि सम्पूर्ण कुरा छन् भन्ने होईन । त्यसैले प्रदेश सरकारलाई स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधार निर्माणमा बजेट छुट्याउन अलि धेरै प्राथमिकता दिन हुन बजेट धेरै छुट्याउन हार्दिक अनुरोध गर्दै यो नीति कार्यक्रम जो हेतुले प्रदेश सरकारले ल्याएको छ । जनताको घर घरमा पुग्ने गरेर जनताले त्यो सरकारले ल्याएको नीति कार्यक्रममा जनताले पनि अनुभूति हुने गरिकन कार्यान्वयन गरोस् प्रदेश सरकारलाई अग्रीमरुपमा शुभकामना दिदै मेरो भनाई यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री वीरबहादुर शाही । यसपछि माननीय श्री सुशीलकुमार थापा तयार रहनु होला ।

**माननीय श्री वीरबहादुर शाही :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारले २०७५/७६ को नीति तथा कार्यक्रममा सभामुखको अनुमतिमा यो कुरा राख्न पाउँदा यस नीति कार्यक्रममा माननीय सभामुख महोदय, यो कर्णाली प्रदेशको नीति कार्यक्रममा यो शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारीका लागि पूर्वाधार मूल नाराको लागि यो अत्याधिक महत्त्वपूर्ण नारा आइरहेको छ । यो नाराको साथ साथै नीतिमा भन्दा पनि यो कार्यान्वयन पक्षमा अगाडि बढोस् भन्ने मैले आफ्नो धारणा राख्न गएको छु र अहिले यो नीति तथा कार्यक्रमको सिलसिलामा कर्णाली प्रदेशका पूर्वाधार विकास बैंक कम्पनी संस्था कर्णालीको पानी जनताको लगानी भन्ने नारा आइपुगेको छ । आज नारामा मात्र सीमित हुने हो कि यो व्यवहारमा उत्रिने हो । कर्णालीको पानी जनताको लगानी भएको छ । आज कर्णालीको राजधानी सुर्खेतमा पानी नपाएर हामी बस्नु परेको छ । र अहिले मलाई यसो अनुभूत भै रहेको छ । हिजो साबिकको कर्णालीमा अहिले पनि त्यहि हो कि यहाँ पनि उल्टो लायो मलाई यहाँ बत्ती छैन, यहाँ पानी छैन । एउटा चाहिँ गएर सञ्चार गर्दा पनि मोबाईलमा चार्ज गर्ने बत्ती आउँदैन । यहाँ यलाई चाहिँ कर्णाली प्रदेश सरकारले एकदम यलाई गम्भीरपूर्वक लिनु पर्छ भन्ने मलाई लाइरहेको छ । अर्को एक भेरी-बबई डाइभर्सन र जगदुल्लाहा हाइडो पावर अहिले नीति कार्यक्रममा आएको छ । अत्यन्तै यो महिले हृदय बाटै कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । र यो जगदुल्ला हाईड्रो पावर अहिले १०७ मेगावाटको DPR भैरहेको छ र ७० मेगावाटको पूर्वाधार सम्भाव्यता अभियानमा लागि रहेको छ र जगदुल्ला हाइडो पावरमा १०७ मेगावाटको DPR भएर यसको बाँड्ने पनि अगाडि सुरु भएको छ काम र १७० मेगावाटको यो सम्भाव्यता अध्ययन एउटै खोलामा दुईटा आयोजना बन्ने भनेको कर्णाली प्रदेश कै एउटा मात्रै क्षेत्र होला जगदुल्ला हाईडो पावर होला यसमा चाहिँ यो सदनमार्फत् मैले सम्पूर्ण कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । अब बजेट विनियोजन गर्दाखेरि जनसंख्याको आधार भन्दा पनि आवश्यकता अनुसार र भूगोल अनुसारको आधारमा बिनियोजित गर्नु पर्छ । अहिलेसम्म हामीले देखि राखेका छौं । विभिन्न किसिमका टमटर, गोलभेडाका चाहिँ खुर्सानीको चाहिँ नीति कार्यक्रम आएको छ र यो छरिएका चाहिँ यो भन्दा अगाडि भएका योजनाहरुको कुनैपनि नामाकरण आएको देखेको छैन । यो रारा जुम्ला, डोल्पा, मुस्ताङ्ग हुने सडकको या संघीय सरकारले लिने हो कि या प्रदेश सरकारले लिने हो कि यो अल्ली अलमल्लमा परेको छ । अहिले ३/४ वर्ष भै सक्यो यसको न टेन्डर भएको छ । नत त्यसमा चाहिँ बजेट विनियोजन भएको छ । यसको चाहिँ प्रमुख म सरकारलाई ध्यान आकर्षण गर्न चाहान्छु । अब आउने बजेटमा आवश्यकता भूगोलको हिसाबले यो बजेट विनियोजन होस भन्ने मैले आशा राख्दै यो नीति तथा कार्यक्रमलाई हृदयबाटै स्वागत गर्दै मेरा भनाइ यही राख्छु । धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री सुशीलकुमार थापा । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनु होला ।

**माननीय श्री सुशीलकुमार थापा :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको २०७६/०७७ को नीति तथा कार्यक्रममा हामी नीति तथा कार्यक्रममा बहसमा उत्रिरहँदा आज म यो २०७६/०७७ को कर्णाली प्रदेशको नीति कार्यक्रममाथि आफ्ना धारणा राख्न उपस्थित भै रहेको छु । माननीय सभामुखज्यू, यो नीति तथा कार्यक्रम आज हामीले विगतमा दुई वटा नीति तथा कार्यक्रम र अहिलेको २०७६/०७७ को नीति तथा कार्यक्रम हेर्दा मलाई लाग्छ, यो नीति तथा कार्यक्रमले आज हामीले परिकल्पना गरेको र केही समय अगाडिदेखि सुझाव सल्लाह दिदै आईरहेको अनुसार यो नीति तथा कार्यक्रममा केही कुराहरुको तलमाथि भए पनि यल्ले सिंगो कर्णाली प्रदेशका आम जनताहरुको भावनालाई उच्च कदर गरेको छ । यो नीति तथा कार्यक्रमले कर्णाली प्रदेशको सबै १७ लाख जनताको भावनाको उच्च कदर गरी यो नीति तथा कार्यक्रम आयको हुँदा म यलाई नीति तथा कार्यक्रमलाई सर्मथन गर्दै यसमा भएका केही कुराहरु राख्न चाहान्छु । नीति तथा कार्यक्रममा थुप्रै कुराहरु समेटिएका छन् मलाई लाग्छ । यो नीति तथा कार्यक्रमै टेकेर हामीले अब आउने बजेटलाई केन्द्रित गर्यौ भने समावेशी समानुपातिक ढंगले सबैलाई समेट्ने गरी जाने छ भन्ने हामीले विश्वास गरेका छौं । किनकि यो नीति तथा कार्यक्रमले बजेटको एउटा आधार तय गर्छ, त्यसकारण विगत केही अगाडि माननीयहरुले पनि भन्नु भएको थियो। विगतमा एउटै संघीय निर्वाचन क्षेत्रको क र खमा लड्ने माननीय मध्येको एउटा माननीयको क्षेत्रमा ५६ करोड हुनु र अर्को माननीयको क्षेत्रमा ६ करोड हुनु यस्तो बिडम्बनापूर्ण बजेट नआउने गरी नीति कार्यक्रमले यलाई त्यो ढंगले सुधारेर ल्याएको छ भन्ने हामीले अपेक्षा गरेका छौं । त्यसकारणले कर्णाली प्रदेशमा रहेका सबै जिल्ला, सबै निर्वाचन क्षेत्र र सबै स्थानीय तहमा लगभग समान ढंगले त्यहाँको आवश्यकताको पहिचान गरेर बजेट निर्माण हुनेगरि नीति कार्यक्रमले सबैलाई जसरी समेटेको छ त्यहि आधारमा अगाडि बढ्ने छ । भन्ने मैले बिश्वास गरेको छु । विशेषगरी यल्ले विगत लामो समयदेखि राज्यको पहुँच भन्दा टाढा रहेको वर्गलाई समेट्न खोजेको जस्तो देखिन्छ । तर यहाँ केही छुटेको छ ।

हामीले पटक-पटक कुरा उठाउँदै आएका थियौं, जस्तो यो भन्दा अगाडि प्रारम्भिक बाल विकास भनेर कुरा उठाउँनु भएको थियौ । साँच्चै २० जना मान्छेलाई १५ वर्षभन्दा माथिका २० जना मान्छेहरुलाई लगानी गर्नु भन्दा आमा गर्भवती भैसकेपछि कम्तीमा ८ वर्षसम्मनको बालकलाई एक जना बालकलाई लगानी गर्नु त्यो महत्त्वपूर्ण हुन्छ । भन्ने जुन एउटा आधार छ त्यो आधारका आधारमा यो प्रारम्भीक बाल विकासलाई अलली विशेष प्रोजेक्टका हिसाबले अगाडि बढाईयो भने त्यो राम्रो हुन्छ। त्यो हिसाबमा अहिले छैन यहाँ ह्विल चियर ल्याएर साथीहरुले थुप्रै टाइम चाहिँ यहाँ आइरहनुभएको छ । थुप्रै, समस्या छ हामीले समृद्ध कणाली प्रदेश सुखारि कर्णाली जनता भनेर हामीले कुरा उठाई राछौं पक्कै पनि राज्यको पहुँच भन्दा टाढा रहेका ती मान्छेहरुको भावना अर्थात् तिनीहरुका चाहाना तिनीहरुको अपनत्व हुनेगरि हामीले नीति कार्यक्रम र बजेटलाई समावेश गर्न सकेनौ भने त्यो हाम्रो सुन्दर समृद्ध कर्णाली प्रदेश सुखारि कर्णाली जनताको हाम्रो मूल नारा सम्पन्न हुन्छ कि हुँदैन तीनले त्यो आभास प्रकट गर्न पाउँछन पाउँदैनन् ? त्यतातिर पनि हामीले ख्याल गर्नुपर्छ भन्ने कुरा छ, त्यसकारण जो अपाङ्ग र अर्को अटिजम भन्ने छ यो दुईवटा कोलाई विशेष ढंगले नीति कार्यक्रम अपाङ्गता एउटा सदनमा आएको छ तर मैले बार-बार पनि भने अटिजम भन्ने कुरा जो त्यसका बारेमा पनि यो समावेश हुन सकि राको छैन । स्वयम आफै एउटा अटिजम भएको बालबालिकाको अभिभावक, एउटा यो प्रदेश सरकारको एउटा सदस्य भईरहँदा उठाउँदा त समावेश हुन सकेन हुँदैन भने दुर दराजमा रहेका बीचरा ह्वीलचियर जो चाहिँ अत्यन्तै दुःख पिडामा भोगिरहेका छन् । ती मान्छेहरु के होला ? मैले प्रत्यक्ष नियालि रहेको छु । त्यसकारण यी कुराहरुलाई अल्ली विशेषरुपमा अगाडि बढाउनु पर्छ भन्ने मलाई लाग्छ। हामीले शिक्षा, स्वास्थ्य उत्पादन र रोजगार यी कुराहरुलाई हामीले विशेष प्राथमिकता त दिएका छौं । तर यो यसको आधार क्रियट चाहिँ गरेका छैनौ ।

हाम्रो कर्णाली प्रदेश सबैभन्दा बढी खाडि मुलुकहरुमा अझ त्यो विशेषगरी इण्डियामा थोरै पैशामा धेरै परिश्रम गरिरहेका जनता यही क्षेत्रमा पर्छन् । हामीले यलाई आफ्नै समाजमा आफ्नै घर परिवारमा बसेर आफ्नो जिबिका पार्जन गर्ने सक्ने हामीले नीति यसका लागि अल्ली दरिलो गुरुयोजना बनाएर अबका यति दिनभित्र यति मान्छेहरुलाई हामी रोक्न सक्छौं । यसको प्रतिशत कम्तिमा पनि यसरी घटाउँदै केही समयपछि यलाई निर्मुल गर्छौं भन्ने प्याकेज सहितको आउनु पर्छ जस्तो लाग्छ। यो नीति कार्यक्रमले एउटा थुप्रै देश विदेशमा रहेका थुप्रै आम मान्छेहरु एउटा चासो चाहिँ पलाएको छ । जस्तो यसमा हामीले सहुलियत पूर्ण ऋण दिने कुरा उठाएको छौं यल्ले केही आशाहरु पलाएको छ यो निरासामा परिणत भइ बजेटले सम्बोधन गरेर ती थुप्रै जो युबाहरु हाम्रो यो मुलुकका एउट मेरुदण्डका रुपमा देखिन्छन् तीनलाई समावेश गर्ने यो जो हामीले अठोटका साथ अगाडि बढेका छौं । यलाई कहिँकतै नछुटाएर यलाई अगाडि बढाउनु पर्छ यस्तै थुप्रै खालका जुन कुराहरु छन्, यो नीति कार्यक्रमले थुपें कुराहरु समावेश गरेको छ। र केही कुराहरु जस्तो यहाँ चाहिँ यो हामीकले अल्लो उत्पादन गरेर कर्णाली प्रदेशका सबै सरकार, सदन, यहाँ रहेका संसद सचिवालयका सबै कर्मचारीहरुले प्रयोग गर्ने भनेका छौं । यही हाम्रो चाहिँ दैलेखमा छालाको जुत्ता, सावरको जुत्ता पाउँछ। जुत्ता पनि हामीले प्रयोग गर्ने छौं । त्यो पनि यहाँ समावेश गरेको भए छालाको जुत्ता त्यहाँ दैलेखमा पाउँछ । अन्यत्र पनि पाउँछ होला । त्यलाई पनि समावेश गर्यौं भने हामीले यहाँ मात्र होईन, सिंगो नेपाल र बाहिरसम्म हामीलाई त्यलाई चाहिँ बिक्री वितरण गर्न सक्छौं, त्यसकारणले त्यसको पनि प्याकेज बनायौं भने राम्रो हुन्छ । यो छालाको जुत्ता पनि साबरको जुत्ता यसलाई यी दुई ओटैलाई समावेश गर्नका लागि आग्रह गर्न चाहान्छु । एउटा यसमा दैलेखको लोहोर खोलाबाट सुरुङ्गद्वारा खानेपानी, सिंचाई, जलविद्युतको लागि बहुउद्देश्यीय आयोजनाको सम्भाव्यता अध्ययन गरिने छ, भन्या छ ।

म यसको लागि एकदम हृदयदेखि स्वागत गर्दै यसमा सुरुङ्गमार्फत् हामी खानी पानीका लागि सिंचाईका लागि हामी सुरुङ्ग खन्छौ भने फास्ट ट्र्याकमार्फत् यो सडक पनि सँगसँगै सडकको पनि त्यो चाहिँ भोलि सिंगो साबिकको कर्णालीसँग जोडिएको भोलि चाहिँ रारा र मानसरोबरसँग जोडिएको एउटा उेतिहासिक मार्ग हुन सक्छ । त्यसकारणले एउटा सडकमा पनि हामीले फास्ट ट्र्याकमार्फत् त्यलाई सुरुङ्ग मार्गको पनि अध्ययन गर्ने सँगसँगै भनेर यसमा जोड्नका लागि आग्रह गर्न चाहान्छु । सँगै हामीले यहाँ चाहिँ स्वास्थ्य र मनोरञ्जनका लागि खेलकुद भनेका छौं । हामीले देखि रहेका छौं । हामीले नजिक भारत र पाकिस्तान छन् जो कुनै पनि खेल हुँदा पाकिस्तानले भारत माआएर खेल्न सक्दैन र भारतले पाकिस्तानमा गएर खेल्न सक्दैन त्यस्तो अवस्थामा कम्तीमा त्यस्तो अवस्थामा पनि हामीले अहिले अन्तर्राष्ट्रिय खेलकुद ग्राउण्डहरु रंगशालाहरु ब्नाउन नसकिए पनि कम्तीमा पनि त्यस्तो अन्तर्राष्ट्रिय रंगशाला र क्रिकेट रंगशालाका लागि सम्भाब्ता अध्ययन गर्ने कम्तीमा पनि डकुमेन्ट्री तयार गर्यो भने भोलि के कति लागत लाग्छ । कति हामीले कहाँबाट जुटाउनु पर्छ भन्ने हुन्छ त्यसकारणले यलाई त्यो अन्तर्राष्ट्रिय क्रिकेट र अन्तर्राष्ट्रिय रंगशालाको सम्भाव्यता अध्ययन पनि यसमा जोडियो भने राम्रो हुन्छ यसकारण यसलाई भोलि हामीले त्यो सम्भाव्यता अध्ययन गरेर हामीले रंगशाला र क्रिकेट मैदान मात्रै बनाई दियौ भने र भारत र पाकिस्तानका हुने खेलहरु मात्रै यो ठाउँमा खेलाउन सक्यौ भने एउटा पर्यटकीयदेखि लिएर अन्य व्यापार व्यवसाय पनि हाम्रो त्यहि ढंगले अगाडि बढ्न सक्छ । यही कुराहरु राख्न चाहान्छु हस्त धन्यवाद।

**माननीय सभामुख -** माननीय श्री गोपाल शर्मा । यसपछि माननीय श्री करविर शाही तयार रहनुहोला ।

**माननीय श्री गोपाल शर्मा :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारले आफ्नो आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । यस सन्दर्भमा हामीले यो नीति तथा कार्यक्रममा

छलफलमा भाग लिदै गर्दा मलाई खासगरी सरकारले विगत समीक्षाको झल्को सरकारले विगत कस्तो रह्यो भन्ने कुराको झल्को चाहिँ यसमा पेश गरेको जस्तो अनुभूति हुन्छ । मलाई विगतमा सरकारी एउटा निष्कर्षमा पुगेको देखिन्छ हामीसँग संरचना नभएका कारणले काम गर्न सकेनौ भन्ने अनुभूति गरेको छ र त्यसकारण संरचनाको परिकल्पना यसमा गरेको छ । दोस्रो कुरा हामीसँग त्यस्ता कर्मचारीहरु उपलब्ध भएनन् । खासगरी मानव शक्तिको कमि भयो त्यो पुर्ति गर्ने व्यवस्था हामीले गर्नु पर्छ भन्ने ठानेर त्यसको व्यवस्थापनि यहाँ एक खालको परिकल्पना गरेको छ । योजनाहरुमा भद्रगोल भयो योजना छनौट त्यसको कार्यान्वयनको प्रक्रियामा भद्रगोल देखियहोला त्यसकारण परियोजना बैकजस्ता केही बैक परियोजना बैकहरु के व्यवस्थापनको कुरा पनि नीति तथा कार्यक्रममा ल्याएको छ र समग्रमा विगतको समीक्षाको प्रतिबिम्बको रुपमा केही कार्यक्रम नीति तथा कार्यक्रम यहाँ पेश गरेको छ यसको निम्ति म सरकारलाई धन्यवाद दिन चाहान्छु ।

माननीय सभामुख महोदय, खासगरी कर्णाली समृद्धि आधारको रुपमा सरकारले एउटा सुत्र पेश गरेको छ । शिक्षा स्वास्थ्य उत्पादन र रोजगार यसका लागि पूर्वाधार भन्ने एउटा सुत्र वा नारा प्रस्तुत गरेको छ र आफूलाई सबै खाले बिभेदको अन्त्य गर्नें युवालाई रोजगारी सिर्जना गर्ने अपाङ्गता भएका व्यक्तिहरुलाई एउटा अवसर सिर्जनागर्ने र जेष्ठ नागरिकलाई सम्मान दिने उद्देश्य पनि यसमा राखिएको छ । खास गरी कर्णाली समृद्धिको आधार सरकारले प्रस्तुत गरेका ४ ओटौ कुरा नै हो । हामीले शिक्षा स्वास्थ्य उत्पादन र रोजगार समग्रमा रोजगार सिर्जना गर्ने कुरा धेरै महत्त्वपूर्ण छ र त्यसले मात्रै कर्णालीलाई समृद्ध बनाउन सक्छ । सरकारले प्रस्तुत गरेका नीति तथा कार्यक्रममा सामान्यतया यसलाई अध्ययन गर्ने हो भने यो सबै कुरा लागू हुने हो भने समृद्धिको आधार वा कर्णाली समृद्ध हुन नसक्ने भन्ने हुँदैन । कर्णाली समृद्ध बन्न सक्छ । तर सरकारले खासगरी शिक्षामा यस्तो परिकल्पना गरेको छ । नमूना विद्यालय आवासीय विद्यालयहरु विश्व विद्यालयको अवधारणा छ । मेडिकल कलेजको प्राविधिक कलेजहरुको स्थापनाको कुराहरु छ । सरकारले सँगसँगै के कुरा बुझ्न जरुरी छ भने खास समस्या कहाँ छ । सिक्षाका संरचनाहरु नभएर शिक्षाको विकास नभएको हो ? वा भएका संरचनाहरुलाई सुधार नगरेर हो? भन्ने कुराको बहस गर्न जरुरी छ सरकारले त्यलाई व्यवस्थापन गर्न जरुरी छ । मैले के ठानेको छु भने अहिले भएका संरचनाहरु अहिले भएका अवस्थाहरुलाई मात्रै बदल्न सकियो भने पनि शिक्षाको गणस्तरियता कायम गर्ने नीति के हो ? त्यो नीति कस्तो त भन्दा जरुरी छ । गुणस्तरियता कायम गर्ने नीति खासगरी अहिले भएका शिक्षकहरुको व्यवस्थापन एकातिर शिक्षक अभाव छ अध्यापन गराउने शिक्षकहरुको अभाव छ । अर्कोतिर भएका शिक्षकहरुको व्यवस्थित क्रियासिलता छैन वा अनुसासित शिक्षकहरुको व्यवस्थापन गर्न सकिएको छैन । यस बारे नीति कार्यक्रमलाई अलिकति व्यवस्थित यसमा व्यवस्थापन गर्न जरुरी छ । अर्कोतिर खासगरी स्वास्थ्यका क्षेत्रहरु आज हामीले के ध्यान दिन जरुरी छ भने प्रत्येक ओडा तहमा स्वास्थ्य केन्द्रहरुको स्थापना र प्रर्बद्धनात्मक कार्यक्रमहरुमा हामीले जोड गर्न जरुरी छ। रोजगारी शिर्जनाका विभिन्न प्रयासहरु त्यसका नीतिहरु म पनि यहाँ बोलिएको छ । खास गरी कामको सिर्जना गर्ने रोजगारीको अवसर दिने, ज्यालामा सुधार गर्ने, र युवाहरुलाई रोजगारीका भूमिकाहरुमा खासगरी भूमिकाहरुमा स्थापित गर्ने कुरा उल्लेख छ । विभिन्न स्तरका तालिमहरु दिने यी कुराहरु त छदै छन्, तर मुख्यकुरा हामीसगं यी नभएर होईन रोजगारी सिर्जनाको लागि युवाहरुले के प्राप्त गर्न सक्छन । त्यो सँगसँगै मैले उत्पादनको कुरा पनि मैले जोड दिएको छु । उत्पादनका तमाम पक्षहरु छदै छन् उत्पादनसँग युवाहरुलाई जोड्ने तरिका के हो ? भन्ने कुरासँग जोड्ने हो भने युवाहरुलाई जरुरी के छ भने पहिलो उत्पादनका साधनहरुमा युवाहरुको स्वामित्व वा जनताका स्वामित्व स्थापित गर्न जरुरी छ पहिलो, दोश्रो खासगरी सहुलियत पूर्ण ऋण अझ भन्दाखेरि उत्प्रेरणा दिने त्यलाई उत्प्रेरणा दिने गरी सहुलियतका

व्यवस्थाहरु सकिन्छ त्यलाई व्यवस्थित रुपले परिणाममा आधारित सहुलियत एकातिर अर्कोतिर शुन्य ब्याजदरको ऋणको व्यवस्थापन हामीले गर्न सक्यौ भने यो रोजगारीको अवसर वा उत्पादनमा बृद्धि हामीले गर्न सक्छौं ।

पूर्वाधारका क्षेत्रहरु, सभामुख महोदय, पूर्वाधारका क्षेत्रहरु हामी कहाँ यसले खास गरी सडक सञ्जाललाई प्राथमिकतामा राखेको छ त्यो स्वभावीक हो हाम्रो जस्तो प्रदेशमा आज हामीले सडक व्यवस्थापनमा जोड दिन जरुरी छ प्रदेशको राजधानी आफैमा हाम्रा ओरिपरि प्रदेश कस्तो छ । राजधानी कस्तो छ । भन्ने कुराले समग्र प्रदेशलाई प्रतिबिम्बित गरी रहेको छ । राजधानीलाई जिल्ला, र जिल्लालाई राजधानीसँग जोड्ने र जिल्लालाई फेरि सदरमुकाम केरे स्थानीय तहसँग जोड्ने जो अवधारणा छ यसलाई व्यवस्थित गर्ने कुरासँग सँगै छ र पूर्वाधारको विकासले समग्र कुराहरुलाई ध्यान दिन्छ र उद्योगहरुको स्थापना गर्ने कुरा साना वा ठूला साना उद्योगहरुको कुराहरुपनि गरिएको छ । ठूला उद्योगहरुको स्थापना गर्ने र त्यसबाट रोजगारी सिर्जना गर्ने कमुराहरु के हुन ? भन्दाखेरि यसको निम्ति बाटो घाटो बिजुलि आदि इत्यादिको कुराहरु मात्रै होईन ठूला उद्योगहरुको स्थापनाको लागि सरकारले के सहुलिएत प्रदान गर्न सक्छ त्यो सहुलिएतको नीति पनि जरुरी छ । त्यता पट्टि पनि सरकारको ध्यान आकर्षण म गराउन चाहान् पनि सरकारको ध्यान आकर्षण म गराउन चाहान्छु ।

सभामुख महोदय, सरकारले धेरै महत्त्वपूर्ण रुपले आफूलाई प्रस्तुत गर्न खाजिएको छ । तर सरकारले आफैले प्रस्तुत गरेका विषयहरु केही अन्तरविरोधी छन् । म एउटा बुँदा पढेर सुनाउन चाहान्छु । प्रदेश सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीति तथा कानुनि व्यवस्था गर्ने सक्ने छ लागत अनुमान सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तथा तयार भएका परियोजनाहरुबाट मात्र बजेट विनियोजन गरिने छ । भन्ने एकातिर छ । नयाँ परियोजना तथा कार्यक्रमका हकमा सम्भाव्यता अध्ययन लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदनका लागि मात्र बजेट व्यवस्थापन गरिने छ । भन्ने एकातिर छ । अर्कोतिर यहीनिर के व्यवस्था छ सभामुख महोदय भन्दा केबलकार, गुरिल्ला पर्यटन पदमार्ग, भ्युटावर तथा कस्तुरि पदमार्गको सम्भाव्यता अध्ययन गर्ने गरी निर्माण कार्य प्रारम्भ गरिने छ । एकातिर DPR मा मात्र बजेट व्यवस्थापन गरिने छ । अर्कोतिर बजेटलाई फेरि निर्माणका कार्य एकातिर यो नभएर पनि निर्माण कार्य प्रारम्भ गरिने छ । भन्ने कुरा छ हाम्रो उद्देश्य के हो भने अहिले DPR अहिले DPRमा प्राथमिकता राखेर बजेट विनियोजन गर्ने हो भने यो फेरि मन्त्रीहरुले अहिले जे बिभेदकारि प्रक्रिया अगाडि बढाउनु भएको छ । हामी पुरै असहमत छौं । बिभेदकारि प्रक्रियामा आफ्नो क्षेत्रमा मात्रै बजेट केन्द्रित गर्ने जो प्रक्रीर्या छ । त्यसैलाई निरन्तरता दिन खाजिएको छ यो अमान्य छ । बजेटलाई DPR को आधारमा मात्रै विनियोजन गर्ने हो भने यो अमान्य हुन्छ । दोस्रो कुरा DPR पनि सँगसँगै गर्दैजाने र काम पनि अगाडि बढाउदै जाने हाम्रो नीति त्यसरी हुन जरुरी छ । मैले यो कुरा राख्न चाहान्छु । दोस्रो कुरा नयाँ संरचनाको परिकल्पना गरिएको छ भएका संरचनाहरुलाई पनि परिचालन गर्न नसक्ने तर नयाँ संरचनाहरुको परिकल्पना गर्ने त्यहि संरचना बनाउन फेरि असार अर्को आउँदो वर्षको असार मसान्त पर्खिनुपर्ने अवस्थाले कर्णाली प्रदेशको विकास र समृद्धिको यात्रालाई व्यवस्थापन गर्न सक्दैन मेरो यो बुझाई हो ।

माननीय सभामुख महोदय, केही शब्दहरु हामी अलिअलि ध्यान दिन जरुरी छ । भन्ने ठान्छु म खासगरी आजभोलि चलन चल्तिमा प्रधानमन्त्री अगाडि शब्द रोकेर राष्ट्रपति अगाडि जोड्ने हुँदै जाँदा तल मुख्यमन्त्री जोड्ने गाउँ पालिकाका प्रमुख जोड्ने नगरपालिकाका प्रमुख जोड्ने त्यस्तो शब्दावलीको प्रयोग छ त्यो शब्दावलीले धेरै उपयुक्त हुँदैनन् कि भन्ने म ठान्दछु जस्तो यहाँ मुख्यमन्त्री रोजगार कार्यक्रम युवा रोजगार

कार्यक्रम भनेर ल्याउन पर्ला जस्तो लाग्छ । मुख्यमन्त्री दलित तथा महिला आयआर्जन कार्यक्रम मुख्यमन्त्री महिला हो कि महिला तथा दलित आयआर्जन कार्यक्रम हो । त्यस्ता शब्दहरुले काहिँ न काहिँ असर गर्छ । छोरी बुहारी कार्यक्रम भनेर भन्ने छ नि छोरी मात्रै भने के हुन्छ ? बुहारी भने नातिनी थपिएला फुपु थपिएलान दिदि थपिएला बैनि थपिएला यो नाताको कुरा होईन महिलामात्रै भनौ त्यले समग्र ओगट्न सक्छ । शब्दहरुका कुराहरु पनि सँगसँगै हुन सक्छन । सारतः बजेट सकारात्मक छ । बजेटले समग्रमा कर्णाली प्रदेशलाई समृद्ध बनाउने एउटा इच्छाशक्ति जाहेर गरेको छ । त्यसको निम्ति म सरकारलाई म धन्यवाद दिन चाहान्छु । समग्रमा कर्णाली प्रदेशलाई समृद्ध बनाउने एउटा इच्छाशक्ति जाहेर गरेको छ । त्यसको निम्ति म सरकारलाई म धन्यवाद दिन चाहान्छु । समयको लागि माननीय सभामुखज्यूलाई धन्यवाद।

**माननीय सभामुख -** माननीय श्री करविर शाही । यसपछि माननीय श्री मिनासिंह रखाल तयार रहनु होला ।

**माननीय श्री करविर शाही :** माननीय सभामुख महोदय, समयले कति चाडै फन्को मारे छ। एक वर्ष बितेर हामी नयाँ नीति तथा कार्यक्रममा छलफल गर्दै छौं । गएको वर्ष सरकारले ल्याएको नीति तथा कार्यक्रमका सन्दर्भमा पूर्व वक्ता माननीयज्यूहरुले त्यसको केही बिश्लेशण सरकारले समीक्षा गरेको अनुभूति भयो भन्नु भयो । म यो सन्दर्भमा अगिल्लो वर्षको नीति तथा कार्यक्रमको समीक्षाको झल्को होइन कि सरकार अल्ली पछि हटेको भागेको जस्तो मलाई अनुभूति भयो । अगिल्लो वर्षको नीति तथा कार्यक्रममा ल्याएका विषयहरु कोहि कोहि विषयहरु यो प्रदेशको सन्दर्भमा कर्णाली प्रदेशको विकासको सन्दर्भमा कर्णाली प्रदेशको समृद्धिको सन्दर्भमा धेरै महत्त्वपूर्ण थिए ती विषयहरुलाई यो वर्ष सरकारले छोडेको हो वा यी विषयहरु थप गरेको हो ? यो स्पष्ट हुनु जरुरी छ । कार्यक्रमहरु सालबसालि आउँछन् वा हरेक वर्ष फेरिएर आउँछन् । समयक्रममा सरकारहरु बदलिन्छन । अहिले सरकार बदलिएको हो ? वा नीति कार्यक्रम बदलिएको हो । यो सन्दर्भमा केही विषयहरु यहाँ राख्नु मैले सान्दर्भिक ठानेको छु । हाम्रो जसतो देशमा सरकारहरु बदलिने र अगिल्लो सरकारले ल्याएका नीतिहरु सरलक्कै फालेर नयाँ ल्याउने प्रचलन छ । तर हाम्रो सन्दर्भमा त्यस्तो होईन अहिले हामी गत वर्षको निरन्तरतामा छौं ।निरन्तर विषयहरु मलाई लाग्छ । सरकारले त ध्यान दिएको होला । सरकारले जवाफ दिँदा कहिँ भन्ला तर मैले के देखिन भने गत वर्ष लिएका कतिपय नीतिहरुलाई दुई लाईनमा निरन्तरता दिएका छौं । दिनेछु । भन्ने शब्द कहि राखेको भए हामीले अगिल्लो वर्षलाई पनि कतिपय कुरानिरन्तर भए र नयाँ कुरा आए भन्ने हामीले बुझ्ने थियौ । यसका लागि मैले सरकारलाई सरकारको ध्यान आकर्षण गर्न चाहान्छु । अगिल्लो वर्ष केही समयसम्म कर्णाली प्रदेश सुरुङ्गमय भयो, सुरुङ्गको छेलो खेलो भयो पछिल्लो मध्य मध्यतिर आउँदा DPR मय भयो ।

अहिले सबैकुरा लिपपोत भएर बन्द अवस्थामा छ । यसकारणले विकासको गति यो अवस्थाबाट अगाडि बढ्यौ भने कर्णाली प्रदेश ठ्याक्कै कहाँ पुग्छौ । दुई वटा बजेट त आईसके, दुई वटा बजेट अरु ल्याउला । यस्ता नीति तथा कार्यक्रम दुइ चोटि ३ चोटि पढ्नु होला तर अन्तिम पटक अनि निर्वाचनमय र निर्वाचनमुखी पनि पढ्नु पर्ने होला । कार्यक्रमहरु तर दुइवटा फ्रेस नीति तथा कार्यक्रम आउने हुन अबको अवस्थामा त्यसकारणले सबैले सबभन्दा राम्रो अगिल्लो वर्ष सरकारलाई हामीले छुट दियौ के छुट दियौ भने यो वर्ष हामी आधार निर्माण गर्ने वर्ष हो भनेको हुनाले हामीले छुट पनि दियौ । यो वर्ष पनि आधार निर्माण गर्ने वर्ष वा जम्मा जम्मी DPR गर्ने वर्ष हो । यसका लागि सरकारले नीति तथा कार्यक्रममा अलिकति ख्याल गर्न पर्ने थियो । भन्ने मैले ठानेको छु । अब यो DPR र यहाँ आफैमा सरकार के

भन्छ । भने विकाससम्बन्धी नीतिमा DPR भएका योजनाहरुलाई मात्र बजेट विनियोजन गरिने छ । भनेर भन्छ । त्यसो हो भने मन्त्रीहरु आफै बुझेर DPR गर्ने आफै गाडि चढेर गएर योजना स्थलमा प्राविधिक लिएर जाने यो हिसाबले हेर्ने हो भने हामीले विगतमा देखेका यही मञ्चबाट पटक-पटक रहेका माननीय सदस्यले भनेका कुराहरु यो वर्ष समायोजित भएर सन्तुलित विकासको ठाउँमा कसैले गर्न सकदैन त्यसैले यो सन्दर्भलाई मैले सरकारले लिएकै हो भने पनि DPR भएको योजनाहरुलाई प्राथमिकता हुनेछ भन्ने शब्द राख्यो भने अरुको पनि सन्तुलित विकास हुन्छ भन्ने यहाँ हिसाब देखिन्छ । होइन भने सम्भाव्यता अध्ययनका लागि मात्र अरु कुरा राखे हो भने त यो कार्यक्रममै नल्याए भयो पोहोर सालै सम्भाव्यता अध्ययनको लागि भरमार योजनाहरु छानिएकै छन् त यस कारणले यो हिसाबले ख्याल गर्नुपर्छ होला । यहाँ केही विषयहरुलाई आफैले सरकार बाध्यकारि भइ बाधिएको जस्तो मैले देखेको छु । १ करोड भन्दा माथिका योजनाहरुलाई मात्र यले प्राथमिकता पाउने छ भनिएको छ । तर प्रदेश सरकार जनताको नजिकको सरकार भन्ने कुरा पनि यहाँ लेखिएको छ ।

यो दुईवटा कुरालाई कसरी मिक्स गर्ने होला । वास्तवमा प्रदेश सरकार नजिकको सरकार हो भने हामीले १ करोडभन्दा बढी लागतका आयोजनाहरुमा चलाउने हो र त्यो अवस्थामा जाने हो भने अहिले संरचनाका हिसाबले खोलिएका कार्यालयहरु मलाई मैले औंलामा जोडेर भन्न पनि भन्न सक्छु । २० वटा कार्यालयहरु तपाईले बन्द गर्नुपर्छ। २० वटा कार्यालय हटाउनु पर्छ । यो नीतिले गर्दाखेरि किनभन्दा तपाईले खोलिसकिएको छ । जुन कार्यालयहरु छन्, खानेपानीका चाहिने डिभिजनहरु छन् । सबै जिल्लामा के भन्छ, सिचाईका अफिसहरु छन् । ती सिंचाईका अफिसहरु १ करोड भन्दा माथिका मात्र आयोजना चलाउँदा तिनी अफिसहरु बन्द गर्नुपर्छ कि पर्दैन ? आफै बन्द हुनेछन्। यो नीति तथा कार्यक्रम पास हुने बित्तीकै स्वतः ती बन्द भएर जाने छन् । असार अन्तिमसम्म चल्नेछन्, साउन १ गतेपछि स्वतः तिनी बन्द हुने छन् । यो नीतिले गर्दाखेरि त्यहाँ बाझियो, सरकार नजिकको प्रदेश सरकारको साना-मसिना पोलिसीमा के बनाऊँ भने ठूला मझौला र साना योजनाहरु बनाऔं सरकारका नीतिहरु अलि उपल्ला हुने गर्छन्, त्यसो गरियो भने हामीले के ठूला हुन् के ? संघीयसँग समन्वय गर्नु पर्ने हो के आफैले गर्न सकिने हो । के स्थानीय तहसँग हामीले समन्वय गर्नपर्ने हो । त्यो हिसाबले हामीले अगाडि बढौं, बढायौ भने योजना बैंकका हिसाबले पनि योजनाको विश्लेषण गरेर गर्ने नीति तथा योजना आयोग होला यल्ले यो बिश्लेषण होला तर हामी आफै बाँधियौं, त्यलाई के काम हामी बाँधिसक्यौ, सरकार बाँधिसक्यो । हामीले भन्नु भएन मञ्चबाट हामीले बोल्नु पर्ने थियो विषयमा पोहोर साल उसमा गरियो हामी ठूलामा जाउ भनेर हामीले भन्नु पर्ने थियो सरकार आफैले ल्यायो र केही अफीसहरु स्वतः बन्द हुने अवस्थामा मैले देख्छु ।

केही संरचनागत कुरा उठाउँनु भएको छ ।भैरहेका संरचनाको विकास भैरहेका संरचनाहरुको समृद्धि त्यसको चाहिने प्रर्बद्धन गर्न नसकेको सरकारले नयाँ संरचना बोल्दैमा यो प्रदेशको समृद्धि हुने मैले सम्भाबना देख्दीन त्यस कारणले यो सन्दर्भमा मैले यति कुरा भन्न चाहान्छु । सँग सँगै केही विषयहरु केही बालिका कुरा छन् । केही अन्न बालिका कुरा केही केभन्छ मसलाजन्य बालिका क्ुरा जे राखिएको छ । यलाई एकलाईनमा यतिका धेरै विषय पनि आईसक्यो एकलाईनमा रहिथाने बालिहरुको संरक्षण तथा प्रर्बद्धन गरिने छ भनेर भनेको भए सबै विषय किन भन्दा पोहोर साल हामीले अर्गानिक कर्णाली समृद्धिको आधार गर्ने भनेका छौं । पोहोर साल हामीले कर्णाली समृद्धिको आधार पर्यटन र पूर्वाधार भनेका छौं । यो वर्ष हामीले जे विषय राखेको छ यो जोडियो कि जोडिएन विषय भयो भएन पोहोर सालको स्लोगन र यो स्वलोगनका बीचमा सामज्यस्यता छ कि छैन । यले के कामलाई प्राथमिकता दिन्छ । शिक्षाको कुरा छ ठीक छ शिक्षाको कुरा शिक्षालाई राख्यौ पहिलो प्रबिधि हो तर शिक्षाको समया काहाँनिर हो । शिक्षाको पूर्वाधार हो । कि शिक्षाको गुणस्तर हो कि र शिक्षकहरुले नपढाउने धन्दा हो । यो शिसाबले हामीले

किटान गर्न नसकेर विषय चाल्यौ भने हामी फेरि १ वर्षसम्म विषय छान्दै त्यसको प्राथमिकिकरण गर्दा गर्दै अर्को असार जेठ आई पुग्ने छौं । र फेरि पनि यो मञ्चबाट यस्तै विषय र यस्ता विषयहरु भनिरहनु पर्ने अवस्था रहने छ । मैले यो सन्दर्भमा यति भन्न चाहान्छु । सँग सँगै पोहोर साल सबै सांसदहरुले यो मञ्चबाट सरकारको नीति तथा कार्यक्रम र बजेट आउँदा सबैको एउटा स्वर थियो ।त्यो स्वर के थियो भने बजेट सन्तुलित भएन त्यो कसरी होला सम्पन्न भन्दा सांसदहरुले आफ्नो धारणा राख्नु भयो । मैले पनि आफ्ना सन्दर्भ कति मिल्यो कति मिलेन माननीय मुख्यमन्त्रीज्यूले पटक पटक त्यलाई सम्बोधन गरेर यलाई ब्यबस्थीत गरिने छ । र कायम गरिने छ । तर व्यवहारमा के भयो जे थियो त्यहि गरियो केही पनि भएन । यसकारणले यो वर्ष मत यो निर्वाचन क्षेत्रबाट एउटा नीश्चित जनताबाट निर्बाचीत भएको सांसद भएको हुनाले मैले लाज नमानीकन भन्नु पर्छ । प्रदेशको निर्वाचन क्षेत्रको सन्तुलित विकासका लागि हामीले यो छ नीति तथा कार्र्यक्रममा पनि भनियो त्यो थिएन तर कुनै पनि हालतमा सन्तुलित विकासका लागि निर्वाचन क्षेत्र विकास पूर्वाधार कार्यक्रम यो वर्ष अनिवार्य सामेल गरिनु पर्छ । यो सामेल गरियौ भने हाम्रो भबिस्य हाम्रो महत्त्व प्रदेशको निर्वाचन क्षेत्रका सांसदहरु जम्माजम्मी माननीय गणेशप्रसाद सिंहले भन्या जस्तै सोसियल मोबिलाइजर हुन् त ? यस कारणले यो सन्तुलित विकासका लागि पनि हामीले यो विषयलाई हामीले विषय प्रवेश गराउनु पर्छ । यो वर्ष र अहिले विषय प्रवेश गरायर मात्र नीति तथा कार्यक्रम संलग्न गर्नका लागि म कर्णाली प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु । र यो नीतिमा बोलिएका धेरै विषयहरु कर्णाली समृद्धिका आधार हुँदैहुन् तर यसको मेलो यसको प्राथमिकता पहिल्याउन सकियो र बेलैमा यसका नीतिहरुलाई राम्रो हिसाबले केही खोटहरु छन् । केही खोटहरुलाई निकालेर अगाडि बढ्न सकियो भने कर्णाली समृद्धीको आधारको एउटा पत्र कार्यक्रम हुने कुरा विश्वास राख्दै र सरकारलाई केही परिमार्जन सहित अगाडि आउन नीति तथा कार्यक्रममा संशोधित भएर आउनका लागि हार्दिक अनुरोध गर्दै बिदा हुन्छु । धन्यवाद।

**माननीय सभामुख -** माननीय श्री मिनासिंह रखाल । यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनु होला ।

**माननीय श्री मिनासिंह रखाल -** माननीय सभामुख महोदय, नीति तथा कार्यक्रममा भाग लिदै गर्दा कर्णाली प्रदेश सरकारले ल्याएको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा धेरै कुराहरु समेटिएका छन् । अहिलेको नीति तथा कार्यक्रमको कुरा गरी रहदा हामीले यो वर्ष यो वर्ष भनदा अगाडि पनि दुइटा नीति तथा कार्यक्रममा सहभागी भैसकेका छौं । ती नीति तथा कार्यक्रममा बोलिरहदा र त्यहाँ परेका कार्यक्रमका योजनाहरु हामीले सम्पन्न गर्यौं कि गरेनौ भन्ने कुराहरु पनि समीक्षा हुनु पर्छ जस्तो मलाई लाग्छ । त्यसैगरी सरकारले ल्याएको जुन ३९ बुँदामा ल्याएको नीति तथा कार्यक्रम असाध्यै राम्रो सानदर्भिकलाग्या छ । हाम्रो देश बहुधार्मिक बहुसांस्कृतिक बहुभासिक देश त्यसमा पनि हामी कर्णाली प्रदेशका हामीले नयाँ संरचनाबाट जानु परिरहेको छ । नयाँ अवस्थालाई विचार पुर्याइ रहनु परि रहेको छ । यो अवस्थामा कर्णाली प्रदेश सरकारले जुन उद्देश्यले यो कर्णाली प्रदेशलाई समृद्धि गराउनको लागि सुखारि कर्णाली बनाउनको लागि ल्याएको नीति तथा कार्यक्रममा मलाई केही कुराहरु छुटेको जस्तो पनि लागि रहेको छ । कस्तोलाग्छ भने दलितको कुरा दलितले नै बोल्नु पर्ने महिलाका कुरा महिलाले नै बोल्नु पर्ने जनजातिका कुरा जनजातिले नै बोल्नु पर्ने त्यस्तो हो भने हामी एक हौ भनेको सान्दर्भिक जस्तो मलाई लाग्दैन । यहाँ धेरै कुराहरु आई रहदा जनजातिका कुराहरु छुटेका छन् यस भन्दा पनि अगाडि विनियोजन बिधेक आएको थियो पूर्व विनियोजन बिधेकमा त्यहाँ पनि मैले कुरा उठाउँनै पर्यो । यहाँ राम्रा कुराहरु जनजातिका कुनै नाम पनि छैन । म यसलाई अलिकति सारंसा भन्न चाहान्छु।कर्णालीको विकासको बाटो घाटो उद्योगधन्दा, कलकारखाना, दुई छाक राम्रोसँग खान पाउने, ओतलाउन पाउने, शिक्षा,

स्वास्थ्य, उत्पादन रोजगार सबै कुराहरु यहाँ निर्माण भैसके पछि छोरीबुहारीका कुराहरु आएका छन् छात्रवृत्तिका कुराहरु आछन्, दलित महिला, अपाङ्ग गरिबहरुको जेहेन्दार विद्यार्थीलाई छात्राबृत्तिका कुराहरु आछन् । आज जनजातिका कुराहरु कहाँ छन् ? आज डोल्पा, हुम्ला, दैलेख, सुर्खेत, सल्यान, रुकुम, जाजरकोट, कालिकोट हरेक ठाउँमा जनजातिहरु बसिरहेका छन् । ती जनजातिहरुले आफ्नै सीप उत्पादनबाट पोषाक लाउने डोका, डाला, नाम्ला बुनेर जिबिका उपार्जन गर्ने र आफ्ना उद्योग व्यवसाय गरेर बसिरहेका अवस्थामा आज ती जनजाति कान कुराहरु यो एउटा नीतिमा छोएको छैन त्यसैकुराहरुगर्दाखेरि जाजरकोट, डोल्पा, हुम्ला, मुगु, जाजरकोटका कुरालाई नीतिमा ल्याउने हो ? कि होईन नीतिमा आउनु पर्थ्यो कि पर्थेन । भन्ने मेरो आफ्नो धारणा हो र आज हामीले यो नीति कार्यक्रमको जो ७ नम्बरको कुरा गरिरहेका छौं र यसरी यो प्रदेश सरकारको प्राथमिकतालाई कार्यान्वयन आवश्यकता थप र नीतिगत कानुनी व्यवस्था गर्दै लगिने छ र लागत अनुमानमा सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएको परियोजना मात्रै बजेट विनियोजन गरिने छ । भन्ने कुराहरु जो आएको छ त्यस्तो हो भने हामीले गर्न लागेको कामहरु पूरा हुने हुन कि होइनन् ? र ती DPR भैसकेकालाई मात्र काम गर्ने र थप योजनाहरु अगाडि आउन सक्ने हो कि होईन ? त्याहाँ पनि संका लाग्ने कुराहरु छन् । र त्यस्तै दश ओटै जिल्लामा हामीले सामुदायिक विद्यालयका कुराहरु आउनुपर्छ भन्ने पनि मलाई लागिरहेको छ र छाउपडि प्रथालाई जो हामीले हाम्रो सिंजा भाषा अनुसार छुई भन्ने गरेका छौं । अलिकत सान्दर्भिक थिएन कि तर पनि प्रचलन अनुसार यो चाहिँ मलाई के लाग्छ भने हामीले भन्ने र बोल्ने गरेको यो प्रथा छ । जो प्रथालाई हामीलाई पाहिरै टङ्गाईरहेको छ । यो साच्चै नै हो भने यसलाई चाहिँ हामीले अभियानको रुपमा हुन्छ कि अथवा हामीले कार्यकर्तालाई परिचालन गरेर हुन्छ कि यो प्रथाले हामी महिलाहरुलाई असाध्यै साघुरो बनाई रहेको छ । अझै पनि हामी सांसद छौं, मन्त्री छौं तर हाम्रा आमा दिदि बैनिहरु बाहिरै बसेर खाईरहेको पनि अवस्था हामीले देखिरहेका छौं । यही प्रथाले हामीलाई असाध्यै बाहिर बस्ने गराएको छ । कुकुरलाई सम्मान छ महिलालाई सम्मान छैन । यसलाई हामीले बुझाउन असाध्यै जरुरी छ । यहाँ जुन कुरा आको छ । म यसलाई सान्दर्भिक नै ठान्छु । तर यो प्रथा निर्मुल गर्नको लागि हामीसँग यस्तो संस्कार छ । जो धामि, झाक्रि, देउता प्रचलन भनेर हामी घोप्टे च्याप्टे परेर बर माग्ने गरिरहेका छौं । त्यो संस्कारलाई हामी कसरी नीर्मुल गर्ने जो धामि झाक्रिको हिसाबमा हामी प्राज्ञिक छौं । आज धामिले मानेन भनेर घर भित्र बस्न नपाईने, अनि हाम्रो देउताले मानेन भनेर कटेरोमा बस्नु पर्ने त्यस्ता कुराहरु पनि आई रहेका छन् । यो सरकारले राम्रोसँग त्यसलाई ध्यान दिएर र कसैलाई काहि पनि बाधा नगरेर उनीहरुको पेसालाई पनि अपहेलित नगरेर र महिलाहरुलाई सम्मान हुने कार्यक्रम ल्याउनु पर्दछ भन्ने म ठान्दछु। त्यसैगरी दैलेखको लाहोरेबाट जुन सुरुङ्ग मार्गबाट पानी ल्याउने कुराहरु गरिएको छ ।

मलाई के लाग्छ भने लोहोरे अल्लि सुर्खेत र लोहरे लगभग लगभग बराबरि सतहमा पर्ने भएकाले मेरो आफ्नो धारणा डुङ्गेस्वर पराजुलि खोला हो भन्ने मलाई लाग्छ। किनभने डुङ्गेस्वर पराजुलि खोलाबाट यहाँ सुर्खेतमा ल्याउनेनै हो भने त्यो पानी राम्रो र सहजैसँग आउन सक्छ भन्ने मेरो एउटा मानयता हो । अब कृषिको कुराहरु गर्दाखेरि यहाँ धेरैकुराहरु आईसके हामीले रैथाने बाली भने पनि पुग्ने थियो । फलफुल हाम्रै कर्णालीमा उत्पादन भएको फलफुलहरु भनेपनि हुने थियो हाम्रै कर्णालीको पशुपंन्छि भने पनि हुने थियो यति धेरै नामहरु दिएर यसलाई चाहिँ एउटा साधारण मान्छेले नबुझेको जस्तो गरेर यो यति धेरै लसुन, प्याज, धनीयाँ भनेर लेख्नु पर्ने थिएनकि जस्तो मलाई लाग्छ। मसलामा उत्पादित तरकारीमा उत्पादित अन्न बालिमा उत्पादित दलीय बालिमा उत्पादित फलफुलमा उत्पादित, फलफुल पशुपंक्षी भनेर लेखिदिएको भए अरु एक पन्ना सहज हुन्थ्यो कि जस्तो मलाई लाग्छ । त्यसै गरी हामीले जुन काम गर्दै छौं । जुन आवश्यकता पूरा गर्दै छौं । र त्यो आवश्यकता पूरा हुन्छ कि हून्न र हामीले कर्णाली प्रदेशको

सरकारलाई हृदयदेखि स्वीकारेका छौं र धन्यवाद पनि दिन्छौ । यो सरकारको मात्रै जिम्मेवारी होईन हामी माननीयहरुको पनि जिम्मेवारी हो । तर हामीलाई समानुपातिक समावेशी तरिकाले बजेट विनियोजन गर्नु पर्छ । आज गत वर्षको कुरा गर्दाखेरि महिला माननीयहरु केही पनि होईनन् । समानुपातिक मात्र हुन एउटा पार्टीले चुनेर ल्याएर आएका मात्र हुन उनीहरुबाट कुनै पनि योजना हुन सक्दैन जस्तो बिभेद भयो यस वर्ष हामीले त्यो खोजेका छैनौ । हाम्लाई सांसद विकास रकम चाहिन्छ । हामीले आफ्नो ठाउँमा दलित, दु:खि गरिब, विपन्न वर्गका पिछडिएका वर्गका, ती क्षेत्रका लागि हामीले जुन आवाज उठाएका छौं । त्यो आवाजका लागि हामी पूरा गर्न सक्छौं । भन्ने पनि हामीले म यसैबाट माग गर्दछु । किनभने हामी धेरै दु:ख र कस्ट गरेर लगानी गरेर यो ठाउँमा आएका हौ तर प्रत्यक्ष रसमानुपातिक कुरा आउँदाखेरि महिलाहरु केही पनि होईन भन्ने जस्तो कुरा जहाँ बुझ्न आइयको छ त्यसले हामीलाई अन्तत के गराएको छ भने आत्म ग्लानी गराएको छ । हामीले भोलि पनि आफ्नो जिम्मेवारी बहन गर्नको लागि त्यो क्षेत्रमा त्यो फिल्डमा हामीले कस्सीएर उठ्नु पर्छ भन्ने मलाई लाग्छ । नीति कार्यक्रम जुन हिसाबले यहाँ आएको छ यसलाई म हृदयदेखि स्विकार्छु र हाम्रा मागहरु पूरा गरियोस, जनजातिका कुराहरुलाई सम्बोधन गरियोस भन्दै म बिदा हुन्छु हवस्त धन्यवाद।

**माननीय सभामुख -** माननीय श्री कौशिलावती खत्री ।त्यसपछि माननीय श्री बिन्दमान बिष्ट तयार रहनु होला ।

**माननीय श्री कौशिलावती खत्री -** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश सरकारको २०७६/०७७ को नीति तथा कार्यक्रममा माननीय सदस्यहरुले आफ्नो धारणा राख्ने क्रममा छु । त्यहि क्रममा म यो रोष्टममा उभिएकि छु । माननीय सभामुख महोदय, आत्मनिर्भर आफ्नो आन्तरिक स्रोतलाई परिचालन गरेर कर्णाली प्रदेशलाई अब आफै आन्तरिक स्रोतबाट पनि आफ्नै स्रोतबाट पनि विकासमा लगानी गर्नु पर्छ र कर्णाली प्रदेशका जनतालाई सहज जीवन यापन गर्नको लागि यो नीति तथा कार्यक्रममा मसिना मसिना कुरा र अत्यन्तै महत्त्वपूर्ण कुरा समावेश गरी ल्याईएको हुँदा म कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । धेरै कुरा त पूर्व वक्ता माननीय सदस्यज्यूहरुले महत्त्वपूर्ण कुरा राखि सक्नु भएको छ । त्यसमा पनि यो नीति तथा कार्यक्रम असाध्यै राम्रो भएको र यसमा मेरो धारणामा जुन-जुन कुरा छन् । त्यो पनि समेटिएको भए अझै सुनमा सुगन्ध हुने थियो भन्ने मलाई लागेको छ । यो नीति तथा कार्यक्रममा हामीले शिक्षा, स्वास्थ्य, रोजगारीलाई कणाली प्रदेश सरकारले जोडेको छ । यसलाई पनि बलपुग्ने गरी जुन शिक्षालाई प्रमुख कर्णाली समृद्धिको आधार बनाईएको छ । यसमा शिक्षामा कसरी बितृष्णा आयो कसरी शिक्षा गुणस्तरिय हुन सकेन भन्ने कुरा बिश्लेषण गर्न आवश्यक छ । यात संरचनामा ध्यान पुगेन यात शैक्षिक गुणस्तर कायम गर्नको लागि हाम्रा शिक्षकहरुले दक्ष शिक्षकहरु आउनु भएन यात उहाँहरु ड्युटि गर्ने लापरबाहि भयो । यात हाम्रो अभिभावकहरुको कमजोरी हो । यो कुरा बिश्लेषण गर्न आवश्यक छ र त्यसै किसिमको नीति तथा कार्यक्रम बनाउन हाम्रो कर्णाली सरकारले ध्यान दिनु पर्छ । जस्तै हामीले दक्ष जनशक्ति र गुणस्तरिय शिक्षा खोजि रहदा प्रमुख वास्तवमा म कहाँ जोड्न चाहान्छु भने जुन शिक्षकहरुलाई अहिले हाम्रो समाजले हाम्रो अभिभावकहरुले हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्नको लागि हाम्रो नीति तथा कार्यक्रमहरुले आत्म सम्मान हुने खालको नीति तथा कार्यक्रम गराउनु पर्छ । किनभने बौदिक क्षमताले गर्ने काममा आत्म सम्मान पाइएन भने मान्छेको मानसिकता ठीक हुँदैन । असन्तुलन मानसिकताले गरेको काम पनि त्यति प्रभावकारी हुँदैन । त्यसैले उहाहरुलाई आत्म सम्मान हुने खालको कार्यक्रम नीति तथा कार्यक्रममा जोडिनु पर्छ र जुन शिक्षक भर्नाको नीति विद्यालय व्यवस्थापन समितिबाट गरिन्छ । यो नीतिबाट कहिल्यै पनि दक्ष शिक्षक र गुणस्तरिय शिक्षाको कल्पना गर्न सकिदैन यलाई शिक्षा सेवा

आयोगबाट करारमै पनि शिक्षा सेवा आयोगबाट परिक्षा लिएर निस्पक्ष रुपमा शिक्षकहरु नियुक्ति गर्नको लागि कर्णाली प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा यलाई जोड्नु पर्दछ।

अर्को जुन हामीले महिलाहरुका कुरा गर्दै छौं । महिलाहरुलाई मुख्यमन्त्री महिला रोजगार कार्यक्रम लगायतका हाम्रा जुन सुकै मन्त्रालयबाट महिलासम्बन्धी आयआर्जन मूलक जुन हाम्रो कार्यक्रममा समावेश हुँदै छ । त्यसमा महिलाका घरायसि कामलाई पनि मुल्य श्रमसँग जोड्ने र श्रमसँग मान्यता दिने उलाई नीति तथा कार्यक्रममा ल्याउनु पर्छ र उहाँहरुलाई जुन अहिलेसम्म उत्पादनमुखी भएर होईन यस्ता काममा लगाईन्छ जो मुल्याङ्कननै हुँदैनन् । सानो सानो काम लगाइन्छ । उहाँहरुको आत्म सम्मान नै हुँदैन । उहाँहरुले उत्पादनमुखी काममा जति गर्नको लागि जुन कर्णाली प्रदेश सरकारले नीति तथा कार्यक्रममा ल्याएको छ । यलाई पूर्ण कार्यान्वयनमा लैजान पर्छ । यो भाषणमुखी नभएर कार्यान्वयनमुखी हुनुपर्छ र शब्दमुखी नभएर कार्यान्वयनमुखी हुनुपर्छ हाम्रो नीति तथा कार्यक्रम बल्ल सफल हुन सकिन्छ भन्ने मेरो धारणा छ । हामीले धेरै कुरा स्वास्थ्यका कुरा गरिरहँदाखेरि  अपाङ्ग, गरिब, सुत्केरिका कुरा गरिरहँदाखेरि हरेक ठूला रोग लागेका कुराका यहाँ नीति तथा कार्यक्रममा आएतापनि मनोरोगिको कतै पनि नीति तथा कार्यक्रमले जोडेको देखिदन मनोरोगि जसलाई यो हाम्रो गाउँघरमा र यही हामी जहाँ कर्णाली प्रदेश सरकार उपस्थित हाम्रो राजधानी हो । त्यहिमा पनि सडकमा हाम्रा मनोरोगिहरु छेउछाउमा यतात्यता छरिरहेका हुन्छन् । केही आफ्नो उले काम गर्दा आफ्नो मस्तिष्कले काम गर्दा हामीलाई पनि प्रश्न गर्छन् साथीहरुले खैत हामलाई के तपाईले के गर्नु भयो मलाई एउटा दिदिले यसरी प्रश्न गर्नु भयो आफ्नो होस हुँदाखेरि स्कुल बनायौ हामीले यो गर्यौ बाटो बनायौ भन्दाखेरि  मेरो लागि केही काम छैन । मलाई यो कुनै पनि मनोरोगिलाई एकठाउँमा व्यवस्थापन गर्ने। उलाई सम्बन्धित उपचार गर्नै ठाउँसम्म पुर्याई दिनको लागि एउटा कुनै पनित्यस्तो किसिमको सन्दर्भ तत्काल जोड यिदनु पर्छ भन्ने यो नीतिमै आउनु पर्छ भन्ने पर्ला लाग्छ। पूर्व वक्ता धेरै सांसदहरुले निर्वाचन क्षेत्रविकास कोषको कुरा गरी रहदा मलाई पनि मेरो नीर्बाचन क्षेत्र विकास कोष हुनुपर्छ भन्ने अनुभूति भएको छ । हामीले जुन निर्वाचन क्षेत्रकोषले समानुपातिकरुपमा र सन्तुलन रुपमा काम गर्न सक्छ । हामीले पनि आफ्ना निर्वाचन क्षेत्रमा केही आफूले प्रतिबद्धता गरेका हुन्छौ । केही आफूले बोलेका कुरालाई सहजै रुपमा क्रमशः रुपमा सम्बोधन गर्नको लागि निर्वाचन क्षेत्र विकास कोष आवश्यकता हुन्छ भन्ने मलाई लागेको छ । यो जुन हाम्रो प्रदेशमा लगायत हाम्रो देशैभरि भूमि छरपष्ट रुपमा छरिएको छ । भूमिको प्रभावकारी भूमिसुधार नीति अबलम्बन गर्नको लागि कुनै पनि एउटा सञ्जाल या संयन्त्र खडा गर्नु पर्छ कि भन्ने मलाई लागेको छ र यसरी कर्णाली प्रदेशले नीति तथा कार्यक्रम ल्याई रहदा गतवर्ष जस्तै संसदबाट एउटा किसिमको नीति कार्यक्रम पास हुने र पछि गएर अर्को कुनै संसद छकि भन्ने जस्तो गरी कार्यक्रम आउने अनुभूति अहिले हुने छैन भन्ने मलाई बिश्वास छ । पक्कै पनि हाम्रो सुझावलाई गूहण गर्दै नीति तथा कार्यक्रममै टेकेर कणाली प्रदेश सरकारले कार्यक्रम र योजना ल्याउछ । सांसदका कुराहरुलाई सम्बोधन गर्छ भन्ने विश्वासका साथ मेरा दुई धारणा यही टुङ्गियको जानकारी गराउँछु ।धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री बिन्दमान बिष्ट ।

**माननीय श्री बिन्दमान बिष्ट -** माननीय सभामुखज्यू, हामी कर्णाली प्रदेश सरकारको २०७५/७६ को नीति तथा कार्यक्रममाथि छलफलमा सहभागी भै रहेका छौं । यो ऐतिहासिक अवसरमा म सबैभन्दा पहिला महान् जनयुद्ध जनआन्दोलन र प्रदेश प्राप्तीको आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नू हुने महान सहिदहरु प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । कर्णाली प्रदेश सरकारलाई विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु । आर्थिक वर्ष २०७६/०७७ को नीति कार्यक्रम प्रदेश सरकारको नीति तथा

कार्यक्रम बडो मेहनतका साथ प्रस्तुत गर्नु भएको छ । हिजोदेखि हामी छलफलमा सहभागी भै राख्या छौं । सभामुख महोदय, यसका केही सकारात्मक पक्ष सबैभन्दा पहिले म उल्लेख गर्न चाहान्छु । यले शिक्षा क्षेत्रमा विद्यालयदेखि विश्व विद्यालयसम्मको र पलस शाक्षरता अभियानको कर्णाली प्रदेश शतप्रतिशत शाक्षरता पुर्याउने यले परिकल्पना गरेको छ । यो हाम्रो प्रदेशका सन्दर्भमा अति आवश्यक विषय छ । स्वास्थ्य ईकाईदेखि मेडिकल कलेजसम्मको यले परिकल्पना गरेको छ । प्रादेशिक स्तरको हस्पिटल जो छ त्यसको क्षमता बृद्धिको कुरा गरेको छ । त्यसपछि पूर्वाधारको क्षेत्रमा केही रहेका ल्याप्सेसहरुलाई परियोजना बैंक पूर्वाधार विकास बैंक ईन्जिनियरिङ्ग कम्पनी,मार्फत् यसलाई अलिकति व्यवस्थित गर्नै प्रर्यत्न गरेको छ । र यो कार्यक्रम सामाजिक सुरक्षाको हिसाबले हेर्दाखेरि दलित महिलामैत्री कार्यक्रमको रुपमा प्रस्तुत भएको छ । त्यसपछि स्थानीय सरकार संविधानले बलियो परिकल्पना गरेको केरे समनवय, सहअस्तित्व, र साझेदारीको जो हाम्रो संघीयता हो त्योसँग स्थानीय सरकारसँग आफ्नो समन्वयलाई व्यवस्थित गर्ने सहकार्यलाई व्यवस्थित गर्ने र प्रदेश केरे समृद्धिको अभियानमा हामी नजिकै रहेका दुइटा सरकारहरु र त्यसमा संघीय सरकारलाई पनि समन्वय गरी यो अभियानलाई अगाडि बढाउने परिकल्पना गरेको छ ।हस्पिटल जो छ यसको क्षमता बृद्धिको कुरा गरेको छ । त्यसपछि पूर्वाधारको क्षेत्रमा केही रहेका ल्याप्सेसहरुलाई परियोजना बैंक पूर्वाधार विकास बैंक ईन्जिनियरिङ्ग कम्पनीमार्फत् यसलाई अलिकति व्यवस्थित गर्ने प्रयत्न गरेको छ । र यो कार्यक्रम सामाजिक सुरक्षाको हिसाबले हेर्दाखेरि दलित महिला मैत्री कार्यक्रमको रुपमा प्रस्तुत भएको छ । त्यसपछि स्थानीय सरकार संविधानले परिकल्पना गरेको समन्वय सहअस्तित्व साझेदारीको जो हाम्रो संघीयता हो । त्योसँग स्थानीय सरकारसँग आफ्नो समन्वयलाई व्यवस्थित गर्ने, सहकार्यलाई व्यवस्थित गर्ने, र प्रदेश समृद्धिको अभियानमा हामी नजिकिरहेका जुन दुई तहका सरकारहरु र त्यसमा संघीय सरकारलाई पनि समन्वय गरी यो अभियान लाई अगाडि बढाउने जो परिकल्पना गरेको छ । सभामुख महोदय, अब यी सकारात्मक कुराहरु भए अब यी विषयहरुको भित्र छिर्दाखेरि मैले के देख्छु त भन्दाखेरि  विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षाको कुरा गर्यो यसले सभामुख महोदय, शिक्षामा हेर्दाखेरि भोलिन्टियरहरु परिचालन गर्ने कुरा गर्यो । केरे नमूना स्कुल निर्माण गर्ने कुरा गर्यो । विश्वविद्यालय स्थापना गर्ने कुरा गर्यो विश्वविद्यालय जरुरी छ । राज्यले व्ययभार बोक्नेगरि व्ययभार लिने गरी विश्वविद्यालय सञ्चालन गर्ने हाम्रो नेपालमा एउटा परम्परा छ। यही परम्पराबाट हामी हुकिर्दै आईरहेका छौं । तर दुनियामा मैले कहिँ कतै यस्तो पनि देखेको छु सभामुख महोदय विश्व विद्यालयले आफै आत्मनिर्भर हुन सक्ने र त्यसपछि गएर राज्यलाई पनि केही योगदान गर्न सक्ने विश्वविद्यालयहरु पनि छन् । हामी त्यो प्रकारको विश्व विद्यालयको परिकल्पना गर्ने हो र त्यो अनुसार गर्ने हो भने त्यो ठीक छ। त्यस पछि गएर भोलिन्टियर सञ्चालन गर्ने कुरा गरेको छ । यो सायद संघीय सरकारको कार्यक्रममा पनि परेको छ । यहाँपनि हामीले भोलिन्टियर फेरि सञ्चालन गर्दै छौं । त्यसपछि गएर मोडेल स्कुल सञ्चालन गर्ने कुरा गर्यौं सभामुख महोदय, एउटा स्थानीय तहमा स्थानीय तहको स्थानीय पालिकाको सेन्टरमा रहने विद्यालयलाई मोडेल स्कुल सञ्चालन गर्ने कुरा गर्यौं सभामुख महोदय, म ध्यमन आकर्षण गराउन चाहान्छु, ७९ वटा हाम्रा स्थानीय तहहरु छन् । स्थानीय पालिकाहरु छन् । हामीले मोडेल स्कुल सञ्चालन गर्दाखेरि यो नीति कार्यक्रमले के भन्छ त भन्दाखेरि सभामुख महोदय, ७९ वटा मोडेल स्कुल सञ्चालन गर्ने कुरा गर्दछ । ७९ वटा मोडेल स्कुल सञ्चालन गर्नको लागि हामीले कुन प्रकारको मोडेल स्कुल सञ्चालन गर्न खाजेको हो । सभामुख महोदय, हामीले बजेट कति छ । विनियोजन गर्नको लागि मोडेल स्कुल भनेको अहिले २०/३० लाख रुपैयाँ हाल्दिएर मोडेल स्कुल हुने हो ?५० लाख रुपैयाँ हाल्दिएर मोडेल स्कुल हुने हो ? अब १ करोड रुपैयाँ हाल्देर मोडेल स्कुल हुने हो ? मोडेल स्कुलसम्बन्धी हाम्रो बुझाई के हो ? सभामुख महोदय, यसमा अलिकति म अस्पष्ट भए त्यस कारणले

गर्दाखेरि हामी त्यसो नगरौ मेरो प्रस्ताव के छ त भन्दाखेरि अहिले कर्णाली प्रदेशको आवश्यकता भनेको पूर्वाधारको कुरा परियो यो शिक्षा क्षेत्रको तर त्यो भन्दा महत्त्वपूर्ण आवश्यकता के हो त भन्दाखेरि त्यहाँ भएका शिक्षकहरुलाई कम्तीमा पनि तलब खाने वातावरण हामीले कसरी शिर्जना गर्ने होला । म बिनम्रता पूर्वक आग्रह गर्न चाहान्छु । कतिपय स्कुलहरु यस्ता छन् विद्यालयहरु यस्ता छन् । १० लाख रुपैयाँसम्म शिक्षकलाई तलब खुवाउन उदारो केरे राखेर बसिराखेका विद्यालयहरु छन् । सभामुख महोदय, यो कुराको समस्या कसरी हल गर्ने होला ? समस्या एकातिर छ हामी अन्तैतिर गैरहेका हौ कि भन्ने खालको समस्या छ त्यसकारणले गर्दाखेरि यलाई रिभियु गरौं म बिनम्रता पूर्वक आग्रह गर्न चाहान्छु । यलाई रिभियु गरौं मोडेल स्कुल सञ्चालन गर्ने कार्यक्रम संघीय सरकारले पनि ल्याई राखेको छ । मैले सुनेको छु । एउटा मोडेल स्कुल सञ्चालन गर्नको लागि संघीय सरकारले ५४ करोड बजेट दिन्छ रे संघीय सरकारले सञ्चालन गरेको मोडेल स्कुलमा ५४ करोड बजेट दिन्छ । प्रदेश सरकारले सञ्चालन गरेको मोडेल स्कुलमा हामी ५४ लाख रुपैयाँ दिन सक्छौं ।त्यसपछि अनि मोडेल स्कुल कस्तो हुन्छ । यतातिर हामी अलिकति रिभियु गरौं भन्न चाहान्छु सभामुख महोदय, त्यस पछि गएर पूर्वाधारको क्षेत्रमा जान चाहान्छु। पूर्वाधारको क्षेत्रमा ईन्जिनियरिङ्गको कम्पनीको अवधारणा यले ल्याएको छ । हामीले नीति कार्यक्रममा पनि आएको छ । यसको केरे DPR नगरिकन लागत अनुमान नगरिकन पूर्व सम्भाव्यता अध्ययन नगरिकिन हामी कार्यक्रमलाई अगाडि नबढाउने भन्ने कुरा आएको छ । मैले त निरन्तर पहिलेदेखि नै भन्दै आएको छु । ईन्जिनियरिङ्ग कम्पनी बनाउ र वर्षभरि नै उसको काम हाम्रा योजनाहरु तय गरी सकेपछि हामीले कार्यक्रम तय गरिसकेपछि त्यसको लागत अनुमान गर्ने स्टमेट गर्ने त्यसपछि गएर DPR गर्ने यो काममा निरन्तर रुपमा सञ्चालन गरी राखौ त्यसले प्रदेश सरकारको आर्थिक व्ययभार पनि घट्छ यो उपयुक्त कार्यक्रम छ र पूर्वाधार निर्माणको हिसाबले हेर्दाखेरि यहाँ पूर्वाधारको क्षेत्रमा एउटा नयाँ संरचनाको परिकल्पना गरिएको छ । र यो संरचनाको परिकल्पना गर्दाखेरि मलाई के भन्न मन लागेको छ भने सभामुख महोदय, यहाँ विगतको समीक्षा भएको छ ।

यो नीति तथा कार्यक्रममा विगतको समीक्षामा के भनियो त भन्दाखेरि संस्थागत र कार्यगत बन्दोबस्तीको सर्बदा अभाव छ । स्थापना भइ आफ्नो क्रियाकलापहरु अगाडि बढाउनु परेको थियो अन्यौलता कानुनि अस्पष्टता समयमा योजना कार्यक्रम सँगठन संरचना हस्तान्तरण कर्मचारी यति हुँदाहुँदै पनि प्रदेश सरकारले आफ्ना कामहरु अगाडि बढाएर हामी सफल रहयौ भने यसको सार छ सभामुख महोदय, यहाँ त कहि पनि उल्लेख गरिएको छैन के हाम्रो संरचनाहरु कहाँनेरि भएनन् । हाम्रो कार्यक्रम अगाडि बढेन भनेर कहिँ पनि उल्लेख गरिएको छैन । केको आधारमा यतिखेर हामी नयाँ संरचना निर्माण गरेर त्यसपछि गएर हामी द्रुत विकासको परिकल्पना गरिरहेका छौं । त्यसकारणले गर्दाखेरि म के भन्न चाहान्छु भन्दाखेरि हामीले यो हाम्रा भएका संरचनाहरुलाई कामयाबि बनाउ कामयाबि त्यसको नेतृत्व गर्ने अंगहरु कामयाबि हुन सकेनन् । भने त्यसको बारेमा पुर्नविचार गरौं यसको लागि हामी आपन्लि छलफल गरौं तर हामीले नयाँ संरचना अब अरु कुनै बहानामा नयाँ संरचना निर्माण गरेर फेरि प्रदेशसरकारको व्ययभार बढाउने काम नगरौ । म बिनम्रतापूर्वक आग्रह गर्न चाहान्छु । त्यस पछि गएर यो सँगै हामीले रोजगारी सिर्जना गर्नै कुरा गरेका छौं । ईन्जिनियरिङ्ग कम्पनीको यहाँ परिकल्पना गरियो मैले अघिल्लो वर्ष पनि भनेको थिएँ फेरि पनि म आग्रह गर्न चाहान्छु । कि अब हामी ईन्जिनियरिङ्ग कम्पनीले दिने स्टीमेट पनि केरे DPR तयार गर्ने काम गर्छ र यसपछि गएर निर्माण कम्पनीको मातहतमा पनि फेरि पनि त्यसो मातहतमा दशौहजार हामीले रोजगारी सिर्जना गर्न सक्छौं र कामहरु व्यवस्थित केरे बलियो ढंगले व्यवस्थित ढंगले हामी कामहरु अगाडि बढाउन सक्छौं । यो कुरा म तपाईहरुको सम्मानित सदनमा प्रस्तुत गर्न चाहान्छु ।

पूर्वाधार निर्माणको हिसाबले हेर्दाखेरि राजधानीलाई केरे राजधानीलाई यो वातावरण मैत्री बनाउ ने कुरा सम्बन्धित रहेर केही पूर्वाधारका कुरा त आए तर यो भन्दा पनि वातावरणमैत्री पनि बनाम्ला तर त्यो भन्दा महत्त्वपूर्ण कुरा के छ त भन्दाखेरि यसका संरचनाहरु पूर्वाधारहरु निर्माण गर्ने हिसाबले हेर्दाखेरि नीति कार्यक्रममा स्पष्ट रुपले उल्लेख गर्न जरुरी छ । भन्नेकुरा म यहाँ व्यक्त गर्न चाहान्छु । त्यसपछि सामाजिक सुरक्षाको हिसाबले दलित र महिलामैत्री कार्यक्रम छ, मैले अगाडि भनिसके जेष्ठ नागरिक र बालबालिकाका सन्दर्भमा यहाँ थुप्रै माननीयज्यूहरुले पनि उल्लेख गर्नु भएको छ । बालबालिकाको सम्बन्धमा जेष्ठ नागरिकका सन्दर्भमा प्रष्ट कार्यक्रम आएर अगाडि बढ्न जरुरी छ । त्यसपछि गएर अब उत्पादनमुखी हिसाबले हेर्दाखेरि उत्पादनमा आकर्षण कसरी गर्ने होला । हाम्रो खासगरी अझ कृषि क्षेत्रको कार्यक्रमको हिसाबले हेर्दाखेरि मैले त्यो कहि पनि कतै पनि भेट्टाउन सकिन त्यहाँ अनुदानमा गडबढि भएको छ । यो कुरा सत्य हो अनुदानलाई हामीले व्यवस्थित कसरी गर्ने एउटाकुरा त्यो गर्न जरुरी छ र त्यस पछि गएर लाइनमा हामीले कसरी गर्ने नीति लोन दिदाखेरि हामीले सहुलिएत लोन कसरी दिने हामीले त्यो नीति कार्यक्रममा पनि कहि पनि उल्लेख नभएको कारणले गर्दाखेरि यलाई समेटेर जान जरुरी छ यसपछि गएर अघिल्लो वर्ष हामीले अर्गानीक प्रदेश र त्यसपछि गएर डिजिटल कर्णाली बडो हुँकारका साथ अगाडि आयो तर अहिले विस्तारै यो नीति कार्यक्रममा मैले के देखेको छु त भन्दाखेरि यो विस्तारै कमजोर हुँदै गएको छ । अर्गानीक प्रदेश बनाउने हाम्रा आधारहरु कोहि पनि कार्यक्रममा उल्लेख भएको छैन । अर्गानीक उत्पादनलाई अरुभन्दा अर्गानीक उत्पादनलाई प्रोत्साहान गर्ने त भनियको छ अरुभन्दा अर्गानीक उत्पादनलाई प्रोत्साहान गर्दाखेरि अर्गानिक प्रदेशमा हामी कहिले पुग्ने होला र त्यसपछि गएर डिजिटल कर्णाली भनेर अगिल्लो पटक हामीले यो विषयमा थुप्रै बहस छलफल पनि गर्यौं । अहिले उपयुक्त कानुनि र संस्थागत व्यवस्था गरेर अगाडि बढाउने कुरा गरिएको छ । त्यसो हुँदाखेरि हामी जति कार्यन्वयन गर्न सक्ने हो । हाम्रो हैसियत के हो ? हाम्रो क्षमता के हो ? हाम्रो अवस्था के हो ? त्यो अवस्थाबाट अगाडि बढ्न सक्यौ भने पछि नीति कार्यक्रम कामियाबि हुन्छ र भोलिका दिनहरुमा प्रष्न उठाउँने ठाउँ रहदैन त्यसकारणले गर्दाखेरि त्यतातिर ध्यान दिन पर्ला जस्तो लाग्छ । त्यसपछि गएर अब जडीबूटी स्थापना गर्ने जडीबूटी कम्पनी स्थापना गर्ने कुरा गरिएको छ । तर त्यसको कार्यदिश देशै भरि के छ त भन्दाखेरि केरे सन्तुलन गर्नै खेतिगर्ने र त्यसपछि गएर प्राइमेरि स्तरको प्राथमिक स्तरको प्रशोधन गर्ने यसको क्राईट एरिया राखिएको छ । प्राईमेरि स्तरको किन नगर्ने ? प्राइमेरि स्तरको मात्र किन गर्ने त्यले कम्पनी बनाउने अनि प्राईमेरि स्तरको मात्रै गर्ने भन्दाखेरि हाम्रो अलिकति सेकेन्डरि लेभलको केरे प्रसोधन गरेर त्यसलाई लेभलिङ्ग गरेर हामीले अन्तर्राष्ट्रिय मार्केटसम्म पुर्याउन सक्ने हामीले त्यो प्रकारको हाम्रो प्रारम्भिक थालनि किन नगर्ने ? यतातिर हामी लाग्न जरुरी छ जस्तो लाग्छ लत्यसपछि गएर सहकारी जस्तो सहकारी नीजि साझेदारी गर्ने कुरा सामुदायिक केरे सरकारी नीजि र सहकारीको साझेदारीका कार्यक्रमहरु थुप्रै यहाँ परिकल्पना गरिएको छ । तर सहकारी हाम्रो प्रदेशमा रहेका सहकारीहरुको अवस्था के छ । हामीत राम्रोसँग बुझ्दछौं नि ती सहकारीहरुको प्रबर्द्धन गर्ने हाम्रो कार्यक्रम के हो ?त्यो कार्यक्रम हाम्रो यो नीतिमा कहि पनि छैन ।

अर्को कुरा भूमिको समस्या हाम्रो होइन ? यो प्रदेशमा ठूलो भूमिको समस्या छ । भूमि हाम्रो संविधानमा पनि साझा हकमा प्रर्दछ । तर भूमिको केरे भूमि समस्यालाई हल गर्नको कुनै पनि कार्यक्रम उल्लेख गरिएको छैन । नीतिमा उल्लेख गरिएको छैन । यसकारणले गर्दाखेरि यी सबै विषयहरुलाई समेटेर अगाडि बढ्न जरुरी छ भन्ने कुरा म तपाईहरुको बीचमा यो सम्मानीत सदनमा राख्न चाहान्छु । र अन्तिममा यो समग्र नीति कार्यक्रमको बारेमा मेरो आफ्नो बुझाई र निष्कर्ष के राख्न चाहान्छु त भन्दाखेरि यो बडो चार लेनको पिच भएको एकदम सुन्दर बाटोबाट यसले यात्रा प्रारम्भ गरेको छ । बीचमा

गैसकेपछि बाटो धुलाम्य भयो कहिँकहिँ यले बाटो बिरायो त्यस्तो अवस्थामा कहिँकहिँ बसेर अलिकति हसिमजा पनि गरेको छ । र अन्तिममा गइपुग्दाखेरि के भएको छ त भन्दाखेरि सभामुख महोदय, अन्तिममा पुग्दाखेरि बैज्ञानिक ढंगले योजना तर्जुमा गर्ने कार्यान्वयनको लागि सुनिश्चित आधार तयार गर्ने त्यसपछि त्यसको सुशासन कायम गर्ने र त्यसपछि गएर यी सन्दर्भमा नीतिगत व्यवस्था गर्ने अन्तिममा गैसकेपछि आफ्नो गन्तब्य यले पहिचान गरेको छ । प्रारम्भमा यले बढो हाइओयबाट यात्रा प्रारम्भ गर्यो बीचमा गएपछि धुलाम्य सडकमा प्रवेश गर्यो यले कहिँकहिँ जंगलमा हराएको छ । त्यसपछि गएर अन्तिममा यले गन्तब्य पहिँचान गरेर अगाढि बडेको छ । अन्तिममा गन्तब्य पहिचान गरेर अगाडि बढेको कारणले गर्दाखेरि मेरो यो नीति कार्यक्रमप्रति समर्थन छ । र यसका केही व्यवस्थाहरु व्यवस्थित गरेर परिमार्जन गरेर अगाडि बढ्नु जरुरी छ । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु अब म कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममाथि छलफल हुँदा माननीय सदस्यहरुले उठाउनु भएका विविध प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ को उपनियम २ बमोजिम सरकारको तर्फबाट जवाफ दिन समय दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाही :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ को यस सदनमा पेश भएको चाहिँ छ । माननीय प्रदेश प्रमुखले वाचन गर्नुभएको चाहिँ छ । प्रदेश सभाका आदरणीय सम्पूर्ण चाहिँ माननीय सांसदज्यूहरुले यस नीति तथा कार्यक्रममा असाध्यै महत्त्वपूर्ण रचनात्मक आफ्ना सुझावहरु भनाइहरु यहाँ प्रस्तुत गर्नु भएको चाहिँ छ । यो सम्मानित सदन चाहिँ हो । हाम्रो प्रदेशको सर्वोच्च निकाय हो । सरकारलाई आवश्यक निर्देशन संसदले दिन सक्छ, दिन्छ र त्यहिँ उठेका विषयमा सदन अस्पष्ट भयो भने स्पष्ट पार्नका लागि सरकारलाई बोलाएर त्यले सरकारका कुराहरु सुन्ने र सरकारले प्रष्टपार्ने त्ययो परम्परा पनि हो र यो नीति तथा कार्यक्रम सरकारले तयार पार्छ । सरकारले तयार पारिसकेपछि संसदमा पेश हुन्छ । यो छलफलका लागि मात्र एउटा संस्कार र संस्कृतिलाई फलो गर्नका लागि मात्रै बनाईनु चाहिँ हुँदैन । यसमा प्रदेश सरकार अत्यन्तै सजक छ सर्तक छ । जिम्मेवार चाहिँ छ । हामी सबैको चिन्ता भनेको कर्णाली प्रदेशको विकास यहाँको आर्थिक समृद्धि र यस क्षेत्रमा रहेका हरेक प्रकारका हिंसाहरुको अन्त्य असल सुशासन कर्णाली प्रदेशको आवश्यकता चाहिँ हो । यो आवश्यकतालाई परिपुर्ति गर्नको लागि हामी सबैलाई ठूलो हुटहुटि छ कि हो ? कर्णाली प्रदेशलाई कसरी बदल्ने सायद यही चिन्ता भएर नै हो नत्र धेरै कुराहरु नभने पनि हुने थियो । धेरै कुराहरु नराखे पनि हुने थियो । यस्तो गर्मिको बेला थोरै थोरै बोले पनि हुने थियो तर हामी सबैको चिन्ता भनेको प्रदेश बनाउनु पर्छ । पहलकदमी दिनु हुँदैन, समयको सही सदुपयोग हामीले गर्नु पर्दछ । समयको सही सदुपयोग हामीले गर्न सकेनौ भने फेरि पनि यो प्रदेश बनाउनका लागि ढिला हुन्छ । अब हामीले ढिला गर्नु हुँदैन । भन्ने चिन्ता भाबका साथ विषयवस्तुहरु उठान गर्नु भएको छ । यसमा प्रमुख प्रतिपक्ष दल नेताले पनि रचनात्मक सुझाव दिनु भएको चाहिँ छ । प्रमुख प्रतिपक्ष दलको नेताले पनि रचनात्मक सुझाव दिनु भएको छ । सत्ता पक्षका सबै माननीय सदस्यज्यूहरुले पनि रचनात्मक सुझाव र सल्लाह दिनु भएको छ । यो मेरा जीवनका लागि र कर्णाली प्रदेश सरकारका लागि तपाईहरुले दिनुभएको सबै सुझाव सल्लाह हामीलाई एउटा मार्गदर्शकको रुपमा मैले र सरकारले ग्रहण गरेको पनि म सदन समक्ष जानकारी गर्न चाहान्छु ।

माननीय सभामुख महोदय, हामीले नीति तथा कार्यक्रम बनाउँदा व्यापक छलफल र बहस गरिकन हामीले कर्णाली प्रदेश सरकारले प्रदेश समन्वय परिषदबाट स्थानीय तहका जनप्रतिनिधि संघीय संसदका माननीय

सांसदज्यूहरु, राष्ट्रिय सभाका माननीय सांसदज्यूहरु प्रदेश सरकारका माननीय संसदज्यूहरु सहित हामीले समग्र कर्णाली प्रदेशको विकास समृद्धि र सुशासनका लागि अबको हाम्रो भावी हाम्रो चाहिँ कार्यक्रम कसरी बनाएर लैजाने यसका लागि हामीले चाहिँ हामीले सुझाव भनेर सात वटा ग्रुपमा चाहिँ बिभाजन गरी हामीले सुझाव सङ्कलन गरेका चाहिँ थियौ । त्यस पछि हाम्रो प्रदेशका दशै वटा जिल्लाहरुमा योजना आयोग र अर्थमन्त्रालय पठाएर जिल्लाका के छन् । नीति गत विषयहरु के छन् । समेट्नु पर्ने बिषष्हरु योजानगत विषयहरु चाहिँ के हुन ? त्यो पनि स्थानीय जनप्रतिनिधिहरु सबै राजनीतिक दलका नेताहरु नगरिक समाज, उद्योग बाणिज्य संघ, सबैलाई सहभागी गराएर जिल्ला स्तरका समस्याहरु चाहिँ के हुन ? भनेर सबै सुझावहरु सङ्कलन गरिएको थियो । त्यसपछि माननीय सांदहरु सबैसँग हामीले फेरि यसको अन्तिम तयारी गर्दा अझै व्यापक छलफल गरेर ल्याको भए सायद संसदमा धेरै माननीय सांसदहरुले बोल्नु पर्दैनथ्यो र हामीले त्यो समय उपलब्ध गराउन सकेनौ नसक्दाखेरि पनि हामीलाई के बिश्वास चाहिँ थियो भने छलफल गर्ने चाहिँ थलो भनेको संसद चाहिँ हो । सरकारले आफ्नो तयारी पेश गर्ने हो । व्यापक संसदमा छलफल र बहस पछि त्यो थप परिमार्जित र परिस्कृत भएर जान्छ । भन्ने हिसाबले पनि संसदमा हामीले २दिन व्यापक ढंगले छलफल भएर धेरै विषयहरु चाहिँ आएका चाहिँ छन् । तर यले अझै थप व्यवस्थित भएर अगाडि जाने कुरामा म विश्वास दिलाउन चाहान्छु । जहाँसम्म विषयवस्तुको कुरा छ । यहाँ सबै माननीय सांसदहरुले राख्नु भएको छ । हामी कहाँबाट कसरी हामीले चाहिँन कसरी सुरुवातिको विषयमा हामीले पहिलो नीति तथा कार्यक्रम हामीले सार्बजनिक गर्यौ । आर्थिक वर्ष २०७४ को त्यसपछि हामीले आर्थिक वर्ष २०७५/७६ को हामीले फेरि नीति तथा कार्यक्रम बनायौं । अहिले आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम हामीले ३ वटा नीति तथा कार्यक्रमहरु संसदमा हामीले पेश गरेर हामीले छलफल गरिसकेका छौं । तीन वटा नीति तथा कार्यक्रम यही सरकारका पालामा चाहिँ हुन् । यी तिनै वटा नीति तथा कार्यक्रमको कार्यान्वयन यही सरकारले गर्दै जान पर्छ । र यी तिनै वटा नीति तथा कार्यक्रममा उठाइएका उल्लेख गरिएका महत्त्वपूर्ण विषयहरु कार्यान्वयनको प्रक्रीर्यामा चाहिँ छन् र कार्यान्वयन हुँदै जाने क्रममा म बिश्वास दिलाउन चाहान्छु । यी तपाईको अगाडिका अब ती हटे यो थप चाहिँ नयाँ आयो भन्ने कुरा होईन । त्यसैकोनिरन्तरता त्यो हो । केही त्यसैका थप पक्ष मात्र यी हुन । केही त्यसको परिमार्जन मात्रै हो । हामीले तिनैवटा नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको प्रक्रीर्यामा हामी अगाडि बढेका छौं र हाम्रो सरकारले कार्यान्वयन गर्ने कुरा कामको पनि म विश्वास दिलाउन चाहन्छु । अहिले यहाँ नीति तथा कार्यक्रममा सबभन्दा पहिला त थोरै यो कर्णाली प्रदेशको पृष्ठभूमिका बारेमा संक्षिप्त रुपमा के उल्लेख गर्न पर्छ भनेर हामीले गथोरै यो प्रदेशको इतिहासलाई कोट्याउन खोजिएको छ र विगतको कर्णाली प्रदेश र अहिलेको कर्णाली प्रदेश के छ ? यसका वस्तुगत कारणहरु के हुन कर्णालीको विगतमा त्यो हुनु र अहिले कर्णाली प्रदेश यो ठाउँमा उभिनुको वस्तुगत कारणहरु के हुन ? अब हामीले कसरी अगाडि बढ्ने ? हाम्रा आफ्ना समस्याहरु के हुन् ? भन्ने कुराका बारेमा दोस्रो बुँदामा चाहिँ उल्लेख गरिएको छ । यो कर्णाली प्रदेशका लागि हाम्रो लागि अत्यन्तै महत्त्वपूर्ण शैदान्तिक विषय चाहिँ छ । साचिकै फेरि पनि हामी आफूलाई बदल्न सकेनौ र हाम्रा केही प्रभाबहरु केही सहयोगीहरुलाई परिवर्तन गर्न सकेनौ भने फेरिपनि हामीलाई यथास्थानमा राख्छ र हामीलाई अगाडि बढ्न दिदैन । हामीलाई अगाडि बढ्न नदिनुका हाम्रा आन्तरिक समस्याहरु के हुन ? हाम्रो आफ्नो पक्षमा चाहिँ के कमजोरी चाहिँ छ ? के हामीले सुधार गर्नु पर्ने हो ? भन्ने कुराको बारेमा यहाँ उल्लेख गरिएको चाहिँ छ । यो पनि बहसको विषय बनाउनु पर्छ । छलफलको विषय बनाउनु पर्छ र बहसको विषय बनोस, छलफलको विषय बनोस् भन्ने हिसाबले यहाँ उठान गरिएको चाहिँ छ, त्यसपछि यहाँ तेस्रो विषयमा राखिएको छ। अलिकति यसमा हामीले व्यापक छलफल र बहस अहिलेको आवश्यकता पनि हो र सबै

माननीय सांसदले विशेषगरी यो विषय उठान गर्नु भएको पनि छ । यो विषयमा धेरै म व्याख्या गर्दिन र सिंगो सांसद आफै जानकार चाहिँ हुनुहुन्छ । हामी कस्तो अवस्थामा चाहिँ थियौं र हाम्रा समस्याहरु के हुन ?भन्ने कुराका बारेमा पनि संसद आफैले जानकार चाहिँ छ। हामी त्यो समस्याको बीचबाट पनि अहिले हामीले सातै वटा प्रदेशलाई तुलना गर्ने हो भने कर्णाली प्रदेश धेरै तल रहेको अवस्था चाहिँ होईन । हामी अरु प्रदेशको स्थितिमा हामी लगभग लगभग हामी हाराहारिमा हाराहारि अवस्थामै छौं । भन्ने कुराका बारेमा उल्लेख गरिएको छ । यहाँ समस्याहरु चाहिँ रहयो हामीले धेरै पटक भन्यौ अनुभव जन्य समस्याहरु पनि रहे यो नयाँ व्यवस्था हो । यो नयाँ संरचना हो प्रदेश भन्ने कुरा त्यस पछि हामी संरचनागत समस्या रहे, अहिले पनि हामीले भनेका छौं, संरचनाका बारेमा हाम्रो कर्णाली प्रदेश सरकारले तयार गरेको संरचना अहिले पनि छैन । अब हामी अहिले तयारीमा छौं । अझै पनि कर्णाली प्रदेश प्रदेश सरकारका संरचना कस्ता राख्ने भन्ने कुराको बारेमा टुङ्गिएको छैन । हामीले सबै सांसदहरुसँग व्यापक छलफलपछि मात्र हामीले टुङ्ग्याउने छौं । सरकारको पनि स्प्रिट काहाँनिर चाहिँ हो भने धेरै संरचना खडा नगर्ने धेरै जनशक्ति नराख्ने कमभन्दा कम संरचना, कमभन्दा कम जनशक्तिबाट धेरैभन्दा धेरै काम चाहिँ हामीले गर्नुपर्छ । किनकि हामीले आर्थिक व्ययभारको हिसाबले पनि कर्णाली प्रदेशले त्यो भारलाई थेग्न सक्दैन यसका लागि पनि हामीले कम भन्दा कम जनशक्ति बनाउने भन्ने कुराको सरकारको प्रतिबद्धता चाहिँ थियो र यलाई पनि हामीले टुङ्गयाउँदाखेरिमा हामीले छलफल गरेर सबैको साझाँ सहमतिका साथ हामी संरचनाहरु हामीले टुङ्गयाउने चाहिँ छौं । त्यो अभाव चाहिँ थियो त्यसपछि जनशक्तिको अभाव चाहिँ थियो । अहिले जतिवटा संरचना जे जे बनाए ज्ञान केन्द्रको नाममा होस् । अन्य कुनै न कुनै संरचनाको नाममा संघीय सरकारले बनाएका संरचना थिए र ती प्रदेश सरकारका संरचना थिएनन् । ती संरचनाले प्रदेश सरकारको पनि संघीय सरकारको पनि काम गर्नुपर्थ्यो र संघीय सरकारले सिधै खटाएका कर्मचारी चाहिँ थिए। कुन जिल्लामा, कुन अफिसमा, कुन कर्मचारी खटाउने भन्ने कुराहरु पनि केन्द्रले पठाएको हो । केन्द्रले खटाएको ती थियो र हामीले एक ठाउँबाट अर्को ठाउँमा सरुवा गर्न सक्ने अवस्था पनि हामीसँग थिएन । त्यो अधिकारसम्म हामीसँग चाहिँ थिएन, त्यसपछि फेरि समायोजनको प्रक्रिया चाहिँ भयो । केही कर्मचारीहरु खटायो, माथिबाट जाउ काम गर भनेर तर कर्मचारीहरुलाई हामीले भेटाउनै सकेनौ । खोज्नै सकेनौ, पाउनै सकेनौ । महिनौं महिनासम्म पनि कर्मचारी बीचमा कता हराए । समयमै आउन सकेनन् । आएपनि तपाईको त्यति जाँगर लगाएर काम गर्नै वातावरण बनेन माथिबाट अलिकति प्रेसर दवावबाट अलि पेलिएर आएको महसुस कर्मचारीले गरे उत्साहित भएर काम गर्न सक्ने स्थिति सिर्जना चाहिँ भएन, त्यस्तो अवस्थामा चाहिँ हामी चाहिँ थियौं ।त्यसपछि केही हाम्रा कानूनी जटिलता पनि थिए, केही हाम्रा अध्ययनका पनि केही सीमा र समस्याहरु चाहिँ थिए । केही हाम्रा अनुसंन्धानका सीमा र समस्याहरु थिए । यी समस्याहरु हुँदाहुँदै पनि प्रदेश सरकारले धेरै मेहनत गरेर केही काम कारबाहिहरु चहि अगाडि बढाएको अवस्था चाहिँ हो । त्यसो भएको हुनाले हामीले सरकार हुनुको औचित्य पुष्टि गरेको छ भन्ने कुरा प्रकारको हामीले एउटा त्यो विषय पनि छलफलको लागि हामीले राखेका चाहिँ थियौं र यसमा पनि व्यापक छलफल भैइसकेको चाहिँ छ । त्यसपछि अर्को कुरा अलिकति अबको भावी योजनाका बारेमा अब हामी कसरी अगाडि बढ्ने भन्ने योजनाका बारेमा चौंथो बुँदामा चाहिँ छ यहाँ तपाईहरु सबैले बुभिसक्नु भएको छ अल्ली तथ्याङ्क सुक्ष्म अध्ययनको कुरा अल्ली बैज्ञानिक बिश्लेषणका कुराहरु सहित एउटा हामी निष्कर्षमा पुगेर अगाडि बढ्ने कुराका बारेमा पनि यहाँ हामीले राखेका छौं । अबको प्रदेश सरकारको टार्गेट कहाँ हो । कहाँ हो निसाना अबको निसाना केहो ?भन्ने कुराका बारेमा यहाँ ५ नम्बर बुँदामा चाहिँ प्रष्ट पारिएको छ।हामीले यहाँ उल्लेख गरेका चाहिँ छौं ।

कर्णालीको विकास र समृद्धि चाहिँ यहाँको बाटो घाटो उद्योगधन्दा, कलकारखाना, बैंक, विभुषण, शेयर धितो मात्रै होइन । यति मात्र होईन, हिंसारहित घरपरिवार, विभेदरहित समाज, काम गरेर २ छाक खान सक्ने, अन्नपात, आङ ढाक्न पुग्ने लुगा फाटो घाम, पानी, सित, हिउँदबाट ओत लाग्न सक्ने छानो । यो मुख्य कुरा चाहिँ हो, यसका लागि हामीले केही यी समस्याहरु हामीले चाहिँ केही मूल नाराका लागि हामीले विषय हामीले राख्यौं । यो कुरा पनि माननीयज्यूले भनिसक्नु भएको छ । मुख्य हाम्रो टार्गेट शिक्षा हो । स्वास्थ्य हो । गरिबी हो, हाम्रो यसका लागि उत्पादन चाहिँ हो । ठूलो समस्या बेरोजगारी समस्या त्यसको लागि रोजगार हो, यसका लागि चाहिँ पूर्वाधार चाहिँ हो भनेर शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार भन्ने कर्णाली प्रदेश सरकारको मूलनारासहित हामी अगाडि बढेका छौं । हाम्रो मूल गन्तव्य पहिचान गरेका चाहिँ छौं, यसका लागि अब सुरु कसरी गर्ने काहाँबाट गर्ने भन्ने कुराका बारेमा सबभन्दा पहिला खाना चाहिन्छ । अब हामीले कर्णाली प्रदेशमा कोहि पनि मान्छे खान नपाएर भोकै मर्यो भन्ने कुराको स्थिति सिर्जना हुन नदिनका लागि अब हामीले कामको थालनि गर्नु पर्छ । त्यसो हो भने आज हामी नीति तथा कार्यक्रम चाहिने पासु गर्यौ र भोलि नै कोहि खान नपाएर मर्यो भने कसरी मर्यो भन्ने प्रश्न उठिनै रहन्छ । अब हाम्रो टार्गेट त्यहाँ हो कि ? अबको कोहि पनि कर्णालीवासीहरु भोकले नमर्ने स्थितिको सिर्जना कसरी गर्न सकिन्छ ? यो हाम्रो पहिलो प्राथमिकता हो । त्यसपछि लुगा नपाएर अहिले पनि हामीले देखेका छौं, गाउँघरमा फाटेको लुगा लगाएका छन् । च्यात्तिएको, टालो हालेको लुगा लगाएका छन् । अहिले हेरौं, अझै दलितका बालबालिकाहरुको विजोगपूर्ण अवस्था छ । धेरै गरिबहरु चाहिँ छन् । लुगा बदल्न सक्ने क्षमता छैन । योसम्बन्धी राख्रु राज्यको प्राथमिकता चाहिँ यो लुगानाना त्यसपछि अहिले पनि मान्छेहरु धेरै बगरमा छन् । प्लास्टिकको पाल टाँगेर बसेका छन्, केही ओढारमा छन् । भएपनि कमजोर टाइपको छाना छ । धेरै जनताहरु फेरि पनि घरबारविहीन चाहिँ छन्, अहिले पनि छाना छैन अब हाम्रो प्राथमिकता भनेको सुरक्षित बासस्थानको कुरा हो । अब हामीले सुरक्षित बास स्थान यी तीनवटा कुराहरुलाई हरेक व्यक्तिका लागि हरेक मान्छेका लागि पहिलो प्राथमिकता चाहिँ हो भन्ने हिसाबले त्यहाँ प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम चाहिँ ल्याईएको छ । यसमा धेरै वटा विषयहरु चाहिँ उठे । म धेरै विषयमा प्रवेश गरेर प्रत्येक माननीय सांसदले उठाउँनु भएको प्रश्नको जवाफ दिने पक्षमा म छैन । मैले त्यो आवश्यकता पनि ठानेको छैन तपाईले उठाउँनु भएको विषयहरु महत्त्वपूर्ण छन् ।

यलाई मैले भनिसकेको छु अगिनै सरकारले ग्रहण गरी सकेको छ । अब एक मात्रै विश्वास मैले कहाँ दिन चाहान्छु भने कार्यान्वयनमा अब नीति तथा कार्यक्रम एकातिर, बजेट अर्कोतिर मन्त्रालयका कार्यक्रम फेरि अर्कोतिर अहिले तीन वटा किताब निस्कने प्रचलन छ । सबै सरकारमा तीनवटा किताब निक्लने प्रचलन चाहिँ छ । नीति तथा कार्यक्रम मुख्यमन्त्री वा माथि प्रधानमन्त्रीले एउटा किताब निकाल्छन्, त्यो किताब एकातिर थन्किन्छ, त्यो किताब हेर्दै नहेरिकन अर्थ मन्त्रालयबाट बजेट विनियोजन हुन्छ अनि अर्थले गरेको बजेट विनियोजनको किताब नहेरिकन फेरि मन्त्रालयले कार्यक्रम बनाउँछन् अनि मन्त्रालयले बनाउने कार्यक्रम भनेको फेरि काहाँ छन्, बलिया उतै ढलिया भन्ने हो । बजेट बनेर अलिकति पावरवाला कहाँ बजेट फेरि केन्द्रित हुने हिजोको परम्परा चाहिँ हो । यो परम्परा फेरि पनि कर्णाली प्रदेश सरकारले तोड्न सकेको छैन। यो वर्षबाट हामीले तोड्नु पर्छ, साँच्चिकै कर्णाली प्रदेश बनाउने हो भने यो वर्षबाट हामी तोड्नुपर्छ । यसैका लागि भनेर हामीले केही व्यवस्थाहरु चाहिँ हामीले गर्यो । छन त छँदैछ, अभ्यास त भएकै छ, तीन/चार वटा मन्त्रालय प्रधानमन्त्रीकै मातहतमा राखेर पनि सरकार चलेको इतिहासहरु पनि छन् । दुई जना/तीन जना मात्रै नियुक्ति गरेर प्रधानमन्त्रीले देश चलाएको पनि इतिहास छ । अहिले पनि प्रदेशको पनि तपाईको अभ्यास दुई मन्त्रालयसँग आफै मुख्यमन्त्रीले चलाएर पनि तपाईको प्रदेश सरकार

अगाडि बढेका छन् । सकिन्छ, धेरै मन्त्री राखेपछि मात्रै छिटो विकास हुन्छ भन्ने कुरा चाहिँ छैन । धेरै मन्त्रालय मात्र बनाएर देशको विकास हुन्छ भन्ने कुरा पनि छैन । सानो बनाउने कम बनाउने संविधानको पनि मूल स्प्रिट त्यहि हो । त्यहि स्प्रिटका आधारमा संरचनाहरु बनेका चाहिँ छन् । त्यसो भा हुनाले हामीले धेरै कम गर्नु पर्दछ । कम चाहिन्छ अहिले केही अलिकति व्यवस्था हामीले अलि फलो गरौं है । त्यतिले हामीले सिस्टममा ल्याउनु छ भन्ने हिसाबले हामीले अलिकति नयाँ ढंगबाट जाने कि भनेर जान खोजिएको मात्र हो । जाने नजाने के गर्ने भन्ने कुरा त फेरि त्यो अधिकार सदनले पनि राख्छ । सदनको कुरा पनि हो सरकार गलत ट्र्याकमा गयो भने सही ट्र्याकमा ल्याउन सक्छ सदनले । यो राईट राख्छ ।

हामीले अब संरचना चाहिँ छन् । हामीले धेरै संरचना चाहिँ अहिलेको समस्या भनेको बजेट हामीले बनाउँदाखेरि अगिल्लो वर्ष त ठीक छ हामीले चाहेर पनि सम्भव छैन भन्ने भयो तर यो वर्ष पनि त्यस्तै जाने देखिन्छ अझैपनि हेर्ने हो भने अहिले असारसम्म केही कर्मचारी जबरजस्ती राखिएको छ । असारमा सबै समायोजन रोजेका बाहेक सबै जान्छन् स्वास्थ्यका सबै हस्पिटलका केही कर्मचारी बस्छन । ती बाहेक अरु कर्मचारी सबै जान्छन् अहिलेसम्म समायोजनमा एक जना मात्र उपसचिब हुनुहुन्छ। उहाँको डेढ महिना बाँकी थियो, अब १ महिना मात्र बाँकी छ । अब उहाँको रिटायर हुन्छ । हामीसँग एक जना पनि उपसचिब हुने छैन अनि शाखा अधिकृत नभए पछि अनि कोहि ईन्जिनियर नभएपछि त्यसपछि हामीले बजेट कार्यान्वयन कसरी गर्न सक्छौं । अहिले हामीले हाम्रो लोकसेवा चाहिँ आयोग चाहिँ बनाएर तुरुन्त परीक्षा लिएर हामीले भर्ना गर्न सक्ने अवस्था छैन, केही कानुनी समस्याहरु फेरि पनि छन्, केही कानूनी व्यवधानहरु छन् । त्यो पनि समस्या छ । अब हामीले तत्काल अहिलेका लागि चाहिने आधारभूत भनेर भनेका चाहिँ छौं । केही नभए पनि कार्यालयको एक जना प्रमुख मात्रै भएपनि एक जना लेखापाल मात्र भयो भने लेखा अधिकृत भयो भने काम त अगाडि बढ्न सक्छ । अब कार्यालय कुर्ने मान्छे भएन भने कसरी कार्यालय अगाडि बढ्न सक्छ । त्यसो भा हुनाले केही तत्काल चाहिँ कर्मचारी भर्नाको लागि भनेर करिब ६ सय जना कर्मचारीका बारेमा हामीले अहिले भर्ना गर्ने भनेर हामीले यहाँबाट निर्णय गरेर हामीले माथि पठायौ । संघीय लोकसेवा आयोगले हामीले निर्णय गरेर यहाँबाट त्यति कर्मचारी भर्ना गर्दिनका लागि हामीले पठायौं, अहिले फेरि माथि केन्द्रमा पनि फेरि लफडा पैदा भा चाइ छ । केन्द्रले अब त्यसरी चाहिँ नियुक्त गर्न भर्ना गर्न संघीय तपाईको चाहिँ लोकसेवा आयोगले पाउँदैन भनेर फेरि माथि रोकिएको छ । त्यो पनि तुरुन्तै अगाडि बढ्ला भन्नेतिर पनि विश्वास गरिहाल्न सकिँदैन, यो समस्याको पनि यो पनि एउटा जटिलताहरु हाम्रो अगाडि छ । यसका लागि पनि केही हामीले नयाँ संरचना बनाएर जाने कि अर्को कुनै फास्ट ट्रेयाक हुन्छ कि भन्ने कुरा एउटा कुरा हो । त्यसैले अरु कुरा हामीले अहिले एउटा पूर्वाधार विकास प्राधिकरण भनेर एउटा बिल हामीले संसद सचिवालयमा पेश गरेका छौं । सायद धेरै कुरा त्यसैको विषयमा उठ्यो भन्ने छ र यो अलिकति नयाँ मुलुक अभ्यास गरौं भन्ने हिसाबले त्यो परिकल्पना गरिएको हो । सडक मात्र खोले र हुँदैन, मैले धेरैपल्ट मैले भने कोल्टीको उदाहरण दिने गर्छु । कोल्टीमा एअरपोर्ट बन्यो पेलेन, अब त्यहाँ ल्याण्ड गर्ने उडाउने प्रक्रिया चलिरह्यो, अब मान्छे झर्ने, चढ्ने, झर्ने, चढ्ने भए, त्यो एअरपोर्टको छेउमै घर भएको मान्छेले रिस उठेछ । यही मेरो घरको ढोकानिर एअरपोर्ट छ, मैले पेलेन छुन नपाउने, सब पेलेन चढ्ने, मेरो अगाडि झर्ने भए भनेछ र एउटा सान-सानो खेत रहेछ, त्यो खेत बेच्दिएछ । म पनि पेलेन चढ्छु भनेर त्यसै पेलेन चढेर नेपालगञ्ज झरेछ । अनि नेपालगञ्ज झर्यो, पैसा सकिए, फर्कने पनि उसँग पेलेनको भाडा भएन । घर पनि माथि, खेत बेचियो के गरेर खाने त्यहाँ त्यसपछि त्यहाँबाट अनि इण्डियातिर लागेछ । अहिलेसम्म त्यो मान्छे फर्किएको छैन । त्यो एअरपोर्टले त गरिबको त उठिबासै गरेछ नि । विकासले मात्र हुने भैदिएको भए त एअरपोर्टले त्यो मान्छेलाई धनी

बनाउनु पर्ने त्यो झन् धनी हुन्थ्य होला तिनीहरु । सडक खनेर मात्रै यएरपार्ट बनाएर मात्रै धनी हुँदैन रहिछन् । त्यसैले अब हाम्रो सबभन्दा ठूलो समस्या भनेको गरिबी हो मलाई लाग्छ ।

अहिले पनि त्यत्रो विकास बजेट जान्छ । त्यो विकास बजेट जनताले पाए त हुन्थ्यो नि त्यसैले एउटा र्याप भन्ने एउटा संस्थाले कालिकोट जिल्लामा तपाईको एउटा सडक खन्यो । मैले भने तपाईले त्यो गाउँमा सडक केको लागि खन्ने ? खन्ने बित्तिकै त्यहाँका जनताले के पाउँछन् ? भनेर आखिर तलबाट बहुराष्ट्रिय कम्पिनीबाट उत्तर रहेका वस्तुहरुको सप्लाई गर्ने बाटोहरुको व्यापार बन्ने हो । बाहिरको खाद्य साध्यहरु सबै यस्तै चिजहरु जाने हो । त्यहाँ भएको पैसा त तल्थिर आउने हो त्यहाँका जनता मान्छेलाई झन कंगाल र गरिबी बनाउने त्यो रोड किन काट्ने । बरु अहिले त्यहि दुःख गरेर उत्पादन गरेर धान, मकै, कोदो खेती गरेर त खाई रहेका छन् । मान्छेहरुले के हुन्छ ? कसरी मानिस धनी हुन्छन् भनेर भन्दाखेरि उल्ले त्यसपछि एकदम लक्षित वर्ग छान्यो, सबैभन्दा त्यहाँको गरिब त्यो राष्कोट बेल्डको गरिब दलित रहेछन । दलित भित्रको पनि फेरि उले व्यक्तिमा रिसर्च, अनुसन्धान गर्यो महिलालाई महिलाको खातै रहेनछ । पैसै रहेनछ । त्यसपछि महिलाहरु, दलितहरु र त्यसपछि अरु पनि आर्थिक स्रोत उस्तै भएकाहरु अरु जातिका पनि फेरि पनि त्यसमा परे तिनीहरुको समूह गठन गर्यो अनि त्यसपछि उनीहरुलाई आवश्यक तालिम दिइयो ड्रेस दियो, जुत्ता, हेलमेट, पञ्जा अनि औजार अनि आज दिनभरि काम गरायो । साँझ कति डोका माटो बोकेको छ, त्यति पैसा कति डोका ढुङ्गा बोक्यो, कति मिटर बाटो खन्यो कति के गर्यो त्यसपछि प्रत्येक व्यक्तिको खाता खोलिदियो अनि १५ दिनको एकपटक खातामा पेसा जम्मा गरिदिने । सबैले खाता सिस्टममा चाहिँ पैसा बुझे त्यसपछि कसैले पैसा खाइदियो भन्ने पनि भएन अहिले हामीले यो सिस्टमबाट भयो भने निर्माण ब्यबसायिले तपाईको कामको जिम्मा लिन्छ । उले भरसक तपाईको लेबर नै पाउदैन । कोहि पनि काम गर्न त्यहाँ जादैनन्। किनकि पैसा दिदैन भनेर पैसा दिदैन भागिहाल्छ भनेर कामगर्ने मान्छे नै पाउदैनन् । कोही पनि काम गर्न चाहादैन किनकि पैसा दिदैन भन्ने छ । त्यले पैसा दिदैन काम सम्पन्न भएको भोलिपल्ट काम सकेर गैहाल्छ भनेर जमनामा काम गरेका मान्छेले अहिलेसम्म पैसा पाएका छैनन् तिनीहरुले उपभोक्ता समितिले फेरि जिम्मा लिन्छ। उले पनि काम गर्ने मान्छे पाउदैन किनकि यिनले पनि पैसा दिदैनन् । मजदुरलाई, काम गर्ने मान्छेलाई पैसा दिदैनन् । ठगिहाल्छन, खाइहालछन भनेर अस्ति मेरै गाउँको घटना । तपाईको पैसा बुझेर तलतिर झर्ने रहेछ सुर्खेत । यही समातेर बल्ल मान्छेले पैसा छैन, पैसा फेरि पठाइयो । पैसा बुझ्ने भागि हाल्ने त्यो प्रकारको संस्कृति पनि छ । यले गर्दाखेरिमा भएन अब पैसा जनता बेरोजगारी चाहिँ छन् । पैसा हामीसँग छ । तर मान्छेले काम गर्न पाएको छैन । तर त्यो काम गराउने मान्छेले पनि मजदुर पाउदैन । किनकि तिनीहरुको विश्वास छैन, तिनीहरुमाथि यस्तो स्थितकिो अन्त्य गर्नका लागि हामीले थोरै सुरु गरौं रोजगारसँग जोडौ युवाहरुको रोजगारसँग जोडौं। यसकारणले हामीहरुले भन्यौं, श्रम कार्यदल बनाऔं, श्रम कम्पनी बनाऔं, श्रम सहकारी बनाऔं यसको मात्र हामीले सिधै लियौं । पैसा दियौं, यति पैसाले यति मिटर बाटो बनायो यति पैसाले यो खानेपानी, यति पैसाले यो सिचाई भनेर उनीहरुलाई भन्ने भयो भने उनीहरुको रोजगारीको ग्यारेण्टी हुन्छ ।

हामीले सबैलाई पैसाको भुक्तानी बैकबाट गर्दिने । प्रत्येक व्यक्तिले बैकिङ्ग सिस्टममा हामी एक सिस्टम हामीले दिने भयो भने कोहि पनि मजदुरहरु फेरि नमरुन भनिसकेपछि यो एउटा नयाँ व्यवस्था हुन सक्छ । बाटो पनि बन्छ सिचाई पनि हुन्छ र खानेपानी बन्छ । पैसा पनि पाउँछ । एउटा यो नयाँ अभ्यास हो र बरु अहिले थोरै गर्ने पाईलटिङ्ग गरौं । यसका लागि एउटा हामीले प्राधिकरण बनाउँछौ एउटा सिइयो नियुक्ति गर्छौं । अनि दुई/तीन जना रोजगारी हुन्छन्, त्यसपछि कामको जिम्मा दिन्छौ र ल यो मोडेलबाट तपाईहरुले काम अगाडि बढाउनुहोस भनेर हामीले एउटा ऐनको व्यवस्था हामीले गर्छौं ।

ऐनमा भएको व्यवस्थाको आधारमा उले काम अगाडि बढाउँछ । यसका लागि यो परिकलपना गरेर यो आवश्यक छ भनेर हामीले बिल बनाएर संसदमा पेश गरिएको छ । यसका बारेमा मैले अहिले सबै कुराको व्याख्या गर्न सक्दिन फेरि थप संसद र सरकार चाहिँ बसेर छलफल गर्न सकिन्छ यो आवश्यकता हो भन्ने कुराको सरकारको निष्कर्ष हो जसको आज चाहिँ यहाँ बिल आएको छ । म यसका बारेमा यति मात्रै भन्छु । अर्को कुरा इन्जिनियर कम्पनीको कुरा चाहिँ छ यहाँ अलिकति कुरा चाहिँ उठ्यो इन्जिनियर कम्पनीका बारेमा अहिले मन्त्रालयले गर्ने हो । यहाँनिर यो रामो कुरा हो। हामी सबै अनुभवी पनि छौं । भुक्त भोगि पनि छौं । योजना कस्ता बनाउछन भन्ने कुराका बारेमा अहिले पनि कुनै गाउँमा अहिले माग भएर आयो खानेपानी चाहियो भनेर भन्या छन् एक जना सांसदले खानेपानी माग्यो खानेपानी त्यो सांदले ईन्जिनियर होइन । सिचाइ बन्ला अब सांसद इन्जिनियर होईन । त्यो भिजिबल छ कि छैन ? कति लाग्ने हो। कति पैसा भए पछि त्यो योजना पूरा हुन्छ । यसका कुनै हामीसँग आधार चाहिँ छैन । त्यसैले हाम्रो प्राथमिकता रहेको पूर्वाधार क्षेत्रका कामहरु कति वटा सडकहरु हुन कर्णाली प्रदेश सरकारका अब हामीले बजेट बनाउनु भन्दा अगाडि हामीले फाइनल गर्नु पर्यो । कर्णाली प्रदेश सरकारले बनाउने कति वटा सडकहरु चाहिँ हुन यहाँहरुले फाईनल गर्नु पर्छ हामी सबै बसेर यो मन्त्रीले मात्र खुसु खुसु बनाएर मुख्यमन्त्रीले मात्र सरकारले खुसु खुसु बनाएर अब योजना चाहिँ बनाइन्न यो प्रतिबद्धता व्यक्त गर्न चाहान्छु। कि हामी सबैले तपाइको चाहिँ नक्सा राखेर अब कर्णाली प्रदेश सरकारले बनाउने बाटा कति वटा बाटा छन् । हामीले भनेका छौं तीनवटा सरकार संघीय सरकार छ । हामीले संघीय सरकारसँग पटक पटक हामीले कुरा कानि गर्यौं । धेरै पटक हाम्रो चाहिँ भेटघाट हामीले गर्यौं हामीले चाहिँ हाम्रो प्रदेश सरकारको मन्त्री परिसदबाट हामीले निर्णय हामीले पेश गर्यौं कि कर्णाली प्रदेशको पूर्वाधार चाहिँ विकास त्यति सजिलो चाहिँ छैन । एक वडाबाट अर्को वडामा सडक खन्नको लागि धेरै चट्टानै चट्टान चाहिँ छ । बिश्फोटक पदार्थ प्रयोग नगरि बाटो बन्न सक्ने अवस्थामा चाहिँ छैन। ती सामान्य स्थानीय तहले प्रतिनिधित्व सरकानरले बिस्फोटक पदार्थ प्रयोग नगरेर बाटो खन्न सकिने अवस्था छैन ।

त्यसो भा हुनाले पूर्वाधार क्षेत्रको जिम्मा संघीय सरकारले लिनु पर्छ । संघीय सरकारको जिम्मा भनेको बाटो बिजुली हो । भवन हो ।खानेपानी हो । सिचाइ हो । संघीय सरकारले गर्नुपर्छ र गरिबी चाहिँ हटाउने काम चाहिँ प्रदेश सरकारको हो । प्रदेश सरकार र स्थानीय सरकारले गरिबी हटाउछ । हाम्रो बजेट त्यहाँ केन्द्रित गर्नु पर्छ । भन्ने हिसाबले हामीले निर्णय गर्यौं निर्णय सहित हाहिले प्रधानमन्त्रीसँगको धेरै पटकको छलफल त्यसपछि अर्थमन्त्रीसँगको छलफल, भौतिक मन्त्रीसँगको छलफल, उर्जा मन्त्रीसँगको छलफल सबैसँगको छलफल पछि कर्णाली प्रदेश त्यसपछि संघीय सांसदहरुले पनि माथि लिनु भएको पहल कदमिबाट अहिले केही सडकहरु र केही कार्यक्रमहरु अहिले संघीय सरकारबाट कर्णाली प्रदेशमा अगाडि बढ्ने भएका चाहिँ छन्। अब त्यो बाहेकका हाम्रा रणनीतिक योजनाहरु पूर्वाधार क्षेत्रका हाम्रा रणनीतिक योजनाहरु के बनाउने हामीले नीति तथा कार्यक्रम भनेका छौं । सुर्खेत प्रदेश राजधानीबाट प्रत्येक जिल्लाको केन्द्रसँग र त्यसपछि जिल्लाको केन्द्रदेखि लिएर स्थानीय गाउँपालिकाको केन्द्रसम्म यो प्रदेश सरकारको प्राथमिकताका रणनीतिक सडकमा हामी लियौं । त्यसका लागि कति वटा सडक बनाउनु पर्ने हो ? कति सडक पर्छन् ? कहाँदेखि कहाँसम्म पर्छन् अनि यसको हामीले विस्तृत अध्ययन गरौं । विस्तृत अध्ययनको लागि चाहिँ अहिले हामीसँग छैन संरचना अर्को अनि सबै सर्भेको काम चाहिँ उहिले गर्छ । सबै सर्भे गरेर उहिले बुझाउछ । बुझाएका सबै योजना हामीले सबभन्दा पहिला हामीले योजना छनौट गर्ने योजना बैक बनाउने योजना बैक बनाउने भनेको बैकमा राख्ने भन्या होईन सबै एक लिस्टमा राख्ने भनिएको त्यो लिस्ट बनाउने ल अब हाम्रा सडक यति हुन । खानेपानी हाम्रो यति सिचाइ यति सबै यति भनेपछि ल यो ईन्जिनियर कम्पनीलाई हामीले यतिको सर्भे गरेर आउ टोटलको लागत स्टमेट कति लाग्छ । कतिले

कम्पिलीट हामीले यएरपोर्ट बनाउने हो । लागत कति लाग्ने हो । बाटो घाटो पुल पुलेसा सबै पूर्वाधार क्षेत्रका सबै योजनाहरुलाई कति लाग्ने हो त्यतिको चाहिँ तपाइले सर्भे गरेर ल्याए भने त्यसपछि हाम्रो वार्षिक बजेट कति छ । कति बजेट आवश्यकता पर्छ । कति बजेट हामीले जुटाउन पर्छ । कति बजेट हामीले खोज्नु पर्छ । त्यति चाहिँ पूर्वाधारका काम गर्न हामीलाई कतिवर्ष लाग्छ । हाम्रो बजेटको रेसियोले हेर्दाखेरि त्यसपछि मात्र हामीले आँकलन गर्न सक्छौं । अब अहिले त हामीले छोडुवा तालले हामीले बनाएका योजनाहरुले खासै धेरै ठूलो परिणाम चाहिँ निकालन सक्दैन भनेर यो आवश्यकता चाहिँ हो यो चाहिन्छ । कमसेकम फीजिबल छकि छैन ? यो सम्भव छकि छैन ? भन्ने कुराको बारेमा त योजना बनाउनु भन्दा पहिले त हामीले त्यो रिपोर्ट त चाहियो त त्यत्तिकै योजना हालेर यैले जाँदाखेरि पानीका मुहान नै भेटिन्न । यो वर्ष पनि जहाँ खानेपानी मागिएका थिए कयौ ठाउँमा तपाईको खोलाको उहि देखिएन । भयो त फेरि त्यो त्यसो भा हुनाले अहिले हामीले मुख्यगरी फेरि पनि सम्भाव्यता अध्ययन नै पहिलो प्राथमिकता हाम्रो हो । यही तपाइको ईन्जिनियर कम्पनीले जिम्मा दिएर हामी सबै योजनाको सम्भाव्यता अध्ययन गरी सकेपछि मात्रै त्यसपछिको बजेट हामीले छुट्याउने र हामीले कार्यान्वयनमा कुन हामी योजनालाई प्राथमिकता दिने भन्ने कुराको आधारमा हामीले दिउला भन्ने हिसाबले त्यो परिकल्पना गरेर संरचनाका बारेमा कुराकानि उठाईएको हो । यो कुरा नै महिले बुझाउन चाहे त्यसपछि अर्कोकुरा यहाँ भेरि बबई डाइभर्सनको कुरा चाहिँ आयो भेरि बबई डाइभर्सनका बारेमा हामीले धेरै कुरा बोलेका छौं। भनेका पनि छौं । पानी ५ नम्बर प्रदेशका लागि र बिजुलि कर्णाली प्रदेशका लागि प्रधानमन्त्रीसँगको पटक पटक छलफलमा त्यो भनिएको छ । अनि अन्तर परिषदको बैठकमा पनि मैले उठाएको छु । अस्ती त्यो टनेल ओपनिङ्गका दिन पनि कुराहरु राखिया छ । त्यस पछि उर्जा मन्त्रीसँग पनि पटक पटक अर्थमन्त्री सहित पटक पटक बसेर मिटिङ गरेका चाहिँ छौं । संघीय सरकारले प्रदेश सरकारलाई त्यो आयोजन दिने पक्षमा छैन । जनताको लगानीमा उर्जामन्त्रालयले हालि सकेको छ । त्यस पछि पनि त्यहाँगएर अलिकति भनाभनै भयो । भनिसक्यो त्यसो हो भने ४९ प्रतिशत तपाईको चाहिँ जनताको लगानीमा छ । ५१ प्रतिशत हाम्रो छ । ५१ प्रतिशत भित्रबाट बाड्न सकिन्छ भन्ने कुरा भैसके पछि पहिला १० प्रतिशत दिने भन्ने रहेछ हामीलाई हामीले चाहिँएन भनेर भन्यौ । अहिले ल ठीकै छ त्यसो हो भने ५१बाटको २५ प्रतिशत त्यो दिन सकिन्छ । यदि प्रदेश सरकारले शेयर हाल्ने हो भने २५ प्रतिशत दिन सकिन्छ । पाँच प्रतिशत तपाइको स्थानीय त्यहाँका प्रभावित स्थानीय जनताका लागि चाहिँ दिन सकिन्छ भन्ने कुरा भा चाहिँ छ । कुलमा ३० प्रतिशत चाहिँ हाम्रो छ । ५१मा ३० हाम्रो हुन्छ। जनताको र प्रदेशको गरेर अब यो गर्ने कि नगर्ने भन्ने कुराका बारेमा हामी छलफल गरियो ल त्यहि भएपनि गरौं त त्यहि पनि त किन छोड्नु थोरै भए पनि अब तातो पानीले ननुहाए चिसै पासनले पनि नुहाउनु पर्छ ।नुहाई हालौ भन्ने हो भने नुहाइ हालौ त्यहि पनि किन घुमाउने होइन हामीले के जात हाल्नु भन्ने हो भने पछि छोड्दिउ । यो छलफलकै क्रममा छ । त्यो भएर पनि यहाँ राखिएन छलफल गरौला यसका बारेमा त्यस पछि जहाँ बाध छ । त्यो बाध १२ मिटरको छ । त्यो हाम्रैर प्रदेशमा छ । त्यसबाट ९देखि १२ को बीचमा चाहिँ विद्युत निक्लन्छ भन्ने छ । अहिले हामीले ९नै राख्यौ पछि १२ पनि निस्कन सक्छ । यो हाम्रो कुरा चाहिँ भयो त्यो थोरै मात्र लगानी लगायो भने विद्युत निक्लिन्छ हामीलाई फाइदा धेरै हुन्छ । त्यसकारणले यो विद्युत उत्पादन हामीले तुरुन्तै गरिहाल्यै अब यो यलाई हामीले अब यो योजनामै राख्नु पर्छ बजेट सहित छुट्याउनु पर्छ भन्ने चाहिँ छ । अहिले त्यसमा पनि हामीले शेयर राख्ने हो भने ३ अरब जति पैसा हामीलाई चाहिन्छ । भेरिबबइृ डाईभर्सन हामीले शेयर राख्नेहो भने ३ अरब चाहिँचाहिन्छ । त्यो पनि हामीले उत्पादन गर्ने हो भने अनि पैसा अलि थपिन्छ ।त्यहाँ फ्रि त्यो त्यसो भएको हुनालेत्यो हो । त्यस पछि अर्को जगदुल्ला मात्र किन राखियो अरु पनि धेरै छन् । हो

कर्णाली प्रदेशमा धेरै छन् त्यस्ता चाहिँ विद्युत उत्पादन गर्ने ठाउँहरु ऋहिले हामीले जग्दुल्लामा किन राख्यौ भन्दाखेरिमा उर्जा मन्त्रालयको मात हतमा रहेको उत्पादन कम्पनीले त्यो लगेको छ । उत्पादन कम्पनीले सबै चाहिँ DPR तयार पारेर फाईनल गरिसकेको छ । सबै सम्भाव्यता अध्ययन गरिसकेको हुनाले त्यो प्रदेश सरकारले उत्पादन गर्ने हो भने अनि उत्पादन कम्पनी र प्रदेश सरकारले सयुक्त लगानी गर्ने मेजर लगानी बरु धेरै लगषनि जति सक्छ प्रदेश सरकारको लगानी अनि अपुग नपुगेको तपाईको चाहिँ उत्पादन कम्पनीबाट गर्न पनि सकिन्छ । या पुरै हामीले गर्छौं । भने पनि त्यो दिन सकिन्छ भन्ने भएको हुनाले हामीले त्यो जगदुल्ला पनि कर्णाली प्रदेशले त्यो पनि सस्तो आयोजना छ । अरु भन्दा अनि प्रदेश सरकारले त्यलाई बनाउन सक्छ, प्रदेश सरकारको क्षमताले गर्न त धेरै गर्दा हुन्छ ठूला ठूला नदिमै गर्दा पनि हुन्थ्यो तर हामीसँगको चाहिँ स्रोत हेर्दाखेरिमा धेरै ठूला ठूला आयोजना बनाउन सक्दैनौ । त्यति मात्रै भयो भने चाहिँ कुरा हो त्यसो भएको हुनाले अर्को फेरि प्रदेशको आयोजना प्राथमिकता भनेको मुख्यकुरा उत्पादन बृद्धि गर्ने कुरा हो । सरकारको पनि उत्पादन बृद्धिका स्रोतहरु हमिले सबैभन्दा पहिला खोज्ने कुरा हो । अहिले पनि अमेरिका लगायत थुप्रै देशहरुमा यस्तै हालत चाहिँ थिए । उनीहरुले अलिकति टिक्ने आधार भनेको विद्युत उत्पादन आयोजनहरु चाहिँ अयोजन हामीले बनायौ। सबैभन्दा पहिले विद्युतमा हात हाल्ने सरकारले विद्युत उत्पादन गर्ने भन्यौ त्यहाँबाट उनीहरु चाहिँ टिकेर त्यहाँ सम्पन्न शक्तिशाली राष्ट्रमा परिणत भए । त्यसको लागि कर्णाली प्रदेशले पनि आफ्नो आयस्रोत आफ्नै खुट्टामा उभिने आयस्रोतहरुको खोजी पनि प्रदेश सरकारले खोज्न जरुरी छ यो एउटा चाहिँ कर्णाली प्रदेश सरकारको थाइ चाहिँ तपाईको स्रोत बन्न सक्छ यसको हामीले केही लगानी गर्नुपर्छ । भन्ने कुरा चाहिँ हो । अब अर्को कुरा पूर्वाधारसँग जोडिएको छ । यहाँ अलिकति यो अलिकति यो बढिनै भयो कि क्याहो भन्ने टाईपको कुरा चाहिँ उठ्यो हेरेर त्यस्तै त्यस्तै लाग्छ । अब हामीले दुईटा कुरा चाहिँ भन्यौ । एउटा अब सबै सम्भाबित अध्ययन भएका ठाउँहरु पैसा हाल्ने भनियो । अर्को १ करोड भन्दा तलका प्रदेश सरकारले नबनाउने भनेर आयो । अब यसमा सबै माननीय सांदज्यूहरुको यो भएन भन्ने नै आयो सुझाव त्यसो हो भने त अब मन्त्रीहरुले आ-आफ्नो निर्वाचन क्षेत्रमा तपाईहरुले सर्भे गरेर टुङ्गग्याउनु भाछ । अबका पैसा खुरलुक्कै त्यता जानि भयो सजिलो छिराउने तरिका भयो नीति तथा कार्यक्रममा मसिना कुरा गरेर फुत्त छिराईहाल्ने कुरा भयो । त्यसो भा हुनाले यलाई हामीले छलफल गर्छौं । त्यहि भएर सबैभन्दा पहिला हामीले ईन्जिनियरिङ्ग कम्पनी बनाउने बित्तिकै तुरुन्तै हामीले बनाउने हो भने अब बढीमा दुई महिना बढी जनशक्ति परिचालन गरेर गर्ने हो भने बढिमा हामीले दुइ महिनामा आयोजनाहरु हामीले सबभन्दा पहिला लिस्टिङ्ग गरेका लिस्ट बनाएका योजनाहरुको सर्भे गरेर ल्याउन सक्छ । त्यसपछि अहिले अब हामीले त पहिला हाल्या जस्तरी हाल्ने हो भने त केही काम नै भएन बरु हामीले पैसा एकै ठाउँमा केन्द्रित गरेर राख्छौ ।

पैसा अहिले पनि धेरै योजना त पैसा त अहिले कार्यान्वयन भयो कार्यान्वयन हुन सक्यो सर्भे नै भएन हामीले त निर्माणका लागि भनेर पैसा हाल्यौ नि त सडक बनाउने भनेर पैसा हालेको हो । खाने पानीका लागि पैसा हालेको हो । सिंचाईका लागि पैसा हालेको हो । तर सर्भे पनि भएन । अब त्यो पैसा त बेकार त्यतिकै खेरा गयो त त्यो पैसा फिर्ता भयो फ्रिज भयो । अहिले पनि तपाईको फेरि पनि पानीको मुहान छ कि छैन ? त्यत्तिकै अहिले हचुवाको भरमा अहिले सिंचाई चाहिँ तपाईको बनाउने खानेपानी बनाउने अर्को बनाउने भनेर पैसा अहिले विनियोजन यदि हामीले गर्यौ । भने त्यो भोलि हामीले सर्भे गर्दा सम्भाव्यता अध्ययन गर्दाखेरि त्यो फिजिबल भएन भनयो भने के गर्ने त्यल्ले त्यसपछि यी फेरि पनि त्यो हचुवा नै हुन्छ । त्यसैले पैसा हामी राखौ केन्द्रिकृत राखौ एकै ठाउँमा राखौ सबभन्दा पहिला सम्भाव्यता अध्ययन गरौं अध्ययन भैसकेपछि तुरुन्तै टेन्डर प्रक्रियामा हामीले सबभन्दा पहिला सम्भाव्यता अध्ययन हुनै पर्यो ।

भैसके पछि मात्रै कति लागत लाग्ने हो भन्ने कुरा भै सके पछि मात्र पैसा हामी राखौ केन्द्रिकृत राखौ एकै ठाउँमा राखौ सबभन्दा पहिला सम्भाव्यता अध्ययन गरौं अध्ययन भैसके पछि तुरुन्तै टेन्डर प्रक्रियामा हामी जाउला सबैभन्दा पहिला टेन्डर सम्भाव्यता अध्ययनन हुनै पर्यो । भैसके पछि कति लागत लाग्ने हो भन्ने कुरा टुङ्गिसकेपछि मात्र अहिले त दिउका छौं । हामी अनि तपाईको हामीले त्यो बाटो कम्पिलिट सम्पन्न गर्ने गरिकन अब हामीले लाग्नु पर्यो बरु हामीले थोरै योजनामा मात्रै हामीले हात हालौ । तर सम्पन्न गरौं हामीले हात हालेका योजनाहरु हाम्रो कार्यकालसम्म पनि तीन चार किलो मिटर अगाडि नबढ्ने हो भने त्यो बाटो बनाएको के अर्थ छ ? धेरै बाटो बनाएर के अर्थ छ, अर्थनै छैन । त्यसो भएकाले अलिकति यसका लागि पनि हामीले छलफल गरौ, छलफल गर्न सकिन्छ । केही बिग्रीएको चाहिँ छैन । तर हामीले बजेट छुट्याएकै हुनु पर्छ । यतिसम्मको लागत लाग्छ । भन्ने कुराको प्रारम्भिक अध्ययन भएकै हुनु पर्छ । त्यसपछि मात्रै पैसा हाल्दा राम्रो होला भन्ने कुरा चाहिँ यसअर्थ पैसा चाहिँ त्यहाँ नहाल्ने नछुट्याउने भन्ने कुरा चाहिँ भएन पैसा हाम्रो एकमुष्ट रहन सक्छ । त्यो पनि हामीले छलफल गर्नसक्छौं ।

अर्को कुरा १ करोड भन्दा तलको पैसाको हकमा अहिले हामीले नगर्ने कि भन्ने कुरा हो । अहिले फेरि त्यहि नगर्ने कि भन्दाखेरि मा उहि कनिका छराइ भन्ने बाड्ने मात्रै भनेर तपाइको अधिकार दिने हो भने भटाभट बाड्नका सिपालु हामी उहि मैले धेरै पल्ट भन्छु हाम्रो गाउँको खसिको बिल हाले जस्तै त हो फेरि बिल हाल्नका सिपालु एउटा कलेजोको टुक्राका ढाइसय टुक्रा बनाउ भनेपनि हामी बनाई हाल्छौ । त्यो पाँचसय टुक्रा बनाइ हाल्छन । यो समस्या होईन बाड्ने समस्या होईन बरु समस्यामा केन्द्रित गर्ने कुरा समस्या हो । थोरै गरौं भनेपछि तपाइको चित्तै बुझ्दैन तपाइको अगिल्लो पटक मैले त्यहि भन्या हो । थोरै गरौं थोरै गरौं हामीसँग संरचनाको पनि समस्या छ । जनशक्तिको नि समस्या छ । अनुभवका कुरा सारा कुराहरु चाहिँ छन् है यो त नयाँ जिम्मेवारी हो यो भन्दा भन्दा तपाईको रोक्न सकिएन । बिकेन्द्रित भयो धेरै बजेट अब अहिले पनि अब हामीले न्यूनतम एउटा मापदण्ड नबनाउने हो भने बिकेन्द्रित हुन्छ । त्यसैले मैले के भने भन्नु हुन्छ भने जस्तो कि एउटा गाउपालिकाका ९ वटा मुहान हुन सक्छ । दश/बाह्र वटा मुहान हुन सक्छ तर बृहत खानेपानी परियोजना बनेर सबै ओडाहरुको सर्वेक्षण एकै पटक बरु ५करोड, १० करोड, १५ करोड, २०करोड कति करोड पैसा लाग्छ हामीले एउटै परियोजनामा हामी राखौ एउटै बनाउ त्यो परियोजना सिचाई पनि त्यस्तै हामीले परियोजना बनाऔ एउटा गाउँपालिकामा टोटल जमिन सिंचाई गर्नका लागि कति पैसा चाहिने हो ? छुट्याउ र एउटै परियोजनाबाट हामीले काम गरौं एउटै ठाउँबाट काम गरौं त्यस्तै तपाईको सिचाईको कुरा चाहिँ खानेपानीको कुरा सबै कुरा होलान त्यसो भएको हुनाले त्यहाँ भन्दा तलको योजनाहरुको बारेमा बरु फरक ढंगले जाउ मन्त्रालयले तपाइले फेरि पनि म अनुरोध र आग्रह गर्न चाहान्छु । मन्त्रालयहरुलाई १ करोड भन्दा तलको काम गर्ने वातावरण तपाईले नबनाइदिनु मैले यही आग्रह गर्छु । बरु त्यो भन्दा तलका योजनाहरु फरक ढंगले लिउला यहाँ हामीले भनेका छौं । सांसद तपाईको चाहिँ यो कार्यक्रमका कुरा पनि छन् । हामीले सांसद कार्यक्रमको माध्यम द्धवारा साना कार्यक्रमहरु कहाँ छन् स्कुल पगार लगाउनु पर्ने कहाँनिर छन् छाँना हाल्नु पर्ने कहानिर छ अलि अलि तपाइको भत्किएको बिग्रीएको तारबार गर्नु पर्ने अलिअलि खानेपानीका पाईप किनेर दिएपछि खानेपानी पुग्ने बरु साना साना तपाइको चाहिँ पहिलापनि अभ्यास गरियोको छ । ५ लाख, १० लाख, २ लाख, ३ लाख अब हामी कति १५ लाख भन्दा तल नजान पाइने व्यवस्था केन्द्रमा पनि थिएन पहिला बरु हामीले एउटा कार्यविधि बनाएर गर्नुस । त्यो बजेट कार्यान्वयन पनि अब अलिकति नयाँ ढंगले गर्ने कि भन्ने हो फेरि मन्त्रालयले त्यो बजेट कार्यान्वयन गर्ने जिम्मा दियो भनेपनि आफ्ना कार्यक्रम सबभन्दा पहिले मन्त्रालयले सक्काउने त्यसपछि बल्ल अनि सांसदको कार्यक्रमको पालो आउने हो भने असारमै आउँछ । पालो फेरि त्यो यसका लागि पनि स्थानीय तहलाई बजेट दिएको भए स्थानिए तहले बजेट कार्यान्वयन गर्ने

बरु हामीले नियमन गर्न सक्छौं । हामीले काहिंकतै तयो पैसाको दुरुपयोग हुन नदिने गरी एउटा हामीले बलियो संरचना खडा गरौं अनुगमन गरौं । राम्रो काम गरिसकेपछि मात्रै हामीले भुक्तानी गरौं त्यसरी हामीले गर्न सक्छौं । अब फेरि सबै सानादेखि ठूलासम्म हामी आफै गर्ने भन्ने भयो भने त ठूला नगर्ने, सानातिर मात्रै गर्ने संरचनातिर जाने भयो भने फेरि पनि कुनै प्रकारको परिणाम हामीले निकाल्न सक्दैनौ । फेरि समस्या ती आफै आउन सक्छ भन्ने कुरा हो । यसका लागि पनि हामीले छलफल गरेर कामहरु अगाडि बढाउन सक्छौं । यो छ भने अब अरु कुराका बारेमा यो हवाइ सेवाको बारेमा चाहिँ छ।

हामीले धेरै पल्ट भन्यौ अब संघीय सरकार स.ग पेलेन छन् माथि नेपाल यएरलाइन्ससँग पेलेन हामीलाई सके तपाईहरुले चलाईदिनुहोस । सुर्खेतबाट आन्तरिक उडान सबै जिल्लाहरुमा गर्दिनु यर्यो । यत्रो प्रदेश राजधानी बनिहाल्यो काठ्माण्डुसँग सुर्खेत पनि जोड्नु पर्यो त्यो पनि गर्दिनु पर्यो भनेर धेरै पटक चाहिँ हामीले भन्यौ लिखित निर्णय गरेर हामीले दियौ । मन्त्रालय धेरै पटक धायौ प्रधानमन्त्रीले धेरै भेट्यौ अहिलेसम्म तपाइको काठमाण्डुबाट सुर्खेतसम्मको उडान पनिपूरा गर्न सकेको छैन । त्यसपछि हाम्रो प्रतिपक्षदलका नेता र म दुइजना अब एउटा त्यो नीजि कम्पनीमा मुख्यमन्त्री आफै गएर जसरि भएपनि हजुर जोडिदिनु पर्यो प्रदेश राजधानी काठमाण्डुसम्म जोड्दिन पर्यो भनेर अनुरोध गर्दा ल ठीकै छ म कर्णाली प्रदेशका लागि घाटै भएपनि चलाई दिन्छु भनेर पोजेटिभ भैसकिसकेपछि बल्ल तपाईको एउटा बौद्धको जहाज आयो फेरि चाप धेरै भयो बडाई दिन पर्यो भन्ने कुरा चाहिँ गयौं अहिले फेरि तपाइको असार १ गतेबाट दुईवटा फ्लाइट बिहान र बेलुका दुइवटा फ्लाइट हुँदै छन् । भने अहिलेसम्म गरेन त्यो त सरकारको हो त्यो त सरकारले गर्न पर्थेयो नि गरिदिएन । त्यसपछि तपाईको अहिले हामीले भन्यौ अब अहिले हामी माथि हुम्ला जानु पर्यो भने नेपालगञ्ज जानु पर्छ । यसको अन्त्य चत हामीले गर्नु पर्यो नि यसका लागि धेरै पटक पत्राचार गर्यौं, भन्यौ, अझैपनि हामीले समन्वय गर्छौं आग्रह गर्छौं अनुरोध गर्छौं । जहाज छन् त्यहाँ नभए जहाँज लिजमा हामीले भाँडामा हामीले दिनु हामी चलाउछौ पनि हामीले भन्यौ त्यसबाट पनि नभईसके पछि अब हामीले नयाँ व्यवस्था गर्नै पर्छ ।

आवश्यकता छ त्यसैले हामीले भन्यौ हामीले एएए चाहिँ भनेर भनेका छौं । प्राइभेट, पब्लिक, जनताको र सरकारको चाहिँ लगानीबाट एउटा मात्र जहाज भएपनि सुर्खेतबाट आन्तरिक उडान गर्नु पर्छ अबको आवश्यकता हो अन्तर प्रदेश त अहिले हामीले अहिले नगरौ ल आवश्यक छ यहाँबाट नेपालगञ्ज, धनगढि, लुम्बिनि, पोखरा अब त्यता पट्टि हामीले अहिले नसोचे पनि कमसेकम हाम्रा पहाडी जिल्लाहरुमा सुर्खेत बाटै आन्तरिक उडान गर्न सकियो भने राम्रो हुन्छ । त्यसो भएको हुनाले यसका बारेमा हामीले छलफल प्राइभेट क्षेत्रसँग अगाडि बढाएका छौं । प्राईभेट क्षेत्रसँग नीजि क्षेत्रसँग हामीले कुराकानि गरेर यलाई तत्काल चाहिँ हामीले अगाडि बढाउने कुरामा पहल हामीले गर्नु पर्छ । यो आवश्यकता चाहिँ छ । गरेपछि हुन्छ । भन्ने कुरा हो । यता पटटी यो छ भने अब अर्को कुरा यहाँ सामाजिक विकासका कुराहरु चाहिँ छन् शिक्षा स्वास्थ्यका कुराहरु अब यी शिक्षा, स्वास्थ्यका कुराहरुमा पनि राम्रो गर्ने हो राम्रो गर्नका लागि थप राम्रा राम्रा सुझावहरु आएका छन् । यो हामीले पहिलो प्राथमिकता मै राखेका छौं । सरकारको सबभन्दा पहिला हाम्रा निरक्षर चाहिँ छन् तीनलाई साक्षर बनाउनु छ। अहिले पनि धेरै ल्याप्चे हान्ने छन्, गाउँतिर अब ल्याप्चे नहान्ने अहिले भर्खर भर्खर एस एल सि गरेका सबैलाई स्वयंसेवक बनाएर गाउँगाउँमा पठायो भने सायद ५/६ महिनामै तीनले चाहिँ साक्षर बनाइ हाल्छन कि सबैले अभियानकै रुपमा उस्तै परे केही घरहरुमा जानसाथ तपाई हामी पनि जाने गरिकन सबै हामी गएर ठाउँ-ठाउँमा सिकाउन थाल्यौ भने जतिजति असाक्षरहरु छन् साक्षर बनाउनका लागि लाग्यौ भने सायद एक वर्ष भित्र सकिन्छ जस्तो लाग्या छ । यसका लागि चाहिँ हामीले पहल गरौं अब नसकेत समय बढिहाल्छ फेरि त्यो टार्गेट अब सकेसम्म एक वर्ष अझै २ वर्ष भने पनि हाम्रो टार्गेट हामीले त्यहाँ लिनु पर्छ । त्यसपछि अब अरु कुराहरु चाहिँ

शिक्षाका बारेमा अलिकति व्यवस्थित गर्न चाहिँ जरुरी चाहिँ छ । कर्णाली प्रदेशको शैक्षिक क्षेत्रमा ठूलो अराजकतौ सिर्जना भाछ । अहिले पनि तपाई पहाडतिर जानु भयो भने नक्कली विद्यार्थीहरु भेटिन्छन। धेरै परिक्षा दिने एस.एल.सि पास नगर्ने गर्न नसकेका काठमाण्डौदेखि पूर्व तिरका जतातताैका मान्छेहरु पनि कर्णालीमा जाने तपाइको त्यहाँ मान्छेपनि जानु परेन फोटो पठाइदिए पुग्यो नागरिकता दिएर पठाए पुग्यो त्यस्ता पनि हिजो केही घटनाहरु चहि तपाइको भेटिए कारबाहि पनि भयो । त्यस्ता मानछेहरुलाई गतिलो पढाई नगर्ने शिक्षकहरु नै तपाइको अरु अरु काममा हिँडि हाल्ने शिक्षक तपाईको गुणस्तरियता चाहिँ भएन अलिकता तपाइको छोडुवा चाहिँ भयो । त्यलाई कन्ट्रोल गर्न सकेन । अभिभावकले गर्ने कुरामा सकेनन् । समुदायले सकेनन् । यलाई अब अलिकति राज्यले त्यलाई चाहिँ जोड दिनुपर्छ । त्यसैले स्कुल पनि धेरै खूलेका छन् प्रत्येक गाउँ गाउँमा टोलटोलमा स्कुल अहिले क्याम्पस पनि प्रत्येक गाउँ पालिकामा क्याम्पसहरु भयो । विद्यार्थीको संख्या हेर्नुभयो भने स्कुल आवश्यकतै छैन । बरु हामीले अहिले अब बाल शिक्षा भनेर प्रत्येक टोल टोलमा आवश्यकता छ त्यहाँभन्दा माथिका स्कुलहरु त अलिकति हामीले केन्द्रित गर्नें पर्छ । अहिले अब मर्ज गर्ने भन्दा बित्तिकै जुलुस आइहाल्ने वाला छ यहाँ उनीहरुको रोजिरोटि त तपाइको रोजगारको एउटा माध्यम स्कुल बनेका छन् धेरै जनाको अहिले हामीले त्यो नगरौ नमूना हामीले मोडलमा गयौ भने अब राम्रो स्कुलमा छोराछोरी पढाउने त सबैको चाहाना हुन्छ । आमा बाबुको अनि राम्रा स्कुलमा सबै विद्यार्थीले भरिदा बित्तिकै नराम्रा स्कुल त आफै बन्द हुन्छन् । मर्ज गर्नैं पर्यो नि अब एक जना बिधायार्थि नगए त त्यसै सकियो नित्यो स्कुल त्यसैले अहिले अब हामीले ७९ वटा तपाईको अहिले स्कुल छानेर ७९ वटा गाउँ पालिकाको केन्द्र भनेर भनियो केन्द्रकिन भनियो भन्नु हुन्छ भने त्यो अब त्यहाँ अलिकति संख्या चाहिँ तपाईको पपुलेसन बढिनै हाल्छ त्यहाँ अब चाहिँ त्यहाँ त बैकका कर्मचारीका छोराछोरी जालान, अब ओर परका व्यापार स्यापार गर्ने आएर होटल पसल उनका छोराछोरी हुन्छन्। अब त्यहाँ सरकारी अफीसहरु धेरै थपिन्छन् ।

उनीहरुका छोरा छोर चाहिँ हुने भए अनि केन्द्र भनेको सबैको सेन्टर पर्ने ठाउँमा केन्द्र राख्या होलान सायद सबै ओडाबाट नजिक पर्ने सेन्टरमा राखेर त्यलाई मात्र हामीले मोडल नमूना स्कुल चाहिँ हामीले बनायौ भने अरु स्कुलहरुले बिस्थापित गर्ने हो अब लक्ष्य उद्देश्य भनेको त्यस पछि आवश्यकता अनुसार अरु होलान कुनै गाउँपालिका दुई ठाउँ/तीन ठाउँमा पनि राख्न पर्ने होला क्रमशः हामीले बढाउदै जाउला अब मोडल कस्तो बनाउने भन्दाखेरि मोडल भनेको तपाईको ठूलो बिलडिङ्गमा चिटिक्क बाहिर चाहिँ कलर लगाएकोलाई मात्र मोडल भनिदैन के त्यो बिल्डिङ्ग मोडेलका बिल्डिङ्ग बनाउने भनेका छैनौ नि त्यो शिक्षामा मोडल भनेका चाहिँ छौं । कोर्षमा मोडल भनेका छौं । विषयमा भनेका छौं जस्तै अहिले तपाइको त्यहाँ बुढा निलकण्ठमा अहिले हेर्ने हो भने बुढानिलकण्ठमा पढ्ने विद्यार्थीलाई रोटि हाल्न सिकाउदो रहिछ । च्यात्तिएको लुगा सिलाउन सिकाउदो रहेछ । करेसा बारि बनाउन सिकाउदो रहेछ । सबै कुरा सिकाउदो रहेछ । अब शिक्षालय भनेको त त्यस्तो हुन पर्यो अब अहिले हाम्रो शिक्षा भन्छा तपाँइको मास्टरको चाहिँ तपाइको साटिपिकेट झोलामा छ पि.एच.डि.को झोलामा चाहिँ छ । चाबि पनि छ । गाडि पनि छ चलाएर जान सक्ने क्षमता छैन । चियापत्ति छ। चिनी छ । पानी पनि छ । ग्याँस पनि छ । बालेर चिया पकाएर खान सक्ने क्षमता हुँदैन । खाना पकाएर खान सकने क्षमता हुँदैन त्यसो भएको हुनाले तपाइको त्यो शिक्षाको आवश्यकता हुँदैन । त्यले अबको शिक्षा भनेको त मान्छे योग्य कसरी बनाउने सबै हिसाबले योग्य जुन सुकै ठाउँमा गए पनि आफे कोहिँ सहारा नभएपनि बाच्न सक्ने जनशक्तिको उत्पादन कसरी गर्ने । यो प्रकारको शिक्षा अलिकति नयाँ कोर्ष सहित सञ्चालन गर्ने कि भन्ने कुरा एउटा कुरा हो भने अर्कोकुरा अल्ली नैतिक शिक्षा पनि चाहियो । अलि पोजेटिभ सोच हुने टाइपको पनि चाहियो अनि अरु मान्छे प्रति प्रेम गर्ने मान्छे चाहियो देख्ने बित्तिकै तपाइको रिसाउने टाइपको अनुहार खुम्च्याउने होईन कि

अर्को मान्छे त मेरा लागि भगवान नै हो । भगवाननै भेटियो अर्को मान्छे भेट्दा यो भगवानसँग भेट भयो भन्ने सोच आज यो काहाँकोसँग भेट भयो अनुहार देख्न पाइयो बिहान बिहान साइतै बिग्रीयो भन्ने सोच राख्ने भन्दा पनि भगवान नै भेटियो अहिले बिहान बिहानै उठ्दाखेरि  भनेर पोजेटिभ चाहिँ तपाईको सोच राख्ने मान्छेको विकास कसरी गर्ने अहिले अब अर्कोको देखेर तपाइको आफू प्रगति गर्ने भन्ने कुरा अर्काको प्रगति देखेर छटपटाएर मर्ने स्थिति छ तपाइको डाहा गर्ने चलन छ । आफूले प्रगति गरिन भन्ने कुरा चाहिँ होइन कि अर्काको प्रगतिले चाहिँ हामीले बढी पिरल्ने बढी पोल्ने संस्कृतिको अन्त्य गर्न यो प्रकारका शिक्षाहरु अहिलेको आवश्यकता हो यता पट्टी लाग्नु पर्छ भन्ने हिसाबले अलि शिक्षा क्षेत्रलाई यही शिक्षामा तलब खुवाउने यही स्कुल अगाडि बढाउन यही चिट चोराउन सिकाउने यही चिट चोराउन प्रिन्ट मेसिन तपाइको फोटोकपि मेसिन लिएर स्कुलहुनो बाड्नुको अर्थ र औचित्य छ जस्तो मलाई लाग्दैन ।त्यसो भएको हुनाले बरु अब हामीले थोरैबाट सुरु गरौं राम्रो शिक्षा दिउ योग्य मान्छे बनाउ अनुसासित मान्छे बनाउ साँच्चिकै तपाइको सामाजिक मान्छे बनाउ यो टाइपको शिक्षा चाहिँ अगाडि बढाउनका लागि हाम्रो प्राथमिकता बरु कति बजेट चाहिन्छ ।

हामीसँग भएको बजेटको स्रोत कति छ । कसरी सुरु गर्ने सिमित स्रोत साधनबाट भन्ने कुरामा हामीले विशेषगरी लागौला यहाँ यता पट्टी ध्यान दिनु पर्छ भने त्यस पछि घाइते अपाङ्ग सहिद परिवारका कुराहरु चाहिँ छन् । अहिले घाईते अपाङ्ग मैत्री तपाइको सडकको कुरा चाहिँ छ । भभबनको कुराहरु चाहिँ भबन त हामीले भनेका चाहिँ छौं । भबन यो संघीयतामा चाहिँ उल्लेख भएको कुरालाई हामीले यहाँ राािखिएको छ । नीति तथा कार्यक्रममा धेरै कुराहरु चाहि खादेर राखिएको छ । त्यसो भा हुँदाखेरिमा यो हामीले बनाउनु पर्छ जरुरी चाहिँ छ । सडकको बारेमा त यहाँ उल्लेख गर्न सकिएन उल्लेख चाहिँ भएन यलाई हामीले उल्लेख गर्नु पर्छ । यो कुरामा चाहिँ मैले विशेषगरी ध्यान दिए । र अरु सबै यहाँ हामीले सुशासनका बारेमा पनि धेरैकुराहरु चाहिँ राखिएको छ । छुवाछुतको कुरा पनि राखिएको छ । अब छुवाछुतको अन्त्य गरिने छ भनेर लेखेर मात्रै अन्त्य हुँदैन । छुवाछुतको अन्त्य त भित्रबाट आत्मबाट अन्त्य गर्न सक्नु पर्यो । अहिले एक बाजे ल्याएपछि मान्ने वाला छैन फेरि त्यो अब उनको दिमागलाई सबभन्दा पहिला सुधार ल्याउनु पर्यो अब यो राम्रोसँग यो कुरा बुझाउनु पर्यो यो जातीय छुवाछुत प्रथा भन्या के हो ? कसो हो ? यो यस्का बारेमा धेरै ठूलो शिक्षा हामीले दिनु छ । तर हामीले हस्तक्षेप पनि गर्नु छ कानूनले हस्त क्षेप गरेको छ । संविधानले हस्तक्षेप गरेको छ । सायद नीतिमा, कानूनमा, नियममा काहि कतै पनि कमि छ भने भन्ने कुरा होइन सबभन्दा कमि छ भने कार्यान्वयनमा मात्र छ । अब हामीले कार्यान्वयनमा मात्र हामीले ध्यान दियौ भने यसको अन्त्य हुन्छ । यसपछि महिलाका कुराहरु चाहिँ छन् । त्यसो भा हुनाले अहिले अब हामीले मुख्य गरी कर्णाली प्रदेशमा सबैभन्दा पछि परेको जातिगत हिसाबले दलित हो । दलितको विशेष व्यवस्थापन विशेष नीति लिन जरुरी चाहिँ छ । त्यस पछिको महिला हो कर्णाली प्रदेशको अहिले किन जमतिए र महिला हिंसा हुन्छ भने आर्थिक हिसाबले, सामाजिक हिसाबले, राजनीतिक हिसाबले सबै हिसाबले महिला र दलित पछि भएकै कारणले गर्दा बढी अपहेलित छ । बढी उत्पिडनमा छ । यलाई अब हामीले सबभन्दा पहिला सशक्तिकरण चाहिँ गर्ने हो । माथि उठाउँने हो ।

माथि उठाउँनका लागि नै अलिकति राम्रो होला फेरि त्यो अझै माथि उठाउँन लागेर विशेष चाहिँ जोड जाला अझै भन्ने हिसाबले चाहिँ मुख्यमन्त्रीको नाम जोडिएको हो त्यो यो मुख्यमन्त्रीको नाम जोडिने बित्तिकै त्यो केही अप्ठ्यारो भा छ ? केही भाछ भने त्यो सोध्नुहोस सोध्न सकिन्छ फेरि त्यो नामले गर्दा फेरि त्यो समस्या आउने हो भने त्यो केही पनि हुँदैन। राम्राका लागि जोड्या हो त्यो अझै प्रत्यक्ष ध्यान चाहिँ मुख्यमन्त्रीको जाला भन्ने हिसाबले फेरि के भयो ह मेरो नाममा राखिएको कार्यक्रम भनेर बारम्बार तपाइको चाहिँ तल फलो गरिरहने होला भन्ने हिसाबले चाहिँ राखियको हो त्यो त फेरि त्यो प्रसँग जोडिएको हो फेरि

त्यो अब प्रसँग जोडिएको कुरा हो फेरि महेन्द्र शाही भनेर कार्यक्रम राखिएको छैन । अब यो अर्को अब हामीले बेरोजगारी समस्याका कुराहरु चाहिँ छन् । यहाँ बेरोजगारीलाई पनि रोजगारी दिनका लागि पनि अब संघले एउटा कार्यक्रम चलाएकै छ । र संघ स.ग समन्वय गरेर भनिएको छ । हामीले पनि कर्णाली प्रदेशको बेरोजगार युवाहरुको लागि रोजगारी दिनका लागि विशेष कार्यक्रम चाहिँ हामीले अगाडि बढाउने कुरा चाहिँ यहाँ उल्लेख गरिएको छ । राखिएको छ । अब यो पर्वतीय विश्व विद्यालय भन्ने यहाँ छ यो आवश्यक चाहिँ छ । अहिले कर्णाली प्रदेश बढी हिमाल लै हिमाल चाहिँ भएको कर्णाली प्रदेश सभा हुँदाखेरि अब यो घाटाका लागि होइन कि फाईदाका लागि चाहिँ हो । यो अझै सकिन्छ भने विश्व कै ध्यान केन्द्रित गर्न सकिन्छ कि अलि राम्रो राम्रा चाहिँ केही राखेर हिमालका बारेमा धेरै कुरा चाहिँ बुझेर जान जरुरी छ । अस्ती मैले चाहिँ भने तपाइको चाहिँ अहिले हिमालका बारेमा धेरै कुरा बुझाउनुपर्ने बेला छ । अहिले पनि मैले उदाहरणको लागि मैले अस्ती मैले भेरि बबई डाइभर्सनको कुरा चाहिँ लिए भेरिबबई डाइभर्सनको पानीबाट बाँके र बर्दियामा सिंचाई भएको छ । सिंचाई हुने भयो अर्थात एउटा तपाइको गाउँ पालिकाको चाहिँ ठाउँबाट अर्को गाउँपालिकामा सिंचाई आयोजना भयो अथवा खानेपानीको धारा अब यदि तपाइको त्यो मुहानको संरक्षण जसले पानीको उपयोग गरेको हुन्छ । त्यो मान्छेले गर्न सकेन भने भोलि त्यो मान्छेले पानी खान पाउँछ कि पाउँदैन ? अब बाँके र बर्दियाका जनताले यो भेरि बेसिनको आसपासमा तपाइको बनजंगलको संरक्षण गर्न सकिएन त्यो क्षेत्रको ढलान हुने प्रदेशको संरक्षण गर्न उले सकेन । उसको चिन्ता पैदा भएन भने बाँकेमा पानी जान्छ ? हिमाल भएर नै तराई हुन्छ हिमाल नभए तराई समुन्द्र पनि हुँदैन । अलिकति हिमालको बारेमा महत्त्व बुझाउनु पर्ने हिमालले पार्ने असरका बारेमा पनि अब असर पर्थेयो यसका बारेमा बुझाउने अलिकति हामीले यो एउटा विश्व विद्यालयको रुपमा रिसर्च गर्ने मान्छेहरु होलान आउने पनि हिमालसम्बन्धी रिसर्च गर्ने अनुसंन्धान गर्ने । यो अनुसन्धान केन्द्र आवश्यकता चाहिँ छ अहिले गरौं भन्ने हिसाबले यी पनि राखिएको चाहिँ छ । यसका लागि पनि हामीले अगिल्लो वर्ष केही अध्ययन चाहिँ अगाडि बढाएका छौं । थप अध्ययन पनि हुँदैछ । अहिले हामीले अगाडि बढाउने कुरा छ । अरु हामीले यहाँ स्वास्थयका कुरा पनि भनेका छौं । सुर्खेतमा हामीले अब प्रदेश हस्पिटल ३ सय बेडको हस्पिटल स्तर उन्नति गर्ने यसका लागि केही टेन्डर भएको चाहिँ छ । त्यहाँ पूर्वाधारमा अब चाहिने विद्युतको चाहिँ तपाइको उपकरण जो चाहिँ थियो यसका बारेमा अब टेन्डरको प्रक्रियामा चाहिँ छ । अब मेडिकल कलेज चलाउने भनेको दूइवटा चाहिँ हुँदैनन् । यहाँ सुर्खेतमा प्रदेशको एउटा संघको अर्को स्थानियले गर्न थाले अर्को यस्ता टाईपको चाहिँ हुँदैन एउटै हुने हो । हामीले सहजिकरण चाहिँ गर्छौं । सहजिकरण गर्छौं हामीले चाहिँ हामीले यो उल्लेख पनि गरेका चाहिँ छौं । संघले पनि हामीसँग समन्वय गर्छ । प्रदेशसँग समन्वय गरेर अगाडि बढ्छ । यो त्यसपछि अब १० वटा जिल्ला हस्पिटलहरु हाम्रो कार्यक्षेत्रपनि हो । १० वटा चाहिँ हस्पिटलको चाहिँ सबभन्दा पहिला भबनहरु निर्माण गर्ने कुरा त्यसपछि अब हाम्रो ईक्युमेन्टहरु र आवश्यक डाक्टरको जनशक्ति हामीले राख्ने व्यवस्था गर्ने र त्यसपछि गाउँपालिकाका हस्पिटल जो १५ बेडका छन् त्यो स्थानीय तहको कार्यक्षेत्र हो । यसका लागि आवश्यक आर्थिक सहायता दिने सहयोग दिने भनेका चाहिँ छौं । र त्यसपछि अर्को कुरा अब हामीले प्रत्येक अब गाउँपालिकालाई हामीले अब जिल्ला जोड्ने या हाम्रो प्रदेश हस्पिटलमा जोड्ने यहाँ पनि विशेषज्ञहरुसँग जोड्ने गरी टेलि मेडिसिन सिस्टमबाट पनि उपचार प्रणाली चाहिँ हामीले प्रयोगमा ल्याउने भन्ने कुरा पनि भाको छ यो हाम्रो लागि धेरै सजिलो हुन्छ । हामीले यहाँबाट केही मात्रै सामानहरु चाहिँ पठायौ भने ल्याबको सामानहरु मात्र पठायौ भने पनि धेरै चाहिँ त्यहाँ बिरामिहरुको उपचार गर्न सकिन्छ । यलाई यो सोचिएको छ । अरु पर्यटन क्षेत्रका लागि पनि अब रारा शे(फोक्सुण्डो लगाएतका क्षेत्रमा पूर्वाधार विकासका लागि पनि अब हामीले विशेष अब ध्यान चाहिँ दिइएको चाहिँ छ । अब ठाउँ ठाउँमा अब

अहिले होम स्टेहरु लगाएतका पूरानै नीति तथा कार्यक्रममा भाहुँदाखेरि थप फेरि यो पटक पनि त्यहि नीति तथमा र्काक्रम ती सबै तपाईको फेरि फोटोकपि गर्यो भनेर बोल्नै हैरान पार्ने किसिमले नराखौ भन्ने हिसाबबाट पहिलेको नीथि तथा कार्यक्रमका सबै कुराहरु चाहिँनिरन्तरतामा जाने छन् । र यही कुराहरु चाहिँ तपाइहरुको बीचमा राख्दै र मुख्य गरी संघीय सरकारको बजेट कार्यक्रमलाई नै सघाउ पुर्याउने गरिकन प्रदेशको बजेट र प्रदेशको बजेटलाई सघाउ पुगाउने गरी स्थानीय तहको बजेट हामीले विनियोजन गर्यो । र योजनाको हामीले तालमेल मिलायौ भने तीनवटा सरकारले एउटा सहमति गरेर समन्वय गरेर आ(आफ्नो फेरि सहअस्तित्वको कुरा पनि छ । काम गर्दै जाँदा फेरि कसैको अस्तित्व माथि पनि असर नपर्ने गरी सहमति सहअस्तित्वलाई हामीले बचाउने कुरा हामीले सहकार्यलाई चाहिँ अगाडि बढाउने कुराहरु मुख्यकुरमा हो । यी हामीले तिनै तह बीचका सरकारले सहमति गरेर नै हामीले जान्छौ । यसमा प्रदेश सरकार चाहिँ प्रतिबद्ध छ । अब अहिले यो पटक धेरै हामीले चाहिँ नारा चाहिँ लेखेनौ यहाँनिर अब नारा नलेख्दा नि अलिअलि हिजो नारा लाउने फेरि बानि पर्या हुनाले अलि निसाइलो निसाइलो लाग्न सक्छ फेरि यो मन्त्रीलाई पनि कति अलि नारा भएन भन्ने थियो अब संसदको त त्यति कुरा आएन फेरि अब नारा भन्ने कुरा मुख्यकुरा कामको कुरा हो । र कृषिसम्बन्धी पनि अहिले धेरै कार्यक्रम आएका छन् ।

अब अहिले राम्रो भयो यलाई अब हामीले पोजेटिभलि लिनु पर्यो के लेख्दाखेरि राम्रो भयो फेरि त्यो कतिपए त मैले पनि थाहाँ नभाको कुरा पनि थाहाँ पाएछन । सायद मैले यो सुन्दै गर्दा म माथि हुम्ला जाँदाखेरि हुँम्लाको काखेमा गाको चाहिँ चुलिको रुपमा चुलि आरु राखेको थिए । सायद त्यो आफ्नो बारिको छेउमा आरुको ख भएको मान्छेले एकपटक आफ्नो रुखमा पक्कै पनि हेरे होला । यो मेलो चुलिको रुख पनि सरकारको नीति तथा कार्यक्रम भित्र परेछ । अब सबै परेछ यसमा अलि केही छुटेछ भन्ने छ अब जंगलका चाहिँ छुटेका छन् गाउँमा भएका भरसक गरी केही छुटका रहेछन भने फेरि हाम्रो प्रमुख प्रतिपक्ष दलको नेताले राख्नुस भा छ फेरि त्यो थाहाँ भए फेरि थप थियो हुनु पर्छ अब त्यो अब गफ गरेर मात्र हुँदैन अमुर्त कुराकानि गरेर मात्र हुँदैन । अब हामी यो अभियानमा छौं कि तपाइको सांसदले लसुन किनेर नखाने धनीया किनेर नखाने यत्ति मात्रै हामीले प्रतिबद्धता जारि गरौं न त आफ्नो जहाँ क्वाटर बनाउनु भएको छ । त्यो उसको अगाडि गमलामा तपाईले सुरु गरौं अब नीति तथा कार्यक्रम त कार्यान्वयन गर्न पर्यो हामी सबैले अब म सांसद सबै भन्दमा पहिले त मुख्यमन्त्रीले गर्नु पर्यो तरकारि नकिन्ने प्रतिबद्धता मैले जारि गरी राखेछु अब त्यो हो । तरकारि मैले आफै रोप्न पर्यो लसुनबाट, प्याजबाट अब यहाँ अब हामी सुरु गरौं । अब एउटा त्ययो त्यसबाट अब हामीले अब त्यहि हो । जे तपाईले भन्नु भयो त्यहि हो । अब हामीले के गर्छौं । पैसा जोगाउन चाहानु हुन्छ भने याकका लागि चाहिँ भनेर पैसा यति भनेर सिधै याकका लागि आउने हो । चौरि अब चौरि याक एउटै हो । यति भने त आउने भयो त्यसपछि च्याङ्ग्रा भनेर च्याङ्ग्राका लागि अलग हामीले भन्या चाहिँ छौं । च्याङ्ग्राको एउटा हामीले प्रजनन एउटा त्यो के भन्छ त्यो एउटा केन्द्र बनाउने । याँकको एउटा बनाउने त्यसपछि तपाइको भैंसी, गाईको एउटा बनाउने अहिले पनि छ तपाईको गुजेरि भैसा भनेर भनिएको छ । तपाइको बाहिरबाट आउँदो रहेछ त्यो गुजरातबाट तपाइको आउँदो रहेछ गुजेरि भैसा भन्ने त्यो गुजरातबाट आउँदा रहेछन । अब गुजरातबाट भैंसी किनेर किन यहाँका जनतालाई बाड्ने जरुरी छैन हामीले यही भैंसी उत्पादन अब गर्नु पर्यो भैंसीको एउटा प्रजनन सेन्टर राख्यो भने यही हामीले भैंसीको बिउ उत्पादन गर्ने । यही खच्चर अहिले पनि खच्चर पुर्ति भा छैन अझै पनि हाम्रो प्रदेशमा खच्चर पुगेको छैन। अब खच्चर उत्पादन हामी यही गरौं न पैसा त यही रहन्न । हरेक वस्तुहरुको उत्पादन हामीले यही गर्ने, त्यसपछि अब हामीले अब विभिन्न किसिमका अब चराचुरुङ्गीको कुरा पनि आयो ।सबै यही उत्पादन गर्न पर्यो अब त्यो के हो अब त्यो चाखुराका लागि यति पैसा अब, सिधै चाखुरा उत्पादन गर्ने । कालिजका लागि यति अर्कोको लागि यति अब त त्यो

उत्पादन केन्द्र अहिले हामीले सबै उत्पादन केन्द्रमा थियो, उत्पादन विस्तार गर्दै गर्ने, उत्पादन गर्दै दिँदै गर्ने, अहिले एउटै ठाउँमा त्यहि हुन्छ त्यो केन्द्र एउटा ठाउँमा मात्र हुन्छ । मौरीको एउटा चाहिँ हुन्छ । महका घार उत्पादन गर्दै किसानलाई दिदै गर्ने भेडा उत्पादन गर्दै किसानलाई दिदै गर्ने अनि फलफुलको पनि बिउ उत्पादन गर्ने नर्सरी हाइटेक भन्या हो त्यो हाईटेक कहाँ गयो । कता गयो त्यो हाइटेक तुरुन्त त्यो अगाडि बढाउनु पर्छ । अब स्याउका बुटा पर हिमान्चलबाट ल्याएर याँ दिने होईन कृषि मन्त्रालयले यहिँ स्याउका उत्पादन अब हामीले गर्ने हो । यो पनि तुरुन्तै अब अगाडि बढाउन हामी लाग्नु पर्छ त्यो त्यसो भा हुनाले अब हामीले त्यो हाईटेक नर्सरीलाई मैले अगिल्लोपटक सबै सर्भे यताउति DPR के-के हो सबै कम्पिलिट भा छ । अब हामीले यो वर्ष तुरुन्तै हामीले हाइटेक नर्सरी बनाउने गरिकन हाम्रो मुख्यगरी कृषि नै हो ।

अहिले अब कर्णाली प्रदेशमा कृषि नै मुख्य हो कृषिका पनि यी यि क्षेत्र हुन भनेर हामीले भन्नु पर्यो नि अब हामीले लसुन बाहिरबाट किनेर खाने रुपडियाका टमटर हामीले किनेर खाने अब यहाँ अनि कुरा मात्र गर्ने लेख्न त जे लेखेपनि अब हामीले यो वर्ष तुरुन्तै हामीले हाइटेक नर्सरी बनाउने गरिकन हाम्रो मुख्यगरी कृषि नै हो अहिले कर्णाली प्रदेशको कृषि नै मुख्य हो । कृषिका पनि यी-यी क्षेत्र हुन् भनेर हामीले भन्नुपर्यो नि । अब हामीले लसुन बाहिरबाट किनेर खाने, रुपैडियाका टमाटर हामीले किनेर खाने, अब हामीले यहाँ अनि कुरा मात्र गर्ने अब लेख्न त जे लेखे पनि भयो अब यति पनि लेखेर भएन भने अब हुँदैन भन्ने कुरा थाहा भयो । यतिसम्म लेखेर पनि अब फेरि तपाईको लसुनै भएन भने पछि कुरो सानो छ । लसुन जाबो भन्ने छ, त्यही पनि बजार गएर खुरुखुरु संसदले किनेर घर खाएको कुरा त छनि त । फेरि त्यो भन्ने बेला जाबो भन्ने त्यही पैसा खेर हालेछ फेरि त्यहाँ त्यो जाबो होईन, फेरि त्यो त्यसो भया हुनाले अब चाहिँ तपाइको यो जाबोभन्दा भन्दै हामी यस्तै भाको हो फेरि चाहिँ यो धेरै महत्त्वपूर्ण होईन आवश्यक छ, फेरि त्यो अहिले बरु लेखिने कुरा लेखियो ठीक छ । यो तपाईको नलेखे पनि यो यस्तो-यस्तो भनेर राखेनि हुन्थ्यो, अघिल्लो यस्तो यस्तो भने राख्यो भएन हुन्छ कि भनेर राखेको हो सायद होला भन्ने कुरामा म विश्वस्त चाहिँ छु । जति चिजको त्यो नाम राखिएको छ, त्यति सबै हामीले अब अहिले सुरु गर्ने नर्सरीको रुपमा सुरु गर्ने अब सबै अब माछादेखि लिएर सबैको नर्सरीको रुपमा ह्याचरी के-के भन्छ, त्यो अब हामीले खोलेर चाहिँ सुरु गर्ने गरी जाने हो । अब यो धेरै भयो भन्ने छ । अब यले मान्छेलाई उ भयो तर पनि दशैवटा जिल्लामा चाहिँ तपाइको यो लाइभ देखाईएको चाहिँ थियो । प्रदेश प्रमुखले वाचन गर्दाखेरि जनताले त पूरै आफ्नै बारीको आयो भन्ने कुरा बडो राम्रो पर्यो होला जस्तो लाग्या छ । फेरि अहिले सम्बोधन गरे भन्नेपर्यो होला, यो अलि अब यो हामीलाई रमाइलो-रमाइलो पनि भयो अलि हाँसो-हाँसो जस्तो पनि भयो । सबैको ध्यान केन्द्रित अगिल्लो पटक तपाइको त्यहि उहिले ल्याएको थियो तहल्का, यो पटक फेरि अलि अलि तर धेरै मैले सोचे जत्तिकै आएन फेरि यो मैले त अझै बढी नै सोच्या थिएँ । अगिल्लोपटक भाँगोको जस्तै पसिना आउने हो भन्ने कुरा बुझेको थिएँ, मैले त्यो त्यति पसिना चाहिँ आएन अहिलेको पटक अलि-अलि राख्नु भयो यो ठीक छ । अब जे भए पनि यो राम्रो कुरा नै हो । अब मुख्य कुरा, अब हामीले उत्पादन चाहिँ बृद्धि गर्ने गरिकन लाग्नु पर्छ जानु पर्छ । यो अब खिसिटिउरिको रुपमा लिने भन्दा पनि यो हामीले हाम्रो जीवन व्यवहारमा लागू गर्ने कुरा हो, हामी सबभन्दा अहिले कृषिमा आत्मनिर्भर हुने हो । सकेसम्म हामी सबै कुरामा आत्मनिर्भर कर्णाली प्रदेशलाई कसरी बनाउने भन्ने अब हाम्रो चाहिँ उद्देश्य हाम्रो लक्ष्य के बनाउनु पर्छ ? र हामीले क्रमशः हामीले आत्मनिर्भर चाहिँ हुँदै जाने गरिकन हामीले तयारी गर्नुपर्छ । यसको लागि हामी विशेषगरी लाग्नुपर्ला । मुख्यगरी अब उठेका विषयवस्तुहरु यिनीयिनी नै हुन्, अब धेरै विषयहरु अरु पनि उठेका छन् । मैले अगिनै सुरुमै पनि भनिसके म धेरे कुराको जवाफ धेरै लामो यहाँ दिइरहनु भन्दा पनि धेरै कुराहरु चाहिँ अब हामीले आगामि हाम्रो

योजनामा हाम्रो बजेटमा हामीले समेट्ने छौं र अहिले बजेट सबैभन्दा राम्रो बनाएर जानु पर्छ र अबको बजेट निर्माणमा सबै माननीय सांसदज्यूहरुको महत्त्वपूर्ण भूमिका जरुरी चाहिँ छ यसका लागि आवश्यक सुझाव सल्लाहा हामी दिउ अब हामी म के भन्छु भन्नु हुन्छ भने मैले यहाँ सुरुमै पनि यहाँ राखिएको छ, अब थोरै हाम्रो कल्चर के छ भन्नुहुन्छ भने अल्ली पक्ष प्रतिपक्ष भन्ने जस्तो हुन्छ । फेरि त्यो अब सरकार यो बिचौन बसेका सत्ता पक्ष अरु सबै प्रतिपक्ष भन्ने टाइपको चाहिँ हामीलाई हुन्छ । मेरो प्रतिपक्ष अर्को कल्चरल्लि पोलिटिकल्लि मैले भन्या छु राजनीतिगत मैले भन्या छैन । संस्कार नै हाम्रो दाइको कोहि प्रतिपक्ष छ भने भाई छ फेरि भाइको प्रतिपक्षको हो ? दाई छ फेरि त्यसो भा हुनाले अलिकति हामीले प्रतिपक्ष हाम्रो अलिकति कल्चर चाहिँ छ यसको हामीले अन्त्य गर्नु पर्दछ । हामी सबै एउटै पक्ष भन्नु पर्यो के हामी सबै एउटै पक्ष हो नि एउटै पक्ष हो । एउटै पक्ष हौ भन्ने कुरा चाहिँ बुझ्नु पर्यो । त्यसपछि अर्को कुरा हाम्रो अलि चर्का स्वर छन्, के फेरि त्यो अलिकति दनक्कै पारेर बोले पछि तपाईको आफू पनि ढल्ने अरु पनि ढाल्ने अरिकन फेरि बोल्ने टाइपको भा हुनाले पनि मान्छे अल्लि तितो तितो टाइपको मान्छन के त्यो त्यसपछि अल्लि कर्णालीका मान्छे केन्द्रतिर मन नपरेको पनि कारण त्यहिँ हो । बेस्सरी थर्काउछ फेरि त्यो हैँ भनेर त अलिकति दिने बित्तिकै त्यसपछि यो फेरि यसको अनुहार बिहान बिहानै देख्नु भयो आएर के थर्काउने थर्काएर जान्छ अब मोड खराब चाहिँ गर्यो भन्ने टाइपको अलिकति पर्या छ । अलि बिद्रोहि स्वभावका मान्छेहरु हामी छौं । अलि लडाकु स्वभावका मान्छेहरु हामी छौं, उस्तै परे बाहुला कसीहाल्ने टाइपका हामी पर्यौं । यसो भा हुनाले अब हामीले विद्रोह भन्ने भन्दा पनि अब प्रेम प्रमले मान्छेलाई चेन्ज ल्याउनु पर्यो के बदल्न पर्यो अब त्यो विद्रोहले ल्याउने भैदिएको भए त अहिलेसम्म त कतिहुने कति अब नर्थकाउने हामीले कोहि पनि छैनन् । बेस्सरी थर्काए हुन्छन् । जोलाई पनि बाँकी कसैलाई पनि राख्दैनन् । तर उ जम्मै मान्छे एन्टि मात्र बनाएको छ । जम्मै मान्छे विरोधी मात्रै बनाएका छौं, के अब हामीले त्यो जम्मैले विरोधी जम्मैले विरोधी अब त्यो भन्दा पनि मान्छेसँग प्रेम गरेर अब प्रेमले नै अब ढाल्न पर्यो के ? फेरि यो विद्रोहले ढाल्नु भन्दा प्रेमले नै ढाल्न पर्यो । आफूतिर ढालेर तपाइको चाहिँ ल्याउने गरिकन बरु राम्रो तरिकाले सुझाव दिने सल्लाहा दिने यसरी जाउ भन्ने यसरी गरौं भन्ने अब भनेर नमान्ने पछि अब हेर्नु मैले यी यो भन्या थिए यति मैले भन्या थिए मानेनन् । केही पनि मानेनन् । दिया सुझाव खोई त कार्यान्वयन भयन भन्न पछि सकियो । अब केही पनि नभन्ने सरकारले मानेन भन्ने कुरा पनि हुँदैन । त्यो त्यसैले हामीले ठ्याक्कै लाग्यो भनिहाल्ने सुझाव भित्रबाट केही आयो ठ्याक्कै डायरीमा टिप्ने भेयाट्टै भेट भया बेला भनिहाल्ने । औपचारिक कार्यक्रम पनि चाहिँदैन त्यो जहाँहिति भने पनि हुन्छ । ल है यसो गरिकन अलिकति यो हो ।

यसो तरिकाले जा जानुपर्यो भन्ने कुराहरुको बारेमा अलिकति पोजेटिभ अलि रचनात्मक अलि संयमित अलि मसिनो स्वर हैन, अलिकति गरौं फेरि त्यो अलिकति हाम्रो शब्दहरुको छनौट पनि एकदम मायालाग्दा टाइपका मनै एकदम पगाल्ने किसिमका साँच्चिकै भन्यो है यले त महसुसै गर्या थिएन भन्ने टाइपका नत्र यो विरोधी हो, यले जति राम्रा कुरा भनेपनि त्यो यले भनिहाल्छ, फेरि त्यो भन्ने टाइपको सुरुमै माइन्ड सेट त्यस्तो हुने के त्यो फलानो मान्छे त कहिल्यै पोजेटिभ छैन, यले त माथि पनि गएर विरोध गर्ने त होला । सुने भयो नसुने भयो भन्ने तल तपाईको चाहिँ अर्काठाउँबाट खच्याङ्ग खुचुङ्ग गर्न लाग्नेतिर हुन्छ त्यसो भा हुनाले अलिकति हामीले माईन्ड सेट जस्तो चाहिँ छ नि त्यलाई बदल्ने गरिकन व्यवहार एक अर्को पट्टी गरौं, मुख्य कुरो बिश्वास हो । बिश्वास दिलाउने गरी हामी लागौं सरकार पनि बिश्वास दिलाउनका लागि प्रतिबद्ध छ । अब कति बेर यलाई अपुग भयो होला । पुगेन होला फेरि त्यो नपुग्दा नियतमा समस्या भन्नेभन्दा पनि अब अहिले पनि पुरै तपाइको कठोर सासक चाहिँ आयो भन्ने ढंगले डराउनु पनि जरुरी चाहिँ छैन । साँच्चिकै एकदम सजिलै मान्छे हुला जस्तो लाग्छ । म फेरि त्यो हैन भन्या मान्ने मान्छे हुला

जस्तो लाग्छ फेरि त्यो राम्रो कुरा भनेपछि फेरि त्यो हो। त्यति असजिलो छु भन्ने लाग्दैन । कतिपय स्वभावशैली आदतका कुराहरुमा केही त्रुटीहरु केही समस्याहरु केही हाम्रा अपुगताहरु ऋबस्यपनि भएका चाहिँ छन् । यलाई मैले राम्रोसँग रियलाईज पनि मैले गरेको छु । महसुस पनि मैले गरेको छु । फेरि ममा रहेका कमीहरु नपुगेका क्षेत्रहरु पुगाउनेमा पनि मैले प्रतिबद्धता दिँदै थप चाहिँ तपाईको चाहिँ अगाडि बढाउनको लागि आवश्यक सहयोग सिंगो सदनले गर्ने छ र गाईडलाईन गर्ने छ भन्ने कुराहरु चाहिँ राख्दै मेरो भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख -** माननीय सदस्यहरु, अब म कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम माथिको छलफल समाप्त भएको जानकारी गराउँछु। माननीय सदस्यहरु अब म कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाही -** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रदेश सभा नियमावली, २०७४ को उपनियम ३७ को ३ बमोजिम पारित गरियोस् भनि सभा समक्ष पेश गर्दछु। धन्यवाद ।

**माननीय सभामुख -** माननीय सदस्यहरु, यस सभामा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमलाई पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले राखु भएको प्रस्ताव प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ को उपनियम ३ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज भन्दा हुन्छ भन्ने आवाज प्रदेश सभामा उपस्थित सदस्य संख्याको बहुमत भएकाले प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्रीले राखु भएको प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार १ गते दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-८

**(२०७६ साल असार १ गते आइतबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख :** माननीय सदस्यहरु, नेपालको संविधान २०७२ को भाग-१६ प्रदेश आर्थिक प्रणाली अन्तर्गत धारा २०७ र प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम १२८ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुख महोदय, प्राकृतिक सम्पदाको धनी, नेपाली भाषा संस्कृतिको उद्‌गम स्थल, विकासको विराट सम्भावना रहेको, गौरवशाली इतिहास बोकेको, लामो संघर्ष र सहिदको बलिदानबाट प्राप्त विकास र समृद्धिको पथमा अघि बढिरहेको कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७६/७७ को अनुमानित आय व्ययको विवरण (बजेट) यस गरिमामय सदनमा प्रस्तुत गरिरहँदा गौरवको अनुभूति गरेको छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र, राष्ट्रियता र नागरिक अधिकार प्राप्तिको लागि भएका जनआन्दोलन, जनयुद्ध तथा प्रदेश स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नेमहानसहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरू, सम्पूर्ण घाइते, अपाङ्गता भएका तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षालाई आत्मसात् गर्दै प्रदेश सरकारको 'समृद्ध कर्णाली, सुखारी कर्णालीबासी' भन्ने दीर्घकालीन सोच अनुरुप समाजवादतर्फको यात्रामा अघि बढिरहने संकल्प गर्दछु ।

'आफ्नो प्रदेश आफै बनाऔं' भन्ने ध्येयका साथ कर्णालीबासीको स्वाभिमानलाई उच्च बनाउँदै समृद्ध प्रदेश निर्माण गर्न उपलब्ध मानवीय, भौतिक, प्राकृतिक, वित्तीय स्रोतको महत्तम परिचालन गर्ने गरी बजेटको निर्माण गरेको छु ।

शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारः यसका लागि पूर्वाधार भन्ने प्रदेश सरकारको नीति कार्यक्रमको मार्गदर्शनलाई आत्मसात् गर्दै प्रदेशवासीको खाना, नाना र छानाको प्रबन्ध गर्ने उद्देश्यतर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

नेपालको संविधान तथा प्रचलित कानून बमोजिम नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै प्रदेशको अधिकार क्षेत्रभित्रका विषयवस्तुलाई सम्बोधन गर्न आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गरेको छु ।

प्रदेश र स्थानीय तहबीच दोहोरोपना नहुने गरी आपसी समन्वय र साझेदारीमा आयोजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

नेपालको संविधान, दीगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनाको आधारपत्र, वार्षिक नीति कार्यक्रम तथा बजेट, प्रदेश सरकारको दीर्घकालीन सोच-२१००, आवधिक योजनाको अवधारणा पत्र, सरकारको नीति तथा कार्यक्रम, बजेटका उद्देश्य, सिद्धान्त, प्राथमिकता र प्रमुख नीतिहरुलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।

सभामुख महोदय,

अब म चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेश गर्ने अनुमति चाहन्छु।

संघीयता कार्यान्वयनको सन्दर्भमा प्रदेश सरकार गठन भएको पहिलो वर्षमा विभिन्न चुनौतीहरुको सामना गर्न परिरहेको अवस्थामा प्रदेश सरकारप्रति जनताको उच्च अपेक्षाको सम्बोधन गर्ने जिम्मेवारी हाम्रो सामु छ । संघीय कानून निर्माणमा भएको ढिलाई, भौतिक संरचनाको कमी, कानून र कार्यविधिको अभाव, विषयगत तथा प्राविधिक जनशक्तिको कमीजस्ता कारणले जनताले खोजेको सेवा र अपेक्षित विकासको काम सोचे अनुसारको गतिमा अघि बढ्न सकेन । यसका बाबजुद आयोजनाहरुको सम्भाव्यता अध्ययन, लागत अनुमान, विस्तृत परियोजना प्रतिवेदन, परियोजना बैङ्क तयारी एवं कार्यान्वयन, आवधिक योजनाको तयारी, आधारभूत कानूनी संरचना निर्माण र पूर्वाधार, उत्पादन एवं सामाजिक विकासका कार्य अघि बढिरहेको यथार्थता जगजाहेर छ ।

प्रदेश र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन प्रदेश समन्वय परिषद्को बैठकबाट २९ बुँदे घोषणा पत्र जारी गरिएको छ । प्रदेश सभाबाट सरकार सञ्चालनका लागि आवश्यक २३ कानून पारित भएका र ५ वटा प्रदेश सभामा विचाराधिन छन् । डिजिटल विद्यालय अभियान कार्यान्वयनमा रहेको छ । विपद् पीडितलाई उद्धार, राहत र सहयोग गर्नुको साथै प्रदेशभरिका बाढी पहिरो, अग्नि पीडितलाई आवासको लागि प्रति परिवार रु. ३ लाखसम्म उपलब्ध गराइएको छ ।

प्रदेश अस्पताललाई ३०० शैयामा स्तरोन्नति गर्ने कार्य अगाडि बढेको, जिल्ला अस्पतालहरुको स्तरोन्नतिको लागि लागत अनुमान तथा नक्शाङ्कन, जोखिममा परेका गर्भवती महिलाका लागि हवाई उद्धार, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय र आवासीय विद्यालयको सम्भाव्यता अध्ययन, विद्यालय भवनहरु निर्माण, हुम्लामा बहुउद्देश्यीय रङ्गशाला निर्माण भैरहेको र विद्यालयहरुमा खेल मैदान निर्माण तथा प्रदेश संग्रहालय स्थापना भएको छ। ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम तथा महिला, दलित, लोपोन्मुख, सीमान्तकृत समुदायको विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूद्वारा उद्घाटन गरिएको कर्णाली रारा पर्यटन वर्ष अन्तर्गत पर्यटन प्रबर्द्धनका विभिन्न कार्यक्रमहरु सञ्चालन, २०७५ सालमा ३४ प्रतिशत पर्यटक संख्या वृद्धि, काँक्रिविहार लगायत विभिन्न पर्यटकीय स्थलहरुको संरक्षण, विकास तथा स्तरोन्नतिका कार्यक्रमहरु कार्यान्वयन, पर्यटन सडक तथा पदमार्गहरु निर्माण, वन पैदावर तथा व्यवस्थापन कार्यक्रम सम्पन्न, पाँच लाख बिरुवा उत्पादनका लागि १० स्थानमा नर्सरी स्थापना तथा हाइटेक नर्सरीको लागि अध्ययन सम्पन्न, ३२ वटा सामुदायिक वन समुदायलाई हस्तान्तरण, वन क्षेत्रबाट बाह्र करोड राजस्व सङ्कलन, लघु उद्यम विकास कार्यक्रमको सञ्चालन र ४२ हजार ४ सय ५९ व्यवसाय दर्ता एवं नवीकरण भई ४ करोड ५० लाख रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

भौतिक पूर्वाधारतर्फ जनता सडक, अन्तर प्रदेश सडक, प्रदेश राजधानी जोड्ने सडक, प्रदेश महत्त्वका सडक कार्यक्रम अन्तर्गत सडक निर्माण कार्य अगाडि बढिरहेको, एक निर्वाचन क्षेत्र एक प्रदेश महत्त्वका सडक बहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन भैरहेको, खानेपानी, सिंचाई, ऊर्जा, ग्रामीण विद्युतीकरण, नदी नियन्त्रण अन्तर्गतका क्रियाकलापहरुको निर्माण कार्य भइरहेको छ ।

कूल सञ्चालित ६० वटा साना सिंचाई आयोजनाहरु सम्पन्न, ५१ वटा कृषि सडक अन्तर्गत ९२ किलोमिटर ट्र्याक खोलिएको, विभिन्न बालीका ४२ वटा पकेट क्षेत्रको पहिचान भई कार्यान्वयनमा रहेका, पशुपन्छीतर्फ

२५ वटा पकेट क्षेत्रमार्फत् दूध, मासु, माछा उत्पादनमा वृद्धि भएको र प्राङ्गारिक कृषि अनुसन्धान नमूना परियोजना सञ्चालन प्रक्रिया अगाडि बढाइएको छ ।

योजना, अनुगमन, बजेट तर्जुमा, बहुवर्षीय ठेक्का, सम्पत्ति व्यवस्थापन लगायत विभिन्न नीतिगत र संरचनागत व्यवस्था गरिएको, नेपाल सरकारबाट प्राप्त समपूरक अनुदान, विशेष अनुदानका आयोजना कार्यान्वयनका चरणमा रहेका, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको अवधारणा पत्र, प्रदेशको पार्श्वचित्र, परियोजना बैङ्क, मध्यमकालीन खर्च संरचना तयार भएको र प्रदेश सरकारबाट स्थानीय तहहरुमा समानीकरण अनुदान रु. ४० करोड र साझेदारीका लागि समपूरक अनुदान वापत रु. ७८ करोड हस्तान्तरण गरी आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

चालु आर्थिक वर्षमा संशोधित अनुमान आर्थिक वर्ष २०७५/७६मा रु. ९ अर्ब ८२ करोड मध्ये चालु खर्च ३ अर्ब ५० करोड १७ लाख ५२ हजार र पुँजीगत खर्च ६ अर्ब ३१ करोड ९५ लाख ७४ हजार खर्च हुने संशोधित अनुमान गरेको छु । साथै राजस्व परिचालनतर्फ २१ करोड २७ लाख ४६ हजार सङ्कलन हुने संशोधित अनुमान छ।

माननीय सभामुख महोदय,
अब म प्रदेशको विद्यमान अवस्थालाई प्रस्तुत गर्दछु ।

आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, पर्यावरणीय र जैविक विविधता रहेको यस प्रदेशमा जनशक्ति, जल, जमिन, जंगल, जडीबूटी र जीवजन्तुजस्ता तुलनात्मक लाभका क्षेत्रहरुको सदुपयोगबाट प्रदेशको समृद्धि हासिल गर्ने उच्च सम्भावना रहेको छ ।

मुलुकको करिब २१ प्रतिशत भूभाग ओगटेको सबैभन्दा ठूलो यो प्रदेशको जनसंख्या करिब ६ प्रतिशत रहेको छ । प्रदेशको औषत जनघनत्व ६५ जना प्रति वर्ग किलोमिटर मात्र छ जुन नेपालको औषत २०३ जना प्रति वर्ग किलोमिटर भन्दा अत्यन्त न्यून छ ।

चालू आर्थिक वर्षमा नेपालको अनुमानित आर्थिक बृद्धिदर ६.८ प्रतिशत रहेकोमा यस प्रदेशको ५.७ प्रतिशत हुने अनुमान छ । आर्थिक वर्ष २०७६/७७मा ग्राहस्थ उत्पादन वृद्धि दर ६.५ हासिल हुने अनुमान गरिएको छ ।

बहुआयामिक गरिबी राष्ट्रिय औषत २८.६ प्रतिशत रहेकोमा यस प्रदेशको ५१.२ प्रतिशत रहेको छ ।

नेपालमा आर्थिक रुपले सक्रिय जनशक्ति ३९.९ प्रतिशत रहेकोमा प्रदेशमा ४१.४ प्रतिशत रहेको छ । कूल बेरोजगारी दर ११.४ प्रतिशत छ भने प्रदेशको ९.७ प्रतिशत रहेको छ ।

उत्पादन, रोजगारी, बचत, लगानी, मानव विकास, सरदर औसत आयु, शिक्षा, स्वास्थ्य लगायतका आर्थिक र सामाजिक परिसूचकमा कर्णाली प्रदेश राष्ट्रिय औसतभन्दा पछाडि रहेको छ ।

कर्णाली प्रदेशको कृषिमा आधारित जनशक्तिको वर्षभरी रोजगारी उपलब्ध नहुँदा उर्जाशील जनशक्तिको श्रम गन्तव्य भारत जाने वाध्यात्मक अवस्थालाई दृष्टिगत गरी यस्तो जनशक्तिको क्षमता वृद्धि गरी कृषि, उद्योग, पर्यटन, वन, भौतिक र सामाजिक विकास लगायतका क्षेत्रमा रोजगार र स्वरोजगारको अवसर सृजना गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सक्ने अवसर हाम्रो सामु रहेको छ ।

सीमित स्रोत साधनबाट अधिकतम् आवश्यकता सम्बोधन गर्दै आर्थिक विकास, सामाजिक रुपान्तरण र कर्णाली प्रदेश समृद्धिको आधारशीला निर्माण गर्न सकिने विश्वास लिएको छु ।

सभामुख महोदय,

अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य र प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु ।

<u>**उद्देश्यहरू**</u>

- सडक लगायत यातायात, ऊर्जा, खानेपानी, सिंचाई, बस्ती विकास, सञ्चारसमेत भौतिक पूर्वाधार क्षेत्रको विकासद्वारा प्रदेशको तीव्र आर्थिक विकास गर्ने ।
- शिक्षा, स्वास्थ्य, सामाजिक विकासका कार्यक्रमद्वारा कर्णालीवासीको जीवनस्तरमा परिवर्तन ल्याउने ।
- कृषि, उद्योग, वन, जडीबूटी, पर्यटन क्षेत्रको विकासद्वारा उत्पादन वृद्धि र रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने ।
- साधन र स्रोतमा पहिचान, पहुँच, प्रतिनिधित्व र समन्यायिक वितरणमार्फत् विभिन्न वर्ग, क्षेत्र, जाति, लिङ्ग, भाषा, धर्म, आन्दोलनका घाइते, अपाङ्गता, अल्पसंख्यक लगायतका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक सामाजिक रुपान्तरणमा तीब्रता ल्याउने ।
- सार्वजनिक सेवा प्रवाहमा सुधार, शान्ति सुरक्षाको प्रत्याभूति र भ्रष्टाचार नियन्त्रणमार्फत् सुशासन कायम गर्ने ।

सभामुख महोदय,

उपरोक्त उद्देश्य प्राप्तिका लागि देहाय अनुसार विकासका <u>प्राथमिकता</u> निर्धारण गरेको छुः

- कर्णाली प्रदेशको दीगो विकास र समृद्धिका लागि सडक पूर्वाधारद्वारा यातायातको पहुँच विस्तारलाई पहिलो प्राथमिकता,
- ऊर्जा उत्पादन तथा विद्युतीकरण, खानेपानी, सिंचाई, बस्ती विकास र सूचना प्रविधिजस्ता पूर्वाधारविकास,
- शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, सामाजिक सुरक्षा, युवा उद्यमशीलता तथा खेलकुदप्रबर्द्धनबाट स्वस्थ, सचेत, सभ्यर अनुशासित नागरिक तथा समृद्ध समाज निर्माण,
- कृषि, जडीबूटी, पानी, खानी, वनपैदावर जस्तास्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धिद्वारा आत्मनिर्भरता वृद्धि,
- आर्थिक वृद्धि र प्रदेश समृद्धिमा योगदानका लागि पर्यटन क्षेत्रको प्रबर्द्धनद्वारा कर्णाली प्रदेशलाई सुरक्षित र साहसिक पर्यटकीय गन्तव्यको रुपमा विकास,
- स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी प्रशासनमार्फत् सुशासनको प्रत्याभूति,
- प्रदेशको समग्र विकासका लागि आवश्यक मानव संशाधनको विकास ।

सभामुख महोदय,

उल्लिखित बजेटका उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकतालाई कार्यान्वयन गर्न नेपाल सरकार र स्थानीय तहसँग प्रभावकारी रुपमा समन्वय र साझेदारी गरिनुका साथै निजी, सहकारी र सामुदायिक क्षेत्रलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

सरकारको प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानुनी व्यवस्था गर्दै लगिनेछ । सम्भाव्यता अध्ययन, लागत अनुमानर विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरूलाई प्राथमिकता दिइनेछ । नयाँ परियोजना तथा कार्यक्रमका हकमा सम्भाव्यता अध्ययन, लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

बजेटको कार्यान्वयनलाई प्रभावकारी बनाउन सबै मन्त्रालय तथा निकायले बजेट कार्यान्वयन कार्यतालिका र खरिद योजना स्वीकृत गराई भाद्र मसान्तभित्र खरिद प्रक्रिया सुरु गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।

**भौतिक पूर्वाधार**

- पूर्वाधारका योजनाहरुलाई छनौट र कार्यान्वयन गर्दा जनसहभागीतामा आधारित कार्यान्वयनयोग्य र प्रतिफलयुक्त योजनालाई प्राथमिकता दिने व्यवस्था मिलाएको छु ।
- कर्णाली प्रदेशको समग्र र सन्तुलित विकासको लागि मुख्यमन्त्री पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सडक, पुल, जलविद्युत, खानेपानी, सिंचाई, पर्यटन, सञ्चार, बस्ती विकासजस्ता भौतिक पूर्वाधारका प्रदेश महत्त्वका ठूला परियोजनाहरु सञ्चालन गरिनेछ ।यसप्रकारका योजनाहरुको छनौट र प्राथमिकीकरण गर्न, कार्यान्वयनमा तीव्रता दिन, अनुगमन र आम जनताको हित र सुविधा अनुकूल दीगो, गुणस्तरीय, भरपर्दो र सुरक्षित बनाई प्रदेशको समृद्धिमा योगदान पुऱ्याउनकानून निर्माण गरी कर्णाली पूर्वाधार विकास प्राधिकरणगठन गरिनेछ । सम्भाव्यता अध्ययन, लागत अनुमान, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) सम्पन्न भएका परियोजनाहरुलाई परियोजना बैङ्कमाराखिनेछ ।
- आयोजना कार्यान्वयनमा सहजता र प्रभावकारिता ल्याउन प्रगति विवरणलाई कम्प्युटर प्रणालीमा आवद्ध गर्नेर योजना तयारीको लागि इन्जिनियरिङ्ग कम्पनी स्थापना र सञ्चालनका लागिआवश्यक बजेट र जनशक्तिको व्यवस्था मिलाएको छु ।
- पूर्वाधार विकास पहिलो प्राथमिकतामा रहेको कर्णाली प्रदेशका जिल्ला र निर्वाचन क्षेत्रहरुमा सन्तुलित विकासको मान्यता अनुसार सडक लगायत पूर्वाधार क्षेत्रको विकासका लागि पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।उक्त कार्यक्रमका लागि रु. १ अर्ब २० करोड विनियोजन गरेको छु ।

**सडक**

- प्रदेश महत्त्वका रणनीतिक सडक, स्थानीय तहको केन्द्रबाट जिल्ला सदरमुकाम र जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने सडक निर्माणमा उच्च प्राथमिकता दिएको छु ।
- एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७५/७६मा स्वीकृत भएका प्रदेश महत्त्वका २४ वटा सडकहरुलाई बहुबर्षीय आयोजनाको रुपमा अघि बढाइएको छ । त्यस अन्तर्गत खार्पुनाथ-चुवाखोला टापु लेख सडक हुम्ला; दैलेख सदरमुकाम नौमुले जुनी जाजरकोट सडक; भेडाबारी-आँपगैरा-खेल्नेचौर सडक, सुर्खेत, सान्तडा मेहलतोली पातिहाल्ना जाजरकोट, सहिद मायाराम मार्ग, दैलेख; छेडा-भेडाआँखे, कल्याण काँध, मन्मडी धनरास सडक, सुर्खेत-राडी ज्यूला दाजे खदी बारंगे सडक रुकुम पश्चिम; रुगा छाइना जडीबूटी लोकमार्ग सडक, मुगु; बालुवा, बडाकाँडा, सनिमेला सडक जाजरकोट; पाँचकाटिया, फूलचाउली, बारेकोट, च्याखुरे, जुम्ला सडक, जाजरकोट; रत्न राजमार्ग, फलाँटे रानिघाट तेलपानी सडक सुर्खेत; जुम्ला दानसांगु, चुत्रा, काइगाउँ, डोल्पा सडक; बाजुरा कवाडी ताजकोट अदानचुली सर्केगाड सडक हुम्ला; दोमुख तारापानी गमगढी नाक्चे लाग्न सडक, मुगु; रासकोट पचाल झरना सडक, कालिकोट; जलजला गोठीजिउला, थालाचौर, कालाकांडा सडक, ; त्रिवेणी जुम्ला, नर्कु, सर्मी,

भालुलेक, जुम्ला सडक, डोल्पा; त्रिवेणी, लुहाम काभ्रा कालीमाटी सडक, सल्यान; सेरी पान्तडी पादम्घाट जुम्ला सडक, कालिकोट; ढोरचौर, मैदुपोखरी सल्लीबजार सडक, सल्यान; डांडीमाडी चामुण्डा मटेला ठाँटीकाँध त्रिपनि स्याउलेकाँध राकम सडक, दैलेख; माथिल्लो डुंगेश्वर दुल्लु बेउली कालिकोट सडक, दैलेख; धरमपोखरा, अवलचिङ, रानीबास, रहकुल, जाजरकोट जोड्ने सडक, सुर्खेत; सल्लीबजार, चौरजहारी, नुवाकोट, मुसीकोट रुकुम सडक समेतका लागि रु. १ अर्ब २९ करोडबजेट विनियोजन गरेको छु ।

- एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने नीति अनुसार सडकले नछोएका स्थानीय तहका केन्द्रलाई पहुँच मार्ग र सडक पुलद्वारा जोड्ने कुरालाई प्राथमिकता दिने र स्थानीय तहका केन्द्रसम्म जोडिएका सडकको स्तरोन्नति गर्ने कार्यका लागि रु. २४ करोड विनियोजन गरेको छु।
- पूर्वाधार विकासमा क्षेत्रीय सन्तुलनलाई ध्यानमा राख्दै जनप्रतिनिधिको स्वामित्व स्थापित गर्ने उद्देश्यले चालु आर्थिक वर्षको जनता सडक कार्यक्रम अन्तर्गतका यस आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने सडक आयोजनाहरुलाई आगामी आर्थिक वर्षको चैत्र मसान्तभित्र सम्पन्न गर्ने गरी विनियोजित बजेटको सीमाभित्र रहीनिरन्तरता दिएको छु । यसका लागिरु. ६३ करोड विनियोजन गरेको छु ।
- जनता सडक कार्यक्रमको महत्त्व र उपादेयतालाई ध्यानमा राखेर यो कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु । सोका लागि रु. ४८ करोड बजेट विनियोजन गरेको छु ।
- आगामी आर्थिक वर्षमा प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडक स्तरोन्नति र निर्माणलाई प्राथमिकता दिइनेछ । जस अन्तर्गत सल्लीबजार-चौरजहारी-मुसिकोट रुकुम र बालुवासंग्रही-कुपिण्डे-खलंगा सल्यान सडकको लागि रु. ८ करोडव्यवस्था गरेको छु ।
- कर्णाली प्रदेशलाई देशका अन्य प्रदेशसँग जोड्नका लागि सुर्खेत-तेलपानी-भुरीगाउँ सुरुङ मार्ग, लैफु-रुप्सा-रामारोशन अछाम, बाजुरा-कवाडी-ताजाकोट-अदानचुली-सर्केगाड-खार्पुनाथ-खगालगाउँ नाम्खा, रुकुम-कालिमाटी-कोहलपुर, रानीघाट-कर्णाली चिसापानी समेत अन्तरप्रदेश सडक र सुर्खेत दैलेख सडक तथा नाग्मा-रारा पर्यटन मार्ग स्तरोन्नति, त्रिवेणी-नर्कु-सर्मी-भालुलेक-जगदुल्ला जलविद्युत आयोजना हुँदै जुम्ला सडक, थारमारे-बडागाउँ-चौरजहारी-जाजरकोट-जुम्ला-कामी बुढा सडक लगायत प्रदेश महत्त्वका रणनीतिक सडकहरुको सम्भाव्यता अध्ययन र निर्माणलाई प्राथमिकता दिएको छु । यसका लागि रु. १० करोड बजेटको व्यवस्था गरेको छु ।
- वीरेन्द्रनगर नगरपालिकासँग समन्वय गरी प्रदेश राजधानी वीरेन्द्रनगरको गुरुयोजना निर्माण तथा सडक पूर्वाधार विकासका लागि वीरेन्द्रनगर शहरी सडक कार्यक्रमलाईनिरन्तरता दिएको छु । यसका लागि रु. २१ करोड बजेटकोव्यवस्था गरेको छु ।
- सडक निर्माण गर्दा सडकको क्षेत्राधिकार, गुणस्तर, सुरक्षा, दुर्घटना न्यूनीकरण रबायो इन्जिनियरिङ्गका आधारमा सडक किनारामा आयमूलक वृक्षारोपण गर्नआवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा झोलुङ्गे पुल निर्माण गरी तुईन विस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- चालु आर्थिक वर्षका मोटरेबल पुल आयोजनाहरुलाईनिरन्तरता दिँदै यस आर्थिक वर्षमा जिल्ला र निर्वाचन क्षेत्रलाई सन्तुलन हुने गरी सम्भाव्यताको आधारमा मोटरेबल पुल कार्यक्रमका लागि रु. १५ करोड ५० लाख विनियोजन गरेको छु ।

**यातायात व्यवस्था**

- राजधानी सहरलाई धुलो धुवाँमुक्त गरी वातावरणमैत्री बनाउन र इन्धन खपत न्यूनीकरणका लागि सुलभ र सहज विद्युतीय सार्वजनिक यातायात, सुब्बाकुनादेखि बाँङ्गेसिमलसम्म साइकल मार्ग र नगर क्षेत्रमा अपाङ्गमैत्री तथा साइकलमैत्री सडक बनाइनेछ । कार्यालय आवतजावत गर्नको लागि साइकलको प्रयोगलाई प्रोत्साहन गर्न बजेटको व्यवस्था गरेको छु ।

**ऊर्जा**

- कर्णालीको पानीः सबैको लगानी कार्यक्रम अन्तर्गत भेरी-बबई डाईभर्सन बहुउद्देश्यीय परियोजनाको विद्युत उत्पादनमा प्रदेश सरकारको लगानी गर्ने र प्रभावित क्षेत्र सुर्खेत र सल्यानका जनतालाई शेयरमा अग्राधिकार कायम गर्ने तथा सम्पूर्ण कर्णालीबासीलाई शेयर लगानीको अवसर प्रदान गरिनेछ । त्यसरी नै भेरी-बबई डाईभर्सन बहुउद्देश्यीय परियोजनाको बाँधबाट र जगदुल्ला जलविद्युत परियोजना प्रदेश सरकार आफैले निर्माण र सञ्चालन गर्ने गरी कर्णाली पूर्वाधार विकास कोषबाट लगानी गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- उज्यालो कर्णाली अभियान अन्तर्गत विद्युत पहुँच नपुगेका दलित, सीमान्तकृत, विपन्न परिवार र विद्यालय एवं स्वास्थ्य संस्थाहरूमा विद्युत पुऱ्याउन वैकल्पिक ऊर्जा र साना जलविद्युत आयोजनाको लागिआवश्यक बजेटको व्यवस्था गरेको छु ।
- ग्रामीण विद्युतीकरण कार्यक्रममार्फत् विद्युत सुविधा नपुगेका गाउँ बस्तीमा विद्युत सेवा पुऱ्याउन रु. ५५ करोड विनियोजन गरेको छु ।

**खानेपानी**

- राजधानी सहर वीरेन्द्रनगर र अन्य स्थानमा खानेपानीको अभाव र बढ्दो मागलाई मध्यनजर गर्दै पानीको सतह र भूमिगत लगायतका स्रोतहरुको पहिचान गरी सम्भाव्यता अध्ययन र निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- "एक घर एक धारा, विद्यालय र स्वास्थ्य संस्थामा खानेपानी सुविधा" को अवधारणा अनुसार खानेपानीको समस्या भएका बस्तीहरुमा मापदण्डका आधारमा स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।
- पानीको अभाव भएका पहाडी भूभाग, विकट बस्ती तथा खानेपानीका स्रोत नभएका स्थानहरुमानयाँ प्रविधिको प्रयोग गरी वर्षाको पानी सङ्कलनतथा भूमिगत (डिपबोरिङ) जलश्रोतको व्यवस्थापन गरी खानेपानी सुविधा उपलब्ध गराउन सम्भाव्यता अध्ययन तथा निर्माणको कार्य अगाडि बढाइने छ । खानेपानी क्षेत्रको समग्र विकासका लागि रु. १ अर्ब ३८ करोड ३५ लाख बजेटको व्यवस्था गरेको छु ।

**सिंचाई तथा नदी नियन्त्रण**

- खानेपानी तथा सिंचाईको दीर्घकालीन समस्या समाधान गर्न कर्णाली, भेरी, बबई, शारदा लगायत नदी/खोलाको पानीलाई आधुनिक प्रविधिको प्रयोग गरीस्वच्छ खानेपानी तथा सिंचाई उपलब्ध गराउन आवश्यक बजेटकोव्यवस्था मिलाएको छु ।
- सिंचाईका स्रोतहरूको पहिचान र सिंचाई प्रणालीको विकासद्वारा नहर कुलोको निर्माण गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा विस्तार गर्ने व्यवस्था मिलाएको छु ।
- स्थानीय तहसँगको समन्वयमा लिफ्ट, भूमिगत, थोपा, आकासे पानी सङ्कलन, मूल पोखरी, हिउँ पोखरी, वर्षा पम्प लगायत विभिन्न नयाँ प्रविधिको माध्यमबाट सिंचाई सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको

छ । सिंचाई क्षेत्रको समग्र विकासको लागि रु. १ अर्ब ७० करोड २५ लाख विनियोजन गरेको छु ।

- जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी तथाजोखिमयुक्त जलाशय नियन्त्रण, तटबन्ध तथा पहिरोनियन्त्रण तथा बाँधनीयन्त्रण कार्यक्रम कार्यान्वयनको लागि रु. ४९ करोड ५० लाख विनियोजन गरेको छु ।

**बस्ती विकास**

- दलित, विपन्न तथा घरबारविहिन, बाढी, पहिरो, अग्निजस्ता प्रकोप पीडित नागरिक, जोखिमयुक्त र छरिएका बस्तीहरूलाईसुरक्षित स्थानमा स्थानान्तरण गरी आधारभूत सेवा सुविधा सहितको एक जिल्ला एक एकीकृत नमूना बस्ती विकासका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्न रु. २५ करोड ५० लाख बजेटकोव्यवस्था मिलाएको छु ।
- सुरक्षित आवास कार्यक्रम अन्तर्गत जनताका घर आगलागीबाट जोगाउन नमूनाको रुपमा खरका छाना विस्थापन गरीटिनका छाना निर्माण गरिनेछ । उक्त कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- लक्षित वर्ग समुदायको पहिचान गरी जनता आवास कार्यक्रमलाई निरन्तरता दिँदै अझ व्यापक र प्रभावकारी बनाउन जमिन नभएका आधारविहीन जनतालाई घडेरीको समेत व्यवस्था गर्ने गरी जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

**भवन तथा शहरी विकास**

- सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँग सम्बन्धित कानून तथा भवनसंहिता तयार गरी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु ।
- नेपाल सरकार र वीरेन्द्रनगर नगरपालिकासँग समन्वय गरी राजधानी सहर वीरेन्द्रनगरलाई सुविधा सम्पन्न बनाउन एकीकृत शहरी विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**शिक्षा**

- समाजलाई सकारात्मक रुपमा बुझ्ने, जीवनका उज्याला पक्षहरू देख्न सक्ने र राम्रा कार्यहरूको अगुवाई गर्न सक्ने नागरिक तयार गर्नका लागि कर्णालीको मौलिक विशेषता सहितको नैतिक, व्यावसायिक र वैज्ञानिक शिक्षासम्बन्धी जीवनोपयोगी नयाँ पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु ।
- प्रदेशमा दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागिपर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य प्रारम्भ गर्नरु. १ करोडको व्यवस्था मिलाएको छु ।
- प्राविधिक जनशक्ति उत्पादन गर्न एक जिल्ला एक बहुप्राविधिक शिक्षालय स्थापना तथा प्राविधिक उच्च शिक्षा सञ्चालन गर्ने क्याम्पसको भौतिक सुधारका लागि रु. ११ करोड बजेटको व्यवस्था गरेको छु ।
- छरिएको बस्ती, भौगोलिक विकटता, मौसमी बसाईसराई, गरिबीजस्ता कारणले विद्यालय छोड्ने र पढाइमा बाधा पुग्ने अवस्थाको अन्त्य गरी सर्वसुलभ शिक्षाको अवसर प्रदान गर्न डोल्पा, हुम्ला, मुगु, जुम्ला र कालीकोट जिल्लामा आवासीय विद्यालय स्थापना गर्न रु. ३ करोड ७५ लाख विनियोजन गरेको छु ।

- सबै स्थानीय तहमा विद्यालय मर्जरलाई प्रोत्साहित गर्दै कम्तीमा एउटा विद्यालयलाई साधन स्रोत र प्रविधियुक्त नमूना विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु. ३९ करोड ५० लाख विनियोजन गरेको छु ।
- विद्यालय भवन लगायत भौतिक पूर्वाधार विकास दलित छात्रावास निर्माण, नमूना बालविकास तथा विशेष शिक्षा सञ्चालित विद्यालयको भौतिक सुधारका लागिआवश्यक बजेटको प्रबन्ध गरेको छु ।
- उच्च शिक्षालाई गुणस्तरीय, रोजगारमूलक र जीवनोपयोगी बनाउनका लागि प्रदेशका विभिन्न क्याम्पसहरुलाई आवश्यक पूर्वाधार, प्रविधि र शैक्षिक सामग्रीको लागि रु. ४ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।
- नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमाआगामी दुई वर्षभित्र कर्णालीलाई साक्षर प्रदेश घोषणा गर्ने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- माध्यमिक विद्यालयका विद्यार्थीलाई जुनियर रेडक्रस, नेपाल स्काउट र राष्ट्रिय सेवा दलमा आवद्धताको लागि समन्वय गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु ।
- जनशक्ति विकासमा जोड दिन जेहेन्दार विद्यार्थीलाई छोरीबुहारी छात्रवृत्ति र गरिब, दलित, अपाङ्गता, जेहेन्दार तथा दुर्गमका विद्यार्थीका लागि उच्च शिक्षामा छात्रवृत्ति प्रदान गर्ने कार्यलाईनिरन्तरतादिएको छु ।
- कर्णाली प्रदेशका जेहेन्दार विद्यार्थीलाई अध्ययन पश्चात आफ्नो प्रदेशमा निश्चित अवधि सेवा गर्ने गरी कृषि र पशु विज्ञान, चिकित्सा तथाइन्जिनियरिङ्ग विषयको अध्ययनसम्बन्धीसेवा-शर्त छात्रवृत्ति कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- दरबन्दी नभएका र विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरूमा सम्बन्धित विषयका शिक्षण सिकाई तालिम प्राप्त स्नातकहरूलाई स्वयंसेवकको रुपमा सेवा लिन कर्णाली विकास सेवा लागू गरिने र सोका लागि रु. २ करोड ९३ लाख विनियोजन गरेको छु ।
- अभिभावकविहीन बालबालिकाको शिक्षा र संरक्षकत्व प्रदान गर्न प्रदेश राजधानीमा बालग्राम स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- कृषि क्षेत्रमा आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि रुकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।सुर्खेतमा प्रदेश पुस्तकालय स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- अल्पसंख्यक मुस्लिम समुदायलाई प्रोत्साहित गर्न सुर्खेत र सल्यानमा मदरसा विद्यालय भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

<u>स्वास्थ्य तथा सरसफाई</u>

- प्रदेश अस्पताललाई ३०० शैयाको विशेषज्ञ अस्पतालको रुपमा विकास गर्न आवश्यक पूर्वाधार, यन्त्र उपकरण र प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुदृढ गर्न रु. २० करोड ५ लाख विनियोजन गरेको छु ।
- जिल्ला अस्पतालहरूलाई पचास शैयासम्मका विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रुपमा स्तरोन्नति, स्थानीय तहमा पन्ध्र शैय्यासम्मको अस्पताल एवं सामुदायिक अस्पताल निर्माण र सञ्चालनमा आवश्यक सहयोगका लागि रु. १३ करोड २५ लाख रकम विनियोजन गरेको छु ।
- प्रदेश अस्पताल र जिल्ला अस्पतालमा विशेष व्यवस्था सहित विशेषज्ञ चिकित्सक तथा उपकरणको लागि रु. ४ करोड ४२ लाख ५० हजार बजेट व्यवस्था गरेको छु।

- प्रदेश आयुर्वेद अस्पतालको स्तरोन्नति, प्राकृतिक चिकित्सा, होमियोप्याथी, आम्ची लगायतका वैकल्पिक चिकित्सा पद्दतिको सेवा विस्तार र प्रबर्द्धनगर्न आवश्यक बजेट छुट्याएको छु ।
- स्थानीय तहसँगको समन्वयमा बर्थिङ्ग सेण्टरलाई व्यवस्थित र साधनश्रोत सम्पन्न बनाइनेछ ।हुम्ला, डोल्पा, मुगु, कालिकोट, जाजरकोट र अन्य जिल्लाका सदरमुकाम रहेका स्थानीय तह बाहेकका स्वास्थ्य संस्था नभएका वडाहरूमा अत्यावश्यक उपकरणसहित तालिम प्राप्त स्वास्थ्यकर्मी स्वयंसेवकको व्यवस्था मिलाउन रु. ६ करोड विनियोजन गरेको छु ।
- जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि आपतकालीन हवाइ उद्धार सेवालाई निरन्तरता दिँदै अझ सुलभ र छरितो सेवा दिने व्यवस्था मिलाएको छु ।
- अस्पताल परिसरभित्र अस्पतालकै औषधि पसल मात्र सञ्चालन अनिवार्य गरी सहुलियत दरमा औषधि उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।
- सरकारी अस्पतालहरूमा पोषण विज्ञ समेतको सहभागीता र सिफारिसमा खाना र खाजाको प्रकार र मेनु तर्जुमा गरी प्रतिछाक लागतका आधारमा गुणस्तरीय खाना र खाजा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।
- एक निर्वाचन क्षेत्र एक टेलीमेडिसिन सेवा प्रारम्भ गरी क्रमशः विस्तार गर्ने व्यवस्था मिलाएको छु ।
- स्थानीय तहसँगको सहकार्यमा आवश्यकतानुसार एम्बुलेन्स कार्यक्रम लागू गरी प्रेषण सेवालाई थप व्यवस्थित बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- मानसिक स्वास्थ्य समस्या, भन्न नमिल्ने रोग तथा नसर्ने रोगको परीक्षण तथा उपचार सेवालाई स्थानीय अस्पतालसम्म पुऱ्याइने र जिल्ला अस्पतालसम्म मनोसामाजिक परामर्शदाताको सेवा उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- घुम्ती अस्पताल सञ्चालनको लागि रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।
- पोषण पाक शिक्षा र भान्सा सुधारका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विपन्न तथा असहाय अपाङ्गता, अटिजम, मानसिक सन्तुलन गुमाएका र सडकमा अलपत्र परेका असक्त बिरामीहरूलाई उपचार गरी पुनर्स्थापना गर्नका लागि पुनर्स्थापना केन्द्र स्थापना र अठार वर्ष मुनिका बालबालिकाको उपचार तथा पुनर्स्थापना कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- राजधानी लगायत सबै सहरहरू‍मा स्थानीय तहसँगको सहकार्यमा अपाङ्ग, लैङ्गिक, बालमैत्री सार्वजनिक शौचालयहरू निर्माणलाई अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**<u>श्रम तथा रोजगार</u>**

- श्रमको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रत्येक महिनाको १ गते जनप्रतिनिधि, राष्ट्रसेवक, नागरिक समाज, व्यवसायी र आम जनताको सहभागीतामा राजधानी, जिल्ला, स्थानीय तह र वडाहरुमा श्रमदिन अभियानलाई व्यापकता दिइनेछ ।नियमित रुपमा श्रममा सहभागी हुने व्यक्तिलाई सम्मान र पुरस्कारको व्यवस्था गरेको छु ।
- कामको सृजना, रोजगारीको अवसर, ज्यालामा सुधार गरी श्रमप्रति सम्मान गर्दै समृद्ध कर्णाली प्रदेश निर्माणमा युवाको भूमिकालाई स्थापित गर्दै कर्णालीवासीको खाना, नाना र छानाको प्रबन्ध गर्न मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ज्ञान, सीप र क्षमताको उपयोग र विकास गरी श्रम सहकारी तथा श्रम कार्यदलमार्फत् सार्वजनिक विकास निर्माण, जीवन्त आयोजना तथा मानवीय कार्यमा लक्षित वर्ग समुदायलाई संलग्न गराई रोजगारीको अवसर सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

- सीप तथा रोजगारमूलक तालिमबाट उद्यमशीलता र स्वरोजगारका लागि वित्तीय पँहुच, विद्यालय छाडेका युवालाई तालिममा सहभागी गराउनेसहभागी हुन प्रोत्साहित गरी श्रम बजारमा जाने वातावरण बनाउन सबै जिल्लामा रोजगार परामर्श केन्द्रको व्यवस्थागर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**<u>युवा तथा खेलकुद</u>**

- "स्वास्थ्य र मनोरञ्जनका लागि खेल" भन्ने अवधारणा अनुरुप सबै नागरिकलाई खेलकुदप्रति आकर्षित गर्न, खेल क्षेत्रको विकास तथा प्रबर्द्धन र विकासमा युवा परिचालनलाई प्रभावकारी बनाउनका लागि कर्णाली युवा तथा खेलकुद परिषद् गठन गर्न आवश्यक व्यवस्था गरेको छु ।
- प्रदेश रङ्गशाला, हिमाली रङ्गशाला र तालिम केन्द्र स्थापना गर्न, चौरजहारी र रास्कोटमा रङ्गशाला निर्माण, स्थानीय तहसँगको साझेदारीमा रङ्गशाला तथा खेलकुद मैदान निर्माण, क्रिकेट रङ्गशाला र कवर्ड हलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाउनको लागि रु. ११ करोड ७५ लाख बजेटको व्यवस्था गरेको छु।
- प्रदेशबाट राष्ट्रिय खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीका लागि रु. १ लाखसम्म र अन्तर्राष्ट्रिय खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीको लागि रु. ५ लाखसम्म नगद पुरस्कार प्रदान गरी सम्मान गर्नका आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**<u>सामाजिक न्याय तथा सुरक्षा</u>**

- कर्णाली प्रदेशका बालबालिका, महिला, हिंसापीडित महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, जनजाति, सीमान्तकृत वर्ग समुदाय, बहिष्करण र बञ्चितीकरणमा परेका वर्ग समुदायको संरक्षण, सुरक्षा र सहयोगका लागि मनमोहन सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- छाउपडी (छुई) प्रथा, बालविवाह, अनमेल विवाह, घरेलु हिंसाजस्ता सामाजिक विकृति अन्त्य गर्दै छोरीलाई गर्भदेखि नै समान रुपले हुर्काउन, पढाउन र रोजगारीका लागि छोरीबुहारी मूल प्रवाहीकरण कार्यक्रम सञ्चालन गरिने र विसङ्गति विरुद्ध जनचेतना फैलाउन विद्यालयमा किशोरी शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटकोव्यवस्था मिलाएको छु ।
- दलित समुदाय माथिको छुवाछुत र भेदभाव अन्त्य गर्दै अन्तरजातीय विवाहलाई प्रोत्साहन र सामाजिक कलंकको रुपमा रहेको छुवाछुत प्रथा अन्त्य गर्ने अभियानका साथ प्रदेशलाई छुवाछुतमुक्त प्रदेश घोषणा गर्ने व्यवस्था मिलाएको छु ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत दलित तथा महिलाहरूको ज्ञान, सीप र क्षमता बढाई आर्थिक सामाजिक रुपमा सम्पन्न गराउन अनिवार्य न्यूनतम् आयआर्जन कार्यक्रम सञ्चालन गर्न रु. ५ करोड रकम विनियोजन गरेको छु ।
- स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवालासँगको सहकार्यमा सडक बालबालिकामुक्त प्रदेश बनाउन व्यक्तिगत घर, व्यावसायिक क्रियाकलाप र प्रतिष्ठानमा बालश्रम र शोषणको अन्त्य गर्नका लागि सञ्चालन गरिने कार्यक्रमहरुका लागि आवश्यक व्यवस्था गरेको छु ।
- महिला स्वास्थ्य स्यवंसेविका र बाल शिक्षा सहजकर्ताले समुदायमा गरेको योगदानको कदर गर्दै प्रोत्साहन स्वरुप वार्षिक रु. १० हजार र स्वास्थ्य संस्थामा आई बच्चा जन्माउने आमालाई पोषण खर्च वापत रु. २ हजार उपलब्ध गराउने व्यवस्था गरेको छु।
- ज्येष्ठ नागरिकहरुलाई पारिवारिक वातावरणमा सम्मानपूर्वक बस्न र बाँच्नका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र, देश दर्शन कार्यक्रम, ज्येष्ठ नागरिक अभिनन्दन कार्यक्रम, वृद्धाश्रम, निःशुल्क औषधोपचार, दुर्गम क्षेत्रमा हवाई यातायातमा छुटका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

- प्रदेश राजधानी र अन्य जिल्लाहरुमा सामाजिक संरक्षण गृह (सेफ हाउस) निर्माण तथा सञ्चालनका लागि सहयोग गरिनेछ । उपरोक्त कार्यक्रमका लागि रु. १ करोड छुट्याएको छु ।
- राउटे, बादी लगायतका लोपोउन्मुख तथा अल्पसंख्यक सीमान्तकृत वर्ग समुदायको संरक्षण, विकास र जीविकोपार्जनका लागि आयमूलक कार्यक्रम र तीनको उचित व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- छोरीको लालनपालन र शिक्षा दिक्षाको लागि छोरी जन्मेको अवसरमा बैङ्कमा खाता खोली १ हजार रुपैयाँ जम्मा गर्ने र प्रत्येक महिना ५ सयका दरले विवाहयोग्य उमेर २० वर्षसम्म जम्मा गर्ने बैंक खाता छोरीकोः सुरक्षा जीवनभरिको कार्यक्रमको घोषणा गरेको छु । यस कार्यका लागि रु. ७ करोड बजेट छुट्याएको छु ।

**साहित्य, कला तथा संस्कृति**

- प्रदेश संग्रहालय स्तरोन्नति, खस भाषा, सभ्यता र संस्कृतिको उद्‌गम स्थल सिंजा र दुल्लुमा सांस्कृतिक संग्रहालय स्थापना, हुम्लामा लामा सांस्कृतिक संग्रहालय, सुर्खेतमा मगर र थारु सांस्कृतिक संग्रहालय तथा सिंजामा नेपाली भाषा तथा साहित्य विश्व सम्मेलनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासका लागि कर्णाली प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ । प्रदेश राजधानीमा "कर्णाली सांस्कृतिक कला केन्द्र" र "कर्णाली देउडा डबली" स्थापनाका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।
- विभिन्न समयमा भएका राजनीतिक आन्दोलन र सामाजिक परिवर्तनको विषय झल्कने तथ्य, प्रमाण, वस्तु, दस्तावेजहरूको व्यवस्थित संग्रह सहितको शान्ति अध्ययन केन्द्र स्थापना गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**भूमि व्यवस्था, कृषि तथा पशुपन्छी**

- कृषि पेशालाई सम्मानित, मर्यादित र आकर्षक बनाउन "मेरो किसान मेरो अन्नदाता" कार्यक्रम अन्तर्गत कृषकको सुरक्षा, आयको सुनिश्चितता, उत्पादनको सही मूल्यजस्ता विषय प्राथमिकतामा राखी निर्वाहमुखी कृषिलाई प्रविधि, नवीन औजार, उत्पादन संरक्षण, प्रशोधन र बजारीकरणमार्फत् युवाशक्तिलाई कृषिमा आकर्षित गर्ने र कृषि पेशाको पुस्तान्तरणलाई उत्प्रेरणा दिने कार्यका लागि रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।
- कृषियोग्य भूमि विस्तार, मल, बीउ सुधार, सिंचाई, औजार, प्रविधि सीप, यन्त्र उपकरणहरुमा लगानी केन्द्रित गरिनेछ । भूमिहीन, सुकुम्बासी, गुठी, मुक्त हलिया, अव्यवस्थित बसोबास, जनयुद्धकालीन जग्गा किनबेच लगायतका समस्या सम्बोधन गर्न भूमि समस्या समाधान समिति गठन र आवश्यक कार्यको लागि बजेटको व्यवस्था गरेको छु ।
- कुलो, लिफ्ट, पोखरी, थोपा, वर्षा पानी सङ्कलन, पम्प प्रणालीबाट थप कृषि भूमिमा सिंचाई सुविधा उपलब्ध गराउने कार्यक्रमका लागि सिंचाई डिभिजन कार्यालयहरुबाट प्राविधिक सहयोग लिई कार्यान्वयन गर्न रु.५० करोडको व्यवस्था गरेको छु ।
- कृषि उत्पादनका लागि आवश्यक यन्त्र उपकरण र मल, बीउ खेतसम्म लैजान र कृषि उपजलाई घरबजारसम्म पुऱ्याउन आगामी वर्ष सम्भाव्यताको आधारमा कृषि सडक निर्माण गर्न रु. ३२ करोड बजेट विनियोजन गरेको छु ।

- "प्रदेश सरकार गरिब किसानका साथमा" भन्ने नाराका साथ कृषकलाई उत्पादनको सम्भाव्यताका आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन गरिब किसान केन्द्रित न्यूनतम आयआर्जनका कार्यक्रम सञ्चालन गर्न समेतका लागि रु. ३० करोड बजेट विनियोजन गरेको छु ।
- चालू आर्थिक वर्षमा सञ्चालित कृषि सहकारीनमूना गाउँ, अर्गानिक कृषि नमूना गाउँ, सुर्खेतमा बहुउद्देश्यीय कृषि सहकारी भवन, लक्षित वर्ग विशेष, उत्पादन विशेष पकेट क्षेत्र, कृषि उपज प्रशोधन तथा कृषि औजार उद्योगको पूर्वाधार समेतका कार्यक्रमहरुलाई निरन्तरता दिएको छु । दूधमा आत्मनिर्भर बनाउन दुग्ध प्रबर्द्धन विशेष कार्यक्रम अन्तर्गत उन्नत जातका गाई भैंसी पशुपालक किसानसम्म सहुलियतपूर्ण ऋणमा उपलब्ध गराउने र पशुधनको बीमा गर्ने व्यवस्था समेतका लागि आवश्यक बजेटछुट्याएको छु ।
- कृषिजन्य उत्पादनको सङ्कलन, भण्डारणमा हुने क्षति न्यूनीकरण र मूल्य उच्च भएको समयमा बजारसम्म पुऱ्याउन उपज सङ्कलन केन्द्र, शीत घर, दूध चिस्यान केन्द्र, रष्टिक र सेलार स्टोर स्थापना तथा सञ्चालनका लागि रु. १५ करोड बजेटको व्यवस्था गरेको छु।
- भूमिलाई बाँझोराख्ने र खण्डीकरणलाई निरुत्साहित गर्दै भूउपयोगको योजना र वैज्ञानिक वर्गीकरण तथा भूमिबैङ्कको स्थापना गरी खेती गर्न चाहने किसानलाई विशेष व्यवस्था अन्तर्गत भूमि उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।
- फलफूल, तरकारी, खाद्यान्नबाली, तेलहन, दलहन र नगदे बाली उत्पादन तथा बजारीकरण एवं प्रबर्द्धनजस्ता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । साथैरैथाने बालीको विकास, बीउ सङ्कलन रसंरक्षण गर्न, जलवायू परिवर्तनले बीउमा पार्ने असर न्यूनीकरण गर्न सामुदायिक बीउ बैङ्क स्थापना गर्ने प्रबन्ध गरेको छु ।
- सुर्खेतमा कृषि प्रदर्शनीस्थल, सल्यानमा कृषि औद्योगिक क्षेत्र, हर्रे र कपुरकोटमा क्वारेन्टाइनर विषादी परीक्षण प्रयोगशाला स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । प्राङ्गारिक तथा जैविक मल र पशु दाना उद्योगको पूर्वाधार निर्माणमा सहयोग गर्न र विषादी तथा रसायन प्रयोगलाई निरुत्साहन गर्ने क्रियाकलापमा बजेटको व्यवस्था गरेको छु ।
- बजारमा स्वच्छ र सफा मासु आपूर्तिका लागि पशु बधशाला तथा पशु बधस्थल निर्माण र सञ्चालनको सम्भावना अध्ययन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- नेपाल कृषि अनुसन्धान परिषद्सँगको सहकार्यमा कृषि अनुसन्धान केन्द्र दशरथपुरमा प्राङ्गारिक कृषि अनुसन्धानको कार्यगरिनेछ । अन्य अनुसन्धान केन्द्रहरुलाई अर्गानिक कृषि अनुसन्धान केन्द्रहरुको रुपमा विकास गर्न संघीय सरकारसँग समन्वय गरिनेछ । यस्ता केन्द्रहरु र कृषि तथा भेटेरीनरी विषय अध्यापन हुने विद्यालयहरुबाट प्राङ्गारिक कृषि प्राविधिक जनशक्ति र व्यावसायिक कृषक तयार गरिनेछ । कृषि प्राविधिक जनशक्तिको अभाव पूर्ति गर्न सञ्चालित एक वडा एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- कृषि सहकारी, कृषक समूह र निजी क्षेत्र समेतको साझेदारीमा अर्गानिक कृषिजन्यबाली वस्तुकोउत्पादन, विविधीकरण, प्रशोधन, लेबलिङ्ग, प्याकेजिङ्ग, ब्रान्डिङ्गलगायत बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरी कृषिजन्य वस्तुको आयात कम गर्दै लैजानका लागि बजेटको व्यवस्था गरेको छु ।
- कर्णाली प्रदेशलाई फलफूलमा आत्मनिर्भर बनाउन र उच्च मूल्यका फलफूलको खेती विस्तार गर्न शीतोष्ण, समशीतोष्ण र उष्णप्रदेशीय तथा नयाँ जातका फलफूलको बिरुवा तयार गर्न प्रत्येक निर्वाचन क्षेत्रमा उच्च प्रविधिको एक/एक वटा नर्सरी प्रबर्द्धनगरी किसानलाई उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु । "एकस्थानीय तह एक कृषि वन" कार्यक्रमलाई सामुदायिक वन उपभोक्ता

समूहहरुसँगको सहकार्यमा यस्तो वन क्षेत्रहरुमा फलफूल खेती प्रवर्द्धन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

- कृषि उत्पादन तथा व्यवसायमा प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण र विपद्लाई शीघ्र सम्बोधन गरिनेछ ।असिना पानी, हावाहुरी, रोग, किरा, बाढी पहिरोबाट बालीनालीमा हुने क्षतिलाई अन्नबाली बीमाका माध्यमबाट सम्बोधन गरिनेछ । महामारी रोग नियन्त्रण गर्न आवश्यक भ्याक्सिन तथा औषधि समयमै आपूर्ति हुने व्यवस्था मिलाएको छु ।

## सहकारी तथा गरिबी निवारण

- महिला सहकारीहरुमा घुम्ती कोष बीउ पुँजीको स्थापना गरी कृषिमा महिलाहरुको सहभागीता, उत्पादन विविधीकरण तथा उद्यमशीलता विकासमा प्रोत्साहन गर्ने कार्यक्रमलाई जोड दिएको छु । कृषि श्रम बजारमा महिलाको उपस्थितिलाई गणनायोग्य र घरपरिवारको तहमा गरिबी निवारणको मुख्य संवाहक बनाउने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- "समृद्ध कर्णालीका लागि सहकारी अभियान"लाई निरन्तरता दिँदै सहकारीका माध्यमबाट सामुदायिक खेती, व्यावसायिक उत्पादन, भूमिको चक्लाबन्दी समेत गरी उत्पादन वृद्धि र रोजगारी सिर्जना, कृषि उपज प्रशोधन उद्योग, बजारीकरण र निर्यात व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- भूमि, कृषि तथा सहकारी क्षेत्रको समग्र विकासबाट आगामी वर्ष न्यूनतम १० हजार व्यक्तिहरुलाई प्रत्यक्ष वाअप्रत्यक्ष रुपमा रोजगारीमा संलग्न गराई दीगो विकासको लक्ष्य प्राप्त गर्न सकिने आशा लिएको छु । माथि उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्न रु. ४० करोड बजेट विनियोजन गरेको छु।

## उद्योग, वाणिज्य तथा आपूर्ति

- विक्रम सम्बत २०७६ देखि २०८५ लाई लगानी दशक घोषणा गरेको छु । यस अन्तर्गत उत्पादनमूलक, रोजगारमूलक र निर्यातमूलक उद्योगमा लगानी अभिवृद्धि गर्ने व्यवस्था मिलाएको छु ।
- सक्रिय जनशक्तिको सीप रउद्यमशीलता अभिवृद्धिमार्फत् रोजगार/स्वरोजगारका लागि उद्योग तथा व्यवसाय दर्ता, स्थायी लेखा नम्बरमा सहजीकरण र सहुलियतपूर्ण ऋण प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नेपाल सरकार र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा स्थानीय तहमा विशेष उत्पादनको लागि उद्योग ग्राम स्थापना गरीपरम्परागत प्रविधि, स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग प्रवर्द्धन, स्थानीय उत्पादनको उचित मूल्य र बजार पहुँच सुनिश्चित गर्न पूर्वाधार निर्माण र सहुलियतपूर्ण ऋणका लागि रु. ६ करोड बजेट विनियोजन गरेको छु ।
- कपास र अल्लो लगायत वन पैदावर तथा पशुजन्य कच्चा पदार्थमा आधारित स्थानीय उत्पादनलाई प्रबर्द्धन गर्नका लागि सम्भाव्यता अध्ययन, उद्योग स्थापनाका लागि पूर्वाधार निर्माण गर्न रु. ५ करोड बजेटको व्यवस्था गरेको छु ।
- प्रदेशको पहिचान झल्काउन जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक लगायतले प्रयोग गर्ने औपचारिक पोशाकमा स्थानीय उत्पादनहरू क्रमशः प्रयोगमा ल्याउने व्यवस्था मिलाएको छु ।
- कर्णाली प्रदेशबाट उपहार तथा कोशेलीहरु प्रदान गर्दा र सरकारी कार्यालय र कार्यक्रममा स्थानीय उत्पादनका वस्तुहरुको प्रयोगलाई प्राथमिकता दिइनेछ । स्थानीय उत्पादनको गुणस्तर सुधार, प्याकेजिङ्ग र बजारीकरणका लागि प्रविधि र सौगात/कोसेली घरको पूर्वाधार विकासमा लगानीकर्तालाई सहयोग गर्ने व्यवस्था मिलाएको छु ।

- खाद्यवस्तुको गुणस्तर परीक्षण, अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाउन, बधशाला, रेष्टुरेण्ट तथा होटलहरुको गुणस्तर निरीक्षण, ढुसी लागेका खाद्य पदार्थको उपयोगमा नियन्त्रण, दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्रीवितरणमा प्रतिबन्ध लगाउने र उपभोक्ताको हित संरक्षण गर्न उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको क्षमता विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।
- अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको लघु, मझौला र ठूला उद्योगको विकास गरी स्थानीय साधन स्रोतको उच्चतम् प्रयोगमार्फत् आर्थिक वृद्धि तथा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- लघु उद्यममार्फत् लक्षित वर्गलाई रोजगारी सिर्जना कार्यक्रम अन्तर्गत दलित समुदाय, महिला, एकल महिला, जनजाति, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित, युवा र अतिविपन्न समुदायको उत्थान र स्वरोजगारको लागि सीप विकासमार्फत् उद्यमशीलता र उपकरण सहयोग गर्न रु. १६ करोड विनियोजन गरेको छु ।
- ठूला तथा मझौला उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधार विकास गर्न, छाला उद्योग, फलफूल प्रशोधन उद्योगको सम्भाव्यता अध्ययन र पूर्वाधार निर्माण गर्न र पार्टीकल बोर्ड उद्योग स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पेट्रोलियम पदार्थ र एल.पी. ग्याँसको भण्डारणको लागि छिन्चुमा जग्गाको व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

<u>पर्यटन</u>

- कर्णाली समृद्धिको आधारः पर्यटन विकास र पूर्वाधारभन्ने लक्ष्यका साथ कर्णाली पर्यटन सर्किटको पूर्वाधार निर्माण गरी रारा, शेफोक्सुण्डो, कुपिण्डे, पचाल झरना, स्यार्पु, बुलबुले, दुधे दहहरु लगायत ताल तथा झरना, काँक्रिविहार, शिजा, छायाँनाथ, चन्दननाथ, ज्वाला पञ्चकोशी, पञ्चदेवल, दुल्लु, शे-गुम्बा, खैराबाङ, यालबाङ्ग गुम्बा, रलिङ, खार्पुनाथ, त्रिपूरासुन्दरी, जाजरकोट दरबार, फलावाङ दरबार, जक्तिपुर, डिग्रेसाई कुमारी, सिद्धकुमाख, देउतीबज्यै, बडिमालिका लगायत ऐतिहासक, धार्मिक तथा सांस्कृतिक धरोहरहरु समेत मुख्य पर्यटकीय गन्तव्य स्थल पहिचान गरी प्राकृतिक, सांस्कृतिक, धार्मिक, कृषि तथा वन पर्यटन, साहसिक पर्यटन परिपथ, होमस्टे लगायतका पर्यटन क्षेत्रहरूको विकास र विविधीकरण समेतका लागि रु. २० करोड बजेटको प्रबन्ध मिलाएको छु ।
- बृहत् हिमालय पदमार्ग, केवलकार, गुरिल्ला पर्यटन पदमार्ग, बाह्रदेउ पर्यटन पूर्वाधार, नाउर तथा कस्तुरी पदमार्ग, मनोरम पदमार्ग, चौकुने जिओपार्क लगायतका पर्यटन, उद्योग, जडीबूटी, वन तथा वातावरणसँग सम्बन्धित ठूला आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- स्थानीय युवालाई पर्यटक सहयोगी तालिम दिँदै साहसिक खेलकुदमा आधारित ऱ्याफ्टिङ्ग, माउण्टेन बाईक, पदयात्रा तथा जलयात्राका लागि उपयुक्त स्थान छनौट र विकासबाट आयआर्जन, रोजगारी सृजना, पर्यटकको बसाई अवधि तथा खर्च गर्ने अवसरहरूमा वृद्धि गर्न साझेदार निकायहरू समेतको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- निजी क्षेत्रसँगको साझेदारीमा कर्णाली हवाई सेवा सञ्चालन गर्न आवश्यक कानून, संरचना र बजेटको व्यवस्था गरिनेछ ।

- नेपाल सरकारसँगको समन्वयमा सुर्खेत विमानस्थलको धावन मार्ग विस्तार र अन्य विमानस्थलको मर्मत सम्भारका लागि आवश्यक पहल गरिनेछ । हिमाली जिल्लामा क्षेत्रीय स्तरको पर्वतीय पर्यटक विमानस्थलका साथै हवाई मैदान नभएका जिल्लाहरुमा विमानस्थलहरुको सम्भाव्यता अध्ययन गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- पर्यटन बोर्डको स्थापना, संस्थागत क्षमता र पूर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- प्रदेशस्थित हवाई मैदान नभएका सबै स्थानीय तहका केन्द्रमा आकस्मिक उद्धार, राहत तथा जनताको सुविधाको लागि हेलिप्याड निर्माण गर्न रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।
- नेपाल सरकारसँग समन्वय गरी दुर्गम क्षेत्र सेवा कोषबाट उडान अनुदान प्राप्त गरी प्रदेश राजधानी सुर्खेतलाई केन्द्र बनाई जिल्ला तथा संघीय राजधानीमा दैनिक नियमित उडान हुने व्यवस्थाको लागि पहल गरिनेछ ।
- सडक सुविधा नभएका दुर्गम हिमाली जिल्ला हुम्ला र डोल्पामा ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि हवाई यात्रा कार्यक्रममार्फत् हवाई टिकटमा दिँदै आएको सहुलियतलाई निरन्तरता दिन रु. १ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु ।
- कर्णाली रारा पर्यटन वर्ष २०७५का कार्यक्रमहरुलाई निरन्तरता दिँदै रारा राष्ट्रिय पर्यटन गन्तव्यको अभियानलाई सार्थक बनाउँदै विश्वको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्णाली भन्ने मूल ध्येयका साथ नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन सञ्चालन गरिने प्रबर्द्धनात्मक क्रियाकलापहरुका लागि रु. १ करोड विनियोजन गरेको छु ।
- कालीकोटको चिलखायामा जहाज दुर्घटना हुँदा आफू मरेर पनि यात्रुहरुको जीवन बचाउने साहसिक विमान चालक स्व. दिनेश न्यौपाने रस्व.सन्तोष रानाप्रति हार्दिक सम्मान गर्दै दिनेश न्यौपाने प्रतिष्ठान लगायत विभिन्न प्रतिष्ठानहरुद्वारा सञ्चालन हुने पूर्वाधार तथा सामाजिक महत्त्वका कार्यक्रमहरुमा आवश्यक बजेटको व्यवस्थागरेको छु ।

<u>वन तथा वातावरण</u>

- सामुदायिक वन विकास कार्यक्रम सञ्चालन गर्न र सामुदायिक वन क्षेत्र लगायत खाली बाँझो जमिनमा ओखर, टिमुर, जैतुन, आलमोण्ड, देवदार लगायतका फलफूल र जडीबूटीको खेती गरी रोजगारी तथा आयआर्जनका क्रियाकलापलाई अभियानकै रुपमा सञ्चालन गर्न रु. १० करोड बजेटको व्यवस्था मिलाएको छु ।
- सबै प्रदेश सभा सदस्यलाई वातावरण संरक्षण तथा जलवायु अनुकूलनका लागि आफ्नो निर्वाचन क्षेत्र वा आफूले चाहेको स्थानमा प्राप्त गरेको भोट बराबरको संख्यामा बोट बिरुवा रोप्ने, हुर्काउने र संरक्षण कार्य गरी समाज र वातावरण संरक्षणप्रतिको सामाजिक कर्तव्य निर्वाह गर्न एक भोट-एक बोट अभियानमा सहभागी हुन अपिल गर्दछु । यसका लागि आवश्यक बिरुवा सरकारले उपलब्ध गराउनेछ । साथै यस कार्यक्रममा स्थानीय तह र सामुदायिक वन उपभोक्तासँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।
- जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यार्थीले आफ्नो तथा विशिष्ट व्यक्तिको जन्मदिन र विशेष समारोहमा सार्वजनिकस्थल, नदी किनार, सडक छेउ, खोल्सा-खोल्सीमा रुद्राक्ष, बाँस, अमरिसो, फलफुल लगायतका आयमूलक बहुउपयोगी बोटबिरूवा लगाई जैविक प्रविधि प्रयोग गरी सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रुपमा विकसित गर्ने व्यवस्था मिलाएको छु ।

- हिमाली क्षेत्रमा सम्भाव्यता अध्ययन गरी हिमाली चिडियाखाना स्थापना गर्न र रारामा रेडपाण्डा संरक्षण गर्न विशेष व्यवस्था मिलाएको छ ।
- कस्तुरी, बँदेल, मृग, नाउर, कालिजजस्ता वन्यजन्तु र पन्छीको व्यावसायिक उत्पादन तथा बजारीकरण प्रबर्द्धन गर्न आवश्यक व्यवस्था मिलाएको छ ।
- बायोइन्जिनियरिङ्ग प्रविधिबाट भूक्षय नियन्त्रण तथा जलाधार संरक्षणका लागि भेरी, कर्णाली, लोहोरे, बबई, शारदा र तिला नदी किनारमा जलाधार संरक्षण र वृक्षारोपण कार्यक्रमका लागि रु. ११ करोड ४० लाख रकम विनियोजन गरेको छ ।
- राजधानी सहर वीरेन्द्रनगरलाई प्लाष्टिक झोलामुक्त क्षेत्र बनाइनेछ । प्लाष्टिक प्रशोधन गरी निर्माण क्षेत्रमा प्रयोग गर्न अध्ययन अनुसन्धान गरिनेछ । गुराँस संरक्षण अभियानलाई निरन्तरता दिँदै समुदायको सहभागीता बढाउन आवश्यक बजेट विनियोजन गरेको छ ।
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वन बुट्यान, बीऊ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्न वातावरण जलवायु परिवर्तन तथा विज्ञान प्रविधि क्षेत्रमा रु. ३ करोड विनियोजन गरेको छ ।
- सडक आलङ्कारिक वृक्ष तथा पुष्पारोपण, प्लाष्टिक झोला प्रयोग निषेध अभियान, विद्यालयमा वृक्षारोपणका विशेष कार्यक्रम, कार्बन उत्सर्जन तथा प्रयोग न्यूनीकरण अभियान लगायत वातावरण संरक्षण र सडक सौन्दर्यकरण अभियान सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

<u>जडीबूटी</u>

- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडीबूटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रबर्द्धन, विविधिकरण र बजारीकरणका लागि आवश्यकबजेटको व्यवस्था गरेको छ ।
- जडीबूटीको उत्पादन, सङ्कलन र प्रशोधनगर्न वन पैदावरमा आधारित प्रशोधन उद्योग स्थापना र भण्डारणको सम्भाव्यता अध्ययन र पूर्वाधार विकासको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

<u>आन्तरिक मामिला तथा कानून</u>

- प्रदेश सरकार मातहत प्रदेश प्रहरी गठन गर्न कानून निर्माण गरी आवश्यक पर्ने भौतिक पूर्वाधार, स्रोत साधन, तालिम र उपकरणको व्यवस्था गरी सुरक्षा व्यवस्थालाई सुदृढ गर्न रु. ११ करोड ६० लाख बजेटको व्यवस्था गरेको छ ।
- आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्ने प्रयोजनार्थ अपराध नियन्त्रण प्रणालीलाई प्रभावकारी तुल्याउन प्रमुख सहर, बजार क्षेत्र, घनाबस्तीका चोक र मूल सडकहरूमा सीसीटीभी, साईरन र सेन्सरजस्ता स्वचालित आधुनिक विद्युतीय उपकरणको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- कारागारहरूलाई सुधार गृहका रुपमा विकास गर्दै कैदी बन्दीहरूका लागि अध्ययन, मनोपरामर्श, आयआर्जन र उत्पादनशीलकार्यक्रमहरु सञ्चालन गरिनेछ ।कैद भुक्तानपछिको जीवन सुरक्षित र सहज बनाउनका लागि सामाजिकीकरणका क्रियाकलापको सञ्चालन गर्ने व्यवस्था मिलाएको छ ।
- मनोविशाद्, विकृति, अपराध, आत्महत्या, लागूऔषध, मदिरा सेवनजस्ता दुर्व्यसनमा परेका व्यक्तिलाई रुपान्तरण गर्न अभिमुखीकरण, जीवन उपयोगी तालिम तथा हटलाईन, मनोपरामर्श सेवा लगायतका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ ।

- कानूनको शासन प्रबर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयन र स्थानीय तहका न्यायिक समितिको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक कानूनी सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

**राहत तथा पुनर्स्थापन**

- जनआन्दोलन, जनयुद्ध, प्रदेश प्राप्ति लगायतका अन्य अधिकार प्राप्तिका आन्दोलनका घाइते योद्धा, सहिद परिवार र बेपत्ता व्यक्तिको परिवारको राहत तथा पुनर्स्थापन, औषधोपचार, सीप तथा क्षमता विकास र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरी रोजगारीको अवसर सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।
- ज्युँदा सहिदहरुलाई शान्ति दूतका रुपमा परिचालन गरी जनआन्दोलन र जनयुद्धको स्मृतिमा शान्ति पुनर्स्थापना केन्द्र स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ।

**विपद व्यवस्थापन**

- विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरू सञ्चालन गर्न सुर्खेतका बाढी पीडित लगायत प्रदेशका अन्य जिल्लाका विपद् पीडितहरुको आवास निर्माण कार्यका लागि रु. ६ करोड बजेट छुट्याएको छ । साथै हरेक वर्षको श्रावण २८ गतेलाई प्रदेश विपद् सचेतना दिवसका रुपमा मनाउने व्यवस्था मिलाएको छ ।
- कर्णाली लोकमार्ग, भेरी करिडोर र राप्ती राजमार्गलाई जीवन दायिनी मार्ग (लाइफ लाइन)को रुपमा घोषणा गरी यातायात सुचारु राख्ने व्यवस्था गरिनेछ । प्रविधिको प्रयोग समेत गरी सडक दुर्घटना न्यूनीकरण, सचेतना कार्यक्रम सञ्चालन, पार्किङ व्यवस्थापन, घाइतेको तत्काल उद्धार र उपचार लगायत सडक सुशासन कार्यक्रमको लागिआवश्यक बजेटकोव्यवस्था गरेको छ ।
- प्रदेश सरकारका सबै कार्यालयहरूमा विपद् व्यवस्थापनका अत्यावश्यक सामग्री रहने व्यवस्था गरेको छ ।
- सबै राष्ट्रसेवक कर्मचारी र स्थानीय समुदायलाई विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरणसम्बन्धी प्रशिक्षण तथा उद्दार उपकरण उपलब्ध गराइनेछ । विपद् व्यवस्थापनलाई प्रभावकारी तुल्याउन विपद् व्यवस्थापन दूत परिचालन गर्ने व्यवस्था मिलाएको छ ।
- विपद् तथा भोकमरीको समयमा तत्काल उपयोग गर्न सकिने गरी अत्यावश्यक खाद्य वस्तु, पानी र औषधीसहितको "जनभकारी" प्रत्येक जिल्लामा खडा गरिनेछ जसका लागि बीउ पुँजीको रुपमा आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।
- भौगोलिक जटिलता र विपदबाट हुने दुर्घटनाका कारण मृत्यु भएमा प्रतिव्यक्ति रु. १ लाख प्राप्त गर्ने गरी प्राकृतिक जोखिम विरुद्ध सामुहिक दुर्घटना बीमा कार्यक्रमबाट सम्पूर्ण कर्णालीबासीको बीमा गरिनेछ । विपद जोखिम क्षेत्रमा रहेका बसोबास गर्ने घरहरु विपदमा परी पूर्ण क्षति भएमा प्रति घर रु. ५ लाख बराबरको बीमा गर्ने व्यवस्था मिलाएको छ ।

**सूचना तथा सञ्चार प्रविधि**

- सञ्चारमाध्यम तथा सूचना प्रविधिले विकास र समृद्धिमा पुऱ्याउन सक्ने योगदानलाई दृष्टिगत गरी आमसञ्चार तथा सूचना प्रविधि प्रतिष्ठान गठन, विद्युतीय सुशासन रणनैतिक योजना निर्माण, डिजिटल तथ्याङ्क सङ्कलन, भण्डारण केन्द्र स्थापना, डिजिटल ग्राम तथा पत्रकारहरुको बीमा, क्षमता अभिवृद्धि र

उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्य समेतका लागि एकमुष्ट रु. २० करोडको व्यवस्था गरेको छु ।

**सुशासन**

- समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरू सबैले आ-आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक बहन गरी नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण गरी प्रदेशमा सुशासन प्रत्याभूत गर्ने व्यवस्था मिलाएको छु ।
- नागरिक र सरकारबीच जीवन्त सम्बन्ध स्थापित गर्न र आमजनताले आफ्ना कुराहरू सरकार समक्ष प्रत्यक्ष राख्नको लागि "हाम्मा कुडा हाम्मा मुख्यमन्त्री" लगायतका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**जनशक्ति व्यवस्थापनर सेवा प्रवाह**

- बजेट कार्यान्वयनका लागि उपलब्ध जनशक्तिको क्षमता विकास र रिक्त पदको लागि विशेष व्यवस्था गरी उच्च कार्य सम्पादन गर्न र लोक सेवा आयोगको गठन तथा सञ्चालन, मानव संसाधन विकास केन्द्र स्थापनाका लागि आवश्यक व्यवस्था गरेको छु ।
- कर्णाली प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई प्रदेश सेवामा समर्पित र उत्प्रेरित गर्न भौगोलिक विकटताका आधारमा प्रोत्साहन, पर्यटन भ्रमण, स्वास्थ्य जाँच र उपचार लगायत प्रदेश सरकारले निर्णय गरे अनुसार आवश्यक सुविधाहरु प्रदान गर्न बजेट व्यवस्था गरेको छु ।
- प्रदेश निजामती सेवासम्बन्धी कानून निर्माण गरी प्रदेश निजामती सेवालाई सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी, कर्णालीबासीको समस्याप्रति संवेदनशील र सदाचारयुक्त बनाउने, व्यवस्थापन परीक्षणमार्फत् कार्यसम्पादन र सङ्गठनात्मक सुधार गर्ने व्यवस्था मिलाएको छु ।

**वित्त हस्तान्तरण**

- स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदानतर्फ चालु आर्थिक वर्षमा रु. ४० करोड विनियोजन भएकोमा सोमा शतप्रतिशत वृद्धि गरी रु. ८० करोड समानीकरण अनुदान उपलब्ध हुने व्यवस्था गरेको छु ।
- स्थानीय तहमा हस्तान्तरण गरिने राजश्व बाँडफाँटतर्फ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने गरी बाँडफाँटको आवश्यक व्यवस्था मिलाएको छु ।
- स्थानीय तहसँगको समन्वयमा प्रदेश सरकारद्वारा छनौट गरिएका र स्थानीय तहले कार्यान्वयन गर्ने गरी सशर्त अनुदान अन्तर्गत भौतिक पूर्वाधारका योजनाका लागि रु. ५० करोड स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।
- प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य र सहलगानीमा कार्यान्वयन गर्ने गरी समपूरक अनुदान अन्तर्गत सबै स्थानीय तहको लागि गत आर्थिक वर्षको बजेटमा बृद्धि गरी १ अर्ब हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।
- सामाजिक र आर्थिक परिसूचकहरुमा राष्ट्रिय औसतभन्दा पछाडि परेका क्षेत्रहरुको उत्थान र विकासका लागि स्थानीय तहमार्फत् कार्यक्रम सञ्चालन गर्ने गरी विशेष अनुदान अन्तर्गत रु. ३० करोड रकम विनियोजन गरेको छु ।
- आगामी आर्थिक वर्षमा स्थानीय तहमा जम्मा रु. २ अर्ब ६० करोड रकम वित्तीय हस्तान्तरणमार्फत् उपलब्ध गराइनेछ । यसबाट प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र आपसमा मिलेर विकास गर्ने अभ्यास र संस्कृतिको विकास हुने विश्वास लिएको छु ।

**<u>स्रोत परिचालन</u>**

- प्रदेश महत्त्वका ठूला पूर्वाधार विकास तथा जलविद्युत आयोजना, सहुलियतपूर्ण ऋण परिचालन र वित्तीय व्यवस्थाको लागि स्थापित कर्णाली पूर्वाधार विकास लगानी कोषमा रु. ३ अर्ब व्यवस्था गरेको छु । कोषमा नेपाल सरकार, विकास साझेदार, स्वदेशी तथा विदेशी लगानीकर्ता लगायतकास्रोतबाट प्राप्त हुने रकम समेतरहनेछ । साथै आवश्यक वित्तीय व्यवस्थापनको लागि रु. २ अर्ब विनियोजन गरेको छु ।
- आर्थिक, सामाजिक र पूर्वाधार विकासको लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक साझेदारीमा आयोजना सञ्चालन गर्ने र उक्त आयोजनाहरुमा आवश्यक लगानी गर्न लगानीमैत्री वातावरण बनाउन सडक, विद्युत लगायतका पूर्वाधार, शान्ति सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था मिलाएको छु ।
- सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउन आवश्यक नीतिगत र संरचनागत व्यवस्था मिलाएको छु ।
- सार्वजनिक ऋणलाई अति आवश्यक र उच्च प्रतिफल दिने परियोजनाहरूमा मात्र लगानी गर्ने व्यवस्था मिलाएको छु ।
- खर्च प्रक्रिया सरलीकरण गर्न प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएको चौमासिक विभाजनका आधारमा कार्यक्रम सञ्चालन र बजेट खर्च गर्न सम्बद्ध अधिकारीलाई विनियोजन ऐनबाटै अख्तियारी प्राप्त हुने व्यवस्था मिलाएको छु ।

**<u>विकास सहायता र लगानी परिचालन</u>**

- कर्णाली प्रदेशको विकास र समृद्धिको लागि नेपाल सरकारसँग समन्वय तथा सहकार्य गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न नीतिगत र संरचनागत व्यवस्था गरेको छु।
- संघीय सरकारसँगको समन्वयमा ठूला उद्योग र कलकारखाना स्थापनाका लागि बाटो, बिजुली लगायतका आधारभूत पूर्वाधार निर्माण, शान्ति सुरक्षाको प्रत्याभूति र अन्तर निकाय समन्वय गरिनेछ । नेपाल सरकारसँगको समन्वयमा कर छुटको सुविधा उपलब्ध गराई लगानीमैत्री वातावरण तयार गरीलगानी सुरक्षाकालागि आवश्यक व्यवस्था मिलाइने छ ।
- आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न लगानीमैत्री, सन्तुलित, कार्यान्वयनयोग्य र शीघ्र प्रतिफल प्राप्त हुने योजना तथा कार्यक्रमहरू समेटेर परियोजना बैङ्क निर्माण गरिनेछ। २०७६ पौष मसान्तभित्र कर्णाली लगानी सम्मेलन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विकास साझेदारहरूबाट सञ्चालन हुने कार्यक्रमहरू (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) प्रदेश सरकारको वार्षिक विकास कार्यक्रममा आवद्ध हुने व्यवस्था गरिनेछ ।विकास सहायता परिचालनको लागिविकास सहायता परिचालन मापदण्डतयार गरी समन्वयका लागि विकास साझेदार मञ्च गठन गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूको नियमन र सहजीकरण सामाजिक विकास मन्त्रालयबाट हुने व्यवस्था मिलाएको छु । आर्थिक मामिला तथा योजना मन्त्रालयमा विकास सहायता समन्वय महाशाखा स्थापना गरेको छु ।

**<u>योजना तर्जुमा र कार्यान्वयन</u>**

- प्रदेशको समृद्धिको खाका सहित स्रोतको उपलब्धता, आवश्यकता र अधिकारमा आधारित दीर्घकालीन सोच र प्रथम पञ्चवर्षीय योजना तर्जुमा, योजनाको छनौट, प्रभावकारी कार्यान्वयन र नतिजामा आधारित अनुगमनगर्ने व्यवस्था मिलाएको छु ।

- आवधिक योजना र वार्षिक योजनाबीचको तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संरचनाका आधारमा उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग हुने गरी योजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्दैजाने नीति अवलम्बन गरेको छु ।
- वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरू तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहितासम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरेको छु ।
- सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदन हुने प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ ।
- नेपाल सरकार र स्थानीय तह तथा मन्त्रालयहरूबीच बजेट तथा कार्यक्रममा दोहोरो नपर्ने व्यवस्था गरिनेछ । बजेटलाई नतिजामा आधारित बनाउन कार्यान्वयनको भौतिक, वित्तीय तथा प्रभाव मूल्याङ्कन समेतका आधारमा निकासा तथा भुक्तानी दिने व्यवस्था मिलाएको छु ।
- संघीय कानूनसँग तालमेल हुने गरी सार्वजनिक खरीद प्रकृयालाई सरल, समय सापेक्ष र परिणाममुखी बनाउन खरीदसम्बन्धी आवश्यक कानून, संरचना र पद्दतिको तर्जुमा गर्ने व्यवस्था मिलाएको छु ।
- प्रदेशबाट स्थानीय तहमा जाने अनुदानसम्बन्धी कार्यविधिलाई आयोजना निर्माण र निर्माण सामग्रीको लागत, भौगोलिक विकटताजस्ता विषयहरूका आधारमा थप वैज्ञानिक र व्यवस्थित गर्न आवश्यक नीतिगत र संरचनागत व्यवस्था गरेको छु ।
- प्रदेशका हिमाली जिल्लाका लागि आर्थिक वर्षको समाप्तिपछि थप ६ महिना विकास बजेट फ्रीज नहुने व्यवस्था मिलाएको छु ।

<u>अनुगमन मूल्याङ्कन</u>

- प्रदेशभित्र सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा रहेको अधिकार सम्पन्न अनुगमन संयन्त्र, प्रदेश सभा सदस्यको नेतृत्वमा रहने योजना अनुगमन समिति, प्रदेशस्तरीय विकास समस्या समाधान समिति, मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र अनुगमन मूल्याङकन समितिको कार्य नियमित रुपमा गरी बजेटको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाउँदै प्रदेश मन्त्रालय र मातहत निकायहरुको कार्यसम्पादन सुपरिवेक्षण तथा अनुगमन संयन्त्रमार्फत् सुशासन, सेवाप्रवाह र प्रभावकारी कार्यवातावरण निर्माण गरिनेछ ।
- प्रदेश सरकारका विभिन्न मन्त्रालयहरूबाट र संघ तथा स्थानीय तहहरूबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूमा दोहोरोपना र दुरूपयोग हुन नदिन र सामाजिक सुरक्षा कार्यक्रमहरुमा सबै कर्णालीबासी समेटिने गरी कार्यक्रम सञ्चालन गर्न एउटा कम्प्युटरकृत संयन्त्र तयार गरिनेछ ।
- जिल्ला समन्वय समितिलाई प्रदेश तथा स्थानीय तहबाट सञ्चालित हुने परियोजनाहरूको कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कनमा सहभागी गराउन कानूनी व्यवस्थाका साथै स्रोत, जनशक्ति, क्षमता विकासमा सहयोग गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- आयोजनाको प्रकृति र आकार अनुसार तेस्रो र स्वतन्त्र पक्षबाट अनुगमन मूल्याङ्कन पृष्ठपोषण लिने व्यवस्था मिलाएको छु ।
- प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गरी अनुगमन प्रतिवेदन प्रदेश सभामा प्रस्तुत गर्ने र सार्वजनिक गर्ने व्यवस्था मिलाएको छु ।

सभामुख महोदय,

अब म आगामी आर्थिक वर्ष २०७६/७७ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गरेको छुः

- सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,
- आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रबर्द्धन गर्ने,
- करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,
- कर कानूनको पालनामा जोड दिँदै करछली तथा चुहावट नियन्त्रण गर्ने,
- गैरकर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजस्व वृद्धि गर्ने,
- प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रदेश कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचनामार्फत् कर तथा गैर कर असुली तथा सङ्कलन कार्य प्रभावकारी र करदातामैत्री बनाइनेछ ।
- कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावी बनाइनेछ । प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचनामार्फत् समन्वयात्मक रुपले कर असुली गरिनेछ ।
- आगामी आर्थिक वर्षमा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनका अनुसूचीहरूमा उल्लेख गरेको छु ।
- प्रदेश सरकारको एकल कर अधिकार अन्तर्गत रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क, दण्ड जरिवानाजस्ता कर तथा गैर करहरूको दायरा विस्तार गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।

सभामुख महोदय,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु. ३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालुतर्फ रु. १३ अर्ब ५ करोड ९६ लाख ५३ हजार र पुँजीगततर्फ रु. २१ अर्ब २९ करोड ३७ लाख ७२ हजार (वित्तीय व्यवस्था समेत) विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. २५ करोड १० लाख ४१ हजार, चालु आर्थिक वर्षको खर्च नभई बाँकी रहन जाने अनुमानित रकम रु. ८ अर्ब ९४ करोड ७४ लाख ८४ हजार, संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रु. ७ अर्ब ४४ करोड ४३ लाख, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटबाट प्राप्त हुने रकम रु. २ करोड ७४ लाख र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु. ९ अर्ब ८४ करोड ८३ लाख र सशर्त

अनुदानबाट रु. ५ अर्ब २७ करोड २७ लाख परिचालन गरिनेछ । त्यसै गरी समपूरक र विशेष अनुदानबाट रु. १ अर्ब ८१ करोड २२ लाख प्राप्त हुने अनुमान गरिएको छ । सो अनुदानबाट समेतबाट नपुग हुन जाने रु. ७५ करोड अन्तरिक ऋण परिचालनबाट व्यहोर्ने व्यवस्था मिलाएको छु।

आर्थिक वर्ष २०७४/७५ को यथार्थ खर्च, आर्थिक वर्ष २०७५/७६ को संशोधित अनुमान र आर्थिक वर्ष २०७६/७७ को अनुमानित आयव्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु । विषयगत मन्त्रालयहरुको चालु आर्थिक वर्षको प्रगति विवरण आजै प्रस्तुत गरेको छु ।

मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको उच्चतम सदुपयोग र समन्यायिक वितरण भई नागरिकको जीवनस्तर सहज, सुरक्षित र गुणस्तरीय हुँदै जाने तथा दीगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा गरेको छु ।सार्वजनिक सेवाको प्रभावकारिता एवम् गुणस्तर अभिवृद्धि भई सुशासन प्रबर्द्धन र लोकतन्त्र सवलीकरण हुने विश्वास लिएको छु ।

सभामुख महोदय,

अन्त्यमा, बजेट तयारीका क्रममा निर्देशन गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू र संसदीय दलका माननीय नेताज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा व्यापक छलफल गरी प्रदेश सभाका माननीय सदस्यहरूले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट तर्जुमाका क्रममा सहयोग तथा सुझाव दिने नेपाल सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, स्थानीय तह, राजनीतिक दलहरु, विज्ञ समूह, निजी क्षेत्र, सहकारी क्षेत्र नागरिक समाज, करदाता, पत्रकार, विकास साझेदारहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । प्रदेशभित्र र प्रदेश बाहिर रहनु भएका सबै दिदीबहिनी, दाजुभाइहरूलाई समृद्ध कर्णाली निर्माण अभियानमा सहभागी हुन आव्हान गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।धन्यवाद !

**राजबहादुर शाही (माननीय सभामुख):** माननीय सदस्यहरु, अब यो बैठक आधा घण्टाको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-९

(२०७६ साल असार १ गते आइबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरु, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको नवौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब म प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम १२८ (२) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) को प्रति टेबुल गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला** : माननीय सभामुखज्यू, प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम १२८ को उपनियम (२) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) को प्रति सभा समक्ष टेबुल गर्दछु ।

**माननीय सभामुख** : माननीय सदस्यहरु, प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम १२९ (१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफलका लागि यही असार ५ र ६ गतेका दिनहरु तोकेको छु। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुले उक्त दिनको बैठक बस्ने समय अगावै आफ्नो नाम सचिवालयमा टिपाउनु होला । माननीय सदस्यहरु, अब म प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम १३९ बमोजिम कर्णाली प्रदेश आर्थिक विधेयक, २०७६ को अतिरिक्त कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ र कर्णाली प्रदेश ऋण उठाउँने विधेयक, २०७६ एक/एक प्रति सभा समक्ष टेबुल गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला** : माननीय सभामुखज्यू, प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१७ को नियम १३९ बमोजिम कर्णाली प्रदेश आर्थिक विधेयक, २०७६ को अतिरिक्त कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ र कर्णाली प्रदेश ऋण उठाउँने विधेयक, २०७६ को एक/एक प्रति सभा समक्ष टेबुल गर्दछु ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल असार ५ गते बिहीबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१०

**(२०७६ साल असार ८ गते आइबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरु कर्णाली प्रदेश सभाको चौथौ अधिवेशनको दशौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफलको लागि प्रदेश सभा नियमावली, २०७४ को नियम १२९ (३) बमोजिमको वक्तव्य छलफलका लागि सभा समक्ष प्रस्तुत गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुख ज्यु प्रदेश सभाको चौंथो अधिवेशनको आठौं बैठकमा प्रस्तुत भई नवौं बैठकमा सभासमक्ष टेबुल भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथि छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२९(३) बमोजिम सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री माननीय श्री प्रकाश ज्वाला ले छलफलका लागि प्रस्ताव गर्नू भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६÷७७ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको छलफलको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुख महोदय, हुन त म माथि आउन पर्नि हो, मेरो यो नियमापत्ती होइन, आपत्ति छ । सभामुख महोदय यो सदन एउटा सम्मानित सदन हो । सम्मानित सदनमा सभामुख, मुख्यमन्त्री प्रतिपक्ष दलको नेतालाई अफिस होल्डर भनेर भनिन्छ उपसभामुखलाई पनि । तर आज यस्तो देशको यो कर्णाली प्रदेश विनियोजित विधेयक माथि हामी छलफल गर्दै छौं त्यसमा मुख्यमन्त्री हुनुपर्ने हो कि होइन ? प्रतिपक्ष दलको नेता बोल्दा मुख्यमन्त्रीको उपस्थिति आवश्यकता हो कि होइन ? कानुनी रुपले लेखेको छैन भन्ने कुरा आउन सक्छ, त्यसो हो भने सभामुख महोदय, यहाँ चाहीं मर्यादापालक आएर चैं सभामुखज्यू भनेर कराएको हुन्छ त्यो कहिँ पनि लेखेको छैन । त्यो कहिँ पनि लेखेको छैन । त्यसैले के भन्छ भने सभामुख आउँदाखेरि सदन उठ्नु पर्छ, तैंले सम्मान गर्नुपर्छ अनि सभामुखले पनि त्यो सम्मान फर्काउनु पर्छ र कार्यक्रम सुरु हुन्छ, यस्तो महत्त्वपूर्ण कुरामा यो सदनमा सम्पूर्ण मन्त्रीमण्डलका व्यक्तित्वहरु हुनुपथ्र्यो । त्यति नभए पनि मुख्यमन्त्री हुनैपर्छ, यो कसैको मानमर्दन गरेर मात्र सदन चल्न सक्दैन, यो गाउँको कुनै वडा समितिको मिटिङ्ग होइन, पिपलको चौतारीमा बस्ने यो मिटिङ्ग होइन । यस्तो अवस्थामा चै मुख्यमन्त्रीको उपस्थिति नभएको हुनाले म त्यहाँ गएर बोल्दिन र यो कार्यक्रम अगाडी बढ्दैन भनेर हामी चै विरोधको आवाज निकाल्छौं, हामी चै उभिएर बस्छौं सभामुख महोदय ।

**माननीय सभामुखः** होइन माननीय सदस्यहरु, छलफलमा भाग लिंदा राम्रो होला । भाग लिइसकेपछि अवरोध गर्न त्यति उपयुक्त हुँदैन कि माननीय सदस्य । बजेटको छलफलमा अब यो विनियोजन विधेयकसम्बन्धी छलफल भएको हुनाले अब यसमा सम्बन्धित मन्त्री उपस्थित नै हुनुहुन्छ । अब मुख्यमन्त्री भैदिए राम्रै हुन्थ्यो । काम विशेषले उहाँ बाहिर जानुभएको होला, यसलाई चाइने कारण बनाएर अवरुद्ध गर्नु त्यति उपयुक्त हुँदैन कि माननीय सदस्य ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुख महोदय, यस्तो महत्त्वपूर्ण विषयमा त्यसो भए यो सरकार किन बनाउने यो संसद किन बनाउने चौरमा बसौं, त्यही छलफल गरे भैहाल्यो । किताब हाताहातै छ, यसको प्रक्रियामा हामी किन जाने ? यो प्रक्रियामा जानको लागि यसको एउटा मर्यादा छ, यसको एउटा सम्मान छ । त्यो सम्मानलाई त्यो मर्यादालाई कटौती गर्न मिल्दैन सभामुख महोदय । त्यसकारण चै उहाँलाई यहाँ बोलावट भयो । यहाँ अहिले यहाँ हाउस चलिरहेको बेला विशेष छैनन्, यहाँ चाइने नचाइने हेलिकप्टर चढेर कसैलाई जानु भनेको छैन । हामी मान्छे मरेको बेला पनि सदनको मर्यादा राख्नलाई हामी यहाँ बसिरहेको छौं । सभामुख महोदय, त्यसकारणले चैं हामी आग्रह गर्छौं, बोलावट होस् कि रोकियोस् र मुख्यमन्त्री आइसकेपछि सञ्चालन हुने व्यवस्था गरियोस् भनेर अनुरोध गर्न चाहान्छौं ।

**माननीय सभामुखः** यसमा माननीय सदस्यहरुले पुनर्विचार गर्नुहुन म अनुरोध गर्दछु । यो जो निर्णय लिनुभाछ माननीय सदस्यज्यूहरुले बैठक अवरुद्धताको पुनर्विचार गरौं, बैठकलाई सुचारु गरौं माननीय सदस्य ।

माननीय सदस्यज्यूहरुको सांकेतिक विरोधलाई हामीले त्यहीरुपमा लिएका छौं । गम्भीररुपमा लिएका छौं । अब आइन्दा सरकारलाई हामी त्यही ढङ्गले यहाँहरुको भावनालाई कन्भे गर्नेछौं । पुनर्विचार गरौं माननीय सदस्य । बैठक सञ्चालन गरौं । माननीय सदस्यहरुले उठाउँनु भएको कुरातर्फ गम्भीर ध्यानाकर्षण भएको कुरा जानकारी गराउँदै निर्णयमा पुनर्विचार गर्न अनुरोध गर्दछु ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुखज्यूले गम्भीर ध्यानाकर्षण भएको भन्ने मैले बुझेको छु । र त्यसको अर्थ गम्भीर ध्यानाकर्षण हुनु भनेको चाई मुख्यमन्त्रीलाई बोलाउनु हो । उहाँ आएपछि चै हामी चै पुर्नविचार गर्नेछौं । यही अनुरोध गर्न चाहान्छु सभामुख महोदय ।

**माननीय सभामुखः** बसौं माननीय सदस्य बसौं । बसौं माननीय सदस्य, बैठक संचालनको लागि सहयोग गरौं ।

माननीय सदस्य केही बोल्न खोज्नु भएको ?

**माननीय श्री जीवनबहादुर शाहीः** मैले यही विषयमा धारणा राख्न खोजीराखेको ।

**माननीय सभामुखः** राखौं माननीय सदस्य

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुखज्यू बेला–बेलामा खासगरि हाम्रो सदनको अवरुद्धताबारे हाम्रो ध्यान गएकै छ । प्रमुख प्रतिपक्ष दलले बेला–बेलामा यस्तै खालको धारणा राख्ने र सदन अनावश्यक रुपले अवरुद्ध गर्नेजस्ता बेला–बेलामा हामीले भोगेकै छौं। आर्थिक वर्षको बजेटसम्बन्धी छलफल गर्नको लागि मुख्यमन्त्री चाहिन्छ भन्ने कुरा सामान्यतया यो आवश्यकताको अनुभूति हामीले गरेको छैनौं र त्यसको प्रमुख कुरा आर्थिक मामिला मन्त्रीसँग जोडिन्छ । आर्थिक मामिलामन्त्री बजेटकै प्रस्तोता नै यहीं भएको र अरु माननीय मन्त्रीज्यूहरु यहाँ सहभागी भएको अवस्थामा सरकारको मुख्यमन्त्री कुनै काम विशेषले बाहिर जान नपाउने भन्ने अवस्था चाई हुँदैन । सरकारको मुख्यमन्त्री बाहिर गएको अवस्थामा बाँकी मन्त्रीहरु यहि रहेको र त्यसको मूख्यतः बजेट प्रस्तुत गर्ने आर्थिक मामिला मन्त्रीज्यू नै यहाँ सहभागी भएको अवस्थामा सदन अवरुद्ध गर्न त्यति सान्दर्भिक हुँदैन । म सभामुखज्यूमार्फत् माननीय विपक्षी दलको नेताज्यूलाई आग्रह गर्दछु सदन अगाडि बढाएर बजेटसम्बन्धी गम्भीर छलफल गरौं । किनभने बजेट जनताको आकाक्षासँग जोडिएको छ । बजेटसम्बन्धी छलफल अगाडी बढाऔं र सदनको मर्यादालाई कायम गरौं । धन्यवाद ।

**माननीय सभामुखः** बसौं माननीय सदस्यहरु ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुख महोदय, यो कुनै अनावश्यक भन्ने कुरा होइन सत्तापक्षको सांसदज्यूले जुन भन्नु भएको छ, उहाँको विचारमा यो अनावश्यक थ्यो होला संसदीय प्रणालीमा बजेटजस्तो कुरा महत्त्वपूर्ण कुरा हो । त्यसमा सधैं मुख्यमन्त्री अथवा प्रधानमन्त्री हुनुपर्छ भन्ने कुरा होइन, सधैँ प्रधानमन्त्री र दलका नेताहरुसँग भेट हुन्छ भन्ने कुरा पनि होइन । मलाई आज एउटा कुराको के गर्व छ भने यहाँकै छेउमा सभामुख महोदयकै छेउमा बसिरहनुभएको सचिवज्यू आज बीसौं तीसौं वर्ष चै केन्द्रमा बसेर आउनुभएको छ र हाम्रा आर्थिक मामिलामन्त्री पनि उहाँ केन्द्रमै बसेर आउनु भएको हो । उहाँहरुलाई थाहा छ, जब प्रतिपक्ष दलको नेता बोल्छ, त्यो बेला चै मुख्यमन्त्री अथवा प्रधानमन्त्रीको उपस्थिति अनिवार्य हो । यो कुनै लेखिएको कुरा चै होइन । तर हामीले के भन्यौं भने यस्तो बजेट जस्तो यस्तो संवेदनशील कुराहरुमा आज असार १ गते पेश भएको बजेट असार ८ गतेसम्मकै कति कारणले चै रोकिएको थियो। हिजो विना कारण सूचना टाँसियो । २०७४ को नियम ६ को उपनियम २ बमोजिम २ घण्टासम्म नचलेको कारणले भनेर यो बन्द गरियो । सभामुख महोदय, त्यो बेला त्यसको उपदफा २ होइन उपदफा ३ पनि आकर्षित हुन्छ । उपदफा ३ मा भनिएको छ यसरी तोकिएको समयमा बाहेक तोकिएको समय परिवर्तन गर्न पर्नि भयो भने कारणसहित इलेक्ट्रोनिक मिडियाबाट सूचना दिन पर्नि छ, त्यही सूचनालाई आधार मानिने भनिएको छ । आज यस्तो गहन विषयलाई म सत्तापक्षका माननीयज्यूहरुलाई भन्न चाहान्छु, हार्दिक अनुरोध गर्न चाहान्छु, उहाँहरु अहिलेसम्म ७ दिन १० दिनसम्म कहाँ सुतिरहनु भएको थियो । यो के-कति कारणले रोकियो ? त्यो रोक्नुपर्ने कारण के हो ? त्यो सैद्धान्तिक छलफलमा कुनै रातो किताब ल्याउने कुराहरु थिएनन् सभामुख महोदय । त्यसैले यलाई चाई खेलौंची र यो संसदको प्रतिष्ठामाथि चै आघात नपुर्याइयोस् भन्नको लागि चै र प्रतिपक्ष दलको नेताको पनि आफ्नो मर्यादा हुन्छ । यहाँलाई थाहा छ सभामुख महोदय बहुमतको सरकार हुन्छ, प्रतिपक्षको चाई सदन हुन्छ । यो कुरा चै युनिभर्सल कुरा भएको हुनाले त्यसकारण उहाँको आवश्यकता हो । यदि त्यो कुरा थियो भने सभामुख महोदयसँग पनि छलफल भएन । प्रतिपक्ष दलको नेता यो भन्दा पनि महत्त्वपूर्ण कुनै कुरा थियो भने मात्रै त्यस्तो अवस्थामा जाने कुरा हुन्छ । त्यो भएको थियो भने आज मैले सुन्दैछु सभामुख महोदय, आज हामी बोलीसकेपछि फेरि ११ गतेसम्मको लागि बन्द हुँदैछ र भोली चलाउन नपर्नि कारण के हो त्यस्तो हो भने ११ गते नै राखे हुन्थ्यो । यसरी मनलाग्दि खोल्ने र मन लाग्दी राख्ने चै गर्न मिल्दैन, त्यसकारण चै हामीले सभामुख महोदयको एउटा अनुरोधलाई हामी सहयोग पुर्याउन सक्दैनौं, यो एउटा निष्ठाको लागि सही कुराको लागि र संसदीय मर्यादाको लागि चै हामीले अवरोध गरेका हौं । नचाइने र विना कामको बेमौसमी नचाइदो चै हामीले गरेको होइनौं भन्ने कुरा चै म सभामुखज्यूलाई आग्रह गर्न चाहान्छु ।

**माननीय सभामुखः** माननीय सदस्यले उठाउँनुभएका कुरा गम्भीर छन्, यसप्रति गम्भीर ध्यानाकर्षण भएको मैले अवगत गरिसकें । बसेर माननीय सदस्यले बैठक सुचारु गर्न सहयोग गरिदिन अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, अब यो बैठक १५ मिनेटको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-११

(२०७६ साल असार ११ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको चौँथो अधिवेशनको एघारौं बैठकको कार्यबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलका लागि प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारका, सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः** समाननीय सभामुख महोदय, आर्थिक वर्ष २०६७/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान बजेटमाथि छलफल गर्ने क्रममा म भाग लिन म यहाँ आइपुगेको छु । मलाई बोल्ने मौका दिनुभएकोमा सभामुख महोदयलाई हार्दिक धन्यवाद दिन चाहन्छु र सभामुखज्यूमार्फत् सरकारलाई पनि म धन्यवाद दिन चाहान्छु सरकारको सदनमा सवारी भएको छ, जसले गर्दाखेरि यस सदनको मर्यादा बढेको छ, यो संसद हो गाउँसभा होइन, नगरसभा होइन, वडासभा होइन, संसदको मर्यादा भनेको फरक हुन्छ फरक ढङ्गले यलाई अगाडि बढाइनु पर्छ यो भयो भने मात्र संसदको मर्यादा रहन्छ भन्ने मलाई लाग्दछ सभामुख महोदय । मैले कहिले कहिले हेर्ने गर्दछु जब यी बजेटहरूका कुराहरू हुन्छन्, त्यो बेला पनि मन्त्रालयका सचिवज्यूहरूको पनि उपस्थिति हुनुपर्ने हो या होइन । त्यो पनि मैले कहिले-कहिले बुझ्दिन किनकि हामीलाई लागेको छ, मलाई एक दिनको याद आयो यो जुन बेला सपथ-ग्रहण गर्न जाँदैथियौं । समन्वय भवनको बिल्डिङ्ग भवनमा चाहिँ हाम्रो चाहिँ सपथ-ग्रहणको कार्यक्रम थियो अनि गाउँसभा जस्तै सबै माथि गएर सबै बसिरहनुभएको थियो त्यतिखेर, यहाँका चाहिँ सिडियो, डिएसपी कुन-कुन पदका हुनुहुन्थ्यो बसिरहनु भएको थियो । पछि सायद हाम्रै एउटा अनुभवी सांसदले भन्नुभयो यसरी यो सपथ-ग्रहण हुँदैन । यही कुरामा हामीले अनुरोध गर्न चाहेका हौं सभामुख महोदय । अत्यन्तै महत्वपूर्ण कुरा छ, जुन हामीले २०७६/०७७ को राजश्व र व्ययको अनुमानमाथि हामीले छलफल गर्दैछौं यो हाम्रो लाइफलाइन हो यो । यसले नै एक वर्षमा हामी कहाँ पुग्छौं ? हाम्रा प्रगति के हुन्छन् ? हामीले काम, कसरी गर्न सक्छौं ? भन्ने कुराहरूलाई यले जनाउने हो सभामुख महोदय । त्यसैले होला उहाँहरूले पनि ल्याउनु भएको छ, त्यो पुरानो मन्त्रालयका प्रगति विवरण भनेर पनि यहाँ आएका छन् । गत सालमा हामीले २०७५/०७६ मा हामीले के-के गऱ्यौं भन्ने कुराहरू आउँछन्, बजेट भनेको अंकमा भर भर्ने कुराहरू हुन्, हामी हाम्रो मन्त्रालय, हाम्रो सरकार हाम्रो संयन्त्रहरू कति जवाफदेही छैनन् भन्ने कुरा यहाँ आएका दुई/चार वटा कुराले देखाउँछ सभामुख महोदय । म केही कुराहरू यहाँ लेखिएकाहरू छन्: सायद ३ भयो भने ३ मा ० थपे भने तीस हुन्छ, अर्को ० थपे भने ३०० हुन्छ अर्को ० थपे भने ३००० हुन्छ । आर्थिक वर्ष २०७४/०७५ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण भनेर राखिएको छ सभामुख महोदय । अनि रु. हजारमा राखिएको छ । रु. हजार भनेको मैले बुझेको रु. हजार भनेको तीनटा ० थपिन्छ भनेर राखिन्छ । तीनटा अंक राखिन्छ, मानी लिऔं ३०० छ भने त्यो तीनटा जोड ० जोडियो भने एकाइ दाई सय हजार दशहजार लाख हुन्छ । अब यहाँ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रशासनिक खर्च भनिएको छ । यहाँ चाहिँ सय, हजार, दशहजार लाख, दशलाख करोड, २ करोड ५४ लाख त यही नै अङ्कमा लेखिएको छ, त्यसमाथि तीनटा ० थपियो भने सय हजार दश हजार लाख दशलाख करोड दश करोड अरब दश अरब । २५ अरबको हुन्छ एउटै शीर्षकमा । यस्ता अनगिन्ति

गल्तीहरू छन् यहाँ अनगिन्ति गल्तीहरू छन् । एउटा ० ले देशको कायापलट गरिदिन्छ । यहाँ मात्र होइन, एउटा मुख्यमन्त्रीको कार्यालयको मात्र हैन । सभामुख महोदय, अरु-अरुमा पनि त्यस्तै नै छ । यसैबाट हामीले सोच्न सक्छौं कि हामी कति गम्भीर छौं ? हामी साँच्चै सरकार हौं या होइनौं ? हामी सरकारका अथवा संसद हुन्, हामी लायक छौं कि छैनौं भन्ने कुराहरू पनि देखाउँछ। यसैबाट पनि मैले शुरु गरें सभामुख महोदय अब जसरी सरकार गोलमोलमा छ बजेट यस्तै खालकोमा छ । हामी त्यस्तै खालमा छौं यी यावत् कुराहरू आइरहेका छन् र मैले यो राजश्व व्यय आर्थिक अनुमान, वार्षिक अनुमानको कुरा गर्नुभन्दा थोरै मैले हुम्लाको घटनालाई पनि जोड्ने प्रयास गरे सभामुख महोदय । ३ गते ठूलो क्षति भएको छ उपाध्यक्षसहित ११ जनाको ज्यान गयो । केन्द्रीय सरकारले हेलिकप्टर पठायो । हाम्रा सरकारका मन्त्रीहरूलाई त्यो हेलिकप्टरमा जानको लागि तछाँडमछाँड छ माथि गएर केही सहयोग भएन आजसम्म ती ज्यानहरू बेपत्ता छन् कता गएका छन् थाहा छैन, प्रदेश सरकारले बोल्यो यहाँ चाहिँ विज्ञप्ति निकाल्यो न खोजीको प्रयास भयो न केही भयो । अब यी के मानसिक रोग हो कि यो के हो भन्ने मलाई लागेको छ । मैले त बेला-बेला भन्ने गरेको छु बिजुलीको पोलमा कुकुरले खुट्टा देख्नु, पोल देख्नु हुँदैन यहाँ पनि कतै मन्त्रीज्यूहरूले पनि हेलिकप्टर देख्न नहुने हो कि । त्यले गर्दाखेरि यो हामी कुनतिर गइरहेका छौं ? कसरी गइरहेका छौं ? एउटामा वेदना हुँदाखेरि ती वेदनालाई साथ हैन म चाहिँ आ..आएको थिए भन्ने देखाउनु यो के सरकारको गतिविधि ठीक हो होइन भन्ने कुरा पनि म यो सदनमा राख्न चाहन्छु सभामुख महोदय । गभरनेन्सको कुरा गरिन्छ गभरनेन्स नहुनुको कारण भनिन्छ के हो गभरनेन्स नहुनुको कारण विकास नहुनु हो जब विकास हुँदैन त्यहाँ गभरनेन्स हुँदैन । हामी शिक्षित भयौं एकदम पढेलेखेका छौं तर विवेकी भएनछौं हामीले माल पाएछौं तर चाल पाएनछौं । यही ढंगले हाम्रो देखे मलाई एउटा याद छ सभामुख महोदय, गत सालभन्दा शुरुको वर्षमा हाम्रो सरकार प्रमुखले भन्नुभएको थियो जानुस् माननीयज्यूहरू पैंसा लिएर गाउँ-गाउँ जानुस् तपाईंहरू । विकास गरेर आउनुस् तपाईंहरू जान पर्छ भनेको पनि यदि मेरो यो कान साँचो छ भने आज पनि गुन्जिरहेको छ सभामुख महोदय । एउटा रुपैडियाबाट बाहिर के-के चीजहरूको निकासी हुँदैरहिछ अनि उले सोध्यो यो सामान एउटा पुलिसले सोध्यो सामानहरू पठाउन मिल्छ कि मिल्दैन भनेर आफ्ना हाकिमलाई सोध्दाखेरि उले मौखिक जवाफ दिएछः रोको मत, जान दो । रोको मत, जान दो । सिपाहीले छोडदियो । लिखित आदेश आएछ सभामुख महोदय । रोको, कमा राख्यो रोको, मत जान दो । आज हाम्रो सरकार यस्तै भइरहेको छ मुखले रोको मत, जान दो भन्छ लेख्दाखेरि रोक्यो कमा गर्छ अनि मत जान दो भन्छ यसले हाम्रो प्रदेशको विकास हुन सक्छ कि सक्दैन ? यहाँ भन्ने गरिन्छ हाम्रो नेपाली उखान छ कि थुतुनो जोगाउनु कि के जोगाउनु । यी दुइटा कुराहरू संसारमा सबैभन्दा महत्वपूर्ण कुराहरू भएर आएका छन् । यसैले ठूलो-ठूलो कुराहरू विवादहरू भइरहेका छन् सभामुख महोदय । सरकार बोल्दै हिंड्छ कहिले चाहिं अर्को वर्षदेखि हामी प्लेन चलाउँछौं भन्छ । सरकार कहिले बोल्दै हिँड्छ अब चाहिँ पूर्वाधारका कार्यक्रम त संघीय सरकारले पो गर्ने हो हामीले गर्ने हो र ? यदि त्यो हो भनेदेखि हामी सरकार भएर बस्नुको औचित्य के छ ? हामी यहाँ सांसद भएर बस्नुको औचित्य के छ ? सभामुख महोदय । समृद्धि हुनको लागि त बलियो प्रदेश चाहिन्छ । प्रदेश बलियो भएन भने समृद्धि हुन सक्दैन सभामुख महोदय त्यसपछि त्यसमा प्रदेशसभा सक्षम चाहिन्छ । अनि सरकार जवाफदेही चाहिन्छ सभामुख महोदय अनि विधिको शासन चाहिन्छ । न आज हाम्रो प्रदेश बलियो हुन सक्यो, न प्रदेश सभा नै हामी सक्षम हुन सक्यौं, न सरकार नै जवाफदेही हुन सक्यो, न त विधिको शासनअनुसार नै हामी अगाडि बढ्न सक्यौं । त्यले गर्दाखेरि के होला हाम्रो यजि याटिच्युट राम्रो हुँदैन भने सभामुख महोदय हामी कुनै पनि ठाउँमा पुग्न सक्दैनौं । आइरहन्छन् पत्रिकामा गजब-गजबका छन् पत्रिकामा । मैले देख्छु आजको यो बजेट विनियोजन गरिरहेको हेर्ने हो र पत्रिकामा

आएका कुरा गर्ने हो भने कान्तिपुर हामीले यो मुलुकमै सबैभन्दा विश्वसनीय पत्रपत्रिका भनेर हामीले मान्ने गरेका छौं । गत सालमा पनि संसदहरूलाई संसद विकास कोष दियो भनेर कान्तिपुरले लेख्यो यो साल पनि लेखेकै छ सायद सत्तापक्षका सांसदज्यूहरूलाई त्यो सांसद कोषको व्यवस्था गरिएको थियो भने म जान्दिन होइन भने कसैलाई व्यवस्था गरिएको छैन आज उल्लेख छ । कतिखेर कान्तिपुरले लेख्छ कि राष्ट्रिय योजना आयोगका सदस्यज्यूले भन्नुभो भौतिक पूर्वाधार मन्त्रालयले काम गर्न नसकेको कारणले हामीले सबै बजेटहरू लगेर मुख्यमन्त्रीको कार्यालयमा राख्यौं भनेर चाहिं त्यले चाहिँ हवाला दिन्छ । यो के हो ? योजना आयोगको एउटा सदस्यले मन्त्रीप्रतिको आक्षेप लगाउन मिल्छ मिल्दैन सभामुख महोदय गम्भीर कुराहरू आएका छन् । मन्त्रीले आफ्नै क्याविनेटको मन्त्रीले मुख्यमन्त्रीलाई आक्षेप लगाउन मिल्छ कि मिल्दैन सभामुख महोदय । यस्ता-यस्ता खालका कि त हाम्रा थुतुना ठीक भएनन् कि त लेख्ने पत्रकारका कलम ठीक भएनन् । एउटा त बेठीक छ नै । यो ढंगले जाने हो भने हामी अगाडि कसरी बढ्ने ? मैले यहाँ देखे हाम्रो यो विनियोजन विधेकमा के छ भने सभामुख महोदय । करिब-करिब ५ अरब २८ करोड १६ लाख २८ हजार मुख्यमन्त्री कार्यालयमा छ । त्यो पैसामा १ अरब ७८ करोड ८२ लाख चानचुन चालु खर्च छ । ३ अरब ४९ करोड चाहिँ पूँजीगत खर्च छ । त्यसरी नै अर्थ विज्ञ व्यवस्था भनेर २ अरब आर्थिक मामिलामा छ । अर्को चाहिँ अर्थ विविध भनेर टोटलमा ३ अरब ३५ करोड छ । धन्नै पोहोर सालको ८ अरबलाई घटाउने हो भने अहिले हाम्रो टोटल बजेट भनेको १९ अरब पनि पुग्दैन सभामुख महोदय, त्यसैमा यो पैसा सबै त्यहाँ राख्नु पर्ने थियो भने किन यो यत्रो मन्त्रालय गठन गर्नुको हामीले नाटक गरिरहनु पर्ने हो सभामुख महोदय । हामीलाई धेरै मन्त्रालयका आवश्यक पर्दैन । सबै मन्त्रालयहरूलाई खारेज गरेर एउटा मुख्यमन्त्रीको कार्यालय राखम अनि एउटा आर्थिक मामिला राखम । त्यसरी नै अरु अरु मन्त्रालयमा पनि छ सभामुख महोदय । कसैको के छ भने पूँजीगततर्फ चालुतर्फ सभामुख महोदय जम्मा ५० करोड छ । कुनैमा चालुतर्फ २ अरब ९२ करोड पनि छ । यो कस्तो खालको चालु व्यवस्था गरिएको हो ? कतै यी हेलिकप्टर चढ्नको लागि चालु खर्च भयो भने सजिलो हुन्छ भनेर त होइन सभामुख महोदय । यो ढंगले यसको विकास हुन सक्छ कि सक्दैन ? गत साल जनता सडक भनेर राखियो अहिले आएर जनता सडकको नाममा २ करोड मात्र राखिएको छ । गत सालको बजेटमा जबकि कार्तिकसम्म काम गर्न पाउने भइसकेपछि सरकारले त्यो नीति ल्याइसकेपछि सभामुख महोदय अब त नयाँलाई पनि त १० करोडको त्यो योजना बन्नु पर्थ्यो होला भन्ने मलाई लाग्दछ सभामुख महोदय । ती कुराहरू नभएर त्यत्तिकै गइरहेको छ । अनि बजेट जति गयो अन्तिम घडिसम्म पनि बजेट रकमान्तर हुँदै गयो । केही-केही मन्त्रालयको त ५० प्रतिशतभन्दा बढी रकम रकमान्तर गरेको देखियो । कुन विधिले गरियो त्यो सभामुख महोदय त्यो पनि काहिं पनि देखिएको छैन । बजेट अरुमा धेरै जस्ता बिचौलियाहरूको प्रभाव पऱ्यो भन्ने कुराहरू पनि यो उसमा देखिरहेको छ सभामुख महोदय त्यो कार्य पनि अगाडि बढ्न सकेन त्यसकारण म अनुरोध गर्न चाहन्छु केही अलिकति अव्यवहारिक कुराहरू आएका छन्ः छोरीलाई ठीक छ, छोरी जन्मिनेवित्तिकै हजार रुपैयाँको खाता खोल्ने । हाम्रोमा यहाँ करिब-करिब १७ लाख जनसंख्या छ त्यसमा १४ लाख चाहिँ रिप्रोडक्ट दिन सक्षम होलान् त्यो हो भने झण्डै २५ हजार ५० हजार प्रतिवर्ष यहाँ नयाँ बच्चा जन्मिदोरहेछ । किनकि नेश्नल ग्रोथ रेटचाहिँ २.४ छ भने हाम्रो यहाँको २.८ छ त्यले करिब-करिब २५ हजार छोरीहरू जन्मिन्छन् । २५ हजार छोरीको खाता खोल्नु पऱ्यो । वर्षेनी ५०० रुपैयाँ राख्न पऱ्यो त्यो २० वर्षको लागि एक वर्षमा मात्र होइन अर्को वर्ष पनि त्यही गर्दै जाने कुरा र त्यले कतिसम्म चाहिँ हाम्रो कुरा अगाडि बढ्छ ? जबकि आन्तरिक राजश्व भनेको २५ करोड मात्रै छ त्यो पनि अनुमानको भरमा हो । गत साल हामीले ५० करोडको चाहिँ अनुमान गरेका थियौं उठाउन सकेनौं सायद २५ करोड उठ्यो होला त्यही हामीले अनुमान गरिरहेका

छौं । यो ढंगले अगाडि बढ्न सक्छ कि सक्दैन सभामुख महोदय ? अनि हामीले भनेका छौं कर्णाली एयरलाइन्स गठन गर्ने एकदम सजिलो छ सभामुख महोदय । प्लेन ल्याउनको लागि एकदम सजिलो छ हेलिकप्टर ल्याउनको लागि त धेरै सजिलो छ । म सरकारलाई भन्न चाहन्छु यामआइसेभेन्टीन पनि २५ देखि ३० करोडभित्रमा हामी एउटा हेलिकप्टर ल्याउन सक्छौं । ब्राण्ड न्यू नल्याउने हो भने रशियन ब्राण्ड न्यू होइन तर हेलिकप्टर प्लेनहरू कहिल्यै पनि पुरानो हुँदैन किनकि त्यलाई ओभरअल गरिन्छ । ओभरअल गरिसकेपछि त्यलाई नयाँको अवस्थामा जान सकिन्छ तर त्यलाई संचालन गर्ने कसरी हो ? आज देशको सम्पूर्ण दायित्व बोकेको आरएनएसीको हालत यो भइरहेको छ। त्यसैले हामीले त्यो अरबौं रुपैयाँ त्यसमा छुट्याएर लाग्नुको ठाउँमा त सडक पीच नभएको ठाउँमा पीच र बाटो नबनेको ठाउँमा बाटो खनेको भए त्यो राम्रो हुन्थ्यो होला नि । हामी त्यसै बहकिनु हुँदैन सभामुख महोदय । ती त्यति सजिलो कुराहरू छैन । चार जना नयाँ केटाहरूलाई पाइलट पढ्न पठाएर आएर हुम्लामा उड्दैन डोल्पामा उड्दैन । त्यलाई आइपीको व्यवस्था हुन्छ आज आरएनएसीका जहाजहरू आइपी नभएर थन्किरहेको छ । आज अरु प्राइभेट यअरलाइन्सहरू कैयौं दुरगम क्षेत्रमा जान नसकेर आइपी नभएको कारणले गइरहेको छ । यी कुराहरूलाई हामीले जहिले पनि सुझाव दियौं तर चाहिँ सरकारले सुनेन सभामुख महोदय । यो खालले संचालन गर्ने कुराहरूमा त्यो भोलि फेल हुने कुराहरूमा अगाडि बढ्नु हुँदैन । मलाई एउटा कुराको याद छ हामीले गत साल मेरै जिल्ला हुम्लामा अस्पतालमा हामीले ग्यास सिलिण्डर त्यहीबाट प्रडक्सन गर्ने भनेर भन्यौं तर आज एउटा पनि भएको देखिदैन अनि धेरै जस्तो पैसाहरू कसरी छुट्याइएको छ भने डिपिआर भन्ने शव्दहरू आइरहे आएका छन् । डिपिआरको अर्थ के हो ? डिपिआर गर्नलाई के-के गर्नुपर्छ ? ती कुरा नभएर आज सारा डिपिआरका नाममा चाहिँ पैसाहरू खर्च गर्ने व्यवस्थाहरू यहाँ आएका छन् सभामुख महोदय । यो ढंले अगाडि बढ्न सक्दैन आज सबै हामी एकदम मितव्ययी भयौं । ठीक हो सरकारले भनेको मितव्ययी हुनु एकदम राम्रो हो तर मितव्ययीको अरुलाई कथा सुनाउदाखेरि अरुलाई अर्थ दिंदाखेरि हामी कति मितव्ययी भयौं । मलाई त अहिले पीर लाग्न थालेको छ यदि हाम्रो यरलायन्स बन्ने हो भने त भोलि आफ्नो आची फाल्नको पनि ती हेलिकप्टर प्रयोग गर्ने अवस्था नआउला भन्न सकिदैन सभामुख महोदय । यो ढंगले हामीले । यो ढंगले हामीले योजनाहरू बनाएर यो प्रदेशको विकास हुन सक्दैन त्यसकारण चाहिँ प्रदेश सरकारले यो आएको बजेट माथि पुनःविचार गरोस् भन्न म चाहन्छु । आज ७ वटा प्रदेशहरूमध्येमा ६ वटा प्रदेशहरूले निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषको चाहि सिर्जना गरेको छ । यो प्रदेशले न गत साल गऱ्यो न अहिले गरिरहेको छ आज कि त सरकार प्रमुखले गत सालमा भनेको कुरा म अघि पनि भने म फेरि दोऱ्याउन झलझल्ती सुनिरहेको छु । त्यो कोष बनाउने कि नबनाउने ? विकास कोष बनाउने कि नबनाउने? अब हामी ४० जना सांसदहरूमा पनि पेश गर्ने बेला आएको छ सांसदहरू पनि हामी यहाँ आएर कराउने अब गएर त्यो कामहरू उहाँहरूले गर्न सक्नुहुन्छ कि हुँदैन । त्यो कुरा सबैले गरिरहेका छन् भने हामीले गर्न किन मिल्दैन सभामुख महोदय । यो त के भयो भने एउटा व्यक्तिले मात्रै हेन्डील गर्ने भन्ने जस्ता कुराले चाहिँ यो अगाडि बढ्न सक्दैन सभामुख महोदय । त्यसरी नै केन्द्रीय सरकारले तलब भत्ता बढाएको छ कर्मचारीहरूको अनि हामीले यहाँ बढाउनु पर्ने हो कि होइन ? आज हामी एकातिर कर्मचारीहरू आएका छैन भनेर भनिरहेका रोदन गरिरहेका छौं सभामुख महोदय । मलाई याद पनि छ समितिको बैठकमा म पनि थिएँ संसदमा काम गर्ने कर्मचारीहरू र संसदका मर्यादापालकहरूलाई अरु सबैले हन्ड्रेड प्रसेन्ट उले पाएको खाइपाइ आएकोमा हन्ड्रेड प्रसेन्ट सेवा सुबिधा बढाएको छ तर हामीले हाम्रो प्रदेश अहिले अलिकति कमजोर छ ३५ प्रसेन्ट दियौं भनेर हामीले त्यो निर्णय गऱ्यौं तर आजसम्म त्यो पनि पाएको छैन भन्ने कुराहरू बाहिर सुन्नमा आइरहेको छ यही ढंगले हामीले विकासलाई कर्मचारीलाई अगाडि बढाउन सक्छौं

कि सक्दैनौं यो कुरालाई चाहि सरकारले चाहिँ हेक्का गरोस् भन्न चाहन्छु र मैले भनिहाले निर्वाचन कोष र सांसद कोष पनि यो ठाउँमा पनि बनाउन आवश्यक छ त्यही ढंगले अगाडि गएर अब यो गजबको कुरा छ सभामुख महोदय । जुन म पढेर नै सुनाउन चाहें ४१ मा कर्णाली प्रदेशको समग्र र सन्तुलित विकासको लागि मुख्यमन्त्री पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सडक, पुल, जलविद्युत, खानेपानी, सिंचाइ, पर्यटन, संचार, बस्तीविकास जस्ता भौतिक पूर्वाधारका प्रदेश महत्वका ठूला परियोजनाहरू संचालन गरिने छन् यस प्रकारका परियोजनाहरूको छनौट र प्राथमिकरण गर्ने कार्यान्वयनमा तीव्रता दिन अनुगमन र आम जनताको हित र सुबिधा अनुकुल दिगो, गुणस्तरीय, भरपर्दो र सुरक्षित बनाई प्रदेशको समृद्धिमा योगदान पुऱ्याउनका लागि निर्माण गरी कर्णाली पूर्वाधार विकास प्रतिष्ठान खोलिनेछ भने, खोलिनेछ, खोलिनेछ किन खोलिएको छैन र त्यसैमा ५ अरबभन्दा बढी यदि सबै कुरा त्यो पूर्वाधारले गर्नुपर्ने हो भने मन्त्रालय नराखौं सभामुख महोदय । यत्रो चाहिँ हामीलाई कुनै आवश्यकता छैन । यी मन्त्रालयहरू सब हटाइदियौं अझ यो पर्वतीय विश्वविद्यालयको शैक्षिक पूर्वाधार यहाँ छुटेछ, अरु छुटेछन् त्यसकारण यो खालको यो पनामा हामी अगाडि जानु हुँदैन म सत्तापक्षका सांसदज्यूहरूलाई भन्न चाहन्छु यो कुनै मेरो व्यक्तिगत आग्रह पूर्वाग्रह कुरा होइन, यो सत्यताको कुरा हो । यसमा पनि हामीले सबैले सही सत्य कुरामा एक जना भए पनि लडेर बस्नु पर्छ र सही सत्य कुरामा हुइपका कुराहरू गरेर अनेक गरेर प्रदेशलाई डाङ्गाडोल गर्ने कुरामा हामी कोही जानुहुँदैन म त्यो अनुरोध गर्दै सभामुखज्यूमार्फत् मेरा आफ्ना कुराहरू यहीं टुंगाउन चाहन्छु धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, आर्थिक वर्ष २०७६/०७७ राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको वायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला । अब माननीय श्री सोशिला शाही । यसपछि माननीय श्री विन्दमान बिष्ट तयार रहनुहोला । समय ७ मिनेट ।

**माननीय श्री सोशिला शाहीः** सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७६/०७७ को राजश्व व्यय अनुमानको सामान्य छलफल गर्न भाग लिइरहेका छौं । यस कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ को दफा २ मा उल्लेख के गरिएको छ भने, के गरिएको छ भने अनुसूची १, अनुसूची २ को महल ३, ४, ५, ६, ७ मा उल्लेख उल्लेखित रकम जम्मा रु ३४ अर्ब ३३ करोड ५१ लाख ८१ हजारमा नबढाई प्रदेश संक्षिप्त कोष कोषमा कोषबाट खर्च गर्न सकिने भनिएको छ तर प्रदेश संचित कोषबाट खर्च गर्न सकिने गरी बजेट विनियोजन ३४ अर्ब ३५ करोड ३४ लाख ३५ हजार भएको छ । यस यसले के जनाउँछ भने आफू हिन्दै छ पाइला मेट्दै छ भन्ने जस्तो भन्ने एउटा गर्ने अर्को कार्य कार्यले कर्णाली प्रदेश सरकारको विश्वसनीयतामाथि पनि प्रश्न खडा हुन्छ यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत बजेटको वक्तव्यको बुँदा नं. वर्षको बुँदा नं. २३९ मा भ्रष्टाचारप्रति शुन्य सहनशीलता अवलम्बन गर्दै भ्रष्टाचार, अनियमिता, ढिलासुस्ती, घुसखोरी, कमिसनतन्त्रलाई कडा नियन्त्रण गर्नका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सहकार्यमा अनुगमन, नियन्त्रण र कार्यबाहीलाई प्रभावकारी ढंगले अगाडि बढाइनेछ भनिएको छ भने हाल मन्त्रालयको मन्त्रालयको प्रगति विवरण शून्य सहनशीलताको कार्य तथा नियमन प्रारम्भ गरिएको भनिएको छ सायद त्यही भएर होला केही समय पहिला घुसखोरीलाई कारबाही गरिएको छ । घुसखोरी कारवाही गरिएको समाचार सुन्न पाइएको खुशी लागेको छ । यो प्रदेशमा भ्रष्टाचार शुन्यसहनशीलता भएकै कारणले यो वर्षको बजेटमा कतै नदेखिएकाले कर्णाली प्रदेश सरकारलाई धन्यवाद । आर्थिक वर्ष २०७५/०७६ को मन्त्रालयगत प्रगति विवरण हेर्दा म कर्णाली कर्णाली प्रदेश सभाको सदस्य भएको नाताले व्यवहारिक जे जसो भए पनि प्रगति विवरण किताबमा उल्लेख भएका भएका

भएको देख्दा शीर ठाडो गरेर हिंड्ने, हिंड्ने अवसर मिलेको छ । हामीले बजेट ल्याउनुभन्दा अघि नीति तथा कार्यक्रम व्यवहारिक छलफल गरी सल्लाह र सुझाव दिइएकै हो । यदि दिएका सल्लाह र सुझावलाई अवमूल्याङ्कन गरी औपचारिकता मात्रै निभाएको निभाउने हो भने अबका दिनदेखि यस्ता कार्य नगर्न सभामुखमार्फत् सरकारलाई आग्रह गर्दछु । दुईतिहाइको सरकारले जे गर्दा पनि हुन्छ भन्ने मानसिकता बोक्नुभएको हो भने सल्लाह र सुझावको दिनुको कुनै तुक त छैन । सहभागी भइराख्नु पनि अर्थ छैन । सभामुख महोदय अनि यो जनता सडक कार्यक्रम भन्ने कस्तो कार्यक्रम हो ? मैले बुझ्न सकिएको छैन सभामुख महोदय । सम्बन्धित क्षेत्रको माननीयहरूको सल्लाहले योजना छनौट हुन्छ होला भन्ने मलाई लागेको थियो । तर गत वर्षको जनता सडक कार्यक्रम योजना छनौट भैसकेपछि मेरो क्षेत्र अन्तर्गत पर्ने मुख्यमन्त्रीज्यूलाई सोध्दा मलाई जानकारी भएन, भौतिक मन्त्रीलाई सोध्नु भनेर जवाफ दिनुभयो । सायद मलाई लाग्यो भौतिक मन्त्रीज्यू भगवान नै हो क्या हो भन्ने सम्बन्धित क्षेत्रको माननीयलाई नसोधी सुर्खेत क्षेत्रको मान्छेले कालिकोट जिल्ला आवश्यक बुझी योजना छनौट गर्नु, गर्नुभएको छ । सरकारको मुख्य जिम्मेवारी बोकेका व्यक्तिले यस्ता गैरजिम्मेवारी जवाफ र व्यवहारले तत्काल म र मेरो पाटीलाई केही असर नगर्ला तर दीर्घकालीन रूपमा यसले कुनै बेला त्यसको परिणाम भोग्नु नपर्ला भन्न सकिन्न । त्यसैगरी जनता सडक कार्यक्रम सम्बन्धित क्षत्रको माननीयहरूको सल्लाहबेगर पूर्वाग्राही तरीकाले आफ्नो मनोमानी तवरले छनौट भएका योजनालाई हालको कार्यक्रममा, कार्यक्रम पनि नियन्त्रण दिने भनिएको यसले विष विषयमा मेरो बिमति रहेको सभामुखमार्फत् सरकारलाई जानकारी गराउँछु । सत्ता र शक्ति पहुँचको भरमा एउटै क्षेत्रमा अत्याधिक बजेट विनियोजन हुने भएको, भएकाले त्यस्ता कार्यलाई निरुत्साहित गर्न सम्पूर्णको ध्यान जाओस् भन्न चाहन्छु । गत वर्षको बजेट रकम रकमान्तर गरेर धेरै गाडीमा गाडीहरू मात्रै किन्ने भयो यदि त्यसो हो, त्यसो नगरी सडक पुगेका कर्णाली सबै स्थानीय निकायमा एक एक वटा एम्बुलेन्सको व्यवस्था गरिदिएको भए प्रदेशको राजधानी जस्तो ठाउँमा बत्तीको अवस्था देख्दा प्रदेश राजधानी भन्न पनि लाज लाग्ने अवस्था भएकोले त्यसको लागि वैकल्पिक व्यवस्था गरिदिएको भए, प्रत्येक्ष जनतालाई लाभ हुने काम गरिदिएको भए, सरकार जनताप्रति उत्तरदायित्व छ भन्ने हुन्थ्यो प्रदेश सरकारप्रति जनताको आशाभरोसा बढ्थ्यो तर आज प्रदेश सरकारका यस्ता कार्यले जनताप्रति उत्तरदायित्व नभई आफै मोजमस्ती रमाएको पुष्टी हुन्छ । ती आवश्यकताभन्दा पनि बढी सुख र सयल कर्णाली प्रदेश सरकारप्रति जनताको विश्वासको आशा टुटेको छ । केही निश्चित व्यक्तिहरूको हालिमुहाली बढेको छ । यस्ता कार्यले जनतालाई दिनप्रतिदिन ऋणको भारी बोक्ने कार्य भएको छ । यस्तै हो भने जनताले चाँडै परिवर्तन खोज्न बाध्य हुने छन् । जनताको नामबाट उठेको पैंसा आफ्नो खल्तीको पैंसा दिए जसै गरी मगन्ते जस्तो भएर जनताका योजना माग्नु नपरोस् विगतको वर्ष जस्तै योजना छनौटमा बन्चित गरिएको खण्डमा त्यसका विरुद्ध एक्लै भए पनि जनताको साथमा सडकमा जान नपरोस् समावेशी समावेशिताको आधारमा समानुपातिक तवरले बजेट तथा कार्यक्रम विनियोजन गरियोस् भन्ने सुझाव दिदै अन्तमा कालिकोट जिल्लाको रासकोट नगरपालिकामा रासकोट सामुदायिक अस्पताल निर्माणको लागि परेको सरकारको प्रदेश सरकारको आवश्यक रकम विनियोजन गर्ने गर्नका लागि सुझाव दिन चाहन्छु । जय राष्ट्रवाद जय धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री विन्दमान बिष्ट । समय ७ मिनेट, यसपछि माननीय श्री अमरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुख महोदय हामी आर्थिक वर्ष २०७६/०७७ को बजेटमाथि छलफलमा सहभागी भएका छौं । अँ अस्ति हाम्रो बैठक अवरुद्ध भो । अस्तिदेखि एउटा नयाँ विषय प्रवेश

गरेको छ, संसदको मर्यादाको कुरा, प्रतिपक्ष दलको मर्यादाको कुरा, प्रतिपक्ष दलको नेताको मर्यादाको कुरा । अत्यन्तै राम्रो विषय प्रवेश गरेको छ भन्ने मलाई लागेको छ सभामुख महोदय मर्यादाको कुरा गर्दाखेरि मुख्यमन्त्री अनुपस्थित रहनुभयो । म धेरै कुरा त जान्दिन पहिलो पटक संसदमा निर्वाचित भएर आएको हुँ । संसदको कार्यसूचीमा प्रमुख प्रतिपक्ष दलको नेता बोल्ने कार्यसूची भएपछि सरकारलाई जानकारी गराउने त्यो कार्यसूची भएको बेला मुख्यमन्त्रीको उपस्थित हुने । यो कार्य यो हुन्छ होला जस्तो लाग्छ मलाई । माथि पनि प्रधानमन्त्री प्रमुख प्रतिपक्षी दलको नेता बोल्ने कार्यसूची छ भने प्रधानमन्त्री उपस्थित हुने सदनमा प्रायः सदैव प्रधानमन्त्री, मुख्यमन्त्री उपस्थित हुने स्थिति बन्दैन होला । त्यसकारणले गर्दाखेरि हामीले अलिकति यो सच्याऔं । प्रमुख प्रतिपक्ष दलको नेताको वक्तव्य कुन दिन छ, त्यो कुरा मुख्यमन्त्रीलाई जानकारी गराऔं र मुख्यमन्त्री त्यो दिन उपस्थित होऊँ, यो सरल बाटोमा अगाडि बढ्दाखेरि मात्रै हामी यो संसदको अवरोध जस्ता कुराहरू व्यहोर्न नपर्ला । आगामी दिनमा म यतातिर ध्यान आकर्षक गराउन चाहन्छु । सम्मानित सदनको सभामुखमार्फत् र अर्को कुरा प्रमुख प्रतिपक्ष दलको नेताज्यूले यहाँ मर्यादा आफ्नो मर्यादाको कुरा गर्नुभएको छ । मलाई लाग्छ मर्यादा सरकारले पनि कायम गर्नुपर्‍यो र मर्यादा उहाँ आफैले पनि अंगिकार गर्न जरुरी छ जस्तो लाग्छ । हामीले यही सदनमा देखेका छौं सभामुख महोदय, ढ्यापढ्यापे समयमा पनि उहाँ आफै बोल्नुहुन्छ, सदन अवरुद्ध गर्दाखेरि पनि आफै बोल्नुहुन्छ । अर्का सानातिना कुरामा पनि आफै बोल्नुहुन्छ, त्यो बेलामा मुख्यमन्त्रीको आवश्यकता हुँदैन । संसदीय परम्परा के हो त भन्दाखेरिमा सभामुख महोदय सामान्यतया प्रमुख प्रतिपक्षको नेता बोल्ने बेलामा प्रायःजसो मुख्यमन्त्री यहाँको हिसाबले माथिको हिसाबले संघीय संसदको हिसाबले प्रधानमन्त्री उपस्थित हुनुपर्छ केरे उहाँले भने जस्तै अलिखित भए पनि यो मान्यता हो केरे चलनचल्तीको मान्यता हो तर म माननीय समामुखज्यूमार्फत् यो सम्मानित सदनमा सम्बन्धित निकायको के ध्यानाकर्षण गराउन चाहन्छु त भन्दाखेरि मर्यादाको कुरा गर्दाखेरि मर्यादामा बस्नको निमित्त सबै हामी माननीय सदस्यहरू, प्रमुख प्रतिपक्ष दलको नेता, यो सरकारका मन्त्रीज्यूहरू, माननीय मुख्यमन्त्री सबैले आ-आफ्नो मर्यादामा बस्ने र अरुको मर्यादाको कदर गर्ने परम्पराको हामीले कर्णाली प्रदेशबाट थालनी गर्न सकिम भनेपछि हामी यो संसदको, यो सदनको मर्यादा सम्मान हामी व्यक्त गर्न सक्छौं भन्ने कुरा प्रारम्भमा म यो सम्मानित सदनमा ध्यानाकार्षण गराउन चाहन्छु दोस्रो कुरा यो बजेट निर्माण गर्ने क्रममा अगाडि बढ्दै गर्दाखेरि नयाँ बहसको शुरु भएको छ सभामुख महोदय । त्यो के हो त भन्दाखेरि माननीयहरूले सदस्य सांसदहरूले बजेट निर्माण गर्ने होइन नि, त्यो त सरकारले बजेट निर्माण गर्ने हो यो कसैले नबुझेको कुरा होइन, यो सरकारले नै निर्माण गर्ने हो माननीय सभामुख महोदय । यहाँ कुरा के छ त भन्दाखेरि अहिले सरकारको कुन संरचना नभएर त्यो फंसनमा नभएको बेलामा हामी यो कर्णाली प्रदेशको हित चाहनेहरू सबै केन्द्रित भएर विभिन्न चरणमा छलफल गरेर निर्माण गर्ने प्रक्रियामा सहभागी हौं भन्ने कुरा मात्रै हो । तर विगतका अभ्यासहरूबाट हामी त्यही प्रक्रिया अगाडि बढाएर गएका छौं । त्यसकारणले गर्दाखेरि हामी सबैको सहभागिता हुने गरी आफ्नत्व हुने गरी र त्यसपछि गएर कर्णाली प्रदेशका २४ वटा निर्वाचन क्षेत्रहरू जो छन्। २४ वटा निर्वाचन क्षेत्रहरूमा त्यसको समन्यायिक ढंगले बजेट विनियोजन गर्ने गरी अगाडि बढ्नु पर्दछ । म यतातिर ध्यान आकर्षण गराउन चाहन्छु । यो बजेटका केही सकारात्मक कुराहरू छन् सभामुख महोदय । यले पूर्वाधारका कामहरूलाई नीतिगत रूपमा म जोड दिएर भन्छु, नीतिगत रूपमा यले प्राथमिकतामा राखेको छ । उद्योग संचालन गरेर रोजगारी सिर्जना गर्ने, आत्मनिर्भर बनाउने, आर्थिक वृद्धिदर गरेर अगाडि बढ्ने कुराको कन्द्रीत गरेको छ आफ्ना कामहरूलाई । शिक्षा क्षेत्रमा २ वर्षभित्र सिंगो कर्णाली प्रदेशलाई साक्षर बनाउने उद्देश्य राखेको छ, त्यसपछि गएर पूर्वाधारकै क्षेत्रमा सबैको एक घर, एक धाराको अवधारण ल्याएको छ । त्यसपछि गएर सिंचाइ, बाँझो जमिनलाई सिंचित गरेर त्यसपछि

गएर उत्पादनलाई अगाडि बढाउने टारगेट यसले राखेको छ, लगायत लगायतका थुप्रै यसले सकारात्मक कामहरू गरेको छ तर यी कामहरू सकारात्मक हुँदाहुँदै पनि यहाँ एउटा गाँठो नफुकेको कुरा के छ त भन्दाखेरि सभामुख महोदय । मैले यसो हेरें हाम्रो प्रदेशको राजश्व संकलन, हामीले अघिल्लो वर्ष ५० करोड अनुमानित हामीले पेश गरेका थियौं, अहिले संशोधित अनुमान यहाँ पेश गर्नुभएको छ । माननीय आर्थिक मामिला मन्त्रीज्यूले २१ करोड २७ लाख ४६ हजारसम्म हुन सक्छ भनेर अनुमानित संशोधन केरे संशोधित अनुमान यहाँ प्रस्तुत भएको छ । र अहिले हामीले लक्ष्य राखेका छौं यो आगामी आर्थिक वर्षमा २५ करोड राजश्व संकलन गर्ने कुरा राखेका छौं यो अवस्थामा हामी छौं । यो अवस्थामा हुँदाखेरि मलाई चिन्ता के हो त भन्दाखेरि सभामुख महोदय, अब हामी हाम्रो राजश्वलाई हाम्रो आन्तरिक केरे आर्थिक वृद्धिदरलाई हाम्रो हाम्रो आर्थिक अवस्थालाई कसरी सुदृढ गर्ने होला ? बजेट त्यतातिर परिलक्षित छ कि छैन ? हामीले यही विन्दुमा रहेर यो बजेटको समीक्षा गर्नुपर्ने, छलफल गर्नुपर्ने, बहस गर्नुपर्ने ठाउँ जस्तो ठाउँमा छौं जस्तो मलाई लाग्छ । हामीले अहिले हाम्रो बजेट हेर्दाखेरि झण्डै झण्डै १३ अरब रुपैयाँ चालु खर्चमा छ सभामुख महोदय । गत वर्षको बाँकी खर्च नहुन सकेको बजेट हेर्दाखेरि ९ अरब, झण्डै ९ अरब रुपैयाँ खर्च हुन नसकेको छ । टेण्डर र सम्झौताको कामहरूलाई कार्यान्वयन गर्दाखेरि झण्डै ५ अरब रुपैयाँ त्यसमा खर्च हुन्छ जस्तो लाग्छ मलाई । ४ अरब रुपैयाँ त्यसमा बच्ने हो र त्यसपछि गएर अहिलेको बजेटमा हेर्दाखेरि झण्डै झण्डै १८, १९ अरब मात्रै हाम्रो बजेट हो । १८, १९ अरबमा सशर्त अनुदान छोड्दाखेरि सशर्त अनुदानको ६, ५ अरब रुपैंया छ त्यसपछि गएर गत वर्ष टेण्डर बहुवर्षीय टेण्डर भएका र त्यसपछि गएर क्रमागत योजनाहरू सम्झौता भएका हेर्दाखेरि झण्डै झण्डै ५, ६ अरब रुपैयाँ त्यहाँ खर्च हुन्छ । ११ अरब, ३४ अरबमा ११ अरब घटाउँदाखेरि हामी झण्डै २०, २१ अरबको हाराहारीमा जान्छौं । २०, २१ अरबको हाराहारीमा जाँदाखेरि १३ अरब रुपैयाँ चालु खर्च छ सभामुख महोदय त्यसमा हेर्दाखेरि ६, ७ अरब रुपैयाँ मात्रै हाम्रो अरु पूँजीगत खर्च हुन्छ । छ, १३ अरब चालु खर्चमा चालु खर्च अर्को तर्क के हुन सक्छ भन्दाखेरि चालु खर्चमा प्रशासनिक खर्च पनि हुन्छ, त्यसपछि गएर अरु चालु खर्च पनि हुन्छ । मैले सामान्यतया यसो हेर्दाखेरि मन्त्रालयहरूको अनुमान गर्दाखेरि झण्डै ५ अरब रुपैयाँ प्रशासनिक खर्च छ हाम्रो प्रदेशमा सबै हेर्दाखेरि झण्डै ५ अरब । तलमाथि होला अलिकति मिलाउनु पर्ला झण्डै ५ अरब रुपैयाँ हाम्रो प्रशासनिक खर्च छ, प्रशासनिक खर्चभन्दा बाँकीको चालु खर्च भनेको झण्डै ८ अरब रुपैयाँ छ सभामुख महोदय । हामी ८ अरबको प्रशासनिक खर्च बाहेकको ८ अरब हामी चालु खर्च गर्दैछौ । झण्डै ६, ७ अरब मात्रै हामी पूँजीगत खर्च गर्दैछौं त्यसपछि हामी बजेटमा भन्दैछौं कि हाम्रो केन्द्रीय काम भनेको हाम्रो यो बजेटको पहिलो प्राथमिकता भनेको हाम्रो पूर्वाधार निर्माण हो भनेर भन्दै छौं । कहाँनिर पुष्टी हुन्छ सभामुख महोदय, त्यसकारणले गर्दाखेरि यसमा पुर्नरविचार गर्न जरुरी छ । हाम्रो अहिलेको पूर्वाधारको पहिलो आवश्यकता हो बजेटले सही कुरा नै औंल्याएको छ तर पूर्वाधार पहिलो हाम्रो आवश्यकता पहिलो प्राथमिकता हो भने पछि बजेट विनियोजनको पनि पहिलो प्राथमिकता त्यहाँ हुन पर्छ जस्तो लाग्छ समामुख महोदय । त्यसकारणले गर्दाखेरि पूर्वाधार निर्माणमा पहिलो यो चालु खर्च जो छ प्रशासनिक खर्च हुन्छ नै बाँकी रहेको चालु खर्च जो छ त्यो चालु खर्चमा अलिकति हेरफेर गर्न जरुरी छ । त्यसपछि गएर पूँजीगत खर्च बढाउन जरुरी छ, पूर्वाधारको क्षेत्रमा हामीले लगानी बढाउन जरुरी छ, यो सम्मानीत सदनमा म माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । त्यसकारणले गर्दाखेरि अब पूँजीगत खर्चको कुरा गर्दै गर्दाखेरि हामीले गत वर्ष जनता सडक भनेर ५ करोड रुपैयाँ विनियोजन भयो । अहिले कम्तिमा पनि त्यसलाई डबल गरिनुपर्छ भन्ने मैले आफ्नो मत राख्न चाहन्छु, डबल गरिनु पर्छ अहिले २ करोड राखिएको छ । डबल गरिनु पर्दछ १० करोड रुपैयाँ जनता सडक हुनुपर्दछ र त्यसपछि गएर माननीय मुख्यमन्त्रीजी केरे मुख्यमन्त्री कार्यालयमा

रहेको बजेटलाई हामीले कुन क्षेत्रमा खर्च गर्ने हो ? पहिले शीर्षक नछुट्याइकन बजेट राख्दाखेरि त्यसको कार्यान्वयनमा जटिलता आउँछ । गत वर्ष हामीले भोगेको कुरा त्यही हो र त्यसपछि गएर आर्थिक मामिला मन्त्रालयको बजेटको भोलुम के हो ? त्यसको विषयमा पनि हामीले गम्भीरतापूर्वक छलफल र बहस गर्न जरुरी छ त्यसपछि कार्यान्वयनको ग्यारेण्टी नभइकन बजेटलाई कहिँ लिएर राखिराख्ने कहिँ लिएर डल्लो रूपमा राखिराख्ने र त्यसपछि गएर त्यसको कार्यान्वयनको प्रक्रियामा कार्यान्वयनको सन्दर्भमा समस्या हुने जे हाम्रो विगतको अवस्था रह्यो त्योबाट हामीले पाठ सिक्दै आज निश्चित योजना निश्चित बजेट कार्यान्वयन गरेर त्यसपछि गएर अगाडि बढ्न जरुरी छ । यहाँ ईन्जिनियरिङ्ग कम्पनीको परिकल्पना गरिएको छ र ईन्जिनियरिङ्ग कम्पनीको छिटोभन्दा छिटो स्थापित गरेर हाम्रा कामका कामहरूलाई हाम्रा पूर्वाधार निर्माणका कामहरूलाई छिटोभन्दा छिटो स्टीमेट डिजाइन गरेर कामलाई द्रुतगतिमा अगाडि बढाउन जरुरी छ । त्यसकारणले गर्दाखेरि यसका सकारात्मक कुराहरू पनि भने मैले यो खासगरी चालु खर्चलाई अलिकति कटौति गरेर पूर्वाधार हाम्रो पहिलो प्राथमिकता हो भने पछि पूँजीगत क्षेत्र पूर्वाधार निर्माणको क्षेत्रमा पूँजीगत खर्च बढाएर अगाडि बढाएर लैजान जरुरी छ । यसकारणले गर्दाखेरि यतातिर हामीले ध्यान केन्द्रित गर्न जरुरी छ । अर्कोतिर हामीले उद्योग लगानी वर्षको रूपमा हामीले घोषण गरेका छौं र उद्योग कलकारखानाहरू स्थापना गरेर त्यसपछि गएर रोजगारी सिर्जना गर्ने कुरा आर्थिक रूपमा आत्मनिर्भर बनाउने कुरा हामी यो बजेटले समेटेको छ तर बजेटको हामी अंकमा जब जान्छौं सभामुख महोदय, अंकमा जाँदाखेरि हामीले जुन फोर्सफुल्ली त्यो आवाज उठाएका छौं फोर्सफुल्ली जो कार्यक्रम राखेका छौं तर बजेटको अंकमा जाँदाखेरि त्यो के हुन्छ त भन्दाखेरि हामी निराश हुनपर्ने अवस्था छ । त्यलाई कसरी वृद्धि गर्ने होला हामीले ? लगानी वर्षको रूपमा हामीले केरे घोषणा गर्ने त्यसपछि गएर हामीले प्राथमिकता त्यसमा केन्द्रित गर्ने तर त्यसपछि गएर बजेटमा गइपुग्दाखेरि के हुन्छ त भन्दाखेरि एक ठाउँमा ६ करोड छुट्याएको देख्छु अर्को ठाउँमा ४ करोड छुट्याएको छेड देख्छु । जम्माजम्मी ३४ अरबको बजेटमा १० करोडको रुपैयाँ उद्योग क्षेत्रमा छुट्याएर हामीले त्यसपछि गएर हाम्रो अहिलेको लगानी वर्ष बनाएर हामीले लगानी दशकको रूपमा घोषणा गरेर हामीले जो प्रारम्भ गर्न खोजिराखेका छौं यसले सार्थकता प्राप्त गर्न सक्दैन कि त्यसकारणले गर्दाखेरि हामीले यतातिर ध्यान केन्द्रित गर्न जरुरी छ भन्ने म विषय राख्न चाहन्छु । अरु केही विषयहरू छन् जस्तो (समयलाई ध्यानमा राखौं माननीय सदस्य) १ मिनेट मात्रै म राख्न चाहन्छु सभामुख महोदय । जस्तो हामीले छोरीको छोरी जन्मेपछि खाता खोल्ने कुरा गर्‍यौं । मेरो यसमा अरु केही विमतिको कुरा केही पनि छैन सभामुख महोदय । मेरो कुरा कति मात्र छ त भन्दाखेरि २० वर्षपछि हामीले परिकल्पना गर्न खोजेको समाज के हो ? २० वर्ष पछि पनि हामीले छोरीलाई डेढलाख रुपैयाँ हात पारेर एउटा दाइजोको रूपमा पठाउने परनिर्भर एउटा नारी परनिर्भर एउटा महिला उत्पादन गर्न खोजेको हो हामीले यो समाजमा । कर्णाली प्रदेशमा त्यो हामीले बनाउन खोजेको हो २० वर्षपछि त हाम्रो ध्येय हुनुपर्छ उद्देश्य के हुनुपर्छ त भन्दाखेरि आत्मनिर्भर, आत्मनिर्भर महिला, आत्मनिर्भर जनता, आत्मनिर्भर कर्णालीबासी एक डेडलाखको कुरा होइन आफ्नै खुट्टामा उभिएर हाम्रो आफ्नो गतिविधि अगाडि बढाउन र आफ्नो जीवन धान्न सक्ने, त्यो नागरिक उत्पादन गर्न खोजेको लगानी त्यतातिर केन्द्रित गरौं भन्न चाहान्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री अमरबहादुर थापा । समय ७ मिनेट । त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनु होला ।

**माननीय श्री अमरबहादुर थापाः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमाथि हामी छलफल गर्दैछौं र आफ्ना धारणाहरू राख्दैछौं । मलाई एउटा कुरा सरकारले धेरै

सकारात्मक कुराहरू ल्याएको छ । धेरै कुरा सकारात्मक रहँदा रहँदै पनि बीचमा केही कुराहरू अलि सोच्नुपर्ने र हेरफेर गर्नुपर्ने कुराहरू पनि म देख्छु । मलाई एउटा कुरा सभामुखमार्फत् सरकारले हामीलाई जवाफ त दिने नै छ मलाई एउटा कुरा चालु खर्चको विषयमा लागिराछ, के कुरा लागिराछ भन्दा एक त हामीलाई ९ अर्ब चानचुनको बजेट समानीकरणमा आएको छ र त्यसपछि राजश्वको जाइने ७ अर्ब चानचुन बजेट राजश्वको आएको छ । राज्यको सिद्धान्त के हो भन्दा राजश्वको खर्चले पूँजी चालुको खर्च चलाउने हो र अन्य बजेटहरू पूँजीगत बजेटहरू पूँजीगत रूपले खर्च गर्ने हो । यहाँ तोकिएको छ ७ अरब चानचुन २५ करोड यो पनि थपेपछि कति हुन्छ त्यो त्यतिले जाइने हामीले चालु खर्चलाई चलाउनु पर्ने हो । अहिले विकास बजेटभन्दा पनि विकासी मन्त्रालयमा चालु बजेट बढी देखिन्छ । त्यसोभाको हुनाले मैले देखिराखेको छु एक अर्ब विकास बजेट, दुई अर्ब चालु बजेट छ । त्यसकारणले पनि यो अझैं मैले अस्ति अस्ति एक पटक सुनेको थिएँ ५० करोडले चालु खर्च धान्न सकिन्छ भनेर मन्त्रालयबाट सुनेका मन्त्रालय अहिले एक अरबभन्दा बढी छ । यो चालु र जाइने पूँजीगत खर्च एउटा कुराको समस्या के छ भन्दा चालुबाट पूँजीमा लिन सकिदैन र पूँजीबाट चालुमा लिन सकिन्छ । त्यसकारणले पनि यो बजेट बढी बढाउन पनि कारण के हो ? यो सरकारले जवाफ दिनुपर्छ । र दुई अरब, एक अरब भन्ने अहिले आएर दुई अरबमा पुऱ्याउने त्यो के खालको सरकारको चतुऱ्याइँ हो कि बाध्यता हो, त्यसको जवाफ चाहिन्छ । हरेक मन्त्रालयमा भौतिक मन्त्रालयमा केही एक्टीभिटिज हुँदैन र ? त्यहाँ ५० हजार ५५ करोडै छ । सामाजिकमा धेरै एक्टीभिटिज हुन्छ । होला त्यहाँ अलि बढी नै खर्च हुन्छ त्यसकारणले यसको ठोस प्रमाणसहितको जाइने बजेट रातो किताबमा आउनुपर्छ भन्ने मेरो मान्यता छ र दोस्रो कुरा पूँजीगत खर्च गर्दाखेरि हामीले कति आम्दानी गर्दा रहेछौं त यो प्रदेशमा भन्दा २५ करोड । हाम्रो राजश्व २५ करोड छ अब यो राजश्वलाई वृद्धि गर्ने उपाय केही सरकारले चलाको छ कि छैन ? यो राजश्वलाई कमसेकम एक दुई अर्ब निकाल्ने उपाय केही छ कि छैन ? यतातिर ध्यान यो बजेटमा मैले देखिराछैन । त्यसकारणले अब यो भोलिबाट त्यो माथिबाट जो पूँजीगत चालु बजेट छ त्यो घट्दै जानेछ हाम्रो बढ्दै गएन भने यी कर्मचारी अथवा जाइने मन्त्रालयहरू यो प्रदेशै सभा कसरी चल्ला ? त्यसकारणले पनि यसमा पूर्णरूपले ध्यान जाओस् र सरकारले यसरी जाइने बजेटलाई कसरी यो प्रदेशको जाइने सम्पत्तिको रूपमा राख्न सकिन्छ ? कसरी यो प्रदेशको ढुकुटी बनाएर अगाडि बढाउन सकिन्छ ती के हुन् स्रोतहरू भनेर जाइने पहिचान गर्न जरुरी छ । मैले हाम्रा अर्थ समितिबाटै एउटा निर्णय गरेर सरकारलाई सुझाव दिएको थिए सुझाव कि निर्देशन अब के मान्ने हो यो जो—जो सुझाव दिइएको थियो त्यो सुझावमा काहिँनिर पनि टेक्या जस्तो भेटिदैन । होला बजेट विकास हामी थोरै गरौला यो प्रदेशको ढुकुटी बलियो बनाउने विधिमा लाग्ने हो भने हामी सबै सांसदहरू मन्जुर छौं हाम्रो क्षेत्रमा हाम्रो गाउँमा विकास गर्नका लागि त आवश्यकता त छ तर पनि पहिलो कुरा यो प्रदेश बलियो बनायौं भने हामीले जति विकास गरे पनि हुन्छ । हाम्रो प्रदेशको ढुकुटी मजबुत बन्यो भने हामीले अहिलेको भन्दा चौगुना पाँच गुना अगाडि बढेर पनि विकास गर्न सक्छौं त्यसकारणले यतातिर सरकारको ध्यान जाओस भन्ने छ मेरो । अब जनता सडक बडा लोकप्रिय सडक हो भन्ने छ । हाम्रो अर्थमन्त्रीज्यू पनि पटक पटक यो अरु अरुभन्दा जनता सडकै समानुपातिकमा गाछ, समान सबैलाई वितरण प्रणालीमा पनि मिल्याछ भन्नुहुन्छ । अहिले त्यो जनता सडक २ करोडमा आछ । कृषि मन्त्रीजीले २५/२५ लाख राख्नुभाथ्यो अहिले करोड करोड पुऱ्याउनु भएछ । हुन त करोड त पहिला पनि थियो, अहिले वितरण प्रणालीमा जाइने सन्तुलन ल्याउनुभएछ । त्यसकारणले यसको डोब्बर पो गर्ने हो त । यो ५० प्रसेन्ट बढाउनको सट्टा झन् ६० प्रसेन्ट घटाएर ल्याउने काम जो लोकप्रिय काम हुन्छ त्यसैलाई घटाउनु उपयुक्त हुन्छ र त्यसकारणले यतातिर सरकारको ध्यान जाओस् । अर्को कुरा एक भोट एक बोट एक भोट भन्याछ अरु भोट क्या गर्ने होलान् । मैले पाएका मात्रै भोट हुने भए अरुले

पाएका त भोटै नहुने भए । ती त जनतै नहुने भए । यस्तो कार्यक्रम यो हाँस्यास्पद हुन्छ । यो हाँस्यास्पद कार्यक्रम ल्याउन सरकारले हुँदैन थियो । अहिले त जति भोट छन् जति जितेका छौं हामी ती सबै भोट हाम्रा हुन् ती सबै भोटलाई हामीले कसरी मर्यादा गर्न सक्छौं त्यतातिर ध्यान नगएर यो यस्तै गरी गयौं भने त एक भोट एक नोट एक चोट हुन्छ । किनभने बहुसंख्यक त अलग छन् नि त हामीले पाएको त मलाई लाग्छ अल्पमत होला । सबै पाटीको एकातिर जोड्ने र हाम्रो एकातिर जोड्ने हो भने हामी त अल्पमत मै होला । त्यसकारणले यस्तो कार्यक्रमहरू पनि राम्रो होइन । मन्त्रालय अहिले गत वर्ष मैले भन्या थिएँ कि बजेट भाषण गर्न पास गर्नभन्दा त्यसै दिन बोल्दाखेरि मैले भन्याथिएँ यो तजविजी गर्न दिन हुँदैन । तजविजी गर्न दिएपछि परिणाम भोगिसकियो त सबै साथीहरूले एक ठाउँमा ६ करोड एक ठाउँमा ५६ करोड । यस्तो तजविजीमा भयो भने बजेटको हालत के हुन सक्छ र विकास काँ होला त्यो क्षेत्रको विकास भैदिए त हुने थियो त्यो पनि भाछैन । त्यसकारणले यस्तो समानुपातिक वितरण प्रणालीलाई हामीले ख्याल गरेनौं भने हामीले यो प्रदेश निर्माण गर्न सक्दैनौं । समानुपातिक भन्नाले सबै ठाउँमा हरेक कुरा सम्मान गर्न पर्छ होइन आवश्यक्तालाई पनि हामीले ख्याल गर्न पर्छ आवश्यकतालाई ख्याल गर्नलाई हामीले भनेका छौं । प्रदेश गौरवमय योजना कहाँ कहाँ छन् सबै क्षेत्रमा प्रदेशका गौरवका आयोजना नपर्न सक्छन् । आवश्यकता त्यही हो जहाँ गौरवको योजना छ त्यो कर्णाली प्रदेशको सरकारले गौरवको योजना पनि छानेर ल्याउनुपर्छ । गौरवको योजनाको नाम किटान गरेर पनि ल्याउनु पर्छ । (समयलाई ध्यान दिऊँ माननीय सदस्य) त्यसोभाको हुनाले यतातिर ध्यान जाओस् भन्ने कुरा राख्न चाहन्छु र अर्को कुरा बैठकलाई बिनाकारण रोक्ने यो फेसन जस्तो लाग्न लाग्यो मलाई । प्रमुख जाइने प्रतिपक्ष दल जुरुक्कै उठ्छ म बस्दिन म बस्दिन भन्छ । दोहोरी सभामुख र जाइने प्रतिपक्ष दलको दोहोरी हुन्छ । एकदमै नभइनहुने एजेण्डा हो भने अघि विन्दमानजीले भन्या जस्तो त्यो हो भने त त्यो हिसाबले जान पनि त सिक्नु पर्‍यो होइन भने जति बेला पनि मुख्यमन्त्री चाहिने एउटा मन्त्री भए हुन्छ हामी त प्रमुख प्रतिपक्ष दलको नेता पनि अहिले मुख्यमन्त्रीजी पनि अर्थमन्त्री पनि हामी पनि चार वर्ष त चलाएरै आएका छौं त त्यसो भाको हुनाले जहिले पनि चाहिँ एक जना मन्त्री नभए सदन चल्दैन । यो कुरा हामलाई थाहा छ । (समयलाई ध्यान दिऊँ माननीय सदस्य) त्यसो भाको हुनाले त्यतातिर ध्यान बढी नजाओस् भन्ने कुरा भन्न चाहन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री गणेशप्रसाद सिंह । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनुहोला । समय ७ मिनेट ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई आत्मसाथ गर्दै प्रदेश सरकारको समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने दीर्घकालीन सोच अनुरूप आफ्नो प्रदेश आफै बनाऔं भन्ने ध्येयकासाथ आ.व. २०७६/०७७ को बजेट वक्तव्यमा उल्लेखित २३० बुँदाहरूमा माननीय अर्थ मन्त्रीज्यूले असार १ गते प्रस्तुत गर्नुभएको उक्त बजेट वक्तव्यमा संशोधन र सुधार संशोधन सुधार र केही पुनर्विचार गर्नलाई मेरा राय सल्लाह सुझाव यस प्रकार छन् । अब धेरै कुराहरू सकारात्मक यो बजेट बक्तव्यमा विशेषगरेर यो अहिलेको गत सालको ल्यासेजलाई ढिलासुस्तीलाई इन्जिनियरिङ्ग कम्पनीमार्फत् केरे अगाडि जाइने मतलव द्रुत गतिमा बढाउन खोज्याछ । यता जनभकारी जाइने मतलव राख्न खोज्याछ अर्कातिर जाइने मुख्यमन्त्री यो छोरीबुहारी छात्रवृत्ति अब मुख्यमन्त्री यता युवा स्वरोजगार लगायतका सकारात्मक कुराहरू छन् र अब कृषिमा अब के भन्छ जनतासँग किसान जनतासँग मतलव कर्णालीको सरकार भन्ने धेरै कुराहरू आएका छन् तर केही सच्याउनुपर्ने संशोधन गर्ने कुराहरू म सरकारलाई सुझाव दिन चाहन्छु । र अब यसो हुँदाखेरि बुँदा नम्बर ४८ मा जनता सडक

कार्यक्रमलाई अब यो जनताको सडक पिछडिएको क्षेत्रको सडक यो दुर्गमको सडक यो सबै समावेशी सडक हुने नाताले ५ करोडलाई डबल गराउनु पर्छ १० करोड हुनै पर्छ भन्ने मेरो सुझाव छ । यो कुरामा शिक्षा स्वास्थ्य रोजगारका लागि भौतिक पूर्वाधार उत्पादनका लागि भौतिक पूर्वाधार भनेपछि के २ करोड हुन्छ त डबल हुनुपर्छ यो कुरा सरकारले मनन गरोस् र सच्याओस् । २. बुँदा नं., ४३ मा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम स्पष्ट लेखेर आउनु पर्छ त्यहाँ पूर्वाधार विशेष कार्यक्रम भनिएको छ । निर्वाचन क्षेत्र विकास भनेर लेखिनु पर्छ शब्दमा । नं ३. कूल विनियोजित बजेटमध्ये चालुतर्फ १३ अरब ५ करोड ९६ लाख ५३ हजार यो त बढी भएन र ? यलाई सच्याउनु पर्छ पूँजीगत २१ अरब छ । चालु १३ भयो पूर्वबक्ता माननीयले भनिसक्नुभयो यसमा मेरो थप यलाई सच्चाउनु पर्छ र प्रशासनिक र त. भ. बाहेक अरु सबै पूँजीगत विकासमा लानुपर्छ । नं ४. अस्पष्ट अलिअलि यसो मतलव डल्लो फुटाउने हामीले पनि डल्लो फुटाउनुपर्छ सन्तुलित गर्नुपर्छ भन्दै आएका थियौं । र अहिले पनि यो कुरा फेरि आइहाल्यो । डल्लोलाई फुटाएर यलाई चाइने मतलव निर्वाचन क्षेत्र बेसिस बनाएर यलाई मतलव वितरण गर्ने प्रक्रिया अगाडि बढाइयोस् । अस्पष्ट डल्लो फुटाएर स्पष्ट निर्वाचन क्षेत्र बेसीस कार्यक्रम शीर्षकवाइज सबै मन्त्रालयहरूको समानुपातिक र सन्तुलित बजेट बाँडफाँड ब्रेकडाउन रातो किताबमा आउने व्यवस्था होस् । अर्को कुरा नं. ५. मा बुदा नं. ११७ मा छोरीको सुरक्षा जीवनभरि भन्ने कार्यक्रम जो छ छोरीबुहारी यो चाहिँ छात्रवृत्ति कार्यक्रम आएको छ । महिला दलित रोजगार मुख्यमन्त्री कार्यक्रम आएको छ । थुप्रै कुराले मतलव आय—आर्जन आयस्तरलाई समृद्धि गर्ने कार्यक्रम ठीक छ तर अब छोरीको निमित्त हाम्रो कर्णाली प्रदेशको सामर्थ कति हो त यो कार्यक्रमलाई यो चाहिने बजेट बक्तव्यबाट हटाउनु पर्छ । नं.६. बुँदा नं. १६३ प्रदेश सभा सदस्यको नेतृत्वमा एक भोट एक बोट वृक्षारोपण कार्यक्रमलाई सच्याएर यो चाहिँ निर्वाचन क्षेत्र स्तरीय वृक्षारोपण कार्यक्रम उल्लेख गर्नुपर्छ । नं. ७ बुँदा नं. १९० कर्णाली प्रदेश मातहत राष्ट्रसेवक कर्मचारीहरूलाई केन्द्र सरकारले वृद्धि गरेको त. भ. १८ र २० प्रसेन्ट अब यो त अटोमेटिक हुने कुरा भैहाल्यो । सोही अनुसार प्रदेशमा पनि अब हुने कुरा भयो थप कर्णाली भत्ताको लागि प्रदेश सरकारले निर्णयअनुसार गरिनेछ भनी लेखिनु राम्रो होला । गत आ.व. ०७५/७६ को विनियोजित बजेटमा असन्तुलनको कुरा जुन भयो सोही अनुसार यस वर्ष क्रमागत गर्दा एउटा निर्वाचन क्षेत्रमा उदाहरण एउटा दृष्टान्त बन्न गयो : ५६ करोड अर्को निर्वाचन क्षेत्रमा ६ करोड एवं रीतले सबै २४ वटा निर्वाचन क्षेत्रमा अलिकति अध्ययन मनन गरेर यसलाई सन्तुलित समावेशी ढंगबाट मतलव बजेट विनियोजनको व्यवस्था रातो किताबमा गरियोस् । नं.९. बुदा नं. १२१ मा यो किताबको १२१ समसे कर प्रणालीलाई एकद्वार प्रणालीबाट करदाताले कर तिर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ । यो एक एउटा व्यक्तिले ४ ठाउँमा कर तिर्छ । एउटा व्यक्तिले सबै जाइने कर कार्यालयमा तिर्दा हुन्न र ? ४ ठाउँमा तिर्नुपर्ने व्यवस्था छ कतिपय ठाउँमा तिर्नै भुल्दोरहेछ । यो अहिले हाम्रो वन तथा उद्योग मन्त्रालयको दृष्टान्त हो हामीले यहाँ चाहिँ मतलव यो अहिले असार मसान्तसम्म नवीकरण गरिराख्याछन् र मलाई लाग्छ धेरै राजश्व संकलन भइराछ एकद्वार प्रणालीमा ल्याउनुपर्छ । यो १०. बुँदा नं. १२५ अनुगमन र मूल्याङ्कनको कुरा छ नि त । मुख्य कुरा कार्यान्वयनको कार्यतालिका कार्यसूची कार्यविधिलाई समयमा नै अनिवार्य व्यवस्थित गरेर आर्थिक वर्षको शुरुवातमा श्रावणदेखि नै जाने व्यवस्था हुनुपर्छ न कि ६ महिना अरु चाहिने आर्थिक समय थप्ने कुरा कति यो चाइने वस्तुवादी र कति सान्दर्भिक हो ? त्यो भन्दा अहिले हामी अलिकति सिरियस भएर गम्भीरतापूर्वक कार्यान्वयनको कार्ययोजना कार्यविधि बनाएर जाँदा के हुन्छ त ? यो कुरामा जाहिने मेरो सुझाव छ र अँ धेरै कुराहरू अब गत सालको बजेट कृषिमा विशेष गरेर अनुदान लागत सहभागिता भन्ने भयो । यस वर्ष अँ यो के भन्छ किसानहरूलाई सहुलियत कर्जा भन्ने भो अर्को वर्ष हामी कता जान्छौं त ? त्यसकारणले एउटा अलिकति दृष्टिकोण बनाएर हैन, कमसेकम ३ वर्ष हेर्न पर्‍यो

३ कार्यकाल । अब अर्को साल, अघिल्लो साल लागत सहभागिता अहिले हामी अब फेरि सहुलियत कर्जामा । अर्को साल कहाँ जाने हो ? यो विषयमा म अलिकति क्लियर छैन है । यति भन्दै म विदा हुन्छु हओस् त । नमस्कार ।।

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा । समय ७ मिनेट । यसपछि माननीय श्री कृष्णा शाह तयार रहनु होला ।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को राजश्व तथा व्ययको वार्षिक अनुमान बजेट म खासगरी केही विषयहरूमा आफ्नो धारण राख्न चाहन्छु । माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारले कर्णाली समृद्ध कर्णाली सुखारी कर्णालीबासी, आफ्नो प्रदेश आफै बनाऔं, शिक्षा स्वास्थ्य रोजगार यसका लागि पूर्वाधार भन्ने सुन्दर नारा तय गरेको छ । यो सुन्दर नाराले मलाई लाग्छ कर्णाली प्रदेश सरकारले समृद्ध कर्णालीको लागि सुन्दर सपना देखेको छ । यो सपना विपनामा परिणत होस् म सबभन्दा पहिले कर्णाली प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु र शुभकामना व्यक्त गर्न चाहन्छु । बजेटमा महत्वपूर्ण रूपले आफ्नो उद्देश्य केन्द्रित गरिएको छ । प्रदेशबासीको खाना नाना र छानाको प्रबन्ध गर्ने उद्देश्यले यो बजेट लक्षित गरेको छु भनेर माननीय आर्थिक मामिला मन्त्रीज्यूले यहाँ भनिसक्नु भएको छ । सभामुख महोदय, झण्डै २५ वटा नयाँ कार्यक्रम यहाँ ल्याइएको छ । ४ वटा नयाँ कार्य कार्यक्रममा नयाँ नाम दिइएको छ वा नाममा संशोधन गरिएको छ र धेरै पुराना कार्यक्रमलाई निरन्तरता दिइएको छ । र बजेट कार्यान्वयन गर्नको लागि खासगरी कर्णाली पूर्वाधार विकास प्राधिकरण, कर्णाली प्रज्ञाप्रतिष्ठान आमसंचार तथा सूचना प्रविधि प्रतिष्ठान, कर्णाली पूर्वाधार विकास लगानी कोष, इन्जिनियरिङ्ग कम्पनी जस्ता नयाँ संरचनाहरूको व्यवस्था पनि गरिएको छ । हामीले सरदरमा बजेट सकारात्मक रूपले स्वीकार गर्नुपर्दछ र म त्यो सकारात्मक बजेटको लागि पनि धन्यवाद दिन चाहन्छु । सभामुख महोदय, बजेट गत वर्षभन्दा अंकमा वृद्धि भएर आएको छ । गत वर्ष भन्दा १७.६७ प्रतिशतले बजेटको अंक वृद्धि भएको छ तर चालु खर्च गत वर्ष भन्दा झण्डै दोव्वर हिसाबले वृद्धि भएको छ । पूँजीगत खर्त, खर्च यथावथ छ । गत वर्षको पूँजीगत खर्च र यो वर्षको पूँजीगत खर्चमा भिन्नता छैन । त्यसो हिसाबले हाम्रो अवस्था के हो भन्ने कुरा अहिलेको बजेटको चालु र पूँजीगत खर्चको विनियोजनले पनि देखाउन सक्छ । हामी पूँजीगत खर्चलाई बढावा दिने वा चालु खर्चलाई बढावा दिने सरकारको धारणा के हो ? वा सरकारले के सोचिराखेको हो भन्ने कुरा मैले यहाँ ठम्याउन सकिराख्या छैन । चालु खर्च पनि कयौं शीर्षकहरूमा हामीले अश्वाभाविक शीर्षक त्यहाँ देख्न सक्छौं वा चालु खर्च अश्वभाविक रूपले वृद्धि भएको छ । यसलाई अलि बढी पारदर्शी गर्नुपर्छ भन्ने म ठान्दछु । अलिकति अपारदर्शी रूपले चालु खर्च वृद्धि गरिएको छ र केही खर्चहरू केही शीर्षकहरू हाम्रो भाषामा डल्लोमै राखिएको छ । यो डल्लो शीर्षक अन्तर्गत झण्डै ८ अरब ३५ करोडभन्दा माथि डल्लो शीर्षक छ । यो डल्लो शीर्षक हामी कसरी कुन दिशामा केन्द्रित गर्छौं र कुन कुरामा केन्द्रित गर्छौं र समृद्ध कर्णालीको नारा कसरी साकार पार्न सक्छौं ? यो कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय हामी उत्पादन राजगारी वृद्धिको कुरा यहाँ केन्द्रित गरेका छौं बजेटले त्यलाई नै बढी फोकस गरेको छ यो राम्रो कुरा हो तर बजेटले यस्तो अन्तरविरोधी कुरा गरिराखेको छ २० वर्षसम्म हामी एउटा बैंकमा लिएर अरबौं रुपैयाँ केन्द्रित गर्दैछौं परिचालन नहुने ढंगले बैंकको कोषमा राख्दैछौं अरबौंको हिसाबले । त्यो भनेको छोरीको खासगरी बैंक खाता छोरीको सुरक्षा जीवनभरीको नारा दिएर हामी २० वर्षसम्म बैंकमा लिएर कर्णाली प्रदेशको सारा रकम धेरैजसो रकम भन्न चाहन्छु म किनभने राजश्वमा हामीले अनुमान गरेका छौं अहिले पनि २१ करोड उठ्छ । हामी यही वर्ष ७ करोड प्रदेश सरकारले त्यसमा छुट्याएको छ तर डाटा गलत पेश गरेको छ । प्रदेश सरकारले आफ्नै वेवसाइटमा राखेको छ यो वर्ष मात्रै जीवित जन्म हामीसँग १९

हजार ७० जना हुने छन् भनेर आफ्नो वेवसाइटमा राखेको छ । छोरीहरूको संख्या मैले अनुमान गरेको ३८ हजार १ सय ४१ को डाटा पेश गरेको छ त्यसको ५० प्रतिशत गर्दा पनि छोरीहरू १९ हजार ७० जना जन्मिन्छन् भनेर जीवित जन्मको दर सार्वजनिक गरेको छ तर यो वर्ष १० हजार मात्रै जन्मिने डाटा तथ्याङ्क गलत दिएर ७ करोड मात्रै यहाँ विनियोजन गरेको छ । झण्डै साढे १३ करोड रुपियाँ यो वर्ष मात्रै लाग्छ वा आउँदो वर्ष लाग्छ त्यसको दोस्रो वर्ष साढे २६ करोड खर्च हुन्छ । २१ अरब हामी राजश्व उठाउँछौं २६ करोड लिएर बैंकमा राख्छौं । हामी कस्तो खालको समृद्धिको यात्रातिर लाग्दैछौं ? बजेट लिएर बैंकमा राख्ने, कुन बैंकले हाम्रो सरकारलाई स्कीम दिएको छ ? त्यो स्कीम यहाँ सुन्न चाहन्छु म । स्पोन्सर कुनै बैंकले स्पोन्सर गरेको छ यसमा ? अरबौं रुपैयाँ बैंकमा राख्दाखेरि बैंकलाई फाइदा हुने कि सरकारलाई वा जनतालाई फाइदा हुने हो वा छोरीहरूलाई फाइदा हुने हो । यसतर्फ सरकारको चासो अझ गम्भीर रूपले यो कार्यक्रम गलत छ । छोरीहरूलाई दिने हो भने लगानी गरौं । शिक्षामा लगानी गरौं प्रत्येक छोरीको लागि ६ हजार दियौं, दशै हजार दियौं तिनीहरू आत्मनिर्भर बनाउने बाटो के हो ? तालिम दियौं । अरु कुराहरू गरौं । प्रत्येक छोरीहरूको लागि गरौं तर यहाँ पनि वर्ग विभेद वर्गमा सापेक्ष हिसाब गर्न जरुरी छ । वर्ग सापेक्ष बनेको छैन यो आजै कयौं छोरीहरू यस्ता छन् जसले ६ हजार रुपैयाँ मोबाइलमा मात्रै खर्च गर्छन् दैनिक तर यस्ता छोरीहरू जो जन्म, स्कुल जान पाइराखेका छैनन् । सामुदायिक स्कुलमा पढ्ने छोरीहरूलाई मात्र केन्द्रित गरौं वर्ग सापेक्ष हुन्छ त्यो । हामीले जोडेको समाजवादको नारा वर्गीय सापेक्षको कुरा हो । तल परेको वर्गलाई माथि नउठाएर वा उत्पीडित समुदायलाई फोकस नगरेर हाम्रो यात्रा समृद्धिको यात्रातिर जान सक्दैन । म यो दिशातिर अलि बढी जोड होस् सरकारको । यस्ता बैंकमा लिएर पैंसा थुपार्ने अनुत्पादक क्षेत्रमा लिएर पैंसा थुपार्ने प्रविधि चाहिँ निरुत्साहित गरौं भन्ने चाहन्छु । सामाजिक सुरक्षाका कार्यक्रम अरु पनि वर्गसापेक्ष होऊन् भन्ने म यही कुरामा जोड दिन चाहन्छु । सरकार आफ्नै नीति बनाउँछ, आफ्नै नीतिले आफैलाई खुट्टेसो लगाएको यहाँ थाहा पाइराख्या छैन । डीपीआर नबनेका योजनामा बजेट छुट्याइने छैन भनेर अस्ति नीति तथा कार्यक्रममा आएको छ । अहिले डीपीआर नभएका योजनामा बजेट छुट्याइसकेको छ सरकारले । छुट्याउनु पनि पर्थ्यो तर नीति बनाउँदाखेरि हामी कार्यान्वयनमा कसरी जान्छौं ? यो वर्ष पनि सभामुख महोदय, एउटा कुरा कस्तो छ भने सिंचाइ डिभिजनको प्राविधि सहयोगमा कृषि सिंचाइ सेवा उपलब्ध गराउने भनेर भनेको छ । सिंचाइ डिभिजन कृषि मन्त्रालयमा पर्छ कि अर्को मन्त्रालयमा पर्छ सभामुख महोदय ? एउटा मन्त्रालयको प्राविधिक सहयोग लिएर अर्को मन्त्रालयमार्फत् बजेट खर्च गर्दाखेरि त्यो बजेट कार्यान्वयन हुन सक्छ ? आफैले बनाएको नीतिमा सरकार कसरी हिंड्न सक्छ ? सरकार आफैले नीति बनाउने आफैलाई खुट्टेसो हान्ने यो प्रक्रिया चाहिँ गलत छ । त्यसकारण मेरा केही सुझावहरू संक्षेपमा म राख्न चाहन्छु । प्रत्येक निर्वाचन क्षेत्रलाई सन्तुलित गर्ने गरी बजेटलाई विनियोजन गरियोस् अझैं पनि शीर्षकहरू अलिकति आइराखेका छैनन् । स्थानीय तहलाई विश्वास गर्ने र त्यलाई भरपर्दो ढंगले परिचालन गर्ने व्यवस्था गरियोस् । जनता सडकलाई दोब्बर बनाउने काम गरियोस् । जनप्रतिनिधिको भूमिकालाई सुनिश्चित गरियोस् । उत्पादनमुखी कार्यक्रममा बजेट व्यवस्था गर्ने बजेटको व्यवस्था गर्ने प्रक्रियालाई अझैं व्यवस्था अझैं अझैं सोचियोस् अपारदर्शी र डल्लो बजेटलाई पारदर्शी बनाउने कोशिस गरियोस् । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री कृष्णा शाह । समय ७ मिनेट । त्यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला ।

**माननीय श्री कृष्णा शाहः-** सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्त, वक्तव्यमाथि हामी छलफल गरिराखेका छौं । यो हाम्रो प्रदेशको लागि अत्यन्तै महत्वपूर्ण

विषय हो र हामी त्यो दस्तावेजमा हामी छलफल गरिराखेका छौं । सुरुमा बजेट वक्तव्य अध्ययन गर्दाखेरि सुरुमा भूमिका ८ बुँदामा छ । चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यक्रमको समीक्षा ८ बुँदामै छ । त्यसैगरी प्रदेशको वर्तमान वस्तुगत अवस्था पनि ८ बुँदामै छ र प्रदेशको उद्देश्यहरू यहाँ प्राथमिकरण गरेर राखिएको छ ५ बुँदामा राखिएको छ र त्यसैगरी योजनाहरू प्राथमिकरण गरेर ७ बुँदाहरूमा निर्धारण गरिएको छ । भौतिक पूर्वाधारलाई ३१ बुँदामा सूचिकृत गरिएको छ भने सामाजिक विकासका कार्यक्रमलाई ५० बुँदामा सूचिकृत गरिएको छ र भूमि व्यवस्था कृषि तथा सहकारीका कार्यक्रमहरू २९ बुँदामा केन्द्रित भएका छन् भने उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका कार्यक्रमहरू ३३ बुँदामा केन्द्रित भएका छन् । आन्तरिक मामिला तथा कानून मन्त्रालयका १६ बुँदामा सूचिकृत भएका छन् र धन्यवाद १ बुँदामा लेखिएको छ । सबै—सबै गरी २३० बुँदामा हाम्रो बजेट वक्तव्य हाम्रो अर्थ मन्त्रीज्यूले प्रस्तुत गर्नुभको छ । धेरै मिहिनेत गरेर प्रस्तुत गर्नुभको छ म धेरै—धेरै धन्यवाद दिन चाहन्छु । उद्देश्यको प्राथमिकरण गरिएको छ । तीव्र आर्थिक विकास गर्ने र उत्पादनलाई वृद्धि गरेर गरिबी न्यूनीकरण गर्ने सायद हाम्रो कर्णाली प्रदेशको मुख्य समस्या पनि यही होला जस्तो लाछ । यसमा ध्यान केन्द्रित गरेर अर्थात बजेटलाई बजेटको जुन सिद्धान्तलाई यहाँ केन्द्रित गर्नुभको छ र विगत झैं यो वर्षको बजेट वक्तव्यमा पनि भौतिक पूर्वाधार निर्माणलाई पहिलो प्राथमिकतामा राखिएको छ । त्यसमा पनि सडकलाई महत्व दिइएको छ । र ऊर्जा विद्युतीकरण खानेपानी सिंचाइ बस्ती विकास र सूचना प्रविधि त्यसैगरी शिक्षा तथा स्वास्थ्य रोजगारी कृषि जडिबुटी पानी, खानी र वनपैदावार पर्यटनतर्फ सुशासन अँ प्रत्याभूति आवश्यक मानव संसाधनको विकास । यसरी ७ वटा बुँदामा प्राथमिकरणका विषयभित्र विकासका योजनाका शीर्षकहरू हेर्दाखेरि सरसरर्ती सैद्धान्तिक रूपमा राम्रा छन् । यलाई हामीले सैद्धान्तिक रूपमा परिभाषित गर्दाखेरि धेरै राम्रा छन् र केही मैले कोड गरे छु । मलाई अझ महत्वपूर्ण लागेका विषयहरू कर्णाली प्रदेश कर्णालीको पानी सबैको लगानी अन्तर्गत भेरी बबई डाइभर्सन बाँध स्थलबाट ९ मेगावाट जलविद्युत ९ मेगावाट र जगदुल्ला १०९ मेगावाट जलविद्युत आयोजना निर्माण गर्ने त्यसैगरी उज्यालो कर्णाली र अन्तर्गत २ वर्षभित्र कर्णालीलाई उज्यालो अँध्यारो मुक्त गर्ने र एक जिल्ला एक प्राविधिक विद्यालय यो हाम्रो अहिलेको समस्या भनेको शिक्षाको चरित्रलाई बदल्ने जुन हाम्रो समस्या छ त्यसमा केन्द्रित गरेर जुन योजना ल्याउनुभएको छ यो एकदमै महत्वपूर्ण छ । एक निर्वाचन क्षेत्र एक टेलिमेडिसन, मुख्यमन्त्री दलित महिला कार्यक्रम, बैंक खाता छोरीको सुरक्षा जीवनभरीको, त्यसैगरी भूमि कृषि र सहकारीतिर सहकारीको क्षेत्रमा क्षेत्रको समग्र विकासबाट आगामी वर्षमा १० हजारलाई रोजगारी दिने र प्रदेशको आफ्नै कच्चा पदार्थमा आधारित स्थानीय उत्पादनमा जोड दिने, प्रदेशको पहिचान झल्काउन आफ्नै उत्पादन प्रयोगमा ल्याउने, स्थानीय युवाहरूलाई पर्यटक सहयोगी अर्थात गाइडरको तालिम दिने, तालिम दिएर रोजगारी सिर्जना गर्ने, भौगोलिक जटिलता र विपतबाट हुने दुर्घटनाका कारण मृत्यु भए मृत्यू भएकालाई प्रतिव्यक्ति रु. एक लाख दिने गरी प्राकृतिक जोखिम न्यूनीकरण गर्न सामुहिक दुर्घटना बीमा गर्ने यी मैले मेरो नजरमा मेरो दृष्टिकोणमा एकदमै महत्वपूर्ण लागेका विषयहरू मैले यहाँ कोड गरेर राखेको छु र त्यसैगरी यिनी निरन्तरताका कार्यक्रम हुँदाहुँदै पनि अहिले हाम्रो यो वर्षमा यो आर्थिक वर्षमा विश्व सरी मुलुकलाई नै संदेश दिने गरी जुन दुईतीन वटा कार्यक्रमहरू आएका छन् म त्यलाई फेरि यहाँ दोऱ्याउन चाहन्छु । छोरी जन्मेको अवसरमा अर्थात छोरीको नाममा खाता खोल्ने र त्यसमा एक हजार बैंक व्यालेन्स गर्दिने र छोरी क्यारे बैंक खाता छोरीको सुरक्षा जीवनभरिको यो भन्ने जुन छ, त्यसमा अब प्रतिपक्ष दलको नेतादेखि लिएर हाम्रो सत्तापक्ष दलको केरे माननीय पुरुष सांसदहरू सबैले विरोध गर्नुभयो मेरो यसको मेरो के छ भने मत यसमा १०० प्रसेन्ट म सहमत छु किनकि छोरीको जुन भ्रूण हत्या भइराखेको छ । छोरी जुन लैंगिक हिंसा बढिराखेको छ, कर्णालीको एउटा त्यो जडजड समस्या

हो । यो विषय यसमा केन्द्रित भएर विषयवस्तु केरे योजना ल्याउने वित्तिकै यहाँहरूको त्यत्तिका अब टाउको दुखाइको विषय किन बनिराखेको छ ? म प्रश्न गर्न चाहन्छु र हामीले भनिराखेका छौं समृद्ध कर्णाली प्रदेश । जबसम्म छोरीहरूको छोरीहरूलाई न्याय हुँदैन, जबसम्म महिलाहरूलाई लैंगिक समानता हुँदैन यो कर्णाली प्रदेशमा तबसम्म हामीले जतिसुकै कुरा गरेपनि कर्णाली प्रदेश समृद्धिको दिशातिर अगाडि बढ्न सक्दैन । त्यसैले गर्दाखेरि यो कार्यक्रम नहटाइयोस् र यसलाई यथावत् राखियोस् भन्ने म यहाँ कुरा राख्न चाहन्छु अघि माननीय गोपाल शर्माज्यूले राख्नु भो । यो अनुत्प अनुत्पादक क्षेत्रतिर किन राखियो ? छोरीमा लगानी गर्ने कुरा अनुत्पादक कहिले पनि हुँदैन यो दृष्टिकोणको कुरा हो । जब छोरी जन्मिन्छ ५ वर्षमै स्कुल जान्छ । स्कुल जाउन्जेलसम्म उसको खातामा कति ख.. कति जम्मा हुन्छ २४ हजारदेखि ३० हजार जम्मा हुन्छ । त्यसपछि एउटा गरिबले के गर्छ भने छोरीलाई स्कुल हाल्न उसलाई कुनै डर त्रास भय हुँदैन । उसले ढुक्कसाथ स्कुलमा छोरी पढाउन सक्छ । त्यसैगरी गरी जो छोरीलाई पढाउने छोरीलाई हुर्काउने सन्त्रासले भ्रूण हत्या गर्ने जुन प्रवृत्ति छ त्यसलाई पनि यसले न्यूनीकरण गर्नेछ । अन्तत छोरीलाई यसले न्याय गर्नेछ र यदि भोलि यो हाम्रो सरकारको लागि यो एकदमै टाउको दुखाइको विषय अर्थात झन्झटिलो भयो भने १० वर्षपछि हामीले त्यस्तो आयश्रोतको विकास गऱ्यौं, छोरीहरूलाई आत्मनिर्भर बनाउने हामीले योजना ल्यायौं भने यो बदल्न नसकिने कुनै केही कारण छैन । सम संविधान त हामीले बदल्न सक्छौं भने यो सरकारको नीति एउटा कार्यक्रम हामी सजिलै सल्लाह गरेर हामी छलफलद्वारा बदल्न सक्छौं । त्यसैले गर्दाखेरि यो कार्यक्रम यसरी राखियोस् यो महत्वपूर्ण छ भन्ने कुरा मैले यहाँ राख्न चाहें यो सम्मानित संसदमा सदनमा । त्यसैगरी यिहि.. अब मैले आफ्ना सुझावका केही बिषयहरू राखी राख्न गइरहेको छु । छाना, खाना नाना, र छानाको प्रबन्ध गर्ने उद्देश्यतर्फ बजेट अ बजेट अक त्यता लक्षित गरेको छु भन्ने कुरा छ अब हामीले जुन हामी निर्यातमुखी भैराखेको अवस्थामा कसरी हामी खानालाई हामीले प्रबन्ध गर्न सक्छौं त ? हाम्रा सुर्खेतको यो वावियाचौरदेखि पश्चिमतिर पूरै पलटहरू बाँझो छन् त्यसपछि गएर जाजरकोटको हाम्रो भेरी करिडोरको पूरै पलटहरू आज सुख्खा छन् । कसरी हामी खानालाई हामी त्यसरी प्रबन्ध अर्थात हामी ह हे केरे अन हामी आत्मनिर्भर हुन सक्छौं त्यता सरकारले किन ध्यान दिएन ? हामीले सिचाइ पकेटक्षेत्र घोषणा गर्न आवश्यक छ । सिचाइ पकेटक्षेत्र घोषणा गरेर हामीले सिचाइका ठूल्ठूला पोरजेक्टहरू बनायौं भने हामीले परियोजनाहरू निर्माण गर्नछ र जसले गर्दाखेरि हाम्रो जुन निर्यातमु आयातमुखी जुन हाम्रो चरित्रलाई यसले बदल्न सक्नेछ सहयोग पुऱ्याउन सक्नेछ भन्ने कुरा मैले यहाँ राख्न चाहें । त्यसैगरी शिक्षाको चरित्र बदल्न आवश्यक छ र त्यसको लागि अहिले जुन मन्त्री के हाम्रो बजेटमा आको छ एक जिल्ला एक बहुप्राविधिक शिक्षालयको कुरा यले अत्यन्त महत्वपूर्ण एउटा शुभ शुभारम्भ गरेको छ । शिक्षाको चरित्र बदल्नको लागि यसले एउटा शुभारम्भ गरेको छ यसमा हामीले अझ छलफल बहस गर्दै जानेछौं । त्यसैगरी अब हाम्रा संरचनाहरू पूर्वा पूर्वाधार प्राधिकरण र इन्जिनियरिङ्ग कम्पनी त्यस्तैगरी शान्ति अध्ययन केन्द्र भन्ने हाम्रा थुप्रै संरचनाहरू बनाउने हामीले जुन परिकल्पना गरेका छौं सरकारले एक पटक के सोच्नु पऱ्यो भने हाम्रा भद्दाखालका धेरै अनावश्यक संरचनाहरू निर्माण गरेर भोलि ती हाम्रै लागि व्ययभार व्यहोर्नुपर्ने अर्थात बोझिला त हुने होइनन् ? हामीले यहाँ ख्याल गर्न आवश्यक छ । हाम्रो औकातले हाम्रो आर्थिक स्रोतले कति भ्याउन सक्छ कति धान्न सक्छौं हामी ती संरचनाहरूलाई भन्ने कुराहरूमा पनि यहाँ ख्याल गर्नुपर्ने कुरा मैले यहाँ सुझाव राख्न चाहन्छु । त्यसपछि गएर चालु खर्च कम गरौं । चालु खर्च कम कम गरौं पूँजीगतलाई बढाऔं बढाउँदा राम्रो हुन्छ । पाँचवटा हिमाली जिल्लामा आवासीय विद्यालय भनेको छ त्यसमा जाजरकोटलाई पनि राख्नु पर्छ भन्ने मेरो धारणा छ र सुर्खेतलाई पनि राख्नु पर्छ किनभने यो महत्वपूर्ण र एउटा राजधानी भएको कारणले यहाँ पनि यसलाई जोड दिनुपर्छ भन्ने मलाई लाग्छ । फेरि त्यो हिमाली पाँच वटा जिल्लाको

विरोध गर्न खोजेको होइन यो नपरोस् र नयाँ व्यवस्था पुरानै प्रवृत्तिको अन्त्य गर्नुपर्छ र भ्रष्टाचारको जालोबाट हाम्रो यो विकास हाम्रा योजनाहरूलाई मुक्त गर्नुपर्छ कार्यान्वयनमा जोड दिनुपर्छ मुख्यगरी । सभामुख महोदय, मेरो अलिकति टाइम लम्बिएको छ । भ्रष्टाचार केरे हाम्रो पूँजीगत खर्च हामीले विगतमा भौतिक पूर्वाधारतिर खर्च गर्न नसक्दाखेरि आज सरकार जसरी आ आलोचित बन्नु परेको छ, कमजोर सावित हुनु परेको छ, हामीले पूँजीगत खर्चलाई जतिसके हामीले वृद्धि के (समयलाई ध्यान दिऊँ माननीय सदस्य) खर्च गर्न सकौं जब हामी पूँजी हामी  लगानी गर्न सक्दैनौं त्योबाट हामी पूँजी संकलन गर्न पनि सक्दैनौं । जब हामी पूँजीको पूँजी खर्च गर्न सक्छौं लगानी गर्न सक्छौं अनि हाम्रो पूँजी पनि संकलन हुनेछ र त्यसरी सरकारले सोच्नेछ र अरु कुरा अब केही असा केरे अपर्याप्तका बीचबाट पनि यो बजेट एकदमै राम्रो आएको छ र सैद्धान्तिक रूपले एकदमै अब यलाई प्रशंसनीय भन्न भन्छु म त । यो सैद्धान्तिक रूपले शीर्षकको हिसाबले बुँदाको हिसाबले धेरै राम्रो छ तर पनि अन्तमा अंकमा जाँदाखेरि यो कसरी देखिन्छ ? त्यतिबेला फेरि छलफल गर्ने र छलफलमा भाग लिने जुन प्रतिबद्धता व्यक्त गर्दै लामो टाइम लगेकोमा अब माफी माग्दै मैले आफ्ना भनाइ यहीं अन्त गर्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** सभामुख महोदय, अब हामी २०७६/०७७ को बजेटमा केन्द्रित भएर छलफल चलाइरहेका छौं । अब यहाँ थुप्रै विषयहरू छन् त्यस जसमा दुईतिन बुँदाहरू मैले पनि यहाँ कंक्रिट गरेर यो सम्मानित सद सदन समक्ष राख्न गइराखेको छु । जसमध्ये सबैभन्दा बढी उठेको कुरा यो सन्तुलित बजेटको कुरा जो उठेको छ यो सन्तुलित छ कि असन्तुलित छ यो विषयमा पहिला यहाँहरूलाई प्रष्ट पार्न चाहन्छु । यसमा बुँदा नं. ६२ खानेपानी तथा सिंचाई दीर्घकालिन समस्या समाधान गर्न कर्णाली भेरी बबई शारदा भनिएको छ । बुँदा ६४ हिमपोखरी, ७२ पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय ७४ आवासीय विद्यालय मुगु, डोल्पा, हुम्ला, जुम्ला, रुकुम पश्चिम कृषि विज्ञान प्रतिष्ठान ८६ सुर्खेत सल्यानका मदरसा ९१ हुम्ला, डोल्पा, मुगु, कालिकोट, जाजरकोट बर्थिङ्ग सेन्टर १०६ प्रदेश रंगशाला हिमाली रंगशाला चौरजहारी र रास्कोटमा रंगशाला, ११५ प्रदेश राजधानी सेफगृह १३० मा सुर्खेतमा कृषि प्रदर्शनी स्थल, सल्यानमा कृषि औद्योगिक क्षेत्र, ताल झरना दुधे दह गुम्बा मन्दिर लगायत २८ अनेक खालका पदमार्ग र जियोपार्कको परिकल्पना डोल्पा हुम्लामा हवाई टिकटमा चाहिँ सुबिधा १६७ मा भूक्षय नियन्त्रण तथा जलाधार भेरी कर्णाली लोहोरे बबई शारदा तिला भनेर यो लेखिएको छ त्यसकारण मैले यहाँ भन्न चाहन्छु । पोहोर त बजेटमा तपाईको असन्तुलित भाथ्यो अहिले त पूरै शीर्षकमै असन्तुलित भो । यो सबै कि मन्त्री केन्द्रित कि प्रतिपक्ष दलको नेता केन्द्रित कि यहाँको मुख्य नेतृत्व केन्द्रित भएर आको छ । यो गम्भीर आपत्ति छ । मैले एउटा के लेख्याछ भने त्यहाँ भाषा अर्थ मन्त्रीजी यहाँ हुनुहुन्छ प्रदेश अन्तर प्रदेश जोड्ने भनिएको छ तल गाउँपालिका र जिल्ला जोड्ने हालिएको छ त्यसमा सायद अर्थ मन्त्रीजीलाई राम्ररी थाहा छ मेरो भूगोलको, मैले जहाँ नेतृत्व गर्छु । मेहेलकुनादेखि बडाखोली हुँदै, मेहेलकुनादेखि बडाखोली हुँदै सल्यान हुँदै तपाईंको चाहिँ खड्कवार जाने त्यो प्रदेश नं.५ को सडक हो, बरु त्यो हालौं न त्यो राख्न म अनुरोध गर्दछु । यहाँ किन चाहिँ अन्तरपालिका र अन्तरजिल्लाको रि राखियो जहाँ कि अन्तरप्रदेश भनेर त्यसो त त्यो कि त भाषामा हो नत्र त्यो चिटिङ्ग किन भयो ? यो म गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु र संगसंगै मैले पर्यटन मन्त्रीको ध्यान आकर्षण गर्न चाहन्छु तपाईंकै कार्यकक्षमा बसेर हामीले २४ वटा क्षेत्रमा १/१ पर्यटन हामीले दिऔं भन्दाखेरि मैले तपाईको राजकाँडा दरबार भनेर दिएको थिएँ तर आज झण्डै तपाईको ३ दर्जन चाहिँ पर्यटन क्षेत्र पर्दाखेरि अनि हाम्रो क्षेत्रमा नपर्ने ? के त्यहाँ सबै मरुभूमि छ ? सबै जलाशय छ ? अहिले मात्रै हो यो प्रदेशको सबैभन्दा नयाँ गुफा

चाहिँ मालारानीमा पत्ता लागेको छ । नेपालकै नयाँ होला जहाँ हजार दुईहजार मान्छे अट्छन् खैरेनी र खटांग जस्तो चाहिँ तपाईंको पर्यटन क्षेत्र छ, जहाँ छुट्टै खालको चाहिँ तपाईको जो मैले अघि नै भने त्यो खालको राजकाँडा दरबार छ अनि कहाँ हेरेर तपाईहरूले राख्नु भो ? पर्यटन मन्त्रीले कहाँ हेर्नु भो ? अरु मुख्यमन्त्री अरु सरकारका प्रमुखले कहाँ हेर्नुभो ? यही हो सन्तुलित विकास ? तपाईहरूलाई जहाँ जहाँ स्वाद लाग्यो तपाईहरूको अगाडिको ढुंगो पनि पर्यटन हुने अनि अन्यत्र तपाईको चाहिँ त्यो शिलाजित छ भने पनि त्यलाई खुर्पाको बीँड बनाउने ? यो कुरा पनि गम्भीर आपत्ति छ । त्यसकारण यो ढंगले यो असन्तुलित भयो । बजेटको कुरा त जे जे भाछ अहिलेसम्म तपसिल छदैछ अहिले त सुरुमै तपाईको यहाँ पछि जे जे हुन्छ शुरुमै तपाईले अफेन्सिभ गरिहाल्नुभो । त्यसपछि अर्को कुरा अब जहाँसम्म यो बजेट कुराहरू छ यो डल्लो डल्लोको कुरा आइराछ जो यो ग्लोवको कुरा आइराछ यो डल्लो फुटाइनुपर्छ यहाँ चाहिँ १७ अरब र १३ अरबको कुरा पनि आइसक्यो । त्यसकारण यहाँ के भाषा के सम्म छ भने अलङ्कारिक वृक्षदेखि लिएर हेर्नुस् है भाषा, अलङ्कारिक वृक्षदेखि लेखेर पुष्पा वृक्षारोपणदेखि लिएर ए सौ एकदम सडक सौन्दर्यदेखि लिएर त्यसपछि तपाईको सबै जिल्लाहरू चाहिँ भकारी पानी र चाहिँ अन्नको भण्डारदेखि लिएर त्यसपछि वीरेन्द्रनगरलाई अत्यन्तै राम्रो चाहिँ तपाईको एकदमै चाहिँ भनौंन राम्रो खालको चाहिँ तपाई धुलो धुवाँमुक्त सहर त्यस्तै तपाईको चाहिँ विद्युतीय चाहिँ गाडीहरू साइकल चाहिँ तपाईको चाहिँ मैत्री त्यसपछि चाहिँ अपाङ्गमैत्री ए ओह ओ ओ यो हेर्दाखेरि सबै स्कूल र तपाईको स्वास्थ्यमा त्यस्तै खालको चाहिँ पानीहरू पानी नभएका ठाउँमा सबै चाहिँ छाल्दोफाल्दो भनेर यहाँ लेखेको छ । त्यही बजेटले हुन्छ ? म प्रश्न गर्न चाहन्छु अर्थ मन्त्रीजीलाई यही बजेटले हुन्छ ? ४ अरबले हुन्छ ? यो कति सालको लागि हो ? कि यो रामायण महाभारत बाइबल बनाउने हो ? पैंसा जति तपाईको झण्डै १० अरब त्यहाँ डल्लो बनाएर राखिहाल्ने मुख्यमन्त्री र अर्थ मन्त्रीले अनि बाँकी अरु चाहिँ चालु सालु बनाएर त्यहाँ पनि गुटमुटाइहाल्ने । अनि ४, ५ अरबले के-के गर्ने हामीले त्यो लेखेर मात्रै हुन्छ ? त्यसकारण यलाई तुरुन्तै चाहिँ तपाईको सच्चाएर हाल्न पर्‍यो । वीरेन्द्रनगरको अहिले पनि तपाईको कयौं कुराहरू उठिराछ, पत्रपत्रिकामा आइराछ । तपाईहरूले केही करोड छुट्याएर हुन्छ वीरेन्द्रनगरलाई ? राजधानी होइन ? डाँडापाखा र वरपर जहाँ जहाँ मात्रै तपाईहरूलाई छुट्याएर त्यो तपाईको चाहिँ छुट छ ? कम्तिमा १ अरब रुपैयाँको चाहि सडकको लागि छुट्याउनुस् कम्तिमा १ अरब पानीको लागि छुट्याउनुस् । संकटग्रस्त चाहिँ क्षेत्र घोषणा भएको छ, बाटोघाटोको हालत हेर्नुस् । पानी अस्ति भर्खरै चाहिँ तपाइको ९६ घण्टा पानी आउने स्थिति भो । तपाईहरूलाई थाहा छैन ? वीरेन्द्रनगरमा बस्नु भा छैन ? यो किसिमले सन्तुलित गर्न जरुरी छ । मैले यो यहाँ सम्मानित सदन समक्ष मैले चाहिँ निवेदन गर्न चाहन्छु । त्यस्तै यो अब समीक्षाको कुरा गर्दै गर्दाखेरि त्योभन्दा अगाडि जस्तो यो यहाँ सबै कुराहरू उठ्याछ । मैले पनि १० करोड चाहिँ जनता सडक भनौं भने सल्लाह गरेर आरैछन् भन्नुहोला । कम्तिमा मेरो त दुइटा पालिका छ, एउटा पालिकामा त ६ करोड हुनुपर्‍यो नि । कम्तिमा १२ करोड राख्न पर्छ र निर्वाचन कोषको व्यवस्था गर्नै पर्छ । ६ वटा पालिकामा केरे प्रदेशमा गरेछ भने हामीले गर्दा के हुन्छ ? त्यो कोही चोरी हो र ? हामीले जनताकै लागि गर्ने हो नि । त्यसरी चाहिँ राख्न जरुरी छ । र त्यो प्रष्ट रूपमा लेखिनु पर्छ, त्यो ढंगले मैले यहाँ निवेदन गर्न चाहन्छु र समीक्षाको कुरा गर्दै जाँदाखेरि त्यहाँ लेखिएको छः कर्मचारीको कारणले कानूनको कारणले नेभर तपाईहरूको अनुभवको कारण र प्रभावकारीताहिन भएको कारण पनि लेख्नुस् त्यहाँ । किन जनतालाई झूठ बोल्ने ? त्यस्तै तपाईको यो सुकुम्बासीको च्याप्टरमा जाँदाखेरि समिति गठन भनेको छ, सुकुम्बासीको समिति गठन हुन्छ कहिलै ? सुकुम्बासी प्रभावकारी अथवा चाहिँ प्राधिकारपूर्ण सुकुम्बासी र भूमि आयोग भनेर लेख्नु न, गर्ने नै छाँट हो भने समिति पनि कहिँ हुन्छ ? यति ठूलो इस्यूमा । त्यसकारण त्यलाई चाहिँ यसरी जान जरुरी छ । र

मैले अन्तिममा मैले भन्न चाहन्छु यसको जे जति अहिले हामीले भोगिराछौं जे भोग्नेछौं सरकार मुख्यमन्त्री सरकार प्रतिपक्ष दलको नेता सभामुख यो लगायत हाम्रो जति पनि सीसीएम अथवा कांग्रेसको पनि आफ्नो माथि सीसीएम होला यो सबै नेतृत्व विशेष तपाईको जिम्मेवार छ मैले भन्न चाहन्छु । मलाई राम्ररी थाहा छ, पोहोर हामीले स्वकीय सचिवको माग गर्दैगर्दा हामीले तलब भत्ताको माग गर्दैगर्दा त्यसबेला चाहिँ प्रतिपक्ष दलको नेता गाडीमा तपाईहरूको चाहिँ घरभाडा सबै त व्यवस्था भएकै थियो त । सबै त तपाईहरूको शाही अंगै हुनुहुन्छ अगाडि माथि त । तपाईहरूको आफ्नो व्यक्तिगत लेनदेनमा तपाईहरूले कुरो मिलाउने, मैले मुख्य मैले चाहिँ प्रतिपक्ष दलको नेतालाई चुनौति दिन चाहन्छु, तपाईको ठाउँमा म भको भए यहाँ ज्यानै जान्थ्यो होला मैले यो सन्तुलित बजेट नबनाउने बेलासम्म मैले कोड छोड्थीन । तपाईले व्यक्तिगत बार्गेनिङको लागि छोड्ने अनि प्रदेशका यत्रा मुद्दाको लागि तपाईले सम्झौता गर्ने ? ल अब देखाउनुस् त तपाईलाई चुनौति छ । यो बजेट नआएसम्म के-के हुँदोरहेछ यहाँ, गोली चले पनि नछोड्नुस न । तपाई व्यक्तिगत आफ्नो इसुको लागि छोड्ने सम्झौता गर्ने अनि प्रदेशको चाहिँ तपाईको इसुमा तपाईले चाहिँ सम्झौतामा टुंगाउने त्यो देखिराछौं नि हामीले । त्यसकारण यस्तो खालको चाहिँ तपाईको कुरा हुन सक्दैन । यो ढंगले मैले फेरि पनि भन्न चाहन्छु, मुख्यमन्त्री, सरकार, प्रमुख प्रतिपक्ष दलको नेता, सभामुख जिम्मेवार हुनुहुन्छ यो बजेटलाई तुरुन्तै यो चानचुने कुरा छैन यलाई सन्तुलित बनाएर व्यवस्थित ढंगले पुनरमार्जित गर्ने ढंगले तपाईहरूले साहस गर्न पर्छ अन्यथा तपाईहरू तीन चार जना कठ्घेरामा उभिनुपर्ने छ क्रमशः हाम्रो भागमा कति आउँछ, हामी पनि उभिनेछौं । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२९ (१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल २०७६ असार १२ र १३ गते पनि जारी रहनेछ । माननीय सदस्यहरू अब यो बैठक २०७६ साल असार १२ गते बिहीबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१२

**(२०७६ साल असार १२ गते बिहीबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको चौंथो अधिवेशनको बाह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलका लागि प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल आज पनि जारी रहन्छ । आफ्नो धारण राख्न बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय श्री सीताकुमारी नेपाली । समय ७ मिनेट । यसपछि माननीय श्री पद्मा खड्का तयार रहनु होला ।

**माननीय श्री सीताकुमारी नेपालीः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्य अनुमानित राजश्व र व्ययको विवरणमाथि हामी सैद्धान्तिक छलफल गरिरहेका छौं । समृद्ध नेपाल, सुखी नेपाली भन्ने राष्ट्रिय नारालाई आत्मसाथ गर्दै समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने नारासहित समाजवादतर्फको यात्रामा प्रदेश अगाडि बढ्ने संकल्पसहित आएकोमा विशेष धन्यवाद दिन चाहन्छु, कर्णाली प्रदेश सरकार र आर्थिक मामिला तथा योजना मन्त्रीज्यूलाई । निश्चित पनि संघीयतालाई मजबुत बनाउनका निम्ति प्रदेशलाई बलियो बनाउनु पर्छ । प्रदेश बलियो भयो भने संघीयता मजबुत हुन्छ । त्यसैले यो बजेट वक्तव्यमा आफ्नो प्रदेश आफै बनाऔं भन्ने जुन नारा छ, त्यो नारासहित त्यो उद्देश्यसहित प्रदेशको आयश्रोत बढाउने गरी केही बजेट विनियोजन पनि भएको छ त्यसका निम्ति पनि म धन्यवाद दिन चाहन्छु प्रदेश सरकारलाई । बजेटका सकारात्मक पक्षहरूका विषयमा मैले यहाँ धेरै कुराहरू राख्न पर्छ जस्तो लाग्दैन । हामीसँग समयको मापदण्डभित्र रहँदाखेरि सकारात्मक पक्षहरू राख्दै गर्दाखेरि राख्नु पर्ने सुझाव दिनुपर्ने विषयहरू छुट्न सक्छन् र हिजोको संसदमा माननीयज्यूहरूले सर जुन सकारात्मक कुराहरू राख्नु भको छ, त्यसमा मेरो समर्थन छ र कर्णाली प्रदेश सरकारले अहिलेसम्म तीनवटा बजेट ल्याएको छ । तीनवटा बजेटमा पहिलो चौमासिक बजेटको कुरा गर्दाखेरि त्यतिखेर हाम्रो कर्णाली प्रदेशको संयन्त्र नै नभएको अवस्था थियो र त्यो बजेट कार्यान्वयन हुने अवस्था पनि थिएन र अघिल्लो वर्षको बजेट जो आएको थियो त्यो बजेटको कार्यान्वयनको निम्ति हामीले धेरै प्रश्न पनि उठाएका थियौं र त्यो बजेट वितरणमुखी थियो र त्यो बजेट सन्तुलित पनि थिएन र कार्यान्वयनको प्रक्रियासम्म आउँदै गर्दाखेरि हामीले अहिले सुनेका छौं धेरै रकम चाहिँ रकमान्तरण भएको छ र अहिले जुन बजेट आएको छ, यो बजेटलाई पनि सरसर्ती हेर्दाखेरि अध्ययन गर्दाखेरि त्यति धेरै सन्तुलित मलाई लागिरहेको छैन । यो बजेटलाई पनि हेर्दै गर्दाखेरि फेरि पनि पहुँच झल्किएको मैले अनुभूति गरेको छु । फेरि पनि मन्त्रीज्यूहरूकै निर्वाचन क्षेत्र केन्द्रित, मन्त्रीज्यूहरू केन्द्रित कार्यक्रमहरू यहाँ आएको छ । साँच्चिकै कर्णाली प्रदेशको समस्यालाई हामीले अध्ययन गर्दैगर्दा यहाँको समस्या ५१ प्रतिशत बहुआयामी गरिबीको समस्या हो र त्यो गरिबीलाई अन्त्य गर्नका निम्ति कर्णाली प्रदेशले बजेट ल्याउन पर्छ कि पर्दैन ? त्यसका निम्ति, हो हामीले भौतिक पूर्वाधारलाई जोड गर्ने कुरा त्यो आफ्ना ठाउँमा छँदैछ, त्यो सँगसँगै सामाजिक न्याय र सुरक्षाको कार्यक्रमहरू आउनुपर्ने हो र त्यसमा बजेट विनियोजन गर्दाखेरि प्रष्ट बजेट विनियोजन हुनुपर्ने हो, त्यो हुन सकिरहेको हामीले देखेका छैनौं र बजेट हेर्दै गर्दाखेरि चालु खर्चतिर बढी पूँजीगत खर्चतिर कम यहाँ मैले हिसाबकिताब गरिन, हामी सबैका हातहातमा बजेटको किताब छ र चालु खर्चअन्तर्गत प्रशासनिक खर्च र साधारण खर्च कति हो ? यो छुट्याउनु पर्छ कि पर्दैन ? सोलोडोलो रूपमा जुन आएको छ, कहिँ थोरै

बजेटले पनि पूँजीगत केरे चालु खर्च पुग्ने मन्त्रालयलाई कुनै मन्त्रालयमा एकदम धेरै बजेट राखिएको छ, त्यो धेरै बजेट राख्नुको पछाडि त्यहाँ साधारण खर्च पनि छ तर त्यो छुट्याइएको अवस्था छैन यो छुट्याएर आउनु पर्छ भन्ने कुरा म राख्न चाहन्छु । माननीय सभामुख महोदय, निर्वाचन पूर्वाधार विकास मात्र होइन, हामीले यो सरसर्ती हेर्दै गर्दाखेरि त्यहाँ थुप्रै बुँदामा भौतिक पूर्वाधारका निम्ति दफा ४३, ४५, ४६, ४७, ४८ मा हिसाब गर्दाखेरि टोटल ३ अरब ८४ करोड निर्वाचन क्षेत्र अन्तर्गतको पूर्वाधारको बजेट विनियोजन भएको छ यो हेदै गर्दाखेरि समानुपातिकतर्फ हाम्रो निर्वाचन क्षेत्र छैन, समानुपातिकतर्फको माननीयहरूले विषयहरू उठाउँदै आइरहेको अवस्था छ, यो अवस्थामा के सांसद विकास कोष आवश्यक होइन ? भौतिक पूर्वाधार मात्रै हो ? सामाजिक विकास गर्न पर्दैन ? सामाजिक विकास गर्नका निम्ति सांसद विकास कोष पनि छुट्याइयोस् भन्ने कुरा म यहाँ राख्न चाहन्छु के समानुपातिकका माननीयहरू सधैं दोस्रो दर्जामा हुनुपर्ने ? निर्वाचन प्रक्रिया एउटा हो, प्रणाली एउटा हो, माननीय भैसकेपछि किन विभेद ? यो विभेदको अनुभूति हुने गरी बजेट आउन हुँदैन । यसमा चाहिँ सांसद विकास कोष छुट्याइनु पर्छ भन्ने म माग राख्न चाहन्छु र यहाँ आएको छ, दलितहरूको विषयमा पनि भने जति आएको छैन यहाँ बजेट । २४ प्रतिशत दलित छ यो कर्णाली प्रदेशमा त्यो २४ प्रतिशत दलितभित्र पनि साँच्चिकै बहुआयामिक गरिबभित्र पर्ने ती दलित समुदायकै हो तर त्यलाई उठाउनका निम्ति विशेष कार्यक्रमहरू त्यति देखिएन, जति आएको कार्यक्रम छ त्यले त्यो सम्भव छैन भन्ने कुरा म राख्न चाहन्छु र बालबालिकाको कुरा मैले उठाएको थिएँ, राष्ट्र बलियो प्रारम्भिक बाल विकासले घर बलियो जगले भन्ने कुरा जो उठाएको थिएँ, नीति कार्यक्रममा त्यति धेरै समेटिएको अवस्था थिएन तर अहिले आउँदाखेरि यहाँ एउटा छोरीको विषयमा बैंक खाता छोरीको सुरक्षा जीवनभरिको भन्ने नारासहित आएको छ एउटा कार्यक्रम । यो कार्यक्रम आउँदै गर्दा पनि कतिपय छोरीहरूलाई हजार रुपैयाँको कुनै मतलव छैन मासिक ५ सय रुपैयाँको कुनै मतलब छैन, आवश्यकता छैन । यो कार्यक्रम पनि कम्तिमा विपन्न छोरीहरूका निम्ति हुनुपर्छ र त्यो जम्मा गरेको पैंसा इष्टक राख्ने होइन, त्यलाई चाहिँ पूँजी परिचालन गर्नु पर्‍यो । त्यो छोरीहरू जन्मनेवित्तिकै डीम्याट खाता खोलेर कम्तिमा यो कर्णाली प्रदेशको आयश्रोत पनि हुने, हाइड्रोमा किन हामीले लगानी नगर्ने ? वर्ष यो वर्षमा हामीले ७ करोड छुट्याएका छौं, १० करोड छुट्याइयोस् त्यसका निम्ति र त्यो १० करोड हाइड्रोमा लगाइयोस् र त्यहाँबाट आउने मुनाफा चाहिँ त्यो छोरी जन्मिने छोरीहरूको खातामा हालियोस्, यो कुरा म राख्न चाहन्छु र पर्यटनका हिसाबले पनि यहाँ धेरै पर्यटनका क्षेत्रहरू आएका छन् र मैले पनि के कुरा राख्न चाहन्छु भने पर्यटनको कुरा गर्दाखेरि हामीले पनि सिफारिस गरेका थियौं, हामीले पनि नाम दिएका थियौं, हामीले दिएका नामहरू कतै देख्न नपाइने के हो यस्तो ? विगतमा त भयो भयो, अहिले पनि त्यही प्रकारको स्थिति हुने कति कहिलेसम्म हामीले दिनुपर्ने तर यहाँ समावेश नहुने स्थिति आउने हो, यो कुरामा ख्याल गरियोस् भन्ने कुरा म राख्न चाहन्छु । महिलाका कार्यक्रमहरू पनि त्यति धेरै प्रस्ट रूपमा आएको छैन र एउटा कार्यक्रम मैले यहाँ हेरें । पोषण यो पाक शिक्षा र भान्सा सुधार भन्ने कार्यक्रम छ यो त्यति धेरै आवश्यक जस्तो लाग्दैन, बरु हाम्रो भान्सामा खाने चीजै हुँदैन के भान्सा सुधार गर्ने हो र ? खाने चीज पहिला पाउनु पर्‍यो, खाने चीज पाएपछि त्यो भान्सा सुधार्ने कुरा त पछि हुँदै जान्छ । त्यले गर्दाखेरि यो कुरा चाहिँ सच्याइयोस् भन्ने कुरा राख्न चाहन्छु र भूमि सुधार गर्ने कुरा जो छ, भूमि सुधारको गर्दाखेरि भूमि आयोग बनाउन पर्‍यो, उच्च स्तरीय भूमि आयोग बनाउन पर्‍यो, समितिले भूमि सुधारको काम हुन सक्दैन र कृषिको कुरा गर्दा पकेट क्षेत्रहरू बनाएर जाऔं । यहाँ राख्नुभएको छ विपद्को तयारी पूर्वतयारी खोज र उद्दारको कार्यक्रम अत्यन्तै राम्रो छ । यति मात्रै होइन, न्यूनीकरणको कुरालाई चाहिँ अगाडि बढाऔं । हामीले बनाउने पूर्वाधारहरू मृत्युमार्ग भएका छन् त्यो मृत्युमार्ग होइन, जीवनमार्ग बनाउनेतिरबाट हामी सोचौं । हामीले थुप्रै मेशिनहरू प्रयोग गरेर बाटाहरू खन्दै गर्दाखेरि आज हाम्रा

गाउँघरहरूमा थुप्रै पहिरो जाने स्थिति बनिराखेको छ, त्यसमा दुर्घटनाहरू हुने भैराखेको छ, यो कुरामा पनि ध्यान जाओस् भन्ने कुरा म राख्न चाहन्छु र मैले यहाँ राख्न पर्ने धेरै कुराहरू छन् र स्थानीय तहलाई जुन हामीले बजेट दिदैछौं, स्थानीय तहलाई वित्तीय सामान्यकरण अनुदानमा किन शतप्रतिशत बढाइयो ? मैले यहाँ बुझ्न सकेको छैन । यो शतप्रतिशत बढाउनुको पछाडिको कारण के हो ? म बुझ्न चाहन्छु र अब कर्णाली प्रदेशको राजधानी सुर्खेत साँच्चिकै आँगन सफा भयो भने घर सफा देखिन्छ, आँगन सफा भएन भने घर सफा देखिदैन । त्यसैले यो आँगन हो, आँगन राम्रो बनाउनु पर्छ र आँगन राम्रो बनाउनका निम्ति हामीले डेढ वर्षको समय गुजारिसक्यौं । खोइ वीरेन्द्रनगरका बाटाहरू बनेका खोइ ? यहाँको पानीको समस्या छ यो पानीको समस्या समाधान भएको खोइ ? यो एक डेढ वर्षमा विद्युत आउने र जाने गर्छ, हावा चल्न हुँदैन, पात हल्लिनु हुँदैन, विद्युत जाने अवस्था हुन्छ यो कुरा खोइ त हामीले आँगन बनाएको ? र एउटा कुरा यहाँ छुवाछुत प्रथा अन्त्य गर्ने जुन अभियान जो लिएको छ त्यसका निम्ति पनि म धेरै धेरै धन्यवाद दिन चाहन्छु र मैले धेरै कुराहरू नगरिकन अन्तमा बजेट समन्यायिक वितरण हुन नसक्दा नागरिकको जीवनस्तर सहज र सुरक्षित हुन सक्दैन । जीवनस्तर पनि समृद्ध हुन सक्दैन । समृद्ध कर्णाली सुखारी कर्णालीबासी हुन सक्दैन । मैले यहाँ एउटै उदाहरण मात्रै दिन्छु अन्तमा बुदा नं.४९ मा प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडक स्तर उन्नति, सल्यान र रुकुम पश्चिमलाई ८ करोड, अरु जिल्ला सदरमुकाम जोड्ने सडक खोइ कता हरायो ? प्रदेश सदरमुकामसँग अरु जिल्ला सदरमुकाम जोड्नु पर्दैन ? सल्यान र रुकुम मात्रै हो जिल्ला सदरमुकाम ? त्यसका निम्ति ८ करोड छुट्याउने अरु जिल्ला सदरमुकाम जोड्ने सडकहरू कता गयो ? हरायो ? यो आउनु पर्छ कि पर्दैन ? अनि हामीले कसरी यो बजेट समन्यायिक भयो ? सन्तुलित भयो र कर्णाली प्रदेशमा परिणाम आउँछ भनेर विश्वास गर्ने ? हामीले विश्वास गर्ने एउटा आधार हामीले पाउन नसक्ने प्रकारको स्थिति भयो । त्यसैले बहुआयामिक गरिबीको अन्त्य गर्नाका निम्ति सामाजिक सुरक्षा र समन्यायिक सहितका कार्यक्रम आउन जरुरी छ र विभेदको अन्त्य गर्ने गरी समानुपातिकतर्फबाट आएका माननीयहरूले पनि एउटा सम्मानजनक हिसाबले जनताका विकास कार्यक्रमहरूमा सहभागी हुने गरी बजेट आओस् । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीकोमा नाम टिपाउनु होला । अब माननीय श्री पद्मा खड्का । यसपछि माननीय श्री देवी ओली तयार रहनु होला ।

**माननीय श्री पद्मा खड्काः** सभामुख महोदय, चौंथो अधिवेशनको बाह्रौं बैठकमा आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान बजेटमाथि छलफलमा भाग लिंदा असाढ १ गते प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्तुत गर्नुभएको वार्षिक बजेटको बारेमा, बजेटको बारेमा यस बजेटले लगेका मूलबाटोका सकारात्मक पक्ष र केही सुधार गर्नुपर्ने पक्षहरू म यस सभामा राख्न चाहन्छु।

सभामुख महोदय, हाम्रो हाम्रै प्रदेशमा अथाह सम्भावना बोकेको निलो रंगले रमणीय राराताल, से–फोक्सुण्डो, कुपिण्डेताल, स्यार्पुदह, बुलबुले ताल जस्ता महत्वपूर्ण तालतलैयाको अनुपम संगालोको रूपसँगै यस बजेटको बाहिरी कभरले विशेष बजेटको रंगलाई छरेको छ र यस बजेटका २३० वटा दफाहरूले समेटेर बनेको यी किताब १७ लाख कर्णालीबासीको खाना, नाना, छाना, शिक्षा, स्वास्थ्य, रोजगार र उत्पादनमा आत्मनिर्भरता, भौतिक पूर्वाधार, सबै सामाजिक न्यायसहितको समानतामूलक समाज निर्माणको महत्वपूर्ण गोरेटो अगाडि सारेको छ र तसर्थ यहाँ प्रस्तुत भएको बजेटका लागि पनि मैले विशेषगरी कर्णाली प्रदेश सरकार र आर्थिक मामिला तथा योजना मन्त्रीलाई धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय नारालाई आत्मसाथ गर्दै प्रदेश सरकारले समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने दीर्घकालिन सोचलाई अगाडि बढाएको छ । यस बजेटले केही महत्वपूर्ण नारासहित कार्यक्रमलाई अगाडि बढाएको छ । शिक्षा, स्वास्थ्य, उत्पादन, रोजगार यसका लागि पूर्वाधार कर्णालीको पानी सबैको लगानी, उज्यालो कर्णाली अभियान, एक घर एक धारा, विद्यालय स्वास्थ्य संस्थामा खानेपानी, बैंक खाता छोरीको सुरक्षा जीवनभरीको, पर्वतीय विज्ञान विश्वविद्यालय, मेरो किसान मेरो अन्नदाता, प्रदेश सरकार किसानको साथमा, सामुदायिक बीउ बैंक, एक भोट एक वृक्षारोपण अभियान, मुख्यमन्त्री रोजगार कार्यक्रम, सेवा शर्तमा छात्रवृत्ति कार्यक्रम, कर्णाली विकास सेवा स्वयंसेवक जस्ता महत्वपूर्ण कार्यक्रमहरू यस बजेटले समेटेको छ । यस्तैगरी प्राकृतिक जोखम विरुद्ध पनि सामुहिक दुर्घा...दुर्घटना बीमा कर्णाली प्रदेशका जनताहरूका लागि यस बजेटले समेटेको छ । यस्ता थुप्रै महत्वपूर्ण कार्यक्रमहरू समेटिएको छ र जसले आज यस बजेटको जुन २०७६/०७७ को वार्षिक बजेट ३४ अरब ३५ करोड ३४ लाख २५ हजार जसमध्ये चालुतर्फ १३ अर्ब ५ करोड ९६ लाख ५३ हजार बजेटले आज यी महत्वपूर्ण योजनाहरूलाई कसरी विनियोजित गरेर कार्यान्वयनमा पुग्छ भन्ने आजको ठूलो चुनौति रहेको छ र पूँजीगततर्फ २१ अरब २९ करोड ३६ लाख छ भने हामीले चालु खर्चतर्फ १३ अरब ५ करोड जुन खालको बजेट छ, गत वर्षको बजेटलाई पनि यहाँ जुन खालको अहिलेको पूँजीगत बजेटमा देखिएको छ र सरासर हामीले हिसाब गर्दा अहिले पूँजीगत बजेट एकदमै कम देखिन्छ । त्यसकारणले चालु खर्चको यो खर्चलाई साधारण खर्च र प्रशासनिक खर्चलाई अझ कम गरेर हामीले पूँजीगत बजेटलाई अलिकति बढाउन सक्यौं भने पक्कै पनि हाम्रा यी महत्वपूर्ण आकांक्षाहरू पूरा गर्नेतिर अगाडि बढ्दछ । र मैले स्थानीय तहका लागि वित्तीय समानुकरण समानीकरण अनुदानतर्फ चालु आर्थिक वर्षमा ४० करोड विनियोजन गरिएको थियो भने अहिले शतप्रतिशत वृद्धि गरी ८० करोड पुऱ्याइएको छ । यसमा मैले थोरै आफ्नो सुझाव राख्न चाहन्छु । सहकार्य सहलगानीका आधारमा हामीले स्थानीय तहलाई बजेट शतप्रतिशत वृद्धि गरेका छौं भने आज आएर स्थानीय तहको समन्वय सहकार्य कति भएको छ ? प्रदेश सरकारले त्यसको ढाटा के राखिरहेको छ ? आज जहाँ गाउँसभा भइरहेका छन्, नगरसभा भइरहेका छन्, कुनै माननीयलाई त्यहाँ समन्वयको भूमिका दिइरहेको अवस्था छैन । आज गाउँपालिका, नगरपालिका आफैमा, आफैमा ठूलो एउटा घमण्डको बाधक बनेर अगाडि बढिरहेको अवस्थामा प्रदेश सरकारले अझ फेरि शतप्रतिशतै बजेट बढाउनु पर्छ भन्ने के आधार छ ? यसको पनि मैले सुझाव राख्न चाहन्छु । यसैगरी पूर्वाधार विशेष कार्यक्रम भनेर ४३, ४५, ४६, ४७, ४८ मा टोटल ३ अरब ४८ करोड चाहिँ बजेट विनियोजन गरिएको छ । हामी भौतिक पूर्वाधारमा मात्रै बजेट जसरी यहाँ विनियोजन गरिएको छ, कार्यान्वयनमा जाँदा कति हाम्रा चुनौतिहरू छन्, आज बाटाघाटा खन्ने मात्रै हैन, हामीले खनिरहेका बाटामा कति प्रतिशत हामीले विपत् जोखिमका कामहरू गरिरहेका छौं, विपत व्यवस्थापनका काम गरिरहेका छौं, आज कति बिरुवा हुर्काइरहेका छौं, त्यहाँ आज महत्वपूर्ण विषय छ । त्यो चुनौतिलाई यो बजेटमा राख्ने कि नराख्ने ? आज भौतिक पूर्वाधारतिर जुन बजेट छुट्टिएको छ त्यही वन पर्यापर्यटनलाई जोडेर हामीले तिनी संरक्षणका काममा बजेट छुट्याउन आवश्यक छ र यसैगरी गुणस्तरीय पूर्वाधार सामाजिक विकास उत्पादनमा वृद्धि र शासकीय सुधार आधारमा रोजगारी सिर्जना गरी जनताको जीवनस्तरमा अपेक्षाकृत स सुधार र दिगो विकासलाई हामीले समृद्धिको यात्रालाई हामीले अगाडि बढाउने गरी यो बजेटले जुन विषय ल्याएको छ, त्यो विषयलाई हामी बजेट पुऱ्याउन सक्छौं कि सक्दैनौं । कार्यक्रम त्यहाँ पुगाउन सक्छम् कि सक्दैनौं भन्ने कुरा आज महत्वपूर्ण छ । गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत हेर्दा कर्णालीमा ३६.५ प्रतिशत छ बहुआयामिक गरिबीको संख्या हेर्दा ५१ प्रसेन्ट २, ५१.२ प्रसेन्ट छ भने आज हामीले कर्णालीको यो चुनौतिलाई कृषि उत्पादनमा यो गरिबीलाई हटाउन कति प्रसेन्ट बजेट छुट्याइम् ?

हामीले यहाँ सामान्य जनताले थाहा पाउने गरी प्रष्ट रूपमा आउन पर्छ । आज हामीले वन, पर्यटन र कृषिमा हामीले कति छुट्याइम् र उद्योग, ऊर्जा, कलकारखानामा कति प्रसेन्ट बजेट छुट्याउँदा आज त्यो बहुआयामिक गरिबी हटाउन सकिन्छ भन्ने कुरा प्रष्ट रूपमा आउँदा अझ राम्रो हुन्थ्यो भन्ने मलाई लाग्दछ र यसैगरी शिक्षा आज हामी गम्भीर एउटा छलफल बहस गर्नुपर्ने बेला भएको छ ।

सभामुख महोदय, आज हाम्रै मात्रै कर्णाली मात्रै नभएर नेपालभरिको एउटा अवस्था हेर्दा एउटा सेमेस्टरमा मात्रै अस्टेलियामा पहिलो परीक्षा हुँदा ४ अरब रुपैयाँ बाहिर जाँदो रैछ । आज त्यस्ता विश्वविद्यालय त्यस्ता कलेजहरू स्थापना गर्न हाम्रो बहस त्यतातिर जान्छ कि जाँदैन ? आज हिमालय पर्वतीय विद्यालय विश्वविद्यालयको एउटा महत्वपूर्ण यहाँ कार्यक्रम ल्याइएको छ, यलाई कार्यान्वयन गर्न पर्याप्त बजेट छुट्याइयोस् र विश्वका विद्यार्थीहरूको ध्यान आकर्षण गरियोस् र हाम्रो प्रदेशमा त्यो आयश्रोत बढ्ने एउटा महत्वपूर्ण पाटो हुन्छ भन्ने म राख्न चाहन्छु र यसैगरी हामीले बहुप्राविधिक शिक्षालय नमुना विद्यालयको जुन कल्पना गरेका छौं । हिमाली हिजका साविकका कर्णालीका जिल्लाहरूलाई जसरी गरेका छौं त्यो राम्रो छ तर पनि जाजरकोट जस्तो भूगोल, जाजरकोट जस्तो विकटता त्यहाँ पनि चाहिन्छ होला भन्ने मलाई लाग्दछ । त्यसैगरी सुर्खेतमा सुर्खेत एउटा यस्तो ठाउँ हो राजधानी हो, यहाँ बहुसंख्यक बसाइसराई आउने क्रम जारी छ । जनघनत्व बढ्दै छ । जनसंख्याको चाप बढ्दै छ । यहाँ एउटा नमुना विद्यालयले सम्भव छैन । यहाँ कम्तिमा ५ वटा विद्यालय, नमुना विद्यालय र आवासीय विद्यालयको आवश्यकता छ । यसको पनि मैले एकदमै जनसंख्याको आधारलाई मध्यनजर गर्दै यो विद्यालय, क्याम्पसको संख्या बढाइयोस् भन्ने माग राख्न चाहन्छु र यसैगरी हामीले आज सुर्खेतमा हामी सबै जनप्रतिनिधिहरू यहाँ छौं, प्रदेश सरकार यहाँ उपस्थित हुनुहुन्छ । सम्पूर्ण व्यूरोक्रेसी कर्मचारीहरू यहाँ हुनुहुन्छ । आज खानेपानीको जुन अवस्था छ, तड्पिरहेका छन् मान्छे आज बजेट छुट्याउन हामी कन्जुस्याइँ नगरौं म विन्ति गर्छु : एक अरब रुपैयाँ खानेपानीको लागि छुट्याएर यो सुर्खेतमा पानी फालाफाल हुने गरी तपाईहरूले बजेट छुट्याउनुस् र यसको प्रभाव तपाईंहरू कर्णालीका सबै दशै जिल्लामा पर्नेछ भन्ने कुरा राख्न चाहन्छु र मैले अर्को बैंक खाता छोरीको सुरक्षा जीवनभरिको भन्ने जुन खालको एउटा असाध्यै महत्वपूर्ण एउटा महिलालाई छोरीलाई सम्मान गरेको एउटा जुन शीर्षकमा कार्यक्रम आको छ, यसका लागि म विशेष धन्यवाद दिन चाहन्छु । यो आफैमा महत्वपूर्ण छ र प्रश्न उठिरहेका छन् कसरी आर्थिक आयभेय, आयव्यय यो प्रदेश सरकारले धान्न सक्छ भन्ने छ । हामी कार्यक्रम ल्याउँदा पहिलै खुट्टा कमाउनु हुँदैन । हामीले ल्याइएका कार्यक्रम त्यो छोरीको नाममा जम्मा भएको बजेट छोरी जन्मदैमा प्रदेश सरकारले जम्मा गरेको बजेट पूर्ववक्ता माननीयज्यूले भनिसक्नु भाकोछ अब हामीले हाइड्रोमा लगानी गर्ने हो कि, सुर्खेतका उद्योगधन्दा कर्णालीका उद्योगधन्दा, कलकारखानामा लगानी गर्ने हो कि आज छोरीका नाममा खाता खोलेर भोलि तिनै कलकारखानाबाट आएका ब्याज बोनसले आज छोरीको भविष्य सुनिश्चित हुन्छ र अर्को कुरा बाल विवाहका हामीले विभिन्न कार्यक्रमहरू गरिरहेका छम्, विभिन्न संघसंस्था, विभिन्न सरकारी तवरबाट आजसम्म हामीले बाल विवाहका थुप्रै कार्यक्रमहरू गरिम्, छाउपडीका हामीले थुप्रै कार्यक्रमहरू गरिम् तर आज त्यसको असर, त्यसको प्रभाव जहाँको त्यही छ, आज हामीले यो कार्यक्रम मात्रै कार्यान्वयनमा जाऔं । २० वर्ष नपुगिकन त्यो पैंसा प्रदेश सरकारले दिदैन भन्ने कुरा मात्रै हामीले कार्यान्वयनमा जाऔं त बाल विवाह सधैंका लागि अन्त्य हुन्छ, यसको सकारात्मक प्रभाव खै बुझेको ? खै हामीले पोजेटिभ कुरालाई अगाडि सार्न सकेको ? आज महिलाहरू स बाल विवाह गरेर समयमा गर्भवती भएर जन्मेका बच्चा, समयमा गर्भवती भएर आज महिलाको जुन नदेखिने रोगबाट पीडित भएका महिलाहरूको अवस्था हेर्नुस् आज, आज हामी स्वास्थ्यमा बचत हुन सक्छ, आज हामी शिक्षामा बचत हुन सक्छ, भोलि २० वर्ष नपुगिकन विवाह गर्न हुँदैन भन्ने कुरा मान्यताको हामीले विकास गर्न सक्छौं, त्यसका लागि पनि यो सम्मानित सदनले यो

शीर्षक बहुमतले पास गर्नेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र यसैगरी अन्तमा विपद् जोखिमको एउटा महत्वपूर्ण एजेण्ड कार्यक्रम आएको छ, त्यो कार्यक्रमले सिंगो देशलाई ध्यानाकर्षण गरेको छ । सिंगो देशलाई पाठ सिकाएको छ । हामी समाचार, टेलिभिजन, दुनियाँ हामी हेरेका छौं । आज देशको ध्यानाकर्षण गरिरहेको छ, त्यो योजना आज हामीले विपद् भैसकेपछि मात्रै कर्णाली सरकारले ५ लाख दिन्छ, १० लाख दिन्छ, १५ लाख दिन्छ । कहाँबाट आएर दिने हामीसँग भकारी छैन । हामीले समयमा विपद् आउनुभन्दा अगाडि पूर्वतयारी हो यो, यो कर्णालीको पूर्वतयारी हो, यसका लागि पनि म सलोट गर्न चाहन्छु । यो कार्यक्रमलाई पनि निरन्तरता दिइयोस् र अन्तमा सभामुख महोदय, सभामुखमार्फत् मैले केही ध्यानाकर्षण पनि गर्न चाहन्छु । हामी मर्यादाका कुरा गरिरहेका छौं । हामी मर्यादाका कुरा सिकाइरहेका छौं रोष्टममा आएर । हामी अरुलाई मर्यादा सिकाइरहेका छौं । हामीले मर्यादा पालना गऱ्याछौं कि छैनौं ? हामी यहाँ सबै छौं, महिला पुरुष लैङ्गिक आधारले हामी छुट्टिएका छौं। कसलाई कुन विषयले बोल्दा असर पर्छ ? हामी ख्याल गरेका छौं कि छैनौं । हामीले कति सभ्यताका भाषाहरू यहाँ प्रयोग गरिरहेका छौं । हामीले बोल्दा कतै असर पऱ्या छ कि छैन ? यस्ता कुराहरू पनि मैले यस गरिमामय सदनमा ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय उपसभामुखः** माननीय श्री हिमबहादुर शाही । त्यसपछि माननीय श्री देवी ओली तयार रहनु होला ।

**माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुख महोदय, आज अत्यन्तै महत्वपूर्ण कर्णाली प्रदेश सरकारले प्रस्तुत गरेको विनियोजन बजेटमाथि सैद्धान्तिक छलफल गरिरहेका छौं । आज सर्वप्रथम यो सैद्धान्तिक छलफलभन्दा पनि म एउटै अत्यन्तै बिझेको अहम् प्रश्नको बारेमा केही चर्चा गर्न चाहन्छु । बजेट प्रस्तुत भइसकेपछि अर्थ मन्त्रीजीले टेबुल गरिसकेपछि हाम्रो गत ५ गते चरणवद्ध सदनको कार्यक्रम थियो तर सदनको कार्यक्रम बिनाकारण स्थगित गरियो । यसमा लिखित रूपमा नआए पनि स्पष्ट रूपमा सरकार पक्षकै जवाफदेहितामा ५ गतेको सदन स्थगित भएको सम्पूर्ण पत्रपत्रिकाहरूमा सम्पूर्ण चर्चाहरूमा बजारमा आएको छ । यस बारेमा म के भन्न चाहन्छु भने कर्णाली प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । कर्णाली प्रदेश सरकार कर्णाली प्रदेशको प्रदेश सभाप्रति संवेदनशिल छ कि छैन ? कर्णाली प्रदेशको प्रदेश सभाप्रति विश्वसनियता छ कि छैन ? कर्णाली प्रदेशमा उत्तरदायी छ कि छैन ? सबभन्दा यो अहम् प्रश्न हो आज । ५ गते स्थगित गर्नु आवश्यक के थियो ? किन स्थगित गर्नुपर्ने थियो ? त्यस्तो कुनै पनि कारण नआएर एक्कासी सूचना टाँगेर प्रदेश सभा स्थगित गरियो, जुन सैद्धान्तिक छलफलको कार्यक्रम एकदम पर सारियो । यसैले कर्णाली प्रदेश सरकारको विश्वसनियता र उत्तरदायी कर्णाली प्रदेश, प्रदेश सभासँग छैन भने कर्णाली प्रदेश सभाको पनि कर्णाली प्रदेश सरकारसँग जिम्मेवारी बोध प्रदेश सभाको छ कि छैन ? आज यो अहम् प्रश्न हो । आज सम्पूर्ण चाहे सत्तापक्ष होस्, चाहे प्रतिपक्ष होस्, सम्पूर्ण प्रदेश सभाका माननीयहरूको लागि यो अहम् प्रश्न हो । यो प्रश्न आज अत्यन्तै जटिल रूपमा अगाडि बढिरहेको छ । यसै सन्दर्भमा ८ गते कर्णाली प्रदेश सभाको बैठकमा प्रतिपक्षबाट सदन अव केरे सदन अवरुद्ध भयो । प्रतिपक्षले कुनै पर्वाग्रही राखेर कुनै विरोधाभाष लिएर सदन अवरुद्ध गरेको होइन, संसदीय प्रणाली, संसदीय मर्यादा, सम संसदीय संस्कृतिलाई जगेर्ना गर्दै, संरक्षण गर्दै कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराएर संसद अवरुद्ध गराएको हो । कसैसँग कुनै प्रतिशोध, कुनै बदला र कुनै ईर्ष्या होइन, यो स्पष्ट पार्न चाहन्छु म । यहाँ धेरै कुराहरू आएका छन् । मानीयज्यूहरूले के धेरै कुराहरू उठाउनु भएको छ, त्यसमा मेरो धेरै कुराहरूमा सहमत छ । म अहिले ती कुराहरू बोल्न चाँहदैन । अब बजेटको सैद्धान्तिक छलफल बारेमा यो किताब आएको छ लामो । यो लामो किताब म अलिकत अध्यात्मवादी पनि छु,

भौतिकवादी पनि छु, चण्डी पनि पढ्छु, रुद्री पनि पढ्छु, यो ऋगवेद पनि पढ्छु, अलिकत पढ्छु तर यलाई छुटयाउन सकेन मैले रामायण हो कि, महाभारत हो कि, चण्डी हो कि, रुद्री हो कि, के हो ? यो किताब छुटयाउन सक्याछैन मैले अहिलेसम्म । आज पाएको यति दिनसम्म मैले यो किताब छुटयाउन सक्याछैन सभामुख महोदय । म स्पष्ट भाषामा भन्छु, २०७६/०७७ को मूल बजेटको मूल उद्देश्य के हो ? मूल उद्देश्य के हो ? त्यसका प्राथमिकता के हुन् ? क्रमबद्ध रूपमा आउनु पर्छ, चाहे ४ वटा हुन्, चाहे ५ वटा हुन्, चाहे ८ वटा हुन्, चाहे १० वटा हुन्, मूल उद्देश्य के हुन् र मूल प्राथमिकता कर्णालीबासीको र कर्णाली प्रदेश सरकारको मूल प्राथमिकता रहेको के हो ? त्यो आउनुपर्ने थियो, त्यो आएको छैन । सरसरस पारेर २३० वटा विधक बुँदामा त्यो चण्डीका चण्डी पाठहरू आउँछन् नि १०८ वटै श्लोक भएको, त्यस्तै श्लोक जस्तो आइराखेको छ यसमा । यसमा भन्न चाहन्न । अर्को कुरो अवश्य पनि यो प्रस्तुत बजेटले कर्णालीबासीको अपेक्षाकृत आवश्यकताको खोजी र पै पहिचान गरेको छ भन्न म सक्दैन । अपक्षाकृत ती समस्याको समाधान गर्न सक्छ भन्न म भन्न सक्दैन । म यस बारेमा त अहिले सभामुख महोदय, म अर्थ मन्त्रीज्यू अर्थ आर्थिक मामिला मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु, यस किताबभित्र आवश्यक बजेट छुटयाएको छु, आवश्यक बजेट छुटयाएको छु, आवश्यक बजेट छुटयाएको छु, त्यो आवश्यक बजेट कति हो ? अर्थ मन्त्रीज्यू । आवश्यक बजेट भनेको हो कति ? २ करोड हो कि, ५ करोड हो कि, २ लाख हो कि, ५ लाख हो कि, १० लाख हो कि, त्यो आवश्यक बजेट छ कहाँ ? कुन कन्तुरमा राखिएको छ ? या त माननीय हाम्रा आर्थिक मन्त्रीज्यूको चाइने गृह जिल्लाबाटै जीव आएको छैन, गाडी आएको छैन र आवश्यक, आवश्यक भनी लेखिया हो कि । होइन भने आवश्यक बजेट कति हो त ? आवश्यक ठीक छ, आवश्यक बजेट ती कुराहरूमा आउन सक्छ तर हर कुरामा आवश्यक बजेट छुटयाएको छु, आवश्यक बजेट छुटयाएको छु, आवश्यक बजेट छुटयाएको छु, कति हो त आवश्यक बजेट ? एक पटक ४६ सालको जनआन्दोलनको तयारीमा माघ ५, ६, ७ गते म गाथैं चाक्सेबारी हो कार्यक्रममा । हाम्रो सर्वोच्च नेता गणेशमानजी भन्नुहुन्थ्यो विश्वमा २ र २ = ४ हुन्छ, पञ्यायती व्यवस्थाले नेपालमा २ र २ = ५ बनाएको छ भन्नुहुन्थ्यो । सायद अर्थ मन्त्रीज्यूले आवश्यक बजेट यो २ र २ = ५ बनाउनु भएको हो कि भन्ने कुरा पनि मलाई लागेको छ । २ र २ = ५ बनाउने मनसायले हो कि विश्वमै अंक गणितमा २ र २ = ४ हुन्छ भने २ र २ = ५ हुन्छ भन्ने कुराहरू हो कि भन्ने पनि स्पष्ट लागेको छ । अर्को कुरा गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु, आज भौतिक पूर्वाधारका सम्पूर्ण विनियोजित बजेट मुख्यमन्त्रीज्यूको कार्यालयमा नै रहन्छ भने त्यसमा मैले केही भन्नु छैन तर एउटै कुरा भन्नु छ मलाई चाहि कर्णालीबासीलाई चाहिएको बाटो हो मुख्यमन्त्रीज्यूको कार्यालयबाट होस्, खानेपानी हो मुख्य मन्त्रीज्यूको कार्यालयबाट होस्, सिंचाइ होस् मुख्यमन्त्रीज्यूको कार्यालयबाट होस्, त्यस्तै भौतिक पूर्वाधार जे जति कामहरू हुन् ती मुख्यमन्त्रीज्यूका कार्यालयबाट होस्, त्यसमा मेरो केही भन्नु छैन तर एउटा कुरा भन्नु छ मुख्यमन्त्रीज्यूको कार्यालयबाट त्यो हुन्छ भने भौतिक पूर्वाधार मन्त्री मन्त्रालय कोल्याप्स गर्दियौं, भौतिक पूर्वाधार मन्त्रालय राख्नु आवश्यक छैन यदि क्याविनेटले निर्णय गरेर ल्याओस्, भौतिक मन्त्रालय राख्न आवश्यकै छैन, भौतिक मन्त्रालय कोल्याप्स गरे अलि रकम पनि बढ्छ, त्यसमा पनि चालु खर्च हुन्छ, पूँजीगत खर्च छ, त्यो पनि यतै हालमला अनि हुन्छ । त्यस्तै अन्य मन्त्रालयहरूको कुरा पनि छ । यी कसरी नीतिगत कुरा सैद्धान्तिक छलफल गर्ने आश्चर्यजनक छ आश्चर्यजनक । अर्को कुरा अर्थ मन्त्रीज्यूले बुँदा नं. ७६ मा दलित छात्रबास भनेर ठूलो रकम छुटयाउनु भएको छ, दलित छात्रबास भनेर । आज संविधानले अंगिकार गरिसकेको, देशले अंगिकार गरिसकेको, आज देशबासीको संस्कृतिले अंगिकार गरिसकेको छुवाछुतको अन्त, छुवाछुतमुक्त देश, छुवाछुत मुक्त प्रदेश, छुवाछुत मुक्त समाज भनेर हामी अगाडि बढिसकेको समयमा के प्रत्येक विद्यालयमा, क्याम्पसहरूमा, के विश्वविद्यालयमा

दलित छात्रबास भनेर छुट्टै किसिमको तपाईले विभेद निम्त्याउन खोज्नुभएको हो ? तपाईले विभेद यलाई विभेतीकरण गरेर अझ छुट्टै किसिमको छुत र अछुतको एउटा यात्रा प्रारम्भ गर्न खोज्नु भएको हो ? यो के हो ? यस बारेमा मैले केही गर्नु छैन, त्यसो भए दलितहरूका लागि दलित छात्रबास चाहियो, खस आर्यलाई खस आ केरे चाहियो, जनजातिको लागि जनजाति छात्रबास पनि चाहियो । यो अत्यन्तै, अत्यन्तै गम्भीर कुरा छ । अब अवश्य पनि म ध्यानआकर्षण गर्न चाहन्छु, तीनशैयाको हस्पिटल अत्यन्तै राम्रो कुरा हो । तीनशैयाको हस्पिटल सुर्खेतमा बन्छ, कर्णालीबासीहरूले सहज स्वस्थ पाउँछन् भने बरु हाम्रो पाउने पारिश्रमिक पनि त्यसैमा हालौं मन्त्रीज्यू तर २० करोडले तीनशैयाको हस्पिटल बन्छ कि बन्दैन ? २० करोडले तीनशैयाको हस्पिटल बन्छ ? तपाईको विश्वासमा आज सुर्खेतका चारकोठा घरको त ३ करोड रुपैयाँ मूल्य छ भने २ कोठा घरको त ४ करोड रुपैयाँ मूल्य छ भने तीन सय, तीन सय शैया २० करोडले बन्न सक्छ ? कुन मानसिकताले कुन विवेकले यो अगाडि आएको हो ? यो मलाई अत्यन्तै, के भन्ने यलाई ? अत्यन्तै छ । २०७४/०७५ मा डिजिटल प्रदेश भनेर घोषणा गर्नु भो, २०७५/०७६ मा अर्गानिक प्रदेश भनेर घोषणा भो गर्नुभो । देखाउनुस् अर्गानिक भन्ने शब्द तपाईको २ सय ३० वटा पाना र हरफहरूमा अर्गानिक भन्ने शब्द कहाँ छ ? कहाँ छ अर्गानिक तपाईहरू अर्गानिक मल दिने, अर्गानिक बीउ दिने, अर्गानिक खेती गराउने, कृषि बनाउने कहाँ ल्याउनुभएको छ ? यस कारणले मेरोतर्फबाट यो रुद्री पाठ, चण्डी पाठ हो । सभामुख महोदय, सम्पूर्ण माननीयज्यूहरूको ध्यानाकर्षण गराउन चाहन्छु, रुद्री पाठ, चण्डी पाठ पढ्ने, अविर लाउने, अविरको टिका लाउने, केशरी लाउने गर्थौं । यसमा केशरी र अविर लाउन पर्दैन, हामीहरू खरानी ल लगाएर हामी माननीयहरू विदा हौंला, जाऔंला केही आपत्ति छैन, हामीहरू खरानी लगाएर जाऔंला । लामो कुरो म गर्न चाहन्न, यसैले अहम् प्रश्न छ, मैले सुरुमा भनेको छु (माननीयज्यू समयको ख्याल गर्नुस्) कर्णाली प्रदेश सरकारको प्रदेश सरकारप्रति विश्वसनियता छ कि छैन ? उत्तरदायी छ कि छैन र प्रदेश सभा सरकारप्रति जवाफदेही रहन सकिन् कि नरहन सक्ने ? यो अहम् प्रश्न छ, यही प्रश्नलाई म यहाँ सम्पूर्ण माननीय सदस्यज्यूको अगाडि सभामुखमार्फत् राख्दै अहिले विदा हुन्छु । हओस् अब के गरेर सबैले लाल सलाम, लाल समय भन्न पर्छ । धन्यवाद छ तर आफ्नोतर्फबाट जय नेपालै छ है फेरि ।

**माननीय उपसभामुखः** माननीय देवी ओली । समय ७ मिनेट । त्यसपछि माननीय श्री कौशिलावती खत्री तयारी अवस्थामा रहनु होला ।

**माननीय देवी ओलीः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सरकारले आ.व. २०७६/०७७ को लागि नीति तथा कार्यक्रमसँग तादम्मेता मिलाउने कोशिस गर्दै ३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार बजेट ल्याएको छ । बजेटको आकार हेर्दा कर्णालीबासीको जीवनलाई छुन सक्छ कि भन्ने केही आशाका किरणहरू देखिन्छन् र केही लोकप्रिय कार्यक्रमहरू पनि छन् । लोकप्रिय कार्यक्रमहरू धेरै पूर्ववक्ता माननीयज्यूहरूले भनिसक्नु भएको छ, मैले त्यसमा जोड दिन चाहन्छु, बैंक खाता छोरीको सुरक्षा जीवनभरिको यो मेरो विचारमा कुनै वर्गसँग कुनै पैंसासँग जोडिएको भन्दा पनि सामाजिक न्यायसँग जोडिएको कार्यक्रम हो भन्ने मेरो बुझाइ छ । आज महिला हिंसा जति पनि भैराखेका छन्, पृतिसत्तात्मक सोचबाट हामीले जति विभेदहरू व्यहोरिरहेका छौं, यो लैङ्गिकताको आधारमा भैरहेको छ । कुनै आर्थिक अंकसँग मापन भएको छैन भन्ने मेरो ठम्याइ छ । त्यसको सँगसँगै जनता सडकको निरन्तरता छ । निर्वाचन क्षेत्रलाई आधार मानेर निर्वाचन क्षेत्र केन्द्रित धेरै कार्यक्रमहरू छन्, पूर्ववक्ता माननीयज्यूहरूले अंकसमेत यहाँ राख्नुभएको छ । प्रदेश सरकार गरिब किसानको साथमा छ भन्ने कार्यक्रम आएको छ । हिंसा पिडित महिलाहरूको संरक्षणको निम्ति आज घर निकाला हुने, अपमानित हुने, बोक्सीको आरोप लाग्ने

महिलाहरूलाई संरक्षण दिनको निम्ति गत वर्ष ६ वटा जिल्लामा अल्पकालिन आवासगृहहरू थिए संरक्षण आवासगृहहरू थिए भने त्यसको अहिले १० सै जिल्लामा विस्तार भएको छ, अत्यन्तै स्वागतयोग्य छ यो कार्यक्रम । महिला स्वास्थ्य स्वयम्सेविकाहरूले आन्दोलन गरिरहेको अवस्था र प्रारम्भिक बाल विकासका सहजकर्ताहरूको जुन अन्यायपूर्ण अनुभूति थियो, त्यसलाई थोरै मात्रामा सम्बोधन गर्न खोजिएको छ । यो कार्यक्रम पनि सामाजिक सुरक्षा अथवा एउटा, एउटा राम्रो पक्ष हो भन्ने मलाई लाग्दछ । सहुलियत दरमा ऋण दिने यले बजेटले परिकल्पना गरेको छ । सभामुख महोदय, यी लोकप्रिय कार्यक्रमहरू हुँदाहुँदै पनि सरकारले यो आर्थिक वर्षको बजेटको भोलुममा केही सच्याउनु पर्ने, केही भावनाहरूलाई समेट्नुपर्ने कुराहरू पनि रहेका छन् । त्यो सिलसिलामा म अनुभूति गरिरहेको छु गम्भीरतापूर्वक । सामाजिक सुरक्षा र रोजगार सम्पूर्ण क्षेत्रमा समान अधिकार, महिलाहरूले २००८ सालदेखि यो नारा बोकेर आएका हुन्, त्यो आन्दोलनको स्पीडलाई आज हाम्रा नेताहरूले त्यो बजेट संचालन गरिरहेको परिपेक्ष्यमा यो सम्बोधन हुन सक्ने कि नसक्ने ? मलाई यो कुराले अत्यन्तै गम्भीर बनाएको छ । त्यसकारण आज २४ वटा निर्वाचन क्षेत्रबाहेक पनि हामी प्रतिनिधि, जनप्रतिनिधि यहाँ छौं, यो भावनाको सम्बोधन गर्नुपर्छ यो सरकारले । त्यसकारण ४० वटा सांसदहरूले आफ्नो समुदायदेखि लिएर पूर्वाधारका कार्यक्रमहरू त्यहाँ आफूले दर्ज गर्न पाउने, आफैले संचालन दर्ज गर्न पाउने गरी यो कार्यक्रम आउनु पर्छ । यसको भाषा के गर्दा हामीले हिजो कुनै बेला बदनामित कार्यक्रम हो भन्ने पनि छ तर कसैले गरेको बदनामी अथवा बदमासीको भोगी त्यसको सजाय आज हामी प्रदेश सभाका सांसदहरूले भोग्नुपर्ने छ हुन्छ जस्तो मलाई लाग्दैन । त्यसकारण कार्यक्रम के राख्ने हो, यो सांसद विकास कोष अथवा सांसद विकास कार्यक्रम कस्तो नाउमा ल्याउनु पर्ने हो, यो अनिवार्य रूपमा हुनुपर्छ भन्ने कुरा मैले राख्न चाहन्छु । त्यसको सँगसँगै मुख्यमन्त्री रोजगार कार्यक्रम, महिला दलित युवा अपाङ्गता सबैसँग जोडिएको छ तर यसको रकम ५ करोड मात्रै छ, यलाई १० करोड बनाइनु पर्छ यो अत्यन्तै सानो रकम हो भन्ने मलाई लाग्दछ । आज साक्षरता प्रतिशत हेर्दाखेरि हामीसँग ५८ प्रतिशत मात्रै छ बाँकी ४२ प्रतिशत निरक्षर जन जनता हामीसँग छ भने २ वर्षमा साक्षर कर्णाली घोषणा गर्नको निम्ति बजेटसँग कार्यक्रम आउनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । त्यसको सँगसँगै  हामी यहाँ डेढ वर्षदेखि प्रदेश राजधानीमा बसिरहँदाखेरि संघीय सरकारले निजामति कर्मचारी र जनप्रतिनिधिका छोराछोरीहरूले सामुदायिक स्कुलमा पढ्नु पर्छ भन्ने कुरा आवाज उठ्दै गर्दा यो कानून बन्ने तरखरमा बहस चलिरहँदाखेरि प्रदेश राजधानीमा आज विशेष खालका सामुदायिक स्कुलहरू, नमुना स्कुलहरूको संख्या बढाउनु पर्छ भन्ने मैले यहाँ जोडदारका साथ राख्न चाहन्छु किनभने त्यो बच्चाको पिडा मैले भोगेको छु । मैले मेरो बच्चालाई जनमाविमा पठाउन चाहन्छु, नेवारेमा पठाउन चाहन्छु, त्यहाँको गुणस्तरीय शिक्षा छ भन्ने एउटा जो प्रभाव छ, त्यसको आधारमा तर मेरो बच्चा त्यहाँ भर्ना पाउँदैन, जग्गाको लालपूर्जा चाहिन्छ, त्यहाँ भौतिक पूर्वाधार बनाउनुपर्छ, वृद्धि गर्नु पर्छ, जनशक्ति पनि थप्नु पर्छ भने त्यतापट्टि सरकारको ध्यान जानुपर्छ । प्रदेश राजधानीमा दशै जिल्लाका नवै जिल्लाका जुन विद्यार्थीहरूको चाप छ, यसलाई मनन गरेर यो संख्या बढ्नुपर्छ र सामुदायिक विद्यालयमा पढ्न चाहने विद्यार्थीहरूले सहज रूपमा भर्ना गर्न हुन पाउने वातावरणको सिर्जना यो आर्थिक वर्षमा सरकारले गरोस् या त यी दुईभन्दा अरु माविहरूलाई पनि नमुनाको रूपमा बनाउन सक्छ सरकारले । त्यसपछि गत वर्षका रातो किताबमा आएका सरकारका योजनाहरू छन्, कतिपय सम्भाव्यता अध्ययनमा भनेर राखिएको छ, त्यो हामीले जनतालाई एकछिन देखाउनका लागि होइन । आज हाम्रो योजनाको सम्भाव्यताको ध्यान कहिले हुन्छ भनेर कुरेर बसिरहेको अवस्थामा यी सबै योजना र आवश्यकताका आधारमा होला भोलि तर यलाई निरन्तरता दिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, त्यस्तैगरी आज मैले अर्को कुरा के राख्न चाहन्छु भने हामी ठूला हाइड्रोपावर बनाउने

योजनामा छौं, त्यो समय केही समय लाग्छ, त्योभन्दा पहिला हामीले ग्रामीण विद्युतीकरणलाई नै जोड दिनुपर्छ ताकि त्यो योजनाहरू छिटो सम्पन्न हुन सक्छन् । त्यसकारण ५० लाख मात्रै बजेट विनियोजन गरिएको छ, सके अझैं बढाऔं नसके कम्तिमा पनि १ करोड ग्रामीण विद्युतीकरणमा राखिनुपर्छ भन्ने कुरा राख्न चाहन्छु । अर्को कुरा स्थानीय तहसँग जुन संविधानको धारा २३२ मा रहेको व्यवस्थाअनुसार संघ, प्रदेश र स्थानीय तहको बीचमा सहकार्यता, सहअस्तित्व भन्ने कुरा समन्वय जो त्यलाई आधार मानेर हामी विषेश अनुदान, समानीकरण अनुदान, राजश्व बाँड्फाँडका नाममा जुन खालको बजेटहरू व्यवस्था गरेका छौं, मेरो यसमा के सुझाव छ भने सरकारलाई सम्मानीकरण र सशर्त अनुदानमा १ अर्ब ३० करोड मैले यहाँ देखेको छु । यलाई हामीले धेरै जोड नदिऔं भन्ने मेरो सुझाव छ किनभने सशर्त योजनाहरू हामीले दिने हो भने थोरै बजेटमा आज प्रदेशको ज कर्मचारी अभावका कारणले ०७५/०७६ को बजेट हामी कार्यान्वियन गर्न सकेका छैनौं भने कि त हाम्रा योजना ठूला योजना बाहेक अरु सबै सशर्त बनाएर स्थानीयलाई तहलाई दिऔं, नत्र भनेपछि विषय दिनपर्ने विशेष अनुदानहरू मात्रै दिऔं र यो सशर्त योजनामा धेरै जोड नगरौं भन्ने कुरा मेरो सुझाव रहेको छ । त्यस्तैगरी पूर्वाधारतिर पूर्ववक्ता माननीयज्यूहरू पनि राख्नु भाछ मेरो बुझाइ पनि मुख्यमन्त्री माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वमा मुख्यमन्त्री पूर्वाधार विकास कार्यक्रम अन्तर्गत त्यहाँ धेरै सडक पुल सिचाइ खानेपानी भनेर पर्यटन संचार विद्युत समेत राखिएको छ, यसमा अलिकति ठूला गौरवका योजनाहरू अथवा विपद् व्यवस्थापन, ठूला हाइड्रोपावर जस्ताहरू मात्रै राखौं सानातिना योजनाहरू सम्बन्धित मन्त्रालयहरूलाई नै दिंदा मर्यादित हुन्छ भन्ने मेरो भनाइ रहेको छ । यसको सँगसँगै आज यो बजेट विगतका कार्यक्रमहरूलाई निरन्तरता दिंदाखेरि धेरै ठूलो अंकमा हामीले डिवेट गर्नपर्ने अवस्था स्थिति छैन । हामी सकभर अब सौहार्दताबाटै यो बजेटको अन्तिम किनारा लाउन सकौं र अहिले सबैबाट उठिरहेको छ, यो चालु खर्चतिरको बजेटको भोलुम ठूलो भयो, यसलाई प्रशासनिक र साधारण खर्च छुट्टाएर राखौं र मुख्यमन्त्री कार्यालय र अर्थमा जुन खालका अर्थ विविध भनेर राखिएका बजेटहरू छन्, त्यसको पनि शीर्षक तोकिनु पर्छ र यो डल्लोमा राख्ने एकातिरपुर निर्वाचन क्षेत्रलाई केन्द्रित गरेर बजेट ल्याउने अर्कोतिर फेरि आफूले अलिकति आफ्नो तजविजमा बजेट विनियोजन गर्न सक्ने आधार राखिएको हो कि भन्ने आशंका यसमा देखिन्छ । त्यसकारण यो कुरालाई पनि विशेष ध्यान दिन म अनुरोध गर्न चाहन्छु । यसको सँगसँगै यति कुरा भैसकेपछि हामीसँग थोरै बजेट छ, आफ्नो प्रदेशको आम्दानी छैन, त्यसकारण सरकारले पहिलो कुरा हामीले ५ वर्षभित्र जो कर्णालीको कूल गार्हस्त उत्पादनलाई २१ सय डलरमा पुऱ्याउने भनेका छौं, यसको निम्ति एक वर्षमा कर्णालीबासीको कूल गार्हस्त उत्पादन हामीले कति बढाउन सक्छौं ? १ प्रसेन्ट अथवा ० प्रसेन्ट त्यसको योजनासहित केही ठूला योजनाहरू आउनु पर्छ भन्ने कुरा यहाँ राख्न चाहन्छु । त्यसपछि दिगोपनलाई पनि हामीले विशेष ध्यानमा राख्नै पर्छ । यो दिगोपनलाई ध्यानमा राख्न सकेनौं भने हाम्रा योजनाहरू भोलि हाम्रा निम्ति त्यो अभिषाप हुन सक्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । त्यसपछि हामीले दिएका योजनाहरू र हामीले वितरण सरकारले दिएका योजनाहरूले सबैले सामाजिक न्याय आफूलाई खुशी भएको महशुस गर्न सक्ने गरी यो सामाजिक न्यायलाई हामीले सम्बोधन गर्न सकौं । आज कर्णालीको सबै यथार्थ चित्र हेर्दाखेरि सबै कुराहरूमा हामी जो जुन अवस्था स्थितिमा छौं त्यसमा सुधार ल्याउनको निम्ति पनि कर्णाली सरकार, कर्णाली प्रदेश सरकारले सामाजिक न्यायमा आधारित भएर कार्यक्रमहरूलाई विश्वसनियताका साथ कार्यान्वयन गर्न सक्नेछ भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री कौशिलावती खत्री । समय ७ मिनेट । त्यसपछि माननीय श्री कुर्मराज शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्रीः** माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको आर्थिक अनुमान बजेटमाथि हिजोदेखि छलफल गर्ने क्रममा छौं । यस, यस वक्तव्यमा भएका धेरै सकारात्मक कुरालाई सर्मथन गर्दै र धेरै कुरा सरकारले जनताको जीवनस्तर उठ्ने गरी ल्याएको कार्यक्रमलाई स्वागत गर्दै म आफ्ना केही सुजातात्म प्रश्न सुझावहरू राख्न चाहन्छु । सभामुख महोदय, अब सरकारले आफ्नो बजेटलाई अर्थपूर्ण बनाउने हो भने बजेट वक्तव्य वक वक वक्तव्यमा सरकारको भिजनसहित समाजवाद उन्मुख अर्थनित अर्थ व्यवस्था र समृद्ध कर्णाली प्रदेश निर्माणको आरम्भ भएको छ छैन, यसले कर्णालीबासीहरूको प्रत्यक्ष रूपमा जीवनस्तर छुएको छ छुन सक्छ कि सक्दैन ? समन्यायक बाँडफाँड छ कि छैन र नीतिगत स्पष्टता कति छ भन्ने कुराको विचारको हेक्का राख्नुपर्ने हुन्छ । हेक्का राख्नपर्ने हुन्छ र यो बजेटले कति उपलव्धि गर्छ र सम्पूर्ण शीर्षकहरू छोएर आयो कि आएन भनी जाँच्ने एउटा बजेट वक्तव्य कसी पनि हो । यो कसीलाई यो कसीमा दाँजिएर आफूलाई अब्बल बनाउनका निम्ति कर्णाली प्रदेश सरकार, सरकारले आफ्ना केही कार्यशैली, आफ्नो मात्रै ठाउँलाई देख्ने दृष्टिलाई परिमार्जन सहित यो बजेट बजेटलाई शब्द र केही हरफहरू चेन्ज गर्न म अनुरोध गर्दछु । सर्वप्रथम त म कर्णाली प्रदेश सरकारको आन्तरिक मामिला तथा योजना मन्त्रीलाई केही प्रश्नहरू राख्न चाहन्छु । विश्वको गन्तव्य नेपाल, नेपालको गन्तव्य कर्णाली भन्ने नारालाई सार्थकता तुल्याउनको लागि पहिलो पर्यटक त यही कर्णाली प्रदेशको राजधानीमा आउने होला नि कर्णाली प्रदेशको राजधानीलाई सुन्दर देखाउन र कर्णाली प्रदेशप्रति अह सकारात्मक दृष्टिकोण बनाउनको लागि कर्णाली प्रदेशको राजधानीलाई सुन्दर बनाउनको लागि र धुलाम्य बाटालाई चिल्ला बनाउनका लागि  र ५ दिनसम्म पानी नपाउने वातावरणलाई सुल्झाउनको लागि विशेष परियोजना के हो ? र कति बजेट छुटयाएको छ ? दोश्रो प्रश्न भेरी बबई डाइभर्सनमा जुन सुर्खेत र सल्यानका जनतालाई अग्र अधिकार भनेर बजेट वक्तव्यमा आएको छ, जाजरकोटी जनता र डोल्पाली जनता कुन, कुन कारणले, के कारणले अग्र अधिकारको विशेष अग्र अधिकार विशेष उसमा नारामा पर्न सकेनन् ? के जाजरकोटी जनताले यसको लागि कुनै पनि मूल्य चुकाएका छैनन् ? कर्णाली प्रदेश सरकारको लागि जाजरकोटी जनताले कुनै, कुनै पनि योगदान दिएका छैनन् ? ३. बारम्बार संसदमा उठिरहेको तपाईहरूले आफ्ना पातीहाल्ना, आफ्ना देउताका थान जस्तालाई पनि कर्णाली प्रदेशको पर्यटक स्थल मान्ने, जुन जाजरकोटका मालिका, जाजरकोटको सुयालामालिका जस्ता अति संसारका दुर्लभ जनावरको बासस्थान भएको सुनगिद्ध, कस्तुरी, र हाब्रे जस्ता जनावरको बस्ती भएको र नेपालगञ्ज, पहाडबाट नेपालगञ्ज बत्ती बलेको सुन्दर दृष्य देख्न सकिने जहाँ अहिले छेडागाड नगरपालिकाले आसन्न रूपमा, सामान्य रूपमा पर्यटनक्षेत्र विकासको अवधारणा ल्याएर केही आफ्नो संरचना बनाएको छ । बारम्बार संरचना, बारम्बार यी कुरा मैले यो सदनमा उठाएको छु तर पनि प्रदेश सरकारको प्राथमिकतामा पर्न सकेन यो किन ? हिमाली आवासीय विद्यालयलाई जाजरकोटलाई बारम्बार किन बञ्चित गरिन्छ ? के जाजरकोटका भूगोल साविकका कर्णालीभन्दा विकट छैनन् र ? हेर्नु एक चोटी तपाईहरूका नजर जाजरकोटको मुलसाम जाजरकोटको सिउना, जुनी र कुसेमा पर्न आवश्यक छ । माथिका कुराहरूमा प्राथमिकता पाउनका लागि के जाजरकोटी मो जनताले के मूल्य चुकाउन पर्ने हो ? र जाजरकोटबाट छानिएर आएका प जनप्रतिनिधिहरू माननीयहरू कहिले मन्त्री हुने अवसर पाउने हुन् ? मन्त्रीमा मन्त्री भएको जिल्लालाई मात्र छुने र बारम्बार जाजरकोटलाई उपेक्षा राख्नको कारण के हो ? यो कुरा मलाई र मेरो जाजरकोटी जनतालाई चित्त बुझ्दो जवाफ चाहिन्छ । प्रमाणसहितको चित्त बुझ्दो जवाफ चाहिन्छ । माननीय सभामुख महोदय, अब म आफ्ना केही सुझावहरू राख्न चाहन्छु । छोरीमाथि हुने गरेका अत्याचार, परम्परा, गलत मान्यतालाई उन्मूलन गर्न छोरीको जीवन रक्षाको लागि समाजको हरेक जन्जीरलाई मुक्त गराउन सकारात्मक छल छलफलसहित चेतना र चरित्र समाजमा निर्माण गर्न आवश्यक

छलफल गरी उत्पादनमुखी र वर्ग सापेक्षिक बनाएर छोरीको बैंक खाता छोरीको सुरक्षा जीवनभरिको भन्ने कार्यक्रमलाई लागु गर्नुपर्छ किनभने त्यहाँ छोरीको जीवन रक्षाको कुरा पनि छ, यो धनी वर्गका वर्गमा मात्र हिंसा हुँदैन भन्ने छैन धनी वर्गमा झन् भ्रूण चेक गराएर छोरीको हत्या गर्ने झन् प्रचलन बढी हुन्छ । त्यसैले यो जीव कसैको बाँच्न पाउने अधिकारसँग जोडिएको कुरा पनि हो । त्यसैले यलाई कसरी हुन्छ छलफल गरेर यो कार्यक्रम लागु हुनुपर्छ । यलाई प्रभावकारी रूपमा अघि बढाउन पर्छ । निर्वाचन क्षेत्र विकास कोष भनिरहँदा हामी समानुपातिक निर्वाचन प्रणालीबाट आएका माननीयहरूलाई हेर्ने दृष्टि फरक छ । यसमा आवश्यक कार्यविधि बनाएर हाम्रो पनि आफ्नत्व हुने खालको कार्यविधि बनाइनु पर्छ र हाम्रा मुद्दाहरू निर्वाचन क्षेत्र विकास कोषले मात्रै समेटिन नसक्ने हुनाले सांसद विकास कोष या सामाजिक सुरक्षा कोष भनेर के छुट्याउन सकिन्छ, महिलाका मुद्दाहरू र उपेक्षामा परिएका वर्गहरूको मुद्दा समेट्नको लागि आवश्यक बजेटको विनियोज गर्न विनियोजन गरिनु पर्छ । कर प्रणालीलाई एकद्वार रूप र व्यवस्थित गर्न जरुरी छ । कर कले, कहाँ उठाउँछ ? कले त्यो कर राख्छ ? र सरकारको मातहतमा आउँछ कि आउँदैन ? त्यो अहिलेसम्म कुनै लेखाजोखा छैन । जाजरकोटमा त्यत्रो रूपमा खिराङ्लोको कर उठिरहेको छ र यस्तै अनेक किसिमका जडिबुटीहरूको कर उठिरहेको छ । यो कर प्रणाली व्यवस्थित नहुनाका कारण हिनामिना भएको मलाई अनुभूति भएको छ । सरकारले विभिन्न अनुगमन हाम्रा आफ्ना योजनाहरू कार्यन्वयन भएको विभिन्न अनुगमन समितिहरू बनाएको छ र ती अनुगमन समिति बनाउँदाखेरि संसदीय समितिलाई नै अनुगमन समितिको जिम्मा दिनुपर्छ । सरकारले आफैले गरेको काम आफैले अनुगमन गर्दा कत्तिको प्रभावकारी हुन्छ  भन्ने कुरा म सरकारलाई प्रश्न राख्न चाहन्छु । यस्तै विभिन्न किसिमबाट विभिन्न कालखण्डमा विभिन्न कार्यक्रममा जाजरकोटमा जाँदा जनताको कठघरामा उभिएर बहुमूल्य मूल्य चुकाउने मूल्य चुकाउनपर्ने भएकोले हुनाले जाजरकोटी जनतालाई सधैं उपेक्षामा नपारियोस् । यो बजेटले पोहोर सालजस्तै मुगु र जाजरकोटलाई मन्त्री नभएकै कारणले उपेक्षा नगरियोस् र सरकारले जुन बजेट ल्याएको छ, जुन कार्यक्रम ल्याएको छ, अत्यन्तै संवेदनशील भएर यो बजेटलाई कार्यान्वयन गरोस् र यो बजेट कर्णाली प्रदेशका जनताल जनताको जीवनस्तरलाई उठाउने एउटा कसी बनोस् भन्दै आफ्नो भनाइ यही टुंगाउँछु । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री कुर्मराज शाही, समय ७ मिनेट । यसपछि झोवा वि.क. तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री कुर्मराज शाही**ः सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को राजश्व, आय र व्ययमाथि हामी छलफल गरिरहेका छौं र यो छलफलमा मैले भाग लिइरहेको छु । यो छलफलको प्रक्रिया भित्रको समयको प्रयोग भरपूर ढंगले हामीले प्रयोग गरिरहेका छौं । आज २ दिनदेखि लगातार हामीले छलफल गरिरहेका छौं र यो छलफल गर्ने क्रममा चाहिँ यहाँ धेरै विषयवस्तुहरू उठान भका छन् । हामी बजेटमा बढी केन्द्रित भयौं जस्तो लागिराछ मलाई । यो बजेट पनि मलाई के लाग्छ भन्दाखेरि यो प्रदेशको आफ्नै आय हेर्दाखेरि अत्यन्तै नाजुक अवस्थामा छ । हामीसँग आफ्नै प्रदेशको श्रोत चाहिँ छैन यहाँनिर । जम्मा २१ करोड यस्तै यस्तै समथिंग जस्तो लाग्छ मलाई र हामी भर परिरहेका छौं, अहिले पनि अनुदानमाथि व्यापक छलफल गरेका छौं । संघीय सरकारले हामीलाई अनुदान दिन्छ, त्यो अनुदानमाथि हामीले व्यापक छलफल र बहस गरेका छौं, बेस्सरी मलाई चाहिँ लाग्छ पौंठेजोरी खेलेका छौं मलाई लाग्छ । हामीले यहाँनिर थोरै कुरा बुझ्न कहाँनेर सकेनौं भन्दाखेरि अब अनुदानमा दुइटा आर्थिक वर्ष एउटा आधा आर्थिक वर्ष, एउटा पूर्ण आर्थिक वर्ष हामीले विदा गरेका छौं । त्यो अनुदानमा थियो, अहिलेको आर्थिक वर्ष पनि अनुदानमा छ । यो अनुदानमा व्यापक बहस र छलफल गरिरहेका छौं । हामीले आफ्नो श्रोत बढाउने

कुरातिर सायद हाम्रो बहसहरू केन्द्रित भको छैन मैले यसको महशुस गरेको छु । भलै केन्द्र सरकारले संघीय सरकारले अर्को आर्थिक वर्षमा विस्तारै कम गर्दै आको छ है । गएको आर्थिक वर्षमा पूँजीगत बजेट धेरै थियो, अहिले चाहिँ मलाई लाग्छ चालु बजेट बढी भएर आको छ । यो बढा छलफलको विषय बहसको विषय हो र अर्को आउने आर्थिक वर्षमा मलाई के लाग्छ भन्दाखेरि चालु बजेटको भोलुम अत्यन्तै माथि हुनेछ किनभने कर्मचारी धेरै भर्ना गर्ने छौं हामी । यसैगरी मलाई के लाग्छ भन्दाखेरि पूँजीगत बजेटको भोलुम अत्यन्त सानो, अत्यन्तै साँघुरो हुनेछ । अब भन्ने छ केन्द्र सरकारलाई हामीले के भन्दाखेरि तिम्रो श्रोत बनाउन त, तिम्रो श्रोत नबनाउने खाली माग्नका निम्ति मात्रै संघमा आउने भन्नेखालको स्थिति बन्ला भोलि । आज हामी सडकका कुरा गरिरहेका छौं, खानेपानीका कुरा गरिरहेका छौं, सिंचाइका कुरा गरिरहेका छौं, भोलि विस्तारै विस्तारै त्यो भोलुम घट्दै गयो भने एउटा समस्या उत्पन्न हुनेवाला छ । आज सबै यो कर्णाली प्रदेशका सबै विज्ञहरूले ध्यान दिनुपर्ने कुरा यहाँनिर छ । सरकारदेखि विज्ञहरूदेखि हामीले प्रदेश योजना आयोग बनाएका छौं । प्रदेश योजना आयोगले योजना छान्ने होइन, कुलो बनाउने, कुलो चाहिँ छान्ने हैन, खानेपानी छान्ने हैन उले, नीति प्रष्टै यो प्रदेशको आर्थिक समृद्धि यो विषयमा हुन्छ भन्ने ठ्याक्कै पत्ता लाइदिने हामीलाई दिनु पर्‍यो, मलाई दिनु पर्‍यो ठ्याक्कै । हाम्रो प्रदेश योजना आयोगले अब यो चाहिँ मार्गनिर्देश गरेको छ है, अब यो विषयमा लाग्दा मात्र चाहिँ कर्णाली प्रदेश समृद्ध हुन्छ भन्ने खालको वातावरण क्रियट चाहिँ गर्नु पर्‍यो । यसरी विज्ञ टोली पनि नित नितान्त चिन्तित हुनुपर्‍यो जस्तो लागिराछ मलाई । मैले सुनिराखेको छु विज्ञ टोली बनेको छ, प्रदेश सरकार संचालन गर्नका निम्ति अझ त्यलाई प्रशासनिक नियन्त्रण गर्नका निम्ति मात्रै हैन भन्ने बुझ्याछु मैले त । त्यले समग्र कर्णाली प्रदेशको विकासका निम्ति यहाँको प्रतिव्यक्ति आम्दानीका निम्ति, यहाँको गार्हस्त उत्पादनका निम्ति गम्भीर ढंगले उले सोचेको छ, त्यो सोच उले गराउनु पर्छ, त्यो सोचलाई केलाउनु पर्छ अनि बल्ल कर्णाली प्रदेश आत्मनिर्भर रहन्छ र कर्णाली प्रदेश आर्थिक हिसाबले स्वतन्त्र हुन्छ म त यहाँ भनिराछु । आत्मनिर्भर र स्वतन्त्र बनाउन सकेनौं भने कर्णाली प्रदेश जहिले भिख माग्ने हुन्छ । मैले ठोकुवा गरी भन्दिएँ यहाँबाट । पहिलो कुरा भिख माग्ने कुराबाट गरिबीको कुरा छोड्नुस् यहाँनिर । गरिब त तास खेले नि मान्छे गरिब हुन्छ, जुवा खेले पनि गरिब हुन्छ, रक्सी खाए पनि गरिब हुन्छ मान्छे, भिख माग्ने कुरा भन्दैछु म । मेरो आर्थिक अवस्था केही थिएन, मेरो आर्थिक धरातल केही थिएन म आज भिख मागिरहेको छु भन्ने कुराबाट बन्चित कसरी गर्न सकिन्छ आज । प्रत्येकले माननीय सदस्यदेखि लिएर सबैले सरकारले सबैले गम्भीर ढंगले एकदम मलाई के लाग्छ भने सुक्ष्म दिमागले ठन्डा दिमागले सोचौं एकचोटी मलाई लाग्छ पाँच दिनका निम्ति अनि बल्ल कर्णाली प्रदेश समृद्धि दिशातिर अगाडि बढाउन सक्छौं । कर्णाली प्रदेशलाई समाजवाद पुग्नका निम्ति आधार यहाँनेर निर्माण गर्न सक्छौं । त्यो भको हुनाले सभामुख महोदय, यतातिर ध्यान जाओस् म आग्रह गर्न चाहन्छु । अर्को दोश्रो विषयवस्तु कहाँनिर हो भन्दाखेरि बजेट त पठाएकै छ यहाँनेर ०७६ दुइटा आर्थिक वर्षको बजेट हामीले खर्च गर्न सकेनौं सबभन्दा दुःखको कुरा यहाँनेर । बजेट त छोड्नु न यहाँनिर मेरो सडकमा एक लाख मात्रै हाल्नुस् सरकारले केही फरक पर्दैन यहाँनेर । मेरो एउटा खानेपानीमा ५० हजार मात्रै हालिदिनुस् केही फरक पर्दैन मेरो निर्वाचन क्षेत्रमा तर ५० हजारलाई खर्च गर्न सक्ने कि नसक्ने समस्या यहाँनिर आयो यहाँनेर । मुख्य कुरा त अहम् प्रश्न त यहाँनिर खडा भैराछ । खर्च गर्न सक्ने कि नसक्ने यहाँनेर । थोरै बजेट, धेरै बजेट, थोरै बजेटको यहाँ अर्थ छैन यहाँनिर । मेरो निर्वाचन क्षेत्रमा, मेरो सडकमा २ करोड पर्‍यो एउटा सडक, २ करोड अन्तिममा मलाई लाग्छ त्यसको चाहिँ टेण्डर भो, ठेकेदारहरू घटेर उनीहरूले ७० प्रसेन्ट घट्दै जम्मा रहयो ६० लाख यस्तै बच्याछ । त्यो भको हुनाले मलाई के लाग्छ भन्दाखेरि खर्च गर्ने कुराको ठूलो समस्या यहाँनेर । पूँजीगत बजेटलाई खर्च गर्न सकिएन भने आर्थिक समृद्धिका दिशातिर

अगाडि बढ्न सक्दैनौं हामी, ध्यान त्यतातिर केन्द्रित गर्न जरुरी छ आज र पूँजीगत बजेटलाई खर्च गर्न सकिएन भने चालु बजेटको समस्या खर्च हुन्छ हन्ड्रेड प्रसेन्ट सायद विज्ञ सरहरू यहाँनिर बस्नु भाछ मास्थिरपट्टि दर्शकदीर्घामा । हामी त राजनीतिक भाषण गर्ने मान्छेहरू यहाँहरूको विज्ञता प्रकट चालु खर्च त फरकै पर्दैन यो आर्थिक वर्षको । सायद हन्ड्रेड प्रसेन्ट खर्च भको होला जस्तो लाग्छ मलाई । यदि मैले तपाईको यदि बुझेको छैन भने यदि बुझेको छु भने चालुमा हन्ड्रेड प्रसेन्ट खर्च भको छ । पूँजीगत बजेटमा कति खर्च भको छ भन्दाखेरि मलाई लाग्छ त्यही अब असार आउँदैछ सायद ३०, ३५ प्रसेन्ट यस्तै पुग्लाजस्तो मलाई लागि राछ त्यो भको हुनाले त्यस ३०, ३५ प्रसेन्टको यो भोलुमलाई हन्ड्रेड प्रसेन्ट पुऱ्याउनका निम्ति आउने आर्थिक वर्षमा के गर्न सकिन्छ ? यहाँनेर सोचौं । मुख्य कुरा आम प्रश्न यहाँनेर देखिराछु मैले । कसरी गर्न सक्छौं यहाँनिर ध्यान यतातिर केन्द्रित गर्नुपर्ने हो, मैले मुख्यमन्त्रीको एउटा कुरा सुनिरहेको छु । गएको एउटा आधा आर्थिक वर्ष, एउटा पूर्ण आर्थिक वर्ष विदा भएको छ, कर्मचारीको समस्याले हामी धेरै चाहिँ तपाईको हामीले च्यालेन्ज व्यहोरिरहेका छौं, चुनौति व्यहोरिरहेका छौं, समस्या व्यहोरिरहेका छौं । त्यो समस्या फेरि पनि अहिले आउनेवाला छ भन्ने कुरा मुख्यमन्त्रीले बोल्नु भाछ । मुख्य चूरो कुरो त यही त होला नि पूँजीगत बजेट खर्च गर्नका निम्ति यो चूरो कुरोलाई समाधान गर्नका निम्ति के गर्न सक्छौं अब यहाँनिर सोच्नुपर्ने भो । सपना यसका निम्ति देख्नु पर्ने भो, हामी रावणको जस्तो सपना नदेखौं । रावणले एउटा सपना देख्या थियो लंकामा हुँदाखेरि । मकैको पातलाई उले कपडा बनाउने सपना देख्या थियो । माथि बाली आउँछ, बालीलाई उले के सपना देख्या थियो भन्दाखेरि हिरा बनाउने सपना देख्या थियो, उले रुपान्तर गर्ने सपना देख्या थियो । यसैगरी मलाई के लाग्छ भन्दाखेरि त्यसको डाँडलाई फलाम बनाउने उले सपना देख्या थियो । बीचैमा उसको हरायो होला उसको आफ्नो कुरा होला तर अब हामीले सपना चाहिँ के देख्नु पऱ्यो भने यो कर्णाली प्रदेशलाई साँच्चिकै चाहिँ मलाई लाग्छ यलाई हिरा बनाउनका निम्ति, यलाई सुन बनाउनका निम्ति मलाई लाग्छ फलाम बनाउनका निम्ति मुख्य गरी यलाई कार्यान्वयन गर्ने क्रममा चाहिँ कर्मचारी विशेषगरी विज्ञहरू, कसरी हामीले आज पूर्ति गर्न सक्छौं अहम् प्रश्न यहाँनिर देखिराछु मैले । अरु त नीति तथा कार्यक्रम अन्तर्गत त सबै कार्यक्रम आएकै छ त यहाँ । फरकै पर्दैन यहाँ त भनेकै छ त यहाँ सरसर्ती हेर्दाखेरि त के लाग्छ भन्दाखेरि बजेट थोर बहुत होला । ढुकुटीमा अलि बढी होला, ढुकुटीमा बढी राखेको कुनै आपत्ति छैन । यलाई निष्पक्ष, यलाई पारदर्शी गर्नुस् कुनै समस्या पर्दैन । ठूला गौरवका योजना बनाउने क्रम राख्नु भाछ त्यो विश्वस्त हामी गर्नुपर्छ । सबै कुरा मलाई अविश्वासै गर्नुपर्ने कुरा केही छैन । यहाँ मैले देखिराछु यहाँनिर हेर्दाखेरि एक घर, एक धारा राम्रै कुरा त हो नि के फरक पर्नेछ यहाँनेर । शिक्षामा लगानी गर्ने कुरा छ, प्राविधिक नमुना विद्यालय, विश्वविद्यालय बनाउने कुरा भाछ, राम्रै त कुरा छ त बनाउन सकियो भने । हामीसँग जनशक्तिको अभाव यदि भएन भने राम्रै कुरा त भाछ । यस्तो मेरो किसान मेरो अन्नदाता बनाउने बहुत गम्भीर विषय छ यहाँनिर । यसको अन्तरभित्र छिर्ने हो भने त कति छ कति । एउटा चाहिँ दस्तावेज तयार हुन्छ, कुनै पनि मान्छेले एउटा पीएचडी गर्नु पर्दा यो विषयमा पीएचडी गर्छ उले । समस्यै छैन भन्या नीति कार्यक्रमको सौन्दर्यप्रति हाम्रो समस्या होइन यहाँनिर । त्यो भको हुनाले मलाई के लाग्छ भन्दाखेरि अब कुराको खेती मात्रै होइन, कुरालाई व्यवहारमा उतार्नको निम्ति त्यलाई कार्यान्वयन गर्ने प्रक्रियाको निम्ति त्यलाई सब बलियो कसरी बनाउन सक्छौं, त्यो सम्झौता तयार गरौं, सँगै सुशासनको प्रत्याभूति दिन सक्यो भने मात्रै यो बजेट खर्च गर्न सक्छौं । नत्र भने के अर्थ छ र ? चालु बजेट हन्ड्रेट प्रसेन्ट खर्च हुने, पूँजीगत बजेट 10 प्रसेन्ट २० प्रसेन्ट मात्र खर्च हुने हो भने यो कर्णाली प्रदेशको समृद्धि यात्रा अगाडि बढ्न सक्दैन । त्यो भको हुनाले म के आग्रह गर्न चाहन्छु भन्दाखेरि सबभन्दा पहिला कुरा गम्भीर एक वर्ष डिपिआर गरिसक्नुपर्थ्यो । अहिले फेरि डिपिआरको कुरा

फेरि आछन् यहाँनेर । डिपिआर गरेपछि लागत अनुमान कति हो भन्ने कुरा होला । यो आर्थिक वर्ष फेरि डिपिआरमै जानुपर्ने हो भने यो समस्या उत्पन्न भाछ हल गरौं, चाँडो इन्जिनियरिङ जो कम्पनी बनाउने एउटा कन्सेप्ट आको छ यसमा, यलाई चाँडो पूर्ति गरौं । यो यही साउनको महिनाभित्र पूर्ति गर्दिम जस्तो लाग्छ मलाई । त्यो भको हुनाले यी आएका विषयवस्तुहरू सबै राम्रा छन्, सुन्दर छन् । यलाई सुन्दरता दिनका निम्ति कार्यान्वयन पक्षलाई बलियो बनोस् म आग्रह गर्न चाहन्छु । अन्तिममा मलाई के लाग्छ बजेट सन्तुलन, समन्यायक, समानुपातिक, समावेशी प्रकारले बनाउनका निम्ति चाहिँ केही तलमाथि परेको छ, केही तल वितलहरू भकाछन्, । एउटा निर्वाचन क्षेत्रमा चाहिँ मलाई ५ करोडले इज्जत धानेको छ सबैको, कम्युनिष्ट पार्टीको इज्जत राखेको छ । कम्युनिष्ट पार्टीको इज्जत भन्छु म त । प्रष्टै भन्छु यो कम्युनिष्ट पार्टीको इज्जत बचाउनका निम्ति भन्छु कम्यूनिष्ट पार्टीको सरकार यो त दुईतिहाइ मतको भन्न के समस्या भो र ? यले इज्जत जोगाएको छ, यो इज्जतलाई मलाई लाग्छ अझैं थप गर्नका निम्ति मलाई के लाग्छ भन्दाखेरि ५ करोडबाट १० करोड बनाउँदा केही फरक पर्दैन । माननीयहरू चाहिँ मलाई के लाग्छ भने गाउँपालिकामा गएर वडा अध्यक्ष्यज्यू मलाई एककप चिया खुवाउनुस् त भन्ने ठाउँमा स्थितिमा ऊ अलि राजाजस्तो हामी अलि उसको चाहिँ नोकर जस्तो जो महशुस भैराको छ । यो महशुसलाई यहाँहरूले सम्बोधन गर्नुस् भन्ने आग्रह गर्दै मेरा आफ्नो छोटो सुझाव अन्त्य गर्छु । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री झोवा वि.क. । त्यसपछि माननीय श्री राजु नेपाली तयारी अवस्थामा रहनु होला । श्री झोवा वि.क., समय ७ मिनेट ।

**माननीय श्री झोवा वि.क.ः** सभामुख महोदय, यो आर्थिक वर्ष ०७६/०७७ को बजेटमा हामी म भाग लिदैछौं बोल्दैछ । अनि यो सरकारी अनि यो सुर्खेतको हो बत्तीजसो सरकारी छ । हेर्दैमा चाहिँ ढाका ढोपी ओरेको, दौरासुरुवाल ओरेको यति राम्रो देखेछ अनि झिमिक्क जाने जसो झिमिक्क आउने जसो हामीलाई कसैले पढ्न नपाउन्या, कसैले चाहिँ खाना खाने नहुन्या गर्छन् । ल्याउनु बेला ल यति यो ठाउँमा यति, यो ठाउँमा यति भनेर राम्रै नै आउँछन् । पछि चाहिँ काम गर्ने बेलाला कसैको काटेर, कसैलाई बढी, कसैलाई घटी, कसैलाई यो मुगु भन्ने ठाउँमा त्यही चाइनाको सीमाना हो । चाइनाको सीमानामा अनि यो सिमेन्टको प्याकमा चाहिँ ती केरे १४ सय गर्छन्, १४ सयमा तुलना लिन हिसाब हान्नु त, त्यहीलै १५ लाख, २५ लाख, ७ लाखले हामले के हुन्छ त । यो सरकारको निम यस्तै नै गर्छन् अलि चाहिँ छुटाउनु चाहिँ टाढाटाढालाई अलि बढी नै छुटाएपछिमा केही न केही काम हुन्छन् । भन्नु बेलाला दलित, जनजाति, पिछडिया महिला भन्छन्, काम गर्ने बेलाला महिलालाई केही त अगाडि हेर्दैन । अनि ऐले चाहिँ भन्छन् अनि छोरीलाई चाहिँ जन्माउनु वित्तिकै अनि तै के रे, केही न केही तिनीलाई कस राख्नुपर्छ भनेर हामी महिलाहरू समानुपातिक छोरी होइन ? के हामी पुरुष हो ? हामीलाई चाहिँ अनि समा समानुपातिमा त्यही प्रदेश बराबरको हामीलाई तुलना लिनु होइन ? यलि ल्याउनु बेलाला अनि छोरीलाई भन्छन् । हामी के पुरुष त होइन ? हामी पनि छोरी नै हो । हामी पनि यो अरु यो जन्माउनु वित्तिकै त्यही राख्नुभन्दा त हामीहरूलाई राखे पनि । हामीहरूको मन त दुख्दैन त । हामी पनि मन दुखिराखेछ हामी पनि १० जिल्लाबाट म आएछ । हामी पनि त्यही क्षेत्रबाट हामीले चाहिँ प्रतिनिधि पठायो । हामीले पनि पाटीले चाहिँ यो प्रतिनिधि गरेर पठायो । हामीले नि राख्दैन उही छोरीको कुरा, छोरीलाई दिनु राम्रो छ मैले पनि समादान गरेर राम्रो त छ । अगर आमालाई छोरी पाउने हो छोरीले आमा पाउँदैन । हो हामीले पनि यो राख्न पऱ्यो त ? हामीलाई के पर चाहिँ कसैको मुन दुखेर, कसैको मुन हाँसेको किन गर्ने त ? हामी चाहिँ ४० जना छ यदि चाहिँ बराबर नगरेपछिमा हामीलाई पनि यलिकता लियापछि हामी पनि मुन राम्रो हुन्छ त । हामी मुन दुख्दैन त । हो यो सरकारी चाहिँ यो सुर्खेतको बत्ती हो । यलै झिमिक्क यलै चाहिँ

आउनेजसो यलै जाने जसो । हामीले खाना खानु पनि दिँदैन, खाना खादैखादै बत्ती जान्छन् अनि केही पर पढ्दै पढ्दै पानी त्यै बत्ती जान्छ तहीजसो सरकारी हो अनि हामीलाई माथि मुगुम कार्मारोङ पिछडिए भन्छ । केही त पिछडिया हेर्दैन, पोहोर हामीलाई कति योजना गएछ । हामीलाई चाहिँ कानून मन्त्रीले हामीलाई माथितिर यो त्यै क्यार किरा कोर्ने ठाउँमा हामले सुरक्षाकर्मी थप भनेर थपै छैन, ० राखेछ । हाम्रो त्यो क्यारे यो शिक्षा मन्त्रीले फिरि चाहिँ हामीले माथितिर शिक्षक छैन, यसरी दुःखी छ हामी पढाइलेखाइ नभएर हामी यस्तोरी पिछडिएछ भनेर हामीलाई ० राखेछ । कोले दिएछ त ? कोइ दिएछैन । हामी माथि मुगुतिर मन्त्री नभएर हामलाई बहुत हैंला गरेछ । अब त यो साल चाहिँ म मान्यवाला छैन, बरु चाहिँ भनेपछि त्यसो भन्नु हुँदैन भन्छ । अब के गरेर हुने हो ? अब ढुंगोमूडो भनेपछि मर्दै हुदै भन्नु हुँदैन भन्छ । अब म त यो साल त चाहिँ म यसरी म कस्साउने थिएँ । म पनि माथिबाट म प्रतिनिधि गरेर आए हो । म दुःख त्यै क्यारे मेरो जनताले पनि मलाई दुःख दिन्छन् । तिमी के गर्न सक्छौं ? पढाइलेखाइ छैन के गर्न सक्छौं ? भन्छ । पढाइलेखाई मात्र भयर हुन्छन् हामीले लिएपछिमा दिएपछि हामी त लिन सक्छ त । आ यो लेख्नलाई त बारी बोक्नु छैन, लौरो टेक्नु छैन । उही कुर्चीमा बसीबसिकन लेख्ने त हो । फलाना ठाउँमा यति, फलाना ठाउँमा यति भनेर के बसीबसीकन कुर्सीमा बसीबसीकन लेख्ने त हो, अरु के हो त ? धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री राजु नेपाली । समय ७ मिनेट । त्यसपछि माननीय श्री विरबहादुर शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमाथि छलफइ, छलफल गर्दै जाँदा म पनि यहाँ सहभागी भैरहेको छु । हामी बजेटमा छलफल गर्दै जाँदा मलाई केही केही कुराहरू भन्न गइरहेको छु किनभनि धेरै कुरा आएका छन् सरकारले मिहेनेत गरेर ल्याएको छ, छुटेको केही छैन जस्तो लाग्छ, पाएका केही छैनन् जस्तो लाग्छ । सबै कुरा आउँदाआउँदै पनि केही कुरा राख्नै पर्ने ठानेको छु । बुँदा नं. ७४ मा भनिएको छ शिक्षा, शिक्षाको आवश्यकता प्रदान गर्न भनेर नै ५ वटा जिल्लालाई तोकिएको छ तर ५ वटा जिल्लालाई किन सरकारले उपेक्षित गऱ्यो ? ५ वटा जिल्ला पनि वीरेन्द्रनगर राजधानी भएको कारणले यलाई हेर्नु हुँदैन । यहाँ पनि भौगोलिक अत्यन्तै विकटता छ र त्यस्तै सल्यान पनि त्यस्तै विकटता छ, त्यहाँ पनि शिक्षाको पहुँचमा नपुगेका धेरै सायद विद्यार्थी होलान् तर यो कार्यक्रम १० वटै जिल्लामा लागु हुनुपर्छ । हामी अहिलेको पूर्ववक्ता माननीयज्यूले भनिसक्नुभएको छ । सुर्खेत राजधानीको अवस्था र शिक्षाको धेरैजसो यहाँ नामै लेख्न नपाएर यहाँ धेरै विद्यार्थीहरू अलपत्र परेका छन् । हामीले भोगिरहेकै कुरा हो, यसलाई कसरी सरकारले सम्बोधन गर्ने हो गर्नु पर्छ र यो चाहिँ अलिकति चाप घट्छ । १० वटै जिल्लामा कार्यक्रम संचालन भयो भने सायद राम्रा विद्यालय बने भने यहाँ अलि चाप घट्न सक्छ । त्यस्तै बुँदा नं. ६८ मा भनिएको छ : लक्षित आधारविहिन जनतालाई घडेरी भनिएको छ, मैले पूरै त लेखिन त्यहाँ त किताब भरिएको छ भरिएको छ । मेरो पनि कापी भरियो भने सायद यो कुराले सार्थकता दिन्न कि जस्तो लागेर मलाई यो हि पहिलाको हामीले यो सुकुम्बासी आयोग थियो, त्यहाँ जग्गा धन दिने क्रममा कोही बाबुआमाका ५ धुर जग्गा छन्, कोही बाउआमाका ३ धुर जग्गा छन् । तिनी बाबुआमाका सन्तानहरू ३ भाइ छन्, आधारविहिन भनेर त्यो छोराछोरीलाई भन्ने कि नभन्ने कस्तालाई भन्ने ? कि हो भने यही ५ धुर, ४ धुर जग्गा आमाबाउको छ त्यहीमै मात्रै सीमित हुने हो कि यो अलिकति खुलेर आएको भए हुन्थ्यो जस्तो मलाई लाग्छ । त्यस्तै बुदा नं. ५५ मा भनिएको छ राजधानी शहर धुलो, धुवाँ मुक्तरहित भन्ने कुरो स्वभाविकै हो, असाध्यै राम्रो छ यो सहानीय छ । यहाँ सायद साइकल लेखिएको छ, साइकल चढ्ने कति हुनुहुन्छ ? साइकल किन्ने कति

हुनुहुन्छ ? यो सरकारले मध्यनजर के साइकललाई गरेको हो ? धुलाविटदेखि बाङ्गेसिमल भनिएको छ । कता छुट्टै हाइवयदेखि छुट्टै एउटै साइकल गुडाउने बाटो बनाउने हो कि यदि हाइवेमै हो । हाइवे हाइवेमै त जति हो जग्गा छुट्याएर हाइवेको कार्यक्रम अगाडि बढिरखेको छ, त्यहाँ घर जोडिएका छन् । अब त्यो साइकल भन्ने कहाँबाट आयो होला ? कुन अहिलेको अवस्थामा सायद साइकल चढ्ने व्यक्ति मैले कहिँकतै देख्दैन । अटो चढ्छन्, बाइक चढ्छन्, कार चढ्छन्, हुनेले कार हुन्छ उस्तै भए बाइकमा चढ्नुहुन्छ, त्यस्तै भए अटोसम्म चढ्नुहुन्छ है । यसलाई चाहिँ अलिकतै सरकारले मध्यनजर गरोस् भन्न चाहन्छु म । र हामी धेरै कुरामा विज्ञ छौं भन्ने हो । यदि आफू विज्ञ नभएर विज्ञ समूह पनि राखेकै छ जस्तो लाग्छ सरकारले । त्यसलाई राम्रोसँग के परिचालित गर्ने हो कि अझैं राम्रो सुझाव लिन सरकारले जोड मद्दत गरोस् भन्ने लाग्छ मलाई । बुँदा नं.११७ मा लेखिएको छ कि बैंक खाता छोरीको सुरक्षा जीवनभरिको असाध्यै राम्रो छ, यले नेपालमै नभएर अन्तर्राष्ट्रमै पनि सायद हाम्रा नेपालीहरू छन् धेरै, अचम्मै राम्रो हलचल मच्चाएको छ यलाई सायद हटाइनु हुँदैन । यदि, हटाइनु हुँदैन, यदि हाम्रो प्रदेश कर्णाली प्रदेश जस्तो गरिब प्रदेश भएकै कारणले सरकारलाई यति धान्न गाह्रो हुन्छ भने वर्गीकरण गरौं न त, वर्गीकरण गरेर भए पनि यो कार्यक्रम लागु गर्नुपर्ने हुन्छ । यो कार्यक्रम विशुद्ध हाम्रा सार्वजनिक विद्यालयमा पढ्ने विद्यार्थीहरूको लागि अत्यन्तै महत्वपूर्ण सहयोग मिल्नेछ र उहाँहरूको जीवन स्तर पनि उठ्नेछ भन्ने मलाई लाग्छ । यसै हामी यसलाई यो अब सुर्खेतकै कुरा हो सायद त्यस्तै अरु पनि आउला विपद् आपद भोको कोही पनि नरहने भन्ने हाम्रो सरकारले नीति ल्याइसकेको छ । यसैमध्ये यसैलाई मध्यनजर गर्दै यहाँ अषाढ १ गतेदेखि भदौसम्मका लागि यो झुप्राखोलामा बालुवा उत्खनन् गरेर खाने वादी समुदाय अल्पत्र परेको छ । अब भोकले मर्न थाल्यो, सरकारको ध्यान त्यता जानुपर्छ होला भन्ने मलाई लागिरहेको छ किनभनी बालुवा रोकिएपछि अरु कुनै केही छैन श्रोत तिनी उहाँहरूको यसका लागि पनि कर्णाली प्रदेश सरकारले के गर्नु पर्छ ? छिटोभन्दा छिटो उहाँहरूलाई राहत अथवा खाद्यान्न उपलब्ध बनाइयोस्, गरियोस् भन्ने कुरा राख्न चाहन्छु ।

सभामुख महोदय, यो दलित छात्राबासका लागि किन, कहिँ कसैको टाउको दुख्छ ? खुकुरीको चोट अचानालाई थाहा हुन्छ ? अहिलेको अवस्थामा पनि यहाँ मैले नै सुनिरहेको छु बाहिर गाउँबाट यहाँ पढ्न आउँदै गर्नुभएको विद्यार्थीहरू तर घरबेटीकहाँ जानुहुन्छ घरभाडा दिनु पर्‍यो भन्दै हुनुहुन्छ तर घरबेटीले मैरै आफैले कानले सुनेको छु के जात कि हौं बाबु ? के जाति ? कि के थरी नानी ? भनेर सोधिरहेको अवस्था छ । त्यो हामीले त्यो दलितलाई मात्र हो भनेर भन्दैनौं भोलि अन्यलाई पनि त्यले मद्दत पुर्‍याउँछ । बनाउँदा कुनै केही फरक पर्दैन । संरचना हो, कर्णाली प्रदेशको संरचना हो बनाऔं, बनाउन त पर्छ नै । जता पाए हाम्रा संरचनाहरू लथालिङ्ग भताभिङ्ग भएको राम्रो हुँदैन भन्ने कुरा राख्न चाहन्छु । अब यहाँ धेरै कुरो आइसकेको छ । यहाँहरू दशै प्रदेशबाट प्रतिनिधि भएर आइसक्नु भएको छ । खानेपानी हामीले भोगिरहेकै कुरो छ, असाध्यै जरजर अवस्था छ, एक घर एक धाराको नीति मात्रै ल्याएर पुग्दैन, छिटोभन्दा छिटो लागु गरौं र हामी जनप्रतिनिधिलाई पनि त्यो लागु गरियो भने हामीले पनि राहत पाउँछौं । हामीले खानेपानी नपाएर छटपटाइरहेको अवस्था छ, जतिसक्दो धेरैभन्दा धेरै बजेट खानेपानीमा पनि लगाऔं भन्ने कुरा यहाँ राख्दै आफ्नो भनाइ यही अन्त गर्छु, हवस् । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री विरबहादुर शाही । समय ७ मिनेट । यसपछि माननीय दानसिंह परियार तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री विरबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, २०७६/०७७ को बजेटमा केही कुराहरू राख्न गैरहेको छु । यो मैले किताब हेर्दाखेरि मलाई अनौठो पनि लाग्यो । नेपालका ७० वटा जिल्ला

छन्, त्यही जिल्लामध्येमा सडक नपुगेको जिल्ला डोल्पा र हुम्ला हो भन्ने मलाई लाग्छ तर यो किताबमा लेखिएको छ, एक क्षेत्र एक सडक लेखिएको छ । कर्णाली प्रदेशमा त २४ वटा निर्वाचन क्षेत्र होला या डोल्पा पुग्दैन, पर्दैन कि लाग्यो मलाई, डोल्पामा निर्वाचन क्षेत्र तोकिएको छैन । लेखिएको छ - एक निर्वाचन क्षेत्र र एक सडक अन्तर्गत लेखिएको छ, यहाँ डबल जोडिएको छ । त्यही सडकलाई लगिएको छ त्रिवेणी जुम्ला नर्खु सरभिङ भालु त्यही सडकमा लेखिएको छ यहाँ नर्खु सरभिङ भालुलेक जग्दुल्ला लेखिएको छ । हुनुपर्ने त्रिवेणी सरभिङ जग्दुल्ला धुरीकोट हो मैले दुईपटक यसको संशोधन चिठी मैले दिइसकेको हुँ । अर्को सडक चाहिँ तपाईको जुम्ला डोल्पा मुस्ताङ जोड्ने अन्तरप्रदेश सडक त्यलाई चाहिँ हामले काम गराएको हौं र अर्को सडक चाहिँ तपाईको उत्तरको उता उत्तरको चाहिँ स्यापु हुँदै सालदाङ फोक्सुण्डो जोड्ने सडक दिएको थियो, त्यो कुनै पनि यो किताबमा आएन र अर्को जो यहाँ संग्राहालय भनिएको छ र संग्राहालयमा चाहिँ तपाईको यो के डोल्पामा मैले मलाई मलाई भनुभव भन्याछु हेरेको जस्तै तपाईको कर्णाली प्रदेशमै लामा जि बस्ती डोल्पामा होला । ६ वटा गाउँपालिका छ, दुइटा नगरपालिका छ, त्यसमा चाहिँ तपाईको हुम्लामा छ लामा संग्राहालय । डोल्पामा किन आएन ? र आएको छ यो किताबमा कर्णालीको पानी जनताको लगानी अत्यन्तै राम्रो नारा आएको छ नारालाई चाहिँ मैले कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । आउन त कर्णालीको पानी जनताको लगानी आयो तर कर्णाली प्रदेश राजधानीमा पानी नपाएर यहाँ रातभरि बस्नु परेको छ । यो नारा मात्रै सीमित हुने हो कि यसमा व्यवहारमा उत्रिनु पर्ने हो । हामीले बजेटको किताबमा ल्याउनभन्दा पनि कार्यान्वयनमा अगाडि बढाउनुपर्छ । अहिले भेरी करिडोर तरेर कर्णाली करिडोरमा चाहिँ कहाँसम्म बाटो अगाडि पुगेको छ ? यो कर्णाली प्रदेश सरकारले यसको मूल्याङ्कन गरेको छ कि छैन । डोल्पामा सडक छोएको झण्डै हामीले मंसिर ५ गते उद्घाटन गरिसकेको हौं र अहिलेसम्म त्यो पुल जाजरकोटबाट डोल्पासम्म १० वटा पुल लाग्छन् त्यो पुलको जिम्मा कोले लिने हो ? या कर्णाली प्रदेशले लग्ने हो या संघीय सरकारले लग्ने हो । अब कर्णाली प्रदेशले अर्थात संघीय सरकारले बाटो नपुगेको जिल्ला हुम्ला डोल्पालाई क्षेतिपूर्तिसहित व्यवस्थापन गर्नुपर्छ । हो आ आवश्यकताअनुसारमा चाहिँ बजेट विनियोजन गर्नु पर्छ । यहाँ आवश्यकता अनुसार नभएर पनि आफ्नै हिसाबले मन्त्री मन्त्रीज्यूका आफ्ना चाहिँ आफन्तजन हो कि आफ् आफ्ना निर्वाचन क्षेत्रमा हो कि विकास विनियोजन भएको देखिन्छ । हो हिजो नयाँ चाहिँ संरचनामा छौं हामी अनि नयाँ अभ्यासमा छौं भनेर हामीले विभिन्न किसिमले छल्न सकियो । ०७६, ०७५/०७६ को बजेट अहिले पनि त्यही हिसाबले आको बजेट छ । यलाई यलाई मान्यता दिने कि नदिने ? अहिलेसम्म पनि साविकका कर्णालीबासीहरू टाउकोको नाम्लो र लाए नून बोक्दैछन् उनको चाहिँ समय उनको चाहिँ व्यवस्था गर्ने कि नगर्ने ? अहिलेसम्म रोटी र भोटीका ब बस्ती भनेको साविकको कर्णाली नै होला । तिनको व्यवस्था गर्न सक्ने कि नसक्ने ? हिजो त काठमाण्डौंबाट चाहिँ पूर कर्णाली टाढा थियो, अहिले त हामी नजिक छौं । आज यो यो, यो यो आजको उमा यो बजेट भनेको १७ लाख उले कर्णालीबासीले हेरिराखेका छन् । यसमध्येमा साविक कर्णालीका जनताहरू पर्छन् कि पर्दैनन् ? यो सरकारले चाहिँ यसको मतलव भित्रैबाट चाहिँ नजर लिएर यो यो गरेको छ कि छैन ? हो किताबमा चाहिँ अब राम्रै देखिन्छ र जो जनता सडक आएको छ त्यो जनता सडकलाई चाहिँ गत साल चाहिँ ५ करोड थियो अहिले त्यलाई घटाएर चाहिँ २ करोड राखिएको छ । पूर्वसाथीहरूले भन्नुभएको छ १० करोड, १० करोड होइन, हुम्ला डोल्पामा त २० करोड दिनुपर्छ । क्षतिपूर्ति सहित दिनुपर्छ, कमसेकम भूगोलको हिसाबले जन कुन ठाउँमा सडक पुगेको छैन, आवश्यक त सुर्खेतलाई पानी र बत्तीको चाहिँ एकदमै आवश्यक छ, आज हामीले मोबाइल चार्ज गर्न पाएको छैनौं । यो सरकारले कहाँ हेरेको छ ? पानी खान पाएको छैनौं । यहाँ अरबौं रुपैयाँ लगानी गरौं न यसको कुनै दुईमत छैन । गत साल भन्ने गरिएको थियो अहिले यहाँ छरुवा नहाल्ने अहिले एकीकृत

गर्ने खै त एकीकृत आको फेरि पनि अहिले पनि आएको देखिएको छैन । भन्दै यो बजेट आवश्यकता अनुसार विनियोजन होस् । यो व्यक्तिगत हिसाबले भन्दा पनि आवश्यकता अनुसार विनि विनियोजन होस् भन्दै मेरा भनाइ यही राख्छु । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री दानसिंह परियार । समय ७ मिनेट । त्यसपछि माननीय श्री अमृता शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियारः** सभामुख महोदय, आर्थिक वर्ष ०७६/०७७ को वजेट वक्तव्य माथि हिजो र आज हामी सहभागी भैराख्याछौं र आज हामीले कर्णाली प्रदेशको वार्षिक बजेटमाथि छलफल गरिरहँदा कर्णाली प्रदेशको १७ लाख जनत्रा जनताहरूले नजिकबाट हेरिराख्याछन् । के आज हाम्रो भाग्य र भविष्य निर्माण गर्ने ठाउँमा जनताका जनप्रतिनिधिहरूले के बोलिराख्या छन् ? नजिकबाट हेरिराख्या छन् त्यसो भकोले पहिलो कुरा त खुशी नेपाली समृद्ध नेपाल, नेपाल सरकारको अहिलेको नारा त्यसलाई सार्थक तुल्याउनको निमित्त हाम्रो कर्णाली प्रदेश सरकारले तय गरेको छ, नारा शिक्षा स्वास्थ्य उत्पादन र रोजगार त्यसका लागि पूर्वाधार भन्ने एउटा महान नाराकासाथ यो बजेट प्रस्तुत भैराख्याछ त्यसमा अझैं आफ्नो प्रदेश आफै बनाऔं एउटा महान चाहिँ उद्देश्यका साथ यो बजेट चाहिँ आइराखेकोछ भन्ने कुरा चाहिँ जनताले नजिकबाट हेरिराख्याछन् र मैले यो बजेटमा मेरो आफ्नो धारणा राख्ने सन्दर्भमा मैले हेरैं । यहाँ भित्रका कयौं बुँदाहरूमा मैले नजिकबाट विश्लेषण गरैं र यो बुँदामा करिब २५ वटा कार्यक्रमलाई प्राथमिकता गरिएको छ । म त्यो क्रमशः भन्न चाहन्छु त म चाहिँ । के-के कार्यक्रमलाई चाहिँ यो बजेटले चाहिँ प्राथमिकता गऱ्याछ भन्ने कुरा चाहिँ म राख्न चाहन्छु । पहिलो कुरा के गरिएको छ भने जनता सडक कार्यक्रम यो बजेटले सम्बोधन गरिराख्या छ । त्यसपछि आएर कर्णालीको पानी सबैको लगानी यो कार्यक्रमलाई पनि यो बजेटले प्राथमिकता दिइराख्या चाहिँ देखिएको छ । ग्रामीण विद्युतीकरण कार्यक्रमलाई पनि यसले प्राथमिकता दिइएको देखिएको छ । एक घर एक धारा कार्यक्रम यो पनि यो बजेटभित्र सम्बोधन गरिएको छ । एक जिल्ला एक एकीकृत बस्ती विकास कार्यक्रम पनि फोकस गरिएको छ यसमा । सुरक्षित आवास कार्यक्रम पनि यसमा समेटिएको छ । जनता आवास कार्यक्रमलाई पनि यो बजेटमा चाहिँ सम्बोधन गरिएको छ । पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको परिकल्पना पनि यो बजेटमा चाहिँ गरिएको छ । एक जिल्ला एक बहुप्राविधिक शिक्षालयको पनि यो बजेटमा चाहिँ परिप परिकल्पना गरिएको छ । आवासीय विद्यालयको पनि यहाँ बजेटमा चाहिँ परिकल्पना गरिएको छ । सेवा श सेवा, शर्त छात्रवृद्धि कार्यक्रम भन्ने कार्यक्रमलाई पनि यहाँ प्राथमिकता दिइएको छ । त्यसपछि आएर छोरीबुहारी छात्रवृत्ति कार्यक्रमलाई पनि यो बजेटले चाहिँ प्राथमिकता दिइएको छ । एक निर्वाचन क्षेत्र र एक टेलिमेडिसिन कार्यक्रमलाई पनि यो बजेटले चाहिँ सम्बोधन गरेको छ । दलित अपाङ्ग छात्रवृत्ति कार्यक्रमलाई पनि यो बजेटले चाहिँ सम्बोधन गरेको मैले देखेकोछु । एक निर्वाचन क्षेत्र न्यूनतम पूर्वाधारको कुरालाई पनि यसले सम्बोधन गरेको छ मुख्यमन्त्री रोजगार कार्यक्रम पनि यो बजेटमा चाहिँ सम्बोधन गरिएको छ । मनमोहन सामाजिक सुरक्षा कार्यक्रम पनि यो बजेटमा चाहिँ मैले देखिराख्याछु । त्यस्तै गरेर बैंक खाता छोरीको सुरक्षा जीवनभरिको एउटा महत्वपूर्ण नारासहितको एउटा कार्यक्रम पनि यहाँ ल्याइएको छ, यसलाई पनि म धन्यवाद दिन चाहन्छु । त्यो सँगसँगै मेरो किसान मेरो अन्नदाता कार्यक्रम एउटा महत्वपूर्ण कार्यक्रम छ, यो उठान गरिएको छ । यसलाई पनि म धन्यवाद दिन चाहन्छु अनि प्रदेश सरकार गरिब किसान साथमा भन्ने कार्यक्रम चाहिँ यो पनि एकदमै विपन्न वर्गले सम्बोधन गर्ने किसिमको कार्यक्रम हो भन्ने कुरा मैले विश्लेषण गरिरहेको छु । प्राङ्गारिक तथा जैविक मल तथा पशु दाना उद्योग एउटा चाहिँ प्राङ्गारिक अर्गानिक कर्णाली प्रदेश निर्माणको निमित्त यो कार्यक्रमले पनि केही टेवा पुऱ्याउँछ भन्ने कुरा पनि मैले सोचिराख्याछु । कर्णालीको समृद्धिको आधार पर्यटन र पूर्वाधार भन्ने एउटा

महत्वपूर्ण नारा चाहिँ यो बजेटमा चाहिँ सम्बोधन गरिएको मैले देखेको छु । एक भोट एक बोट भन्ने न्यूनतम कर्णाली जनसंख्या बराबरको चाहिँ एउटा जन एउटा जनताले चाहि एउटा बोट न्यूनतम निर्माण गर्नुपर्छ भन्ने उद्देश्यका साथ एक भोट, एक बोट, एक भोट एक बोट चाहिँ अभियान कार्यक्रम पनि यसमा छ । त्यो सँगसँगै सडक सुशासन कार्यक्रम पनि यो बजेटले सम्बोधन गरेको छ र अन्तिममा चाहिँ हाम्रा कुडा हाम्रा मुख्यमन्त्री लगायतका महत्वपूर्ण २५ वटा कार्यक्रम चाहिँ यसभित्र चाहिँ सम्बोधन गरेको चाहिँ मैले भेटाएको छु । माननीय सभामुख महोदय, यी विभिन्न कार्यक्रम सम्बोधन गरे तापनि मैले केही कुरा यहाँ राख्न गैराख्याछु तपाईको चाहिँ । आज हामीले बजेट बनाइरहँदा जति पनि हामीले कार्यक्रम चाहिँ तय गरिरहँदा साँच्चिकै हामीले कर्णालीभित्रको चाहिँ गरिबीलाई अन्त्य साँच्चिकै गर्ने हो भने हामीले प्लान बनाउँदा, बजेट बनाउँदा, नीति बनाउँदा कुन सूचकलाई हामले आधार बनाएर चाहिँ प्लान बनाउँछौं ? पहिलो कुरा म अर्थ मन्त्रीलाई यो प्रश्न गर्न चाहन्छु । कर्णालीभित्र साँच्चिकै कर्णालीको गरिबी अन्त्य गर्ने हो भने कर्णालीभित्रको चाहिँ ५१ प्रतिशत बहुआयामिक गरिबीको चाहिँ अन्त्य गर्ने हो भने त्यसको प्रमुख इण्डिकेटर के हो ? पहिलो सूचक के हो ? त्यो हामीले पहिचान गरौं । मैले जति पनि कार्यक्रम यहाँ देखिराख्या छु, त त तपाईको वास्तवमा सूचकलाई सम्बोधन गरिएको छैन । मैले जहिले पनि भनिराख्याछु संसदमा भनिराख्याछु, मिडियामा कुरा राखिराख्याछु, साँच्चिकै कर्णाली समृद्ध गर्ने हो भने कर्णालीभित्रको सबैभन्दा पछाडि परेको जाति दलित, दलितभित्र पनि दलित महिलाको अवस्थालाई इण्डिकेटरको आधारको रूपमा लिएर चाहिँ हामीले प्लानिङ्ग गर्नुपर्छ । दलित महिलाको शिक्षाको अवस्था के छ ? आयश्रोतको अवस्था के छ ? रोजगारीको अवस्था के छ ? उत्पादन उनीहरूको सहभागिता के छ ? राजनीतिमा उनीहरूको सहभागिता के छ ? यो प्लानलाई आधार मानेर यो प्लान गर्नुपर्छ । यो देखिएको छैन मैले पहिलो सुझाव यो राख्न चाहन्छु मैले । र दोश्रो कुरा अहिले यहाँ जनता सडक कार्यक्रम चाहिँ यहाँ देखिएको छ । यो एउटा महत्वपूर्ण कार्यक्रम हो । गत वर्ष ५ करोड थियो अहिले घटाएर चाहिँ २ करोड गरिएको छ । यो मान्य हुनेवाला छैन, यसलाई १० करोड बनाइनु पर्छ, मेरो माग त्यो छ तपाईको चाहिँ । न्यूनतम साविककै कर्णालीहरूमा चाहिँ अहिले पनि कयौं चाहिँ जिल्ला सदरमुकाम चाहिँ सडक छोएको छैन, त्यसोभा हुनाले जनता सडक कार्यक्रमलाई १० करोड बनाइनुपर्छ भन्ने लाग्छ र अर्को कुरा अहिले धेरै माननीयज्यूहरूले पनि यहाँ कुरो उठाउनु भको छ । अहिले चाहिँ पूँजीगत बजेटभन्दा चालु बजेट बढी भइराख्या छ यहाँ, किनभने यो बजेटमा संरचनाको प्रष्ट कुरा मैले देखिराख्या छैन । कुन जिल्लामा न्यूनतम के-के संरचना बन्ने हो भन्ने कुरा यहाँ प्रष्ट छैन तर चाहिँ गोलमडोलबाट चाहिँ तपाईको चाहिँ चालु बजेटभन्दा त पूँजीगत बजेटभन्दा तपाईको चाहिँ चालु बजेटलाई प्राथमिकता दिइएको छ । यसलाई पनि चाहिँ विशेष ध्यान दिनुपर्छ भन्ने कुरा राख्न चाहन्छु मैले । त्यो सँगसँगै अहिले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम एउटा महत्वपूर्ण कार्यक्रम हो । आज एउटा वडा अध्यक्षभन्दा चाहिँ माननीयहरूको हैसियत तल छ । के तपाईको चाहिँ सरकारमा भएका मान्छेहरू मात्रै राज्य सत्ताको चाहिँ स्रोत बजेट विनियोजन गर्ने हो ? प्रत्येक जिल्लाबाट निर्वाचित जनप्रतिनिधिहरूले न्यूनतम जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्नको निमित्त न्यूनतम यहाँ १० करोड रुपैयाँ माग गर्न चाहन्छु मैले । एउटा निर्वाचित सांसद १० करोड रुपैयाँ चाहिँ आफ्नो निर्वाचन क्षेत्रमा चाहिँ न्यूनतम विकासका आधारहरू तय गर्नको निमित्त उसको नेतृत्वमा हुनुपर्छ भन्ने कुरो राख्न चाहन्छु मैले यहाँ र अर्को कुरा अहिले प्रदेश गौरवका आयोजना, मैले हो बजेटमा हेरैं हामीसँग ठोस भिजन भको मैले देखिन यहाँ मैले । हाम्रो प्रदेशको गौरबको आयोजना के-के हुन् ? न्यूनतम ५ वटा गौरवका आयोजना हामी तय गरौं । एउटा हाइड्रो कहाँ हो, जसले हाम्रै पालामा हामीले सम्पन्न गर्ने सक्ने त्यो हामीले तय गरौं । एउटा अन्तर्राष्ट्रिय सडक कहाँ हो, जो हाम्रै पालामा हामीले सम्पन्न गर्ने । एउटा औद्योगिक केन्द्र के हो, जो हामीले हाम्रै पालामा सम्पन्न गर्ने । एउटा विश्वविद्यालय के हो, जो हामीले हाम्रै पालामा सम्पन्न गर्ने ।

त्यसोभको चाहिँ प्रदेश गौरबका आयोजना ठोस रूपमा तय गरेर हामीले आम जनतालाई कर्णालीका समग्र जनतालाई चाहिँ तपाईको चाहिँ यी यी गौरबका आयोजना चाहिँ अहिले कम्यूनिष्ट सरकारले हामीले सत्ता र सरकारमा जाँदा यो गरिराख्याछौं भन्ने किसिमको शीर उच्च हुने किसिमको कार्यक्रम मैले यहाँ देखिन मैले । प्रदेश गौरवका आयोजनाहरू तय गरेर जाऔं भन्ने कुरा म राख्न चाहन्छु । र अर्को कुरा अहिले जति पनि यहाँ कुरा उठिराख्याछ, भूमिमाथिको समस्या प्रमुख समस्या हो । एउटा भूमिमा एउटा समिति बनाउने भन्ने कुरा चाहिँ गैरजिम्मेवारी कुरा हो । उच्चस्तरीय सक्षम भूमि आयोग गठन गर्नुपर्छ । अहिले पनि कर्णालीका कयौं जनताहरू विशेषगरेर उपेक्षित समुदायका जनताहरू एक टुक्रा पनि जमिन छैन । संविधानले व्यवस्था गरिसकेको एक पटकको निमित्त आवासको व्यवस्था गरिनेछ र एक पटकको निमित्त चाहिँ न्यूनतम जमिनको व्यवस्था गरिनेछ भन्ने कुरा चाहिँ हामीले उच्चस्तरीय आयोग गठन गरेर एक पटकलाई जमिन उपलव्ध गराउन उच्चस्तरीय आयोग गठनको पनि माग गर्न चाहन्छु मैले र अर्को कुरा विशेषगरेर अहिले देशैभरिको सबभन्दा महत्वपूर्ण समस्या भनेको बेरोजगारी हो । आज १० हजारको निमित्त १५ हजारका निमित्त खाडी मुलुकमा चाहिँ कर्णालीका युवाहरू पसिना चुहाइराख्याछन् । हामी भन्छौं हाम्रो प्लानभित्र हो यो वर्षकै प्लानभित्र कणा करिब कर्णालीका १० हजार युवालाई यो वर्षै हामी रोजगार दिने हामीसँग सोच हुनुपर्छ । ती बेरोजगार युवालाई हामी सम्बोधन गर्न सक्छौं कि सक्दैनौं ? आज विदेशमा गएर भाँडा माझिराख्याछन्, विदेशमा गएर शौचालय सफा गरिराख्याछन्, विदेशमा गएर अर्काको घरमा चाहिँ सेवा गरिराख्याछन् । १० हजार युवालाई एकै वर्षमा हामी रोजगार दिन सक्ने हामीसँग भिजन हुनुपर्छ । त्यो कहिँकतै मैले देखेको छैन र लाग्छ मुख्यमन्त्री स्वरोजगार कार्यक्रमले कत्तिको सम्बोधन गर्छ र आझ नयाँ भिजनका साथ नयाँ नयाँ औद्योगिक क्षेत्रहरूमा, नयाँ नयाँ हाइड्रोमा, नयाँ नयाँ प्रविधिमा चाहिँ युवालाई जोड्नुपर्छ भन्ने कुरा पनि म राख्न चाहन्छु । र अगाडि विशेषगरेर अहिले हामीले संविधानमा समाजवाद उन्मुख अर्थ व्यवस्थाको परिकल्पना गरिएको छ । केन्द्र र प्रदेशमा करिब ६ वटा प्रदेश र केन्द्र सरकारमा दुईतिहाइ बहुमतसहितको कम्यूनिष्ट सरकारको चाहिँ हामीले अभ्यास गर्दैछौं तर मैले कहिँकतै पनि यो नीति कार्यक्रम हेर्दा नितान्त बुर्जुवाजस्तो देख्छु मैले । कम्यून काहिँ देख्दैन मैले कम्यून । चिनियाँ कम्यूनको विकास मोडल हेरौं, कम्यून के-के मा गर्न सक्छौं हामीले । मैले भन्छु ५ वटा कुरामा कम्यून गर्न सक्छौं । यो कुरा मैले आज यहा राख्छु मैले । पहिलो कुरा के मा कम्यून गर्न सक्छौं हामीले कर्णालीका प्रत्येक जनतालाई हामीले शेयर दियौं । प्रत्येक घरलाई र हामीले हाम्रै पालामा दुई तीनवटा कर्णालीमा हाइड्रोपावर निर्माण गरौं तब मात्रै कर्णालीको समृद्धि हुन्छ । कर्णाली प्रदेश मात्र हैन, विश्व बजारलाई कर्णालीको बत्ती बेचौं । प्रत्येक घरधुरीलाई शेयर दिऔं र त्यसबाट आएको बोनस प्रत्येक घरलाई हामी दिऔं तब मात्रै हामी कर्णालीको पहिलो समृद्धिको आधार त्यो हुन सक्छ । दोश्रो कुरामा म भनिराछु दोश्रो कम्यून हामी के गर्न सक्छौं ? औद्योगिकरण, प्रत्येक जनताको चाहिँ शेयरमा औद्योगिकरण निर्माण गरौं हामीले । त्यो संघीय राज्यको कति प्रतिशत लगानी ५० प्रतिशत राज्यको लगानी, ५० प्रतिशत जनताको लगानीमा चाहिँ ठूलो चाहिँ औद्योगिकरण निर्माण गरौं हामीले । एउटा यार्सागुम्बाको तपाईको एउटा ब्राण्ड निर्माण गरौं । विश्व बजारलाई बेचौं त्यसलाई । कर्णालीको यार्सागुम्बा जो कि विश्वका मान्छेहरूले किनून् । आज चाइनामा एउटा चाहिँ शिसाको पुल बनाएको कारणले गर्दा विश्वका मान्छे त्यहाँ गइराखेका छन् । आज डेनमार्कमा एउटा चाहिँ एउटा सामान्य त चाहिँ समुद्रमा एउटा चाहिँ नयाँ जहाजको अवधारणा गर्दा मात्रै हजारौं मान्छे डेनमार्क गैराख्याछन् । त्यसो भाकोले कर्णालीमा त्यो किसिमको औद्योगिकिकरणमा जनताको न्यूनतम ५० प्रतिशत एउटा कम्यून दोस्रो कम्यून त्यो गरौं भन्ने लाग्छ मलाई । त्यो कुरा अहिले प्राविधिक शिक्षामा राज्यको लगानी गरौं । साँच्चिकै कर्णाली समृद्ध हुने हो भने प्राविधिक शिक्षामा चाहिँ कम्यूनो अभ्यास गरौं हामीले । साँच्चिकै गरिबका निमुखा छोराहरू कर्णालीलाई चाहिने जनशक्ति कति हो हामले फाइनल गरेर

त्यो किसिमको जनशक्ति निमार्ण गर्नको निम्ति राज्यको तर्फबाट हामीले लगानी गरौं तेस्रो कम्यून त्यो गरौं र चौंथो गम्भीर के भन्न चाहन्छु भने अहिले जति पनि हामीले उत्पादनका कुरा गरिराख्याछौं । इण्डियाको आज स्याउ रुपैडियामा सस्तो पर्ने र जुम्लाको स्याउ यहाँ महँगो पर्नाको कारण के हो ? उत्पादन र ढुवानीमा अनुदान गरौं त्यो कम्यून गरौं हामीले । साँच्चिकै उत्पादन गर्ने जनतालाई हामीले अनुदान दिऔं । साँच्चिकै उत्पादन गर्ने जनतालाई ढुवानी दियौं । आज हुम्लाको स्याउ नेपालगञ्ज ल्याउनको लागि राज्यले ढुवानी दिनुपर्छ, त्यो हामीले कम्यून गरौं । तब मात्र उत्पादन वृद्धि हुन्छ, चौथो कम्यून त्यो गरौं हामीले साँच्चिकै कम्यूनको अभ्यास गर्ने हो भने र पाँचौं कम्यून गर्ने हो भने हामीले भनिराख्या छौं हाइड्रोपछि उत्पादन, उत्पादनपछि पर्यटन हो भन्ने कुरा राख्याछौं । म भन्छु विश्वका १० वटा आकर्षकमध्ये एउटा आर्कषक रारा हो । विश्वका १० वटा आर्कषकमध्ये एउटा आकर्षक रारा हो । रारालाई विश्वको पर्यटकीय गन्तव्यको रूपमा विकास गरौं । विश्वका मान्छेलाई एकपटक रारामा ल्यायौं र त्यसको रोयल्टी निर्माण गरौं र कर ट्याक्स निर्माण गरौं र कर्णालीको आधा समृद्धिको आधार निर्माण गर्छ । त्यसो भकोले मैले भन्छु जहिले पनि हामी कम्युनिष्ट सत्ता र सरकारको अभ्यास गरिरहँदा हामीले हिजोभन्दा फरक गर्न सकेनौं भने आज एक पाकेट तेल नपाउने घरमा हामीले केही दिन सकेनौं भने ५०० रुपैयाँको निमित्त विदेशमा खाडीमा काम गर्ने ती बेरोजगार युवाहरूको निमित्त केही गर्न सकेनौं भने फेरि हामी ५ वर्षपछि जनताकहाँ जाने आधार हुन्न । त्यसो भकोले मैले अन्तिममा के भन्छु भने यो बजेटमा धेरै कुरा सकारात्मक छ, धेरै कुरा चाहिँ सकारात्मकमा ल्याउन खोज्नु भाछ तर कम्यून मोडलमा जाऔं हामी । समाजवाद उन्मुख अर्थ व्यवस्था, समाजवाद त्यो बेलामा मात्र पूर्ण हुन्छ कि जुन बेला हामीले प्रदेश पूँजीको विकास गर्न सक्छौं । समाजवाद त्यो बेलामा मात्र पूर्ण हुन सक्छ कि जुन बेला हरेक घर समृद्ध हुन्छ । समाजवाद त्यो बेला मात्र पूर्णता हुन्छ कि जुन बेला जनताले सजिलै सरकारलाई ट्याक्स तिर्न सक्छन् । त्यसो भकोले यो कुरालाई प्राथमिकतामा राख्नको निमित्त यो सरकारले महत्वपूर्ण तरिकाले सोचोस् । आज जति पनि हामीले संक्षिप्तमा बोलिराख्याछौं, हजारौं युवाले हामीलाई प्रश्न गरिराख्याछन् कि आज साँच्चिकै युवाको निमित्त के भैराख्या छ ? हजारौं उत्पीडितहरूले प्रश्न गरिराख्याछन् कि हाम्रो पक्षमा के भैराख्याछ ? त्यसो भकोले यति कुरा गर्दै यो आगामी बजेट साँच्चिकै निर्वाचन के केन्द्रलाई पनि विशेष फोकस होस् र तपाईको न्यायोचित वितरण होस् । जनताको न्यूनतम आधार निर्माण गर्ने यी महत्वपूर्ण कुरालाई चाहिँ तपाईको चाहिँ आगामी प्लानमा सम्बोधन गरियोस् भन्ने भनाई राख्दै मेरो भनाई यही टुंगाउँछु । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री अमृता शाही । समय ७ मिनेट । त्यसपछि माननीय श्री पदम बहादुर रोकाया तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री अमृता शाहीः** सभामुखज्यू, आज २०७६/०७७ को बजेटमा छलफल हुँदै गर्दा म पनि यसमा भाग लिन गैरहेको छु । हामीले ०७६/०७७ को किताब यो बजेटको किताब हामीले आफ्नो-आफ्नो हातमा सबै माननीयहरूले पढिसक्यौं, हेरिसक्यौं हामीले यो भन्दा पहिलाको सालमा पनि यस्तै खालको किताबहरू हामीले अध्ययन गरौं । यो सदनबाट हामीले हाम्रा कुरा पनि राख्यौं उता केरे जनताले पनि हाम्रो भविश्य अथवा हाम्रो गास बास कपास अब यो कर्णाली सरकारले पूरा गर्छ भनेर आश धेरै मानेका थिए होलान् तर हामीले के गर्न सकिम त ? यो किताबमा जति हामीले सुन्दर बनाएर लेखौं अथवा नलेखौं केही फरक पर्दैन । हाम्रो जनता जहाँको त्यही छन्, जस्ता थिए त्यस्तै छन् । पहिला संघीय सरकार हुने बेला पनि सभामुख महोदय, संघीय सरकार हुने बेला पनि कर्णाली जनता, कर्णालीको जनताले के पाएका थिए र ? अहिले हाम्रो प्रदेशको सरकार भो, स्थानीय सरकार भयो, नारामा घर केरे सिंहदरबार गाउँगाउँमा सिंहदरबार के घरघरबारमा के-के भन्ने उखान के रे नारा थियो नि । त्यस्तै नारा भयो स्थानीय तहबाट

पनि अहिलेको सरकारको फेरि सुखी समृद्ध त्यसपछि सुखारी अनि सु के रे आहा, आहा मात्रै भयो ते त्यसमा केही छैन । जस्तै हामीले आहा भन्न भन्दा पहिला हामीले जनताहरूलाई त्यहाँ आहा बनाएर उनीहरूलाई जस्तै गास, बास कपास उनीहरूको शिक्षा स्वास्थ बनाइसकेदेखि यो नारा ल्याभैदिए भा राम्रो हुन्थ्यो होला सायद जनताले एकदमै हामी सबै माननीय भएर यहाँ उभिएर यहाँ कुरा मात्रै धेरै गरिराख्याछौं तर जनताको घरमा केही छैन । मलाई लाग्छ हामी सुर्खेतबासी त यति बत्तीबाट अथवा पानीबाट पिडित छौं । यहाँ आको छ घरघरमा धारा प्रत्येक घरमा एउटा धारा भन्नु भछ, ठीक छ यति सुख पाउँछन् भने त यो राम्रो कुरा हो होइन भने हामी सुर्खेतबासीले आज यो हाम्रो यो सचिवालयको बाथरुममा जाँदाखेरि हातधुने पानी छैन । यो कस्तो कुरा हो यो ? कमसेकम हजुरहरूले जति काम गर्नुहुन्छ, त्यति लेखेर ल्याउनुस् यो भएभरिको अघि के शास्त्र भन्नुहुन्थ्यो त्यस्तै शास्त्र जस्तो ल्याउनुभन्दा बरु जति आफैले गर्न सक्छु त्यति ल्याउनुस् केही यो किताबमा धेरै आछ त्यसैमा हामी माननीयहरूले थप्ने भयौं अनि बजेट चाहिँ थोरै छ, पूँजी छैन भन्ने अनि त्यसपछि कसरी हुन्छ ? जनतालाई आश चाहिँ देखाको देखाइ सधैंभरि । हामीले यस्तो गर्छौं उस्तो गर्छौं भन्ने अब पोहोरको किताबमा पनि यस्तै आशाहरू भरोसाहरू धेरै थिए हामीले पनि सोचिराथिम् अब त भयो कर्णालीको सरकार अथवा हाम्रो १० जिल्लाको सरकार सिंगो भनेर भनिम तर केही पनि भएर किताबमा सीमित छ यो पनि अहिले त्यस्तै छ र एउटा कुरा सबै माननीयज्यूहरूले भनिसक्नु भयो वीरेन्द्रनगरको कुरा । हो यो हाम्रो राजधानी हो यो । हाम्रो मुटु हो यो । यो हाम्रो रारा भन्छु राराभन्दा पनि महत्वपूर्ण यलाई पहिला बनाएर अनि हामीले त्यहाँ रारा जाने बाटो यहिँबाट त होला नि । जसरी पनि पर्यटकहरू यहाँ आएर यही हेरेर आहा यहाँ त यति राम्रो रहिछ, रारामा कस्तो होला ? त्यो ठाउँमा भनेर सिकऊन न हेरऊन न अनि यहाँ काँक्रिविहार छ, त्यो काँक्रिविहारमा अहिले जाऔं । हजुरहरू पनि गैसक्नुभा होला । त्यहाँ जाने बाटो छैन, खाल्डा र खुल्डी साइकिल, अटोसटो त केही चल्दैनन्, त्यही गाडीहरू अलिअलि जान्छन् त्यहाँ पनि त्यस्तो छ । हामीहरूको १५/१६ महिना भैसक्यो सरकार भको सरकार भएको जस्तो अनुभूति पनि कर्णाली के यो राजधानीमै छैन भनेपछि अन्तको १० जिल्लाको दुरदराजको जनताले त सरकारको नाक मुख पनि देख्याछन् कि छैनन् । यो हामीले बोलेको सुन्याछन् कि छैनन् । यदि सुने पनि के लाग्छ र ? उनीहरूले हामीले मिठा मिठा कुरा गरेर उनीहरूको पेट भरिने हो र ? उनीहरूको लागि चाहिने चीज दि दिनुपर्‍यो हामीले । हामी माननीय हुने सरकारका मन्त्रीज्यूहरू हुने अनि दिने जनतालाई कुरा मात्र मिठा मिठा, भाषण त्यसपछि नारा नानाछाना अब टिनका छाना सबै । आखिरी हुने केही छैन ? यति हुन्छ भनेपछि तपाईहरू पहिला गर्नुस् अनि पछि नारा दिनुस् । मेरो भनाइ यही हो सबभन्दा अनि अर्को कुरा यो छोरीको बारेमा बैंक खाता भन्नु भको छ । अब अहिलेसम्मरी यो कुरा थिएन, ठिकै छ यो कुरा ल्याउनु भो यति ल्याएर मात्रै केही ठूलो कुरा होइन, यसमा कार्यान्वयन हुनु पर्‍यो । त्यो बच्चालाई छोरी जन्मेपछि कसरी हामीले अब पेटभित्रै हुने बेला त्यलाई हेरेर मार्ने थियो, त्यसको अन्त्य हुन्छ कि भन्ने आश एकदमै छ र त्यसको लागि सरकारले एकदमै अब ल्याको छ ठीक छ यो कुरा । अब छोरीहरूले मर्न नपरोस् अकालमा पेटभित्रैबाट छोरीले अकालमा ज्यान गुमाउन पर्थ्यो, त्यसपछि जन्मिसके त्यै पनि विभिन्न किसिमका हिंसा खप्नुपर्ने छोरीको जातले अब यसले अन्त्य गर्छ कि भन्ने आशा छ र एउटा कुरा यहाँ बाढीपीडितको बारेमा पनि लेखेको रहिछ, हामीले बाढीपीडित अब पोहोर धेरै माननीयज्यूहरूले कुरा उठाउनु भयो अहिले चाहिँ कसैले कुरा उठाउनु भको छैन । त्यो बाढीपीडितको के भको छ ? हामीलाई तपाईहरूले एउटा रातो ज्याकेट दिनुभको थ्यो त्यो कार्यक्रम बाजासाझा बजाएर धुमधाम गर्ने बेला अनि तपाईहरू लगाएर यो तपाईहरू निरीक्षण गर्ने बेला जानुहोला भनेर त्यो रातो ज्याकेट दिनुभको थियो । त्यो ज्याकेट मैले हेर्नु छिन्चु मेरो घर उतै हो, मैले उहाँ जाने बेला पनि लगाएर केरे राखें त्यतैतिर गएपछि

त्यतैतिर कतै काम पऱ्यो भने पछि मैले त्यो उतैतिर लगाउने भनेर त्यो पनि भएन । त्यसपछि यता आएँ यतै लिएर आएँ तर त्यो हामीहरू जान पर्छ, त्यहाँ हेर्न पर्छ, निरीक्षण गर्नुपर्छ भन्नु भाथ्यो मन्त्रीज्यूहरूले खै त ? त्यो के भाछ ? त्यसको बारेमा पनि जानकारी होस् र मैले त देख्दैछु बाढीपीडित जहाँ थिए, त्यहाँका त्यही छन् । तपाईहरूले २/३ लाख दिने भन्नुभथ्यो त्यो के भयो ? त्यो थाहा भएन र हाम्रो कर्णाली सरकारले जनताको लगानी कर्णालीको पानी भनेको छ । यो जनताको लगानी सुख्खा क्षेत्रमा जस्तै हाम्रा बाँझा जमिनहरूमा सिंचाई गर्ने कसरी ल्याउँछ त्यो पानी ? त्यो भन्ने मात्रै हो कि त्यो पानी आएर, सिंचाइ भएर, घरघरमा केरे त्यो टोलटोलमा भकारी हो कि जिल्ला जिल्लामा भकारी भन्ने त्यो चाहिँ पूरा होस् र हाम्रो जनताले एक छाक खाना मात्रै खाने अर्को छाक भोकै बस्न नपरोस् भन्ने राख्दै र यो सुर्खेत वीरेन्द्रनगर हाम्रो राजधानी हुँदै गर्दा हाम्रो राजधानीमा यो बत्तीको र पानीको एकदमै असुबिधा भको छ । यो कसरी हुन्छ ? यहाँ हामीहरू यो राजधानीमा पर्यटनहरू पनि धेरै आउने र यो पानी बत्तीको कसरी व्यवस्था हुन्छ यसको लागि सरकारले एकदमै ध्यान देओस् पहिला शुरुमा त्यसपछि यो नारा र उसको भन्दा पनि काम चाहिँ त्यो एक छाक खान पाउने, एक छाक भोकै बस्ने जनताको लागि काम होस् भन्ने कुरा राख्दै म विदा हुन्छु, हओस् त धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाया । समय ७ मिनेट । यसपछि माननीय श्री रातो कामी तयार रहनु होला ।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुख महोदय, हामी ०७६/७७ को बजेटको बारेमा हामी छलफल गरिरहेका छौं । ०७६/०७७ को बजेट कर्णालीको निलो रंग, आकाशको निलो रंगको किताब आएको छ । भोलि राष्ट्रिय रंगको रातो किताब आउने होला । किताब त राम्रै आउँछन् भित्र लेखेको हेर्दा राम्रै छन् तर भोलि व्यवहार कस्तो हुने हो । यी भने जस्तै मान्छे त राम्रै छ अलि काली छ । किता किताब त राम्रै छन् मन्त्रीका मनमा काला छन् । मन्त्रीका व्यवहार काला छन्, किताब त राम्रै छन् । त्यस्तै यो ०७६/०७७ को बजेट हाम्रा, हाम्रा हजारौं युवाहरूलाई युवतीहरूलाई रोजगार दिने बजेट आउनुपर्दछ । रातो किताब बजेट त आएकै छ रातो किताब आउनु पर्दछ । कर्णाली प्रदेशका हजारौं युवायुवतीहरू खाडी मुलुकमा गएर भौतिरिरहेका छन् । भारतको कश्मिरदेखि कन्या कुमारीसम्म भौंतारिरहेका छन् । नेपालको मेची महाकालीसम्म रोजगार र पैंसाको लागि भौंतारिरहेका छन् । उहाँहरूलाई रोजगार दिनको लागि पैंसाको लागि यो रातो किताब आउनु पर्दछ । अब यसमा लेखिएर आएकै छ, म सबै आवश्यक छन् लेखिएका त्यहाँ बुँदाहरूमा ६४ पेज छ । २३० वटा बुँदा छ । यसको लागि बढी मिहिनेत गरेर ल्याउनु भए होला मन्त्रीज्यूहरूले । बढी दिमाख ख्याउनु भयो होला रातदिन नखाई नसुती ल्याउनु भयो होला । यसको लागि धन्यवाद छ तर धन्यवाद अहिले मात्रै हैन, रातो किताब कस्तो आउने हो, त्यसमा पूर्ण धन्यवाद दिन चाहन्छु । हैन भने रातो किताब त्यस्तै गत सालको ०७५/०७६ जस्तो आयो भने त्यो धन्यवाद फिर्ता लिन पनि सक्छौं भोलि । त्यसैकारणले अब यहाँ एकीकृत विकास बस्तीको पनि अति आवश्यक छ । दुइचार घरहरू डाँडाकाँडामा हुन्छन्, दुईचार घरहरू खोला कन्धरामा हुन्छन्, तीनीहरूलाई खानेपानी दिन सकिँदैन । त्यहाँ बाटो दिन सकिँदैन दुइचार घरलाई । त्यहाँ सिंचाइको व्यवस्था दिन सकिँदैन । त्यो बस्तीलाई तल बस्ती विकासमा आयो भने सबैलाई बाटो दिन सकिन्छ । सबैलाई खानेपानी दिन सकिन्छ । सबैलाई सिंचाइ दिन सकिन्छ । त्यस्तै जनता आबासको आएकै छ यसमा यलाई निरन्तरता दिनुपर्छ यो मुख्यमन्त्री कार्यालयमा छ । मुख्य मन्त्रालयमा छ यो जनता आवासको लागि अहिले दलितहरूले घरहरू लाइरहेका छन् । यो उपलब्धिपूर्ण छ यो । यलाई निरन्तरता दिनुपर्दछ । जनता सडकलाई अहिले पहिला ४ करोड थियो अहिले २ करोड छ यलाई १०, १० करोड दिनुपर्दछ भन्ने हामी म लगायत माननीय सबैको धारणा छ यसमा ।

मन्त्रालयको चालु बजेट धेरै भएको छ घटाउनु पर्दछ यो । चालु बजेट भनेको चलाउने हो, अब यो पूँजीगत बजेट भनेको विकास गर्ने हो । त्यसै कारणले चालु बजेट घटाउनु पर्दछ । छोरी जन्म, छोरीको कुरा आएको छ यो । अब यहाँ बोल्दाखेरीमा समानुपातिक हाम्रो महिला माननीयहरूले छोरीलाई दिनुपर्छ भनेका छन्, पुरुष माननीयहरूलाई छोरीले यो कर्णाली प्रदेशले धान्न सक्दैन कि भनाई छ । मेरो भनाइ के छ भने, हो कर्णालीलाई गरिब कर्णालीले धान्न सक्दैन कि तर सबै छोरीलाई, छोरीलाई दिनुपर्दछ । हाम्री पनि छोरी छन्, महिलाकी मात्र छोरी हुन् कि पुरुषकी पनि छोरी हुन् । महिला माननीयकी छोरी हैनन् ती पुरूषकी पनि छोरी हुन्, त्यसले छोरीलाई दिनु पर्छ । कस्तोलाई दिनु पर्छ भने उनको मापदण्ड अनुसार कराइटयरिया अनुसार कोही करोडपतिकी छोरी छन् उनलाई एकहजार पाँच सय दिएर उनलाई केही मतलव छैन । हिजो कुरा माननीयज्यूबाट ६ हजार रुपैयाँ एक दिनमा फोन गरेर फाल्छन् उनीहरूले । उनलाई केही छापो हुँदैन तर रोडपतिकी छोरी छन् उनलाई पाँच सय, पाँच रुपैयाँ दिए पनि उनीलाई फाइदा हुन्छ । त्यसकारण छोरीलाई मापदण्ड र कराइटयरिया अनुसार दिनु पर्दछ छोरीलाई । अब ४० नं. बुँदामा आएको छ, जनताको सहभागिता अनुसार हुनेछ यो उपभोक्ता समिति त हो, योजना बढीमा बढी उपभोक्ता समितिमार्फत् जानुपर्दछ । हिजो ०७५/०७६ को बजेट पनि जहाँ हामीले जनता सडक ४ करोड रुपैयाँ हालेका थियौं, त्यो अहिलेसम्म कार्यान्वयन भएको छैन । पहिला टेण्डर भनियो, पछि उपभोक्ता भनियो, पछि टेण्डर हुँदा ७० प्रसेन्ट घटेका छन्, ७० प्रसेन्ट घटेर १ करोडको ३० लाख रहेको छ । त्यो ३० लाख २५ लाख त कृषि सडकमा पनि दिइएको थियो, पर्यटन सडकमा पनि दिइएको थियो, पर्यटन सडक र कृषि सडक अहिले उपलब्धिपूर्ण भएका छन् । हन्ड्रेड प्रसेन्ट भैसके त्यहाँ, त्यले अहिले जनतालाई फाइदा दिएको छ, त्यो जनता सडक टेण्डर भएको अहिलेसम्म काम भएको छैन त्यहाँ । त्यसै कारणले सकेसम्म उपभोक्तामा बजेट जानुपर्दछ । १ करोड भएपछि २० प्रतिशत जनश्रमदान जोडेर १ करोड २० लाख हुँदोरहेछ । ठेकदारले मुद्दा हाले त्यसैकारणले हामीले ८० लाखसम्म हामीले हाल्नु पर्दछ योजनामा । २० प्रतिशत जनश्रम श्रमदान गरेपछि ९६ लाख हुन्छ अनि उपभोक्ताले पाउँछन् । उपभोक्ताले गर्दाखेरीमा काम सदुपयोग पनि हुन्छ के खान्छन् उपभोक्ताले । दुईचार हजार दुई चार टोपी बदल्ने ठेक्दारले त, ठेकेदार होइन, ठगदार हो । ठगिदिन्छन् पुरै तिनीहरूले त्यसो भएर कुनै हालतमा जानु हुँदैन । ठूला योजनाहरू, गौरवका योजना छन् २/४ करोड ठेक्कामा जालान् । अरु १ करोडभन्दा तलका उपभोक्तामार्फत् जानुपर्छ । योजना समानुपातिक हिसाबले बजेट छुट्याइनु पर्दछ । भन्नाले अघि हाम्रो मन्त्री, माननीयज्यूले भन्नु भयो, मन्त्री नभएको कारण जाजारकोट पछाडि पऱ्यो भन्नुभयो । मन्त्रीज्यू जाजारकोट मात्रै होइन, मन्त्री भया जिल्लामा पनि भयानाइ क्षेत्र क्षेत्रगत मन्त्री हुनुपर्छ, जिल्लागत हैन अब । के मन्त्रीले, के जिल्लागत हेरेका छन् ? जस्तै मेरै जिल्लामा नरेश भण्डारी हुनुहुन्छ, नरेश भण्डारीले मेरो क्षेत्र समेटिया छ कि छैन ? तपाई हिसाबकिताब गर्न रेडबुकमा हेर्नुस्, उनको क्षेत्र र मेरो क्षेत्रमा ८ करोड बढी छ । त्यस्तै अरुमा मन्त्र मन्त्रीमा हेर्नुस् यही सुर्खेतका भौतिक मन्त्रीसँग हेर्नुस् हिजो कुरा आएथियो नि । उहाँको क्षेत्रमा करोडौं रुपैयाँ, ५०औं करोड छ भने अर्को क्षेत्रमा ८/१० करोड छैन । मन्त्री जिल्लागतले हुँदैन रछ, क्षेत्रगत हुन पर्दोरहेछ क्या । त्यसैकारणले हो कर्णालीका मन्त्री हुन्, कर्णालीको सरकार हो, उहाँहरू त्यो क्षेत्रको त्यो जिल्लाको मन्त्री हुनुहुन्न । उहाँहरूले यो कर्णाली प्रदेशलाई हेर्नु पर्दछ । कर्णाली प्रदेशलाई समेटनुपर्दछ तर यो १०४ वर्षको राणा शासनको सरकार हैन, ३० वर्षको पञ्चायतको सरकार होइन, यो संघीय लोकतान्त्रिक गणतन्त्रको सरकार हो । देशमा संघीयता आइसक्यो सिंहदरबारको अधिकार घरमा आइसक्यो भनेका छन् त्यही हो । त्यसै कारणले उद्योगधन्दा लगानीमा बढी हामीले ध्यान दिनुपर्छ बजेट लगाउनु पर्छ । त्यसले गर्दा सयौं युवाहरूलाई रोजगार पाउँछन् । जनताको जीवनस्तर बदलिन्छ । अनुगमन र मूल्याङ्कन हुनुपर्दछ, हामीले स्थानीय तहमा हामी बजेट छोड्दै छौं, कोले अनुगमन गर्ने ? त्यसकारणले प्रदेशले पनि

अनुगमन गराउनु पर्दछ स्थानीय तहको । सडक गत सालको जनता सडकभन्दा अहिलेका कृषि र पर्यटन सडकमा बढी फाइ उपलब्धि भएको छ । बजेट समाजवाद उन्मुख हुनुपर्दछ । हामी समाजवादको नारा लगाउदैछौं, समाजवादको कुरा भाषण गर्दैछौं हामी । त्यसै कारणले बजेट समाजवाद उन्मुख हुनुपर्दछ । यो सरकारले सं संघीय लोकतान्त्रिक गणतन्त्र संसद, संसद कोषको व्यवस्था पनि हुनुपर्दछ । माननीयज्यूले उठाउनु भएको छ, यो महिला माननीयज्यू मात्रै हैन, पुरुष पुरुषको के संसद कोष भयाछ ? पुरुषको पनि महिलाको पनि संसद कोषको व्यवस्था हुनुपर्दछ । हामीले कसैले १०० मीटर पाइप माग्ला कहाँबाट दिने हामीले । जनता सडकबाट कटाउने ? अनि कहाँबाट ? त्यसै कारण पुरुषको पनि सबै माननीयको सांसद कोषको व्यवस्था हुनुपर्दछ । त्यसै कारणले एउटा मैले उदाहरणीय काम देख्या देखेको पनि छु कर्णाली प्रदेश म त सरकारले राम्रै गऱ्याछ किनभने त्यो मन्त्रालयमा जाने ढोका छ नि ढोका त्यो । त्यो ढोकामा कार्ड देखाएर धौ धौ गरी उग्रन्छ । हत्केला देखाए तीनपटक हत्केला सो गरे पनि उङ्गोछ । त्यो त, त्यो त अलि वैज्ञानिक कार्य गऱ्या छ है । हो त्यस्तै हिसाबले कर्णाली प्रदेशको विकास गर्नु पऱ्यो । म, म त ढोका खोल्नै सक्दैन । अहिलेसम्म जान्याछैन । हात यसो गरे पनि हुँदैन, काँध देखाए पनि हुँदैन । त्यो त राम्रै काम गरेजस्तो मान्छु है । त्यसै कारणले जबसम्म मन्त्रालयबाट बजेट समानुपातिक समावेशी हुँदैन, तबसम्म कर्णाली प्रदेशको विकास हुँदैन । कर्णाली प्रदेश रुपान्तरणको पर्खाइमा छ, आर्थिकको पर्खाइमा छ । त्यसैकारणले मन्त्रीज्यूहरू म तपाईहरूसँग अनुरोध गर्दछु । तपाई कर्णाली प्रदेशकै मन्त्री हो । हामीलाई केही मन्त्री हुन आवश्यक जरुरी छैन, केही आत्तिएका छैनौं हामी । ५ वर्ष चलाउनुस् तर सबैलाई समेटेर चलाउनुस्, कर्णाली प्रदेश समेटेर चलाउनुहोस् । हामीलाई आत्तुर छैन, यही तरिका हो भने त अघि जिल्ला हैन, पर क्षेत्रले पाउनु पर्छ भन्ने हाम्रो अब क्षेत्रले पाउँदाखेरीमा त डेढ डेढ वर्षमा चेन्ज हुनै पऱ्यो होला । ढाइ वर्ष पनि पाउँदैन । त्यसै कारणले हामीलाई मन्त्री हुन आत्तुर छैन । तपाई हुनुहोस् तर राम्रो काम गर्नुहोस् । त्यसै कारणले (समयलाई ध्यान दिऔं माननीय सदस्य) अब मैले माननीयहरू यो सदनमार्फत् सभामुख महोदय, अब आउने रातो किताबमा सबै महिला, दलि दलित, जनजाति, पिछडिएको क्षेत्र सबै समेटेर रातो किताब आओस् र त्यसको लागि हामी यो सरकारलाई धन्यवाद दिन चाहन्छौं । हस् त मेरो भनाइ यहाँ अन्त हुन्छ । धन्यवाद ।।

**माननीय सभामुखः** अब माननीय श्री रातो कामी । समय ७ मिनेट ।

**माननीय श्री रातो कामीः** माननीय सभामुखज्यू, आज हामी आर्थिक वर्ष २०७६/०७७ को बजेटको छलफल गरिरहेका छौं बजेटका मूलभूत सिद्धान्तहरू बजेट विनियोजनका सिद्धान्त, प्राथमिकता र यसका चाहिँ मेन पोलिसीका बारेमा समेटेर यो बजेट आइरहेको छ । बजेटका अन्तरवस्तुहरूको बारेमा पूर्ववक्ता माननीयज्यूहरूले थुप्रै बुँदावाइज पनि छलफल गर्नु भा चाहिँ छ र यसका बारेमा म धेरै कुरा राख्न चाहँदैन र खास गरिकन यो कर्णाली प्रदेशको बजेटको छलफलका बारेमा जे जति कुराहरू उठेका चाहिँ छन्, ती कुराहरू माननयोग्य छन् र त्यलाई चाहिँ सरकारले ग्रहण गर्नुपर्दछ र यदि बजेटलाई सन्तुलन बनाउन सकिएन सन्तुलित बजेट बनाउन सकिएन र बजेटले एउटा चाहिँ असन्तुलित रूपमा चाहिँ अगाडि बढिराख्यो भने यहाँ थुप्रै समस्याहरू आउने हामी देखिरहेका छौं ।

सभामुख महोदय, आज दुनियाँका बढे बढे देशहरूले त्यहाँको चाहिँ मूल समस्यालाई हल गरेर मात्रै आफू विकासशील राष्ट्रको चाहिँ पदवी पाएका छन् । बेलायतले बेलायतमा रहेका मजदुरहरूलाई बेलायती सरकारले तत्कालिन परिस्थितिमा असाध्यै अन्याय गऱ्याथ्यो र त्यहाँ बेलायतले ठूलो त्यसभित्रको चाहिँ समस्या उठिराख्दा बेलायती मजदुरको स्वतन्त्रताविना यो समग्र बेलायतको स्वतन्त्रता असम्भव छ भन्ने कुरालाई त्यले सस्लेशन गरेर त्यलाई हल गर्नतिर लाग्यो । बेलायतको पेरिफेरीमा रहेको बेलायतको अधिनष्टमा रहेको एउटा चाहिँ सानो मुलुक पोल्याण्ड जो विश्वयुद्धमा लडेका पुलिसहरू लडाकुहरूले

बढीभन्दा बढी सघन, पोल्याण्डमा तिनको सघनता छ । पोल्यानी जनताको मुक्तिविना बेलायतको मुक्ति सम्भव छैन भन्ने कुराको सस्लेशन गर्‍यो र बेलायत चाहिँ लगायतका वरपरका मुलुकहरू समस्याको चाहिँ निरूपण गर्नतिर लागे । हाम्रो नेपाल समस्या जहाँ छ, समस्याका बारेमा जति स्केलको मतलव चाहिँ भूकम्प गए पनि यसको कुनै किसिमको अत्तोपत्तो छैन । सुन्ने हो यिनी त आउने कुरा हुन्, गर्ने कुरा हुन्, भन्नेतिर छ । आज नेपालमा थुप्रै प्रकारका समस्या छन्, वर्गीय हिसाबले पछि परेका वर्ग समुदायहरूलाई बजेटको कुरा मात्रै होइन, जो नीति बनेका चाहिँ छन्, हाम्रा अग्रजहरूले जनताबाट निर्वाचित भएर त्यहाँ गएर थुप्रै प्रकारका नीति नियमहरू बनाएका चाहिँ छन् । तिनको पालना गर्ने कुरामा हामी सरकारमा गएका मान्छेहरू बेखबर छौं । त्यतिकै बनाएका नीति होइनन्, त्याग तपस्या बलिदानबाट बनेका नीति हुन्छन्, त्यो नीति लागु गर्ने सरकारको दायित्व हुन्छ । ती नीतिहरू बनिरहेका छैनन्, हाम्रा सुरहरू, हाम्रा तालहरू मिलिरहेका चाहिँ छैनन् ।

सभामुख महोदय, दक्षिण एशियाभित्रको हाम्रै छिमेकी राष्ट्र चीनमा ९६ प्रतिशत हांग जाति छ, ४ प्रतिशत मात्रै ४, ६ प्रतिशत मात्रै हेचे जाति छ । तिनको बीचमा विशेष व्यवस्था छ चीनमा । कहिँ कुरो पत्रपत्रिकामा आ'छ त्यहाँ चिल्लाछन् ती एकदम अल्पसंख्यक मान्छेहरू । आज नेपालमा ठूलो संख्यामा आफ्नै भाइ भतिजालाई श्रम गरे वापत अछुत राखिन्छ र तिनलाई चाहिँ कहिल्यै पनि माथि नआउन दिने गरिकन दबाइएको छ । यले चाहिँ कर्णालीको मात्रै हैन, सिंगो नेपालको सुन्दर भविष्यको चाहिँ नारा चाहिँ सक त्यसको चाहिँ सफलतातिर कत्ति पनि जान्न यो कुरा चाहिँ विश्वास लिए हुन्छ । यो निरूपण गर्ने विषय हो आजका मितिमा । पछि परेको क्षेत्र कर्णाली, कर्णालीको चाहिँ समग्रतामा वर्गीय र त्यहाँको चाहिँ लैंगिक र त्यहाँको चाहिँ विकासको चाहिँ मुक्ति बेगर कर्णाली प्रदेश अरु, अरु चाहिँ अञ्चलबाट आएर बनेको यो प्रदेश छ । साविकको कर्णालीको मुक्ति बेगर हाम्रो चाहिँ यो प्रदेशको मुक्ति हुँदैन । त्यही छ वर्ग, त्यही छ लैंगिक लैंगिक कुरा, त्यही छ अरु अरु कुरा, त्यही कनेक्टीभिटीले छोएको छैन, त्यही प्रचुर मात्रामा विकासको चाहिँ लहर अगाडि बढेको छैन । त्यसप्रति लक्षित हुनुपर्दछ । बजेटलाई दामासाहीको नाउँमा साविकको कर्णाली र अरु अरुलाई सम्मै बनाउन पनि, त्यो पनि चाहिँ असम्भव कुरा म मान्छु । मेरो ध्ययले मेरो बर्मले त्यो देखिरहेको चाहिँ छ । समानुपातिक समावेशीका नाममा यहाँ त चाहिँ निम्न पूँजीवादी अधैर्यबाट एकदम ग्रसीत हामी कसैको चाहिँ सानो विशेष व्यवस्था भयो भने सबैले त्यो व्यवस्थालाई भागवण्डा लाउने । त्यस्तो पनि काहिँ कुरा हुन्छ ? आरक्षणको कुरामा भो भने सबैले हामीले किन नपाउने भनेर कुरा आई नै हाल्ने । त्यो त जो, जो तल पर्‍या छ, त्यलाई ल्याउनका लागि पो आरक्षण गरिन्छ त । फेरि सबैको भए त ऊ छँदै छ त । त्यसो भएर एक चोटी हामीले के संकल्प गर्न जरुरी छ भने राजनीतिक वैचारिक हिसाबले सामाजिक सांस्कृतिक रूपले र आर्थिक राजनैतिक रूपले हामी अलि बढी सचेत हुन जरुरी छ । यो माननीय झोवा जीले भन्नु भो त्यो कुरा मलाई असाध्यै घत लागेछ यहाँ । ए बसेर जाइँ त्यो त्यो अंक हानेर मात्र हुनेवाला छैन । अलि अध्ययन गर्नु पर्दछ यहाँ, सोलोडोलोमा र चाहिँ कसरी हुन्छ आफ्नो पोल्टामा पार्नका लागि जाइने विभिन्न प्रकारका चलाखी गरेर हुनेवाला छैन यहाँ । यहाँ खरो ढंगले समस्या उठि नै सक्या चाहिँ छ । मैले भनिरहँदा मैले के कुरातिर संकेत गर्दै थिएँ भने कुरा वर्गीय हो, जातीय कुरा होइन । हामीले मात्रै दलित समुदायले भन्न खोजेको कुरा एउटै मात्रै कुरा के हो भने अलि बढी अछुतमा परेका जातिहरू बढी, बढी मतलव चाहिँ संख्यामा छन् है । अलि उत्पीडनमा छन् दोहोरो आर्थिक कुरा मात्रै छैन, सामाजिक रूपले पनि बहिष्कृत छन् र तिनको चाहिँ व्यवस्थापन गरिनु पर्छ भन्या हो । यो कुरालाई नबुझ्ने ? त्याग तपस्या बलिदानमा तपाई हामी सबै लागेका हौं । ल्याएका व्यवस्थालाई जाइने सही ढंगले कार्यान्वयन नगर्ने ? यी कुराहरूलाई चाहिँ केवल कागजी एउटा चाहिँ खोस्टोमा मात्रै सीमित गर्ने ? कार्यान्वयन गर्नु पर्दैन ? त्यसो भएर आज

अर्को समस्या टड्कारो भैरहेको छ, पोल्याण्डको कुरा गरिराख्या थिएँ मैले । पोल्याण्डमा प्रथम विश्वयुद्ध लडेका ती पुलिस जातिका समुदायका मान्छेहरू त्यहाँ सन्केन्द्रित भएर बसेका थिए अथवा सघनताका रूपमा बसेका थिए । तिनको मुक्ति किन खोज्यो भन्दा तिनको सही ढंगले सम्बोधन नहुँदा फेरि उनीहरूले अर्को किसिमको विद्रोह निम्त्याउने भाको भएर त्यो बेलायतले व्यवस्थापनको जाइने सस्लेशन गरेर त्यो व्यवस्थापन भयो । अहिले एउटा पोल्याण्ड आफ्नो चाहिँ एउटा मुलुकको रूपमा चाहिँ खडा छ । नेपालमा यति ठूलो जनसंख्या मतलव चाहिँ जनसंख्याका हिसाबले चाहिँ ठूलो परिमाणमा मान्छेहरू आन्दोलित भए । पूर्व चाहिँ लडाकुको नाम भने पनि जनमुक्ति सेना भने पनि तिनको कयौं चाहिँ पाटीहरूले परिचालन गरेका युवाहरू चाहिँ त्यो वाइसेलको नाममा होस्, तरुण दलका नाममा होस् अथवा चाहिँ युथफोर्सका नाममा होस्, प्रजातान्त्रिक राष्ट्रिय युवाको नाममा होस् । विविध नामबाट चाहिँ उचालियो र तिनको व्यवस्थापन आज तिनको चाहिँ मतलव चाहिँ कले गर्ने हो ? राज्यले तिनका बारेमा कहीं सोच्याछ । ती युवाहरू चाहिँ अर्कै ठाउँ अर्कै कुरा हुँदै छ अहिले छलफल भैराख्या छ । हामी एउटा चाहिँ संसदमा हामी चाहिँ छुट्टै प्रकारको छलफल भैराख्या छ । छलफलको तालमेल मिल्छ कि मिल्दैन ? छलफलको तारताम्मेता मिलेन भने के हुन्छ ? यो बडो गम्भीर कुरा हो र अहिलेको मैले भन्न खोजेको विषय के हो भने युवा स्वरोजगार कार्यक्रम अथवा युवालाई रोजगारीमा लाउने कुरा, उत्पादनमा लाउने कुरा, मतलव चाहिँ निर्माणमा लाउने कुरा महत्वपूर्ण कुरा हो । एकीकृत बस्ती विकास, जनता आबास, आबास कार्यक्रम यो महत्वपूर्ण कुरा हो । कृषिमा चाहिँ कृषिलाई उद्योगसँग जोडेर अगाडि बढाउने कुरा महत्वपूर्ण कुरा हो । हामी धेरै वितरणमुखी हुनु हुँदैन । हामीले कलकारखाना स्थापना गर्दा हामीले चाहिँ देखिने खालको स्केलमा हुनुपर्छ, त्यले कति रोजगारी सिर्जना गऱ्यो भन्ने कुरा अलिबढि महत्व हुन्छ । यहाँ कति बजेट कहाँ गयो ? भन्ने कुराले त्यति महत्व राख्दैन, त्यसो भको हुनाले यहाँ केही कुराहरू आएका छन् र यो कुरामा कुरा के हो त भन्दाखेरि बजेट अब अलिकत भौगोलिक सन्तुलन रूपमा मिलाउनुपर्दछ । पछि परेको क्षेत्रलाई निश्चित रूपमा सम्बोधन गर्नु पर्दछ । अलि छाती चौडा गर्नुपर्दछ र फराकिलो चाहिँ सोचले काम गऱ्यो भने मात्रै हामी माथि उठ्न सक्छौं अन्यथा हामी चाहिँ ख्याउटे हुन्छौं र हाम्रो चाहिँ त्यति विकास हुँदैन । निर्वाचन क्षेत्रलाई निर्वाचन क्षेत्रलाई केन्द्र बनाएर अगाडि बढ्नु पर्दछ र कयौं कुराहरू सांसद विकास क्षेत्रको कुरा पनि यहाँ उठेको छ, त्यलाई सरकारले सुहाउँदो तरिकाले सम्बोधन गर्नुपर्दछ । यहाँ चाहिँ खास गरिकन यो निर्वाचन एउटै हो । यो निर्वाचन प्रणालीका बारेमा हामीले चाहिँ धेरै उचालिएका छौं र उचालेका पनि छौं । हैन यो गर्नु हुँदैन समानुपातिक र प्रत्यक्ष भयो अधिकारमा तपाई हामी छौं । अधिकारमा सँगै कसरी बनाउने हो त्यो बारेमा हामीले कस्ता कस्ता भैसके यति कुरा गर्न नसक्ने के छ र ? यो वितरणको कुरा हो । यो चाहिने एउटा विकास निर्माणको कुरा हो । यसो भाभएर यो कुरालाई पनि एउटा ढंगले आउनु पर्दछ भन्ने कुरा म राख्दै आफ्ना भनाइहरू यही अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२९(१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलको क्रम भोलि पनि जारी रहने व्यहोरा जानकारी गराउँदछु । बोल्न बाँकी माननीय सदस्यहरूलाई भोलिको बैठकमा समय उपलब्ध गराउनेछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७६ साल असार १३ गते शुक्रबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१३

## (२०७६ साल असार १३ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको तेह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलका लागि प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल आज पनि जारी रहन्छ । आफ्नो धारण राख्न बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय श्री गुलाब जंग शाह । समय ७ मिनेट । यसपछि माननीय श्री दिनबन्धु श्रेष्ठ तयार रहनुहोला ।

**माननीय श्री गुलाब जंग शाहः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारले ल्याएको ०७६/०७७ को बजेटमाथि सैद्धान्तिक छलफलमा हामीले आज ३ दिनदेखि भाग लिइरहेका छौं । सैद्धान्तिक छलफलमा मैले पनि आफूलाई उभिएर केही आफ्ना विषयवस्तुहरू राख्न गैरहेको छु । यो खासगरी सरकारले अत्यन्त मिहिनेत गरेर बजेट, नीति तथा कार्यक्रम ल्यायो । त्यसपछि त्यसैमा रहेर बजेट पनि प्रस्तुत गरेको छ । बजेटकै पेरिफेरीमा रहेर मैले केही सरकारले ल्याएका लोकप्रिय नाराहरू छन्, जसलाई कार्यान्वयनमा लग्न सकियो भने पक्कै पनि कर्णाली प्रदेशले केही परिवर्तनको अनुभूति दिनेछ भन्ने मैले महशुस गरेर त्यो नारालाई मैले भन्न चाहन्छु । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई आत्मसाथ गर्दै कर्णाली प्रदेशले समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने नारालाई बोक्दै आफ्नो प्रदेश आफै बनाऔं भन्ने वास्तवमा, वास्तविक नाराका साथ सरकार हौशिएर अगाडि बढेको मैले महशुस गरेको छु । अझ खासगरी केन्द्रीय सरकारले पनि शिक्षालाई पहिलो प्राइअरटीमा राखेको कारणले होला शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार भन्ने हाम्रो यसको नारा छ । मलाई लाग्छ शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी यसका लागि पूर्वाधार भन्ने नारा अनुसार नै बजेट तर्जुमा भको छ भन्ने मैले अनुभूति गरेको छु । त्यसैभित्र खासगरी कर्णाली प्रदेश सरकारले प्रदेश स्तरीय अस्पताललाई ३ सय बेडमा स्तरोन्नति गरेर कर्णालीबासीलाई सेवा सुबिधा दिने जुन उद्देश्य राखेको छ, अत्यन्तै यो पनि राम्रो छ । पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय वास्तवमा युनिक छ, हामीले यसलाई बढोत्तरी गर्न सक्यौं, यसलाई स्ट्याब्लिस स्थापित गर्न सक्यौं भनेपछि यसको भविष्यमा धेरै महत्व हुनेछ भन्ने मैले महशुस गरेको छु । बहुउद्देश्यीय रंगशाला, कर्णाली जस्तो प्रदेशमा बहुउद्देश्यीय स्टायवको रंगशाला स्थापित गऱ्यौं निर्माण गऱ्यौं भनेपछि त्यहाँ हाम्रा विभिन्न प्रकारका हामीले खेललाई हामीले चाहिँ मनोरञ्जनात्मक ढंगले अगाडि बढाउने छौं भन्ने सोचेको छु । त्यसैमध्येमा गत वर्ष आएको जनता सडकलाई यो सरकारले अहिले निरन्तरता दिएको छ तर त्यसमा अझ बढोत्तरी गर्न पर्छ । पूर्वाधार विकास कार्यक्रम भनेर ल्याको छ, निर्वाचन क्षेत्र विकास कार्यक्रम भनेर राख्नु पर्छ भनेर म भन्न चाहान्छु । मलाई लाग्छ अलिकत सरकारले नारा अनुसार थोरै शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार भन्ने कुरामा यो कर्णाली प्रदेशले शिक्षामा अलिकत बजेट विनियोजित गर्दा अलिकत केही कमी गऱ्या हो कि भन्ने मैले महशुस गऱ्या छु । मूल बजेटको ३ प्रतिशत मात्रै बजेट विनियोजित गरेको देखिन्छ । यो अलि पुग्दैन कि भन्ने मेरो बुझाइ छ । एक निर्वाचन क्षेत्र एक टेलिमेडिसिन भन्ने वास्तवमा नयाँ कार्यक्रम छ, यो कार्यक्रमलाई साँच्चै कार्यान्वयन गर्न सकियो भने जनताले गाउँमा बसे पनि स्वास्थ्य सुबिधा प्राप्त गर्नेछन् र यसलाई लागू हुने गरी यो सालमा शुरुवात गर्नुपर्छ मेरो यसमा जोडदार छ । सिंजा र दुल्लुमा संस्कृति संग्रहालय

बनाउने वास्तवमा हाम्रो धरोहरलाई बचाउने कुरामा चाहिँ वास्तवमा सरकारले भनेको छ । मेरो किसान मेरो अन्नदाता नारा अत्यन्त आर्कषक छ । किसानलाई कुन महत्वका साथ हामीले अगाडि बढाउने होला पक्कै पनि मेरो किसान मेरो अन्नदाता भनेर नारामा ल्याइसकेपछि हामीले हेर्ने किसानलाई हेर्ने दृष्टिकोण पनि बजेटले विनियोजित गर्नुपर्छ र गरेको छ होला भन्ने मैले महशुस गरेको छु । कर्णाली प्रदेशलाई फलफूलमा आत्मनिर्भर बनाउने हामीले हिजो पनि माननीय सदस्यज्यूहरूले भन्नु भो कर्णाली प्रदेशमा उत्पादित हुने चाहे स्याउ भनौं, चाहे सुन्तला भनौं, चाहे कागती भनौं ती चीजलाई हामीले आत्मनिर्भर मात्रै बनाउन सकियो भनेपछि पनि हामी विकासउन्मुखमा अथवा मान्छे आत्मनिर्भरको गतिमा अगाडि बढ्नेछ भन्ने मेरो महशुस छ । कर्णाली समृद्धको आधार पर्यटन विकासका पूर्वाधार वास्तवमा कर्णाली प्रदेश यति सुन्दर प्रदेश छ, संसारका २ सय मुलुकहरूमध्येमा नेपाल १० राज्य जहाँ ऐतिहासिक अत्यन्त मनोरम स्थल पर्छ । त्यसमध्ये हाम्रो कर्णाली छ भन्ने मेरो बुझाइ छ । यो पर्यटकीय प्रबर्द्धनलाई चाहिँ महत्व दिएर हामी अगाडि बढ्न सक्यौं भने हरेक मान्छे आय—आर्जन जोडिनेछ भन्ने मेरो बुझाइ छ ।

सभामुख महोदय, हाम्रो प्रदेश ३४ अर्बभन्दा बढी बजेटको आफ्नै श्रोत हाम्रो होइन । केन्द्र सरकारले प्रदान गर्ने चार प्रकारका अनुदानको ठूलो हिस्सा छ । बजेटमा हाम्रो राजश्वको योगदान भनेको एक प्रतिशत पनि पुगेको छैन । प्रदेशको आन्तरिक राजश्वको हिस्सा निकै नगण्य छ । अझ अर्थ मन्त्रीजीले अघिल्लो आर्थिक वर्षभन्दा एक चौंथाई कम गरेर राजश्वको अनुमान गर्नुभएको छ । अघिल्लो वर्षको बजेट कार्यान्वयनको अवस्था निराशाजनक, निराशाजनक हुँदाहुँदै पनि अर्थ मन्त्रीजीले बजेटको आकार अलि केही रूपमा बढाउनु भको हो कि भन्ने मैले बुझेको छु । फेरि बजेट कार्यान्वयनमा आशंका जन्माएको छ । बजेट अलि ठूलो हुँदा कार्यान्वयनमा अलि आशंका जन्मेको छ । विगतमा बजेट बारे धेरै आलोचना हामीले आफ्नै मौलिक र भिन्न उद्देश्यका साथ प्रादेशिक महत्वलाई ध्यानमा राखेर बजेट ल्याउन फेरि पनि हामी यस पटक चुक्यौं कि भन्ने मेरो बुझाई छ । प्रदेशले आफ्नो भूमिका प्रभावकारी बनाउन खासगरी तीनपक्षमा ध्यान दिएर बजेट बनाउनु पर्थ्यो, बनाउनु पर्ने आवश्यकता थियो । स्थानीय सरकारसँगको सहकार्यमा गर्ने योजना र कार्यक्रमलाई टेवा पुग्ने गरी चाहिने संस्थागत संयन्त्रको विकास जोड दिनु उपयुक्त हुन्थ्यो तर त्यतातिर बजेटमा ध्यान अलि पुगेको छैन कि भन्ने मेरो बुझाइ छ । जिल्ला र स्थानीय तह जोड्ने स्तरीय बाटो, सिंचाइ, परियोजना, सहरी बस्ती विकास, औद्योगिक क्षेत्रको प्रबर्द्धन लगायतका बजेटले स्थान पाएको देखिदैन । अझ प्रादेशिक स्तरका रणनीतिक महत्वका राख्ने पूर्वाधार योजनाहरूको पहिचान गर्न र प्रारम्भिक अध्ययन गर्नतर्फ बजेट केन्द्रित छैन । निजी क्षेत्रको लगानी बढाउन चाहिने कानून र नियमहरूको तयारी तथा लगानीलाई आर्कषक गर्न चाहिने संयन्त्रमा जोड दिनुपर्थ्यो, लगानी दशक र लगानी सम्मेलनले मात्रै निजी क्षेत्र आर्कषित हुन सक्दैनन् । अहिलेसम्म भनेको थिति बसाल्ने कानून र नीति निर्माण गर्ने प्रदेशिक तहमा आर्थिक वृद्धि समृद्धिका खाका कोर्ने र श्रोतको पहिचान गर्ने हो जस्तो मलाई लाग्छ । केन्द्रको सीमित अनुदान र चालु वर्षमा खर्च गर्न नसकेर बचेको पैंसाबाट बजेट बढ्दा अहिले नै हामी केही अलि बढोत्तरी भयौं कि भनेर हर्ष मनाउने अवस्थामा हामी छैनौं । बजेटमा श्रोतले नपुगेर आन्तरिक बजार अथवा केन्द्र सरकारसँग ऋण लिने उद्देश्य अर्थ मन्त्रीजीले राख्नुभएको छ । चालु आर्थिक वर्ष, वर्षमा नै एक अर्ब लिने प्रस्ताव गर्नुभएका अर्थ मन्त्रीज्यूले बुझ्नुपर्ने कुरा के छ भन्दा ऋण प्रदेश सरकारले कसरी उठाउन सक्छ ? गम्भीर प्रश्न छ । मैले त त्यसको सम्भावना अहिले देख्दैन । अर्थ मन्त्रीज्यूले पनि प्रभावकारी बजेट कार्यान्वयनका लागि कुनै ठोस योजना प्रस्तुत गर्नु भएन । प्रदेश चालु आर्थिक वर्षको बजेटको २० प्रसेन्ट पनि विकास गर्न सकेका छैनौं । यही अवस्थामा हामी कसरी बजेट कार्यन्वयन गर्न सक्छौं होला ? अर्थ मन्त्रीज्यूले केन्द्रको हुबहु सिको गर्नुभन्दा मौलिक सम्भावना अनुसारका श्रोतलाई प्रदेशको आर्थिक वृद्धि र समावेशी समृद्धिका लागि

कसरी उपयोग गर्न सकिन्छ भनेर बजेट तर्जुमा गर्नुपर्ने थियो, यस पटक हामी बजेटमा मौलिकताबाट फेरि चुकेका छौं । एउटा यहाँ दृष्टान्त बताउन चाहन्छु, माननीय सभामुखज्यू, गत वर्ष हामीले २८ करोड २८ लाख २८ हजार चालु बजेट हाम्रो कूल बजेट विनियोजित गरिएको थियो । त्यसमध्येमा ६ अर्ब ४३ करोड ८४ लाख ८५ हजार चालुतर्फ राखियाथ्यो । पूँजीगततर्फ २१ अर्ब २४ करोड ४३ लाख ४३ हजार व्यवस्थापन गरिएकोमा अहिले आएर हामीले चालुतर्फ १३ अरब पुऱ्याउन पऱ्यो । एउटै मात्रै प्रश्न छ ७ अरब एकै पटक कसरी यत्रो बढोत्तरी भयो होला ? जब कि पूँजीगततर्फ हामीले गत वर्ष २१ अरब २९ करोड ३७ लाख ७२ हजार थियो अहिले हाम्रो २१ करोड २४ लाख गत वर्ष २१ करोड २४ लाख ४३ हजार ४३ लाख थियो भने पछि ५ करोड मात्रै हामीले तपाईको चाहिँ पूँजीगततर्फ विकास गऱ्याछौं अहिले । चालु तर्फ ७ अरब करिब करिब बढोत्तरी गर्नपर्ने कारण वास्तविकतामा बजेट के छ अर्थ मन्त्रीज्यूले यसमा जवाफ दिनुहुने छ भन्ने भन्न चाहन्छु । बत्ती बलिसक्यो हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान माथिको छलफल आजै समाप्त हुने भएकाले बोल्न चाहने माननीय सदस्यहरूले रोष्टमको वायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला । अब माननीय श्री दिनबन्धु श्रेष्ठ । समय ७ मिनेट । यसपछि माननीय श्री चन्द्रबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, आज हामीहरू आर्थिक वर्ष २०७६/०७७ को राजश्व आय र व्ययको वार्षिक बजेट अनुमानित बजेटमा हामी छलफल गर्दैछौं र करिब—करिब यो बजेट ३४ अर्ब ३५ करोड ३४ लाख २५ हजारको बजेट २०७६/०७७ को बजेट आएको छ । पक्कै पनि अर्थ मन्त्रीज्यूले यो बजेट ल्याउँदा हामीले यो बजेट पढ्यौं सरसर्ती । धेरै कुराहरू समेटिएका छन् राम्रो पनि छ र त्यो किताब पढ्दा मलाई लाग्दछ कर्णाली प्रदेशको समृद्धि र विकास टाढा छैन, राम्रो छ र यसमा धेरै नयाँ कुराहरू पनि आएका छन् । गत वर्षको बजेटमा केही परिमार्जन पनि भएका छन् र त्यतिले मात्रै पुग्दैन । हामीले अहिलेको बजेटमा धेरै राम्रा कुराहरू पनि त्यहाँ लेखिएका छन्, समृद्धि कर्णाली सुखारी कर्णालीबासीका नाममा बजेट आएको छ, जस्तै शिक्षा, स्वास्थ्य, उत्पादन, रोजगार यसका लागि पूर्वाधार भन्यौं । मलाई लाग्दछ यो कार्यान्वयन गर्ने आधारहरू पनि हामीसँग के छन् ? यो पनि हामीले गम्भीर हिसाबले हेर्नुपर्ने हुन्छ र म यहाँ के भन्न चाहन्छु भने प्रतिपक्ष नेपाली कांग्रेसको एउटा संसदको नाताले यो सरकारले गत वर्ष हाम्रो यो कानून बनाउने वर्ष हो, विकास निर्माणमा हामी अगाडि बढ्न सक्दैनौं, तपाईहरू धेरै आशा नराख्नुस् । यो कानूनको वर्ष हो भनेर सरकारका मुख्यमन्त्री लगायत अन्य मन्त्रीहरूज्यूले अन्य कार्यक्रमहरूमा उहाँहरूले राख्नु भएको छ तर एक वर्ष डेढ वर्ष त बित्यो पक्कै पनि यो त अब विकासको वर्ष होला । यो बजेट विकासउन्मुख होला । हामी चाहन्छौं प्रतिपक्षका संसदहरू पनि कर्णाली प्रदेशको नेकपाको दुई तिहाइको सरकारले यो यो विकास निर्माण गऱ्यो है भनेर खुला छात्तीले हामीले पनि भन्न पाऔं, प्रशंसा गर्न पाऔं, हामी त्यो चाहन्छौं । यो सरकारले राम्रो गरेका कुराहरू सार्वजनिक ठाउँमा कर्णाली प्रदेश अब यसरी अगाडि समृद्ध र विकासमा गयो भनेर । त्यसको लागि हामी शुभकामना दिन चाहन्छौं तर त्यसको आधार यो बजेटमा हेर्दा हामी भेटाउँदैनौं । राम्रा छन् बजेटहरू तर त्यलाई कार्यान्वयन गर्ने पक्षहरू पनि बतिला हुनुपऱ्यो त्यो आधार किन भेटाइन्न भने यहाँ बजेट विनियोजन हुँदाखेरि चालु र पूँजीगत बजेटका विषयमा मात्र जान चाहन्छु । तपाईको यो चालु बजेटमा यत्रो १३ अरबभन्दा पनि बढी छ, यो के-के शीर्षकमा खर्च हुने हो त ? तलब, भत्ता र अन्य के हो ? १३/१३ अरब हामीलाई किन चाहिएको हो ? हामी धेरै पछि परेको प्रदेश भन्छौं विकास निर्माण हामीले अगाडि फड्को मार्नु पर्छ भन्छौं । धेरै मिहिनेत गर्नु पर्छ भन्छौं तर हामीले चालु बजेट धेरै बढायौं, यसमा पुनः विचार गर्नु पर्छ र चालु बजेट घटाउनु पर्छ भन्ने म यहाँ राख्न चाहन्छु । पूँजीगत बजेटलाई

बढाएर पूँजीगत बजेट जब बढायौं उत्पादनमुखी विकास निर्माण भयो भने चालु बजेट त विस्तार क्रमबद्ध बढ्दै जाने हो नि । पूँजीगत बजेटलाई हामी न्यूनीकरण गर्दैजाने चालुगत बजेटलाई अगाडि बढ्दै गयौं भने यो बजेट कार्यान्वयन हुन्छ कि हुन्न ? सफल हुन्छ कि हुन्न ? कर्णाली प्रदेशले चाहेको जस्तो हामी अगाडि समृद्ध र विकास हुन्छ हुन्न भन्ने एउटा शंकाको विषय र चिन्ताको विषय हो । त्यसैले यसका आधारहरू कमजोर छन्, यसमा अर्थमन्त्रीज्यूले र यो सरकारले पुनर्विचार गर्नुपर्छ जस्तो मलाई लाग्दछ । अर्को कुरो यहाँ मुख्यमन्त्रीज्यूको कार्यालयमा ५ अरब भन्दा ५ अरब २८ करोड १६ लाख २८ हजार विनियोजन गरिएको छ । मलाई लाग्दछ उहाँ त मुख्यमन्त्री हो, त्यत्रो किन ३४ अरबमा ३० सै अरब गरे पनि भयो नि त अरु मन्त्रीभन्दा बढी तर त्यो हैन, तर यत्रो यत्रो बजेट मुख्यमन्त्री कार्यालयमा विनियोजन भयो तर के-के कुरामा यो खर्च हुने हो यी कुराहरू पनि अलि प्रष्ट हुन पर्छ जस्तो मलाई लाग्दछ । र अर्को कुरो आफ्नो प्रदेश आफै बनाऔं भन्ने यो हामीले हेर्‍यौं किताबमा यो राम्रो कुरा हो आफ्नो प्रदेश आफै बनाउने स्वस्फूर्त बनाउने हो तर नियत भन्ने कुरो ठूलो हुन्छ । संसदको नियत होस्, मन्त्रीको नियत होस्, मुख्यमन्त्रीको नियत होस्, जसको पनि नियत होस्, हामी कुन नियत बस बजेट विनियोजन गरेका छौं, विकासका निर्माणका नामहरू तर्जुमा गरेका छौं । यदि हामीले पोजिटिभ नियतका साथ गरेका छौं भने हामी सफल हुन्छौं । क्रमिक रूपले हामी चाहेका काम विकास निर्माणमा अगाडि बढ्ला तर सबभन्दा ठूलो कुरो हेर्दा जति राम्रो भए पनि त्यहाँनिर नियत खराब छ भने हामी त्यो लक्ष्यमा पुग्दैनौं । तपाई हाम्रा नियत सही ढंगले बजेट कार्यान्वयन हुनु पर्छ भन्ने त लाग्छ किनभने विगतका बजेट कार्यान्वयनमा हामीले हेरेयौं, कुन मुखी भए ? के मुखी भए ? म यहाँ भन्न चाहन्न । अब अर्को कुरो यहाँ के आएको छ भने स्वच्छ, सक्षम, निष्पक्षता, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी प्रशासनमार्फत् सुशासनको प्रत्याभूति दिने भनेको छ, यो राम्रो कुरा हो तर अहिले जुन बजेटमा विनियोजन भएको बजेटले हामीले जुन बजेटमा आएको छ त्यले यो कुरालाई बल पुर्‍याउँछ कि पुर्‍याउँदैन ? यलाई एउटा विश्वास मान्ने आधार छ कि छैन ? ल्यायौं यो राम्रो कुरा हो, यो हुनुपर्छ सुशासनको प्रत्याभूति हुनुपर्‍यो विकास निर्माणमा, त्यसमा हामी पुग्छौं कि पुग्दैनौं ? यसमा पनि ध्यान दिन जरुरी छ । म यहाँनिर अर्को कुरो सभामुख महोदय, म के राख्न चाहन्छु भने मुख्यमन्त्री पूर्वाधार विकास कार्यक्रम अन्तर्गत धेरै योजनाहरू आए सडक, पुल, विद्युत, खानेपानी, सिंचाइ, पर्यटन, संचार, बस्ती विकास जस्ता भौतिक पूर्वाधारका प्रदेश महत्वका ठूल्ठूला योजनाहरू के यसको मतलव अरु मन्त्रालयहरूलाई अब कामविहिन र उहाँहरूले कुनै योजना या अर्को हेर्नै नपाउने हो त ? मुख्यमन्त्री अन्तर्गत पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सबै गयो भने अन्य मन्त्रालयको औचित्य के त ? त्यो पनि प्रष्ट हुनुपर्छ जस्तो मलाई लाग्दछ । के मुख्यमन्त्री, मुख्यमन्त्रीको कार्यालयलाई सचिवालयलाई मात्रै एउटा शक्तिशाली बनाउने र त्यहींबाट विनियोजन भएका सारा बजेट र विकासहरू मात्रै कार्यान्वयन हुने हो भने अरु मन्त्रालयको औचित्य के हुन्छ ? यसमा पनि सरकार प्रष्ट भएर आउनुपर्छ जस्तो मलाई लाग्दछ । जस्तै कर्णाली विकास प्राधिकरण गठन गर्ने भन्यौं, हो गठन गर्ने हो, यसका लागि त कानूनहरू चाहिएला, यसका छलफलहरू होला, हैन । अब हामी उल्टो गैरा'छौं गठन गर्ने कानून सानुन हामीसँग केही पनि छैन, एकपछि एक हामीहरूले निर्णय गर्दै र त्यसमा पनि बजेट विनियोजन गर्दैछौं बजेटहरू । त्यो बजेट खर्च हुन्छ कि हुँदैन ? हर मन्त्रालयमा हामीले कानून बनाएका छैनौं र त्यो बजेट कसरी खर्च गर्ने भन्ने त्यो हामीलाई थाहा छैन । खुद अर्थ मन्त्रीज्यूलाई थाहा छैन तर हामीले विनियोजन गरिराख्या छौं । हामी कता जाँदैछौं र म अब मूलभूत कुरामा के आउँछु भने कर्णालीको समृद्धि र विकासको एउटै आधार के हो भने हामीसँग भएको उपलब्ध श्रोत साधनलाई उपभोग गरेर, त्यलाई प्रयोग गरेर हामी अगाडि बढ्ने हो । लामा, धेरै कुराहरू, धेरै बाख्ला किताब, योजनाहरूले केही हुनेवालो छैन । कर्णाली प्रदेशसँग उपलब्ध साधन श्रोतबाट हामी अगाडि बढ्ने हो । त्यो भनेको

जलश्रोत, जलश्रोत हामी उत्पादन गरौं । बाह्य र आन्तरिक लगानीकर्तालाई हामी आह्वान गरौं । उनीहरूलाई आकर्षण गर्ने हामीहरूले योजनाहरू ल्यायौं । उत्पादन गरौं र हामी नेपालभित्र र बाहिर पनि हामी त्यलाई बेच्न सक्दछौं जलश्रोत । जलश्रोतहरूको धनी कर्णाली प्रदेश छ, यतातिर किन नलाग्ने ? अन्य छरिएर हामी जानुभन्दा यसमा केन्द्रित हौं । अर्को कुरो पर्यटन प्रबर्द्धनका कुराहरू छन्, यसमा हामी ध्यान किन नपुऱ्याउने ? सडक पूर्वाधारलाई एउटा गुणस्तरीय र स्तरउन्नति किन नबनाउने ? भौतिक पूर्वाधारतिर लागेर हामीले पर्यटकहरूलाई बढी आकर्षण किन नगराउने ? बहुमूल्य जडिबुटीहरू छ, त्यतातिर हामी किन नलाग्ने ? जडिबुटीहरू अर्को कुरा, कृषि, फलफूलहरूमा यसमा केन्द्रित भयौं भने समृद्ध र विकास यहाँको आर्थिक विकास पनि हुन्छ जस्तो मलाई लाग्दछ । अर्को कुरो भौगोलिक कर्णाली प्रदेश साविकको भौगोलिक विकटता छ कर्णाली प्रदेशको । १५ प्रतिशत यले भूगोल ओगटेको छ । बस्ती छरिएको छ तर त्यहाँ बजेट विनियोजन अन्य जिल्लासरह त्यहाँ अलि बढी हुनुपर्छ, त्यो पर्याप्त हुन्न जस्तो मलाई लाग्दछ । अर्को एकीकृत बस्ती विकासमा बढी केन्द्रित हुनुपर्छ, त्यो भयो भने हाम्रो धेरै खर्चहरू कटौतिहरू हुन्छन् । अर्को जनता सडकका विषयमा गत साल ५ करोड थियो, अहिले घटाइयो मलाई लाग्छ यलाई १० करोड बनाउनु पर्दछ र म मन्त्रीज्यूको, अर्थ मन्त्रीज्यूको ध्यानआकर्षण के गर्छु भने माननीय सभामुखज्यू, मैले सकिसके १ मिनेट र यो पर्यटन राजमार्ग भन्नुभयो । नाग्म रारा ठीक छ तर जुम्ला एयरपोट उथु रारालाई पनि जोड्नु पर्छ जस्तो लाग्छ । यले गर्दा अरु महत्वपूर्ण र बाह्य र आन्तरिक पर्यटकहरू त्यहाँ भीड लाग्छन् । त्यलाई पनि अब आउनेमा सम्बोधन होस् भन्ने म अनुरोध गर्न चाहन्छु । अर्को कुडो कर्णाली प्रदेशमा हवाइ संचालन हुने सुर्खेत र साविकको कर्णाली अञ्चलको ४ वटा जिल्ला कालिकोटमा अहिले चलिरहेको छैन, त्यहाँ हवाइ सेवा छ, मलाई लाग्छ रिफूलिङको लागि जुम्लामा एउटा कर्णाली प्रदेश सरकारले राख्नुपर्छ रिफूलिङ भयो भने मान्छेको प्यासेन्जरको भाडा कम हुन्छ, ढुवानी कम हुन्छ, हामीले एउटा टिकटमा अनुदान दिनुभन्दा त्यतातिर ध्यान जाओस् भन्ने लाग्छ किनभने कर्णाली अञ्चलमा अहिले एयरपोर्ट ५ ठाउँमा हाम्रो प्लेन चलिरहेको छ । त्यसमा साविकको कर्णाली अञ्चलमा ४ वटा उ चाहिँ छ । अर्को म यहाँनिर कर्मचारीहरू किन बस्दैनन् भन्ने कुरोमा चाहिँ केही हामीले आकर्षण प्याकेज दिन जरुरी छ । कर्णाली प्रदेशको पनि दुर्गममा बस्नेहरूलाई पनि आकर्षण यदि भयो भने सबै बस्न तयार हुन्छन् र अन्य प्रदेशभन्दा कर्णाली प्रदेश विकट भएको, भएको हुनाले यहाँका कर्मचारीहरूलाई तलब भत्ता र अन्य हामीले सुबिधा दिन सक्छौं, कर्णाली प्रदेश सरकारको यता पनि ध्यान जाओस् । अन्तमा, म के भन्न चाहन्छु भने कर्णाली प्रदेशमा हामी ४० जना सांसदहरू छौं । २५ जना, २४ जना संसद प्रत्यक्ष निर्वाचितबाट हामी आएका छौं । १६ जना सांसद हामी समानुपातिक निर्वाचन प्रणालीबाट आएका छौं तर त्यो पनि निर्वाचन हो । प्रत्यक्ष पनि निर्वाचन हो र १६ जना समानुपातिकबाट आएका संसदहरूको १० जिल्लाका मतबाट निर्वाचित भएका हो तर सरकारले भूमिका दिनेमा विकास निर्माण कुरामा यदि संसदहरूमा पनि फेदभाव फैल्याइयो भने यले राम्रो म्यासेज जाँदैन । एउटा प्रत्यक्ष निर्वाचित हो, अर्को समानुपातिक त्यो पनि निर्वाचित हो, त्यो पनि जनताले मत दिएर निर्वाचित भएर आएका हुन् । त्यले गर्दा समान रूपले हेरियोस् । सरकारले त्यो भूमिका दियोस् भन्दै विदा हुन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री चन्द्रबहादुर शाही । यसपछि माननीय श्री मिनासिंह रखाल तयार रहनु होला । समय ७ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः** सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले कर्णाली प्रदेश सरकारको तर्फबाट आ.व. ०७६/७७ को बजेटका प्राथमिकताका क्षेत्र यी हुन् भनेर सम्मानित सदनमा छलफलको लागि जुन बजेट वक्तव्य टेबुल गरिएको छ । यसपछि बजेट विनियोजन भएर छलफलको

लागि सम्मानित सदनमा पेश हुने नै छ । बजेट सकारात्मक छ, यो बजेटको म स्वागत गर्दछु । यो बजेटको म सम्मान गर्दछु तर सभामुख महोदय, संघीयता के को लागि ? संघीयता कसको लागि ? हामीले बुझेको संघीयता पछाडि परेको वर्ग समुदाय क्षेत्रलाई माथि उठाउनको लागि संघीयता भन्ने बुझेका छौं । यहाँ प्रश्न खडा भएको छ कि संघीयता सम्पन्नशाली, संघीयता सुगमलाई, संघीयता कुनै पनि पदप्रतिष्ठामा रहेका मान्छेको लागि मात्रै हो कि, त्यो पछाडि परेको वर्ग र समुदायलाई माथि उठाउनको लागि संघीयता हो । कुरा के छ भने यस बजेटले पछाडि परेको क्षेत्र, वर्ग, समुदायलाई प्राथमिकतामा राखेर यो बजेट विनियोजन भएको छ कि छैन तर मलाई त्यो लाग्दैन कि आज हुम्लाको लिमी, लिमी रिमि जस्ता बस्ती मुगुको डोल्फू, नेर, भीई जस्ता बस्ती, जुम्लाको चुत्त, फटमारा जस्ता बस्ती, कालीकोटको छिना जस्ता बस्ती, डोल्पाको अपर डोल्पाका जस्ता बस्ती, त्यस्तै थुप्रै दशै जिल्लाका ती बस्ती समेटिएर त्यो समुदायका आवाजलाई सम्बोधन गर्ने गरेर यो बजेट आयो कि आएन ? भन्ने सवाल हाम्रो अगाडि उभिएको छ । मलाई याद छ, गत आ.व. मा असाध्यै राम्रो बजेट विनियोजन भन्दा पनि अगाडि नीति तथा कार्यक्रम आयो, त्यो कार्यक्रम हामीले स्वागत गऱ्यौं, सम्मान गऱ्यौं तर बजेट आउँदाखेरि हामी सांसदको चित्त दुख्यो । मैले यही सम्मानित सदनबाट मैले सदनमा भनेको थिएँ । बजेट पास गर्दा कि पाप धर्म तेरा पेट, पेल बुहारी बिटो भनेर मैले यही भनेको थिएँ । बजेट विनियोजन गरिँदाखेरि त्यो बजेट ती पछाडि परेको समुदाय, वर्ग, क्षेत्रमुखी आएन । बजेट मन्त्रीका निर्वाचन क्षेत्रमुखी, बजेट हुने खाने ठाउँको लागि मात्रै बजेट विनियोजित हुँदाखेरि हामी सांसदहरूको धेरै मन दुःखेको थियो । सभामुख महोदय, यस आ.व.मा पनि नीति असाध्यै राम्रो आएको छ । त्यो नीतिलाई हामीले सबैले स्वागत गरेका छौं तर त्यो नीतिको विपरीत फेरि पनि बजेट आउँछ कि भनेर संकेत देखा परेको छ । त त्यो भाकोले हामी माननीय मन्त्रीज्यूहरूलाई सम्मान गर्छौं, स्वागत गर्छौं, माया गर्छौं तर संघीयताप्रति वितृष्णा जाग्ने काम गरिनु भएन । संघीयता भनेको एउटा मन्त्रीको क्षेत्रलाई मात्रै एउटा विकास भएको ठाउँको लागि मात्रै त संघीयता हैन त । त्यसैले संघीयताप्रति वितृष्णा जाग्ने काम हामी कोही कसैबाट गरिनु हुँदैन भन्ने म सुझाव राख्न चाहन्छु । संकेत के देखा पऱ्यो भने सभामुख महोदय, आफ्नो निर्वाचन क्षेत्रलाई अहिले नै प्राथमिकतामा नाम कीटान गरेर आएको छ । आफ्नो मन्त्रीज्यूको निर्वाचन क्षेत्रलाई नाम कीटान प्राथमिकतामै ती योजनाहरूको नाम कीटान गरेर आएको छ किनभने त्यो मन्त्रीको निर्वाचन क्षेत्र मात्रै प्राथमिकतामा पर्ने अरु सांसदहरूको निर्वाचन क्षेत्र प्राथमिकतामा नपर्ने काहिँ लेखिएको त छैन होला ? अहिले नै सल्यान, हुम्ला, जुम्ला, कालिकोट, रुकुम, सुर्खेतका तमाम मन्त्रीका निर्वाचन क्षेत्रका नामहरू तोकिएर आएका छन् तर अरु माननीयका निर्वाचन क्षेत्रका नामहरू तोकिएका छैनन् । त्यसो भकोले संकेत फेरि पनि गत सालकै दोहोरिने संभावना यहाँ देखिएको छ । मन्त्रीज्यू म कुनै पनि मन्त्रीज्यूप्रति अब लक्षित नगरिकन यहाँ हामीले के भनेका छौं भने बजेट वक्तव्यको २११ मा नेपाल सरकार र स्थानीय तह तथा मन्त्रालयबीच बजेट तथा कार्यक्रममा दोहोरो नपर्ने व्यवस्था गरिनेछ भने हामीले यहाँ वक्तव्यमा, बजेट वक्तव्यमा उल्लेख गरेर ल्याएका छौं तर यहाँ मैले कुनै पनि होइन, सबै मन्त्रीज्यूले आफैले, आफैले दोहोऱ्याएर आफ्नो निर्वाचन क्षेत्रका एउटै योजनालाई दोहोऱ्याएर यहाँ उल्लेख गरिएको सबै मन्त्रीज्यूको यहाँ छ, मैले एक ठाउँमा मात्रै एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम बाजुरा, कवाडि, ताँजाकोट, अदानचुली सर्केगाड कर्णाली प्रदेशलाई देशका अन्य प्रदेशसँग जोड्नका लागि, जोड्नका लागि बाजुरा, कवाडि, ताँजाकोट, अदानचुली आफैले यही बजेटमा दोहोरोपन नहुने गरेर हामी बजेट ल्याउने छौं भनेर भनिएको छ तर यसैमा आफ्ना योजनाहरू चुकिजाने हुन् कि भनेर मन्त्रीज्यूले एउटै योजनालाई दुईदुई, दुईदुई शीर्षकमा हालेर अगाडि यहाँ जुन बढाइएको छ । यदि तपाईहरूको निर्वाचन क्षेत्रमा काम गर्ने ठाउँ छैन भने हामीहरू सांसदका निर्वाचन क्षेत्रका विकास थुप्रै छन्, खाली छन्, हाम्रा नाम त्यहाँ हालिदिँदा

फरक नपरला । त्यसो भकोले यसरी सांसदका मन कुडयाउने, सांसदसँग जोडिएका जनताका मन कुडयाउने गरियो भने अवश्य पनि भोलि संघीय संरचनाप्रति जनताको र सबैको वितृष्णा आउन सक्छ । यसमा गम्भीर भएर सबैले सोच्नुपर्छ भन्ने सुझाव राख्न चाहन्छु । हस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री मिनासिंह रखाल । यसपछि माननीय श्री बद्मी क्वाँरी बोहरा तयार रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः** सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमा भाग लिइरहँदा र यस छलफलमा भाग लिन पाउँदा गौरवको अनुभूति रहेको छु, गरेको छु । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि तीन तहको सरकारको अनुभव गरिरहेको बेलामा बजेटमाथि छलफल भैरहेको छ । सभामुख महोदय, म यसलाई अंकमा जोड्न चाहन्न किनभने यसभन्दा अगाडि थुप्रै माननीयहरूले पूँजीगत चालु सबै कुराहरू आइसकेका छन् र पटक—पटक यहाँ चाहिँ छोरी र छोराको भिन्नता पनि देखिरहेको अवस्था छ । त्यसैले म आफ्नो ध्यान अर्कैतिर लिँदै छु । सभामुख महोदय, यस किताबमा १ देखि २३० बुँदामा लेखिएका सबै नारा, योजना राम्रा छन् र अभाव काँन्निर छ भने कार्यान्वयनमा । यी हामीले ल्याएका योजनाहरू पास भएपछि कार्यान्वयन हुन्छ कि हुँदैन र गत वर्षको जस्तै हुने हो कि भन्ने पनि हामीलाई शंका लागिरहेको छ र यस किताबमा धेरै राम्रा नाराहरू पनि आएका छन्, जसले केही उत्साहित पनि बनाएको छ र समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने वित्तिकै हामी यो कर्णाली पर प्रदेशमा भोका, नाङ्गा, रोगी कोही हुने छैनम्, अशिक्षित पनि कोही हुने छैनन्, सबै स्वास्थ्य हुने छन् भन्ने कुरा यो सुखारी कर्णालीले देखाउँछ । त्यसै गरेर यसमा केही बुँदाहरू मात्रै मैले छोटकरीमा टिपेको छु । आफ्नो प्रदेश आफै बनाऔं हाम्रो विगत २०५१ साल मनमोहन अधिकारी प्रधानमन्त्री हुने बेलामा आफ्नो गाउँ आफै बनाऔं भन्ने नारासहित कार्यक्रम आएको थियो । त्यसैगरेर एक धारा एक घर, आज पानी खान नपाएर सुर्खेतमै हामीले ७ दिनको एकपल्ट नुहाउनु परिरहेको छ, पसिना आउँछ कि भनेर आफ्नो शरीर बचाएर हिंड्नु परेको छ र यस्तो बेलामा एक धारा एक घर भन्ने आएको छ । यो पनि सान्दर्भिक राम्रो छ र यसलाई कार्यान्वयन गर्नमा हामी सबै लाग्नुपर्छ र विद्यालयमा खानेपानी भन्ने कुराहरू आको छ । बस्ती विकासको आको कुरा आको छ शिक्षा स्वास्थ्य कुरा आको छ, छात्रवृद्धिका कुराहरू आएका छन् अनि सामाजिक न्याय तथा सुरक्षा भन्ने कुराहरू पनि आएका छन् । हिन्निर सामाजिक न्याय भन्दाखेरि मेरो भनाइ कहाँनिर हो त भनेपछि हामी सामाजिक न्यायक पाएका उपेक्षित वर्ग, महिला, दलित हो कि होइन ? आज यो सामाजिक न्यायभित्र एउटा राम्रो कुरा आएको छ । छोरीलाई बैंक खाता खोल्ने, १००० ले खाता खोल्ने, मासिक १०० रुपैयाँ हाल्ने, जो चाहिँ खाता छोरीको सुरक्षा जीवनभरिको भन्ने कुरा आइरखेपछि यहाँ केही संवादहरू पनि सुन्न पाइयो । यो अनुपयउत्पादक हो, यसले कर्णालीको राजश्वले भेटाउँछ कि भेटाउन्न भन्ने कुराहरू पनि आए । म यहाँनिर के भन्न चाहन्छु त भनेपछि आज हामी छोरी जन्मेकोमा आफूलाई अपहेलित महशुस गरिरहेका छौं तर यो सृष्टि छोरीले नै धानेको छ । आज छोरी नभए सृष्टि कसरी हुन्छ ? आज छोरी नभए घरको व्यवहार कसले धान्छ ? सप्पै काम छोरीले गरदिने सप्पै काम बुहारीले गर्दिने सप्पै काम आमाले गर्दिने भएपछि त पुरुषहरूको हालीमुहाली चलेको छ र आज छोरीको नाममा खाता खोल्ने भन्ने आउँदैमा हाम्रो पेट पोलिरहेको छ । यहाँनिर वर्गको कुरा पनि गरिएको छ । वर्गीयताको कुरा गरिएको छ । धनीको छोरी गरिबको छोरी भन्ने कुरा नि आको छ । यदि नै छोरी नै हो भनी छोरीलाई समान रूपमा व्यवहार गरौं । छोरी धनीको पनि छोरी हो । गरिबको पनि छोरी हो र छोरी आज धनीको पेटमा जन्मिने छोरी गर्भभित्रै फालिएकी छिन् । छोरा जन्मेकी छोरी जन्म्यो भनेर हेर्ने साधनहरू प्रशस्त छ र छोरीलाई भ्रूण हत्या गरेरै फालिन्छ र यस्तो अवस्थामा यो सरकारले मलाई लाग्छ अब छोरी फाल्ने एउटा लोभ के हो त भनेपछि छोरीले आत्मनिर्भरताको लागि

बैंकमा खाता हुने भएपछि भ्रूण हत्या नहोस्, बाल विवाह नहोस् र यी ठाउँ, यी कुराबाट रोक्नलाई यो गरेको हो भन्ने मलाई लाग्छ र आज छोरीकै कुरा गर्दाखेरि यहाँ कुनै पुरुष प्रथा छ कि छैन ? आजसम्म पुरुष प्रथा छ कि छैन तर महिलाको मा हुने विभेद, महिलालाई हुने अपमानको प्रथाले हामी जरजर भैरहेका छौं । र हामीले हिजो आन्दोलनबाट पनि महिलामाथि हुने विभेद छुटाउनु पर्छ । महिलापाथि माथि हुने ब यो प्रथाहरू अन्त्य हुनुपर्छ भनेर लडेका थियौं । जस्तै २ नम्बर क्षेत्रमा अहिले के सुनिन्छ भनी रोटी र बेटी भन्ने आउँछ । २ नम्बर प्रदेशको कुरा गर्ने हो भनि त्यहाँ तिलक र दाइजो भन्ने प्रथाले छोरीहरूलाई गर्भमै फाल्ने चलन अझैं पनि छ । तिलक भनेको छोरालाई माग्न जाँदा ६०/७० हजार दिएपछि मात्रै उसको दैलामा कुल्चिन, कुच्न पाउँछ तर कुरा मिलेन भनी त्यो पैंसा फिर्ता हुँदैन । दाइजो आफैमा पनि एकदमै समस्याको रूपमा आइरहेको, त्यस्तै सुदुरपश्चिमतिर गयो भनी देउकी र झुमा भन्ने प्रथाले आज दिदिबहिनीहरू अझ पनि कुमारी रहेको अवस्था छ । राजधानीतिर गयो भने कुमारी, कुमारी चाड भन्ने नामले कुमारी नै बसिरहनु परेको छ र आज हामीतिर हेर्‍यौं भनी छाउपडी प्रथा छ र कतिपयले छाउपडी प्रथालाई के भन्नुहुन्छ भनी स्वास्थ्यको लागि अथवा समस्याको लागि बाहिर बस्न पनि राम्रो हुन्छ भन्ने कुरा गर्नुहुन्छ । त्यसो होइन, यो अपहेलित नै हो ती छाउपडीमा बस्ने महिलाले छुइदिएपछि धामी आउने, ज्वरो आउने, टाउको दुख्ने र कुकुरले भित्र भान्सामा छोइदिए केही पनि नहुने । त्यस्तो किसिमको यो प्रथा हामी दिदीबहिनीमाथि छ, हामी आमाहरूमाथि छ अनि आज यही महिलाको कुरा गरिरहँदा एक रथको दुई पाङ्ग्रा भनिरहेका छौं तर एउटा पाङ्ग्रा बाङ्गो भइदियो भनि चल्न सक्नुहुन्छ कि सक्नुहुन्न ? चल्ने कि नचल्ने ? चल्न सक्ने कि नसक्ने ? तर आज हामी यो कर्णाली प्रदेशलाई समृद्धि गराउनको लागि पनि महिलाहरूको ठूलो हात हुनेछ । यो कर्णाली प्रदेशमा अशिक्षा छ, हाम्रा धेरै आमा, दाजुभाइ, दिदीबहिनीहरू साक्षर हुनुहुन्न र आफैले पनि सफा गरेर खानेकुराहरू थाहा पाउनुहुन्न । छोराछोरीलाई पठाउने कुरा थाहा पाउनुहुन्न । धेरै कुराहरू हामी आमा, दिदीबहिनीमा निर्भर भएको हुनाले हाम्रो त्यो घरको वातावरण चाहिँ राम्रो देखिरहेको छैन । घरको वातावरण राम्रो गराउनलाई छोराछोरीलाई राम्रो ठाउँमा पढाउनलाई आमा पनि शिक्षित हुनुपर्‍यो । आमा पनि व्यवहारिक हुनुपर्‍यो । आमा पनि समृद्धि हुनुपर्‍यो । आमालाई पनि आर्थिक आत्मनिर्भर गराउन पर्‍यो । त्यसपछि मात्र त्यो घरको वातावरण र देश समृद्धि हुन्छ । र मैले अब केही कुराहरू सरकारलाई सुझाव दिन चाहन्छु र यहाँ आएका कुराहरू सबै ठिकै छन् र मेरोतर्फबाट यो कर्णाली प्रदेशलाई समृद्धि गराउने हो भनी राजधानी धुलो र धुवाँले र यातायातको चापले मान्छे हिंड्न नसक्ने भैसकेको छ । यहाँ चाहिँ मानव पदमार्ग हुनुपर्‍यो, भनाइको मतलव मानिसहरू अलगै हिंड्न सक्ने त्यस्तो बाटो बनाउनु पर्‍यो कि मानिसहरू कुनै दुर्घटनाबाट पीडित हुनु नपरोस् । त्यस्तै विभेदरहित कर्णाली प्रदेश बनाउनु पर्‍यो । अघि नै मैले भनिसके यहाँ कुनै छुवाछुत हुनुहुँदैन । यहाँ कुनै महिला र पुरुषको बीचमा विभेद हुनुहुँदैन । कुनै अपाङ्गमा विभेद हुनुहुँदैन र यहाँ विभेदरहित कर्णाली प्रदेश हुनुपर्‍यो । त्यस्तै हाम्रो यो प्रदेशमा यो छ, यहाँ राजधानीमा तालतलैयाको पनि आवश्यकता छ । यहाँ पर्यटनहरू भेटिदा, यहाँ बाहिरका मानिसहरू आउँदा, यहाँ चाहिँ कुनै किसिमको त्यस्तो ताल छैन । एउटा सिद्धार्थको, एउटा शुभको सानो बच्चा खेल्ने तालमा पर्यटकहरू पौडिरहेका हुन्छन् । त्यसैले कर्णाली प्रदेशको एउटा राम्रो, ठूलो ताल हुनुपर्छ भन्ने पनि मलाई लाग्छ । त्यसैगरी हाम्रा वनजंगलमा झाडीहरू विभिन्न काम नलाग्ने घाँसका बुटाहरू उम्रिएर वनभित्र पस्न नसक्ने हुन्छ । त्यसैले म के भन्न चाहन्छु भने ती वनका झाडीहरू तिनलाई फाल्ने अनि राम्रा फलफूलका बिरुवाहरू कागती, अमिलो, जुनार जस्ता कुराहरू लगाएर वन वातावरणलाई समृद्ध गराउने र कर्णाली प्रदेशलाई फलफूल, फलफूलमा आत्मनिर्भर बनाउने भन्ने कुरा राख्दै यहाँनिरै एउटा दुईटा कुरा सभामुख महोदय, मैले एक मिनेट मात्रै समय लिएँ । यहाँ एउटा किताबमा के लेखेको छ भनेपछि जिउँदा सहिदहरूका,

जिउँदा सहिदहरूलाई शान्ति दूतका रूपमा परिचालन गरी अब जनआन्दोलन, जनयुद्ध र स्मृति पुन पुनःस्थापना केन्द्रको स्थापना गर्ने भनेको छ । त्यो चाहिँ ठिकै छ र अर्को कुरा के आएको छ भनी सन्तोष रानाप्रति हार्दिक सम्मान गर्दै दिनेश न्यौपाने प्रतिष्ठान लगायत स्थापना गर्ने भन्या छ, सन्तोषलाई हार्दिक श्रद्धाञ्जलि गर्ने अनि दिनेश न्यौपानेको प्रतिष्ठान बनाउने यसमा अलिकति मिलेनकी यहाँ सन्तोष, दिनेश न्यौपाने प्रतिष्ठान हुनुपर्छ भन्ने मेरो सुझाव हो । अब त्यसैगरी अर्को यहाँ एउटा कुरा के छ भने (समयलाई ध्यान दिऔं माननीय सदस्य) यहाँ चाहिँ बाढीपहिरो आउँदाखेरि बाढी आउँदाखेरि २०७१ साल श्रावण २८ गतेको १:०० बजे बाढी आएर यहाँका मान्छेहरूको धेरै धनजन, नाश भयो तर यहाँ के लेख्या छ भने २८ साललाई मान्यता दिएको छ तर २८ गतेलाई त्यसो होइन २९ गते नै हुनुपर्छ भन्ने मेरो सुझाव राख्दै विदा हुन्छु, हवस् । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री बद्मी क्वारी बोहोरा । यसपछि माननीय श्री सुशीलकुमार थापा तयार रहनुहोला ।

**माननीय श्री बदमी क्वारी बोहोराः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्यय वार्षिक बजेटमा हामी छलफलको अन्तिम, अन्तिम दिनमा छौं । राष्ट्रिय, हाम्रो सरकारको राष्ट्रिय नारा सुखी नेपाली समृद्ध नेपाल को मूलभावलाई कोड गर्दै प्रदेश सरकारले समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने मूल नारासहित एकस १ देखि २३० बुँदामा कोड गरिएका विभिन्न जनताका आवश्यकताका कर्णालीबासीका आवश्यकताका योजना र भविष्यका योजनाहरू जुन यहाँ लेखिएको छ, यसमा धेरै कुरामा जान म चाहेन। मैले आफूले अध्ययन गरेको कुरामा प्रदेश सरकारको एउटा नारा भौतिक पूर्वाधारमा पहिलो प्राथमिकता राखिएको हुँदा मैले यो भौतिक पूर्वाधारको ४० नम्बर बुँदाको केही कुरा यहाँ राख्न चाहन्छु । जुन मिहिनेतले, जुन संघर्षले यो कर्णाली प्रदेश निर्माण भयो, जुन संघर्षले कर्णाली प्रदेश सरकारले यो बजेट तयारी गरेर यो ०७५/०७६/०७७ को जुन बजेट प्रस्तुत गरेको छ । यसमा प्रदेश सरकारलाई धेरै धेरै धन्यवाद दिँदै यो बजेट कार्यान्वयनमा मेरो पनि मैले सक्ने जति भूमिका निर्वाह गर्नेछु भनेर समर्थन गर्दै केही कुराहरूमा हल्का थोरै सुझाव राख्न चाहन्छु । भौतिक पूर्वाधारका योजनाहरूलाई छनौट गर्ने कार्यान्वयन गर्दा जनसहभागितामा आधारित कार्यान्वयन योग्य प्रतिफलयुक्त योजनालाई प्राथमिकता दिने व्यवस्था मिलाएको छ भनेर, छु भनेर जुन यो बजेटमा बोलिएको छ । गत साल जनता सडकको जुन बजेट कर्णाली प्रदेशको १०सै जिल्लामा जुन गएको बजेटबाट टाइममा काम नभएर ढिला भई बजेटको आर्थिक वर्षको अन्तिम महिनामा जुन हरेक जिल्लामा यो ठेक्का टेण्डर भयो, त्यसमा प्रदेश सरकारले डिटेलहरू सर्भे गराउँदाखेरि २०/२२ करोड आएको जुन सडकहरूमा १ करोड, २ करोड कुनै ठाउँ ३ करोड, कुनै ठाउँ १ करोडको बजेट जुन विनियोजित भएर ठेक्का टेण्डर भएको थियो, त्यो बजेट अहिलेसम्म पनि कार्यान्वयन भएको छैन । ठेक्का टेण्डर भएको बजेट पनि ६३ प्रसेन्ट ६४ प्रसेन्ट ठेक्दारले जुन घटेर टेण्डर गरेको बजेटको पैंसा कर्णाली प्रदेश सरकारको संचित कोषमा आउँछ र त्यो बाँकी बजेट जुन ठेक्दारले त्यो प्रसेन्ट घटाएर हालेको जुन बाँकी बजेट प्रदेश सरकारको संचित कोषमा आउँछ भन्ने कुरा मैले सुनें र त्यो २२ करोड, २३ करोडको डिटेल सर्वे निस्केको त्यो बजेट, जुन रोडहरू छ डिटेल सर्वे गरेर जुन हामीले सर्वे डिजाइनको किताबै हामीले ल्याएर भौतिक मन्त्रालयमा मैले एक दुई ठाउँको दिएको छु त्यसपछि हाम्रो सबै जिल्लाको १०सै जिल्लाको त्यस्तै तरिकाले कुनै कुनै ठाउँमा बाँकी होला । प्रायः जसो ठाउँको आइसकेको छ । प्रदेश सरकारको जुन मुख्य नारा छ भौतिक पूर्वाधारलाई चाहिँ पहिलो प्राथमिकतामा राखेर अहिले जुन तरिकाले यो भौतिक पूर्वाधारभित्र सडक मात्रै नभई खानेपानी, बिजुली, पुलपुलेसा, खानेपानी सिंचाइ सबै कुरा त्यहीभित्र भएको हुँदा प्रदेश सरकारले जुन तरिकाले यहाँ यो बुँदा नं. ४० बाट ४५ सम्म जुन पूर्वाधारका कुरा छन् ।

त्यसपछि मुख्यमन्त्री पूर्वाधारका कुरा छन् यहाँ । विभिन्न यो पूर्वाधारका कुराहरूमा चाहिँ प्रदेश सरकारले यो अहिलेको बजेटलाई मेरो डोल्पाको मात्रै कुरा गर्दाखेरि डोल्पा जिल्ला पुग्नलाई पाँच, ४/५ वटा बेलिब्रिज पुल बन्न बाँकी छ । हामी जाँदाखेरि एउटा पुल तरेर अर्को ठाउँमा जानलाई आधी घण्टा लाग्छ जीव चेन्ज गरेर जानुपर्छ । त्यसैलाई मेरो डोल्पा जिल्लाको मात्रै आवश्यकता नभई कर्णाली पूर्वका कर्णाली र पूर्वका नभए अहिलेका कर्णालीका जिल्लाहरूमा पनि यसै विभिन्न समस्याहरू छँदैछन् र अहिले मेरो डोल्पा जिल्लाको स्थानीय तहमा मात्रै १ अर्ब २२ करोड ३५ लाख रुपैयाँ गएको छ । प्रदेश सरकारको यस्तै थुप्रै योजनाहरूको लागि, थुप्रै विकासको लागि, थुप्रै शीर्षकमा थुप्रै धेरै बजेट गएको छ तर यसलाई साना साना योजना त्यहाँ छरपष्ट रूपमा गर्नु भन्दा पहिलो प्राथमिकता रोडलाई राख्नुपर्ने मेरो धारणा राख्दै सरकारलाई त्यतापट्टि ध्यान आकर्षण गराउन चाहन्छु । त्यसैगरी छोरीबुहारी छात्रवृत्ति, बैंक खाता छोरीको सुरक्षा जीवनभरिको यो महत्वपूर्ण यो विषय हो गम्भीर विषय हो । हेर्दा सामान्य लागे पनि यो गम्भीर विषय हो, जुन छोरीहरू आज एउटा कापी, एउटा कलम किन्न नपाएर स्कूलबाट बञ्चित भएको हामीले पनि देख्याछु, स्वयम् हामी आफैले पनि भोग्या छौं । हिजोका कर्णालीबासी आज म एउटा कर्णाली प्रदेश सरकारको प्रतिनिधित्व गर्दैमा म सम्पूर्णशाशाली, सबै कुरामा पुगेको भएको छैन । मलाई हिजोको त्यो अनुभव, त्यो पिडाबाट म गुज्रिएको मान्छे, स्वयम् यही हुँदा यो सरकारले कसैले यो व्याख्याविश्लेषण गर्ने विषय बनाउनुभन्दा पनि सरकारले जुन लक्ष्य लगेर जुन निर्णय गऱ्याछ, यलाई चाहिँ पूर्णता दिनुपर्छ भन्ने मेरो सुझाव राख्दै यो कर्णाली प्रदेशको विकासको लागि प्रदेश सरकार मात्रै नभएर हिजोअस्तिका क्रियाकलापले हामीले देखिसक्यौं । प्रतिपक्षको पनि त्यतिकै भूमिका रहँदो रछ । भोलि यो दुइतिहाईको कर्णाली प्रदेश कम्युनिष्टको सरकार, नेकपाको सरकारले कर्णाली प्रदेशमा केही पनि गरेन भनेर औंला उठाउनुभन्दा पनि हाम्रो कर्णाली प्रदेश प्रतिपक्ष दलको नेतालाई उहाँ हाम्रो भाग्यवश संघको मन्त्री भैसकेको मान्छे संघीय सरकारको मन्त्री भइसकेको मान्छे आज कर्णाली प्रदेशको भाग्य भन्नु पर्छ प्रदेशमा आउनुभको छ सायद । कर्णालीलाई केही गर्छु भनेर आउनुभएको छ यो विभिन्नखाले कुरा कहिल्यै यो विदेशी साँढेका कुरा, कहिले कुकुर र ठारोपोलको कुरा कहिले यो थुतुनोको कुरा गर्नुभन्दा पनि यहाँको भूमिका यो प्रदेशको सरकारलाई कसरी डोऱ्याउने ? कसरी यहाँले चाहिँ जनताको आवश्यकतालाई यहाँको सरकारलाई सही दिसामा कार्यान्वयन गर्न यहाँको भूमिका रहने छ । मैले त्यो आशा गरेको छु, धेरै पढेको हुनुहुन्छ धेरै विज्ञ हुनुहुन्छ हाम्रो प्रतिपक्ष दलको नेता । हामीले हिजै देखि उहाँलाई चिन्छु उहाँ जस्तो नेता कर्णाली प्रदेशले पाएको छ । यो कर्णाली प्रदेशको हाम्रोतिर एउटा नाचो छ, लहरे नाचो अगाडि लाग्नेले मादल बचाउँछ, त्यसपछि जान्ने मान्छे मोरी लाग्छ, त्यसपछि अरु लाटागाना पछाडि लाग्छन् । त्यस्तै कर्णाली प्रदेश सरकार मादले हो । यसको मुख्य मोरी भनेको प्रतिपक्ष दलको नेता हुनुहुन्छ र प्रतिपक्ष दल हो कर्णाली प्रदेशको लागि । त्यसपछि हामी नाँच्ने लाटागाडा सोझा जनता हामी हौं । यहाँहरूले सही तालले मादल बजाउनु हुनेछ प्रदेश सरकारले र मोरी लाग्ने मान्छेले सही तरिकाले नाँच्नु हुनेछ भन्ने आशा गर्दै कर्णालीको समृद्धिको लागि प्रतिपक्ष दल, प्रदेश सरकार र हामी सबैको उत्तिकै भूमिका रहनेछ र यहाँको विकास निकासको लागि हामी सबैलाई चिन्ता छ । कसैको घर बनाउन आएका छैनौं । कर्णाली प्रदेशको विकासको लागि हो । सबैलाई मन्त्रीलाई पनि चिन्ता छ, सरकारलाई पनि चिन्ता छ र प्रदेश प्रतिपक्ष दललाई पनि यही कर्णाली प्रदेशको जनतालाई कसरी सुबिधा दिने भन्ने चिन्ता छ र त्यही चिन्तामा हामी पनि छौं भन्दै यहाँहरूको आउने दिनमा एकताबद्धता तरिकाले कर्णालीको विकासमा हातेमालो गर्नुहुने छ भन्ने शुभकामना दिदै विदा हुन्छु । धन्यवाद ।।

**माननीय सभामुखः**माननीय श्री सुशील कुमार थापा । यसपछि माननीय श्री करवीर शाही तयार रहनु होला ।

**माननीय श्री सुशील कुमार थापाः** माननीय सभामुखज्यू, सर्वप्रथम त म हिजो मात्रै हाम्रो देशको एसईईको रिजल्ट प्रकाशित भएको छ । कर्णाली प्रदेश लगायत नेपालभरिबाट एसईईको परीक्षामा सफल हुनुहुने सम्पूर्ण भाइबहिनीहरू विद्यार्थी साथीहरूलाई हार्दिक बधाई तथा थप विद्यार्थी जीवनको सफलताको शुभकामना दिन चाहन्छु । सभामुख महोदय आर्थिक वर्ष २०७६/०७७ को बजेट माथि छलफल भैरहँदा आज छलफलको तेस्रो दिन मलाई लाग्छ अन्तिम दिन हामी छलफलमा म आफै सहभागी भैरहेको छु । यो बजेट माथि छलफल भइदा, भैरहदा थुप्रै कुराहरू उठे र हामीले मैले अहिले भर्खरमात्रै भने एसईईको रिजल्ट आयो । शैक्षिक क्षेत्रको कुरा पनि उठिराछ बजारमा विभिन्नखाले हल्लाहरू पनि आइरहेका छन् । हामी बजेटको एउटा अन्तिम चरणमा छौं तर निजी क्षेत्र विभिन्न दलालहरूले एसईईको रिजल्ट आइसकेपछि शिक्षा क्षेत्रलाई विभिन्न ती दलालहरू ती निजी क्षेत्रका व्यक्तिहरूले विभिन्नखाले प्रचारबाजी गरेर शिक्षा क्षेत्रको सामुदायिक अथवा सरकारी शिक्षा क्षेत्रको गलत ढंगले विश्लेषण गर्ने काम भैरहेको छ । म यही सुन्दर यो कर्णाली प्रदेशको बजेट निर्माण गर्ने प्रक्रियामा उपस्थित भैरहँदा मलाई के विश्वास छ त भन्दा जुन ढंगले हामीले नारा पनि दिएका छौं शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार । कर्णाली प्रदेश सरकारले शिक्षामा ठोस योजना साथ कूल बजेटको यति प्रतिशत हामीले शिक्षामा छुट्टयाएका छौं । यति प्रतिशत स्वास्थ्यमा छुट्टयाएका छौं । हामीले उद्यमशिलतामा, उद्यमशिलताका लागि उद्योग कलकारखाना खुलाछौं, छुट्टाछौं जसका कारण यति मान्छेहरू रोजगार पाउनेछन् भनेर त्यसको कति प्रतिशत त्यो सहितको एउटा डाटा आयो भने मलाई लाग्छ यस्ता विचौलियाहरू आगामी दिनमा यसरी सलबलाउने छैनन् । यो पहिलो कुरा यहाँहरूको बीचमा राख्न चाहन्छु । अर्को बजेट यसो हेर्दा समग्रमा सबै कुराहरू समेटिएको देखिन्छ । गत दुइटा बजेटभन्दा अहिलेको बजेट केही प्रगतिशील देखिन्छ । यद्यपि यसमा ३/४ वटा कुराको अलिकति समस्या देखिन्छ । त्यो भनेको एउटा जुन डल्ला रूपमा रहेको छ, मुख्यमन्त्री र अर्थ मन्त्री मन्त्रालयमा रहेको धन्न १० अर्ब बराबरको बजेट । अर्को भनेको चालु पत्याउनै नसकिने गरी जुन चालुको नाममा हामीले समावेशी समानुपातिक ढंगले २४ वटै निर्वाचन क्षेत्र, १० वटै जिल्ला, ७९ वटा स्थानीय तहलाई हामीले समान ढंगमा अगाडि लैजानु पर्छ । त्यहाँको आवश्यकता, त्यहाँको पहिचानका आधारमा लैजानु पर्छ भनेर आवाज उठाइरहँदा फेरि त्यो चालु खर्च रातारात भर्दा यो असामन्ता यी ३/४ वटा कुरामा देखिएको छ । अरु समग्रमा हेर्दा बजेट विगतका भन्दा राम्रो देखिएको छ तर यिनै बजेटमा ठूलो रकम छुट्टिदाखेरि शंकास्पद फेरि सांसदहरूमा फेरि जनताहरूमा अन्योलता सिर्जना भएको छ । त्यसकारण म आग्रह गर्न चाहन्छु, इति धेरै कुराहरू मिलिसकेपछि त्यो एउटा चालु खर्च मुख्यमन्त्री र अर्थ मन्त्रालयमा रहेका ती डल्ला बजेटलाई संसदहरूसँग विश्वास गरेर एउटा मन्त्रालयमा अरबौं राख्न सक्छौं । हामी निर्वाचन क्षेत्र लक्षित कार्यक्रमहरूलाई किन समावेश गर्न सक्दैनौ ? हामीले सांसदहरूले यहाँ हुन त बजारमा थुप्रै खाले हल्लाहरू उठिरहेको छ, संसद विकास कोष, अर्को कोष, अर्को कोष म त त्यतातिर जान चाहन्न किनकि हामी संसद विकास कोष छुट्टै बनाएर जान पर्छ भन्ने हाम्रो धारण छैन । मेरो पनि छैन । बरु हामी सांसदहरूको आफ्नो कार्यकालमा, आफ्नो निर्वाचन क्षेत्रमा, आफ्नो क्षमता प्रदर्शन गर्न त्यो निर्वाचन क्षेत्रको साँच्चै समस्यालाई हिजो हामीले चुनावमा बाचा गरेका हाम्रा घोषणा पत्र र हामीले देखेका समस्याहरूलाई समाधान गर्ने वेका लागि हो यति बराबरको तपाईहरूले प्लान दिनुस्, योजना दिनुस्, तपाईको निर्वाचन क्षेत्रमा त्यो के हो मुख्य आवश्यकताहरू १, २, ३, ४, ५ वटा दिनुस्, त्यसका आधारमा यति यति बजेट तपाईहरूलाई ती योजनाका आधार हामीहरूले पेश गरेका योजनाका आधारमा यति यति बजेटको आवश्यकता त्यसको डिपिआर अर्थात सम्भाव्यता ती सबै कुराहरूलाई औंल्याएर यति बजेटको व्यवस्था गर्‍यौं भनेर त्यो आउने वातावरणको सिर्जना गर्न पर्थ्यो जस्तो मलाई लाग्छ । यी केही कुराहरू त्यसरी आको भए हामी पनि हाम्रो निर्वाचन क्षेत्रलाई कसरी अगाडि

बढाउने त्यो क्षेत्रको समग्र विकासका लागि के गर्न सकिन्छ भनेर हामी आफ्नो निर निर्वाचन क्षेत्रको योजना बनाउन त्यहाँको प्लानिङ्गका साथ अगाडि लाग्थ्यौं । एक वर्षको बजेट त गयो, दोस्रो बजेटको त हामी अन्तिम चरणमा छौं । यो वर्ष पनि दोस्रो पनि सकियो लगभग लगभग तर अझ तीन वर्ष बाँकी छन् । यलाई जोडौं चारवटा वर्ष बाँकी छन् । त्यी चार वर्षका हामीले हाम्रो निर्वाचन केन्द्रित रहेर, आफ्नो जिल्लामा केन्द्रित रहेर, मुख्य गरी त्यो क्षेत्रका आवश्यकताको पहिचान गरेर योजना बनाउन पाएको भए हामी त्यो ढंगले अगाडि बढ्थ्यौं । सभामुख महोदय, साँच्चै हामीले योजना छनौट गर्दा कतिसम्मनको कस्तो खालको योजनाहरू छनौंट गर्ने वास्तविक आवश्यकता के हो भनेर छनौट गर्न पाएको भए मेरो निर्वाचन क्षेत्रमा मैले यो साल एउटा मात्रै मुख्य योजनाका रूपमा छान्थें । मानिलिऔं २५/३० करोड पैंसा पर्थ्यो भने मैले २५ करोडमा २० करोडको एउटा मात्र योजना छान्थ्यें । त्यो योजनामा आगामी दिनमा फेरि काहीं कतै एउटा पैंसा हाल्न नपर्ने गरी योजना छान्थें । चाहे मैले पहिलो सडक किन नछानौं । दोस्रो वर्ष मैले चाहे त्यलाई शिक्षा किन नछानौं । आगामी दिनमा मेरो निर्वाचन क्षेत्रबाट त्यो वै वैज्ञानिक शिक्षा प्राविधिक शिक्षा जो टेक्नोलोजिका रूपमा लिइराछौं यी शिक्षाका रूपमा चाहिँ हामीले मेरो निर्वाचन क्षेत्रबाट सुर्खेत आउनु पर्दा या चाहिँ अन्य काठमाण्डौं जान पर्दा अर्थात विदेश जान पर्दाका ती विद्यार्थीहरू जो झोला बोकेर जान पर्ने छ, तिनलाई त्यही ठाउँमा पढ्ने वातावरण सिर्जना गर्नका लागि कम्तिमा पनि म एउटा मात्रै २० करोड खर्च गरेर एउटा मात्रै त्यस्तो खाले शिक्षा, जहाँ चाहिँ आर्जन गर्ने वातावरण बनाउँथे, जहाँ आफ्नै ठाउँमा एसईई पास गरिसकेपछि पढ्न छोडेर बाहिर जाने विद्यार्थीहरू छन् चाहे कमर्स हुन्, चाहे साइन्स पढून्, चाहे एग्रीकल्चर, चाहे ओभरसियर पढून्, चाहे कुनै पनि शिक्षा पढून्, त्यो शिक्षाको वातावरण त्यही सिर्जना गराउँथे । अर्को चोटी मैले खानेपानी बनाउनु पऱ्यो भने अहिले ती कुवा, ती साना नाउला, ती चाहिँ हाम्रा वडाले नगरपालिकाले बनाउने खर्च ठाउँमा मैले हाल्थिन । एउटा गुरुयोजना बनाएर एकै ठाउँको मुहानलाई कि लिफ्टिङ गरेर कि त्यसको डयाम बाँधेर एउटा मुहानलाई ल्याएर खानेपानीको व्यवस्था गर्थें । यसैगरी उद्योग कलकारखानाहरू व्यवस्थापन पनि त्यसरी गरिन्थ्यो तर यहाँ हामीले बजेटको चाहेर पनि नचाहेर अहिले बजेट त्यो तरिकाले विनियोजन भाछ । आफ्नै निर्वाचन क्षेत्रमा कम हुने लिनै पर्ने बाध्यता छ । कतिपय जहाँ आवश्यकता थियो त्यहाँ त्यो त्यस्तो खालको योजनामा नपाउने । जहाँ कमै आवश्यकता थियो पछि गरे पनि हुन्थ्यो, अहिले लिनै पर्ने जो बाध्यकारी ढंगबाट हामी बजेट विनियोजन गर्दैछौं, त्यलाई अलिकति ख्याल गरेर प्रगतिशिल धारबाट अगाडि बढाउनु पर्छ जस्तो मलाई लाग्छ । सभामुख महोदय, हामीले बजेट निर्धारण गर्दा, बजेट निर्माण गर्दा सबैभन्दा पहिला कुन आधारमा टेकेर हामीले बजेट नि निर्माण गऱ्यौं ? कहाँ के हेऱ्यौं ? हामीले कलाई हामीले चाहिँ आधार बनाएर बजेट निर्माण गर्न पर्थ्यो ? कहाँ हो मुख्य गरी बजेट निर्माण गर्न पर्ने ? हामीले कर्णाली प्रदेशका हाम्रा भाइबहिनीहरू, हाम्रा छोराछोरीहरू र हाम्रा दाजुभाइ, दिदीबहिनीहरूको अवस्था हामीले हेरेका छौं । आधा पेट खाना खाएर आफ्नो जिन्दगी गुजारा गरिरहेका, शरीरभरि पूरै वस्त्र लगाउन नपाएर अहिलेसम्म नि चिसोमा कठाङ्ग्रीएर गर्मीमा मच्छेरले टोकेर अन्य रोगले संक्रमित भएर बसिरहेका हाम्रा दाजुभाइ दिदीबहिनीहरू हामीले देखिरहेका छौं । हामीले बजेट निर्माण गर्दा हाम्रा मन्त्रीहरू, अर्थमन्त्रीहरू अन्य मन्त्रीहरूले ती मान्छेहरूलाई मान्छेहरूका तस्वीर राखेर हामीले बजेट निर्माण गऱ्यौं कि गरेनौं ? ती मान्छेहरूका तस्वीर हाम्रा मानसपटलमा रहे कि रहेनन् ? ती मान्छेहरूले पढ्न जाने स्कुलमा जहाँ स्कुलमा पढ्दै गर्दा पानी पऱ्यो भने कोठै हिलाम्मे हुने घरमा जाँदा सुतेको बेला राति व्यूझेर हेर्दा कोठाबाट आकाशका तारा देखिने ती हाम्रा दाजुभाइ, दिदीबहिनीहरू, भाइबहिनीहरू छोराछोरीहरूको त्यस्ता खालका मान्छेहरूको भविष्यलाई निहालेर हामीले अगाडि बढ्यौं कि बढेनौं ? त्यो बजेटलाई निर्माण गर्दा त्यहाँ हेऱ्यौं कि हेरेनौं अर्थात हामीले संभ्रान्त व्यक्तिहरू अर्थात त्यस्ता खालका व्यक्तिहरूको चंगोलमा परेर

हामीले कतै बजेट वितरणमुखी बजेटको आधार तयार गर्ने वातावरण त सिर्जना गरेनौं ? त्यतातिर अलि ख्याल गर्न पर्छ मलाई त्यस्तो लाग्छ । सभामुख महोदय, गत साल जेठ ७ गते मुख्यमन्त्री र आर्थिक मामिला मन्त्री दैलेखको दुल्लु नगरपालिका १२ गौरी, जहाँ माथिल्लो ढुंगेश्वर नजिक गएर उहाँहरूले एउटा अत्यन्तै महत्वपूर्ण कर्णालीको राजधानीबाट सबैभन्दा जुम्ला कालिकोट जुम्ला हुँदै भोलि नाग्मा रारासम्म जोडिने त्यो सबैभन्दा छोटो मार्गको शिलान्यास गर्नुभएको थियो, त्यो सडकलाई मैले बारबार भनेको थिएँ, लेखेर पनि दिएको थिएँ । त्यलाई मुख्यमन्त्री निर्वाचित भएर गैसकेपछि पहिलो शिलान्यास हो त्यो सडकमध्येको त्यसकारण त्यलाई त्यहाँका जनताले मुख्यमन्त्री मार्ग नाम राखेर त्यलाई नामाकरण गरियोस् भनेर माग गरेको थिएँ, त्यो आएन । त्यलाई समावेश गरियो गरियोस् म यो आग्रह गर्न चाहन्छु । अर्को अल्पसंख्यक मुस्लीम, मुस्लीमको लागि मदरसा विद्यालय सुर्खेत र सल्यानमा खोल्ने भनिएको छ । यो स्वागतयोग्य नै छ । दैलेख मुस्लीमहरूको, पहाडिया मुस्लीमहरूको उद्‌गम थलो हो, अहिले पनि हेर्नु भयो भने अहिले पनि दुल्लु र भैरवी भैरवीमा मात्रै ३०० घरपरिवारहरू छन् । त्यहाँ पनि एउटा मदरासा स्कुल गत साल मैले दर्गा मस्जित भन्याथैं, मठमन्दिरहरू निर्माण नगर्ने भन्या कारणले त्यो कट्यो । अहिले मदरासा स्कुल त्यहाँ अत्यन्तै आवश्यक छ । त्यलाई ख्याल गरेर त्यो मदरासा स्कुल स्थापना गर्ने गरी समावेश गरियोस् । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री करविर शाही । यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनुहोला ।

**माननीय श्री करविर शाहीः** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७६/०७७ को वार्षिक राजश्व तथा व्ययको अनुमानमाथिको छलफलमा सहभागी छौं । हामीले दुइटा, डेढ वटा बजेट भोगेका छौं । योभन्दा अगाडि एउटा पूर्ण र एउटा आंशिक फेरि यो पूर्ण बजेटका हिसाबले यो वर्षका लागि हामी छलफलमा छौं । यो बजेटको छलफल सन्दर्भमा पोहोर साल हामीले पनि भनेका थियौं यो मञ्चबाट । सरकारले अलि तजविजि गर्‍यो, सरकारका मन्त्रीहरूले अलि आफू जिल्ला केन्द्रित, आफू केन्द्र क्षेत्र केन्द्रित गर्नुभयो र यस्तो भन्यौं । सरकारका ७ जना मन्त्रीहरूले म्याच फिक्सिङ गर्नुभयो । आफ्नो आफ्नो ठाउँमा मात्र कार्यक्रम राख्नुभयो । त्यो बेला हल नै गुञ्जायमान सबै माननीय सदस्यहरूले एउटै स्वरमा सबैको आवाज यस्तै यस्तै थियो । यसपालिको यो बजेट वक्तव्यमा त्यो विषय केही खण्डीत भएको तर घुमाउरो पारामा त्यसका केही बाछिटाहरू फेरि पनि आफ्नो निर्वाचन क्षेत्रतिर अलिअलि पर्यटनका नाममा हुन् वा केही भ्यूटावरका नाममा हुन् वा कुनै नदी संरक्षणका नाममा हुन् वा कुनै तालतलैया संरक्षणका नाममा अलिअलि बाछिटाहरू फेरि पनि परेको मैले देखे देखेको छु । त्यसकारणले बजेट वक्तव्यमा कतिपय विषयहरू समेट्नुपर्छ र बजेट वक्तव्य अनुकुल नै वास्तवमा चाहिँ बजेटहरू निर्माण हुन्छन् । त्यसकारणले बजेटमै धेरै विषय छुटाएपछि पछि संशोधित गरेर आउन नमिल्ने विषय पनि हुन्छन् । त्यसकारणले यो तर्फ आफ्ना विषयहरू पहिले नै संग्रहित गरेर राख्ने र सांसदहरूलाई फेरि पनि यो त बजेट वक्तव्यमा थिएन त माननीयज्यू भनेर पछि पछार्ने, तल पार्ने हिसाबले त्यो मूडमा सरकार नरहोस् । यसपालि माननीयहरूको मूड पनि त्यो मूडतर्फ पोहोर सालजस्तो खाली चेकमा विश्वास गरेर दिदिइहाल्ने मुड छैन । त्यसकारण सरकारको म ध्यान आकर्षण गराउन चाहन्छु । म अलिकति कर्णालीको सन्दर्भमा यो वर्षको बजेटको चालुतर्फको बजेटको भोलुमको सन्दर्भमा कुरा गर्न चाहन्छु वास्तवमा हाम्रो बजेट वास्तविक बजेट कति हो ? वास्तविक बजेट भनेको करिब १७ अरबको सेरोफेरोमा हो । यो वर्ष हामीले काम गरेनौं बजेट बच्यो । सशर्त अनुदानको करिब ५ अर्ब जस्तो मैले देख्छु यहाँ अक्षरहरू मसिना छन् त्यसकारणले त्यो जोड्दा ३४ अरब पुगेको हो । करिब ८ अर्बको सेरोफेरोमा हामीले यो वर्षको बजेट बचाएका छौं । १७ अरब बजेट चलाउनका लागि हामीले एउटा सिकार गर्न

जाँदा त्यसको सरजाम ४ अरबलाई खर्च गर्नका लागि करिब ४ अरबलाई खर्च गर्नका लागि १३ अरबको सरजाम हामी गर्दैछौं । आगामी वर्ष यो वर्ष सबै बजेट खर्च भयो भने वास्तवमा हामीले त्यो अर्को वर्ष ४ अरबका लागि मात्र यो सरजाम गर्नुपर्ने हुन्छ र मैले यसो भनिरहेको छैन कि चालु खर्च गर्नै हुन्न, कर्मचारीले तलब खानै हुन्न, कुनै गोष्ठी सञ्चालन गर्नै हुन्न, यसो भनेको छैन । मैले के मात्र भनेको छु भने साविकको कर्णालीको रोग साविकको कर्णाली किन परनिर्भर भयो ? किन परजीवि भयो भन्ने कुरा त हामीले भोगेकै छौं नि । साविकको कर्णालीमा कति लगानी भयो ? आजसम्मको हिसाब हेऱ्यौं । साविकको कर्णालीमा सरकारले भन्दा सरकारका सहयोग गर्ने निकायहरू साझेदार संघहरूले संघसंस्थाहरूले कति लगानी गरे, त्यो लगानीको प्रतिफल हामीसँग छ कि छैन ? आज नापेर हेर्ने ठाउँमा हामी छौं तर हामीसँग त्यो छैन । त्यो लगानीले त्यो बेलाको लगानीले नै हामीलाई परनिर्भर बनायो । आज हामी अर्गानिकको कुरा गर्नुपर्ने हो र ? कर्णाली त अलरेडी अर्गानिक हुन् हुनु पर्थ्यो । आउँदा अर्गानिकै छ, जमिन अर्गानिक छ तर उत्पादनमा हाम्रो सबै जग्गा बाँझो छ । त्यसकारणले हामीले यतातर्फ अलिकति चालुतर्फका केही सफ्टवयरका कार्यक्रमहरू अलि बढी राख्यौं कि भन्ने मैले भन्न खोजेको हो । यसमा तलबको हिसाब होइन, चालु तर्फ पनि कार्यक्रमहरू हुन्छन् ती कार्यक्रमहरू अलि बढि राखियो, अलि चाहिँ सफ्टवयरका काममा कर्णालीले मागिरहेको छ, हार्डवयरको काम चाँडो पूर्वाधारको काम छिटो गतिमा हिंड्नका लागि कर्णालीले अपेक्षा गरिरहेको छ कर्णाली प्रदेशले । हामी फेरि पनि पुरानै गोलचक्करमा केही चालु खर्च, चालु खर्चमा अलिकति आफूलाई ओत लाग्ने ठाउँ, आफ्नो उलाई कार्य कार्यकर्तालाई ओत लगाउने ठाउँमा हामी हिंड्यौं कि आफ्नो ठाउँलाई मात्र हेरेयौं कि भन्ने हिसाबले मलाई यलाई अलिकति सोच्नु पर्छ र आउँदा, रातो किताब आउँदा प्रष्ट रूपले ती विषयहरू आऊन् म यो भन्न चाहन्छु । सँगसँगै कर्णालीको समृद्धिको आधार यहाँ धेरै विषयहरू शुरुवातमै उठान गरिएको छ । यसमा भनिएको छ, सुखारी कर्णाली समृद्ध कर्णालीबासी सुखा सुखारी, समृद्ध कर्णाली सुखारी कर्णालीबासी वास्तवमा यो सपना, स्वभावैले राम्रो हो । यो सुखारी बन्नका लागि तदअनुकूलको हामीले व्यवहार तदनुका हाम्रा नीति तथा कार्यक्रमहरू राख्नु आवश्यक हुन्छ । वास्तवमा यले कति विषयलाई छोएको छ ? यो किताबभित्र धेरै विषयहरू छन् । धेरै विषयहरू छन् तर यहाँभित्र राखिएका धेरै विषयहरू मैले भन्न चाहन्न तर पनि हामीले कर्णालीको आजको सन्दर्भ, आज हामी जहाँनिर उभिएका छौं, जहाँ विकास गर्न खोजिरहेका छौं, हामी जनप्रतिनिधि हुँ या सरकार हुँ, जेसुकै हुँ । हामी उभिएको धरातल हेर्ने हो भने कर्णालीमा कृषि उद्यमबाहेक अहिले पहिलो पटक केही पनि देख्न सकिदैन । हामीले ठूला लगानीहरू गर्न सक्ने, हामीले शेयर हाल्न सक्ने, हामीले भनेका विषयवस्तु जस्ता तपाईको पोहोर साल उठाएका जस्ता सुरुङ्ग खनिहाल्ने ल्याकतमा छैनौं । त्यसैले हामीले ल्याकत अनुसारका कार्यक्रमको पहिचान गरौं । त्यस्ता पकेट क्षेत्रहरूको निर्माण गरौं, वास्तवमा कर्णालीबासीको समृद्धि त्यहीबाट सुरु हुन्छ । लघु कृषि उद्यम सुरु गरेपछि मात्रै कर्णालीका बासीले पछि कर्णालीको पानीमा लगानी गर्न सक्ला । कर्णालीको हाइड्रोमा लगानी गर्न सक्ला । कर्णालीको सुरुङ्गमा लगानी गर्न सक्ला अरुले आफ्नो आफ्नत्व लिन सक्ला तर त्योभन्दा अघि हामी परजीवी भएर फेरि पनि सफ्टवयरका कार्यक्रममार्फत् तालिम र गोष्ठी चलाएर मात्र कर्णालीबासीको समृद्धिको आधार बन्दैन । कर्णालीबासीले आफूले समृद्धिको बाटोतिर अगाडि बढ्न सक्दैनन् । त्यसकारण मैले यो सन्दर्भमा मैले यति भन्न चाहन्छु । सँगसँगै हामीले केही विषयहरू बारम्बार एउटा जनप्रतिनिधि हुनुको नाताले एउटा निर्वाचन क्षेत्रबाट प्रतिनिधि भएर आएको नाताले विकासमा क्षेत्रगत सन्तुलन हुन आवश्यक हुन्छ । क्षेत्रगत भनेको निर्माण क्षेत्र मात्रै होइन, वि विकासका विशेष क्षेत्र र निर्वाचन क्षेत्र हामी २४ वटा निर्वाचित क्षेत्रबाट निर्वाचित भएर आएका छौं । आ-आफ्नो निर्वाचन क्षेत्रका समस्याहरू भन्नु, जनताका लगाडि यो पुऱ्याउनु हाम्रो दायित्व हो । सँगसँगै मैले ३

दिनदेखिको छलफलमा के देखिरहेको छु भन्दाखेरि केही सिलसिलाबद्ध हिसाबले अलि वंशाणुगत तरिका वंशजका जस्ता छलफलहरू च चले । मैले यो आरोप लगाको छैन । वास्तवमा केही सांसदज्यूहरूले मैले यो मैले क्षमा चाहन्छु, पूर्वाधारको क्षेत्र भनेको आफ्नो क्षेत्रीय होइन कि पूर्वाधारको क्षेत्र भनेको त केही अरु नै वर्गहरूको हो कि भन्ने जस्तो हिसाबले अगाडि छलफलमा सहभागी हुनु भो । आगामी दिनमा त्यस्ता छलफलमा सहभागी हुनका लागि नहुनका लागि मैले अनुरोध गर्न चाहन्छु । अब यहाँ अलि केही हामीहरूले उठाएको विषय वास्तवमा क्षेत्रगत सन्तुलन भन्दाखेरि निर्वाचन क्षेत्रलाई पहिलो आधार बनाऔं । ती निर्वाचन क्षेत्रहरूमा जुनसुकै शीर्षकका बजेटहरू जाऊन्, निर्वाचन क्षेत्रवाइज केन्द्रित गरौं । केही जिल्लागत पनि हुन सक्ला, कार्यक्रमको प्रकृति हेरेर निर्वाचन क्षेत्रमा नजाने पनि हुन सक्ला । जिल्ला अस्पताल भन्यो भने निर्वाचन क्षेत्रमा त हुँदैन नि त । त्यति त जान्छौं नि हामीले । त्यसकारणले निर्वाचन क्षेत्र स्तरमा हुने सबै विकासका मोडेलहरू त्यो जिल्ला लेवलमा वा निर्वाचन क्षेत्रमा होलान् । त्यसकारण यो मोडेलमा जाऔं भन्न खोजेको । सँगसँगै पोहोर साल अलिकति माननीय मन्त्रीज्यूहरूलाई भन्न चाहन्छु यति हुँदाहुँदै पनि एउटा मात्र कार्यक्रम त्यो सद्बुद्धिले सद्भावले हो या जेसुकै हिसाबले एउटा कार्यक्रम राख्नुभएको थियो, जनता सडक कार्यक्रम त्यो जनता सडक कार्यक्रम भनेको १०सै वटा जिल्लाका २४ वटा निर्वाचन क्षेत्रमा त्यले प्रतिनिधित्व गऱ्यो । त्यो बजेट ५ करोडका हिसाबले गयो, खर्च हुने आधार, खर्चका हिसाबले भयो भएन दोस्रो पाटो हो । त्यो समीक्षाको पाटो पछि समीक्षा गरौंला । समीक्षाको भिन्दै पाटो छँदैछ तर यो वर्ष त्यलाई खुम्च्याएर पपुलर पनि भन्ने मञ्चमा उभिँदा राम्रो कार्यक्रम भन्ने र १० वटा जिल्लाको प्रतिनिधित्व भयो पनि भन्ने तर त्यलाई खुम्चाएर २ करोडमा ल्याउने जो काम भयो, यो सरकारले त्यति राम्रो काम गरेन । त्यसकारण यलाई दुई करोड होइन, अघिल्लो वर्षको शतप्रतिशत वृद्धि गरेर १० करोड पुऱ्याइयो पुऱ्याइयोस् भन्न चाहन्छु र वास्तवमा यो समानुपातिक समावेशी सबै निर्वाचन क्षेत्र भूगोललाई समेट्ने कार्यक्रम भको हुनाले मलाई म यो सन्दर्भमा यति भन्न चाहन्छु । सँगसँगै यहाँ धेरै चल्यो, यो बैंक खाता छोरीको भन्ने विषय । हामीले यो विषय नराख्न खोजेको होइन, यो विषयमा हाम्रो विरोध होइन, हामीले यति मात्र भनेको हो, के भन्न चाहन्छु भने २० वर्षसम्म जो राख्दै छौं बैंकमा, त्यो पैंसा आइडियल बस्ने भयो, बीचमा त्यसको ब्याज झिक्न पनि पाइँदैन, कतै खर्च गर्न पनि पाइँदैन अनि २० वर्षसम्म कति मान्छे पर्खेर कति जनाले २० वर्षपछि त्यो भुक्तानी लिन्छन् वा लेलान् त्यस हिसाबले बीचमा त्यो भुक्तानी नलिएकाहरूका हिसाबले हेर्ने हो भने त बैंकलाई बीचमा चलाए वापतको ब्याज फाइदा भयो । मुभिलाइजेशन गरे वापतको फाइदा बैंकले लिने भयो भन्न खोजेको यति हो । हामीले भन्न खोज्या कुरा के हो भने त्यो २० वर्षसम्म जब जन्मेपछि स्कुल जाने उमेरमा ऊ स्कुलै जान सक्दैन । कापी किताब खरिदै गर्न सक्दैन भने उले २० वर्षपछि त्यो भुक्तानी लिनका लागि पछि पर्खिन्छ ? के पढ्छ ? के हुन्छ र ? लिन्छ, यहाँनिर कोइशन छ । त्यसकारणले यो कोइशनलाई समाधान सहित कार्यक्रमसहितको यसरी २० वर्षसम्म आइडियल बस्नेभन्दा भिन्न हिसाबले अलि परिचालित हुने हिसाबको केही कार्यक्रम बनाएर दिन सक्यो भने राम्रो होला मात्र भनेको हो, यसको विरोध गरेको होइन । त्यसैले मैले अघि यलाई इंगित गरेको यो वंशजको जस्तो भएर छलफलमा माननीय सदस्यज्यूहरू सहभागी हुनुभयो, यस्तो होइन । र सँगसँगै हामी कर्णालीबासी अभाव, गरिबीबाट ग्रसीत मान्छे त्यसका हामी जनप्रतिनिधि । मैले माननीय आर्थिक मामिला मन्त्रीज्यूलाई सुझाव पनि दिएको थिएँ, यो मञ्चबाट अलि छुचो भएर भन्नु पनि पर्ने भो, संघले संघीय सरकारले आफ्नो बजेट ल्याउँदा आफ्नो बजेट वक्तव्यमार्फत् कार्यालय सहयोगीदेखि राष्ट्रपतिसम्मको महँगी भत्ताको व्यवस्था गरेर बजेट वक्तव्यमा ल्यायो । ६ अरबबाट साढे १३ अरब विभिन्न कार्यक्रम चालु कार्यक्रममार्फत् यत्रो बढाउँदा हामीलाई महँगी लाग्छ कि लाग्दैन ? मैले बुझेको त प्रदेश संचित कोषबाट जले तलब भत्ता भुक्तानी खान्छौं, हामीले

यो सदनबाट पास नगरेपछि सम्म कुनै पनि कर्मचारीले तलब खान पाउँदैनन् मैले बुझेको यो हो । त्यसकारणले कम्तिमा यो व्यवस्था जति गर्न सकिने हो, हाम्रो सन्दर्भमा जस्ताको तस्तै गर्नुपर्छ भन्ने छैन । यो टोकनका रूपमा भए पनि केही ऊर्जा मान्छेलाई काम गर्ने जोशजाँगर कर्मचारीहरूका लागि सन्दर्भ भन्ने हो भने त त्यो बढाएको भन्दा छुट्टै कर्णाली विशेष भत्ता बनाएर ल्याउने हो कि कर्मचारीलाई यहाँ चाहिँ राख्नका लागि भन्ने हिसाब छुट्टै छँदैछ । सँगसँगै कम्तिमा यति चीजको व्यवस्था गरेर अगाडि बढ्न पाएको भए वास्तवमा सबैको मुहार अध्या उज्यालो भएर अगाडि बढ्ने वातावरण बन्थ्यो । अन्तमा, कर्णाली प्रदेश सरकारले कर्णालीकै भाषामा भन्दाखेरि ३/४ वटा सोलोगनहरूसहितको जे नेपालीमा सपना कर्णालीको सन्दर्भमा सुइना जे देखेको छ, त्यो सुइना विपनामा परिणत हुनका लागि रातो किताब आउँदा त्यहाँ बसिरहँदा रातो किताब सर्रर हेर्दाखेरि सुरुमा अँध्यारो भए पनि पढ्दै जाँदा माननीय सदस्यहरूको अनुहार उज्यालो हुँदै जाने र मञ्चमा गर्भका साथ सरकारलाई धन्यवाद दिने वातावरण बनोस् । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमाथि टिप्पणी गर्न यहाँ उभिएको छु र यो अवसरका लागि म माननीय सभामुखज्यूलाई हार्दि सभामुखज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । आर्थिक वर्ष ०७६/०७७ को बजेट वक्तव्य करिब २३० वटा बुँदामा २३० दफाको प्रस्तुत बजेट वक्तव्य पेश गर्नुभई कुशलतापूर्वक वाचन गरेर यतिको यो ३ (तिन) दिनसम्मको छलफलमा चाहिँ कुशलतापूर्वक यसको चाहिँ माननीयज्यूहरूको टिप्पणीलाई सुनेर बस्नुभएका माननीय म अर्थ मन्त्रीज्यूलाई हार्दिक बधाइ ज्ञापन गर्न चाहन्छु । करिब २६ जना २७ जना वक्ताहरूले माननीयज्यूहरूले सदनमा छलफल गरिसकेपछि १ गते, असार १ गते यो प्रस्तुत भएको थियो र आज हामी असारको १३ गते यसमाथि छलफल गर्दैछौं । करिब २ सातामा बजारमा, अखबारमा, सामाजिक संजालमा टिप्पणीहरू व्यापक मात्रामा भएका छन् र संसदमा करिब २७ जना माननीयहरूले मेरो विचारमा बोलिसकेपछि मैले धेरै बोल्नु छैन सभामुख महोदय । मरो घाँटीमा समस्या थियो, अब बजेट वक्तव्य जस्तो महत्वपूर्ण कुरामा टिप्पणी नगरौं भने पनि चाहिँ निर्वाचन क्षेत्रबाट संयोगले जितेर आको माननीय किन चाहिँ टिप्पणी गरेन भनेर भन्लान् । टिप्पणी गरौं भने केही कुराहरू भन्न पर्छ सभामुख महोदय, त्यसो हुँदाखेरि म मेरो घाँटीले त्यति साथ दियाछैन । म चाहि यहाँ उभिएको छु सभामुख महोदय । धेरै विषयहरू माननीयज्यूहरूले राख्नुभएको भन्दा मेरो भिन्दै विषयहरू छैन सभामुख महोदय । एउटा लामो समयदेखिको हाम्रो चाहिँ बहस थियो सभामुख महोदय, कर्णालीमा विकास किन भएन ? हाम्रा अगाडि त्यो यक्ष प्रश्न अहिले पनि कायम छ २७ जना माननीयहरूले संसदमा बोलिसकेपछि बजेट तीनवटा बजेट हामीले रोष्टमबाट ल्याइसकेपछि पनि अहिले पनि हाम्रासामु यो यक्ष प्रश्न छ कि कर्णालीको विकास किन भएन ? यति कर्णालीको विकास किन भएन भन्ने प्रश्नको उत्तर हामीले हाम्रा सरकारका दस्तावेजहरू दिन सक्यौं भने सभामुख महोदय, कर्णालीको विकास कसरी हुन्छ भन्ने उत्तर त्यसमा आउँछ सभामुख महोदय । कर्णालीको विकास किन भएन ? भन्ने प्रश्नको हामीले तीनटा बजेटमा चाहिँ उत्तर दिन सक्याछैनौं सभामुख महोदय । तीनटा नीति कार्यक्रम र तीनटा बजेटमा हामीले कर्णालीको विकास आजसम्म किन भएन ? समृद्ध कर्णाली किन भएन ? मुलुकको सबभन्दा गरिब प्रदेशका गरिब जनताको प्रतिनिधि भएर हामी यहाँ उभिनु पऱ्यो, किन ? भन्ने प्रश्नको हामीले अहिलेसम्म हाम्रा सरकारी दस्तावेजहरूमा हामीले उत्तर दिन सकेनौं । त्यसको परिणाम हामी कसरी यसको विकास गर्ने भन्ने बारेमा हामी कुनै निश्कर्ष सहित हामी जाँदैनौं सभामुख महोदय । यो चाहिँ गम्भीर चिन्ताको विषय

हो । हामीले संघीयता नहुँदा के भन्यौं भने काठमाण्डौंले कर्णालीको विकास किन भएन भन्ने बारेमा छलफल गरेन, यले ध्यान दिएन अथवा यले छलफल गरेन तर हामी संघीयता भैसकेपछि सुर्खेतमा हामी बसेर सभामुख महोदय, कर्णालीको विकास किन भएन ? भन्ने बारेमा गम्भीरतम् चिन्तन गर्नुपर्ने अवस्थामा छौं । अवस्थामा हौं । त यो तीन वर्षदेखि हामी, केरे यो तीनटा नीति कार्यक्रमहरू तीनटा बजेटहरूमा र यो १७ महिनामा मैले यो गम्भीरता देखिन । यसको कति हिस्सा, कति जिम्मा यहाँको जनप्रतिनिधिको रूपमा मैले लिनुपर्छ सभामुख महोदय, त्यो लिन म तयार छु । हामीले संसदमा एउटा लामो समयदेखि एउटा बहस गऱ्यौं सभामुख महोदय । बजेटका बारेमा म संक्षिप्त टिप्पणी गर्छु, के बहस गऱ्यौं हामीले भने बजेट निर्माण प्रक्रियामा यसको स्टेकहोल्डरहरू को को हो ? बजेट कले बनाउने हो ? एउटा हामीले लामो छलफल गऱ्यौं र माननीयहरूले चाहिँ बजेट निर्माण प्रकृयामा हाम्रो हिस्सेदारी हुनुपर्छ भन्ने प्रश्न हामीले जबरजस्ती रूपमा उठायौं सभामुख महोदय । संसदीय एउटा परिपाटी हामीले लामो समयसम्म व्यहोऱ्यौं, व्यवस्थापिकाको विधायिका र कार्यपालिकाको चाहिँ काम, कर्तव्य र अधिकार के हो ? यसमा चाहिँ कति चाहिँ तपाईको सेप्रेशन छ ? कति यसका फङ्सनहरू चाहिँ कामहरू जो ओभरल्यापिङ छन् यो कुराको बारेमा हामीलाई धेरै थोर जानकारी छ सभामुख महोदय तर हामीले के भन्यौं भने विगतमा हामीले जो अभ्यास गऱ्यौं, त्यो अभ्यासले भएन संघीयतामा अलि नयाँ खालको अभ्यास गर्नुपर्छ । यो सरकार जनताको नजिकको सरकार हो सभामुख महोदय । जनताको नजिकको सरकारका रूपमा हाम्रा दृष्टिकोणहरू हामीले परम्परागत रूपमा माथिको संसदले जे व्यहोऱ्यौं केन्द्रीय खालको बजेटमा जे बनायौं सभामुख महोदय, त्यही खालको ढाँचा र ढर्राबाट जाने हो भनेपछि हामी समृद्ध कर्णालीमा पुग्दैनौं, यो मेरो चिन्ता हो सभामुख महोदय । बजेट कल्ले बना'छ ? सभामुख महोदय, मैले यो रोष्टममा उभिएर भन्नुपर्छ हामीले निर्वाचित गरेको सरकार हाम्रो मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाही हो, अगाडि हुनुहुन्छ रोष्टममा । म उहाँलाई अत्यन्त सम्मान गरेर भन्छु, हामीले संसदमा विश्वासको मत दिएको मुख्यमन्त्री हो । मैले बुझेको सरकार एउटा मात्रै हो कर्णालीमा, कर्णालीमा सरकार एउटा छ कि कर्णालीमा सरकार दुइटा छ ? कर्णालीमा दृश्य सरकार छ कि अदृश्य सरकार छ ? सभामुख महोदय । बजेट कल्ले बनाउँछ ? बजेट बनाउँदा कसको हिस्सेदारी हुन्छ ? मैले बजेटमाथि टिप्पणी गर्नुभन्दा अगाडि सभामुख महोदय । अर्थ मन्त्रालयमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका अधिकारीहरू बसेर बजेट निर्माण गरियो र बजेट निर्माण प्रकृयामा उनीहरूको भूमिका भयो भने के हुन्छ सभामुख महोदय । बजेटका सूचनाहरू कहाँ जान्छन् ? बजेट निर्माण प्रकृयामा इन्भल्भमेन्ट कसको हो ? डव्लुएफपीका प्रतिनिधि चाहिँ अर्थ मन्त्रालयमा राखेर बजेट बनाएर जान सकिन्छ ? सरकारका महत्वपूर्ण सूचनाहरू चाहिँ तथ्याङ्कहरू चाहिँ तथ्याङ्कहरूमा कसको एक्सीस हुन्छ ? सभामुख महोदय । त्यसो हुँदाखेरि म माननीय सभामुखज्यूमार्फत् अर्थ मन्त्रालयमा अहिले पनि बजेटमा चाहिँ रातो किताबका कामहरू बाँकी छन् । ब्रेकडाउन गर्नुपर्ने कामहरू बाँकी छन् । यदि अर्थ मन्त्रालयमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका मान्छेहरू अहिले छन् भने हाम्रो सरकारले के आवश्यकताले ती मान्छेहरूलाई निम्तो दियो ? के आवश्यकताले ती मान्छेहरूलाई पत्र पठाएर राख्यो ? अहिले पनि ती मान्छेहरू छन् भने सभामुख महोदय, संसदले रुलिङ गर्नुपर्छ र बजेट निर्माणको बाँकी प्रकृया बजेटको ब्रेकडाउन गर्ने सन्दर्भमा अर्थ मन्त्रालयमा त्यस्ता अधिकारीहरूलाई अर्थ मन्त्रालयबाट सेपरेट गर्नुपर्छ सभामुख महोदय । म यो रुलिङ गर्न सभामुख महोदयमार्फत् सरकारलाई यो रुलिङ्ग गर्नुपर्छ र यसको चाहिँ जवाफ आउनुपर्छ सभामुख महोदय । बजेट निर्माणका सूचनाहरू कहाँ छन् ? यसका तथ्याङ्कहरू कहाँ जान्छ ? र कले यसमा चाहिँ होल्ड गरिराखेको छ ? यसो हुँदा चाहिँ जनताको अभिमतबाट कर्णालीका गरिब जनताको अभिमतबाट निर्वाचित भएर आएको माननीयहरूले बजेटमा चाहिँ हाम्रो केही न केही इनभल्वमेन्ट हुनुपर्छ भनेर भन्दाखेरि सभामुख महोदय, हुन नपाउने ? गम्भीर चिन्ता

यसमा छ सभामुख महोदय । बजेटमा मैले सरकारी खर्च यही दरले चाहिँ महँगो हुँदै गयो भने सभामुख महोदय के हुन्छ ? यो चाहिँ चिन्ताको विषय हो । सरकारी खर्च यही दरले बढ्दै जाने हो भने चालु बजेट अहिले ३८ प्रतिशत छ । चालु बजेटमा केही सफ्टवयर कार्यक्रमहरू होलान्, केही गोष्ठीहरू होलान्, मैले त अझ बुझि सुनिराछु मन्त्रालयले पनि त्यो चाहिँ होटेलहरूमा गोष्ठीहरू गर्ने पनि मैले सुनिराछु, त्यसो हो । चालु बजेटको यो चाहिँ ढंगले वृद्धि हुँदै गयो भने सरकारी खर्चहरू बढ्दै जान्छ । जब सरकारको आम्दानी चाहिँ तपाईको घट्छ, आम्दानी कम हुन्छ, एउटा त हामी आम्दानी नभएको ठाउँमा छौं, सरकार हामी यस्तो बनाइराछौं, जहाँ चाहिँ हामीले आफ्नो आम्दानी क्रियट गर्न सक्याछैनौं । चानचुन २१ करोड समथिङ्ग चाहिँ अहिले राजश्व चाहिँ तपाईको, राजश्व उठिराख्याछ । त्यसो हुँदाखेरि ३८ प्रतिशत बराबरको चाहिँ चालु खर्च हुने हो भने यले चाहिँ फाइनान्सियल डेफिसियड तपाईको आर्थिक घाटातिर हामी जान्छौं कि जाँदैनौ सभामुख महोदय । अर्थ मन्त्रीज्यू आफै पनि माथिको चाहिँ प्रतिनिधि माथिको संघीय संसदको चाहिँ अर्थ व्यवस्था समितिमा बस्नु भाछ । हाम्रो जस्तो प्रदेशमा चाहिँ हाम्रो जस्तो आय आयस्ता भएका मान्छेहरू हामी हाम्रो आयस्ता भन्दा, आम्दानी भन्दा खर्च बढी गरेर गयौं भने फजुल खर्च बढाउँदै गयौं भने पछि के हुन्छ ? वित्तीय अनुशासनतर्फ म सबभन्दा बढी ध्यानाकार्षण गराउन चाहन्छु सभामुख महोदय । यो भोलुम चाहिँ चालु खर्चको भोलुम जुन छ, यसका प्रत्येक शीष शीर्षकहरूमा संसदले छलफल गर्नुपर्छ । संसदले छलफल गर्न पाउँछ र ती चालु खर्च यही ढंगले चाहिँ चालु खर्च बढ्ने हो भने चालु खर्च नियन्त्रणको बारेमा चाहिँ हामीले गम्भीरतापूर्वक संसदमा यो प्रश्न उठ्याछ । मैले विचार गरेको छु माननीय सभामुख केरे माननीय अर्थ मन्त्रीज्यूले यसको जवाफ दिनुहुने छ सभामुख महोदय । नीति कार्यक्रममा केही महत्वपूर्ण कुरा भन्यौं माननीय मुख्यमन्त्रीजीले यो रोष्टमबाट भन्नु भो नीति कार्यक्रममा हामीले के भन्यौं भने यसको मैले पनि यो रोष्टममा उभिदा भन्याथें, विकासको एकखालको छटपटी छ तर हामी एउटा टर्निङ्ग पोइन्ट पा’छैनौं । हामी कहाँबाट यसको निकास दिने भन्ने त्यले केही आयोजनाहरू, केही कार्यक्रमहरू र १५ वटाभन्दा बढी संरचनाहरू चाहिँ नीति कार्यक्रमले कल्पना गऱ्या’थ्यो । नीति कार्यक्रमले त्यसको प्रबन्ध भ गर्ने कुरा चाहिँ गरिराख्याथ्यो । बजेट चाहि, बजेट चाहिँ अर्को कोइनेटोतिर छ नीति कार्यक्रम चाहिँ अर्को कोइनेटोतिर छ सभामुख महोदय । यो अवस्थामा त बजेट चाहिँ संचालन गर्न माननीय मन्त्रीज्यूहरूलाई दियो भने पनि त्यही हो । मलाई दियो भने पनि त्यही हो । अर्को कोही बाहिरबाट मान्छे ल्यायो भने पनि त्यही हो सभामुख महोदय । गोल चाहिँ एकातिर छ, नीति कार्यक्रमको कोइनेटो चाहिँ यतापट्टिबाट छ तपाईको चाहिँ बजेटको कोइनेटो यतापट्टिबाट छ । ब्रेकडाउन गर्दा रातो किताब चाहिँ अर्कोपट्टिबाट आउँछ । मन्त्रालयगत खर्चहरूको बाँडफाँड अर्को भयो भने हामी ठीक ठाउँमा पुग्न सक्दैनौं सभामुख महोदय । यसमा म चाहिँ गम्भीरतापूर्वक ध्यानआकर्षण गराउन चाहन्छु । खासगरेर बजेटले केही प्रश्नहरूको चाहिँ जवाफ दिनुपर्छ । मैले शुरुमा पनि अगाडि भने, बजेट केवल चाहिँ आर्थिक विषय मात्रै होइन सभामुख महोदय । यो कर्णाली प्रदेशको अर्थ राजनीतिक अवधारणा हो यले सरकारको लक्ष्य र गन्तव्यहरूको बारेमा निर्धारण हामीले हाम्रो गोल चाहिँ निर्धारण गर्नुपर्छ सभामुख महोदय । नाराहरू अत्यन्त मीठा छन् । नाराहरू आकर्षक छन् । मलाई चिन्ता के छ भन्दाखेरि अघिल्लो वर्षका नाराहरू यो आर्थिक वर्षमा हराए, यो आर्थिक वर्षका नाराहरू अर्को वर्षसम्म हराउने हुन् भने सभामुख महोदय, हामी वार्षिक रूपमा चाहिँ नाराहरू ल्याएर, वार्षिक रूपमा चाइने तपाईको नाराहरू मात्रै परिवर्तन गरेर कर्णालीको चाहिँ जनताको जीवनस्तरमा परिवर्तन हुँदैन सभामुख महोदय । यी दुरगामी महत्वका कामहरू बजेटमा प्रतिविम्वित हुनुपर्छ सभामुख महोदय । हामी विमानस्थलको लामो छलफल गर्दैछौं, सुर्खेतमा विमानस्थलको धावनमार्ग विस्तार हुनुपर्छ सभामुख महोदय । अहिले हामी १२५५ मीटरको धावनमार्गमा छौं, १२ हजार भाडा छ

सभामुख महोदय । सुर्खेत नेपालगञ्जबाट यो फाइभ नटिकल माइलमा पर्छ भनेको प्लेनको भाषामा एक मिनेटको डिस्टेन्स हो । हामी चाहिँ यसमा तपाईको चाहिँ करिब डबलभन्दा बढी भाडा तिर्न बाध्य छौं । एयरपोर्टको चाहिँ तपाईको आ यो रनवे एक्सटेन्स धावनमार्गको विस्तार सुर्खेतको खानेपानी र सडकको समस्या भयङ्कर ठूलो समस्या छ सभामुख महोदय । सुर्खेत प्रदेशको राजधानी हो, निर्वाचन क्षेत्रका हिसाबले कतापर्छ ? के पर्छ ? हामी सबै यो भार सुर्खेतले थेग्नु पर्छ र राजधानी हामीले बनाएको यले भार थेगिराख्न पर्छ प्रदेशको । यो थेगिराख्न चाहिँ सुर्खेतमा हामीले सडक र पूर्वाधार लगायतका विषयहरूमा अपर्याप्त रकम छ सभामुख महोदय । त्यो पर्याप्त रकम चाहिन्छ अहिले सहरी सडकको २१ करोड रुपैयाँ भनेको मेरो विचारमा १०/१५ किलोमिटर बाटो पीच गर्दाखेरि नै यले पुग्दैन चाहिँ । २१ वटा बाटामा २१ करोड छुट्टाउनुभयो भने पनि त्यो चाहिँ आधाआधा कामहरू मात्रै चाहिँ होला । त्यसो हुँदाखेरि सुर्खेतको चाहिँ खानेपानी, सडक र चाहिँ ग्रीनरी यहाँको हरियालीको लागि प्रदेश सरकारले उचित कार्यक्रमहरू ल्याउनु पर्छ । जनता सडक कार्यक्रम यो हाउसमा धेरै प्रश्नहरू उठ्याछ । अघिल्लो वर्षको बजेट यदि निर्वाचन क्षेत्रमा समानुपातिक छ, निर्वाचन क्षेत्रमा कतै सन्तुलित छ भने त्यो चाहिँ जनता सडक कार्यक्रमबाट थियो । त्यसको रकम चाहिँ दुई गुणा गर्नु पऱ्यो । जनता सडक जुन कार्यक्रम लोकप्रिय थियो, जुन कार्यक्रम राम्रो थियो, त्यो कार्यक्रममा पैंसा घटायो भनेपछि सभामुख महोदय । त्यले त हामीले लोकप्रिय कार्यक्रमहरू घटाउँदै लिने, अघिल्लो वर्ष अर्गानिक बनाइयो, मेरो त एउटा गाउँपालिका अर्गानिक थियो । कृषि मन्त्रीज्यूले यो अर्गानिक हुन्छ भन्नुहुन्थ्यो अलिअलि पैंसा सहकारीहरूले बाँड्याछ । त्यसपछि अब फेरि चाहिँ त्यो अर्गानिकबाट पछाडि हट्ने हो भने एउटा एउटा योजना लिएर आउने त्यो योजनाबाट चाहिँ पछाडि हट्ने हो भने हामी चाहिँ ठीक ठाउँमा पुग्दैनौं । योजना ल्याउँदा दृढतापूर्वक ल्याउनुपऱ्यो र कार्यान्वयन गर्दा चाहिँ तपाईले विश्वास लिएर अगाडि बढ्नु पऱ्यो । सुर्खेतमा ग्रीनरी गर्नुपर्छ सभामुख महोदय । निर्वाचन क्षेत्रको बारेमा चाहि धेरै छलफलहरू भयो सभामुख महोदय । प्रदेशको सबभन्दा नजिकको इकाई चाहिँ तपाईको प्रदेश प्रणालीको निर्वाचन क्षेत्र हो । निर्वाचन क्षेत्रपछि गाउँपालिका हो, गाउँपालिकापछि वडा हो सभामुख महोदय । प्रदेशमा चाहिँ बजेट बनाउँछौं निर्वाचन क्षेत्र चाहिँ केन्द्रित गर्न अप्ठारो मान्नुहुन्छ भने यो संघीयताको अवधारणाको विपरीत भो सभामुख महोदय । त्यस्तो हुँदाखेरि निर्वाचन क्षेत्रमा केन्द्रित बजेट गर्दाखेरि जति सकिन्छ त्यति बजेट, जति सकिन्छ त्यति धेरै बजेट निर्वाचन क्षेत्रमा केन्द्रित गर्दाखेरि निर्वाचन क्षेत्रको वृहत्तर विकास हुन्छ सभामुख महोदय । त्यसकारणले मैले अर्को एउटा महत्वपूर्ण कुरा यहाँ के राख्नु छ भने हामी ४० जनाको प्रदेश सभा छ सभामुख महोदय । साविकको कर्णाली, साविकको भेरी र साविकको राप्तीका चाहिने प्रदेश सभामा हामी १० वटा जिल्ला छ सभामुख महोदय । साविकको भेरीको दैलेख, सुर्खेत र जाजरकोटबाट ४० जनाको प्रदेश सभा २० जना सांसदहरू प्रतिनिधित्व गर्छौं सभामुख महोदय । भूगोल र जनसंख्याको हिसाबले हामी चाहिँ आ संसदको आधा चाहिँ तपाईको भूगोल र जनसंख्या ओगट्ने क्षेत्र हो सभामुख महोदय । मैले एउटा गम्भीरतापूर्वक के देखिरा'छु भने म कर्णालीको विकासको बारेमा साविकको कर्णाली पछाडि परेको छ त्यसको विकासमा प्राथमिकता पाउनुपर्छ भन्ने बारेमा कुनै विवाद छैन सभामुख महोदय । त्यसमा चाहिँ रकम पर्याप्त छुट्टाउनुपर्छ बाटो नपुग्या ठाउँहरूमा बाटो पुऱ्याउनु पर्छ । अहिले सुर्खेतमै स्कुल बनाउँदा र माथि बनाउँदा फरक पर्छ । माथि पैंसा थप्नुपर्छ यसमा विवादै छैन तर साविकको भेरी मनोविज्ञानको उपेक्षा गरेर सुर्खेत, दैलेख र चाहिँ जाजरकोटमा चाहिँ विकासका बारेमा यस क्षेत्रमा मन्त्री नहुनुको कारणले बाँकी एउटा मात्रै मन्त्री हुनुको कारणले यो क्षेत्रको उपेक्षा जो छ त्यो भयो भने ठूलो भारी जनमत प्रतिनिधि सभाको आधा जनमतको उपेक्षा हुन्छ त्यसको बारेमा म गहिरो चिन्ता चाहिँ बुझ्नेलाई इशारा काफि हुन्छ सभामुख महोदय । म यति चिन्ता गर्छु पहेंलो बत्तीको सहित सम्मान गर्दै मैले दुई तीनटा कुराहरू

संक्षिप्तमा राख्नु पर्छ सभामुख महोदय । खानेपानीमा ३/४ आयोजनाहरू हुँदैनन् लोहोरेको खानेपानी, यतापट्टि चाहिँ भेरीको खानेपानी, चिंगाडको खानेपानी हुँदैन सभामुख महोदय । मैले अघि भनेको खानेपानी एउटा मात्रै खानेपानी त्यो भेरी चाहिँ भिजिवल हुन्छ होला । त्यो चाहिँ प्राविधिक रूपले त्यसको चाहिँ हेर्नुपऱ्यो सभामुख महोदय । केही कामहरू हामीले चाहिँ महत्वपूर्ण कामहरूको थालनी गर्ने भनेर भनेका छौं सभामुख महोदय यो गर्दा चाहिँ के हुन्छ त भने संसदको तपाईले विश्वास लिएर जानुपर्छ सभामुख महोदय । संसदको विश्वास लिन सरकार चाहिँ तयार भएन अथवा संसदबाट हामी विषयहरू चाहिँ बाहिर जान थाल्यौं अथवा संसदलाई उपेक्षा गर्दै जान थाल्यौं भने सभामुख महोदय, यो प्रदेशको सबभन्दा सोभरेन्ट बढी सार्वभौम बढी यो संसद भकोले संसदको तपाईले म्यान्डेट लिएर अनुमोदन गरेर संसदबाट जानुपर्छ । मैले अघि शुरुमा भने जस्तो बजेटमा सांसदहरूले आफ्नो सहभागिता खोजेका छन् । हामी परम्परागत व्यवस्थाबाट माथि उठ्ने हिम्मत पनि गरिराछौं । परम्परागत व्यवस्थाबाट माथि उठ्ने हो भने हामी चाहिँ सरकार र संसद एक ठाउँमा उभिन सक्नुपर्छ । म सरकारको ध्यानाकर्षण यसरी गम्भीरतापूर्वक ध्यानआकर्षण गराउँछु र मैले समग्र सांसद चाहिँ उठेका प्रश्नहरूको माननीय अर्थ मन्त्रीज्यूले जवाफ दिनुहुनेछ । मैले त्यो आशा गरेको छु र जवाफ दिँदा अहिलेसम्म यहाँ जे प्रश्नहरू उठेका छन् जे चाहिँ शंसयहरू छन्, ती शंसयहरू दुर गर्ने गरी माननीय अर्थ मन्त्रीज्यूले दिनु हुनेछ । मैले यति कुरा राखेर फाइनल्ली मैले के भने, भने अस्तिको बजेट प्रस्तुत हुँदा अर्थ मन्त्रीजीले यहाँबाट ताली खानु पर्थ्यो सभामुख महोदय । सिंगो बजेट अवधिभरि अर्थ मन्त्रीले ताली पाउनु भएन । बुझ्ने अर्थ मन्त्री भको भए, त्यति बेलै चाहिँ उहाँले विचार गर्नुपर्छ । मैले यत्रो हाउसमा चाहिँ जहाँ मैले टुथड मेजोरटी होल्ड गर्छु त्यहाँ चाहिँ मैले बजेटप्रति ताली बजेन भने असन्तुष्टी हो । ब्रिटिस पार्लियामेन्टमा भको भए त स अर्थ मन्त्रीले सायद जवाफ दिन नै आउनु हुन्थेन । बजेट रिवाइज गर्नुहुन्थ्यो । यो ब्रिटिस पार्लियामेन्ट जस्तो त होइन तर हामी केही मैले लाक्षणिक रूपमा भने सभामुख महोदय, बजेट चाहिँ अर्थ मन्त्रीले अस्तिको ताली नभए पनि उहाँले बोल्दाखेरि र बोलिसकेपछि ताली बज्ने वातावरणको मैले आशा गरेको छु । यति कुराहरू राखेर माननीय सभामुखज्यूप्रति हार्दिक आभार गर्दै मेरो यही टुंगाएँ मेरो मन्तव्य । धेरै धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो बैठक १५ मिनेटको लागि स्थगित हुन्छ।

□□□

# बैठक संख्या-१३ (दोस्रो)

(२०७६ साल असार १३ गते शुक्रबार)

**माननीय सभामुखः** माननीय सदस्यहरू, बैठक पुनः सुचारु हुन्छ । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सभामा सामान्य छलफल हुँदा माननीय सदस्यहरूबाट उठाइएका प्रश्नहरूका सम्बन्धमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालालाई प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १६ को नियम १२९ को उपनियम ३ बमोजिम सभामा उत्तर दिन समय दिन्छु ।

**माननीय श्री अम्मरबहादुर थापाः** मेरो केही भनाई छ सभामुख महोदय,

**माननीय सभामुखः** के भनाई छ माननीय सदस्य । के हो ? नियमापत्ती हो वा अरु केही

**माननीय श्री अम्मरबहादुर थापाः** नियमापत्ती होइन सभामुख महोदय ।

**माननीय सभामुखः** के भनाई ।

**माननीय श्री अम्मरबहादुर थापाः** मेरो, मेरो एउटा सुझाव के छ भन्दा सभामुखज्यूलाई अहिलेसम्म यो सदन चलिसकेपछि एउटा घडि पनि छैन । यो त तजविजको हिसाबकिताब हुने भो, यो जाइने व वारि र पारी दुइटा घडी भोलि अर्को सदन चल्दाखेरि हुनुपर्‍यो सभामुख महोदय, धन्यवाद ।

**माननीय सभामुखः** धन्यवाद ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट माथि माननीय सदस्यहरूले गम्भीर रूपमा ३ दिनसम्म छलफल गर्नुभयो । छलफल गरेर धेरै महत्वपूर्ण भनाइहरू, सुझावहरू सदनसमक्ष राख्नुभको छ । माननीय सभामुख महोदयमार्फत् माननीयज्यूहरूका ती अमूल्य महत्वपूर्ण सुझावहरू आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतमा र सिंगो कर्णाली सरकारले ग्रहण गरेको छ, आत्मसाथ गरेको छ र आर्थिक वर्ष २०७६/०७७ को बजेटमाथिको सैद्धान्तिक छलफलमा भाग लिएर बजेटका सकारात्मक पक्षहरूको उजागर गरेर कमजोरीहरू पनि औंल्याई र रचनात्मक सुझाव सल्लाह दिएर सहयोग गर्नुभको छ । यसर्थ प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति सर्वप्रथम हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । बजेटको सामान्य छलफलमा माननीय सदस्यज्यूहरूले उठाउनुभएका महत्वपूर्ण विषयहरूमध्ये प्रष्ट पार्न पर्ने, जवाफ दिनुपर्ने र केही प्रतिबद्धता जाहेर गर्नुपर्ने विषयहरू संक्षेपमा राख्ने अनुमति चाहन्छु । सबभन्दा पहिले यो अलि धेरै जना माननीयज्यूहरूले उठाउनु भको छ यो पूरक बजेटभन्दा चालु बजेट बढी भयो भन्ने सवाल, यो बहसको निम्तिभन्दा पनि अलि केही प्रष्ट पार्ने प्रयास गर्नेछु मैले । माननीयज्यूहरूले दिएका सुझावहरूलाई हामीले ध्यानमा राखेका छौं । बजेटको सिद्धान्त र प्राथमिकतामा पनि छलफल हुँदाखेरि यहाँहरूले हामीलाई दिशानिर्देश हुने गरी महत्वपूर्ण सुझाव दिनुभको छ । बजेटमा सकेसम्म माननीयज्यूहरूका सुझावहरूलाई, ध्यानाकर्षणलाई मध्यनजर गरेर चालु बजेट कम गर्ने प्रयास गरिएको छ । आर्थिक अनुशासन र मितव्ययिता अपनाउने कुरामा पनि ध्यान केन्द्रित गरिएको छ । तुलना गरेर हेर्‍यो भने पनि संघ, अन्य प्रदेश र स्थानीय तहहरू र हाम्रो प्रदेशको चालु खर्चलाई तुलना गर्दाखेरि हाम्रो प्रदेश सरकारको तर्फबाट जुन बजेट प्रस्तुत भको छ, त्यो बजेटको चालु खर्च कम देखिन्छ । यद्यपि होडबाजी गर्न खोजेको होइन तर यथार्थता के हो भने अरु प्रदेशहरूको तुलनामा र संघीय सरकारले

ल्याएको बजेटको तुलनामा कर्णाली प्रदेश सरकारको बजेटको चालु खर्चको पाटो सानो छ । धेरैको कुरा गर्न चाहन्न १ नम्बर प्रदेशको ४२ अर्ब २० करोडको बजेटमा ४४ प्रतिशत मात्रै, ४४ प्रतिशतभन्दा कम पूँजीगत बजेट छ र ५६ प्रतिशत बजेट चालुमा छ । ३ नम्बरमा हाराहारी ५०/५० प्रसेन्ट जति छ । ७ नम्बरको कुरा गर्ने हो भने ४६ प्रतिशत पूँजीगत बजेट छ भने ५० प्रतिशतभन्दा बढी चालु बजेट छुट्टाइएको छ । ३ नम्बर प्रदेशमा ४७ अर्ब ६० करोडमध्ये ४२ अर्ब ८३ करोड पूँजीगत बजेट छ । चालु बजेट चाहिँ २४ अरब ४६ को छ अर्थात ४८ प्रतिशत बजेट पूँजीगतमा छ भने ....... प्रतिशत बजेट चाहिँ चालुमा छ । यो तुलनामा हाम्रो प्रदेशमा ६२ प्रतिशत पूँजीगत छ ३८ प्रतिशत बजेट चाहिँ चालुमा छुट्टाइएको छ । यसको ठीक उल्टो संघीय सरकारको कुरा हेर्नुभयो भने ६२ प्रतिशत बजेट चालुमा छ भने ३८ प्रतिशत पूँजीगतमा छ । अर्थात हामीले सकेसम्म चालु खर्चलाई कम गर्ने कोशिस गऱ्यौं तर त्यति गर्दागर्दै पनि यो अंक जुन आयो । माननीयज्यूहरूले यसलाई चाहिँ बढी ठान्नुभको छ । यसका केही पक्षहरू छन्, बाध्यताहरू छन् । स्थानीय तहमा पठाउने २ अर्ब ६० करोड यो चालुमै पर्छ । साडे २ अर्बभन्दा बढी स्थानीय तहमा पठाउने बजेट नै भयो । अन्य अनुदानहरू तलब, भत्ता, सेवा सुबिधा, कार्यालय र अन्य लगानीको निम्ति छुट्टाइएको बजेट, सहुलियत ऋणको निम्ति छुट्टाइएको बजेट र वित्तीय व्यवस्थापनको निम्ति छुट्टाइएको यी बजेटका शीर्षकहरू चालुमा पर्छन् । सामान्य रूपमा हेऱ्यो भने पनि जस्तो सशर्तबाट केन्द्रबाट आएको बजेट ५ अरब २७ करोड हो, त्यसमध्ये करिब करिब ७५ प्रतिशत बजेट चालुमा देखिन्छ । साडे ३ अरब जति मैले एक्ज्याक्ट हिसाब त गरेको छैन । धेरै बजेट चालुमा छ, त्यो पनि यही नै जोडिन्छ । स्थानीय तहको २ अरब ६० करोड अनि अर्थ विविधको १ अरब ५० करोड र वित्तीय व्यवस्थापनको २ अरब गर्दाखेरि करिब करिब ९ अरब बजेट चाहिँ यसरी पनि चालुमा देखिन्छ । भोलुम धेरै देखिएको हो । अर्कोतिर यस आर्थिक वर्षभन्दा आगामी आर्थिक वर्षको लागि चालु खर्च बढ्नु स्वाभाविक छ यस आर्थिक वर्षमा कर्मचारीको तलब भत्ता र कार्यालयहरूको संचालन खर्च केन्द्रले व्यहोरेको थियो । कर्मचारीको संख्या पनि कम थियो, त्यसमध्ये पनि कर्मचारीको खर्च, कार्यालयको खर्च संघीय सरकारबाट व्यहोरिएको थियो तर आगामी आर्थिक वर्षमा कर्मचारीको संख्या पनि बढ्ने कार्यालय स्थापना पनि हामीले धेरै गरेका छौं, संख्या बढ्ने अह र त्यो खर्च पनि हामीले व्यहोर्ने भैसकेपछि त्यो स्वभाविक रूपमा चालु खर्च बढी देखिएको हो । हामी केही नयाँ संरचना बनाएर पनि निर्माण गर्ने छौं । केही नयाँ कार्यालयहरू स्थापना हुने छन् । त्यसकारण चालु खर्च बढ्नेछ । आगामी आर्थिक वर्षमा अह जम्माजम्मी प्रशासनिक खर्चको संगसंगै केही कार्यक्रमहरूका बजेट पनि चालु खर्चमा छन् । जस्तो सामाजिक मन्त्रालयका धेरै कार्यक्रम चालुको शीर्षकमा रहन्छन् । सामाजिक सुरक्षा कार्यक्रमको कुरा गरौं, छोरी सुरक्षा कार्यक्रमको कुरा गरौं, कर्णाली विकास सेवा र विभिन्न छात्रवृत्तिहरू लगायतका कार्यक्रम चालु शीर्षक अन्तर्गत पर्दछन् । त्यसैगरी विभिन्न मन्त्रालयसँग सम्बन्धित गरिबी न्यूनीकरण रोजगारी आयमूलक कार्यक्रमहरू पनि चालु शीर्षकमा रहन्छन् । कृषि मन्त्रालयकै कुरा गर्दाखेरि कृषि प्रविधि उपकरण मल, बीउ अनुदान लगायतका कार्यक्रमहरू उद्योग, पर्यटन, वन मन्त्रालयको कुरा गर्दा उद्योगसँग सम्बन्धित वन व्यवस्थापनसँग सम्बन्धित धेरै कार्यक्रमहरू चालु शीर्षकमा पर्ने भकोले पनि चालुको बजेट धेरै देखिएको हो । यति हुँदाहुँदै पनि अह चालु खर्च एउटा सहजता के छ भने पूँजीगत शीर्षकको बजेट हामीले चालु शीर्षकमा स्रोतान्तर रकमान्तर गर्न सक्दैनौं तर चालु शीर्षकको बजेट हामीले त्यहाँ बढी भयो भने आवश्यकता अनुसार पूँजीगत शीर्षकमा चाहिँ रकमान्तर गर्न सक्छौं । स्रोतान्तर गर्न सक्छौं । यदि हामीले छलफल गरौं, बहस गरौं, रातो किताबमा यो सबै कुरा प्रष्ट आएको छ र मन्त्रालयगत रूपमा पनि हामी छलफल गर्नेछौं । कुनै शीर्षकमा अलि अनावश्यक बजेट देखियो, बढी बजेट देखियो त्यो कुरा पुष्टि हुन आयो भने त्यो बजेटलाई हामीले पूँजीगतमा ट्रान्सफर गर्नेछौं यो

प्रतिवद्धता यहाँहरूको बीचमा म राख्न चाहन्छु । अर्को यहाँ बहस भएको कुरा बैंक खाता छोरीको सुरक्षा जीवनभरिको छोरी सुरक्षा कार्यक्रमका सम्बन्धमा छ । प्रदेश सभाबाट पारित नीति कार्यक्रममा छोरीहरूको खानपान, उपचार, लालनपालन, शिक्षा आदिमा हुने भेदभाव अन्तर्गत कम उमेरमा हुने विवाह रोक्न, परिवारको हेपिएको सदस्यको रूपमा गरिने व्यवहार हटाउन, छोरीलाई गर्भ र जन्मेदेखि नै समान रूपले हुर्काउन, पढाउन, विभेदरहित र सुरक्षित छु भन्ने आभाष दिलाउन, समान अवसरका लागि सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन, आवश्यक सबै व्यस्था गरिनेछ भनी उल्लेख भएबमोजिम नै छोरी सुरक्षा कार्यक्रम अघि सारिएको हो । अह अघि नीतिसँग तालमेल मिलेन, मिलेन कि भन्नु भाछ, नीतिसँग संगति हुने गरी, ताल मिल्ने गरी, लय मिल्ने गरी हामीले बजेट ल्याएका छौं । आजको कर्णालीको समस्यालाई ध्यानमा राखेर छोरीको भ्रूण हत्या गर्ने प्रवृत्तिलाई अन्त गर्न, छोरी जन्मँदा खुशी हुने संस्कारको विकास गर्न, बाल विवाह न्यूनीकरण गर्न, विद्यालय पढाइ छोडेर हिंड्ने समस्याको अन्त गर्न हैंला, होचो र अपमानित हुने संस्कृतिको अन्त्य गर्न, यी उद्देश्यले छोरी सुरक्षा कार्यक्रममार्फत् प्रदेश सरकार प्रत्येक कर्णालीबासीको घरघरमा पुग्ने विश्वास लिइएको छ । छोरीका खातामा रहने रकम अनुत्पादक रूपमा थन्किन नदिन र सो रकमको उपयोग हुने सोचेका छौं । माननीयज्यूहरूले यस सम्बन्धमा दिएको सुझाव अत्यन्त मननयोग्य छ । यसमा हामीले हृदयंगम गरेका छौं । जहाँसम्म छोरीहरूको यो कार्यक्रमको सट्टामा अह छोरीहरूको अध्ययनको रोजगारीका कार्यक्रममा ध्यान दिनु पर्थ्यो भन्ने कुरा छ, अन्य कार्यक्रमले नै त्यो कुरा सम्बोधन गरेकै छ । छोरी बुहारी छात्रवृत्ति हाम्रो निरन्तरता छ । रोजगारमूलक कार्यक्रम, आयमूलक कार्यक्रम, अन्य सुरक्षाका कार्यक्रम हामीले चाहिँ बजेटमा सम्बोधन गरेकै छौं । यसैलाई त्यता चाहिँ लैजान पर्ने अह आवश्यकता देखिदैन । कुनै राम्रो कार्यक्रम गर्दा व्ययभार अवश्य पनि पर्छ । कर्णाली प्रदेशको सामाजिक कलंकको रूपमा रहेको बाल अह बाल विवाहलाई क्रमशः अन्त गर्दै जानका लागि र छोरी सुरक्षा लाई सुरक्षाका लागि सरकार केही व्ययभार व्यहोर्न पनि तयार छ । विकास मान्छेको लागि गरिने हो, मान्छेले नै असुरक्षा, अनुभूति गर्ने अवस्थामा हामी कसको लागि विकास गर्ने ? विकासमा मानव आकृति पनि झल्किन पर्छ भन्ने उद्देश्यका साथ हामीले बाल विवाह जस्तो कर्णालीको विकराल समस्यालाई सम्बोधन गर्न यो कार्यक्रम ल्याएका हौं । छोरी सुरक्षा कार्यक्रम सामाजिक न्यायसँग जोडिएको सवाल पनि हो माननीयज्यूहरू । अह सरकारलाई पर्ने व्ययभार २० वर्षसम्म रकम आइडल रहन्छ कि भन्ने कुरा र अन्य पक्षहरूलाई समेत ध्यानमा राखेर यस कार्यक्रमका लागि ठोस कार्यविधि बनाएर प्रभावकारी रूपमा कार्यन्वयन गरिने प्रतिवद्धता अह यो सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु । चालु आर्थिक वर्षमा कर्णाली प्रदेशमा निर्वाचन क्षेत्र वा सांसद कोष जस्तो कार्यक्रम नल्याउँदा सबैतिर राम्रै सन्देश गएको छ । हामीले लागु गरेको जनता सडक कार्यक्रम सन्तुलित विकासको एउटा उदाहरण हो । अह प्रत्येक निर्वाचन क्षेत्रलाई आधार बनाएर प्रत्येक निर्वाचन क्षेत्रमा रू. ५ करोड विनियोजन गरिएको थियो । यस आर्थिक वर्षमा लोकप्रिय रहेको यो कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ । प्रदेशका सबै निर्वाचन क्षेत्रहरूलाई सम्बोधन गर्ने र सन्तुलित विकासको नमुनाको रूपमा स्थापित जनता सडकको जनता सडक कार्यक्रमको महत्व र माननीयज्यूहरूको सुझावलाई ध्यानमा राखेर विभिन्न बजेट शीर्षकहरूबाट व्यवस्था गर्ने गरी सरकारको क्षमताले सकेसम्म आगामी आर्थिक वर्षको बजेट चालु ब ए म आर्थिक वर्षमा बजेटभन्दा बढी हुने गरी वृद्धि गरिने विश्वास दिलाउन चाहन्छु । यो चाहिँ अहिले हामीले अंक नै किट्न सकेनौं किनभने हाम्रो स्रोत पनि पहिचान गर्नुपर्‍यो त्यस आधारमा हामीले यो चालु आर्थिक वर्षमा जुन ५ करोड छ, प्रत्येक निर्वाचन क्षेत्रमा त्यसभन्दा बढी हुने गरी हामीले चाहिँ जनता सडक कार्यक्रममा बजेटको व्यवस्था गर्नेछौं । त्यसको तयारी हामीले गरिसकेकका छौं । बजेट विनियोजनमा सन्तुलन र समन्यायक पक्षलाई ध्यानमा

राखेर प्रत्येक निर्वाचन क्षेत्रमा रू. ५ करोड हुने गरी पूर्वाधार विशेष कार्यक्रम ल्याइएको छ । प्रत्यक्ष र समानुपातिक सबै माननीय सदस्यहरूको भूमिका स्थापित गरिने गरी ठोस कार्यविधि निर्माण गरेर यो कार्यक्रम लागु गरिनेछ । अह यसरी नै मुख्यमन्त्री रोजगार कार्यक्रम र मन्त्रालयगत कार्यक्रमहरूमा पनि माननीयज्यूहरूलाई अनुभूति हुने गरी भूमिका दिइनेछ । कुनै पनि निर्वाचन प्रणालीबाट निर्वाचित माननीय सदस्यहरूको नीतिगत कानून निर्माण तथा अनुगमन जस्ता अह विषयमा परिभाषित भूमिका त छँदैछ । त्यसको साथै विकास निर्माणमा पनि माननीय सदस्यज्यूहरूको प्रष्ट, ठोस भूमिका र जिम्मेवारी अह देखिने गरी काम गर्नका लागि सरकार तयार छ । कार्यक्रम पुस्तिका तपाईहरूको हातमा पर्दा सबै माननीयज्यूहरूको मर्यादा र सम्मान झल्कने सन्तुलि, सन्तुलन कायम हुने र भूमिका स्थापित भएको अनुभूति हुने गरी अह त्यो पुस्तिका ल्याउने विश्वास दिलाउन चाहन्छु । पूर्वाधारमा अह बजेट कम भयो कि भन्ने प्रसंग पनि ल्याउनु भएको छ । हाम्रो प्रदेशको क्षमता अनुसार पूर्वाधारलाई हामीले जुन पहिलो प्राथमिकता दिएका छौं । त्यसमध्ये पनि सडक हाम्रो पहिलो प्राथमिकता छ । पूर्वाधारमध्ये पनि सडक हामीले पटक पटक भन्ने गरेका छौं । कर्णालीको निम्ति सडक, सडक र फेरि पनि सडक । यो पहिलो आवश्यकता हो, पहिलो प्राथमिकता हो । त्यसैले सडक लगायत पूर्वाधारलाई हामीले अह सकेसम्म हामीसँग जति जाहिँ बजेट छ, त्यसभित्र रहेर बढी बजेट छुट्टाउने प्रयास गरेका छौं । पूर्वाधार विकास कोष, भौतिक पूर्वाधार मन्त्रालयको बजेट, पूर्वाधार विशेष कार्यक्रम, विभिन्न मन्त्रालयका पूर्वाधार सम्बन्धी बजेटलाई जोड्ने हो भने करिब २० अर्ब अर्थात ६० प्रतिशत बजेट पूर्वाधारमा विनियोजन गरिएको छ । यो कुरा पनि म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । अह त्यस्तैगरी यो पूर्वाधार विकास प्राधिकरणका सन्दर्भमा पनि यहाँ चाहिँ माननीयज्यूहरूले विषय उठाउनु भएको छ, पूर्वाधार विकास प्राधिकरण मन्त्रालयहरूको अधिकार कटौति गर्नका लागि कदापि पनि ल्याइएको होइन । यो चाहिँ कन्फ्युजन रहन हुँदैन । सडक, पुल, जलविद्युत, खानेपानी, सिँचाइ, पर्यटन, संचार, बस्ती विकास जस्ता अह ठूला पअ प्रदेश गौरवका पूर्वाधारका आयोजनाहरूलाई छिटोछरितो तरिकाले अघि बढाउन, कार्यान्वयनमा तिव्रता ल्याउन, त्यस्ता आयोजनाहरूलाई गुणस्तरीय र भरपर्दो बनाउन मुख्यमन्त्री पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्नका लागि अह पूर्वाधार प्राधिकरण गठन गर्ने प्रस्ताव गरिएको हो । त्यसका लागि सरकारका तर्फबाट प्रदेश सभामा, प्रदेश सभा सचिवालयमा विधेयक दर्ता भैसकेको छ । ठूला पूर्वाधार र जलविद्युतमा लगानीका लागि विनियोजित बजेट गठन नभएक गठन भइनसकेको प्राधिकरणका नाममा होइन । यो चाहिँ अह दुविधा पनि रहन हुँदैन । गत वर्षमै स्थापना भएको पूर्वाधार विकास लगानी कोषमा राखिएको व्यहोरा पनि प्रष्ट पार्न चाहन्छु । पूर्वाधार प्राधिकरणमा बजेट छुट्टाइएको छैन । त्यो चाहिँ प्रकृयामा छ । विधेयक चाहिँ सचिवालयमा दर्ता भको छ । माननीयजीहरूले छलफल गर्नु हुनेछ । त्यसको औचित्यताको आधारमा त्यसको टुंगो लगाउनु हुनेछ तर त्यो बजेट चाहिँ हामीले पूर्वाधार प्राधिकरणको नाममा छुट्टयाएका छैनौं, त्यो छुट्टयाउन मिल्दैन । यो गत वर्षभन्दा पनि चालु आर्थिक वर्षको जुन पूर्वाधार लगानी कोष छ, १ अर्ब चाहिँ यो चालु आर्थिक वर्षमा छुट्टाएका थियौं, अहिले हामीले त्यसमा चाहिँ बजेट बढाएका छौं । एकमुष्ट बजेटका सम्बन्धमा पनि केही प्रष्ट पार्न पर्ने मैले आवश्यकता देख्या छु । कर्णाली पूर्वाधार लगानी कोषमा रहेको र वित्तीय व्यवस्थापनमा रहेको जम्मा रु. ५ अर्ब बजेटलाई निम्न अनुसार बजेट शीर्षक कायम गरी विनियोजन गरिनेछ । अहिले कुन कार्यक्रममा कति खर्च हुने यकिन नभकोले अध्ययन पश्चात यो बजेटलाई पारदर्शी ढंगले विनियोजन गरिने विश्वास दिलाउन चाहन्छु । हामीले जनता सडकमा थप गर्ने जुन थप दायित्व हो । यो शीर्षकबाट अथवा यो एकमुष्ट बजेटबाट केही बजेट ती शीर्षकमा जानेछ । भेरी बबई डाइभर्सन र जगदुल्ला जलविद्युत आयोजनामा प्रदेशले लगानी गर्ने हाम्रो प्रतिवद्धता छ । माननीयज्यूहरूले पनि बारम्बार यसमा ध्यानआकर्षण गराउनु भएको छ । स्रोतको

निम्ति पनि विकल्प सोच्नु पर्छ भन्ने कुरा आएको छ । भेरी बबई डाइभर्सनको चाहिँ ४६ मेघावाट विद्युतमा हामीले चाहिँ शेयर लगानी गर्ने कुरा र ९ देखि १२ मेघावाटसम्मको जुन अह ड्यामसाइडमा निस्किने बिजुली हो, त्यो सिंगै कर्णाली प्रदेशले निर्माण गर्ने जुन संघीय सरकार ऊर्जा मन्त्रालयसँग सहमति भएको छ, त्यो विद्युत आयोजनामा लगानी गर्नका निम्ति हामीले निश्चित बजेट विनियोजन गर्ने छौं । कर्णाली हवाइ सेवामा सेवा संचालनका निम्ति पनि हामीले निश्चित बजेट यही कोषबाट विनियोजन गर्ने छौं । सहुलियतपूर्ण ऋण अनुदानको शीर्षकमा पनि यो बजेट हामीले विनियोजन गर्ने छौं । ठूला पूर्वाधार आयोजनाहरू जस्तो माननीयजीहरूले पटकपटक उठाउनुभको छ । हामी त्यसमा गम्भीर पनि छौं । वीरेन्द्रनगरको खानेपानीको कुरा, सुर्खेत विमानस्थलको स्तरउन्नतिको कुरा, नाग्मा रारा पर्यटक सडक, सुर्खेत तेलपानी बर्दिया सडक, अन्तरप्रदेश सडकहरू, प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकहरू, प्रदेश अस्पताल र जिल्ला अस्पतालहरू जस्ता ठूला पूर्वाधारहरू, किटानीका पूर्वाधारहरू यसमा चाहिँ मन्त्रीहरूले आफ्नो निर्वाचन क्षेत्रमा फेरि लुकाएर बजेट पुऱ्याउँछन् कि भन्ने शंका गर्न पर्दैन । यिनै किटान शीर्षकमा विषयहरूमा मात्रै यो एकमुष्ट बजेट छुट्टाइनेछ । यो सर अमअ संघीय अह सरकारले पनि कतिपय यी कार्यक्रमहरूमा सहयोग गर्ने छ र हामीले केही देखिने खालका केही महत्वपूर्ण काम गरौं भनेर यो बजेट अलि डल्लो जस्तो एकमुष्ट जस्तो देखिएको हो । हामी छिट्टै सरकारका तर्फबाट निर्णय गरेर अह संसदमा जानकारी गराउने समेत म यहाँहरूको बीचमा प्रतिबद्धता जाहेर गर्न चाहन्छु । अर्थ मन्त्रालयमा रहेको बजेटका बारेमा धेरै छलफल गर्नुपर्छ जस्तो लाग्दैन । २ अरब ६० करोड स्थानीय तहलाई पठाउने अनुदानको बजेट हो, त्यो ठूलो देखिने कुरामा । त्यसपछि यहाँ १ अरब ५५ करोड यो भैपरि आउने अर्थ विविधमा राखिएको छ । यो अत्यन्त जरुरी बजेटको रूपमा, यो अर्थ मन्त्रालयले खर्च गर्ने बजेट होइन । यो शंका पनि नरहोस् । यो कुनै पनि मन्त्रालयमा काम पर्न सक्छ । प्रदेश सभालाई पनि आवश्यक पर्न सक्छ । जहाँ, जति बेला, जे काम पऱ्यो अर्थात कुनै ठूलो डिज्यास्टर हुन सक्छ, समस्याहरू आउन सक्छ या कुनै महत्वपूर्ण प्रोजेक्टमा बजेट पठाउनुपर्ने हुन सक्छ, त्यस्ता कामका निम्ति यो बजेट छुट्टाइएको हो । यो बजेटचाहिँ अर्थ मन्त्रालयको आफ्नो अह खर्च गर्ने बजेट होइन भन्ने पनि म प्रष्ट पार्न चाहन्छु । अर्थ मन्त्रालय आर्थिक मामिला तथा योजना मन्त्रालयको आफ्नै बजेट भनेको १२ करोड मात्रै छ । यो जानकारी पनि म माननीयज्यूहरूलाई दिन चाहन्छु । स्थानीय तहलाई दिने अनुदानका सम्बन्धमा पनि यहाँ छलफलमा केही विषयहरू उठेका छन् । नेपालको संविधान र कानून अनुसार प्रदेश सरकारले स्थानीय तहहरूलाई चार किसिमका अनुदान र राजश्वको बाँडफाँड अनुसारको बजेट उपलव्ध गराउनु पर्ने व्यवस्था छ । यसरी नै सहअस्तित्व, समन्वय र सहकार्यको सिद्धान्त अनुसार ३ तहका सरकारहरूबीच सम सम्बन्ध कायम हुने व्यवस्था गरिएको छ । स्थानीय तहहरूका केही सिमाहरू अवश्य छन्, त्यस विषयमा छलफल पनि गर्नुपर्छ । माननीयज्यूहरूले उठाएका चाहिँ महत्वपूर्ण विषयहरू छन्, स्थानीय तहका सभाहरूमा प्रदेशका प्रमु प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, सभामुख, मन्त्रीहरू र माननीयज्यूहरूलाई बोलाउने व्यवस्था छ त्यहाँ चाहि बो बोल्ने व्यवस्था गर्ने पनि व्यवस्था छ र सम्बन्धित निर्वाचन क्षेत्रका प्रतिनिधि सभा र प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका सदस्यहरूलाई अनिवार्य रूपमा बोलाउने व्यवस्था पनि छ । त्यो कुरामा उहाँहरूले कति ध्यान दिनुभको छ । त्यो उहाँहरूको जिम्मेवारीको कुरा हो तर हामीले चाहिँ हाम्रो दायित्व, हाम्रो जिम्मेवारी पूरा गर्नुपर्छ । त्यस हिसाबले स्थानीय, अह प्रदेश सरकारले प्रदेशको समग्र र सन्तुलित विकासका लागि स्थानीय तहलाई सहयोग गर्ने र अभिभावकको भूमिका निभाउनुपर्ने हुन्छ । स्थानीय तहसँग आवश्यक जनशक्ति पनि रहेको कारण स्थानीय सरकारबाट योजना कार्यान्वयनको पनि सहजता हुने हुँदा गत वर्षको तुलनामा स्थानीय तहलाई उपलब्ध गराउने अनुदान बढाइएको हो । प्रदेश समन्वय परिषद्को बैठकको साझा प्रतिबद्धता

पत्रको अक्षर र भावनाअनुसार प्रदेश सरकारबाट उपलब्ध गराइने अनुदानले अह प्रदेश सरकार र स्थानीय तहबीच सम्बन्ध अझैं बलियो हुने र सहकार्यको संस्कृति बढ्ने विश्वास लिएको छु । प्रदेश राजधानी वीरेन्द्रनगरको एकीकृत विकासका सम्बन्धमा माननीयज्यूहरूले गम्भीर ध्यानाकर्षण गराउनु भको छ । अह प्रदेश राजधानी वीरेन्द्रनगरको विकासका लागि प्रदेश सरकार अत्यन्त गम्भीर छ । राजधानीको शहरी सडक व्यवस्थित गर्नुपर्ने छ । त्यसका निम्ति समपूरक अनुदान अन्तर्गत २५ करोडको सडक निर्माणको कार्यक्रम छिट्टै टेण्डरमा जाँदैछ, केही प्राविधिक कारणले । ढिला भको छ । खानेपानीको विषय गम्भीरताका साथ उठेको छ । यसपालि विभिन्न विकल्पहरूको बारेमा पनि हामीले छलफल गरेका छौं र यतिबेला संघीय सरकारको तर्फबाट भेरी नदीबाट लिफ्ट सिस्टमबाट वीरेन्द्रनगरमा खानेपानीको आपूर्ति गर्ने ध्याकार्यक्रम अगाडि बढेको छ तर बजेट अत्यन्त सानो छ । चालु आर्थिक वर्षमा २ करोड म गलत छैन भने आगामी आर्थिक वर्षको निम्ति ६ करोड । यो सानो बजेटले चाहिँ वीरेन्द्रनगरको खानेपानीको समस्या हल हुन सक्दैन । बर्षौंवर्ष लाग्छ, त्यो बनाउँदै बिग्रिदै जाने खतरा हुन्छ । त्यो लिफ्ट सिस्टम भनेको फेरि अरु सतह खानेपानी सिस्टम जस्तो पनि हुँदैन । त्यसैले हामीले यो विषयमा संघीय सरकारसँग छलफल गरेर, वार्ता गरेर, कुराकानी गरेर, सम्वाद गरेर संघीय सरकारको तर्फबाट कति योगदान हुन सक्छ र हाम्रो तर्फबाट आवश्यक पर्ने पर्याप्त बजेट कति करोड आवश्यक पर्छ । हामी त्यसका निम्ति अघि पनि मैले बताइसके त्यही एकमुष्ट बजेटबाट सुर्खेत वीरेन्द्रनगरको खानेपानी समस्या समाधानका निम्ति बजेट छुट्टाइनेछ । यो विश्वास तपाईहरूका बीचमा म दिलाउन चाहन्छु । नगरपालिकासँगको साझेदारीमा राजधानीलाई स्वच्छ, वातावरणमैत्री, अपाङ्गमैत्री बनाउन पनि बजेटमा सम्बोधन भएको छ । पर्यटकीय आर्कषणहरू खासगरी काँक्रिविहार, बुलबुले, अह शदिह पार्क लगायतको क्षेत्रको विकासका लागि बजेट व्यवस्था गरिएको छ र काम पनि अगाडि बढाइरहेको बढिरहेको छ । आयश्रोत कम भएका व्यक्तिको सुबिधा, सुरक्षा, इन्धनको खपत, मान्छेको स्वच्छता, सवारी दुर्घटना न्यून गर्न र प्रदुषण घटाउनका लागि साइकल अह प्रयोगलाई प्रोत्साहित गर्ने र साइकल ल्याण्ड बनाउने कार्यक्रम पनि हामीले ल्याएका हौं । यो चाहिँ हामीले विभिन्न कुरालाई ध्यानमा राखेर यो कार्यक्रम बजेटमा ल्याएका हौं । कर्णाली एयरलाइन्सका बारेमा पनि माननीयज्यूहरूले केही विषय उठाउनु भको छ । नीजि क्षेत्रसँग साझेदारीमा कर्णाली एयरलाइन्स खोल्ने कुरा हामीले बजेटमा व्यवस्था गरेका छौं । त्यसमा सरकारको केही लगानी रहन्छ नै तर खासगरी सरकारले नियमनको काम गर्नेछ । नीजि क्षेत्रले लगानी गर्नेछ र व्यवस्थापनको काम पनि गर्नेछ । त्यसका लागि हामीले आवश्यक बजेट व्यवस्था गरेका छौं प्राइभेट एयरलाइन्सहरूले कर्णालीलाई आवश्यक सेवा दिन नसकेको समस्या परेकोबेला अथवा हवाइ यातायात उद्दार र राहातमा समेत सेवा प्राप्त हुन नसकेको अनेकौं समस्याहरू हामीले झेल्नुपरेको यथार्थता माननीयज्यूको सामु जाहेर नै छ । अह यो कुरालाई ध्यानमा राखेर नै हामीले सरकारकै पहलमा सरकारकोतर्फबाट पनि केही लगानी गर्ने र सरकारले नियमन गर्ने, निजी क्षेत्र लगानी गर्ने, र नीजि क्षेत्रले व्यवस्थापन गर्ने गरी यो कार्यक्रमको ढाँचा अगाडि सारिएको छ । यसको विस्तृत यो मोडल हामी छिट्टै तयार पारेर अगाडि सार्नेछौं । प्रदेश राजधानी सुर्खेतबाट सहज र नियमित रूपमा सबै जिल्लामा हवाइ सेवा प्रदान गर्दा आवश्यकता अनुसार राहत र उद्दारका काम गर्न जोखिममा परेका गर्भवती र घाइतेहरूको उद्दार तथा उपचारको लागि एअरलिफ्टिङ्गको व्यवस्था गर्न कर्णाली एअरलाइन्स जरुरी परेको कुरा माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु । मन्त्रालयको प्रगति विव विवरण पुस्तिकामा केही अंक नमिलेको कुरा पनि ध्यानाकर्षण गराउनु भको छ । रु. हजारमा लेख्ने तर चाँहि अंक पूरै लेख्ने जस्तो पनि भएछ । के-के असाबधानीका बारेमा हाम्रो ध्यान गएको छ, हामी त्यसलाई चाहि सच्याउने छौं ? कर्मचारीको तलब भत्ता र सुबिधाका सम्बन्धमा । संघीय बजेट र विनियोजन विधेयकमा वृद्धि भको तलब सुबिधा देशभरिका सबै

कर्मचारीहरूको लागि लागु हुन्छ । कर्णालीका लागि पनि यो लागु हुनेछ । कर्णालीमा बसेर सेवा गर्ने राष्ट्रसेवक कर्मचारीहरूको लागि प्रदेश सेवामा सर्मपित र उत्प्रेरित गर्न भौगोलिक विकटताका आधारमा प्रोत्साहन उपचारमा सहयोग लगायतका सुबिधाका लागि सरकारले आवश्यक निर्णय गर्नेछ । हामी चाहिँ त्यसका निम्ति एउटा कार्यविधि बनाएर ठोस निर्णय गर्ने छौं । र यसको जानकारी हामी छिट्टै यो सदनलाई दिनेछौं । माननीयज्यूहरूले यहाँ उठाएको जस्तै जनप्रतिनिधिहरूको सुबिधाको सम्बन्धमा हाम्रो चाहिँ केही कानूनी व्यवस्था पनि छन् । निश्चित अवधिभित्र सुबिधा बढाउन नसकिने कुरा पनि छन्, महंगी भत्ता लगायतका केही विषय उठाउनुभको छ । यस सवालमा आवश्यकता अनुसार प्रदेश सरकारले निर्णय गर्न सक्नेछ यहाँहरूसँग सल्लाह गरेर, छलफल गरेर । श्रोतमा कर्णाली कमजोर छ । राजश्वको आकार सानो छ । त्यसैले राजश्वका श्रोत पहिचान गर्न गरी राजश्व वृद्धि गर्न जरुरी छ । यसतर्फ हाम्रो ध्यान गम्भीर ध्यान गएको छ । त्यसरी नै जलविद्युत लगायत क्षेत्रमा लगानी गरेर प्रदेशको नियमित आयश्रोत बनाउनका लागि पनि हामीले बजेटको व्यवस्था गरेका छौं । ईन्जिनियरिङ्ग कम्पनी छिटो गठन गरेर काम अगाडि बढाउने सुझाव यहाँहरूको चाहिँ स्वीकार्ययोग्य छ । हामी त्यो काम छिट्टै अगाडि बढाउने छौं र योजनाहरूको तयारी लगायतका प्राविधिक काम निम्ति यो इन्जिनियरिङ्ग कम्पनीले काम गर्नेछ । लगानी दशक सफल बनाउनका लागि प्रदेशमा लगानीमैत्री वातावरण बनाउने, लगानी आकर्षित गर्ने र लगानी सम्मेलन गर्ने कुरा बजेटमा सम्बोधन भको छ र विस्तृत यस सम्बन्धमा विस्तृत कार्यक्रम सरकारका तर्फबाट छिट्टै अगाडि सारिनेछ । एकद्वार प्रणालीबाट कर तिर्ने व्यवस्था मिलाउन पनि हामी प्रयास गर्नेछौं । भूमिसँग जोडिएका विभिन्न समस्याहरू समाधानका लागि भूमि सम्बन्धी काम गर्ने अधिकार सम्पन्न संयन्त्र बना संयन्त्र बनाई कार्यन्वय गर्ने कुरा बजेटमा उल्लेख गरिसकेका छौं । नीति कार्यक्रम अनुसार हामीले बजेटमा त्यो कुरा बोलिसकेका छौं । त्यस्तो संयन्त्र गठन र समस्या समाधानका निम्ति हामी अगाडि बढ्ने छौं । बाढी पहिरो आगजनी पि बाढी पहिरो आगजनी पीडितहरूको पुनर्स्थापनाका लागि घर निर्माण गर्न ३ लाखसम्म उपलब्ध गराउने कुरा बजेटमा नै उल्लेख गरिसकिएको छ । केही बजेट हामीले उपलब्ध गराउदै आएका पनि छौं र प्रकोप पिडितहरूको उद्धार, राहत र पुनर्स्थापनाका लागि कार्यक्रम र आवश्यक बजेटको व्यवस्था पनि गरिएको छ । त्यसरी नै प्रकोप दुर्घटनाबाट मृत्यु हुने व्यक्तिको परिवारले १ लाख रुपैयाँ पाउने र घर क्षति हुने परिवारले ५ लाखसम्म प्राप्त गर्ने गरी अह व्यक्तिको सामुहिक दुर्घटना बीमा र घर बीमा गर्ने कार्यक्रम पनि अघि सारिएको कुरा फेरि एक पटक चाहिँ स्मरण गराउन चाहन्छु । बजेट वक्तव्यमा कुनै विभिन्न सन्दर्भहरूमा विभिन्न जिल्लाहरूको नाम आएको हुन सक्छ । त्यसलाई पनि शंकाको दृष्टिले हेर्नु पर्दैन । त्यो विषय र सन्दर्भले कहाँनिर चाहिँ नामहरू आउने हो तर बजेट विनियोजनसहितको कार्यक्रम आउँदा योजना, कार्यक्रम र बजेटमा सन्तुलन मिलाउने कुरा फेरि पनि म दोऱ्याउन चाहन्छु । गरिबी न्यूनीकरण रोजगारी र आयमूलक कार्यक्रमहरू मुख्यमन्त्री रोजगारका कार्यक्रम अन्तर्गत संचालन हुने छन् । मुख्यमन्त्री कार्यालय अन्तर्गत ५ वटा बजेट देखिएको भए पनि सबै मन्त्रालयको गरी कम्तिमा ५० करोड बजेट यो रोजगारमूलक कार्यक्रममा विनियोजन गरिएको छ । महिला, दलित, युवा, द्वन्द्व पिडित, अपाङ्गता भएका लगायत वर्ग समुदायलाई यस कार्यक्रममा समेटिएको छ । सामाजिक सुरक्षा र मानवीय विकासलाई पनि प्राथमिकता दिएर हाम्रो क्षमताअनुसार बजेट विनियोजन गरिएको कुरा माननीयज्यूहरूसँग अनुरोध गर्न चाहन्छु । कर्णाली प्रदेशमा रहेको करिब २४ प्रतिशत दलित समुदायका मुद्दाहरूलाई सम्बोधन गर्ने प्रयास बजेटले गरेको छ । छुवाछुत मुक्त प्रदेश घोषणा सर्वप्रथम अरु प्रदेशले यो घोषणा गरेका छैनन् । हामीले चाहिँ छुवाछुत मुक्त प्रदेश घोषणा गर्ने कमसेकम चाहिँ प्रतिवद्धता जाहेर गरेका छौं । छुवाछुत मुक्त प्रदेश घोषणा लगायत विविध विभिन्न किसिमले विभेदमा परेको अह दलित समुदायका विभेद र छुवाछुत अन्त गर्न र दलित

समुदायको रोजगारी सशक्तीकरणका लागि बजेट विनियोजन गरिएको छ । मुख्यमन्त्री दलित तथा महिला रोजगार कार्यक्रमले पनि अह उहाँहरूलाई सम्बोधन गरेको छ । दलित विद्यार्थीको विशेष सुविधालाई ध्यानमा राखेर उच्च शिक्षामा दलित विद्यार्थीको पहुँच बढाउन र टि अह विद्यार्थीहरूलाई टिकाउनको लागि जरुरी देखिएकोले सुर्खेतमा दलित छात्रबास निर्माण गर्ने कुरा अत्यन्त महत्वपूर्ण कुरा हो । अह त्यसका निम्ति बजेट व्यवस्था गरिएको कुरालाई अन्यथा रूपमा नलिन पनि म अनुरोध गर्न चाहन्छु । गरिबी अन्ती अन्त्य गर्न योजना कार्यक्रम बनाउँदा विभिन्न सूचकहरूलाई खासगरी गरिबीको सूचक समेतलाई आधार बनाउनु पर्छ भन्ने सुझाव अत्यन्त सही छ, त्यसमा सरकारको ध्यान गएको छ । प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकका सम्बन्धमा हामीले नीति कार्यक्रममा बोलेका छौं । अब कतिपय जिल्लामा जस्तो हुम्लामा अहिलेसम्म पनि सडक पुगेको छैन, त्यहाँ चाहिँ संघीय सरकारको तर्फबाट काम भैरहेको छ । डोल्पामा चाहिँ सडक पुग्यो पुलहरू बनेको छैन । हामी संघीय सरकारसँग समन्वय गरिरहेका पनि छौं । संघीय सरकारको अन्तर्गत पर्ने राष्ट्रिय राजमार्गको पुलहरूको राष्ट्रिय राजमार्ग, जहाँ चाहिँ संघीय सरकारको क्षेत्र पर्छ । त्यहाँ हामीले डुब्लिकेशन गर्न सकिदैन तर पुलहरूका सम्बन्धमा के गर्न सकिन्छ संघीय सरकारले नपारेका ठाउँमा हामीले गर्न सक्छौं कि त्यसका निम्ति हामी समन्वय गरेर काम गर्ने छौं । अह जहाँ चाहिँ राष्ट्रिय राजमार्गमा सडकहरू परेका छैनन्, जिल्ला सदरमुकाम जोड्नु पर्नेछ त्यस्ता ठाउँका निम्ति केही बजेट छुट्टाइएको कुरालाई पनि अन्यथामा रूपमा नलिन म अनुरोध गर्न चाहन्छु । आवासीय विद्यालय जो चाहिँ साविक कर्णाली अञ्चलका जिल्लाहरूमा मात्रै आयो, अरु जिल्लामा यो चाहिँ विस्तार हुनुपर्छ भन्ने माननीयज्यूहरूको सुझाव चाहिँ अत्यन्त अह जाहेज छ । जाजरकोट लगायतका आवश्यक अन्य जिल्लाहरूमा पनि अह आवासीय विद्यालयको कार्यक्रमलाई अह हामीले विस्तार गर्ने छौं । सुर्खेत वीरेन्द्रनगरमा विद्यार्थीको चापलाई ध्यानमा राखेर नमुना विद्यालयहरूको संख्या बढी नै अह यहाँ चाहिँ राखिएको छ यो कुरा पनि म जानकारी गराउन चाहन्छु । वृक्षारोपण अभियान व्यापक बनाउन र वृक्षारोपण मार्फत् जनप्रतिनिधिको समाज र वातावरणप्रतिको सामाजिक दायित्व बढाउने उद्देश्यले एक भोट एक बोट कार्यक्रम ल्याइएको हो । यसमा पनि माननीयज्यूहरूले यसलाई सकारात्मक रूपमा लिनुहुने छ । यो राष्ट्रिय रूपमै वृक्षारोपण अभियान अह भोलि मा सम्माननीय प्रधानमन्त्रीज्यूले उद्घाटन गर्दै हुनुहुन्छ । त्यही राष्ट्रिय अभियानसँग हाम्रो कर्णाली प्रदेशको चाहिँ वृक्षारोपण अभियानलाई हामीले जोडेर अगाडि बढाउनेछौं । ३ सय शैयाको प्रदेश अस्पताल घोषणा भैसकेको छ । अस्पतालको भौतिक पूर्वाधार र उपकरणको लागि यसै आर्थिक वर्षसम्म ४० करोडको टेण्डर भई काम अघि बढिसकेको बढिरहेको छ भने आगामी आर्थिक वर्षको लागि पूर्वाधार र उपकरणमा गरी अह २० करोड तथा यस बाहेक करिब १० करोड संचालन खर्च प्रदेश सरकारको तर्फबाट व्यवस्था भएको छ । प्रदेश अस्पताललाई हामीले प्राथमिकतामै राखेका छौं । आवश्यक पर्दाखेरि अस्पतालका लागि आव म अह थप बजेट पनि हामी व्यवस्था गर्ने प्रतिबद्धता पनि म जाहेर गर्न चाहन्छु । कर्णालीलाई अर्गानिक प्रदेश बनाउने अभियान रोकिएको छैन, यो निरन्तर जारी छ । विषादी नियन्त्रणका लागि प्रयोगशाला निर्माण गर्ने, रैथाने उत्पादनलाई प्रोत्साहन गर्ने, प्राङ्गारिक मल कारखाना र जैविक विषादी कारखाना स्थापना गर्ने लगायतका कार्यक्रमहरू यस बजेटमा पनि हामीले उल्लेख गरेका छौं । यी धेरै कुराले अर्गानिक कर्णाली प्रदेश निर्माणमा अह सम्बोधन गर्ने छ । बजेटलाई गरिब र पछाडि पारिएका समुदाय केन्द्रित गर्ने प्रयास हरतरहले गरिएको छ । खाना, नाना र छानाको नारा अन्तर्गत रोजगारी सिर्जना हुने, सुरक्षित आवास कार्यक्रम अन्तर्गत खरका छाना विस्तापित गरी टिनका छाना स्थापित गर्ने लगायतका कार्यक्रम गरिब केन्द्रित कार्यक्रम हुन् भन्ने कुरा म फेरि पनि प्रष्ट पार्न चाहन्छु । कर्णाली प्रदेशमा प्रशस्त पर्यटकीय अह स्थलहरू रहेका छन् । सबै पर्यटकीय स्थलहरूको नाम बजेटमा अटाउन

सम्भव थिएन । केही आउनै पर्ने उल्लेख गर्नैपर्ने नामहरू पनि छुटेका छन्, त्यो कुरा पनि म महशुस हामीले गरेका छौं । प्रदेश सरकारले बजेटमा उल्लेख भएका र उल्लेख नभएका १०१ पर्यटन गन्तव्य पहिचान गरेको छ र कार्यक्रम र बजेट विनियोजन गर्दाखेरि १०१ लगायतका चाहिँ पर्यटन गन्तव्यहरूलाई सन्तुलित तरिकाले विकास गर्ने कुरामा ध्यान दिने कुरामा प्रस्ट पार्न चाहन्छु । कर्णाली राजमार्ग जसलाई मृत्यु मार्ग भन्ने गरिन्छ, त्यसलाई चाहि जीवन मार्ग बनाउनका निम्ति र अन्य राजमार्गहरूको सुरक्षाको निम्ति सडक सुशासन लगायतका कार्यक्रमहरू बजेटमा प्रष्ट रूपमा हामीले व्यवस्था गरेका छौं । आगामी आर्थिक वर्ष प्रदेश सरकारको योजना कार्यक्रम बजेट कार्यान्वयनका लागि संगठन संरचना अर्थात ओएनएम पारित भैसकेको छ । अब विकास निर्माण र जनसरोकारका सबै मन्त्रालयका कार्यालय सबै जिल्लामा रहने व्यवस्था गरिएको छ । अब हुम्लाबाट सेवा लिन सुर्खेत आउन पर्ने अथवा मुगुबाट खानेपानीको निम्ति जुम्ला पुग्नु पर्ने या डोल्पाबाट रुकुम जानु पर्ने अवस्था हुँदैन । प्रत्येक जिल्लामा विकास निर्माणसँग सम्बन्धित मन्त्रालयका कार्यालयहरू रहन्छन् । सम्बन्धित जिल्लाबाटै सेवा सुबिधा र विकास निर्माणका काम अगाडि बढ्छन् । यो कुरा पनि म प्रष्ट रूपमा यहाँहरूसँग राख्न चाहन्छु । ऐन कानून अनुसार योजना कार्यान्वयन आवश्यकता र बजेटको सिलिङको आधारमा ठेक्का टेण्डर वा उपभोक्ता समितिमार्फत् गर्ने कुरा हामीले गर्नेछौं, त्यसमा चाहिँ अब यसमा हार्ड एण्ड फास्ट केही छैन । एक करोडभन्दा माथिका चाहिँ योजनाहरू अनिवार्य रूपमा टेण्डरमा जानै पर्छ, त्योभन्दा तलका हकमा चाहिँ के गर्दा बजेट बढीभन्दा बढी सदुपयोग हुन सक्छ, दुरूपयोग रोक्न सकिन्छ, काम छिटोछरितो हुन सक्छ तपाई हामी छलफल गरौं र त्यही विधि अपनाऔं भन्ने कुरा म विशेष रूपमा अनुरोध गर्न चाहन्छु । आफ्नो क्षेत्राधिकार अनुसार सरकारका काम र योजना अनुगमनको अह जिम्मा संसदीय समितिको छँदैछ । यसमा हामीले छलफल गर्न पर्दैन । संसदीय समितिहरूले सरकारका कामहरूका सम्बन्धमा योजनाहरूका सम्बन्धमा अनुगमन गर्न सक्छन् । अह यो नियमावलीले पनि प्रष्ट रूपमा त्यो व्यवस्था गरेको छ तर प्रदेश सरकार तर प्रदेशको सरकारी संयन्त्र जिल्ला समन्वय समिति तथा स्थानीय तहबाट पनि योजना कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्थाको निम्ति बजेटमा बोलिएको हो, यो कुरा म चाहिँ प्रष्ट पार्न चाहन्छु । आगामी आर्थिक वर्षमा योजना कार्यक्रम र बजेट विनियोजन गर्दा क्षेत्रगत सन्तुलन र आवश्यकतालाई आधार बनाइने कुरालाई फेरि पनि माननीयज्यूहरूको बीचमा, बीचमा विश्वास दिलाउन चाहन्छु । शिक्षा क्षेत्रमा बजेट कम भयो भन्ने कुरा पनि माननीयज्यूहरूले ध्यानाकर्षण गराउनु भको छ । मावि सम्मको शिक्षा स्थानीय तहको क्षेत्राधिकारभित्र पर्छ । हामीले स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विद्यालयलाई केही सहयोग गर्ने, सपोर्ट गर्ने र उच्च शिक्षामा चाहिँ हामीले लगानी गर्ने र त्यसमध्ये पनि विशेष रूपमा प्राविधिक शिक्षालाई हामीले केन्द्र विन्दु बनाएर बजेट विनियोजन गरेका छौं । बजेटको आकार ठूलो भयो भन्ने कुरा पनि आएको छ अब यो त जति छ त्यति आकार आउने त हो नि । हाम्रो यस पटक चाहिँ स्वाभाविक रूपमा आकार ठूलो भएको हो त्यो भनेको चालु आर्थिक वर्षको बजेट कम खर्च भएको कारणले तपाईहरूले जसरी यहाँ चाहिँ बताउनु भको छ कि आगामी आर्थिक वर्षको बजेटको आकार घट्नेछ त्यो कुरा निश्चित छ । हामीले करिब करिब ८ ८ अरबभन्दा बढी चालु आर्थिक वर्षको बचत हुने चाहिँ अनुमान गरेका छौं । त्यो बजेट त हामीले आगामी आर्थिक वर्षको निम्ति थप सिलिङ भयो । त्यस आधारमा यो बजेटको आकार ठूलो भएको हो । यसमा हामीले यथार्थपरक बजेट चाहिँ प्रस्तुत गरेका छौं । हामीले ७५ करोड खासगरी चाहिँ यो लगानीका निम्ति कुनै हाइड्रोमा वा त्यो चाहिँ यअरलाइन्समा यस्ता लगानीका क्षेत्रमा आवश्यकता पऱ्यो भने संघीय सरकारसँग आन्तरिक ऋण लिनका निम्ति ७५ करोड हामीले अनुमान गरेका छौं । त्यसबाहेक सम्पूर्ण बजेटको चाहिँ स्वरूप भनेको यथार्थपरक हो, वास्तविक हो जति हामीसँग श्रोत छ, त्यो श्रोतको हामीले विनियोजन गरेका छौं । एउटा प्रसंग ल्याउनु

भको छ, अलि एउटा सेन्टीमेन्टल एउटा सेन्सेटिभ खालको चाहिँ सन्दर्भ, दिनेश न्यौपाने र सन्तोष रानालाई चाहिँ सम्मान गर्ने तर दिनेश न्यौपानेको नाममा मात्रै प्रतिष्ठान, यो प्रतिष्ठान गठन भइसकेको कुरा हो, अब गठन गर्ने साथीहरूले गठन गर्ने व्यक्तिहरूले दुवै जनाको नाममा यो प्रतिष्ठान गठन गर्नुभको भए राम्रो हुन्थ्यो । सरकारको तर्फबाट यात्रुहरूको कर्णालीबासी व्यक्तिहरूको चाहि ज्यान जोगाउने आफू चाहिँ मरेर भएपनि आफ्नो ज्यान जोखिममा राखेर भएपनि जनताको, यात्रुहरूको ज्यान जोगाउने व्यक्तिहरूलाई हामीले बजेटमै सम्मान गरेका छौं । हामीले केही राहात केही सहयोग पनि परिवारहरूलाई उपलब्ध गराउनेछौं र दिनेश न्यौपानेको नाममा चाहिँ स्थापना भएको र भोलि चाहिँ त्यसलाई चाहिँ दिनेश न्यौपाने र सन्तोष रानाकै नाममा पनि पुनर्विचार गर्न सकिएला । हामीले त्यो प्रतिष्ठानबाटै केही रचनात्मक कामहरूको निम्ति बजेट दिने कुरा हामीले सम्बोधन गरेका हौं । यो कुरा पनि म प्रष्ट पार्न चाहन्छु तर एउटा अलि गम्भीर कोइशन पनि उठेको छ, यो बजेट कसले बनायो ? यो त विश्वसनियता माथि नै प्रश्न भयो । बजेट सरकारले बनाउँछ यो भनिरहन पर्छ जस्तो मलाई लाग्दैन । बजेट वक्तव्य अर्थ मन्त्रीले लेख्छ, यो पनि बताइरहनु पर्छ जस्तो लाग्दैन । मुख्यमन्त्रीको यसमा प्रमुख भूमिका हुन्छ, मन्त्रीहरूको चाहिँ सक्रिय भूमिका हुन्छ । योजना आयोग यसमा चाहिँ सक्रिय रूपमा लाग्छ । कसले बनाउँछ बजेट ? यो प्रश्न गर्नुपर्छ जस्तो मलाई लाग्दैन । कुनै आइएनजिओले हाम्रो बजेट लेखिदियो कि कुनै एनजियोले कुनै दातृनिकायले पो बजेट बनायो कि भन्ने शंकामा कहिँकतै त्यसको तुक छैन भन्ने कुरा पनि म प्रष्ट पार्न चाहन्छु । हामीले बनाएका छौं बजेट, सकेसम्म राम्रो गर्ने कोशिस गरेका छौं, गर्दागर्दै कमजोरी पनि भएका होलान्, यहाँहरूले औंल्याउनुभको छ, त्यसतर्फ ध्यान पनि गएको छ । तपाईहरूले नै भन्नु भको छ पहिलोभन्दा दोश्रो बजेट राम्रो भयो । दोश्रोभन्दा तेश्रो राम्रो भयो । अब आउने बजेट योभन्दा चाहिँ समृद्ध बन्ला बादे बादे जायते तत्वबोध भने जस्तै बहस, छलफल गर्दै जाँदाखेरि नै ठीक निश्कर्षमा पुग्न सकिन्छ तर यो बजेट अरु कसैले बनाएको, अरु कसैले लेखेको होइन । शतप्रतिशत म यो कुरा तपाईलाई विश्वास दिलाउन चाहन्छु । हामीले माननीयज्यूहरूका सुझाव लिएका छौं, सम्माननीय सभामुखजीको चाहिँ सुझाव लिएका छौं, उपसभामुखजीको सुवा सुझाव लिएका छौं, हामीले विज्ञ विशेषज्ञ र सरोकारवालाहरूसँग घनिभूत रूपमा छलफल गरेका छौं तर बजेट हामीले बनाएका छौं । त्यो डब्लूएफपीले बनायो कि, अरु आइएनजिओले बनायो कि, एउटा कुरा त के हो भने डब्लूएफपी विश्वखाद्य संगठन आइयानजिओ होइन भन्ने कुरा पनि जानकारी राख्न अनुरोध गर्दछु । यो चाहि संयुक्त राष्ट्रसंघीय संगठन हो संयुक्त राष्ट्र संघ अन्तर्गतको एउटा संगठन हो र संयुक्त राष्ट्रसंघ होस् या अन्य कुनै संस्था होस्, यो बजेटमा कसैको पनि भूमिका छैन । सुझाव हामीले सबैका लिएका छौं र बजेट प्रदेश सरकारले निर्माण गरेको कुरा पनि म अलि गम्भीरताका साथ अनुरोध गर्न चाहन्छु र अब नीति कार्यक्रम र बजेटको कोण मिलेन कि भन्ने कुरामा त नीति कार्यक्रम र बजेटलाई यहाँहरूले संगै राखेर अध्ययन गर्दा पनि प्रष्ट हुन्छ । हामीले नीति कार्यक्रमसँग मिल्ने गरी, नीति कार्यक्रमका बुँदालाई सम्बोधन गर्ने गरी कहिँकतै चाहिँ बेमेल नहुने गरी हामीले बजेट ल्याउने प्रयास गरेका छौं । नीति कार्यक्रमको मार्गदर्शनमा बजेट बनेको कुरा पनि म विश्वास दिलाउन चाहन्छु । यो यहाँहरूले अध्ययन गरेर पनि अनुभूति गरिसक्नुभको छ । अब अन्तिममा म दुई वटा कुरा मात्रै अनुरोध गर्न चाहन्छु । माननीयज्यूहरूले बजेट राम्रो आयो, नारा राम्रो आए, विषयहरू पनि महत्वपूर्ण उठे, राम्रा छन् तर यसको कार्यान्वयनमा सबैको ध्यान केन्द्रित भको छ । राम्रो बजेट आयो तर कार्यान्वयन हुन्छ कि हुँदैन ? कार्यान्वयनका निम्ति कति विश्वास छ ? यो विषय बहुत गम्भीर विषय हो । अत्यन्त महत्वपूर्ण विषय हो । हामीले यो एक वर्षभन्दा बढीको समयको अनुभवमा पनि तितो अनुभव कार्यान्वयनमा गरेका छौं । बजेट विनियोजनमा केही कमजोरी भए होलान् तर कार्यान्वयनमा पनि चाहिँ हामीले जुन प्रगति गर्नु पर्थ्यो त्यो प्रगति गर्न नसक्दा आगामी आर्थिक

वर्षको बजेट कार्यान्वयनमा पनि आशंका हुनु स्वाभाविक हो । म अनुरोध गर्न चाहन्छु हामीले यो चालु आर्थिक वर्षमा केही पूर्वाधारहरू बजेट कार्यान्वयनका आधारहरू निर्माण गरेका छौं । हामीसँग यो वर्षको बजेट कार्यान्वयन गर्नका निम्ति कानूनहरू पर्याप्त थिएनन् । कानून थिएन हामीसँग, कार्यविधि थिएन, हामीसँग संरचना थिएनन्, कर्मचारी थिएनन्, यो फेरि पटकपटक गीत गाउने विषय होला भन्ने लाग यहाँहरूलाई लाग्न सक्छ । यो यथार्थता अलिकति म प्रष्ट मात्रै पार्न चाहन्छु र यो कर्मचारी समायोजनले झन् हामीलाई अत्यन्त धेरै अप्ठारोमा पाऱ्यो । त्यसले गर्दा पनि बजेट कार्यान्वयन गर्न सकिएन तर हामीले कमसेकम एउटा बजेट कार्यान्वयनको निम्ति ट्र्याक बनाएका छौं, कानून बनेका छन्, कार्यविधि बनाएका छन्, लोकसेवा आयोग सम्बन्धी हामीले ऐन पास गरेका छौं । अब लोक सेवा आयोग गठनको प्रकृयामा पनि हामी जान्छौं र कर्मचारीको व्यवस्था यो चालु आर्थिक वर्ष जस्तो व्यहोर्नु पर्दैन । यो सबै हिसाबले हेऱ्यो भने आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन यो आर्थिक वर्षभन्दा राम्रोसँग गर्न सकिन्छ । त्यसका निम्ति यहाँहरूको पूर्ण सहयोगको पनि हामी अपेक्षा गर्न चाहन्छौं । यो सरकारले मात्रै, मुख्यमन्त्रीले, मन्त्रीहरूले मात्रै बजेट कार्यान्वयनमा सकृयता देखाएर सम्भव हुने विषय होइन । यो सरकार, संसद, आम जनता, नागरिक समाज यहाँ सबैको चाहिँ पूर्ण सहयोग यहाँ अब राष्ट्रसेवक कर्मचारी त यसका मुख्य चाहिँ हर्ताकर्ता नै भैहाल्नु भो । यो सबैको प्रयत्नले हामीले चाहिँ बजेट कार्यान्वयनमा राम्रो प्रगति गर्नेछौं । अब हामी मन्त्रालय मन्त्रालयको मोटो शीर्षकको चाहिँ बजेट विनियोजन गर्ने छौं । यहाँहरूले सुझाव दिनु हुनेछ, सल्लाह दिनु हुनेछ, छलफल गर्नेछौं र आवश्यकता अनुसार सन्तुलन हुने गरी हामीले बजेट विनियोजन गरौं र भन्ने भनाइ पनि छ, राम्रो योजना बनाउनु आधा कार्यान्वयन, आधा प्रगति हो भन्ने भनिन्छ । त्यसैले अझैं पनि हामी केही दिन छलफल गरेर राम्रो योजना बनाऔं, ठीक ढंगले बजेट विनियोजन गरौं र कार्यान्वयन हुने किसिमले चाहिँ हामीहरूले अगाडि बढौं । कार्यान्वयनमा चाहिँ हामी सफलता प्राप्त गर्ने छौं । म एक पटक फेरि पनि माननीयज्यूहरूले दिएका सम्पूर्ण सुझावहरू अत्यन्त महत्वपूर्ण छन् । हामीले त्यसलाई चाहिँ आत्मसाथ गरेका छौं । सरकारले प्रदेश सभामा बजेटका सिद्धान्त र प्राथमिकता बारेमा भको छलफलमा माननीय सदस्यज्यूहरूले दिएका सुझाव, विषयगत समितिहरूले दिएका सुझाव, अन्य क्षेत्रबाट प्राप्त भएका सुझावहरूलाई मार्ग मार्गदर्शन ठानेर बजेट ल्याएका छौं र फेरि पनि यहाँहरूका यो बजेटको सैद्धान्तिक पक्षमा सामान्य छलफलमा भाग लिएर जुन बहुमूल्य सुझावहरू यहाँहरूले दिनुभको छ । ती सुझावहरूलाई चाहिँ हामीले काम गर्ने क्रममा मार्गदर्शनको रूपमा चाहिँ अपनाउने ती सुझावहरूलाई चाहिँ कार्यान्वयनमा लिने र सम्मान गर्ने विश्वास दिलाउँदै म एक पटक फेरि पनि माननीय सभामुखज्यूमार्फत् माननीय सभामुखज्यू समेत उपसभामुखज्यू, प्रमुख प्रतिपक्ष दलका नेता, सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई म प्रदेश सरकारको तर्फबाट हृदयदेखि नै हार्दिक हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दै आफ्नो यो चाहिँ भनाइ यही टुङ्ग्याउँछु । धन्यवाद । नमस्कार ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को राजश्व, राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको छ । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ को दोश्रो संशोधनका लागि समिति गठन गर्न र सो समितिमा रहनुहुने माननीय सदस्यहरूको नामसहितको प्रस्ताव सभा समक्ष राख्न माननीय श्री गुलाब जंग शाहलाई अनुमति दिन्छु ।

**माननीय श्री गुलाब जंग शाहः**माननीय सभामुखज्यू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को समयानुकूल संशोधन गर्न आवश्यक देखिएकोले उक्त नियमावलीको नियम २ बमोजिम २०७६ असाढ १३ गते बसेको कार्य व्यवस्था परामर्श समितिको बैठकमा माननीय सभामुखज्यूलाई सो बारे अवगत गराएको

व्यहोरा स्मरण गर्न चाहन्छु । माननीय सभामुखज्यू, यसै क्रममा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम २१९ को उपनियम ३ बमोजिम उक्त नियमावलीको दोस्रो संशोधनको लागि देहाय बमोजिमका माननीय सदस्यहरू रहने गरी समिति गठन गर्न सभा समक्ष प्रस्ताव गर्दछु । १. माननीय श्री दीनबन्धु श्रेष्ठ २. माननीय श्री देवी ओली ३. माननीय श्री धर्मराज रेग्मी । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ को दोश्रो संशोधनको लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ को उपनियम ३ बमोजिम माननीय श्री गुलाबजंग शाहले सभा समक्ष राख्नुभएको उक्त प्रस्ताव अनुमोदनका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ः 'हुन्छ' ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ः —

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को दोश्रो संशोधनको लागि समिति गठन गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७६ साल आषाढ २० गते शुक्रबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१४

(२०७६ साल असार २० गते शुक्रबार)

राष्ट्रिय धुन,

माननीय सभामुखः- माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको चौधौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयहरूमा यथास्थानबाट आ-आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही । माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुख महोदय, विषय सारो गारो भन्न पनि अप्ठ्यारो नभनौं भने पनि कसरी नभन्नु, भनौं भने पनि ठूल-ठूलै आवाज निस्किहाल्छ, सभामुख महोदय । र आज मैले भन्न पनि चाहेको प्रतिपक्ष दल जहिले पनि नियम कानूनलाई मि लाई फलो गरेर नै अगाडि बढ्छ भन्न चाहान्छु, सभामुख महोदय । अस्ति कुनै दिन प्रतिपक्षले चाहिँ जहिले पनि झनझट गराउने मुख्यमन्त्री नआए भने पनि रोष्टम चाहिँ केरे सदन अवरुद्ध गर्ने भन्ने पनि आवाज नआएका होइनन् सभामुख महोदय । अब कुरो के थियो भने बजेटमा उपस्थित हुनैपर्छ महत्वपूर्ण कुरामा हुनैपर्छ । अब आज महत्वपूर्ण कुरा होइन, जनताको लागि महत्वपूर्ण कुरा हुनन्, त्यसैले हामीले चाहिँ फलानो म बोल्दाखेरि फलानो भएन भन्ने कुरो गरिएन नि । त्यसैले पनि यी कुराहरूको लागि पनि म आग्रह गर्न चाहन्छु । कहिले कहिले यहाँ एउटा हिजोअस्ति चाहिँ एउटा भयानक किसिमको आतंक चलेको थियो कि चौध जनाको हस्ताक्षर आतंक चलेको थियो । त्यो आतंक न यहाँका पत्रकारले थाहा पाए, न यहाँका हामी सांसदले थाहा पायौं, न यो प्रदेशले थाहा पायो । आतंक भित्रभित्र यसरी उम्लिएको थियो कि त्यो चौध जना आतंक कता पुग्यो, त्यो पनि थाहा भएन अनि मैले यसो सोचे हाम्रा पत्रकार साथीहरूलाई पनि देखेपछि उहाँहरू चाहिँ एकदम खोज पत्रकारिता गर्नुहुन्छ भने निम्ता गरेर यसो गऱ्याछौं भने पछि मात्र थाहा हुँदो रैछ । त्यो पनि एउटा कुरो हामी यो पत्रकारिता जमानामा पनि कति छौं भन्ने कुरा थाहा भयो । अर्को मैले देखें अब यो चाहिँ २१ करोड रुपैयाँ त सुर्खेतको विकासको लागि चाहिँ अहिले त छुट्टाएकै छ, सरकारले । केही नभए पनि यो अगाडि बढ्ला, यसो हेर्दै सोच्दै बुझ्दै गएको त यी त त्यही पोहर सालका २१ वटा सडकमा पो हालेको रैछ त के । त्य त्यसैको निरन्तरता रैछ, के-के न भयो भन्ठानें । त्यो पनि एउटा खालको त्यो अवस्थाले गयो देखियो । अब कहिले कहिले भनिन्छ अब यो अलि कति भएन, वास्तवमा कुरा सही हो यहाँ साँढेका कुरा पनि नगर, बोकाका कुरा पनि नगर भन्ने कुरा पनि आउँछन् । ती पनि स्वभाविकै हो अब ती वितरण नै नगरेको भए त कुरै आउने थिएन । वितरण गर्ने कार्यक्रम आउने भो अनि ती बाहिरबाट ल्याएका अब त्यो गुजारातको त्यो त्यो साँढे हुम्लाको टुप्पोमा पुऱ्याउँदाखेरि त त्यसको के काम छ ? अब त्यो पनि बोल्नै पर्ने । त्यस्ता त्यस्ता पनि आउछन् त्यसैले अब, अब चाहिँ के गर्न पर्ने भो भने यी कार्यक्रमहरू पनि बन्द गर्नु पर्ने चाहिँ देखेको छु । अर्को कुराहरू चाहिँ के छन् भने कहिले कहिले बोल्ने क्रममा मर्यादाक्रमका शब्दहरूका शब्दावलीहरूका कुरा पनि आउँछन् । अब यस्तो गारो रैछ हाम्रो देशमा । देश सानो छ अब क कसैका शब्द, कसैका गाली । कसैका शब्द कसैका के हुँदो रैछ के त्यो । त्यसैले यी शब्द चाहिँ कुनै बेलामा चाहिँ स्त्रीलिङ्ग, पुलिङ्ग भन्ने कुरा हामी पढ्थ्यौं हैन अनि हाम्रो भोटतिर गयो भने जे भनेर पढ्नै नहुने । छोरी जति सब भागेर हिँड्थे, अब भाषा त्यस्तो हुन्छ । त्यसैले त्यसमा पनि अन्यथा नमानिदिनको लागि पनि म चाहिँ अनुरोध गर्न चाहन्छु । अब चाहिँ लिवरलाइजेसन वर्ल्डमा चाहिँ शब्दहरू

पनि लिवरल भैसके के कुनै कुरामा हामीले ऊ गर्नुपर्ने कुराहरू चाहिँ छैनन् जस्तो लाग्छ, मलाई । ती कुरामा अर्को एउटा मैले अचम्म नबुझेको कुरा चाहिँ राष्ट्रिय योजना आयोगको, राष्ट्रिय योजना आयोग भन्छु यो कर्णाली योजना आयोग । त्यसको काम के हो ? मैले चाहिँ बुझ्न सकिन माथिको योजना आयोगले त त्यसले तलबाट बटम अफ एप्रोजबाट आएका १४ स्टेपका योजनाहरूलाई लगेर राख्ने त्यसपछि ती योजनाहरूलाई भेरिफाइ गर्ने अनि त्यसपछि चाहिँ प्रत्येक मन्त्रालयलाई सिलिङ्ग तोक्ने यति तपाईहरूको सिलिङ्ग हुन्छ भन्ने कुनै कार्यक्रम चेन्ज गर्नु पर्‍यो भने त्यहाँ जानुपर्ने । त्यस्तो देख्याथें तर हाम्रो यो अर्कै हो कि के हो कि ? योजना आयोग भन्या छ । अब यो प्लानिङ्ग कमिसन भनेर तै कमिसन मात्र हुने हो कि भन्ठानेको, प्लालिङ्ग हटाएपछि कमिसन मात्रै के । उही ३/४ जनाले आफ्ना आफ्ना, कमिसन भनेको आफ्ना आफ्ना भनेको ठाउँमा राख्ने हो कि, त्यो खालले जाने हो कि । त्यलाई पनि हामीले सोच्नु पर्छ भन्ने जस्तो मलाई लागेको छ । र अर्को यो बजेटको प्राक्टिस गर्दाखेरि हामी कतै उल्टोतिर गयौं भन्ने चाहिँ लाग्यो । वास्तवमा बटम अफ एप्रोजमा विकास हुन्छ । पहिला हाम्रो चाहिँ केन्द्रको बजेट आउने भो, त्यही बजेट हेरेर हामीले गर्ने भयौं । हाम्रो बजेट हेरेर स्थानीयले गर्ने भयो । वास्तवमा हुनुपर्ने के थियो भने स्थानीयको बजेटलाई हेरेर हामीले बनाउनु पर्ने । तिमीले यो यो गरी हाम्रा यी यी आवश्यकता हुन् भनी हामीले बनाउने, हामीले बनाएका कुरामा केन्द्रले चाहिँ यिनको आवश्यकता यो रहिछ भन्ने कुरा म आज सभामुख महोदय, म यलाई रेकर्ड गराउन चाहेको हो । यी कुराले गर्दाखेरि होइन भने यही परम्परामा गयो भने हामी त के रहिछम भने न बानेको, न तानेको, यो बीचका जस्ता । त्यो एउटा खेलौना झुण्डया हुन्छ नि प्रदेश, प्रदेश, प्रदेश सरकार त त्यस्तो हुने भो । न हाम्रो टेक्ने ठाउँ पनि छैन, समाउने ओगटो पनि छैन । यो खालले चाहिँ यलाई पनि सरकारले चाहिँ संसदले यी कुरामा पनि बहस गरोस् भन्ने चाहन्छु सभामुख महोदय । अब प्लानिङ्गका कुरा त्यही हो, प्लानिङ्गका कुरा केही देखिएन । अब यहाँ सुन्नमा आउँछ पलाङ्गिका मान्छे एउटाले फलानो तिमीले मलाई योजना दिनु त्यसरी भन्ने प्लानिङ्ग चाहिँ होइन । बस्ती—बस्तीबाट ल्याएका अनि त्यसैलाई राखेर अनि बल्ल यो बैंक हुने कुरो चाहि त्यहाँबाट हो भन्ने मलाई लाग्छ । हामीले जुन योजना बैंकहरू, प्रोजेक्ट बैंकहरूका कुराहरू गरिम् त्यो बेला मैले पनि भनेको यो चाहिँ चल्ती हो कि, बचत हो कि, मुद्दति हो कि भन्ने कुरा पनि मैले कता कता छुवाएको जस्तो मलाई लाग्छ । त्यो ढङ्गले हामी जानु पर्नेमा होइन भने त्यसरी नजाने हो भने त्यसको औचित्य छैन । ३/४ जना मान्छेलाई त्यही रोजगारी दिने ती पैंसा दिनुभन्दा अर्का चाहि उहाँहरूले खाने अरु ५०/६० जनालाई दिन सकिन्छ होला भन्ने मलाई लाग्छ । र आज हेर्छु हाम्रो वास्तवमा चाहिँ अहिले विशेष समय भएतापनि कुरो त बजेटकै कुरा होला किताब पनि आउँदै होलान् सायद । अब ढोका बन्द गर्‍या छ मैले किताब देख्न सक्ने कुरा त भएन तर मन्त्रालयका मान्छेहरूमा पनि चासो छैन, जाँगर छैन । हामीले केन्द्रमा यहाँ केन्द्रमा धेरै काम गरिसक्नुभएका माननीयज्यूहरू पनि हुनुहुन्छ । जब बजेटको छलफल हुन्छ, मन्त्रालयको छलफल हुन्छ, सम्बन्धित मन्त्रालयका मान्छेहरू र शुरुमा त सबै मन्त्रालयका कम्तिमा पनि सचिवस्तरका मान्छेहरू आएका हुन्छन् । त्यसले गर्दाखेरि उहाँहरूले प्लानिङ्ग गर्नको लागि चाहिँ सजिलो भएको हुन्छ । त्यो कुराहरू पनि देखिएको छैन सभामुख महोदय । अब अहिले बर्षा लाग्यो, स्थिति यस्तै छ । कताको हाम्रै फोटो हो कि कतातिरको फोटो हो, धानको खेतमा धान रोपेको छ, एउटा डोजर चाहिँ बीचमा लाएर चाहिँ त्यो असारे खेती त्यै डोजरले पनि गरिरहेको छ । कतै त्यो हाम्रो ठाउँको चाहिँ नपरिदेओस् भन्नेमा मात्रै मेरो चाहाना हो । अब यहाँ आयौं, बिहान बाटोमा आउँदैथें, खाल्डाखुल्डी यति धेरै छन् पानी परेछ, गाडी विस्तारै हिँडाउँदा पनि मान्छेहरूले त्यो छ्यापेर हिन्ने अवस्थामा चाहिँ हामी छौं । हाम्रो यो चाहिँ राजधानी काठमाण्डौं राम्रो हुनुपर्छ । त्यसपछि हाम्रा आफ्ना आफ्ना राजधानी राम्रो हुनुपर्छ भन्ने मैले सधैं भन्ने गरेको छु सभामुख महोदय । यो मेरो वास्तवमा एक

टुक्रा यहाँ जग्गा नभएको मान्छे पनि मै हुँला । घर पनि भाडामा यस्तो छ कि माथि गयो भने बेल्का ढिलो भयो भने लड्यो भने खुट्टै भाँचिने जस्तो ठाउँमा बसेको छु । मलाई मेरो कुनै घर, जग्गा त्यो मोहले मैले भनेको होइन तर यो कर्णालीको राजधानी हो, जुन राजधानी साँच्चै चिटिक्क परेको हुनुपर्छ । यो राजधानी राम्रो बनिनुपर्छ भन्ने कुरा मैले धेरै कुराहरू गरेँ तर सभामुख महोदय, यो सम्मानित संसद नभइकन पिपलचौतारीमा बोलेको आवाज जस्तो भएको छ । आजसम्म कुनै पनि सांसदहरूले बोलेका कुराहरूको जवाफहरू फर्केका छैनन् । यो कुरा चाहिँ के हो भने सदनमा उठ्यो है भनेपछि एकदम तहल्का मच्चिने कुरा हो, जुन आजकाल हामी भन्ने गर्छौं अनलाइन खबरमा आयो, यस्तो आयो भनेर भन्छौं । यहाँ भइसकेपछि आज डेड वर्ष भयो कसैले पनि चासो राखेनन् । र बोल्नु र नबोल्नुको अर्थ के हो भन्ने पनि मैले बुझेको छैन तर पनि आफ्नो डिउटी हो बोल्नै पर्‍यो, बोली नै रहनुपर्नेछ । यी सबै कुराले हामी बदनामित नहोऔं । यो प्रदेश साँच्चै सबैभन्दा चाहिँ ऊर्जाशील होस् भन्ने चाहिँ हामी चाहान्छौं सभामुख महोदय । र आज वा वास्तवमा यी यति कुरा राखिसकेपछि मेरो विशेष कुराहरू चाहिँ अलिकति फरक छ । त्यो मैले लिखित रूपमा नै ल्याएको छु । यो प्राकृतिक श्रोतसाधनले भोलि निम्त्याउने जुन झगडा छ, यसको विषयमा आजैदेखि हामी सचेत रहनुपर्छ भन्ने मलाई लागेको छ सभामुख महोदय । ७ वटा प्रदेश छन्, संसारमा जहाँ जहाँ संघीय प्रणाली फ्रेडालिजम भयो, त्यहाँ झगडा भनेको दुईटा प्रदेशको बीचका झगडा हुन् । हाम्रो पनि केही झगडाका विषयहरू शुरुवात भएका छन् । त्यसकारण सभामुख महोदय, म चाहिँ यो रेकर्ड गराउन चाहन्छु, यो केन्द्रिय सरकारलाई हाम्रो चाहिँ संसदबाट र सम्बन्धित मन्त्रालयहरूले चाहिँ सरकारलाई पठाओस् भन्ने म चाहन्छु, जुन विषय हो हाम्रो यो चाहिँ बबइ-भेरी डाइभर्सनको कुराहरू, यसमा अनविज्ञ भएको छ, सरकारले पनि केही कुरा उठाएको, यहाँका नेताहरूले पनि केही कुराहरू उठाको, तर मैले विस्तारै त्यो केन्द्रीय सरकारले नसुन्ने हो भने भविष्य एकदम जटिल र भविष्यमा धेरै चाहिँ यसले उथलपुथल ल्याउन सक्छ । त्यसकारण चाहिँ यो सम्मानित संसदमार्फत् नै म यी कुराहरू राख्न चाहन्छु सभामुख म महोदय । म त्यलाई चाहिँ पढेर सुनाउन चाहन्छु । भेरी नदीको पानी बबईमा खसालेर ४८ मेघावाट विद्युत उत्पा उत्पादनका साथै प्रदेश ५ का बाँके र बर्दियाको ५१ हजार हेक्टर जमिनमा सिंचाइ सुबिधा पुर्‍या पुर्‍याउने उद्देश्यसहित शुरु गरिएको भेरी—बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङमार्ग निर्माणको काम अन्तिम चरणमा पुगेको छ । त्यो गएर वास्तवमा खुलिसकेको छैन सभामुख महोदय । नेपालमै पहिलो पटक टनेलबोरिङ्ग मेसिन डिपिएमलेबाट १२.२ किलोमिटर सुरुङ निर्माणको काम पनि लगभग पूरा भएको छ । यो आयोजनाको प्रवेशद्वारका साथै निकास पनि भेरीगंगा नगरकाल नगरपालिकामै पर्छ । राष्ट्रिय गौरवको यो आयोजना निर्माण भैरहँदा प्रभावित क्षेत्र र भेरी नदीको पानीको श्रोत क्षेत्रका जनताले भने अहिलेसम्म खासै लाभ पाउन सकिरहेका अवस्था छैन । यी बस्तीहरूको बीचबाट बगेको भेरी नदीको पानी सुरुङ्ग निर्माण गरी करिब ४० किलोमिटरको दुरीमा रहेको बर्दिया र बाँकेको सुख्खा जमिनलाई सिँचाइ सुबिधा उपलब्ध गराई हराभरा गराउने उद्देश्यले अरबौं लगानी गरी भेरी—बबई डाइभर्सन आयोजना निर्माण गरिरहेको अवस्थामा भेरी नदीको वारीपारी रहेका बस्तीका जनताले खासै उल्लेख्य सुबिधा अहिलेसम्म प्राप्त नगर्दा अति अन्याय भैरहेको महशुस भैरहेको छ सभामुख महोदय । त्यसैले सुर्खेतको घोरेटा र सल्यानको बामे गाउँदेखि सुर्खेतको घाटगाउँ र तातापानीसहित प्रभावित क्षेत्र र भेरी नदीको पानीको श्रोत रहेका सुर्खेत, सल्यान, जाजरकोट र डोल्पाका आयोज आयोजनाको प्रभावित क्षेत्र र भेरी नदीको पानीको श्रोत क्षेत्रका जनताका तर्फबाट उल्लेखित बुँदाहरूमा आफ्ना धारणा प्रष्ट पार्दै विगतका सरकारले गरेका बचनबद्धता अनुसार निम्नलिखित मागहरू सम्माननि सम्मानित संसदमार्फत् केन्द्रिय सरकारलाई म प्रस्तुत गर्न चाहन्छु सभामुख महोदय । यसको स्रोत भनेको डोल्पा, सल्यान, जाजरकोट, रुकुम यिनीहरू नै हुन् । यदि हामीले उनीहरूलाई चाहिँ सुबिधा

नदिने हो भने भोलि ती श्रोतहरू सुक्न सक्छन् । ती श्रोतहरू सुकिसकेपछि यो सिँचाइ नहुन सक्छ र त्यसकारणले ती जनताहरूलाई पनि चाहिँ सरकारले, केन्द्रीय सरकारले हेर्नुपर्छ भन्ने मेरो मान्यता हो सभामुख महोदय । भेरीको पानी बबईमा खसालेर प्रदेश ५ का बाँके, बर्दिया जिल्लाको ५१ हजार हेक्टर जमिनमा सिंचाइ पुऱ्याउने लक्ष्य प्रभावित क्षेत आयोजनाको छ तर प्रभावित क्षेत्र र भेरी नदीको पानीको श्रोतका क्षेत्रहरूका उर्बरा भूमिहरू सिंचाइमा अझै सिंचाइको अभावमा अझैं बाँझा छन् । प्रभावित क्षेत्रमा सिंचाइ विद्युतीकरण र सडक निर्माणका लागि विगतको सरकारका पालामा शुरु गरिएको भेरी करिडोर बहुउद्देश्यीय आयोजनालाई पर्याप्त बजेटका साथै स्थानीय तहसँग समन्वय गरेर प्रभावशाली कार्यान्वयनको वातावरण मिलाइयोस् सभामुख महोदय ।

२. आयोजनाबाट ४८ मेघावाट विद्युत उत्पादन गर्ने लक्ष्य छ, यो आयोजनाको प्रवेशद्वार र निकास दुवै भेरीगंगा नगरपालिकाभित्रै पर्छ । अझैं पनि श्रोत क्षेत्रका जनताले विद्युतको उपयोग गर्न पाएका छैनन् । प्रभावित क्षेत्र र भेरी नदीको पानीको श्रोत क्षेत्रका जनताको घरघरमा विद्युत पुऱ्याउनका साथै हरेक घरधुरीलाई निःशुल्क शेयर उपलब्ध गराइयोस् । श्रोत क्षेत्र भन्नाले डोल्पा, रुकुम, जाजरकोट, सल्यान यी सबै पर्छ सभामुख महोदय ।

३. मा प्रभावित क्षेत्र र भेरी नदीको पानीको श्रोत क्षेत्रको जनताको आर्थिक उन्नति विकास निर्माण र रोजगारी कार्य संचालनका लागि परियोजनाको विद्युतबाट प्राप्त हुने आम्दानीको ५० प्रतिशत रकम छुट्ट्याई, छुट्ट्याई जनतालाई दिने ग्यारेन्टी गरियोस् सभामुख महोदय ।

४. भेरीको पानी बबईमा खसाल्नका लागि भेरीको चिप्लेमा १३ मिटर अग्लो बाँध निर्माण हुँदैछ, यसले भेरीगंगा नगरपालिकासँगै गुर्भाकोट र लेकवेशी नगरपालिकाका सयौं हेक्टर उर्बरा जमिन डुबानमा पर्ने अवश्य छ । डुबान प्रभावित क्षेत्र जनतालाई प्रचलित मूल्य अनुसारको मुआव्जाको व्यवस्था तत्काल गरियोस् र यस क्षेत्रका अधिकांश जमिन जनताले उपभोग गरे पनि, गरे पनि अझैं रातो पूर्जा पाउन सकेका छैनन् । ऐलानी जमिन उपभोग गरिरहेका जनतालाई पनि समान रूपमा मुआव्जाको व्यवस्था गरियोस् सभामुख महोदय ।

५. सुरुङ्ग निर्माण सम्पन्न भएसँगै चिप्लेमा बाँध र बबईमा विद्युत गृह निर्माणको काम शुरु हुँदैछ । यी कामहरूमा नगरपालिकासँग सँगको समन्वयमा प्रभावित क्षेत्रका जनतालाई रोजगारी ग्यारेन्टी गरियोस् । आयोजनाका आवश्यक पर्ने प्राविधिक जनशक्तिलाई स्थानीयलाई सीप विकास र तालिमको व्यवस्था गरियोस् सभामुख महोदय ।

६. आयोजनाबाट प्रभावित नगरपालिका भएकाले रिङ्गरोड निर्माण बजार क्षेत्रमा ढल निकासको व्यवस्थापन बसपार्क निर्माण, प्रभावित क्षेत्र सबै विद्यालयहरूमा छात्रवृद्धि कोषको चाहिँ स्थापना, विद्यालय भवन, अस्पताल निर्माण र स्वास्थ्य संस्थाहरूका पूर्वाधार निर्माणमा प्राथमिकता साथ कामहरू अगाडि बढाइयोस् ।

७. नेपालमै पहिलो पटक भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले सुरुङ्ग निर्माणका लागि टिबिएमको प्रयोग गरे, गरेसँगै देशविदेशबाट आयोजना स्थल अवलोकन गर्नेहरूको संख्या दिनानुदिन बढ्दो बढ्दै गएको छ । आयोजना सुरु हुनुभन्दा अघिको अवस्था र आजको आयोजना निर्माण कार्यसम्मको अवस्था र भोलिको प्रभावित क्षेत्रलाई समेट्ने गरेर नगरपालिकामा डिजिटल सूचना केन्द्रको स्थापना गरियोस् सभामुख महोदय ।

आयोजनासँगै जोडिएको छिन्चु कोहलपुर सडक जसलाई हिजो रत्न राजमार्ग भनिन्थ्यो लाई चारलाइनमा विस्तार गरियोस् सभामुख महोदय ।

आयोजना निर्माणसँगै यसबाट हुने सम्भावित जोखिम न्यूनीकरणका लागि नगरपालिकासँग समन्वय र सयोकार्थ कार्य गरेर वृहत विपत व्यवस्थापनको कोषको स्थापना, आयोजनाको तल्लो-तटीय र माथिल्लो-तटीय क्षेत्रमा तटबन्धन भूक्षय न्यूनीकरणका कामहरू सुरु गरियोस् ।

१०. बाँध निर्माण गर्दा चिप्लेदेखि माथिल्लो तटीय क्षेत्रमा पर्यटकीय गतिविधिहरू बढ्ने भएकाले सो क्षेत्रमा पर्यटकीय पार्क, सूचना संग्रहालय निर्माण गरियोस् । आयोजनामा आयोजना प्रभावित र भेरी नदीको पानीको स्रोत क्षेत्रका जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउनका लागि एकघर एक धारा निर्माण कार्यको थालनी गरियोस् । बबईदेखि चिप्लेसम्म सुरुङ्ग निर्माणका कारणले सो क्षेत्रका आसपासमा रहेका खानेपानी तथा सिंचाइका मुहानहरू सुरुङ्ग निर्माणपछि सुकेर यहाँका जनताले खानेपानी र सिंचाइ, सिंचाइमा पाइरहेको सुबिधाबाट बञ्चित हुने अवस्था सिर्जना भएकाले तत्काल सिंचाइ र खानेपानी वैकल्पिक व्यवस्था गरियोस् सभामुख महोदय । प्रभावित र स्रोत क्षेत्रमा पर्ने भेरीगंगा नगरपालिकाको छिन्चुदेखि जाजरकोटसम्मको सडक छिन्चु हुँदै चिङघाट जोड्ने सडक कालो पत्रे र कम्तिमा पनि दुइलेनको बनाइयोस् सभामुख महोदय । भेडाबारी धुलिया धुलियाविट सडक र जहरेदेखि शिवनगर पातिहाल्ना रकम सडक राकम सडक कालोपत्रे गरियोस् र बाटोको त्यसको साइज पनि कम छ, त्यलाई पनि कम्तिमा पनि दुई लेनको बनाइयोस् । भेरीगंगा नगरपालिकाको सावि, साविक मैनतडामा प्रादेशिक रंगशाला निर्माणका लागि नगरपालिकाले यथेष्ट जमिनको व्यवस्था गरेकोले पर्याप्त बजेटको व्यवस्था गरियोस् ।

त्यो मैले सबै कुराहरू केन्द्रीय सरकारलाई चाहिँ भनेको छु, सभामुख महोदय । हाम्रोले बनाउन पनि बनाउनु हुन्न पनि भन्या छैन । अब रंगशालाको कुरा त्यहाँ आइरहेको छ । विगत सरकारको पालामा स्वीकृत गुरुयोजना अनुसार भेरीगंगा उपाध्य उपत्यका नमुनाको आधुनिक शहर निर्माणको कार्य अगाडि बढाइ बढाइयोस् । भेरीगंगा नगरपालिकाको १०, ११, १२ र १३ नम्बर वडामा क्षेत्रीय अन्तर्राष्ट्रिय विम अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम पहिलादेखि सुरुवात गरिएको छ । काम शुरु हुन सकेन अझैं बीचमा रोकिएको छ भन्ने कुरा आको छ । यसलाई पनि अगाडि बढाइयोस् । भेरीगंगा नगरपालिकामा प्रदेश स्तरीय औद्योगिक ग्राम स्थल सायद मैले हाम्रो कृषि मन्त्रीबाट त्यहाँ एउटा उद्यमस्थल के बन्दै छ भन्याजस्तो सनेथैं के कुरा हो, त्यो बन्यो भने त्यो ठाउँ चाहिँ अहिले हामीसँग भोलि त्यो औद्योगिक स्थल बन्यो भने बर्दियासँग बाँकेसँग पनि जोड्नको लागि सव सहज हुने अवस्था भएको हुनाले यी कुराहरू भोलि विवाद आउनुभन्दा पहिला नै केन्द्रिय सरकारलाई यहाँको सांसदको एउटा सदनको एउटा सांसदको हैसियतले मैले यो रेकर्ड गराएको छु । यो चाहि केन्द्रमा गएर यो ठाउँको विकासको लागि चाहिँ यले चाहिँ टेवा पुर्‍याओस् र भविष्यमा त्यहाँ चाहिँ कुनै खालको पनि द्वन्द्व ननिम्तियोस् भन्नको लागि मैले विशेष समय लिएको थिएँ, त्यो समय दिनुभएकोमा सभामुखज्यूलाई हार्दिक धन्यवाद दिंदै मेरो भनाइ यही टुंगाउँछु । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय श्री अम्मरबहादुर थापा । समय ५ मिनेट ।

**माननीय श्री अम्मरबहादुर थापाः** माननीय सभामुख महोदय, दैलेखमा पेट्रोलियम पदार्थको उन अन्वेषण भएको छ र दोस्रो चरणमा त्यो टोलीहरू दैलेखमा आएर अहिले अन्वेषण गरिरहेको छ । यो सूचना कर्णाली प्रदेशभित्रै पर्ने भाको हुनाले यसले प्रदेश सभालाई जानकारीको लागि मैले सूचना जारी गर सू सूचना गरें । अर्को कुरा यो कर्णाली प्रदेश हो, राजधानी हो, राजधानीभित्र यो समयमा बत्ती, बत्तीको

लाइन छ, बत्तीको जाइने त्यो रातो बत्ती बल्छ तर बत्ती बल्दैन । यो सरकारले ध्यान दिएको छ कि छैन ? र केन्द्रीय सरकारसँगको यसको सम्बन्ध हो भने पनि सरकारले आफ्नो राजधानीभित्र यसको व्यवस्थापन गर्नुपर्छ कि पर्दैन ? त्यस कारणले यो जाइने व्यवस्थापन तत्काल गरियोस् भन्ने सरकारको सभामुखमार्फत् सभा सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । र दोस्रो कुरा नेपाल जाइने दोस्रो धनी देश हो रे जलस्रोतको । राजधानीमा बत्ती बल्दैन, दोस्रो धनी देश हो मात्रै भन्ने यहाँ बत्ती न आफ्नै आफ्नै जनतालाई बाहिर बेच्नुपर्ने ठाउँमा आफ्नै जनतालाई पनि बत्ती पुऱ्याउन नसक्ने र यो बजेट छुट्याउने त्यो बजेट तीरै लाइन मात्रै तान्ने र जाइने त्यसलाई थप गर्ने व्यवस्था नगर्ने भयो भने यो कसरी होला यो यस्तो गर्मीमा पिलपिले बत्ती, बत्तीले मान्छेले कसरी बस्न सक्लान् ? पानी तान्न स मोटरले पानी तान्दैन । जमिनबाट पानी तान्दैन, त्यसो भाको हुनाले यो व्यवस्था तत्काल सरकारको ध्यानाकर्षण गराउन सभामुख म मार्फत् तत्काल ध्यानाकर्षण होस् भन्ने कुरा गर्न चाहन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकाया :** सभामुख महोदय, म सभामुख समक्ष हाम्रो जुम्ला जिल्लाको चन्दनाथ नगरपालिका वडा नं. ३ चौखेढुंगामा २०७६ साल बैशाख एक २० गते राति ११ बजेतिर आगलागि भएको छ । ३ तलेघरमा गौरी बुढा भन्नेको उनको नाम मालिकावोताकी हुन् चौखेढुंगा उनको घर छ । तीनतले घरमा राति ११ बजे आगलागि भयो । उनको धनमाल र तीनतले घर पनि नष्ट भयो । उहाँले प्रहरीचौकीमा दिएको निवेदन अनुसार २ लाख ८८ हजार बराबरको धनमाल नष्ट भएको छ । त्यसको लागि म अवगत यो सदनमार्फत् म राख्न चाहन्छु र यो कर्णाली प्रदेशमै धेरै त्यस्ता बिरामी हुनान र मेरै क्षेत्रको सिंजामा ३ जना बिरामी, क्यान्सर बिरामीको फाइल डकुमेन्ट मैले पेश गरेको छु । क्यान्सर बिरामीहरू कसैका खुट्टा काटिएका छन्, कसैका हात काटिएका छन् कि भरतपुर क्यान्सर अस्पतालमा उनीहरू राहत पाएका छैनन् । डकुमेन्टहरू आएका छन् यहाँ । हामीले ०७५/७६ को बजेटमा आकस्मिक कोष भनेर १ करोड छुट्याएका थियौं । १ करोडले पुग्दैन २ करोड छुट्याउनु पर्छ भनेका थियौं हामीले । उनीहरूले राहत पाएका छैनन् । मेरै क्षेत्रको मात्र होइन, कर्णाली प्रदेशका त्यस्ता बिरामीहरू धेरै हुनन्, उनीहरूले छिटोभन्दा छिटो राहत पाउनु पर्छ भन्ने मेरो मान्यता छ र यो सभामुखमार्फत् यो सदनमा राख्न चाहन्छु । धन्यवाद ।।

**माननीय सभामुख :** माननीय श्री सुशीलकुमार थापा ।

**माननीय श्री सुशीलकुमार थापाः** सभामुख महोदय, दैलेख असार १६ गते दैलेखको श्रीस्थान, नाभिस्थान र पादुकामा १५ र १६ गते नेपाल सरकारका उद्योगमन्त्री पूर्व उद्योगमन्त्री कर्णाली प्रदेशका मुख्यमन्त्री त्यस क्षेत्रका लगायत कर्णाली प्रदेशका विभिन्न माननीय सांसदहरू लगायतको उपस्थितिमा दैलेखमा रहेको एलपि ग्यास वा पेट्रोल यसको उत्खनन्का लागि अन्वेषण गर्ने, गर्नका लागि चाइनाको १५ जनाको टोलीसहित त्यहाँ गएर असार १६ गते औपचारिक उद्‌घाटन गरी त्यसको काम अगाडि बढेको छ । यसका लागि कर्णाली प्रदेश सरकारले त्यो क्षेत्रमा त्यहाँका विभिन्न मान्छेहरूका आवश्यकताका आधारमा अहिलेको चहलपहलको आधारमा एउटा सुरक्षा क्याम्पको व्यवस्थाको लागि प्रहरीचौकी स्थापना गरियोस् त्यो क्षेत्रमा र एउटा बैंकको व्यवस्थापन गरेर राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय होस् या प्राइभेट बैंकसँग कोअडिनेट कोअडिनेट गरेर त्यहाँ चाहि एउटा बैंक स्थापना र त्यही श्रीस्थान नाभिस्थानको नजिक एउटा एटिएमको व्यवस्थापन गरियोस् । म यो कुरा राख्न चाहन्छु र अर्को कुरा कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर चितवनको आंगिक क्याम्पसका रूपमा कृषि तथा वन विज्ञान प्राकृतिक स्रोत व्यवस्थापन क्याम्पस दैलेख, दुल्लु भनेर यो वन विज्ञान विश्वविद्यालय रामपुरको आंगिक क्याम्पसका रूपमा

कर्णाली प्रदेशकै गौरवको दैलेखको दुल्लुमा स्थापना भएको छ । त्यो स्वीकृत भएको छ, यसका लागि कर्णाली प्रदेश सरकारले यो क्याम्पसलाई प्राकृतिक स्रोत व्यवस्थापन क्याम्पस कृषि तथा वन विज्ञान क्याम्पसलाई उचित भौतिक संरचना, व्यवस्थापन र क्याम्पस संचालनका लागि उचित सबै खालको आर्थिक, भौतिक र यसको व्यवस्थापन र क्याम्पसलाई संचालन गर्नका लागि स्वीकृत भैसक्या छ । योभन्दा अगाडि अहिले पनि प्रधानमन्त्री केपी शर्मा ओली हुनुहुन्छ । योभन्दा पहिला पनि जो ९ महिने कार्यकालमा ०७२/०७३ मा माननीय केपी शर्मा ओली प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँको अध्यक्षतामा बसेको बैठकले यो आंगिक क्याम्पसको निर्णय गरेको थियो र यसैका आधारमा शैक्षिक कार्यक्रम संचालन गर्न, गर्न प्रागिक परिषद्को मिति २०७४/५/६ मा सिफारिश भएकोले सो सिप सिफारिस समयको आधारमा सभामा छलफल हुँदा सम्बन्धित क्षेत्रमा स्थापित विश्वविद्यालयसँग समेत नेपाल सरकार शिक्षा मन्त्रालय आवश्यक समन्वय गरी गर्ने गरी बाँके जिल्लाको खजुरा, कैलाली जिल्लाको टिकापुर, दैलेख जिल्लाको दुल्लुमा प्राकृतिक स्रोत व्यवस्थापन कलेज आंगिक, आंगिक स्थापना र संरचना गर्न स्वीकृत प्रधान गरेको हुँदा हामीले यलाई यसको काम कारबाही अगाडि बढाउन धन्न ७२ भनेपछि ४ वर्ष र यसको औपचारिक रूपले ३ वर्ष ढिलो गऱ्यौं । हाम्रा दाजुभाइ दिदीबहिनीहरूले ३ व्याज पढिसक्ने अवस्था हुन्थ्यो । ढिलै भए पनि यसको गति अगाढि बढेको छ । कर्णाली प्रदेश सरकारले यसलाई द्रुत गतिका साथ अगाडि बढ्न त्यहाँको कुनै पनि आवश्यकतालाई चाहिँ सम्बोधन गर्नका लागि र भोलि आउने अप्ठाराहरूलाई समयमै सम्बोधन गर्नका लागि अहिले मोटामोटी धन्न ४० करोड लाग्छ लागे भन्नेछ । त्यहाँ त्योभन्दा बढी लाग्नेछ तर अहिले तत्काल संचालन गर्न त्यस्तो अवस्था देख्याछ र कर्णाली प्रदेश सरकारले के कति गर्न सकिन्छ । भौतिक संरचना, व्यवस्थापन र क्याम्पस संचालनका लागि विशेष आर्थिक व्यवस्थापन गरेर त्यसमा योजना बनाएर बजेट विनियोजन गरेर यलाई सम्बोधन गरियोस् । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री दानसिंह परियार ।

**माननीय श्री दानसिंह परियार :** सभामुख महोदय, आज मैले विशेष समयमा मैले आफ्नो कुरा राख्न गैरहेको छु । र विशेषगरेर मैले आज अस्ति मात्रै केही समय अगाडि मात्रै एक महिना अगाडि मात्र भएको स्थानीय तहको चाहिँ लोक सेवा आयोगले चाहिँ विज्ञापन गऱ्यो र जसको कारणले गर्दा देशैभरि अहिलेको तत्कालको चाहिँ जनशक्तिको व्यवस्थापन गर्नेका उद्देश्यका साथ लोक सेवा आयोगले एउटा विज्ञापन गऱ्यो र त्यो विज्ञापनमा जसरी असमावेशी चरित्र चाहिँ प्रस्तुत गरियो र देशैभरि यसको विरुद्धमा कयौं दलित जनजातिहरूले आवाज उठाए र अझैं त्यो कुरा संघीय संसदमा त्यो कुरा उठ्यो र संघीय संसदीय समितिमा पनि त्यसको बारेमा कुरा उठेर त्यो छलफलमा गयो तर जसरी हामीले नयाँ राज्य व्यवस्थाको परिकल्पना गर्दा राज्यको निर्देशक सिद्धान्त नीति र प्रमुख दायित्वमा जुन संविधानको नेपालको संविधान २०७२ को भाग ४ को तपाईको बुँदा नम्बर ५० मा चाहिँ भनिएको छ कि राज्यका हरेक निकायमा विधिको शासन नागरिक सर्वोच्चता, लैंगिक प्रतिनिधित्व, समानुपातिक समावेशी प्रतिनिधित्व कुरालाई उपाहास गर्दै पहिलो पटक नेपालको इतिहासमा सबैभन्दा दुःखद् लाग्दो निर्णय भएको छ । यसमा मैले प्रदेश सरकारको तर्फबाट संघीय सरकारको र अहिलेको विशेषगरेर नयाँ शासन व्यवस्थाका अभ्यास गर्ने शासकहरूलाई म एक पटक ध्यानाकर्षण गराउन चाहन्छु के आज हामीले अहिलेसम्मका क्रान्तिहरू नेपालमा भएका सम्पूर्ण क्रान्तिहरूको ४ वटा उपलब्धि हो । पहिलो उपलब्धि हामीले प्राप्त गरेको गणतन्त्र, जो हामी अभ्यास गर्दैछौं । र दोस्रो उपलब्धि त्यो हो संघीयता, जसको पनि हामी पहिलो पटक अभ्यास गर्दैछौं र तेस्रो उपलब्धि भनेको धर्म निरपेक्षता हो र चौंथो उपलब्धि भनेको समावेशिता हो । राज्यका हरेक क्षेत्रमा चाहिँ पछाडि परेका वर्ग, समुदाय, जाति र लिंगको चाहिँ समानुपातिक समावेशी प्रतिनिधित्व कुरा हो र आज १

पर्सेन्ट पनि सरकारी जागिरमा १ पर्सेन्ट पनि उत्प्रेरित समुदायको चाहिँ उपस्थिति नभएको अवस्थामा के नेपालमा उत्प्रेरितहरू के समृद्ध भएकै हुन् ? के उनीहरूको वर्गीयता पूर्ण भएकै हो र आरक्षण कटाउनु पर्ने ? त्यसो भकोले अहिले हामी देख्यौं फेरि जसरी यो व्यवस्थालाई चाहिँ कमजोर बनाउन जसरी खोजिएको छ, यसले सिंगो लोकतन्त्र कमजोर हुन्छ भन्ने कुरा चाहिँ हेक्का राख्नुपर्छ शासकहरू । यसले सामाजिक वर्गीयतालाई बर्खिलाभ मात्र हैन, जनताको रगत पसिनाबाट प्राप्त संघीयता र गणतन्त्रलाई पनि कमजोर बनाउँछ भन्ने कुरा पनि हेक्का राख्नु पर्छ । त्यसो भकोले म आज भन्न चाहिरहेको छु के हामीले पनि कर्णाली प्रदेश सरकारको चाहिँ हामीले लोकसेवा आयोग विधेयक संसदबाट पास गरेका छौं र लोक सेवा आयोग विधेयक पास हुँदै गर्दा त्योभित्र पनि तपाईंको चाहिँ स्थानीय सेवा बि सम्बन्धी हामीले कानून पास गर्नुपर्ने हुन्छ । त्यस्तै गरेर निजामती सेवा सम्बन्धी कानून पास गर्नुपर्ने हुन्छ । त्यस्तै गरेर सेना प्रहरी लगायतका सम्पूर्ण निकायमा चाहिँ उत्पीडित समुदायको चाहिँ आज त कर्णाली प्रदेशमा करिब २५ पर्सेन्ट ४ भागको १ भाग उत्पीडित समुदायको चाहिँ सघन जनसंख्या भएको क्षेत्रमा चाहिँ त्यो पहुँच र प्रतिनिधत्वमा करिब २५ पर्सेन्ट चाहिँ उत्पीडित समुदायको चाहिँ समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्छ र त्यो व्यवस्था चाहिँ हामीले बनाउने कानूनमा चाहिँ गरिनुपर्छ भन्ने भनाइ राख्दै र म अन्तमा फेरि भन्न चाहन्छु कि तपाईको चाहिँ यो असमावेशिताको चरित्र यो कुनै जाति विशेष हैन, यो वर्गीयतालाई कमजोर बनाउने सामाजिक उत्पीडनलाई आझैं प्रसय दिने र विशेषगरेर लोकतान्त्रिक शासन व्यवस्थाको चाहिँ उपहास गर्ने जुन अभ्यास भैराख्याछ, यसप्रति कर्णाली प्रदेश सरकारले गम्भीर तरिकाले सोचोस् र कर्णाली प्रदेशभित्रको चाहिँ उत्पीडनको एउटै कारण असमावेशिता र सरकारको सकारात्मक विभेदको नीति जुन लागु गगर्नुपर्ने समयावधिमा फेरि असमावेशिता चरित्र देखाइएको छ यसप्रति चाहिँ गम्भीर ध्यानाकर्षण भको चाहिँ जानकारी गराउँदै र कर्णाली प्रदेश सरकारले आगामी ल्याउने कुनै पनि विधेयकहरू असमावेशी तरिकाले यदि संसदमा प्रस्तुत भयो भने त्यो मान्य हुने छैन भन्ने कुरा पनि ध्यानाकर्षण गराउदै मेरो भनाइ यही टुंगाउँछु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री शोसिला शाही ।

**माननीय श्री शोसिला शाहीः** सभामुख महोदय, आज एकाएक विना सूचना, विना सहमति समन्वय वेगर रा राष्ट्रिय प्रजातन्त्र पाटीको संसदीय दलको कार्यालयको नेमप्लेट निकाली अर्को भवनमा सारी म र मेरो दलको अपमान र मानहानि भएको भएकाले यस विषयमा सरोकारवाला निकाय र संसद सचिवालयप्रति घोर आपत्ति प्रकट गर्न चाहन्छु । यदि नियम कानूनले दिन, दिइन मिल्ने छैन भने सभामुख महोदय, कसैको हातले दिए जस्तै गरी ससुरालीबाट दाइजो ल्याएको जस्तो, जस्तो सम्पत्ति दिए जस्तै गरी दयाले र जसले गरी मलाई संसदीय दलको कार्यालय चाहिएको छैन सभामुख महोदय । तपाईको कुनै माननीय नेता कार्यकर्ता सचिवालयज्यूलाई अझैं पनि पुगेको छैन भने व्यवस्थापन गर्दा हुन्छ सभामुख महोदय । मैले १७ महिनासम्म पनि दलको कार्यालय चाहियो भनेर भनेको थिएन तर आज कार्यालय दिएको २० दिन नपुग्दै क-कसका के बाध्यता कसको मान्, मान मानसिकतामा खैलाबैला मनवैज्ञानिक असर परेका कारणले कार्यालय सार्नु परेको हो, यसले जवाफको माग गर्दछु सभामुख महोदय । यस विषयमा संसद सचिवालय सचिवज्यूलाई राजनैतिकभन्दा पनि पर रहेर काम कार्य गर्न सचेत गराउन चाहन्छु । बोल्नेको कनिका विक्छ रे नबोल्नेको चामल बिक्दैन भन्थ्ये । आज त्यही व्यवहार देखाउन खोज्नुभएको त हैन । मन्त्रालयदेखि सचिवालयसम्म यही नियम हो भनी अब चुप लागेर बस्ने व्यवस्था अवस्था देखिदैन सभामुख महोदय । कम्यूनिष्ट व्यक्ति व्यक्तित्व सम्पत्तिको पनि लोभ लालच लाग्दैन भन्थ्ये आज सार्वजनिक सम्पत्ति देख्दा र कुर्चीमा अरु बसेको देख्दा एक सेकेन्ड पनि पर्खन नसक्ने अवस्था भएको त हैन सभामुख महोदय । यस्ता विषयमा पत्रकार मित्रलाई मित्रहरूलाई सत्य र निष्पक्ष समाचारको उर्जागर गर्न निवेदन

गर्दछु साथै जमुना हिल्सा सडक अन्तर्गत कालीकोट जिल्लाको कर्णाली नदीमाथि हालसम्म पनि पुल बन्न नसक्दा सामाज साविक कालीकोटका १७ गाविस लगायत अन्य जिल्लाका जनताले दुःख भोग्नु परेकोले तत्काल पहल गरी चाँडै नि निकासका लागि विशेषगरी मुख्यमन्त्रीज्यूकै क्षेत्र भएकोले मुख्यमन्त्री लगायत सरकारको समेत ध्यानार्कषण गराउन चाहन्छु । जय राष्ट्रवाद ।।

**माननीय सभामुखः** माननीय श्री पद्म खड्का ।

**माननीय श्री पद्मा खड्का**ः सभामुख महोदय, विशेषगरी चौंथो अधिवेशनको यो चौधौ बैठकमा विशेष समयमा मैले केही आफ्ना विषयहरू यहाँ राख्न चाहन्छु । कर्णाली प्रदेशको राजधानी र समग्र कर्णालीको जुन अहिले एउटा हाम्रो प्रचलन छ असारे विकास जसले निरन्तरता पाइरहेको छ त्यसले आज धेरै विभिन्न बाटाघाटादेखि लगेर विभिन्न विकासका काममा आज देखिएका जुन गतिविधिहरू छन्, त्यसले गर्दा आज प्रत्यक्ष आम नागरिकलाई जुन कष्टपूर्ण जीवन निर्वाह गर्नुपर्ने जुन बेला आएको छ, त्यसलाई मैले एकदमै कर्णाली प्रदेश सरकार र यसै गरी यही हाम्रो कर्णाली प्रदेश सभाको सदनबाट केन्द्रीय सरकारलाई पनि मैले यो सूचना पुगोस् भन्ने उद्देश्यका साथ ध्यानाकर्षण गराउन म चाहन्छु । विशेषगरी हामीले बजेटको एउटा जुन संघीय सरकारले ल्याएको बजेट त्यसपछि ल्याउने कर्णाली प्रदेश सरकार, त्यसपछि स्थानीय तह तीनटै तहका सरकारहरूले ल्याइएका बजेट जो असारको १० गते लगभग असारको महिना सकिन्छन् । साउन लागेदेखि फेरि अर्को साउनमा अर्को जेठ र असारमा आउने जुन बजेटका गतिविधि, जुन असारे बजेट खर्च गर्ने प्रविधि अहिलेसम्म यथावत छ, त्यो कुरालाई म यहाँ उजागर गर्न चाहन्छु । सुर्खेत उपत्यकाको रिङ्गरोड जो अहिले संघीय सरकारबाट काम सुचारु रूपले अगाडि बढिरहेको छ र यसको लागि काम गर्नुपर्ने नि निकाय सडक, डिभिजन सडक कार्यालय र यसको जवाफदेहिता, यसको नियमन, यसको अनुगमन कुन निकायले गर्ने हो ? आज असारको महिना त्यो रिङ्गरोडलाई विभिन्न ठाउँबाट त्यो काम शुरु भको छ । वीरेन्द्रनगरको विभिन्न वडामा शुरु भैरहेको छ र अहिले असारमा शुरु भएको जुन खालको त्यो काम हो आज दिनानुदिन विस्तारै असारको महिनाको झरीले गर्दा दिनप्रतिदिन दर्जनौं मोटरसाइकिलहरू र गाडीहरू त्यस्तै विभिन्न सवारी साधनहरू आज पल्टेर मान्छे घाइते हुनुपर्ने अवस्था आइरहेको छ र मान्छेले पुग्नु पर्ने गन्तव्यमा समयमा पुग्न पर्ने समयको एउटा बरवाद भएको छ । त्यस कारणले मैले यहाँ के भन्न खोजिरहेको छु भने हाम्रो यो जुन खालको एउटा मेकानिजम जुन छ, जेठ र असारमा टेण्डर हुने अनि १५ दिनमा २० दिनमा काम गर्ने जुन प्रवृत्ति छ यो प्रवृत्ति कसले रोक्ने हो ? यसको जवाफदेहिता को हो ? यसको अनुगमनकर्ता को हो ? प्रदेश सरकारले पनि प्रदेशका योजनाहरूमा संघीय सरकारले पनि संघका विभिन्न योजनाहरूमा कसले गर्ने ? यो आज गम्भीर प्रश्न छ । यो प्रश्न हामीले सधैं भनिरहेका छौं तर कार्यान्वयनमा कहिल्यै आउँदैन । यस कारणले मैले आज यहाँ भन्न चाहिरहेको छु कि कर्णाली प्रदेश सरकारले पनि सा असारको महिना बजेट सार्वजनिक गर्ने साउनदेखि आठ नौं महिना फेरि कानमा तेल हालेर निदाउने होइन कि । अब समयमा काम गर्न पर्छ फेरि असारे बजेटतिर फरकिनु हुँदैन र यो हामीले ल्याइरहेका योजनाहरूलाई कार्यान्वयन गर्नका लागि पनि नियमन र अनुगमन र जवाफदेहिताको महत्वपूर्ण भूमिका छ त्यस कारणले मैले यहाँ आवाज उठाइरहँदा मन्त्रीज्यूहरू यहाँ प्रदेश सरकारका ६ जना मन्त्रीहरू यहाँ उपस्थित हुनुहुन्छ, त्यसैगरी प्रतिपक्षदलको नेता उपस्थित हुनुहुन्छ सत्तापक्ष दलको प्रमुख सचेतक, सचेतकज्यू यहाँ उपस्थित हुनुहुन्छ । तपाईहरूलाई मैले विशेष गरी आज म एउटा कर्णाली प्रदेश सभाको सदस्य हो र मेरो दिनप्रतिदिनको त्यो ठाउँमा जुन मैले भोगिरहेको समस्या छ । तपाईहरू आज आउनुस् मेरो स्कुटी पछाडि बस्नुस र मैले चलाएको साधनमा बसेर त्यो भूगोल हेरेर आउनुस् । तपाई आफै यहाँको भौगोलिक बनावट यहाँको विकासे प्रवृत्तिको तपाईहरू छर छरलंगै त्यो एउटा उदाहरण देख्न सक्नु हुनेछ । तपाईहरूले त्यहाँ अवलोकन गर्न सक्नुहुने छ । तपाईहरू आज

सम्पूर्णको जुन खालको आफ्नो अवस्थामा हुनुहुन्छ । तपाईहरूले त्यो बाटोमा आँखाको नजर पुग्न सकेको छैन । त्यस कारणले मैले आज आफूले एउटा संगसंगै जनता नेता कार्यकर्ताहरूसँग भोगिरहेको आम नागरिकसँग भोगिरहेको पीडा आज त्यो पीडा मैले यो सदनमा व्यक्त गरिरहेको छु । त्यसकारणले गाडीमा चडेर जुनखालको सुविधा भोग गरिराहनुभएको छ । एक चोटी फर्केर तपाईहरू जुन खालको भौगोलिक विकटता संगसंगै सुगम भनेर राजधानी भनिरहँदा पनि आज कस्तो खालको कष्ट गर्न यहाँका नागरिकहरूले जीवन विताइरहेका छन् । तपाईहरू सबैलाई मैले हेर्न आग्रह गर्दै मेरो आफ्नो भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री कृष्णा शाह ।

**माननीय श्री कृष्णा शाहः** सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्य आएको आज २० दिन भैसकेको छ तर विडम्बना भन्नुपर्छ आज पनि त्यो रातो पुस्तक भन्ने वस्तु हाम्रो हातमा पर्न सकिराछैन यो किन ? कसरी ? के कारणले ढिला भइराखेको छ । कहाँ अट्किराखेको छ ? यो प्रश्न म यस सम्मानित सदनमा सभामुखमार्फत् सरकारलाई प्रश्न गर्न चाहन्छु । सभामुख महोदय, समृद्ध नेपाल सुखी नेपाली अनि सुखारी कर्णालीबासीको कुरा गर्दैगर्दा हामीले कर्णालीमा गर्नुपर्ने धेरै कामहरू छन् हाम्रा समस्याहरू धेरै छन् र ती समाधान गर्नुपर्ने हाम्रो दायित्व हो । कर्णाली सरकारको दायित्व छ र ती धेरै समस्याहरू हुँदाहुँदै पनि आज मैले विशेषगरी एउटा युवाको विषयमा मैले यहाँ भन्न खोजिराखेको छु र कयौं विदेशीएका मदनहरू हामीलाई थाहा छ । आजसम्म अर्थात धेरै सपना बोकेर विदेशिएका मदनहरू चाहाना हुँदाहुँदै पनि मुना भेट्न घर फर्किन सकिराखेका छैनन् । त्यसैगरी सभामुख महोदय, छाना फेर्न सुन्दर सपना बोकेर कालापहाडतिर लागेका कयौं युवाहरू आज आफ्नो घरका छाना फेर्न सकिराखेका छैनन् र त्यसैगरी ५० लाख युवायुवतीहरू आज कतारको रेल र मलेशियाको रिंगेटसँग आफ्ना, आफ्नो श्रम साटिराखेका छन् र आज देश र कर्णाली प्रदेश त्यो रेमिटेन्समा चलिराखेको छ । यो स्थिति कहिलेसम्म हुने हो र हामीले त्यसको समाधानको लागि युवायुवतीहरूलाई देशमै रोजगारी सिर्जना गर्नको लागि हामीले के कति तयारी गरिराखेका छौं अर्थात हाम्रो बजेट कसरी ल्याउन हामीले सोचिराखेका छौं । मलाई लाग्छ म आशावादी छु, प्रदेश सरकारले ल्याउँदै गरेको रातो किताबमा ती युवायुवतीहरूका सुन्दर सपना पनि कोरिने छन् र त्यो अवस्था अन्त्य गर्नको लागि यही प्रदेशलाई हाम्रा युवाहरूलाई रोजगारी सिर्जना गर्नको लागि बजेटको व्यवस्था सहित रातोबुक आउनेछ र जति सक्यो छिटो आम कर्णालीबासीका चाहना र इच्छाहरूलाई समेटेर त्यो बुक छिटोभन्दा छिटो आउनेछ भन्ने कुरा राख्दै मैले आफ्ना भनाइ यही अन्त्य गरें । धन्यवाद ।।

**माननीय सभामुख :** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः** मैले फेरि पनि गत वर्षका बाढीपहिरो पिडितहरूको मनमा चिसो पस्ने समय आई नै सक्या छ मैले गत वर्ष मेरो निर्वाचन क्षेत्रमा भएको त्यहाँको क्षतिका बारेमा सदनमा जानकारी गराएको थिएँ र यो वर्ष सायद शुरुमै त्यहाँ हिजो रातिको पानीले त्यहाँ सुर्खेतबाट जाजरकोट भएर उता राडीदेखि माथितिर जाने बाटो हो आठविसकोटको ११ नम्बरमा ब्लग भैरहेको छ । गत वर्ष बगेको जुन स्थान हो, त्यहाँ फेरि पहिरो झर्न शुरु गरेको छ र त्यहाँ गत वर्ष मेरो निर्वाचन क्षेत्रका चुना, चौखावान, सतिपोले, झुमारु, सिभ्री, काउलेचौर, भाग्ले, गोतामकोट, अनाम बगरको भेरी नदी कटान, आठविसकोटको तातापानी मग्रा धुरसेनी भल्म लगायतका ठाउँहरूमा असाध्यै ठूलो पहिराहरू गएर ३१ घरहरू गत वर्ष नै त्यहाँबाट विस्तापित भएका थिए भने ती सबै क्षेत्रमा ३ सयभन्दा बढी घरहरू जोखिममा थिए र यो वर्ष मैले तीनवटै पालिकाको आज बिहान मात्रै मलाई फोन गरेर त्यहाँका जिम्मेवार जनप्रतिनिधिज्यूहरूले गत वर्ष जुन ढंगले

अगाडि बढिरहेको थियो पहिरो, यो वर्ष कुनै पनि हालतमा थामिन नसक्ने र त्यहाँबाट जनताहरू विस्तापित हुने कुरा जानकारी गराउनुभएको थियो र यो संगसंगै विस्थापित भएका जनताहरूको सभामुखमार्फत् म कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु कि विस्थापितहरूलाई यो वर्ष कसरी हामीले चाहि एकीकरित एकीकृत बस्ती विकासको माध्यमबाट हुन्छ या बर्खायाममा यो विस्थापितहरू जब त्यहाँ बस्न सक् नसक्ने स्थिति हुन्छ तिनीहरूको कुन प्रकारले तिनीहरूलाई चाहिँ बसाल्ने भन्ने कुराको चाहिँ पूर्वतयारी गर्न जरुरी छ । र खासगरिकन मुसीकोट नगरपालिकाको यो चुन साइटको ठूलो ३ सय घरपरिवार बसोबास गरिरहेको बस्ती त्यो लच्केएर तल खोलातिर हिँडेको छ । त्यहाँ ३ सय घर नै विस्थापित हुने सम्भावना छ र आठविसको तातापानी र यो मंग्राह धुरसेनीमा ८२ घर गत वर्ष नै बाढीपहिरो एउटा उद्धार तथा यो प्रकोप सम्बन्धी यो जिल्ला प्रजिअको नेतृत्वमा बसेको बैठकले त्यहाँ किटानी गरिसकेको छ, त्यसका बारेमा प्रदेश सरकारले कुनै किसिमको त्यसलाई चाहिँ सुनय अथवा व्यवस्थापनको काम गरिरहेको छैन यो बारमा यो वर्ष त्यति मात्रै नभैकन करिब करिब हाम्रो रुकुमको १ नम्बर निर्वाचन क्षेत्रबा क्षेत्रमा ५ सय घरधुरी विस्थापित हुने जो अवस्था छ । यलाई चाहिँ सभामुख मार्फत् म प्रदेश सरकारको ध्यानाकर्षण गर्दछु र समयमै यसको लागि व्यवस्थापन या हल गर्ने विधिका बारेमा सोच्न म विशेष आग्रह गर्दछु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** माननीय सभामुख महोदय, यो विशेष समयमा मेरो निर्वाचन क्षेत्रमा पनि केही पूर्वाधारका जटिलताहरू पैदा भएका छन् । विशेषगरी गुर्वाकोट नगरपालिका वडा नं. १ र २ जोड्ने जुन मदन भण्डारी राजमार्गले नामाकरण भको छ । त्यो धेरै वर्षदेखि त्यो पुल बन्ने स्थिति अगाडि बढिराख्याको छैन । केही हप्ता अगाडि त्यो क्षेत्रमा जनताले कुरा उठाइसकेपछि त्यहाँ हामी अनुगमनमा गएका थियौं र त्यो पूरै त्यो पुल यसरी उठाएको छ कि त्यो बाढी आउँदाखेरि पूरै त्यो गैरी बजार भन्ने छ, त्यो गैरी बजार नै लाने किसिमले भैसकेपछि फेरि डीसँग र अरु सम्बन्धित त्यहाँ ठाउँमा हामीले कुरा गरिसकेपछि आजको मितिमा मात्रै मेरो सम्पर्क भाछ, त्यो त्यलाई भत्काउँदै छ । त्यो पुल भत्काउँदै छ उले किनकि त्यो गाउँ त बचाउन पऱ्यो भने मैले यो प्रश्न सोधन चाहन्छु । अब हामी संघीयता बनायौं त्यो जसरी काम अगाडि बढिराख्याछ, त्यसको संघसँग या सम्बन्धित सडकसँग संयोजन गर्ने कले हो ? जहाँसम्म मलाई लाग्छ त्यो विभागीय मन्त्रीजीले होला । पूर्वाधार मन्त्रीजीले होला । त्यो विषयमा तत्काल ध्यान जाओस् र ठेकदारले गर्न नसक्ने हो भने ठेक्का तोड्नु पऱ्यो र नयाँ त्यहाँ जिम्मा कलाई दिने हो किनकि वाल्तिरपल्तिर पीच भैसक्या छ अब गाडी नचलेपछि त त्यो भेडाबाखा हिंड्ने बाटो भयो । त्यसो भएर यो एकदम दयनीय र एकदमै चाहिँ तपाईको दुःखत कुरा छ । यसको लागि तत्काल सरकारले विभागीय मन्त्रीले पहल लिनुहुने छ, म उहाँको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । त्यस्तै अब यो बाटोघाटोको कुरा गरिराख्दाखेरि मैले यहाँ गत सालको बजेटमा यअरपोर्टको कुरा सम्भाव्यता अध्ययन गर्ने भनेर लेखिएको थियो । अहिले त्यो पनि छैन, सुर्खेतमै गर्ने भनिएको थियो म प्रश्न सोधन चाहन्छु कि सुर्खेतमा त्यो जग्गा नै नभेटिएर हो कि के हो ? यसको जवाफ चाहियो । अहिले त्यो त्यसको कति सम्भाव्यता अध्ययनको प्रकृया कति अगाडि बढ्यो भन्ने रिपोर्ट आउने ठाउँमा त्यो शीर्षकै काटदिने कुरा किनकि जहाज भन्ने कुरा कथमकदाचित यदि बिहानको बुद्ध एयरमा बिरामी इमरजेन्सी हामी नै अहिले एक घण्टाभित्र कुनै चाहिँ विषालु सर्पले या कुनै खालको हामीलाई रोग लाग्यो भने हामी कसरी काठमाण्डौं पुग्ने ? हेलिकप्टरको कुरा अरु चाहिँ जहाज बुकिङ गरेर जाने कुरा ८/१० लाखमा तपाईको सामान्य मान्छे जान सक्छ ? जब त्यो नै छैन भने के को चाहिँ संघीयता ? के को प्रदेश ? यो त लाजमर्दो स्थिति

होइन नि । त्यसकारण त्यलाई अहिले विस्तार गर्ने भनिएको छ जब कि टेक्निकल रिपोर्टले के भन्छ भने अहिलेको एयरपोर्ट विस्तार हुँदैन । माथि डाँडा छ तपाईको अरु धेरै जाइ जति नेपालगञ्ज चाहिँ जहाजहरू आउँछ, त्यो आउन सक्दैन भने अब यो नबुझेको हो कि या बुझेर बुझ पचाएको हो । किन अगाडि बढ्न सकेन ? तत्काल यसको जवाफ सरकारले दिनुपर्‍यो । तेस्रो कुरा भनेको पोहोरको बजेट नीति कार्यक्रममा ऋषि राजमार्ग भनेर आएको थियो । अहिले पनि मैले राष्ट्रिय राजमार्गमा हेरे त्यो छिन्चु जाजरकोट हुँदै डोल्पा सडक भनेर नामाकरण गरिएको छ, त्यसको वैधानिक प्रकृया किन अगाडि बढेन ? के त्यो लेख्दिने मात्रै हो एक छिन चाहिँ मनोविज्ञान केन्द्रित गर्नलाई । त्यसकारण त्यसको वैधानिकको पाटो पनि अगाडि सरकारले बढाओस् तत्कालै अब हुने चाहिँ सबै विषयहरूमा त्यो नामाकरण भएर आओस् सबै फोरमहरूमा म त्यो सभामुखमार्फत् सरकारको लाई गम्भीर हुन अनुरोध गर्दछु । त्यस्तै यो समितिको कुराहरू छ, हुन त यहाँ पटक पटक हाम्रो विपक्षी दलको नेताले भन्नुहुन्छ मुख्यमन्त्री, सभामुख र आफू चाहिँ अफिसहोल्डर हो । मैले फेरि तीनै जनालाई प्रश्न गर्न चाहन्छु तपाईहरू अफिस होल्डर हो भने अहिले डेढ वर्ष गुज्रिदै छ त्यो समितिको अध्यक्ष किन भएन ? संवैधानिक जो केरे संसदीय दलको संसदीय समितिको अध्यक्ष किन भएन ? यो लाजमर्दो स्थिति होइन ? समायोजन त कर्मचारीले ल भयो यसको लागि पनि कर्मचारी चाहिने माथिबाट आउने । समितिको अध्यक्ष बनाउन पनि कर्मचारी चाहिने हो ? त्यसै त्यही कर्मचारी समायोजनले रोक्या हो यो ? म प्रश्न गर्न चाहन्छु तपाईहरू तीनै जनालाई । तत्काल अर्को बैठकमा यसको चाहिँ सम्बोधन हुने गरी आउन पर्‍यो किनकि यो नागरिता हेरेर बनाउने कुरा ठीक छैन । यो उहाँहरूलाई पनि अपमान गरे सरह छ । उहाँहरू नै हो भने पनि एक किसिमले हामीले निर्णय गरौं । नभए उहाँहरूलाई पनि ३/४ वर्षको प्लान प्याकेज के हो ? भनेर बनाउन । उहाँहरू पनि उहाँहरूलाई पनि दुविधा हुने किनकि कहिले हो कहिले ? आफ्नो ठेगान छैन भने कसरी अगाडि बढ्ने ? अरु पनि समितिका चाहिँ माननीयज्यूहरूलाई कसरी चाहिँ तपाईको  यलाई एउटा चाहिँ प्लानिङमा लैजाने एउटा रणनीतिक योजनाहरू होला । कयौं कुराहरू त्यो अलिकति चाहि सुसंगठित भएर अगाडि बढ्न सक्या छैन । धेरै चोटी हामीले कुरा उठायौं यो तत्काल आउँदो बैठकमा यसको चाहिँ निकास भएर आओस् मैले यो अनुरोध गर्न चाहन्छु । अब त्यस्तै, अब यहाँ बजेट आतंकको कुरा पनि अघि प्रतिपक्षदलको माननीय सदस्यले उठाउनु भयो । यो आतंक होइन मलाई जहाँसम्म लाग्छ किनकि यो डेढ वर्षदेखि तीनै कुरा उठाइएका छन् त्यही विषयमा आ-आफ्ना संसदीय दलहरूमा छलफल भएका छन् र हामीले तीनै कुरा फेरि यो ओप्पन सेक्रेट हो किनकि यो कुनै आतंक भन्दाखेरि के-के न भएछ भनेर जनतालाई कुनै गुम्राहमा राख्नु पर्ने कुरा पनि छैन । हामीले चाहिँ न्यूनतम १० करोडको कुराहरू उठाएका छौं । निर्वाचन क्षेत्रमा पूर्वाधारको कुराहरू उठाएका छौं । सन्तुलित विकासको कुरा उठाएका छौं । चालु र पूँजीको खर्च के हो ? त्यलाई चाहिँ ब्लाकिनह्वाइट सबै विषयहरू सरकारले ल्याउनु पर्‍यो त्यो किनकि आम जनतासंग जोडिएको न्याय र जनताको पक्षमा हामीले उठाएको कुरा हो । म अहिले पनि सरकारलाई पुनः अनुरोध गर्न चाहन्छु । जतिसक्दो छिटो रातो बुकमा अब सरकार भने अभिभावक हो हामी त माननीयकै चेतनाबाट सोच्ने भयौं । हामीले सोचेको भन्दा पनि अझ कयौं बडा एकदम चाहिँ पूरै हामीलाई त चाहिँ तपाईको लगभग खुट्टै लुलिने गरेर खुशी भएर त्यस्तो खालको बनाउने गरी सरकारले सायद अभ्यास गरिराख्या होला उहाँहरू गम्भीर पनि हुनुहुन्छ । एकदम मुस्कान पनि खुब गहिरो मुस्कान छ सरकारको । यसकारण उहाँहरू व्यापक तयारीमा सायद त्यो कम्प्यूटराइजतिर कता कता लागिराख्नु भा होला । टेक्निकल कुरा त्यसकारण आज आएन कि भनेर मैले पोजेटिभली त्यसरी सोच्याछु । त्यो छलफलको स्पीड हेर्दाखेरि अब १४ ले पनि भएन भनेपछि ३३ मा पुग्नेछ त्यसपछि त प्रतिपक्षदललाई पनि हामी चाहिँ फेरि निमन्त्रणा गरेर ४० सै भएर अथवा कति जना भएर अगाडि बढ्नुपर्छ, बढ्ने नै

छौं । यो जनता र चाहिँ तपाईको कुराहरू हो । प्रदेशको कुरा हो कोही व्यक्तिगत मुद्दा हैन । त्यसकारण यो कुरा तत्काल सरकारले ल्याउनेछ ल्याओस् यही कुरा म राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ को विभिन्न शीर्षकहरूमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ को विभिन्न शीर्षकहरूमाथि विनियोजन विचार गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यज्यूहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ माथि छलफलका लागि अषाढ २२ देखि २६ गतेसम्म निम्नानुसारको कार्यतालिका निर्धारण गरेको छु । असार २२ गते कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय । असार २३ गते सामाजिक विकास मन्त्रालय । असार २४ गते उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय । असार २५ गते भौतिक पूर्वाधार विकास मन्त्रालय । असार २६ गते मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायधिवक्ताको कार्यालय र प्रदेश योजना आयोगका शीर्षकहरूमा दफावार छलफलका लागि दिन निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रत्येक मन्त्रालय र निकायगत छलफल सकिएको अर्को दिन बैठकको शुरुमा सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिए पश्चात सो दिनको मन्त्रालय छल मन्त्रालयगत छलफल शुरु हुने व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू, अब यो बैठक २०७६ असार २२ गते आइतबार दिनको ३:०० बजेसम्मको लागि स्थिगत हुन्छ ।

□□□

# बैठक संख्या-१५

(२०७६ साल असार २२ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको चौंथो अधिवेशनको पन्ध्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री गुलाबजंग शाह । समय ७ मिनेट, त्यसपछि माननीय श्री दीनबन्धु श्रेष्ठ तयार रहनुहोला ।

**माननीय श्री गुलाबजंग शाहः** माननीय सभामुखज्यू, म यो सरकारले ल्याएको नीति तथा कार्यक्रमपछि यो बजेट वक्तव्यपछि मन्त्रालयगत छलफलमा सहभागी भएको छु । मैले तोकिएको समयमा दुईवटा मन्त्रालयको विषयवस्तुमा मैले आफूलाई केही भनाई राख्नुपर्ने छ । खासगरी आज जसरी सरकारले बजेट प्रस्तुतपछि मन्त्रालयगत छलफलमा हामीहरू आज यो सायद पहिलो पटक उभिएर मन्त्रालयले गरेको विनियोजित बजेटमाथि छलफल गर्दैछौं । हामीले यसभन्दा पहिला पनि उठाएकै विषयवस्तु फेरि पनि कतै पुनरावृत्ति भयो कि भन्ने हामीमाथि थोरै आशंका जन्मेको छ । मेरो निर्वाचन क्षेत्र सल्यान क्षेत्र नम्बर १ मा जसरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बजेट विनियोजित गर्दैगर्दा सडकमा तोकिएको मेरो निर्वाचन क्षेत्रमा सिंचाइतर्फ तोकिएको मेरो निर्वाचन क्षेत्रमा, अन्य व्यवस्थापनमा अलि केही थोरै मात्रै अलि केही तलमाथि भयो कि हामीले पहिले पनि भन्दै आएको कुरा समानुपातिक ढंगले सबै निर्वाचन क्षेत्रमा सन्तुलित विकास होस् भन्ने हाम्रो चाहना थियो । तर पनि मन्त्रालयको किताब हेर्दै गर्दा फेरि पनि मेरो निर्वाचन क्षेत्रमा तोकिएको सिलिङभित्र रहेर मैले बजेटभित्र पेश गरेको थिएँ तर हेर्दै गर्दा मलाई एउटा क्षेत्रमा एउटा रकम छ । अर्को क्षेत्रमा अलि प्रभावित पार्ने खालकाले बजेट विनियोजित भको छ फेरि पनि भन्न चाहन्छु । बजेट सन्तुलित ढंगले आइदिएको भए राम्रो हुन्थ्यो सांकेतिक रूपमा भन्न चाहन्छु । दोस्रो कुरा हामीले यसभन्दा पहिला पनि उठाउँदै आको कुरा हो । पूँजीगततर्फ रकम कृषि मन्त्रालयमा कमजोर भयो चालुतर्फ बढी भयो । कृषि मन्त्रालयको किताबलाई हेर्ने हो भने थोरै रकम ३/साडेतीन भागलाई विभाजित गर्ने हो भने एक भाग पूँजीगततर्फ विनियोजित गरिएको छ त्यसमा पनि अपनडाउन छ । अलि शक्तिवाला अलि पहुँचवाला व्यक्तिको क्षेत्रमा बढी विनियोजित गरिएको छ । अलि सांसदहरूको क्षेत्रमा कम विनियोजित भएको छ । दृष्टान्त बताइरहनु पर्दैन चालुतर्फ २ अरब ३३ करोड पैंसा विनियोजित भको छ । कृषि मन्त्रालयको बुक हेर्दा तालिम सेमिनार गोष्ठी मात्रै गर्ने हो यसले कृर्षकहरूको उन्नति गर्न सकिन्छ र कर्णाली प्रदेशका जनता कृषिमा आधारित जनता वृत्ति विकास होला । यो बजेटले, यो किताबले कल्पना गरौं धेरै कुरा बताइरहनु जरुरी छैन । अर्कोतर्फ आन्तरिक मामिला तथा कानून मन्त्रालयमा हेर्दैगर्दा धेरै कुरा बजेट त छैन । तर त्यसमा पनि हेर्दै गर्दा उही पुनरावृत्ति छ । एक त बजेटै ६९ करोड छ त्यसमध्यमा चालु २८ करोड ८४ लाख पूँजी ४१ करोडमध्येमा अधिकांश शीर्षक तालिम सेमिनार गोष्ठी । केही डिजिटल विद्यालय बनाउन खोजिएको छ प्रश्न गर्न चाहन्छु सल्यान क्षेत्र नं. १ मेरो निर्वाचन क्षेत्रमा डिजिटल विद्यालयमा किन नाम परेन ? नाम पर्नको लागि कुन कराइटयरियाभित्र पर्न पर्छ ? प्रश्न । र अधिकांश कार्यक्रम आन्तरिक मामला मन्त्रालयको भित्र अहिले प्रहरी प्रशासन एउटा सिपाही पनि हाम्रो मातहत नआइरहेको बेलामा तालिम सेमिनार गोष्ठी अझ खासगरी यसमा उहाँले भन्नुभाको

छ के हो होमइ डिजिटल होमष्टे, डिजिटल होमष्टे भन्नु भाछ । धेरै प्रकारका उहाँले चाहिँ सफ्टवयर सम्बन्धी काम ल्याउनु भाछ । धेरै प्रकारका तपाईका चाहि तालिम, सेमिनार गोष्ठी उहाँले पनि जोड्नु भाको छ । यसले के आशंका उव्जाएको छ भन्दा हामीले पहिले भनेको कुरा चालुतिर छुट्याउने रकम पूँजीतिर छुट्याउने रकमको धेरै अन्तर भयो मैले फेरि पनि दोऱ्याएर भन्न चाहन्छु । गत वर्षको बजेटमा ६ अरब चालुतिर थियो अहिले १३ अरब बजेट भाषणमा पनि हामीले भन्ने कुरा हो । आखिरी यी तालिम सेमिनार गोष्ठी गर्नको लागि बजेट विनियोजन गरिएको हो त ? यसले कर्णाली प्रदेशका जनताको सम्भा भाषा भावना सम्बोधन हुन्छ । तपाईहरू गम्भीर भएर सोच्नुहोस् मन्त्रीलाई अधिकार छ, बजेट पेश गर्ने । अधिकार छ भन्दैमा जनताका पक्षमा उभिएर काम गर्नु पर्दैन ? गम्भीर भएर सोच्नु सबै मन्त्रीलाई अनुरोध गर्न चाहन्छु । फेरि एकपटक रिभियू गर्नुहोस् वर्षदिनभरि कार्यक्रम २ अरब ३३ करोड कृषिमा छुट्याएको पैसा तालिम सेमिनार गोष्ठीमा मात्रै खर्च गर्ने पैसा होइन होला । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेक, २०७६ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको वायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । अब माननीय श्री दिनबन्धु श्रेष्ठ । यसपछि माननीय श्री चन्द्रबहादुर शाही तयार रहनु होला ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, आज हामीहरू आ.व. ०७६/०७७ को विनियोजन बजेटमा छलफल गर्दैछौं र म पहिला त सभामुख महोदय, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा का विषयमा केही कुरा राख्न चाहन्छु । पक्कै पनि कानून मन्त्रीज्यूले डिजिटल प्रदेश एउटा नमुनाको रूपमा कर्णाली प्रदेशलाई अगाडि सार्ने उहाँको ठूलो कोशिस छ । अर्को कर्णाली प्रदेशलाई सुशासनको प्रत्याभूति कर्णाली प्रदेशका आम जनतालाई दिएर यो प्रदेशलाई नमूना बनाउने उहाँको कोशिस र सोच राम्रो हो । त्यसको लागि धन्यवाद दिन चाहन्छु तर बजेट जसरी विनियोजन भयो त्यले त्यतातिर जाला जस्तो मलाई लागेन । उहाँको जुन सोच थियो यो बजेटलाई कता धकेलिदिन्छ ? त्यसैले म यहाँनिर के भन्न चाहन्छु भने यो डिजिटल विद्यालयको कार्यक्रमहरू छ । हामीले सुन्यौं १६ वटा समानुपातिक संसदहरूकोमा १६ वटा स्कुलमा डिजिटल विद्यालयको कार्यक्रम पर्छ तर यहाँ २२ वटा त यो अरु कुन डोरबाट कसरी आयो ? २२ वटा कसरी भयो र कतिपय जिल्लामा छनौट खाली छ । यो के भाको हो र अर्को कुरो चालु शीर्षकमा रू. २६ करोड १६ लाख ३३ हजार रकम विनियोजन छ । यो भनेको ४१.४३ प्रतिशत हो । सरकारले बजेट विनियोजन गर्दा केही नीतिगत निर्णयहरू छ त्यसमा मापदण्ड छ २५ प्रतिशतभन्दा बढी बजेट विनियोजन नगर्ने चालुमा भनेर यहाँ ४१.४३ प्रतिशत चालुमा विनियोजन भयो । सरकारले त्यो नीतिगत निर्णयअनुसार यो हो कि होइन ? अब अर्को कुरो परामर्श सेवा सभ्यता अध्ययन प्राविधिक परामर्श सेवा कार्यमा रू. ७५ लाख बजेट आयो तर यहाँनिर भन्नुपर्दा के छ भने एकै प्रकृतिका कार्यक्रम थुप्रो छ । जस्तै कानून तर्जुमाका सम्बन्धमा विज्ञहरूसँग गोष्ठी रू. २० लाख कानूनी मस्यौदाका लागि परामर्श सेवाका लागि रू. ३० लाख अध्ययन अनुसन्धानको लागि विशेषज्ञ सेवाका लागि ६ लाख यस्तै यहाँनिर के म भन्न चाहेको हो भने प्रकृति एउटै छ त्यो योजना विनियोजन भएको रकमको कार्यक्रमको तर विभिन्न बहानामा यत्रो रकम विनियोजन भयो यो उपयुक्त थियो कि थिएन मन्त्रीज्यूले यसमा विचार गर्न जरुरी छ । र अर्को कुरो यो डिजिटल गुरुयोजना तयारी तथ्याङ्क संकलनमा अपारदर्शी बजेट विनियोजन भए जस्तो मलाई लागेको छ तर प्रतिफल देखिने किसिमले हामीले बजेट विनियोजन गर्नुपर्ने हो तर त्यो नदेखिएर अहिले जस्तै हामीले विद्यालय डिजिटल कार्यक्रममा दामासाही गर्दा ९ लाख मात्र पर्छ । गत सालभन्दा ३ लाख ५० हजार कम छ तर हामीले के गऱ्यौं भने विद्यालयलाई कम गरेर व्यक्तिगत

होमष्टेलाई डिजिटल बनाउने नाउँमा २० लाख विनियोजन गऱ्यौं यो कुन आधारमा गऱ्यौं ? यो कुन मापदण्ड हामीले टेक्यौं ? यसमा प्रष्ट हुन जरुरी छ । अर्को कुरा डिजिटल तथ्याङ्क संकलनमा विनियोजन भएको रू. ४ करोड ५० लाख डिजिटल प्रदेश गुरुयोजनामा ३० लाख बजेट छुट्याइएको छ । यो उपयुक्त हो की होइन हाम्रो जस्तो प्रदेश हामी आर्थिकमा धेरै पछि छौं भन्छौं । डिजिटलका नाउँमा करोडौं रुपैयाँ हामीले विनियोजन गऱ्यौं । यो के कर्णाली प्रदेशका जनताहरूको आवश्यक हो त ? यहाँनिर एउटा क्वैशन उठ्छ, अर्को महत्वपूर्ण कुरा म सभामुख महोदय यहाँ के राख्न चाहन्छु भने १७ लाख कर्णाली प्रदेशको जनसंख्या छ । विपद् जोखिम विरुद्ध सामुहिक दुर्घटना बीमा गर्ने कार्यक्रममा रू. १ करोड २५ लाख बजेट व्यवस्था भएको छ तर यहाँ हिसाब जोड्दा त्यो भयो म धन्यवाद दिन्छु । निकै राम्रो कुरा हो सरकारले ल्याएको तर एक जना बराबर प्रतिवर्ष रू. ७ रुपैयाँ ३५ पैंसा पर्छ । एक वर्षमा एक जनालाई रू. ७ रुपैयाँ ३५ पैंसाको बीमा, कस्तो बीमा हो । यो कर्णाली प्रदेशको सरकारले आन्तरिक मामिला मन्त्रीज्यूले यो कस्तो बीमा ल्याउन खोज्नुभएको हो ? मैले यहाँ अलिकता बुझ्न सकिन । अब यहाँनिर कारागारका लागि गत वर्ष पनि हामीले कालीकोट, रुकुम पश्चिम र सल्यानमा प्रति जिल्ला १ करोडको व्यवस्था गऱ्यौं का थियौं । यस वर्ष पनि १ करोडका दरले विनियोजन त गऱ्यौं ठीक होला तर त्यसका पनि केही आधारहरू त होलान नि । हामी प्रत्येक वर्ष १/१ करोड थप्दै जाने हो कि या नपुग भएको हो, के हो ? र गत वर्ष कारागारमा जुम्लामा २१ लाख, सुर्खेतमा २२ लाख बजेट विनियोजन भएको थियो । यस वर्ष पनि यी जिल्लाहरूमा ५ लाखका दरले दिइयो, यो अपुग हो कि के हो ? यस्तै केही जिल्ला छुटेका छन् हुम्ला, मुगु दैलेख, यिनीहरूलाई के कारणले छुट्याइएको हो ? यो अलि बुझ्न सकिएन यसमा पनि प्रष्ट हुन जरुरी छ । कानून तर्जुमा, मानव अधिकार र सूचनाको हक तथा मौलिक हक कार्यान्वयन सम्बन्धी कार्यक्रममा मात्र १ करोड ५० लाख विनियोजन गरिएको छ, एकमुष्ट, त्यो । अब यसमा एकमुष्ट के-के हो त ? कति गोटा ? कुन कार्यक्रम ? कुन गोष्ठी ? कुन जिल्ला ? के हो त ? त्यो त आउनु पऱ्यो । एकमुष्ट आयो भने त्यो वितरणमुखी र स्वविवेकीय हो जस्तो हामीलाई लाग्छ यसमा सुधार हुनुपर्छ । तालिम कार्यक्रमहरूको तपाईको पारदर्शिता हुनु पऱ्यो नि त त्यसमा यहाँनिर यो हामीले देखेनौं । त्यसैले यसमा मन्त्रीज्यूले पुनः यलाई संशोधन या लेखन गरेर ल्याउन म अनुरोध गर्दछु ।

सभामुख महोदय, म अब कृषि व्यवस्था न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/०७७ को विनियोजन बजेटमा म केही कुरा राख्न चाहन्छु । हो गत गत सालभन्दा यो मन्त्रालयले अहिले धेरैमा परिमार्जन गरेर बजेटहरू ल्याएको छ । यले समानुपातिक र समावेशी गर्ने कोशिश त गरेको छ तर त्यो हुन सकेको छैन र करिब करिब गत वर्षको भन्दा यलाई धेरै मान्नु पर्दछ । विशेष गरेर त्यो म कृषि मन्त्रालयले अह सबै कार्यालयको प्रशासनिक बजेटलाई समेत बजेट ब्रेकडाउन गरी ल्याएको छ, सकारात्मक छ । ब्रेकडाउन गरेर क्लियर छ । कुन मन्त्रालय ? कुन अफिसमा, कुन कार्यालय प्रशासनमा कति कति कुन जिल्लामा गयो ? भन्ने एउटा त्यो जानकारी भयो र कसरी बजेट दुरूपयोग हुन्छ ? भन्ने पनि मन्त्रालयले जानकारी दिएको छ । त्यो सजिलै पत्ता लाग्छ, त्यसको लागि पनि मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । र केही शीर्षकहरू यस्ता छन्, जुन अव्यवहारिक मात्र नभएर त्यहाँनिर अह हामीले अनियमितता छन् । बाटो नै नपुगेको स्थानमा जहाँ बाटो पुगेको छैन, त्यहाँ दुइपाङ्ग्रेको लागि हामीले मर्मतलाई ५ लाख विनियोजन गऱ्यौं । त्यहाँ दुइपाङ्ग्रे मोटरसाइकिल कुनै पनि यातायात साधन कसरी पुग्यो ? हिमाली जिल्लामा यस्तो स्वच्छ पानीहरू पाउँछ, हावापानी छ, त्यहाँ मेरा जिल्ला लगायत अन्य जिल्लामा मिनिरल वाटरमा ७०/७२ हजार विनियोजन गरिएको छ । के यो आवश्यक थियो र ? यसमा पुनर्विचार होस् । त्यस्तै फर्म तोकेरै बजेट ल्याएको थियो, यो वर्ष सुधार भई

आको छ तर मन्त्रालयमा अपारदर्शी र वितरणमुखी कार्यक्रम बढी बजेट विनियोजन भयो । अहिले पनि हामी भन्दै गयाथियौं । वितरणमुखी बजेट बन्द गरौं । उत्पादनमुखी बजेट ल्याऔं तर म यहाँ सभामुख महोदय, म सक्न लाएँ १ मिनेट । अब यहाँ सहकारी प्रबदन र क्षमता विकास तालिममा रू. २५ लाख प्राङ्गारिक अनुसन्धानमा अनुसन्धान केन्द्र विश्वविद्यालय फार्महरूसँग सहकार्य गर्न रू.२ करोड, चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रममा रू. १ करोड, व्यावसायिक कृषकहरूलाई ब्याज अनुदानमा रू. ३ करोड, न्यूनतम आय—आर्जन पाइलटिङ्ग कार्यक्रममा रू. ३ करोड, मेरो किसान मेरो अन्नदातामा रू. २ करोड, स्थानीय तहलाई अर्गानिक प्रोत्साहन कार्यक्रममा रू. १ करोड, उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा रू. ४ करोड, लक्षित वर्ग विशेष कार्यक्रममा प्रदेशभरि रू. १ करोड र भूमि समिति गठन तथा संचालनमा एक अब यहाँ तपा १ करोड । करिब करिब १७/१८ करोड यो त तपाई एक ढिक्कामा आयो त्यो त तपाईको विवेकले स्वइच्छाले तपाईले जहाँ पनि दिन सक्नुहुन्छ । यो वितरणमुखी हो यो कर्णाली प्रदेशको जनताले यो बजेट पाएका हुन् कि हैनन् ? यसमा संशोधन भएर सच्याएर ल्याउन पर्छ जस्तो लाग्छ । जस्तै हिमाली जिल्लाहरूमा त्यहाँ बढी तपाईको पशुपालनहरू हुन्छ, त्यहाँ खाली यो बजेट न्यूनतम २५ प्रतिशत मात्र हामी विनियोजन गऱ्यौं । अब हामी कृषिका नाउँमा काठेपुल र सडक बनेर १०/१० लाख विनियोजन गऱ्यौं । यसैले सभामुख, माननीय सभामुख महोदय, म यहाँ के भन्न चाहन्छु भने दुइटै मन्त्रालयबाट आएका विनियोजन बजेटमा पुनः विचार होस्, संशोधन होस्, सच्चाएर ल्याइयोस् । यदि यथास्थितिमै मन्त्रीज्यूहरूले ल्याउनुभयो भने यलाई पास गर्नलाई हामी नेपाली कांग्रेसले प्रतिपक्षको नाताले हामीले यलाई पास गर्ने कि नगर्ने हामी पुनर्विचार गर्न बाध्य हुने छौं भन्दै विदा हुन्छु, धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय श्री चन्द्रबहादुर शाही । यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार रहनुहोला ।

**माननीय श्री चन्द्रबहादुर शाहीः**- सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले कर्णाली प्रदेश सरकारको तर्फबाट विनियोजन विधेयक, २०७६ अन्तर्गत आन्तरिक मामिला तथा कानून मन्त्रालय, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका शीर्षकमा जुन छलफलको लागि टेबुल गरिएको जुन बजेट छ, यो बजेट सकारात्मक छ, यसको पक्षमा मैले सम्मान सर्मथन गर्न चाहन्छु । सभामुख महोदय, आँखा छोपी नरोऊ भनी भन्नु पऱ्याछ, मुटुमाथि ढुंगा राखी हाँस्नु पऱ्याछ । हामीले सिंहदरबारको अधिकार जनताका घरघरमा ल्याउनको लागि ठूलो संर्घष गऱ्यौं, लडाइँ लडेयौं जनतालाई त्यो अधिकार घरघरमा पुगायौं भनेर पनि आज सन्देश दियौं । मैले आज कृषि मन्त्रीज्यूलाई मात्र होइन, मैले मेरो सिंगो सरकारलाई, सरकारलाई मेरो आँखाबाट यतिखेर आँशु चुहाउन मात्र बाँकी छ । के को लागि हामी लडाइँ लडेयौं ? के को लागि संर्घष गरेयौं ? के को लागि त्यो जनतालाई सिंहदरबारको अधिकार हामीले गाउँगाउँमा पुऱ्यायौं भनेर हामीले भन्यौं ? आज बजेटको यो पुस्तिका आउँदाखेरि अस्तित्वका लडाइँ लड्दै आएका मान्छेहरू हौं हामी तर मेरो मुगु जिल्लाको नामै छैन । मुगु जिल्लालाई जुम्लाको ज्ञानकेन्द्रमा राखिएको छ । त्यस्तै अरु जिल्लाको पनि त्यस्तो गरिएको छ । हामीले यो कुरा बारम्बार उठायौं । यो कुरा बारम्बार सरकारलाई, सरकारका संयन्त्रलाई, हुँदैन जनताले भोलि बिहान हामीले के भन्ने ? के जवाफ दिने ? सिंहदरबारको अधिकार गाउँगाउँमा ल्यायौं भनेर जनतालाई नारा लगायौं । हिजो जिल्लामा भएका सेवा सुबिधा पनि दुई दिन तीन दिन टाढाको बस्तीमा जुन राखिने सेवा सुबिधा उपलब्ध गराउने नीति अवलम्बन गरेको छ । संघले त गऱ्यो गऱ्यो, प्रदेशले के कानून बनाएर हुन सक्छ, के बुँदामा टेकेर हुन सक्छ, हिजो जिल्लामा दिएका सुबिधाहरू अहिले पनि जिल्लामै लिनुपर्छ भनेर हामीले भनेयौं तर सरकारले सरकारका सम्बन्धित संयन्त्रले यो सुनुवाई नगर्दाखेरि असार लागिरहेको छ, हामी असारमा बाउ आमा

वितिएपनि घरमा थन्याएर धान रोप्ने सिजनमा बाउलाई मसानघाट लिँदाखेरि पनि मलाई फुर्सद छैन, भोलि पानी आउँदैन, भोलि रोपाई हुन सक्दैन । मेरो बाउलाई आज त्यहाँ राख म रोपाई रोपेर आउँछु भन्ने सिजनमा मुगाली जनता जुम्लाका प्रत्येक कार्यालयमा योजनाको भुक्तानी लिनको लागि लाम लागिरहेको त्यो दृष्य हेर्दाखेरि यो संघीयता अधिकारको लडाइँ के को लागि ल्यायौं ? आज जनताको आत्म रुने काम हामीले गरिरहेका छौं । त्यसो भएकोले मेरो आँखाबाट जनतालाई दुःख दिने लडाइँ पो लडिएछ त । जनतालाई दुःख दिने कुरामा पो अगुवाई गरिएको रहिछ त भन्ने मलाई लाग्याछ । सभामुख महोदय, मैले अघि भने यो बजेटको पक्षमा मैले समर्थन जनाएको छु तर काम गर्दै जाँदा माननीय मन्त्रीज्यूहरू सरकार कुहिरोमा हराएको काग जस्तै, अलमलिएको काग जस्तै, गर्दै जाँदा जाँदा त्यो कहाँ कहाँ हराउँछ, कहाँ कहाँ हराउँछ । मैले, यहाँ दलित लक्षित विपन्न तथा दलित वर्ग विशेष एकीकृत नमुना, अर्ग्यानिक कृषि प्रबर्द्धन कार्यक्रम प्राविधिकसहित भनेर केही जिल्लाको लागि मात्र भनेर अगाडि उल्लेख गरिएको छ । सभामुख महोदय, त्यही कुरा यतापट्टि आएर त्यो दलित लक्षित कार्यक्रमलाई कृषि सडक सम्भाव्यताका आधारमा छनौट गरी कार्यन्वयन निर्वाचन क्षेत्र कृषि सडक प्याकेज कार्यक्रम भनेर त्यो दलित लक्षित कार्यक्रम पछाडि हामीहरूको जे अब निर्वाचन क्षेत्रमा दलित लक्षित कार्यक्रम त्यो यो पुस्तिकामा हराएको अवस्था यहाँ देखिन्छ । त त्यो भकोले यो एक ठाउँमा एउटा कुरा, अर्को ठाउँमा गएर अर्कै कुरा, अर्कै व्यवस्था गर्ने कुरा नगरौं भन्ने कुरा मैले यहाँ राख्न चाहें । सभामुख महोदय, हामीले यो प्रदेशमा उत्पादन र रोजगारीलाई विशेष जोड दिनु पर्छ भनेर पहिलो प्राथमिकतामा सरकारले राख्दै आएको छ त्यसैले उत्पादन र रोजगारीसँग जोडिएका सबै कुराहरू अगाडि बढाउनु पर्छ भनेर पनि हामीले जोड दिँदै आएका छौं । नीतिमा यो प्रदेशमा उत्पादित भएको कपास र अल्लोका सामाग्री प्रदेश पोशाक बनाइनेछ भनेर नीतिमा आयो तर बजेटमा आउँदाखेरि हरायो । त्यसो भकोले के साँच्चिकै उत्पादन र रोजगारीमा जोडिएका कुरा हराएर छोडेर अनि झिनामसिना कुरामा मात्रै गरेर यो प्रदेशलाई हामीले सुखी प्रदेश सुखी कर्णालीबासी जनता समृद्ध कर्णालीबासी जनता गर्न सक्छौं कि सक्दैनौं भन्ने मैले सुझाव राख्न चाहें । अब अर्को यो आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग मैले धेरै कुरा राखिसके (समय, समयलाई ध्यान दिऔं माननीय सदस्य) यो डिजिटलको कुरा व्यापक आयो पहिलो वर्ष त डिजिटलै डिजिटल अब यो प्रदेश सबै डिजिटलको कुरामा निकै प्रचारप्रसार भयो । अन्तमा, अहिले डिजिटल मन्त्रीज्यूका त्यो कार्यालय र कोठाहरूभित्र जनता छिर्दाखेरि हत्केलो हा देखाएर छिर्नुपर्ने बाध्यता गर्नुपर्ने अनि त्यो त्यसैमा सीमित रह्यो । स्कुलमा डिजिटलको व्यवस्था गर्न नसकेर गाउँपालिकामा त्यो बजेट अब हालदियौं र गाउँपालिकाले त्यो कताकता अब हराउने काम गर्‍यो । यसरी प्रचारबाजी मात्रै व्यापक गर्ने तल जनतालाई राहत दिने काम कुरामा जाँदाखेरि हराउने काम नगरौं भन्ने सुझाव राख्न चाहें । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री यज्ञबहादुर बि.सी., यसपछि माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री यज्ञबहादुर बि.सी.ः** सभामुख महोदय, कर्णाली प्रदेशको चौंथो अधिवेशनको पाँचौ बैठकमा विनियोजन विधेयक माथि छलफल हुने क्रममा आर्थिक वर्ष ०७६/०७७ को वार्षिक विकास कार्यक्रम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको वार्षिक बजेटप्रति छलफलमा भाग लिन म उपस्थित भएको छु । सभामुख महोदय, म सर्वप्रथम कृषि मन्त्रालय अन्तर्गतको जुन वार्षिक विकास कार्यक्रम छ र यसैलाई म अगाडि दिन, राख्न चाहन्छु विशेष गरिकन कृषि मन्त्रालयले गत साल ०७५/०७६ को वार्षिक कार्यक्रमभन्दा यो वर्ष ०७६/०७७ को बजेटको विभिन्न चरणमा अलिकति समावेशिताको आधार अथवा समानताको आधार केही गरेको छ तर सभामुख महोदय, हाम्रो जस्तो कर्णाली प्रदेश कृषिमा आधारित र कृषि क्षेत्रलाई नै बढी अगाडि बढाएर कर्णाली प्रदेशका जनतालाई समृद्ध कर्णाली र सुखी कर्णालीबासी भन्ने सरकारको नारालाई परिपूर्ति गर्नका लागि यो कृषि क्षेत्र

नै हाम्रो कर्णाली प्रदेशको आधार हो, त्यस मानेमा यहाँ धेरै कार्यक्रमहरू आएको छ । कृषि ज्ञान केन्द्रकै आधारमा धेरै कार्यक्रमहरू प्रस्तुत भएको छ । तालिम, गोष्ठी, खरिद सामाग्री, औजारहरू त्यहाँ धेरै कुराहरू छ तर कृषि क्षेत्रमा आय—आर्जनका पाटाहरूमा विशेष गरिकन कर्णाली प्रदेश, अर्गानिक प्रदेश र जैविक विषादी कीटनाशक प्राङ्गगारिक मल र इत्यादि कुरालाई सभामुख महोदय, आत्मसाथ गरेर आय—आर्जनको पाटोमा आत्मनिर्भर गराउने जुन यो बजेटले व्यवस्था गरेको छैन सभामुख महोदय, किनभने हामीले चाहिँ विशेष गरिकन अर्गानिक खेतीकै यसमा जोड गरेका छौं तर अर्गानिक खेतीका निमित्त त्यलाई चाहिँ जैविक विषादी, कीटनाशक औषधी तयार गर्ने पूर्वाधारका केही कुराहरू उल्लेख छैनन् । र त्यस्तै त किसिमले कृषि ज्ञान क्षेत्रकै आधारमा केन्द्रकै आधारमा पूँजीगत बजेट र त्यसैमा पनि चालु खर्च चाहिँ समावेश गरिएको छ । जसमध्ये जस्तो कृषि ज्ञान केन्द्र दैलेख र सुर्खेत क्षेत्र समेट्ने गरी जुन यसमा उल्लेख गरिएको छ यसमा के छ भने देखिन ज्ञानकेन्द्र कै आधारमा कृषिका हरेक क्षेत्रहरू सभामुख महोदय, कार्यान्वयन गर्ने पक्षमा यसै बजेटले जुन तर्जुमा गरेको छ, त्यो आधारमा जस्तो दलित विपन्न परिवारलाई समेट्ने गरी अर्गानिक खेतीका कुराहरू छ, सिंचाइका कुराहरू छ, सडकका कुराहरू छ । सभामुख महोदय, यसमा चाहिँ सभामुख महोदयमार्फत् म प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु, यस गरिमामय सदनमा । यसबाट के प्रष्ट चाहिँ हुन्छ भने यो सरकार मलाई जहाँसम्म लाग्छ, विभेदकारी सरकार हो भन्ने मलाई लाग्दछ किन लाग्दछ भने संविधानको २०७२ अनुसार हामी दुइटै प्रणालीबाट निर्वाचित भएका प्रत्यक्ष प्रणाली, समानुपातिक प्रणालीबाट निर्वाचित भएका सांसदहरूलाई आज क र ख श्रेणीमा विभाजन गरिएको छ सभामुख महोदय । त्यसो भएर निर्वाचन क्षेत्र सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र २ (ख) मा यही कार्यक्रम अन्तर्गत चाहे त्यो सिंचाइ होस्, चाहे सडक होस्, कहिँ चाहिँ बाह्रौ तेरौं योजनाहरू समावेश गरिएको छ, ७५ यो दैलेख ज्ञानकेन्द्र अन्तर्गत सिंचाइमा ७५ वटा योजनाहरू छन् । त्यसमध्येमा सुर्खेत क्षेत्र नं. २ को (ख) मा १२ वटा सिंचाइ योजनाहरू कृषि सिंचाइ योजना समावेश गरिएको रहेछ सभामुख महोदय । त्यसमा विभेद गरिएको छ, समानुपातिक सांसदहरू, यदि यो सरकारले संविधान अन्तर्गतमा उल्लेख गरिएको क र ख श्रेणी संविधानमा लेखेको छ भने त्यसमा हामी स्वीकार गर्छौं सभामुख महोदय । होइन समानुपातिक र प्रत्यक्ष प्रणालीबाट दुइटै समान अधिकारबाट निर्वाचित भएका सांसदहरूलाई आज विभेद गरिरहेको छ यो सरकारले । म सभामुख मय महोदयमार्फत् विभेदकारी अन्त यो नीति यो सरकारले गरोस् । म त यो पनि भन्न के चाहन्छु भने सरकारको दायित्व विकास गर्ने हो, यो गरिमामय सदनले नीति र निर्माण गर्ने हो । त नीति निर्माण गर्ने थलोमा आज यो सरकारले नीति निर्माण गर्ने थलोको अथवा संसदीय फाँटलाई कर्तव्य विहिन बनाएको छ, सभामुख महोदय । के भन्देखिन आर्थिक वर्ष ०७५/०७६ मा हामी यस गरिमामय सदनका सांसदहरू र नीति बनाएको त्यसअनुरूप अनुगमन गर्ने प्रकृयामै हामी समावेश हुनुपर्छ भन्ने हामीलाई लाग्दछ, सभामुख महोदय । यहाँ चाहिँ बजेट तर्जुमा यो सरकारले उही हाम्रो संरचना नयाँ छ उदाहरणको लागि अब नयाँ बोतल उही रक्सी पुरानै भने जस्तो उही पुरानै प्रकृयाबाट यो सरकार बढिरहेको छ । यस मानेमा म चाहिँ सभामुखमार्फत् म सरकारलाई अनुरोध गर्न चाहन्छु विभेदकारी नीतिलाई अन्त्य गरोस् यो सरकारले र यो यो चाहिँ कर्णाली प्रदेशलाई समृद्ध बनाउनका लागि हामी यो गरिमामय सदनका सांसदज्यूहरूले जुन नीति निर्माण तय गरिसकेपछि त्यसको अनुगमन र समीक्षा गर्ने जिम्मेवारी दायित्व यो संसदमा रहने गरी यो सरकारले यो चाहिँ नीति यो सरकारले यो चाहिँ अनुगमनको पाटो अगाडि बढाओस् भन्ने कुरा बीच राख्दै मेरो भनाइ यही अन्त्य गर्छु । धन्यवाद, जय नेपाल ।।

**माननीय सभामुखः** माननीय श्री अम्मरबहादुर थापा । यसपछि माननीय श्री अमृता शाही तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापाः** माननीय सभामुख महोदय, यो आज ०७६/०७७ को विनियोजित बजेटको दफावार छलफल भूमि व्यवस्था कृषि सहकारी मन्त्रालयको र जाइने आन्तरिक मामिला मन् मन्त्रालयको छलफलमा सहभागी भएका छौं र यो छलफल हुँदा मिनेट सातै छ किताब धेरै ठूलो छ । यो अहिले यसका वि बुँदा बुँदा टिपेर छलफलमा भाग लिने हो भने पनि टयाम लाग्छ तर छोटकरीमै मैले के कुरा राखें भन्दा यो बजेट साँच्चिकै सोच्नुभाको होला सकारात्मक छ, साँच्चिकै किसानहरूका लागि यो होला । कृषि मन्त्रालय भनेको किसानप्रतिकै उत्तरदायी बोकेको मन्त्रालय हुन सक्छ । त्यसैले राम्रै ल्याउनुभाको होला तर मैले सरसरर्ती हेर्दा १० वटा त्यहाँभित्रका १० ओट १०/१२ वटा कार्यालयहरू रहेछन् मन्त्रालयदेखि तलसम्म । ती कार्यालयहरूको निर्देशनालय भन्याछ एउटा अदुवा ५० लाख भन्याछ । निर्देशनालयको काम त्यति हो, त्यो निर्देशनालयले गर्ने काम अरु केही रैन्छ । अन्य बाली विज्ञान, मत्स्य पालन, के पालन भन्याछ । विषय धेरै तोक्याछ पैंसा प्रशासनिक खर्चबाहेक अरु केही देखिदैन । मत्स्य पालन यो कर्णाली प्रदेशको मत्स्यपालन के ट्राबट माछा हो भन्न पर्‍यो । होइन भनेदेखि यहाँ त मत्स्य पालन त्यो बाँकि बर्दियाको मत्स्यपालन ल्याएर जाइने यहाँ कहाँ पानीको शुरुवात गर्ने हो ? यहाँ भेरी केरे कर्णाली करिडोर, केरे मध्यपहाडी करिडोर भन्याछ, करिडोरका हिसाबले अब त्यो खोलामा माछालाई संरक्षण गर्‍या भए हुन्थ्यो कि । माछा त प्रशस्तै खोलामै छन्, त्यसैले मत्स्यपालनले अहिले एउटा कृषिको अगाडि एउटा पोखरी छ त्योभन्दा बाहेकका पोखरी म काहीं देख्दिन । त्यसकारणले मत्स्यपालन के जाइने बाली बिउ उत्पादन, यो यस्तै यस्तै कार्यक्रम छन् तर मूल कार्यक्रम कहाँ छ भन्दा यलाई मैले सोच्दा दुःख मान्नुहुन्छ कि सरकारका मन्त्रीज्यूहरू । यसलाई किसानहरूका निमित्त हामीले समृद्ध नेपाल र समी सुखी नेपाली बनाउने हो भने किसानहरूका निमित्त यो मत्स्यपालनले सबै किसानहरूलाई छोप्छ कि छोप्दैन ? यले सबैलाई प्रयाप्त हुन्छ कि हुँदैन ? तर नयाँ किसिमका आधुनिकीकरण गरेर कृषिले प्रत्येक किसानले आफ्नो खुट्टामा निर्भर हुने गरी को कृषि कार्यक्रम त पोहोर साल त अलिअलि कता देख्थें मैले, अहिले त त्यो पनि शून्य छ । यो मन्त्रालय सिंचाइ मन्त्रालय हो कि कृषि मन्त्रालय छुट्टाउन धौ भइसक्यो । यो निर्माण मन्त्रालय हो कि यो कृषि मन्त्रालय हो, के हो यो ? यहाँ सबै प्रशासनिक खर्चबाहेकका अरु कुनै जनताका असल जनताले साँच्चिकै परिवर्तन हुने योजना एउटा छ भने पनि मलाई देखाउनु पर्‍यो । कृषि मन्त्रालय किसानको हकहितका निमित्त बोल्नपर्छ मैले बार बार भने । नयाँ आधुनिकीकरण गरौं । नयाँ नयाँ तरिकाका उत्पादनका कुराहरू अगाडि बढाऔं । एभोगाड पर्याप्त वितरण गरौं । कहाँ छ यो ज्ञानकेन्द्रभित्र एउटा विकास गर्ने केन्द्र भनेको ज्ञान केन्द्र मात्रै रहेछ । त्यसमा पनि त्यले के विकास गर्छ भन्दा, कृषि सडक, सडक, पुल अनि सिंचाइ त त्यहाँ त्यो गर्ने साधनस्रोत फेरि कृषि मन्त्रालयमा छैन, प्राविधिक छैन अनि त्यहाँ त्यस्ता त्यस्ता कार्यक्रम लिने किसानहरूको तरकारी तत्काल तरकारी उत्पादन गरेर किसानको ३/३ महिनामा जीवनस्तर उनीहरूको आर्थिक उ उपार्जन हुने विधिको कार्यक्रम खै ? त्यसकारणले यो कार्यक्रम मैले बुझेको यो एनजिओ स्टायलको छ, एनजिओ स्टायलको छ यो कार्यक्रम । यसलाई मैले सरकारको कार्यक्रमभन्दा पनि एनजिओको कार्यक्रम जस्तो कर्मचारी प्रशासन खर्च यति, बिजुली खर्च यति, तालिम ख खर्च यति अनि अर्को विकासमा २, २ लाख तालिममा छ १० लाखको हिसाब किताब गरेर यो बजेटले किसानको जीवनस्तर माथि उठ्छ कि उठ्दैन ? मलाई यो देखाउनु पर्‍यो कि किसानको मलाई मात्र हैन सन, सदनलाई देखाउनु पर्‍यो । किसानका निमित्त यो यो विशेष किसिमका फोकल गरेर यी कार्यक्रमहरू छन् है । अब कर्णाली प्रदेशका किसानले स्याउका फर्म बेस्सरी खोल्ने छन्, एभोगाडका फर्म खोल्ने छन्, किवीका फर्म खोल्ने छन्, सुन्तलाका फर्म यहाँ छन् भनेर देखाउनु पर्‍यो तरकारी व्यापकरूपले तरकारी उत्पादन गर्ने छन् तर किसानहरूको बजारका निमित्त कृषि मन्त्रालयले बजार व्यवस्थापन गर्नेछ भन्ने आवाज खै यहाँ । कहिँ छ ? छ भने मन्त्रीज्यूले मलाई

देखाइदिनु पर्‍यो । अर्थ मन्त्रीज्यूले राम्ररी हेर्दिनुपर्‍यो । त्यसकारणले यस्तो किसिमको अवस्थाले किसानको जीवनस्तर माथि उठ्न सक्दैन । किसानको जीवनस्तर माथि उठाउनको निम्ति त ३/३ महिनाभित्र किसानले खल्तीमा नगदै नगद राख्ने विधिको हिसाबकिताब गरेर त्यो पनि ठीक छ सबै १०सै जिल्ला सकिँदैन भने कुन कुन हुन पकेट क्षेत्र, त्यो पकेट क्षेत्रका किसानहरूले तिनको जीवनस्तर यसरी माथि उठ्छ भन्ने कुराको प्रमाणित गर्नुपर्थो कि परेन । त्यसैले यो कृषि मन्त्रालयको १० वटा यहाँ राख्नुभाको छ भूमि व्यवस्था कृषि सहकारी मन्त्रालय ४५ करोड, कृषि विकास निर्देशनालय ११ करोड, अर्को के करोड, अर्को बीउ उत्पादन करोड । बीउ उत्पादनमा पैंसा ४ लाख त्यसको खर्च चाहिने २ करोड अनि त्यो बीउ कहाँबाट हुने हो ? बीउको, बीउ राख्ने स्टोरहरू दुई १० लाख त्यहाँ त्यो १० लाख र परिचालन गर्नेहरूलाई १० लाख राखेर यो यसरी जीवननिर्वाह किसानहरूले गर्न सक्छन् जस्तो मलाई लाग्दैन । मैले यो विरोध गरेको होइन, सुझाव हो । कृषि मन्त्रालय किसानसंगै निर्भर हुनुपर्‍यो । किसानको जीवनस्तर कसरी माथि उठ्न सक्छ उठ्नु पर्‍यो । सामाजिक विकास मन्त्रालय शिक्षामा स्वास्थ्यमै निर्भर हुनुपर्‍यो । सडक स्वास्थ्यले बनाउने, सिंचाइ कूलो कृषिले बनाउने, अर यस्तो प्रकृयाको गतिविधि अगाडि बढ्यो भने यसले हाम्रो कर्णाली प्रदेशको विकास सम्भव छैन । त्यसैले नाइ कृषि सी साना सिंचाइ गर्न सक्ला । आफूसँग प्राविधिक भए नसक्ने होइन कृषि मन्त्रालयले, सडक गराउन सक्ला तर हामीसँग, हामीसँग प्राविधिकै छैन तर जुन मूल कुरा यस यो किताबमा कृषि सडक र सिंचाइ मात्रै छ महत्वपूर्ण कुरा योजना । किसानको जीवनस्तर माथि उठाउने भन्ने छैन । यो दोस्रो पो पोजिसनमा पर्न पर्थ्यो । कहाँ जाइने किसानलाई अनुदान दिने, केरे प्रोत्साहन दिने, कहाँ के क—कसलाई अर्को प्रोत्साहन दिने । यो प्रोत्साहन हैन पकेट क्षेत्र छानेर यहाँ तरकारी खेती, तरकारी खेतीको लागि यति पैंसा । हामीलाई होला मेरो क्षेत्रमा अर्कोको क्षेत्रमा १० वटा जिल्लामा १० पकेट बनाएर अगाडि बढेको भए हुन्थ्यो यो कुरा म कृषि मन्त्रालयका कुरा गरे अर्को आन्तरिक मन्त्रालयको कुरा त डिजिटलाइट भैसक्यो पोहोर सालदेखि । अहिले मैले सोधेको मलाई हामीसँग एउटा योजना पनि माग्या छैन । के हो ? त्यो पनि थाहा छैन । मैले सोधेको वारीपारी समानुपातिकको लागि हो भन्नु भाछ । हाम्रो प्रत्यक्षको लागि हो भन्नु भाछैन । यो सांसदहरूलाई डिभिजन गर्ने काम भाको छ । ठीक छ सांसद समानुपातिक प्रत्यक्षका समान अधिकार राख्छन् । त्यसमा मेरो विमति छैन सांसदहरूलाई समानुपातिकलाई हो अथवा प्रत्यक्षलाई हो भने यो सांसदलाई डिभिजन गर्ने कुरा भयो कि भएन । त्यसकारणले यसमा अलि होसियार । कानून मन्त्रालय अझ साझ त्यसैमा लड्ठी लाउने गृह मन्त्रालय पनि त्यही छ । संचार व्यापक प्रचार गर्ने मन्त्रालय पनि त्यही छ । त्यले अलि ध्यान पुर्‍याउनु पर्थ्यो । यो मैले सोधेको जवाफ दिनुहोला यो समानुपातिक लागि हो यो वर्ष, अर्को वर्ष प्रत्यक्षको लागि हो अर्को वर्ष अर्को कुनै विचौलियाको लागि भन्ने भयो भने बरबाद भयो नि त्यसकारण कसैलाई भागभण्डाको रूपमा हैन, समग्रमा यो कर्णाली प्रदेशको विकासका निमित्त, यो कर्णाली प्रदेशका जनताको जीवनस्तर उठाउने विषयका निमित्त, यो कर्णाली प्रदेशको राजश्व अशुलउपर गरेर यो कर्णाली प्रदेशलाई बलियो बनाउनका निमित्त बारबार भनियो, अहिले पनि खै अब विद्युत मन्त्री यसो अनुहार हेरिराछु मैले विद्युतको विषयमा अहिलेसम्म केही आ'छैन । जडिबुटीको विषयमा केही आको छैन, अब त्यो आउँदै छ होला तर त्यसकारण कुरा गर्न चाहन्छु कि कृषिबाटै पनि जनताको जीवनस्तर माथि उठाउने कुरा, कृषिबाटै पनि यो प्रदेशको जाइने राजश्व असुलउपर गर्ने कुरा, व्यापक ठूला ठूला फर्महरू खोलेर यो प्रदेशको उन्नति प्रगति गराउनका निमित्त हामी लाग्न पर्ने हो, यो कुरा लागिएको छैन । यो एनजिओ स्टायलले यो सरकार नचलोस् यही शुभकामना दिन चाहन्छु । धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री अमृता शाही । यसपछि माननीय श्री रातो कामी तयार रहनुहोला ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, आज आर्थिक वर्ष ०७६/०७७ को वार्षिक विकास कार्यक्रमको म सहभागी हुँदै गर्दा अरु मेरो स्वर अलि स्यानो छ, ध्यान दिएर सुन्नुहोला । म धेरै कुरा सबै आइसकेको छ म धेरै भन्न पनि चाहन्न । कृषि मन्त्रालयको कार्यक्रम पोहोरको भन्दा अहिले सबभन्दा अलिकति चित्त बुझेको कार्यक्रम पारदर्शी भयो किनकि उहाँले एकदमै कहाँ कति खर्च भको छ ? मन्त्रालय अन्तर्गत कर्मचारीको तलब, भत्ता, पोशाक सप्पै हाल्नुभको छ । यो एकदम ठीक छ, यसको लागि धन्यवाद । अह अरु, अरु पनि पोहोरको भन्दा अलिअलि प्रगति भएकै छ, अझैं पनि जस्तै अह यसमा नारा चाहिँ एकदम राम्रो छ किसानको, हाम्रा किसान हो कि के भने यहाँ कता नारा लेख्याँ थैं, किसान मेरा अन्नदाता भन्ने एउटा नारा छ, अन्नदाता किसान त अब पहिला पनि थिए होलान्, अहिले पनि छन् तर यो कृषि मन्त्रालयले चाहिँ एकदमै उहाँहरूको आवश्यक चाहि पूरा गर्नु पर्‍यो । उहाँहरूले नगरसित अथवा गाउँपालिकासित हुन्छ कि, वडासित हुन्छ कि, समनय गरेर हुन्छ कि के गरेर हुन्छ, कृ कृषकहरूले अहिले बेलामा मल छैन । हामीले त कर्णाली प्रदेशको केरे अर्गानिक खेतीको बारेमा धेरै कुडा गरेका थियौं यो भन्दा पहिला वर्ष त्यो भन्दा पहिला पनि अर्गानिक खेतीको बारेमा कुडा गर्‍यौं । अहिलेसम्म त्यो अर्गानिक भन्ने कुरा हामीले देख्न पनि पा'छैनम्, खान पनि पाइया'छैन । खाली रुपैडियाको तरकारी विषादीमा बाहेक अरु त्यो पनि अस्तिनै कता रोकिएको थियो, त्यो पनि अहिले फेरि सरकारले खुलायो भन्ने सुनेको छु मैले हिजो साँझ समाचारमा सुनेको थिएँ । हाम्रो कर्णाली कृषि प्रधान देशमा हामीले पहिला भन्ने बेला चाहिँ भनिम् अर्गानिक खेती गरेर यो कृषिलाई ए कर्णालीलाई अर्गानिक कर्णाली बनाउने भनेर । अब दुईटा तीनटा बजेट पर प्रस्तुत भैसके, अहिलेसम्मन त्यो अर्गानिक हुन सकेन । अलि प अस्थिफूरा मन्त्रीज्यूले ०७५ को होला सायद् ०७४/०७५ को बजेटको केरे बारेमा थोरै म भन्न चाहन्छु । उहाँले बाख्रा वितरण गर्ने क्रममा हाम्रो नगरपालिकातिरको १ नं. क्षेत्रतिर लगेर मलाई पनि निम्तो थियो पहिलो चोटी, त्यो क्यान्सिल भयो । दोस्रो चोटी फेरि भन्नु भको थियो त्यो पनि क्यान्सिल भयो । तेस्रो चोटी चाहिँ कहिले लगेर बेच, केरे वितरण गर्नुभएछ त्यो । त्यो मलाई थाहा भएन किनकि अब महिला कृषि मन्त्री हुनुहुन्छ । कमसेकम म महिला, म पनि महिला सभासद् भको नाताले मलाई पनि त्यो ठाउँमा लगेर अनि किसानहरूलाई मैले पनि चिनेको छु होला । त्यो भ भएन एउटालाई दिने, एउटालाई नदिने । होइनिर एउटा घरलाई दिने, एउटा घरलाई नदिने भको कारणले उहाँहरू कोही रुष्ट हुनुहुन्छ, कोही रुष्ट हुनुहुन्छ । यो चाहि कृषि मन्त्रालयले गर्नुभएन सबै किसानहरूलाई बराबरी गर्नुपर्‍यो र सबै किसानहरूको आर्थिक उन्नति पनि हुनुपर्‍यो र कतैबाट केही गुनासो हामीलाई पनि सुन्नु नपरोस् । तिमीहरू कर्णाली प्रदेशका माननीय भएर केही पनि हामीलाई दिएनौं भन्न किसानको मुखबाट सुन्न नपरोस्, । यो चाहिँ मैले कृषि मन्त्रीलाई भने । यहाँ मल, केरे औजारहरूको बारेमा भन्नुभको छ, यो किताबमा मात्रै ल्याएर किसानहरूले सुख पाउँदैनन् । यो औजार चाहिँ हजुरले किसानको पकेट क्षेत्र कहाँ हो, त्यहाँ लगेर बाँड्न पर्‍यो, पोहोर साल पनि भएन, अहिलेसम्मन पनि अब बर्खा लागिसक्यो । अहिले सम्मन पनि छैन । अब कहिले पाउने किसानले र कहिले खेती गर्ने, यसमा चाहिँ हजुरले एकदमै ध्यान दिनुपर्छ र समानुपातिकको सभासद् र उसको बारेमा अलिकतै म भन्छु । यसमा विभेद चाहिँ नहोस्, हामी सबैलाई बराबरी हैसियतमा राखियोस् । कुनै पनि मन्त्रालयले यसमा विभेद नगरोस् भन्ने भन्न सुझाव दिन चाहन्छु र च्च यो अन्तरिक मामिला मन्त्रालयहरूको मैले यहाँ सबैतिर हेरे, द्वन्द्व पिडित राहात छ । यहाँ द्वन्द्व पिडितको बारेमा अलिकति भन्छु म । द्वन्द्व पीडितको बारेमा तपाईले योभन्दा पहिला पनि यो कार्यक्रमको बारेमा के कति कहाँ कतिले राहत पाए । यसको बारेमा पनि जानकारी पाऊँ र सही वास्तविक द्वन्द्व पिडितले पाउनुपर्‍यो । किनकि अहिले रुखबाट लडेका पनि हामी

द्वन्द्व पिडित भनेर आउने र अनि आपस-आपसमा झगडा परेर मरेकालाई पनि द्वन्द्व पिडित भनेर यसमा लेख लेखामा राख्ने र वास्तविक द्वन्द्व पिडितले राहत नपाउने र उहाँहरूको लागि एकदमै सरकारले ध्यान देओस् र यो मन्त्रालय प्रत्येक मन्त्रालयमा यो डल्लो बजेट छ नि, यो डल्लो बजेट । यो फिंजाएर यो कर्णाली प्रदेशका जनताले चाहिँ एकदमै यो सरकार भको अनुभूति गराओस्, यो सरकारले राहत दिएको अनुभूति गराओस् र यो द्वन्द्व पिडितले पनि १० वर्ष द्वन्द्वको बेलामा द्वन्द्व पिडित भकालाई यहाँ घाइतेहरूको बारेमा भनिएको छ, पुनः स्थापन केन्द्र घाइतेहरूको लागि एकदमै सरकारले ध्यान देओस् । अहिले पनि घाइतेहरूले अब आफ्नो शरीलमा छर्रा गोली घाउ बोकेर हिडिरखेका छन् यसको बारेमा पनि सरकारले ध्यान देओस् र कृषि मन्त्रालयको बजेट अथवा यो सामाजिक अन्तरिक मन्त्रालयको बजेट यदि डल्ला छन् नि, यिनी डल्लाभरि फुटालेर प्रत्येक कर्णालीबासीको सुख सुबिधा यो नारामा मात्रमा सीमित नहोस् र उहाँहरूको इच्छा आकांक्षा अथवा एक माना खान । नाना, खाना, छाना यहाँ छ यसमा तर खाना वास्तविक पाउन भन्ने सुझाव दिनै मेरो भनाई यही अन्त्य गर्छु हओस् त धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुख :** माननीय श्री रातो कामी । यसपछि माननीय श्री झोवा वि.क. तयार रहनु होला ।

**माननीय श्री रातो कामीः-** सभामुख महोदय, आज कर्णाली प्रदेश सरकारले ल्याएको बजेटउपर हामी छलफल गरिरहेका छौं र त्यस सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको बारेमा छलफल गर्न म उभिएको छु । सर्वप्रथम त कर्णाली प्रदेश सरकार अन्तर्गतका दुई वटा मन्त्रालयले जे जति बजेटहरूको व्यवस्था गरेर यहाँ ल्याइपुऱ्याएको छ । यसमा म धन्यवाद दिंदै यो बजेटको सकारात्मक रूपमा अगाडि बढ्नेछ भन्ने कामना गर्दछु र पहिलो कुरा यो कानून मन्त्रालयको बारेमा धेरै चाहिँ बजेट पनि छैन, धेरै टिप्पणी गर्न लायक कुरा पनि छैनन् । यसले सुशासनलाई व्यवस्थित गरेर अगाडि बढाउने सन्दर्भ डिजिटल प्रदेशको अवधारणा गरेको छ । यसका बारेमा डिजिटल प्रदेश बनाउने कुरा जो छ यलाई चाहिँ अलि देखिने गरी सर्वसाधारण अथवा जनसाधारणले देख्ने गरी र हामीले पनि देख्ने गरी यानिकी तल डिजिटलको बारेमा कुरा उठिराखेको बेला हामीले जवाफ दिने गरिकन यो मन्त्रालयले कामकाज अगाडि बढाउनु पर्छ । त्यो प्रकारको अहिले पनि देखिया छैन गत वर्ष कारागारको निर्माण डिजिटल विद्यालयको पैंसा जो विनियोजन भएको थियो, त्यो खर्च हुन सकेन । यो वर्ष पनि अगाडि सारिएको छ । यसलाई यो वर्ष निश्चित रूपमा अगाडि बढाउने प्रकृयामा यले चाहिँ सफलता प्राप्त गर्नुपर्छ भन्ने मलाई लाग्दछ । कृषि तथा सहकारी गरिबी निवारण अथवा चाहिँ यो भूमि व्यवस्था मन्त्रालयले बजेट ल्याएको छ । यो मन्त्रालय जनसाधारण र अलि सप्पैको सुझाव पनि आएको छ र आलोचना पनि भैरहेको छ । यो मन्त्रालयप्रति सर्वसाधारण जनतादेखि लिएर कर्णाली प्रदेशका अधिकांश जनसमुदायको आशा अपेक्षा पनि यतातिर छ किनभने कर्णाली प्रदेशभित्र हामी रोजगारीको हिसाबले हामी नगण्य मात्रामा छौं । र सबै कर्णालीबासीहरू कृषिमा आधारित कर्णालीबासी हुनुको नाताले यो मन्त्रालयप्रति गरिने टिप्पणीहरू, आशाहरू, आलोचनाहरू यो स्वभाविक छन् भन्ने मलाई लाग्दछ । र यसले एक वर्ष, डेढ वर्षको अन्तरकालमा व्यापक ढंगले आएका सुझावहरू, सल्लाहहरू जे जति छन् त्यसको मन्त्रालयले अथवा कर्णाली प्रदेश सरकारले संश्लेषन गरेर अलिकता चाहिँ जनतालाई जवाफ दिनुपर्नेमा बजेट अहिले पनि अलि भावनात्मक तरिकाले आया आइपुग्या चाहिँ छ । कुनै पनि दुनियाँ भावनाले चल्ने होइन । दुनियाँलाई चित्त बुझाउन सकिन्न । यसको एउटै मात्र हो, ठोस कार्यविधि बनाएर मान्छेलाई देखिने गरी काम गर्नु जरुरी छ र त्यो तरिकाले बजेट अहिले पनि आउन नसक्दा मलाई चाहिँ केही दुःख लागिरहेको छ । त्यसो भएको हुनाले हामीले कर्णाली प्रदेशलाई शुरुमै यो प्रदेश अर्गानिक प्रदेश हुनेछ भनेर हामीले चाहिँ व्यापक ढंगले एउटा नारा हामीले दियौं । अर्गानिक बनाउनका लागि के कस्ता पूर्वाधारहरू हुन् त ठूला अहिले, अहिले अर्गानिक बनाइसकेपछि अर्गानिक प्रदेशको जवाफ के हुन्थ्यो

भने जैविक मलका केही ठाउँमा केही स्थानमा कारखानाहरू खोलिसकेको हुनुपर्थ्यो । जैविक मल नबनाइकन जैविक विषादी मतलव चाहिँ जैविक ओखती नबनाइकन हामीले कसरी अर्गानिक बनाउन सक्छौं ? त्यसको चाहिँ त्यलाई रोक्ने मात्रै कुरा त त्यसको हल होइन ? विकल्प चाहिँ त्यसको हुनु पर्दछ र हामीले चाहिँ रासायनिक मल रोक्नका लागि, रासायनिक विषादी रोक्नका लागि, हामीले जवाफ कहाँ दिने हो अहिले ? हामीले त्यो कृषि मन्त्रालयको मात्रै कुरा नभइकन सिंगो कर्णाली प्रदेश सरकारले त्यसका बारेमा गम्भीरतापूर्वक छलफल गरेर सबै क्षेत्रबाट आएका राय, सल्लाह, सुझावहरूलाई लिएर त्यसको चाहिँ अहिले गरिनै हाल्नुपर्थ्यो । त्यो कुरा नहुँदा अहिले हामीले चाहिँ यो सानो सानो, साना सिंचाइहरू, साना चाहिँ मतलब चाहिँ बाटोघाटो, सानो म कुलाहरू के-के अब अरु अलिअलि गर्ने कुराले यसको जवाफ दिन सकिन्न र अहिले पनि सरकार करिब करिब यो विषयमा चुक्यो भन्ने मेरो कुरा हो । त्यसोभको हुनाले त्यति मात्रै नभइकन यो भावनात्मक बजेट मैले किन भनिरहेको छु भन्दा हामीले गर्नुपर्ने विषयमा केवल यो कुरा गरिरहँदा कुनै जिल्ला विशेषभन्दा पनि कर्णाली प्रदेशलाई फोकस गरेर गर्नुपर्ने काम केही न केही एक दुइटा हुनु पर्दथ्ये । त्यो कुन सकिराख्या छैन । हुन त यो देश, हामीले सुनेका छौं हाम्रा पूर्वजहरूबाट यो सतीले सरापेको मुलुक हो । सत्य कुरा जहिले पनि अल्पमत रहन्छ र हामी गरिब भएका छौं । हामी ओरालोतिर लागिरहेका चाहिँ छौं । ठीक कुराको जाइने बहुमत अथवा ठीक कुराले चाहिँ प्राथमिकता पाइरहेको छैन । कर्णाली प्रदेशभित्र कृषिका क्षेत्रमा चाहिँ गर्नुपर्ने कामहरूको बारेमा किसानहरूलाई अहिले मतलब मात्रै एउटा योजना आएको छ, त्यसको म स्वागत गर्न चाहन्छु । हामीले वितरण गरेर कुनै पनि चाहिँ मान्छेलाई चाहिँ हामी न त तलबाट वर्गले पाउँछ, उत्पीडित वर्ग गरिखाने किसानहरूले त्यो चाहिँ मतलव अनुदान रकम पाउँछ । त्यलाई अहिले रोक्न प्रयत्न गरिएको प्रयास गरिएको छ । त्यो ठीक छ । जो जति किसानहरूले जे जस्तो आफ्नो पेशा धन्दा अथवा व्यवसाय गर्न खोजेका छन् तिनीलाई सहुलियत ऋण प्रवाह गर्ने जो कुरा छ, यो महत्वपूर्ण कुरा हो । यो त्यसै मासी खाने मान्छे ऋण कार्न आउँदैन । उले केही न केही गर्नका लागि आउँछ । यो केही न केही संकेत ठीक छ, यलाई चाहिँ अब हामीले प्राथमिकतामा लिनु पर्दछ । त्यति मात्रै नभइकन अर्को, अहिले कर्णाली प्रदेश सरकारले अति गरिबसम्म पुग्नका लागि एउटा कार्यक्रम स्वागतयोग्य कार्यक्रम लिएको छ । यद्यपि पूर्ववक्ता माननीयज्यूले त्यो काहिँ फेरि चाहिँ कता। लर्खकिन खोज्यो भन्ने कुरा पनि मैले यहाँ सुने मैले त्यो किताब हेर्न त्यस्तो पायाछैन । त्यो चाहिँ अति विपन्न र दलित लक्षित भनेर चाहिँ केही पैंसा गएको छ, त्यलाई सही ढंगले सदुपयोग गरेको खण्डमा निश्चित रूपमा त्यो चाहिँ त्यो वर्ग त्यो अति विपन्न र दलितहरूले प्राप्त गर्छन् र तिनलाई पनि कुनै बजेटमा चाहिँ मान्छेलाई हामीले के बानी बसाल्नु हुँदैन भने उनीहरूले मागिखानेतिर भन्दा पनि हामीले गरिखानेतिर स्टिमलाई अगाडि बढाउनु पर्दछ । हामीले चाहिँ माछा मारेर दिने होइन, उनीहरूलाई माछा मार्न हामीले बल्छीको व्यवस्था, पासाको व्यवस्था गर्दिने हो । ढ्वाली बुझ्न सिकाउने हो । यो बारेमा त्यो रकम त्यतातिर जाओस् । नत्र भने त्यो रकम फेरि, फेरि अर्को वर्ष चाहिँ त्यो ४० को ठाउँमा ८०, ८० को ठाउँमा माग्दै जाने र फेरि अर्को जाइने विडम्बना खडा हुन्छ । त्यसलाई चाहिँ हामीले सही ढंगले सदुपयोग गर्नका लागि प्रदेश सरकार र सम्बन्धित मन्त्रालय वरचनाखो भएर लाग्नका लागि म सुझाव दिंदैं बजेट जे जस्तो ढंगले आएको छ, यसका सुधारात्मक पक्ष व्यापक हुँदाहुँदै पनि बजेटप्रतिको बुझाइ सकारात्मक ढंगले अगाडि बढिरहेको छ भन्ने बुझाइ राख्दै विदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री झोवा वि.क. । यसपछि माननीय श्री मिनासिंह रखाल तयार रहनुहोला ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, यो ०७५ ओ ०७६/०७७ को कानून कृषिको कार्यक्रममा म भाग लिंदैछु । अब यो किताब चाहिँ आएछ, खुशी लाएछ रंगीचंगी । कैले मन्त्रीले हरियो ल्याउँछ, कैले

रातो ल्याउँछ, कैले फेरि भोलि कालो पनि ल्याउने होला क विभिन्ना किसिमको किताब ल्याउँदैछ, खुशी पनि लाग्यो । कैले हरिया हेर्नु, कैले रातो हेर्नु, कैले निलो हर्नु मन लागेछ । अब यो नौटंकीय डाँफे रंगीचंगी हो किताबमा । कामकाज चाहिँ एकातिर कुम्लो बोक्ने ठिमतिर अब हामीलाई कार्यक्रम ल्याएपछिमा यो मुगुको सीमानामा ८५ ह त्यही लाखले हामीले के हुन्छ त ? केही हुँदैन । त्यसो कार्यक्रम ल्याउँदाखेर मन पनि दुःखेछ एकदम । यो त काँतिर के गरम् ? नमुना गाउँ बनाउँदैछ भन्छन्, गाउँ बना भन्छ म त नि थाहा नपाएर यो नमूना गाउँ भन्ने त के होला भने ? खुशी धेरै लाग्यो । एकदम खुशीले एइ नमूना गाउँ हामीले देखे पनि नौ, नाइ । यो कृषि मन्त्रीले यसो भन्छ यो क्या हो यो । धेरै रंगीचंगी होला सोचाइ राखेर ८५ लाख त्यहीले नमूना गाउँ हुन्छ कि हुँदैन थाहा पनि नाई । अनि हाम्रो कानून मन्त्रीले अब डिजिटल स्कुल भन्छन् त्यलै अब डिजिटल स्कुल भने त के होला भनेर म खुशी लागेर अब त्यैले फेरि कति यो १० लाख, २० लाखलाई कति क्यान डिजिटल स्कुल हुने हो कि म थाहा छैन । यसरी दुःख लाग्न्या अब भन्नेलाला यति रंगीचंगीको कुरा गर्छन् । बेलगरै रंगीचंगीको कुरा गर्छन् हो त्यै किताबलाई त्यै भने होला नाना, छाना, खाना भन्नेइ खाना नाना छाना भन्ने चाहिँ यति किताब ल्याउला भनेर त्यही नाना, खाना, छाना त होला अनि ल्याउने चाहिँ यैले योजना त केही त्यै हामीलाई बरी ल्याउदैन त । केही त चित्त बुझ्नेको त्यही केरे त्यही योजना हामीले केही त ल्याउँदैन । मेरो मनमा त घाम लागेछैन, रुयौं हासौं कि झैं लाकेछ । अनि तपाईको हाम्रो कृषिको मन्त्री हाम्रो सबैको माननीय चाहिँ अन १२/१३ जनाको आमा हो । आमामा डाढुपेन्यु तपाईको हातमा छ । हामी आश मानेछ, कसै भोकै न कसै पेटभरि नदिनुहोला, पाप लाग्छन् । कसैले चाहिँ माथि लेख पुग्नुसम्म, कसैले चाहिँ खोला पुग्नुसम्म, हातमा डाढुपेन्यु हुनुवित्तिकै यस्तो गरेपछिमा मान्छेको कसै भोकैले मर्ने, कसैले फेरि पेटभरि उल्टी गर्नसम्म दिएपछिमा भोलि चाहिँ अलि त्यहीको मा भोक लाग्नेको त्यै पनि तपाईहरूले पाप लाग्छन् । अब यो देखिपछि मन्त्रीहरू सबैलाई हो, अब ल्याउ अझ ल्याउँदै होला कसोरी फेरि कसो रातो हुन्छ कि कसो सेतो हुन्छ कि किताब ल्याउने त होला । हामी त मनमा घाम लागे छैन । आनि १ करोर भनेर त्यहीमा ९० मा गयो फेरि त्यहीमा फेरि ७५ मा ८५ मा गएछ । के कारणले गयो हो कि घट्दै घट्दै अनि के गर्न्या हो कि मु उ त्यै सर सर्पलाई चाहिँ दुई जिब्रो हुन्छन्, त्यै केरे ल्वाललाई दुईपाल हुन्छ क । मान्छेले कहिले दुई जिब्रो हुँदैन १ बोल्यो त्यतिकै १ मा बैने हो अनि फेर्दै फेर्दै आएपछि मात्रै मान्छे पछितिर यति दिउन भन्छ यै त्यही त हो र फेरि घट्ने त होला भन्ने मान्छे फेरि त्यही त्यै विश्वास पनि हुँदैन । बरु चाहिँ अगागेर न कम दिनु पर्छन् पछि बढ्नुलाई राम्रो कुरो हो । अगेर बढिछ भनेर मान्छेलाई आश्वासन लालोभ राम्रो दिएपछि घटाएपछि हामी दुःखै नै लाग्छन् । हाम्रो माथितिर ९ त्यै केरे महिना काम गरे पछिमा तीन महिना पनि पेट नेपाल्नेको क्षेत्र हो । माथितिर गारी जाँदैन, तेरकारी लिने कोही पाउँदैन । गारी नगएपछिमा तेरकारी कहाँबाट आला । हो किसान गरेर खाने त हो त । अदि किसान गरेर कानेलाई त्यही गाउँमा हाम्रो चाहिँ जे सुकैले श्रीचाहिँ रोपेको धान मात्रै हुँदैन अरु जे सुकै त्यहीमा खेती गरेपछिमा आउँछ । त्यही खेती गर्नेलाई काम दिनु पऱ्यो त । काम दिएपछिमा हामी खेती गर्न्या मान्छे त छ । हामीले जग्गा पनि छ, त्यहीलाई फेरि यैले बढी नै हालेपछिमा उही मान्छे आश लाग्छन् । हामीले पनि माथि भन्छन्, तपाई माननीय गरेर यति मात्र हो ? यो त को खाने, को हेर्ने हो भन्छन् । अब कसै खाने, कसै हेर्ने भएपछिमा त्यही हेर्नेको मन के होला ? अब त्यही हेरी बस्ने । त्यही टुलुटुलु खाला, त्यही हेरेर आँखा चुहाइ गरेर हेरेर बइन पऱ्यो । अब के गर्न्या त हओस् । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः**- माननीय श्री मिनासिंह रखाल । यसपछि माननीय श्री सोशीला शाही तयार रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः**- सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम कृषि तथा भूमि सुधार मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट आएको यो विधेयकमाथि छलफलमा रहेका छौं । सभामुख महोदय, जल, जमिन जलस्रोत र जनसंख्या नेपालको आधार हो । नेपालमा ८० प्रसेन्ट कृषकहरू छन् र विदेशबाटै अन्न बाली भित्राएर जिविका चलाउनुपर्छ र हामीले कर्णाली प्रदेशलाई अर्गानिक भनेर घोषणा गरेका छौं तर हामीले तरकारी भारतबाटै ल्याएर खानुपर्छ र जुम्लाका मार्से धानले महत्व पाएका छैनन् । सुर्खेतका डाँडा मसुलीले ठाउँ पाएका छैनन् । दैलेखका गुडे धानले ठाउँ पाएका छैनन्, महत्व पाएका छैनन् र पनि आज हामी कृषिकै बजेटमाथि छलफल गर्दैछौं र यसपालि कृषिबाट हामीले आफूलाई पनि महशुस गरेर कार्यक्रम आएको देखेका छौं र यो कार्यक्रम ल्याउनु भन्दा अगाडि पनि कृषि मन्त्रीज्यूले अघि नै आइसक्यो समानुपातिक र प्रत्यक्ष भन्ने कुराहरू गत वर्ष हामी अलिकति विभेदमै थियौं, विभेद थियो हामीमाथि तर यस पाली सबै माननीयलाई पुग्ने गरेर २ अरब ३३ करोड ६५ लाख २९ हजार चालुमा र एक अरब ९ करोड ४० लाख ५० हजार पूँजीगतमा गरेर । हामी पूँजीगतकै हिसाबबाट सबै माननीयलाई ४० लाख रुपैयाँ माननीयकै हैसियतबाट वितरण गर्ने जुन कार्यक्रम यहाँ आएको छ, त्यसमा मलाई अलिकति टिप्पणी के गर्न लागिरहेको छ भने कार्यक्रमको नाम के छ भने कार्यक्रमहरू दलित अति विपन्न तथा लक्षित वर्ग र विशेष एकीकृत नमूना अर्गानिक कृषि प्रर्बद्धन कार्यक्रमसहित प्राविधिक ४० लाख भनेर जुन प्रत्येक माननीयलाई छुटाउनु भएको छ यसले के देखाउँछ भने अति गरिब, अति विपन्न दलित त्यस्ता दलितको त जग्गा नै छैन । त्यस्ता दलितको घरबासै छैन र त्यही पनि कोही धनी छन्, कोही गरिब छन् र एउटा नमूना जो हामी पालिका बनाउँछौं अथवा वाड बनाउँछौं टोल बनाउँछौं । त्यसमा त्यति अति विपन्न गरिबहरूको जग्गा नभएको देखिन्छ र तिनीहरूलाई अर्गानिक हामी कसरी बनाउने भन्ने कुराहरूको अलिकत प्रसंग मात्रै मैले उठाएको छु र यहाँ जति पनि कार्यक्रम आएको छ । जुन कृषिले दिनुपर्ने कार्यक्रमहरू भौतिकको देखिन्छ । कृषि सडक, कृषि सडक कृषिले, कृषि सडक भनेर भौतिकको यो योजना कृषि गर्ने, सिंचाइ भौतिकको योजना कृषिले गर्ने, अघि नै भनिसक्नुभाछ अनि प्राविधिक कहाँबाट उपलब्ध गराउने ? र हामी गत वर्ष पनि त्यस्तै प्राविधिकविहिन भएर धेरै कार्यक्रमहरू अधुरा रहेका छन् र यसपालिको बजेट समानुपातिक समावेशी भएको अझै पनि देखिदैन । यहाँ पनि वितरणमुखी भएको देखिन्छ कृषितिर र धेरैजसो चालुतिर तालिम, गोष्ठी, सेमिनार, भत्ता भनेर बजेट विनियोजन भएको छ । र विकासतर्फ त्यति ध्यान दिएको देखिदैन र हामीले अर्गानिक भनेका छौं भने कुनै एउटा जिल्लामा अर्गानिक पालिकाको लागि अर्गानिक पके पकेट छुट्टाएको हुनुपर्थ्यो त्यो आउन सकेको छैन । र हामीले अर्गानिक घोषणा गरिसकेपछि कुनै पनि नमूना अर्गानिक पाकेट, पकेट क्षेत्र पालिका होस् या जिल्ला होस् भन्नु पर्थ्यो त्यो आउन सकेन र कृषिले जुन उद्देश्यले यो कार्यक्रम लिएर आयो, त्यो उद्देश्यअनुरूप चाहिँ अलिकत समानता भएको मैले देख्दिन । त्यही पनि धेरै दुःख गरेर ल्याउनुभएकोमा म उहाँलाई धन्यवाद दिन चाहन्छु र आन्तरिकको कुरा, यहाँ आन्तरिकमा धेरै एउटै शीर्षकमा चाहिँ धेरै कुराहरू परेका छन् । अब यो डिजिटल स्कुल भनेर समानुपातिकको भन्ने पनि आयो यसले गर्दा अझ हामी विभेदमै परे परेकोजस्तो लाग्छ । समान अवसरले सबैको मान एउटै होला । अझ पनि हामीले प्रत्यक्ष र समानुपातिक भन्ने कुराहरू यहाँ आइरहयो र लाग्छ यो समानुपातिक माननीयहरूबाटै गएको यो स्कुल हो र यी स्कुलको बजेट छुट्टाइएको छैन । कुन स्कुललाई कति बजेट भनेर छुट्टाइदिएको भए राम्रो हुनेथियो र स्कुललाई बजेट छुट्टाइएको छैन । डिजिटल स्कुल भनिएको छ अनि एउटा छ डिजिटल होमस्टे यो १० वटै जिल्लामा डिजिटल होमस्टे एउटा मात्र राख्नुभन्दा यही कर्णाली प्रदेशको राजधानीमा एउटा डिजिटल होमस्टे खोलेर हेरम न त त्यो कस्तो हुँदोरहेछ र कसरी

चल्दोरहेछ ? कति लागत लाग्दो रहेछ ? कसरी चलाउनु पर्दोरहेछ भन्ने कुराहरू बुझ्न नसकिएला तर अहिले १० वटै जिल्लामा एउटा डिजिटल होमस्टे भन्दाखेरि हुम्ला, मुगु, डोल्पा जस्तो ठाउँमा जहाँ बत्ती पुगेका छैनन्, जहाँ हामीले सोलारहरू पनि राख्न सकेका छैनौं, त्यहाँ कसरी चलाउन सकिन्छ र यसलाई मैले यसरी भन्न चाहे र एउटै शीर्षकमा धेरै पैसाहरू यहाँ थुपार्नु हुन्थेन जस्तो मलाई लाग्छ । बजेट थोरै छ तर शीर्षक धेरै छ । प्राकृतिक प्रकोप एवम् विपद् सम सम्बन्धी भन्याछ ३० लाख छुट्याएको छ । अभिमुखीकरण प्राकृतिक प्रकोप भनेछ विपद् उद्दार कार्यक्रम भनेछ ८५ लाख छुटाएको छ । त्योभन्दा प्राकृतिक विपद् उद्दार कार्यक्रम एउटै शीर्षकमा एकमुष्ट करोडौं छुटाइदिए भएपनि सजिलो हुने थियो । र यसरी शीर्षक शीर्षकमा एउटै शीर्षकमा धेरैहरू छुटाएको छ । जस्तै द्वन्द्व पीडितको कुराहरू पनि त्यस्तै छुटाएको छ । द्वन्द्व पीडित राहात भनेछ १५ करोड छुटाएको छ । द्वन्द्व पीडित सीप विकास तालिम भनेछ १० करोड छुटाएको छ । द्वन्द्व पिडित आयआर्जन कार्यक्रम भनेछ १२ करोड छुटाएको छ । द्वन्द्व पीडितको भरणपोषण कार्यक्रम भनेछ ७५ लाख छुटाएको छ । यसरी द्वन्द्व पिडित, द्वन्द्व पिडितकै नाममा यति धेरै बजेट छुटाउनु हुन्थेन कि एउटै शीर्षकमा तहगत मिलाएर छुटाउँदा राम्रो हुने थियो भन्ने मेरो यहाँहरूलाई सुझाव हो र त्यस्तै डिजिटल तथ्याङ्क संकलनमा त्यही आको छ । डिजिटल ग्राम व्यवस्थामा पनि त्यही आछ । यो सबै एउटा शीर्षकमा भएन क भएन । यसो गर्नु हुन्थेन कि भन्ने हो । यो डिजिटल स्कुलको लागि हामी सबै माननीयहरूको माग हो यसलाई अधुरो नगराइयोस्, यसलाई बजेट चाहिँ कम नपारियोस् र यसमा पुग्ने किसिमको बजेट राखियोस् भन्दै र कृषिले गर्ने कार्यक्रममा अझ पनि म थप सुझाव के दिन चाहन्छु भने जुन शीर्षकमा तपाईले यहाँर लाई लेख्नुभएको छ त्यो शीर्षकमा काम गर्न सकिन्न । मैले यहाँबाटै भन्दे किनभने हाम्रा दलितहरू, हाम्रा उपेक्षित वर्गहरू, हाम्रा लक्षित वर्गहरूको जग्गा छैन, जग्गा छैन घर छैन त्यसैले त्यसमा तपाईले आशा नगर्नुहोला भन्दै मेरा आफ्ना दुई शब्द मैले यहाँ राख्न चाहे र यो समानुपातिक समावेशी तरिकाले अझ पनि मिलाउन सकिन्छ भनी बजेटलाई त्यसरी मियाल मिलाइयोस् भन्दै विदा हुन्छु हओस् त । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, सभाको मर्यादालाई ध्यानमा राखेर बैठक बसिरहेको समयमा आफ्नो मोबाइल फोन साइलेन साइलेन्स मुडमा राख्न ध्यानाकर्षण गराउँछु । अब माननीय श्री सोशीला शाही । यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनुहोला ।

**माननीय श्री सोशीला शाहीः** सभामुख महोदय, रुन त अब सबैलाई रुनै मन न लाग्छ, नलाग्ने कसैलाई पनि छैन । सायद म रोयरै पनि यहाँ, यहाँ यो मञ्चमा उपस्थित भएको छु । धेरै धेरै कुरा गर्नुभन्दा पनि लगभग मैले लेखेरै ल्याको छु । थोरै छ, सभामुख महोदय, आज हामी कर्णाली प्रदेश विनियोजिन बजेट २०७६ अन्तर्गत प्रत्येक मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम अन्तर्गत आज भूमि व्यवस भूमि व्यवस्थापन कृषि तथा सहकारी मन्त्राल मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय दिनरात नभनी व्यस्तताको बावजुद पनि तोकिएकै समयमा बजेट सार्वजनिक गर्नुभएकोले हृदयदेखि धन्यवाद दिदै हार्दिक आभार प्रकट गर्दछु । आज हामी वार्षिक विकास कार्यक्रम अन्तर्गत रहेर छलफल गरिरहेका छौं । यसै क्रममा कृषि मन्त्रालयले निकालेको किताबको पहिलो पेजमै विनियोजित बजेट वितरण हेर्दा सम्पूर्ण सरोकारवाला कार्यालय र प्रत्येक जिल्लाको कृषि ज्ञानकेन्द्र बजेट हेर्दा सायद धेरै अन्तरालको अवस्था देखिदैन । साविकको कर्णाली प्रदेशलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजिन गरिदिएको भए राम्रो हुन्थ्यो भन्ने सुभाव दिन चाहान्छु । रहेको छ । म, मह काढ्नेले हात चाट्छ यो कुनै नौलो विषय पनि हैन र यसलाई मैले सकारात्मक तवरले बुझेको छु । सबै योजना परिसकेपछि मात्र खुशी हुनेभन्दा पनि सबैलाई मिलाएर समावेशी तवरले गर्नुभएको छ भन्ने लागेको छ । सबैका सम्पूर्ण योजना समावेश गरी गरिने यो हो भने यस्तै ४० वटा बुक हुन्छन् होला तर आवश्यकभन्दा पनि बजेटको

सेरोफेरोमा रहेर यसै यसैगरी ल्याउनु बाध्यतात्मक व्यवस्था हो भन्ने मलाई लागेको छ । साथै आन्तरिक मामिला तथा कानून मन्त्रालयको कुरा गर्दा जनताको जनजीवन जनजीविकाको सवालमा सँग कमै जोडिएको विषय हुँदाखेरि यसमा कुनै विमति छैन तर गत वर्ष र यस वर्ष गरी दुवै समावेशी र समानुपातिक तवरले बजेट ल्याउनुभएको भएकाले विशेष धन्यवाद दिन चाहन्छु साथै अब बाँकी दिनहरूमा अझैं समावेशी तवरले बजेट ल्याउनु तर्जुमा गर गर गर्दै, सभामुख महोदय, धेरै-धेरै भन्ने मन त लागेछ तर समय रातो बत्ती बल्छ कि भन्ने चिन्ता लागेको छ तर यो बजेट एकदम समावेशी तवरले केही ल्याउने कोशिस पनि गर्नुभको छ केही ल्याउनु हुने पनि छ भन्ने आशा राखेको छु मैले र अर्को, अर्को कुरा के हो भने रुदारुदै कसैका आँशु पुछने, कसैका आँशु र उ गर्ने आज जसरी मेरा आँखामा आँशु आइरहेको छ । त्यसैगरी जनताको आँखामा पनि आँशु आइरहेको छ भन्ने मैले ठानेको छु । अब कतिखेर कतिखेर मायक सानो हुन्छ कतिखेर ठूलो हुन्छ सायद बोल्दाखेरि पनि तलमाथि हुन्छ होला जस्तो लाग्छ मलाई । मैले बोलेका शब्दहरू कहिले तल हुन्छन्, कहिले माथि हुन्छन् होला । त्यो माथि भएको समयमा जनताहरूको अगाडि गएर मैले सम्पूर्ण यी यथार्थ कुराहरू राख्नेछु भन्ने आशा राख्दै आफ्ना दुई शब्द यही टुङ्ग्याउन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री धर्मराज रेग्मी । यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, कृषि मन्त्रालय र आन्तरिक मामिला मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल गर्न उपस्थित छु र यो अवसरका लागि म माननीय सभामुखज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, बजेटका बारेमा संसदमा जुन छलफलहरू चलिराछ र यले क्रमशः हाम्रो यात्रा संसदभित्र पेचिलो ढंगले बजेटमाथि छलफल भैराछ र मैले यो कर्णालीको समृद्धिको लागि यो कुरालाई मैले अत्यन्तै सकारात्मक रूपमा लिएको छु सभामुख महोदय । यो पुस्तकमाथि म प्रवेश गर्छु र पुस्तकमाथि प्रवेश गर्नुभन्दा अगाडि सभामुख महोदय । म स्मरण गराउन चाहन्छु । यही संसदबाट हामीले यस वर्षको नीति कार्यक्रम पास गरेका छौं सभामुख महोदय । नीति कार्यक्रमको लायनमा बजेट आयो कि आएन सभामुख महोदय । नीति कार्यक्रम सरकारले मान्नपर्छ कि पर्दैन सभामुख महोदय । नीति कार्यक्रम भनेको चाहिने पारित गर्नका लागि त्यो देखाउने दाँत हो भन्दाखेरि होइन सभामुख महोदय । त्यसो हो भने प्रदेश सरकारको नीति कार्यक्रममा हामीले आर्थिक वर्ष ०७६/०७७ को प्रदेश सरकारको नीति कार्यक्रममा १ करोडभन्दा माथिको कार्यक्रम मात्रै गर्छौं भन्ने त नीति कार्यक्रममा हामीले पास गरेछौं सभामुख महोदय । यो भन्दा साना योजनाहरू किताबमा चाहिँ प्रशस्तै योजनाहरू छन् । यो गर्ने अधिकार सरकारलाई कले दियो ? सभामुख महोदय । संसदमा नीति कार्यक्रम पास भको दुई साता नहुँदै सरकारले नीति कार्यक्रमको संसदमा योभन्दा बढी धज्जी उठाउने योभन्दा बढी मजाक गर्ने अरु केही हुन्छ सभामुख महोदय । योभन्दा बढी पार्लियामेन्टको अपमान केही हुन्छ सभामुख महोदय ? यसको बारेमा प्रश्न संसदले गर्न सक्छ कि सक्दैन । यसको बारेमा प्रश्न सांसदहरूले गर्न सक्छन् कि सक्दैनन् । यसको बारेमा माननीय सभामुखज्यूले चासो लिनु पर्छ कि पर्दैन सभामुख महोदय । म माननीय सभामुखज्यू मार्फत् म के कुरा गम्भीरतापूर्वक राख्न चाहन्छु भने त्यो नीति कार्यक्रम हामीहरूले पास गरेको नीति कार्यक्रम हो भने सरकारका लागि त्यो बाध्यकारी हुन्छ कि हुँदैन ? सभामुख महोदय । सरकारका लागि त्यो बाध्यकारी हुन्छ यसको बटम लाइन त संसदमा छोडिदैन सभामुख महोदय, यसमा त गम्भीरतापूर्वक छलफल हुन जरुरी छ । संसदले सार्वभौम कर्णाली प्रदेशका जनताको नेतृत्वमा कर्णाली प्रदेशका जनताका प्रतिनिधिहरू बस्ने सार्वभौम थलोले पास गरेको नीति कार्यक्रमको लायनमा चाहिँ सरकार नजाने हो भने त्यो दुइटा अवस्थामा मात्रै हुन्छ सभामुख महोदय । सरकार परिर्वतन भएको अवस्था हो भने त्यो कुरा चाहिँ हुन सक्छ । अघिल्लोले गरेको नीति कार्यक्रम यद्यपि सरकारहरूका बारेमा अघिल्ला

नीति कार्यक्रमहरू पनि वन गर्नुपर्छ सभामुख महोदय । अघिल्ला नीति कार्यक्रम, अघिल्ला बजेट जनरल्ली वन गर्नुपर्छ लिन पर्छ तर एउटै सरकार रहिरहँदा त्यही नीति कार्यक्रम अन्तर्गत बजेट बनाउँदा त्यो नीति कार्यक्रमको मर्म र भावनाको योभन्दा बढी मजाक र योभन्दा बढी चाहिँ तपाईको खिल्ली अरु के हुन सक्छ सभामुख महोदय । यसमा म बढी चिन्तित छु । आर्थिक मामिला मन्त्रालय दुईवटा मन्त्रालयमाथि छलफल छ सभामुख महोदय । म उभिनु पर्छ म मैले आन्तरिक मामिला मन्त्रालयमाथि छलफलमा म सहभागी हुन चाहन्छु सभामुख महोदय । दुइटा पुस्तक छ मसँग आज बिहान माननीय मन्त्रीज्यूले एउटा पुस्तक दिनुभयो । त्यो पुस्तक चाहिँ नयाँ छ यो हिजो एउटा पुस्तक यो थियो अस्ति चाहिँ बाँडिएको पुस्तक सभामुख महोदय । सरकारले जति बेला मन लाग्यो त्यति बेला पुस्तकहरू वितरण गर्न, पुस्तकहरू नयाँ छाप्न, पुस्तकहरू संसदमा पेश गर्न र माननीयहरूलाई बैठक शुरु हुनुभन्दा अगाडि पुस्तक छापेर कुन पुस्तकमाथि छलफल गर्ने हो सभामुख महोदय । यो पुस्तकमाथि छलफल गर्ने कि यो पुस्तकमाथि छलफल गर्ने ? कहाँ हो यो पुस्तकमा परिर्वतन भएको चीज, कहाँ हो ? लेख्न पर्दैन । अघिल्लो पुस्तकमा चाहि हामीले प्रस्तावित व्यवस्था यो हो यसमा मन्त्रालयले थप गरेको व्यवस्था यो हो भनेर चाहिँ तीन महले चाहिँदैन सभामुख महोदय । के कुरा थप गऱ्या हो कसरी थाहा पाउने ? भनेर भने सभामुख महोदय, सरकारले मनलाग्दो बेला मनलाग्दो समयमा संसदमा छलफल भैराबेला पुस्तकहरू परिवर्तन गर्न पाइन्छ कि पाइँदैन सभामुख महोदय । यसमा इन्ट्रीग्रिटी हुनपर्छ कि पर्दैन ? सरकार के मा रोकिने हो ? त्यसो भए त पर्सि माननीय मन्त्रीज्यूले जवाफ दिंदा अर्को पुस्तक आउँला सभामुख महोदय । पास गरिसकेपछि हैन पास गऱ्या यो होइन अर्को पुस्तक हो भन्ने होला कार्यक्रममा । म गम्भीरतापूर्वक चाहिँ संसदमा केमा ध्यानाकर्षक गराउन चाहन्छु सरकारको सभामुख महोदय भनेपछि थपिएको पुस्तकमा के रहेछ भनेर मैले हेरे सभामुख महोदय । थपिएको पुस्तकमा मैले धेरै कोशिस गरें एउटा चाहिँ २.१ मा ग्यारेज निर्माण रहेछ ५ लाख रुपैयाँ सभामुख महोदय । अघिल्लो पुस्तकमा यो छैन । एउटा ग्यारेजको लागि सरकारले पुस्तकहरू परिर्वतन गर्न मिल्छ आफ्नो मन्त्रालयको ? त्यसपछि एउटा मन्त्रालयमा बगैंचा निर्माण तथा स्तरउन्नति रहिछ सभामुख महोदय । अघिल्लोमा बगैचा निर्माण छैन । यो १० लाखको हो सभामुख महोदय । त्यसपछि निर्मित सार्वजनिक सम्पत्तिको मर्मत तथा रंगरोगन छ सभामुख महोदय । एउटा रंगरोगन थपियो । रंगरोगन चाहिने २० लाखको थपियो सभामुख महोदय । त्यसपछि एउटा अर्को नयाँ प्रोजेक्ट थपियो स्थानीय निकायका न्यायिक समितिहरूसँग अन्तरक्रिया एवं क्षमता अभिवृद्धि कार्यक्रम सभामुख महोदय । मैले यही खोजिराथैं अस्तिदेखि यो पुस्तकमा यो खोजिराथे यो न्यायिक समितिवाला किन परेन ? कानून मन्त्रालयमा किन राखेन भनी राख्याथे सभामुख महोदय । अर्को पुस्तक छ हामी पर्सि छलफल गरौंला सम्भवतः भोलि छलफल होला । अर्को पुस्तक छ माननीय मुख्यमन्त्रीज्यूको कार्यालयको छ सभामुख महोदय । यो कार्यक्रम न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम माननीय मुख्यमन्त्रीज्यूको पुस्तकमा छ सभामुख महोदय । मन्त्रालयहरूले दुई/दुई थरी कार्यक्रम किन गर्नपर्छ । एउटै ठाउँबाट गर्न सकिदैन ? माननीय मुख्यमन्त्रीज्यूहरूले चलाउने पुस्तक निकाल्ने चाहिँ सरकार र माननीय आन्तरिक मामिला मन्त्रीज्यूले पुस्तक निकाल्ने सरकार फरक फरक हुन् । एकअर्का सरकारले के-के कार्यक्रम बनाछ, एकअर्काको मन्त्रालयको चाहिँ जानकारी हुँदैन सरकारलाई सभामुख महोदय । यसमाथि के छलफल गर्ने, यसमाथि छलफल गर्ने हो भने सभामुख महोदय । प्रदेशको यो संरचनाहरू हो कारागारहरूको मर्मत प्रदेशभित्र पर्छ ? कारागारहरू कहिलेदेखि प्रदेश अन्तर्गत आएका हुन् ? सभामुख महोदय । यो कुराको मलाई जानकारी छैन । यदि यो संसदलाई पनि जानकारी छैन । कारागार व्यवस्था विभाग हाम्रो मातहतमा आएको हो भने कारागार भवन मर्मत सुर्खेत कारागार, जुम्ला कारागार, जाजरकोट कारागार, डोल्पा कारागार, कालिकोट कारागार, रुकुमहरू यी कहिलेदेखि प्रदेश सरकारको

आन्तरिक मामिला मन्त्रालयको मातहतमा आए । संघीय इकाइहरूलाई बजेट दिने हो भने सभामुख महोदय सबभन्दा सजिलो तरिका छ त्यो के भनेर भन्दाखेरि प्रदेश संचित कोषबाट एकैचोटि संघीय कोष हामीले चाहि संघीय सरकारलाई बजेट फिर्ता गर्दिऊँ सभामुख महोदय । यति बजेट चाहिँ तपाई लिनुस् चाहिँ र आफ्ना कारागारहरूमा आफै हाल्नुस् सभामुख महोदय । कारागार हाम्रो मातहतमा छन् ? संघीय इकाई संघबाट चाहिँ पैसा लिएर आउने अनि चाहिँ तपाईको चाहिँ हामीले लिएर संघीय इकाइहरूलाई पैंसा चाहिँ यताबाट दिने हामी को हौं ? सभामुख महोदय । हामीसँग के हुन्छ स्रोत ? त्यसकारण यो गम्भीर सैद्धान्तिक प्रश्न हो सभामुख महोदय । संघीय इकाईहरूलाई हामीले बजेट दिने हो कि होइन । हामी दिन सक्छौं सक्दैनौ ? त्यसो भयो भने हामीले पैंसा एकैचोटि प्रदेश संचित कोषबाट फर्काइदियो भने पुस्तकहरू पनि बनाउन मिल्दैन । अर्थ मन्त्रीज्यूको बजेट बक्तव्यमा लिएर आउने यति कुराहरू चाहिँ संघीय इकाईलाई दिने सभामुख महोदय । साना कार्यक्रम, कार्यक्रमहरू चाहिँ तपाईको डिजिटल सम्बन्धि छन्, सभामुख महोदय । डाटा सेन्टरको निर्माण, वाइफाइजोन, डिजिटल होमस्टे, डिजिटल स्कुल कार्यक्रमका लागि शैक्षिक उपकरण, डिजिटल स्कुल कार्यक्रमका लागि उपकरण खरिद, गत आर्थिक वर्षको निरन्तरता, शान्ति सुरक्षार्थ डिजिटल प्रविधि कार्यक्रम, कम्प्यूटर र ल्यापटप र विद्युतीय सामान खरिद, सूचना प्रविधि प्रतिष्ठान, सबै त डिजिटल छन् सभामुख महोदय । सबै कार्यक्रम डिजिटल छन् । यो म फर द फस्टटाइम मैले के सुनें भने डिजिटल होमस्टे भनेको हाम्रो मन्त्रालयले अघिल्लो वर्ष बनाइसक्या छ कि यो मेरो जानकारीमा छैन सभामुख महोदय, डिजिटल होमस्टे कले सरकारले बनाइसक्या रैछ कि अघिल्लो वर्ष र अहिले यलाई डिजिटाइज गर्ने हो कि ? यो चाहिँ कसको हो होमस्टे ? सम्बन्धित व्यक्तिहरूको होला । एउटा त मैले आफूले कर्णाली म धेरै ठाउँ घुम्या छैन सभामुख महोदय । होमेस्टेहरू होमस्टेक छन् कि छैनन् ? म केही ठाउँ घुम्या छु घलेगाउँतिर मैले राम्रा होमेस्टेहरू देख्या छु म गण्डकीतिर घुम्दा । मैले होमेस्टेहरू हाम्रोमा कस्तो अवस्थाको होमस्टेहरू छ, ती होमस्टेहरू डिजिटाइट गर्नुपर्ने सरकारले किन पऱ्यो ? र अघिल्लो वर्ष सरकारले ती होमस्टेहरू निर्माण गऱ्या हो ? यी होमस्टेहरू बनाउन सरकारको संलग्नता छ ? सरकारको कुनै आन्तरिक मामिलाको प्रजेक्ट अन्तर्गत यी होमस्टेहरू बन्या हुन् ? अथवा ती होमस्टे आफैले चाहिँ कुन स्ट्याण्डरका होमस्टे हुन् ? सभामुख महोदय । यस्ता धेरै कार्यक्रमहरू छन् यी कार्यक्रमहरूको बारेमा जति पनि ठाउँमा प्रश्न गर्न सकिन्छ सभामुख महोदय, कानून तर्जुमा सम्बन्धमा विज्ञहरूसँग गोष्ठी, कानून कार्यन्वयन सम्बन्धी प्रदेश सरकार स्थानीय तहका पदाधिकारी, पत्रकार, नागरिक समाज, कानून व्यावसायी र सरोकारवालासँग सुझाव अन्तरक्रिया कार्यक्रम, काननूका सन्दर्भमा विद्यालय, क्याम्पस, विश्वविद्यालयका विद्यार्थी शिक्षक प्राध्यापकहरूसँग अन्तरक्रिया, कानून सम्बन्धी पुस्तक खरिद तथा जानकारी तयारी आदि इत्यादि कार्यक्रमहरू गोष्ठीका कार्यक्रमहरू जति पनि संचालन गर्न सकिन्छ । म कर्णाली प्रदेशका १७ लाख जनताहरूको अगाडि उभिएर मैले भन्नुपर्छ । कर्णाली प्रदेशको एउटा हामीले प्रण गर्नुपर्छ सभामुख महोदय । मैले संसदमा यो शब्द बोल्न मिल्छ कि मिल्दैन । मैले माफी मागेर बोले सभामुख महोदय । गोष्ठीहरूलाई हामीले संसदमा मुर्दावाद भन्नु पर्छ सभामुख महोदय । गोष्ठीहरूलाई कर्णाली प्रदेशमा मुर्दावाद भनिएन भने सकिदैन सभामुख महोदय, म यो शब्दको लागि माफी माग्छु सभामुख महोदय । प्राकृतिक प्रकोप सम्बन्धी कार्यक्रमहरू छन् सभामुख महोदय । राहत सामग्री खरिदहरू प्राकृतिक प्रकोप जोखिम सबभन्दा चाहिँ तपाईको के छ भन्दाखेरि विपद् जोखिम विरुद्ध सामुहिक दुर्घटना बिमा, विपद् जोखिम क्षेत्रका घरहरूको बिमा सभामुख महोदय । कुन घरहरू हुन ? कले आइडेन्टीटिफाइ गऱ्या छ यी घरहरू ? कानूनको मस्यौदा सम्बन्धी त कार्यक्रमहरू पछाडि छँदैछन् । कानूनको मस्यौदाको लागि परामर्श सेवा, डिजिटल तथ्याङ्क संकलन, डिजिटल ग्राम सम्भाव्यता अध्ययन, डिजिटल प्रदेशको गुरुयोजना निर्माण पत्रकार बीमा कार्यक्रम, संचार माध्यमसँग त

सम्बन्धित धेरै कार्यक्रमहरू छन् सभामुख महोदय । लोकतन्त्रमा संचार माध्यमसँग कार्यक्रम हुनु राम्रो हो । संचार माध्यमहरू लाई कार्यक्रमहरू यो एमए पढाउनेवाला कार्यक्रम पनि छ । प्रतिष्ठानका कार्यक्रमहरू पनि छन्, रेडियोका कार्यक्रमहरू पनि छन् । त्यसकारणले या त मैले मन्त्रालयको जे देखिराछु सभामुख महोदय कार्यक्रमहरू । कारागार भवनदेखि मैले अघि भनेको चाहिँ छ सभामुख महोदय । यो मन्त्रालयभित्र तपाईको ब्लक बिछ्याउनेसम्मका कार्यक्रमहरू, पर्खालहरू, रंगरोगनहरू गर्दाखेरि मलाई के लागि राछ भने सभामुख महोदय । यलाई त चाहिँ खरिद, मर्मत सम्भार, रंगरोगन विभागको चाहिँ गर्ने कामहरू चाहिँ मन्त्रालयबाट भइराछ । मन्त्रालयको औचित्य र कार्यक्रमको औचित्यमाथि प्रश्न उठाउन सकिन्छ सभामुख महोदय । मैले सारमा के भन्नुपर्‍यो भने विद्यालयहरू २२ वटा छनौट गरिएका छन् । मेरो विद्यालय छैन यसका आधारहरू के हुन् ? यसका मापदण्ड के हुन् ? के आधार र मापदण्डमा यी विद्यालयहरू छनौट गरिएको हो ? यो प्रश्न पनि चाहिँ सभामुख महोदय, अनुत्तरी छ । यति कुराहरू राखेर मैले के भन्नुपर्छ भने यी दुईटा पुस्तकमध्ये माननीय मन्त्रीज्यूले टुंगो गर्नपर्छ, कुन पुस्तक बारेमा छलफल गर्ने, कुन पुस्तक आधिकारिक हो । पार्लियामेन्टले कुन पुस्तक चाहिँ वन गर्नुपर्ने हो सभामुख महोदय । एट द सेम टाइम यी दुईटा पुस्तक वान गर्न सकिदैन सभामुख महोदय । यति कुराहरू मैले राखें । कृषि मन्त्रालयसँग त सम्बन्धित विषयमा मैले छलफल गर्नुभन्दा अगाडि सभामुख महोदय मैले के भने त्यस्तो क्षेत्रबाट प्रतिनिधित्व गर्छु सभामुख महोदय । जुन क्षेत्रका जनता तरकारी उत्पादनमा आत्मनिर्भर छन् मेरो गुराँस क्षेत्रका सभामुख महोदय । आत्मनिर्भर जनताको प्रतिनिधिको रूपमा मलाई यहाँ उभिन गर्भ छ तर यसको लागि कुनै सरकारका कार्यक्रमहरूले आत्मनिर्भर भएका होइनन् सभामुख महोदय । पछिल्लो दुईअढाइ वर्षदेखि म प्रतिनिधित्व गर्ने क्षेत्रको गुराँसका जनताहरूले तरकारी उत्पादन गर्छन् तिनीहरूले सुर्खेतमा घर बनाछन् र उनीहरूले आफ्ना छोराछोरीलाई सकेसम्म राम्रो शिक्षा दियाछन् सभामुख महोदय । हामीले किसानहरूको मैले भन्न खोजेको कुरा किसानहरूको जिन्दगी परिवर्तन गर्ने हामीमा कार्यक्रम छन् कि छैनन् भन्यो, भने बढो दुःखका साथ मैले के भन्नुपर्छ भने कृषि मन्त्रालयका अधिकांश कार्यक्रमहरू ७२ करोड रुपैयाँ २४/३ सभामुख महोदय । मैले २/३ मिनेट समय यसमा लिनुपर्छ सभामुख महोदय ३ करोडको दरले सिंचाइ र कृषिको चाहिँ सडकहरू बाहेक मोटामोटी ३ करोड कसैको ३ करोड १०/२० लाख रुपैयाँ तलमाथि छ त्यसको दरले करिब एभ्ररेजमा ७२ करोड रुपैयाँको ब्यालेन्स सन्तुलन बाहेक सभामुख महोदय मैले भन्नुपर्छ । कृषि मन्त्रालयका अरु बजेटहरू सन्तुलित छैनन् सभामुख महोदय सन्तुलित छैनन् क्षेत्रमा भएको सन्तुलन त्यो हो पुलहरूतिर पनि लाग्नुभएछ सभामुख महोदय । मन्त्रीले यत्रो हिम्मत कसरी गर्नु भो ? पुल निर्माणको चुनौतिपूर्ण छ सभामुख महोदय । सडक र पुल निर्माण छ मन्त्रालयहरू यत्तिको क्षमताको विकास भएकोमा म त खुशी छु सभामुख महोदय । हाम्रा मन्त्रालयहरूले यति चाहिँ क्षमताको विकास गरेर सडक र पुलहरूको समेत सिचाइ र सडकको पुलहरूको समेत चाहि जिम्मा लिइसकेपछि त कृषि मन्त्रालयको चाहिँ ह त्यो क्षमतामा भएको अभिवृद्धिको चाहिँ म प्रशंसा गर्छु सभामुख महोदय । अरु मन्त्रालयहरूले पनि यस्तो काम चाहिँ सिक्नुपर्‍यो सभामुख महोदय । यो नियमित कार्यक्रमहरू के छन् सभामुख महोदय । क्यामरा किन्ने, भिडियो किन्ने, साउन्डस्टम किन्ने नेपालको कर्मचारीतन्त्रको सबभन्दा एउटा नराम्रो दोष के छ भन्दाखेरि सभामुख महोदय । हरेक वर्ष यी कार्यक्रमहरू दोहोरिन्छन् अहिले किनेको ल्यापटप अहिले सकिन्छ सभामुख महोदय । अहिले किनेको कम्प्यूटर अहिले सकिन्छ । भिडियो क्यामरा पनि सकिन्छ । त्यले कतिवटा फोटा खिच्छ त्यले कहाँ आउँछ, त्यो प्रोजेक्टमा कति पटक देखाइन्छ यो चाहिँ सबै मन्त्रालयको समस्या के हो भने यी नियमित कार्यक्रमहरू सभामुख महोदय । बिरालो बाँधेर सराध्य गरिराख्ने हो भने संघीयतामा के जरुरी छ यलाई तोड्न सकिदैन सभामुख महोदय यस्ता

कार्यक्रमहरू छन् नीति तथा कार्यविधि निर्माण एउटा गम्भीर प्रश्न संसदमा मैले उठाउनुपर्ने भाछ सभामुख महोदय । मन्त्रालयहरूले दर्जनौं कार्यविधिहरू निर्माण गऱ्याछ । कुन कानून अन्तर्गत यी कार्यविधिहरू बनाइया छन् ? सभामुख महोदय कुन कानूनले डेलिकेटेड पावर दियो प्रदेशमा विधायिका किन चाहियो ? सभामुख महोदय । किन चाहियो भने विधायिकाले कानूनहरू बनाउनु पर्छ । विधायिकाले तपाईलाई डेलिगेटेड पावर चाहिँ विधायिकाले प्रत्यायोजित अधिकार, प्रत्यायोजित अधिकार दिइसकेपछि तपाईले नियमावली बनाउनुहुन्छ । त्यसपछि तपाईले कार्यविधि बनाउनुहुन्छ । क्याविनेटले पनि कार्यविधि बनाउने अधिकार दिन्छ भनेको डेमोक्रेसीमा मैले धेरथोर पढेको प्रजातन्त्रमा यो चीज हुँदैन सभामुख महोदय । रुल अफ ल मा यो कुरा हुँदैन । त्यसकारणले यो संसदले एउटा, संसदले एउटा विशेष प्रस्तावै पास गर्नुपर्नेछ सभामुख महोदय । संसदबाट भनाइएका ऐनहरूभन्दा बाहेकका कार्यविधिहरू सभामुख महोदय । त्यो प्रत्यायोजित अधिकार अन्तर्गत मिल्दैन त्यसकारणले त्यस्ता कार्यविधिहरूको खारेज गर्न एकमुष्ट कानून बनाउनुपर्ने भाछ सभामुख महोदय नत्र दर्जनौं कार्यविधिहरू त्यस्ता छन् ती कार्यविधिहरूको वैधता संसदले जहिले पनि जाँच्न सक्छ सभामुख महोदय र बजेटमाथि संसदको पार्लियमेन्ट्री कन्ट्रोल जहिले पनि तपाईको चाहिँ फाइनासियल कन्ट्रोल हुन्छ सभामुख महोदय । संसदले एउटा निर्णय गर्नुपर्ने बेला भाछ सभामुख महोदय । मैले अघि शुरुमा भने जस्तो सरकारले आफ्नै नीति कार्यक्रम (समयलाई ध्यान दिऔं माननीय सदस्य) आफैले मान्दैन भने । सभामुख महोदय म दुइटा कुरा मेरा संक्षिप्त राखे सभामुख महोदय । म समयको जानकारी लिंदै, निर्देशनालयहरूको व्यवस्था छ संघीय सरकारका पुराना निर्देशनालयहरू भंग गरिनु पर्छ । निर्देशनालयहरूमा कर्मचारी केन्द्रित गर्ने सभामुख महोदय । कार्यान्वयन इकाइमा कर्मचारीहरू नलिने । तलको कार्यान्वयन इकाइ जुन डेलिभरि पोइन्ट हो सभामुख महोदय । निर्देशनालयमा अहिले पनि कर्मचारी छन् करिब स ५७ प्रतिशत ५६.९० प्रतिशत तपाईंको कर्मचारीहरू अहिले पनि निर्देशनालयमा छन् । दुइटा निर्देशनालयहरू छ कृषि मन्त्रालयमा मत्स्यपालन र अर्को कृषि निर्देशनालय मत्स्यपालनको बेला माननीयज्यूहरूले धेरै कुरा राखिसक्नु भो पिरामिड आकारको कर्मचारी संयन्त्रलाई के गर्नुपऱ्यो सभामुख महोदय । मन्त्रालयमा थोरै मान्छे राख्नुपऱ्यो । निर्देशनालय भंग गर्नुपऱ्यो कार्यान्वयन इकाइमा मान्छे राख्नुपऱ्यो सभामुख महोदय । यो कुरा मैले यो कर्मचारी संयन्त्रको बारेमा मैले लामो बोल्नु पर्थ्यो मैले यसमा समय पाइन सभामुख महोदय । म अर्कोचोटी कुनै बेला गरौंला म पहेंलो बत्तीको यसको आदर गर्दै सभामुख महोदय । एउटा त बढो फनी प्रोजेक्ट थियो सभामुख महोदय । रुकुममा सेवा तथा परामर्श व्यक्ति करारको लागि १२ लाख व्यक्ति करार पनि म पहिलो पटक सुनें त्यो सजिलो होला सभामुख महोदय । सिंदै व्यक्तिलाई करारमा लिएर जाने, त्यो व्यक्ति करारसम्म पनि लेख्नुभएछ सभामुख महोदय । यो यस्ता धेरै विषयहरू छन् यो व्यक्ति करार लगायतका यस्ता धेरै विषय छन् । मैले कर्मचारी संगठनमा बढो सिरियसली के भने, भने निर्देशनालयहरू भंग गरिनु पर्छ । मन्त्रालयगत रूपमा अहिले के छ उपसचिव बस्ने कम्प्यूटर चलाउन नजान्ने, सुव्वा त्यहाँ राख्ने तलको चाहि डेलिभरि पोइन्ट खास हो कार्यान्वयन गर्ने पोइन्ट, त्यो पोइन्टमा चाहिँ सभामुख महोदय । कर्मचारी नहुने, कर्मचारीहरू दिनभरी घाम ताप्नुपर्ने र संघीयता असफल हुन्छ यसको औचित्य छैन भनेर भन्नुपर्ने । त्यसकारणले निर्देशनालयहरू पुरानो संघीय संरचनाका निर्देशनालयहरू भंग गरेर कर्मचारीहरूलाई सर्भिसडेलिभरी पोइन्टमा लिनुपर्छ । त्यो पनि तपाईको बजेटसँग नमिल्ने कानूनहरू के-के हुन् ? बजेट वक्तव्यमा त्यो साहस गर्नुपर्छ । म माननीय अर्थ मन्त्रीज्यूलाई पनि ध्यानाकर्षण गराउँदै संसदले एउटा कुराको फाइनल्ली मैले भने सभामुख महोदय । संसदले एउटा कुराको जहिले पनि आफूले टुंगो लगाउनुपर्ने विषय छ हामीसँग बजेटको रिभाइज संसदले गर्न सक्छ सभामुख महोदय । पार्लियामेन्ट क्यान वी चेन्ज एनिथिङ्ग सभामुख महोदय । संसदले चाहिँ बजेटको रिभाइज गर्न सक्छ यदि रिभाइज गरिएन भने सभामुख महोदय । जब

सरकारले नीति कार्यक्रम मान्दैन भने संसदले मान्नु हुँदैन मैले भन्या होइन । संसदले रिभाइज गर्नुपर्छ म यति कुराहरू राखेर माननीय सभामुखज्यूप्रति हार्दिक आभार व्यक्त गर्दै मैले समय बढी लिएँ मैले माफ माग्दै आफ्नो कुरा यही टुंगाउँछु, धेरै धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गणेशप्रसाद सिंह । यसपछि माननीय श्री वीरबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, विषयगत छलफल अन्तर्गत कानून तथा न्याय मन्त्रालय, भूमि व्यवस्था कृषि सहकारी मन्त्रालयको दफावार छलफलमा म यहाँ भाग लिइरहेको छु । मैले संक्षेपमा केही कुरा राख्न चाहन्छु । अब विशेष गरेर यो कानून मन्त्रालय अन्तर्गत कानूनमन्त्रीले मिहेनत गरेर यहाँ यो कार्यक्रम ल्याउनु भएको छ । प्रहरी भवन १४ वटा निर्माण गर्ने भन्नुभाछ, त्यो सायद १० वटा जिल्लामा १/१ वटा होला र बनाउनु पर्ने धेरै छन् । यसको अलिकति मतलव विवरणात्मक रूपले विवरण ल्याएको भए राम्रो हुन्थ्यो । यो ल्याइनु पर्छ १४ वटा भनेको कता हो त ? यही प्रदेशमै हो कि अथवा अर्को चाइने डिभिजन स्तरमा हो कि यो अलिकति अनभिज्ञता भयो । अब डिजिटल भन्नुभाछ, गत साल डिजिटल स्कुल थियो, अहिले डिजिटल होमस्टे भयो । होमस्टेबाट फास्टफुटको कुरा हो कि मलाई त्यो त ठ्याक्कै एउटा करेन्ट लाग्यो । अब संचार, टेलिकम टावरको व्यवस्थित नभएको बेला डिजिटल कसरी सफल हुन सक्छ ? यलाई समायोजन गरेर लिइयोस् । दशै जिल्लागत चौबीसै निर्वाचन क्षेत्रमा मतलब टेलिकम टावरको व्यवस्था होस् । यसका लागि धेरै जनताले दुःख पाएका छन् । यो एकआपसमा कोअर्डिनेशन समायोजन गरेर गइएन भने डिजिटल त्यो कतै हाइपोथेटिकल हुन्छ कि मेरो प्रश्न । अर्को कुरा अब यहाँ कैदीबन्दी कारागारको सुधारको कुरा आछ । यलाई अलि सुधार गरेरै जानुपर्छ । हाम्रो जिल्लामा कारागारको अवस्था दयनीय छ । अब यो विपद् पिडितको कुरा आइराख्याछ। यता आएर द्वन्द्व पिडितको कुरा आको छ । द्वन्द्व पिडित पनि डेढदशक भैसक्यो । यसलाई व्यवस्थापन गर्ने सवालमा जस्तो द्वन्द्व पिडित घाइतेहरूको उपचारको एउटा चाइने कर्णाली ट्रेटमेन्ट कार्ड बनाइयोस् । प्रत्येक वर्ष निवेदन लिने, पैंसा माग्ने यो एउटा कल्चर जस्तो भयो र घाइतेहरू दुःख पाइराख्या पनि देखिन्छ । त्यसकारण एउटा ट्रेटमेन्ट कार्ड दिने सुबिधासम्पन्न हस्पिटलमा बल्ल उपचार गरोस् । त्यसको गभर्नमेन्टले ट्रेटमेन्ट चार्ज तिरोस् । त्यो केन्द्र सरकारले पनि अनुशरण गरोस् ट्रेटमेन्ट कार्ड । कर्णाली ट्रेटमेन्ट कार्ड यसको व्यवस्था गरियोस् । बाँकी सीपमूलक आयआर्जनका कार्यक्रमहरू विप केरे घाइतेहरूलाई यो व्यवस्था गर्दा राम्रो होला किनकि अब मले ह्याण्ड टु माउथको कुरा हो । विपद् व्यवस्थापनको कुरा, अब त्यो अब कानूनको कुरा तल चाहिँ स्थानीय तह गाउँपालिका नगरपालिका न्याय समितिलाई अलि चाइने मतलव सुसचित गर्ने व्यवस्था गर्दा राम्रो होला । त्यलाई अब कानूनको हिसाबले मैले यति नै राखे । अब यो अब, कृषि भूमिमा अब यो देश कृषि प्रधान देश हो । अब कृषि क्रान्ति गर्ने हो । अब यो हाम्रो अर्गानिक प्रदेश हो । यसको लागि बजेट अपर्याप्त भयो भनेर मैले के भन्छु यो विनियोजन विधेयकमाथि छलफलमा कुरा राख्दा मैले राख्याछु । यो बजेट कृषि मन्त्रीले ल्याएको बजेट एकदम झुरा छ । एकदम सारै मतलव झुरो छ दुव्लो पातलो छ । अब यो उहाँले निर्वाचन क्षेत्रलाई सन्तुलन गर्ने कुरामा तीनटा कुरामा फोकस गर्नुभाछ । एउटा कृषि सडक, एउटा कृषि सिंचाइ, अर्को चाहिँ लक्षित मतलव वर्गलाई माननीयहरूको नेतृत्वमा ४० लाख । यी तीनटाबाहेक अरु केही पनि छैन त्यहाँ, सामान्य छ अब त्यो । अघि हाम्रो पूर्ववक्ता माननीयले भनिसक्नु भयो कि तपाईको यता अब ५ लाखका पनि कार्यक्रम छन् । नीति कार्यक्रम त बाझियो यो कुरालाई अलिकति ख्याल गर्न पर्छ । १ करोडदेखि तलको कार्यक्रम नगर्ने भन्छ, ढाइ करोड, ढाइ लाखको ५ लाखको कार्यक्रम मतलव विनियोजन गरिराछ त्यो पनि कृषिमा जसलाई हामीले आर्थिक क्रान्ति आर्थिक समृद्धिको मेरुदण्ठ भन्याछौं । अर्गानिक प्रदेश

भन्याछौं । अब यो समानुपातिक सुधार्न खोज्नु भाछ कृषि मन्त्रीले, डल्लो फटाउन खोज्नु भाछ । सन्तुलित गर्न खोज्नु भाछ फेरि डल्लोतिरै उन्मुख भैराख्याछ । यता आएर मन्त्रालयमा अलि अलि थुप्रियाछ है । कृषि मन्त्रालयमा थुप्रेको छ । यलाई भोलि चाइने मतलव विनियोजन रकमान्तर गर्दा कता जान्छ थाहा छैन । त्यहाँ अन्यौल छ । अनभिज्ञता बढी देखिन्छ है । यलाई सुधारेर ल्याउनुहोला । सुधार्न राम्रो होला । हामीले सन्तुलित भन्याछौं फेरि डल्लैतिर जान्छ के । यसो त राम्रो भएन नि त । जनता गत साल कृषि समूह सहकारी र निजी प्राइभेट सेक्टरलाई अनुदानमा थियो । अहिले अब ऋणमा आयो ३ करोड छुट्टाइएको छ । प्रदेशभरिको लागि सहुलियत कर्जामा ३ करोड छुट्टाइएको छ त्यो कसरी हुन सक्छ । ३ करोड इन्टु २४ को निर्वाचन क्षेत्र गरेर केही पनि हुँदैनथियो । त्यो के गर्न हामीले खोज्यौं मलाई कृषिप्रधान देश कृषिमा हामीले बजेटको विशिष्टीकरण किन गर्न सकेनौं । त्यसो हुँदाखेरि अब हाम्रो मुख्यमन्त्रीज्यूको कोषमा पनि डल्लो छ । यता आएर मन्त्रालयमा पनि आयो एवम् प्रकारले अरु सबै मन्त्रालयका आउने हो भने फेरि डल्लो उन्मुख हुन्छ है । यो त संकेत बिहानीले दिइहाल्यो । त्यसका निमित्त तपाईहरूले पुनर्विचार गर्न, सच्याउन, नीति कार्यक्रम र बजेट र विषयगत मन्त्रालयको कुरालाई कम्पाइल गरेर ल्याउन विशेष आग्रह गर्दै म विदा हुन्छु हवस् त । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री वीरबहादुर शाही । यसपछि माननीय श्री ठम्मरबहादुर विष्ठ तयार रहनुहोला ।

**माननीय श्री वीरबहादुर शाहीः** माननीय सभामुख महोदय, २०७६/०७७ को बजेटमा छलफल गर्दैगर्दा आर्थिक मामिला तथा कानून मन्त्रालय, भूमि व्यवस्थापन तथा कृषि सहकारी मन्त्रालयको छलफल गर्ने क्रममा यो जो ०७६/०७७ को बजेटमा को बजेटको बारेमा छलफल गर्दा मलाई लाग्छ यो जति भन्दै गर्दा पनि फेरि गत सालकै बजेट दोहोरिएको जस्तो मलाई लाग्यो । या चाहिँ छपाइको गल्तिले हो कि या चाहिँ नियत वर्ग मै गलत हो । डोल्पा यो १० वटा जिल्लामध्ये सबैभन्दा कम बजेट कृषि मन्त्रालयको डोल्पा निस्केको छ । डोल्पामा जम्मा मैले हेर्दा ५ करोड ८० लाख मात्रै छ । अब सडकमा भनिएको छ एक निर्वाचन क्षेत्र १ करोड, सिंचाइ एक क्षेत्र निर्वाचन क्षेत्रमा २ करोड भनिएको छ तर मेरो निर्वाचन क्षेत्रमा सिंचाइमा १ करोड ४५ लाख मात्र छ । यो मलाई मन्त्रीज्यूलाई सुझाव दिन चाहन्छु । के कति कारणले बजेट किताबमा नआएको हो ? पिछडिएको जिल्ला भन्ने गरिएको छ हिजैबाट अहिले पनि बजेट फेरि भाइभागको हिसाबले आको छ । के साविकको कर्णाली जिल्लामा सिमेन्टी कारखाना छ ? के साविकको कर्णाली जिल्लामा चाहिँ त्यो पाइपको फ्याक्ट्री छ त्यहाँ ? त्यहाँ ढुवानी लाग्दैन ? उहि साविकको कर्णाली पनि उही एउटै उही २ करोडै छ र उही सुर्खेतमा उही २ करोडकै बजेट विनियोजनमा कसरी चाहिँ समृद्धि कर्णाली प्रदेशको नारा आउँछ ? नीति कार्यक्रममा चाहिँ भन्दा बोल्दाबोल्दै चाहिँ तपाईहरूको पैंसा से.. व्यवस्थापन गरिएको भन्ने आको छ । अनि बजेटमा त्यही भाइभागको हिसाबले आको छ । उही हिजैको चाहिँ व्यवस्था व्यवस्था चाहिँ त्यही अहिले नै चाहिँ आएर उही जिल्ला भाग, गाउँपालिका भाग, वडा भाग, भएको कारणले यो कर्णाली प्रदेश समृद्धि आ के हो लक्ष्य के हो त यो ? यो कर्णाली प्रदेशको सरकारले लाई ध्यानाकर्षण गराउन चाहन्छु सभामुख महोदय । साविककै कर्णालीमा चाहिँ ५० प्रसेन्ट ढुवानी रकम अनुदान रकम थप्नु पर्छ । विकास कसरी चाहिँ गएर तपाईको तुलनात्मक हिसाबले चाहिँ तपाईको हुम्लाको डोल्पाको र तपाईहरूको सुर्खेतको तुलना जाँच्नुस् । एक बोरा सिमेन्टीलाई सुर्खेतमा तपाईको ८ सय रुपैयाँ पर्छ । हुम्लामा तपाई तपाईको एक बोरा सिमेन्टीलाई ४ हजार ५ हजार पर्छ अनि हामी त्यो तुलनामा अगाडि जाउन समृद्धि भन्नको सान अर्थ स संघीयताको अर्थ के हो ? संघीयको मर्म के हो यो ? यसको चाहिँ यो कर्णाली प्रदेशको सरकारलाई म ध्यानाकर्षण गर्न चाहन्छु सभामुख महोदय । अब यो आर्थिक मामिला कानून मन्त्रालयमा चाहिँ अब गत साल पनि आएको

छ, यो डिजिटल प्रदेश, डिजिटल प्रदेश, डिजिटल विद्यालय आएकोमा धन्यवाद दिन चाहन्छु । अहिले अब कता कता चाहिँ गएर प्रत्यक्ष नभएर समानुपातिक भन्ने आएर चाहिँ हाम्रो क्षेत्रमा आएको छैन र यो पनि आवश्यकताअनुसार भूगोलको हिसाबले म दिन पर्छ भन्ने म सुझाव दिन चाहन्छु । डोल्पा जिल्लैमै तुलनामा हेर्ने हो भनेपछि मेरो क्षेत्रमा ११ वटा मावि छन् (क) मा ४ वटा मात्रै मावि छ । एक विद्यालयले एक वर्षमा एउटा विद्यार्थीलाई ११ वर्ष लाग्छ । त्यही मेरो जिल्लामै (क) मा ४ वटा मात्रै मावि छ । यो कसरी चाहिँ यो हिजो चाहिँ सामाजिक मन्त्रालयबाट आएको भाइभागको हिसाबले आएछ । यो अलिकत भूगोल र तपाईको चाहिँ त्यो वस्तु व्यवस्था यो यो हेरे फेर गरी यसको बजेट विनियोजन गर्न पर्छ । मलाई यो कर्णाली प्रदेश सरकारलाई मैले यो सुझाव दिन चाहन्छु । र यो जो यो किताबमा लेखिएको भन्दा पनि भोलि हामी कार्यान्वयनमा जानुपर्छ । र फेरि पनि बजेट आछ मलाई के लाग्छ भन्नाले यो कर्णाली प्रदेशको त मूल सरकार पऱ्यो । ज्ञान केन्द्र र केर कृषि ज्ञान केन्द्र, बिक्री केन्द्र तपाईको सहायक मन्त्रालय हो कि मलाई लाग्छ । अहिले पूरै हालिमुहाली यो माननीय संसदमा देख्दैन । कृषि ज्ञान केन्द्र र बिक्री ज्ञानकेन्द्रका पूरा हालीमुहाली छ । उहाँहरूले चाहिँ केरे आफन्त मान्छे चाहिँ उपभोक्ता बनाउनु भाछ । आफन्तलाई हिसाब दिनुभाछ कसरी चाहिँ बि बि बजेट विनियोजन भएको छ । यसको चाहिँ सरकारले एकदमै ध्यानाकर्षण गर्नुपर्छ र अर्को कुरा यो कर्णाली प्रदेशको नारैमै सीमित हुने हो कि काम अगाडि बढ्नै पर्ने हो । धेरै कुरा निस्के यो कृषि सडकले सडक चाहिँ कृषिले गर्नुपर्ने होइन भन्ने कुरो निस्के पूर्व साथीहरूबाट मलाई लाग्छ गत सालको योजनाको तुलनामा हेर्ने हो भनेपछि जति छ भौतिक पूर्वाधारको अहिलेसम्म टेण्डर भएको छैन र यो कृषिको मात्रै चाहिँ गएर सडकहरू भौतिक पूर्वाधारहरूमा चाहिँ सफल भएको छ, भन्दै मेरो कुरा यही राख्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्ट :** माननीय सभामुख महोदय, हामी बजेटकै सेरोफेरोमा छलफलको क्रममा छौं । विशेषतः अब मैले पनि यहाँ जुन आएको छ, आज कृषि भूमि तथा सहकारी मन्त्रालय यो आन्तरिक मन्त्रालयको अब यस विषयमा यहाँ केही कुराहरू अब रचनात्मक ढंगले यहाँ केही विषयहरू राख्न उपयुक्त ठानेको छु । त्यसमा अब एउटा के देखिन्छ भने आज संयोगले आन्तरिक र कृषि मन्त्रालयको एकै दिन पऱ्यो । मेरो विश्लेषणमा गत सालको अहिलेसम्म मूल्याङ्कन गर्दाखेरि गत ०७५/०७६ को बजेट अघिल्लो चौमासिकमा जो १ अरब समथिङ्ग बजेट थियो । त्यसमा म पनि कार्यान्वयन गर्ने सवालमा कृषि मन्त्रालयले यिनिसियसन लिएकै हो । त्यसको लागि मैले धेरै फोरमहरूमा उहाँलाई धन्यवाद पनि दिएको छु । र अब आन्तरिक मन्त्रालय अहिलेसम्म एकदमै जेहेन्दार मन्त्रालयको रूपमा एकदमै भलादमी मन्त्रालयको रूपमा थियो । पोहोर पनि तपाईको जो डिजिटल स्कुलहरू वितरण गरिए त्यो एकदमै धेरै उहाँको मन्त्रालयको विषयमा कुरा उठेको थिएन । अब बीचमा फेरि हुँदै आउँदा अब कृषिका पनि कयौं समस्याहरू कृषि मन्त्रालयका समस्याहरू देखा परेका छन् । हामीले विभिन्न फोरमहरूमा छलफल गर्दै आइरहेका छौं । संसदमार्फत् पनि हामीले जाहेर गरिराख्याछौं । विभिन्न चाहिँ तपाईको मिटिङहरूमा हामीले राख्दै आकाछौं । अब मैले भन्दाखेरि तुलनात्मक हिसाबले कृषिले पनि केही न केही इनिसियसन लिएकै छ, लिने प्रयत्न गरेको छ । त्यो सकारात्मक पाटो हो । अब आन्तरिक मन्त्रालयको कुरा गर्दै जाँदा उहाँको जुन खालको चाहिँ एउटा स्टयाण्डर थियो, त्यो अहिले फेरि कता कता यो समानुपातिक समावेशी सन्तुलित त्यो भनेर हामीले भनिराख्या छौं । त्यसमा फेरि सबै मन्त्रीले गरे, मैले किन नगर्ने भनेर उहाँ पनि त्यतातिर सिको गर्न लाग्नुभएछ । त्यसो हुँदाखेरि जुन खालको एउटा स्थिति थियो त्योबाट अलिकति उहाँ हिल्नु भएको कुरा यहाँ देखिन्छ । त्यो कुरा किन देखिन्छ भने यो जो समानुपातिक केरे यो

माननीयज्यूहरूलाई स्कुल छनौंट गर्ने प्रकृया छ, यो प्रकृयामा उहाँ चुक्नु भाछ भन्ने मलाई लाग्छ । त्यसमा यो माननीयहरूले पाकोमा मलाई कुनै दुःख होइन तर यहाँ पनि धेरै कुराहरू उठ्यो । यो एक त चाहिँ तपाईको कानून मन्त्रालय, कानून मन्त्री कानून बनाउने ठाँममा भा'हुनाले अरु ६ जना मन्त्रीलाई ट्र्याकमा ल्याउने मन्त्री हो उहाँ तर अब आफै यतातिर यो कानून चाहिँ यो बग्याजस्तो यहाँ लाग्छ किनकि जस्तो मैले उहाँलाई प्रश्न गर्न चाहन्छु । सुर्खेतको निर्वाचन क्षेत्रमा ३ वटा, ४ वटा निर्वाचन क्षेत्र छ । ३ वटामा ६ वटा स्कुल पर्‍यो, कुन समानुपातिक मन्त्रीले छान्नु भो त्यो उहाँहरूलाई बधाई नै छ, छान्नुभयो । सरकारले त्यो व्यवस्थापन गर्‍यो, त्यसमा कुनै हाम्रो गुनासो छैन समानुपातिक माननीयप्रति तर त्यसो गर्दै जाँदा तपाईले जस्तो मेरो क्षेत्रमा त त्यहाँ त खाली भो शून्य भो । त्यलाई केही न केही चाहिँ तपाईको यो अरु, अरु चाहिँ निर्वाचन क्षेत्रमा पनि भको होला त्यलाई बराबर गराउनलाई कुनै माननीयले त्यहाँ यसरी छान्न पर्ने है, नभाको ठाउँमा भन्ने या कुनै न कुनै कार्यविधि त बनाउन सकिन्थ्यो नि, अब एकैचोटी एक ठाउँ यो लिङ्कै लाउने गरेर जो खालको भो हेर्नुस् त यो कानूनको दृष्टिमा योभन्दा अन्याय र अत्याचार, त्यसैका लागि यत्रो लडेको हामीलाई धिक्कारै छ, हेर्नुस् । त्यसकारण यलाई पुनः यो यो केही लाज सरमको कुरा होइन, यो कुनै यो प्रेस्टिजको बिषय बनाउने कुरा होइन, यलाई सच्याएर ल्याऔं, एक । दोश्रो कुरा ठीक छ समानुपातिक १६ जना अनि २२ वटा स्कुल कसरी पर्‍यो त त्यो पनि न्यायिक छैन फेरि । के चाहिँ तपाईको शक्ति केन्द्रले काम गर्‍यो त । अरु चाहिँ त्यो थप्नलाई फेरि तपाईकै जुम्लामा १ जना विश्व केरे दीनबन्धु श्रेष्ठ माननीयज्यू हुनुहुन्छ तीनटा स्कुल पर्‍याछन् । त्यो पनि तपाईलाई के चाहिँ त्यहाँ धेरै देवीदेउता भा'हुनाले तिनले चलाए कि भनेपछि तपाईले कसरी तर्क राख्न सक्नुहुन्छ त यो विषयमा । त्यसकारण यो असन्तुलित छ यलाई बनाएर जानपर्छ । मले यो कुरा यहाँलाई निवेदन गर्न चाहन्छु । अब अर्को कुरा यहाँ जस्तो यो सँग सम्बन्धित कति कुरा यहाँ खुलेर आको छैन, त्यलाई खुलाउनुस् कृपया किनकि यो जो छाँट आयो नि, मोर्निङ्ग सोज द डे भन्या जस्तो छाँट आयो नि । हामी त पेलिदै जाने निश्चित भो । सके बलिदानै होला नभए घाइते हुने त कन्फर्म भो । कन्फर्मै भो त्यसको लागि सभामुखमार्फत् के यो सुरक्षाको तयारी गरे भो । अब यहाँ प्रहरी भवन निर्माण भनेको छ यो कता हो ? यो पनि जुम्लै हो कि या कता कता हो । यस्तै यो कम्पाउण्ड वाल निर्माण घरको हो कि अथवा कोही मन्त्रीको हो कि या कतै कुन क्षेत्रको हो ? यो पनि किटान भएन । किटान हुँदा अलिकति सन्तोष हुन्थ्यो होला । फेरि वाइफाइ जोन भनेको छ यो ५ वर्षसम्म लेख्दै जाने हो कि अहिले कहाँ कहाँ भयो त्यसको पनि विवरण हामीले आउनु पर्छ, कि हामीले चलाएको मोबाइललाई भन्न खोज्या हो कि, यसको पनि अलिकति परिभाषा आउन पर्‍यो । अब डिजिटल होमस्टे कहाँ कहाँ हो त्यसको पनि नाम आइदिएको भए, अलिकति यसको छाँट हेरिन्थ्यो । अब यस्तै निर्मित भवनको संरचनागत सुधार भन्याछ, यो कुन निर्मित भवन भन्न खोजिएको हो ? त्यसकारण यस्ता कयौं विषयहरू जो खुलाएर आको छैन, त्यो पनि खुलाएर आको भए कतिसम्म हामी किच्चिने रहेछौं, त्यसको केही न केही हामीले वइटको हिसाब गर्थ्यौं । हैन यो पनि खुलाएर आओस् भन्ने म यहाँहरूलाई निवेदन गर्न चाहन्छु । र अब त्यसकारण यो विषयमा धेरै कुरा नराखौं आन्तरिकको कुरा गर्दाखेरि जो हामीले एकदमै जोड दिएर यहाँ आकाछौं । फेरि उही चाहिँ तपाईको रुम्जाटार भो के सन्तुलितमा कम गर्नुस् एकदम आवश्यकतामा मात्रै छुट्याउनुस् है । हामीसँग पैंसा १७/१८ अरब हो, त्यसमध्ये पनि कोही त फोरकै चाहिँ छ, भने हामीसँग एकदम मुस्किलले ४/५ अरब हामीसँग चाहिँ पूँजीगत खर्च हो अहिलेको भने यलाई एकदमै घटाएर ल्यायौं है भनेर हामीले सप्पै नम्र निवेदन यहाँ गरेकै छौं विभिन्न आफ्नो चाहिँ शैलीमा करिब करिब सरकारबाहेक सबैले गरेकै छौं तर फेरि पनि अब यहाँ चाहिँ शक्ति प्रर्दशन गृह मन्त्रालयको भइहाल्यो । अब अरु मन्त्रालयको पनि हुने छाँट किन तपाईहरूको त सल्लाह भाछ यही तरिकामा आउने हो, बुझिहाल्यौं हामीले । हैन अब आलु, बोरामा एउटा

आलु हेरे त कति कुहियाछ भन्ने थाहा भैहाल्छ । त्यसकारण सबैलाई पनि म सचेत रहन अग्रिम म चाइने निवेदन गर्न चाहन्छु । अब यहाँ पनि झण्डै चाहिँ यो फिप्टी प्रसेन्ट तपाईको चाहिँ चालुमा आएको छ, झण्डै झण्डै हैन । यसले गर्दाखेरि यो धेरै बढी हो आन्तरिक मन्त्रालयको कुरा गर्दा यलाई घटाएर एकदम आवश्यकतामा के-के हो, त्यो चाहिँ गर्न जरुरी छ । अरु सबै यो शीर्षकको विषयमा भाषा परिभाषाको विषयमा मिले नमिलेको कुरा धेरै माननीयज्यूहरूले राख्नु भाछ, त्यलाई मैले स्वागत गर्न चाहन्छु । अब रह्यो कुरा, कृषिको कुरा गर्दाखेरि कृषिको पनि खेतीपाती त्यस्तै भएछ । मैले कृषि मन्त्रीलाई प्रश्न गर्न चाहन्छु । मैले यहाँ यसो अघि धेरै हिसाब गऱ्या थिइन अघि अंकमै गर्न पऱ्यो । किन अब लडाइँ त तपाईको पूँजीमै पर्छ । हैन संसारमा चाहिँ सबैभन्दा ठूलो लडाइँहरू र अन्तरविरोध भनेको पूँजीमा छ भन्छ के मार्क्सवादले पनि यो पूँजीवादले पनि स्वीकार्यको कुरा हो । त्यसमा के भएछ भने एक त सुर्खेत जिल्लाका चारवटा क्षेत्रमध्ये तीनटा क्षेत्रमा मेरो अंक कम छ म त सौताकै छोरो भए उहाँको दृष्टिकोणमा । दोश्रो कुरा अब उहाँको चाहिँ क्षेत्रमा मात्रै मैले जस्तो जिल्लागत हिसाबले हिसाब गर्दा चानचुन साडे नौ करोड उहाँको जिल्लामा छ । हाम्रो तीनटै क्षेत्रको कुरा गर्दाखेरि उहाँको चाहिँ तपाईको साडे छ करोड छ, हाम्रोमा त ९ करोड छ । ल मैले प्रश्न सोध्न चाहन्छु यो न्यायिक हो ? एउटा जिल्लाको टोटल ९ करोड हुन आउँछ जो राजधानी जिल्ला सहित छ । तपाईको जिल्लामा साडे ६ करोड हुन आउँछ भने यो कस्तो क्यालकुलेटर हो त माइनस पलस पनि चाहिँ ठीक ढंगले नदेखाउने अब अन्याय अत्याचार खोज्न त कहाँ जाउँ र ? यत्ति काफी छ । अरु त म मैले अरुका किन तुलना गरौं र ? मै पिडित भा'हुनाले मैबाट शुरु गरें । त्यसो भा'हुनाले हाम्रो कम्युनिष्ट पार्टीको सरकार पूरै चाहिँ तपाईंको रगतका भेलहरू छिचोलेर आएको यत्रो सरकारको चाइने तपाईको अब यस्तो टिम । अब जिते संसार हारे हतकडी र नेल भन्ने हाम्रो चाहिँ सोलोगन । यो कता गयो स्थिति ? त्यसकारण मैले प्रश्न गर्न चाहन्छु । यलाई कुनै पनि प्रेष्टीज नबनाएर यलाई चाहिँ हामीले सच्याएर चाहिँ ल्याउने हामीले साहस गरौं । यो कुरा मैले, त्यसकारण अन्तिममा मैले जोड दिएर भन्न चाहन्छु । कुरा उही छ, कुरा रुम्जाटारमै छ । जे जे विषय जे जे कृषिमा या चाहिँ तपाईंको आन्तरिकमा जे जे भने लय यही हो, चालुमा घटाउनुस् । फेरि पनि म जोड दिएर भन्न चाहन्छु वैधानिक ढंगले बनाउने कुरा हामीले बारम्बार बोलेका छौं कम्तिमा १० करोड जनता सडक ल्याउनुस् । विभिन्न नाममा जो कानूनले पनि चिन्दैन, त्यस्ता संरचना चाहिँ खारेज गर्नुस्, हैन । जो चाहिँ अर्थ मन्त्रालय या चाहिँ मुख्यमन्त्रा त्यो त अगामि बनाउँला नि संरचना बनाएर अहिलै छोरो पाउनु कहाँ, छोरो या छोरी भनौं न । सन्तान पाउनु कहाँ छ कहाँ के को सकसक भन्या जस्तो के हो यो हतारिनु पर्ने ? कहाँ पुग्ने हो हजुरहरू ? समाजवादमा सँगै पुगौंला त । त्यसकारण यो हतार नगरौं । त्यो कानूनले पनि चिन्दैन, अर्को कुरा जहाँ हामीसँग त्यही ५/७ अरब मात्रै रुपैयाँ छ भने त्यलाई किन अनेक नाममा चाहिँ केन्द्रित गर्ने ? त्यसकारण त्यो केन्द्रित हामीले नगरौं, हैन । यो कुरा मैले यहाँहरूलाई निवेदन गर्न चाहन्छु र यलाई सन्तुलित बनाएर फेरि तपाईहरूले यलाई चाहिँ ठीक ढंगले कसरी चाहिँ विनियोजन गर्न सकिन्छ । अझैं हामीसँग २/३ वटा मन्त्रालय छन्, त्यसको पनि यो छाँट नआउने गरी रातारात फेरि क्याविनेट बस्छ भने पनि स्वागत छ बस्नुस् । अब यही लयमा फेरि तपाईहरूले जे जे छ त्यो चाहिँ कोटका गोजीमा हालेर यो हामीले हेर्न पर्ने भो भने यो विडम्बना हुन्छ अथवा यलाई कुन समयमा हो तपाईहरूले फेरि सल्लाह गरेर यलाई पुनः मार्जित गराउनु नै पर्छ । नभए यहाँ प्रतिपक्ष दलको नेताले सधैं प्रतिपक्षलाई चाहिँ किचेकाकिचेही दुईतिहाइले भन्नुहुन्छ । पहिला त हामी किची मर्ने भइम् । यो सत्तापक्षकै मर्ने छाँटकाँट आयो यहाँ त । विपक्ष हैन यो रोगभोग सारा चाहिँ अशिक्षालाई किचौंला भनेको । यहाँ त हामी नै किचिएपछि त अब जीउधनकै सुरक्षा नभएपछि अरु के सुरक्षा होला ? त्यसो भएर यो काम नगरौं । यलाई कुनै प्रेष्टिज र इगोको विषय नबनाएर सन्तुलित ढंगले

पारदर्शी ढंगले जे जे कुरा हामीले उठाएका छौं, त्यो कुनै हामीले व्यक्तिगत स्वार्थको लागि उठाएका छैनौं । जनताको लागि, न्यायको लागि, हामीले त्यो कुरा उठाएका छौं । यदि उठाएका छैनौं भने कुन बेला तपाईले तपाईको मन्त्रालयमा व्यक्तिगत र सामुहिक ढंगले भेट्न म तयार छु । हामी सबै तयार छौं । त्यसको लजिकसहित तपाईले दिनुस् हामी मान्न तयार छौं अन्यथा यसरी अन्याय र अत्याचारपूर्ण ढंगले बनेको बजेट एकातिर जनतालाई तिहारैतिहार जस्तो, अर्कोतिरका जनतालाई तपाईंको चाहि एउटा भवितव्य जस्तो बनाएर जो तपाईहरूले चित्र ल्याउनु भाछ । क्रमागत बजेटको पनि मैले यहाँहरूलाई खबरदारी गर्न चाहन्छु । त्यसरी नै पैंसा थपिएर आको छ, जसरी पोहोरका योजनाहरू हुन् सबैको मैले मन्त्रीज्यूहरूलाई भन्न चाहन्छु । आजका दुई जना मन्त्रीहरूलाई त्यो तुरुन्तै कटाउनुस् । त्यसकारण त्यो क्रमागत रूपले तपाईका त्यही, त्यही तपाईको परिमाणमा थपिदै आयो भने त त्यहाँ त फेरि हामी त असन्तुलित भयौं नि । त्यसकारण फेरि पनि मैले भन्छु बजेटमा त तपाईहरूले असन्तुलित गर्नु भाछ, हैन । तपाईहरूका मन्त्रीका इलाकामा अब त्यहाँ चाहिँ सिंचाइका कुरा हुन् या पर्यटनका कुरा हुन् तपाईहरूले पहिल्यै चाहिँ सुनिश्चित गरेर रिजर्भ गरेर ल्याउनु भाछ, त्यलाई पनि खारेज गर्नुस् । कले भन्यो तपाईहरूलाई त्यो लेख्ने के हामीसँग सल्लाह गर्नु भो ? कुनै त्यस्तो तर्क छ मन्त्रीका इलाकामा मात्रै तपाईको पूर्वाधारको एकदम रणनीतिक योजनाहरू या चाहिँ तपाईको पूर्वाधारहरू हुन सक्छ । यो कुरा त हेर्न पऱ्यो नि । त्यसकारण यिनै कुरा तपाईहरूसँग राख्दै म विदा हुन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन भएका आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरूमाथि माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि भोलि असार २३ गतेको बैठकको शुरुमै समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम समय तोकिएकोमा सो अनुसार कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथि असार २३ गते छलफल हुने जानकारी गराउँछु । माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल असार २३ गते सोमबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१६

**(२०७६ साल असार २३ गते सोमबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको सोह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन भएका आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरूमाथि खर्च कटौतिको प्रस्ताव प्राप्त हुन आएको छ । खर्च कटौतिको प्रस्तावकर्ता माननीय श्री जीवनबहादुर शाहीलाई दिन्छु ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्मानीय सभामुख महोदय, विनियोजन विनियोजित विधेयक भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा मैले खर्च कटौतिको प्रस्ताव दर्ता गराएको छु ।

१ नं मा — भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको कार्यक्रममा मेरो खर्च शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस् भन्ने चाहिँ मेरो माग छ, सभामुख महोदय । पीएलएमबीआइएस कोड नं. राखिएको 2.7.15.17 मेरो किसान मेरो अन्नदाता, 2.7.15.17 स्थानीय तहलाई अंह अर्गानिक प्रोत्साहन दिने, 2.7.15.17 मा उत्पादनमा आधिकारिक प्रोत्साहन कार्यक्रम, 2.7.15.19 सहकारी प्रबर्द्धन क्षमताको विकास, 2.7.15.19 अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रम पायलोटिङ्ग र 5.1.11.2 व्यवसायिक कृषकलाई व्याज अनुदान दिने भनेर यी वितरणमुखी बजेट धन्नै १६ करोडको छ सभामुख महोदय, त्यसकारण यी शीर्षकको खर्चमा उल्लेखित रकम घटाइयोस् भन्नको अर्थ के हो भने यसमा चाहिँ मेरो सहमति हुन सकेन । यो कार्यक्रम चाहिँ को रकम चाहिँ घटाइनुपर्छ भनेर मैले प्रस्ताव पेश गरेको छु र सोही मन्त्रालयको अर्को चाहिँ मन्त्रालयको जिल्ला स्तरीय कार्यक्रम सम्बन्धमा जिल्ला यी सबैमा शीर्षकको खर्च रकममा चाहिँ १ सय रुपैयाँ घटाइयोस् भन्ने छ त्यसमा चाहिँ । त्यो खर्च शीर्षक ३१.१५१ बाट सडक तथा पुल निर्माण कार्यक्रम मन्त्रालयको जिम्मेवारी हो कि के हो ? सडक र पुलका कुराहरू छन् । होइन भने पुल निर्माणको लागि त्यो विशेषज्ञता कहिलेबाट हासिल भयो । पुल भनेको सडक जोडिसकेपछि मोटरेबल पुल होला, त्यसको लागि कृषिमा विज्ञहरू हुन्छन् हुँदैनन् ? त्यो गर्नु भनेको फजुल खर्चहरू गराउने भएको हुनाले सरकारको जिम्मेवारी पनि भएन, मन्त्रालयको जिम्मेवारी पनि भएन, त्यसको जवाफदेहिता पनि भएन । त्यसकारण यसमा चाहिँ १०० रुपैयाँ खर्च घटाइयोस् भनेर मैले प्रस्ताव पेश गरेको छु, सभामुख महोदय । त्यसरी नै विनियोजित विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालयमा यसको चाहिँ अलिकति शीर्षकहरू मिलाएकै छन् ।

क्रमसंख्या १. शीर्षकमा परामर्श सम्बन्धीको शीर्षक छ । सिरेल नं. ११. त्यसमा चाहिँ मैले शीर्षकको खर्च रकमलाई घटाइ १ रुपैयाँ गरियोस् भनेर चाहिँ मैले प्रस्ताव पेश गरेको छु । सभामुख महोदय, उपशीर्षक १.२ देखि २ सम्मको भवनहरू प्रदेश सरकार अन्तर्गत पर्ने नभई संघीय सरकारको अन्तर्गत पर्ने भएकाले यो आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर र आफूभन्दा ठूलो निकायको बजेट निर्माण गर्न नमिल्ने हुँदा नीतिकै विपरीत त्यो बजेट आएको हुनाले १ रुपैयाँ घ खर्च घटाइयोस् भनेर मैले प्रस्ताव पेश गरेको छु । त्यसरी नै यो भवन निर्माणमा माफ गर्नुहोला मैले अघि परामर्श भनेछु । यो भवन निर्माणको कुरामा चाहिँ त्यो हो । परामर्शको कुरामा चाहिँ शीर्षकको खर्च रकम उल्लेखित रकमबाट घटाइयोस् । यो माननीय सभामुख महोदयमार्फत् म के भन्न चाहन्छु भने सदनलाई शीर्षकको खर्च रकमलाई उल्लेखित

रकम घटाइयोस् भनेपछि फजुलको खर्च भयो । त्यसमा चाहिँ यो धेरै खर्चहरू चाहिँ राखियो पैंसा राखियो भन्ने मनसायले चाहिँ इलेक्सिन छ । परामर्शको नाममा विभिन्न उपशीर्षक राखी यत्रो ठूलो रकम हिनामिना हुने र फजुल खर्च हुने उद्देश्यले बजेट विनियोजित भएको हुनाले उक्त रकम एकमुष्ट घटाई मितव्ययिता अपनाइयोस् । रकम झण्डै झण्डै ७ करोड छ । ७ करोड, के गर्ने ? नित कानून तर्जुमा, कानूनको विशेष परामर्श, विशेष सल्लाह यस्तै यस्तैमा गएर ७ करोड चाहिँ भएको हुनाले उल्लेखित रकम घटाइयोस् भन्ने चाहिँ मैले यो प्रस्तावहरू पेश गरेको छु, सभामुख महोदय, धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं विज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । सर्वप्रथम आन्तरिक मामिला तथा कानून मन्त्रालयको शीर्षक माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुखज्यू, यो माननीय सभामुखको अनुमतिले यो कर्णाली प्रदेश सरकारको यो खासगरी आन्तरिक मामिला तथा कानून मन्त्रालयको वार्षिक विकास कार्यक्रम आ.व. २०७६/०७७ को वार्षिक विकास कार्यक्रम उपर माननीय सदस्यज्यूहरूले आ-आफ्ना मतहरू, राय, सुझावहरू केही प्रतिकृयाहरू उहाँहरूले व्यक्त गर्नुभएको छ । समग्र समीक्षा बजेटको वार्षिक विकास कार्यक्रमको सम समग्र समीक्षामा भाग लिनुभएको छ । यहाँहरूले यो सम्मानित सदनमा जनताका प्रतिनिधिहरूले यो प्रस्तुत गरेका सुझावहरूलाई, रायहरूलाई, आफ्ना अभिमतहरूलाई मैले सकारात्मक अर्थमा मैले ग्रहण गरेको छु । हामीलाई थाहा छ कि रुसले झण्डै ६ दशक अगाडि पहिलो यान अन्तरिक्षमा पठायो । युरी घागरिन अन्त पहिलो अन्तरिक्ष यात्री बने रुसको झण्डा पहिलो पटक सन् १९६१ मा र कम्युनिष्ट पाटीको झण्डा फहरायो । सन् १९६१ झण्डै ६ दर्शक अगाडि रुसले स्पेसमा यान पठायो । बाँकी विश्वलाई आश्चर्य चकित बनाइदियो । वास्तवमा आज हामी यो कर्णाली प्रदेश सरकारको बजेटमा छलफल गरिरहेका छौं कि अहिले पनि हामी सडक संजालबाट नजोडिएका हुम्ला, डोल्पा जस्ता जिल्लाहरू डोल्पा नाम मात्रको जोडिएको छ । ती जिल्लामा सडक पुऱ्याउने बाध्यात्मक स्थितिबाट हामी गुज्रिरहेका छौं । अझ नेपालको पनि कुरा गर्ने हो भने हामी सबैलाई थाहा छ, एउटा विपन्नतम् मुलुकको पनि कर्णाली प्रदेश मार्कजुगरवर्कले फेसबुकको आविश्कार गरे, मानवजातिका निम्ति एउटा ठूलो चाहिँ योगदान उनले गरे, सिंगो मानवजातिको लागि । अहिले पनि थुप्रै मान्छेहरू फेसबुक चलाउन पनि सकिरहेका छैनन् । यस्तो निकै चुनौतिपूर्ण वास्तवमा अवस्थाबाट हाम्रो प्र प्रदेश हाम्रो मुलुक गुज्रिरहेको छ । यहाँहरूले हामी सबैका वास्तवमा ती सपनाहरू वास्तवमा यस प्रदेशबाट योगदान गर्नुपर्दछ । यो मुलुकमा मानवजातिका निम्ति योगदान गर्नुपर्दछ भन्ने सपनाहरू प्रतिबद्धताहरू अंकुराउनु स्वाभाविक हो । तर यसमा मैले के कुन अर्थमा लिएको छु, भने यहाँहरूको त्यो हुटहुटी यो प्रदेशलाई एउटा समृद्धशाली प्रदेश बनाउने, यो प्रदेशलाई विकसित प्रदेश बनाउने त्यो हुटहुटी यहाँहरूमा चाहिँ छ । त्यो हुटहुटीको प्रतिफलस्वरूप यहाँहरूले विभिन्न खालका टिप्पणीहरू गर्नु भाछ, ती सबै टिप्पणीहरूलाई मैले वास्तवमा चाहिँ पोजेटिभली ग्रहण गरेको छु । त्यही ढंगले मैले परिभाषित गरेको छु । आगामी वर्ष पनि केही अभावहरू, केही अपूर्णताहरू, आगामी वर्षमा पनि हामीले समेट्ने मन्त्रालयले अहिले केही लिमिटेशनहरू छन् हामीकहाँ तपाईहरूले प्रस्तुत गरेका फिडब्याकहरूलाई सम्बोधन गर्न

यथोचित ढंगले मतलव सन्तोषजनक ढंगले सम्बोधन गर्नका निम्ति हाम्रा केही लिमिटेसनहरू छन् । आगामी वर्षमा पनि यसलाई चाहिँ हामी समेट्दै जानेछौं । खासगरी बजेटको मूल स्प्रीटप्रति यहाँहरूले आफ्नो चाहिँ सकारात्मक बुझहण व्यक्त गर्नुभको छ । यहाँहरूले आफ्नो समर्थन बजेटको मूल स्प्रीटप्रति वार्षिक विकास कार्यक्रमको मूल स्प्रीटप्रति यहाँहरूले ऐक्यबद्धता जाहेर गर्नुभएको छ । यसका निम्ति म यहाँहरूलाई मुरीमुरी धन्यवाद ज्ञापन गर्न चाहन्छु । र केही खास गरिकन केही प्रश्नहरू उठेका छन् । केही विमतिहरू पनि जाहेर भका छन्, जसमा खासगरिकन केही चालु बजेट पूँजीगतभन्दा चालु चाहिँ ज्यादा भएको हो कि भन्ने खालको धारणा पनि यहाँ व्यक्त भा'छ । मुख्य यहाँहरूलाई स्पष्ट के पार्न चाहन्छु भने खासगरी हाम्रो मन्त्रालय अलि बढी मतलव चालु बजेट एलोकेट गर्ने मन्त्रालयहरूमध्येको एउटा मन्त्रालय हो । अझ हाम्रो एउटा खासगरी यो बाढी पिडितको पुर्नस्थापना अझ विपद् पिडितहरू पुर्नस्थापना कार्यक्रम पनि चालुमा पर्छ । त्यस्तै गरेर डिजाय विपद्सँग रिलेटेड उद्दारका कार्यक्रम पनि चालुमा हाम्ले चाहिँ एलोकेट गरेका छौं शीर्षकवद्ध गरेका छौं । यसो हुँदाखेरि स्वभावैले चालु चाहिँ खर्च चाहिँ बढ्ता छ यहाँ चाहिँ । त्यही अर्थमा यहाँहरूले ग्रहण गर्दिनका निम्ति म विनम्रतापूर्वक अनुरोध म यो सम्मानित सदन र सार्वभौम जनप्रतिनिधिलाई म अनुरोध गर्न चाहन्छु । र अर्को कुरा खास गरिकन यो सन्तुलित भएन, भन्ने सवाल हो, खासगरी एउटा डिजिटल स्कुलको कार्यक्रम अरु त वेशिकल्ली अब सन्तुलितै छ । यसमा चाहिँ अब के भने खासगरी दुई वर्षको बीचमा अर्को अघिल्लो वर्षमा चाहिँ यो समानुपातिक माननीयज्यूहरूले प्रस्तुत गरेका छनौटका लागि चाहिँ उहाँहरूले गर्नुभएको डिमान्ड चाहिँ हामले एड्रेस गर्न सकेनौं । त्यसो हुँदाखेरि यो वर्ष उहाँहरूलाई किनभने कम्तिमा एक जना माननीय सदस्यले एउटा डिजिटल स्कुलको लिड गर्नुभयो भने त्यलाई मोडलाइज गर्न सकिन्छ । त्यलाई नमूनाकृत गर्न सकिन्छ भन्ने मनसायबाट प्रेरित भएर अहिले चाहिँ अलिकति डिसव्यालेन्स खासगरी क्षेत्रगत हिसाबले गर्दाखेरि असन्तुलित जस्तो पनि पर्न गको छ । केही ठाउँमा अलि बढी केही जिल्लामा समानुपातिक सांसदहरू माननीयज्यूहरू अलि बढी चाहिँ मतलव हुनुभको स्थिति, केही ठाउँमा नभको हुँदाखेरि हामी फेरि यलाई क्रमशः हाम्रो अर्को चाहिँ एउटा वर्षसम्म जाँदाखेरि सम्भव भयो भने अब यही वर्ष पनि अलि केही सन्तुलित गरेर जाने ढंगले हामी सोच्छौं त्यहाँ । जहाँ जहाँ अभाव भको छ त्यहाँ फेरि केही थप दिने कम भकोमा थप दिने र व्यालेन्स गर्नेतिर हाम्रो चाहिँ एकदम संवेदनशिल प्रयत्न रहनेछ र जहाँसम्म चाहिँ यो प्रहरीको स्टक्चरहरू, निर्माणसँग सम्बन्धित कामहरू, प्रहरी भवनहरू कारागारहरूको कुरा जहाँसम्म छ । अब यो नेपालको संविधानले खासगरिकन शान्ति सुरक्षाको जिम्मेवारी त्यो प्रदेश सरकारलाई प्रदान गरेको हुनाले संवैधानिक हिसाबले सेक्युरिटीको जिम्मा हाम्रो हो, यो गैरसंवैधानिक हुन सक्दैन । त्यसो भको हुनाले हामले एलोकेट गरेको बजेट त्यसो हुँदाखेरि अब अहिले पनि यहाँहरूलाई थाहा छ कि अब हरेक दिन जस्तो प्रहरी समायोजन विधेयकका विषयमा चाहिँ संघीय संसदको राज्य व्यवस्था समितिमा हरेक दिन छलफल चलिरहेको छ । आज पनि छलफल थियो त्यो मोडालिटीका विषयमा । अब त्यसो भको हुनाले यो छिट्टै नै प्रदेश प्रहरी बन्ने दिशातिर चाहिँ अहिले गैरहेको छ । त्यसो हुँदाखेरि अब हामीले यो प्रदेशमा तालिम केन्द्र पनि छैन । विडम्बना यो प्रदेशको चाहिँ तपाई प्रहरी ट्रेनिजलाई हामीले नेपालगञ्जमा चाहिँ हामीले चाहिँ तालिम गराउनु पर्ने एक खालको एउटा बाध्यात्मक स्थिति छ । त्यसो हुँदाखेरि कम्तिमा एउटा तालिमकेन्द्र चाहिन्छ र गत सालमा हामीले १४ वटा प्रहरीचौकी, जिल्लादेखि लिएर चौकीसम्मका चौकीहरू चाहिँ निर्माणको कार्यक्रम थियो । त्यो चाहिँ सबै चाहिँ तपाई बोलपत्र आहव्वान भएर, सम्झौता भएर, प्रक्रियामा अगाडि बढिसकेको स्थिति छ । त्यसो हुँदाखेरि केही पैसा हामीले अहिले त्यसमा चाहिँ हामीले दिनुपर्ने एलोकेट गर्नुपर्ने स्थिति छ तैपनि हामीले एकदम नोमिनल बजेट मात्रै हामीले एलोकेट गरेका छौं । संशय अझैं पनि हामीमा छ किनभने प्रहरी हस्तान्तरण यो वर्ष नहुने हो कि भन्ने खालको

संशय त्यो । अझ यदि प्रहरी आयो भने त्यो बजेट चाहिँ तपाईको एकदम न्यून हुन्छ यो चाहिँ । हामीले चाहिँ कोषबाट, सरकारको कोषबाट फेरि चाहिँ हामीले बजेट एलोकेट गर्नुपर्ने हुन्छ । त्यसो भको हुनाले हामीले यो संवैधानिक हिसाबले प्रदेश प्रहरी चाहिँ शान्ति सुरक्षाको जिम्मेवारी हाम्रो भको हुनाले मतलव प्रदेशको भको हुनाले हामीले यहाँ चाहिँ केही पैसा चाहिँ हामीले बजेट चाहिँ एलोकेट गरेको स्थिति छ । त्यसैगरेर अब डिजिटल स्कुलको कुरा आइसक्यो अब हामीले छनौटको मापदण्डको कुरा पनि गर्नु भाथ्यो । त्यसैगरेर चाहिँ अब यसको चाहिँ अब औचित्यको विषयमा पनि केही प्रश्नहरू उठ्याछन् । अब खासगरी हामीले गत साल चाहिँ अब कार्यान्वयन चाहिँ भैराखेको छ यो । हाम्रा केही मेका संयन्त्रहरू नहुँदाखेरि चाहिँ हामले अलिकति इम्प्लिमेन्टेसन र लोकल सरकारको पनि अनरसीप चाहिँ होस् भन्ने हेतुले हामीले चाहिँ तपाईको निर्णय गरेर गाउँपालिकालाई हामीले अख्तियारी प्रदान गरेका थियौं । त्यो अहिले क्रमशः कार्यान्वयनको प्रकृयामा अगाडि बढिराखेको छ र अर्को सालबाट मन्त्रालय आफैले यो डिजिटल स्कुलको कार्यक्रम संचालन गर्ने ढंगले चाहिँ हामी अगाडि बढ्ने हाम्रो सोच चाहिँ रको छ र खासगरी २४ वटा गत सालको त्यलाई कन्टीनियू गर्ने, त्यलाई चाहिँ हामीले अहिले कटौति गरेका छैनौं । त्यलाई निरन्तर कार्यान्वयनमा लाने र नयाँ अहिले चाहिँ डिजिटल स्कुलहरू छन् । अब ती नयाँ स्कुलहरू पनि अब चाहिँ हामी फ्रेस स्टार्टै गर्नुपर्ने स्थिति छ । त्यो छ, अब केही आको केही जिन्यूनै ठाउँहरूमा अब केही जिम्मेवारै चाहिँ तपाईको अम् समाजका अब नेतृत्वमै रहेका व्यक्तिहरू र केही चाहिँ तपाई हामीले छनौट नै गर्नुपर्ने स्कुलहरू केही थपिएको चाहिँ यथार्थ हो चाहिँ । यो त्यसैगरेर खासगरेर कानूनको कार्यक्रमका सन्दर्भमा यो गोष्ठीहरू जरुरी छैन कि भन्ने माननीय सदस्यज्यूको एउटा जिज्ञासा रको थियो । अब यलाई सापेक्षित ढंगले यलाई बुझौं । यलाई निरपेक्ष ढंगले नबुझौं । बादे बादे जायते तत्वबोध भन्ने यो नेपाली सुप्रसिद्ध एउटा चाहिँ तपाईको एउटा संश्लेषण छ । वास्तवमा छलफल बहसबाट हामीले एउटा निश्कर्षमा चाहिँ पुग्न सक्छौं तर यलाई हामीले अलि भष्ट्रीकरण गर्ने यस्ता खालका सेमिनारहरू, गोष्ठीहरू, इन्ट्रयाक्सन कार्यक्रमहरूलाई भल्गराइजेशन गर्ने प्रवृत्तिबाट हामी सचेत हुन जरुरी छ । तर हामीले यो खासगरी यो यी हाम्रा चाहिँ आधारभूत प्राथमिक कार्यहरूलाई हामीले पूरै चाहिँ तपाईको डिलेटै गरेर अथवा हाम्रो चाहिँ कार्यसूचीबाट यिनलाई चाहिँ तपाईको हामीले इरेजै गरेर चाहिँ जान हुँदैन । यलाई बरु हामीले चाहिँ अऽऽ हाम्रो हितमा सचेततापूर्वक हामीले चाहिँ तपाईको कार्यान्वयन गर्नुपर्दछ भन्ने हो । अब त्यसो हुँदाखेरि अब हामीले खासगरी बजेट गत साल चाहिँ कानून तर्जुमाका सन्दर्भमा केही बजेट किनभने कानून मन्त्रालय भको हुनाले खासै धेरै बजेट पनि यसमा छैन, हैन । त्यसो भा'हुनाले कानून शीर्षकमा भनौं, कानून तर्जुमाको शीर्षकमा अहिले हामीले कार्यन् कानून कार्यान्वयनका लागि हामीले केही बजेट चाहिँ गत साल चाहिँ अभिमुखी मतलव के भन्छ अन्तरक्रिया कार्यक्रम, अभिमुखीकरण कार्यक्रम, तर्जुमा कार्यक्रम लगायतमा थियो । अहिले हामीले कार्यान्वयनका सन्द लागि चाहिँ हामीले सघाउने हिसाबले प्रभावकारी कार्यान्वयनका लागि केही बजेट हामीले एलोकेट गरेका छौं अहिले चाहिँ त्यताबाट अनि यो प्राकृतिक प्रकोप एवम् विपद् न्यूनीकरण तथा उद्धारको अब एउटै शीर्षकमा बजेट चाहिँ राख्दाखेरि हुन्थ्यो । विभिन्न शीर्षक भए भन्ने कुरा, एउटैमा राख्दा पनि हुन्थ्यो खासै तर हामीले अलिकति हाउसमा नै छलफलको विषय बनोस् यसमा चाहिँ भनेर हामीले खासगरी अब अभिमुखीकरण विपद् खासगरी प्रकोप सम्बन्धी प्राकृतिक प्रकोप विपद् सम्बन्धी अभिमुखीकरण कार्यक्रम र सिमुलेशन अभ्यास फरक कार्यक्रम यिनीहरू चाहिँ । त्यसो भको हुनाले शीर्षकहरू हामीले फरक फरक चयन गरेका हौं । अभिमुखीकरण चाहिँ तपाईको फरक कार्यक्रम हो । सिमुलेशन अभ्यास भनेको खास प्राक्टिक प्राक्टिसै गरेर देखाउने फिल्डमै चाहिँ कार्यक्रमहरू हो । त्यसो हुँदाखेरि फरक फरक प्रकृतिका कार्यक्रम भको हुनाले अभ्यासै गरेर देखाउने भको हुनाले यो फरक कार्यक्रम हो । त्यसकारण फरक ढंगले हामले यहाँनिर शीर्षकहरू चयन गर्ने,

बजेटहरू पनि एलोकेट गर्ने यलाई अलिकति सेप्रेटली ल्याउँदाखेरि राम्रो हुन्छ भन्ने हिसाबले सोचिएको हो । र सामुहिक दुर्घटना बिमा १ करोड २५ लाखले १७ करोड दे १७ लाख कर्णालीबासीहरूलाई कसरी सम्भव छ ? भन्ने यहाँ थोरै जिज्ञासा पनि थियो । अब यो खासगरी हामीले अब कर्णाली प्रदेश यो फेरि विपद् जोखिम प्रभावित क्षेत्र पनि हो चाहिँ । यो भूकम्पीय जोखिमको पनि अब करिब करिब ५ सय वर्ष भयो यहाँ चाहिँ भूकम्प नगाको अब भूकम्पको अलि बढी जोखिमको क्षेत्रका रूपमा चाहिँ भू यो विदहरूले अनुमान गरिरहेको पनि पर्‍यो र अरु चाहिँ बाढीपहिरो हिमपहिरोदेखि लिएर अरु थुप्रै खालको यहाँ चाहिँ तपाईको डिजास्टरका सम्भावनाहरू चाहिँ देखिएको कारणले गर्दाखेरि हामीले जनतालाई पनि मनोवैज्ञानिक ढंगले पनि सुरक्षित छु भन्ने आभाष दिलाउनको लागि यो कार्यक्रम हामीले चयन गरेका हौं । खासगरी यो, यो नेपालमा नयाँ अभ्यास पनि हो यो चाहिँ यो नेपालमा चाहिँ खासगरिकन नयाँ अभ्यासका रूपमा चाहिँ यो कार्यक्रमलाई अर्थ्याउन सकिन्छ । जसमा चाहिँ ७ रुपैयाँले चाहिँ तपाईको एक जनाको बिमा हुन्छ । भनेपछि अब हामी एक जनाको मृत्यु भयो भने हामीले खासगरिकन त्यस उले यो सत्र एक १ करोड २५ लाखमा चाहिँ १ लाख प्रतिव्यक्ति दिन सक्छौं । घरको कुरा छ, एक हजार घर चाहिँ हामीले अहिले अऽऽ विपद् जोखिमउन्मुख चाहिँ तपाईको बस्तीहरूलाई गर्ने भनेपछि १ हजार ५ सयका दरले हामी गर्छौं त्यहाँ चाहिँ बिमा गर्छौं भनेपछि ५ सयको १ वटा घरलाई गर्‍यौं भने त्यो घर भत्कियो भने ५ लाख रुपैयाँ चाहिँ प्राप्त हुन्छ । बिमा चाहिँ हामीले चाहिँ त्यो रकम चाहिँ प्राप्त गर्छौं भनेपछि त्यहाँ १ जना त्यो घरभित्र १ जनाको डेथ भयो भने थप ५ लाख रुपैयाँ, २ जनाको डेथ भयो भने १० लाख रुपैयाँ र ५ जनासम्मको २५ लाख रुपैयाँ चाहिँ यो बिमाबाट हामीले प्राप्त गर्न सक्छौं । त्यसो हुँदाखेरि निकै चाहिँ यो महत्वपूर्ण र जनतासँग जोडिएको र मतलव मनोवैज्ञानिक ढंगले जनाधारलाई पनि यो अऽऽ खासगरी सुरक्षित छु भन्ने कुराको आभाष दिलाउनको लागि यो कार्यक्रम चाहिँ हामीले ल्याएका हौं । यो मलाई लाग्छ, यो निकै महत्वपूर्ण कार्यक्रम छ । त्यही अर्थमा यहाँहरूले बुझिदिनु हुनेछ । अब फेरि विपद्मा पैंसा भन्ने कुरा अब खासगरी अनुमान अथवा बाजा बजाएर पनि विपद् आउँदैन । अहिले भोलि नै हामीले चाहिँ तपाईको अरब रुपैयाँ चाहिँ हामीले खर्च गर्नुपर्ने पनि हुन सक्छ तर पनि हामीले न्यून बजेट चाहिँ हामीले यहाँ एलोकेट गरेका छौं, यसमा चाहिँ । त्यसो हुँदाखेरि यो बजेटलाई हामीले न्यून छ भन्ने बुझ्नुपर्छ । हामीलाई पनि एकदम बजेटको सिलिङको सीमाको कारणले बजेटको सीमाको कारणले गर्दाखेरि हामीले धेरै एलोकेट गर्न सकेनौं । त्यसरी चाहिँ यहाँहरू बुझिदिनु हुनेछ । अब विपद् पिडित पुर्नस्थापना यस्तै दुइटा किताबमा कुन छलफल गर्ने भन्ने कुरा आको थियो । त्यो फेरि हामी अब अलि बढी हतारहतारमा मतलव पब्लिश गर्नुपर्ने प्रकाशनमा जान पर्ने भको हुनाले समस्या भाथ्यो त्यो खासगरी हामीले यो पुर्नस्थापना कार्यक्रममा चाहिँ ५ करोड ९० लाख एलोकेट गर्‍या थियौं । त्यहाँ चाहिँ अलिकति अंक चाहिँ ५ सय मात्रै भको रहेछ, यलाई हामले फेरि अऽऽ रिभिजिट गरेयौं र हामीले यलाई चाहिँ त्यही अनुसार चाहिँ परिमार्जित रूपमा प्रस्तुत गरेका थियौं र त्यसैगरेर चाहिँ एक दुइटा खासगरी अब प्रहरी नै आउने स्थिति भइसकेपछि अब त्यसमा एउटा शीर्षक चाहिँ खासगरी सूचना प्राप्ती संग्रह र परिचालन भनेर प्रहरीसँग रिलेटेड त्यो एउटा प्रोग्राम चाहिँ हामीले थपेका थियौं ५० लाखको । र अरु तलमाथि केही टेक्निकल प्रोब्लेमहरू थियो त्यो हामीले हल गर्‍यौं । एअ दोस्रो खास गरी अब पुस्तकमा चाहिँ र अरु द्वन्द्व पिडितहरूको राहतको जाहाँसम्म कुरा छ यो हिजो मात्रै १ जना द्वन्द्व पिडित आएर चाहिँ मन्त्रालयमा उहाँले एकदमै पनि आँशु झार्नु भो । निकै त्यो दृष्य भावुक थियो, मैले उहाँलाई भेटे र उहाँलाई चाहिँ सोधे तपाई कहाँ जानु भाथ्यो ? इण्डिया गाथें भन्नुभो । त्यसपछि खुट्टा हेर्दाखेरि खुट्टा छैन फलामको एउटा चाहिँ खुट्टा जोड्दिएको रहेछ । त्यसपछि कहाँ इण्डिया के गर्न जानु भाथ्यो भनेर मैले प्रश्न गर्दाखेरि उहाँले आंशु चाहिँ झारिहाल्नु भयो उहाँले । भने पछि एक जना मान्छे जो खुट्टा छैन र पनि परिवारको

भरणपोषणको लागि ऊ चाहिँ कालापहाड गैरहेको छ भनेपछि निकै कारुणिक दृष्य हो यो चाहिँ मतलव स्थिति हो यो चाहिँ । जसलाई हामीले अहिले पनि वास्तवमा रियलमा सम्बोधन गर्न सकिरहेका छैनौं तर पनि हामीले अहिले यसमा पकेटको हिसाबले हेर्दाखेरि हाम्रो सानो भको हुनाले हामीले धेरै पैंसा चाहिँ एलोकेट गर्न सकेका छैनौं । र वास्तविक पिडितहरूले पाउँछन् कि पाउँदैनन् भन्नु भाथ्यो उहाँले । हामी चाहिँ पिडितले पाउने वातावरण बनाउँछौं र अर्को चाहिँ खासगरी जो छुट्नुभाछ जो पिडित भएर पनि तपाईको प्रशासनिक हिसाबले उहाँको नाम चाहिँ पिडितको सूचीमा छैन, उहाँहरूलाई पनि एकपटक हामी फेरि त्यो अवसर प्रदान गर्छौं । हाम्रो प्रदेशले भेरिफाइ गर्छ, गर्छ । पुर्नस्थापन केन्द्रमार्फत् त्यो हिजो हिजो हैन प्रायः आइराख्नु भाछ त्यस्तो पिडितहरू । उहाँहरूलाई भरणपोषणको व्यवस्था गर्ने भनेर हामीले चाहिँ पुर्नस्थापना केन्द्र नै हामीले चाहिँ तपाईको स्थापित गरेका छौं, गर्ने भनेर मतलव नीति कार्यक्रममा पनि आको छ र यसमा पनि खासगरी बजेट चाहिँ एलोकेड गरेका छौं । त्यहाँ वास्तविक चाहिँ तपाईको पिडितहरूलाई हामी चाहिँ त्यहाँ चाहिँ राख्छौं र उहाँहरूलाई चाहिँ एउटा शान्ति दूतका रूपमा एउटा जिउँदा शहिदहरूलाई चाहिँ हामी परिचालन गर्ने घाइते अपाङ्ग योद्दाहरू द्वन्द्व पिडितहरूलाई चाहिँ हामी त्यसरी चाहिँ अऽऽ मतलव सम्बोधन गर्दछ, प्रदेश सरकारले । यहाँहरूले चाहिँ यसरी विभिन्न जिज्ञासाहरू चाहिँ राख्नु भको छ । अऽऽ अंऽऽ त्यहाँ द्वन्द्व पिडितहरूलाई अब १० करोड भन्नु'भा रहिछ । १० करोड हैन, त्यहाँ चाहिँ विभिन्न शीर्षकमा एकडेड, एकडेड करोडका शीर्षकहरू छन् । त्यहाँ हेर्दाखेरि अलि टेक्निकल्ली अब केही मिष्टेक भयो होला, भन्दै अब हामी खास गरिकन अब कर्णाली प्रदेशमा अऽऽ एउटा चाहिँ यो प्रदेश एउटा नेपालको र एउटा पिछडिएको एउटा भनौं न अभावको एउटा प्रदेश, एउटा गरिबको एउटा चाहिँ तपाईको गरिबीले आक्रान्त प्रदेशका रूपमा जसरी स्थापित छ, यसको परिभाषा बदल्नका निम्ति हामी एकताबद्ध भएर अगाडि बढौं । सरकार र सदन भनेको अलग त्यस्तो खालको प्रतिस्पर्धी कुनै त्यस्तो निकाय होइन । अझ खासगरी यो प्रदेशको प्रतिपक्ष र सत्तापक्ष चाहिँ, प्रतिपक्ष होइन भन्ने त्यो गरिबी हाम्रो प्रतिपक्ष भन्ने खालको हाम्रो साझा बुझाइ पनि छ । त्यसो हुँदाखेरि अब यो प्रदेशले एउटा मुलुकको विकसित प्रदेश बनाउने र विगतको भाषालाई एकादेशको कथा बनाइदिने संकल्प गरौं र यहाँहरूको सुझाव निकै मननीय छन् र हामीले फेरि खासगरी ऐतिहासिक अभिभारा हामी सबैले प्राप्त गरेका छौं कुशलतापूर्वक कार्यान्वयन गरौं । यहाँहरूका मतहरू रायहरू, यी जनताका आवाज हुन भन्ने मलाई लाग्छ र हामी यसलाई चाहिँ कुनै न कुनै रूपमा सम्बोधन गर्ने हाम्रो पर्यत्न छ । हाम्रो चाहिँ तपाईको प्रतिबद्धता मन्त्रालयको पनि रहेको छ र कार्यान्वयनमा पनि यहाँहरूको चाहिँ सहभागिताको चाहिँ मन्त्रालय अपेक्षा गर्दछ । र मैले आफ्नो प्रष्टीकरण चाहिँ बिट मार्ने अनुमति माग्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी. :** माननीय सभामुख महोदय, सर्वप्रथम अंऽऽ छलफलका क्रममा माननीय सांसदहरूले दिनुभएको महत्वपूर्ण रचनात्मक सुझावहरूलाई आत्मसाथ गर्दै मन्त्रालयको बजेट तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धतासहित आगामी वर्षको बजेट कार्यान्वयनको सन्दर्भमा चालु वर्षझैं निरन्तर र अझ बढी सहयोगको अपेक्षा गर्दछु । प्रदेश सभा गठन भएको समयलाई हेर्दा १० दिनपछि ठीक डेढ वर्ष पुग्दैछ । यो डेढ वर्षको समयपछि जवाफका सन्दर्भमा यो सम्मानित सदनमा उभिएर बोल्दै गर्दा विगतको कामका सन्दर्भमा पनि केही समीक्षात्मक विश्लेषण गर्न सान्दर्भिक ठान्दछु । गत आर्थिक वर्ष २०७४/०७५ को चौमासिक बजेट

कार्यान्वयनको पक्षलाई हेर्दा छोटो समयमा आफ्नो कर्मचारी संयन्त्रको अभावमा पनि संघीय सरकार मातहतका तत्कालिन जिल्ला कृषि कार्यालय र जिल्ला पशु सेवा कार्यालयको सहयोग लिएर जनताको जीवनस्तरमा परिवर्तन ल्याउने गरी केही परिणाममुखी कार्यक्रमहरू सम्पन्न भएका थिए । रुकुम पश्चिमको सलावाङ्को सलावाङमा प्रदेश सरकारको रकमको ८० लाखको सहयोगमा नागरिक दुग्ध सहकारी संस्थाले दुग्ध चिस्यान केन्द्रको स्थापना गरी करिब रू २ करोडको काम सम्पन्न गरेको थियो । त्यस प्रश्चात रुकुमको अहऽऽ रुकुम पश्चिमको दूध निर्यात गरेर कृषकको आयआर्जन वृद्धि गरे भएको छ । मिति २०७५ माघदेखि ०७६ जेठसम्म मात्र उक्त सहकारीमार्फत् १ लाख ७ हजार लिटर दूध निर्यात गरी अऽऽ रकम रु ४८ लाख १५ हजार पैंसा आयआर्जन गरी करिब ४ सय ७५ कृषकहरू बढी लावान्भित भएका छन् । त्यसका साथै १९ वटा सहकारी भवन तथा कृषि संकलन केन्द्र निर्माण भएका थिए । जसका कारण सरकारीहरूको संगठनात्मक प्रबर्द्धनका साथै बजारीकरणका सन्दर्भमा कृषकहरूलाई सहजता पैदा भएको छ । साना सिंचाइका सिंचाइका निर्मित कूलो, पोखरी, लिफ्ट जस्ता संरचनाहरूले सिंचाइ सुबिधा विस्तार गरी उत्पादन वृद्धिमा ठूलो सहयोग गरेको छ । बाख्रापालन तथा बाख्रा प्रबर्द्धनात्मक कार्यले विदेश जान खोजेका केही युवाहरूलाई रोजगारी सिर्जना गरी विदेश पलायन हुनबाट रोकेको छ । ०७४/७५ को बजेट कार्यान्वयनको पक्षलाई हेर्दा निकै चुनौतिका बावजुद चर्चा चलाइएको र आशंका गरिएको जस्तो नभएर मन्त्रालयले गर्व गर्ने गरी परिणाममुखी कामहरू भएको कुराहरू सबैकासामु छर्लङ्ग रहेको छ । माननीय सभामुख महोदय, चालु आर्थिक वर्ष २०७५/०७६ को नीति कार्यक्रम र बजेटले लिएको लक्ष्य उद्देश्यलाई प्राथमिकतामा राखेर कार्यान्वयनको प्रकृयालाई अगाडि बढाई हालसम्मको प्रगति हेर्दा हामीले उल्लेख्य रूपमा कार्यक्रमहरू गर्न सफल भएका छौं । कृषि पूर्वाधार सुनिश्चित बजार कार्यक्रमको लागि कृषि सडक, कृषि सिंचाइ, कृषि उपसंकलन केन्द्र, उपसंकलन केन्द्र, हाड बजार सेलारस्टोर र कृषि स्टोर निर्माणका कार्यलाई तीव्रता दिइएको छ । जस अन्तर्गत ९७ वटा कृषि सिचाइँबाट २ सय २५ हेक्टर जमिन सिंचाइ सुबिधा पुगेको छ भने ७९ वटा कृषि सडक निर्माण सम्पन्नबाट करिब २ सय २० किलोमिटर र १० वटा कृषि उपज संकलन केन्द्र हाडबजार निर्माण प्रकृयामा रहेको । अर्गानिक कृषि अनुसन्धानलाई मूर्तरूप दिनका लागि नेपाल कृषि अनुसन्धान परिषद्सँग ५ वर्षका लागि एक समझदारी पत्रमा हस्ताक्षर गरी कृषि अनुसन्धान केन्द्र दशरथपुरमा टिसुकल्चर उच्च प्रविधि हाइड्रोजन नर्सरीको माध्यमबाट अर्गानिक कृषि अनुसन्धानलाई अगाडि बढाइएको छ । अति विपन्न गरिब किसानहरूको आयआर्जन वृद्धि गर्नका लागि १० वटै जिल्लाको सबैभन्दा गरिब पालिकाको गरिब बस्ती क्षेत्रमा छनौट गरी किसान सरकार हातेमालो कार्यक्रम संचालन गरिएको छ । र १० वटै जिल्लामा अर्गानिक नमूना गाउँ, सरकारी नमूना गाउँ कार्यक्रम संचालनमा रहेका छन् । पकेट क्षेत्र विस्तार र प्रबर्द्धन गरी कृषि क्षेत्र कृषि तथा पशुपंछी क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नाका लागि कृषितर्फ ५२ वटा र पशुपंछीतर्फ चाहिँ ४५ वटा पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिएको छ । जसबाट सुर्खेतमा मात्रै ३ सय ३४ वटा उन्नत जातका भैंसी कृषक स्तरमा वितरण गरिसकिएको र जसबाट दैनिक २५ सय लिटर दुध दैनिक रूपमा उत्पादन भैरहेको छ । संचालित आयोजनाबाट ७५ संचालित सबै माथिका आयोजनाहरूबाट अप्रत्यक्ष रूपमा ७ हजार ५ सयलाई रोजगारी सिर्जना गरिएको छ भने प्रत्यक्ष रूपमा कृषि र पशुपंछी प्राविधिक र स इन्जिनियरहरू, सवइन्जिनियरसहित १ सय ६० जनालाई करार सेवा मार्फत् रोजगारी दिइएको छ । चालु आर्थिक वर्षका कार्यक्रम कार्यान्वयनका क्रममा हाम्रा अगाडि जटिलताहरू पनि रहेका छन् । केही सिकाइ पनि रहेका छन् । जसबाट मन्त्रालय अब आउने आर्थिक वर्ष ०७६/०७७ मा कठोरतापूर्ण ढंगले अनुदानको मोडालिटी नै परिर्वतन गरी गरिब किसानका जीवनस्तर परिवर्तन आउने गरी अनुदान पूर्णरूपमा सदुपयोग गर्ने नीति लिएका छौं । सभामुख महोदय, आगामी

आर्थिक वर्ष २०७६/०७७ मा समानीकरणतर्फ अँऽऽ २ अरब ७५ करोड ८८ लाख उना ७९ हजार कूल बजेटको ८० प्रतिशत र संघबाट सशर्त अनुदान अऽऽ ६७ करोड ७७ हजार कूल बजेटको २० प्रतिशत गरी मन्त्रालय कुल बजेटको रु ३ अरब ४३ करोड ५ लाख ७९ हजार रहेको छ । समानीकरण तर्फको २ अरब ७५ करोड २८ लाख ७९ हजारमध्ये प्रशासनिकतर्फ ३५ करोड ६१ लख ३६ हजार जुन कुल बजेटको १२.९४ प्रतिशत कार्यक्रम र बजेट प्रतिशत हुन्छ । र कार्यक्रम बजेट रु १ अरब ३ करोड २६ लाख ९३ हजार जुन कुल बजेटको ३७.५१ प्रतिशत हुन्छ । पूँजीगत अनुदानमा कोल्डस्टोर संकलन केन्द्र, दुध चिस्यान केन्द्र पदु पशु बधस्थल बधशाला सामुहिक वीउबैंक आदिमा २७ करोड रहेको छ । जुन कुल समानीकरण बजेटको १० प्रतिशत हुन आउँछ । त्यसैगरी कृषि सडक र सिंचाइ र जस्ता पूँजीगत कार्यक्रमहरू १ अरब ९ करोड ४७ लाख ५० हजार विनियोजित गरिएको छ, जुन कूल समानीकरण बजटेको करिब ४० प्रतिशत हुन आउँछ । कूल पूँजीगत खर्चलाई हेर्ने हो भने १ अरब ३६ करोड ४० लाख ५० हजार विनियोजित भएको छ, जुन कूल समानीकरण बजेट बजेटको ४९.५५ प्रतिशत हुन आउँछ । यसरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले प्रशासनिक खर्चलाई कमभन्दा कम विनियोजित गरी मितव्य, मितव्ययी बनाउने प्रयास गरिएको छ भने कृषि कृषकहरूलाई पूँजीगत बजेट सहित विभिन्न बालीवस्तुमा वस्तुका पकेटका कार्यक्रम लक्षित वर्ग जस्तै दलित विपन्न वर्गका कृषकहरूमा लक्षित वर्ग विशेष कार्यक्रममार्फत् सेवा पुऱ्याउने गरी कार्यक्रम तय गरिएका छन् । आर्थिक वर्ष २०७६/०७७ को कार्यक्रमको प्राथमिकतालाई हेर्दा कर्णाली प्रदेश सरकारको आर्थिक आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम अनुसार यस प्रदेशमा जनताको गरिबी न्यूनीकर न्यूनीकरण गर्दै आगामी २५ वर्षभित्र प्रति व्यक्ति आय अमिरिकि डलर २१ सय पुऱ्याउने सरकारको दीर्घकालिन लक्ष्यमा योगदान पुऱ्याउन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आगामी आर्थिक वर्ष २०७६/०७७ मा प्राङ्गारिक कृषिको माध्यमबाट कृषि उत्पादनमा वृद्धि गरी कृषकको आयआर्जन र रोजगारीमा वृद्धि गर्ने लक्ष्यका साथ निम्नअनुसार कार्यक्रमलाई प्रा प्राथमिकता दिइएको छ । कृषि उत्पादनमा वृद्धि गर्नका लागि कृषि पकेट क्षेत्रहरूमा साना तथा मझेउला सिंचाइ कार्यक्रम, कृषि उत्पादनलाई उत्पादनथलोदेखि बजारसम्म पहुँच पुऱ्याउनका ला लागि साना कृषि सडक, कृषि र कृषि पेशालाई मर्या सम्मानित मर्यादित बनाउने मेरो किसान, मेरो अन्नदाता मुख्यमन्त्री उत्कृष्ट कृषक नायक नायिका पुरस्कार प्रोत्साहन कार्यक्रम, अति विपन्न गरिब दलित तथा सीमान्तकृतलाई का लागि किसानहरूका लागि विशेष वर्ग कार्यक्रम संचालन गरिने । यसका सन्दर्भमा अलिकति मैले थप विश्लेषण गर्न पर्दाखेरि खासगरी हामी अहिले कृषि क्षेत्रबाट, उत्पादनको क्षेत्रबाट, व्यावसायिक क्षेत्रबाट, उद्योगको क्षेत्रबाट गरिबी न्यूनीकरण गर्ने कुरा गरिरहँदाखेरि हाम्रो समस्या के भैराथ्यो भन्नुहुन्छ भने बाटो खनेजस्तो या अरु सिंचाइ गरेको जस्तो अरु काम गरेको जस्तो भवन बनाएको जस्तो बिल्कुल स सजिलो छैन । त्यसैले हाम्रो मुख्यम माननीय मुख्यमन्त्रीज्यूले एउटा प्रसङ्गमा भनेको कुरा मैले स्मरण गराउन चाहन्छु । इन्जिनियरले आफै ड्रोइङ्ग गर्छ, नक्सा नक्साङ्कन गर्छ, त्यसकारण इन्जिनियर सफल हुन्छ । डक्टरले आफै अप्रेशन गर्छ, त्यसकारण डक्टर सफल हुन्छ । कृषि प्राविधिक र कृषि मतलव भेटनरीतिरका कुरा हेर्दाखेरि उनले अरु अरुलाई अराउने मात्रै गर्छन् उनीहरू आफै गर्दैनन् । त्यसकारणले कृषि क्षेत्र असफल छ भन्ने कुरा एउटा प्रसंगमा छलफल चलाउँदा मलाई त्यो कुराले बढी टच गऱ्यो । त्यसो हुँदा हामी आफै पनि जो नेताहरू छौं, जोले एकदम देश विकासको नेतृत्व गर्ने कुरो गरिरहेका छौं । हामी आफैले पनि हाम्रो सोच र हाम्रो बुद्धि विवेक लगाउँदा उत्पादनका क्षेत्रबाट उत्पादन क्षे उत्पादन क्षेत्रबाट उद्येमशिलताको क्षेत्रबाट जीवन जनताको जीवन या गरिबको जीवन माथि उठाउन सक्छौं कि सक्दैनौं यो एकदमै महत्वपूर्ण प्रश्न लाग्यो । यो प्रश्नको जवाफ हामीले केही दिन खोज्यौं यो यसपालि त्यसो हुँदा

सुरुमा करोडको सोच भएको एक करोडको एउ एउटा कार्यक्रम ठूलो परियोजना गराउन खोजिएको थियो । गरिब लक्षित त्यसपछि बजेटको अभावले ५० मा गयो, ५० बाट फेरि ४० मा झऱ्यो त्यसो हुँदा दुईजीब्रे भन्ने खालको कुरा पनि आयो । म स्वीकार्न चाहन्छु हाम्रो बजेट अभावका कारणले हामी त साडे ६ अरबको बजेट पेश गरेका थियौं शुरुमा । त्यसो हुँदा अहिले ४० लाखकै भए पनि त्यसमा कृषि र सडकहरू अरु सामाजिक विकासका र अरु पूर्वाधारका कार्यक्रमहरूलाई जोडेर एउटा माननीयको दिमाग त्यसमा गाइडलाइन गर्ने गरी माननीयले नि दिशानिर्देशन गर्ने गरी एउटा संचालक समिति बनाएर त्यहाँको सबजेक्टलाई पूरै सदुपयोग गर्ने गरी कार्यविधि बनाइन्छ र त्यो कार्यविधि अनुसार हामी सबैले राम्रो खालको गर्ने । ४० वटा माननीय बराबर ४० वटा गाउँ आत्मनिर्भर गरिब गरिबलाई आत्मनिर्भर बनाउन सकियो भन्दा भने त्योभन्दा राम्रो काम यो वर्षका लागि के हुन सक्छ ? त्यलाई निरन्तरता पनि लिने विशेष त्यसमा राम्रा काम गर्नेहरूका सन्दर्भमा विशेष अनुदान कार्यक्रम पनि त्यसमा राख्ने गरी यो सोच गराइएको छ । त्यसो हुँदा यो कार्यक्रमका सन्दर्भमा माननीयहरू सबै संगै हुँदाखेरि सभामुखमार्फत् माननीयहरूको यो कार्यक्रमको महत्वलाई माननीयहरूले त्यही ढंगले बुझ्नुभएको छ र त्यसरी यो सफल हुनेछ भन्ने अपेक्षा मन्त्रालयले लिएको छ । अर्को मैले व्यावसायिक कृषकलाई बैंकसँग जोड्नका लागि सहुलियत कृषि ऋण र व्याज अनुदानको कार्यक्रमलाई प्राथमिकता दिइएको छ । कृषि बाली पशुपंछीका विशेष पकेट क्षेत्र पहिचान तथा विस्तार कार्यक्रम यसमा राखिएको छ । उत्पादित वस्तुको विविधीकरण गरी मूल्य वृद्धिका लागि प्रशोधन प्याकेजिङ्ग, ब्राण्डिङ्ग गरी बजार प्रबर्द्धन गरिने कार्यक्रम रहेको छ । अर्गानिक कृषि प्रबर्द्धनका लागि बजा प्राङ्गारिक मल जैविक मल, उद्योग स्थापना, विषादी नियन्त्रण, नियमनका कार्यक्रमहरूलाई पनि प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । माननीय सभामुख महोदय, म अगामि वर्ष २०७६/०७७ को बजेट सम्बन्धी केही महत्वपूर्ण सवालहरू अऽऽ राख्न चाहन्छु । यसै सन्दर्भमा माननीयले उठाएका सवालहरूको सवालहरू बारे आफ्नो धारणा प्रस्तुत गर्न चाहन्छु । सर्वप्रथम मन्त्रालयको विनियोजित बजेटका सन्दर्भमा आफ्ना महत्वपूर्ण विचारहरू र सुझावहरू व्यक्त गर्ने माननीय सदस्यहरू: माननीय गुलाबजंग शाह, माननीय दीनबन्धु श्रेष्ठ, माननीय चन्द्रबहादुर शाही, माननीय यज्ञबहादुर बि.सी., माननीय अम्मरबहादुर थापा, माननीय अमृता शाही, माननीय रातो कामी, माननीय झोवा वि.क., माननीय मिनासिंह रखाल, माननीय सोशिला शाही, माननीय धर्मराज रेग्मी, माननीय गणेश सिंह, माननीय विरबहादुर, माननीय ठम्मर बिष्टलाई हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु साथै अरु सबै माननीय सदस्यज्यू सदस्यज्यूहरूलाई हार्दिकता, शुभेच्छा, शुभेच्छाप्रति सम्मान गर्न चाहन्छु । कृषि मन्त्रालयका कार्यक्रमहरू चालु खर्च शीर्षकमा रहने परम्परागत चलन र विधि छ तसर्थ हाम्रो मन्त्रालयको कार्यगत प्रकृति हेर्दा यदि हामीसँग कृषि सडक र सिंचाइको कार्यक्रम नभएको अवस्था हुँदो हो त हाम्रो मन्त्रालयको पूँजीगत बजेट बजेट करिब करिब शून्य नै हुँदोरहिछ भन्ने कुराको निश्कर्षसम्म पुग्न सकिने अवस्था छ । यसरी बजेटको बिश्लेषण गर्दैगर्दा कतिपय कार्यालयहरूको प्रशासन खर्चभित्रै केही अनावश्यक शीर्षक रहन गएका विषयप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षक भएको छ । तर अनावश्यक खर्च सम्बन्धीका शीर्षकहरू संशोधन गरी जनताको हितमा लगाउने कुराको प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। र यसै सन्दर्भमा अम केही उठेका विषयहरू खासगरी मेरो किसान मेरो अन्नदाता, अर्गानिक प्रोत्साहन प्रोत्साहन कार्यक्रम, स्थानीय तहलाई प्रोत्साहन कार्यक्रम, प्रोत्साहन अनुदानको कार्यक्रम यी कार्यक्रमहरूका सन्दर्भमा कुरा उठेको छ । मेरो मेरो अनुरोध के छ भने सभामुखमार्फत् मेरो म हाम्रो मन्त्रालयको तर्फ राख्न राख्न चाहन्छु । हामीले कृषकहरूलाई सम्मान गर्ने खालको वातावरण बनाएनौं, उनीहरूलाई मर्यादित गराएनौं, उनीहरूको लाई सम्मानित गरेनौं भने यो कृषि पे कृषिबाट हामी के-के न गछौं भन्ने कल्पना गर्दै नगरौं त्यसकारणले यो, यो नाराबाट यो यो उद्देश्यबाट हामीले कृषकलाई सम्मानित र मर्यादित र सामाजिक

सुरक्षाको कार्यक्रम लिनका निम्ति यो पाइलेट प्रोजेक्टका रूपमा हामीले मन्त्रालयमै कार्यविधि बनाएर जिल्लामै पठाइन्छ, जिल्लामै जान्छ तर यो कार्यक्रम विकेन्द्रित गर्ने नाउँमा पूरै बराबर बाँड्नेतिर पनि जाँदैनौ हामी । केही ठाउँहरूबाट कम्तिमा ३ वटा सेक्टरबाट यस्ता कार्यक्रम शुरु गर्ने हाम्रो सोच छ । त्यो कार्यक्रमका सन्दर्भमा र हामी तपाईहरूको सुझाव लिएर गर्ने छौं । अर्गानिक प्रोत्साहन भनेपछि स्थानीय तहलाई हामीले थोरै मात्रै १ करोड कि २ करोड मात्रै छ यसमा । त्यसमा हामीले उनीहरूले लिएको नीति र उनीहरूले लिएको कामलाई हामीले प्रोत्साहन गर्ने हिसाबले नै यो कार्यक्रम राख्दा उपयुक्त हुने र अर्गानिकमा जान महत्वपूर्ण भूमिका खेल्ने अर्गानिक प्रदेशको उद्देश्यमा प्रभावकारी भूमिका खेल्ने भएको कारणले यो कार्यक्रम पनि महत्वपूर्ण रहेको म जानकारी गराउन चाहन्छु । त्यसैगरी हामीले प्रोत्साहन अनुदानको कार्यक्रम अहिले व्यावसायिक कृषकहरूलाई अरु केही पनि अनुदान छैन, व्यावसायिक कृषकहरूलाई छ भने प्रोत्साहन अनुदान, कामका आधारमा दिइने प्रोत्साहन अनुदानको कार्यक्रम मन्त्रालयले राखेको छ । अनुदानमा कटौति गरेको छ त्यसोहुँदा सफ्ट लोनको व्यवस्था । व्यावसायिक कृषकका लागि सफ्ट लोन र प्रोत्साहन अनुदानको कार्यक्रम मात्रै छ । त्यसैले प्रोत्साहन कार्यक्रम यदि हामी गर्दैनौं भने व्यावसायिक कृषकहरू निरुत्साहित हुनेछन् । व्यावसायिक कृषकहरूलाई प्रतिस्पर्दामा लिन र व्यावसायिक बनाउन यो प्रोत्साहन अनुदानको कार्यक्रम एकदमै जरुरी हुन्छ । यसको महत्व छ र यले नै मान्छेहरूलाई उत्साहित गरिरहेको चालु वर्ष पनि हाम्रो कार्यक्रम रहेको र आगामी वर्षमा कार्यक्रम यो क्रमागत रूपमा अगाडि बढ्नाका निम्ति र अझ प्रभावकारी कार्यविधि बनाएर माननीयज्यूहरूको सल्लाह सुझावमा प्रभावकारी बनाएर पठाउनका निम्ति हामीले बजेट मन्त्रालयमा राखेका हौं र यो एउटा कार्यविधि, राम्रो कार्यविधि बनाउना साथ यो जिल्लामा पठाइन्छ । सहकारी सिंगो यो मन्त्रालय सहकारी मन्त्रालय हो भन्ने पनि हामीले हेक्का राख्नु पर्दोरैछ । त्यसो हुँदा सहकारीका कार्यक्रम ल्याउनेवित्तिकै सहकारी प्रबर्द्धनका कुरा ल्याउनवित्तिकै हामी कृषि मात्रै जोड गरिरहेका हुन्छौं । त्यसो हुँदा सहकारीको सहमा अऽऽ सहकारीको भावना र सहकारीको प्रतिनिधित्व गर्ने मन्त्रालयका हैसियतले सहकारीको क्षमता अभिबृद्धि र सहकारीको सीप विकासको निम्ति पनि अलिकति तालिमको १ करोड कि २ करोडको कार्यक्रम छ । त्योभन्दा बढी छैन त्यो कार्यक्रम पनि एकदमै जरुरी छ । अरु कुनै हिसाबले सहकारीलाई सम्बोधन गरिएको छैन । यो कार्यक्रम पोहोर छुट्न गएको कारणले, यो वर्ष छुट्न गएको कार्य कारणले अहिले राखिएको हो । अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रमलाई पाइलेटिङ्गका रूपमा लिन खोजिएको छ । यो कार्यक्रम नै नितान्त नौलो भिजनसहित आएको छ । यलाई पनि यहाँहरूको सुझावमै हामीले संचालन गर्नेछौं । व्यावसायिक कृषकलाई व्याज अनुदान यहाँ किन राखियो भन्नुहुन्छ भने ३ करोड मात्रै छ, एकदमै अपर्याप्त रकम छ । मुख्यमन्त्री कार्यालयबाट सफ्टलोनको आउँछ भन्ने भैसकेपछि अहिले कुनै, कुनै स्थितिमा आएन भने के हुन्छ भनेर आफूले अलिकति यो कार्यक्रम सुनिश्चित गर्न खोजिएको हो । यलाई हामी राम्रो कार्यविधि बनाएर फेरि विचौलियाहरू फेरि दलालहरू फेरि पनि अम अऽऽ भूमाफियाहरू जस्ता व्यापारीहरूले यो हाम्रो सफ्टलोन लिन सक्ने र कृषकहरूले लिन नसक्ने अवस्थाको खतरालाई हामीले अन्त्य गर्ने गरी कार्यविधि, वैज्ञानिक कार्यविधि बनाउने छौं यहाँहरूको सहभागितामा । त्यसपछि हामीले यो लागु गर्ने छौं त्यसकारण यी कार्यक्रमहरू एकै निकै महत्वपूर्ण कार्यक्रम भएकोले मन्त्रालयमा सोचविचार गरेर अगाडि बढाउने कार्यक्रम हुन् त्यो कुराको महत्व मैले जानकारी गराउन चाहन्छु । माननीयज्यूहरूले राखेको प्रशासनिक खर्चका सन्दर्भमा अलिकति कहि प्रा केरे प्रिन्टमिस्टेक हुन पाँच, ५० हजार हुने ठाउँमा ५ लाख हुन गएको कुराहरूले अलिकति बढी देखिएको । भाडा कम हुने ठाउँमा भाडा बढी देखाइ छ, कतिपय ठाउँमा यी अलिकति तलबाटै इन्ट्री हुँदैहुँदै आउँदाखेरि हामीले त्यहाँ ख्याल गर्न सकेनौं । त्यी कुराहरूप्रति हाम्रो मैले फेरि दोऱ्याएर भन्छु गम्भीरतापूर्वक ध्यानाकर्षण भएको छ । यो

अनावश्यक खर्च खर्च कटौति गरिनेछ । एउटा छलफल चल्ने वातावरण पनि बनी यहाँ राख्दाखेरि यसका निम्ति माननीयहरूको सुझावलाई म आभारसहित धन्यवाद दिन चाहान्छु ।

व्यावसायिक कृषकहरूलाई बैंकसँग जोड्नका लागि सहुलियत कृषि ऋण र व्याज अनुदानका कार्यक्रमलाई प्राथमिकता, ए सरी । मन्त्रालयमा रहेको डल्लो बजेटका सन्दर्भमा मन्त्रालयले कार्यविधि बनाई सम्भाव्यता र आवश्यकताका आधारमा कार्यान्वयन गर्नपर्ने कार्यक्रमहरू मेरो किसान मेरो अन्नदाता, भूमि सम्बन्धि प्राङ्गारिक अनुसन्धान केन्द्र, चक्लाबन्दी खेती प्रोत्साहन, व्यावसायिक कृषकहरूलाई व्याज अनुदान, न्यूनतम आयआर्जन सम्बन्धी पाइलेट परियोजना, राजधानीमा संचालन गर्ने कृषि प्रदर्शनी स्टल निर्माण, अर्गानिक कृषि क्षेत्रको वर्गीकरण, चालु आर्थिक वर्षमा शुरु गरिएको हाइटेक नर्सरी र नर्सरी स्थापना कार्यक्रमको मूल्याङ्कन गरी कार्यान्वयन अवस्था कार्यान्वयनको अवस्था हेरी कार्यान्वयन सम्पन्न गर्ने उद्देश्यले तत्कालका लागि मन्त्रालयमा राखिएको छ । राखिएका का मन्त्रालयमा राखी यी कार्यक्रमहरू सरकारले प्राथमिकता र उद्देश्य उद्देश्यलाई परिपूर्ति गर्ने गरी संचालन गर्नेछ । संघीयताको मर्मअनुरूप कार्यालय स्थापना गरी संचालन गर्ने सन्दर्भमा माननीयज्यूहरूले उठाएको प्रश्न निकै सान्दर्भिक र मर्म स्प स्पर्शी छन् । सरकारले त्यसको मर्म बुझ्दछ र उक्त कुराको समस्या समाधान गर्ने गरी संरचनात्मक संरचना ओएनेमको मस्यौदा पनि तयार गरी सकिएको छ । अब छिटोभन्दा छिटो कार्यान्वयन आउने अपेक्षा लिएको छ । सदन बाहिरबाट पनि उठेको प्रश्न र जिज्ञासामा के छ भने चालु वर्षमा आर वर्षमा स्थापना भई कृयाशिल भएका संरचनागत संरचना प्रदेश सरकारको इच्छामा भएका हुन् ? भन्ने प्रश्न उठिरहेको छ । हामीलाई राम्रोसँग थाहा छ यी संरचना प्रदेशको आवश्यकतामा नभई सबै संघीय सरकारको सोच र निर्णयमा हस्तान्तरण गरिएका हुन् । मन्त्रालयले हतार गरेर रातारात किताब निकाल्न निकाल्दा केही प्राविधिक कमजोरी भएका छन् । जस्तो कतिपय निर्वाचन क्षेत्रका योजना छुट्न गएका छन् भने केही योजना एक जिल्लामा हुनुपर्नेमा अर्को जिल्ला रहन गएको छ । जस्तै जुम्ला जिल्लाको कार्यालयमा रहने योजना कालीकोटमा रहन पुगेका छन् । कतिपय जिल्लामा लक्षित कार्यक्रमको शीर्षक नै छुट्न गएको र कतिपय जिल्लामा सडक कृषक लक्षित वर्गको कार्यक्रममा पर्न गएको छ । समय अभावका कारणले भएका यस्ता खालका कमजोरीहरूलाई सम्बन्धित जिल्लाहरूका माननीयहरूसँग राय सल्लाह लिएर सुधार गरिने कुराको प्रतिबद्धता व्यक्त गर्दछु । साथै पिएलएमबीएआइएसमा योजनाहरू इन्ट्री गर्दा कृषि सडकको खर्च शीर्षक सडक तथा पुल निर्माण खर्च शीर्षकमा सडक तथा पुल निर्माण देखिन गएको हो तर पुल निर्माण शीर्षकमा मन्त्रालयले बजेट विनियोजन गरेको छैन । म यस सन्दर्भमा एउटा कस्तो शीर्षक रैछ भन्नुहोला भने मोटरसाइकिल खरिद गर्दाखेरि हेलिकप्टर खरिद आउँदो रैछ । म त अस्ति शुरुमा सचिवज्यूहरूसँग बस्दा के हेलिकप्टर भन्या भनेर म आफैं तर्सिएँ । त्यस्तै खालका यो सिस्टमले गर्दाखेरि यो भ्रम पर्न गएको हो । यो कुरालाई यहाँहरूले हामी पुल जाँदैनौ । पुलमा जाने हाम्रो योजना पनि होइन त्यो छैन । सिंचाइ नभई उत्पादन बढाउने छलफल केरे कृषि मन्त्रालयले आज सबैभन्दा महत्वपूर्ण प्राथ प्राथमिकतामा राखेको विषय उत्पादन वृद्धिको लागि सिँचाइ नै हो । सिंचाइ नभए उत्पादन बढाउने छलफल चलाउन मन गढन्ते कुरा मात्रै हुन जान्छ तसर्थ सिंचाइलाई मन्त्रालयको आफ्नै बजेट सिलिङभित्रबाट प्राथमिकतामा राखेको कुराले प्रदेशभित्रका सुख्खा भूमिलाई हराभरा गराउने लक्ष्य परिपूर्ति गर्न सकिनेछ । मुख्य सडकहरूबाट उत्पादन पकेट क्षेत्रलाई जोडी बजारीकरणलाई सहज बनाउने उद्देश्यले साना-साना कृषि सडक अति आवश्यक विषय हो र यस्तो यसको महत्वलाई न्यूनीकरण गर्न सकिँदैन । अहिले पनि कृषि सम्बन्धी महत्वपूर्ण परियोजनाहरूमा उत्पादन बढाउन सिंचाइ र उत्पादित वस्तुहरूको बजारीकरणका लागि कृषि सडकहरूका कार्यहरूलाई प्राथमिकताका साथ लिइएको देखिन्छ । यसर्थ हामीले पनि यसको महत्वलाई

प्राथमिकतामा नै राखेका छौं । चालु वर्ष पनि हामीले सम्पन्न गरेका कृषि सडकहरूका कारण आज कृषक पिठ्यूँबाट भारी बोक्ने कठिनाइबाट मुक्त भई गाडीबाट कृषिजन्य उत्पादन बजारसम्म पुग्ने गरेको छ । जस्तो एउटा सानो उदाहरण- मुसीकोटको दशमा निर्माण सडकको काम सम्पन्न भएकै दिनमा ६० क्वीण्टल लसुन निर्यात गरेको समाचार कान्तिपुर पत्रिकामा आएकोले पनि सानो सडक जोड्ने कुराको महत्व उजागर हुन्छ । त्यस्तैगरी वी.न.पा. १० सुर्खेतमा पनि सडक बनेपछि तरकारी पिठ्यूँबाट बोक्ने कुराको दुःख सदाको लागि अन्त्य भएको छ । माननीयहरूको निकै जायज चिन्ता उत्पादनमा जोड भएन कि भन्ने देखिन्छ । हामीले चालु वर्षहरूको कार्यक्रमहरूको समीक्षा गर्दै अनुदानलाई गरिब किसानमैत्री गराई विचौलीयाहरूलाई छिर्ने अवस्थाको अन्त्य, अनुदानको मोडालिटी नै परिवर्तन गरेका छौं, जस अन्तर्गत व्यावसायिक कृषकलाई सफ्टलोन र कामको परिणामका आधारमा प्रोत्साहन अनुदान, गरिब किसान लक्षित वर्ग किसानका लागि सरकार सिधै गरिबसम्म पुग्ने कार्यविधि बनाई विशेष अनुदानका विशेष उत्पादन प्याकेजहरू ल्याइएको छ । सहकारी र निजी क्षेत्रसँगको साझेदारीमा सरकारले बजारीकरण स्रोतकेन्द्रहरू, कृषिजन्य उद्योगहरू लगायतका ठूला-ठूला कार्यहरू सम्पन्न गर्ने उद्देश्य राखेको छ । त्यसैले देखिने गरी ठूला-ठूला पकेटका नयाँ कार्यक्रमहरू नबनेका प नबनेका भए पनि चालु वर्षमा संचालित गरिएका सबै पकेट कार्यक्रम र अर्गानिक नमूना गाउँ, सहकारी नमूना गाउँ, किसान सरकार हातेमालो कार्यक्रम लगायतका महत्वपूर्ण कार्यक्रमलाई निरन्तरता दिइएको छ । कपास पकेट कार्यक्रम र प्रशोधन उद्यम उद्योगका लागि संघीय मन्त्रालयसँग बजेटका लागि पहल भएको छ । हामीले पनि यसलाई थप बजेट उपलब्धताका लागि विशेष अनुदानमा सम्बोधन हुने गरी पहल गर्नेछौं । एभोगाड, गा ड्रागन, किवी, अलैंची, केशर लगायत उच्च मूल्यवस्तु उत्पादन, पकेट निर्माणका लागि सम्भाव्यता अध्ययन गरी कामहरू शुरु गरिनेछन् । अर्गानिक कृषि उत्पादनको कार्यक्रमलाई निरन्तरता दिइएको छ । चालु वर्षमा अर्गानिक वस्तुको संकलन, भण्डारण, प्रशोधन, लेबलिङ्ग, प्याकेजिङ्ग, प्रमाणीकरण र कर्णाली ब्राण्डसहित बजारीकरणका लागि कार्यक्रम अगाडि बढेको छ । प्राङ्गारिक मल जैविक विषादी उत्पादनको कार्य शुरु गरिएको छ । कपुरकोटमा विषादी परीक्षण प्रयोगशालाका लागि भवन निर्माण भएको छ । यी सबै कार्यक्रमहरू निरन्तरतामा लिइएको छ । अर्गानिक क्षेत्रको वर्गीकरणलाई विशेष जोड दिइएको छ । प्राङ्गारिक मल उत्पादनको हाम्रो विशेष मागलाई संघीय सरकारले पनि सम्बोधन गरेको कुरा यहाँहरूलाई अवगत नै छ । कृषि मन्त्रालय अन्तर्गत संचालन हुने कार्यक्रमहरूको प्रकृति हेर्दा केही ठूला भए पनि प्रायः कार्यक्रमहरू साना-साना नै हुने गर्दछन् । चालु वर्ष अगा चालु वर्ष अगाडि बढाइएको करोडभन्दा माथिका कार्यक्रमहरू सहकारी समूह किसानको लागत सहभागितामा आउन नसकेको कारण त्यही कार्यक्रमहरू कार्यान्वयन हुन सकेनन् यसबाट पनि मन्त्रालयको प्रकृतिअनुसार ठूला प्याकेजहरूभित्र साना-साना कार्यक्रम समेटेर जानुको विकल्प छैन । चालु आर्थिक वर्षमा असन्तुलित भनिएको कृषि सडक, कृषि सडकलाई क्रमागतमा राखिएको छैन हामीले राखेनौं । अहिले क्रमागत राखिएका कार्यक्रमहरू सबै सन्तुलित छन् । नयाँ सडक सिँचाइ लक्षित वर्गको कार्यक्रममा मात्र होइन मन्त्रालयका सबै कार्यक्रम क्षेत्रगत जिल्लागत र स्थानीय तहगत रूपले पुरै सन्तुलित समन्यायिक र समानुपातिक रूपमा वितरण भइरहेको छ । निर्वाचन क्षेत्रका सबै निर्वाचन क्षेत्रमा सबैलाई २/२ करोड सिँचाइ र सडक १/१ करोड समानुपातिक सांसदहरूलाई अलग-अलग सडकमा अलग अलग गर्दा कसरी मन्त्रीले आफ्नो जिल्लालाई अस्वाभाविक बजेट केन्द्रित गर्न सक्छ । त्यो मैले बुझ्न सकिन । माननीय केरे सभामुख महोदय, मैले बुझ्न नसकेको कुरा हामीले चालु वर्षको बजेट यो सदन, सम्मानित सदनबाट पास भएर पास भैसकेपछि बजेट कार्यान्वयनका निम्ति कार्यविधिहरू बनाएकै हुन् । कार्यविधि नबनाई बजेट कार्यान्वयन गर्न सम्भव थिएन । हाम्रा सबै कार्यविधि सजिला र प्रभावकारी नभएका होलान् । आवश्यकता अनुसार परिमार्जन गर्दै जाहुँला ।

माननीयहरूको सुझाव लिएर वैज्ञानिक गराउँला तर सरकारको सरकारले कार्यविधि नै बनाउन नपाउने भन्ने कुरा मलाई थाहा भएन, त्यसैले म माफी माग्न चाहान्छु । यो कुरामा जानकारी छैन भने सरकारले यो यो कुराहरू जानकारी लिने कुरामा अगाडि बढ्न चाहान्छु । कृषिमा क्रमागत कार्यक्रम अझ बढी आवश्यक हुँदोरैछ । वास्तविक किसानहरूको जीवनस्तर बदल्ने हो भने बहुपक्षीय योजना परियोजना करार नै लिनु पर्दोरैछ । एकवर्षमा अनुदान दिइयो अर्को वर्ष त्यतिकै छाडेकै कारण काममा असफलता प्राप्त हुन नसकेको हो । मानिस मान्छेहरूको जीवनस्तर उत्पादनका क्षेत्रबाट साँच्चिकै बदल्ने हो भने कि १ वर्षको समयबाट सम्भव छ । यी प्रश्नहरूको सामुहिक जवाफ हामी सबैले मिलेर खोजौं यसमा नै हामी कर्णालीबासीहरूको भविष्य उज्जल हुनेछ । माननीय सभामुख महोदय, चालु वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा ढिलो गरी भए पनि कर्मचारी संरचनाहरू पूरा हुँदै थिए र काम पनि सहजतामा दौडिरहेको थियो । कर्मचारी समायोजनले एकाएक एकाएक हामीलाई अभाव सिर्जना गरेको छ । समयमा कर्मचारी पूर्ति गर्न सकेनौं भने हाम्रो काम अझ आगामी वर्ष अझ जटिल बन्ने कुरा निश्चित छ । तसर्थ सदनबाट बेलैमा प्रदेश लोकसेवासँग सम्बन्धित कानून पास गरी सोसँग अन्तरसम्बन्धित कानून नियमावली निर्माण गरी अगाडि बढ्न प्रदेश सभा सक्रियतापूर्वक अगाडि बढ्ने अपेक्षा गरेका छौं । माननीय सभामुख महोदय, हामी यतिबेला दुई ठूला प्रश्नहरूको जवाफ सँगसंगै दिनुपर्ने परिस्थितिमा उभिएका छौं । एकातिर माननीयभन्दा बाहिर विकासको सरोकार राख्ने व्यक्तिहरूको केही प्रतिशत भाग सम्बोधन गर्दा किन चोर झ्यालबाट छिराइयो भन्ने माननीयहरूको प्रश्न र अर्कोतिर माननीयहरूको निर्वाचन क्षेत्रमा समान ढंगले बजेट वितरण गर्दा सरकारका माननीयहरूको सरकार माननीयहरूको लागि मात्र हो ? हाम्रा सवाल किन सम्बोधन भएनन् भन्ने चर्को र दवावपूर्ण प्रश्नहरूको सामना हामीले गरिरहेका छौं । यसको सही जवाफ सम्मानित सदनले दिनेछ र सोचको भावनाअनुसार आगामी दिनमा सरकार अगाडि बढ्नेछ । माननीय सभामुख महोदय, हाम्रो मन्त्रालयमा आएको जिम्मेवारीलाई इमान्दारपू इमान्दारपूर्वक पुरा गर्ने अत्याधिक बल गरिरहेका छौं । यदि निःस्वार्थ, यदि निःस्वार्थ भावनाले भावनाका साथ जनताको पक्षमा केही गर्छु भन्ने विश्वासका साथ अगाडि बढियो भने धेरै परिर्वतन ल्याउन सम्भव हुँदोरैछ । यो डेढ वर्षको अवधिमा भूमि सम्बन्धी संघीय सरकारले कुनै कानूनी अधिकार नदिंदा केही काम गर्न नसकिएकोप्रति निकै हिनताबोध पैदा भएको छ । यस सम्बन्धी कानूनी अधिकारका लागि निरन्तर लागिरहने प्रतिबद्धता जाहेर गर्दछु । कर्णाली समृद्धिका लागि गरिबी न्यूनीकरण गर्न हाम्रो मन्त्रालयसँग सम्बन्धित कृषि सहकारी र हामीसँग सम्बन्धित परियोजनामार्फत् १० हजारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी सिर्जना गर्ने लक्ष्य लिएका छौं । आगामी वर्षमा कार्यक्रम सफल गर्न यो वर्षझैं अझ धेरै माननीयहरूको सहयोग मिल्नेछ भन्ने अपेक्षा लिएका छौं । र मैले यस सन्दर्भमा एउटा सानो अनुभूतिको कुरा राखे, जुन जिल्लामा माननीयहरूले सचेततापूर्वक समन्वय गर्नुहुन्छ र हाम्रा कार्यालयका साथीहरूले पनि समन्वय माननीयहरूसँग गर्नु भा´छ ती जिल्लामा राम्रो ढंगले कार्यक्रम अगाडि बढेको छ । जुन जिल्लामा हाम्रो कर्मचारी पनि समन्वय गर्न नसक्ने स्तरका पनि छन् । त्यो पनि हाम्रो समस्या छ । अहिले त हाम्रो उपसचिव भनको त एउटा मात्रै त्यस्तै अधिकृतहरू त छँदै हुनुहुन्न जस्तो छ । २/३ जना मात्रै हुनुहुन्छ अनि कसरी काम गर्ने होला ? मलाई त यो वर्षभन्दा अर्को वर्षको बजेट कसरी कार्यान्वयन गर्ने होला भन्ने चिन्ताले बढी सताइरहेको छ । त्यसो हुँदा उहाँहरूको कतिपय सक्षमताका अभाव कति समस्याका कारणले पनि उहाँहरू समन्वयमा आउन सक्नुभएको जस्तो मलाई लाग्दैन । त्यसकारणले माननीयज्यूहरूले अप्ठयारो नमानिन समन्वय गरिरहनु भएको छ, म त्यसप्रति आभार व्यक्त गर्न चाहान्छु, धन्यवाद व्यक्त गर्न चाहान्छु र कार्यक्रमको सफलता हाम्रो कारणले मात्र होइन माननीयहरूको सक्रियताकै कारणले पनि सफल भएको छ । अझ यो सक्रियता, यो सफलताका निम्ति जरुरी छ भन्ने मलाई लाग्दछ ।

अन्तमा, कार्यक्रम र बजेट निर्माणका लागि सल्लाह, सुझाव, सहयोग र मार्गदर्शन गर्ने माननीय मुख्यमन्त्रीज्यू, उपसभामुखज्यू, अर्थ मन्त्रीज्यू, मन्त्रीज्यूहरू, प्रतिपक्ष दलका नेताज्यू, उपसभामुखज्यू, योजना आयोगका माननीय उपाध्यक्षज्यू, माननीय प्रदेश सभाका सदस्यज्यूहरू, माननीय योजना आयोगका सदस्यज्यूहरू, सम्पूर्ण प्रति केरे राजनीतिक दलका नेताज्यूहरू, प्रमुख सचिवज्यू, सचिवज्यूहरू, सम्पूर्ण कर्मचारी साथीहरू, सहकारी संस्थाका अगुवा साथीहरू, कृषक उद्यमी साथीहरू, पत्रकार तथा बुद्धीजीवी साथीहरू लगायतका सबै सरोकारवाला निकायप्रति हार्दिक आभार धन्यवाद ज्ञापन गर्दछु, हवस त, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यज्यूहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६/०७७ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालयल र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरू माथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री विन्दमान बिष्ट । त्यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुख महोदय, हामी आज सामाजिक विकास मन्त्रालयको आगामी वर्षको बजेट तथा कार्यक्रममाथि छलफलको क्रममा उपस्थित छौं । मन्त्रालयगत छलफलमा सांसदहरूले विषयहरू राखिसकेपछि यहाँ मन्त्रीहरूले सँगसँगै जवाफ दिने कार्यक्रमको कार्यसूची रैछ । अलिकति म कन्फ्यूजमा परेको छु सभामुख महोदय । मन्त्रीहरू माननीय मन्त्रीज्यूहरूको कुरा सुन्दाखेरि हाम्रो प्रदेशले जे अपेक्षा राखेको छ । समृद्धिको, विकासको, प्रगतिको, यो सबै हामी यही बाटोमा तीव्रताका साथ अगाडि बढिराखेको जस्तो अनुभूति हुन्छ, भाषण सुन्दाखेरि । जब हामी यो लिखितमा जान्छौं, किताबमा जान्छौं त्यसपछि गएर अर्को पनि कन्फ्यूजन पैदा हुन्छ । यले त हामीलाई त्यहाँ पुऱ्याउँदैन । यो कन्फ्यूजनको बीचबाट म आफ्नो धारणा प्रस्तुत गर्ने जमर्को गर्छु । अब मन्त्रालयका आ-आफ्ना उद्देश्यहरू छन् । समग्रमा हेर्दाखेरि सबै मन्त्रालयबाट अगाडि बढ्दाखेरि कर्णाली प्रदेशलाई समृद्ध प्रदेशको रूपमा उभ्याउने हाम्रो दायित्व हो । त्यो दायित्व अन्तर्गत नै कार्यक्रमहरू अगाडि बनिराखेका छन् । अब आजसम्म आइपुग्दाखेरि मलाई अनुभूति भएको के छ भन्दाखेरि आलोचनात्मक रूपमा धारणाहरू कति राखिराख्ने ? अगाडि माननीय मन्त्रीज्यूले भन्नुभयो १० वर्षपछि हामी डेढ वर्षमा पुग्दैछौं डेढ वर्षसम्म त करिब-करिब हामीले सरकारलाई रचनात्मक ढंगले आलोचनात्मक रूपमै प्रस्तुत भयौं । अझ फेरि पनि त्यही रूपमा प्रस्तुत भैराख्दाखेरि अब जनताहरूले पनि सरकारप्रति केही इगो साँचेको हो क्या माननीय सांसदहरूले भन्ने भ्रम पर्ला भन्ने जस्तो भैसक्यो । त्यसकारण गर्दाखेरि सकारात्मक धारणा राख्न खोज्दाखोज्दै पनि फेरि त्यहाँ स्थान न भेट्टाउने निकै प्रयत्न गर्दाखेरि पनि हामीहरूले त्यो स्थान भेटाउन सकिराखेका छैनौं । यो अवस्थामा उभिराखेका छौं माननीय सभामुखज्यू । अब म सरसर्ती हेर्दाखेरि अब सामाजिक विकास मन्त्रालयको कुरा हामीले प्रारम्भमै यो बजेट निर्माण गर्नुभन्दा अगाडि नै हामीले भनेको कुरा के थियो त भन्दाखेरि हामीले अनावश्यक चालु शीर्षकमा बजेट विनियोजन नगरौं । हाम्रो प्रदेशको अवस्था यस्तो छ । हामीभन्दा सुन्दर ढंगले माननीय मन्त्रीज्यूहरूले प्रदेशको अवस्थाको बारेमा व्याख्या गर्नुहुन्छ, त्यो अवस्थाको धरातलमा उभिएर हामीले कार्यक्रम बनाउँदाखेरि । हामी अलिकति परिणाममुखी कार्यक्रम बनाऔं भन्नेतिर हाम्रो धारणा थियो तर अब यहाँ सामाजिक विकास मन्त्रालयको कार्यक्रम मैले यसो पढ्दै जाँदाखेरि म दुईतीनवटा हरफ मात्र पढ्न चाहान्छु । २/३ वटा बुँदा मात्रै पढ्न चाहान्छु । यो

पिएलएमआई के पीएलएमबीआईएसमा भरिएको कार्यक्रम छ । व्यक्ति विकाससम्बन्धी तालिम ५ लाख, व्यावसायिक गरिरहेका महिलाहरूको लागि उद्यमशिलता विकास कार्यक्रम २१ लाख, प्रदेशमा संचालित सम सम्पूर्ण सामुदायिक तथा संस्थागत क्याम्पसहरूका संचालक अध्यक्ष र क्याम्पस प्रमुखहरूसँग गुणस्तरीय उच्च शिक्षा सम्बन्धी अन्तरक्रिया २० लाख, सामुदायिक तथा संस्थागत क्याम्पसहरूको नक्शाङ्कन तथा प्रोफाइल निर्माण १० लाख, एवं रीतले । अब यी कार्यक्रममा हामी जब पढ्दै जान्छौं, सभामुख महोदय । अब यसबाट हामीले प्राप्त गर्ने परिणाम के हो । यसको बारेमा अलिकति गम्भीर समीक्षा गर्न जरुरी छ भन्ने म आग्रह गर्न चाहान्छु । यलाई मैले धेरै लामो व्याख्या गर्न चाहँदैन । चालु शीर्षकहरूमा जसरी बजेट विनियोजन गरिएको छ, त्यो चालु शीर्षकमा बजेट विनियोजन गरिएका कार्यक्रमहरू सम्पन्न गर्दाखेरि हामीले त्यसबाट प्राप्त हुने परिणाम के हो ? हामीले गम्भीरतापूर्वक समीक्षा गर्न जरुरी छ । मन्त्रालयले समीक्षा गरोस् म यो आग्रह गर्न चाहान्छु । दोस्रो कुरा म भन्न चाहान्छु, हाम्रो अहिलेको चालु आर्थिक वर्षमा एउटा कार्यक्रम थियो । सभामुख महोदय, त्यो कार्यक्रम के थियो त भन्दाखेरि श्रम तथा रोजगार सम्बन्धी अभिलेख निर्माण गर्ने कार्यक्रम थियो । त्यसमा बजेट छुट्टाइएको थियो १० लाख । पक्कै पनि यो कार्यक्रम कार्यान्वयन भयो होला भन्ने मैले आशा गर्छु । अहिले अब शीर्षक के हो ? तपाईहरू केरे यो सम्मानित सदनमा म एकचोटी फेरि पढेर सुनाउँछु । रोजगारीको अवस्था, अवशेष र चुनौति डकुमेन्ट्री निर्माण गर्न ३० लाख । गत वर्ष गरियो श्रम तथा रोजगारसम्बन्धी अभिलेख निर्माण गर्ने कार्यक्रम राखियो १० लाख छुट्टाइयो । अहिले यो वर्षमा अब आगामी वर्षमा के कार्यक्रम राख्ने त भन्दाखेरि रोजगारीको अवस्था, अवसर र चुनौति डकुमेन्ट्री निर्माण गर्नको लागि ३० लाख राखियो सभामुख महोदय । गत वर्ष निर्माण गरिएको अभिलेखले गत वर्ष श्रम र रोजगारको अवस्था के हो हाम्रो प्रदेशमा ? बजेट विनियोजन गरेर निर्माण गरेको के रे मन्त्रालयले निर्माण गरेको अभिलेखले अहिलेको अवस्था झल्किदैन र फेरि हामीले डकुमेन्ट्री निर्माण गर्नुपर्ने भो ? एवं रीतले जाने हो भने सभामुख महोदय । अर्को वर्ष ड्रोन क्यामरा प्रयोग गरेर अर्को निर्माण गर्नुपर्ने रु. ५० लाख भनेर बजेट विनियोजन हुने हो कि । हामी यतातिर, हामीले जे कार्यक्रमहरू राखेका छौं र त्यो कार्यक्रमको परिणाम के हो ? कार्यान्वयन गर्दाखेरि कार्यक्रमको परिणाम के हो ? त्यसको हामीले समीक्षा गर्नु पर्छ कि पर्दैन ? त्यो प्रदेश सरकारको र मन्त्रालयको पूँजीको रूपमा त्यलाई हामीले केरे संगठित गर्नु पर्छ कि पर्दैन ? त्यसकारणले गर्दा एवं रीतका कार्यक्रमहरूमा अगाडि बढ्दै जाँदाखेरि परिणाम हाम्रो शून्य रहने, बजेट का केरे बजेट खर्च हुँदै जाने र त्यसपछि त्यसबाट हामीले जे परिणामको अपेक्षा गरिराखेका छौं सभामुख महोदय, त्यो परिणाम हामीले प्राप्त नगर्ने अवस्था सिर्जना हुने हो कि ? म यो कुरा राख्न चाहन्छु । त्यसपछि गएर अर्को शीर्षक छ सभामुख महोदय । उच्च शिक्षा सम्बन्धी संस्था तथा शैक्षिक कार्यक्रमको नक्साङ्कन तथा अध्ययन रू. ५ लाख चालु आर्थिक वर्षमा बजेट विनियोजन गरियो । मलाई विश्वास छ यो कार्यक्रम पक्कै पनि कार्यान्वयन भयो होला र अहिले के गरियो त भन्दाखेरि सामुदायिक क्याम्पसको नक्शाङ्कन तथा प्रोफाइल निर्माण गर्ने भनेर १० लाख रूपैयाँ विनियोजन गरियो सभामुख महोदय, एवं रीतले अर्को शीर्षकमा विद्यालयहरूको फेरि समग्र शैक्षिक अवस्थाको नक्शाङ्कन गर्नको लागि अर्को शीर्षकमा बजेट विनियोजन गरिएको छ । हामी यो के गर्दैछौं ? हामी कहाँ पुग्दैछौं ? यसको बारेमा अलिकति समीक्षा गर्न जरुरी छ सभामुख महोदय । म सभामुख महोदयमार्फत् यो सम्मानित सदनको ध्यानाकर्षण गराउन चाहान्छु । सम्बन्धित मन्त्रालयको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहान्छु । अब अर्को कुरा छ म अर्को पोइन्टमा जान चाहें सभामुख महोदय । नीति कार्यक्रममा के भयो त भन्दाखेरि आगामी २ वर्षमा हामीले साक्षर कर्णाली प्रदेश घोषणा गर्ने हामीले एउटा महत्वाकांक्षी योजना अगाडि सार्‍यौं । हामीले त्यलाई सकारात्मक रूपमा लियौं, सदनमा त्यसको प्रशंसा भो हामीले त्यलाई सकारात्मक रूपमा लियौं सभामुख महोदय, तर मैले अहिले यो मन्त्रालयको कार्यक्रमलाई

मैले हेरेँ हेर्दाखेरि यहाँ कार्यक्रम ३/४ वटा शीर्षकमा यो साक्षर कार्यक्रमको केरे साक्षरता कार्यक्रमको बजेट विनियोजन गरिएको रैछ सभामुख महोदय । साक्षर कर्णाली मन्त्रालयगत समन्वय बैठक प्रचारप्रसार ३० लाख, साक्षरता अभियान प्रदेश समन्वय समिति सचिवालय व्यवस्थापन तयारी बैठक र अनुगम अनुगमन २० लाख, स्थानीय तहका पदाधिकारीका लागि अभिमुखीकरण १५ लाख, साक्षर कर्णाली प्रदेश घोषणा कार्यक्रम १० लाख । अब यो समन्वय बैठक गरेर, अन्तर मन्त्रालय समन्वय गरेर, त्यसपछि गएर यसको प्रचारप्रसार गरेर र त्यसपछि गएर स्थानीय तहका पदाधिकारीहरूलाई अभिमुखीकरण गरेर यो साक्षर घोषणा भइहाल्ने हो त सभामुख महोदय । साक्षरता केरे व साक्षरता व बृद्धि गर्नको निमित्त अरु गर्नुपर्ने काम त केही छँदै छैन, यो त कार्यक्रम छ अनि त्यसपछि गएर २ वर्षको हाम्रो टार्गेट छ, सभामुख महोदय साक्षर कर्णाली प्रदेश घोषणा गर्न २ वर्षपछि हामीले घोषणा गर्ने कुरा गरेका छौं तर साक्षर कर्णाली प्रदेश घोषणा कार्यक्रम १० लाख रुपैयाँ अहिले नै बजेट विनियोजन गरिएको छ सभामुख महोदय । अब यसरी त कसरी हुन्छ ? साक्षरता कसरी बृद्धि दर कसरी बृद्धि गर्ने साक्षरता दर कसरी वृद्धि गर्ने त्योसम्बन्धी कार्यक्रम नै छैन केही पनि अनौपचारिक शिक्षा केरे संचालन गर्नुपर्ने हो कि, भोलेन्टिएर संचालन गर्नुपर्ने हो कि, त्यो सम्बन्धी कार्यक्रम नै छैन । अब त्याँ पाठ्यपुस्तक बनाउन पर्ने होला । अरु केही केरे स्टेशनरी दिनुपर्ने होला, भोलेन्टीयन संचालन गर्दाखेरि के रे पैंसा खर्च गर्नुपर्ने होला, त्यो सम्बन्धी बजेटको कहिंकतै पनि व्यवस्था गरिएको छैन सभामुख महोदय । तर एकैचोटी ३/४ वटा समन्वयात्मक बैठक अभिमुखीकरण त्यसपछि गएर एकैचोटी प्रदेश साक्षर घोषणा कार्यक्रम । यी कार्यक्रम गरेर साक्षर प्रदेश हुने हो त यससम्बन्धी गम्भीरतापूर्वक ध्यानाकर्षण गराउनको निमित्त ध्यानाकर्षण म गराउन चाहान्छु । त्यसपछि अर्को विषय मेरो के छ भने सभामुख महोदय यहाँ बहुप्राविधिक विद्यालयहरू भनेर भनिएको छ । के हामीले बहुप्राविधिक विद्यालय कस्तो खालको बनाउन खोजिएको म यसमा स्पष्ट छैन । यसको लागि मैले व्याख्याको लागि मात्र आवश्यकता मैले महशुस गरेको हुँ । एउटा जिल्लामा एउटा बहुप्राविधिक विद्यालय राख्ने भनिएको छ । प्राविधिक शिक्षा हामीले दिनुपर्छ, त्यसको लागि एकदम स्वागतयोग्य कार्यक्रम हो तर बहुप्राविधिक विद्यालय भनेर हामीले कुन स्तरको कार्यक्रम दिन खोजेका हौं ? त्यसको लागि हामीले सिटिभिटिबाट एफिलियसन लिनु पर्ने होला, त्यसको हाम्रो प्रोसेस के हो ? प्रोसेस हाम्रो कहाँ पुगेको छ ? हामीले बहुप्राविधिक विद् विद्यालय बनाउने हो कि बहुप्राविधिक शिक्षालय बनाउने हो ? अहिलेसम्म सिटिभिटीले अभ्यास गरेको कुरा के छ भने सभामुख महोदय बहुप्राविधिक शिक्षालय स्कुलबाट विद्यालयहरूबाट सेप्रेट छ त्यो हैन । त्यसको लागि छुट्टै बजेटिङ्गको व्यवस्था गरेको छ र त्यसपछि गएर छुट्टै बहुप्राविधिक शिक्षालयहरू संचालन गरेर त्यसपछि गएर प्राविधिक शिक्षा दिने सिटिभिटिको एक्सरसाइज छ । हामीले गर्न खोजेको के हो ? यसमा अलिकति व्याख्या गर्दिनको निमित्त म माननीय मन्त्रीज्यूलाई अनुरोध गर्न चाहान्छु र त्यसपछि अर्को एउटा अचम्मलाग्दो कुरा छ भने सभामुख महोदय, यहाँ विद्यालयका भवनहरू निर्माण गर्ने कुरा गरिएको छ । ठीक छ, सबै माननीय सांसदज्यूहरूले गतवर्ष केरे अहिलेको चालु आर्थिक वर्षमा सबैभन्दा सन्तुलित बजेट सामाजिक विकास मन्त्रालयको भयो भनेर हामी सबैले प्रशंसा गऱ्यौं तर त्यहाँ एउटा लुकेको तथ्य थियो सभामुख महोदय । त्यहाँ के थियो भन्दाखेरि स्कुलको नाम थियो, गाउँपालिकाको नाम थियो, जिल्लाको नाम थिएन । ती जिल्ला नाम नभएका सबै हुम्लाका थिए सभामुख महोदय । अब उउअ उहाँले ठान्नुभएछ माननीयज्यूहरूले यो त पत्ता लगाउन सकेनन् । अहिले पनि त्यही गर्छु भन्नुभएछ र अहिले पनि प्रख्यात त्यही छ सभामुख महोदय । अब म एकचोटी ए हे हे त्यो प्रसंमा प्रवेश गर्न चाहान्छु कि यहाँ के छ भने सभामुख महोदय । यसो नसम्झिदा राम्रो हुन्छ जस्तो लाग्छ मलाई दुर्गा मा.वि. मधुसुर्ति सर सर्मी तातोपानी ७ जुम्ला लेखिएको छ महारुद्र आवि पातारासी गापा जुम्ला लेखिएको छ, त्यसपछि पनि जुम्ला

छ त्यसपछि अर्को चाहिँ हिमालय मा.वि. म मेलछाङ चङ्खेली गा.पा. ६, त्यसपछि जिल्लाको नाम छैन सभामुख महोदय । त्यसपछि फेरि जुम्लाको शुरु हुन्छ, त्यसपछि फेरि डाँफे प्रावि चङ्खेली ५ नेक्पा भन्ने छ त्यहाँ जिल्लाको नाम लेखिएको छैन सभामुख महोदय, त्यसपछि फेरि जुम्लाको नाम छ, त्यसपछि फेरि जुम्लाको नाम छ, त्यसपछि फेरि जुम्लाको नाम छ, त्यसपछि जनक प्रकाश आ.वि. ताजाकोट गापा १ कांडागाउँ भनिएको छ । त्यसको नाम केरे जिल्लाको नाम लेखिएको छैन सभामुख महोदय । यसो नगरौं मन्त्री भएपछि आफ्ना जिल्लामा २/४ वटा स्कुल बढी लेखिहाल्दाखेरि हामी कसैले पनि आपत्ति जनाउँदैनौ । त्यसो नगरौं । सबै खुल्ला र स्पष्ट गरौं हैन । त्यस्तो लुकाउने काम नगरौं । हामीले गत वर्ष देख्दादेख्दै पनि दुइचार वटा बढी मन्त्रीको जिल्लामा हुन्छ त के फरक पर्छ र पो हामीले त्यो कुरा नउठाएको हो । अब यो विषयलाई अब यो जानकारी केरे माननीय सांसदहरूले जानकारी प्राप्त गर्नुभएन अब यसै माध्यमबाट अगाडि बढ्छु भन्ने हो भने त अर्को ठाउँमा गैपुग्दाखेरि अर्को ठाउँमा गई पुगिन्छ सभामुख महोदय । त्यसकारणले गर्दाखेरि सम्माननीय सदनलाई कम्तिमा पनि यो बजेट जस्तो संवेदनशील विषयमा प्रष्ट रूपमा राखेर अगाडि बढ्दाखेरि स्पष्टताका साथ राखेर अगाडि बढ्दाखेरि उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ । र फेरि पनि मैले अन्तिममा के जोड दिन चाहन्छु भन्दाखेरि सभामुख महोदय । हामी यो चालु खर्च जो छ, हामीले विगतदेखि नै निरन्तर रूपमा उठाएको कुरा के हो त भन्दाखेरि चालु खर्चका शीर्षकहरू, चालु खर्च चाहिन्छ, चाहिन्न भन्ने होइन । सामाजिक विकास मन्त्रालयमा त अझ चाहिन्छ बढी तर त्यो परिणाममुखी बनाउनको निमित्त हामीले कसरी मिहिनेत गर्ने होला ? मन्त्रालयले कसरी मिहिनेत गर्ने होला ? बजेट निर्माण गर्दाखेरि सरोकारवाला निकायहरूले कसरी मिहिनेत गर्ने होला ? त्यसमा हामी सांसदहरूलाई कसरी मन्त्रालयले जोड्ने होला ? यसको लागि एकचोटी गम्भीर रूपमा समीक्षा गर्न जरुरी छ सभामुख महोदय । अब यस्तै पारामा अगाडि बढ्ने हो भनेपछि त गत वर्ष पनि हामीले यही कुरा उठायौं । यो वर्ष पनि हामीले यही कुरा उठाउँदैछौं, अर्को वर्ष पनि हामी यही कुरा उठाउँछौं । त्यसपछि गएर हाम्रो ५ वर्षे कार्यकाल यही कुरा उठाउँदाउठाउँदै जाने मन्त्रालयले कार्यक्रम यस्तै बनाउँदै जाने र परिणाम केही पनि नहुने स्थिति जो पैदा हुन खोज्दै छ सभामुख महोदय । यस प्रति गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदै म विदा हुन्छु । धन्यवाद ।।

**माननीय उपसभामुखः**माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । माननीय श्री हिमबहादुर शाही । समय ७ मिनेट ।

**माननीय श्री हिमबहादुर शाहीः** सभामुख महोदय, के बोल्ने ? यसभन्दा पहिले हाम्रो आदरणीय दुइटै मन्त्रीज्यूले आगामी वर्षको तारिख मागिसक्नुभयो । अब तारिख मागिसके सदनले तारिख दिने कि नदिने हाम्रो सदनलाई यहि हो प्रदेश सभालाई त चुनौति नै चुनौति आउँछन् । दुइटा तारिख मागिसक्नुभयो यो वर्ष त यस्तै भो यस्तै भो, अर्को वर्ष, आगामी वर्ष तपाईहरूको चित्त बुझाउँला, तपाईहरूको मन बुझाउँला भनेर उहाँहरूले तारिख मागिसक्नु भयो । य अति अप्ठारो कुरा आइरछ । सभामुख महोदय, आज हामी कर्णाली प्रदेशका १७ लाख जनताको हित र कल्याण कसरी हुन्छ ? संविधानले तय गरेको समाजवाद उन्मुख समाजको निर्माण कसरी हुन सक्छ भन्ने दृष्टिकोणबाट कर्णाली प्रदेशको आर्थिक वर्ष २०७६ र ०७७ को बजेटका शीर्षकहरू एवं बजेटबाट प्रतिवादित मन्त्रालयको, प्रत्येक मन्त्रालयको छलफलमा विनियोजन छलफलमा भाग लिइरहेका छौं । मलाई लाग्छ कुनै पनि देश होस्, राष्ट्र होस्, चाहे संघीय संरचनामा कर्णाली प्रदेश होस्, चाहे स्थानीय निकायहरू हुन् । अवश्य पनि बजेट भनेको त्यस

भूगोलभित्रका जनताको जीवन पद्दति जनजीविकासँग अनुन्याश्रित सम्बन्ध राख्छ र आज कर्णाली प्रदेशबाट प्रस्तुत बजेट कर्णाली प्रदेशबाट प्रस्तुत बजेटबाट अगाडि आएको मन्त्रालय स्तरीय बजेटहरू, जुन अगाडि आइरहेको छ, यो कर्णाली प्रदेशका १७ लाख जनताको जीवन पद्दति एवं जनजीविकासँग उत्तरदायी छ कि छैन ? उत्तरदायी छ कि छैन ? साथसाथै कर्णाली प्रदेश सभा सदनसँग जवाफदेहिता छ कि छैन ? आज मूल अहम् प्रश्न यो हो । आज यो प्रश्नको खोजी सदनका सम्पूर्ण माननीयजीहरूले रोष्टमबाट यही प्रश्नको खोजी गरिरहनुभएको छ । अवश्यमयी प्रश्नको खोजी यही हो । आज यही प्रश्नले आज सिंगो सदनलाई घच्घचाइरहेको छ । चाहे सत्तापक्षको होस्, चाहे प्रतिपक्षको होस्, म स्पष्ट भाषामा भन्न चाहान्छु, बजेट अथवा मन्त्रालयबाट आएका राता हुन्, सेता हुन्, हरिया हुन, किताबका पाना पल्टाएर दुई दुना पाँच, दुई तियाँ आठ भन्ने पक्षमा छैन । सरकारसँग प्रश्न गर्न चाहान्छु, सर्वप्रथम अहम् प्रश्न १७ लाख जनताको जीवन पद्दतिसँग यले उत्तरदायित्व लिएको छ कि छैन । र संसद कर्णाली प्रदेश संसदलाई जवाफदेहिता दिएको छ कि छैन । कर्णाली प्रदेशको सरकारसँग प्रश्न गर्न चाहान्छु, सभामुखमार्फत् ध्यानाकर्षण गर्न चाहान्छु । यसको जवाफ कर्णाली प्रदेश सरकारले स्पष्ट र सरल भाषामा दिनु पर्दछ । मलाई त कताकता आंशिक मनमा शंका उठिरहेको छ । कर्णाली प्रदेशकै सरकारभित्रै हो या कर्णाली प्रदेश सरकारलाई निर्देशन गर्ने बाहिरका विज्ञहरू हुन् । कर्णाली प्रदेश सरकारलाई असफल तुल्याउने सुनियोजित योजनाबाट यी विधेयकहरू त आएका होइनन् ? भन्ने पनि मलाई शंका लाग्छ । मलाई आनसिक रूपमा यी कुराहरूको पनि मेरो मन घच्घचाइरहेको छ । सरकार नै असफल तुल्याउन होइनन्, । मैले अस्ति भनेको थिएँ, रुद्री पाठ र चण्डी पाठको बजेट ल्याउनुभयो अर्थमन्त्रीज्यू । यो रुद्री पाठ र चण्डी पाठ हो कि के हो ? भनेर मैले भनेको थिएँ । आज पनि ३१ जना सांसदहरूले ७ जना प्रदेशका सरकारले ल्याएको अगाडिको जुन बजेट छ । बजेटमार्फत् आएका मन्त्रालयका राता, सेता, हरिया किताबहरू छन्। तपाईहरू यो नसोच्नुहोस् पक्ष हुन्, प्रतिपक्ष हुन, सत्तापक्ष वा प्रतिपक्षका माननीयहरू गिर्जाघरमा बसेर रामायणको पाठ गरिरहेका छैनन् । सरकारको काम कारबाही र कार्यशैलीलाई अत्यन्तै गम्भीरतापूर्वक आज खोजी र तलासी सदनले गरिरहेको छ । म त भन्न चाहान्छु स्पष्ट भाषामा भन्न चाहान्छु । यो बजेट यी किताबहरू जमेका पोखरीहरू हुन् । कर्णाली प्रदेश सरकारको हित र कल्याणमा कर्णाली प्रदेशका जनताको हित र कल्याणमा होइन, यो जमेको पोखरी हो । चंखे र चतुरले जतिबेला बाल्टिन ल्याएर त्यहाँबाट पानी झिकेर लिन सक्यो लियोस्, त्यतिमात्र यो जमेको पोखरी हो, यो नदी जस्तो गतिशील, नदीजस्तो प्रवाह दिन सक्ने क्षमता भएको यी किताबहरू छैन, यो जमेको पोखरी हो । यो अवश्य पनि यसलाई म त स्पष्ट भन्न चाहान्छु महामयिम मुख्यमन्त्री, मन्त्रीज्यूहरूलाई आग्रह गर्न चाहान्छु । तपाईहरूलाई अवश्य पनि अविलम्ब कर्णाली प्रदेशको प्रदेश सभाले अविलम्ब एकपटक समय दिनु पर्दछ । तपाईहरू सचिएर तपाईहरू साँच्चै पारदर्शी, स्वच्छ र यथार्थ कर्णालीका १७ लाख जनताको समृद्धि र कल्याणको लागि बजेट ल्याउनुहोस् । तपाईहरू यो किताब फिर्ता लिनुहोस् । तपाईहरूले यो किताब फिर्ता लिनु पर्छ । यी किताब सदनमा पेश गरेर सदनमा राखेर यसको कुनै पनि औचित्य छैन । यसैले म भन्न चाहान्छु, एकपटक माननीय महामयिम उपस्थिति मन्त्रीज्यूहरूको ध्यानाकर्षण गराउन चाहान्छु । नेपालमा २०५१ सालमा नेपाल एकीकृत कम्यूनिष्ट पाटी एमालको सरकार थियो । त्यसपालामा तत्कालीन सम्माननीय स्वगीय मनमोहन अधिकारी प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँले आफ्नो गाउँ आफै बनाऔं भनेर कार्यक्रम ल्याउनुभएको थियो । प्रतिपक्षमा रहेर पनि कांग्रेसले प्रतिबद्धता जनाएको थियो कि आफ्नो गाउँ आफै बनाऔं भन्ने शब्द अत्यन्तै महत्वपूर्ण छ । आफ्-आफ्नो गाउँ ठाउँ भनेर । न त कर्णाली प्रदेशको सरकारले ठीक त्यसको विपरीत आफ्नो गाउँ आफै खाऔं भनेर त ल्याउनुभएको हैन । आफ्नो गाउँ आफै खाऔं भनेर ल्याउनुभएको छ कि भन्ने यहाँ आशंकाहरू उब्जेका छन् । म एकपटक कर्णाली प्रदेशका

सत्तापक्षका सम्पूर्ण महामहिम माननीयज्यूहरूलाई म आग्रह गर्न चाहान्छु आह्वान गर्न चाहान्छु- तपाईहरू पनि मञ्चमा रोष्टममा अभिव्यक्त गरिरहनु भएको छ म पनि त्यसकै सहयात्री हुँ तपाईहरूकै काँधमा काँध बाहूमा बाहू मिलेको छ तर भोलिका दिनमा गएर कर्णाली प्रदेशको सरकारको अगाडि तपाईहरूले 'माया बैगुनी नभई नहुनी' भन्ने एउटा गीत छ, त्यस्तै माया बैगुनी नभई नहुनी भनेर हुन्छ र ? हुन्न ? भन्ने शव्दमै रमाउनु हुने हो भने यसबा रोष्टममा आएर बोलेको कुनै अर्थ छैन, कुनै औचित्य छैन । प्रतिपक्षको हैसियतले कर्णाली प्रदेशको प्रतिपक्षको हैसियतले हैसियतले सरकारलाई आग्रह गर्न चाहान्छु । सरकार अवश्य पनि सच्चिएर स्वच्छ र पारदर्शी बजेट ल्याउन अगाडि बढोस् । हामी सदन रोक्न तयार छौं । सरकारलाई सहयोग गर्न तयार छौं । सरकारलाई अवश्य पनि सुझाव दिन तयार छौं तर प्रतिपक्षलाई केवल रातो, हरियो, किताबको बन्दी बनाएर केवल मोहजालको बन्दी बनाएर नेल हतकडी लाएर सदनको दक्षिणको ढोकाबाट निस्केर सडकमा जाने वातावरण नबनाउनुहोस् तपाईहरूलाई आग्रह छ । नेपाली कांग्रेसको अगाडि ठूलो अहम् प्रश्न आएको छ । सडक रोज्ने कि सडक सदन रोज्ने भन्ने अहम् प्रश्न अगाडि आइसकेको छ । यस कुरालाई तपाईहरू अत्यन्त पनि हल्का रूपमा नलिनुहोस् । सत्तापक्षका माननीयज्यूहरूलाई भन्छु तेस्रो अधिवेशनमा कर्णाली प्रदेशको सरकार कोल्टे परिसक्यो तपाईहरू गम्भीर हुनुस् भनेको थिएँ आज त्यहि कोल्टे परेको प्रमाणहरू तपाईहरू अगाडि आएका छन् । तपाईहरूका प्रमाणहरू आएका छन्, तमसुकहरू आएका छन्, विन्तीपत्रहरू आएका छन् । तपाईहरूका अगाडि यसैले म भन्न चाहान्छु । कर्णाली प्रदेश सरकारलाई निरङ्कुशताको सर्वसत्तावादी रोग नजागोस् । कर्णाली प्रदेशका १७ लाख जनताको हित र कल्याणको लागि प पक्ष र प्रतिपक्ष नभएर काँधमा काँध मिलाएर अगाडि बढ्न म आग्रह गर्दछु । हामी सहयोग गर्न चाहान्छौं । हामीले सरकारमा, सरकारमा आसिन माननीय मन्त्रीज्यूहरूको प्रति विरोधमाथि विरोध हामीले गरेका छैनौं । विरोधमाथि विरोध हाम्रो होइन । यहाँ धेरै माननीयहरू मभन्दा अघिल्लो पङ्क्ति बोल्ने हाम्रा आदरणीय मित्र विन्दमानजीले धेरै कुराहरू यहाँभित्र केलाएर जानुभएको, म केलाउने पक्षमा छैन । म एक त किताबभित्रको एउटो कुरो निकाल्छु । सामाजिक मन्त्रीज्यूको र मेरो अत्यन्तै निकटता थियो । उहाँको मेरो कस्तो निकटता भने उहाँ दाइ भन्ने म भाइ भन्ने तपाई कांग्रेसमा आउनुपर्छ भन्ने, उहाँ मलाई कम्युनिष्टमा आउनुपर्छ भन्ने हाम्रो यही लडाइँ थियो तर यो किताब ल्याइसकेपछि त उहाँलाई म अब कांग्रेसमा ठाउँ दिन सक्दैन । आजदेखि कांग्रेसमा आउनुपर्‍यो पनि भन्दिन म त । उहाँलाई ठाउँ छैन कांग्रेसमा । यस्तो किताब ल्याउनेलाई कांग्रेसमा ठाउँ छैन । कांग्रेसले स्थान दिन सक्दैन । अझ यत्ति पनि मैले उहाँसँग गरेको थिएँ, उहाँले भन्नुहुन्थ्यो दाइभाइकै ठट्टाहाँसोमा पनि तपाईको नेता अवश्य पनि संघमै महामन्त्रीको लागि प्रदेशमै लड्नु हुने हो दाई म त संघमै लडेर माथि गएर मन्त्री हुने इच्छा व्यक्त गर्नुहुन्थ्यो । यस्ता किताबले यस्ता कार्यशैलीले त्यो सम्भावना रहेन सामाजिक मन्त्रीज्यू, तपाईहरूको तपाईको दिमागमा अलिकति राम्रो सेतो ब्रेन भरियोस् । नत्र यस किताबले सेतो ब्रेन देखाउँदैन म स्पष्ट भाषामा भन्न चाहान्छु तर आज तपाईहरूको बजेटले सिंगो कर्णाली प्रदेशको सदनलाई कौरव र पाण्डव जस्तो महाभारतको युद्धमा ल्याएको छ । कौरव र पाण्डव जस्तो तर कार्यशैलीमा द्वापरयुगमा सय भाइ कौरव थिए, पाँच भाइ पाण्डव थिए तर यो कलियुगमा ७ भाइ कौरव हुनुहुन्छ, ३१ भाइ पाण्डव छन् । तपाईहरू शतर्क रहनुहोस् ३१सै पाण्डव हुन् । तपाईहरूले जस्तै बीउ रचे पनि ३१ भाइको माझमा एक्लो अर्जुन छ । तपाईको विउहा गाण्डीव धनुबाट अवश्य पनि ३१ भाइले तोड्ने छन्, तोड्ने छन्, तोड्ने छन् । त्यसैले अविलम्भ अन्तमा म यही आग्रह गर्छु । तपाईहरू तुरुन्तै यी राता किताब, हरिया किताब, पहेंला किताब फिर्ता लिएर अत्यन्तै पारदर्शी र स्वच्छ र पवीत्रको हैसियतले बजेट ल्याउनुहोस् । यहाँ बसेका ३१ जना माननीयहरू कमण्डलु लिएर तपाईहरूसँग आफ्नो छोरालाई पढाउन, आफ्नो घर बनाउनलाई, आफ्नो भैंसी किन्नलाई, भिख मागेर बजेट

नाउमा भिख मागेर मागेका छैनन् । तपाईहरू सरकारका मन्त्री हुनुहुन्छ, ३१ जना माननीयहरू १७ लाख जनताका मन्त्री हुन् । तपाई मात्र मन्त्री, तपाई त एउटा कर्णाली प्रदेश सरकारको मन्त्री हो । हामी ३१ लाख ए के १७ लाख जनताका मन्त्री हौं । आज ती मन्त्रीहरूको हामीले पनि चित्त बुझाउनु पर्छ । तपाईहरूसँग कमण्डलु लिएर भिख मागेर योजना खानेपानी लैजानुपर्‍यो, बाटो लैजानुपर्‍यो, सडक लैजानुपर्‍यो भनेर तपाईको ढोका-ढोकामा कुनै पनि माननीय प्रवेश गर्न चाहँदैनन् । उनीहरूले पनि भोलि माननीय लड्नुछ । तपाईहरूले भोलि अझ संघ प्रदेशबाट भन्दा संघको माननीय हुनुछ भने माननीयहरूलाई पनि त संघमै तपाईहरूझैं मन्त्री हुने इच्छा त होला । के त्यो अपराध हो ? (माननीयज्यू समयलाई ख्याल गरिदिनुस्) त्यसैले अन्तमा सरकारलाई यही कुराहरू राख्दै म विदा हुन चाहान्छु । अवश्य पनि अघि हाम्रो संसदीय दलको नेताले भनिसक्नु भएको छ । ७ जना मन्त्रीहरूलाई जदेऊ जदेऊ जदेऊ अरु माननीयहरूलाई धन्यवाद। जय नेपाल ।।

**माननीय सभामुखः**- माननीय श्री देवी ओली । समय ७ मिनेट । त्यसपछि माननीय श्री दीनबन्धु श्रेष्ठ तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री देवी ओलीः** सभामुख महोदय, कर्णाली प्रदेश सरकार सामाजिक मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को लागि प्रस्तावित कार्यक्रम र बजेटउपर यो किताब हातमा परिसकेपछि आफूलाई लागेका केही कुराहरू राख्न चाहान्छु । अवश्य पनि मलाई कस्तो अनुभत अनुभूति भैराखेको छ भने यी कुराहरू सन्दर्भहरू विषयहरू हामी प्रत्येक मन्त्रालयको बजेट तथा कार्यक्रममा नबोले तापनि ती सन्दर्भहरू मिल्न सक्छन्, छलफल भइसकेका मन्त्रालयका कार्यक्रम बजेटप्रति मन्त्रीज्यूहरूको प्रतिबद्धता र जवाफ सुन्दाखेरि काग कराउँदै छ, पिना सुक्दैछ, त्यस्तै अनुभूति लागेको छ । सामाजिक मन्त्रालय कर्णाली प्रदेशका १७ लाख जनताहरूको स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षाप्रति अत्यन्तै गम्भीर भएर अभिभावकत्वको भूमिका निर्वाह गर्नुपर्ने मन्त्रालय हो मैले त्यस्तो बुझ्दछु । त्यति हुँदाहुँदै अझैं ६ लाख ४८ हजार ८ सय ५ बालबालिकाहरू बालविकास केन्द्रदेखि उच्च माध्यामिक विद्यालयसम्म अध्ययन गरिरहेका छन् । उनीहरूको गुणस्तरीय शिक्षा र एउटा निःशुल्क शिक्षाको निम्ति त्यो अगुवाई गर्नुपर्ने मन्त्रालय हो । मैले त्यस्तो ठान्दछु । त्यसको सँगसँगै लगभग ९ लाख कर्णालीबासी महिलाहरूको सामाजिक सुरक्षादेखि लिएर हरेक आय-आर्जनमा यो कर्णाली प्रदेशको कूल गार्हस्त उत्पादनमा बृद्धि गर्नको निम्ति पनि ती महिलाहरूको रोजगार उद्यमशिलता र सामाजिक सुरक्षासँग पनि यो मन्त्रालयले सरोकार राख्दछ जस्तो मलाई लाग्दछ । तर बजेट र कार्यक्रम हेर्दाखेरि सभामुख महोदय । ती भावनाहरू ती जनताका आशाअपेक्षाहरू सहज रूपमा आत्मगौरवका साथमा अनुभूति गर्ने गरी यहाँ मैले भेट्न सकेन । त्यसकारण सभामुख महोदय, आज विद्यालयका छानाहरू चुहिरहेका छन् । ती चिसो भिजेको बेन्चमा ती बालबालिकाहरू बसेर किताब समातेर शिक्षकको ज्ञान आर्जन गर्न बाध्य छन् । मन्त्रीज्यूको टेबुलमा पनि धेरै विद्यालयहरू स्वयं आफै आएर ती विद्यालयका छाना फेर्ने, अलिकति जोखिममा परेको खेलमैदानलाई संरक्षण गर्ने मागहरू ल्याइराखेकै छन् । आज ती मागहरू सम्बोधन गर्नको लागि १० लाख, २० लाख, १५ लाखले काफी हुन सक्थ्यो । मन्त्रीज्यूले ध्यान दिनु पर्छ, पदर्छ र सच्याउनु पर्दछ यहाँ सम्बन्धित मन्त्रालयका सचिवदेखि अरु कर्मचारीहरूले पनि ध्यान दिनुभएकै हुनुपर्दछ भन्ने लाग्दछ मलाई । जस्तै मैले एउटा उदाहरणको निम्ति एउटा मात्रै विद्यालयको नाम भने रुकुमको आफ्नो जिल्लाको विद्यालय जुन बाल कल्याण आधारभूत विद्यालय सानो भेरी ३ को गोलडाँडा भन्ने ठाउँमा पर्दछ । गत वर्ष ०७५/०७६ देखि उले मन्त्रालय धाइरहेको छ । आज १० लाख पनि उलाई दिन नसक्ने मन्त्रालयले चालु खर्चतिर स्वास्थ्यतिरका तालिम गोष्ठीहरूसँग मेरो कुनै त्यस्तो विमति छैन । त्यो एउटा प्राविधिक विषय हो,

चाहिन्छ पनि तर अरु जुन तालिम र गोष्ठीका नाउमा १० लाख, १५ लाख, २० लाख छुट्टाएर ती विद्यालयलाई हामीले अपमानित गरेका छौं । यो राम्रो कुरा छैन । त्यसकारण यलाई सच्चाइनुपर्छ भन्न चाहन्छु म । यहाँ मन्त्रीज्यूलाई मैले ध्यानाकर्षण गरें । मन्त्रालयभित्रको बगैंचा संरक्षण, त्यसपछि झण्डा पूजा शब्द पनि कस्ता राख्नुभाको छ, गर्नको लागि १० लाख छुट्टाउनु भाको छ । त्यो विद्यालयलाई त्यो खर्च कटौति गरेर हामी दिन सक्दैनौं । महिनाको दुईपटक सरकारले श्रम गर्ने दिनको निम् रूपमा छुट्टाएको छ, त्यो दिनमा मन्त्रीज्यू लगायत सबै कर्मचारीले श्रम गरेर बगैंचा संरक्षण गर्न हामी किन सक्दैनौं र त्यो बजेट चाहियो ? यो प्रश्न मैले यहाँ राख्न चाहान्छु । त्यसैगरी संचारकर्मीहरूसँग संवाद गर्नका लागि हुन सक्छ, उहाँहरूको समृद्धि, उहाँहरूको एउटा क्षमता अभिवृद्धिका निम्ति सम्बन्धित मन्त्रालयले केही कार्यक्रम ल्याउनु पर्दछ । त्यसमा मेरो विमति छैन तर संवादका जो लागि १५ लाख बजेट विनियोजन गर्नु भाछ, यो पनि कटाइयोस् भन्न चाहान्छु । यो ६३ पेजको जुन किताब छ यसमा हेर्दाखेरि यो गोष्ठी जुन गोष्ठीहरू छन्, शिविरहरू शिविर पनि जस्तै जिल्ला अस्पतालमा हामीले विशेषज्ञसहित १० वटै जिल्लामा जिल्ला अस्पताललाई ५० शैयाको बनाउने भनिसकेपछि र कर्णाली र भेरी करिडोरमा विशेषज्ञसहित हामीले शिविर संचालन गर्छौं भने फेरि अरु थप शिविरहरू किन चाहियो । स्वास्थ्य क्षेत्रमा अरु थप शिविरहरू पनि घटाइनुपर्छ भन्न चाहान्छु म । सभामुख महोदय, अर्को कुरा नीति कार्यक्रममा हामीले समर्थन गर्‍यौं । २ वर्षमा कर्णालीमा साक्षरता उन्मूलन गर्ने अथवा साक्षरता घोषणा गर्ने । मलाई यहाँ लागिरहेको छ कार्यक्रम हेर्दाखेरि सचिवालय स्थापना, समन्वय बैठक, त्यसपछि गोष्ठीहरू, स्थानीय तहका पदाधिकारीसँग गोष्ठी समन्वय बैठकमै त्यो बजेट सीमित छ । हामीले के ती निरक्षर आमाबुवा दाजुभाइ दिदीहरूलाई साक्षर बनाउनको निम्ति त्यो लेख्ने सिकाउने हाम्रो दायित्व हैन ? त्यसका निम्ति हामीले स्वयंसेवक परिचालन गर्नको निम्ति बजेटको यहाँ विनियोजन गरेको मैले कहिँ पनि देखेन । कहिँ त्यस्तो मैले नबुझेको शीर्षक छ भने मन्त्रीज्यूले स्पष्ट पार्नुहोला । त्यसकारण यो कार्यक्रमका निम्ति साक्षर बनाउनेतिरका कार्यक्रमहरू गतिविधिहरू ल्याइयोस् । यो बैठक र गोष्ठीले मात्रै समन्वय बैठकले मात्रै हामी २ वर्षमा कर्णालीबासी निरक्षर जनताहरूलाई हामीले साक्षर बनाउन सक्दैनौं भन्ने मेरो कुरा रहेको छ । सभामुख महोदय, अर्को कुरा नीति कार्यक्रममा र वक्तव्यमा बजेट बक्तव्यमा १० वटा जिल्लामा यो पनि शीर्षक हामीले नबुझेको कुनै त्यस्तो शब्द जाल हुन सक्छ भन्ने पनि म अलिकति ठाउँ राख्न चाहान्छु । १० वटै जिल्लामा हामीले हिंसा पीडित महिलाहरूको निम्ति सेफहाउस संचालन गरी गत साल हामी गतवर्षको आर्थिक वर्षमा ६ वटा जिल्लामा गर्‍यौं अहिले १० वटा बढाएका छौं तर यहाँ बजेट हेर्दा प्रदेश राजधानीमा भौतिक पूर्वाधार निर्माणको निम्ति केन्द्रित गरिएको मैले बुझेको छु । यसमा प्रष्ट हुन चाहान्छु म । जो हामीले १० वटै जिल्लामा घोषणा गरेका छौं, त्यो ठाउँमा संचालित हुनु पर्छ । प्रदेशस्तरमा त्यही खालको, त्यही स्तरको त्यही सुबिधा दिने गरी छुट्टै हुनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहान्छु । सभामुख महोदय, हामीले सैद्धान्तिक छलफलदेखि आज दफाबार छलफलसम्म आउँदाखेरि सबै मन्त्रालयहरूका चालु खर्च घटाइयोस् भनिरहेकै छौं । मैले अघि भनेको उखानलाई चरितार्थ गर्ने गरी मन्त्रीज्यूहरूले फेरि त्यही चालु खर्चमा टसको मस नहुने अवस्था स्थिति नआओस् यी कुराहरू सच्चाइनुपर्छ । र अनावश्यक रूपमा राखिएका यी अऽऽ कर्मचारीसँग पनि आवश्यकताअनुसार मात्रै गोष्ठी र बैठकहरू गरियोस् र यी खर्चहरू घटाएर पूर्वाधार अथवा हामीले आवश्यक ठाउँमा बजेट लगाउन सकौं, अनि मात्रै हामीले कर्णालीबासी जनताले अपेक्षा गरे अनुसार योजना र, योजना र मागहरू, कहाँबाट आए ? भन्ने मूल प्रश्न छैन यहाँ । हाम्रो साविकको प्रवृत्ति जसरी पनि पैंसा खर्च गरेपछि प्रगति ठानिने । पैंसा खर्च कागज र बिलमा देख्दाखेरि त्यो एउटा पारदर्शी ठहरिने, हिजो जुनखालको हिजोको परम्परागत गलत शैली छ । यो शैलीलाई हामीले अन्त्य गरेर हामीले खर्चका नाउँमा खर्च हैन, परिणाम देखिने गरी हिजो

साविकको कर्णालीदेखि अहिलेसम्म आउँदाखेरि यहाँ धेरै एनजीओ/आईएनजीयोले गरेका तालिम र गोष्ठीहरूले कति परिणाम निकाल्न सक्यो । त्यो कुरालाई पनि सरकारले मूल्याङ्कन गर्न सक्नु पर्छ र जस्तो रिअलसल गर्दैगर्दाको बजेट पहिलै सरकारले किन सार्वजनिक गर्छ ? त्यसकारणले आज आलोचना बढिरहेको छ भन्ने पनि मैले यहाँ ठानेको छु । त्यसकारण अन्तिममा आउँदाखेरि परिणाम हामीले के निकाल्न सक्छौं । संघले दिएको बजेट जसरी पनि खर्च गरेर प्रगति हासिल गर्नेभन्दा पनि परिणाम निकाल्ने गरी मन्त्रालयले त्यतापट्टि सोचोस् र यो सच्चिएर आयोस् भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः**- माननीय श्री दिनबन्धु श्रेष्ठ । समय ७ मिनेट । माननीय त्यसपछि माननीय श्री बद्मी क्वारी बोहोरा तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः** आज हामीहरू आर्थिक वर्ष २०७६/०७७ को कार्यक्रम तथा बजेट सामाजिक विकास मन्त्रालयको बजेट कार्यक्रम माथि हामी छलफल गर्दैछौं । मलाई लाग्दछ हामीले यो नीति तथा कार्यक्रम र बजेटका विषयमा २/३ वटा दुईटा गत वर्ष र अहिले गरेर हामीले छलफल गऱ्यौं । गत वर्षको बजेटबाट त्योबाट हामीले आउटपुट के पायौं परिणाम । त्यले पनि हामीलाई धेरै कुराहरू सिकाउँछ र यो कार्यक्रम र बजेट हामीले जे जस्ता ल्याए पनि हामी सबैको उद्देश्य भनेको कर्णाली प्रदेशको समृद्धि र विकास नै हो जस्तो लाग्छ । हामीले जसरी पनि कर्णाली प्रदेशलाई सुखी र समृद्धि कसरी बनाउने भन्ने हो । त्यो सोचेर मात्र हुँदैन, त हामीले कार्यक्रम बजेट त ल्याउँछौं तर त्यो कार्यक्रम र बजेट कुन विधि अनुसार हामीले ल्यायौं ? कुन प्रकृया अनुसार ल्यायौं ? त्यले हामीलाई त्योबाट हामीले कति चाहिँ एउटा उपलब्ध हासिल गर्न सक्छौं, त्यो पनि महत्वपूर्ण कुरा हो जस्तो लाग्छ मलाई । अब यो सामाजिक विकास मन्त्रालय कार्यक्रम तथा बजेटमा छलफल गर्दा मलाई धेरै कुराहरू भन्नु छैन तर केही कुराहरू म यहाँ राख्न चाहान्छु । पुस्तक किताब हेऱ्यौं, किताब हेर्दा बजेटहरू राम्रा छन् तर यो मन्त्रालयको जिम्मेवारी धेरै छ । संघीय मन्त्रालयहरूका ४/५ वटा मन्त्रालयहरूको जिम्मेवारी यो कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले काम गर्नु पर्दछ । त्यो अनुसार अलि गम्भीर पनि भएर अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्छ । हतपत र लतपतमा धेरै कुराहरू पछि पछुताएर हुँदैन र त्यो एउटा हाम्रो प्रदेशमा त्यसै पनि हामीले विभिन्न कारणले पनि हामीले बढी गम्भीर भएर बढ्न जरुरी छ र यो बजेटमा विशेषगरेर मैले भन्नु पर्दा धेरै बजेटहरूमा त शीर्षक छुट्टाइएको छ । प्रत्येक निर्वाचन क्षेत्र होस्, प्रत्येक गाउँपालिका होस्, छुट्टाइएको छ तर ठूला-ठूला बजेटहरूमा एकमुष्ट होलसेल त केरे छिटो-छिटो विकास निर्माणका कुराहरू अगाडि बढून् भनेर हो कि त बजेट छुट्टाउनमा टाइम बढी लाग्छ, एकैचोटी हालौं, अगाडि बढौं भन्ने होला सायद । म यहाँनिर पहिला के भन्न चाहान्छु भने माननीय सभामुख महोदय । अब यो नमुना सामुदायिक विद्यालय पूर्वाधार विकास भवन निर्माण हरेक स्थानीय तहमा एकोदरले तपाईले ६९ वटा विद्यालयमा बजेट विनियोजन भएको छ । प्रत्येक विद्यालयमा ५० लाखका दरले विनियोजन भएको छ । टोटल ३९ करोड ५० लाख विनियोजन भएको छ तर ६९ गाउँपालिकामा स्कुल एउटा एउटा स्कुलहरू विनियोजन हुँदा मेरो गाउँपालिकामा ७ वटामा विनियोजन भयो । तर त्यो कुन मापदण्डबाट भयो ? कसरी भयो ? त्यो बुझ्न सकिएन र मन्त्रीज्यूले यो विषयमा अलिकति जानकारी गराउन जरुरी छ । म पनि त्यो क्षेत्रको सांसद हुँ । सांसदहरूमा पनि यो भेदभाव राख्ने तपाईहरूलाई कोले अधिकार दियो ? यो जवाफ तपाईहरूले दिनुपर्छ । सभामुख महोदय, अर्को कुरो म यहाँनिर के राख्न चाहान्छु भने यो डिपीआर डिप्यार डिपीआर निर्माण भएका जिल्ला विशेष कबडहल तथा खेलमैदान निर्माण पट्टि रु. २० लाख मात्र विनियोजन भएको छ । यसरी भएको बजेट व्यवस्थाबाट के आँकलन हुन्छ भने, कि त

डिपीआर तयार गर्दा सबै प्राविधिकहरूले सल्लाह गरेका हुन् या एउटै व्यक्तिले सबै डिपीआर बनाएका हुन् । अब म यहाँनिर के प्रष्ट हुन चाहान्छु भने या त मन्त्रालयले डिपीआर २० लाखभन्दा बढी नबढाएर ल्याऔ हामी त्यसरी नै बजेट विनियोजन गर्छौं भन्या पो हो कि । या त तिमीहरूले डिपीआर जति ल्याएपनि हामीले अहिले २० लाख मात्रै हाल्छौं भनेको हो कि । यसमा किनभने एकै प्रकृया अनुसार भयो तर यहाँनिर कुरा सुन्नमा आएको छ । सुर्खेतमै बसेर यो डिपिआर गरिएको हो कि भन्ने तर म यतातिर धेरै जान चाहान्न, यसमा प्रष्ट हुन चाहान्छु । सभामुख महोदय, अर्को म यहाँ के कुरा राख्न चाहान्छु भने पूर्वाधारहरूको निर्माण सिस्टममा सबै जिल्लामा समान रकम वितरण भएन तर यी १०सै जिल्ला त भौगोलिक विकटताको कारणले एकैनाश त छैन । जस्तै तपाई डोल्पामा सामान्य बाटो पुग्यो, हुम्लामा बाटो पुगेको छैन । अन्य जिल्लाहरू धेरै विकट छन् तर एउटै बजेटले हामीले समान डिजाइनमा पूर्वाधार संर संरचना हामीले बनाउन सक्छौं कि सक्दैनौं । बराबर बजेटले एउटै किसिम, एउटै बीउ गुणस्तरीय हामीले त्यहाँनिर हामीले निर्माण गर्न सक्छौं सक्दैनौं । त्यसमा पनि पुनर्विचार गर्न जरुरी छ । ताकि मलाई एउटै किसिमको संरचना निर्माण हुँदैन, त्यहाँका मूल्य निर्माणका कुराहरू जिल्लैपिच्छै फरक छन् । सभामुख महोदय, सामाजिक विकास मन्त्रालयले पनि जडिबुटी उद्यान निर्माणका लागि सम्भाव्यता अध्ययनमा बजेट विनियोजन गर्दै जाने भए, पर्यटन वन तथा वातावरण मन्त्रालयले के गर्ने हो ? यो सामाजिक मन्त्रालयले गर्न मिल्ने हो कि होइन यसमा पनि अलि प्रष्ट हुन जरुरी ठान्दछु । मन्त्रालयले पेश गरेको कार्यक्रम पुस्तिकामा कार्यक्रम र बजेट मात्र उल्लेख गरेर ल्याइएको छ । प्रत्येक वर्ष योजना तर्जुमा सम्बन्धी तालिम गोष्ठीमा २५ लाख विनियोजन गरिएको छ । यदि २५ लाखसम्म हामी तालिम गोष्ठीमा विनियोजन गर्छौं भने तर बजेट ल्याउँदा यसरी अपारदर्शी र मनोगत ढंगले हामी हतार हतारमा बजेट विनियोजन गर्छौं तर त्यो २५ लाख विनियोजन गरेको मतलव के भयो र त्यो गोष्ठीको औचित्य के हो ? यसमा पनि पुनर्विचार गर्नुपर्छ कि म माननीय सभामुख महोदयमार्फत् माननीय सामाजिक मन्त्रीज्यूलाई म यो कुरा राख्न चाहान्छु । त्यस्तै मुख्यमन्त्री महिला तथा दलित आयआर्जन कार्यक्रममा बलकमा रु. ५ करोड र समान प्रकृतिको महिला उद्यमी सम्बन्धी सीपमूलक तालिममा रु. २ करोड ४० लाख र मुख्यमन्त्री रोजगार कार्यक्रममा १ करोड विनियोजन भएको छ तर यो कहाँ कहाँ ? कुन क्षेत्र ? कुन जिल्ला ? यो त अलि प्रष्ट आउनुपर्छ जस्तो मलाई लाग्छ । एकमुष्ट आयो अब यहाँनिर हामी ले धेरै म माननीय सभामुख महोदय, म के भन्न चाहान्छु भने धेरै हामी शंका-उपशंका गर्न चाहेको होइन तर कर्णाली प्रदेशका आम जनताले के चाहेका छन् भने त्यो २०७६/०७७ को बजेटमा कर्णाली प्रदेशको समृद्धि विकास हुने किसिमका ठोस बजेटहरू आऊन् कार्यान्वयन हुन् मितव्ययिता हुन् अनियमितता नहोऊन् भन्ने चाहान्छन् । त्यसैले हामीले सांसद भएको नाताले पनि त्यो के हो प्रष्ट हुन जरुरी छ । एकमुष्ट बजेट आउँछ तर भोलि गएर माननीय मन्त्रीज्यूहरूले आफ्नो विवेक टेलिफोन प्रभावका र एउटा प्रभावका कारणमा विनियोजन गरियो भने यो न्यायोचित हुँदैन र त्यो काम पनि पारदर्शी हुन्न भन्न म चाहान्छु । मुख्यमन्त्री महिला तथा दलितका विषयमा मैले यो कुराहरू यहाँ राखें तर सामाजिक सेवा परिषद् गठन व्यवस्थापनमा ५० लाख छ । नेपालको संविधानमा बाँझिने कार्यक्रममा बजेट विनियोजन भएको हामीले देख्यौं त्यो विनियोजन गर्न मिल्ने हो कि होइन । अर्को कुरो बढा राम्रो कुरा आयो म मन्त्रीज्यूलाई धन्यवाद दिन्छु । विशिष्ठ व्यक्तिको सकारात्मक सोच रुपान्तरण कार्यशालामा रु. २० लाख, कर्णाली प्रदेशको विकास निर्माण र समृद्धि किन भएन भनेको त अहिले म बढा प्रष्ट भएँ । यसमा बढा चिन्ता गरेर सामाजिक मन्त्रीज्यूले यो २० लाख विनियोजन गर्नुभयो किनभने यहाँ विशिष्ठ व्यक्ति भन्या त माननीय मुख्यमन्त्रीज्यू लगायत मन्त्रीज्यूहरू नै पर्नुहुन्छ होला कर्णालीमा प्रदेशमा तर अब यहाँनिर त्यो सकारात्मक सोचको कमी देखेर हो कि कर्णाली प्रदेश जसरी अगाडि बढ्न पर्छ विकास निर्माणमा नबढेको हुनाले त्यो

सोचको रुपान्तरण कार्यशाला गोष्ठीमा २० लाख हैन, ४० लाख गरौं यलाई प्रभावकारी गराऔं, अलि कर्णाली प्रदेश अगाडि बढ्थ्यो कि यो बजेट राम्रो आयो र अर्को कुरा हो मैले सकिहाले सभामुख महोदय, १ मिनेट । कर्णाली साँस्कृतिक कला केन्द्र भन्ने संस्थालाई रु. ३० लाख अनुदान हो कि साँस्कृतिक कला केन्द्र सम्बन्धी कार्यक्रमलाई विनियोजन भएको यो पनि प्रष्ट हुन जरुरी छ, माननीय मन्त्रीज्यू र विशेषज्ञ स्वास्थ्य शिविरमा रु. १ करोड बजेट विनियोजन भएको छ । त्यो विशेषज्ञ डक्टरहरूले सबै क्षेत्र दलित महिला जनजाति आम ठाउँमा पुगेर उनीहरूले परीक्षण गर्ने होलान्, सेवा दिने होलान तर यहाँ अर्को बजेट पनि के विनियोजन गरियो भने जिल्लाहरूका डाक्टरबाट दलित बस्तीमा गएर शिविर संचालन गर्ने भनर ५० हजार फेरि विनियोजन गरियो । किन हो दलितहरूलाई अलग्गै शिविरको लागि बजेटको आवश्यक कसरी पऱ्यो ? यसमा पनि प्रष्ट हुन जरुरी छ मन्त्रीज्यूले प्रष्ट राख्नु पर्छ लाग्छ । आ माननीय सभामुख महोदय, मैले सकिहाले विशषज्ञ सेवा प्रवाह विस्तार एवं संस्थापनमा मात्र रु. ४ करोड २२ लाख ५० हजार छ । केका लागि कति जनाका लागि हो ? कुन कुन जिल्ला कुन क्षेत्रको लागि हो, त्यो पनि प्रष्ट ल्याउन जरुरी छ माननीय मन्त्रीज्यू र अर्को म के भन्न चाहान्छु भने प्रदेश खेलकुद युवा परिषद् गठन नै नभएर रु. १ करोड १० लाख विनियोजन भाको छ । यसमा के हो त्यो पनि अलिकति म जानकारी चाहान्छु । त्यसैले म अन्तमा धेरै म समय लिन चाहान्न सामान्यतया बजेट सानातिना जिल्लामा क्षेत्रमा गएका बजेटहरूले हामीले रकम तोकेका छौं, ठाउँ तोकेका छौं तर ठूला ठूला बजेटहरू विनियोजन गर्दाखेरि तोकिएको छैन । त्यो पनि तोक्नु पर्छ भन्ने मलाई लाग्छ र अझ प्रष्ट हुन पर्छ जस्तो लाग्दछ । अन्तमा, अघि पूर्ववक्ता माननीयज्यूले नै भन्नुभयो म के भन्न चाहान्छु भने माननीय मन्त्रीज्यूले झण्डा पूजा भन्नुभयो, राम्रो कुरो । त्यो झण्डामा उहाँ मन्त्री हुनुहुन्छ । झण्डा पूजा गर्नुपर्छ शुभ हुनुपर्छ, राम्रो कुरो नगर्नुस् भन्दैनौं । त्यलाई विनियोजन पुगेन भने अझ थप्नुस् तर कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई यो पटक यो बजेटमा किन सम्बोधन गरिएन । तपाईहरूको तर्क संघीय सरकारले विनियोजन गर्ने हो भने विगतमा तपाईहरूले ४ करोड गर्नुभएछ । कर्णाली प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले कर्णालीका साविकका ५ जिल्ला र अन्य प्रदेशका जिल्ला दुर्गममा गर्ने सेवा प्रवाह गरेको छ । त एउटा स्वास्थ्य प्रतिष्ठानलाई आज ओझेलमा पार्ने र कर्णाली प्रदेशको त्यो सम्पत्ति हो कि होइन । कर्णाली प्रदेशको एउटा जुम्लामा भएको स्वास्थ्य विज्ञान प्रतिष्टान एउटा नमूना हो कि होइन । त्यो हामी सबैको इजजत हो कि हैन त्यहाँको लागि आज बजेटको लागि मन्त्रीज्यूको ध्यान किन गएन ? यसमा पनि ध्यान जाओस् भन्दै म विदा हुन्छु । धन्यवाद, जय नेपाल ।

**माननीय उपसभामुखः** माननीय श्री बद्मी क्वारी बोहोरा । त्यसपछि माननीय श्री अमृता शाही तयार, तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री बद्मी क्वारी बोहोराः** सभामुख महोदय, आज हामी यो कर्णाली प्रदेश सरकारको आ.व. ०७६/०७७ को वार्षिक बजेटमा छलफल गर्ने क्रममा छौं । सामाजिक कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको बजेटमाथिको छलफलमा छौं । सभामुख महोदय, जनताको मुख्य कुरा स्वास्थ्य, शिक्षा र रोजगारसँग जोडिएको जेष्ठ नागरिकसँग, बालबालिकासँग, महिलासँग जोडिएको मन्त्रालयको बजेटमाथिको छलफलमा छौं । सर्वप्रथम यो ६३ पेजमा कैद गरिएका विभिन्न शीर्षकका बजेटहरू छन् । धेरै यो गहिराइमा नगएर मैले दुई तीन वटा कुरामा सुझाव दिन चाहान्छु । सभामुख महोदय, कर्णाली प्रदेश त्यसैमा पनि हिजोको कर्णाली स्वास्थ्य, शिक्षा, बेरोजगारको अभाव स्वास्थ्य, शिक्षाबाट राज्यबाट भन्दा राज्यको सुबिधाबाट पनि टाढा रहेको साविकको कर्णालीका ५ वटा जिल्लामा र अहिले साविकको कर्णालीको १०सै जिल्ला अरु बाँकी ५ जिल्ला जुन सरकारले ल्याएको बजेटले ती दुर्गमका हिमाली

जिल्लाहरूमा बस्ने भोटेहरू जुन भोटे बस्ती छ, हाम्रो लामा बस्ती छ । त्यहाँ बस्ने जनताहरूलाई शिक्षा, स्वास्थ्यले छोएको छ, छैन । यो बजेटले ती जनताहरूका आवश्यकतालाई पूर्ति गर्छ गर्दैन हेर्न बाँकी छ । आज हामी कर्णाली प्रदेशका सरकारका एउटा सदस्यको हैसियतले बोलिराख्नु पर्दा म यो धेरै बजेटमा भन्दा पनि वास्तविक जिल्लाको कुरातिर प्रदेश सरकारलाई सभामुखज्यूमार्फत् ध्यानाकर्षण गराउन चाहान्छु । आज कर्णाली प्रदेशको सरकारको बजेटमाथि छलफल गर्ने क्रम जारी हुँदाहुँदैको समयमा मेरो आफ्नै जिल्ला डोल्पामा २ महिनादेखि बिरामीहरू हस्पिटलको बेडमा सुत्न नपाएर भइमा सुताइरहेको अवस्था छ र हिजो अस्ति मात्रै एउटा आकस्मिक बैठक बसी जिल्लामा अस्पतालमा बिरामी सुताउने बेड नभएर बिरामीहरूलाई बजारमा ल्याएर होटेलहरूमा राखिएको छ । सभामुखमार्फत् म कर्णाली प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराउन चाहान्छु । जहाँ आज हामी करौडौंको बजेट विनियोजित गरिराखेका छौं जहाँ जनता सिटामोल नपाएर होटेलका बेडहरूमा अथवा होटेलहरूमा म्याटेस ओछ्याएर ढलिरहनुपर्ने अवस्था आएको छ । आज यही शिलशिलामा म हिजो मात्रै जिल्लाको एउटा आकस्मिक बैठकले गरेको निर्णय त्यहाँको सरोकारवाला डक्टर साप जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय, नागरिक समाजले एउटा मलाई जानकारी गरेको अनुसार त्यहाँ ४५/५० जना मान्छे अझैं पनि बिरामी भएर ज्वरो, रुघाखोकी, झाडापखाला लागेर बिरामी छन् । जहाँ बाटो सहजै पुगे पनि पुलहरू छैन । आज जनताले सहज तरिकाले औषधीहरू अरुभन्दा पनि सिटामोल पखाला लागे पनि सिटामोल, ज्वरो आए पनि सिटामोल, त्यही सिटामोल नभएर आज जहाँ जनता तड्पिराखेका छन् । त्यहाँको कुरा बिहान मैले आज हाम्रो प्रदेश कर्णाली प्रदेशका स्वास्थ्य मन्त्रीज्यूलाई भेटेर जिल्लाको समस्या राखेकी छु र मन्त्रीज्यूले पनि आश्वासन दिनुभएको छ । तुरुन्तै संघको सरकारले हेलिकप्टर व्यवस्था गर्छ । मैले दक्ष डक्टर र औषधि व्यवस्था गर्छु र जिल्लाको बिरामीहरूलाई तुरुन्तै उपचार गर्छु भनेर एउटा आश्वासन दिनुभएको छ । म यलाई चाहिँ छिटोछरितो जिल्लाको जनताको स्वास्थ्यलाई नजर राखी मन्त्रीज्यूलाई जिल्लातिर मेरो डोल्पा जिल्ला मात्र नभई विभिन्न जाजरकोट, डोल्पा, जुम्ला, हुम्ला, कालिकोट, दैलेख, सुर्खेतै पनि कति विकट विकट गाउँहरू छन् । यहाँ कर्णाली प्रदेशका विकटका गाउँका जनताहरूलाई छिटोछरितो औषधी उपलब्ध हुने गरिकन स्वास्थ्यकर्मी परिचालन गर्न आग्रह गर्छु । र अर्को कुरा सरकारले सबै मन्त्रालयको बजेट हेर्दा उस्तै उस्तै छ । सानातिना कुराहरू छन् ४/५ लाख देखि लगेर ४/५ करोडका कुरा पनि छन् । हामीलाई पनि जनता माझमा जाँदा सानातिना कुराहरू जनताले राख्छन् आवश्यकता छ । तर सही तरिकाले आवश्यकतालाई पहिचान गरेर लगानी गर्न प्रदेश सरकारको बजेट मन्त्रीज्यूहरूलाई प्रदेश सरकारलाई सभामुखज्यूमार्फत् सही तरिकाले जनताको विकास सानो २ लाखको पनि आवश्यकता छ । आवश्यकता नहुने होइन, करोडले मात्र जनताको समस्या टर्ने होइन यसमा समावेशी हिसाबले सबै दुर्गमका र सुगमका जनताले समावेशी तरिकाले सेवा सुबिधा पाउने गरेर यहाँहरूले बजेट जुन ल्याउनुभको छ । त्यलाई चाहिँ कार्यान्वयन गर्न सभामुखज्यूमार्फत् अनुरोध गर्न चाहान्छु । आज विभिन्न जिल्लाहरूमा स्कुल जान नपाएर कति बालबालिकाहरू गाउँ दुर्गम ठाउँमा अहिले बर्खाको टाइम स्कुल जान नसकिने अवस्था छ । खोलानाला बढेर विभिन्न किसिमका सानातिना समस्यालाई कर्णाली प्रदेश सरकारले आत्मसाथ गरेर आउने बजेटमा बजेट सानो भए पनि जनताका आवश्यकता त्यसैमा गाँसिएका छन् र कर्णाली प्रदेश सरकारले अहिलेको ल्याएको बजेट सही तरिकाले लगानी जनताको लगानी गर्ने र जनताका आवश्यकतालाई परिपूर्ति गर्ने आशा राख्दै म विदा हुन्छु । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री अमृता शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री गोपाल शर्मा तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री अमृता शाहीः** सभामुख महोदय, सामाजिक विकास मन्त्रालयको बजेट छलफल गर्दैगर्दा मैले धेरै कुरा भन्न चाहान्न । यो किताबमा हेर्‍यौं हामीले सररै मैले हेरें । हिजो मेरो हातमा हिजो परेदेखि अहिलेसम्म हेर्दा हेर्दा हेर्दा मैले देखें विकासको विकासको बजेटभन्दा पनि ठीक छ विकासको लागि बजेट हाल्नुभएको छ । सबै ठाउँ हाम्रो कर्णाली प्रदेश स्वास्थ्य, शिक्षा, रोजगार सबै हुनुपर्छ । हुनुपर्छ, गर्नुपर्छ मन्त्रीज्यूहरूले यसमा ध्यान धेरै दिनुपर्छ, गर्नु पनि भाको छ । तर मैले हेर्दैगर्दा यसमा तालिम, गोष्ठी अनि त्यसपछि संघी संघीयता अध्ययन त्यो यस्तै-यस्तै कार्यक्रममा शीर्षकमा छुट्टाको के खाली बजेटहरू । अब अघि भन्नुभयो झण्डाको पूजा अस्ति म मन्त्रालयमा आश्रमको लागि अलिकति तारबारको लागि भनेर म त्यहाँ आको थिएँ, मन्त्रीज्यूले के भन्नुभयो हामी त यो मन्दिरको लागि पैंसा हाल्दै हाल्दैनौ भन्नुभयो मैले भने यो मन्त्रीज्यू यो मन्दिरको लागि हैन आश्रम हो यो वृद्धवृद्धाको ज्ञान केन्द्र हो भनें तर त्यसमा पैंसा छुट्टाइदिनु भएन छ, ठिकै छ अब आफ्नो चाहिँ त्यो पूजा गर्दैनौं हामी, मन्दिर चाहिँ हामीलाई चाहिन्न भन्ने मान्छेले यो झण्डा पूजा किन गर्नु पर्‍यो ? हामीलाई चाहिँ त्यो आश्रम बुढाबुढी तपाईहरूले यसमा लेख्नुभाछ केरे जेष्ठ नागरिकलाई सम्मान भनेर त्यो आश्रममा हेर्नुस् लगभग दुई ढाइसय केरे बृद्धाबृद्धाहरू आएर आफ्नो ज्ञान लग्छन् दिनभरी बस्छन् अनि नास्तासास्ता खान्छन् त्यसमा तपाईले हाल्दिनु भको छैन । मैले भनेको थिएँ हजुरले त्यो भन्नुभयो ठिकै छ । अब यहाँ स्वास्थ्यको लागि पनि महिला बालबालिका यो वीरेन्द्र अन्तको कुरा म गर्दिन यो राजधानीकै कुरा गर्छु । तीनटा मात्रै यहाँ विद्यालय छन् ठूला । त्यसमा पढ्नका लागि अहिले मारामार छ मान्छेहरूको । अब यहाँ विद्यालय छ तर तुरुन्तै गराउन पर्‍यो । यसमा राजधानीको पनि इज्जेत रहला मन्त्रीज्यूहरूको पनि । छिटोभन्दा छिटो गर्नु पर्‍यो यिनी गोष्ठी सेमिनार यहाँ भनिएको छ, वैज्ञानिकहरूसित छलफल गर्ने गोष्ठी, कस्तो वैज्ञानिकसित छुट्टै गोष्ठी हुन्छ अथवा अर्को अरु गाउँका मान्छेहरूसित छुट्टै हुन्छ यत्रो २० लाख २५ लाख छुट्टाउनु भको छ । यत्रो २०/२५ लाख स्कुलमा हालिदिने हो भने त तारबार हुन्छ । तारबार भयो भने त्यो छाना बर्खामा चैतमा हावाहुरीले उडाएर अहिले पूरा चुहिने छाना छन् । त्यसमा दुइचारवटा टिन थपदिएको भए कति हुन्थ्यो । त्यो हामीले भन्छु हजुरहरूले सुन्नुहुन्न अथवा गाउँको मान्छेहरू आउँछन् हामीलाई भन्छन् । हामीले भन्छौं हजुरले सुन्नुहुन्न । त्यो सरकारले नहेरेर कसले हेर्ने ? त्यो सरकारको ध्यान यसमा एकदमै जाओस् र कुनै ठाउँ त अब यहाँ भनिएको छ, बालबालिकाको लागि बाल विवाह अथवा शिक्षाको लागि पोषण तत्व भनिएको छ तर सडक बालबालिकाको लागि हामीले सेफहाउस बनाएका थियौं त्यो कतिजना बालबालिका अहिलेसम्म छन् । अनि तिनीहरूलाई कति सेफ भएको छ, पढेका छन् कि, बसेका छन्, के गरेका छन्, त्यसको पनि यहाँ विवरण हुनु पर्छ र तपाईहरू खाली अध्ययन गर्ने अथवा यो ज्ञानकेन्द्र भन्ने त्यसको केरे भ्रमण अथवा त्यसलाई निरीक्षण यस्तै-यस्तैमा यी बजेटहरू गैरहेका छन् । खाली खुट्टा हिनेर एक जोर कपडा पनि नपाएर गाउँघरको बच्चाहरू स्कुलमा त्यस्तै जान्छन् । यिनीहरूको लागि स्कुलमा अलिकतै काफी-किताब अथवा कपडाहरू एकजोड स्कुलको ड्रेस, चप्पलहरू दिएको भए तिनीहरू कति छापो मानेर लगाउँथे होलान् । यो हामीलाई तालिम यो गोष्ठी यसमा हामीले पैंसा यति खर्च गर्नभन्दा यसमा हामीले विद्यालयमा यस्तो एकदमै त्यस्तो विद्यार्थीहरूलाई हामीले यदि सामाग्री वितरण गरेको भए हाम्रो धर्म पनि हुन्थ्यो होला अनि त्यहाँको जनताहरूले तिनी बच्चाहरूको आमाबाले एकदमै सराहना गर्थिन गर्थे होलान् । मन्त्रीज्यू यो तपाईले ल्याउनु भको यो किताबमा जति तपाईले यो अस्पताल, स्कुल यी जति छन् यसमा यिनी तालिम, गोष्ठी अथवा यिनी छन् यिनी स्वास्थ्यकर्मीहरूको लागि तालिम, यिनी यिनीको मैले नगर्ने त भनेको हैन तर यदि हामीले अहिलेबाट हैन ०६४ सालदेखि हामीले यस्ता तालिमहरू गोष्ठीहरू गर्‍यौं र कसैको उद्धार भएन हामीले अहिले सिक्यौं, जहाँ सिक्यौं त्यही रह्यो । त्यसैले यो किताबमा सच्याएर आ ल्याउनुपर्छ र यिनी जतिवटा तिनटै मन्त्रालयका हेर्‍यौं, खाली यस्तै छन् । कृषि

मन्त्रीज्यूले त अब सच्याउँछु भन्नुभको छ तर यिनी सच्चिएनन् भनेपछि यिनी यस्ताको यस्तै रहयो भनेपछि हामी त हुन्छ त कहिले भन्नेवाला पनि छैनौं । यसमा चाहिँ एकदमै सच्चिएर ल्याउनुपर्छ । अरु आउने मन्त्रीज्यूहरूले पनि यस्तो खालको यिनी गोष्ठी र अध्ययन र यिनी यो छन् यिनी यिनी बजेटहरू कटौति गर्नुपर्छ भन्ने मैले धारणा राख्दै मेरो यो छोटो भनाइ यही अन्त्य गर्छु हओस् त धन्यवाद । जय नेपाल ।।

**माननीय उपसभामुखः** माननीय श्री गोपाल शर्मा । समय ७ मिनेट । त्यसपछि माननीय श्री राजु नेपाली तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, सामाजिक विकास मन्त्रालयको खर्च शीर्षक अन्तर्गतको छलफलमा बोल्नु पर्दा खासगरी यो वर्ष हामीले शिक्षा, स्वास्थ्य लगायतका केही पूर्वाधारहरूमा खर्च गर्ने उद्देश्य राखेका छौं । झण्डै २ सय ३८ वटा विद्यालयका पूर्वाधारहरूको लक्ष्य राखिएको छ । अब जिल्ला अस्पताल लगायत अब अस्पतालका भौतिक पूर्वाधारहरूको झण्डै ६३ वटा पूर्वाधारहरूको काम हामी गर्छौं यो वर्ष भन्ने सामाजिक मन्त्रालयको प्रस्तुती छ । अरु थुप्रै कार्यक्रमहरू पनि छन् त्यसको म त्यसको लागि धन्यवाद दिन चाहान्छु । तर यहाँ अप्ठ्यारो के परेको छ भने हामी छलफल यहाँसम्म गर्दै आएका छौं त्यो छलफल न सरकारले सुनिराखेको छ, न मन्त्रालयहरूले सुनिराख्या छन् । छलफल गर्नुको के अर्थ छ भन्ने लाग्छ ? र यो बजेट सम्बन्धी छलफल बढी औपचारिक पनि हो । यसको कुनै अर्थ छैन भन्ने पनि भित्रभित्रै बुझिराखेछु त्यसकारण धेरै बोल्न म चाहान्न अगाडिका मान माननीय मन्त्रीजी केरे माननीयजीहरूले बोलेका कुराहरूलाई समर्थन गर्दै म केही कुराहरू मात्रै यहाँ राख्न चाहान्छु । माननीय सभामुख महोदय, नीति तथा कार्यक्रमलाई कति पछ्याइएको छ भन्ने कुरा एकचोटी फेरि सामाजिक मन्त्रालयले रिभियू गरोस् भन्ने म चाहान्छु । नीति तथा कार्यक्रममा थुप्रै राखिएको छ । पहिलो कुरा त भौतिक पूर्वाधारको कुरा हिजो नै यहाँ व्यक्त भैसक्या छ । हामीले कति सीमाभित्र रहेर भौतिक पूर्वाधारका कामहरू गर्ने भनेर नीतिले बोल्या छ त्यलाई म दोऱ्याउँन चाहान्न । विश्वविद्यालयको स्थापना, मेडिकल कलेजको संचालन एक जिल्ला एक प्राविधिक कलेजको स्थापना लगायतका क्षेत्रमा खास कार्यान्वयन गर्ने गरी बजेट देखिदैन र त्यसतिर औपचारिक रूपले छैन । सभामुख महोदय, म खासगरी सामाजिक विकास मन्त्रालयको धेरैजसो कार्यक्रम पोषणयुक्त कार्यक्रममा व्यक्त भैराखेको छ । मैले यलाई पोषणयुक्त भन्न चाहान्छु । म यहाँ पढेर सुनाउन चाहान्छु खासगरी केही कार्यक्रमहरू कस्ता छन् भने विशिष्ठ व्यक्तिहरूको सकारात्मक सोच रुपान्तरण कार्यशालाको लागि रु. २० लाख प्राविधिक रंगशालाको अध्ययन अनुसन्धानको लागि रु. २५ लाख, आर्युवेद औषधी उद्योग स्थापनाका लागि अध्ययन, बहस, पैरवी तथा सहजीकरण रु. ५० लाख, श्रम, सीप तथा रोजगार सम्बन्धी कार्यशालाको लागि रु. ३० लाख, विद्यालय सुशासनका लागि अभिमुखीकरण रु. ५० लाख, पूजापाठ यज्ञ जय, यज्ञ जप तथा अन्य कार्यक्रमको लागि १० लाख । अरु झण्डा पूजाको कुरा मैले दोऱ्याइन । यस्ता कार्यक्रमहरू मलाई लाग्छ पोषणयुक्त कार्यक्रम हुन् । यो पोषणयुक्त कार्यक्रम मैले सरसर्ती हेर्दा केही पुर्न केरे पुनर्विचार गर्नुपर्ने केही परिमार्जन गर्नुपर्ने छन् । कार्यक्रम झण्डै ३ सय ३६ वटा कार्यक्रम मैले भेटें । ३ सय ३६ वटामा ३५ करोड ७२ लाख ८७ हजार रकम यस्तै कार्यक्रममा खर्च हुँदोरैछ र यसो भयो भने हाम्रो कर्णाली प्रदेश हामीले सोचेको द्रुतगतिमा अगाडि बढ्छ त्यसको लागि म सरकारलाई धन्यवाद, मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु । सभामुख महोदय, ३५ करोडले हामीले ठूलो रोजगारी सिर्जना गर्ने उद्योग खोल्न सक्छौं । हामीले ठूला कामहरू गर्न सक्छौं । लगानीलाई एक ठाउँमा केन्द्रित गऱ्यौं भने हामीले ठूला-ठूला आय-आर्जनका कामहरू सिर्जना गर्न सक्छौं यसतर्फ सरकारको ध्यान जाओस् । पोषणयुक्त कार्यक्रमहरूलाई

निरुत्साहित गरेर आयआर्जन र उत्पादनमुखी काममा जोड गरियोस् भन्ने म यहाँ चाहन्छु । ठूलो उद्योग खासगरी मैले यलाई दोहोरो शीर्षक कतिपय ठाउँमा दोहोरो शीर्षकहरू छन् अगाडि माननीय विन्दमानजीले संकेत गऱ्या कुराहरू मैले त्यलाई पनि थप्दै मैले के यहाँ देख् देख्छु भने अगाडि एउटा त्यही शीर्षक राखिएको छ र पछाडि पनि आएर फेरि त्यही शीर्षक राखेर त्यस्तै-त्यस्तै प्रकृतिका कार्यक्रमहरूमा राखिएको छ । म उदाहरण मात्रै यहाँ पेश गर्न चाहान्छु । मानव संसाधन विकास केन्द्रको स्थापनाको लागि रु. ५० लाख छुट्टाइएको छ । यो ६० नं. बुदामा छ १२५ मा फेरि यस्तै प्रकृतिको ह्यूमन रिसोर्स डेभलभमेन्ट योजना निर्माण भनेर ५० लाख राखिएको छ । एउटा अंग्रेजीमा छ, एउटा नेपालीमा छ । उही प्रकृतिको कार्यक्रम छ १ करोड यहाँ व्यक्त भैराख्याछ । सञ्चार, पत्रिका, मिडिया सहकारी सूचना विज्ञापन, संदेश प्रसारण तथा संचारकर्मीको अन्तरक्रिया भनेर २४ लाख छ । मन्त्रालय र सह सञ्चारकर्मीको अन्तरसंवाद भनेर अर्को शीर्षकमा फेरि १५ लाख छ । यो एउटै शीर्षक होइन र सभामुख महोदय ? योजनामा शक्तिको दुरूपयोग भन्दिन म सदुपयोग भएको छ । यलाई शक्तिको दुरूपयोग भन्छन् साथी भन्छन् कतिपय साथीहरू, म चाहिँ त्यलाई सदुपयोग भन्न चाहन्छु । शैक्षिक संस्थाको भवन निर्माणमा ७० वटा भयो । माननीय मन्त्रीज्यूले हामीलाई २ वटा सम्म सिफारिस गर्नु भन्नुभाथ्यो हामीले इमान्दारीतापूर्वक नै २ वटा सिफारिस गऱ्यौं, प्रति निर्वाचन क्षेत्र । रुकुममा ४ वटा परेको छ, यसको निम्ति म मन्त्रीज्यूलाई धन्यवाद दिन चाहान्छु । तर यहाँ नाम लुकाएर, जिल्ला लुकाएर, आफ्नो जिल्लामा मात्रै ११ वटा पुऱ्याउनु भएको छ । यो तीन गुना करिब-करिब ४ तियाँ १२ एउटले एक एउटा म फिर्ता गर्न चाहान्छु र तपाईको जिल्लामा हाम्रो जिल्लामा ३ कायम गरेर तपाईको जिल्लामा अर्को एक थपेर तीनगुना पुऱ्याइयोस् । मैले यलाई के भन्न खोजिराख्या छु भने यस्तै प्रकृतिको अर्को ठाउँ छ । राजधानी र विद्यालय खासगरी विद्यालयका राजधानीमै केन्द्रित विद्यालयलाई एकै ठाउँ राखेको भए भैहाल्थ्यो नि त त्यस्तो प्लस २ गरेर अर्को ठाउँमा राखिएको छ, त्यसमा मलाई भन्नु केही छैन । तर कतिपय आफैले खोलेको कुरा नमूना विद्यालय राखिएका ठाउँमा पनि कार्यक्रम बजेट पो यहाँ राखिएको छ । केन्द्रिय संघीय सरकारले नमूना विद्यालय तोकेका ठाउँमा पनि यहाँ राखिएको छ । अर्को यस्तै प्रकृतिको अंक मैले यहाँ देख्दाखेरि कस्तो स्थिति छ भने अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन भनेर एउटा शीर्षक छ त्यो मलाई लाग्छ एउटै प्रकृतिको सबैलाई बनाउन खोजिएको शीर्षक पनि सबै १० वटै जिल्लामा सेम शीर्षक छ । तर अंक के छ भन्दाखेरि जहाँ अंक बढी हुनुपर्थ्यो त्यहाँ कम छ, जहाँ बढी हुनुपर्थ्यो त्यहाँ अहीँ केरे जहाँ बढी हुनुपर्थ्यो त्यहाँ कम छ जहाँ अंक कम हुनुपर्थ्यो त्यो बढी छ जस्तो लाग्यो मलाई । तर कम भएको ठाउँमा मलाई भन्नु केही छैन । रुकुममा २७ लाख विनियोजन भएको छ । रुकुमभन्दा अलि कति सुगममा सल्यान छ त्यसमा ४४ लाख ८५ हजार विनियोजन छ । कालीकोटमा २७ लाख ४९ हजार छ । कालीकोटभन्दा दैलेख अलिकति सुगम छ ५० लाख विनियोजन छ । दैलेखमा ४९ लाख कति छ, ते केरे हुम् हुम्लामा त्यसप्रति मेरो कुनै कुरा छैन । केरे डोल्पामा विकट ठाउँहरूमा भएको कुरालाई मैले कुनै टिप्पणी गर्न चाहन्न किनभने विकट ठाउँहरूलाई प्राथमिकता दिनुपर्छ त्यसमा मेरो फरक कुरा छैन । माननीय सभामुख महोदय, बजेट अंकमा पनि यहाँ गल्ती छ विशेष शिक्षा कार्यक्रम अन्तर्गत १० वटा यहाँ तोकिएको छ । त्यसको २५ लाखको हिसाबले कार्यक्रम विनियोजन छ तर १० वटाको यहाँ अंक २ करोड ५० लाख हुनुपर्नेमा भएको के छ भने २ करोड मात्र विनियोजन भएको छ, अंकमा यतापट्टि २ करोड लेखिएको छ हुनुपर्ने २ करोड ५० लाख हो अलिकति क्यालकुलेटर त्यहाँ पुगेन कि शैक्षिक संस्थाहरूको भवन निर्माण ७० वटा, २० लाखको हिसाबले हुनुपर्ने १ लाख केरे १ करो... १ अरब ४० करोड हुनुपर्नेमा १ अरब ३० करोड मात्र यहाँ विनियोजन छ, शीर्षकमा पनि हेर्दाखेरि । यस्तो खालको अवस्था यस्ता खालका कमजोरीहरू यहाँ देखिन्छन् । सभामुख

महोदय, मैले धेरै कुरा राख्दैन हामीले बोलेका कुराहरूलाई गम्भीरतापूर्वक लिइएन भने सरकारको गति कहाँ पुग्ने होला ? हामीले चाहन्छौं गति तीव्र होस् । यो त निरन्तरताको लागि मात्रै कर्मकाण्डी प्रकृया अगाडि बढ्यो भने यसले कर्णाली प्रदेशको विकास समूउन्नति, समृद्धि हासिल हुँदैन । धन्यवाद।

**माननीय उपसभामुखः** माननीय श्री राजु नेपाली । समय ७ मिनेट । त्यसपछि माननीय श्री श्री पद्मा खड्का तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, सामाजिक विकास मन्त्रालयको आ.व. ०७६/०७७ को बजेट माथि छलफल गर्दैगर्दा यहाँ आफूलाई पनि केही कुराहरू राख्न उपयुक्त ठानेकोले म यहाँ केही आफ्ना सुझावहरू राख्न चाहान्छु सबैभन्दा किताब आएको छ । किताबमा धेरै कुराहरू लेखिएका छन्, हुन सक्छ हतारहतार पनि थियो । त्यहाँ रातविरात अहोरात्र खटेर त्यो किताब आएको छ किताब आएकोमा हार्दिक धन्यवाद दिन चाहान्छु । हामी सदैव सबै जिल्लाहरूमा न्यायोचित वितरण गर्ने भनेर छलफलमा भाग लिंदा त्यसरी नै बोलेका हुन्छौं तर जिल्लावाइज भनेर यहाँ धेरै प्राविधिक प्राविधिक केरे प्राविधिक स्वास्थ्य कार्यक्रमहरू भनिएको छ प्राविधिक आर्युवेदिकको हस्पिटलका लागि जिल्लावाइज बोलिएको छ । प्रदेशलाई नबोलिकन जिल्लातिर जान कतिको उपयुक्त हुन्छ सायद त्यहाँ लेखिएकै पनि छैन । प्रदेश आर्युवेदिक हस्पिटलको कतै नामनिशाना मैले देख्दिन । त्यसको लागि पनि सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहान्छु म यहाँ स्वास्थ्यकै कुरा गर्दा हामीले पटक-पटक बोल्ने पनि गरेका थियौं । हामीलाई कर्णाली प्रदेश सरकारले यहाँका दलित, निमुखा गरिबलाई स्वास्थ्य बिमाको व्यवस्था गरिनुपर्छ भनेर बोली राखेका थियौं तर त्यो देखिएन किनभने यहाँ त्यो भन्दा महत्वपूर्ण के देखियो भने साहासी खेल नभनम खेलाडी नै भन्नु पर्‍यो । जब खानै पाउँदैन जब दिनभरि पसिना बगाउन जान्छ त्यो समुदाय । त्यसको लागि हो कि यो हुनेखाने र यो सामान्तै वर्गहरूको लागि हो कि यस्ता कार्यक्रमलाई पनि मध्यनजर गरिनु पर्छ । पहिला त खानाकै व्यवस्था गर्ने समुदायको लागि यहाँहरूले बोलिनुपर्ने थियो । यो नबोलेको देखिन्छ । र यो हामीले धेरै तालिम र गोष्ठीमा छुट्टाएको जस्तो देखिन्छ तर तालिम, गोष्ठीमा घटाइनुपर्छ । यहाँ स्वास्थ्यमा मैले यतिनै भन्न चाहे । स्कुलहरूतिर गएँ म शिक्षातिर यहाँ के भनिएको छ भने मदरसा भवन निर्माण सुर्खेत, सल्यान ५० लाख त्यो ठीकै छ । फेरि अर्को दुईमा पनि भनिएको छ मदरसा मा.वि. बेलघारी २० लाख, फेरि भनिएको छ आधारभूत मदरसा वि.न.पा ६ ठिकै छ । अझ फेरि मदरसा भवन निर्माण सल्यान २० लाख । माथि पनि सल्यान छ, तल पनि सल्यान छ यो भन्न खोजेको के हो ? माननीयज्यूहरू दुइटाको अंशबण्डा भएको हो कि ? सायद दुइटा छ र हो कि मैले सुन्दा त एउटै छ जस्तो लाग्छ त्यहाँ । फेरि सुर्खेतलाई किन जोडिएको होला ? सुर्खेतमा दुई दुइटा मदरसा त छुटिएकै छ । लेख्ने बेलामा केही त्यस्तो हुन भएको भए पनि सायद हुन सक्छ ५० मा २५ फेरि थप्दिनुपर्ला सुर्खेतलाई । यहाँहरूलाई धन्यवादै दिन्छु फेरि । हामी सबै, सबै कुरा अरु हुँदा एउटा खेलकुद मैदान पनि त्यहाँ छ भलिबल खेल्ने बेलामा यहाँहरू प्रमुख अतिथि भएर त्यो रंगशालामा जानुभएको थियो कबड हलनिर त्यसको त्यो वरिपरिको वाल भत्किएर लथालिङ्ग-भताभिङ्ग भएको छ यति मोटो यति ठूलो ढड्डा दिंदा पनि पेश गर्दा पनि त्यो एउटा बालमन्दिरको नाम कहिँकतै देखिन मैले । बालमन्दिर स्कुल ५ कक्षासम्म पढाउँछन् त्यहाँ त्यसको अवस्था अहिले पनि लथालिङ्ग-भताभिङ्ग छ । यदि मैले पढ्न कहिँ नपाएको भए फेरि मैले पनि सच्याउनुपर्छ हैन भनि त्यो मुटुनिरै छ । त्यतिबेला पटक-पटक मैले ध्यान दिएकै हो मन्त्रीज्यूलाई । त्यो बालमन्दिर प्राथमिकलाई पनि यहाँ समेटियोस् त्यो वाल भत्किएको छ सारा भौतिक संरचनाहरू ध्वस्त भएका छन् त्यसलाई पनि ध्यान दिइयोस् । के त्यो बालबालिका हैनन्, त्यहाँ तिनी पनि यही नागरिककै यहीँकै नागरिक हुन् त्यसलाई पनि राखिनु पर्छ । यहाँसम्म आउँदै आउँदै गर्दा भन्दै जाँदा सबै कुरा आउँछ । यो धेरै वर्ष अगाडिदेखि दलितका बच्चाहरूले जन्मेपछि २००

पाउँछन् पोषण भनेर त्यो सधैंभरि  त्यो दुई दुई सयले पोषण बच्चा दिएर त्यो बच्चाहरूको कस्तो पोषण, भरणपोषण भए होला ? अलिकति ध्यान दिएर त्यलाई प्रदेश सरकारले ५०० महिनामा दिने गरे पनि त हुन्थ्यो होला । हामी त्यतातिर पनि ध्यान दिन जरुरी छ जस्तो लाग्छ मलाई । हामी कार्यक्रम ल्याउँदै गर्छौं, हिन्दै गर्छौं, पाइला मेटिदै गर्छ भनेको जस्तै यहाँ देखिएको छ । सभामुख महोदय, हामीले गर्न खोजेको समृद्धि हो कि र व्यक्तिगत प्रबर्द्धन गर्न खोजेको हो । यसलाई पनि मध्यनजर गरी त्यहि केही यहाँ संशोधन गर्नुपर्ने बुँदासहित संशोधन गरेर मन्त्रीज्यूहरूले यो कार्यक्रम कार्यान्वयन गर्नुहुनेछ सभामुखमार्फत् म मन् मन्त्रालयको ध्यानाकर्षण गराउन चाहान्छु । हवस् त धन्यवाद ।

**माननीय उपसभामुखः** माननीय पद्मा खड्का । समय ७ मिनेट । त्यसपछि माननीय कृष्णा शाह (आचार्य) तयारी अवस्थामा रहनुहोला ।

**माननीय पद्मा खड्काः** सभामुख महोदय, कर्णाली प्रदेश सभाको चौथो अधिवेशनको सोह्रौं बैठकमा आ.व. २०७६/०७७ को वार्षिक बजेटमाथि विषयगत मन्त्रालयको छलफलमा जुन अहले हामी सामाजिक विकास मन्त्रालयको छलफलमा मैले यहाँ भाग लिन पुगिरहेको छु र सर्वप्रथम मैले भाग लिइरहँदा संघीयताको पहिलो अभ्यास, बामे सर्दै गरेको कर्णाली प्रदेश र प्रदेशको न्यून आयश्रोत र संघीय सरकारबाट पाउने वार्षिक राजश्व बाँडफाँड विशेष अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विभिन्न अनुदानबाट प्राप्त यो हाम्रो प्रदेशको एउटा ढुकुटी हो । यो ढुकुटी कर्णालीको एउटा डुङ्गा हो । यो डुङ्गा एउटा शरीर हो र माझी एउटा विवेक हो, हात एउटा दाविलो हो, नदी एउटा भवसागर हो र कोही तर्छन् कोही तर्दैनन् । यस्तो यस्तै प्रकारले हाम्रो कर्णाली प्रदेशको ढुकुटीलाई मन्त्रालयगत बजेटमा जसरी वितरण गरेर आइएको छ । यो एउटा आफ्नो प्रदेश कर्णाली प्रदेशले जुन बजेट वक्तव्यलाई समेटेर नीति तथा कार्यक्रमलाई कति समेटेर बजेटमा मन्त्रालयगत बजेटमा कार्यक्रमहरू आएको छ भन्ने कुरा हामीले तीनवटा मन्त्रालयका बजेट पुस्तिकाहरू कार्यक्रमहरू हेर्दा हामीले छर्लङ्ग रूपमा देखिरहेका छौं र एउटा ६३ पेज र ७८७ सि.नं.मा व्यवस्थित गरेर जुन ल्याइएको सामाजिक मन्त्रालयको जो बजेट छ । त्यो बजेटले पर्वतीय विज्ञान, प्रविधि पर्वतीय विज्ञान विश्वविद्यालय र निर्वाचन क्षेत्रमा नमूना विद्यालयहरू ७९ तहमा एक स्थानीय तह एक नमुना विद्यालय र त्यसैगरी खेल मैदान र प्रादेशिक खेल मैदान, नमूना बालविकास केन्द्र प्रदेश अस्पताल, जिल्ला अस्पताल, आर्युवेदिक जिल्ला अस्पताल जस्ता महत्वपूर्ण जुन कार्यक्रमहरू ल्याइएको छ । यो कर्णाली प्रदेशका लागि असाध्यै राम्रो र एउटा निर्वाचन क्षेत्रसँग स सम समावेशी हिसाबले बजेटले वर्गीकरण गरेर ल्याइएको एउटा यो महत्वपूर्ण कार्यक्रम छ । यसका लागि म सामाजिक विकास मन्त्रालयलाई हार्दिक धन्यवाद दिन चाहान्छु र यो कार्यक्रम कार्यान्वयनमा जाँदा कार्यान्वयनले ल्याउने प्रभावकारी परिणामको लागि पनि एकदमै महत्वपूर्णका साथ कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय लाग्नेछ भन्ने कुरा म अपेक्षा व्यक्त गर्न चाहान्छु । यसैगरी मैले धेरै महत्वपूर्ण कार्यक्रमहरू यहाँ पूर्ववक्ता माननीयज्यूहरूले भनिसक्नु भएको छ । म त्यसलाई दोऱ्याउन चाहँदैन र बजेट किताबको १३३ सि. नं. मा स्वास्थ्य स्वयंसेविका र बाल शिक्षा सहजकर्ताहरूलाई योगदानमा कदर गर्दै प्रोत्साहनस्वरूप वार्षिक १० हजार रुपैयाँ दिने भनेर हाम्रो बजेट वक्तव्यले बोलेको छ । आज ती १७ लाख कर्णालीबासी जनताहरूले हाम्रो बजेटमा बोलेको कुराहरू सबैले थाहा पाएका छन् । त्यसमा पनि २७ सय बाल विकास केन्द्रका शिक्षिकाहरूले कर्णाली प्रदेश सरकारले हामीलाई थोरै भए पनि एउटा पुरस्कारस्वरूप सम्मान गऱ्यो भन्ने कुरा एउटा खालको मनोविज्ञान बुझिरहेको अवस्थामा आज त्यो बजेट बक्तव्यको बुँदालाई हामीले सामाजिक विकास मन्त्रालयको जुन कार्यक्रमको पुस्तिका कार्यक्रमसहित बजेटको पुस्तिकामा हेर्दा कुनै शीर्षकमा मैले भेटाउन सकिन । स्वयंसेविकाको मात्र भेटाउन सके त्यो बालविकास केन्द्रका

शिक्षिकाहरूको त्यो कार्यक्रम छुट्न गएको छ । यसका लागि म सम्बन्धित मन्त्रालय, सामाजिक मन्त्रालय र मन्त्रालयलाई म यो पुनः सामावेश गरियोस् भनेर म ध्यानाकर्षण गर्न चाहान्छु । भनिन्छ आज राष्ट्र बलियो बालविकास केन्द्रले, घर बलियो हामी जगले भन्ने जुन नारा छ । कति त्यो नारा, नारामा मात्रै सीमित भैरहेको हामीले झझल्को पाइरहेका छौं । आज प्रावि स्तरका सामुदायक विद्यालयका जुन अवस्था छ । त्यो अवस्था हामी प्रावि स्तरमा हेर्न सक्ने होइन भने आज तिनै बालविकास केन्द्रका ती साना बालबालिकाहरू जसको ९० प्रतिशत विकास ५ वर्षमुनि भैसक्ने भएका कारणले आज राज्यले आज यो कर्णाली प्रदेशले पनि ती साना बालबालिकाको लागि लगानी गर्नै पर्छ । भोलिका कर्णालीका जनशक्ति भनेका तिनै हुन् तिनै जनशक्तिलाई हामी आज लगानी गर्न कहींकतै कन्जुस्याइँ नमानिकन हामी कार्यक्रम र बजेटमा ल्याउनु हुन म हार्दिक अनुरोध गर्छु र ध्यानाकर्षण गर्न चाहान्छु र यसैगरी बजेटको सि.नं.११९ मा भनिएको छ । त्यो अघि पनि आइसकेको छ, मैले पनि राख्न चाहिरहेको छु । मन्त्रालयभित्रको बगैंचा संरक्षण, सम्बर्द्धन र व्यवस्थापन झण्डा पूजापाठ हामी कतातिर गैरहेका छौं । कर्णालीको सरकारले के गरिरहेका हौं । आज कर्णालीबासीले हेरिरहेका छन् । हामीले साना तिनो एउटा कार्यक्रमलाई यति ठूलो बजेटको भोलुम छुट्टाउन आवश्यक छैन । आज पनि तिनी कर्णालीका स्वास्थ्य स्वयंसेविकाहरू स्वास्थ्यचौकीहरू जहाँ सामुदायिक विद्यालयहरू यी १० लाख दिंदा पनि ठूलो राहात महशुस गर्ने ठूलो कर्णाली प्रदेशको सरकार हाम्रो पक्षमा छ भन्ने एउटा हौसला मिल्ने बेला हामीले यस्ता कार्यक्रमलाई अलि महत्वका साथ ध्यान दिनुपर्ने थियो भन्ने आफ्नो भनाइ राख्न चाहान्छु । यसै गरी बजेटको सिनं. १५२ मा पूजापाठ यज्ञ जप तथा अन्य कार्यक्रम भन्ने पनि छ । पूजापाठ यज्ञ हाम्रो सामाजिक मन्त्रालयले यो कार्यक्रम पनि ल्याइएको छ । हुन त संस्कृतिक पर्यटकीय एउटा सांस्कृतिक मन्त्रालय पनि त्योभित्र पर्छ तर हामी अहिलै सुबिधा सम्पन्न कर्णालीबासी भइसकेका छैनौं । अहिले हामीले धेरै काम गर्न छ । हामी बामे सर्दैछौं कर्णाली प्रदेश । कर्णाली प्रदेशले शुरुवात गर्दैछौं । हामी सुबिधा सम्पन्नशाली भैसकेका छैनौं । त्यसकारणले फजुल खर्च र परिणाम नदेखिने कार्यक्रमलाई हामीले किन बजेट केन्द्रित गरिरहेका छौं । यो मेरो सुझावदहो । यो मेरो तपाईहरूलाई ध्यानाकर्षण पनि हो यस्ता बजेटका शीर्षकहरूलाई मिल्छ भने तपाईहरूले सच्याएर परिणाममुखी कार्यक्रममा सार्नका लागि पनि मैले हार्दिक अनुरोध गर्न चाहान्छु । र यसैगरी बजेटको शीर्षकको १७६ नं. बुँदा १७७ बुँदामा भनिएको छ, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, नगरपालिका, गाउँपालिकामा भएका शिक्षा अधिकृतका लागि कार्यक्रम अभिमुखीकरण गोष्ठीमा २२ लाख, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख नगरपालिका, गाउँपालिकामा रहेका शिक्षा अधिकृतका लागि कार्यक्रम समीक्षा गोष्ठी २२ लाख । एउटै शीर्षक २२ लाख, २२ लाख किन दोऱ्याइरहनु भएको छ ? कसले देख्न सक्दैन यहाँ, कसले हेर्न सक्दैन यहाँ, किन यति मिस्टेक गरिरहेका छौं हामीले किन घुमाइरहेका छौं ? यी बजेटहरू हामी कतातिर केन्द्रित गरिरहेका छौं ? हामीले भनिरहेका छौं, कर्णाली प्रदेशलाई बनाउने, कर्णाली प्रदेशका जनतालाई समृद्धिको बाटोमा अगाडि बढाउने, कर्णाली प्रदेशका जनतालाई सुखारी जनता बनाउने भनिरहेका छौं । अनि कर्णाली प्रदेशको अहिले अहिलेको आवश्यकता भनेको हार्डवयरमा लगानी गर्नुपर्छ हामीले भनिरहँदा । अनि हाम्रा मन्त्रालयका कार्यक्रम फेरि सफ्टवयरतिर केन्द्रित भइरहेको देखिन्छ यहाँ । दुइटा मन्त्रालयको कार्यक्रम हेर्दा पनि त्यस्तै देखिन्छ र अहिले हामीले सामाजिक मन्त्रालयको हेर्दा पनि पुनः फेरि सफ्टवयरतिर बढी ध्यानकेन्द्रित भएको देखिन्छ । सकेसम्म हाम्रो सुझाव हाम्रो सल्लाह सकिन्छ भने यस्ता खालका विभिन्न दोरिएका शीर्षकहरूलाई फेरिएका शीर्षकहरूलाई एउटै शीर्षकलाई तीनचार ठाउँमा लेखेर जसरी बजेटलाई वर्गीकरण गरिएको छ । यस्ता बजेटहरूलाई हामीले केन्द्रित गरी परिणाम आउनेखालका कार्यक्रममा राखिदिनका लागि म हार्दिक अनुरोध गर्दछु, अपेक्षा पनि राख्दछु । सभामुख महोदय, हामीले नीति कार्यक्रममा यही

गरिमामय सदनबाट सर्वसम्मत रूपमा हामीले पारित गरिरहँदा कर्णाली प्रदेशका जनताले सुनिरहेका छन् । थाहा पाएका छन्, बुझेका छन् १ करोडभन्दा तलका योजना हामीले गर्दैनौं भनेर नीति तथा कार्यक्रममा तोकिरहेका छौं तर हामीले त्यतिखेर पनि कुन कार्यक्रममा गर्ने हो पूर्वाधारमा, सडक सञ्जालमा हामीले १ करोडभन्दा माथि गर्ने अन्य सामाजिक सुरक्षा अन्य उत्पादनका शीर्षकहरूमा विभिन्न शीर्षकहरूमा हामीले छुट्टाउन पर्थ्यो । जस्तो मलाई महशुस भाको छ र हामीले पास गरिरहेको नीति कार्यक्रम र अहिले ल्याइरहेका कार्यक्रमका बजेटहरूले मेल नखाँदा कता-कता हामी सबै हामीले पास गरिरहेको हामीले हिंडिरहेको बाटोलाई फेरि विस्तारै-विस्तारै मेट्दै अगाडि बढिरहेको एउटा खालको अनुभूति भको छ । यसलाई पनि हामीले बेलैमा समयमा हामीले विचार गर्नुपर्थ्यो भन्ने मलाई लाग्दछ र अन्तमा मैले सभामुखमार्फत् जति पनि यहाँ हामीले तीनवटा मन्त्रालयका कार्यक्रममाथि आज बजेटमाथि छलफल गरिरहँदा आज पनि हामी कर्णालीबासीलाई कार्यक्रम ल्याइन्छ बजेट आउँछ । तर कार्यान्वयनमा ठूलो समस्या र चुनौति छ । त्यो कार्यान्वयनको कसरी अगाडि हामीले चाहिँ प्रभावकारी कार्यान्वयन गर्न सक्छौं ? त्यसको एकदमै छिटोभन्दा छिटोछरितो मेकानिजम के हो ? भन्ने कुरा पनि बजेटसँगसँगै कार्यान्वयनमा मन्त्रालयगतका मन्त्रालयगत बजेटमा त्यो संरचनालाई हामीले व्यवस्थित गराएर अगाडि बढाउन सकिम भने हामीले ल्याइरहेका योजना समयमा सम्पन्न हुने समयमा कार्यान्वयन हुने र तल पाउनुपर्ने वर्गसँग पुग्ने वर्गसँग मेल खाने हुन्छ । त्यसकारणले पनि मैले पुनः सामाजिक विकास मन्त्रालयलाई केही आफ्ना सुझाव राख्दै सकारात्मक पक्षलाई हार्दिकताका साथ समर्थन गर्दै विदा हुन्छु । धन्यवाद ।।

**माननीय उपसभामुखः** माननीय श्री कृष्णा शाह (आचार्य) समय ७ मिनेट । त्यसपछि माननीय श्री करवीर शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री कृष्ण शाह (आचार्य)ः-** सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७६/०७७ को कार्यक्रम बजेट कार्यक्रम सामाजिक विकास मन्त्रालय अन्त सामाजिक विकास मन्त्रालय अन्तर्गतको छलफलमा हामी अगाडि बढी राखेका छौं । हाम्रा छलफलको विषय वस्तु एकदमै पेचिलो बनिराखेको छ । यो हामीलाई अनुभूति भैराखेको छ । पेचिलो किन बनिराखेको छ भने हाम्रो कर्णाली प्रदेशको मुहार हामीले फेर्न सक्छौं कि सक्दैनौं । कसरी फेर्न सक्छौं ? हाम्रो योजनाहरू के-कस्ता बनिराखेका छन् । यी कर्णालीको धरातलमा उभिएर, कर्णालीको वेशमा उभिएर, कर्णालीको कर्णालीबासीका आवाजहरूसँग समेटिएर सामाजिक विकास मन्त्रालयका कार्यक्रम आए कि आएनन् भन्ने कुरामा हाम्रो छलफलको विषय अगाडि बढिराखेको छ । हामी सबैको चिन्ता एउटै ठाउँमा केन्द्रित छ, हामीले साँच्चिकै कर्णालीलाई, कर्णालीको गरिबीको परिचयलाई हामी बदल्न सक्छौं कि सक्दैनौं ? सक्छौं भने हामी कसरी सक्छौं ? भन्ने कुरामा हामी सबैको चिन्ता, सबैको चिन्तनमनन्, त्यतैतिर केन्द्रित भैराखेको छ । यो सकारात्मक पक्ष हो । छलफल बहसले नै निष्कर्षमा हामीलाई अगाडि बढाउन हामी त्यो निष्कर्षमा पुग्नेछौं । र हाम्रा केही भएका कमिकमजोरी र बजेट तथा कार्यक्रममा आएका समेटिन नसकेका विषयवस्तुहरू, छुटेका विषयवस्तुहरू अन्ततः समेटिने छन् र हाम्रो सामाजिक विकास मन्त्रालयका बजेट नीति कार्यक्रमले पूर्णता पाउनेछ । हामी त्यसरी त्यसरी अगाडि बढ्नेछौं र निश्चित रूपमा पनि सभामुख महोदय, हाम्रो यो कर्णालीको बहुआयामिक गरिबीलाई बदल्ने जिम्मा हामी सबैको काँधमा छ । सरकारको मन्त्रीज्यूहरूको हामी सांसदहरूको प्रतिपक्ष दलको सबैको काँधमा ऐतिहासिक अभिभारा आइपरेको छ यो अभिभारा पूरा गर्नको लागि हामी सबै आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर लागिराखेका छौं । आज सायद यो छलफलको यो छलफलले हित पैदा गर्नुको कारण पनि सायद त्यसैमा जोडिएको छ । सभामुख महोदय, सामाजिक

मन्त्रालय आफैमा एउटा विशेषता बोकेको मन्त्रालय छ । यो कर्णाली प्रदेशको आधा हिस्सा ओगटेको मन्त्रालय छ । यसमा हामी आज गम्भीरतापूर्वक छलफल गरिराखेका छौं । सामाजिक मन्त्रालयको विकास, विकासे बजेटतिर हेर्दाखेरि हामीले सरसर्ती हेर्दाखेरि हामीसँग जुन फर्मेट माग्नुभएको थियो मन्त्रीज्यूले । ती सबै कार्यक्रमहरू परेका छन् । मलाई लाग्छ मैले भन्नै पर्छ यो रोष्टमबाट सामाजिक मन्त्रीज्यूका निर्वाचन क्षेत्रबाहेक सबै जिल्लाहरूमा सबै क्षेत्रमा सबै पालिकामा विकासे बजेटको हिसाबले सन्तुलित कायम भएको छ । सन्तुलन भएको छ तर यो समानुपातिक छैन । समानुपातिकको अर्थ यो होइन हामीले दामासाहीले ढंगले बाँडेका छौं । समानुपातिकको अर्थ मर्म यो होइन तर अहिलेलाई हामीले यलाई सुधारात्मक अर्थात अग्रगामी बजेट नै मान्नुपर्छ । विगतको तुलनामा र हामीले चालुतिर हेर्दाखेरि धेरै पूर्ववक्ता माननीयज्यूहरूले पनि भनिसक्नु भयो । हामीले सबैले यो बजेट वक्तव्य आएदेखि नै हामीले एउटै कुरा उठाउँदै आएको एकरूपतामा एउटै आवाज, एउटै स्वरमा उठाउँदै आएको के हो भने हाम्रो कर्णाली प्रदेशको रूपरंग फेर्ने हो भने हामीले चालुतर्फ तर्फको बजेट घटाउनु पर्छ, पूँजीगततिर बढाउनु पर्छ भनेर हामीले भन्दै आएको एउटै आवाजमा एउटै स्वरमा एकरूपतामा हामीले भन्दै आएको तर विडम्बना हिजो दुई वटा मन्त्रालयको पनि हामीले यहाँ पढ्यौं छलफल गर्‍यौं र आज विका सामाजिक विकास मन्त्रालयको हालत पनि हेर्‍यौं भने पूँजीगततिर धेरै न्यून बजेट छ, चालुतिर धेरै छ । यो तरिकाले सायद हामी कर्णालीको मुहार फेर्न सक्दैनौं । कर्णालीबासीको हामीले भावना हामीले समेट्न सक्दैनौं, कर्णालीबासीका प्रमुख आवश्यकताहरूलाई हामीले कार्यान्वयन गर्न सक्दैनौं । त्यसैले अझैं पनि केही बिर्गेको छैन, अझैं समय छ हामीसँग पर्याप्त यदि हामी सक्छौं भने सरकारले सक्छ भने सामाजिक मन्त्रीज्यूले सक्नुहुन्छ भने सामाजिक केरे चालु बजेटलाई घटाएर पूँजीतिर हामीले बढाऔं । हाम्रा कयौं विद्यालयहरू आज चुहिराखेका छन् । म सँगै कति फाइलहरू आज मसँग आइराखेका छन् । त्यसैगरी मन्त्रीज्यूको टेबुलमा पनि त्यसरी थन्किएका होलान् । हाम्रा दुरदराजका बस्तीहरूमा कर्णालीका दुरदराजका बस्तीहरूमा जाजरकोटलाई लगायत साविकका कर्णालीको दुरदराजका बस्तीहरूका हाम्रा आमा दिदीबहिनीहरू असुरक्षित तरिकाले प्रस्तुती हुने स्थिति बनिराखेको छ । हामीले यो चालु बजेटतिर यत्रो बजेट छुट्टाउनुभन्दा हाम्रा स्कुलहरू बनाइदिएको भए स्कुलमा पूँजी बढाएको भए हाम्रा बर्थिङ्ग सेन्टरहरूलाई व्यवस्थित गर्नतिर गएको भए धेरै राम्रो हुने थियो तर यो हुन सकेन किन हुन सकेन हामीले यलाई गम्भीरतापूर्वक समीक्षा गर्नुपर्छ मैले सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । र अहँ यति भन्दै गर्दाखेरि फेरि समग्रमा बजेटले यो सबै असफल छ त त्यो पनि होइन । हामीले विगतलाई हेर्दाखेरि यो अग्रगामी छ । चालुतिर हामीले हेर्दाखेरि समग्र रूपले विरोध पनि होइन, चालुतिर पनि हामीले बजेट छुट्टाउनै पर्छ । सामाजिक क्षेत्रका पनि संवेदनशील कार्यक्रम हुन्छन्, त्यहाँ पनि हामीले छुट्टाउनै पर्छ । स्वास्थ्य क्षेत्रमा पनि हामीले छुट्टाउनु पर्छ तर केही यस्ता कार्यक्रमहरू छन्, जुन अनावश्यक एउटै प्रकृतिका कार्यक्रमहरू धेरै शीर्षकमा धेरै रकममा छुटिएका छन् यसलाई अनिवार्य रूपमा कटौति गरिनुपर्छ भन्ने माग म यहाँ राख्न चाहान्छु । र सभामुख महोदय, हामीले भन्दै गरेको समृद्ध कर्णालीको सपना यदि हामीले पूरा गर्ने हो भने सबैले हामीले सकारात्मक सोच राखौं र त्यतातिर अगाडि बढौं अनि बल्ल हामीले उद्देश्य हासिल गर्न सक्छौं । उद्देश्य राख्दाराख्दै पनि हाम्रा तौरतरिका मिलेनन्, हाम्रो बाटो ठीक भएन, हामीले त्यो यात्रा सही ढंगले समाउन सकेनौं यात्रा सही ढंगले हिँड्न सकेनौं भने हामी त्यो उद्देश्यमा पुग्न सक्दैनौं यो निश्चित कुरा हो । हामी सबैले यसलाई मनन् गर्नु पर्छ । त्यसैले गर्दाखेरि अब हामीले एउटै बुझाइ एकरूपताका साथ हामीले उद्देश्यमा पुग्ने हो भने हाम्रो तौरतरिका बदलिनु पर्छ । हाम्रो हाम्रो बाटो सही ढंगले तय हुनुपर्छ । बजेट त हिजोको सरकारले पनि वितरण गरेको थियो तर हामीले त्यही स्थिति त्यसैलाई निरन्तरता दिने हो भने हाम्रो संघीय सरकारको संघीय संरचनाको यो अर्थ रहँदैन । त्यसैले हामीले संघीय

संरचनाको संघीय सरकारको महत्वलाई अर्थलाई हामीले ध्यान दिदै हामीले त्यो मर्म अनुसार हाम्रा बजेट हाम्रा गतिविधि हाम्रा सोचाइ बुझाइ दृष्टिकोण हाम्रा तौरतरिका त्यतातिर केन्द्रित गर्न आवश्यक छ यो कुरा मैले जोडले राखे । र एउटा मैले सुझाव धेरै बुँदामा म जान चाहान्न अघि पनि धेरै भनिसक्नु भो सच्याउनु पर्ने, कटाउनु पर्ने हटाउनु पर्ने, थप्नुपर्ने धेरै विषयहरू यहाँ आइसकेका छन् म त्यता दोऱ्याउन चाहान्न । एउटै विषय मैले के राख्न चाहान्छु भने वैदेशिक रोजगारीमा जाने युवाहरूको लागि परामर्श केन्द्र परामर्श कार्यालयहरू जिल्ला स्तरमा संचालन गर्ने भन्ने छ यो सही छ र हामीले प्राविधिक स्तरमा पनि एउटा त्यस्तो ट्रेडिङ्ग सेन्टर खोलौं । जो हाम्रा युवाहरू विदेशमा गएर पनि स-सम्मानसाथ आफ्नो रोजगारी केरे केरे आफ्नो काम पाऊन् । जुन प्रमाणपत्रको आधारमा उनीहरूले आफ्नो दक्षता त्यहाँ देखाउन पाऊन् त्यो स्थितिको हामीले सिर्जना गर्नको लागि एउटा प्रादेशिक स्तरमा ट्रेडिङ्ग सेन्टर, सेन्टर खोल्नुपर्छ । हामीले त्यो प्रकारको प्रमाणपत्र हामीले वितरण गर्ने स्थिति हामीले त्यतातिर निर्माण गर्नुपर्छ भन्ने मैले कुरा राखें र सभामुख महोदय निश्चित रूपमा पनि विगतलाई हेर्दाखेरि हामी धेरै अगाडि बढेका छौं । हामीले सबै कुरा नेगेटिभ देख्नु हुँदैन । हामीले पोजेटिभ कुरालाई पोजेटिभ ढंगले विष्लेषण गर्नुपर्दछ र हामीले समस्याका कुराहरूलाई समस्यामा हामीले राख्नु पर्छ । समग्रमा हेर्दाखेरि बजेट अग्रगामी छ । विगतभन्दा हामी एक पाइला अगाडि अग्रगामी बनेका छौं अर्थात मन्त्रीज्यूहरू बढ्नु भको छ, सन्तुलित गर्न खोज्नुभको छ र यसले गर्दाखेरि जुन एक विगतको सन्दर्भमा एक पाइला हामी पछाडि हटेको भए हामी पश्चगामी हुन्थ्यौं । विगतकै सन्दर्भमा रहेको भए हामी यथास्थितिमा रहन्थ्यौं, त्यो नभएर हामी एक पाइला हाम्रो मन्त्रीज्यूहरूले एक पाइला अगाडि बढेर कार्यक्रम ल्याउनु भको छ । यसमा धेरै-धेरै धन्यवाद दिंदै हामी सबैले अब सच्याउनु पर्ने कुरा सच्याउँदै हामीले जुन मन्त्रीज्यूले परिचालनतिरको बजेटलाई कटौति गरेर पूँजीगततिर थप्नु भयो भने यो अत्यन्तै अझ सुनमा सुगन्ध हुनेछ । यो कुरा मैले मन्त्रीज्यूसमक्ष राखें । र लाष्टमा सबै मिलेर, सबैले यो प्रदेशको लागि चिन्तन मनन् गरिराखेका छौं । त्यही उद्देश्यका साथ हाम्रा गतिविधि, हाम्रा सोचाइ, दृष्टिकोणहरू अगाडि बढ्यौ निश्चित पनि हामी सफल हुनेछौं । हाम्रै पालामा हाम्रै कार्यकालमा यो कर्णालीलाई फेर्नेछौं बदल्नेछौं सक्नेछौं भन्ने कुरा राख्दै मैले आफ्नो भनाई यही अन्त्य गरें । धन्यवाद ।।

**माननीय उपसभामुखः-** माननीय श्री करवीर शाही । समय ७ मिनेट । त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री करवीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७६/०७७ को विनियोजन विधेयकको मन्त्रालयगत शीर्षकको छलफलमा छौं । आज हामी सामाजिक विकास मन्त्रालयको विषयगत छलफलमा छौं । र हामीले भन्दै आएका कुराहरू विगतदेखि हामीले सरोकार राख्दै आएका कुराहरू र यो मञ्चबाट उभिएर भन्दै आइरहेका कुराहरू फेरि पनि दोऱ्याउनुपर्ने अवस्था छ । यो पटक हामीले बारम्बार विभिन्न मञ्च र यो रोष्टमबाट चालु खर्च र पूँजीगत खर्चका सन्दर्भमा बजेट वक्तव्यमा छलफल गर्दा पनि त्यो कुरा भन्यौं । नीति तथा कार्यक्रममा पनि त्यो कुरा राख्यौं र नीति तथा कार्यक्रम पनि यही विषय राख्यौं । तर मन्त्रालयले आज त्यही उही पुरानै कर्मकाण्ड शैलीमा । फेरि पनि पूँजीगतभन्दा चालु खर्च केही बढेको अस्वभाविक मोटाएको वा तुहिएको जस्तो भएर बजेटको प्रकृति यो किताब आयो । यो सम्बन्धमा मैले केही तथ्यहरू पूर्ववक्ता माननीयज्यूहरूले राख्नुभयो ती कुरालाई म सर्मथन म गर्दै म केही अरु तथ्यहरू यो मोटाएको हो कि बजेटलाई वास्तवमा होल्ड गर्नका लागि शीर्षकहरू बनाइएका हुन् कि वा यो आवश्यक छन् किन आवश्यक थिए । ती विषयहरू किन दोहोरिए, दोहोरिएर किन आइरहेका छन् म केही तथ्य जान्न चाहान्छु । अघिल्ला विषयहरू बगैंचा, जपतप ध्यान

राखिसक्नु भको छ । जपतप ध्यान हामीले कम्यूनिष्ट पार्टीमा लाग्ने बेलामा दरबारमा यस्तो कुरा हुन्थ्यो । दरबारियाहरूले जपतप ध्यान गर्थे भन्न सुनिन्थ्यो हामी कम्युनिष्ट पार्टीमा लाग्दै गर्दा हामीले पनि सोही संस्कृतिको विकास गर्न थालेछौं । झण्डा पूजामा १० लाख, जपतप ध्यानमा १० लाख यो कस्तो खालको संस्कृतिको विकास गर्दैछौं । संस्कृति जोगाउने नाममा हामीले के खालको संस्कृतिको पैरवी गर्दैछौं । सभामुख महोदय, यो माननीय मन्त्रीज्यूलाई सोध्न चाहान्छु कस्तो संस्कृतिको विकास गरेर हामी कर्णालीको संस्कृतिलाई जोगाउँदै छौं । यहाँ भनिएको छ शीर्षक नं. एउटा यो जिन्सीको शीर्षक छ १०७, १०८, १०९ । १०७ मा जिन्सी व्यवस्थापन भनिएको छ । ८ मा आर्थिक प्रशासन सम्बन्धी कार्यशाला भनिएको छ । ९ मा आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन भनिएको छ । यी तीनटा विषय एउटै हैनन् र ? कति ठाउँमा कस्तो खालको व्यवस्थापन गरिएको हो र यसको पैंसा पनि १० लाख, १० लाख र १५ लाख छ । मलाई लाग्छ यी विषयहरूमा बजेट होल्ड गर्नका लागि राखिएको जस्तो लाग्छ र शंकास्पद हिसाबले यी यस्ता देखिन्छन् । सँगसँगै ११० नं. मा अनुगमन भन्ने राखिएको छ, त्यो अनुगमनमा धेरै विषय छन् त्यहाँ सल्यास सल्यास सल्यास गरेर धेरै विषयहरू राखिएको छ र त्यसको तल्लो १११ कि १२ मा गएर फेरि के राखिएको छ भने मन्त्रालय र निकायहरूको टोटल अनुगमन मूल्याङ्कन भनेर फेरि अर्को शीर्षक राखिएको छ । हामी कति पटक कुन शीर्षकमा मूल्याङ्कन गर्छौं । मूल्याङ्कन गर्ने आधारहरू हाम्रा के हुन् ? कस्तो खालको मूल्याङ्कन विधि अपनाउँछौं त्यो हिसाबले ख्याल गर्नुपर्ने छ । यो सँगै पत्रकारहरूसँग विषय टक्ककै अन्तरकृया र अन्तरसंवाद दुइटा विषय । त्यो अन्तरकृया र अन्तरसंवाद एउटै उसमा सल्यास गरेर राखेको भए भैहाल्थ्यो नि यही खण्डीकरण गर्नुपर्ने आवश्यकता छँदै थिएन जस्तो लाग्छ । अब यो कर्णाली सांस्कृतिक केन्द्रका नाममा ३० लाख सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कार्यदल गठनको सहितको १० लाख । कर्णाली प्रदेशको रोजगारीको अवसरका अवसरको सन्दर्भमा प्रतिवेदन तयारी गर्नका लागि ३० लाख, विद्यालयका लेखा कर्मचारीहरूको तालिमका लागि १० लाख, यो विषयहरू हामीले जे राखिरहेका छौं । विद्यालयहरू हाम्रा हुन् कि स्थानीय तहका हुन् ? तिनलाई तलब हामीले खुवाउँछौं कि स्थानीय तहले खुवाउँछन् । यो पैरवी त वास्तवमा खबरदारी त जसले तलब खुवाउँछ, त्यले अनुगमन गर्नुपर्ने होइन र ? त्यले ती सम्बन्धी बिल भर्पाइ बनाउँदा नजानेका विषयहरू तिनीले तालिम दिन पर्ने होइन र ? हामीले यो विषयमा हामी तालिममा किन यति धेरै लोभी भयौं ? तालिममा किन हामी उन्मुख भयौं ? जम्मै विषयहरू तालिममै राखेर अगाडि किन बढ्यौं ? माननीय मन्त्रीज्यूलाई थाहा होला, दिनमा १० वटा देखि २० वटा तपाईहरूको मन्त्रालयमा अस्ति भर्खर मात्रै हावाहुरीले उडाएका विद्यालयहरूका निवेदन आउँछन् होला त यस्ता धेरै विषयहरू तपाईले एकमुष्ट राखेर विद्यालयहरूको छाना अहिले हावाहुरी तथा विपद्का कारणले भत्केका विद्यालयहरूको छाना मर्मत कार्यक्रम राख्नु भएको भए तपाई कति पपुलर हुनुहुन्थ्यो होला ? जनताले ती विद्यालयमा अहिले आकाशतिर हेरेर विद्यालय चलाउनु पर्ने विद्यालयहरूले तपाईलाई कति धन्यवाद दिन्थे होला ? यो विषयतर्फ तपाईले किन ध्यान नदिएको हो ? म यो सन्दर्भमा यो कुरा भन्न चाहान्छु । अब कानून पास गर्‍यौं आन्तरिक तथा कानून मन्त्रालयमार्फत् सुशासनको फेरि तपाईले पनि यहाँ सुशासन सम्बन्धी केही कुरा स्रोत साधनको सुदृढीकरण र विस्तृतीकरण भएर २० लाख राख्नुभाको छ । यो वास्तवमा उले गर्ने हो कि यले गर्ने हो ? कले हो ? सबै विषय सबै मान्छेले यो अनिवार्य रूपमा प्रवेश गर्नैपर्ने के खालको तपाईहरूको पिएलएमआइएस यो कार्यक्रम हो किन राखिएको हो यस्तो ? यस्ता शीर्षकहरू दोहोरिएका शीर्षकहरू कम्तिमा पनि मन्त्रालयका कर्मचारी साथीहरूले यो ध्यान दिनुपर्ने विषय थियो । यस्तो हुँदा मन्त्रालयको शुरुको कुरा प्रस्ताव राम्रो भए पनि बीचमा गएर केही सुन्याइएको, मोटाइएको अस्वाभाविक भएको जस्तो यसको बजेटको प्रकृति देखिन्छ । जस्तो मैले अपमान गर्न खोजेको होइन, जेष्ठ नागरिक

सम्मान कार्यक्रम, यो जेष्ठ नागरिक समन्वय बैठक, मनमोहन जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक देश दर्शन यो एउटै शीर्षकमा राखेको भए भैहाल्थ्यो । वास्तवमा जेष्ठ नागरिक सम्मान, मनमोहन जेष्ठ नागरिक सम्मान तथा देश दर्शन सभा समन्वय बैठक राखेको भए त सकिहाल्थ्यो । अब यसलाई बजेटै होल्ड गर्नका लागि राखिएको छ । र कुरा एउटै शीर्षक छ एउटा सिस्टम छ १०, १५, २०, २५/ १०, १५, २०, २५ हरेकको त्यो रेसियो मिलाएर टक्रक टक्रक टक्रक गरेर राखिएको छ । यो हिसाबले यी विषयहरू यी अ अंकहरू कति आवश्यक थिए र के कारणले राखिएको हो ? यसको चाइने प्रस्ट्याउन चाहान्छु । यो संगै शिक्षकको पेशागत विकासका लागि भनेर पनि कार्यक्रम राखिएको रहेछ । शिक्षक अघि नै मैले भनिसकें शिक्षक हाम्रा हुन् कि स्थानीय तहका हुन् ? स्थानीय तहले अनुमोदन गर्नुपर्ने हो कि हामीले गर्नुपर्ने हो कि हामीले कुन तहको शिक्षकको, कुन तहको तपाईको चाहिँ पाठ्यक्रमको हामीले चाइने पैरवी बहस गर्नुपर्ने हो ? हामीले कहाँ, के काम गर्दैछौं ? मैले यो कुरा भन्न चाहन्छु । मैले एउटा यो सन्दर्भमा मैले पोहोर साल पनि यही कुरा मैले राखेको थिएँ । प्रदेशले एउटा मात्र विषयमा सहभागी हौं, मल्टीसेक्टरमा उसमा प्रवेश गऱ्यौं भने हामी फस्छौं, यहाँ हामी फसिरहेका छौं । यो किताबमा हामी फसिरहेका छौं । त्यसैले हामीले हामीलाई प्राप्त संवैधानिक अधिकार जे हो, त्यसमा प्राविधिक शिक्षा हेर्ने वा पूर्वाधार हेर्ने हो वा एउटा के हेर्ने हो ? के विषय हेर्ने हो ? हामीले त्यतिमात्र हेऱ्यौं भने हाम्रो कार्यकालभरिमा केही कुरा गराएर गरेर देखाउन सक्छौं । तर तालिम पनि भन्याछ, गोष्ठी पनि भन्याछ त्यो अफिसले गर्नुपर्ने केही काम छन् तपाईसँग अफिसहरू चाहिने यता चाहिँ के हुन्छ आएका छन्, ती अफिसहरूले आफूले काम खोजिरहेका छन् । तपाईहरूका निर्देशनालयहरू छन् जुन हिजो जे गरे त्यो खोजिरहेका छन् । हिजो गर्ने निर्देशनालयहरू त तपाईको एउटा औपनि संरचनामा थिए । आजका निर्देशनालयहरू भनेका औपनि संरचना होइनन् । स्थानीय तह छ । स्थानीय तहमा सरकार छ, यो सरकारलाई तिनले चलाउन सक्छन् कि सक्दैनन् । तिनीसँग समन्वय गर्ने हाम्रो दायित्व हो कि होइन ? समन्वय गर्ने सामान्य दायित्व हो तर हामीले त्योभन्दा बढ्ता उनको अधिकारभन्दा ओभरल्यापिङ्ग गरेर त्यो काम गर्न सक्छौं कि सक्दैनौं । यो हिसाबले माननीय मन्त्रीज्यूले यसमा ध्यान दिनुहुने छ र मैले यो सन्दर्भमा यत्ति कुरा भन्न चाहान्छु । वास्तवमा अघिल्लो वर्षको नीति तथा कार्यक्रममा हामीले स्थानीय तहमा एउटा हस्पिटलको सुरुवात गर्ने मलाई लाग्छ नीति तथा कार्यक्रममा थियो । त्यही भएर मैले नीति तथा कार्यक्रममा उभिएको बेला नीति तथा कार्यक्रम फेरिएको हो कि सरकार फेरिएको हो ? भन्ने प्रसंग राख्या थिएँ । माननीय मुख्यमन्त्रीज्यूले जवाफ दिंदा पोहोरसालको निरन्तरता पनि हो अहिले केही थपिएको पनि हो भन्नु भो । हामी त्यहाँ टेक्न पाएको भए, भए पनि कति विषय हामीलाई समय-सन्दर्भले हामीलाई सहयोग गर्थ्यो, त्यसकारणले अंकका हिसाबले माननीय गोपाल शर्माले भन्नुभको विशेष जे छ करिब ३५ करोडको हाराहारी मर्मतमा जाँदाखेरि करिब कर्णाली प्रदेश हराभरा हुने स्थिति हुन्थ्यो । शुरुवातमा केही साना शीर्षकमा जान पाएको भए केही भौतिक पूर्वाधारका शीर्षकहरू थप्न सकिन्थ्यो । त्यसकारणले माननीय मुख्यम माननीय सामाजिक मन्त्रीले यसलाई ध्यान दिनुहुनेछ । एउटा अभिभारा मात्र पूरा गर्ने अघि मन्त्री दुइटा मन्त्रीले जवाफ दिनुभयो, त्यो जवाफ भनेको वास्तवमा जवाफ दिएपछि सकियो भन्ने होइन, यो संसद सारभौम छ । संसदले केही अन्तिममा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले जवाफ दिने विनियोजन विधेयकको लाई पास गर्नुभन्दा अगाडि संसदले केही सुझावहरू दिन सक्छ । केही नीतिहरूलाई सुझावका रूपमा ग्रहण गर्नका लागि अनुरोध गर्न सक्छ । त्यसकारणले जवाफ दिएर उम्किने आफूले जवाफ दिएपछि भाग्ने प्रचलनको विकास नगरौं । यो संगै धेरै विषय यहाँ राख्नुभयो । यी सबै विषय कतिपय विषयहरू हामीले उठाउन खोजेको किन थियौं भने पहिल्यै हेरौं वास्तवमा यो चालु खर्चका शीर्षकहरू यसकारणले हामीले हेरौं भनेका थियौं । आज मञ्चमा उभिएर यो कुरा भन्नुपर्ने थिएन, पहिले

हेरेका भए धेरै शीर्षकहरू कटेर जान्थे, मिसिएर जान्थे, कतिपय उस्तै खालका क्रसकटिङ्ग इस्यूहरू एकैठाउँ समाहित हुन्थे, केही बजेटहरू समाहित गर्थ्यौं केहीलाई विन्यास गर्थ्यौं र नयाँ केही शीर्षकहरू र नयाँ केही योजनाहरू क्रियट गर्न सक्थ्यौं । यसकारणले पनि तपाईहरूले यो लुकाउनु भो, लुकाएको कुरा त आज देखिहाल्यो । जति खोक्दा पनि देखियो, देखिसकेपछि मञ्चबाट उभिएर यत्तिका कुरा भन्नुपर्ने अवस्था आयो । अगाडिको पृष्ठमा लेखिएका केही विषयहरू अब माननीयज्यूले भन्नुभाको छ । अब पोहोर साल जसरी अलि यलाई मिलाएर ल्याउनु भो भनेर भनेका हुनाले हौशिएर फेरि पनि यसपालि अलिकति केही नाम नखोलेका पदार्थहरू घुस्ने भएछ यसका लागि अब जे भए पनि हुम्ला हाम्रै क्षेत्र हो, यसका लागि हामी हुम्लाबाट अन्त सारौं भन्न त चाहान्नँ ठिकै छ । र यहाँ यी विषयहरू आइरहेको बेलामा प्रमुख प्रतिपक्ष दलको सदस्यज्यूले यो किताबमाथि छलफल गर्ने क्रममा अलि धेरै हौशिएर संसदको मर्यादालाई कति ख्याल गर्नु भो/भएन । आफ्नो पाटीको सभा जस्तो गरेर धेरै चोटी सत्तापक्षका सांसदहरूलाई अपिल गर्नुभयो । लाग्छ ३ चोटिदेखि ४ चोटी अपिल गर्नुभयो र म प्रमुख सचेतकजीलाई भन्न चाहान्छु संसद भनेको लोकतन्त्रमा संसदमा सबैभन्दा ठूलो उपस्थिति हो । हिजोको उपस्थिति हिजोका सरकारहरू र हिजोका सरकार चलाइँदा गरेका कामहरू हामीले ख्याल गरौं । संसदको मर्यादा सबैले राख्नुपर्छ । केही मान्छेले पाटीको जस्तो सभा जस्तो गरेर बोल्ने र केही सुन्ने यो चाहिँ प्रचलन छ कर्णाली प्रदेशमा, यो प्रचलनलाई चाहिँ तोड्नुपर्छ । वास्तवमा अंक गणितीय हिसाबले संसदमा उपस्थित जे हुन्छ, त्यलाई त्यसले नै यसको चाहिँ मर्यादाको हिसाब गर्छ, वास्तवमा संसद भनेको त्यस्तो चीज हो हामी जनताका प्रतिनिधिहरू कति जितेर आयौं र संख्याका हिसाबले कति छौं ? कहाँ छौं ? कुन विचारधारका मान्छेहरू आयौं र त्यसका विचारधारका मान्छेहरूको एउटा के लाइन छ ? त्यो हिसाबले हामी अगाडि बढ्नुपर्छ र यो मर्यादालाई पनि ख्याल गर्न मैले अनुरोध गर्न चाहन्छु । अब म सामाजिक विकास मन्त्रीज्यूलाई एउटा सानो कुरा तपाईको छुटेछ, यो यलाई आरोपका रूपमा होइन सुझावका रूपमा यति धेरै कार्यक्रम चलाइसकेपछि यति धेरै तालिम चलाइसकेपछि एउटा मैले छुटेको महशुस गऱ्याछु । त्यो चीज भनेको प्रोपजल राइटिङ्ग तथा प्रतिवेदन लेखन त्यो पनि एउटा कार्यक्रमको गोडा १० एक लाखको राखेको भए वास्तवमा समृद्ध कर्णाली सुखारी कर्णाली होइन समृद्ध कर्णालीबासी सुखारी चाइने मन्त्रालय हुन्थ्यो । त्यसकारणले त्यो एउटा विषय थप्नका लागि पनि मैले अनुरोध गर्न चाहान्छु र विदा हुन चाहान्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री गणेशप्रसाद सिंह । समय ७ मिनेट । त्यसपछि माननीय श्री झोवा वि.क. तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, सामाजिक विकास मन्त्रालयको दफावार छलफलमा भाग लिएर केही कुराहरू म राख्न गैरहेको छु । सामाजिक मन्त्रालय त्यस्तो मन्त्रालय हो, जोसँग शिक्षा स्वास्थ्यको मौलिक अधिकारको विशेषता भएको सधैं सबैको सरोकारको विषय हो । र त्यसो हुँदा जाजरकोट जिल्लाको विशेष गरेर निर्वाचन क्षेत्र १ नं. को ध्यान आर्कषण भएको छ । पिछडिएको जिल्ला, दुर्गमको जिल्ला दुइटा लोगो लिइसकेको अर्को लोगो पनि लिन तयार भएको त्यसका विरुद्धमा लडिरहेको असन्तुलन विधेयक र एकीकृत योजना तर्जुमाको मोडालिटी हुनुपर्छ भनेर बहसमा यहाँ उत्रिरहेको छ । आँखी झ्यालबाट योजना आउने कुरा असन्तुलित योजना आउने कुराको संघीय गणतन्त्र कर्णाली प्रदेश मान्दैन र त्यसको प्रतिनिधि क्षेत्र नं.१ जाजरकोटको गणेश सिंहले मान्दैन । ५ वर्षसम्म लडिराख्छ । त्यसपछि पछि आउने प्रतिनिधिमा पनि लड्छ होला । हामी विकेन्द्रित असन्तुलित योजनातिर जाँदै गऱ्याछौं । यो कुरा पूर्ववक्ता माननीयज्यूहरूले राखिसक्या कुरामा मेरो पूर्ण सर्मथन गर्दै विकास पूँजीगत

वितरणलाई सन्तुलित हुन खोज्छ, चालुगत असन्तुलित भएर यो फेरि पनि घुमिफिरि त्यो त्यतैतिर जान्छ । असन्तुलित आँखी झ्याल र भद्रगोलतिर गयो । यसमा सार संक्षेपमा यसको निश्कर्षमा यो देखिन्छ । अब विषयगतको क्रमशः २७ गतेसम्म बोल्दै गर्दा त्यहाँ कसरी आउँछ ? हेरौंला । हाम्रा द्रष्टव्यको सुझाव हामी दिदैं जाऔंला । गम्भीरतापूर्वक सरकार र यो सार्वभौम संसदले माननीय सभामुखमार्फत् बुझेन भने अर्को वर्ष बुझ्नेछ । गत सालको विभेद अहिले आएर यो गम्भीरतापूर्वक सबैलाई महसुश भएको छ । सन्तुलन सन्तुलन सन्तुलन । फेरि पनि मोडालिटी आँखी झ्याल होइन, एकद्वार प्रणाली प्रत्यक्ष र समानुपातिक प्रतिनिधिको सल्लाहले त्यो आउन पऱ्यो । अहिले तपाईहरूले लिइराखेका योजनाका कारणले असन्तुलित भैराखेका छन्, विभेद भैराख्याछ । माननीय रबरस्ट्याम भैराख्याछ । माननीय नाम मात्रको भैराख्याछ । अन्तिममा यो सार्वभौम संसदले पास गर्नुपर्ने होला, ताली बजाउनु पर्ने होला, ताली बजाउँदै गर्दा अकर्मन्यताका बीचबाट ताली बजाउनु पर्ने स्थिति हामीले बन्दै गर्नुपर्ने त्यसको गम्भीरतापूर्वक हेक्का नराख्ने यो चाइने मतलव परिपाटीको अन्त्य हुनुपर्छ । माननीय सभामुखमार्फत् म हाम्रा सरकारका मन्त्रीज्यूहरूलाई ध्यानाकर्षित गराउन चाहान्छु । तपाईहरूको यो चालुमा अब मलाई ठिट लाग्यो माननीय मन्त्रीज्यूले यो सदन शुरु हुनुभन्दा पहिला के हो त यो बजेट कसरी निर्माण गर्नुभयो किताब भनेर सहजै तरिका कुरा गर्दा उहाँले स्वीकार्नु भयो । माननीयज्यू अब मैले यो बजेट चालुको बजेट मैले बनाएको होइन भनेपछि अरु कले बनायो त ? मतलव सरल कुरा मतलव धेरै कुरामा चाइने मतलव क्रिटिसाइज गर्न चाहान्न । मैले बनाउन पाइन अथवा करेक्सन गर्न पाइन भनेपछि उहाँसँग टाइम थिएन कि अथवा विषयलाई गम्भीरतापूर्वक लिनुभएन कि म मा जिज्ञाषा पैदा भयो । यो कुरा सरल तरिकाले मैले जानकारी गराएँ । हामीले चालु बजेट है, चालु बजेट, यलाई चाहिने विशेष ध्यान दिनुहोला है, ध्यान दिनुहोला, भन्दै गर्दा उस्तै प्रकृतिका धेरै के जेष्ठ नागरिक उहाँले उद्योगको काम पनि गर्नुभाछ । महिला उद्यमी, दलित उत्तमी उद्यमी भनेर पनि बजेट ल्याउनु'भाछ । त्यो उद्योग मन्त्रालयले गर्ने हो कि सामाजिक मन्त्रालयले गर्ने हो ? एउटै प्रकृतिका ३/४ वटा यहाँ कार्यक्रमहरू छन् । म नभनौं पूर्व माननीयज्यूहरूले भनिसक्नु भयो, मेरो पनि त्यही कुरा हो तर त्यसरी होइन क्या । कमसेकम थुप्रै छ याँ २० करोडदेखि लिएर २४ हजारसम्म छ । आर्युवेदिकमा २४ हजार छ र क्षेत्रीय अस्पताल सुर्खेतमा २० करोड छ । यो छुट्टाउनु भयो ठिकै छ तर २४ करोडले कहाँ टच गऱ्यो त ? २४, २४ हजारले हामी १ करोडभन्दा तलको कार्यक्रम त संचालन नगर्ने भन्या हो नि त ? नीति कार्यक्रममा त्यले त म्याच खाएन नि त ? यो कुरा त बोल्दाखेरी, बोल्दाखेरि त ध्यान दिनु पर्छ । नीति कार्यक्रम विनियोजित बजेट हैन अब बजेट वक्तव्य यता आइपुग्दा मन्त्रालयवाइजको आउने हाम्रो कार्यक्रमलाई हामीले चाहिने कम्पायल गर्न पर्दैन ? के कुरा हो ? हाम्रो स्टायल के हो, हाम्रो तरिका के हो ? हाम्रो विधि के हो ? यसो हुनाले ख्याल गर्नुस् है हामीले भन्याछौं असन्तुलन नहोस्, विभेद नहोस् । यो संघीय राज्य हो, संघीय राज्यका जनप्रतिनिधि हौं । यता आइपुग्दा हामीले भन्याछौं कि हामीले हाम्रो मोडालिटी के हो ? हाम्रो स्टायल के हो ? एकद्वार प्रणाली हो है । एकद्वार प्रणाली यूनिफाइड गर्छ, सन्तुलन गर्छ । तपाईहरू आँखी झ्यालबाट योजना लिइराख्नु भाछ । सबैलाई सन्तुलन गरेर तपाईहरू लोकप्रिय हुनु भाछ । तपाईहरूको बाटो रंग, सरकारको बाटो रंग यो कुरा ३ वर्षपछि पुष्टि होला । यदि हामीले गलत गरेको भए जनताको अगाडि उभिएर माफी मागौंला । म माग्न तयार छु गलत भनेको भए । तपाईहरू किन महशुस गर्नुहुदैंन किन पूँजीगतको यत्रा शीर्षक आयो तपाईहरूलाई एक मात्र म सुझाव दिन चाहान्छु । तपाईहरूले औषधि खानु मौलिक अधिकार हो, शिक्षा आर्जन गर्नु हाम्रो मौलिक अधिकार हो । एक गाउँपालिका एक प्राविधिक शिक्षालय भन्याछ । त्यो कुरामा टेकौं । एक बर्थिङ्ग सेन्टर एक गाउँपालिका एक स्थानीय तह, एक स्थानीय तह एक चाहिँ तपाईको १५ शैयाको अस्पतालमा हामी म्याचिङ्ग गर्न सक्दैनौं । यी विभिन्न किसिमका काहि १० लाख छ,

काहिँ २५ लाख छ, काहिँ चाइ तपाईको २१ लाख छ, काहिँ चाहिँ २४ लाख छ । यो बजेटलाई अलिकति त्यहाँ चालुलाई कटाउँदै गरेर पूँजीगतमा जनता आमजनतालाई लाभ हुने किसिमले योजना बनाउन हामी सक्दैनौं ? कि हामी जनताप्रति हामी गम्भीर हुँदैनौं । हामी जनताबाट आएका होइनौं ? के हो त ? मनपोली ढंगले चाहिने मतलव बनाउने ? आज हामीले त्यहाँ राख्छौं । भोलि गएर हामी आँखी झ्यालबाट निवेदनबाट हामी चाहिँ मतलव बजेट दिन्छौं । यो त सत्य कुरा हो त्यो त हुने कुरा हो । यो कसरी भोलि विनियोजन हुन्छ ? निर्वाचन क्षेत्रमा दिनुहुन्छ । तपाईले कति प कति ठाउँमा तपाईले आँखा शिविर गर्नुभयो । कति ठाउँमा शिविर चलाउनु भयो । माननीय निर्वाचन क्षेत्रका माननीयहरूलाई जानकारी दिनु भो ? हामीलाई लिनुभो, हामीलाई जानकारी दिनुभयो, हामीले योजना बनाउन पायौं ? यो तपाईहरूको चाहिने तौरतरिका गलत छ बेठीक छ । त्यसो हुनाले यो कुरा गम्भीरतापूर्वक ध्यान दिनुभयो भने सरकार जनमुखी हुन्छ, सरकार जनताको सेवामा सर्मपित हुन्छ । हामी सबै त्यसका चाहिने मतलव सहयोगी पात्र हुने हो । हैन भने हामी सुझाव दिदै गर्ने तपाईहरू आफ्नो तरिकाले आफ्नो ढर्राले पुरातनवादी ढंगले तपाईहरूले योजना बनाउन थाल्नुभयो भने यो कुरा जनमुखी होइन, जनविरोधी हुन्छ है ख्याल गर्नुस् । साराले हेर्नेछ कि तपाईहरूले विनियोजन गरेको बजेट पूँजी र जनता र विकासमा कति छ ? चालु, गोष्ठी, अन्तरक्रिया, संवाददेखि थुप्रै कुराहरू तपाईको त्यहाँ बजेटहरू अनउत्पादक छ । यो कुरालाई उत्पादक बनाएर यो दुनियाँमा हरेक चीज अकाट्य केही पनि छैन । अपरिवर्तनीय केही पनि छैन, असंशोधनीय केही पनि छैन । संशोधन सुधार र परिवर्तन गरेर ल्याउनुस् । तपाईहरूलाई धन्यवाद दिने कुरा छँदैछ । होइन अब भनेका कुरालाई गम्भीरतापूर्वक यो सच्चिनै सक्दैन भन्नुभयो भने योभन्दा अर्को चाहिने हाम्रो अज्ञानता, योभन्दा अर्को चाइने हाम्रो चाइने मतलव भूल जनताप्रतिको अपमान, यो केही पनि हुन सक्दैन । ख्याल गर्नुहोला । म तपाईहरूलाई सुझाव दिन चाहान्छु । यो सुझाव आत्मैदेखि हो खुलेर यो सार्वभौम संसदमा मैले दिनु मेरो दायित्व हो, मेरो डिउटी हो । किन भन्दाखेरि त्यहाँका जनताले मलाई भनेका छन् । यो सही सदुपयोग जनमुखी जनताको चाहिने हितमा बजेट कार्यान्वयन भएकै किसिमको योजनाको मोटालिटी बनोस् त्यसमा तपाईले चाहे त्यो सल्लाह सुझाव दिनुस् सर्मथन गर्नुस् भन्नु भाछ । त्यसकारणले मेरो सुझाव यो हो विकास बजेटमा ठीक छ सन्तुलित भन्यौं यसो हेर्दा खेरि केही स्कुलहरू केही चाहिने मतलव प्रतिनिधि सांसदहरू बाड्ने कुरामा ठिकै छ हाम्रो चाहिने बालविकास केन्द्र त्योसम्म ठीक छ बढी त चालुमा गयो नि त यस कारण यलाई पुर्न सच्याउन मैले विशेष आग्रह अनुरोध अपिल गर्दै म विदा हुन्छु । यसपछि मैले चाहिने मैले सर्मथन गर्ने कुरा पास गर्ने कुरामा म मेरो सहमति रहन्छ अन्यथा मैले आइयाम नट एग्री मेरो सहमत रहँदैन मेरो असहमति रहन्छ । मलाई यही भन्छ मेरो निर्वाचन क्षेत्रको जनताले आइयाम नट एग्री आइयाम नट एग्री । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री झोवा वि.क, यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनुहोला ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, अन् अब कति जनजाति, कति जनजाति भन्या यो आर्थिक वर्ष ०७६/०७७ लाई भो चाहिँ यो सामाजिक मन्त्रीले अन्या छ, एकदम अन्या । हाम्रो छिमेकको साविक कर्णाली पिछडिया छिमेकको मुन्त्री पाए भने तपाईहरू चाहिँ किताबमा हेर्छन् म चाहिँ मेरो छिमेकको मुन्त्रीको केरे अनुहारमा हेर्छु । छिमेकको लाई त्यही क्यारे सहयोग गरे कि गरेन । अगाडि सा-यो कि सारेन । कति चाहिँ सौती आमा गरे कि गरेन भनेर म त मेरो मन्त्रीको अनुहारमा हेर्छन् । अब मोटोघाटो त्यही क्यारे, ढाँका टोपी ओढेको चस्मा लाएको चिटिक्क परेको म त साविक कर्णाली पछाडि परेको मुन्त्री म त खुसी लाग्यो । योजना हे-यो पर कुनाकप्चामा १० ला लाख दिएछ । दुईटा योजना दियो दुईटा योजनामा चाहिँ १ काटेर एउटा मात्रै दिएछ । त्यै पनि माथि किम्रीमा, किम्रीमा १० लाखले के हुन्छ त ?

के त्यही के रे यो विद्यार्थीहरूको नास्ता गर्ने कि स्कुल बनाउने ? के-के गर्ने होला त १० लाखले । अब त्यही बनाउने हो भने त सिमेन्ट लिनै पर्‍यो, टिन लिनै पर्‍यो त्यैले के हुन्छ त । त्यो खाजा खाएर खाजा खाएर सिध्याउने हो कि ? यति बेलै त्यही स्कुल बनाउने हो की म त्यतिकै बुझ्नै सकेन । छिमेकको लाई त अचाना तै छिनेकोले थाहा हुन्छन जोइपोइको नाम थाहा छ, गाड्नु हुँदैन भन्ने जसो तपाई चाहिँ छिमेकको भएर, मन्त्री पाएर, झन् यो पिछडिएको क्षेत्र तपाईको एरियातिर पनि भेटीए होला । तपाईको एरियालाई पनि यो पिछडिएको क्षेत्र होला । त्यैलाई हेरेर यो के छ कि, कस्तो छ कि भनेर अलि हेर्नु हुइन । हाम्रो १ नं. क्षेत्रलाई १० योजना गएछ मलाई एउटा परेछ । दुई दुइटा दिएको दुइटामा १ काटेर पर त्यही सोरुको नेर भन् नेर हो कि त्यहीमा मैले योजना दिएको, त्यही स्कुल हालेको त्यही काटेर अनि यता त्यही किम्रीमा दिएछ । हिजो मैले त सोधेर त्यही फेरि भन्छन् हाम्रो दान सिं माननीयले भनेछ । अब त्यै केरे हाम्रो चन्द्रबहादुर माननीयज्यूको यरियालाई तपाईको कहाँ हाल्न देला भन्यो । त्यही गर्नु बेलाला म समानुपातिकको माननीय त्यै १० जिल्लालाई हाल्न पाउँछ । के त्यै चन्द्रबहादुर माननीयले एरियालाई हाल्न पाउँदैन ? अनि त्यसो भनेपछि मा त हाम्रो चन्द्रबहादुर माननीयज्यूले काटेजस्तो भयो । म यो पनि बुझ्न झरुरी छ । भित्तभित्त चाहिँ कपरा झिलिमिली सबै चाहिँ मुसाले काट्यो अनि बाकस सबै त्यै केरे मुसाले काट्यो बाहिर चाहिँ एकदम हामीले मुसै देख्नै पाउँदैन कहाँ छ कि ? के छ कि ? थाहा छैन । अनि यस्सरी त्यही पिछडिए क्षेत्रमा नतर फेरि स्कुललाई बढी न नतर हामीलाई त्यही केरे ए सेन्सरी न केही पनि हामीलाई परेछैन यो १० लाखले के हुन्या ? तै त तपाई फिर्ता लिनु । तपाई दिने भन्दा म यो त्यै माथि जनतालाई दिनु म त लाज लागेछ । अब किताब छ, तपाई फिर्ता लिनु । अरु म क्या खाएछैन म लिए छैन । त्यति १० लाखले के हुने हो त ? यतातिर मांग्री स्कुललाई हाम्रो प्रत्यक्षलाई माग्यो भनेर ५० लाख । म समानुपातिलाई किम्रीमा चाहिँ १० लाख । अन्याय हैन, सौतीआमा हैन ? अब के भन्ने त म भन्न पनि अइले चाहिँ लाज लागेको जसो । रुनु न हाँइनु । हुन चाहिँ त प्रत्यक्षलाई दिएपछिमा उही जनतालाई दिने हो, म समानुपाति दिए पनि उही जनतालाई दिने त हो । म के मेरो घरको के छोराको के बिहे गर्ने होला, मेरो छोरीलाई दाइजो दिने होला । केही गर्नेवाला, उही जनतालाई दिने हो । मतलव केही त्यति मात्रै किन दियो भनेर त अब माथि जनतालाई त्यै भन्छ त, के गर्‍यो त ? कसो गर्‍यो त ? फलानो यति लिए जलानोले यति लिए भन्यो । अब दिने मन्त्री हात छ, दिदैन भनेपछि, म कहाँबाट ल्याउँने त ? मेरो हातमा चाहिँ त्यही केरे योजना दिने त अधिकार छैन । अनि जनतालाई त्यही बुझ्दैन, मन्त्रीहरूले यो समानुपातिक हो भनेर उही दुःख दिन्छ । अनि कहाँ जाऔं त हामी ? अब यो चाहिँ एलिकता मन्त्रीहरू पनि यो त्यहीको कुर्चीको पनि ख्याल गर्नुपर्ने । हामी पनि त्यही कुर्चीमा बसेछ त त्यै कुर्ची बसी पछिमा हामी के त्यै केरे यो समानुपातिमा यो प्रत्यक्षमा नाङ र मासु हो । तिनलाई नौ दिने ठाउँमा मलाई चाहिँ तीनले दिए हुन्छ त । डबल त्रिपल तिनुलाई दिएपछिमा त्यहीको प्रत्यक्षको विरोध होइन । त्यै पनि म मन्त्रीलाई भने हो, हाम्रो प्रत्यक्षलाई म भने होइन, मन्त्रीलाई भनेको हो । फेरि भोलि चाहिँ प्रत्यक्ष भनला अनि मेरो विरोध गर्‍यो भन्ने होला । म त्यसो होइन मन्त्रीलाई भनेको हो । साविक कर्णाली गरेर आफूलाई थाहा हुन्छ यता पछाडि परेछ, यता चाहिँ यति सिमिण्डोलाई यति जान्छ, सरियालाई यति जान्छ इसुल पसरेपलाई यति जान्छ भने आफूसँग थाहा त हुनु पर्‍यो त । यलि चाहिँ बाँडफाँड गर्नलाई पनि यलि ढंग हुन्छ । बोरी भित्रा एक आलु कुहिएपछि वरिपरि दाग लाउछ आ मन्त्रीहरूले यसो गरेछ भनेमा तपाईको यति माननीयहरूलाई पनि तपाईको जनताले दाग लायो । तपाईहरू यति मान त्यही माननीय बढी भएर के गर्ने ? अब मन्त्रीहरू दाग लाएन अब तिमीहरू गर्ने हो, तिमीहरूले के गर्न सकला भनेर तपाईहरूले फेरि चाहिँ १/२ ले गल्ती गर्छन् तपाई सबैले गाली खान्छ । तपाईले पछेर आउनेको भर पनि रोक्छन् पछेरको मन्त्री पाउनेहरूको पनि अरु

रोक्छन् । त्यसो गर्नु हुँदैन बराबर अलि चाहिँ २/४ को तलमाथि भएपछिमा कहाँको १, कहाँको ९ । कहाँको ५०, कहाँको त्यही १० यो के म चाहिँ अचम्म लाग्यो । अचम्म लाग्यो त, म त फिरी हे तै किताब हेरे त, के गरम त किताबलाई हेरौं कि हाम्रो चाहिँ केरे मन्त्रीको अनुहारलाई हेरौं । उही १० लाई हेरौं कि कहाँ हेरौंला म यसोर भन्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः-** माननीय श्री धर्मराज रेग्मी । यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, सामाजिक विकास मन्त्रालयका शीर्षकहरूको छलफलमा म यो अवसरको लागि माननीय सभामुखज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । करिब पौने सा पौने ७ तिर हामी छलफल संचालन गर्दैछौं सभामुख महोदय । दिनभरि हामी यही विषयमा संसदमा छलफल गर्दैछौं र करिब पौनेसाततिर हामीले चाहिँ यो छलफल गर्दैछौं । म मैले बोल्नु पर्दाखेरि संसदमा बोल्नुको महत्व छ, त्यसकारणले हामी यो बेलासम्म छलफल गर्दैछौं । संसदमा बोल्नुको महत्व छैन कि हामी निराश हुनपर्ने कुरा संसदमा बोलेर यी विषयहरू सच्चिदैनन् कि अथवा संसदमा बोलेर हामीले केही गर्दैनौं कि भन्ने कुरा काहींकतै भ्रम छ भने म साथीहरूलाई म माननीयज्यूहरू सम्मानित सभामा चाहिँ म के कुरा जिम्मेवारीपूर्वक राख्न चाहान्छु भने संसदमा बोल्नुको अर्थ छ, त्यसकारणले हामी पौने सात बजे पनि यो विषयमाथि छलफल गर्दैछौं सभामुख महोदय, यसको पछाडिको एउटै मात्रै चाहिँ यसको हाम्रो मान्यता के हो भने हामी जनताको जीन्दगीमा परिवर्तन चाहान्छौं । यो तीनैतिर बस्ने साथीहरू यतातिर बस्ने हामी पनि, बीचमा बस्ने सरकारका साथीहरू पनि, उता बस्ने प्रतिपक्ष साथीहरू पनि । तौरतरिका चाहिँ मिलेन, जाने बाटो चाहिँ मिलेन, यो बजेटको एप्रोज के भयो भने मैले यसमा बधाइ दिनुपर्थ्यो सामाजिक विकास मन्त्री मेरो आदरणीय मित्र पनि हो मैले यसमा बधाई दिनुपर्थ्यो, मैले यसमा दुःखका साथ भने मैले तपाईलाई बधाइ दिन सकिन । यसको एप्रोज के छ भन्दाखेरि मैले समग्र योजनाहरूको एप्रोज चाहिँ अन्तरक्रिया, गोष्ठी, छलफल, सहजीकरण यसमै यसमा एप्रोज छ । मन्त्रालय यो निश्कर्षमा कसरी पुग्यो ? सामाजिक-आर्थिक अधिकारहरू सभामुख महोदय, संविधानका सामाजिक-आर्थिक अधिकारहरू जति छन् त्यसको कार्यान्वयन गर्ने प्रदेश सरकारको महत्वपूर्ण निकाय सामाजिक विकास मन्त्रालय हो सभामुख महोदय, यसको दायित्व संविधानका आर्थिक-सामाजिक अधिकारहरूको कार्यान्वयन गर्नु हो । र यो कर्णाली प्रदेश हामी यस्तो प्रदेशमा छौं जहाँ सबभन्दा बढी चाहिँ आर्थिक-सामाजिक अधिकारहरूको हनन् भएको, सबभन्दा बढी आर्थिक-सामाजिक अधिकारहरूबाट बञ्चित हुनु परेको र सबभन्दा बढ्दा चाहिँ आर्थिक सामाजिक अधिकारहरूको उलङ्घन भएका कारणले अन्याय भएको प्रदेशमा हामी छौं सभामुख महोदय तर केही यो समस्याको हल गर्न हाम्रा कार्यक्रमहरू थुप्रै गोष्ठीहरू छ सभामुख महोदय, यसको सार एप्रोज चाहिँ के छ भनेदेखि सामाजिक विकास मन्त्रालयको गोष्ठी केन्द्रित छ । माननीय मन्त्रीज्यूले भोलि जवाफ दिंदा भन्नुहोला हाम्रो क्षेत्री युवा छ, महिला छ, दलित छ सेक्टरवाइज रूपमा पनि हामीले यस्ता कार्यक्रमहरू ल्याउनु पर्छ चाहिँ भन्नु होला तर यसको परिणाम हामी चाहिँ कहाँ लिन्छौं बारेमा म बढी गम्भीरतापूर्वक चाहिँ माननीय मन्त्रीज्यूलाई गम्भीरतापूर्वक यो विषयमा विचार गर्न म चाहिँ सबभन्दा पहिले अनुरोध गदर्छु सभामुख महोदय । एउटा नयाँ कुरा उहाँले के शुरुवात गर्नु भो भने जिल्ला सदरमुकामहरूलाई केन्द्रित गरेर केही कार्यक्रमहरू शुरु भए सभामुख महोदय । संविधान र कानून आइसकेपछि अहिलेको संविधानले जिल्ला सदरमुकाम भनेको सम्बन्धित पालिकाको केन्द्रबाहेक सभामुख महोदय अरु केही पनि होइन, त्यो नगरपालिका छ भने जिल्ला सदरमुकाम नगरपालिकाको केन्द्र हो । गाउँपालिका छ भने सभामुख महोदय गाउँपालिकाको केन्द्र हो । उदाहरणको लागि मेरो दैलेखको नारायण

नगरपालिकाको सदरमुकाम र सभामुख महोदय मेरो निर्वाचन क्षेत्रको गुराँसको सदरमुकामको बीचमा आज संविधानले कानूनले कुनै पनि अधिकारले तपाईको फरक होइन सभामुख महोदय । यसकारणले तपाईले सदरमुकाम केन्द्रित गर्नु भो कार्यक्रम भनेपछि संविधान र कानूनले सामाजिक विकास मन्त्रालयलाई सदरमुकामलाई स्थापित गर्ने अधिकार कुन चाहिँ आर्टीकलले दिन्छ सभामुख महोदय । त्यसो होइन भने तपाईले एउटा पालिकालाई प्राथमिकता दिने अधिकार तपाईले कुन इन्डिकेटरले एउटा पालिकालाई प्राथमिकता दिन पर्छ । यो चाहिँ बाएस मात्रै भएन संविधान र कानूनको चाहिँ सभामुख महोदय यो चाहिँ उलङ्घन भयो मेरो पहिलो कन्सर्न चाहिँ यसमा छ । म यो गम्भीतापूर्वक यो चाहिँ सच्याउन अनुरोध गर्छु । मैले फेरि पनि दोऱ्याएर के भन्छु भने अहिलेको सदरमुकाम भनेको सम्बन्धित पालिकाको अड्डाबाहेक अरु केही पनि हैन सभामुख महोदय । बहुप्राविधिक विश्वविद्यालयका बारेमा मेरो यो टिप्पणी काफि छ अब ती विश्वविद्यालयहरू, ती विद्यालयहरू कुन विश्व विद्यालयहरूबाट अनुमति लिनुपर्ने हो, त्यसका चाहिँ अनुमति लिनुपर्ने निकाय के हो ? अनुमतिका प्रकृयाहरू भएका छन् कि अथवा मन्त्रालयले आफै प्रक्रियाहरू सहजीकरण गरिदिनु पर्ने हो अहिले कुनै विद्यालयलाई बनाएर अरु प्रकृया मन्त्रालयले सहजीकरण गर्ने हो कि प्रदेशका यी सबै मन्त्रा केरे विद्यालयहरूले चाहिँ चाहिने कुन चाहिँ यूनिर्भसीटीले यतिवटा सम्बन्धन दिने हो यसको बारेमा केही प्रश्नहरू छन् सभामुख महोदय, । माननीय मन्त्रीज्यूले गरेको एउटा महत्वपूर्ण काम के छ भने यो हामीलाई कम्युनिष्ट पाटीको नेतृत्वको सरकारलाई पहिले पहिले आरोप लाग्थ्यो । प्रतिपक्षका साथीहरूले धेरै आरोप लाउनुहुन्थ्यो, तिमीहरू धर्म, संस्कृति मान्दैनौं, रीतिरिवाज मान्दैनौं, हामी मात्रै मान्छौं । बढो गतिलो चाहिँ उहाँले जवाफ दिनुभाछ सभामुख महोदय । १ सय १९ मा उहाँले के भन्नु भो भने झण्डा पूजा भन्नु भो, १ सय... साथीहरूलाई यो हाम्रो गतिलो जवाफ हो अब हामी पनि चाहिँ धर्म संस्कृतिको संरक्षण गर्न तयार छौं यसमा तपाईहरूले चाहिँ ख्याल गरेर राख्नुहोला सभामुख महोदय । मैले यो गोष्ठीको कार्यक्रम सभामुख महोदय । दिवा खाजा तयारी तथा अभिमुखीकरण गोष्ठीको सभामुख महोदय । ... व्यक्तिहरूको सकारात्मक सोच रैछ पछाडि एउटा चाहिँ मेडिटेशनवाला अर्को कार्यक्रम पनि छ यसैमा चाहिँ यो सकारात्मक सोच सम्बन्धी यो चाहिँ विशिष्ट व्यक्तिको हो । मेरो विचारमा त्यो चाहिँ कम विशिष्ट व्यक्तिहरूको होला, सर्वसाधारण नागरिकको लागि होला । बजेट चाहिँ कस्तो भयो भनेर भन्दाखेरि सभामुख महोदय, बजेटका अधिकांश विषयहरू संशयपूर्ण छन् र यसले वित्तीय अनुशासनको ठाडो उलङ्घन गर्छ यी गोष्ठीहरू उदाहरणको लागि म भन्न सक्छु सयौं गोष्ठीहरू छन् सभामुख महोदय मन्त्रालयले यी सबै गोष्ठीहरू गर्न सम्भव छ कि छैन यदि सेडुल भएको भए सभामुख महोदय । यदि बजेटसँग त्यसको सेडुल आउँदो हो त त्यसपछि मन्त्रीज्यू कति दिन फुर्सतिलो हुनुहुन्थ्यो । सामाजिक विकासको चाहिने कर्मचारी साथीहरू कति दिन फुर्सदिलो हुनुहुन्थ्यो यी गोष्ठीहरू सबै चाहिँ यही वर्ष सम्पन्न गर्ने हुन् भने सभामुख महोदय । यो सेडुल हेरियो भने त्यसपछि के होला भन्ने तपाईलाई बाँकी अरु कार्यक्रम कार्यान्वयनको लागि फुर्सद हुन्छ कि हुँदैन ? मेरो अहिलेको मोटामोटी निश्कर्ष के हो भने यी सबै गोष्ठीहरू कार्यान्वयन गऱ्यो भने अरु कार्यक्रम कार्यान्वयनको लागि चाहिँ फुर्सद हुँदैन । यसै पनि मन्त्रालयका प्रायः सबै कर्मचारीहरू ठूल-ठूलो होटेलमै भेटिन्छन्, सभामुख महोदय । सबैभन्दा बढी होटेलमा भेटिने कर्मचारीहरू सामाजिक विकास मन्त्रालयकै हुन् किनभने यहाँ गोष्ठी गरिरहनु गर्नुपर्छ सभामुख महोदय । यो पास गरेर यसैगरी गयौं भनेपछि सभामुख महोदय, मन्त्रीज्यूको पनि यो मनसाय छैन होला कि कर्मचारीहरू सबै चाहिँ मन्त्रालयको गोष्ठीमा डेली चाहिँ गोष्ठीमा भएको र अरु कार्यक्रमहरू चाहिँ कार्यान्वयन नहुने स्थिति माननीय मन्त्रीजीलाई पनि स्वीकार्य हुँदैन होला । त्यसो हुँदाखेरि मन्त्रालयका कर्मचारीहरूलाई अरु हामीले उहाँहरूको चाहिँ भ्रमणको कार्यक्रमहरू अन्तरप्रदेश भ्रमण लगायतका विषयहरूमा मनग्य रकम छ बरु भ्रमणतिर लगाएर यो गोष्ठीलाई कटौति गरेयौं भनेदेखि

सभामुख महोदय बजेटमा जुन खालको सैद्धान्तिक विचलन र वित्तीय अनुशासनको उलङ्घनको विषय छ यलाई म गम्भीरतापूर्वक र धेरै माननीयज्यूहरूले सदनमा चाहिँ जुन छलफल चलाउनु भाथ्यो त्यलाई गम्भीरतापूर्वक लिन म सम्बन्धित मन्त्रालयलाई र माननीय मन्त्रीज्यू यहाँ हुनुहुन्छ, म उहाँको ध्यानाकर्षण गराउन चाहान्छु । अगाडि दुईजना मन्त्रीहरूले यहाँ जुन जवाफ दिएर जानुभयो त्यो जवाफले र मन्त्रालयका किताबहरू तारनतार जसरी आइरहेका छन् अर्को मन्त्रालयको यहाँ बस्ताबस्तै सभामुख महोदय किताब चाहिँ आइसक्या छ । सरसर्ती चाहिँ माननीयज्यूहरूले हेरिसकेको स्थिति पनि छ । तारनतार पुस्तकहरू जे आछन् । छलफलहरू यस्तो गर्दै जानुपर्ने छ । मैले त चाहिँ सभामुख महोदय यहाँ सोचिराछु, भोलिको लागि पनि यही मन्तव्य कायम गरेर जानुपर्छ कि सभामुख महोदय, किनभने भोलि पनि टिप्पणी गर्नुपर्ने विषयहरू मोटामोटी यस्तै विषय छन् सभामुख महोदय । मैले पहेंलो बत्तीको चाहिँ विचार गर्दै एकदुईटा कुराहरू संक्षेपमा मैले पछाडि चाहिँ विद्यालयको बारेमा माननीयज्यूको यो आइसक्यो । एउटा त्यो मैले अर्को एउटा कार्यक्रम सभामुख महोदय । के छ भनेर भन्दाखेरि चाहिँ २७ मा छ सभामुख महोदय । आर्युवेदिक औषधी उद्योग स्थापनाको लागि बहस पैरवी गर्न ५० लाख छ, सभामुख महोदय बहस पैरवीको लागि । म आफै धेरै वटा बहस गरेर आएँ तर ५० लाख बराबरको बहस गर्ने अवसर मिलेन सभामुख महोदय । यो आर्युवेदिक औषधी उद्योग स्थापनाको लागि पनि बहस पैरवी गर्ने सभामुख महोदय, सिरियल नं.२७ मा छ यो ५० लाख रुपैयाँ यसमा चाहिँ बहस पैरवीको कार्यक्रम यो कहिलेदेखि शुरु हुने हो यसको जानकारी पाउन पऱ्यो, सभामुख महोदय, किनभने म आफै पनि बहस पैरवीबाट आको त्यत्रो ठूलो बहस पैरवीको मैले अवसर पाथेन । जीवनमा बाँचिराख्यो भने धेरै कुरा देख्न पाइन्छ । अदालतबाट बहस गर्ने मान्छे संसदमा आइसकेपछि पहिलो पटक एउटा उद्योगको ठूलो बहसमा चाहिँ सहभागी हुन पाइने भयो, बहस पैरवीमा सभामुख महोदय । म माननीयज्यूहरूलाई यसमा तयार रहन सबैलाई अनुरोध गर्दछु । ५० लाख भन्या चानचुने कुरा होइन । यही प्रदेशका जनताको ट्याक्सबाट आको पैंसा हो । यति कुराहरू मैले राखेर सारमा फेरि मैले विनम्रतापूर्वक भन्नुपर्छ यले संवैधानिक रूपमा केही कामहरू यसका चाहिँ भए मैले चाहिँ प्रदेशको जुन चाहिँ जिल्लाको सदरमुकामको बारेमा भने १ करोडको सीमाको उलङ्घन मात्रै गरेन कि यसको प्याटर्न भनेको चाहिँ ५ लाख, १० लाख, १५ लाख, २० लाख पूर्ववक्ता माननीयज्युले भने जस्तै यसको प्याटर्न चाहिँ त्यो छ र यी अधिकांश गोष्ठीका कार्यक्रमहरू सबै कार्यान्वयन हुने कार्यक्रमहरू हुन् सभामुख महोदय । विद्यालयमा उहाँले केही विद्यालयका अघिका शीर्षकहरू माननीयज्यूहरूले पहिले राखिसक्नु भो ती शीर्षकहरू हामीलाई दुई वर्षदेखि जानकारी थिए तर बाँकी विद्यालयहरू त केही शीर्षकहरू उपहारकाबाहेक बाँकी चाहिँ उहाँको जुन सन्तुलन छ, त्यसको लागि मैले हार्दिक बधाई ज्ञापन गर्नुपर्छ । आखिर किन भए (समयलाई समयलाई ध्यान दिऊँ माननीय सदस्य) पनि माननीय, माननीय सभामुख महोदय मैले समयलाई ख्याल गर्दै निष्कर्षमा मैले के भने बजेट रिभाइज गर्नुपर्नेछ र गोष्ठीहरू अन्त्य गर्नुपर्ने छ सभामुख महोदय । मैले बजेट रिभाइजको माग गरें र यो थप समयका लागि हार्दिक आभार व्यक्त गर्दै मैले आफ्नो कुरा यही टुंगाएँ, सभामुख महोदय । धेरै धेरै धन्यवाद ।।

**माननीय सभामुख :** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** माननीय सभामुख महोदय, विशेषगरी हामी मन्त्रालयको छलफलमा सहभागी भका छौं । अब यस सम्बन्धमा यो सामाजिक मन्त्रालयको विषयसँग सम्बन्धित यहाँ कुरा गर्न पर्दाखेरि अरु जे-जे सकारात्मक कुरा आएका छन् त्यलाई सकारात्मक नै मान्न पर्छ । अब हामीले यलाई परिस्कृत गराउनलाई केही न केही यसको रचनात्मक सुझाव यहाँ राख्नुपर्छ भन्ने आफ्नो बर्मले ठानिरहेको छ ।

त्यस अन्तर्गत अब अलिकति पृष्टभूमितिर जाँदाखेरि यो माननीयजीहरूले थुप्रै भनिसक्नु भयो । जसरी यो सामाजिक मन्त्रीज्यूले गत सालको बजेटमा तुलनात्मक हिसाबले अलिकति सबैलाई, आफूलाई त केही डल्लो राख्नु भाथ्यो । त्यो त नबुझ्या कुरा भएन तर कमसेकम अलिकति सन्तुलित ढंगले विद्यालयको कुरा अरु कतै केही संरचनाको कुरा आएको छ भन्ने नै थियो । त्यसकारण तर अब अहिले, अहिले के भयो भन्ने कुरा यी सबै हामीले देखिराखेका छौं यले नै पुष्टि गर्छ । त्यसकारण उहाँ धेरै फेरि यो असन्तुलनको चाहिँ तपाईको एउटा प्रकृयामा उहाँ सहभागी हुनुभयो भन्ने मेरो ठम्याई छ । र त्यसमा अब म यो फेरि गणितबाटै जान पर्ने भयो किनभने यो अर्थशास्त्र लडाइँ नै अर्थशास्त्रमा छ । अब यहाँ के छ भने माननीयहरूले जस्तै भने जस्तै अघिल्लो साल हजुरको बेनामी त पहिले पनि थियो । अब यहाँ गम्भीर संकट पैदा भाछ । अब जिल्ला नै बेनामी छ हजुरको भनेपछि त जिल्ला बेनामी भनेपछि त मन्त्री पनि बेनामी भो, मन्त्री नै फरार जस्तो भो, वृद्ध बालक हराएको सूचना भनिन्छ नि । त्यस्तै मन्त्री हराएको सूचना भन्नु पर्ने भो । होइन मलाई पनि सारै उ भयो हेर्नुस् मैले त्यो चाहिँ डाउनलोड गरेर हेरैं के यो कता कता पर्छ सिर्केघाट के थाहा ?, अर्को घाट के थाह ? परिसानै गराउनु भयो र ठिकै पनि भो फेरि, अध्ययन पनि भो । त्यसकारण यो ढंगले नआउनु पर्थ्यो यो आएको छ । अब मैले यलाई जस्तो यो अन्य क्षेत्रको मात्रै कुरा हैन सुर्खेतकै म तुलना गर्दछु । जस्तो तपाईले खेलमैदान र यो मैत्री शौचालय भन्नुभाछ । त्यसमा मेरोमा एउटा चाहिँ विद्यालय परेको छ । जब कि तपाईलाई नै मैले कार्यकक्षमा गएर एउटासम्म थपिदिनुस् भनेको थिए तर आज सुर्खेतको मैले हेरें जहाँ २ तियाँ ६ छ, अरु क्षेत्रको मेरो +१, ७ छ । अब माननीय खड्ग मन्त्रीको त मन्त्री भएकै कारणले पऱ्यो होला अब यो राजधानी केन्द्रित भा'हुनाले के भो ? पश्चिम विन्दमान माननीयजीको पनि त्यो स्थिति छ, भने अब तपाईको चश्माले कसरी यो चाहिँ अब सन्तुलन देख्न सक्छ यसमा ? यो प्रश्न गर्न चाहान्छु । त्यसै अब यो अर्को जो तपाईले दुईकोठे पक्की भवन भन्नुभाछ त्यसमा १३ वटा चाहिँ विद्यालय सुर्खेतमा छन् । मेरो दुइटा छ, त्यसमा यो राजधानी र खड्ग मन्त्रीजीको ४ दुना ८ छ । अर्को चाहिँ तपाईंको क्षेत्रको ११ भयो अनि मेरो दुइटा छ । के हो यहाँभित्र के हुन्छ ? जनताको मतमा पनि तलमाथि केही हिसाब हुन्छ, ओइट हुन्छ कि, अनिको को सिसिएम छ, को नेतृत्व छ, को मन्त्री हो भन्ने यस्तो हुन्छ । के हो यस्तो परिभाषा ? मैले शुरुमै भनेको छु नेतृत्व केन्द्रित र यो मन्त्री केन्द्रित छ भनेर मैले लक्षित गरेको कुरा प्रमाणित भैसक्यो । यसको हामीलाई डिफिनेसन चाहियो यो गम्भीर आपत्ति छ । यो यत्तिमा मात्रै होइन, यो शृङ्खला नै छ म धेरै भन्न सक्छु । अर्को कुरा तपाई कहाँ रहेको ११ वटा यो जस्तो दुईकोठे भवनको कुरा गर्दा केरे यो शौचालय र फिल्ड निर्माणको कुरा गर्दा तपाई कहाँ ५ वटा परेको छ । जहाँ मेरो एउटा परेको छ, त्यो कसरी ५ पर्न सक्छ तपाईकहाँ ? त्यस्तै म कहाँ २ वटा पर्दा या जिल्लाभरिकै हाम्रो ४ वटा क्षेत्रको १३ वटा पर्दा, तपाईकहाँ ११ वटा परेको छ । यो कहाँको सन्तुलन हो ? यो कुन म्याथम्याटिक्स हो ? यो सन्तुलनको पनि त एकदुई वटा चाहिँ थप्नु त स्वभाविकै हुन्छ । पूरै आँखा चिम्लेर के तरिका हो ? यसकारण यो पनि तपाईको सच्याउन भन्दा अरु कुनै विकल्प जस्तो मैले देख्दैन । अब यत्ति कुरा भनेपछि यो काफी हुन्छ होला । यसमा मन्त्रीज्यूसँग अलि यहाँ सन्तुलन मिलेको छ, जस्तो हुम्लाको कुरा गर्दा मैले शुरुमा भनेको त्यो अब भइनैहाल्यो । जुम्लाको कुरा गर्दा ७ वटा परेको छ, जहाँ एउटा मेरो निर्वाचन क्षेत्र परेको छ त्यसको हिसाब गरौं, कसरी ७ वटा पर्छ दुईटा निर्वाचन क्षेत्रमा ? त्यस्तै यो कालीकोटमा तीनटा चाहिँ विद्यालयमा परेको छ जहाँ शौ प्राङ्गण र फिल्ड निर्माण र त्यो उसमा, मैत्री शौचालयमा र ६ वटा २ कोठे भवनमा परेको छ कसरी पर्न सक्छ ? त्यसकारण यसको कसरी सन्तुलन भयो ? त्यस्तै क्रमशः अरु स्थिति छ, मन्त्रालयहरूको कुरा गर्दाखेरि अरु मन्त्रीजीहरूको कुरा गर्दाखेरि यहाँ सबैतिर व्याख्या गर्न चाहान्न त्यसकारण यो लय चाहिँ उही छ । साटासाट, म्याच फिक्सिङ्ग अनि

नेतृत्व केन्द्रित अब त्यलाई के भन्नु ? त्यो खालको स्थिति छ । अब यो भनेपछि अरु धेरै भन्न पर्दैन । अब क्रमागतमा त हामी लोडमा परेकै छौं यो लयमा आइसक्यो क्रमागतमा, जो तपाईहरूका पोहर बनाएका योजना त्यलाई त अलि चाहिँ मिलाऔं है । पोहर तपाईहरूले राख्दै गर्दा अहिले हाम्रोमा बढाएर लिऔं भन्दा यो उही चाहिँ तपाईको जो चापमा आको छ । क्रमागतमा पनि हामी थला परेकै छौं । त्यसपछि तपाईको यो रकमान्तरमा थला पारिसक्नुभाछ । अब अहिलेको चालु आ.व.मा थला परिसकियो । डल्लो त सिंगै छँदैछ तपाईको पृथ्वी जस्तो डल्लो उता अर्थ मन्त्रालय र मुख्यमन्त्रीकहाँ भनेपछि । अब यो के स्थिति हो मैले यो प्रश्न गर्न चाहान्छु सरकारलाई । अब यति भएपछि यो काफी हुन्छ होला । यहाँ धेरै यसको व्याख्या गर्नुपर्छ जस्तो लाग्दैन । अब यो अंग्रेजीमा एउटा फेन्टासी भन्छ, एउटा शब्द । यहाँ यो फेन्टासी शब्दहरू धेरै छन् । त्यसको पनि यो मैले अब त्यति बुझ्न पाछैन । अब विशिष्ट व्यक्तिहरूको सोच रुपान्तरण भन्ने भो त्यो ठिकै लाग्यो किनकि यो माननीयहरूको जुन विरोधको शैली छ नि यलाई केही न केही त सिकाउनु पर्‍यो । हैन त्यसकारण कही न कही दिन बिग्रेर हो कि भन्ने लाग्यो होला, हैन । त्यो हिसाबले ठिकै छ, हाम्रो बुद्धि पलाउला । अब दोश्रो कुरा, यो अर्को पूजापाठको कुरा भैसक्यो । अर्को यो मानव संसाधन वृत्ति विकास कार्यक्रम कर्मचारीलाई माथिल्लो पदमा अध्ययन गर्नको लागि भन्ने छ यो कहाँ हुन्छ यस्तो रामराज्य ? कर्मचारीलाई अध्ययन गर्नको लागि भनेर लेखेको छ । दिवा खाजाको कुरा आइसक्यो । अर्को तपाईको दलित, विपन्न तथा घरबारविहिन नागरिकका लागि घुम्टी विद्यालय, यो त सारै यो त हामीले त युएसएलाई पनि उछिन्ने भइम् । यो एकातिर शिक्षक छैनन्, स्याली परेका छन् चाहिँ सामुदायिक विद्यालय, अवस्था गम्भीर छ, आन्दोलन छ देशमा शिक्षकको । अब यो विद्यालय पनि चाहिँ तपाईको घुम्ती बनाएर विपन्न जतिलाई पनि विद्यालय, दलित सबैलाई विद्यालय भनेपछि त, यो त हौसिएरै ढल्ने खालको स्थिति हुने भो । त्यसकारणले यसको केही न केही रोकथाम गर्नलाई परिभाषा चाहियो, यो कसरी गर्ने हो ? यो पनि फेन्टासी नै छ । अर्को फेन्टासी के छ भने स्थानीय स्तरमा उपलब्ध हुने खाद्यवस्तुको खानपिनका लागि तयारी गर्न विद्यालय समुदाय । खानपिन त तयारी गरेर ल्याइहाल्छन्, त तयारी गर्न फेरि सामुदायिक विद्यालयमा के चलाउनु पर्छ ? यो यो प्राथमिकताको कुरा हो ? यस्तै अर्को छ तपाईको पत्रकारलाई स्वास्थ्य सम्बन्धी अभिमुखीकरण, यसको विरोध हैन । ठीक छ, त्यो पत्रकारहरू कमजोर छन्, कहिँ खतरा छ भने त ल्याएर चाहिँ उहाँहरूलाई चाहिँ स्वास्थ्यमा यो सुबिधा अथवा यति उहाँहरूलाई बीमामा, यति चाहिँ तपाईको वर्ष दिनमा उपचार गरे वापत यति, कही चाहिँ अंगभंग केही हमला भए यति ल्याउन् न अनि त्यो स्वास्थ्य सम्बन्धी चाहिँ के अभिमुखीकरण तपाई दिनुहुन्छ ? यो पनि अर्को फेन्टासी छ । त्यसै तपाईको प्रदेशभित्रको योग निःशुल्क विशेष स्वास्थ्य शिविर संचालन दुईपटक भन्या छ, पैसा २ लाख छ । यो दुईपटक चाहिँ जाँग्रा तन्काउँदाखेरि ज्यान बन्ने हो कि के हो ? यो २ लाखले फेरि यत्रो प्रदेशमा दुई चोटी जाँग्रा तन्काएर हुन्छ ? तन्काउने भए कि तपाईको दिनकै तन्काउनु पर्‍यो, पैसा छ दुईलाख अनि यो के त्यही यसो चाहिँ तपाईको त्यो गुरुहरूलाई हो कि यो शिष्यलाई हो कि, जनतालाई हो कि, मन्त्रालय भित्रकालाई हो कि, यो खुलाएर आउनु पर्‍यो, यो पनि फेन्टासी । अर्को तपाईको अस्पताल सुरक्षा कार्यक्रम भन्याछ ५ लाख, अस्पताल धेरै छन्, के हो त्यहाँ चाहिँ सुरक्षाकर्मी राख्ने हो कि, सुरक्षाकर्मी राख्ने अरु कुनै सुरक्षा ५ लाखले पुग्दैन कस्तो सुरक्षा हो त्यहाँ ? यो पनि फेन्टासी छ । अर्को तपाईको, यो क्षयरोग बिरामीको सक्रिय खोज-पड्ताल भन्या छ । यहाँ रोगै भएका मान्छे के गरी उपचार गर्ने भन्ने छ, कहाँ लाइट लाएर जानुहुने हो तपाई ? म प्रश्न गर्न चाहान्छु । यस्तो धृष्ठता नगर्नुस् । यता चाहिँ यो मन्त्रालय नै ओझेलमा पर्ला, खोज्दाखेरि । कर्मचारी एक त छँदै छैनन्, अब कहाँ जाने हुन् ती अर्को सँगसँगै कुष्ठरोगको पनि यहाँ चाहिँ खोज-पड्ताल भनेको छ । त्यसले गर्दा अब यस्ता चाहिँ तपाईको

फेन्टासी शब्दहरू थुप्रै यहाँ छन् जो अब यहाँ भनेर पनि साध्य छैन । त्यसोभा हुनाले मैले यहाँ के भन्न चाहान्छु भने अब करिब-करिब यसमा तपाईको २ सय ५० वटा हेर्नुस् है । करिब करिब २ सय ५० वटा बुँदा यस्ता छन् कि जो अभिमुखीकरण, गोष्ठी, तालिम, अन्तरक्रिया, संवाद, बैठक, सम्मेलन, सहजीकरण, संभाव्यता अध्ययन यो चाहिँ देखि लिएर अभिलेख, तपाईको सुपरिवेक्षण, कार्यशाला, दिवस मनाउने, दिर्गदर्शन, दर्शन, डकुमेन्टेरी, अध्ययन अनुसन्धान, यो सारा तपाईको चानचुन तपाईको २ सय ५० चाहिँ बुँदा यसमा छ भने अब यलाई हामीले के भन्न सक्छौं । यो जस्तो नेपालमा ५० हजार एनजिओ छ, कार्यक्रम यही स्टायलको । यलाई एनजिओ स्टायल भन्दाखेरि के हुन्छ ? मन्त्रालयको कार्यक्रम यस्तो चाहिँ तपाईको गरिमाबाट आउँछ भने यलाई हामीले के नामाकरण दिने ? अब त्यस्तै चाहिँ तपाईको यहाँ धर्मकर्म र संघीय ए कुराहरू पनि यहाँ उठिराख्या छन् । (समयलाई समयलाई ध्यान दिऔं माननीय सदस्य) मैले भ्याएँ सभामुख महोदय, अब म, म कहाँ अहिले समाचार आको छ, पोहोर काटेका मन्दिर सबै चाहिँ पर्यटन मन्त्रीले त्यहाँ गर्नुभा'छ । अरु क्षेत्रमा पनि अरु चाहिँ तपाईको बिचौलियाबाट भएका टिपाइएका ती मन्दिरहरूको कामहरू भयो । यो कम्युनिष्टको कारणले त विरोध छ, छ । कम्युनिष्टले यस्तो गर्न हुँदैन । त्यो रुढिवादी परम्परामा जानु हुँदैन । किनपनि यो विरोधी छ भने ह्वाट इज सेक्रोलिजम तपाईले चाहिँ पढ्नुस् त । राज्यले कहिले घोषणा, मिलाउने हो एउटा ठूलो मन्दिर बनाऔं न २/४ वटा । २/४ वटा ठू-ठूला चर्च बनाऔं, २/४ वटा तपाईको चाहिँ मस्जिद बनाऔं, २/४ वटा अरु चाहिँ कुमारी बनाऔं अरु जति जति छन् मेजर होल्ड रिलिजन त्यसको बनाऔं न । के हो यो तरिका ? तपाई संविधानको विरुद्धमा जाने ? जिल्लागत भन्नुभाछ के गत भन्नु भाछ । कहाँ जिल्लालाई कले दिन्छ संविधानले संघीयतामा देश २८/३० वटा चाहिँ संघीयता चलेका छन् कृपया अध्ययन गर्नुस् ह्वाट इज फेडरालिज्म, कसरी चल्छ ? यस्तो खालको एक्स्ट्रीम युनेटरी सिस्टममा जाने, यो राजाकालीन भन्दा पनि तपाईहरूलाई यो चाहिँ कले सिकाएको छ । यो त्यो पनि हामीले पत्ता लगाउँऔं । यसकारण अन्तिममा मैले अर्थ मन्त्रीजी यहाँ विराजमान हुनुहुन्छ मुख्यमन्त्रीज्यू हुनुहुन्न । यहाँ खेल बिग्रिसक्यो हिजो र आज मन्त्रीज्यूको हेरियो उहाँको पनि यही लयमा आउने हो ट्याक्कै मिलाएर सके लिखितमै नभए नि मौखिकमा टाकटुक आउँछ । त्यसो भएर अब हजुरले ट्याक्कै मिलाएर किनभने पनि यसको चाहिँ दोषी या गुण जे भए पनि हजुरकै हातमा छ । नजर त हजुरकै जान पर्थ्यो किन यो अगाडि बढ्यो कलम यसरी । अब ट्याक्कै चाहिँ सुधारेर तपाईको चाहिँ सन्तुलित बनाएर जे-जे कुराहरू यहाँ उठेका छन् । त्यलाई एकदम तपाईको मिलाएर ल्याउने कुरा हजुरको अभिभारामा छ । यही कुरा म तपाईहरूसँग राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन भएको सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २४ गतेको बैठकको शुरुमै समय निर्धारण गरेको छु,।

**माननीय श्री सोशीला शाही :** सभामुख महोदय

**माननीय सभामुखः** के विषयमा हो ? माननीय सदस्य ।

**माननीय श्री सोशीला शाही :** मेरो नाम चाहिँ टिपाइएको होला भनेर मैले सोचिराखेको थिएँ । आफ्नो नामको पर्खाइमा थिएँ तर चाहिँ नाम चाहिँ आएन के कारणले आएन ? त्यसको जानकारी पाऊँ, सभामुख महोदय ।

**माननीय सभामुखः** बस्नुस्, माननीय सदस्य । अघि आह्वान गरेको थियो नाम आएन यहाँ। नाम पहिले पनि थिएन त्यसपछि आह्‌वान पनि गरिएको हो नाम आएन, त्यसैले बस्नुस् ।

**माननीय श्री सोशीला शाही :** यो यस्तै-यस्तै गरिरहे केरे यस्तै गरिने हो कि अथवा के हो? झन्-झन् पछारिँदै लगियाख्या छ सभामुख महोदय । अलिकति मैले नबुझेको कारणले बुझ्न खोजेको सभामुख महोदय ।

**माननीय सभामुखः** बसौं माननीय सदस्य । अर्को, अर्को मन्त्रालयको शीर्षक अन्तर्गत बैठकमा सहभागी हुनुहोला छलफलमा ।

**माननीय श्री सोशीला शाही :** धेरै नभए पनि दुई शब्द त मैले बोल्न पाउनुपर्‍यो सभामुख महोदय, नत्र हुँदैन ।

**माननीय सभामुखः-** अगाडि बढिसक्यो माननीय सदस्य । बसौं । बसौं माननीय सदस्य ।

**माननीय श्री सोशीला शाहीः-** नाम पहिला पहिला फोन गरेर टिपाइन्थ्यो, अहिले चाहिँ फोन गरेर पनि नटिपाएको कारणले मैले यसमा उत्तर माग्न खोजें सभामुख महोदय ।

**माननीय सभामुखः** बसौं माननीय सदस्य । यहाँ नाम प्राप्त भएन, त्यसैले नराखेको हो । यो कुरालाई बुझेर बसौं ।

**माननीय श्री सोशीला शाहीः-** सचिवालयले पहिला चाहिँ फोन गरेर नाम सोध्ने पछाडि चाहिँ यो के कारणले हो सभामुख महोदय । फेरि सोध्दै नसोध्ने हो कि यस्तै गरेर पेलेरै लग्न खोजेको हो कि के हो ? मैले बुझ्न सकेन सभामुख महोदय ।

**माननीय सभामुखः** छलफलमा सहभागी हुन चाहने माननीय सदस्यहरूले आफैले नाम टिपाउनुपर्छ । माननीय सदस्यले टिपाउनु भएन, त्यसैले यहाँ नाम परेन । यो कुरालाई बुझेर माननीय सदस्यले बसेर सहयोग गरौं । बसौं माननीय सदस्य । बसौं, बसौं माननीय सदस्य, आफ्नो कमजोरीलाई रिएलाइज गरौं ।

**माननीय श्री सोशीला शाहीः** कि पहिला पनि नमाग्नु पर्थ्यो सभामुख महोदय । पहिला किन मागियो? र फेरि यो नाम लेखाउन किन उ गराइयो त्यसकारणले म म उत्तर माग्न चाहे सभामुख महोदय ।

**माननीय सभामुखः** छलफलमा भाग लिन चाहाने सदस्यहरूले नाम टिपाउनु पर्छ । स्वस्फूर्त रूपमा ।

**माननीय श्री सोशीला शाहीः** त्यो मैले बुझे सचिवालयले पहिला चाहिँ नाम केरे लेख्ने कि नलेख्ने भनेर फोनमा म्यासेजमा चाहिँ पहिला त्यस्तो आउँथ्यो र अहिले नपाएको कारणले किन, के कारणले भयो ? त्यो त्यसको उत्तर पाउनुपर्‍यो सभामुख महोदय, नत्र हुँदैन ।

**माननीय सभामुख महोदयः** सचिवालयले न सोधे पनि त्यो नाम टिपाउनु, छलफलमा सहभागी हुनु त्यो सदस्यको त्यो ड्यूटि हो, कर्तव्य हो । त्यसैले सचिवालयको मात्रै भर परेर हुँदैन । आफैले स्वस्फूर्त रूपमा नाम टिपाउनु पर्छ माननीय सदस्य ।

**माननीय श्री सोशीला शाहीः** यो दोहोरो गीत गाए जस्तो भयो सभामुख महोदय, अलिकति बुझ्न पर्‍यो।

**माननीय सभामुखः** बसौं । बसौं माननीय सदस्य, बसेर सहयोग गरौं माननीय सदस्य । बसेर सहयोग गरौं माननीय सदस्य । मैले बैठकको कारबाही अगाडि बढाउनुपर्ने हुन्छ बसौं माननीय सदस्य ।

**माननीय श्री सोशीला शाहीः**-ठिकै छ, सभामुख महोदय । आज चाहिँ बस्छु, फेरि फेरि चाहिँ सम्पूर्ण सदस्यहरूलाई म्यासेज गरेर हुन्छ कि फोन गरेर हुन्छ कि यो नामको चाहिँ सबलाई नाम टिपाउने या नटिपाउने भनेर फोनद्वारा भए पनि जानकारी चाहिँ पाउनु पर्‍यो । अरु सदस्यहरूले पनि पाउनुपर्‍यो । भोलि मेरो जस्तै अरु सदस्यहरूले पनि यस्तो क्यारे म बोल्छु भन्दाभन्दै उनीहरूले चाहिँ उ गर्न नपाउन भन्न चाहान्छु ए, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ उपनियम ६ बमोजिम समय तोकिएकोमा सो अनुसार कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकमाथि असार २४ गते छलफल हुने जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल असार २४ गते मंगलबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□